श्रीविष्णुपुराण



नारायण शर्मा

श्रीविष्णुपुराण

(नेपाली कथा मात्र)

नारायण शर्मा

रत्न पुस्तक भण्डार
काठमाण्डौ, नेपाल

श्रीविष्णुपुराण

(नेपालीमा कथा मात्र)

नारायण शर्मा

प्रकाशक : रत्न पुस्तक भण्डार
प्रथम संस्करण : २०७५ (सन् २०१९)

कम्प्युटर : मुक्तिनाथ डेक्सटप, कीर्तिपुर
नेपालमा मुद्रित

Shreevisnupuran

Narayan Sharma

Stories of Lord Visnu in his Shreekrishna Incarnation.

ISBN : 978-99-3733-188-3

पित्रे लोकमणये ब्रह्मलीनाय वेधसे।
जननी च चोलकुमार्यै श्रद्धापुण्यं समर्प्यते।

श्रीविष्णुपुराणका सम्बन्धमा मैले बुझेका कुरा

संस्कृतिको जानकारीका लागि पुराणहरूको महत्त्वपूर्ण भूमिका रहेको छ। पुराणहरूमा संस्कृतिको आफ्नो मूल स्वरूप तथा लोकप्रिय स्वरूप सुरक्षित रहेको छ। धार्मिक दृष्टिकोणमा पुराणहरूको मुख्य लक्ष्य वेदमा बताइएको सारभूत तत्त्वहरूलाई जासाधारणसम्म पुऱ्याउने रहेको छ । वेदमा जुन आध्यात्मिक, आधिभौतिक, आधिदैविक, व्यावहारिक, नैतिक, सांस्कृतिक तत्त्वहरूका विषयमा अतिसूक्ष्म रूपमा वर्णन गरिएको छ; तिनीहरूलाई सरल संस्कृत भाषामा पुराणहरूमा वर्णन गरिएको छ। त्यसैले वैदिक धर्मलाई लोकप्रिय बनाउने कार्यको श्रेय पुराणहरूलाई प्राप्त हुन्छ। विद्वान्हरूको मान्यताअनुसार पुराणरूपी चन्द्रमाद्वारा वेदहरूको जोत्स्ना प्रकाशित हुन्छ।

नारदपुराणका अनुसार सबै वेदहरू पुराणहरूमा समावेश भएका छन् । छान्दोग्योपनिषद्ले पुराणहरूलाई पाँचौँ वेदका रूपमा स्वीकार गरेको छ। मत्स्यपुराणका अनुसार ब्रह्माले वेदहरूको ज्ञान प्रप्त गरेर सबैभन्दा पहिले पुराणहरूको स्मरण गर्नुभएको थियो।

यसैगरी राजनीतिक दृष्टिकोणमा पनि पुराणहरूको अतिमहत्त्वपूर्ण स्थान रहेको छ । किनकि वंशानुचरितका कारण राजनैतिक इतिहासको रूपमा पुराण साहित्य इतिहासकारहरू र पुरातत्त्वविद्हरूका लागि मूल्यवान् धरोहर हो। धार्मिक इतिहासको दृष्टिमा त पुराण अपरिमित महत्त्वको ग्रन्थ हो। पुराणहरूबाट हिन्दू धर्मलाई सबै किसिमले महत्त्वपूर्ण सहयोग प्राप्त हुन्छ। पुराणहरूमा प्राचीन कालका राजवंशहरूको उदय, पतन र राज्यसञ्चालनका नीतिहरूको वर्णन भएको छ। यसरी नै पुराणहरूमा ज्ञान, वैराग्य, भक्ति, मानवप्रेम, यज्ञ, दान, तपस्या, वर्णाश्रमधर्म, सदाचारजस्ता विभिन्न कल्याणदायक मानवमूल्यहरू तथा विषयहरूमा ज्यादै

सारगर्भित रूपमा वर्णन भएको पाइन्छ।

भौगोलिक दृष्टिकोणमा पनि पुराणहरूको स्थान अत्यन्त महत्त्वपूर्ण छ। यसमा आर्यावर्तका सरोवर, ज्यादै पवित्र पानी, नदीहरू, पर्वत, भरुभूमिजस्ता भू-भागका विषयमा वर्णन भएको छ। यी तीनोटै विवेचनाद्धारा समग्र भू-मण्डलको भौगोलिक अवस्थाको जानकारी हुन्छ। सामाजिक दृष्टिकोणमा पनि पुराणहरू धेरै महत्त्वपूर्ण रहेका छन्। पुराणको अतीत गौरवद्वारा मनुष्यलाई वर्तमान अवस्थामा सुख, शान्ति प्राप्त हुन्छ र भक्तिको सुगम उपाय भएकाले यिनीहरूले मुक्तिको ढोका खोलिदिन्छन्।

पुराणहरूको मुख्य लक्ष्य उच्चकोटिका साहित्यको परिचय दिनुका साथै भारतवर्षको धर्म तथा दर्शनलाई सहज र सजिलोसँग जान्न सकिने बनाउनुरहेको थियो। विद्वान्हरूका अनुसार पुराण साहित्य धार्मिक, दार्शनिक, ऐतिहासिक तथा सामाजिक कोषको रूपमा रहेको छ। वायुपुराणका अनुसार जुन व्यक्तिले वेद, वेदाङ्ग र उपनिषद्हरूको ज्ञाता भए पनि पुराणहरूको ज्ञान हासिल गरेको छैन; त्यो बुद्धिमान् हुन सक्तैन। यसकारण वेदहरूको प्रतिष्ठा पुराणहरूमा मात्र रहेको छ। यदि पुराणहरू नभएका भए वेदहरूमा बताइएको अत्यन्त जटिल अर्थ बुझ्न सक्ने थिएनन्।

पुराणं पञ्चलक्षणम् यो व्यापक परिभाषाअनुसार जुन ग्रन्थहरूमा यी पाँचचोटा विषयमा वर्णन गरिएको छ; तिनीहरूलाई धेरै प्राचीन मानिएको छ। यिनीहरूमध्ये विष्णुपुराण, वायुपुराण, मत्स्यपुराण तथा ब्रह्माण्डपुराणलाई सबैभन्दा प्राचीन पुराण मानिएको छ।

वैष्णव पुराणहरूमा विष्णुपुराण सबैभन्दा पहिलो पुराण हो। यो पुराणमा मात्र पञ्चलक्षणका विषयमा विस्तारमा वर्णन गरिएको छ। यस पुराणमा सृष्टिको निर्माण, प्रलय, ऋषि र मुनिहरूका वंशहको इतिहास, राजा र पौराणिक व्यक्तिहरूको उपाख्यान र धर्मका विभिन्न अङ्गहरूका विषयमा अतिसारगर्भित रूपमा वर्णन गरिएको छ। यसमा स्वर्ग, नरक, भूलोक, भुवर्लोक र सबै दिशाहरूको उपदेश यिदइएको छ। यसकारण धर्म, दर्शन, समाज र संस्कृतिका दृष्टिमा यो पुराण सर्वाधिक महत्त्वपूर्ण रहेको छ।

आख्यान र मूल्य

श्रीविष्णुपुराणमा ध्रुव, प्रह्लाद, भगीरथ, जह्नु, नहुष, ययाति, विश्वामित्र,

वासुदेव, कंसको वध, शम्बरासुरको वध, केशिध्वजको उपाख्यान, जरासन्धको पराजय, पारिजातको अपहरणजस्ता अनेकौँ कथा रहेका छन्; जसमा तत्कालीन समाजको वृत्तान्त निहित रहेको छ। हुन त कथाको रूप वास्तविकताभन्दा धेरै बढाइचढाइ राम्रो पारी भनिएको एक अलङ्कारजस्तै छ र प्रत्येक आख्यानलाई श्रद्धायुक्त बनाउनका लागि दैवी चमत्कारहरूको पनि समावेश गरिएको छ। तर यथार्थमा काव्यात्मक र सांस्कृतिक दृष्टिमा यी आख्यानहरू ज्यादै मूल्यवान् छन्।

व्रतको विधान

विष्णुपुराणमा आत्मालाई शुद्ध पार्ने काम वा आत्माको अनुसन्धान, लौकिक समुन्नतिका लागि तथा जीवनमा प्रगति र प्रेरण प्राप्त गर्नका लागि व्रत र चाडवाडहरूलाई आवश्यकीय साधन मानिएको छ। कृष्णाष्टमी, चतुर्मास, विजय द्वादशी, गोविन्द अजित एकादशी, विष्णुव्रत, अखण्ड द्वादशी, अशोक पूर्णिमा, नरक द्वादशी, अनन्त चतुर्दशी, नक्षत्र, पुरुष, तिलक द्वादशीजस्ता लगभग असीओटा व्रतहरूको विधिका विषयमा बताइएको छ। योगशास्त्रमा चित्तका वृत्तिहरूको निरोधका लागि जुन योगका अङ्गहरूको प्रतिपादन गरिएको छ; तिनीहरूको अवलम्बन गर्ने कार्य साधारण मनुष्यका लागि साध्य होइन। आलस्यजस्ता अनेकौँ तामोगुणमयी वृत्तिहरूले मनुष्यलाई आत्माको उत्थान गर्ने कार्यमा लाग्न दिँदैनन्। यसकारण पुराणका रचयिताहरूले विभिन्न व्रतहरूको प्रसङ्गमा चित्तलाई विषयवासनाबाट अनिवार्य रूपमा हटाउनुपर्ने बताएका छन्। यथार्थमा यो पुराणको महत्त्वपूर्ण देन के हो भने व्रतहरूको साधन द्वारा तिनको आत्मा र परमात्माको अनुभूति गर्ने प्रेरण प्रदान गर्दछन्। यो पुराणमा बताइएका व्रतका विधिहरूले मनुष्यलाई सुख र शान्ति उपलब्ध गराउँछन्। मनुष्य व्रत र उपासना तथा विषयहरूको त्यागद्वारा समग्र लोकको रक्षा गर्ने भगवान्को स्वरूपसँग परिचित हुन्छ। यसैले आफैँलाई सम्झाउने, आफ्नो कर्तव्यको पालना गर्ने र परलोकको आस्थालाई सुदृढ बनाइराख्ने कार्यका व्रतको ज्यादै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। उपासना केवल शारीरिक शुद्धिको साधन मात्र नभएर आत्मा शुद्धिको साधन पनि हो। आत्माको अनुसन्धान तथा आफ्नो परीक्षण गर्ने अवसर व्रतहरूको अनुष्ठानबाट मात्र उपलब्ध हुन्छ। संस्कृतिको व्यावहारिक स्वरूप व्रतको साधनामा निहित रहेको हुन्छ। यसकारण विष्णुपुराणमा बताइएको व्रतको विधान सबै दृष्टिमा महत्त्वपूर्ण रहेको छ।

पुराणको विशिष्टता

यो पुराण ज्यादै महत्त्वपूर्ण छ। यसको अन्तिम खण्डमा कलियुगको जीवन्त आस्थाका विषयमा ज्यादै सारगर्भित रूपमा वर्णन गरिएको छ। प्रायश्चित्तको विधान र योगमार्गका सम्बन्धमा हृदयस्पर्शी रूपमा वर्णन गरिएको छ। यसको पाँचौ खण्डमा भक्तिका विषयमा अतिसरल रूपमा वर्णन गरिएको छ। यसमा वैधी र रागानुगा भक्तिका बारेमा पनि सुन्दर किसिमले वर्णान भएको छ। वैधी भक्तिमा बाह्य विधिहरू, आचरणहरू र प्रतिमाको पूजा गर्ने विधि हुन्छ। यो भक्तिमार्गद्वारा साधकको मन स्वाभाविक रूपमा भगवान्तिर आकर्षित हुन्छ। वैधी भक्ति तीन प्रकारका हुन्छन्। यो पुराणमा तीनोटैका विषयमा बताइएको पाइन्छ। रागानुगा भक्तिमा प्रेममूलक भक्तिका बारेमा विस्तारमा वर्णन भएको पाइन्छ। प्रह्लाद, ध्रुव यो भक्तिका अधिकारी हुन्। भगवान्मा ममत्व हुनु वा उहाँलाई आफ्नो सर्वस्व सम्झनु भक्तिको सर्वोत्तम सोपान हो। प्रणाम, स्तुति, सबै कर्म समर्पण, उपासना, ध्यान र श्रवण यी छओटा वैधी भक्तिका अङ्ग भए तापनि यिनीहरूलाई रागानुगा भक्तिमा समावेश गरिएको पाइन्छ। श्रवण, कीर्तन, स्मरण, पाउको सेवा, अर्चना, वन्दना, सेवाभाव, मित्रता र आत्मनिवेदन जस्ता नवधा भक्तिका विषयमा पनि यस ग्रन्थमा ज्यादै विस्तारपूवर्जक वर्णन गरिएको छ। यसकारण भगवान् श्रीविष्णुको स्वरूपको विशुद्ध ज्ञान र भक्तिका विविध अङ्गप्रत्यङ्गका विषयमा यसमा ज्यादै सारगर्भित रूपमा वर्णन गरिएको छ। पुराणका रचयिताका अनुसार जुन मनुष्यले भगवान् श्रीविष्णुको स्मरण गर्दछ; त्यो सबै पापबाट पूर्ण रूपमा मुक्त भएर उसले मोक्ष प्राप्त गर्छ।

यस पुराणमा भक्तिमार्गको महत्त्वबाहेक सृष्टिको उत्पत्ति र प्रलयका बारेमा पनि ज्यादै सारगर्भित रूपमा वर्णन गरिएको छ। यस प्राणको मान्यताअनुसार भगवान् श्रीविष्णुबाटै समग्र संसार उत्पन्न भएको हो भने उहाँमा नै अवस्थित छ र उहाँमै विलय हुन्छ।

यस पुराणमा प्रलयका विषयमा ज्यादै सारगर्भित रूपमा वर्णन गरिएको छ। यसमा बताइएअनुसार प्रलय तीन किसिमको हुन्छ। जसमा नैमित्तिक, आत्यन्तिक प्राकृतिक प्रलय पर्छन्। कल्पको अन्तमा जुन बाह्य प्रलय हुन्छ; त्यसलाई नैमित्तिक प्रलय भनिन्छ। यो नैमित्तिक प्रलय अत्यन्तै भयानक हुन्छ। चतुर्युग समाप्त भएपछि

पृथ्वी क्षीण हुने भएकाले सय वर्षसम्म सृष्टि हुँदैन, जसले गर्दा अधिकांश जीवजन्तुहरू नष्ट हुन्छन्। यसपछि भगवान् श्रीविष्णुले रुद्रस्वरूप धा्रण गरेर सबै प्राणीहरूलाई आफैँमा विलीन गराउनुहुन्छ र सूर्यका किरणहरूद्वारा जल शोषण गर्नुहुन्छ। पानीको अंश सकिएपछि सूर्यका किरणहरूले समग्र जगत्लाई भस्म गराइदिन्छन्। जसको फलस्वरूप रूख, वनस्पति आदि सबै सुकेर नष्ट हुन्छन् र पृथ्वी कछुवाको पिठ्यूँ जस्तै देखिन थाल्छ। त्यो अत्यन्तै तेजिलो रापबाट दग्ध भएको यो संसार धेरै तातेको कराहीजस्तै देखिन थाल्छ। यस समयमा दुवै लोकका जीवजन्तुहरू असह्य तापबाट पीडित भएर महर्लोकमा आश्रित हुन पुग्छन्। त्यसपछि भगवान् श्रीविष्णुको निःश्वासबाट बादलहरूको सृष्टि हुन्छ र सय वर्षसम्म निरन्तर मुसलधारे पानी पर्छ। जसको फलस्वरूप सबै प्राणी पानीमा विलीन हुन्छन्। यसपछि भगवान् श्रीविष्णु त्यस समयमा समुद्रमा अनन्त नागको शय्यामा सुत्नुहुन्छ भने सनकलगायतका ऋषिहरूले उहाँको स्तुति गर्छन्। यसरी विष्णुपुराणमा नैमित्तिक प्रलयका विषयमा विस्तारमा वर्णन गरिएको पाइन्छ।

जब माथि बताइएको क्रममा अनावृष्टि र आगोको प्रभावले पातालसमेतका लोकहरू नष्ट हुन्छन्; त्यसपछि महत्तत्त्वदेखि पृथ्वीसम्मको प्रकृतिको विकारलाई नष्ट गराउनका लागि प्रलय आउँछ; त्यसलाई प्रकृतिक प्रलय भनिन्छ। यो प्रकृतिक प्रलयमा सबैभन्दा पहिले जल, पृथ्वीको गन्ध गुणमा समाहित हुन्छ। जब पृथ्वीको सबै गन्ध जलबाट नष्ट हुन्छ; त्यसपछि यो पृथ्वी पनि नष्ट हुने भएकाले जल पनि रसात्मक छ। यस समयमा पानी प्रवाह अत्यधिक मात्रामा बढ्ने भएकाले समग्र पृथ्वी जलामय हुन्छ। यसपछि अग्निद्वारा त्यो पानीको शोषण हुन्छ; जसको प्रभावले रसतन्मात्रा तेजको रूपमा विलीन हुन्छ। जब अग्निबाट समग्र जगत् दग्ध हुन्छ; त्यस समयमा वायुले सबै तेजलाई आफूमा समाहित गराउँछ। यसपछि रूपतन्मात्रा पनि स्पर्शको रूपमा मात्र रहन्छ। त्यसपछि अहङ्कार तत्त्व र भौतिक इन्द्रियहरू पनि नष्ट हुन्छन्।

यसैगरी आत्यन्तिक प्रलयमा जीवले मोक्ष प्राप्त गर्छ। महर्षिहरूले आध्यात्मिक, आधिदैविक र आधिभौतिक तीनोटै तापहरूका विषयमा ज्ञान हासिल गरेर ज्ञान र वैराग्यका माध्यमद्वारा आत्यन्तिक प्रलयलाई प्राप्त गर्छन्। मोक्ष प्राप्त भएपछि आत्यन्तिक प्रलयको अवस्था आउँछ। संसारमा वायु, पित्त र कफजन्य शारीरिक ताप हुन्छ तथा क्रोध आदि छओटा शत्रुहरूद्वारा मानसिक, पशुपक्षी वा पिशाच आदिद्वारा जुन दुःख प्राप्त हुन्छ; त्यलाई आधिभौतिक तथा जाडो, गर्मी, वर्षा, आपत्विपत् आदिबाट जुन दुःख प्राप्त हुन्छ; त्यसलाई आधिदैविक भनिन्छ। आत्यन्तिक प्रलय

भएपछि सबै किसिमका कष्टहरू नष्ट हुनछन्। जीव शाश्वत ब्रह्ममा विलीन हुन्छ। यस पुराणमा बताइएको प्राकृतिक प्रलयलाई नै महाप्रलय भनिन्छ।

यस पुराणको दार्शनिक दृष्टिकोण

यो पुराणमा सामान्य रूपमा वैदिक, अवैदिक, आस्तिक र नास्तिक सबै किसिमका सिद्धान्तहरूको प्रतिपादन गरिएको छ। यसमा विशेष गरेर जगत्को सृष्टि र प्रलयसँग सम्बन्धित तत्त्वहरूको राम्ररी प्रतिपादन गरिएको हुनाले यसको साङ्ख्यदर्शनसँग पूर्णतया सामञ्जस्य रहेको छ। यस पुराणमा वेदान्त दर्शनको अद्वैत ब्रह्म अर्थात् आत्मा वा परमात्मारूपी तत्त्वका विषयमा अतिसारगर्भित रूपमा वर्णन भएको छ र पतञ्जलिको अष्टाङ्गयोगको राम्ररी विश्लेषण भएको छ। यसैगरी दार्शनिक दृष्टिबाट ज्ञानमीमांसा, तत्त्वमीमांसा र आचारमीमांसाका विषयमा पनि वर्णन भएको पाइन्छ।

दार्शनिक दृष्टिकोणमा प्रमा, प्रमाता, प्रमेय र प्रमाण यी चारोटा प्रमाणहरूको अर्थको बोध गराइएको छ। पौराणिक दर्शनको प्रसङ्गमा तत्त्वज्ञानका लागि प्रमाणहरूको उपयोगिता सिद्ध गरिएको छ। यस पुराणमा अव्यक्त तत्त्वको व्यक्त रूपमा दर्शन पाइन्छ। यो पुराणमा निमेष आदि कालगणनाको विवेचना क्रमबद्ध रूपमा र वैज्ञानिक पद्धतिअनुसार गरिएको छ। विष्णुपुराणमा भक्ति, ज्ञान, कर्म र सबै किसिमका अध्यात्मका विषयहरूको विवेचना भएको छ। यसबाट सबै मार्गमा लागेकाहरूले यथेष्ट सामग्री प्राप्त गर्न सक्ने कुरा स्पष्ट हुन्छ। ज्ञान र कर्मका जसरी नै भक्तियोगको महत्त्वका विषयमा पनि यसमा प्रकाश पारिएको छ।

यस पुराणमा बताइएको नवधा भक्तिको साधनाका माध्यमद्वारा मनुष्यले लौकिक र पारलौकिक दुवै सम्पदा प्राप्त गर्न सक्तछ। भक्तिमा एकाग्र भएपछि भक्त र भगवान्मा कुनै किसिमको भेद रहँदैन। कहीँ कहीँ त भगवान्ले आफ्नो भक्तलाई आफूभन्दा उत्तम बताउनुभएको छ।

विद्वान्हरूको वशंवद

लक्ष्मी पूजा २०७५ — नारायण शर्मा

विषय सूची

खण्ड एक

हे भगवान् पुण्डरीकाक्ष ! हामी हजुरको जयजयकार गर्छौं, हे समग्र विश्वका निमित्तोपादान कारण ! हजुरलाई कोटिकोटि नमस्कार छ। हे हृषीकेश ! हे सर्वमान्य महापुरुष ! हे पूर्वज ! हजुरका चरणकमलमा सादर नमस्कार छ। वेद र वेदान्तको विज्ञहरूका अनुसार जो सत् अक्षर र परब्रह्म परमात्मा हुनुहुन्छ; पातञ्जलयोगका ज्ञाताहरूका अनुसार ईश्वर र साङ्ख्ययोगीहरूका अनुसार पुरुष हुनुहुन्छ; जसबाट सत्त्व, रज, तम यी तीनोटै गुणहरूको हलचलका माध्यमद्धारा सृष्टिको उत्पत्ति, पालन र संहार हुन्छ; जो प्रकृति र बुद्धिलगायत समग्र जगत्को उपादान कारण हुनुहुन्छ; उहाँ भगवान् श्रीविष्णुले हामीलाई सद्बुद्धि, भोग, ऐश्वर्य र मुक्ति प्रदान गर्नुहोस्। यो समग्र ब्रह्माण्ड र ईश्वरहरूका पनि ईश्वर परब्रह्म विष्णु, ब्रह्मालगायतका देवताहरू तथा मान्यवर गुरुका चरणकमलमा साष्टाङ्ग दण्डवत् प्रणाम गर्दै यो वेदका समान पुराणका विषयमा बताउने छु। मैत्रेयले इतिहास र पुराणको यथार्थ ज्ञान हासिल गर्नुभएका, वेद र वेदाङ्गमा पारङ्गत, धर्मशास्त्र आदिका विषयमा तात्त्विक रूपमा बुझ्नुभएका तथा बिहानको उषाकालीन समयमा नित्यकर्महरू गरिसक्नुभएका वसिष्ठका नाति मुनिश्रेष्ठ पराशरलाई प्रणाम गर्दै उनीसँग भने।

मैत्रेयले भने– हे गुरुवर ! मैले हजुरबाटै समग्र वेद, वेदाङ्गसहितका सबै धर्मशास्त्रहरूको सिलसिलाबद्ध रूपमा अध्ययन गरिसकेको छु। हे मुनिश्रेष्ठ ! म हजुरको कृपापात्र भएकाले र हजुरको प्रभावले गर्दा मेरा विरोधीहरूले पनि यसले सबै शास्त्रहरूको अध्ययन गर्ने कार्यमा परिश्रम गरेको छैन भन्न सक्तैनन्। हे धर्मका ज्ञाता ! हे यशस्वी ! त्यही सबै शास्त्रहरूको ज्यादै परिश्रमपूर्वक अध्ययन गर्ने म अब यो जगत् कसरी उत्पन्न भएको हो र अर्को कल्पको आरम्भमा कसरी उत्पन्न हुनेछ ? भन्ने विषयमा हजुरबाट यथार्थ रूपमा सुन्न चाहन्छु। मेरो यो जिज्ञासा

शान्त गराइदिनुस् तथा हे तपस्वी ! यस जगत्को निमित्तोपादान कारण को हुनुहुन्छ ? यो समग्र चराचर जगत् कोबाट उत्पन्न भएको हो ? यो उत्पन्न हुनुभन्दा पहिले कसमा विलीन रहेको थियो र फेरि प्रलयका समयमा कसमा विलीन हुन्छ; यसबाहेक आकाशलगायतका पञ्चमहाभूतहरूको परिणाम, देवतालगायतको उत्पत्ति, समुद्र, पर्वत र पृथ्वीलगायतको स्थितिका विषयमा हजुरबाट विस्तारमा सुन्न चाहन्छु। हे मुनिश्रेष्ठ ! सूर्यलगायत ग्रहको अवस्था र तिनीहरूको परिणाम, देवतालगायतको वंशपरम्परा, मनु, मन्वन्तर, चारोटै युगमा बाँडिएको कल्प र कल्पहरूको विभाजन, प्रलयको स्वरूप, अलगअलग चारोटै युगको धर्म, देवर्षि वा देवताहरूका ऋषि, राजाका वंशमा उत्पन्न भएका महर्षिहरूको चरित्र, वेदव्यासद्वारा पहिलेका जसरी नै वैदिक शाखाहरूको रचना तथा ब्राह्मणलगायतका चारोटै वर्णर ब्रह्मचर्यसमेतका चारोटै आश्रमको धर्म यी सबै विषयहरूमा म हजुरबाट यथार्थ रूपमा सुन्न चाहन्छु। ममाथि दयादृष्टि राख्दै ममा उत्पन्न भएका जिज्ञासाहरूको पूर्ण रूपमा समाधान गरिदिनुस्। हे महामुनीश्वर ! जसका माध्यमबाट मैले यी सबै विषयमा यथार्थ ज्ञान हासिल गरेर आफ्नो जीवन पूर्ण रूपमा सफल बनाउन सकुँ।

पराशरले भन्नुभयो– तिमीले मेरा पिताका पनि पिता वा हजुरबुबा वसिष्ठले जसका बारेमा बताउनुभएको थियो, त्यो पहिलेको कुरा मलाई स्मरण गराइदिएकाले म तिमीलाई धन्यवाद दिन्छु। जुन समयमा मैले विश्वामित्रबाट अभिप्रेरित भएर वा उनैका कारणले गर्दा मेरो पितालाई राक्षसले खाएको जानकारी पाएँ, त्यस समयमा म धेरै क्रोधित भएँ अर्थात् त्यस समयमा आफूलाई शान्त राख्न असक्षम भएकाले म अत्यधिक विह्वल भएँ। त्यसपछि यो संसारमा भएका सबै राक्षसको विनाश गरिदिने विचार गरेर राक्षसलाई डढाउने यज्ञ आरम्भ गरेँ। त्यस यज्ञमा असङ्ख्य राक्षस जलेर नष्ट भए। यसरी सबै राक्षसको पूर्ण रूपमा विनाश हुन लागेको देखेर मेरा हजुरबुबा वसिष्ठले मसँग भन्नुभयो– हे बाबु ! कसैमाथि पनि धेरै रिस गर्न उचित नहुने भएकाले अब तिमी रिस पूर्ण रूपमा परित्याग गरेर शान्त होऊ, जुन तिम्रो स्वाभाविक कर्तव्यकर्म हो, त्यसमा फर्क। तिम्रा पितालाई राक्षसले खानुमा उनीहरूको कुनै दोष छैन। किनकि तिम्रा पिताको प्रारब्ध नै यस्तै थियो, जसको फल उनले अवश्य भोग्नुपर्ने थियो, त्यो पाए। अतिरिस गर्नाले आफ्नै विनाश हुनेभएकाले त्यसले विद्वान्लाई नभएर मूर्खहरूलाई मात्र

शोभायमान बनाउँछ। त्यसैले ज्ञानीले कहिल्यै पनि रिसाउन उचित हुँदैन। यस्तो अवस्थामा त्यो विनाशकारक वस्तुले तिमी जस्ता विद्वान्मा कसरी आफ्नो अस्तित्व स्थापित गर्न सक्यो ? तिमी आफैँ यथार्थतालाई विचार गर त यो संसारमा कसले कसलाई मार्न सक्तछ ? पुरुषले त आफूद्वारा गरिएका कर्महरूको भोग मात्र गर्ने हो । त्यसैले तिमीले धेरै रिसाउन उचित छैन । त्यो रिसले मनुष्यले अतिकष्टपूर्वक प्राप्त गरेको यश र तपस्यालाई नष्ट गराइदिन्छ। यसैले आफूमा उत्पन्न भएको त्यो रिसको आवेगलाई संयमद्वारा यथार्थ रूपमा आफ्नो नियन्त्रणमा राख। किनकि त्यसले कुनै पनि अवस्थामा तिम्रो कल्याण गर्दैन। स्वर्ग र मोक्ष दुवै किसिमको उपलब्धिमा व्यवधान उत्पन्न गराउने भएकाले वा दुवैलाई बिगार्ने भएकाले महर्षिहरूले सधैँ रिस पूर्ण रूपमा परित्याग गर्छन्। यसैले तिमीले पनि रिसलाई वास्तविक रूपमा त्यागिदेऊ । तिमीले व्यर्थमा यी कुनै किसिमको अपराध नभएका राक्षसहरूको विनाश गराउँदा तिमीलाई के उपलब्धि हुन्छ; यस विषयमा विचार गर। त्यसैले तिमीले आफ्नो यज्ञको समापन गर। किनकि साधुहरूको सबैभन्दा ठूलो बल नै क्षमाशीलता हो; यसकारण तिमीले पनि त्यसको अनुसरण गर्नुपर्छ। यसरी आफ्ना हजुरबुबाले सम्झाइएका कुराहरूको गम्भीरतामा विचार गरेर मैले त्यो यज्ञ समापन गरिदिएँ। यसरी यज्ञ समापन भइसकेपछि महर्षिहरूमध्ये श्रेष्ठ मेरा हजुरबुबा वसिष्ठ ज्यादै प्रसन्न हुनुभयो। त्यसै समयमा ब्रह्माका पुत्र महर्षि पुलस्त्य पनि त्यहाँ आइपुग्नुभयो । पितामह वसिष्ठले उहाँको सत्कार गर्ने सिलसिलामा अर्घ्य समर्पण गर्नुभयो । त्यसपछि महर्षि पुलहका जेठा दाजु धर्मात्मा पुलस्त्यले आफूलाई दिइएको आसनमा बस्दै मसँग भन्नुभयो—आफ्नो मानमा धेरै ठूलो वैरभाव राखेको भए तापनि महर्षि वसिष्ठको उपदेश सुनेपछि तिमी जसप्रति ज्यादै रिसाएका थियौ, तिनीहरूलाई क्षमा गरिदियौ; यसकारण तिमी सबै शास्त्रहरूको ज्ञाता हुनेछौ। धेरै रिसाएको भए तापनि तिमीले मेरा सन्तानहरूको पूर्ण रूपमा विनाश नगरेको हुनाले म तिमीलाई अर्को एउटा उत्तम वर दिन्छु। हे वत्स ! तिमी भविष्यमा सबै पुराणसंहिताको रचयिता हुनुका साथै देवताहरूको वास्तविक रहस्यमय स्वरूपका विषयमा तिमीलाई कसैले बताइरहनु पर्ने छैन। तिमी आफैँ विज्ञ हुनेछौ। मेरो आशीर्वादका प्रभावले तिम्रो निर्मल बुद्धि कर्मयोग र साङ्ख्ययोग सम्बन्धी कर्महरूमा निश्चित रूपमा

कुशलतापूर्वक लाग्नेछ। तिमीलाई यो मैले दिएको उत्तम वरदान हो। महर्षि पुलस्त्यले यसरी वरदान दिइसकेपछि मेरा पितामह वसिष्ठले भन्नुभयो– महर्षि पुलस्त्यले तिमीलाई जुन वर दिनुभएको छ; त्यो भविष्यमा सत्य हुने कुरामा तिमी निश्चिन्त होऊ। हे मैत्रेय ! यसरी प्राचीन कालमा पितामह वसिष्ठ र महर्षि पुलस्त्यद्वारा जे जति बताइएको थियो, त्यो मैले बिर्सिसकेको थिएँ। तर जब तिमीले प्रश्न गऱ्यौ, त्यसपछि त्यसको मलाई सम्झना भयो। यसकारण तिमीले प्रश्न गरेका हुनाले म सबै पुराणसंहिताका विषयमा तिमीलाई विस्तारमा सुनाउनेछु; तिमी ध्यानपूर्वक सुन। यो समग्र जगत् भगवान् श्रीविष्णुबाट उत्पन्न भएको हो, उहाँमै अवस्थित छ र विष्णु भगवान् नै यसको स्थिति र विलयको कारकतत्त्व हुनुहुन्छ। यस जगत्को यथार्थ स्वरूप भगवान् विष्णुकै स्वरूप हो र उहाँबाहेक केही पनि छैन।

पराशरले भन्नुभयो–जसले ब्रह्मा, विष्णु र शिवरूपबाट जगत्को उत्पत्ति, पालन र संहार गर्नुहुन्छ तथा आफ्ना भक्तहरूलाई सांसारिक विषयवासनाहरूको बन्धनबाट यथार्थ रूपमा मुक्त गराइदिनुहुन्छ; उहाँ विकाररहित शुद्धस्वरूप, नित्य, परब्रह्म परमात्मा, सधैँ एकरूप रहने, सबैलाई नियन्त्रण गर्ने भगवान् श्रीविष्णुलाई नमस्कार छ। जो एक भए तापनि अनेकौँ रूपमा प्रकट हुनुहुन्छ; जो स्थूलमय र सूक्ष्ममय पनि हुनुहुन्छ; उहाँ अव्यक्त र व्यक्त हुनुहुन्छ। जसले आफ्ना अनन्य भक्तहरूलाई यो सांसारिक चक्रबाट पूर्ण रूपमा मुक्त गराएर शाश्वत वा सधैँ रहिरहने शान्ति उपलब्ध गराइदिनुहुन्छ; यस्ता परमप्राप्य भगवान् विष्णुलाई नमस्कार छ। जुन विश्वरूप भगवान्ले यो समग्र जगत्को उत्पत्ति, अवस्थिति र संहारको कार्य गनुहुन्छ अथवा जो यो समग्र जगत्को मूलकारण हुनुहुन्छ; उहाँ परब्रह्म परमात्मा भगवान् श्रीविष्णुलाई नमस्कार छ। जो समग्र विश्वको आधारशीला हुनुहुन्छ, अतिसूक्ष्मभन्दा पनि सूक्ष्म हुनुहुन्छ, सबै प्रणीहरूको हृदयरूपी गुफामा निवास गर्नुहुने अविनाशी परब्रह्म परमात्मा हुनुहुन्छ, जो यथार्थ रूपमा अतिनिर्मल ज्ञानस्वरूप हुनुहुन्छ; तर ज्ञानस्वरूप भएर पनि आफ्नो योगमायाका माध्यमद्वारा अनेकौँ पदार्थहरूमा उत्पन्न भएको जस्तो देखिनुहुन्छ; जसले जगत्को सृष्टि र पालन गर्नुहुन्छ र कालको रूप धारण गरेर संहार गर्नुहुन्छ; उहाँ समग्र जगत्का ईश्वर, अजन्मा, अविनाशी र अव्यय

भगवान् श्रीविष्णुलाई नमस्कार गर्दै म तिमीलाई यो सम्पूर्ण प्रसङ्गका विषयमा सिलसिलाबद्ध रूपमा बताउनेछु; जसका बारेमा दक्षलगायतका मुनिहरूले प्रश्न गरेपछि ब्रह्माले उनीहरूलाई बताउनुभएको थियो। जुन प्रसङ्ग दक्षलगायतका मुनिहरूले नर्मदा नदीको किनारमा बसेर राजा पुरुकुत्सलाई सुनाएका थिए, त्यसपछि राजा पुरुकुत्सले सोही कुरा सारस्वतलाई बताएका थिए र सारस्वतले मलाई बताए। जो प्रकृतिभन्दा यथार्थ रूपमा अलग, परमश्रेष्ठ, प्राणीमात्रको अन्तरात्मामा विनाश गर्नुहुने परब्रह्म परमात्मा, रूप, वर्ण, नाम र विशेषणबाट अलग हुनुहुन्छ; उहाँका विषयमा यस्तो आकारको, वर्णको वा स्वरूपको हुनुहुन्छ भनेर कसैले निश्चित गर्न सक्तैन, त्यसैले उहाँलाई अचिन्त्य भनिएको हो। जुन परमात्मामा जन्म, वद्धि, परिमाण, क्षय र नाश जस्ता विभिन्न विकारहरूको पूर्ण रूपमा अभाव रहेको हुन्छ; जसलाई केवल 'हुनुहुन्छ' मात्र भन्न सकिन्छ; उहाँ सर्वत्र व्यापक भएर रहनुभएको छ र समग्र विश्व उहाँकै कुनै अंशको आधार पाएर अडिएकाले उहाँलाई विद्वान्हरू वासुदेव भन्दछन्। उहाँ नै अजन्मा, नित्य, अक्षय, अव्यय, अविनाशी, एकरस, सधैँ एक स्वरूप रहने र त्यागन गर्न योग्य गुणहरूले पूर्ण रूपमा अभाव भएकाले परब्रह्म परमात्मा हुनुहुन्छ। उहाँ नै सबै कार्य र कारण जगत्का स्वरूपमा तथा यसको साक्षी पुरुष तथा महाकारण कालका रूपमा पनि द्यिमान रहनुभएको छ। यसकारण उहाँलाई महाकाल स्वरूप पनि भनिन्छ। हे ब्राह्मणश्रेष्ठ ! उहाँ नै परब्रह्म परमात्माको पहिलो स्वरूप पुरुष हुनुहुन्छ; प्रकृति र आँखाले देख्न सकिने उहाँको अर्को स्वरूप हो तथा सबै डर फैलाएर रहनुभएकाले काल उहाँको सर्वोत्तम स्वरूप हो। यसरी जुन प्रधान पुरुष व्यक्त र काल यी चारोटाभन्दा पूर्ण रूपमा अगल छ र जसलाई दिव्यदृष्टि भएका महात्माहरूले मात्र देख्न सक्तछन्, त्यही भगवान् श्रीविष्णुको परमपद वा परमधाम हो। भगवान् विष्णुका प्रधान, पुरुष्डा, व्यक्त र कनल यी स्वरूप अलगअलग भावपूर्वक यो समग्र जगत्को उत्पत्ति, पालन र संहारको त्यस्तो शक्ति वा तत्त्व हुन्, जसको योगबाट वस्तुहरूको रूप आँखासामु देखापर्छ र तिनीहरूको उत्पत्तिका कारण हुन्। यस किसिमले बालकले जस्तै क्रीडा गर्नुहुने भगवान् श्रीविष्णुको लीलाका विषयमा सुन। तिनहिरूमध्ये अव्यक्त कारण जुन सत्, असत् र नित्य छ, त्यसैलाई मुनिहरूले प्रधान र सूक्ष प्रकृति भन्छन्। त्यो कहिल्यै

नाश नहुने, आधाररहित, अनन्त, नाप्न नसकिने, कहिल्यै वृद्ध वा नाश नहुने, निश्चल, शब्द, स्पर्शलगायतबाट यथार्थ रूपमा अलग तथा रूपलगायतबाट पनि रहित छ। त्यो सत्त्व, रज र तम यी तीनोटा गुणहरूले परिपूर्ण र समग्र जगत्को कारण भए तापनि स्वयं आफू अनादि भएकाले उत्पत्ति तथा विलय जस्ता विकारहरूबाट अलग छ। यो चराचर जगत् प्रलय भएदेखि सृष्टि नभएसम्म त्यसैबाट ढाकिएर रहेको थियो। श्रुतिको मर्मका विषयमा विज्ञ, श्रुतिलाई अध्ययनको लक्ष्य बनाएका र ब्रह्मका विषयमा यथार्थ ज्ञान हासिल गरिसकेका महात्माहरूका अनुसार प्रलयका समयमा न दिन थियो, न रात थियो, न आकाश थियो, न पृथ्वी थियो, न अन्धकार थियो, न उज्यालो थियो, न त यसबाहेक अन्य केही थियो। त्यस समयमा सुन्नसक्ने इद्रियहरू बुद्धिको सामर्थ्यभदा बाहिर रहेको र तिनीहरूद्वारा प्राप्त हुन नसक्ने एक परम ब्रह्मस्वरूप पुरुष मात्र थियो। उपाधिहरूबाट यथार्थ रूपमा अलग भगवान् श्रीविष्णुको स्वरूपबाट प्रधान र पुरुष उत्पन्न भए। भगवान् विष्णुकै अन्य स्वरूपद्वारा यी दुवै प्रधान र पुरुष सृष्टि र प्रलयका समयमा समाहित तथा अलग हुने रूपान्तरको नाम काल हो। यसभन्दा पहिलेको प्रलयका समयमा यो देख्न नसकिने जड र चेतनवर्ग प्रकृतिमा विलीन भएको थियो। यसैले जड र चेतनवर्गको यो प्रलयलाई प्राकृतिक प्रलय भनिन्छ। महाकालस्वरूप भगवान् अनादि हुनुभएकाले उहाँको कहिल्यै अन्त हुँदैन। यसकारण यो जड र चेतनरूप संसारको उत्पत्ति, अवस्थिति र प्रलयको कार्यमा कहिल्यै व्यवधान आउँदैन अर्थात् यो निरन्तर रूपमा चलिरहन्छ। हे मैत्रेय ! प्रलयका समयमा प्रकृतिका गुणहरू साम्य अवस्थामा रहेपछि तथा पुरुष प्रकृतिभन्दा अलग भएपछि विष्णुको कालस्वरूप प्रकट हुन्छ र त्यसले ती दुवैलाई आफैँमा विलीन गराउँछ। त्यसपछि सृष्टिको आरम्भका समयमा उहाँ नै विश्वरूप, परब्रह्म विष्णुले आफ्नो चाहनाअनुसार विकारसम्पन्न प्रकृति र विकारविहीन पुरुषमा पसेर तिनीहरूमा उत्तेजना उत्पन्न गराउनुभयो। जसरी क्रियाशील नभए तापनि गन्धले आफ्नो नजिकमा आएका जोसुकैको मनलाई प्रभावित पार्दछ; त्यसैगरी परमात्माले आफ्नो सामीप्यबाटै प्रकृति र पुरुषलाई प्रेरित गर्नुहुन्छ। विष्णुले यिनीहरूमा चञ्चलता उत्पन्न गराएर आफू पनि क्षुब्ध हुनुहुन्छ तथा साम्य र क्षोभसम्पन्न प्रकृतिको रूपमा पनि परमात्मा नै अवस्थित हुनुहुन्छ। ब्रह्मालगायतका

देवताका पनि देवता विष्णु नै समष्टि र व्यष्टि रूप, ब्रह्मालगायतका जीवरूप र व्यक्तरूप बुद्धितत्त्वका रूपमा अवस्थित रहनुहुन्छ। सृष्टिको समय आएपछि गुणहरूको साम्यावस्थारूप प्रकृति जब भगवान् विष्णुको क्षेत्रज्ञ रूपबाट अधिष्ठित भयो, तब त्यसबाट बुद्धितत्त्वको उत्पत्ति भयो। यसरी उत्पन्न भएको बुद्धितत्त्वलाई प्रकृतितत्त्वले ढाकिदियो। यो बुद्धितत्त्व सात्त्विक, राजस र तामस भेदका आधार तीन किसिमको हुन्छ। तर जसरी खेतमा लगाएको बीजलाई माटोले राम्ररी छोपिन्छ; त्यसैगरी यो तीन प्रकारको बुद्धितत्त्व पनि प्रकृतितत्त्वबाट ढाकिएको छ। तथापि बुद्धितत्त्वबाटै सात्त्विक, राजस र तामस यी तीन प्रकारका अहङ्कार उत्पन्न भए। त्यो तीनोटा गुणसम्पन्न भएकाले भूत र इन्द्रियहरूको कारकतत्त्व हो। जसरी प्रकृतिबाट बुद्धितत्त्व ढाकिएको छ; त्यसैगरी बुद्धितत्त्बाट यो अहङ्कार ढाकिएको छ। त्यसपछि भूतादि नाम भएको तामस अहङ्कारले विकारसम्पन्न भएर शब्दतन्मात्रा र त्यसबाट शब्द गुण भएको आकाशको रचना गऱ्यो। यसपछि शब्दतन्मात्रारूप आकाशले विकारसम्पन्न भएर स्पर्शतन्मात्राको रचना गऱ्यो भने त्यसबाट स्पर्शतन्मात्राभन्दा बलशाली वायु उत्पन्न भयो। वायुको गुण स्पर्श हो। त्यसपछि शब्दतन्मात्रारूप आकाशले स्पर्शतन्मात्रा भएको वायुलाई ढाकिदिएकाले त्यो वायुले विकारसम्पन्न भएर रूपतन्मात्राको रचना गऱ्यो। वायुबाट तेज उत्पन्न भयो। त्यसको गुण रूप हो। यसपछि स्पर्शतन्मात्रा भएको वायुले रूपतन्मात्रा भएको तेजलाई ढाकिदिएकाले तेजले विकारसम्पन्न भएर रसतन्मात्रामको रचना गऱ्यो। त्यो रसतन्मात्राबाट रस गुणले सम्पन्न जल उत्पन्न भयो। त्यो रसतन्मात्रा भएको जललाई रूपतन्मात्रामय तेजले ढाकिदियो। यसरी ढाकिएको रसतन्मात्रारूप जलले विकारसम्पन्न भएर गन्धतन्मात्राको रचना गऱ्यो। त्यो गन्धतन्मात्राबाट पृथ्वी उत्पन्न भयो, जसको गुण गन्ध मानिएको छ। ती आकाशलगायतका भूतहरूमा तन्मात्रा रहेको अर्थात् तिनीहरूको गुण शब्दलगायत मात्र हुन्। यसैले ती तन्मात्रालाई नै रूप भनिएको हो। ती तन्मात्राहरूमा कुनै प्रकारको विशेषभाव नरहने भएकाले तिनीहरूलाई अविशेष भनिन्छ। यसैगरी ती तन्मात्राहरूमा शान्त, डरलाग्दो वा आश्चर्यजनक भाव पनि छैन। यसप्रकारले तामस अहङ्कारबाट यो तन्मात्रारूप सृष्टि भयो। यसरी नै इन्द्रियहरू राजस अहङ्कारबाट र तिनीहरूका अधिपति दस देवता सात्त्विक अहङ्कारबाट उत्पन्न भए।

यसरी नै छाला, आँखा, नाक, जिभ्रो र कान यी पाँचोटै बुद्धिको सहयोग प्राप्त गर्ने पाँच ज्ञानेन्द्रिय हुन्छन्। यसरी इन्द्रियहरूका अधिपति दस देवता र एघारौँ मन यी सात्त्विक हुन्। छाला, आँखा, नाक, जिभ्रो, कान यी पाँचोटै बुद्धिबाट सम्पन्न भएर शब्दलगायतका विषयहरूलाई ग्रहण गर्ने पाँच ज्ञानेन्द्रिय हुन्। यसैगरी मलद्वार, लिङ्ग, हात, गोडा र वाणी यी पाँचोटालाई कर्मेन्द्रिय भनिन्छ। यी पाँच कर्मेन्द्रियको कर्म मलमूत्र त्याग, कारीगरी, गति र वचन भएको बताइएको छ। आकाश, वायु, तेज, जल र पृथ्वी यी पाँचोटै महाभूत उत्तरोत्तर अर्थात् एकपछि अर्को शब्द, स्पर्शलगायतका गुणले परिपूर्ण छन् तथा यिनीहरू शान्त, डरलाग्दा र मोहमा फँसेका छन्। ती भूतहरूमा अलगअलग प्रकारका शक्तिहरू रहेका छन्। तर एकआपसमा सन्तुलन नभएसम्म तिनीहरूबाट संसारको रचना हुन सक्तैन। यसकारणले एकअर्काको आश्रयमा रहने एउटै सङ्घातको उत्पत्ति गराउने लक्ष्य भएको एकअर्काको संयोग प्राप्त गरेर बुद्धितत्त्वदेखि विशेषसम्म सबै प्रकृतिका विकारहरू पुरुषद्वारा अधिष्ठित भएको हुनाले र प्रकृतितत्त्व अनुग्रहबाट अण्डा उत्पादन भयो। पानीको फोकाका जसरी सिलसिलाबद्ध रूपमा भूतहरूद्वारा बढाइएको यो गोलाकार र पानीमा रहेको अण्डा हिरण्यगर्भ भगवान् श्रीविष्णुको उत्तमस्थान भयो। त्यसमा उहाँ अव्यक्तस्वरूप समग्र जगत्का अधिपति परब्रह्म परमात्मा विष्णु व्यक्तस्वरूप हिरण्यगर्भका रूपमा आफैँ बस्नुभयो। उहाँ हिरण्यगर्भ भगवान्को सुमेरु पर्वतलाई ढाक्ने जाली अन्य पर्वत गर्भाशय र समुद्र गर्भाशय रहने पानी वा गर्भाशय उत्पन्न हुने रस थियो। त्यस अण्डामा पर्वत, द्वीप, समुद्र, ग्रहहरूका सहित सबै लोकका देवता, असुर, मानवलगायत सबै किसिमका प्रणीहरू उत्पन्न भए। त्यो अण्डा पहिलेको तुलनामा दस गुणा धेरै पानी,अग्नि, वायु आकाश, भूतहरूबाट बेरिएको थियो र भूतलगायत बुद्धितत्त्वबाट पनि घेरिएको थियो। यसैगरी यी सबै जस्तैगरी बुद्धितत्त्व पनि प्रकृतिबाट घेरिएको थियो। यसप्रकारले जसरी नरिवलको फलको भित्रि बीजलाई बाहिरबाट अनेकौँ किसिमका पत्रैपत्र भएका बोक्राले घेरेको हुन्छ; त्यसैगरी यो अण्डा पनि सात किसिमका प्राकृतिक आवरणहरूले घेरिएको थियो। त्यस अण्डामा रहनुभएका समग्र विश्वका अधिपति भगवान् श्रीविष्णुले रजोगुणसम्पन्न ब्रह्मा भएर यो जगत्को सृष्टि गर्नुभयो। यसरी सृष्टि गर्ने कार्य सकिएपछि सत्त्वगुणसम्पन्न श्रीविष्णुले

कल्पको अन्तसम्म प्रत्येक युगमा सृष्टिको पालनपोषण गर्नुहुन्छ। कल्पको अन्तमा अतिकठोर तमोगुणसम्पन्न रुद्रस्वरूप धारण गरेर श्रीविष्णुले नै सुष्टिको संहार गर्नुहुन्छ। यसप्रकारले संहार गरेर यो संसारलाई जलमय बनाइदिएर श्रीविष्णु शेष नागको शय्यामा आनन्दपूर्वक सुत्नुहुन्छ। श्रीविष्णुले नै जाग्रत अवस्थामा आएपछि फेरि ब्रह्माको स्वरूप धारण गरेर संसारको रचना गर्नुहुन्छ। श्रीविष्णुले ब्रह्मा, विष्णु र रुद्रस्वरूप धारण गरेर संसारको सृष्टि, पालन र संहार गर्नुहुन्छ।

मैत्रेयको जुन परब्रह्म परमात्मा गुणरहित, अनन्त, शुद्ध र निर्मल आत्मा भएको हुनुहुन्छ; उहाँलाई सृष्टिलगायतको रचयिता कसरी मान्न सकिन्छ ? भन्ने प्रश्नको जवाफ दिने सिलसिलामा पराशरले भन्नुभयो—सबै भावहरूका शक्तिहरू चिन्तन गर्न नसकिने ज्ञानका विषय हुन्। यसकारणले अग्निमा भएको तातोपन जस्तैगरी ब्रह्मको सृष्टिको रचना गर्ने शक्ति पनि अचिन्त्य छ। उहाँमा यसप्रकारको शक्ति रहनु स्वाभाविकै हो। अब नारायणका नामले प्रसिद्ध हुनुभएका लोकहरूका पितामह ब्रह्मा सृष्टिको रचना गर्ने कार्यमा कसरी कुशलतापूर्वक लाग्नुहुन्छ; त्यसका विषयमा बताउनेछु। उहाँलाई सधैँ पूजामा चढाइने आवाहन, आसन, पाद्य, अर्घ्यसमेतबाट उत्पन्न हुने बताइएको छ। ब्रह्माकै गणनाअनुसार उहाँको आयु सय वर्षको हुने बताइएको छ। त्यो सय वर्षको आयुको नाम पर हो र त्यसको आधालाई परार्ध भनिन्छ। मैले यसभन्दा पहिले तिमीलाई जुन भगवान् श्रीविष्णुको कालस्वरूपका विषयमा बताएको थिएँ, त्यसैका माध्यमद्वारा ब्रह्माको तथा अन्य पृथ्वी, पर्वत, समुद्रलगायतका चर तथा जीवातमा , मनुष्यसमेतको आयु निर्धारण हुन्छ। पन्ध्र निमेषको एक काष्ठा हुन्छ भने तीस काष्ठाको एक कला हुन्छ र तीस कलाको एक मुहूर्त हुन्छ। तीस मुहूर्तलाई मनुष्यको एक दिन र रात मानिन्छ भने तीस दिनको दुई पक्ष र दुई पक्षको एक महिना हुन्छ। यसैगरी छ महिनाको एक अयन हुन्छ भने दक्षिणायन र उत्तरायणको समायोजित समयलाई एक वर्ष भनिन्छ। देवताहरूका लागि दक्षिणायन रात्रि र उत्तरायणलाई दिन भनिन्छ। देवताहरूका बाह्र हजार वर्षहरूको सत्ययुग, त्रेतायुग, द्वापरयुग र कलियुग यी चारोटा नाम भएका युगहरू हुन्छन्। तिनीहरूको अलगअलग बाँडफाँडका विषयमा म तिमीलाई बताउनेछु। पुरातत्त्वका ज्ञाताहरूले सत्य, त्रेता, द्वापर र कलियुगको परिमाण सिलसिलाबद्ध रूपमा चार, तीन, दुई र एक हजार दिव्य वर्ष बताएका छन्। प्रत्येक

युगहरूको आरम्भ हुनुभन्दा पहिले त्यत्ति नै वर्षहरूको सन्ध्या र प्रत्येक युगको अन्तमा पनि त्यत्ति नै परिमाण सन्ध्यांश हुन्छ। यी सन्ध्या र सन्ध्यांशका बीचको जति समय हुन्छ; त्यसैलाई सत्ययुग, त्रेतायुग, द्वापरयुग र कलियुग यी चारोटैको समायोजित अवस्थालाई चतुर्युग भनिन्छ। यसप्रकार एक हजार चतुर्युगको ब्रह्माको एक दिन हुन्छ। ब्रह्माको एक दिनमा चौध मनु हुन्छन्। तिनीहरूको समयको परिणामका विषयमा सुन। पहिलो कल्पका अनुसार सप्तर्षि, देवताहरू, इन्द्र, मनु र मनुका पुत्र राजाहरू एकै समयमा उत्पन्न हुन्छन् र तिनीहरूको संहार पनि एकै समयमा हुन्छ। एकहत्तर चतुर्युगभन्दा केही धेरै समयको एक मन्वन्तर हुन्छ। यही मनु र देवताको समय हो। यसप्रकारले दिव्य वर्षहरूको गणना गर्दा एक मन्वन्तरमा आठ लाख बाउन्न हजार वर्ष हुन्छन्। मानवीय वर्षहरूको गणानाको हिसाबअनुसार मन्वन्तरको यो सङ्ख्या तीस करोड सतसट्ठी लाख बीस हजार वर्षमात्र हुन्छ। यस समयलाई चौधले गुणन गर्दा आउने पणिामलाई ब्रह्माको एक दिन भनिन्छ। नैमित्तिक नामको ब्रह्माप्रलय हुन्छ। त्यस समयमा भूर्लोक, भुवलोक, स्वर्लोक यी तीनोटै भस्म हुन लाग्छन् र त्यस समय महर्लोकमा बस्नेहरू पीडित भएर माथिका सात लोकमध्येको महर्लोकमाथिको लोकमा जान्छन्। यसरी तीनोटै लोकहरू यथार्थ रूपमा जलमय भएपछि नारायणस्वरूप ब्रह्मा तीनोटै लोकहरूको गाँसबाट तृप्त भएर शेषनागको शय्यामा सुत्नुहुन्छ। दिन बराबर नै परिणाम भएको रात्रि बितिसकेपछि जनलोकमा बस्ने योगीहरूद्वारा ध्यान गरिनुभएका ब्रह्माले फेरि संसारको रचना गर्नुहुन्छ। यसप्रकार वर्ष र फेरि सय वर्ष हुन्छ तथा सय वर्षलाई ब्रह्माको पूर्ण आयु बताइएको छ। ब्रह्माको अहाधा आयु बितिसकेको छ। त्यसको अन्तमा पद्म नाम भएको प्रसिद्ध महाकल्प भएको थियो। वर्तमान यो दोस्रो आधा भागको यो वराह नाम भएको पहिलो कल्प बताइएको छ।

मैत्रेयले कल्पको आरम्भमा नारायण नाम भएका ब्रह्माले कसरी समग्र प्राणीहरूको रचना गर्नुभयो भन्ने जिज्ञासा व्यक्त गरेपछि पराशरले भन्नुभयो— यस विषयमा तिमी मबाट विस्तारमा सुन। पहिलो कल्पको अन्त भएपछि रात्रिका समयमा सुत्नुभएका भगवान् उठेपछि सत्त्वगुणसम्पन्न भएका ब्रह्माले सबै लोकहरू खाली भएको देख्नुभयो। उहाँ भगवान् सबैको ईश्वर तथा सबैको उमस्थल हुनुहुन्छ।

उहाँ यो जगत्को उत्पत्ति र विनाशको आधारशिला हुनुहुन्छ। नरबाट उत्पन्न भएकाले जललाई नार भनिन्छ। त्यो नार उहाँको निवासस्थान हो। यसैले भगवान्लाई नारायण भनिएको हो। यो समग्र जगत् जलमय भएको देखेपछि ब्रह्माले पृथ्वी पानीमा डुबेको अनुमान गर्दै त्यसको उद्धार गर्नका लागि उहाँले अर्को एउटा शरीर धारण गर्नुभयो। उहाँ यसभन्दा पहिलेको कल्पको आदिमा जसरी मत्स्य, कूर्मलगायतका स्वरूप धारण गर्नुभएको थियो, त्यसैगरी यस वराह कल्पको आरम्भमा पनि वराहको शरीर धारण गर्नुभयो र जनलोकमा रहेका सनकलगायतले स्तुति गरेपछि जलमा पस्नुभयो। उहाँ पातालमा आउन लाग्नुभएको देखेपछि पृथ्वीले वराहस्वरूप भगवान्को स्तुति गर्दै भनिन्— हे शङ्ख, चक्र, गदा, पद्म धारण गर्नुहुने भगवान् हजुरलाई नमस्कार छ। आज हजुरले मेरो यस पाताललोकबाट उद्धार गर्नुहोस्। पहिले पनि म हजुरबाटै उत्पन्न भएकी थिएँ। यसभन्दा पहिले पनि हजुरले मेरो उद्धार गर्नुभएको थियो र हे प्रभु ! हजुर नै मेरो तथा आकाशलगायतका सबै भूतहरूको निमित्त र उपादन काचरण हुनुहुन्छ। कारण र कार्यस्वरूप तपाईंलाई नमस्कार छ। सृष्टिको आरम्भमा ब्रह्मा, विष्णु र रुद्रस्वरूप धारण गरेर हजुरले सबै भूतहरूको उत्पत्ति, पालन र संहार गर्नुहुन्छ, यसप्रकारको परम शक्तिसम्पन्न हजुरलाई नमस्कार छ। यो समग्र जगत् जलमय भएपछि तिनीहरूलाई आफ्नो भोजन बनाएर विद्वान्हरूले चिन्तन गर्ने हजुर जलमा सुत्नुहुन्छ। हजुरको परम तत्त्वका विषयमा कसैले पनि जान्न सक्तैन। तर अवतारहरूमा हजुरको जुन स्वरूप प्रकट हुन्छ; त्यसको देवताहरूले पूजा गर्छन्। मुक्ति प्राप्त गर्ने अभिलाषा भएकाहरूले हजुर परब्रह्म परमात्माकै आराधना र उपासना गरेर मुक्त हुनछन्। भगवान् वासुदेवको उपासना नगरेसम्म कसैले पनि मुक्ति पाउन सक्तैन। मनका माध्यमद्वारा जे जति ग्रहण गरिन्छ, आँखालगायतका इन्द्रियहरूबाट जे जति ग्रहण गरिन्छ र बुद्धिमा माध्यमद्वारा जे जति विचार गर्न योग्य छ; त्यो सबै हजुरकै स्वरूप हो। हे प्रभु ! म हजुरकै स्वरूप हुँ, हजुरमा नै आश्रित रहेकी छु, मेरो उत्पत्ति हजुरबाटै भएको हो र हजुरकै शरणमा परेकी छु। यसकारण मनुष्यले मलाई माधवी पनि भन्छन्। यो समग्र जगत्मा व्याप्त भएर रहनुभएका हजुरको जय होस्। हे प्रभु ! हजुर नै यज्ञ, वषट्कार, ॐकार र हजुर नै हवन गर्न योग्य अग्निहरू हुनुहुन्छ। हे भगवान् ! हजुर नै वेद, वेदाङ्ग र यज्ञपुरुष

हुनुहुन्छ तथा सूर्यलगायतका ग्रह, तारा, नक्षत्र र समग्र जगत् पनि हजुर नै हुनुहुन्छ। हे परमात्मा ! मूर्त–अमूर्त, दृश्य–अदृश्य तथा मैले स्तुति गर्दा जे जति बताएँ वा बताइँन, त्यो सबै हजुर नै हुनुहुन्छ। यसकारण हजुरलाई पटकपटक नमस्कार छ।

पराशरले भन्नुभयो– पृथ्वीले यसरी प्रार्थना गरिसकेपछि सामस्वर नै जसको ध्वनि छ, उहाँ वराहले घर्घर आवाजका माध्यमद्वारा गर्जना गर्नुभयो । यसपछि पूर्ण रूपमा फुलिसकेको कमल जस्ता आाखा भएका वराह भगवान्ले आफ्ना दाँतहरूका माध्यमद्वारा पृथ्वीलाई उठाउनुभयो । कमलपत्रका समान श्यामवर्ण भएका वराह भगवान् पाताललोकबाट बाहिर निस्कनुभयो । यसरी बाहिर आउँदा उहाँ वराह भगवान्को मुखबाट निस्किएको श्वासबाट उछिट्टिएको जलले जनलोकमा बस्ने सनन्दनलगायतका मुनिहरूलाई भिजाइदियो । यसैगरी ज्यादै ठूलो शब्द निकाल्दै जल उहाँका खुरहरूको टुप्पोद्वारा चिरिएर पातालमा तलतिर जान थाल्यो र जनलोकमा बस्ने सिद्धहरू उहाँको मुखबाट निस्किएको श्वासवायुले पीडित भएर जतासुकै भाग्न थाले। जसको पेट जलमा भिजेको छ; उहाँले आफ्नो वेदमय शरीर कमाउँदै पृथ्वीलाई लिएर बाहिर निस्कँदाका समयमा उहाँ महावराहका रौँहरूमा रहेका मुनिहरूले स्तुति गर्न थाले। ती शङ्का नभएका र उन्नत दृष्टि भएका तथा पृथ्वीलाई धारण गर्नुभएका वराह भगवान्को जनलोकमा बस्ने सनन्दनलगायतका महर्षिहरूले सिर भुकाएर स्तुति गर्न गरे। हे ईश्वरहरूमा परम ईश्वर ! हे केशव ! हजुरको जय होस्। हजुर नै समग्र संसारको उत्पत्ति, पालन र विनाशको कारण हुनुहुन्छ; हजुर नै ईश्वर हुनुहुन्छ र जसलाई परमपद भनिन्छ; त्यो हजुरबाहेक केही छैन । हे प्रभु ! हजुरका चरणहरूमा चारोटै वेद रहेका छन्, दाँतहरूमा यज्ञले निवास गरेको छ; मुखमा अग्निकुण्ड छन् र अग्नि हजुरको जिभ्रो हो, कुश हजुरका रौँ हुन्, यसरी हजुर नै यज्ञपुरुष हुनुहुन्छ।

यसैगरी रात र दिन हजुरका आँखा हुन्, सबै आधारस्वरूप परब्रह्म परमात्मा हजुरको सिर हुनुहुन्छ। वैष्णवलगायतका सबै सूक्त हजुरका काँधका रौँहरू हुन् र समग्र हवि हजुरको नाक हो । हे प्रभु ! सुरो हजुरको थुतुनो हो, सामस्वर नै गम्भीर शब्द हो, यजमान गृह शरीर हो, यज्ञ शरीरका सन्धिहरू हुन्। श्रौत र स्मार्त धर्म हजुरको कान हो। हे नित्यस्वरूप भगवान् ! हजुर प्रसन्न हुनुहोस्। हे विश्वरूप ! हजुरले आफ्ना पाउको प्रहारले समग्र विश्वलाई व्याप्त गर्नुभएको

छ; हामी हजुरलाई समग्र विश्वको आदिकारण मान्दछौं। हजुर समग्र जगत्का परमात्मा प्रसन्न हुनुहोस्। हजुरका दाँतहरूमा राखिएको यो पृथ्वी कमलवनमा विध्वंस मच्चाइरहेको हात्तीका दाँतमा अड्किएको हिलोमा लतपत भएको कमलको फूल जस्तै शोभायमान भएको छ। पृथ्वी र आकाशका बीचमा जति अन्तर छ; त्यो हजुरको शरीरबाटै व्याप्त भएकाले हजुरले समग्र विश्वको कल्याण गर्नुहोस्। हजुर एकमात्र सत्यस्वरूप हुनुहुन्छ; यो हजुरकै माया हो, हजुरबाहेक केही पनि छैन। यो प्रत्यक्ष रूपमा देख्न सकिने जगत् हजुरकै रूप भए तापनि भ्रमपूर्ण ज्ञान भएका अयोग्य व्यक्तिहरूले यसलाई जगत्स्वरूप मात्र देख्छन्। अज्ञानी व्यक्तिले यो समग्र जगत्लाई अर्थस्वरूप मात्र देख्ने गर्छन्। यसकारण तिनीहरू मोहरूपी संसारमा घुमिरहन्छन्। जो शुद्ध र निर्मल चित्त भएको ज्ञानी छ; उसले यो जगत्लाई ज्ञानमय देख्छ। हे प्रभु ! हामीबाट प्रसन्न हुनुहोस्। जगत्को निवासका लागि पृथ्वीको उद्धार गरेर हामीलाई शान्ति प्रदान गर्नुहोस्। हे भगवान् ! यस समयमा सत्त्वगुणबाट यथार्थ रूपमा सम्पन्न अर्थात् सत्त्वप्रधान हुनुहुन्छ। जगत्को उत्पत्तिका लागि हजुरले यस पृथ्वीको उद्धार गरिदिएर हामीलाई शान्ति प्रदान गर्नुहोस्। हजुरको यो सर्गप्रवृत्तिले संसारको उपकार गर्नेछ। हे भगवान् ! हजुरलाई नमस्कार छ; हामीलाई शान्ति प्रदान गर्नुहोस्।

पराशरले भन्नुभयो— यसप्रकारको स्तुति गरिन लागेका पृथ्वीलाई धारण गर्नुभएका परब्रह्म परमात्मा वराहले शीघ्रतापूर्वक पृथ्वीलाई उठाउनुभयो र अपार जलको सागरमा स्थापित गरिदिनुभयो। त्यो जलाशयमाथि पृथ्वी ज्यादै ठूलो ढुङ्गो जस्तै स्थिर भएर रहेको छ। आकार पनि अतिविशाल भएको हुनाले त्यो जलमा डुब्दैन। त्यसपछि परब्रह्म परमात्माले पृथ्वीलाई पूर्ण रूपमा मैदान बनाएर विधिपूर्वक बाँडफाँड गरेर त्यसमा जतासुकै पर्वत स्थापित गरिदिनुभयो। परब्रह्म परमात्माले आफ्नो अमोघ शक्तिका माध्यमद्वारा पहिलो कल्पको अन्तमा जलेर भस्म भएका सबै पर्वतहरूलाई पृथ्वीमा पहिलेकै स्थानमा स्थापित गरिदिनुभयो। त्यसपछि उहाँले सात द्वीपहरूमा पहिलेको जस्तैगरी पृथ्वीको बाँडफाँड गरेर भूर्लोकलगायतका चारोटा लोकको रचना गर्नुभयो। यसपछि परब्रह्म परमात्माले रजोगुणसम्पन्न भएर चार मुख भएका ब्रह्माको स्वरूप धारण गरेर आफैँले सृष्टिको रचना गर्नुभयो। संसारको रचना गर्ने कार्यमा परब्रह्म परमात्मा निमित्त कारण

मात्र हुनुहुन्छ। किनकि उहाँको प्रधान कारण सृजना भएका पदार्थहरूको शक्ति नै हो। वस्तुहरूको रचना गर्ने कार्यमा निमित्तमात्रलाई छाडेर अन्य कुनै वस्तुहरूको आवश्यकता पनि रहँदैन। किनकि वस्तुले आफ्नै शक्तिबाट वस्तुतत्त्व प्राप्त गर्छ अथवा परिणामशक्तिबाट स्थूलरूपतामा परिणत हुन्छ।

मैत्रेयले भने— सृष्टिको आरम्भमा भगवान् ब्रह्माले पृथ्वी, आकाश र जलमा निवास गर्ने मानव, तिर्यक, रूखलगायत, देवता, ऋषि, पितृहरू र दानवहरू कसरी रचना गर्नुभयो, त्यसका विषयमा म हजुरबाट विस्तारमा सुन्न चाहन्छु।

पराशरले भन्नुभयो— भगवान्ले जुन किसिमले समग्र देवतालगायतको रचना गर्नुभयो, त्यो सबै तिमीलाई बताइदिनेछु; तिमी ध्यानपूर्वक सुन। कल्पको आरम्भमा पहिलेको कल्प जस्तैगरी ब्रह्माले सृष्टिको रचना गर्ने विचार गरेपछि बुद्धिबाट पूर्ण रूपमा अलग र तमोगुणसम्पन्न भएको सृष्टि उत्पन्न भयो। त्यस समयमा ब्रह्माबाट अज्ञान, मोह, माहामोह (भोगहरूको चाहना, तामिस्र (क्रोध) र अन्धतामिस्र (अधिनिवेश) यी पाँचोटा अविद्याहरू उत्पन्न भए। उहाँले ध्यान गरेपछि ज्ञानले यथार्थ रूपमा शून्य, बाहिर र भित्रबाट अज्ञानसम्पन्न जडरूपी रूख, लहरासमेत पाँच प्रकारको सृष्टि भयो। परब्रह्म परमात्माको वराह अवतारद्वारा सबैभन्दा पहिले स्थापित भएको हुनाले नग (नचल्ने वा हिँडडुल नगर्ने जस्तै- रूख, लहरा)लगायतलाई मुख्य बताइएको छ; यसकारण त्यस सृष्टिलाई पनि मुख्य सृष्टि भनिन्छ। त्यस सृष्टिबाट कुनै कार्य सिद्ध नहुने मानेर अर्को सृष्टि उत्पन्न गराउने मनसायले फेरि ध्यान गरेपछि तिर्यक्स्रोतको सृष्टि भयो। यसको बाङ्गो टिङ्गो आकार चलाइ भएको हुनाले यो सृष्टिलाई पशुपक्षी भनिन्छ। यी सबै पशुलगायतका नामबाट प्रसिद्ध रहेका छन् र प्रायः तमोगुणसम्पन्न छन्। अज्ञानी भएकाले यिनीहरूले अनुचित मार्ग अवलम्बन गर्छन् र अज्ञानलाई नै यथार्थ ज्ञानसम्पन्न मान्छन् र यी सबै अहङ्कारी, अभिमानी र अरू पनि आन्तरिक ज्ञान भएका छन्। यिनीहरू सबै अर्काको प्रवृत्ति वा मन कतैतिर झुक्ने क्रियाका विषयमा पूर्ण रूपमा अनभिज्ञ रहन्छन्। त्यस सृष्टिबाट पनि कुनै कार्य सिद्ध नहुने देखेपछि फेरि ध्यान गरेपछि ब्रह्माबाट ऊर्ध्वस्रोत नाम भएको तेस्रो सात्त्विक सृष्टि उत्पन्न भयो, जसले ऊर्ध्वलोकमा निवास गर्छ।

यो ऊर्ध्वस्रोत नाम भएको सृष्टिमा उत्पन्न प्राणी विषयको सुखलाई

अतिप्रेम प्रेम गर्ने, देख्न सक्ने तथा बाहिर र भित्रको ज्ञानसम्पन्न भयो। यसभन्दा पहिले अतिचिन्तामग्न हुनुभएका ब्रह्मा यसप्रकारको तेस्रो सृष्टि भएपछि प्रसन्न हुनुभयो। यो तेस्रो सृष्टिलाई देवसृष्टि भनिन्छ। यसपछि मुख्य सृष्टिलगायतका तीनोटा सृष्टिमा उत्पन्न भएका प्रणीहरूबाट कुनै कार्य सम्पन्न हुन नसक्ने जानेर ब्रह्माले फेरि उत्तम साधक सृष्टि उत्पन्न गराउने विचार गर्नुभयो। उनै सत्यसङ्कल्प भएका ब्रह्माले यसरी ध्यान गरेपछि प्रकृतिबाट पुरुषार्थ सिद्ध गर्ने अर्वाक्स्रोत नाम भएको सृष्टि प्रकट भयो। यस सृष्टिमा उत्पन्न भएका प्रणीहरू पृथ्वीमा बस्छन्। यसकारण तिनीहरूलाई अर्वाक्स्रोत भनिएको हो। त्यसमा सत्त्व, रज र तम यी तीनोटै गुणको बाहुल्य रहेने भएकाले पृथ्वीमा बसोबास गर्ने प्राणी अतिदुःखी, पटकपटक कार्य गरिरहने, भित्र र बाहिरको ज्ञानसम्पन्न र कार्य सिद्ध गर्ने छन् र यी मानवका नामले प्रख्यात भएका छन्। हे मैत्रेय ! यहाँसम्म मैले सिलसिलाबद्ध रूपमा तिमीलाई छ प्रकारका सृष्टिका विषयमा बताएँ। तिनीहरूमध्ये महत्तत्त्वको सृष्टिलाई ब्रह्माको पहिलो सृष्टि सम्झनुपर्छ भने दोस्रो तन्मात्राहरूको हो, त्यसलाई भूतसृष्टि पनि भनिन्छ र तेस्रो सृष्टिलाई संशोधन गरिएको वा विग्रिएको भनिन्छ; जसलाई इन्द्रियहरूसँग सम्बन्धित रहेको बताइएको छ।

यसप्रकारले बुद्धिपूर्वक उत्पन्न भएका तीनोटैको नाम प्राकृतिक सृष्टि भयो। जुन चौथो मुख्य सृष्टि छ; जसमा हिँडडुल गर्न नसक्ने पर्वत, रूखलगायत उत्पन्न भएका थिए। पाँचौँ जसलाई तिर्यक्स्रोत बताइएको छ; त्यसलाई चरा, पुतली वा पुतली जस्तै उड्ने ससाना कीराको योनि पनि भनिन्छ र छैटौँ जुन ऊर्ध्वस्रोतहरूको सृष्टि छ; जसलाई देवसृष्टि भनिनछ। त्यसपछि जुन सातौँ अर्वाक्स्रोतहरूको सृष्टि भएको छ; त्यसलाई मनुष्यसृष्टि भनिन्छ। यसपछि आठौँ अनुग्रह नाम भएको सृष्टि छ; त्यो सात्त्विक र तामस गुणसम्पन्न छ। यिनीहरूमध्ये पाँचोटालाई विकारबाट उत्पन्न भएको सृष्टि र तीनोटालाई प्रकृतिबाट उत्पन्न भएको सृष्टि बताइएको छ। यी यी विकारसम्पन्न र प्राकृतिकको समायोजनबाट कौमार नाम भएको नवौँ सृष्टि उत्पन्न हुन्छ। यसरी नौ प्रकारका सृष्टि भएको बताइएको छ। सृष्टिको रचना गर्ने कार्यमा लाग्नुभएका परब्रह्मका प्राकृतिक र विकारसम्पन्न दुई किसिमका सृष्टि भए, जुन जगत्का मूल कारण हुन्। अब के सुन्ने इच्छा छ ?

मैत्रेयले भने– हजुरले देवताहरूको सृष्टिका विषयण्मा संक्षेपमा बतानुभयो। ममा अब हजुरबाट ती सृष्टिका बारेमा विस्तारमा सुन्ने इच्छा भएकाले हजुरले बताइदिनुस्।

पराशरले भन्नुभयो– सबै प्राणीहरू पहिलो जन्ममा गरिएका शुभ र अशुभ कर्महरूबाट सम्पन्न छन्। त्यसैले प्रलयका समयमा सबै विलय भए तापनि तिनीहरू आफ्नो पहिलेको संस्कारबाट मुक्त हुँदैनन्। सृष्टिको कार्य गर्दाका समयमा ब्रह्माले देवताहरूदेखि आरम्भ गरेर स्थावरसम्म चार प्रकारका प्रजा सृष्टि गर्नुभयो। जुन सृष्टिलाई मानसिक भनिन्छ। यसपछि देवता, असुर, पितृ र मनुष्यहरूको सृष्टि गर्ने इच्छा भएकाले त्यसका लागि उहाँले आफ्नो शरीर उपयोग गर्नुभयो। यसरी सृष्टि गर्ने कामना भएका ब्रह्मा ध्यानमा एकाग्र भएर युक्तचित्त हुनुभएपछि उहाँमा तमो गुणको मात्रामा वृद्धि भयो। यसकारण सबैभन्दा पहिले उहाँको तिघ्राबाट राक्षसहरू उत्पन्न भए। यसपछि ब्रह्माले त्यो तमोगुणले परिपूर्ण भएको शरीर त्यागिदिनुभयो। त्यो त्याग गरिएको उहाँको शरीर नै रात्रिको समय भयो। यसपछि अर्को शरीरमा अवस्थित सृष्टिको कामना भएका ब्रह्मा अतिप्रसन्न हुनुभयो। त्यस मुखबाट पूर्ण रूपमा सत्त्वगुणले परिपूर्ण भएका देवताहरू उत्पन्न भए। यसपछि ब्रह्माले त्यो शरीर पनि त्यागिदिनुभयो। त्यो उहाँबाट त्याग गरिएको शरीर सत्त्वगुणसम्पन्न दिन भयो। यसकारण रात्रिका समयमा असुर र दिनका समयमा देवता विशेष शक्तिशाली हुन्छन्। यसपछि ब्रह्माले सत्त्वगुणको बाहुल्य भएको अर्को शरीर ग्रहण गर्नुभयो र आफूलाई पिता समान मान्दै उहाँले आफ्नो शरीरको काँधदेखि फिलासम्मको पिठ्यूँको भागबाट पितृहरू उत्पन्न गराउनुभयो। यसरी पितृहरूको रचना गरेपछि ब्रह्माले त्यो शरीर पनि त्यागिदिनुभयो। त्यो उहाँद्वारा त्याग गएिको शरीर नै दिन र रात्रिका बीचमा अवस्थित सन्ध्या भयो। त्यसपछि उहाँले रजोगुणले परिपूर्ण भएको अर्को शरीर ग्रहण गर्नुभयो। त्यो रजोगुणमय शरीरबाट रजोगुणले सम्पन्न भएका मनुष्य उत्पन्न भए। यसपछि ब्रह्मालें तत्कालै त्यो रजोगुणसम्पन्न शरीर त्यागिदिनुभयो। त्यो उहाँबाट त्याग गरिएको शरीर जुनेली रात भयो, जसलाई पहिलो सन्ध्या भनिन्छ। यसकारण बिहानको समयमा मनुष्य र साँझको समयमा पितृहरू विशेष रूपमा शक्तिसम्पन्न हुन्छन्। यसरी रात्रि, दिन, बिहानको समय र साँझको समय ब्रह्माका तीनोटै गुणहरूको आश्रयरूपी शरीर हो। त्यसपछि

ब्रह्माले अर्को एएटा रजोमात्रात्मक शरीर धारण गर्नुभयो। उहाँको त्यो शरीरबाट भोक उत्पन्न भयो भने भोकबाट काम (इन्द्रियले शब्द, स्पर्श, रूप, रस, गन्धसमेतका विषय भोग्ने इच्छा गर्नुलाई काम भनिन्छ) उत्पन्न भयो। यसपछि ब्रह्माले अन्धकारमा अवस्थित भएर भोकमयी सृष्टिको रचना गर्नुभयो। त्यस सृष्टिका कुरूप र दाह्रीजुँगा भएका व्यक्तिहरू उत्पन्न भए। तिनीहरू स्वयं ब्रह्मालाई खाने विचारले उहाँ भएतिर दौडिए। तिनीहरूमध्ये जसले यसो नगर, उहाँको रक्षा गर भने तिनीहरू राक्षस भए तथा जसले हामी खान्छौँ भने तिनीहरूलाई खानेभाव भएका यक्ष भनियो। उनीहरूको यसप्रकारको प्रवृत्ति देखेपछि ब्रह्माको कपाल सिरबाट झऱ्यो र उहाँको सिरमा चढ्यो। यसरी माथि चढेकाले त्यसलाई सर्प वा म्लेच्छ जातिविशेष भनियो र तलतिर झरेकाले त्यसलाई अहि (सर्प) भनिएको हो। त्यसपछि जगत्का रचयिता ब्रह्माले क्रोधसम्पन्न भएर क्रोधसम्पन्न प्राणीहरूको रचना गर्नुभयो। कैलो वर्णसम्पन्न भएर उत्पन्न भएको त्यो प्राणी अतिक्रोधी र मांसाहारी भयो। त्यसै समयमा गाना-वजाना गर्दै त्यसको शरीरबाट गन्धर्व उत्पन्न भए। तिनीहरू बोल्दै उत्पन्न भएका थिए। यसकारण तिनीहरूलाई गन्धर्व भनिएको हो। यी सबैको रचना गरिसकेपछि ब्रह्माले उनीहरूद्वारा पहिले गरिएका कर्महरूबाट अभिप्रेरित भएर स्वच्छन्दतापूर्वक आफ्नो आयुबाट पक्षीहरूको रचना गर्नुभयो। त्यसपछि छातीबाछ भेडा, मुखबाट बाख्राहरूलाई उत्पन्न गराउनुभयो। यसपछि ब्रह्माले पेट र शरीरको काँधदेखि फिलासम्मको दुवै भागबाट गाईहरूको रचना गर्नुभयो र उहाँका दुवै पाउबाट घोडा, हात्ती, गधा, नीलगाई, हरिण, ऊँट, खच्चर, जरायो, बाह्रसिङ्गालगायतका पशु उत्पन्न भए तथा उहाका रौँहरूबाट फलमूलरूपी औषधिहरू उत्पन्न भए।

यसरी कल्पको आरंभमा ब्रह्माले पशु र औषधिलगायतको उत्पत्ति गरिसकेपछि त्रेतायुगको आरम्भमा तिनीहरूलाई यज्ञमा प्रयोग गर्नुभयो। गाई, बाख्रा, भेडा, घोडा, खच्चर र गधालाई घरमा पालिने जनावर भनिन्छ भने म तिमीलाई जङ्गली पशुहरूका विषयमा पनि बताउनेछु। मार्ने वा खाने किसिमका बाघ, भालु, चितुवालगायत र दुई खुर भएका मृगसमेत हात्ती, बाँदर, पाँचौ पक्षी, छैटौँ जलजन्तु, सातौँ सर्पलगायत जङ्गली पशु हुन्। त्यसपछि ब्रह्माले आफ्नो पूर्व मुखबाट गायत्री, ऋग्वेद, त्रिवृत्सोम, रथन्तर, अग्निष्टोमलगायतका यज्ञहरू

उत्पन्न गराउनुभयो। यसपछि उहाँले आफ्नो दक्षिण मुखबाट यजुर्वेद, त्रिष्टुपछन्द, पञ्चदशस्तोम, बृहत्साम र वाक्यको रचना गराउनुभयो । उहाँले आफ्नो पश्चिम मुखबाटसामवेद, जगती अर्थात् प्रत्येक चरणमा बाह्र अक्षर हुने छन्द, शप्तदशस्तोम, वैरूप, अतिरात्र उत्पन्न गराउनुभयो । यसैगरी ब्रह्माले आफ्नो उत्तर मुखबाट एक्काइस स्तोत्र, अथर्ववेद, आप्तोर्यामाण, अनुष्टुप्छन्द र वैराज उत्पन्न गराउनुभयो। त्यसपछि उहाँले आफ्नो समग्र शरीरबाट असल–कमसल सबै किसिमका प्रणीहरू उत्पन्न गराउनुभयो। ब्रह्माले देवता, असुर, पितृ र मानवहरूको सृष्टि गरिसकेपछि फेरि कल्पको आरम्भ हुँदा यक्ष, पिशाच, गन्धर्व, अप्सरा, मनुष्य, किन्नर, राक्षस, पशु, पक्षी, मृग, सर्पलगायत तथा अविनाशी र विनाशशील स्थावर एवम् जङ्गमले परिपूर्ण भएको सृष्टिको रचना गर्नुभयो। तिनीहरूमध्ये यसभन्दा पहिलेको कल्पमा जसको जस्तो कर्म थियो, फेरि सृष्टि हुँदाका अवस्थामा पनि उनीहरूको आचार विचार त्यसैमा लाग्यो। यसरी उत्पन्न भएका प्राणीहरूमा हिंसा र अहिंसा, कोमलता र कठोरपन, पुण्य र पाप, सत्य र असत्य यी सबै विषयहरू पहिलेको संस्कारहरूका अनुसार नै आउँछन्, यसकारण उनीहरूलाई यी सबै राम्रा लाग्छन् । यसप्रकार विधाता ब्रह्माले इन्द्रियहरूका विषय भूतहरूमा र विभिन्न शरीरहरूमा विभिन्नता तथा व्यवहार पनि उत्पन्न गराउनुभयो । उहाँले सृष्टिको आरम्भमा वेदका शब्दहरूका अनुसार प्राणीहरूको नाम, रूप र कार्य विभाजन निश्चित गर्नुभयो । त्यसपछि उहाँले ऋषि र महर्षिहरू तथा अन्य प्राणीहरूको पनि वेदको मर्मअनुसार नाम र उनीहरूका लागि उचित कर्महरू पनि निर्धारण गर्नुभयो । जसरी ऋतुहरू पटकपटक आइरहे तापनि उनीहरूको नाम, स्वरूप र चिह्नमा कुनै किसिमको परिवर्तन आउँदैन, त्यसैगरी युगान्तरमा पनि उनीहरूको भाव पनि त्यसै अनुरूप रहेको देखिन्छ। सृष्टि निर्माण गर्ने शक्तिसम्पन्न र सृष्टिको प्रारब्धशक्तिबाट अभिप्रेरित हुनुभएका ब्रह्माले पटकपटक कल्पहरूको आरम्भमा यसरी नै सृष्टिको रचना गर्ने कार्य गर्नुहुन्छ।

मैत्रेयले भने– हजुरले जुन अर्वाक्स्रोत मनुष्यहरूका विष्यमा बताउनुभयो; तिनीहरूको सृष्टि ब्रह्माले कसरी गर्नुभयो ? त्यसका विषयमा मलाई विस्तारमा बताइदिनुस्। ब्रह्माले जुन जुन गुणहरूले परिपूर्ण भएका ब्राह्मणसहितका वर्णहरूको सृष्टि गर्नुभयो र उनीहरूका लागि जुन जुन कर्तव्यकर्म बताइएको छ;

त्यसका विषयमा विस्तारमा बताइदिनुस्।

पराशरले भन्नुभयो– जगत्को रचना गर्ने कामनाबाट अभिप्रेरित भएर सत्यसङ्कल्प लिनुभएका ब्रह्माको मुखबाट सबैभन्दा पहिले सत्त्वगुणसम्पन्न प्राणीहरू उत्पन्न भए। त्यसपछि उहाँको छातीबाट रजोगुणसम्पन्न तथा तिघ्राबाट रजोगुण र तमोगुणको मिश्रित भाव भएका प्राणीहरू उत्पन्न भए। ब्रह्माका चरणहरूबाट अन्य एक किसिमका प्रजा उत्पन्न भएका थिए, ती सबै पूर्ण रूपमा तमोगुणसम्पन्न थिए। यस किसिमले यी चार किसिमका जाति उत्पन्न भए। यसरी ब्रह्माको मुखबाट ब्राह्मण, छातीबाट क्षत्रिय, तिघ्राबाट वैश्य र चरणहरूबाट शूद्र उत्पन्न भए। ब्रह्माले यज्ञको अनुष्ठान गर्नका लागि नै यज्ञका निमित्त उत्तम साधनरूपी यी चार वर्णको रचना गर्नुभएको थियो। यज्ञद्वारा तृप्त भएका देवताहरूले जल वर्षाएर प्राणीहरूको कल्याण गर्छन् वा उनीहरूलाई तृप्त पार्छन्। यसकारण यज्ञ सबैका लागि अतिकल्याणदायक हुन्छ। जुन मनुष्य आफ्नो धर्मको पालनामा पूर्ण रूपमा लागेको सदाचारी, सज्जन र सुमार्गमा लागेको हुन्छ; त्यसबाट मात्र वास्तविक रूपमा यज्ञको अनुष्ठान हुन सक्तछ। मनुष्यले यज्ञका माध्यमद्वारा यो मनुष्य शरीरबाटै स्वर्ग र स्वर्गीय आनन्द प्राप्त गर्न सक्तछ तथा उसले अन्य जुन स्थानको कामना गर्छ; त्यो उसलाई सहज रूपमा प्राप्त हुन्छ। ब्रह्माबाट रचना भएर चारोटै वर्णमा विभाजित भएका मनुष्यहरू ज्यादै श्रद्धासम्पन्न, शुद्ध आचरण भएका, आफ्नो चाहनाअनुसार बस्ने, वाधा वा व्यवधानरहित, शुद्ध मन भएका, विद्वान्हरूका कुलमा उत्पन्न र पुण्य कर्महरूको अनुष्ठान गरेर ज्यादै पवित्र भएका थिए। तिनीहरूको चित्त अतिशुद्ध रहने भएकाले उनीहरूमा सधैँ अविनाशी परब्रह्म परमात्मा श्रीविष्णु बस्नु हुने हुँदा तिनीहरूलाई शुद्ध ज्ञान प्राप्त हुन्थ्यो, जसका प्रभावले उनीहरूले परमात्माको विष्णु नाम भएको पदलाई यथार्थ रूपमा देख्न सक्थे। यसपछि त्रेतायुगको आरम्भमा, मैले तिमीलाई परमात्माको जुन काल नाम भएको अंशका विषयमा बताएको थिएँ; त्यसले प्राणीहरूलाई क्षणिक सुख प्रदान गर्ने र अतिदुःखमय कर्महरूमा लगाइदिएर उसले उनीहरूमा पहिले भएको शुद्ध ज्ञानलाई ढाकिदिएको हुन्छ। यसबाट प्राणीहरू पुरुषार्थ विनाश गराउने भाव, अज्ञान र लोभ उत्पन्न गराउने राग र द्वेषरूपी अधर्मको बीजारोपण हुन्छ। त्यसरी अज्ञानरूपी अधर्मको बीज उत्पन्न भएपछि ती प्राणीहरूमा

रहेको विष्णुपद देख्न सक्ने शक्ति लोप भएकाले आनन्दलगायतका आठ प्रकारका सिद्धिहरू पनि रहेनन् । उनीहरूमा स्वभाविक रूपमा रहेका सबै सिद्धिहरूको विनाश भएकाले अधर्म र अकर्म वृद्धि भएपछि ती प्राणीहरू द्वन्द्व, विनाश र दुःखबाट यथार्थ रूपमा पीडित भए। त्यसपछि उनीहरूले मरुभूमि, पर्वत र जललगायतको स्वाभाविक तथा कृत्रिम किल्ला र सहर तथा ससाना बस्तीहरू स्थापना गरे। त्यसपछि गाउँ तथा बस्तीमा शीत र घाम जस्ता अनेकौँ व्यवधानबाट सुरक्षित रहनका लागि उपयुक्त किसिमका घरहरू बनाए। यसरी घाम, पानी, शीत, हावा, हुरीसमेतबाट सुरक्षित हुने उपाय गरेपछि तिनीहरूले जीवननिर्वाह गर्ने उपायरूपी खेतीपाती तथा कलाकौशललगायतको रचना गरे। धान, जौ, गहुँ, तिल, कागुनु, ज्वानो, कोदो, कालोमास, मुँग, मुसुरो, गहत, चना, सामा धान, मटर र सन यी गाउँमा पाइने औषधिका जात हुन् । यज्ञको अनुष्ठान गर्दा गाउँमा पाइने र वनमा उत्पन्न भएका दुवै किसिमका औषधिहरू प्रयोग गरिन्छ।

ती औषधिहरूमा नाम यसप्रकार छन्– धान, जौ, गहुँ, सानो धान्य, तिल, कागुनु, यी सात र आठौँ गहत, श्यामाक, जङ्गली तिल, नीबारो, गवेधु, बाजरा, वेणुयव, मकै, यी गाउँ र वनका सबैको समायोजित सङ्ख्याअनुसार चौध प्रकारका औषधिहरूको उत्पत्ति यज्ञसम्पन्न गर्नका लागि भएको हो भने यी औषधिहरू यज्ञहरूका सहित प्राणीहरूको वृद्धि गराउने प्रमुख कारण हुन्। यसैले यो लोक र परलोकका विषयमा यथार्थ ज्ञान हासिल गरिसकेका पुरुषले निरन्तर यज्ञहरूको अनुष्ठान गरिरहनुपर्छ । प्रतिदिन निरन्तर रूपमा गरिने यज्ञहरूको अनुष्ठानले मनुष्यहरूको परम कल्याण गर्छ र उनीहरूले गरेका पापहरूलाई पूर्ण रूपमा शान्त गराइदिन्छ। जसको चित्तमा समयअनुसार उत्पन्न भएका पापको वृद्धि हुन्छ; यसरी पापको अधीनमा रहेको मनुष्यले आफ्नो कर्तव्यकर्मलाई व्यवहारमा ल्याउन सक्तैन। यी यज्ञका विरोधीहरूले वैदिक मान्यता, वेद यज्ञको अनुष्ठान र यज्ञलगायतका कर्म गर्ने सबैको निन्दा गर्छन्। ती अतिदुष्ट स्वभाव भएका, दुराचारी, वेदवेदाङ्गको निन्दा गर्ने र जालझेल गर्ने स्वभाव भएकाहरू प्रवृत्तिमार्ग निर्मूल पार्ने क्रिया वा भवसक्पन्न भए । ब्रह्माले प्राणीहरूको सृष्टि गरिसकेपछि र उनीहरूको जीवननिर्वाहको कार्य पनि सम्पन्न भइसकेपछि तिनीहरूका स्थान र गुणहरूका अनुकूल मर्यादा स्थापना गर्नुभयो तथा वर्ण र आश्रमहरूको धर्म राम्ररी पालना

गर्ने सबै वर्णहरूका लोक पनि स्थापना गर्नुभयो। त्यसअनुसार क्रियाशील र कर्तव्यनिष्ठ ब्राह्मणहरूको स्थान पितुलोक हो भने युद्धबाट कहिल्यै नभाग्ने शूरवीर क्षत्रियहरूको स्थान इन्द्रलोक हो। यसैगरी आफ्नो स्वधर्मको पालनामा लागिरहने वैश्यहरूको स्थान वायुलोक हो भने आफ्नो स्वधर्म नभएका शूद्रहरूको स्थान गन्धर्वलोक हो। जुन स्थान अठासी हजार सनकलगायतका मुनिका लागि निश्चित गरिएको छ; त्यही स्थान गुरुकुलमा बस्ने ब्रह्मचारीहरूको पनि हो। यसैगरी वनमा बसोबास गर्ने वानप्रस्थहरू स्थान सप्तर्षिलोक, गृहस्थीहरूको पितृलोक र सन्न्यासीहरूको स्थान ब्रह्मलोक तथा आत्माको अनुभव गरेर सन्तुष्ट भएका योगीहरूको स्थान मोक्ष हो, जसलाई परमपद भनिन्छ। जुन सधैँ एकान्तमा बसेर एकाग्रतापूर्वक परब्रह्म परमात्माको ध्यान गर्ने योगीहरू छन्, तिनीहरूको जुन परम स्थान छ;त्यसलाई धर्मका मर्मज्ञहरूले पनि देख्छन्। चन्द्र र सूर्यलगायतका ग्रहहरू पनि आआफ्ना लोकहरूमा फेरि फर्किएर आउँछन्, तर 'ॐ नमो भगवते वासुदेवाय' यो बाह्र अक्षर भएको मन्त्रको चिन्तन गर्ने आजसम्म परमपदबाट फर्किएका छैनन्। वेदको निन्दा गर्नेहरूको, यज्ञमा व्यवधान उत्पन्न गराउनेहरूको र स्वधर्म त्याग गर्नेहरूको स्थान तामिस्र, अन्धतमिस्र, महारोरव, रौरव, असिपत्रवन, घोर, कालसत्र र अवीतिमतर नाम भएका नरकहरू हुन्।

फेरि तपस्या गरिरहनुभएका ब्रह्माको शरीरबाट उत्पन्न शरीर र इन्द्रियसँगै मानसिक मनुष्य उत्पन्न भए। विवेकशील ब्रह्माको शरीरबाट सचेतन जीव उत्पन्न भए। मैले यसभन्दा पहिले जजसका विषयमा बताएको थिएँ, ती सबै देवतादेखि स्थावरसम्म सत्त्व, रज, तम प्रधान चर र अचर सबै प्रणीहरू यसरी उत्पन्न भए। तर ब्रह्माका सन्तान बढ्न नसकेपछि उहाँले आफैँ समानका अन्य पुत्रहरूको सृष्टि गर्नुभयो। उनीहरूको नाम भृगु, पुलस्त्य, पुलह, क्रतु, अङ्गिरा, मरीचि, दक्ष, अत्रि र वसिष्ठ थियो। यिनीहरू ब्रह्माका मानस पुत्र हुन्। पुराणहरूमा यिनैलाई नौ ब्रह्मा मानिएको छ। ब्रह्माले पहिले जुन सनन्दलगायतका महर्षिहरू उत्पन्न गराउनुभएको थियो, ती सबै सांसारिक विषयवस्तुहरूमा आकर्षित भएनन्। उनीहरूमा कुनै कुराको चाख नभएकाले तिनीहरू सन्तानमा पनि आसक्त भएनन्। किनकि ती सबै यथार्थ रूपमा विरक्त, कसैको उन्नति देख्दा हुने डाहरहित र ज्ञानसम्पन्न थिए। ती सनन्दलदगायतले

सांसारिक विषयवस्तुबाट अलग भएर संसारको रचना कार्यलाई अगाडि नबढाएको देखेपछि ब्रह्मामा तीनोटै लोकलाई भस्म गराउने किसिमको अतिभयानक क्रोध उत्पन्न भयो। त्यसपछि ब्रह्मामा उत्पन्न भएको अतिप्रज्वलनशील ज्वालाको मालाले तीनोटै लोकलाई ज्यादै उज्यालो बनायो । त्यस समयमा ब्रह्माको टेढो भएको आँखीभौँ र यथार्थ रूपमा क्रोध उत्पन्न भएको निधारबाट मध्याह्नका समयको सूर्यका प्रकाशले परिपूर्ण भएका रुद्रको उत्पत्ति भयो। यसरी उत्पन्न भएका रुद्रको अतिप्रचण्ड शरीर आधा पुरुष र आधा नारीस्वरूप भएको थियो। त्यसपछि ब्रह्मा आफ्नो शरीरलाई विभाजन गर भनेर त्यहाँबाट अन्तर्धान हुनुभयो। यसप्रकारको आज्ञा पाएपछि ती रुद्रले आफ्नो शरीरमा भएका स्त्री र पुरुष भागलाई अलगअलग गरिदिएर पुरुषको भागलाई एघार भागमा विभाजन गरिदिए। त्यसपछि ती रुद्रले त्यो स्त्रीको भागलाई पनि असल स्वभाव भएको, दया नभएको, शान्त, अशान्त, श्यामवर्ण र गोरोवर्णसमेत अनेकौँ रूपहरूमा विभाजन गरिदिए। त्यसपछि ब्रह्माले आफैँबाट उत्पन्न भएका आफ्नै स्वरूप स्वायम्भुवलाई प्रजापालनको कार्य गर्नका लागि सबैभन्दा पहिलो मनु बनाउनुभयो। ती स्वायम्भुव मनुले तपस्याद्वारा उत्पन्न भएकी शतरूपा नाम भएकी निष्पाप स्त्रीलाई आफ्नी पत्नीका रूपमा स्वीकार गरे। ती शतरूपा नाम भएकी स्त्री पनि स्वायम्भुव मनुसँगै ब्रह्माबाट उत्पन्न भएकी थिइन्। ती स्वायम्भुव मनुका शतरूपाबाट प्रियव्रत र उत्तानपाद नाम भएका दुइटा पुत्र र अतिसुन्दर स्वरूप र सबै गुणसम्पन्न प्रसूति र अकूति नाम भएकी दुइटी कन्या उत्पन्न भए। तिनीहरूमध्ये प्रसूतिको दक्ष प्रजापतिसँग र अकूतिको रुचिसँग विवाह भयो। ती रुचि नाम भएका प्रजापतिले अकूतिसँग विवाह गरेपछि उनीहरूको सम्बन्धबाट यज्ञ र दक्षिणा नाम भएका जुम्ल्याहा सन्तानं उत्पन्न भए। यज्ञका दक्षिणा नाम भएकी पत्नीबाट बाह्र पुत्रहरू उत्पन्न भए। यी सबै स्वायम्भुव मन्वन्तरमा याम देवताका नामले प्रसिद्ध भए। दक्ष प्रजापतिका प्रसूति नाम भएकी पत्नीबाट चौबीस कन्याहरू उत्पन्न भए । तिनीहरू सबैको नामका विषयमा बताउँछु; ध्यानपूर्वक सुन । श्रद्धा, लक्ष्मी, धृति, तुष्टि, क्रिया, बुद्धि, लज्जा, वपु, शान्ति, सिद्धि र तेह्रौँ कीर्ति यी दसोटी कन्याको विवाह धर्मराजसँग भयो भने यिनीहरूभन्दा पछाडिका एघारोटी कन्याहरू ख्याति, सती, सम्भूति, स्मृति, प्रीति, क्षमा, सन्तति, अनसूया, ऊर्जा, स्वाहा तथा स्वधा थिए। भृगु, मरीचि, अङ्गिरा,

पुलस्त्य, पुलह, क्रतु, अत्रि, वसिष्ठ, अग्नि र पितर यी सबैले सिलसिलाबद्ध रूपमा ख्यातिलगायतसँग विवाह गरे। श्रद्धाबाट काम, लक्ष्मीबाट अभिमान, धृतिबाट नियम, तुष्टिबाट सन्तोष तथा पुष्टिबाट लोभ नाम भएका पुत्र उत्पन्न भए भने मेधाबाट श्रुत, क्रियाबाट दण्ड, नय तथा विनय, बुद्धिबाट बोध, लज्जाबाट विनय, वपुबाट व्यवसाय, शान्तिबाट क्षेम, सिद्धिबाट सुख र कीर्तिबाट यश उत्पन्न भए। यी सबै धर्मका छोराहरू हुन्। रतिले कामबाट उत्पन्न गराएको पुत्रको नाम हर्ष थियो, ती धर्मका नाति थिए। अधर्म स्त्रीको नाम हिंसा थियो। उनीबाट अनृत नाम भएका पुत्र र निकृति नाम भएकी कन्या उत्पन्न भए। यी दुवैबाट भय र नरक नाम भएका दुइटा पुत्र भए। यी दुवैका पत्नीहरूको नाम माया र वेदना हो। यिनीहरूमध्ये मायाबाट समग्र प्राणीहरूको संहार गर्ठने मृत्यु नाम भएका पुत्र उत्पन्न भए। वेदनाले रौरवबाट दुःख नाम भएको पुत्र उत्पन्न गराइन् भने मृत्युबाट बुढ्यौलीपन, रोग, शोक, भोगको चाहना र रिस उत्पन्न भए। यी सबै अधर्मका स्वरूप भएकाले अन्तमा यिनीहरूबाट दुःखमात्र प्राप्त हुन्छ। यसैले यिनीहरू दुःखोत्तरका नामले प्रसिद्ध छन्। यी सबै ब्रह्मचारी भएकाले यिनीहरू स्त्री र पुत्रहरू छैनन्। यिनीहरू भगवान् श्रीविष्णुका रौद्रस्वरूप हुन् र जगत्को नित्य प्रलयका कारण हुन् भने सृष्टिको कारण दक्ष, मरीचि, अत्रि र भृगुलगायतका प्रजापति हुन्। मनु र मनुका जुन पुत्र अतिपराक्रमी र सत्यमार्गमा लागेका राजाहरू भए तिनीहरू नित्य अवस्थितिका कारण हुन्।

मैत्रेयले भने– हजुरले जुन नित्यस्थिति, नित्यसर्ग र नित्यप्रलयका विषयमा बताउनुभयो; अब मलाई तिनीहरूको स्वरूपका बारेमा पनि यथार्थ रूपमा बताइदिनुस्।

पराशरले भन्नुभयो– जसको गति कहिल्यै रोकिँदैन, जो चिन्तन गर्न नसकिने आत्मा स्वरूप र सबैतिर व्यापक हुनुहुन्छ। उहाँ परब्रह्म श्रीविष्णुले मनुसमेतका अनेकौँ स्वरूप धारण गरेर संसारको उत्पत्ति, पालन र संहारको कार्य गर्नुहुन्छ।यो जगत्मा रहेका जीवहरूका लागि नैमित्तिक, प्राकृतिक, आत्यन्तिक र नित्यसमेत चार प्रकारका प्रलय हुन्छन्। तिनीहरूमध्ये नैमित्तिक प्रलयलाई ब्राह्म प्रलय भनिन्छ; जसमा ब्रह्मा कल्पको अन्तमा सुत्नुहुन्छ। प्राकृतिक प्रलय भएका समयमा ब्रह्माण्ड प्रकृतिमा विलीन हुन्छ। यसैगरी योगी ज्ञानद्वारा परमात्मामा

विलीन हुनुलाई आत्यन्तिक प्रलय भनिन्छ भने निरन्तर रूपमा प्राणीहरूको विनाश हुनुलाई नित्य प्रलय भनिन्छ। प्रकृतिबाट महत्तत्त्वका माध्याद्वारा जुन सृष्टिको कार्य हुन्छ; त्यसलाई प्राकृतिक सृष्टि बताइएको छ र आवान्तर प्रलय भएपछि ब्रह्माद्वारा जुन चराचर जगत्को सृष्टि हुन्छ; त्यसलाई दैनन्दिनी सृष्टि बताइएको छ। जसमा प्रत्येक दिन प्राणीहरूको उत्पत्ति भइरहन्छ; त्यसलाई नित्य सृष्टि बताइएको छ। यसरी निरन्तर रूपमा प्राणीहरूका शरीरमा निवास गर्नुहुने परब्रह्म श्रीविष्णुले जगत्को सृष्टि, पालन र संहार गर्नुहुन्छ। उत्पत्ति, पालन र विनाश यी वैष्णवी शक्तिहरू सधैँ प्राणीहरूको शरीरमा विद्यमान रहेका हुन्छन्। यी तीनोटै शक्ति सत्त्व, रज र तम तीन गुणबाट समान रूपमा सम्पन्न रहेका हुन्छन्। यसकारण जसले यी तीनोटै गुणहरूबाट मुक्ति पाउँछ; त्यसले फेरि फर्किएर यो सांसारिक चक्रमा आउनु पर्दैन।

अहिलेसम्म मैले तिमीलाई ब्रह्माको तामस सर्गका बारेमा बताएँ। अब म रुद्रसर्गका बारेमा विस्तारमा बताउँछु; तिमी ध्यानपूर्वक सुन। कल्पको आरम्भमा आफैँसमानको पुत्र उत्पन्न गराउने मनसायले ध्यानमा मग्न रहनुभएका ब्रह्माका काखमा नीलो र रातो वर्ण भएको एउटा कुमार प्रकट भयो। जन्मनेबित्तिकै त्यो नीललोहित कुमार ज्यादै ठूलो स्वरमा रुन थाल्यो र यताउता दौडन पनि थाल्यो।

त्यो धैरे रोएको देखेपछि ब्रह्माले भन्नुभयो— तिमी किन यसरी रोइरहेका छौ?

उसले भन्यो— मेरो नाम के हो ?

ब्रह्माले भन्नुभयो— तिम्रो नाम रुद्र हो; अब तिमीले रुन छाडेर धैर्य गर।

पराशरले भन्नुभयो— यसरी ब्रह्माले उसको नाम राखेपछि पनि त्यो कुमार सात पटक रोयो। त्यो यसरी रोएको देखेर ब्रह्माले उसका अरू सातोटा नाम राख्दै आठ रुद्रको स्थान , पत्नीहरू र पुत्रहरू पनि निर्धारण गरिदिनुभयो। ब्रह्माले तिनीहरूलाई भव, शर्व, ईशान, पशुपति, भीम, उग्र र महादेव भनेर सम्बोधन गर्नभयो। यसरी उनको नाम राखिसकेपछि उनका लागि स्थान तो किदिनुभयो। सूर्य, जल, पृथ्वी, वायु, अग्नि, आकाश, यज्ञमा दीक्षामन्त्र लिएको ब्राह्मण र चन्द्रमा उनैका स्वरूप हुन्। रुद्रसमेतका नामसहित सूर्यलगायतका

स्वरूपहरूलाई सिलसिलाबद्ध रूपमा सवर्चला, उषा, विकेशी, अपरा, शिवा, स्वाहा, दिशा, दीक्षा र रोहिणी नाम भएका पत्नीहरू निर्धारण गरिदिनुभयो । अब उनका सन्तानका विषयमा सुन । यो समग्र संसार उनैका सन्तानले भरिएको छ । शनैश्चर, शुक्र, लोहिताङ्ग, मनोजव,स्कन्द, सर्ग, सन्तान र बुध उनैका सन्तान हुन् । रुद्रले दक्षप्रजापतिकी पुत्री सतीसँग विवाह गरे तथा सतीले आफ्नो पितासँग रिसाएकाले अग्निकुण्डमा पसेर आफ्नो शरीर त्याग गरिन् । यसपछि तिनै सती मेनकाको गर्भबाट उत्पन्न भएर हिमालयकी पुत्री पार्वती भइन् । भगवान् शिवले ती पार्वतीसँग फेरि विवाह गर्नुभयो । भृगुकी पत्नी ख्यातिको गर्भबाट धाता र विधाता नाम भएका देवताहरू र श्रीविष्णुकी पत्नी लक्ष्मी उत्पन्न भए ।

मैत्रेयले भने– मैले सुनेअनुसार लक्ष्मी त अमृत मन्थन गर्दाकासमय क्षीरसागरबाट उत्पन्न हुनुभएको थियो । अहिले हजुरले लक्ष्मी भृगुकी पत्नी ख्यातिको गर्भबाट उत्पन्न हुनुभएको बताउनुभयो यो कसरी सम्भव हुन्छ ?

पराशरले भन्नुभयो– कहिल्यै भगवान्सँग अलग नहुने लक्ष्मी नित्य हुनुहुन्छ र जसरी भगवान् श्रीविष्णु सर्वव्यापक हुनुहुन्छ; त्यसैगरी लक्ष्मी पनि सर्वव्यापक हुनुहुन्छ। श्रीविष्णु अर्थ र लक्ष्मी वाणी, श्रीहरि नियम र लक्ष्मी नीति, श्रीविष्णु बोध र लक्ष्मी बुद्धि तथा श्रीविष्णु धर्म र लक्ष्मी सत्क्रिया हुनुहुन्छ । भगवान् समग्र जगत्को स्रष्टा र लक्ष्मी सृष्टि हुनुहुन्छ; भगवान्ले पृथ्वीलाई धारण गर्नुहुन्छ भने लक्ष्मी पृथ्वी हुनुहुन्छ तथा भगवान् सन्तोष हुनुहुन्छ भने लक्ष्मी सन्तुष्टि हुनुहुन्छ। यसैगरी भगवान् काम हुनुहुन्छ भने लक्ष्मी इच्छा हुनुहुन्छ; श्रीहरि यज्ञ हुनु हो भने लक्ष्मी दक्षिणा हुनुहुन्छ; श्रीविष्णु सुरो हुनु हो भने लक्ष्मी घिउको आहुति हुनुहुन्छ । श्रीविष्णु यजमानगृह र लक्ष्मी वत्नीशाला हुनुहुन्छ; श्रीहरि यज्ञमा पशु बाँध्ने मौलो र लक्ष्मी चिता हुनुहुन्छ; भगवान् कुश र लक्ष्मी इध्या हुनुहुन्छ; भगवान् सामस्वरूप र लक्ष्मी ऊीतिहुनुहुन्छ; श्रीविष्णु हुताशन र लक्ष्मी स्वाहा हुनुन्छ; श्रीविष्णु शङ्करस्वरूप र लक्ष्मी पार्वतीस्वरूप हुनुहुन्छ; श्रीविष्णु सूर्य र लक्ष्मी उहाँको कान्ति हुनुहुन्छ। श्रीविष्णु पितृगण र लक्ष्मी स्वधा हुनुहुन्छ; श्रीविष्णु आकाश र लक्ष्मी स्वर्गलोक हुनुहुन्छ;श्रीविष्णु चन्द्रमा र लक्ष्मी कान्ति हुनुहुन्छ; श्रीहरि वायु र लक्ष्मी जगत्को आधार हुनुहुन्छ;श्रीविष्णु समुद्र र लक्ष्मी समुद्रको तरङ्ग हुनुहुन्छ; श्रीविष्णु इन्द्र र लक्ष्मी शची हुनुहुन्छ; श्रीविष्णु यम

र लक्ष्मी यमपत्नी धूमोर्णा हुनुहुन्छ; श्रीविष्णु कुबेर र लक्ष्मी ऋद्धि हुनुहुन्छ; श्रीविष्णु वरुण र लक्ष्मी गौरी हुनुहुन्छ; श्रीविष्णु कार्तिकेय र लक्ष्मी देवसेना हुनुहुन्छ; श्रीविष्णु आश्रय र लक्ष्मी शक्ति हुनुहुन्छ; भगवानु निमेष र लक्ष्मी काष्ठा हुनुहुन्छ; श्रीविष्णु मुहूर्त र लक्ष्मी कला हुनुहुन्छ; श्रीविष्णु दियो र लक्ष्मी ज्योति हुनुहुन्छ; श्रीविष्णु रूख र लक्ष्मी लहरा हुनुहुन्छ; श्रीविष्णु दिन र लक्ष्मी रात हुनुहुन्छ; श्रीविष्णु वर र लक्ष्मी वधू हुनुहुन्छ; श्रीविष्णु नद र लक्ष्मी नदी हुनुहुन्छ; श्रीविष्णु ध्वजा र लक्ष्मी पताका हुनुहुन्छ; श्रीविष्णु लोभ र लक्ष्मी तृष्णा हुनुहुन्छ; श्रीविष्णु राग र लक्ष्मी रति हुनुहुन्छ; धेरै के वर्णन गरुँ ? सङ्क्षेपमा भन्नुपर्दा देवता, तिर्यक् र मनुष्यसमेतमा पुरुषवाची श्रीविष्णु र स्त्रीवाची लक्ष्मी हुनुहुन्छ; उहाँहरूबाहेक केही पनि छैन।

तिमीले मसँग जसका विषयमा सोधिरहेका छौ, उहाँ लक्ष्मीको इतिहास मैले पनि मरीचि ऋषिबाट सुनेको थिएँ, त्यसका विषयमा बताउँछु। एक समयमा भगवान् शङ्करको अंशबाट उत्पन्न भएका दुर्वासा पृथ्वीका यताउता घुमिरहेका थिए। यसरी घुम्दै जाँदा उनले एउटी विद्याधर नामकी देवयोनिकी स्त्रीको हातमा कल्पवृक्ष जस्तो देववृक्षका फूलहरूको एक अलौकिक माला देखे। त्यो फूलको सुगन्धले त्यो वनमा बसोबास गर्नेहरूलाई ज्यादै आनन्दित बनाइरहेको थियो। त्यसपछि अतिउन्मत्त स्वभाव भएका ती ब्राह्मणले त्यो धेरै सुन्दर माला देखेपछि ती विद्याधर सुन्दरीसँग त्यो माला मागे। त्यसरी दुर्वासाले मागेपछि ती स्त्रीले उनलाई आदरपूर्वक प्रणाम गर्दै त्यो माला दिइन्। ती महर्षि दुर्वासा त्यो माला आफ्नो टाउकोमा लगाएर पृथ्वी आनन्दपूर्वक जतासुकै घुम्न थाले। यही समयमा उनले ऐरावतमा सवार भएका इन्द्र अन्य देवतासहित आइरहेका देखे। त्यसपछि दुर्वासाले त्यो सुगन्धमय माला आफ्नो सिरबाट निकालेर इन्द्रमाथि फ्याँकिदिए। इन्द्रले पनि त्यो माला हातमा लिएर ऐरावत हात्तीको टाउकोमा राखिदिए, त्यस समयमा त्यो माला ऐरावत हात्तीको टाउकोमा कैलास पर्वतको चुचुरोमा रहेकी गङ्गा जस्तैगरी शोभायमान हुन थाल्यो। यसपछि ऐरावत हात्तीले त्यो सुगन्धबाट आकर्षित भएर त्यस मालालाई आफ्नो सुँडले तानेर सुँघ्यो र त्यसलाई पृथ्वीमा फ्याँकिदियो। यो सबै कार्य देखेर दुर्वासा धेरै रिसाए।

त्यसपछि ती अतिरिसाहा दुर्वासाले इन्द्रसँग भने– हे ऐश्वर्यको घमण्डले

अतिउन्मत्त भएर दूषित चित्त भएका इन्द्र ! तिमीले धेरै घमण्डी भएर मैले दिएको त्यो सबै शोभाहरूको सङ्गमका रूपमा रहेको मालाको धेरै अनादर गऱ्यौ। यसकारण अहिलेसम्म तिमीलाई प्राप्त भएको तीनोटै लोकको ऐश्वर्य नष्ट भएर जानेछ। तिमीले मलाई अन्य ब्राह्मणहरू जस्तै सम्झिएकाले तिमीले अभिमानका वशमा परेर मेरो यसरी अपमान गरेका हौ। तिमीले मैले उपहारस्वरूप दिएको त्यो ज्यादै उत्तम माला पृथ्वीमा फ्याँकेकाले तिम्र तीनोटै लोकहरू चाँडै ऐश्वर्यविहीन हुनेछन् । म दुर्वासा रिसाएपछि जसका डरले समग्र जगत् भयभीत हुन्छ; त्यसप्रकारको स्वभाव भएको मेरो तिमीले अपमान गऱ्यौ ।

पराशरले भन्नुभयो– त्यसपछि इन्द्रले तत्कालै आफू सवार भएको हात्तीबाट ओर्लिएर अनेकौं प्रार्थना गरेर दुर्वासालाई प्रसन्न गराए । यसरी इन्द्रले अनुनय विनय गर्दै नतमस्तक भएर प्रणाम गरेपछि दुर्वासाले भने ।

दुर्वासाले भने– ममा अन्य ऋषिहरूको जस्तो दयालुभाव रहेको छैन, मेरो मनमा क्षमाशीलताको कुनै स्थान छैन । ती मुनिहरू अर्कै किसिमका छन् तथा उनीहरूमा दयालुपन र क्षमाशीलता रहेको हुन्छ; मेरो नाम नै दुर्वासा हो । गौतमलगायतका ऋषिले तिमीलाई अनावश्यक रूपमा ज्यादै घमण्डी बनाइदिएका छन् । तर मेरो सबैभन्दा ठूलो सम्पत्ति नै क्षमा नगर्नु हो । किनकि म समग्र जगत्मा दुर्वासाका नामले प्रसिद्ध छु। दयाका सागर वसिष्ठलगायतको अनेकौं किसिमले स्तुति गर्ने भएकाले तिमी धेरै घमण्डी भएका छौ। त्यसैको फलस्वरूप आज तिमीले मेरो अपमान गर्ने साहस देखाएका हौ । यी तीनोटै लोकमा लामो कपालद्वारा टाउकामा बंनाइएको चुल्ठो र टेढो आँखीभौँसम्पन्न मेरो मुख देखेर नडराउने कोही पनि छैन । तिमीले यो अनुनय विनय गरेको जस्तो गर्नुको कुनै औचित्य छैन। यसबाट तिम्रो कुनै स्वार्थ सिद्ध हुन सक्तैन। किनकि म तिमीलाई कुनै पनि अवस्थामा क्षमा गर्दिन । तिमीले मैले दिएको सुगन्धमय मालाको अपमान गर्नु मेरै अपमान हो ।

पराशरले भन्नुभयो– यसप्रकारका कुरा गरिसकेपछि दुर्वासा ऋषि त्यहाँबाट हिंडे भने इन्द्र पनि आफ्नो ऐरावतमा चढेर अमरावती गए । त्यसै समयदेखि इन्द्रसहित तीनोटै लोक ऐश्वर्यविहीन भएको तथा रूख र लहराहरूको विनाश हुन थालेकाले ती सबै स्थानहरूको विनाश हुन थाल्यो। त्यसै समयदेखि

सबै किसिमका यज्ञ बन्द भए। तपस्वीहरूले तपस्या गर्न छाडिदिए भने मनुष्यको मन पनि दानलगायतका धर्ममा लाग्न छाडेकाले उनीहरूले आफ्नो कर्तव्यकर्म बिर्सिदिए। यी सबै लोक यथार्थ रूपमा लोभको वशमा परेकाले सामर्थ्यहीन भएकाले ससाना वस्तुका लागि पनि धेरै आशावादी हुनुपर्ने अवस्था सिर्जना भयो। जहाँ सत्य रहन्छ; त्यहीँ ऐश्वर्यकी अधिपति लक्ष्मीको निवास हुन्छ भने सत्य पनि लक्ष्मीकै सुहृदय हो। यसैले लक्ष्मी नभएको स्थानमा सत्य रहन सक्तै न्न र सत्य नभएपछि गुण पनि रहँदैन। यसैगरी गुणहरूको अभावमा पुरुषमा बल, पराक्रलगायत सबैको यथार्थ रूपमा अभाव हुन्छ भने निर्बल र असक्षम भएको पुरुष सबैबाट अपमानित हुन्छ। यसरी धेरै अपमानित भएपछि प्रतिष्ठित पुरुषको बुद्धि बिग्रिन्छ। यसप्रकार तीनोटै लोक ऐश्वर्य र सत्यरहित भएपछि दैत्य र दानवहरूले देवताहरूमाथि आक्रमण गर्न थाले। लक्ष्मी र सामर्थ्यले यथार्थ रूपमा शून्य भए तापनि दैत्यहरू सामर्थ्य र लक्ष्मीविहीन भएका देवताहरूमाथि विजय प्राप्त गर्न सफल भए। यसरी दैत्यहरूबाट पराजित भएका इन्द्रलगायतका देवता अग्निलाई अगाडि लगाएर ब्रह्माका शरणमा गए।

उनीहरूबाट सबै कुरा सुनिसकेपछि ब्रह्माले देवताहरूसँग भन्नुभयो– तिमीहरू ईश्वरका पनि ईश्वर, दैत्यहरूका संहारकर्ता, संसारको उत्पत्ति, पालन र विनाशको कारण भए तापनि आफू अजन्मा, प्रजापतिका पनि अधिपति, अनन्त, कार्य रूपमा परिणत भएको मूल प्रकृति र पुरुषका कारण, सबै प्राणीको कष्टविनाश गरिदिएर सुख उपलब्ध गराइदिनुहुने परब्रह्म परमातमा श्रीविष्णुका शरणमा जाओ, उहाँले मात्र तिमीहरूको कल्याण गर्न सक्नुहुन्छ। ब्रह्मा देवताहरूलाई यसप्रकारको उपदेश दिएपछि उनीहरूलाई साथमा लिएर क्षीरसागरको उत्तर किनारमा जानुभयो। ती देवताहरूसँगै तइहाँ पुगेर ब्रह्माले श्रीविष्णुको प्रार्थना गर्न थाल्नुभयो। जो सर्वस्वरूप, सर्वेश्वर, अनन्त, अजन्मा, अविनाशी, तीनोटै लोकमा रहेका इन्द्रलगायतका परम आश्रय, अद्वितीय, सानुभन्दा पनि सानु, ठूलोभन्दा पनि ठूलो, पृथ्वीको आधारस्वरूप; अप्रकाश्य, अभेद्य र अव्यय नारायण हुनुहुन्छ; म उहाँलाई सादर प्रणाम गर्छु। जसमा मसहित समग्र जगत् अडिएको छ तथा जसबाट मसहित चराचर जगत् उत्पन्न भएको हो, जो सबै भूतस्वरूप र प्रकृति हुनुहुन्छ; यथार्थ मुक्तिको कामना गर्ने योगीहरूले मुक्तिका लागि जसको

चिन्तन गर्छन्, जुन परमात्मामा सत्त्वलगायतमा प्रकृतिक गुण रहँदैनन्, उहाँ सबै वस्तुभन्दा अतिउत्तम आदिपुरुष भगवान् हामीसँग प्रसन्न हुनुहोस्। उहाँ शुद्धस्वरूप परब्रह्म परमात्मा श्रीविष्णुको शक्ति कला, काष्ठा, मुहूर्त, प्रहरलगायत समयको विषयभन्दा पूर्ण रूपमा अलग छ; यस्तो अपरम्पार शक्ति हुनुभएका परमात्मा हामीसँग प्रसन्न हुनुहोस्। जुन परमात्मालाई शुद्धस्वरूप भए तापनि औपचारिक रूपमा परमेश्वर भनिन्छ र जो प्राणीमात्रको आत्मा हुनुहुन्छ; उहाँ श्रीविष्णु हामीसँग प्रसन्न हुनुहोस्। जुन परमात्मा कारण र कार्यस्वरूप हुनुहुन्छ; कारणहरूका पनि कारण र कार्यहरूको पनि कार्य हुनुन्छ; यस्ता श्रीहरि हामीसँग प्रसन्न हुनुहोस्। जो कार्यरूप प्रकृतिको पनि कार्य महत्तत्त्व, त्यसको पनि कार्य सूक्ष्म भूतवर्ग तथा त्यसको पनि कार्य ब्रह्माण्ड र त्यसको पनि कार्य दक्षप्रजापति हुनुहुन्छ। तिनीहरूद्वारा उत्पन्न उनीहरूका शाखा सन्तानका पनि स्वरूपमा रहेका श्रीविष्णुलाई हामी प्रणाम गर्छौं। जो जगत्को कारण अर्वाक्सृष्टि ब्रह्मालगायत, त्यसको पनि कारण ब्रह्माण्ड र त्यसको पनि कारण पञ्चमहाभूत, त्यसको पनि कारण सूक्ष्मभूत र यी सूक्ष्मभूतहरूको पनि परम कारण हुनुहुन्छ; यस्ता परमात्मालाई हामी प्रणाम गर्छौं। जुन परब्रह्म भोग गर्ने, भाग गर्न योग्य, उत्पन्न गर्ने र उत्पन्न गर्न योग्य हुनुहुन्छ; यस्ता श्रीविष्णुलाई हामी प्रणाम गर्छौं। जुन ज्ञानरूप, नित्य, अजन्मा, कहिल्यै नाश नहुने, अव्यय, वचनका माध्यमद्वारा व्यक्त गर्न नसकिने र विकाररहित स्थान छ; त्यही श्रीविष्णुको परस्वरूप हो। जुन स्थूल पनि छैन, सूक्ष्म पनि छैन र कुनै विशेषणको विषयमा समायोजित नभएको छ; त्यही श्रीविष्णुको अविनाशी पदलाई हामी प्रणाम गर्छौं। जसको दस हजारको एक अंशको अयुतांशमा यो विश्वको रचना गर्ने शक्ति रहेको छ; जो परब्रह्मस्वरूप र अविनाशी हुनुहुन्छ; उहाँ श्रीविष्णुलाई हामी प्रणाम गर्छौं। जसका विषयमा देवता, मुनिहरू, शिव र म आफूलाई पनि कुनै जानकारी छैन, त्यही परमात्मा श्रीविष्णुको शाश्वत परमपद हो। निरन्तर ध्यानमा लागिरहेका योगीहरूले आफ्ना पुण्य र पाप सकिएपछि ॐकारका माध्यमद्वारा जुन अविनाशी र शाश्वत परमपदलाई प्रत्यक्ष रूपमा देख्छन्, त्यही श्रीविष्णुको परमपद हो। जोभन्दा पहिले कोही पनि थिएन र जसमा ब्रह्मा, विष्णु र शिवरूपी शक्ति रहेकाछन्, त्यही श्रीविष्णुको परमपद हो। हे श्रीविष्णु ! हामी भक्तहरूदेखि प्रसन्न भएर हामीलाई दर्शन दिनुस्। ब्रह्माले यसरी प्रार्थना गरेको सुनेपछि देवताहरूले पनि परब्रह्मलाई

प्रणाम गर्दै भने।

देवताले भने– हे प्रभु ! हामीबाट प्रसन्न भएर हामीलाई दर्शन दिनुस्। जसका विषयमा ब्रह्मालाई पनि ज्ञान छैन, हामी हजुरको त्यो परमपदलाई प्रणाम गर्छौं। यसप्रकारले ब्रह्मा र देवताहरूले स्तुति गरिसकेपछि बृहस्पतिसमेत सबै देवर्षिले परब्रह्मको स्तुति गर्न थाले। जो स्तुति गर्न योग्य पहिलो यज्ञपुरुष हुनुहुन्छ र पूर्वजका पनि पूर्वज हुनुहुन्छ; उहाँ जगत्को रचना गर्ने परब्रह्मलाई हामी नमस्कार गर्छौं। हामी हजुरका शरणमा परेकाहरूबाट प्रसन्न भएर हामीलाई आफ्नो वचनका माध्यमद्वारा वर्णन गर्न नसकिने स्वरूपको दर्शन दिनुस्। हामीसहित ब्रह्मा, एघार रुद्रसमेत भगवान् शिव, बाह्रोटा आदित्यसहित पूषा, इन्द्र र सबै देवता दैत्यसेनाबाट पराजित भएपछि पूर्ण रूपमा हजुरका शरणमा परेका छौँ; हजुरले हामी सबैको कल्याण गरिदिनुस्।

पराशरले भन्नुभयो– ब्रह्मासहित सबै देवता र महर्षिहरूले यसप्रकारले स्तुति गरेपछि परमात्मा श्रीविष्णु उनीहरूका अगाडि प्रकट हुनुभयो। त्यसपछि उहाँलाई देखेर ब्रह्मासहितका सबै देवताले निवपूर्वक प्रणाम गर्दै उहाँको स्तुति गरे।

तिनीहरूले भने– हे परमात्मा ! हजुरलाई नमस्कार छ। हजुर निर्विशेष हुनुहुन्छ तथा हजुर आफैँ इन्द्र, अग्नि, वायु, वरुण, सूर्य र यमराज हुनुहुन्छ। वसुहरू, मरुत्हरू, साध्यहरू र विश्वदेवता पनि हजुर नै हुनुहुन्छ। हजुरका अगाडि जुन यी देवताहरू उभिएका छन्, ती पनि हजुर नै हुनुहुन्छ। किनकि समग्र जगत्को सृष्टिकर्ता हजुर सबैतिर व्यापक भएर रहनुभएको छ। यज्ञ र वषट्कार, ॐकार र प्रजापति पनि हजुर नै हुनुहुन्छ। हजुर नै जान्न योग्य, जान्न नसकिने हुनुहुन्छ तथा यो समग्र जगत्मा हजुर आफैँ व्याप्त भएर रहनुभएको छ। दैत्यहरूबाट पराजित भएका हामी ज्यादै व्याकुल हुँदै हजुरको शरणमा आएका छौँ। हजुरले हामीबाट प्रसन्न भएर आफ्नो अजेय शक्तिबाट हामीलाई शक्तिसम्पन्न बनाइदिनुस्। त्यस समयसम्म पुरुषमा गरिबी, कामना, मोह र दुःख रहन्छ; जबसम्म ऊ सबै प्रकारका पाप विनाश गरिदिने हजुरका शरणमा पर्दैन। हामी हजुरका शरणमा परेकाहरूबाट प्रसन्न हुनुहोस्। आफ्नो तेजोमय शक्तिका माध्यमद्वारा हाम्रो हराएको शक्ति फेरि फर्काइदिनुस्।

पराशरले भन्नुभयो– यसरी देवताहरूले विनयभावपूर्वक स्तुति गरेपछि

परब्रह्म परमात्मा श्रीविष्णुले प्रसन्न हुनु भयो।

श्रीभगवान्‌ले भन्नुभयो–हे देवताहरू ! म तिमीहरूको तेजलाई फेरि समृद्धशाली बनाइदिन्छु। तिमीहरूले मैले भनेअनुसारको कार्य गर्दा तिमीहरूको कल्याण हुन्छ। तिमीहरूले दैत्यसँग मिलेर सबै औषधिहरू ल्याएर अमृत मन्थन गर्नका लागि समुद्रमा हालिदेऊ तथा मन्दराचल पर्वतलाई मदानी र वासुकी नागलाई नेती बनाएर त्यसलाई दैत्य एवम् दानवहरूमा साथमा मेरो सहायताले मथेर अमृत निकाल्ने कार्य गर। तिमीहरूले दैत्यहरूसँग शान्तिपूर्ण व्यवहार गर्दै उनीहरूसँग भन्नु कि यदि यो कार्यमा सहयोग गरेको अवस्थामा तिमीहरू पनि यसको फलमा बराबर रूपमा सहभागी हुन पाउनेछौ। यसरी समुद्र मन्थन गरेपछि त्यसबाट जुन अमृत निस्कन्छ; त्यो पिएपछि तिमीहरू सबल र अमर हुनेछौ। तिमीहरूका लागि म यस्तो उपाय अपनाउने छु; जसबाट तिमीहरू विरोधी दैत्यहरूलाई अमृत प्राप्त हुन सक्तैन र उनीहरूका भागमा केवल समुद्र मन्थन गर्दा निस्किएको अनुपयुक्त वस्तुमात्र पर्नेछ।

पराशरले भन्नुभयो– श्रीविष्णुले यस्ता कुरा बताएपछि देवताहरूले असुरहरूसँग सन्धि गरेर अमृत प्राप्त गर्ने प्रयासमा ज्यादै उत्साहपूर्वक लागे। देवता, दानव र दैत्यहरूले विभिन्न प्रकारका औयाधिहरू ल्याएर शरद् ऋतुको समयमा स्वच्छ आकाश जस्तै सफा कान्ति भएको क्षीरसागरमाको पानीमा हालिदिए। त्यसपछि मन्दराचल पर्वतको मदानी र वासुकिनागको नेति बनाएर ज्यादै बलपूर्वक मन्थन गर्न थाले। श्रीविष्णुले वासुकिको पुच्छरतिर देतवालाई र टाउकोतिर दैत्यहरूलाई लगाइदिनुभयो। वासुकिनागको मुखबाट निस्किएको श्वासस्वरूप अग्निका प्रभावले सबै दैत्य तेजविहीन भएं। त्यही वासुकिनागको श्वासवायुबाट उत्तेजित भएका मेघहरूले पुच्छरतिर वर्षा गराइदिएकाले देवताहरूको शक्तिमा वृद्धि हुन थाल्यो। श्रीविष्णु आफैंले समुद्री कछुवाको रूप धारण गरेर क्षीरसागरमा घुम्दै मन्दाराचल पर्वतको आधार बनिदिनुभयो। श्रीविष्णु अर्को एउटा स्वरूप धारण गरेर देवता र दैत्यहरूका बीचमा रहेर वासुकिनागलाई पनि तानिरहनुभएको थियो। उहाँले अर्को एउटा विशाल स्वरूप धारण गरेर त्यो मन्दराचल पर्वतलाई माथिबाट थिचिरहनुभएको थियो। श्रीविष्णुको त्यो स्वरूपलाई देवता र दानव कसैले पनि देखेका थिएनन्। श्रीविष्णुले आफ्नो एउटा तेजबाट वासुकिलाई

शक्ति दिइरहनुभएको थियो भने अर्को त्यस्तै प्रकारको तेजद्वारा देवताहरूको बल बढाइरहनुभएको थियो। यसरी देवता र दानवले क्षीरसागर मन्थन गरेपछि सबैभन्दा पहिले यज्ञमा प्रयोग गर्ने सामग्रीको आश्रयरूपी कामधेनु उत्पन्न भइन्। त्यस समयमा देवता र दानवहरू दुवै ज्यादै प्रसन्न भए तथा त्यसतर्फ ध्यान गएकाले लोभ उनीहरूलाई यथार्थ रूपमा नियन्त्रणमा लिन सफल भयो। स्वर्गलोकमा यो के हो भनेर चिन्ता व्यक्त गरिरहेका सिद्धहरूका अगाडि मदमस्त चञ्चल आँखा भएकी वारुणी देवी प्रकट भइन्। यसपछि मन्दराचल पर्वतको घुमाइबाट उत्पन्न भएको घुमाइएको भुमरी भएको त्यस क्षीरसागरबाट आफ्नो सुगन्धले समग्र जगत्लाई सुगन्धमय बनाउने र देवसुन्दरीहरूलाई ज्यादै आनन्दित बनाउने पारिजात उत्पन्न भयो। त्यसपछि क्षीरसागरबाट स्वरूप र उदारता जस्ता गुणहरूले परिपूर्ण भएका ज्यादै आश्चर्यजनक अप्सराहरू उत्पन्न भए। त्यसपछि क्षीरसागरबाट चन्द्रमा उत्पन्न भए, जसलाई भगवान् शिवले आफ्नो जटामा धारण गर्नुभयो। यसैगरी क्षीरसागरबाट निस्किएको विष नागहरूले धारण गरे। त्यसपछि सेतो कपडा लगाउनुभएका साक्षात् भगवान् धन्वन्तरी यथार्थ रूपमा अमृतले भरिएको कमण्डलु लिएर प्रकट हुनुभयो। त्यस समयमा ऋषिहरूसहित सबै दैत्य र दानवहरू प्रसन्नताले हर्षविभोर भएर खुसियाली मनाउन थाले। त्यसपछि राम्ररी फुलेको कमलको फूलमा बसेकी चम्किलो कान्तिसम्पन्न लक्ष्मी हातमा कमलको फूल लिएर क्षीरसागरबाट प्रकट हुनुभयो। त्यस समयमा धेरै प्रसन्न भएका महर्षिहरूले श्रीसूक्तका माध्यमद्वारा उहाँको स्तुति गर्न थाले भने विश्वावसुसमेतका गन्धर्वले उहाँका अगाडि आएर गाउन थाले तथा घृताचीसहितका अप्सरा उहाँका अगाडि आएर नाच्न थाले। यसैगरी उहाँलाई स्नान गराउनका लागि गङ्गासहित नदीहरू आफैँ त्यहाँ उपस्थित भए भने दिग्गजहरूले सुनको पात्रमा राखिएको जलले लक्ष्मीलाई स्नान गराए। क्षीरसागरले मूर्तिमान् भएर उहाँलाई राम्ररी फुलेको कमलको फूलको माला समर्पण गरे भने विश्वकर्माले उहाँका अनेकौँ प्रकारका आभूषण पहिऱ्याइदिए। यसरी अलौकिक माला र वस्त्र धारण गर्नुभएकी तथा दिव्य जलले स्नान गरेर दिव्य आभूषण लगाउनुभएकी लक्ष्मी सबै देवताले हेर्दाहेर्दै श्रीविष्णुको छातीमा गएर विराजमान हुनुभयो। यसरी श्रीविष्णुको छातीमा रहनुभएकी लक्ष्मीको दृष्टि पर्नेबित्तिकै देवताहरू अकस्मात् ज्यादै सन्तुष्ट भए भने

लक्ष्मीबाट परित्यक्त भएकाले श्रीविष्णुका विरोधी विप्रचित्तिसमेतका दैत्यहरू ज्यादै व्याकुल भए। त्यसपछि ती ज्यादै बलशाली दानवहरूले भगवान् धन्वन्तरीको हातमा रहेको त्यो उत्तम अमृतले भरिएको कमण्डलु खोसेर लिए।

यसपछि श्रीविष्णुले स्त्रीरूप धारण गरेर आफ्नो माया शक्तिद्वारा मोहित पारेर दानवहरूका हातबाट त्यो अमृतले भरिएको कमण्डलु खोसेर देवताहरूलाई दिनुभयो। त्यसपछि इन्द्रलगायतका देवताले त्यो अमृत पिएकाले अत्यधिक रिसाएका दैत्यहरूले हातमा ज्यादै तिखा तरबारसहितका अस्त्रशस्त्र लिएर देवताहरूलाई आक्रमण गरे। तर अमृत पिएकाले ज्यादै शक्तिशाली भएका देवताहरूले काटमार गरेर दैत्यहरूका सेनालाई भाग्न विवश बनाए भने दैत्यहरू ज्यान बचाउनका लागि भागेर पाताल लोकमा गएर लुक्न बाध्य भए। यसरी राक्षसहरूलाई पराजित गरेपछि देवताहरूले ज्यादै प्रसन्नतापूर्वक श्रीविष्णुलाई प्रणाम गरेर पहिलेको जस्तैगरी स्वर्गलोकमा शासन गर्न थाले। त्यस समयदेखि प्रचण्ड तेज भएका सूर्य दक्षिणायन र उत्तरायणबाट हिँड्न थाले भने तारा, ग्रह र मङ्गलसमेत पनि वक्र र अतिचारबाट अलग भएर सिधा बाटोबाट हिँड्न थाले तथा अग्नि ज्यादै प्रज्वलित भए भने सबै प्राणी पहिलेको जस्तैगरी आफ्नो कर्तव्यकर्ममा एकाग्रतापूर्वक लाग्न थाले। तीनोटै लोक ऐश्वर्यसम्पन्न भए भने इन्द्र पनि फेरि लक्ष्मीसम्पन्न भए। इन्द्रले फेरि स्वर्गलोकको राज्य पाएकाले उनले लक्ष्मीको स्तुति गर्दै भने– सबै लोककी जननी, राम्ररी फक्रिएको कमलको फूल जस्ता आँखा भएकी, श्रीविष्णुको छातीमा विराजमान, कमलबाट उत्पन्न भएकी लक्ष्मीलाई म नमस्कार गर्छु। हे देवि ! तिमी सिद्धि, स्वधा, स्वाहा, सुधा हौ र तीनोटै लोकलाई पवित्र बनाउने तथा तिमी नै सन्ध्या, रात्रि, प्रभा, विभूति, मेधा, श्रद्धा र सरस्वती हौ। तिमी नै कर्मकाण्ड, उपासना, इन्द्रजाल, आत्मविद्या, तर्क विद्या, तीनोटा वेद, शिल्पवाणिज्यसमेत र राजनीति पनि हौ। तिमीले नै आफ्नो शान्त र उग्र स्वरूपद्वारा यो समग्र जगत्लाई ढाकेकी छ्यौ। श्रीविष्णुको शरीरमा निवास गर्ने सामर्थ्य भएकी स्त्री तिमीबाहेक अन्य कोही पनि छैनन्। तिमीले परित्याग गरेपछि तीनोटै लोक नष्ट जस्तै भएका थिए। अहिले तिमीले नै यिनीहरूलाई जीवनदान दिएर पहिलेको जस्तै बनाइदियौ। तिम्रै कृपाले मनुष्यहरूलाई स्त्री, पुत्र, घर, धन, धान्य र मित्र प्राप्त हुन्छन्। तिमीले कृपा गरेरको

पुरुषलाई शारीरिक आरोग्य, ऐश्वर्य र सुखको कहिल्यै अभाव हुँदैन। तिमी यो चराचर जगत्‌की माता हौ भने श्रीविष्णु पिता हुनुहुन्छ। तिमी र श्रीविष्णुबाट यो जगत् व्याप्त भएको छ। हे देवि ! हाम्रा ढुकुटी, गाईवस्तुको गोठ, घर, भोग्यसामग्री, सजावटका समग्री, शरीर र स्त्रीमा तिमीले सधैँ निवास गरिदिनु। तिमीले हाम्रा सन्तान, सुहृदयी मित्र, पशुपक्षी, आभूषणमा सधैँ बसिदिनु। जुन मनुष्यलाई तिमीले परित्याग गरिदिन्छ्यौ, त्यसलाई मानसिक बल, सत्य, पवित्रता, शीलजस्ता गुणहरूले पनि त्यागिदिन्छन्। तिम्रो कृपाका प्रभावले ज्यादै निर्गुण पुरुष पनि कुल, ऐश्वर्य र शीललगायतका गुणहरूले परिपूर्ण भएर विनयशील हुन्छ। जसमाथि तिम्रो कृपादृष्टि पर्छ; त्यो प्रशंसनीय, गुणवान्, धनवान्, बुद्धिमान् र पराक्रमी हुन्छ। हे देवि ! तिमीलें हामीमाथि सधैँ कृपा गर।

पराशरले भन्नुभयो— यसरी स्तुति गरेपछि सबैं प्राणीहरूमा विराजमान रहनुभएकी लक्ष्मीले सबै देवतालाई सुनाउँदै इन्द्रलाई भन्नुभयो।

लक्ष्मीले भन्नुभयो— म तिम्रो स्तुतिबाट ज्यादै प्रसन्न भएँ, तिमीले आफ्नो इच्छाअनुसारको वर माग; म तिमीलाई वरदान दिनका लागि यहाँ आएकी हुँ।

इन्द्रले भने— यदि म वर पाउन योग्य छु भने हजुरले यी तीनोटा लोकलाई कहिल्यै त्याग नगरिदिनु यो मेरो पहिलो वर हो। जुनसुकै मनुष्यले यो स्तोत्रद्वारा हजुरको स्तुति गर्छ; त्यलाई हजुरले कहिल्यै नत्यागिदिनुहोला, यो मेरो दोस्रो वर हो। लक्ष्मीले भन्नुभयो— मैले अब यी तीनोटा लोकलाई कहिल्यै परित्याग गर्ने छैन र जुनसुकै मनुष्यले बिहानको उषाकाल र सन्ध्याका समयमा यो स्तोत्रद्वारा मेरो स्तुति गर्छ; त्यसलाई मैले कहिल्यै परित्याग गर्नेछैन।

पराशरले भन्नुभयो— हे मैत्रेय ! यो स्तोत्रद्वारा गरिएको आराधनाबाट ज्यादै सन्तुष्ट भएर लक्ष्मीले प्राचीन कालमा इन्द्रलाई यसप्रकारको वरदान दिनुभयो। लक्ष्मी पहिले भृगुको सन्तानका रूपमा उनकी ख्याति नाम भएकी पत्नीबाट उत्पन्न हुनुभएको थियो। यसपछि अमृत मन्थनका समयमा देवता र दानवहरूको पराक्रमद्वारा सागरबाट निस्किनुभएको हो। यसरी श्रीविष्णुले अवतार लिँदा लक्ष्मी उहाँसँगै रहनुहुन्छ। श्रीविष्णुले वामन अवतार लिँदा लक्ष्मी कमलबाट उत्पन्न भएर पद्माका नामले प्रख्यात हुनुभयो। श्रीविष्णुले परशुरामको स्वरूप धारण गर्दा लक्ष्मी पृथ्वी हुनुभयो। यसैगरी लक्ष्मीले रामको अवतारमा

सीता र कृष्णको अवतारमा रुक्मिणीको स्वरूप धारण गर्नुभयो। यसरी श्रीविष्णुले देवस्वरूप धारण गरेको समयमा लक्ष्मी अलौकिक शरीर तथा मनुष्यस्वरूप धारण गरेको समयमा मानवीस्वरूप धारण गरेर प्रकट हुनुहुन्छ। उहाँले आफ्नो शरीरलाई श्रीविष्णुको शरीरअनुसारको बनाउनुहुन्छ। जुन मनुष्यले श्रद्धापूर्वक यो लक्ष्मीको जन्म कथा सुन्छ वा पढ्छ; त्यसको घरमा भूत, वर्तमान र भविष्यका तीनोटै कुल रहेसम्म कहिल्यै लक्ष्मीको नाश हुनेछैन। जसका घरमा लक्ष्मीको यो स्तोत्रको पाठ हुन्छ; उसको घरमा झगडाको बीजरूपी दरिद्रताले कहिल्यै बास गर्नेछैन।

मैत्रेयले भने– मैले हजुरसँग सोधेको सबै कुरा बताइदिनुभयो। अब मलाई भृगृका सन्तानबाट आरम्भ गरेर समग्र सृष्टिका विषयमा यथार्थ रूपमा बताइदिनुस्।

पराशरले भन्नुभयो– भृगु ऋषि तथा उनकी पत्नी ख्यातिबाट श्रीविष्णुकी पत्नी लक्ष्मी र धाता र विधाता नाम भएका दुइटा पुत्र उत्पन्न भएका थिए। मेरुकी आयति र नियति नाम भएका कन्याहरू धाता र विधाताका पत्नी थिए। तिनीहरूबाट उनीहरूका प्राण मृकण्डु नाम भएका पुत्र भए भने मार्कण्डेयबाट वेदशिराको जन्म भयो। अब प्राणका सन्तानका विषयमा सुन। प्राणका पुत्र द्युतिमान् भए भने उनका पुत्रको नाम राजवान् थियो। ती द्युतिमान्का पुत्र राजवान्बाट भृगु ऋषिको वंश विस्तारित रूपमा फैलियो। मरीचि ऋषिकी पत्नी सम्भूतिबाट पौर्णमास नाम भएका पुत्र उत्पन्न भए। ती पौर्णमासका विरजा र सर्वग नाम भएका दुइटा पुत्र भए। उनीहरूका वंशको वर्णन गर्ने क्रममा म तिनीहरू दुवैका सन्तानका विषयमा बताउनेछु। अङ्गिरा ऋषिकी स्मृति नाम भएकी पत्नी थिइन् र उनीबाट सिनीवाली, कुहू, राका, अनुमति नाम भएका कन्या जन्मिए। अत्रिकी पत्नी अनसूयाबाट चन्द्रमा, दुर्वासा तथा दत्तात्रेय नाम भएका तीन पुत्र जन्मिए। पुलस्त्यकी पत्नी प्रीतिबाट दत्तोलि नाम भएका पुत्र जन्मिए। दत्तोलिलाई उनको पहिलेको जन्ममा अर्थात् स्वायम्भुव मन्वन्तरमा अगस्त्य भनिन्थ्यो। प्रजापति पुलहकी पत्नी क्षमाबाट कर्दम, वरीयान् र सहिष्णु नाम भएका तीनोटा पुत्र जन्मिए। क्रतुकी सन्तति नाम भएकी पत्नीबाट हातको बूढी औँला बराबरको शरीर भएका सूर्य जस्तै तेजस्वी वालखिल्यलगायतका साठी हजार मुनिहरू जन्मिए। वसिष्ठ ऋषिकी ऊर्जा नाम भएकी पत्नीबाट रज, गात्र, ऊर्ध्वबाहु, सवन, अनघ, सुतपा

र शुक्र नाम भएका सातोटा पुत्र जन्मिए। यी सबै ज्यादै निर्मल विचार भएक
मुनिहरू तेस्रो मन्वन्तरमा सप्तर्षिका जेठो सुपुत्र अग्निका अधिपति हुन्, उनक
पत्नी स्वाहाबाट पावक, पवमान र जलको भोजन गर्ने शुचि नाम भएका तीनो
पुत्र उत्पन्न भए। ती तीनोटैका पन्ध्र पन्ध्र गरेर जम्मा पैँतालीस सन्तान जन्मिए। पि
अग्नि र उनका तीनोटा पुत्र यी सबैको समायोजन गरेर यी सबैलाई अग्नि भनिन्छ
यसरी जम्मा उनन्चासओटा अग्नि रहेको बताइएको छ। ब्रह्माले रचना गरेका जु
अग्निष्वात्ता, बर्हिषद्, साग्निकलगायतका पितृका विषयमा तिमीलाई बताएक
थिएँ; उनीहरूद्वारा स्वधाले मेनाले र वैधारिणी नाम भएका दुइटी कन्या जन्मएक
थिइन्। यी दुवै कन्या उत्तम ज्ञानसम्पन्न, सबै गुणले परिपूर्ण र ब्रह्मका विषयम
यथार्थ रूपमा ज्ञान हासिल गरेका योगिनी थिए। यसप्रकार यी दक्षप्रजापतिक
कन्याहरूको वंश परम्पराका विषयमा वर्णन गरियो। जसले यो श्रद्धापूर्वक
सुन्छ; त्यो सन्तानविहीन हुँदैन।

मैले तिमीलाई यसभन्दा पहिले स्वायम्भुव मनुका प्रियव्रत र उत्तानपा
नाम भएका दुइटा ज्यादै शक्तिशाली र धर्मज्ञ पुत्रका विषयमा बताएको थिएँ
तीमध्ये उत्तानपादकी पत्नी सुरुचिको गर्भबाट उत्तम नाम भएका पुत्र जन्मिए
जसलाई राजाले धेरै माया गर्थे। ती राजाकी सुनीति नाम भएकी पत्नी थिइन
जसमा राजाको विशेष किसिमको प्रेम थिएन; उनैको पुत्ररत्नका रूपमा ध्रुव
जन्मिए। एक दिन राजसिंहासनमा बसेका आफ्ना पिताको काखमा भाइ उत्तम
बसेको देखेर ध्रुवमा पनि आफ्ना पिताको बसेर खेल्ने चाहना उत्पन्न भयो। त
ती राजाले आफ्नी पत्नी सुरुचिका अगाडि प्रेमपूर्वक आएर आफ्नो काखमा बस
लालायित भएको पुत्रको वास्ता गरेनन्। आफ्नी सौताको छोरो पिताका काखम
जान उत्सुक र आफ्नो पुत्र काखमा बसिरहेको देखेर सुरुचिले व्यङ्ग्यपूर्ण शब्दम
भनिन्– मेरो गर्भबाट उत्पन्न नभएको बालकले यस्तो सौभाग्यपूर्ण अवसर पाउन
धेरै कठिन छ। तिमीले पनि अर्कै स्त्रीको गर्भबाट जन्म लिएको हुनाले यस्त
असम्भव कामना किन गरिरहेका छौ ? यो तिम्रो प्रयास व्यर्थ हुनेछ। तिमी धेरै
अविवेकी भएकाले आफूले प्राप्त गर्नै नसक्ने वस्तु पाउने प्रयास गरिरहेका छौ।
यथार्थमा तिमी यिनै राजाका छोरा हौ। तरपनि तिमीले मेरो गर्भमा बास नगर्नु नै
तिम्रो ठूलो दुर्भाग्य हो। यो राजसिंहासन चक्रवर्ती सम्राट्को सिंहासन भएकाले
यो मेरो गर्भबाट उत्पन्न भएको पुत्रका लागि मात्र योग्य छ। तिमीले मेरो पुत्रको

जस्तो उच्च चाहना गर्नु व्यर्थ छ। आफ्नी सौतेनी आमाका यसप्रकारका कुरा सुनेर ज्यादै व्याकुल भएका ध्रुव आफ्ना पितालाई छाडेर आफ्नी आमा बस्ने महलमा गए। धेरै रिसाएकाले ध्रुवको तल्लो ओठ कामिरहेको थियो। आफ्नो पुत्रको यस्तो अवस्था देखेर सुनीतिले उनलाई आफ्नो काखमा राख्दै वास्तविकता बुझ्ने मनसायले भनिन्– तिमी किन यसरी रिसाएका ? कसले तिम्रो आदर गर्दैन ? जसले तिम्रो अपमान गर्छ; त्यसले तिम्रो पिताको अपमान गरेको हो। यसरी आफ्नी आमाले सोधेपछि बालक ध्रुवले राजाका अगाडि सुरुचिले भनेका सबै कुरा सुनाइदिए। आफ्नो पुत्रले हिक्‌हिक् गर्दै सबै कुरा बताएपछि ज्यादै दुःखी भएकी उनले भनिन्।

सुनीतिले भनिन्– सुरुचिले भनेको ठीकै हो, तिमी अभागी हौ। किनकि पुण्यवान्‌का अगाडि उसका शत्रुले यसप्रकारका कुरा गर्न सक्तैन। यसैले तिमीले यसरी व्याकुल हुनुपर्ने कुनै कारण छैन। किनकि तिमीले पहिलो जन्ममा जे गरेका छौ; त्यो कसैले मेटाउन सक्तैन र जे गरेका छैनौ, त्यो तिमीलाई कसैले दिन पनि सक्तैन। यसकारण तिमीले सुरुचिका कुरा सुनेर दुःखी हुनुको औचित्य छैन। जससँग पहिलेको जन्मको सञ्चित पुण्य छ; त्यसलाई राजसिंहासन, उत्तम घोडा, हात्तीलगायत प्राप्त हुने कुरालाई दृष्टिगत गर्दै तिमी शान्त बन। पहिलो जन्ममा गरिएका पुण्यकर्महरूका कारणले नै सुरुचिमा राजाको प्रेम बढेको हो र पुण्य सकिएपछि म जस्तै स्त्रीहरूलाई भोग गर्न योग्य मात्र बताइने गरेको प्रचलित परम्परा रहेको छ अर्थात् राजाले मलाई माया गर्दैनन्। उनको दरबारमा मेरो पालपोषणमात्र हुन्छ। यसैले सुरुचिको पुत्र उत्तम पनि पुण्यवान् छ तथा तिमी मजस्तै अल्प पुण्यवान् भएर जन्मियौ। तर पनि तिमीले दुःखी भइरहन आवश्यक छैन। किनकि जुन मनुष्यलाई जति प्राप्त हुन्छ; ऊ त्यसैमा सन्तोष गरेर ज्यादै आनन्दित रहन्छ। यदि तिमी सुरुचिका कुरा सुनेर दुःखी भएका छौ भने आफ्नो चाहनाअनुसारको फल दिने पुण्य सङ्ग्रह गर्ने प्रयासमा लाग। त्यसका लागि तिमी धर्मात्मा, प्रेमी र प्राणीहरूको कल्याण गर्ने बन। किनकि जसरी तलतिर बगिरहेको पानी आफैँ भाँडा पर्छ; त्यसैगरी सुपात्र मनुष्यका नजिकमा सबै सम्पत्तिहरू आफैँ आउँछन्।

ध्रुवले भने– हजुरले मेरो मनको शान्तिका लागि जुन कुरा बताउनुभयो, त्यो दुर्वचनले छियाछिया भएको मेरो हृदयमा क्षणभर पनि रहँदैन। यसकारण अब म त्यही प्रयास गर्नेछु; जसका प्रभावले सबै लोकमा आदरणीय र सर्वोत्कृष्ट

पद प्राप्त गर्न सकियोस्। सुरुचि राजाकी ज्यादै प्यारी अवश्य पनि छिन् र मैले उनको गर्भबाट जन्म पनि लिइँन, तर पनि हजुरका गर्भबाट उत्पन्न भएको मेरो प्रभाव पनि तपाईंले हेर्नुस्। जुन उत्तमलाई सुरुचिले आफ्नो गर्भमा धारण गरिन्, त्यो मेरो भाइ हो र उसले पिताबाट राजसिंहासन पाओस्। किनकि ममा अर्कांले दिएको पद स्वीकार गर्ने चाहना छैन। त्यसकारण म आफ्नै पुरुषार्थबाट पिताले पनि प्राप्त गर्न नसकेको पद प्राप्त गर्ने प्रयासमा लाग्छु।

पराशरले भन्नुभयो– आफ्नी आमसँग यसप्रकारका कुरा गरेपछि ध्रुव त्यो राजमहलबाट निस्किएर बाहिरी उपवनमा गए। त्यहाँ ध्रुवले पहिलै आएर कृष्णमृगको छाला धारण गरेका तथा ज्यादै सुन्दर कुशको आसनमा बसेका सात मुनिहरूलाई देखे। ती राजकुमारले उनीहरूलाई प्रणाम गर्दै विनम्रतापूर्वक उनीहरूसँग सोधे।

ध्रुवले भने– म सुनीतिको गर्भबाट उत्पन्न भएको राजा उत्तानपादको पुत्र ध्रुव हुँ। म आत्मग्लानिले धेरै पीडित भएर तपाईंहरूको नजिकमा आएको छु।

ऋषिहरूले भने– तिमी अहिले चार वर्षको बालक छौ। यस्तो अवस्थामा तिमीमा आत्मग्लानि हुनुपर्ने कुनै कारण भएको जस्तो देखिँदैन। तिम्रा लागि कुनै चिन्ताको विषय छैन। किनकि अहिले तिम्रा पिता राजा उत्तानपाद जीवितै छन् र हामीलाई तिम्रो कुनै उत्तम वस्तु हराएको जस्तो लाग्दैन। हामीले तिम्रो शरीरमा कुनै व्याधि भएको पनि देखिरहेका छैनौँ। यसकारण तिमी आफैँले आत्मग्लानि हुनाको कारण बताऊ।

पराशरले भन्नुभयो– यसपछि ध्रुवले सुरुचिले भनेको सबै कुरा मुनिहरूलाई सुनाए। उनका यसप्रकारका कुरा सुनेपछि मुनिहरूले एकआपसमा कुरा गर्दै गरे।

ऋषिहरूले भने– ओहो ! क्षत्रिय तेज कस्तो बलवान् छ; जसका कारणले बालकले पनि आफ्नो अपमान भएको सहन सक्तैन र जसको प्रभावले आफ्नी सौतेनी आमाको वचन पनि यिनको हृदयले सहन नसक्ने अवस्था सृजना गरिदियो। तिमी आफ्नो आत्मग्लानिका कारणले जे गर्न चाहन्छौ, त्यो कुरा हामीलाई बताऊ तथा हामीले तिमीलाई गर्न सक्ने सहयोगका बारेमा पनि बताऊ।

ध्रुवले भने– ममा धन र राज्य प्राप्तिको चाहना रहेको छैन। तर मलाई एउटा यस्तो स्थानको चाहना छ; जुन यसभन्दा पहिले कसैले भोग गरेको नहोस्।

यदि तपाईंहरू मलाई सहयोग गर्न चाहनुहुन्छ भने सबै लोकहरूको मान्य स्थान कसरी प्राप्त गर्न सकिन्छ; त्यसका विषयमा विस्तारमा बताइदिनुस्।

मरीचिले भन्नुभयो– परमात्मा श्रीविष्णुको आराधना नगरेको मनुष्यलाई त्यो उत्तम स्थान प्राप्त हुन सक्तैन। यसकारण तिमीले श्रीविष्णुको आराधना गर।

अत्रिले भन्नुभयो– जो परा प्रकृतिभन्दा पूर्ण रूपमा अलग हुनुहुन्छ; उहाँ श्रीविष्णु जोसँग सन्तुष्ट हुनुहुन्छ; उसैलाई त्यो अविनाशीपद प्राप्त हुन्छ।

अङ्गिरा ऋषिले भन्नुभयो– यदि तिमीमा सबैभन्दा उत्तम स्थान प्राप्त गर्ने चाहना रहेको छ भने तिमीले श्रीविष्णुको आराधना गर।

पुलस्त्य ऋषिले भन्नुभयो– जो परब्रह्म, परमधाम र परस्वरूप हुनुहुन्छ; उहाँ श्रीविष्णुको आराधना गर्नाले ज्यादै दुर्लभ मुक्ति प्राप्त गर्न सकिन्छ; यसकारण तिमीले उहाँको आराधना गर।

क्रतु ऋषिले भन्नुभयो– जो यज्ञमा यज्ञपुरुष र योगमा रमपुरुष हुनुहुन्छ; उहाँ भगवान् श्रीविष्णु प्रसन्न हुनुभएपछि कुनै पनि वस्तु अप्राप्य नहुने भएकाले तिमीले उहाँकै आराधना गर; तिमीले अवश्य सबैभन्दा उत्तम स्थान प्राप्त गर्नेछौ।

पुलह ऋषिले भन्नुभयो– जसको आराधना गरेर इन्द्रले इन्द्रपद प्राप्त गरे, तिमीले पनि उहाँ यज्ञपुरुष श्रीविष्णुको आराधना गर।

वसिष्ठ ऋषिले भन्नुभयो– भगवान् श्रीविष्णुको आराधना गरेपछि आफ्नो इच्छाअनुसारको फल प्राप्त हुन्छ।

ध्रुवले भने– हजुरहरूले शरणमा परेको मलाई आराध्यदेवका विषय र आराधनाको विधिका बारेमा पनि मलाई यथार्थ रूपमा बताएदिनुस्।

ऋषिहरूले भन्नुभयो–श्रीविष्णुको आराधना गर्ने विधिका विषयमा ध्यानपूर्वक सुन। उहाँको आराधनामा एकाग्रतापूर्वक लागेको मनुष्यले सबैभन्दा पहिले बाहिरी विषयहरू यथार्थ रूपमा परित्याग गर्नुपर्छ; त्यसपछि उहाँमा आफ्नो निश्चल मन स्थिर गराउनुपर्छ। यसप्रकारले एकाग्र भएर जप गर्नुपर्ने मन्त्रका बारेमा पनि सुन। ॐनमो भगवते वासुदेवाय यो मन्त्रको जप प्राचीन कालमा तिम्रा पितामह स्वायम्भुव मनुले गरेका थिए। त्यसबाट ज्यादै प्रसन्न हुनुभएका भगवान् श्रीविष्णुले उनलाई इच्छाअनुसारको तीनोटै लोकमा अतिदुर्लभ मानिएको सिद्धि दिनुभएको थियो। यसकारण तिमीले पनि यो मन्त्रको जप गरेर श्रीविष्णुलाई प्रसन्न गराऊ।

पराशरले भन्नुभयो— यसप्रकारका कुरा सुनेपछि ध्रुव ती मुनिहरूलाई प्रणाम गरेर त्यो वनबाट निस्किए। आफ्नो आत्मा ज्यादै आनन्दित भएको अनुभूति गर्दै उनी यमुना नदीको किनारमा रहेको मधु नाम भएको वनमा गए। त्यहाँ पहिले मधु नाम भएको राक्षस बस्ने भएकाले त्यो स्थान मधुवनका नामले प्रख्यात भयो। जुन स्थानमा मधुको पुत्र लवणको वध गरेर शत्रुघ्नले मथुरा नगर बसाएका थिए। जुन मधुवनमा परमात्मा श्रीविष्णु सधैँ बस्नुहुन्छ; त्यही स्थानमा ध्रुवले आफ्नो कामनापूर्तिका लाति तपस्या गर्न थाले। मरीचिसमेतका ऋषिको उपदेशअनुसार ध्रुवले आफ्नो हृदयमा रहनुभएका श्रीविष्णुको ध्यान गरे । यसरी ज्यादै एकाग्रतापूर्वक ध्यान गरिरहेका ध्रुवको हृदयमा समग्र प्राणीमा समान रूपमा रहनुभएका भगवान् विराजमान हुनुभयो। यसरी ध्रुवको हृदयमा श्रीविष्णु विराजमान हुनुभएपछि सबैलाई धारण गर्ने पृथ्वीले त्यो भार सहन सकिनन् । यसपछि ध्रुव देब्रे गोडाको आधारमा उभिँदा देब्रेतिरको दाहिने गोडालाई आधार मानेर उभिँदा दाहिनेतिरको पृथ्वीको आधा भाग भास्सिएको जस्तो हुन्थ्यो । जब ध्रुव आफ्ना गोडाको बूढी औँलाले पृथ्वीलाई दबाएर उभिए, त्यस समयमा पर्वतसहित समग्र पृथ्वी थरथर हल्लिन थाल्यो भने नदीनाला, समुद्रलगायत अत्यधिक उत्तेजित भएर चारैतिर छताछुल्ल भए तथा तिनीहरू उत्तेजित भएको देखेर देवताहरू पनि अतिव्याकुल भए। यसपछि याम नाम भएका देवताहरूले इन्द्रसँग सल्लाह गरेर ध्रुवको ध्यान भङ्ग गराउने प्रयास गर्न थाले । कुष्माण्ड नाम भएका उपदेवताहरूले अतिविचलित इन्द्रसँग सहकार्य गर्दै अनेकौँ स्वरूप धारण गरेर ध्रुवको तपस्या भङ्ग गराउने प्रयास गरे। त्यस समयमा मायाद्वारा रचना गरिएकी उनकी माताको प्रतिमूर्तिले उनका अगाडि आएर आँखाबाट आँसु झार्दै भनिन् ।

मायारूपी सुनीतिले भनिन्— तिमीले यसरी आफ्नो शरीरलाई हानि पुऱ्याउने यो तपस्या छाडिदेऊ । मैले अनेकौँ किसिमका कष्ट सहेर तिमीलाई पाएकी हुँ। ती सौतेनी आमाका वचनका कारण तिमीले मलाई नबिर्स; किनकि मेरो आधार तिमी मात्र भएकाले यो तपस्या छाडिदेऊ । तिमी पाँच वर्षका बालकले यस्तो कठिन तपस्या गर्न सम्भव नभएकाले यो छाडेर तिमी आफ्नो सामान्य अवस्थामा फर्क । अहिले तिम्रो खेलकुद गर्दै अध्ययनमा रमाउने अवस्था भएकाले तिमीले तपस्या गर्न उचित हुँदैन। तिम्रो सबैभन्दा ठूलो धर्म मलाई प्रसन्न गराउनु हो। यसैले तिमीले आफ्नो आयु र अवस्थाअनुसार प्रचलित

कर्ममा लाग्दै यो कठोर तपस्या गर्न छाडिदेऊ। यदि तिमीले यो तपस्या छाडेनौ भने म अहिलै यसै स्थानमा आफ्नो प्राण परित्याग गरिदिन्छु।

पराशरले भन्नुभयो– आफ्नो चित्त श्रीविष्णुमा एकाग्र भएका ध्रुवले ती मायारूपी सुनीतिले आँखामा आँसु भरेर यसप्रकारको विलौना गरेको भए तापनि नदेखे जस्तै गरेर तपस्या गरिरहे। त्यसपछि यहाँबाट छिटोछिटो भाग, हेर यो धेरै डरलाग्दो वनमा अतिडरलाग्दा राक्षसहरू हातमा अस्त्रशस्त्र लिएर आइरहेका छन् भन्दै ती मायारूपी सुनीति त्यहाँबाट गइन् र त्यहाँ मुखबाट आगोको ज्वाला निस्किरहेका अनेकौँ राक्षसहरू हातमा विभिन्न किसिमका हतियार लिएर प्रकट भए। यसपछि ती राक्षसहरू आफ्ना हातमा भएका ज्यादै चम्किला शस्त्रहरू घुमाउँदै ध्रुवका अगाडि धेरै डरलाग्दो आवाजमा कराउन थाले। यसरी आफ्नो चित्तलाई एकाग्र बनाएर योगमा लागेका बालकलाई भयभीत गराउनका लागि आफ्ना मुखबाट आगोको ज्वाला निकालिरहेका सैकडौँ पोथी स्यालहरू त्यहाँ धेरै डरलाग्दो आवाजमा कराउन थाले। ती राक्षसहरू पनि यसलाई काट, मार, खाओ भनेर ज्यादै चर्को स्वरमा कराउन थाले। त्यसपछि सिंह, ऊँट, मगर जातको गोहीको जस्ता मुख भएका ती राक्षसहरू ध्रुवलाई भयभीत गराउनका लागि अनेकौँ किसिमको गर्जना गर्न थाले। तर आफ्नो चित्तलाई एकाग्र बनाएर भगवान् श्रीविष्णुको ध्यान गरिरहेका बालक ध्रुवले ती राक्षस र स्यालहरू, अस्त्रशस्त्र केही पनि देखेनन् भने उनीहरूका भयानक शब्द पनि सुनेनन्। उनले भगवान् श्रीविष्णुलाई मात्र देखिरहेका थिए। आफूले प्रयोग गरेका सबै माया निष्फल भएपछि उनीसँग पराजित हुनुपर्ने चिन्ताले देवताहरू ज्यादै भयभीत भए। यसरी डराएका देवताहरूले श्रीविष्णुको शरणमा गए।

देवताहरूले भने–हे परमात्मा ! ध्रुवको तपस्या देखेर धेरै डराएका हामी तपाईंको शरणमा आएका छौँ; हाम्रो रक्षा गरिदिनुस्। जसरी शुक्लपक्षका समयमा निरन्तर आफ्ना कलाहरूद्वारा चन्द्रमा बढ्छन्, त्यसैगरी ध्रुव आफ्नो तपस्यामा अगाडि बढिरहेकाले हामी अतित्रसित भएका छौँ। बालक ध्रुवको तपस्यादेखि धेरै डराएका हामीहरू हजुरको शरणमा आएका छौँ; हजुरले उनलाई तपस्या गर्नबाट रोकिदिनुहोस्। हामीलाई जानकारी छैन, इन्द्रत्व वा सूर्यत्वको कामना गर्छन् वा कुबेर, वरुण या चन्द्रमाको पद प्राप्त गर्ने अभिलाषा लिएर यसप्रकारको ज्यादै कठोर तपस्या गरिरहेका छन्। यसकारण हजुरले हामी सबैको

कल्याण गरिदिनुस् । हजुर हामीसँग प्रसन्न भइदिनुस् र हाम्रा हृदयमा जुन त्रा
बीजारोपण भएको छ; त्यसको निवारण गरिदिने सिलसिलामा ध्रुवको यो कठ
तपस्या रोकिदिनुस् ।

श्रीभगवान्ले भन्नुभयो– उनले इन्द्र, सूर्य, वरुण, कुबेरसमेतको पद प्रा
गर्ने चाहनाले तपस्या गरेका होइनन् । उनले जे चाहन्छन्, त्यो सबै म स्वयं
पूर्ण गरिदिनेछु । तिमीहरूले उनको तपस्याबाट डराउनुको कुनै औचित्य छैन
यसकारण तिमीहरू निश्चिन्त भएर आआफ्नो ठाउँमा जाओ । म आफैँ गएर कठ
तपस्यामा लागेका ध्रुवलाई तपस्याबाट मुक्त गराउनेछु ।

पराशरले भन्नुभयो– परमात्माका यसप्रकारका कुरा सुनेपछि इन्द्रसहि
देवता आआफ्नो ठाउँमा गएपछि समग्र संसारका आत्मा श्रीहरिले बालक ध्रुवक
एकाग्रताबाट प्रसन्न भएर उनका नजिकमा गएर जानु भयो ।

श्रीभगवान्ले भन्नुभयो– तिम्रो कल्याण होस् । म तिम्रो तपस्याबाट धे
प्रसन्न भएकाले तिमीलाई वरदान दिनका लागि तिम्रो अगाडि आएको छु । तिम
आफ्नो इच्छाअनुसारको वर माग । तिमीले बाहिरी विषयहरूलाई यथार्थ रूपम
परित्याग गरेर आफ्नो चित्तलाई ममा एकाग्र गरायौ । यसैले म तिमीबाट अतिप्रस
भएको छु ।

पराशरले भन्नुभयो– परमात्माका यसप्रकारका कुरा सुनेपछि बालक
ध्रुवले आँखा खोलेर हेर्दा आफ्नो ध्यानावस्थामा देखिइरहनुभएका भगवा
श्रीहरि आफ्नो अगाडि प्रकट हुनुभएको देखे । यसपछि बालक ध्रुवले शङ्ख
चक्र, गदा, शार्ङ्ग धारण गर्नुभएका भगवान् अच्युतलाई देखेर भुइँमा सिर टेकाए
साष्टाङ्ग प्रणाम गरेर अनायास अतिरोमाञ्चित शरीर भएका र धेरै डराएका ध्रुवले
श्रीविष्णुको स्तुति गर्ने विचार गरे । तर 'मैले परमात्माको स्तुति गर्दा के भन्ने ? के
भन्दा उहाँको स्तुति हुन सक्तछ?' भन्ने कुराको ज्ञान नभएका ध्रुव अत्यन्त व्याकुल
भएकाले अन्तमा उनले तन्मय भएर आफूलाई उहाँका शरणमा समर्पण गरिदिँ
भने– हे भगवान् ! यदि हजुर मेरो तपस्याबाट प्रसन्न हुनुहुन्छ भने म हजुरको
स्तुति गर्न चाहन्छु । यसकारण हजुरले मलाई यही वरदान दिनुहोस्, जसक
माध्यमद्वारा मैले हजुरको तपस्या गर्न सकूँ । जसको गतिका बारेमा वेदको पूर्ण
ज्ञान भएका ब्रह्मासमेतले जान्न सक्तैनन् । यस्ता अज्ञेय परमात्माको म अबोध
बालकले कसरी स्तुति गर्न सक्तछु ? तर हजुरको भक्तिद्वारा पानीझैँ भएको मेरो

चित्त हजुरका चरणहरूको स्तुति गर्नका लागि उद्यत भइरहेको छ। यसैले हजुरले मलाई स्तुतियोग्य बुद्धि प्रदान गरिदिनोस्।

उनका यसप्रकारका कुरा सुनेपछि समग्र जगत्का अधिपति परमात्माले आफ्नो अगाडि हात जोडेर उभिएका ध्रुवलाई आफ्नो वेदमय शङ्खको अन्त अथवा वेदान्तमय भागको स्पर्श गराइदिनुभयो। त्यसै समयमा ज्ञान प्राप्त भएकाले प्रसन्न मुद्रामा रहेका ती ध्रुवले विनम्र भएर भगवान् अच्युतको स्तुति गर्ने सिलसिलामा भने– पृथ्वी, जल, अग्नि, वायु, आकाश, मन, बुद्धि, तेज, अहङ्कार, मूल प्रकृति र मन इन्द्रियहरूका उपलक्षण छन्। महत्तत्त्व, अहङ्कारसहित प्रकृतिसमेतका चौबीस तत्त्व जसका स्वरूप हुन्, उहाँ परमात्मालाई नमस्कार गर्दछु। जो अतिशुद्ध, सूक्ष्म, सर्वव्यापक र प्रकृति भन्दा अलग परमपुरुष हुनुहुन्छ; उहाँ गुणहरूका साक्षीलाई म नमस्कार गर्दछु। जो पृथ्वीको आदि सबै भूत र तिनीहरूको गुण, गन्धसमेत तथा बुद्धिसहित र जी यी सबैभन्दा पर हुनुहुन्छ; जो सनातन पुरुष हुनुन्छ; म उहाँ समग्र जगत्का अधिपति परम शुद्ध परब्रह्मस्वरूप परमात्माको पवित्र शरणमा परेको छु। सर्वगत र बुद्धिशील भएका कारण ब्रह्म नाम भएको जुन हजुरको स्वरूप छ; त्यो विकाररहित स्वरूपलाई म नमस्मार गर्दछु। हजुर हजारौँ सिर, हजारौँ आँखा, हजारौँ पाउसम्पन्न परमपुरुष हुनुहुन्छ। हजुर आवरणसहित समग्र ब्रह्माण्डलाई ढाकेर दस गुण प्रमाणबाट विराजमान हुनुन्छ। हजुर नै भूत, भविष्य र वर्तमान हुनुहुन्छ तथा हजुरबाटै विराट्, सम्राट् र अधिपुरुष अर्थात् ब्रह्मलगायत उत्पन्न भएका हुन्। हजुर नै पृथ्वीका तल, माथि, दायाँ र बायाँ सबैतिर व्याप्त भएर रहनुभएको छ। यो समग्र जगत् हजुरबाटै उत्पन्न भएको हो र यो चराचर जगत् हजुरकै स्वरूप हो। यो समग्र जगत् हजुरमै आश्रित रहेको छ भन्नुमा कुनै अत्युक्ति छैन र यसै जगत्मा यज्ञमा हवन गरिने वस्तुको हवन हुन्छ। दही, घिउ, ग्रामीण वनमा रहने यज्ञमा चढाइने पशु पनि हजुरबाटै उत्पन्न भएका हुन्। हजुरबाटै ऋग्वेद, सामवेद र सबै छन्दहरू उत्पन्न भएका हुन् भने हजुरबाटै यजुर्वेदको प्रादुर्भाव भएको हो तथा घोडा र एकतिर मात्र दाँत हुने राँगासमेतका जीव पनि हजुरबाटै उत्पन्न भएका हुन्। यसैगरी हजुरबाटै गाई, बाख्रा, भेडा र मृगलगायतका जीव उत्पन्न भएका हुन् भने हजुरका मुखबाट ब्राह्मण, पाखुरादेखि औँलासम्मको हातको भागबाट क्षत्रिय, तिघ्राको चाक्लो भागबाट वैश्य र चरणबाट शूद्र उत्पन्न भएका हुन्। यसरी नै भित्री छिद्र अर्थात् नासरन्ध्रबाट प्राण, मुखबाट अग्नि,

नाभिबाट आकाश, सिरबाट स्वर्ग, दुवै कानबाट दसोटै दिशा र चरणबाट यो पृथ्वी उत्पन्न भचएका हुन् । जसरी सानो बीजमा विशाल रूख रहेको हुन्छ; त्यसैगरी हजुरबाट उत्पन्न भएको यो समग्र जगत् प्रलयका समयमा यसको बीजस्वरूप हजुरमै विलीन हुन्छ । जसरी बीज टुसाका रूपमा उत्पन्न हुन्छ र त्यसबाट विशाल बरको रूख हुन्छ; त्यसैगरी सृष्टिका समयमा यो समग्र जगत् हजुरबाटै उत्पन्न भएर पूर्ण रूपमा फैलन्छ । जसरी केराको फल भित्रको गुदी बाहिरको बोक्राभन्दा अगल भएको देखिँदैन, त्यसैगरी यो समग्र जगत् हजुरभन्दा अलग रहेको छैन । यो समग्र जगत्को आधारस्वरूप हजुरमा सधैँ आनन्दित रहने र अविच्छिन्न विद्याशक्ति विभिन्न रूपमा रहन्छन् । निर्गुण स्वरूप हजुरमा विषयबाट उत्पन्न हुने आनन्द र पीडित बनाउने अर्थात् सात्त्विक वा तामस अथवा दुवैको मिश्रणरूप राजस कुनै पनि गुण रहँदैनन् । हजुर कार्यका दृष्टिमा अलग र कारणका दृष्टिबाट एक स्वरूप हनुहुन्छ । हजुर नै सबै भूतहरूमा सूक्ष्म हुनुहुन्छ तथा हजुर नै विभिन्न प्रकारका जीवस्वरूप हुनुहुन्छ; यस्ता हजुरलाई नमस्कार छ । योगीहरूले आफ्नो अन्तरात्मामा महत्‌तत्त्व, प्रकृति, पुरुष, विराट्, सम्राट् जस्ता अनेकौँ स्वरूपमा हजुरकै चिन्तन गर्छन् । हजुर अविनाशी हुनुहुन्छ भने हजुर नै सर्वस्वरूप हुनुभएकाले सबै हजरबाटै उत्पन्न भएका हुन् । यसकारण सबै भूतहरूको अन्तरात्मा हजुरलाई मेरो नमस्कार छ । यसरी सबैको आत्मामा रहनुभएका हजुरसँग म के बिन्ती गरूँ । हजुर आफैँ सबै प्राणीका हृदयमा उत्पन्न विचारका ज्ञाता हुनुहुन्छ । मेरो मनमा जुन कुरा उत्पन्न भएको थियो, त्यो हजुरले सफल बनाइदिनुभयो । मैले गरेको तपस्या पनि यथार्थ रूपमा सफल भयो । किनकि जसका प्रभावले गर्दा मैले हजुरको प्रत्यक्ष रूपमा दर्शन गर्ने अवसर पाएँ ।

श्रीभगवान्‌ले भन्नुभयो– तिमीले प्रत्यक्ष रूपमा मेरो दर्शन पाएकाले तिम्रो यो तपस्या पूर्ण रूपमा सफल भयो । तर मेरो दर्शन पनि कहिल्यै निष्फल हुँदैन । यसकारण तिमी आफ्नो इच्छाअनुसारको वर माग । किनकि मेरो दर्शन गरिसकेका पुरुषलाई सबै कुरा यथार्थ रूपमा प्राप्त भइसकेको हुन्छ ।

ध्रुवले भने– हजुर सबै प्राणीको हृदयमा विराजमान हुनुभएकाले मेरो चाहना हजुरबाट लुकेको छैन । तर पनि म दुर्विनीत अतिदुर्लभ मानिएका जुनजुन वस्तुहरू प्राप्त गर्ने कामना गर्छु; त्यो हजुरलाई बताउँछु । हजुर प्रसन्न भएपछि यो संसारमा प्राप्त नहुने केही पनि छैन । इन्द्रले पनि हजुरको कृपापात्र भएकाले तीनोटै

लोकको ऐश्वर्य भोग गरिरहेका छन्। मेरी सौतेनी आमाले ज्यादै घमण्डपूर्वक तिमी मेरो गर्भबाट उत्पन्न नभएकाले यो राजसिंहानिका लागि योग्य छैनौ भनिन्। यसकारण हजुरको आशीर्वादले म त्यो सर्वोत्कृष्ट र कहिल्यै विनाश नहुने स्थान प्राप्त गर्न चाहन्छु; जुन समग्र विश्वको आधारशिला छ।

श्रीभगवान्‌ले भन्नुभयो— तिमीले जुन स्थान प्राप्त गर्ने इच्छा गरेका छौ, त्यो अवश्य प्राप्त गर्नेछौ। किनकि तिमीले पहिलो जन्ममा पनि मलाई ज्यादै सन्तुष्ट बनाएका थियौ। तिमी पहिलो जन्ममा निरनतर रूपमा ज्यादै एकाग्र भएर मनलाई ममा नै लगाउने गर्दथ्यौ, आफ्ना मातापिताको सेवामा कुनै किसिमको त्रुटि हुन दिएका थिएनौ तथा आफ्नो सधर्म यथार्थ रूपमा पालन गर्ने एउटा ब्राह्मण थियौ। कालान्तरमा एउटा राजाको पुत्र तिम्रो मित्र भयो। ऊ युवावस्थामा सबै भोगहरूबाट सम्पन्न तथा देख्नमा योग्य र अनुहार धेरै उज्यालो भएको थियो। उसको सङ्गतका प्रभावले र उसको सुख सुविधा देखेर तिमीमा म पनि राजाको पुत्र हुन पाए हुन्थ्यो भन्ने अभिलाषा उत्पन्न भयो। यसैले तिमीले जसरी राजाको पुत्र हुने अभिलाषा गरेका थियौ, त्यसैगरी स्वायम्भुव मनुका कुलमा राजा उत्तानपादका घरमा जन्म लिएका छौ; त्यो स्थान अन्यका लागि ज्यादै दुर्लभ छ र तर त्यसमा पनि जसले म सर्वव्यापी परमात्मालाई सन्तुष्ट पार्न सक्तछ; त्यसका लागि यो स्थान केही पनि होइन। मेरो आराधना गरेर मनुष्यले चाँडै वास्तविक मुक्ति प्राप्त गर्छ र जसको मन निरन्तर रूपमा ममा लागेको छ; उसका लागि स्वर्गलगायतका स्थान पनि अतितुच्छ हुनेछ। मेरो कृपाका प्रभावले गर्दा तिमीले तीनोटै लोकमा सर्वोत्तम मानिएको त्यो स्थान प्राप्त गर्नेछौ; जुन तारामण्डल र ग्रहहरूको आश्रयस्थल हुनेछ। म तिमीलाई सूर्य, चन्द्र, मङ्गल, बुध, बृहस्पति, शुक्र र शनिलगायतका ग्रहभन्दा र सबै सप्तर्षि, नक्षत्रमण्डल तथा विमानमा घुमफिर गर्ने देवताहरूभन्दा माथिको स्थान दिन्छु; जुन स्थान निश्चल र निर्विकल्प हुनका साथै सधैँ रहिरहन्छ। तिम्री माता सुनीति पनि स्वच्छ तारास्वरूप भएर एक कल्पसम्म तिम्रा नजिकै एउटा विमानमा बस्नेछिन्। जुन मनुष्यले यथार्थ रूपमा वशमा रहेको मनका माध्यमद्वारा बिहानको शुभ मुहूर्तमा र साँझको सन्ध्याका समयमा तिम्रा गुणको कीर्तन गर्नेछ; त्यसले धेरै पुण्य पाउनेछ।

पराशरले भन्नुभयो— यसरी प्राचीन कालमा समग्र जगत्‌का अधिपति भगवान् श्रीविष्णुबाट वरदान पाएका ध्रुव सर्वोत्कृष्ट स्थानमा बस्न थाले। आफ्ना मातापिताको धर्मपूर्वक सेवा गर्नाले, बाह्र अक्षरसम्पन्न मन्त्रको निरन्तर जप गर्नाले

तथा आफ्नो तपस्याका प्रभावले ध्रुवको वैभव र महत्त्वलाई देखेर दानव र देवताका आचार्य शुक्रले यस विषयमा एउटा श्लोक बताएका छन्। ओहो ! यसको तपस्याले कस्तो आश्चर्यजनक फल प्राप्त भएको हो; जसमा ध्रुवलाई नै अगाडि राखेर सप्तर्षिहरू अवस्थित भएका छन् र यिनकी माता सुनीति पनि अवश्य सधैँ कल्याणदायक वचन मात्र बोल्छिन्, यिनको महत्वका विषयमा संसारमा कसले वर्णन गर्न सक्तछ ? जसले आफ्नो गर्भमा ध्रुवजस्तो तपस्वीलाई धारण गरेर तीनोटै लोकको आश्रयस्वरूप भविष्यमा पनि रहिरहने सर्वोत्कृष्ट स्थान प्राप्त गर्न सफल भइन्। जुन मनुष्यले सधैँ ध्रुवको यो अलौकिकलोक प्राप्तिका विषयको कीर्तन गर्छ; त्यो स्वर्ग वा पृथ्वी जहाँ रहे तापनि कहिल्यै आफ्नो स्थानबाट च्युत हुँदैन अर्थात् उसको अस्तित्व सधैँ रहिरहन्छ र ऊ कल्याणदायक गुणहरूले परिपूर्ण भएर धेरै समयसम्म जीवित रहन्छ।

ध्रुवकी पत्नीबाट शिष्टि र भव्य नाम भएका दुइटा पुत्र जन्मिए। भव्यका शम्भु नाम भएका पुत्र जन्मिए तथा शिष्टिका सुच्छाया नाम भएकी पत्नीबाट रिपु, रिपुञ्जय, विप्र, वृकल र वृकतेजा नाम भएका पाँचोटा निष्पाप पुत्र जन्मिए। रिपुको बृहति नाम भएकी पत्नीबाट महातेजस्वी चाक्षुष नाम भएका पुत्र जन्मिए भने चाक्षुषकी वरुणको कुलमा उत्पन्न भएकी पत्नी पुष्करिणीबाट मनु जन्मिए, जो छैटौँ मन्वन्तरका अधिपति भए। तपस्वीहरूमध्ये श्रेष्ठ मनुका वैराज प्रजापतिकी पुत्री नड्वलाको गर्भबाट दसोटा महातेजस्जी पुत्र जन्मिए। तिनको नाम ऊरु, पुरु, शतद्युम्न, सत्यवान्, शुचि, अग्निष्टोम, अतिरात्र, सुद्युम्न र अभिमन्यु थियो। यिनीहरूमध्ये ऊरुकी आग्नेयी नाम भएकी पत्नीबाट अतितेजस्वी अङ्ग, सुमान, ख्याति, क्रतु, अङ्गिरा र शिवि नाम भएका छओटा पुत्र जन्मिए। अङ्गकी पत्नी सुनीथाको गर्भबाट वेन जन्मिए। ऋषिहरूले सन्तान उत्पन्न गराउनका लागि वेनको दाहिने हात मन्थन गरे। यसरी मन्थन गरेपछि वैन नाम भएका पुत्र उत्पन्न भए, जो पृथुका नामले प्रख्यात भए, जसले प्रजाहरूको कल्याण गर्नका लागि प्राचीन कालमा यो पृथ्वी दुहेका थिए।

मैत्रेयले भने– परम ऋषिले केका लागि वेनको दाहिने हात मन्थन गरेका थिए, जसबाट अतिपराक्रमी राजा पृथु उत्पन्न भएका थिए।

पराशरले भन्नुभयो– यमराजकी सुनीथा नाम भएकी कन्यासँग अङ्गको विवाह भएको थियो। उनैबाट वेनको जन्म भएको हो। ती यमराजकी कन्याबाट

जन्मिएका पुत्र आफ्ना मावलीका हजुरबाका दोषले गर्दा अत्यन्तै दुष्ट आचरण भएको थियो। जुन समयमा मुख्यमुख्य ऋषिहरूद्वारा राजा वेनको राज्याभिषेक भइरहेको थियो, त्यसै समयमा उनले सबै यज्ञहरूको अधिपति मै हुँ, मबाहेक अन्य कोही पनि भोक्ता पुरुष र यज्ञको स्वामी हुन सक्तैन। यसकारण कहिल्यै पनि कसैले पनि यज्ञ, दान र हवन नगर्नु भन्ने घोषणा गरिदिएकाले त्यहाँ आएका महर्षिहरूले ती राजाका नजिकमा आएर सबैभन्दा पहिले उनको पूजा गरेर शान्त वचनमा भने।

महर्षिहरूले भने—तिम्रो राज्य र आफ्नो शरीरको भलाइ तथा प्रजाको उपकारका लागि जुन अतिकल्याणदायक कुरा बताउन लागेका छौँ; त्यो सुन। तिम्रो कल्याण होस्, हामी जुन यज्ञका माध्यमद्वारा सबै यज्ञका स्वामी परमात्मा श्रीहरिको पूजा र आराधना गर्छौँ, त्यसको फलमध्येबाट तिमीलाई पनि छैटौँ भाग प्राप्त हुनेछ। यसरी हामीले गरेका यज्ञद्वारा प्रसन्न हुनुभएका भगवान् श्रीविष्णुले हाम्रोसहित तिम्रो पनि अभिलाषा पूरा गरिदिनुहुन्छ। जुन राजाको राज्यमा यज्ञद्वारा श्रीहरिको पूजा आराधना गरिन्छ; त्यस राज्यका राजाको इच्छा भगवान्ले परिपूर्ण गरिदिनुहुन्छ।

वेनले भने— मभन्दा ठूलो अर्को को छ, जसको मैले आराधना गर्नुपर्छ ? र जसलाई तिमीहरूले सबै यज्ञका अधिपति बताइरहेका छौ, त्यो हरिका नामले प्रख्यात भएको को हो ? ब्रह्मा, विष्णु, महादेव, इन्द्र, वायु, यम, अग्नि, वरुण, धाता, पूषा, पृथ्वी, चन्द्रमा यी सबै देवता र यिनीबाहेकका जुन अन्य श्राप र अनुग्रह गर्ने देवताहरू छन्, ती सबै राजाको शरीरमा बसेका हुन्छन्; किनकि राजा सबै देवतासम्पन्न हुन्छन्। यसकारण मैले जसलाई जुन किसिमको आज्ञा दिन्छु, त्यसले त्यसैअनुसारको कार्य गर्नू। यसैले कसैले दान, यज्ञ र हवनलगायतको कार्य नगर्नू। जसरी स्त्रीको आफ्नो पतिको सेवा गर्नु परम धर्म मानिएको छ; त्यसैगरी मेरो आज्ञा पालन गर्नु तिमीहरूको परम धर्म हो।

ऋषिहरूले भने—हजुरले यसप्रकारको आज्ञा दिनुहोस्, जसबाट धर्मको विनाश नहोस्। यो समग्र जगत् यज्ञमा हवन गरिएको सामग्रीकै परिणाम हो।

पराशरले भन्नुभयो— यसप्रकारले ती परम महर्षिले पटकपटक अनुरोध गर्दा पनि ती अतिघमण्डी राजा वेनले उनीहरूलाई यज्ञलगायत गर्ने आज्ञा दिएनन्। त्यसपछि धेरै रिसाएर असहिष्णु बनेका ती महर्षिहरूले आपसमा यो महापापीलाई मार भन्दै ती राजा वेनको विरोध गरे। जसले अनादि, अजन्मा, अविनाशी, अव्यक्त र यज्ञपुरुष श्रीविष्णुको निन्दा गर्छ; त्यो दुराचारी कुनै पनि अवस्थामा पृथ्वीको स्वामी

हुन योग्य रहँदैन। यसरी आपसमा कुराकानी गरेपछि ती महर्षिहरूले श्रीविष्णुको निन्दा गरेकाले पहिलै मरेका राजा वेनलाई मन्त्रद्वारा पवित्र बनाएको कुश प्रहार गरेर मारिदिए। यसपछि ती महर्षिहरूले चारै दिशामा अतिडरलाग्दो धूलो उडिरहेको देखे। तब उनीहरूले आफ्नो नजिकमा रहेका मनुष्यहरूसँग यो के भएको हो ? भनेर सोधे।

मनुष्यहरूले भने– राज्य राजाविहीन भएकाले दुःख पाएकाहरूले चोर बनेर अर्काको धन चोरी गर्न थाले। ती अर्काको धन चोर्ने चोरहरूले अतितीव्र गतिमा उपद्रो मच्चारहेकाले यो भयानक अवस्था सृजना भएर यसरी धूलो उडेको देखिएको हो। त्यसपछि ती महर्षिहरूले आपसमा सल्लाह गरेर ती पुत्र नभएका राजाको पुत्र उत्पन्न गराउने अभिप्रायले यत्नपूर्वक उनका तिघ्राको मन्थन गर्न थाले। यसरी मन्थन गरेपछि ती राजाको तिघ्राबाट डढेको काठको ठुटोजस्तो अत्यन्त कालो, डल्लो, होचो र धेरै सानो अनुहार भएको एउटा पुरुष उत्पन्न भयो। अतिव्याकुल भएको त्यस पुरुषले ती महर्षिहरूसँग अब म के गरूँ? भनेर सोधेपछि महर्षिहरूले निषीद अर्थात् बस भनेका हुनाले त्यो निषादका नामले प्रख्यात भयो। त्यसबाट उत्पन्न भएका मनुष्यहरू जसले विन्ध्याचलमा बसेर अतिपापमय आचरण गर्ने भएकाले तिनीहरूलाई निषाद भन्ने परम्परा बस्यो तथा त्यही निषादरूपी बाटोबाट ती राजा वेनको सबै पाप निस्किएर गयो र ती निषाद वेनका पापहरूको नाश गराउनमा कारक तत्त्व भए। यसपछि ती महर्षिहरूले धेरै प्रयत्नपूर्वक राजा वेनको दाहिने हात मन्थन गरे। त्यो मन्थनबाट महाप्रतापी र आफ्नो शरीरमा दन्किरहेको आगोजस्तै प्रकाश भएका पृथु प्रकट भए। यसरी पृथु प्रकट भएपछि सबैभन्दा पहिले आकाशबाट आजगव नाम भएको शिवको धनुष, अलौकिक बाण र कवच झऱ्यो। पृथु उत्पन्न भएपछि सबै प्राणी ज्यादै आनन्दित भए भने सत्पुत्रको जन्म भएकाले राजा वेन स्वर्गलोक गए। यसरी महात्मा पृथुको जन्म भएपछिमात्र नरकबाट राजा वेनको उद्धार भयो। ती पृथुको राज्याभिषेक गर्नका लागि सबै समुद्र र नदीहरू अनेकौँ प्रकारका रत्नहरू र जल लिएर त्यहाँ उपस्थित भए। त्यस समयमा अङ्गिरस ऋषिसमेतका देवताहरूका साथ ब्रह्माले र चराचर प्राणीले त्यहाँ आएर पृथुको राज्याभिषेक गरे। ती राजा पृथु दाहिने हातमा भगवान् श्रीविष्णुको सुदर्शन चक्र रहेको देखेर ब्रह्मा राजा पृथुलाई विष्णुको अंश सम्झिएर ज्यादै सन्तुष्ट हुनुभयो। यो भगवान् श्रीविष्णुको चक्रको चिह्न सबै चक्रवर्ती राजाहरूको हातमा अवश्य पनि

हुन्छ। देवताहरूले पनि तिनीहरूको प्रभाव रोक्न सक्तैनन्। यसरी राजा पृथुको राज्याभिषेक भयो। जुन प्रजाहरूलाई आफ्ना पिताले धेरै अप्रसन्न बनाएका थिए, तिनीहरूलाई उनले प्रसन्न गराए। यसकारण अनुञ्जन गर्नाले उनको नाम राजा भयो। जुन समयमा उनी समुद्रमा यात्रा गर्थे, त्यस समयमा समुद्रको जल बग्दैनथ्यो, पर्वतले उनलाई बाटो छाडिदिन्थे र उनको झण्डा कहिल्यै भाँचिएन। पृथ्वी जोत्ने र बीज छर्ने नगरिकनै अन्न उब्जन्थ्यो तथा चिन्तनमात्र गर्नाले अन्न सिद्ध हुन्थ्यो भने गाईहरू कामधेनु समानका थिए र पत्रपत्रमा मह भरिएको हुन्थ्यो। राजा पृथु उत्पन्न हुनेबित्तिकै पैतामह नाम भएको यज्ञ गरेका थिए। त्यसबाट सोमाभिषवका दिन सूतिबाट सूत उत्पन्न भए। त्यहीँ यज्ञबाट अतिबुद्धिमान् मागध उत्पन्न भएपछि महर्षिहरूले ती दुवै सूत र मागधहरूलाई भने।

महर्षिहरूले भने– तिमीहरूले यी ज्यादै प्रतापी राजा पृथुको स्तुति गर्नू। तिमीहरूका लागि योग्य काम यही हो र यी राजा स्तुति गर्न योग्य छन्।

उनीहरूले भने– यी राजा त आजै उत्पन्न भएका हुन्, हामीलाई यिनका कुनै पनि कर्मको ज्ञान छैन। अहिले यिनका गुणहरू पनि देखिएका छैनन् भने यश पनि प्रख्यात भएको छैन। यस्तो अवस्थामा हामीले केको आधारमा उनको स्तुति गर्ने ?

महर्षिहरूले भने– यी चक्रवर्ती राजाले भविष्यमा जे जे कर्म गर्छन् र यिनको भावी गुण जुन प्रकारको हुनेछ; त्यसैका आधारमा तिमीहरूले यिनको स्तुति गर्नू।

पराशरले भन्नुभयो– ती महर्षिहरूका यसप्रकारका कुरा सुनेर राजा पृथुले पनि अतिसन्तुष्ट हुँदै सोचे–मनुष्य सद्गुणले मात्र प्रशंसाको पात्र बन्न सक्तछ। यसकारण मैले पनि असल गुणहरू कमाउनुपर्छ। त्यसैले आज यी सूत र मगाधले स्तुतिका माध्यमद्वारा जुन गुणका विषयमा वर्णन गर्छन्, म पनि सावधान भएर त्यस्तै किसिमको गुणी बन्नेछु। यदि उनीहरूले कुनै परित्याग गर्न योग्य अवगुणका विषयमा बताए भने म तिनको परित्याग गरिदिनेछु। यसपछि ती धेरै मीठो स्वरका धनी सुत मगाधले उनको भाचवी कर्महरूका आधारमा लयबद्ध रूपमा पृथुको राम्ररी स्तुति गर्न आरम्भ गरे।

ती दुवैले भने– यी राजा सत्य वचन मात्र बोल्ने, दानशील, मर्यादापालक, सत्यवादी, लज्जाशील, मित्रतापूर्ण, क्षमाशील, पराक्रमी र दुष्टको विनाश गर्ने

स्वभाव भएका छन् तथा यी यिनी अतिधार्मिक, कृतज्ञ, दयालु, सुमधुर वचन बोल्ने, मान्यजनहरूको सम्मान गर्ने, यज्ञ गर्ने ब्राह्मणहरूको भक्त र साधुहरूबाट सम्मानित छन्। यी राजाले व्यवहार गर्दा आफ्नो शत्रु र मित्रमा समान किसिमको भाव राख्छन्। यस किसिमले सूत र मगाधले बताएका गुणहरूलाई उनले धारण गरेर त्यसैअनुसारको कार्य पनि गरे। यसपछि पृथुले पृथ्वीको पालनपोषण गर्दै अत्यन्त धेरै दक्षिणा दिइने ठूलाठूला यज्ञ गरे। त्यसपछि अराजकता फैलिएको समयमा पृथ्वीमा भएका सबै औषधि नष्ट भएकाले भोकबाट ज्यादै पीडित भएका प्रजा ती राजाका नजिकमा गए।

उनीहरूले भने– अराजकताका समयमा पृथ्वीले सबै औषधिहरू आफैँमा विलीन गराइन्। यसकारण हजुरका प्रजाको अवस्था बिग्रिएको छ। ब्रह्माले हजुरलाई हामीलाई जीवननिर्वाहका लागि गरिने काम दिने प्रजापालक बनाउनुभएको छ। यसकारण भोकबाट अतिपीडित भएका हामी प्रजाहरूलाई जीवनस्वरूप औषधि दिनुहोस्।

पराशरले भन्नुभयो– यसप्रकारका कष्टपूर्ण वचन सुनिसकेपछि र ाजा पृथु आफ्नो आजगव नाम भएको धनुष र अलौकिक बाण लिएर रिसाउँदै पृथ्वीको पछिपछि दौडिए। त्यसपछि डरले ज्यादै व्याकुल भएकी पृथ्वी गाई रूप धारण गरेर भाग्दै ब्रह्मलोकलगायतका सबै लोकमा गइन्। ती सबै लोक र प्राणीमात्रलाई धारण गर्ने पृथ्वी पृथुको निशानाबाट बच्नका लागि जहाँजहाँ गइन्, त्यहाँत्यहाँ उनले पृथु धनुषमा बाण चढाएर हान्न तयार हुँदै आफ्नो पछिपछि आइरहेको देखिन्। यसपछि कालको रूप धारण गरेर आफ्नो पछि लागिरहेका पृथुले चलाएको बाणको निशानाबाट आफूलाई बचाउने प्रयासमा लागेकी पृथ्वी ज्यादै डराएकी थिइन्।

पृथ्वीले भनिन्– के तपाइँले स्त्रीको वध गर्दा लाग्ने महापाप नदेखेर मलाई मार्ने प्रयासमा लागिरहनुभएको छ।

पृथुले भने– यदि एउटा दुष्कर्म गर्नेको वध गर्दा धेरैको कल्याण हुन्छ भने त्यसको वध गर्नु पाप नभएर पुण्यदायक हुन्छ।

पृथ्वीले भनिन्– यदि आफ्ना प्रजाहरूको कल्याण गर्नका लागि मेरो वध गर्नुभयो भने मेरो मृत्युपछि हजुरका प्रजाको आधार के हुन्छ ?

पृथुले भने– मेरो आज्ञा नमान्ने तिम्रो आफ्नो बाणद्वारा वध गरेर म

आफ्ना प्रजालाई आफ्नो योगबलका माध्यमद्वारा धारण गर्नेछु।

पृथ्वीले फेरि भनिन्– ज्यादै लगनशील भएर आरम्भ गरिएका सबै कार्य यथार्थ रूपमा सफल हुन्छन्। यसकारण म हजुरलाई एउटा उपाय बताउँछु। यदि हजुरलाई मैले बताएको उपाय उचित लाग्यो भने त्यसैअनुसार गर्नुहोस्। मैले जुन औषधिहरू खाएर पचाइसकेकीछु; ती औषधिहरू हजुरले दूधको रूपमा फेरि हजुरका प्रजालाई दिन सक्छु। यसकारण हजुरले आफ्ना प्रजाहरूको कल्याणका लागि त्यस किसिमको बाच्छो बनाइदिनुस्, जसका माध्यमद्वारा वात्सल्यपूर्ण अवस्था सृजना गराएर ती औषधिहरूलाई मैले दूधका रूपमा निकाल्न सकूँ। मलाई हजुरले सबैतिर समतल बनाइदिनुस्, जसका माध्यमद्वारा मैले सर्वोत्तम औषधिहरूको बीजका रूपमा रहेको दूध सबै ठाउँमा सजिलै उत्पन्न गराउन सकूँ।

पराशरले भन्नुभयो– त्यसपछि पृथुले आफ्नो धनुषको अगाडिको भागबाट सैकडौं पर्वत उखेलेर तिनीहरूलाई एउटा निश्चित ठाउँमा जम्मा गरिदिए। यसभन्दा पहिले पृथ्वी यथार्थ रूपमा समतल नभएकी हुनाले सहर र गाउँको बाँडफाँड भएको थिएन। त्यस समयमा अन्न, गाई पालन, खेतीपाती र व्यापारसमेतको कुनै उचित व्यवस्था थिएन। जब राजा पृथुले पृथ्वीलाई पूर्ण रूपमा समतल बनाइदिए, त्यसै समयदेखि यी सबैको आरम्भ भयो। जहाँ पृथ्वी समतल भएर बस्नका लागि उपयुक्त स्थान भएको थियो, प्रजाहरूले त्यहीं बस्ने चाहना व्यक्त गरे। त्यस समयमा प्रजाहरूको आहार फलफूल र कन्दमूल मात्र रहेको थियो। त्यो पनि सबै औषधिहरूको विनाश भएकाले ज्यादै दुर्लभ भइसकेको थियो। यसपछि राजा पृथुले स्वायम्भुव मनुलाई बाच्छो बनाएर आफ्नै हातमा आफ्ना प्रजाहरूको कल्याण गर्नका लागि गाईको स्वरूप धारण गरेकी पृथ्वीबाट सबै अन्न निकाले। त्यही अन्नका आधारमा प्रजाहरू आजसम्म जीवित रहेका छन्। पृथुले प्राण दान गरेकाले उनी भूमिका पिता भए भने त्यसै समयदेखि सबै प्रणीलाई धारण गर्ने जननीको नाम पृथ्वी भयो। त्यसपछि देवता, ऋषि, दैत्य, राक्षस, पर्वत, गन्धर्व, सर्प, यक्ष, किन्नर, पितृ, रूखसमेत सबैले आआफ्नो चाहनाअनुसारको दूध दुहुने कार्य गरे भने बाच्छो र दुहुने व्यक्ति पनि उनीहरूकै इच्छाअनुसारका थिए। यसैले श्रीविष्णुका चरणबाट उत्पन्न भएकी यी पृथ्वीले सबैलाई जन्म दिने, बनाउने तथा धारण गर्ने कार्य गर्दछिन्। यसैले यिनी हाम्री जननी हुन्। ती राजा पृथुका अन्तर्धान र पाली नाम भएका दुइटा ज्यादै धार्मिक पुत्र जन्मिए। तिनीहरूमध्ये

अन्तर्धान र उनकी पत्नी शिखण्डिनीबाट हविर्धान नाम भएका पुत्र जन्मिए। हविर्धानकी धिषणा नाम भएकी पत्नीबाट प्राचीनबर्हि, शुक्र, गय, कृष्ण, ब्रज र अजिन नाम भएका छओटा पुत्र जन्मिए। हविर्धानका पुत्र प्राचीनबर्हि एउटा ज्यादै कुशल र महान् पूजापति थिए, जसले यज्ञका माध्मद्वारा आफ्ना प्रजाहरू धेरै बढाए। उनको समयमा पृथ्वीमा धेरै यज्ञ गरिने भएकाले जहाँसुकै प्राचीनाग्र कुश पृथ्वी पूर्ण रूपमा फैलिएको थियो। ती राजाले कठोर तपस्या गरिसकेपछि समुद्रकी सवर्णा नाम भएकी कन्यासँग विवाह गरे। ती प्राचीनबर्हि तथा सवर्णाबाट धनुर्वेदमा पारङ्गत भएका प्रचेता नाम भएका दसोटा पुत्र जन्मिए। ती समान रूपमा धार्मिक आचरणमा रहने प्रचेताहरूले समुद्रमा बसेर दस हजार वर्षसम्म कठोर तपस्या गरे।

मैत्रेयले भने– ती प्रचेताहरूले जुन कार्य सम्पन्न गर्नका लागि समुद्रको जलमा बसेर तपस्या गरेका थिए, त्यसका विषयमा मलाई विस्तारमा बताइदिनुस्।

पराशरले भन्नुभयो– ब्रह्माको आज्ञा पाएपछि प्रचेताहरूका पिता प्राचीनबर्हिले सन्तान उत्पादन गर्ने आज्ञा दिँदै उनीहरूसँग भने– ब्रह्माले मलाई तिमीले प्रजाको वृद्धि गर भन्ने आज्ञा दिनुभएकाले मैले त्यसलाई सहर्ष स्वीकार गरेँ। यसकारण तिमीहरूले मेरो प्रसन्नताका लागि ज्यादै होसियार भएर प्रजाहरू बढाउने कार्य गर। किनकि प्रजापतिको आज्ञा तिमीहरूले मान्नैपर्छ।

पराशरले भन्नुभयो– ती राजकुमारहरूले आफ्ना पिताका कुरा सुनेपछि हुन्छ भन्दै पितासँग सोधे।

उनीहरूले भने– हामीलाई प्रजाको अभिवृद्धि गराउने माध्यमका विषयमा यथार्थ रूपमा बताइदिनुस्।

पिताले भने– भगवान् श्रीविष्णुको आराधना गरेपछि मनुष्यलाई निश्चित रूपमा आफूले चाहेको वस्तु प्राप्त हुन्छ र अन्य कुनै उपायबाट सम्भव छैन। यसकारण तिमीहरू आफ्नो जीवन सार्थक बनाउन चाहन्छौ भने प्रजाहरूको वृद्धिका लागि परमात्मा श्रीविष्णुको आराधना गर। किनकि धर्म, अर्थ, काम र मोक्ष प्राप्त गर्ने चाहना भएका पुरुषले सधैँ एकाग्रतापूर्वक श्रीविष्णुको आराधना गर्नुपर्छ। कल्पको आरम्भमा जुन परब्रह्मको उपासना गरेर ब्रह्माले संसारको रचना गर्नुभएको थियो; तिमीहरूले पनि उहाँकै उपासना गर। यसरी उपासना गर्दा तिमीहरूका सन्तानको वृद्धि हुनेछ।

पराशरले भन्नुभयो– आफ्ना पिताबाट यसप्रकारको आज्ञा पाएपछि ती

प्रचेता नाम भएका दसोटै पुत्रले समुद्रको जलमा पूर्ण रूपमा डुबेर कठोर तपस्या आरम्भ गरे। परमात्मा श्रीविष्णुमा एकाग्रचित्त भएर त्यही समुद्रको जलमा बसेका प्रचेताहरूले दस हजार वर्षसम्म श्रीहरिको उपासना गरे।

मैत्रेयले भने– समुद्रको जलमा बसेका ती दसोटा प्रचेताले परमात्मा श्रीविष्णुको जुन अतिपवित्र स्तुति गरेका थिए, त्यसका विषयमा विस्तारमा बताइदिनुस्।

पराशरले भन्नुभयो– ती दसोटा प्रचेताले आफ्नो चित्तलाई यथार्थ रूपमा एकाग्र बनाएर प्राचीन कालमा श्रीविष्णुको जुन स्तुति गरेका थिए, त्यसका बारेमा विस्तारमा सुन।

प्रचेताहरूले भने– जुन परमात्मा सबै वाक्यहरूबाट प्रतिपादन गर्न योग्य हुनुहुन्छ; उहाँ समग्र जगत्का आदि र अन्तका कारण परमात्मालाई हामी नमस्कार गर्छौं। जुन परमात्मा आदि ज्योतिस्वरूप, उपमाविहीन, धेरै सूक्ष्म, अनन्त, अपार, स्थावर र जङ्गम समग्र जगत्को आदिकारण तथा कुनै प्रकारको निश्चित स्वरूप नभएका, जुन परमात्माको दिन, रात र सन्ध्या पहिलो स्वरूप हो; उहाँ कालात्मक परमात्मा श्रीविष्णुलाई नमस्कार छ। प्राणीमात्रको जीवनको परमआधार, जसको अमृतमय स्वरूप सधैं देवता र पितृले भोग गर्छन्; यस्ता चन्द्रस्वरूप परमात्मालाई नमस्कार गर्छौं। जसले आफ्नो तेजका प्रभावले समग्र ब्रह्माण्डलाई प्रकाशमय बनाउँदै अन्धकार हटाइदिनुहुन्छ; जो घाम, शीत र जलको मुख्य स्रोत हुनुहुन्छ; उहाँ सूर्यस्वरूप परमात्मालाई नमस्कार छ। जसले साह्रो र निष्ठुर भएर यो समग्र जगत्लाई धारण गर्नुभएको छ; जो शब्दसहितका पाँचोटै विषयको परमाधार र समग्र ब्रह्माण्डमा व्याप्त हुनुहुन्छ; उहाँ भूमिस्वरूप परमात्मालाई नमस्कार छ। जो यो संसारको योनिस्वरूप हुनुहुन्छ र शरीरधारीहरूको बीज प्रदायक हुनुहुन्छ; उहाँ परमात्माको जलस्वरूपलाई नमस्कार छ। जो होम गरिएको वस्तु खाने अग्नि तथा पितृहरूलाई चढाइने वस्तुको मुखस्वरूप हुनुहुन्छ; उहाँ अग्निस्वरूप परमात्मा श्रीविष्णुलाई नमस्कार छ। जुन परमात्माले प्राण, अपानसहित पाँचोटा वायुको स्वरूपमा जीवको शरीरमा रहेर निरन्तर चेष्टा गर्नुहुन्छ र जसको योनि आकाश हो; उहाँ वायुस्वरूप परमात्मालाई नमस्कार छ। जुन शुद्ध र अनन्त मूर्ति भएका परमात्माले प्राणीमात्रलाई मौका वा ठाउँ दिनुहुन्छ; उहाँ आकाशस्वरूप परमात्मालाई नमस्कार छ। जो सबै इन्द्रियले परिपूर्ण भएको सृष्टिका लागि उत्तम

स्थान हुनुहुन्छ; उहाँ शब्द र स्पर्शस्वरूप परमात्मालाई नमस्कार छ। जसले नाश हुने वस्तु र मोक्ष रूपमा रहेर पनि इन्द्रियहरूको स्वरूप धारण गरेर सधैँ सबै विषय ग्रहण गर्नुहुन्छ; उहाँ समग्र ज्ञानका उमस्थलरूप परमात्मा श्रीहरिलाई नमस्कार छ। जसले इन्द्रिहरूले ग्रहण गरेका सबै विषय आत्मालाई दिनुहुन्छ; उहाँ मनस्वरूप परमात्मालाई नमस्कार छ। जुन अनन्तमा यो समग्र विश्व रहेको छ र जसबाट यो चराचर जगत् उत्पन्न भएको हो तथा जो यो समग्र विश्व विलय हुने स्थान हुनुहुन्छ; उहाँ प्रकृतिस्वरूप परमात्मालाई नमस्कार छ। जो शुद्ध हुनुभए तापनि भ्रमका प्रभावले सबै गुणबाट सम्पन्न हुनुभएको जस्तो देखिनुहुन्छ; उहाँ आत्मस्वरूप परमात्मालाई हामी सादर नमस्कार गर्दछौँ। जो विकाररहित, अजन्मा, शुद्ध, निर्गुण, ज्ञानसम्पन्न, निर्मल र श्रीविष्णुको परमपद हुनुहुन्छ; उहाँ परब्रह्मलाई नमस्कार गर्दछौँ। जो न लामो, न छोटो, न मोटो, न होचो, न कालो र न रातो हुनुहुन्छ; जो स्नेह, कान्ति, शरीररहित, अनासक्त र जीवहरूभन्दा अलग हुनुहुन्छ। जो आकाश, स्पर्श, गन्ध र रसरहित हुनुहुन्छ; आँखा, कान, वाक्य, हात र मनविहीन हुनुहुन्छ। जो नाम, गोत्र, सुख, तेजरहित, कारणविहीन हुनुहुन्छ तथा जसमा डर, भ्रम, निद्रा, बुढ्यौली र मृत्युको अभाव रहेको छ। जसमा अगाडि र पछाडिको व्यवहारको गति छैन, त्यही परमात्मा श्रीविष्णुको परमपद हो। परमेश्वरीय गुणसम्पन्न जीवस्वरूप अनाधार, जिभ्रो र आँखाले देख्न नसकिने परमात्मा श्रीविष्णुको जुन परमपद छ; हामी त्यो पदलाई नमस्कार गर्दछौँ। यसरी श्रीविष्णुमा समाधिस्थ भएर उहाँको स्तुति गर्दै प्रचेताहरूले समुद्रको जलमा दस हजार वर्ष तपस्या गरे। त्यसपछि श्रीहरिले अतिप्रसन्न मुद्रामा राम्ररी फक्रिएको नीलकमलको चमक जस्तो अलौकिक स्वरूपमा समुद्रभित्रै दर्शन दिनुभयो। गरुडमा सवार हुनुभएका श्रीविष्णुलाई देखेपछि ती प्रचेताहरूले सिर झुकाएर उहाँलाई प्रणाम गरे।

भगवान्‌ले भन्नुभयो– म तिमीहरूबाट प्रसन्न भएर वरदान दिन आएको हुँ। यसकारण तिमीहरूले आफ्नो इच्छाअनुसारको वर माग। यसपछि तिनीहरूले श्रीविष्णुलाई प्रणाम गर्दै आफ्ना पिताले दिएको आज्ञा जस्ताको तस्तै सुनाए। श्रीविष्णु पनि उनीहरूको चाहनाअनुसारको वरदान दिएर तत्कालै अन्तर्धान हुनुभयो।

पराशरले भन्नुभयो– ती प्रचेताहरूले धेरै समयसम्म तपस्या गरेकाले

कसैले सुरक्षा नगरेको पृथ्वीलाई रूखहरूले ढाकिसके थियो र त्यस समयसम्म धेरै प्रजाहरूको विनाश भइसकेको थियो। आकाशलाई रूखहरूले यथार्थ रूपमा ढाकेको हुनाले वायु चल्न सकेन तथा प्रजाहरूले पनि कुनै किसिमको चेष्टा गर्न सकेनन्। जलबाट बाहिर निस्किएपछि प्रचेताहरू पृथ्वीमा अरूको विनाश गरेर मौलाएका रूखहरूलाई देखेर धेरै रिसाएका हुँदा उनीहरूले आफ्नो मुखबाट वायु र अग्नि उत्पन्न गराए। वायुले पृथ्वीमा फैलिएका रूखहरूलाई उखेलेर सुकाइदिए भने अग्निले सुकेका सबै रूख डढाइदिएकाले त्यहाँ भएका रूखहरू नष्ट हुन थाले। त्यसपछि राजा सोमले यसरी रूखको विनाश भएर केही मात्रामा बचेको देखेर रूख विनाश गर्ने कार्य रोक्ने अभिप्रायले प्रजापतिहरूको नजिकमा आएर भने।

सोमले भने– तपाईंहरूले आफ्नो रिस शान्त बनाएर मेरो कुरा सुन्नुहोस्। म यी उखेलिएर बचेका रूखहरूसँग तपाइँहरूको सन्धि गराइदिन्छु। मैले पहिले देखि नै भविष्यका विषयमा जानेर यिनै रूखहरूबाट उत्पन्न भएकी यी कन्याको आफ्ना अमृतमय किरणहरूद्वारा पालनपोषण गरेकोछु। ती रूखहरूकी कन्याको नाम मारिषा हो। यिनी तपाईंहरूकी पत्नी बनेर तपाइँहरूको वंश बढाउनका लागि नै उत्पन्न भएकी हुन्। तपाइँहरूको आधा र मेरो आधा तेजका प्रभावले यी कन्याको गर्भबाट अतिपराक्रमी र ज्ञानी दक्ष नाम भएका प्रजापति उत्पन्न हुनेछन्। तपाईंहरूको तेज र मेरो अंशबाट सम्पन्न भएका ती दक्षप्रजापतिले फेरि तपाइँहरूका सन्तान भधेरै बढाउनेछन्। प्राचीन कालमा वेद जान्नेहरूमध्ये सबैभन्दा उत्तम कण्डु नाम भएका एउटा मुनि थिए। उनले गोमती नदीको किनारमा बसेर तपस्या गरे। ती मुनिको तपस्या भङ्ग गराउन इन्द्रले प्रम्लोचा नाम भएकी अप्सरालाई उनको नजिकमा पठाए। ती अप्सराले मुनिको तपस्यामा व्यवधान उत्पन्न गराइदिइन्। ती अप्सराद्वारा तपस्या भङ्ग गराएका र विषयहरूमा यथार्थ रूपमा आसक्त भएका मुनि सय वर्षभन्दा धेरै समय ती अप्सरासँगै मन्दर पर्वतको गुफामा बसे।

त्यसपछि अप्सराले कण्डुसँग भनिन्– अब म स्वर्गलोक जान चाहन्छु। यसकारण मलाई प्रसन्नतापूर्वक जाने आज्ञा दिनुस्।

ती अप्सराले यसरी जाने आज्ञा मागेपछि मुनिले भने– अरू केही दिन तिमी मसँगै रमाएर यहीं बस। मुनिको यस्तो आज्ञा पाएकाले ती अप्सराले उनीसँग एक सय वर्षभन्दा केही धेरै समय बिताउँदै अनेकौं प्रकारका विषयहरूको

आनन्दपूर्वक भोग गरिन्। यसपछि फेरि ती अप्सराले स्वर्गलोक जाने आज्ञा माग्दा उनीसँग ज्यादै आसक्त भएका मुनिले अरू केही दिन मसँगै बस भने।

त्यसको सय वर्षभन्दा केही धेरै समय बितेपछि अप्सराले फेरि अनुरोध गरिन्– अब म अवश्य स्वर्गलोक जान्छु।

ती अप्सराले यसरी अनुरोध गरेपछि उनलाई आलिङ्गन गर्दै भने– अब तिमी धेरै समयका लागि जान लागेकी छ्यौ; केही क्षणका लागि मात्र मसँग बसिदेऊ। त्यसपछि पनि मुनिसँग अनेकौँ प्रकारका क्रीडा गर्दै ती अप्सरा दुई सय वर्षभन्दा केही थोरै समयसम्म बसिन्। यसरी पटकपटक अप्सराले स्वर्गलोक जाने अनुमति माग्दा कण्डु मुनि अरू केही समय मसँगै बस भन्थे। यसरी मुनिले बताएका प्रेमपूर्ण वेदनाको ज्ञान भएकी ती अप्सराले मुनिबाट प्राप्त हुने श्रापका डरले उनलाई छाड्न सकिनन्। त्यसपछि ती मुनिको अतिकामासक्त भएर ती अप्सरासँग रमाउँदै नयाँ नयाँ प्रेम मौलाउँदै गयो। एक दिन ती मुनि अतिशीघ्रतापूर्वक आफ्नो कुटीबाट बाहिर निस्किए।

उनी यसरी आत्तिएर निस्कन लागेको देखेर अप्सराले सोधिन्– तपाईं यसरी अत्तालिँदै कहाँ जान लाग्नुभएको हो।

उनले यसरी सोधेपछि मुनिले भने– दिन समाप्त हुन लागेकाले अब म सन्ध्योपासना गर्छु। यदि नित्यकर्म गरिएन भने नित्यक्रिया लोप हुन्छ।

यसपछि अप्सराले मुस्कुराउँदै भनिन्– के आज मात्रै तपाईंका लागि दिन समाप्त हुन लागेको हो र ? अनेकौँ वर्षपछि आजमात्र तपाईंका लागि दिन बित्न लाग्यो। किनकि यसभन्दा पहिले कैयौँ दिनसम्म तपाईं गुफाबाट बाहिर ननिस्कनु भएको सुनेर आश्चर्यचकित नहुने को होला ?

कण्डु मुनिले भने– हे सुन्दरि ! तिमी आज बिहानमात्र यो नदीको किनारमा आएकी हौ। मैले आजमात्र तिमी मेरो कुटीमा पसेको देखेको थिएँ। त्यसपछि अहिले मात्र आजको दिन बितेर साँझको समय हुन लागिरहेको छ। यथार्थता यस्तो भए तापनि तिमीले मेरो उपहास गर्नुको कारण बताऊ।

प्रम्लोचाले भनिन्– म बिहान सबेरै आएकीमा कुनै द्विविधा छैन। तर त्यस दिनको बिहान सबेरैदेखि आजसम्म सैकडौँ वर्ष बितिसकेको स्मरणमात्र गराएकी हुँ।

सोमले भने– त्यसपछि अतिव्याकुल भएका मुनिले अप्सरासँग भने– मैले तिमीसँग विषयहरूको भोगमा लागेर रमाउँदै बिताएको सयमका बारेमा मलाई यथार्थ रूपमा बताऊ।

प्रम्लोचाले भनिन्–म यहाँ आएपछि तपाईंको र मेरो विषयहरूको भोगाइमा आजसम्म नौ सय वर्ष, छ महिना र तीन दिन बितेको छ।

ऋषिले भने– तिमीले सत्य बताएको हो कि मेरो उपहास गरेकी हौ मेरो अनुभवमा मैले यो ठाउँमा तिमीसँग एक दिनमात्र बिताएको हुँ। तर तिमी कसरी यत्रो वर्षको गणना गरिरहेकी छ्यौ।

प्रम्लोचाले भनिन्– म हजुरको अगाडि कसरी झूटो बोल्न सक्छु र ? फेरि विशेषगरेर यस्तो अवस्थामा, जब आज तपाइँ आफ्नो धर्ममय मार्गमा लाग्न तत्पर भएर मलाई सोधिरहनुभएको छ।

सोमले भने– ती अप्सराका यसप्रकारका सत्य वचन सुनेपछि मलाई धिक्कार छ ! मलाई धिक्कार छ !! भन्दै आफ्नै निन्दा गर्दै धेरै पश्चात्ताप गर्दै ती मुनिले भने– मेरो सबै तपस्या नष्ट भयो, जुन ब्रह्मज्ञानीहरूको सर्वोत्तम धन थियो, त्यो सबै हरण भयो र ममा भएको बुद्धिको हत्या भयो। अहो ! कसैले स्त्रीलाई मोहका वशमा पार्नका लागि उत्पन्न गराएको हो। अब मैले आफ्नो मनलाई पूर्ण रूपमा आफ्नो नियन्त्रणमा राखेर भोक, तिर्खा, लोभ, मोह, जरा र मृत्यु यी छओटा ऊर्मिहरू अर्थात् तरङ्गहरूभन्दा पूर्ण रूपमा अगल रहनुभएका परब्रह्मका विषयमा ज्ञान हासिल गर्नुपर्छ। जसले मेरो बुद्धिलाई नष्ट गराइदियो त्यो कामरूपी महाग्रहलाई धिक्कार छ। वेदहरूका माध्यमद्वारा जान्न योग्य भगवान् प्राप्तिस्वरूप मेरो सम्पूर्ण व्रतहरूलाई यो नरकको गाउँमा जाने बाटो जस्तो स्त्रीको सङ्गतले विनष्ट गराइदियो। यसरी ती अतिधर्मज्ञ ऋषिले आफ्नै निन्दा गरेर आफूबाट भएको भूल स्वीकार गर्दै त्यहीं बसिरहेकी ती अप्सरासँग भन्न थाले। अब तिमी आफूलाई इच्छा लागेको ठाउँमा जाऊ। तिमीले आफ्नो मन्दमुस्कानको मोहमा पारेर मलाई तपस्याबाट भ्रष्ट गराएर इन्द्रको कार्य अतिसहज रूपमा सम्पन्न गरिदियौ। मआफ्नोक्रोधलेअतिप्रज्वलित भएकोअग्निद्वारातिमीलाईभष्मगराउँदिन। किनकि सज्जनहरूको मित्रता सात कदमसँगै हिँडेपछि धेरै गाढा हुन्छ र मैले तिमीसँग यतिका वर्षहरू बिताएको छु। यसमा तिम्रो कुनै दोष नभएकाले मैले तिमीसँग

रिसाउन आवश्यक छैन। यसमा मेरै ठूलो दोष छ; किनकि म आफैँ इन्द्रियहरूको वशमा परेँ। यसैले तिमी आनन्दपूर्वक आफ्नो इच्छाअनुसारको ठाउँमा जान स्वतन्त्र छ्यौ। तिमीले इन्द्रलाई आफ्नो प्रिय बनाउनका लागि मेरो तपस्या नष्ट गरिदियौ। यसकारण ज्यादै भनायक अन्धकार र मोहजालको पोको तथा अतिनिन्दनीय तिमीलाई धिक्कार छ। ती महर्षि कण्डु जुन समयमा ती अतिसुन्दर कमर भएकी अप्सरासँग कुरा गरिरहेका थिए, त्यस समयमा डराएकाले शरीर कामिरहेकी ती अप्सराको समग्र शरीर पसिनाले भिजेको थियो।

ती धेरै रिसाएका कण्डुले अप्सरासँग भने— तिमी जाऊ ! तिमी जाऊ !! यसरी ऋषिले गाली गरेपछि उनको आश्रमबाट निस्किएर आकाशमार्गबाट जाँदाको समयमा ती अप्सराले आफ्नो शरीरबाट निस्किएको पसिना रूखहरूका पातहरूले पुछिन्। यसरी ती अप्सरा रूखहरूका पालुवाजस्तै भर्खर पलाएका राताराता पातहरूले आफ्नो शरीरको पसिना पुछ्दै एउटा रूखबाट अर्को रूख हुँदै आफ्नो गन्तव्यतिर गइन्। ऋषिले उनको शरीरमा जुन गर्भमा स्थापित गराएका थिए, त्यो पनि रोमाञ्चका कारणले निस्किएको पसिनाका रूपमा उनको शरीरबाट बाहिर आयो। ती अप्सराको गर्भलाई रूखहरूले धारण गरे भने जतासुकै छरिएको गर्भलाई वायुले एक ठाउँमा भेला गरिदिएकाले मैले आफ्ना किरणहरूद्वारा त्यसको पालनपोषण गर्न थालेँ। त्यसपछि त्यो विस्तारैविस्तारै बढ्न थाल्यो। रूखहरूको टुप्पोबाट उत्पन्न ती कन्या मारिषाका नामले प्रख्यात भइन्। रूखहरू ती कन्या तिमीहरूलाई दिन तयार भएकाले तिमीहरूले आफ्नो क्रोध परित्याग गरिदेऊ। यसरी रूखहरूबाट उत्पन्न भएकी ती कन्या अप्सरा प्रम्लोचाकी पुत्री हुन् भने कण्डु ऋषिकी, मेरी र वायुकी पनि सन्तान् हुन्।

पराशरले भन्नुभयो— त्यसपछि ती प्रचेताहरूले ती तपस्याबाट भ्रष्ट भएका ऋषिकी कन्या भएकाले मारिषालाई स्वीकार गर्न अयोग्य नसम्झिउन् भनेर सोम धेरै डराएका थिए।

सोमले भने— ती कण्डु पनि आफ्नो तपस्या भङ्ग भएकाले पुरुषोत्तमक्षेत्र नामको श्रीविष्णुको निवास रहेको भूमिमा गएर अतिश्रद्धापूर्वक ब्रह्मपारण मन्त्रको जप गर्दै हात माथि उठाएका श्रीविष्णुको आराधना गर्न थाले।

प्रचेताहरूले भने— हामी कण्डुऋषिको पवित्र ब्रह्मपारण स्तोत्र विस्तारमा

सुन्न चाहन्छौँ; जसका माध्यमद्वारा उहाँले श्रीविष्णुको आराधना गर्नुभएको थियो।

सोमले भने– त्यो मन्त्रअनुसार भगवान् श्रीविष्णु यो अपार संसारमार्गको अन्तिम छेउ हुनुहुन्छ। उहाँ अनन्त हुनुभएकाले उहाँलाई तपस्यामा एकाग्र भएर लागेका महात्माहरूले मात्र प्राप्त गर्न सक्तछन्। किनकि उहाँ अनात्मप्रपञ्चभन्दा पनि पर हुनुहुन्छ र इन्द्रियहरूद्वारा देख्न नसकिने परमात्मा हुनुहुन्छ; उहाँले आफ्ना भक्तहरूको लालनपालन र उनीहरूको इच्छा पूर्ण गरिदिनुहुन्छ। उहाँ कारण पञ्चमहाभूत, त्यसको कारण पञ्चतन्मात्रा, त्यसको कारण तामस अहङ्कार, त्यसको कारण महत्तत्त्व, त्यसको पनि प्रधान कारण हुनुहुन्छ। उहाँले यसरी समग्र कर्म र कर्तालगायतका साथ कार्यरूपमा रहेर समग्र जगत्को पालनपोषण गर्नुहुन्छ। उहाँ सबै प्रकार विकाररहित हुनुहुन्छ; उहाँ ब्रह्म, अक्षर, अज र नित्य पुरुषोत्तम श्रीविष्णु हुनुहुन्छ। यसैले म सधैँ उहाँको प्रेममा अल्झिएको भक्त भएकाले ममा भएका रागसहितका सबै दोष शान्त हुन्। यो ब्रह्मपार नाम भएको अतिपवित्र स्तोत्रको जप गर्दै कण्डु ऋषिले श्रीविष्णुको उपासना गरेर परमसिद्धि पाए। जसले यो स्तोत्र सधैँ पाठ गर्छ वा सुन्छ, त्यसले कामलगायतका सबै दोषबाट मुक्त भएर आफ्नो इच्छाअनुसारको फल पाउँछ। अब म तिमीहरूलाई मारिषाको पहिलो जन्मका बारेमा बताउँछु। यिनी पहिलेको जन्ममा एउटा राजाकी पत्नी थिइन् र कुनै सन्तान नभई यिनका पतिको मृत्यु भएकाले यिनले अतिश्रद्धा र भक्तिपूर्वक आराधना गरेर श्रीविष्णुलाई सन्तुष्ट बनाइन्। यिनको आराधनाबाट अतिप्रसन्न हुनुभएका श्रीविष्णुले मरिषालाई प्रत्यक्ष दर्शन दिएर वर माग भन्नुभयो।

मरिषाले भनिन्– मैले बालविधुवा हुनुपरेकाले मेरो जीवन व्यर्थ भयो। मेरो कोख बाँझो रहेकाले मेरो जीवन विफल भयो। यसकारण मेरो जन्मजन्मान्तरमा हजुरका कृपाले अतिप्रशंसनीय पतिको प्राप्ति होस् र म प्रजापति ब्रह्मा समानका पुत्रकी माता बन्न सकुँ। हजुरको प्रसादस्वरूप मेरो स्वरूप अतिसुन्दर होस् तथा मेरो जन्म माताको गर्भमा नरहिकन हुन सकोस्।

श्रीविष्णुले भन्नुभयो– तिम्रो एउटै जन्ममा अतिपराक्रमी र प्रख्यात दस पति हुनेछन्। तिम्रो प्रजापतिको गुणले परिपूर्ण भएको अतिबलवान् पुत्र पनि हुनेछ। त्यसले संसारमा धेरै वंश बढाउने भएकाले उसका सन्तानले तीनोटै लोकलाई यथार्थ रूपमा ढाक्नेछन्। तिमी पनि मेरो कृपाले उदारगुणसम्पन्न, सुशीला र

मनुष्यहरूलाई आनन्दित बनाउँदै आफ्नो वशमा गर्न सफल हुने छ्यौ भने तिम्रो जन्म बिना योनि हुनेछ। ती मारिषालाई यति भनेपछि श्रीविष्णु अन्तर्धान हुनुभयो र तिनै यी मारिषाका रूपमा उत्पन्न भएकी हुन्।

ती सोमका यसप्रकारका कुरा सुनेपछि प्रचेताहरूले आफूबाट उत्पन्न भएको क्रोध शान्त बनाएर रूखहरूबाट मारिषालाई पत्नीका रूपमा स्वीकार गरे। ती दसोटै प्रचेताहरूको संसर्गबाट मारिषाको गर्भबाट दक्ष प्रजापति जन्मिए, जो पहिलो जन्ममा ब्रह्माको मानसिक पुत्रको रूपमा उत्पन्न भएका थिए। ती दक्षप्रजापतिले ब्रह्माको आज्ञा पालन गर्दै चराचर दुई खुट्टा र चार खुट्टा भएका अनेकौं सन्तान उत्पन्न गराए। ती दक्षले अनेक प्रकारका पुत्र उत्पन्न गराएपछि साठी कन्याहरू उत्पन्न गराएर तिनीहरूमध्ये दसोटी धर्मलाई दिए भने तेह्रोटी कश्यपलाई दिए तथा सत्ताईस कन्याको विवाह चन्द्रमासँग गरिदिए। ती सबै कन्याहरूबाट देवता, दैत्य, नाग, गाई, पक्षी, गन्धर्व, अप्सरा र दानवसमेत उत्पन्न भएका हुन्। त्यसै समयबाट स्त्री र पुरुषको सहवासबाट सृष्टि आरम्भ भयो। त्यसभन्दा पहिले सङ्कल्प, दर्शन र स्पर्श र अतितपस्वी मनुष्यहरूका तपस्यालगायत विशेष कारणद्वारा प्रजाहरूको सृष्टि हुन्थ्यो।

मैत्रेयले भने– मैले सुनेअनुसार दक्ष प्रजापतिको जन्म ब्रह्माको दाहिने हातको बूढिऔँलाबाट भएको थियो। यो सत्य हो भने फेरि उनी कसरी प्रचेताहरूको पुत्र भए तथा जुन दक्ष चन्द्रमाका नाति थिए, तिनै दक्ष उनका ससुरा कसरी भए? मेरो मनमा यस्तो शङ्का उत्पन्न भएकाले मलाई स्पष्ट बताइदिनुस्।

पराशरले भन्नुभयो– प्राणीहरूको उत्पत्ति र विनाश निरन्तर रूपमा भइरहने हुनाले अलौकिक आँखासम्पन्न महात्माहरू यसको मोहमा पर्दैनन्। यी दक्षसहित मुनिहरू प्रत्येक युगमा उत्पन्न र विलीन भइरहन्छन्। यो नियमित प्रकृया भएकाले यसमा विद्वान्हरू द्विविधामा पर्दैनन्। प्रचीन कालमा कसैमा पनि सानो र ठूलोको भाव नरहने भएकाले त्यस समयमा तपस्या मात्र जेष्ठताको आधार हुन्थ्यो।

मैत्रेयले भने– अब हजुरले मलाई देवता, दानव, गन्धर्व, सर्प र राक्षसहरूको उत्पत्तिका बारे यथार्थमा बताइदिनुस्।

पराशरले भन्नुभयो– प्राचीन कालमा ब्रह्माबाट सृष्टि गर्ने आज्ञा पाएका दक्षप्रजापतिले प्रजाहरूको सृष्टि गरेका बारेमा विस्तारमा सुन। त्यस समयमा

दक्षप्रजापतिले सबैभन्दा पहिले मानसिक रूपका देवता, ऋषि, गन्धर्व, असुर र सर्पहरू मात्र उत्पन्न गराए। तर दक्षका ती मानसिक सन्तानले आफ्नो वंश बढाउन नसकेपछि ती दक्षले स्त्री र पुरुषको समागमबाट सन्तान उत्पन्न गराउने अभिलाषा लिएर वीरण प्रजापतिकी कन्या असिक्नीसँग विवाह गरे। उनले ती असिक्नीको गर्भबाट पाँच हजार पुत्र उत्पन्न गराए।

तिनीहरू सन्तान वृद्धि गर्न धेरै इच्छुक भएको देखेका नारदले उनीहरूसँग भने— मेरो अनुभवअनुसार तिमीहरू धेरै सन्तान उत्पन्न गराउन चाहन्छौ। यसैले तिमीहरू मेरो कुरा ध्यानपूर्वक सुन। अहिले तिमीहरू अज्ञानी हुनु ज्यादै दुःखको कुरा हो। किनकि यस पृथ्वीको भित्रि भाग, माथिको भाग र तलको भागका विषयमा तिमीहरूले बुझेका छैनौ। यस्तो अवस्थामा तिमीहरू सन्तानको रचना गर्न असम्भव छ र तिमीहरूको आफ्नो इच्छाअनुसार जहाँ पनि जान सक्छौ; यस्तो अवस्थामा तिमीहरूले पृथ्वीको अन्तका बारेमा बुझ्ने प्रयासमा लाग्न उचित हुन्छ।

पराशरले भन्नुभयो— नारदका यसप्रकारका कुरा सुनेपछि अलगअलग दिशामा गएका तिनीहरू समुद्रमा मिसिएपछि सबै नदीहरू आफ्नो नाम र स्वरूपबाट विलीन भए जस्तैगरी हराए। यसरी आफ्ना पुत्रहरू नफर्किने गरी गएपछि दक्षप्रजापतिले वैरणीको गर्भबाट अरू एक हजार पुत्र उत्पन्न गराए। फेरि नारदले सन्तान उत्पन्न गराउने अभिलाषा लिएका ती शवलाश्वलाई पहिलेकै कुरा बताएकाले ती सबैले एकआपसमा छलफल गरेपछि भने— हामीलाई सत्य कुरा बताइदिनुस्। हामीलाई पनि यसमा सन्देह छैन। यसैले हामीले पनि आफ्ना अग्रजहरूकै मागमा लाग्न उचित हुन्छ। हामीले पनि पृथ्वीको परिमाणका बारेमा यथार्थ ज्ञान हासिल नगरेसम्म कुनै किसिमको सृष्टि गर्नेछैनौँ। यसपछि तिनीहरू पनि सबै दिशामा लागेर अहिलेसम्म फर्किएका छैनन्। भाइ हराएको अवस्थामा दाजु वा भाइ खोज्न गयो भने त्यो पनि नष्ट हुन्छ। यसकारण विद्वान्हरूले कहिल्यै यसरी खोज्ने कार्य गर्नु हुँदैन। ती पुत्र पनि नष्ट भएपछि धेरै रिसाएका दक्षप्रजापतिले नारदलाई श्राप दिए। मैले सुनेअनुसार ती दक्षप्रजापति फेरि सन्तान उत्पन्न गराउने अभिप्रायले वैरणीको गर्भबाट साठी कन्या उत्पन्न गराए। तिनीहरूमध्ये दसोटी धर्मसँग, तेह्रोटी कश्यपसँग, सत्ताईसओटी चन्द्रमासँग र चारोटी अरिष्टनेमिसँग, दुइटीको बहुपुत्रसँग, दुइटीको अङ्गिरासँग र दुइटीको कृषश्वसँग विवाह गरिदिए। अब म तिमीलाई तिनीहरूका विषयमा बताउनेछु।

दक्षका ती कन्याहरूमध्ये अरुन्धती, वसु, लम्बा, भानु, मरुत्वती, सङ्कल्पा, मुहूर्त्ता, साध्या र विश्वा धर्मका पत्नी थिए। अब यिनका पुत्रका बारेका सुन। विश्वाको गर्भबाट विश्वदेवा, साध्याको गर्भबाट साध्यहरू, मरुत्वतीको गर्भबाट मरुत्वान्, वसुको गर्भबाट वसुहरू, भानुको गर्भबाट भानु, मुहूर्त्ताको गर्भबाट मुहूर्त नाम भएका देवता, लम्बाको गर्भबाट घोषयामीको गर्भबाट नागविथि र अरुन्धतीको गर्भबाट समग्र पृथ्वीका प्राणी, सङ्कल्पाको गर्भबाट सङ्कल्प नाम भएका पुत्र उत्पन्न भए। अब ज्योतिसहित आठ वसुका बारेमा विस्तारमा बताउँनेछु सुन। ती आठ वसुको नाम आप, ध्रुव, सोम, अनिल, अनल, प्रत्यूष र प्रभाव बताइएको छ भने वैतण्ड, श्रम, शान्त र ध्वनि आप नाम भएका वसुका पुत्र हुन् तथा समग्र लोकको विनाश गर्ने काल ध्रुव नाम भएका वसुका पुत्र हुन्। वर्चा सोम नाम भएका वसुका पुत्र थिए, जसका प्रभावले मनुष्य ज्यादै तेजस्वी हुन्छन्।

यसैगरी धर नाम भएका वसुकी पत्नी मनोहराको गर्भबाट द्रविण, हुत, हव्यवह, शिशिर, प्राण र वरुण नाम भएका पुत्र उत्पन्न भए भने अनिलकी पत्नी शिवाको गर्भबाट मनोजव र अविज्ञागति नाम भएका दुइटा पुत्र उत्पन्न भए तथा अग्निकी शरस्तम्बको गर्भबाट कुमार नाम भएका पुत्र जन्मिए। यिनी कृतिका पुत्र भएकाले कार्तिकेयका नामले प्रख्यात भए। उनका शाख, विशाख र नैगम नाम भएका तीनोटा भाइ थिए। देवल ऋषिलाई प्रत्यूष नाम भएका वसुको पुत्र बताइएको छ। देवलका क्षमाशील र मनीषि नाम भएका दुइटा पुत्र थिए। बृहस्पतिकी बहिनीको नाम वरस्त्री थियो; जो ब्रह्मचारिणी र सिद्ध योगिनी पनि थिइन् तथा ज्यादै वैराग्य भएर पृथ्वीमा निरन्तर घुमिरहन्थिन्। तिनै वरस्त्री आठौँ वसु प्रभासकी पत्नी भइन्। उनको गर्भबाट विश्वकार्म जन्मिए। उनी देवताहरूका कारिगर थिए, जसले सबै देवताका लागि विमान बनाएका थिए। ती विश्वकर्माका अजै कपाद, अहिब्रध्न, त्वष्टा र रुद्र नाम भएका चारोटा पुत्रमध्ये त्पष्टाका पुत्र सबै गुणले परिपूर्ण तपस्वी विश्वरूप थिए। यसैगरी हर, बहुरूप, त्र्यम्बक, अपराजित, वृकाकपि, शम्भु, कपर्दी, रैवत, मृगव्याध, शर्व र कपालीलाई एघार रुद्र बताइएको छ। यसप्रकारका रुद्र एक सय भएको बताएको पाइन्छ। कश्यपका अदिति, दिति, दनु, काला, अरिष्टा, सुरसा, सुरभि, विनता, ताम्रा, क्रोधवशा, इरा, कद्रु र मुनि नाम भएकी तेह्रोटी पत्नी थिए। अब तिनीहरूका सन्तानका विषयमा सुन।

चाक्षुष मन्वन्तरमा तुषित नाम भएका बाह्र देवता थिए। ती यशस्वी देवताहरूले चाक्षुष मन्वन्तर सकिएर वैवस्तव मन्वन्तर आएपछि एकआपसमा छलफल गर्दा आफ्नो आशय व्यक्त गर्दै भने– हामीले अदितिको गर्भमा प्रवेश गरेर यो वैवस्तव मन्वन्तरमा जन्म लिनुपर्छ । यदि हामीले उनको गर्भबाट जन्म लिन सकेनौँ भने भविष्यमा हाम्रो धेरै अकल्याण हुनेछ। यसप्रकारको निश्चय गरेर ती देवताले फेरि अदितिको गर्भबाट कश्यपको पुत्रका रूपमा जन्म लिए। तिनीहरूको नाम विष्णु, इन्द्र, अर्यमा, धाता, त्वष्टा, पूषा, विवस्वान्, सविता, मित्र, वरुण, अंश र भग थियो। यसरी चाक्षुष मन्वन्तरका तुषित नाम भएका देवता वैवस्वत मन्वन्तरमा बाह्र आदित्यका नामले प्रख्यात भएका हुन्। सोमकी सत्ताईस पत्नीका बारेमा यसभन्दा पहिलै बताइसकेको छु। ती सबै नक्षत्रयोगिनीहरू भएकाले तिनै नामले संसारमा प्रख्यात भए। ती चन्द्रमाका पत्नीहरूबाट अनेकौँ प्रतिभासम्पन्न पुत्रहरू उत्पन्न भए भने अरिष्टनेमिका पत्नीहरूबाट सोह्र पुत्र उत्पन्न भए तथा बहुपुत्रका चारोटी पत्नीलाई कपिला, अतिलोहिता, पीता र असिता नाम भएका चार प्रकारका विद्युत भनिन्छ भने ती ऋचाहरूका अधिपति प्रत्यङ्गिराका पुत्री हुन्। शास्त्रहरूका अधिपति देवप्रहर नाम भएका देवताहरूलाई देवर्षि कृशाश्वका सन्तान बताइएको छ। यिनीहरू हजारौँ युगपछि मात्र फेरि उत्पन्न हुन्छन् । वेदमा बताइएका आठ वसु, एघार रुद्र, बाह्र आदित्य, प्रजापति र वषट्कारसमेतका तेत्तीस देवताले आफ्नो इच्छाअनुसार जन्म लिन्छन् र तिनीहरूले एक हजार युग बितेपछि फेरि जन्म लिने भएकाले यिनको उत्पत्ति र विनाश प्रकृया चलिरहन्छ। कश्यपकी पत्नी दितिको गर्भबाट अतिदुष्ट स्वभाव भएका हिरण्यकशिपु र हिरण्याक्ष पुत्र र सिंहिका नाम भएकी एउटी कन्या जन्मिएका थिए । ती सिंहिकाको विवाह विप्रचित्तिसँग भएको थियो। हिरण्यकशिपुका अनुह्लाद, ह्लाद, प्रह्लाद र संह्लाद नाम भएका चारोटा पुत्र थिए। तिनीहरूमध्ये प्रह्लाद सबैमा समभाव राख्ने र इन्द्रियहरूलाई वशमा राख्न सक्षम थिए; जो भगवान् श्रीविष्णुका परमभक्त थिए। उनलाई हिरण्यकशिपुले धेरै यातना दिएका थिए। उनको शरीरमा लगाएको आगोले उनलाई जलाउन सकेन। किनकि उनको हृदय श्रीविष्णु रहनुभएको थियो। ती प्रह्लाद डोरीले बाँधिएर समुद्रको जलमा रहँदा यताउता हल्लिँएको अवस्थामा समग्र पृथ्वी हल्लिन थाल्यो। उनको शरीर पर्वत जस्तै कठोर हुनका साथै उनी परमात्मा

श्रीविष्णुको भक्त भएकाले हिरण्यकशिपुले प्रहार गरेका अस्त्रशस्त्रले उनलाई छुन पनि नसकेकाले हिरण्यकशिपु प्रह्लादको वध गर्न असफल भए। उनले श्रीवष्णुको स्मरणरूपी कवच धारण गरेकाले ढुङ्गाले थिचेर मार्ने प्रयास गर्दा पनि उनको मृत्यु भएन। उनलाई स्वर्गका अधिपति राक्षसहरूले माथिबाट फ्याँके पनि पृथ्वीले बीचमै आफ्नो काखमा धारण गरिन्। उनको शरीरलाई वायुले पनि छुन सकेनन् भने आठोटै दिशाका अधिपति हात्तीका दाह्रा पनि उनलाई छुनेबित्तिकै भाँचिएको तिनीहरू घमण्ड तोडियो। प्राचीन कालमा हिरण्यकशिपुका पुरोहितहरूले उत्पन्न गराएको कृत्या पनि श्रीविष्णुको भक्तको विनाश गर्न असक्षम भयो। उनीमाथि प्रहार गरेको शम्बरासुरका हजारौँ मायालाई पनि श्रीविष्णुको सुदर्शन चक्रले व्यर्थ बनाइदिएको थियो। ती प्रह्लादले भान्साबाट ल्याएको हलाहल विष पनि आनन्दसँग पचाइदिए। ती प्रह्लाद संसारमा भएका सबै प्राणीमा समभाव राख्ने र अरूलाई पनि आफैँ जस्तो सम्झिने समदर्शी थिए।

मैत्रेयले भने– हजुरले मनुका पुत्रहरूको वंशका विषय बताउँदै समग्र जगत्‌को सनातन कारण श्रीविष्णु हुनुभएको स्पष्ट पार्नुभयो। तर हजुरले बताएअनुसार दैत्यहरूका उत्तम प्रह्लादलाई न त अग्निले जलाउन सक्यो र न उनले शस्त्रअस्त्रले पीडित बनाउँदा पनि आफ्नो प्राण त्याग गरे। उनी डोरीले बाँधिएर समुद्रको पानीमा रहँदा पनि उनको शरीरका अङ्गहरू हल्लिँदा त्यसबाट पीडित भएर पृथ्वी नै डगमगाउन थालिन् र आकाशबाट अतिभयानक रूपमा असिना बर्सिए जस्तैगरी आफ्नो शरीरमा ढुङ्गा बर्साउँदा पनि उनको मृत्यु भएन। यसप्रकारले हजुरले जुन पुरुषको महात्म्य बताउनुभयो; म ती श्रीविष्णु परमभक्तको अतुलनीय प्रभावका बारेमा विस्तारमा सुन्न चाहन्छु। उनी धर्मपरायण भए तापनि दैत्यहरूले किन उनलाई शस्त्रअस्त्र प्रहार गरेर पीडित बनाएका हुन् र किन डोरीले बाँधेर समुद्रको पानीमा डुबाइदिएका हुन्? उनलाई तिनीहरूले किन पर्वतहरूले थिचेका थिए र किन पर्वतको चुचुरोबाट फ्याँके तथा किन विषालु सर्पले डसाए? ती दैत्यहरूले उनलाई किन दसोटै दिशामा रहने हात्तीका दाह्राले धूलोपीठ्ठो बनाउन खोजे र किन सबैलाई सुकाउने वायु उनीमाथि प्रयोग गरे? उनीमाथि दैत्यका गुरुहरूले किन कृत्या प्रयोग गरे तथा शम्बरासुरले किन आफ्ना हजारौँ माया प्रहार गरेको हो? उनको वध गर्नका लागि हिरण्यकशिपुका भान्सेहरूले किन

हलाहल विष ल्याएर दिए ? जुन उनले अतिआनन्दसँग पचाएका थिए। म प्रह्लादको समग्र चरित्रका विषयमा यथार्थ रूपमा सुन्न चाहन्छु। ती दैत्यहरूले उनको वध गर्न नसकेकोमा मलाई कुनै आश्चर्य लागेको छैन। किनकि जसको मन निरन्तर रूपमा भक्तिभावपूर्वक श्रीविष्णुमा लागेको हुन्छ; त्यसलाई कसैले मार्न सक्तैन। मलाई आश्चर्य लागेको कुरा के हो भने जसले सधैँ धर्ममय आचरण गर्छन् र जो निरन्तर परमात्माको आराधनामा लागिरहन्छन्; उनको उनैको कुलमा उत्पन्न भएका दैत्यहरूले रिस गरे ! किनकि यस्ता समदर्शी र धर्मपरायण पुरुषले कसैप्रति पनि द्वेषपूर्ण व्यवहार गर्न अतिकठिन छ। ती महात्मा, यशस्वी, अहङ्कार र ईर्ष्याविहीन श्रीविष्णुका भक्तलाई दैत्यहरूले कष्ट दिनाको कारण विषयमा मलाई विस्तारमा बताइदिनुस्।

पराशरले भन्नुभयो– ती अतिउदार चरित्र भएका प्रह्लादका विषयमा सुन। प्राचीन कालमा कश्यप ऋषि र दितिका पुत्र हिरण्यकशिपुले ब्रह्माबाट पाएको वरको अहङ्कारले गर्दा तीनोटै लोकमा आफ्नो आधिपत्य जमाएको थियो। त्यो दैत्यले स्वर्गलोकको स्वामी भएर इन्द्रको पद भोग गरिरहेको थियो। त्यो असुर आफैँ सूर्य, वायु, अग्नि, वरुण र चन्द्रमा, कुबेर, यमराज बनेको थियो भने यज्ञ भागहरू पनि भाग गरिरहेको थियो। यसैले त्यसबाट अतिडराएका देवता स्वर्ग छाडेर मनुष्य शरीर धारण गरेर पृथ्वीमा घुमिरहेका थिए। यसरी तीनोटै लोकमा विजयी भएपछि तीनोटै लोकको वैभव प्राप्त भएकाले त्यो अतिघमण्डी र अहङ्करी भएको थियो भने त्यो गन्धर्वहरूबाट आफ्नो स्तुति सुन्दै आफ्नो इच्छाअनुसारका भोगहरू उपभोग गरिरहेको थियो। त्यस समयमा सिद्ध, गन्धर्व र नागसमेतले मद्यपानमा अतिआसक्त भएको त्यो भयानक शरीर भएको हिरण्यकशिपुकै उपासना गर्थे। कैयौँ सिद्धले त्यो दैत्यका बाजा बजाएर उसका गुणको कीर्तन गर्थे भने कैयौँले अतिप्रसन्न भएर उसको जयजयकार गर्थे। त्यो दैत्यहरूको राजा स्फटिक र अभ्रशिलाबाट बनाएको तथा अतिसुन्दर अप्सराको उत्तम नाचगान हुने महलमा आनन्दपूर्वक मदिरा पिएर बस्थ्यो। उसका प्रह्लाद नाम भएका अतिभाग्यमानी पुत्र थिए। ती बालक गुरुको घरमा गएर बालकका लागि उचित शिक्षा हासिल गर्न थाले। एक दिन ती बालक आफ्ना गुरुसँगै आफ्नो पिता भएको ठाउँमा गए, जो त्यस समयमा अतिआसक्तिपूर्वक मदिरा पिइरहेको थियो।

त्यसपछि आफ्ना चरणमा प्रणाम गर्न निहुरिएका आफ्ना धेरै तेजस्वी पुत्र प्रह्लादलाई उठाएर हिरण्यकशिपुले भन्यो— आजसम्म तिमीले पढेको कुरा मलाई सङ्क्षेपमा सुनाऊ।

प्रह्लादले भने— मेरो मनमा जो सबैको सारांशस्वरूप रहनुभएको छ; उहाँका बारेमा बताउँछु। जो आदि, मध्य र अन्तरहित, अजन्मा, अविनाशी र अच्युत हुनुहुन्छ, जो सबै कारणहरूको पनि कारण हुनुहुन्छ तथा समग्र जगत्को निमित्तोपादान हुनुहुन्छ; उहाँ श्रीहरिलाई म सादर प्रणाम गर्छु।

प्रह्लादका यस्ता कुरा सुनेको हिरण्यकशिपुले अतिरिसाउँदै आँखा राताराता पार्दै उनका गुरुतिर हेरेर थरथर काँपिरहेका ओटले भन्यो— तिमीले मेरो आज्ञाको अवज्ञा गर्दै यो कालकलाई मेरो शत्रुको स्तुतिसम्पन्न र कुनै सारतत्त्व नभएको काम नलाग्ने शिक्षा किन दिएको ?

गुरुले भने— तपाइँले यसरी रिसाउनुको कुनै औचित्य छैन। किनकि तपाइँका पुत्रले भनेको कुरा मैले दिएको उपदेश होइन, यिनले मैले सिकाएको कुरा बताएनन्।

हिरण्यकशिपुले भन्यो— हे पुत्र प्रह्लाद ! तिमीलाई यसप्रकारको शिक्षा कसले दिएको हो ?

प्रह्लादले भने— सबैको हृदयमा रहनुभएका श्रीविष्णुले मात्र समग्र जगत्लाई उपदेश दिनुहुन्छ। उहाँबाहेक अरू कसैले कसैलाई केही पनि सिकाउन सक्तैनन्।

हिरण्यकशिपुले भन्यो— म समग्र जगत्को अधिपतिका अगाडि तिमीले निःसङ्कोच पटकपटक बताएको त्यो विष्णु को हो ?

प्रह्लादले भने— जसको योगीहरूले उपासना र ध्यान गर्छन्, जसको परम पदका बारे बताउन सकिँदैन तथा जसबाट यो समग्र विश्व उत्पन्न भएको हो र जो आफैँ विश्वरूप हुनुहुन्छ; उहाँ परमात्मा नै श्रीविंष्णु भगवान् हुनुहुन्छ।

हिरण्यकशिपुले भन्यो— म समग्र विश्वको अधिपति तिम्रै अगाडि छु। यस जगत्मा मबाहेक अरू कसलाई परमेश्वर भन्न सकिन्छ ? यस्तो अवस्थामा पनि तिमीले मृत्युको चाहना राखेर पटकपटक यस्तो कुरा गरिरहेका छौ।

प्रह्लादले भने— उहाँ श्रीविष्णु मेरो मात्र नभएर समग्र प्राणीमात्र र हजुरको

पनि उत्पत्तिकर्ता, नियन्त्रणकर्ता र पालनकर्ता हुनुहुन्छ । यसकारण हजुरले रिसाउनुको कुनै औचित्य छैन ।

हिरण्यकशिपुले भन्यो– हेर कुन पापीले यो बुद्धिविहीन बालकको हृदयमा पसेर आफ्नो अस्तित्व जमाइरहेको छ, जसबाट चित्त ढाकिएकाले यसले यस्तो अनिष्टकारी कुरा गरिरहेको छ ।

प्रह्लादले भने– श्रीविष्णु मेरो हृदयमा मात्र नभएर यो चराचर जगत्मा व्याप्त रहनुभएको छ । उहाँले नै मलाई, हजुरहरू सबैलाई र समग्र प्राणीलाई आआफ्नो काममा लगाइदिनुहुन्छ ।

हिरण्यकशिपुले भन्यो– यो महापापीलाई यहाँबाट निकालिदेओ र गुरुको आश्रममा लगेर यसलाई अनुशासनमा राख्ने व्यवस्था मिलाओ । यो बालक कोबाट प्रोत्साहित भएर मेरो शत्रुको गुणगानमा लागिरहेको छ ?

पराशरले भन्नुभयो– हिरण्यकशिपुको यसप्रकारको आज्ञा पाएका दैत्यहरूले फेरि ती बालकलाई गुरुको आश्रममा लगे भने प्रह्लाद पनि त्यहाँ एकाग्रतापूर्वक गुरुको सेवा गर्दै विद्या हासिल गर्न थाले ।

यसको धेरै यसमपछि हिरण्यकशिपुले फेरि प्रह्लादलाई आफ्नो अगाडि बोलाएर भन्यो– आज तिमीले मेरो मन प्रसन्न हुने कथा सुनाऊ ।

प्रह्लादले भने– जसबाट प्रकृति र पुरुष तथा यो चराचर जगत् उत्पन्न भएको हो, उहाँ श्रीविष्णु हामीसँग प्रसन्न होइदिनुस् ।

हिरण्यकशिपुले भन्यो– यसमा धेरै दुरात्मापन रहेको हुनाले यसको हत्या गरिदेओ । अब यो जीवित रहनाको कुनै औचित्य छैन । किनकि आफ्नो वंशको विरोधी भएकाले यो आफ्ना कुलका लागि अङ्गार समान भइसकेकको छ ।

पराशरले भन्नुभयो– हिरण्यकशिपुको यस्तो आज्ञा पाएकाले अनेकौँ दैत्य सैनिक हातमा ठूलठूला शस्त्रअस्त्र लिएर उनको वध गर्न तयार भए ।

प्रह्लादले भने– श्रीविष्णु आफैँ शस्त्रहरूमा, तिमीहरूमा, ममा र चराचर जगत्मा व्याप्त रहनुभएको छ । यो सत्यका प्रभावले ममा यी शस्त्रअहस्त्रहरू कुनै प्रभाव नपर्ने भएकाले तिमीहरू मूर्ख नबन ।

पराशरले भन्नुभयो– त्यसपछि ती अनेकौँ दैत्यले प्रहार गरेका शस्त्रअस्त्रहरूले प्रह्लादलाई कुनै असर पुऱ्याउन सकेनन् ।

हिरण्यकशिपुले भन्यो– अहिले पनि मेरो शत्रुको स्तुति गर्न छाड्यौ भने म
तिमीलाई अभयदान दिन्छु। तिम्रा लागि धेरै मूर्ख नबन्नु नै कल्याणदायक हुन्छ।

प्रह्लादले भने– जसको स्मरणमात्र गर्दा जन्म, वृद्धावस्था र मृत्युसमेतको
कुनै प्रभाव पर्दैन; उहाँ सबैको मनमा उत्पन्न भएको भय हटाइदिने र प्राणीमात्रका
हृदयमा रहनुभएका परमात्मा भएपछि मलाई अरू कसैको डर छैन।

हिरण्यकशिपुले भन्यो– हे सर्पहरू हो! यो धेरै दुर्बुद्धि र दुराचारी
बालकलाई तिमीहरूको विषाग्निरूपी मुखले डसेर चाँडै यसको विनाश गरिदेओ।

पराशरले भन्नुभयो– हिरण्यकशिपुको यस्तो आज्ञा पाएपछि ती अतिक्रूर
र विषालु तक्षकलगायतका सर्पले उनको समग्र शरीरमा निर्दयतापूर्वक डसे तापनि
श्रीविष्णुका अतिआसक्त मन भएका प्रह्लाद भगवान्को स्मरणरूपी आनन्दमा
अवस्थित भएकाले आफ्नो अवस्थाबाट विचलित भएनन्।

सर्पहरूले भने– हाम्रा दाँत भाँचिए, मणि चर्किन थाले, फणामा पीडा
भएको छ भने हृदय काँपिरहेको छ। तर पनि यी बालकको शरीरमा कुनै असर
देखिएको छैन। यसकारण हामीलाई अन्य कुनै आज्ञा दिनुस्।

हिरण्यकशिपुले भन्यो– तिमीहरूले आफ्ना साँगुरा दाँतहरूलाई
मिलाएर मेरो शत्रुको तर्फबाट फकाएर मैले परित्याग गरिदिएको यो बालकको
वध गरिदेओ। अरणिबाट उत्पन्न भएको अग्निले अरणि जलाए जस्तैगरी कसैले
जसबाट उत्पन्न भएको हो, त्यसैको विनाश गरिदिन्छ।

पराशरले भन्नुभयो– हिरण्यकशिपुको यस्तो आज्ञा पाएपछि ती पर्वतको
शिखरजस्तै धेरै ठूला हात्तीहरूले त्यस बालकलाई भुइँमा पछारेर खूब पिसे
तापनि ती बालकमा त्यसको कुनै असर परेन। ती प्रह्लाद श्रीविष्णुका परमभक्त
र उहाँको सधैँ स्मरण गरिरहने भएकाले हात्तीहरूका हजारौँ दाँत उनको छातीमा
ठोकिएर भाँचिए।

त्यसपछि धेरै हताश भएका प्रह्लादले आफ्नो पिता हिरण्यकशिपुसँग
भने–यी जुन हात्तीहरूका वज्रजस्तै बलिया दाँतहरू भाँचिएका छन्, त्यसमा
मैले कुनै किसिमको बल प्रयोग गरेको छैन। यो त श्रीविष्णुको आफूमाथि
आइलागेको महाविपत्ति र क्लेशहरूको विनाश गराउने शक्तिको स्मरणमात्र हो।

हिरण्यकशिपुले भन्यो–हे हात्तीहरू ! तिमीहरू यहाँबाट जाओ।

दैत्यहरूले अग्नि जलाओ र वायुले त्यसलाई दन्काइदेऊ; जसले गर्दा त्यो अग्निले जलाएर यो पापीलाई भस्म पारोस्।

उसको यस्तो आज्ञा पाएका दानवका सैनिकहरूले काठको धेरै ठूलो चाङमा राखिदिएका ती प्रह्लादलाई आगो बालेर जलाउन थाले पनि उनले निडर हुँदै आफ्नो पितासँग भने– वायुले धेरै दन्काएको यो आगोले पनि मलाई जलाउन सक्तैन। किनकि मैले त म जहाँ बसेको छु; त्यसको चारैतिर कमलको ओछ्यान जस्तै अतिशीतल र नरम भएको अनुभूति गरिरहेको छु।

त्यसपछि शुक्राचार्यका पुत्र वाग्मिले षण्डाकर्मलगायतका पुरोहितसहित भएर सामनीतिअनुसार हिरण्यकशिपुको प्रशंसा गर्दै भने– आफ्नो बालक पुत्रमाथि देखाउनु भएको क्रोध नियन्त्रण गरेर शान्त बनाउनुस्। तपाईंले देवतामाथि रिस देखाउन उचित हुन्छ। किनकि यसैभित्र उनीहरूको सफलताको बीजारोपण भइरहेको छ। हामी तपाइँका यी बालकलाई यस्तो प्रभावशाली शिक्षा दिन्छौँ; जसबाट यी बालक शत्रुहरूको विनाशको कारण बनेर तपाइँप्रति धेरै विनयशील हुनेछन्। बालपन सबै प्रकारका दोषहरूको आश्रयस्थल हुने भएकाले तपाइँले यी बालकलाई यसप्रकार असहनयि दण्ड दिन उचित हुँदैन। यदि यिनले हामीले दिएको शिक्षा अस्वीकार गर्दै विष्णुको स्तुति गर्न छाडेनन् भने हामी यिनको हत्या गर्नका लागि कसैले पनि नियन्त्रण गर्न नसक्ने र जस्तोसुकै अवस्थामा पनि आफूलाई अह्राएको कार्यसम्पन्न गरेर मात्र आनन्दित हुने कृत्या पठाइदिन्छौँ।

पराशरले भन्नुभयो– पुरोहितहरूका यस्ता कुरा सुनेपछि हिरण्यकशिपुले दैत्यहरूलाई प्रह्लादलाई त्यो दन्किरहेको आगोबाट निकाल्ने आज्ञा दिएपछि श्रीविष्णु परमभक्त प्रह्लादले गुरुको घरमा बसेर आफ्ना गुरुले उपदेश दिएपछि अन्य दैत्यकुमारहरूलाई उपदेश दिँदै भने– म तिमीहरूलाई परमार्थका विषयमा उपदेश दिन्छु; तिमीहरूले ध्यानपूर्वक सुन। किनकि मैले यसरी तिमीहरूलाई उपदेश दिनमा मेरो कुनै व्यक्तिगत स्वार्थ रहेको छैन। सबै जीवको जन्म, बाल्यावस्था र यौवनावस्था हुन्छ; त्यसपछि वृद्धावस्था आउने निश्चित छ। यो क्रमलाई रोकेर कोही पनि सधैँ यौवनावस्था रहन सम्भव छैन। यसपछि निश्चित रूपमा प्राणीको मृत्यु हुन्छ। यो प्रकृतिको नियममा कसैले परिवर्तन ल्याउन सक्तैन तथा मृत्युपछि पुनर्जन्म हुने निश्चित छ; यो नियमको परिधिभन्दा बहिर कोही पनि

जान सक्तैन। यसका प्रमाण श्रुति र स्मृतिहरू हुन्। किनकि उत्पन्न हुनमा कुनै उपादान कारण अवश्य रहेको हुन्छ। पुनर्जन्म हुने गर्भवासलगायत जति पनि कारणहरू छन्, ती सबै दुःखरूपी नै हुन्छन्। मनुष्यले अविवेकी बनेर भोक, तिर्खा र शीतसमेतबाट प्राप्त हुने शान्तिलाई सुख सम्भन्छन्। तर यथार्थमा त्यो त दुःखैदुःखको महासागरमात्र हो, त्यसबाट कहिल्यै सुख प्राप्त हुन सक्तैन। जसको शरीर वाथलगायतले धेरै शिथिल भएको हुन्छ; उसले व्यायामलाई सुखदायक सम्भन्छ। जसको दृष्टि अज्ञानको अन्धकारले ढाकिएको छ; त्यसले दुःखलाई सुख सम्भन्छ। कहाँ यो कफ, च्याल, सिँगानसमेत धेरै घृणित पदार्थहरूले परिपूर्ण भएको शरीर र कहाँ ती कान्ति, शोभा, सौन्दर्य र रमणीयता जस्ता अलौकिक गुण। तर पनि मनुष्यले यो घृणित शरीरमा कान्तिसमेत भएको अनुभूति गरेर सुख भएको अनुभव गर्छ। यदि कुनै अविवेकी पुरुषलाई मासु, रगत, पीप, विष्टा, मूत्र, स्यानु, मज्जा र अस्थिपञ्जरहरूको समूहरूपी यो शरीर प्यारो लाग्छ भने उसलाई अतिडरलाग्दो दुःखदायी नरक पनि प्यारो लाग्न सक्तछ। जाडोको समयमा आगो, तिर्खा लागेको समयमा पानी, भोक लागेको समयमा खान आनन्ददायक हुन्छ। जतिजति विषयहरूको सङ्ग्रह र उपभोग गरिन्छ; त्यतित्यति मनुष्यको चित्तमा दुःख बढिरहेको हुन्छ। किनकि विषयको सुख क्षणिकमात्र हुन्छ। प्राणीले आफ्नो मनलाई प्यारो लाग्ने वस्तुसँग जस्तो सम्बन्ध स्थापित गर्छ; त्यसैका आधारमा उसको हृदयमा शोकको बीजारोपण भइरहेको हुन्छ। मनुष्य जहाँ गए पनि घरमा भएका वस्तुहरू मनमा बसिरहेका हुन्छन् र त्यसको विनाश गर्ने समग्री पनि उसैको मनमा रहेको हुन्छ अर्थात् घरमा भएका सबै वस्तु सुरक्षित भए तापनि ती विनाश हुने सम्भावनाले मनुष्य दुःखी भइरहेको हुन्छ। यसरी जीवित रहँदा धेरै डरलाग्दो सांसारिक दुःख भोग्नुपर्छ भने मृत्यु भएपछि यमराजको यातना र माताको गर्भमा प्रवेश गर्दा अतिकष्ट भोग्नुपर्छ। यदि तिमीहरू गर्भमा रहँदाका अवस्थामा अलिकति मात्र पनि सुखको अनुमान गर्न सक्छौ भने बताऊ! अन्यथा यो समग्र संसार ज्यादै दुःखमय भएकाले यसमा कुनै अवस्थामा यथार्थ सुख प्राप्त हुन सक्तैन। तिमीहरूलाई यो संसारसागरबाट श्रीविष्णुले मात्र मुक्त गर्न सक्नुहुन्छ। किनकि उहाँमात्र हामी सबैको परमगति हुनुहुन्छ। अहिले हामी साना बालक छौं भन्ने सम्भनु हुँदैन। किनकि बुढ्यौली, यौवन र जन्मलगायतको अवस्था यो

विनाशशील शरीरको मात्र धर्म हो तथा शरीरको अधिपति आत्मा सधैँ नित्य रहने भएकाले त्यसमा यस्ता कुराको प्रभाव पर्दैन। जुन मनुष्यको चित्त अहिले मेरो बाल्यावस्था भएकाले म आफ्नो इच्छाअनुसार खेलुँ, सहपाठी मित्रहरूसँग रमाऊँ, जब युवा हुन्छु; त्यसपछि आत्माको कल्याण हुने कार्यमा लाग्नेछु। जब युवा हुन्छ; त्यसपछि अहिले भर्खरको जवान छु, बुढ्यौली लागेपछि आत्मकल्याणको कार्य गर्नेछु। जब वृद्धावस्था आउँछ; त्यस समयमा म बूढो भइसकेँ, अब त मेरा इन्द्रियहरूले आफ्नो काम गर्न सक्तैनन्, शरीर पनि शिथिल भइसकेको छ; यस्तो अवस्थामा मैले के गर्न सक्छु र ? सक्षम हुँदासम्म मैले केही गरिनँ भनेर चिन्तित हुन्छ; त्यसले कहिल्यै आफ्नो कल्याण गर्न सक्तैन। ऊ विषयहरू भोगमा मात्र एकाग्रतापूर्वक लागिरहेको हुन्छ। अविवेकी मनुष्यले आफ्नो बाल्यावस्था खेलकुदमा लागेर बिताउँछन् भने यौवनावस्था विषयहरूको भोगमा लागेर बिताउँछन् र वृद्धावस्था असमर्थतता कारणले व्यर्थका बिताउँछन्; यस्ता व्यक्तिले कहिल्यै आफ्नो कल्याण हुने मार्गमा लागेर जीवन सफल बनाउन सक्तैनन्। यसैले विवेकी पुरुषले बाल्यावस्था, यौवनावस्थासमेतको अपेक्षा नगरी बाल्यावस्थामै आफ्नो कल्याण हुने कार्यमा लागेर आफ्नो अमूल्य मानवजीवन साकार बनाउने प्रयासमा लाग्नुपर्छ। तिमीहरूले मैले बताएको कुरा सम्झिएका छैनौ भने मेरो खुसीका लागि मात्र भए पनि सबै प्रकारका बन्धनबाट यथार्थ मुक्त गराइदिनुहुने श्रीविष्णुको स्मरण गर। उहाँको स्मरण गर्नका लागि मानसिक वा शारीरिक परिश्रम गरिरहनु पर्दैन तथा उहाँको स्मरण गर्नाले सबै पापबाट सजिलै मुक्त हुन सकिन्छ। तिमीहरूको बुद्धि सबैको हृदयमा रहनुभएका परमात्मामा एकाग्र होस्। यो संसार आधिदैविक, आधिभौतिक र आध्यात्मिक तापहरूले व्याप्त भएकाले शोचनीय अवस्थामा पुगेका यो संसारका प्राणीहरूमा कसैलै द्वेषभाव राख्नु हुँदैन। यस संसारमा भएका अन्य सकै जीव अतिआनन्दमा रहेका छन् तथा ममात्र शक्तिहीन भएको छु भन्ने अनुभूति भए तापनि प्रसन्नै रहनुपर्छ। किनकि अरूको द्वेष गरियो भने त्यसको फलस्वरूप आफूले दुःख भोग्नुपर्छ। यसैले कसैप्रति द्वेषभाव राख्नु हुँदैन। यदि कसैले आफूप्रति द्वेषभाव राख्छ भने पनि बुद्धिमान्ले यो धेरै अज्ञानी रहेछ भन्ने बुझ्नुपर्छ। किनकि मोहको वशमा परेको प्राणीले सबैमा सद्भाव राख्न सक्तैन। मैले तिमीहरूलाई अलगअलग उपाय बताएँ। अब तिनीहरू सङ्क्षिप्त

विचार सुन। यो समग्र जगत् श्रीविंष्णुबाट विस्तार भएको हो। यसैले बुद्धिमान् पुरुषले यसलाई आफ्नो आत्माजस्तै अभेद रूपमा हेर्नुपर्छ। यसकारण म र तिमीहरू आसुरीभाव परित्याग गरेर सधैँ रहने शाश्वत शान्ति प्राप्त गर्ने प्रयासमा लागौँ। जुन परमशान्ति छ; त्यो शान्ति पाउनका लागि आफ्नो मनलाई श्रीविष्णुमा एकाग्र गराउनुपर्छ। अग्नि, सूर्य, चन्द्रमा, वायु, मेघ, वरुण, सिद्ध, राक्षस, यक्ष, सर्प, किन्नर, मनुष्य,, पशुबाट र आफूबाट उत्पन्न भएका दोषहरूबाट वा ज्वरो, आँखाको रोगजस्ता विभिन्न प्रकारका रोग तथा द्वेष, ईर्ष्या, मत्सर, राग, लोभ एवम् कुनै भावबाट पनि त्यसको विनाश हुन सक्तैन। यसैले तिमीहरू यो अपार संसारका विषयवासनाबाट कहिल्यै सन्तुष्ट नहुनु तथा तिमीहरूले सबैमा समभाव राख्नु। किनकि समभाव नै श्रीविष्णुको यथार्थ उपासना हो। श्रीविष्णु प्रसन्न भएपछि यो संसारमा पाउन नसकिने वस्तु केही पनि छैन। धभर्म, अर्थ, काम यी सबै व्यर्थ भएकाले तिमीहरूले यिनको चाहना नराख्नु। किनकि श्रीविष्णुको आश्रयमा परेपछि मोक्षरूपी मभहान् फल प्राप्त हुनेमा कुनै द्विविधा छैन।

प्रह्लादको यस्तो व्यवहार देखेर अतिभयभीत भएका ती दैत्य पुरोहितहरूले हिरण्यकशिपुलाई सबै कुरा सुनाएपछि त्यो अतिदुष्ट स्वभाव भएको उसले आफ्ना भान्सेहरूलाई बोलाएर भन्यो– मेरो यो अरूलाई कुमार्गमा लाग्ने उपदेश दिने दुष्ट र अविवेकी पुत्रलाई तिमीहरूले चाँडै मृत्युको मुखमा पुर्‍याउने उचित व्यवस्था मिलाएर यसको वध गरिदेओ। तिमीहरूले उसलाई जानकारी नदिइकन भोजनको सबै सामग्रीमा हलाहल विष मिसाएर निश्चिन्त भएर त्यस पापीको हत्या गरिदेओ।

पराशरले भन्नुभयो– त्यसपछि ती भान्सेहरूले हिरण्यकशिपुको आज्ञाअनुसार सबै खाद्यपदार्थमा हलाहल विष मिसाएर प्रह्लादलाई खान दिए भने उनले पनि श्रीविष्णुको नाम उच्चारण गर्दै अभिमन्त्रित गरेर त्यो हलाहल विष आफ्नो भोजनसँगै अतिआनन्दपूर्वक खाइदिए। श्रीविष्णुको नामका प्रभावले शक्तिहीन भएको त्यो हलाहल विष खाएर स्वस्थ मनस्थिति भएका प्रह्लादले त्यसलाई सजिलै पचाइदिए।

यसरी त्यो हलाहल विष पचाएको देखेपछि धेरै डराएका भान्सेहरूले हिरण्यकशिपुसँग भने–हामीले हजुरको आज्ञाअनुसार अतिडरलाग्दो विष खान

दिएको भए तापनि प्रह्लादले त्यसलाई अन्नसँगै सहज रूपमा पचाइदिए।

यसपछि हिरण्यकशिपुले पुरोहितहरूलाई भन्यो– यस दुष्टको वध गर्नका लागि तत्कालै कृत्या उत्पन्न गराऊ।

उसका यस्ता कुरा सुनेर ती पुरोहितहरू प्रह्लादको नजिकमा आएर उनलाई विनम्रता र शान्तिपूर्वक सम्झाउने प्रयास गर्दै भने– तिमी ब्रह्माको कुलमा उत्पन्न भएका हौ र दैत्यहरूको राजा हिरण्यकशिपुका पुत्र पनि भएकाले तिमीले आफ्नो जिद्दी त्यागिदेऊ। तिमीले अन्य कसैको चिन्तन गर्नुको कुनै औचित्य छैन। किनकि तिम्रा पिता सबै प्राणीका आश्रय भएकाले भविष्यमा तिमी पनि यस्तै प्रभावशाली राजा हुनेछौ। यसैले आफ्नो पिताको शत्रुको आराधना गर्न छाडिदेऊ।

प्रह्लादले भने– तपाइँहरूले भन्नुभएको कुरा उचित हो। तीनोटै लोकमा मरीचिको यो कुल प्रशंसनीय रहेकोमा कुनै द्विविधा छैन। मलाई मेरो पिता हिरण्यकशिपु धेरै पराक्रमी भएको ज्ञान छ । मेरो लागि पिता परमगुरु हुनुहुन्छ। किनकि पुत्रका लागि पिता हुनेभएकाले उहाँको विनम्रतापूर्वक पूजा गर्नुपर्नेमा कुनै भ्रम छैन। मबाट उहाँ हानि पुऱ्याउने कार्य हुँदैन। तर तपाइँहरूले अनन्तको आराधना गर्नुको कुनै औचित्य छैन भन्न न्यायोचित हुँदैन। तपाईहरूको तँलाई अनन्तसँग के मतलव भन्ने विचारका लागि धन्यवाद छ। यदि तपाइँहरूलाई नराम्रो लाग्दैन भने अनन्तसँगको प्रयोजनका बारेमा सुन्नुस्। धर्म, अर्थ, काम र मोक्षलाई चार प्रकारको पुरुषार्थ भनिन्छ र यी चारोटै जसबाट सिद्ध हुन्छन्; उहाँ श्रीविष्णुसँग के प्रयोजन छ ? भन्ने तपाइँहरूको अभिव्यक्तिलाई कुन शब्दले सम्बोधन गर्ने ! दक्ष, मरीचिलगायतका ऋषिले श्रीविष्णुबाटै धर्म प्राप्त गरे भने अरू कैयौँ ऋषिहरूले अर्थ र कैयौँले उहाँबाटै काम प्राप्त गरेका छन्। यसैगरी अन्य धेरै महापुरुषहरूले ज्ञान, ध्यान र समाधिद्वारा उहाको तत्त्वज्ञान हासिल गरेर मोक्ष प्राप्त गरेका छन्। सम्पत्ति, ऐश्वर्य, ज्ञान, सन्तान, कर्म र मुक्ति पाउनका लागि श्रीविष्णुको आराधना मात्र मूलतत्त्व हो। यसरी जसबाट अर्थ, धर्म, काम र मोक्ष प्राप्त हुन्छ; तपाइँहरू उहाँसँग तेरो के प्रयोजन छ भनेर सोधिरहनुभएको छ। योभन्दा धेरै बताउन उचित छैन। किनकि तपाइँहरू मेरो गुरु हुनुहुन्छ। यदि म बाल्यस्वभाव भएको हजुरहरूको शिष्यले केही अनुचित बताएको भए मलाई क्षमा गरिदिनुस्।

पुरोहितहरूले भने– तिमीले यस्तो कुरा नगरौला भनेर हामीले तिमीलाई

अग्निबाट जल्न लागेको समयमा रक्षा गरेका थियौँ। हामीलाई तिमी यस्ता मूर्ख छौ भन्ने लागेको थिएन, त्यसैले जल्नबाट बच्यौ। यदि तिमीले हाम्रो कुरा स्वीकार गरेर आफ्नो त्यो अज्ञानपूर्ण कुरा गर्न छाडेनौ भने निश्चित रूपमा तिम्रो विनाश हुनेछ। हामी तिम्रो विनाश गराउन कृत्या उत्पन्न गराउनेछौँ।

प्रह्लादले भने– कुन जीवले कसलाई मार्दछ र कसले कसको रक्षा गर्छ? शुभ र अशुभ आचरणका आधारमा आत्माले मात्र रक्षा र विनाश गराउँछ अर्थात् यो संसारमा आत्माबाहेक अरू कसैले कसैलाई मार्न वा बचाउन सक्तैन।

पराशरले भन्नुभयो– प्रह्लादका यस्ता कुरा सुनेर अतिक्रोधित भएका ती पुरोहितहरूले आगोको ज्वाला जस्तै अतिप्रज्वलित शरीर भएकी कृत्या उत्पन्न गराइदिए। ती ज्यादै डरलाग्दो स्वरूपसम्पन्न कृत्याले आफ्नो पदचापले पृथ्वी हल्लाउँदै त्यहाँ प्रकट भएर प्रह्लादको छातीमा त्रिशूल प्रहार गरी। तर ती बालकको हृदयलाई छुनेबित्तिकै त्यो तेजोमय त्रिशूल टुक्राटुक्रा भएर भुइँमा खस्यो। जुन हृदयमा निरन्तर श्रीविष्णु रहनुहुन्छ; त्यसमा ठोक्किँदा वज्र पनि टुक्रिन्छ भने त्यो साधारण त्रिशूलको त कुरै भएन। ती पापी दैत्यपुरोहितहरूले निष्पाप बालकमाथि जुन कृत्या प्रयोग गरेका थिए, त्यसले तिनै पुरोहितहरूमाथि प्रहार गरेर ऊ आफू पनि नष्ट भई। आफ्ना गुरुहरूलाई कृत्याले यसरी जलाएको देखेर प्रह्लाद हे कृष्ण! यिनीहरूको रक्षा गर्नुस्, यिनीहरूलाई बचाइदिनुस् भन्दै उनीहरू भएतिर दौडिए।

प्रह्लादले भने– हे जानर्दन ! अतिदुःखदायी यो मन्त्ररूपी अग्निबाट यी सबै ब्राह्मणको रक्षा गरिदिनुस्। श्रीविष्णु सबै प्राणीमा व्याप्त भएर रहनुभएको छ। यस सत्यका प्रभावले यी पुरोहितहरू फेरि जीवित हुन सकुन्। यदि मैले श्रीविष्णुलाई सबैमा व्याप्त मान्दै आफ्ना शत्रुमा पनि उहाँ रहनुभएको देख्छु भने यी दैत्यका पुरोहितहरू फेरि पहिले जस्तैगरी जीवित हुन सकुन्। जो मलाई मार्न आएका थिए, जसले मेरो भोजनमा हलाहल विष मिसाइदिए, जसले दन्किरहेको आगोमा जलाए, जसले मलाई ठूलाठूला हात्तीद्वारा पीडित बनाए र जसले सर्पद्वारा डसाए, तिनीहरूलाई पनि मैले मित्रभावले हेर्छु र उनीहरूप्रति पापमय दृष्टि राखेको छैन भने त्यही सत्यका प्रभावले यी दैत्यपुरोहितहरू बाँचुन्।

पराशरले भन्नुभयो– यसरी स्तुति गरेर प्रह्लादले स्पर्श गरेपछि ती दैत्यपुरोहितहरू पहिलेको जस्तै स्वस्थ भएर उठे।

त्यसपछि तिनीहरूले विनम्रतापूर्वक प्रह्लादसँग भने—तिमी दीर्घायु, बल र वीर्यबाट पूर्ण रूपमा सम्पन्न तथा पुत्र, नाति, धन र ऐश्वर्यसम्पन्न भएर समग्र जगत्मा सर्वोत्कृष्ट बन।

यसरी कृत्याको प्रहार पनि असफल भएको सुनेपछि हिरण्यकशिपुले आफ्नो पुत्रलाई बोलाएर यस प्रभावको कारणका विषयमा सोद्धै भन्यो— तिमी धेरै प्रभावशाली रहेछौ; तर तिमीमा भएको यो प्रभाव मन्त्रबाट उत्पन्न गराएको हो वा स्वाभाविक रूपमा उत्पन्न भएको हो।

यसरी सोधेपछि प्रह्लादले पितालाई प्रणाम गर्दै भने— ममा भएको यो प्रभाव मन्त्रबाट उत्पन्न गराएको नभएर स्वाभाविक हो। जसका हृदयमा श्रीविष्णु बस्नुहुन्छ; त्यसका लागि यस्तो प्रभाव धेरै साधारण कुरा हो। जुन मनुष्यले सबैको कल्याणका बारेमा मात्र विचार गर्छ; उसको कहिल्यै अकल्याण हुन सक्तैन। यसैले हामीले सधैँ सबैको कल्याण हुने विषयमा मात्र ध्यान दिन उचित हुन्छ। जुन मनुष्यले मन, वचन वा कर्मद्वारा अरूलाई दुःख दिन्छ; त्यसको प्रभावले उसको दुर्गति हुन्छ। आफूसहित सबैका हृदयमा श्रीविष्णु रहनभएको छ भन्ने निश्चय गर्दै म कसैको अकल्याण चाहन्नँ र अरूको अकल्याण हुने कार्य पनि गर्दिनँ। यसरी सबैमा कल्याणदायक विचार राख्ने भएकाले मलाई कुनै वस्तु वा विषयबाट शरीरिक, मानसिक, दैविक वा भौतिक दुःखले पीडित बनाउन सक्तैन। यसरी सबै प्राणीमात्रमा श्रीविष्णु व्याप्त भएर रहनुभएको बुझेर विद्वान्हरूले कुनै पनि प्राणीलाई नकारात्मक दृष्टिले हेर्नु हुँदैन।

प्रह्लादका यस्ता कुरा सुनेर रिसले अन्धोजस्तै भएको हिरण्यकशिपुले आफ्ना सेवकहरूसँग भन्यो— यो बालक धेरै दुष्ट रहेछ; यसलाई यो सय योजन अग्लो महलबाट फ्याँकिदेओ, जसले गर्दा यसको मृत्यु होस्।

पराशरले भन्नुभयो— त्यसपछि ती दैत्य र दानवहरूले उनलाई त्यस महलको टुप्पोबाट खसाइदिए भने उनी आफ्नो हृदयमा श्रीविष्णुको स्मरण गर्दै तल झर्न थाले।. श्रीविष्णुका परमभक्त प्रह्लाद यसरी माथिबाट झरिरहेको देखेर पृथ्वीले उनको नजिकमा गएर उनलाई काखमा धारण गरिन्।

त्यसपछि उनी पहिलेको जस्तै स्वस्थ रहेको देखेर हिरण्यकशिपुले मायावीहरूमा सर्वश्रेष्ठ शम्बरासुरसँग भन्यो— हामीले सबै उपाय लगाउँदा पनि

यो दुष्ट बालकलाई मार्न सकेनौँ। मेरो अनुभवमा यो मायाका प्रभावले बाँचिरहेको छ। तिमी मायाहरूका ज्ञाता छौ। यसैले यो बालकको चाँडै वध गरिदेऊ।

शम्बरासुरले भन्यो– म यो बालकलाई अहिल्यै मारिदिन्छु; किनकि मेरो मायावीरूपबाट कोही पनि जीवित रहन सक्तैन। तपाइँ मेरो मायाको बल हेर्नुस्। म तपाइँलाई अनेकौँ मायाको स्वरूप देखाउँछु; यसैले यो बालक बाँच्ने सम्भावना छैन।

पराशरले भन्नुभयो– त्यसपछि त्यो बुद्धिविहीन शम्बरासुरले सबैमा समभाव राख्ने प्रह्लादको वध गर्ने अभिप्रायले अनेकौँ प्रकारका मायाको रचना गऱ्यो। तर प्रह्लादले शम्बरासुरप्रति द्वेषभावरहित भएर एकाग्रतापूर्वक श्रीविष्णुको स्मरण गरिरहे। त्यस समयमा भगवान्‌को आज्ञा पाएकाले उनको रक्षा गर्नका लागि अग्निको ज्वालाले परिपूर्ण भएको सुदर्शनचक्रले त्यहाँ आएर ती बालकको रक्षा गर्दै शम्बरासुरले उत्पन्न गराएका सबै माया निष्फल बनाइदिए।

यसपछि हिरण्यकशिपुले सबैलाई सुकाउने क्षमता भएको वायुसँग भन्यो– तिमीले मेरो आज्ञाअनुसार यो कालकलाई सुकाएर नष्ट गरिदेऊ। यस्तो आज्ञा पाएको त्यो अतिपीडादायक वायु हुन्छ भनेर ती बालकलाई सुकाउन उनको शरीरमा पस्यो। आफ्नो शरीरमा त्यो सहन नसक्ने वायु पसेको भनुभूति भएपछि प्रह्लादले आफ्नो श्रीविष्णुलाई धारण गरे। उनको हृदयमा विराजमान हुनुभएका श्रीविष्णुले अतिरिसाउँदै त्यो भीषण वायु पिउनुभएकाले त्यो निष्क्रिय भयो। यसरी सबै माया र वायु नष्ट भएपछि प्रह्लाद फेरि आफ्ना गुरुको आश्रममा गए। त्यहाँ उनलाई आचार्यले सधैँ शुक्राचार्यले निर्धारण गरेको राज्यफल प्राप्त गराइदिने राजनीति पढाउन थाले।

उनी नीतिशास्त्रहरूमा धेरै सिपालु र अतिविनशलि स्वभाव भएको देखेर गुरुले हिरण्यकशिपुसँग भने– तपाइँका पुत्र प्रह्लादले नीतिशास्त्रहरूका विषयमा सबै ज्ञान हासिल गरिसकेका छन् र यिनले शुक्राचार्यले बताएको नीतिका बारेमा तात्त्विक रूपमा जानिसकेका छन्।

हिरण्यकशिपुले प्रह्लादलाई प्रश्न गर्दै भन्यो– एउटा राजाले मित्रसँग कस्तो व्यवहार गर्नुपर्छ र शत्रुहरूसँग कस्तो तथा तीनोटै लोकको मध्यस्थकर्ताको भूमिका निभाउने व्यक्तिसँग कस्तो व्यवहार गर्नुपर्छ ? मन्त्रीहरू, सचिवहरू,

बाहिर र भित्रका सेवकहरू, गुप्तचरहरू, नगरवासीहरू, युद्धमा जितेर जबरजस्ती दास बनाइएकाहरू तथा अन्य जनहरूसँग कस्तो व्यवहार गर्नुपर्छ ? गर्न हुने र नहुने कर्मको विधान कस्तो छ तथा दुर्गवासी र जङ्गली मनुष्यहरूलाई कसरी आफ्नो अधीनमा राख्नुपर्छ एवम् लुकेर रहेको शत्रुरूपी काँडा कसरी समाप्त गर्नुपर्छ ? यो सबै तथा तिमीले अध्ययन गरेका सबै विषयमा मलाई बताऊ।

त्यसपछि नियमसम्पन्न प्रह्लादले भने– गुरुले मलाई यी सबै विषयमा उपदेश दिनुभएकोमा कुनै द्विविधा छैन र मैले त्यसको ज्ञान हासिल गरेँ। तर मेरो मान्यताअनुसार ती नीतिहरू अनुपयोगी छन्। साम, दाम, दण्ड भेद मित्रसहितसँग व्यवहार गर्दा प्रयोगमा ल्याउनुपर्ने बताए तापनि म कसैलाई आफ्नो शत्रु वा मित्र देख्दिन। यसैले कोही साध्य नै छैन भने यी साधनहरू प्रयोग गर्नुको कुनै औचित्य छैन। किनकि सबै प्राणीहरू र समग्र जगत्मा व्यप्त हुनुभएका श्रीविष्णुमा शत्रु र मित्रको कुरा कसरी आउन सक्तछ। हजुरमा, ममा र अन्य सबै ठाउँमा श्रीविष्णु रहनुभएको छ। यसरी समभावले सम्पन्न भएपछि यो मेरो शत्रु हो, यो मेरो मित्र हो भन्ने भेद रहँदैन। यसैले अविद्याजन्य दुष्कर्महरूमा लगाइरहने यी विषयवासनाहरू यथार्थ रूपमा परित्याग गरेर मनुष्यहरूले आफ्नो कल्याण हुने शुभ कर्ममा तत्परतापूर्वक लाग्नुपर्छ। अबोध बालकले सूर्यलाई अग्नि सम्झे जस्तैगरी मनुष्यमा भएको अज्ञानले बुद्धिलाई ढाकिदिएको हुन्छ। यसैले कर्म त्यही हो, जुन सांसारिक बन्धनको कारण नबनोस् र त्यही विद्या हो, जसले वास्तविक मुक्ति दिलाउँछ। यसबाहेका कर्महरू परिश्रम र विद्याहरू कलाकौशल मात्र भएकाले यिनीहरूको कुनै औचित्य छैन। यी सबैलाई सारहीन सम्झिँदै अब म हजुरलाई उत्तम सारका बारेमा बताउँछु। राज्य प्राप्त गर्ने अभिलाषा सबैमा रहेको हुन्छ भने सबैले धेरै धन प्राप्त होस् भन्ने कामना गर्छन्। तर पनि पहिलो जन्ममा सत्कर्म गरेको रहेछ भने मात्र यी दुवै सजिलै प्राप्त हुन्छन्। सबै मनुष्यले सबैभन्दा ठूलो हुन आफ्नो समग्र शक्ति लगाउँछन्। तर पनि वैभव प्रयासबाट नभएर भाग्यका आधारमा मात्र प्राप्त हुन्छ। अविवेकी, कायर र नीतिविहीन मनुष्यले पनि आफ्नो भाग्यअनुसार अनेकौँ प्रकार भोग्यसामग्रीहरू र राज्य प्राप्त गर्छ। यसकारण जसले धेरै सम्पत्तिको मालिक बन्ने चाहना राख्छ; उसले धर्म गर्नुपर्छ र मोक्ष प्राप्त गर्ने अभिलाषा भएको मनुष्यले सधैँ समग्र जगत्मा समभाव

प्राप्त गर्ने प्रयासमा लागिरहनुपर्छ। देवता, मनुष्य, पशुपक्षी, रूख र सर्प यी सबै श्रीविष्णुबाट अलग भएको देखिए तापनि यथार्थमा उहाँकै स्वरूप हुन्। यो तत्त्वको ज्ञान भएको पुरुषले स्थावर र जङ्गमात्मक चराचर जगत्लाई आफैं समान देख्छ; किनकि यी सबै श्रीविष्णु नै हुन्। यसप्रकारको ज्ञान प्राप्त भएपछि श्रीविष्णु प्रसन्न हुनुहुन्छ र उहाँ प्रसन्न भएपछि सबै दुःख र कष्ट नष्ट हुन्छन्।

प्रह्लादका यस्ता कुरा सुनेर हिरण्यकशिपुले धेरै रिसाउँदै आफ्नो आसनबाट उठेर लात्ताले उनको छातीमा हिर्काएर आफ्ना सेवकहरूसँग भन्यो—तिमीहरूले यसलाई नागपाशले बाँधेर तत्कालै महासागरमा हालिदेओ। अन्यथा सबै लोकका मनुष्य, दैत्य र दानवहरू यो जस्तैगरी विष्णुको परमभक्त हुनेछन्। यसलाई मैले धेरै सम्झाए तापनि यसले मेरो शत्रुको स्तुति गर्न छाडेन। राजनीतिअनुसार दुष्टको हत्या गर्नु कल्याणदायक हुने भएकाले यो दुष्टलाई फेरि जीवित नरहने गरी महासागरमा फ्याँकिदेओ।

पराशरले भन्नुभयो— त्यसपछि ती दैत्यहरूले आफ्नो स्वामीको आज्ञा पालन गर्दै तत्कालै प्रह्लादलाई नागपाशले राम्ररी बाँधेर महासागरमा फ्याँकिदिए। त्यस समयमा महासागरको पानीमा प्रह्लादले हलचल गर्दा महासागरमा क्षोभ उत्पन्न भएकाले समुद्रको सबैतिर ठूलाठूला छाल उठ्न थाले।

त्यो समुद्रको छालले सबै लोक डुबाउँन लागेको देखेर हिरण्यकशिपुले आफ्ना सेवकहरूसँग भन्यो— तिमहिरूले यो दुष्टलाई यसै समुद्रभित्र कतै एउटा सानो प्वाल पनि नराखी चारैतिरबाट पर्वतहरूले थिचिदिनू। यसलाई आगोले जलाउन सकेन, शस्त्रहरूले काट्न सकेनन्, सर्प, विष र कृत्याले यसलाई नष्ट गर्न सकेनन्। यसको कुनै कारणले पनि वध हुन नसकेकाले यसलाई महासागरभित्रै धेरै बलियोसँग थिचिदिनू। यसरी समुद्रमा हजारौँ वर्ष डुबेपछि यो दुष्टले आफैं प्राण त्याग्छ।

पराशरले भन्नुभयो— त्यसपछि दैत्य र दावनहरूले त्यो समुद्रलाई सबै तिरबाट ढाकेर उनीमाथि हजारौँ योजनको पर्वतको थुप्रो लगाइदिए।

यसपछि प्रह्लादले श्रीविष्णुको आराधना गर्दै भने— हे श्रीविष्णु ! हजुरलाई नमस्कार छ। हे पुरुषोत्तम ! हजुरलाई पटकपटक नमस्कार छ। ब्राह्मण र गाईहरूको सधैँ कल्याण गर्ने समग्र ब्रह्माण्डका अधिपति श्रीकृष्णलाई नमस्कार

छ। हजुरले ब्रह्माको रूप धारण गरेर समग्र जगत्‌को सृष्टि गर्नुहुन्छ; त्यसपछि विष्णुको रूप धारण गरेर पालनपोषण गर्नुहुन्छ र रुद्रको रूप धारण गरेर संहार गर्नुहुन्छ। यस्ता त्रिमूर्तिस्वरूप हजुरलाई नमस्कार छ। देवता, यक्ष, असुर, मनुष्य, पशु, पक्षी, स्थावर, पोथीकमिलो, सर्प, पृथ्वी, जल, आकाश, वायु, शब्द, स्पर्श, रस, गन्ध, मन, बुद्धि, आत्मा, समय सबै हजुरै हुनुहुन्छ। हजुर नै विद्या, अविद्या, सत्य, असत्य, विष र अमृत तथा वेदअनुसारको प्रवृत्ति र निवृत्तिरूपी कर्म हुनुहुन्छ। हजुर नै सबै कर्मको भोक्ता र तिनीहरूको सामग्री र कर्महरूको फल हुनुहुन्छ। ममा र अरू प्राणीमात्रमा तथा तीनोटै लोकमा हजुरकै ऐश्वर्य र गुणको व्यापकता रहेको छ। हजुरकै महात्माहरूले ध्यान र यज्ञकर्ताहरूले उपासना गर्छन्। पितृ र देवताहरूको स्वरूप धारण गरेर हजुर नै देवता र पितृलाई चढाइने वस्तुको भोक्ता हुनुहुन्छ। यो समग्र जगत् हजुरको स्थूल शरीर हो अर्थात् त्यसभन्दा सानो यो पृथ्वीमण्डल हो, त्यसभन्दा पनि सानो यी अलगअलग स्वरूप धारण गरेका प्राणी हुन्। जुन आत्मा छ; त्यो तिनीहरूभन्दा पनि सानो छ। त्यसभन्दा पनि अलग सानोलगायत कुनै विशेषण नभएको हजुरको कसैले चिन्तन गर्न नसक्ने परमात्मस्वरूप छ। यसप्रकारका पुरुषोत्तमस्वरूप हजुरलाई सादर नमस्कार छ। जुन हजुरको सबै प्राणीमा व्याप्त गुणहरूको आश्रय अपरा शक्ति छ; त्यस शाश्वत स्वरूपिणीलाई सादर नमस्कार छ। जसलाई वचनद्वारा व्यक्त गर्न सकिँदैन र जुन विशेषणरहित छ; ज्ञानीहरूको ज्ञानद्वारा गन्न वा नापजोख गर्न लायक स्वतन्त्र त्यस परा शक्तिको म ध्यान गर्छु। म सधैँ ॐकारस्वरूप वासुदेवलाई नमस्कार गर्छु; जोबाहेक कुनै वस्तु छैन र जो सबैभन्दा पूर्ण रूपमा अलग हुनुहुन्छ। जसको कुनै निश्चित नाम वा स्वरूप छैन र जो आफ्नो अस्तित्वबाट मात्र उपलब्ध हुनुहुन्छ; त्यस्ता अव्यक्त स्वरूप भएका महात्मा नमस्कार छ। जसको प्रधान स्वरूपको ज्ञान नभए तापनि उहाँको अवतारका स्वरूपहरूको देवताहरूले पूजा गर्छन्, उहाँ परमात्मालाई नमस्कार छ। जुन परमात्माले प्राणीमात्रको हृदयमा विराजमान भएर उनीहरूका शुभाशुभ कर्महरू साक्षीका रूपमा हेरिरहनुहुन्छ; उहाँ साक्षीस्वरूप परमेश्वरलाई नमस्कार छ। यो चराचा जगत्‌बाट यथार्थ रूपमा अलग रहनुभएका श्रीविष्णुलाई नमस्कार छ। जसमा यो समग्र जगत् धागोमा उनेको मोतीको मालामा धागो जसरी नै व्याप्त छ; उहाँ अक्षर, अव्यय र सबैको मूल आधार

श्रीहरि मबाट प्रसन्न हुनुहोस्। जुन ॐकारमा चराचार जगत् अवस्थित रहेको छ; जसबाट सबै उत्पन्न भएका हुन् र जो आफैँ सबै र सबैको परम आधार हुनुहुन्छ; उहाँ श्रीविष्णुलाई नमस्कार छ। परमात्मा सर्वव्यापक हुनुभएकाले उहाँ नै मेरो स्वरूपमा अवस्थित हुनुहुन्छ। यसैले यो समग्र जगत् मैमा अवस्थित रहेको छ, मै सबै हुँ र म सनातनमा यो सबै अवस्थित रहेको छ। मै अक्षय, नित्य र आत्माको परम आधार हुँ तथा म आफैँ समग्र जगत्को आदि र अन्तमा रहेको ब्रह्मसंज्ञक परमपुरुष हुँ।

पराशरले भन्नुभयो– यसरी आफूसँग अभिन्न हुनुभएको निश्चय गर्ने बुद्धिद्वारा श्रीविष्णुको ध्यान गरिरहेका प्रह्लादले श्रीविष्णुसँग एकाकार भएर आफ्नो आत्मालाई विष्णुस्वरूप मान्न थाले। परमात्मासँग एकाकार भएपछि उनले आफूलाई बिर्सिए। त्यस समयमा प्रह्लादले श्रीविष्णुबाहेक केही अनुभव गरेनन्। उनले मै अविनाशी र अनन्त परमात्मा हुँ भन्ने भावको मात्र चिन्तन गरिरहेका थिए। त्यस भावका योगको प्रभावले उनी निष्पाप अन्तःकरणावस्थामा पुगेकाले उनको त्यो शुद्ध हृदयमा ज्ञानस्वरूप श्रीविष्णु विराजमान हुनुभयो। यसरी योगका प्रभावले उनी विष्णुमय भएपछि उनले चलमल गर्नासाथै एकक्षणमा त्यो नागपाश छिन्नभिन्न भएकाले उनी त्यसबाट सजिलै मुक्त भए। यसपछि त्यस समुद्रमा आनन्दले रमाएर यताउता हिँडिरहेका जलचर जीवहरू र शान्त छाल भएको महासागरमा उत्तेजना उत्पन्न भएकाले पर्वत र वनसहित समग्र पृथ्वी हल्लिन थाल्यो। ती प्रह्लाद आफूमाथि दैत्यहरूले राखेका सबै पर्वतहरू उल्ट्याइदिएर माहसागरबाट बाहिर निस्किए। त्यसपछि जगत्लाई देखेपछि उनी फेरि सांसारिक स्वरूपमा फर्किए।

ती तीक्ष्ण बुद्धि भएका प्रह्लादले शरीर, मन र वचनलाई संयम बनाएर हृदयमा फेरि श्रीविष्णुको स्तुति गर्दै भने– जो स्थूल र सूक्ष्मस्वरूप तथा प्रत्यक्ष प्रकाशमय हुनुहुन्छ; जो प्राणी स्वरूप भए तापनि यथार्थमा सबै प्राणीभन्दा अलग हुनुहुन्छ; जसबाट यो समग्र विश्व उत्पन्न उत्पन्न भएको हो; तर जो विश्वको कारण हुनुहुन्छ; उहाँ पुरुषोत्तम भगवान्लाई सादर नमस्कार छ।

पराशरले भन्नुभयो– उनले यसरी एकाग्रतापूर्वक स्तुति गरेपछि श्रीविष्णु बालकको अगाडि प्रकट हुनुभयो।

यसरी अचानक श्रीविष्णु आफ्नो अगाडि प्रकट हुनुभएको देखेर प्रह्लादले

आफ्नो आसनबाट उठेर पटकपटक उहाँलाई नमस्कार गर्दै सुखद् वचनमा भने– हे आफ्ना शरणमा परेकाको दुःख हटाइदिने श्रीविष्णु ! प्रसन्न भइदिनुस् र हे अच्युत ! हजुरको पवित्र दर्शनबाट फेरि मलाई पवित्र गराइदिनुस् ।

श्रीभगवान्‌ले भन्नुभयो– म तिम्रो यसप्रकारको पवित्र भक्तिबाट ज्यादै प्रसन्न भएको छु। अब तिमी आफ्नो इच्छाअनुसारको वर माग ।

प्रह्लादले भने– हजारौँ योनीहरूमध्ये म जुन योनीमा गए तापनि त्यस योनीमा हजुरमा मेरो पवित्र भक्तिमा कुनै प्रकारको व्यवधान उत्पन्न नहोस् । जसरी अविवेकी मनुष्यले यी सांसारिक विषयवस्तुमा धेरै प्रेम गर्छन्; त्यसैगरी हजुरको स्मरण गरिरहेको मैले पनि हजुरमा त्यस्तै प्रेम गरिरहन पाउँ ।

श्रीभगवान्‌ले भन्नुभयो– ममा तिम्रो भक्ति रहेकै छ र भविष्यमा पनि त्यो रहिरहनेछ। तर तिमीले योबाहेक अर्को पनि वर माग, म तिम्रो इच्छा पूर्ण गरिदिन्छु।

प्रह्लादले भने– निरन्तर हजुरको स्तुतिमा मात्र लागिरहेको मप्रति मेरा पिताको हृदयमा जुन द्वेषपूर्ण भाव रहेको छ; त्यसबाट उहाँलाई जुन पाप लागेको छ; त्यो यथार्थ रूपमा नष्ट होस् । यसबाहेक उहाँको आज्ञाअनुसार मेरो शरीरमा जुन शस्त्र प्रयोग गरियो, मलाई दन्किरहेको आगोमा हालियो, सर्पहरूले टोकाइयो, मेरो भोजनमा विष मिसाइयो, त्यसको दोष उहाँहरूलाई नलागोस् तथा मलाई नागपाशले बाँधेर समुद्रमा फ्याँकियो, समुद्रभित्रै पर्वतहरूले थिचियो र अन्य पनि मेरा पिताले जुन मसँग दुर्व्यवहार गर्नुभयो तथा हजुरको भक्ति गर्ने मप्रति पिताको मनमा द्वेष रहेकाले मेरा पितालाई जुन पाप लागेको छ; ती सबैबाट उहाँ चाँडै मुक्त हुन सक्नुहोस् ।

श्रीभगवान्‌ले भन्नुभयो– मेरो कृपाले तिम्रा यी सबै इच्छा पूर्ण हुनेछन् । यसबाहेक म तिमीलाई अरू पनि वरदान दिन चाहन्छु; तिमीले आफ्नो इच्छाअनुसार माग ।

प्रह्लादले भने– म हजुरले दिनुभएको यो वरबाट धेरै सन्तुष्ट भएँ, जसका कारणले हजुरको कृपाले मेरो हजुरमा भएको भक्ति सधैँ निश्चल रहनेछ। जसको समग्र जगत्‌का मूल कारणस्वरूप हजुरमा स्थिर भक्ति रहेको छ; उसैले मुक्ति पाउँछ ।

श्रीभगवान्‌ले भन्नुभयो– जसरी मेरो भक्तिले परिपूर्ण भएको तिम्रो चित्त

निश्चल भावपूर्वक ममा लागिरहेको छ; त्यसैगरी मेरो कृपाले तिमीलाई निर्वाणपद प्राप्त हुनेछ।

पराशरले भन्नुभयो– यसरी वरदान दिएपछि उनले हेर्दाहेर्दै श्रीविष्णु अन्तर्धान हुनुभयो भने प्रह्लादले आएर आफ्ना पिताका चरणमा प्रणाम गरे।

त्यसपछि अनेकौं यातना दिइएका आफ्ना पुत्र प्रह्लादको टाउकोमा चुम्बन गर्दै आँखाभरि आँसु पारेर हिरण्यकशिपुले भन्यो– पुत्र तिमी जीवितै छौ। हिरण्यकशिपु आफूले गरेको कार्यका लागि पश्चात्ताप गर्दै आफ्नो पुत्रसँग प्रसन्न भयो भने प्रह्लाद पनि आफ्ना गुरु र पिताको सेवा गर्न थाले। यसपछि नरसिंह अवतार धारण गर्नुभएका श्रीविष्णुद्वारा हिरण्यकशिपुको वध भएपछि उनी दैत्यहरूका राजा भए। फेरि आफ्ना कर्महरू शुद्ध गराइदिने शक्ति भएका राज्यलक्ष्मी र धेरै छोरा, नाति तथा ऐश्वर्यसम्पन्न भएपछि कर्म गर्ने अधिकार सकिएकाले भगवान्को ध्यान गरिरहेका प्रह्लादले परमनिर्वाण पद प्राप्त गरे।

पराशरले भन्नुभयो– संह्लादका पुत्र आयुष्मान् शिवि र बाष्कल भए भने प्रह्लादका पुत्र विरोचन थिए र विरोचनबाट बलिको जन्म भयो। बलिका एक सय पुत्रमध्ये सबैभन्दा जेठा बाणसुर थिए। हिरण्याक्षका पुत्रहरू उत्कुर, शकुनी, भूतसन्तापन, महानाभ र कालनाभ यी सबै धेरै बलवान् र पराक्रमी थिए। कश्यपकी अर्को पत्नी दनुबाट द्विमूर्द्धा, शम्बर, अयोमुख, शङ्कुशिरा, कपिल, शङ्कर, एकचक्र, महाबाहु, तारक, महाबल, स्वर्भानु, बृषपर्वा, विप्रचित्ति उत्पन्न भए तथा स्वर्भानुकी पुत्री प्रभा थिइन् भने शर्मिष्ठा, उपदानवी र हयशिरा बृषपर्वाकी पुत्री थिए। यी दुवै धेरै भाग्यशाली कन्या मरीचिका पुत्र कश्यपका पत्नी थिए। उनीहरूबाट साठी हजार श्रेष्ठ दानव जन्मिए भने कश्यपबाट जन्मिएका यी सबै पुत्र पौलोम र कालकेयका नामले प्रख्यात भएका थिए। विप्रचित्तिकी पत्नी सिंहिकाको गर्भबाट अतिरिसाहा स्वभाव भएका धेरै पुत्र उत्पन्न भए। तिनीहरूको नाम व्यंश, शल्य, बलवान्, नभ, महाबल, वातापि, नमुचि, इल्वल, खसृम, अञ्जक, नरक, कालनाभ, महावरि, स्वर्भानु र चक्रयोधी थियो। ती सबै दानवले दनुको वंश धेरै अगाडि बढाए। यिनीहरूका छोरानाति हजारौं भए भने अतिकठोर तपस्या गरेर आत्मज्ञान पाएका प्रह्लादका कुलमा निवातकवच नाम भएका दैत्य उत्पन्न भए। कश्यपकी ताम्रा नाम भएकी पत्नीबाट

शुकी, श्येनी, भासी, सुग्रीवी, शुचि र गृध्रिका नामका छओटी कन्या उत्पन्न भए। शुकीको गर्भबाट सुगा, लाटो कोसेरो र काग जन्मिए भने श्येनीको गर्भबाट बाजचरो, भासीको गर्भबाट कुखुरो र गृध्रिको गर्भबाट गिद्धहरू उत्पन्न भए तथा शुचिको गर्भबाट सबै जलचर पक्षीहरू र सुग्रीवीको गर्भबाट घोडा, ऊँट, गधा उत्पन्न भए, यिनीहरूलाई ताम्रवंश भनियो। विनताको. गर्भबाट अरुण र गरुड नाम भएका दुइटा पुत्र जन्मिए। यिनीहरूमध्ये गरुण पक्षीहरूका सर्वोत्कृष्ट भए पनि यिनले सर्प खान्छन्। सुरसाको गर्भबाट आकाशमा घुमफिर गर्ने अनेकौँ सिर भएका सर्पहरू उत्पन्न भए भने कद्रुका पुत्र पनि अतितेजस्वी सर्पहरू नै भए, जुन अनेकौँ सिर भएका र गरुडको अधीनमा थिए। तिनीहरूमध्ये शेष, वासुकि, तक्षक, शङ्ख, श्वेत, महापद्म, कम्बल, अश्वतर, एलापुत्र नाग, कर्कोटक, धनञ्जय मुख्य थिए। यीबाहेक पनि अनेकौँ धेरै विषालु सर्पहरू थिए। क्रोधाका पुत्रहरू दाह्रा बाहिर निस्किएका क्रोधवशहरू भए। यी सबै काँचो मासु खाने स्थलचर पक्षीहरू हुन्। क्रोधाकै गर्भबाट बलवान् पिशाचहरूको पनि जन्म भएको हो। सुरभिको गर्भबाट गोरु र राँगाहरू उत्पन्न भए भने इराको गर्भबाट रूख, लहरा, चाभो, सिस्नु र सबै प्रकारका तृणहरू उत्पन्न भए। खसाको गर्भबाट यक्ष, राक्षस र मुनिको गर्भबाट अप्सराहरू उत्पन्न भए भने अरिष्टाको गर्भबाट गन्धर्वहरू उत्पन्न भए। यी सबै स्थावर र जङ्गमलगायत कश्यपकै सन्तान हुन्। यिनीहरूका हजारौँ छोरानाति थिए। यसलाई स्वारोचिस मन्वन्तरको सृष्टि बताइएको छ। यसपछि वैवस्वत मन्वन्तरमा वारुण नामको ठूलो यज्ञ भयो, जसमा ब्रह्मा होताको भूमिका रहेका थिए। अब उनका सन्तानका विषयमा बताउनेछु। पहिलो मन्वन्तरमा जुन सप्तर्षि ब्रह्माको मनबाट उत्पन्न भएका थिए। तिनीहरूलाई ब्रह्माले यस कल्पमा मानस पुत्रका रूपमा स्वीकार गरे। देवता, दानव, गन्धर्व र नागहरूबाट अनेकौँ पुत्रहरू भएपछि दितिले कश्यपलाई प्रसन्न गराउन उनको आराधना गरिन्। उनको आराधनाबाट प्रसन्न भएका कश्यपले उनलाई वरदान माग भन्दा दितिले पनि इन्द्रको वध गर्नसक्ने अतितेजस्वी पुत्र पाउन सकुँ भन्ने वरदान मागिन्। उनले पनि आफ्नी पत्नी दितिलाई त्यो वरदान दिए।

तर वरदान दिंदा उनले भने– यदि तिमीले आफ्नो गर्भ सय वर्ष धारण गर्न सक्यौ भने मात्र तिमीबाट इन्द्रको वध गर्नसक्ने पुत्र जन्मिनेछ। यस्तो वरदान

दिएपछि कश्यपले उनीसँग सहवास गरे तथा उनले पनि पवित्र रहँदै त्यो गर्भ धारण गरिन् । आफ्नो वध गराउने अभिप्रायले त्यो गर्भ धारण गरेको जानेपछि इन्द्र विनम्रतापूर्वक उनको सेवा गर्न त्यहाँ आए। यसपछि उनका नियमहरूका व्यवधान उत्पन्न भएर उनी विचलित भएको हेर्ने इच्छा भएकाले इन्द्र त्यहीँ बस्न थाले भने सय वर्ष पुग्न केही बाँकी रहेको समयमा इन्द्रले दिति आफ्ना आचरणहरू पवित्र नपारी सुतेकी र निद्राले उनलाई यथार्थ रूपमा आफ्नो वशमा पारेको देखे । यसपछि हातमा वज्र लिएका इन्द्रले उनको पेटमा पसेर त्यो गर्भलाई सात खण्डमा विभाजन गरिदिए। यसरी वज्रले विभाजित गरेपछि त्यो गर्भ रुन थाल्यो । इन्द्रले 'नरोऊ' भनेर सात पटक दाहोऱ्याए; तर जब त्यो गर्भ सात टुक्रामा बाँडियो, तब अतिरिसाएका इन्द्रले वज्र प्रहार गरेर ती सातोटालाई पनि सातसात टुक्रा पारिदिए। यी अतितेजस्वी मरुत् नाम भएका देवता भए। इन्द्रले जुन 'मा रोदिः' शब्द प्रयोग गरेका थिए, त्यसैका आधारमा सबै मरुत् भए भने यी सबै उनन्चास देवता इन्द्रका सहायक भए।

पराशरले भन्नुभयो– प्राचीन कालमा महर्षिहरूले पृथुलाई राजाको पदमा राज्याभिषेक गरेपछि ब्रह्माले सिलसिलाबद्ध रूपमा राज्यहरू बाँडफाँड गरिदिए। ब्रह्माले चन्द्रमालाई नक्षत्र, ग्रह, ब्राह्मण, सबै वनस्पति, यज्ञ र तपस्याको राजाको पदमा राज्याभिषेक गरिदिए भने उनले विश्रवाका पुत्र कुबेरलाई राजाहरूको, वरुणलाई जलको, विष्णुलाई आदित्यहरूको, अग्निलाई वसुहरूको, दक्षलाई प्रजापतिहरूको, इन्द्रलाई उनन्चास मरुद्को, प्रह्लादलाई दैत्यको, धर्मराजलाई पितृहरूको, ऐरावतलाई हात्तीको, गरुडलाई पक्षीको, इन्द्रलाई देवताहरूको, उच्चैःश्रवालाई घोडाहरूको, साँढेलाई गाईहरूको, सिंहलाई जङ्गली जनावरहरूको, शेषनागलाई सर्पहरूको र बरको रूखलाई वनस्पतिहरूको राजा बनाइदिए। यसरी राज्यको विभाजन गरेपछि ब्रह्माले सबैतिर दिक्पालको व्यवस्था गर्दै पूर्व दिशाको दिक्पालमा सुधन्वालाई, दक्षिण दिशाको दिक्पालमा शङ्खपदलाई, पश्चिम दिशाको दिक्पालमा केतुमान्‌लाई र उत्तर दिशाको दिक्पालमा हिरण्यरोमालाई राज्याभिषेक गरिदिए । यिनीहरूले आजसम्म समग्र पृथ्वीको आआफ्नो भागमा विभाजन भएअनुसार मर्यादापूर्वक पालनपोषण गरिरहेका छन्। यी तथा अन्य सबै राजा श्रीविष्णुका विभूतियुक्त स्वरूप हुन्। यसभन्दा पहिले जो जो राजा भएका थिए

तथा भविष्यमा जो जो हुनेछन्, ती सबै श्रीविष्णुकै अंश हुन्। यी सबै विष्णुको अंश भएकाले यिनीहरूको पालनपोषण गर्ने कार्य विष्णुबाहेक अन्य कसैले गर्न सक्तैन। रजोगुण र सत्त्वगुणसमेतको आश्रयद्वारा श्रीविष्णुले जगत्को सृष्टिका समयमा उत्पत्ति, स्थितिका समयमा पालनपोषण र अन्त समयमा महाकालको स्वरूप धारण गरेर यसको संहार गर्नुहुन्छ। श्रीविष्णु चार स्वरूपबाट सृष्टिका समयमा र चारोटै स्वरूपबाट पालनपोषणका समयमा रहनुहुन्छ भने अन्तमा पनि चारोटै स्वरूप धारण गरेर संहार गर्नुहुन्छ। उहाँ दोस्रो अंशबाट मरीचिलगायतका प्रजापति र तेस्रो अंशबाट काल हुनुहुन्छ भने चौथो अंश प्राणीहरू हुन्। यसरी रजोगुणले परिपूर्ण हुनुभएका श्रीविष्णु सृष्टिका समयमा यी चारोटा स्वरूपमा अवस्थित रहनुहुन्छ। यसपछि उहाँले जगत्को स्थितिका समयमा सत्त्वगुण अवलम्बन गर्नुहुन्छ र त्यस समयमा उहाँले एक अंशबाट विष्णुको रूप धारण गरेर रक्षा गर्नुहुन्छ। उहाँ दोस्रो अंशबाट मनुलगायत र तेस्रो अंशबाट कालको स्वरूप धारण गर्नुहुन्छ भने चौथो अंशबाट सबै प्राणीमा रहनुहुन्छ तथा संहारका समयमा परब्रह्मले तामसी स्वभाव अवलम्बन गरेर एक अंशबाट रुद्रको स्वरूप, दोस्रो अंशबाट अग्निको स्वरूप, तेस्रो अंशबाट कालको स्वरूप तथा चौथौ अंशबाट प्राणीहरूको स्वरूप धारण गर्नुहुन्छ। यो समग्र सृष्टिको विनाशका लागि उहाँका यी चारोटा स्वरूप सधैँ रहने कल्पना भएको बताइएको छ। ब्रह्मा, दक्षप्रजापतिसमेतका सबै प्रजापति, काल र प्राणीहरू यी सबै सृष्टिका कारणस्वरूप परब्रह्मका विभूतिहरू हुन्। श्रीविष्णु, मनुलगायत काल र सबै प्राणी जगत्को अवस्थितिका कारणस्वरूप श्रीविष्णुका विभूतिहरू हुन् भने रुद्रस्वरूप, कालस्वरूप र सबै प्राणी श्रीविष्णुका चार प्रकार विभूति सृष्टि र प्रलयका कारण हुन्। यो समग्र चराचर जगत्को आरम्भ, मध्य र प्रलय भएपछि पनि ब्रह्मा, मरीचिलगायतका प्रजापति र अलगअलग प्रकारका जीवहरूको सृष्टि हुन्छ। सृष्टिको आरम्भमा सबैभन्दा पहिले ब्रह्माले रचना गर्छन्, त्यसपछि मरीचिलगायतका प्रजापतिबाट र यसपछि प्रत्येक क्षणमा प्राणीहरूले सन्तान उत्पन्न गर्छन्। काललाई आधार नबनाई ब्रह्मा, प्रजापति र प्राणीहरूले सृष्टिको कार्य अगाडि बढाउन सक्तैनन्। यसकारण कालस्वरूप श्रीविष्णु सधैँ सृष्टिको परम कारण हुनुहुन्छ। यसरी समग्र जगत्को अवस्थिति र प्रलयमा परब्रह्मका चारोटा

स्वरूपलाई परमआधार मानिएको छ। जुनसुकै प्राणीबाट जे जति सृष्टिको कार्य भइरहेको हुन्छ; त्यसरी उत्पन्न भएका जीवको उत्पत्तिमा श्रीविष्णुकै शरीर कारण हुन्छ। जुनसुकै स्थावर र जङ्गम प्राणीमध्ये कसैको विनाश गराइन्छ भने त्यो विनाश गराउने शक्ति पनि श्रीविष्णुकै रौद्रस्वरूप हो। यसरी श्रीविष्णु समग्र जगत्‌को रचयिता, पालनकर्ता र संहारक भए तापनि उहाँ आफू पनि जगत्‌स्वरूप हुनुहुन्छ। जगत्‌को सृष्टि, पालन र संहार गर्दाका समयमा श्रीविष्णु तीनोटै गुणले परिपूर्ण भएर रहनुभए तापनि उहाँको परमपद यथार्थ रूपमा निर्गुण छ। उहाँको यो स्वरूप ज्ञानमय, व्यापक, आफैँ प्रकाशमय र कुनै उपमा नभएको छ भने त्यो पनि चार प्रकारको छ।

मैत्रेयले भने– हजुरले जुन परब्रह्मको परमपदका विषयमा बताउनुभयो, त्यो कसरी चार प्रकारको छ ? त्यसका बारेमा मलाई विस्तारमा बताइदिनुस्।

पराशरले भन्नुभयो– जुन सबै वस्तुको कारण छ, त्यही उनीहरूको साधन हो भने जुन इच्छित वस्तुको सिद्धि गरिन्छ; त्यसलाई साध्य भनिन्छ। मुक्ति प्राप्त गर्ने अभिलाषा भएका योगीहरूका लागि प्राणायामलगायत साधन हो भने परमात्मा साध्य हुनुहुन्छ; जहाँ पुगेपछि फेरि कसैले फर्किनु पर्दैन। योगीहरूलाई यथार्थ मुक्ति दिलाउने जुन कारण छ; त्यसलाई 'साधनालम्बन' वा प्राणायामसहितका साधनको ज्ञानलाई 'सोधनालम्बन ज्ञान' भनिन्छ। त्यही ब्रह्मस्वरूप परमपदको पहिलो भेद हो। सांसारिक बन्धनबाट मुक्त हुन पूर्ण रूपमा योगको अभ्यासमा लागेका योगीहरूको जुन परब्रह्म साध्य हुनुहुन्छ; उहाँको ज्ञान नै 'आवलम्ब विज्ञान' नाम भएको दोस्रो भेद हो। यी साध्य र साधनहरूको अभेद जुन 'अद्वैतमय ज्ञान' छ; त्यही तेस्रो भेद हो। यसभन्दा पहिले बताइएका तीनोटै ज्ञानको जुन विशेषता रहेको छ; तिनमा भएको गल्तीलाई पुनर्विचार गरी सच्याउने प्रक्रियाद्वारा अनुभव गरिएको ज्ञानस्वरूप श्रीविष्णुको जुन न्यायशास्त्रअनुसार विषयको साथ हुने इन्द्रियसँगको सम्बन्धरहित, वचनद्वारा व्यक्त गर्न नसकिने, व्याप्तिमात्र, अलक्षण, शान्त, अभय, शुद्ध, भावनातीत र आश्रयरहित स्वरूप छ; त्यही ब्रह्म नाम भएको ज्ञान हो। जुन योगीहरू अन्य ज्ञानलाई रोकेर यो चौथो भेदमा लीन हुन्छन्, तिनीहरू सबै कुराको आरम्भबाट यथार्थ रूपमा अलग हुन्छन्। हुन त उनीहरूले लोककल्याणका लागि कर्म गरिरहन्छन्। तर पनि उनीहरूलाई ती

कर्मको पाप र पुण्यको फल प्राप्त हुँदैन । यसरी त्यो निर्मल, नित्य, व्यापक, अविनाशी, अजर र सबै त्याग्न योग्य गुणरहित विष्णु नाम भएको परमपद हो। पुण्य र पापरहित तथा विषयवासना नभएको योगी परब्रह्मलाई प्राप्त गरेपछि फेरि त्यहाँबाट फर्किंदैन । परब्रह्मका मूर्त र अमूर्त दुइटा स्वरूप छन् तथा उहाँ क्षर र अक्षर स्वरूपबाट सबै प्राणीमा रहनुभएको छ भने अक्षर परब्रह्म परमात्मा हुनु हो र क्षर यो चराचर जगत् हो। जसरी एक ठाउँमा बालेको आगो प्रकाश सबैतिर फैलिन्छ; त्यसैगरी यो चराचर जगत् परब्रह्मको शक्ति हो । ब्रह्मा, विष्णु र शिव परब्रह्म परमात्माका मुख्य शक्ति हुन् भने तिनीहरूभन्दा केही थोरै शक्ति भएका देवता र उनीहरूभन्दा थोरै शक्ति भएका प्रजापतिहरू हुन् । तिनीहरूभन्दा थोरै शक्ति भएका मनुष्य, पशु, पक्षी, मृग, सर्प, गँडेउलाजस्ता नागबेली पर्दै घस्रेर हिँड्ने प्राणीहरू छन् ।

यिनीहरूभन्दा पनि धेरै कम शक्ति भएका रूख, लहरासमेत हुन् । यसकारण उत्पन्न हुनु, लोप हुनु, जन्म र मृत्युलगायतको विकल्पसम्पन्न भए तापनि यथार्थमा यो समग्र जगत् अविनाशी र नित्य छ। श्रीविष्णु नै परब्रह्मको मूर्तस्वरूप हुनुभएकाले योगीहरूले योग आरम्भ गर्नुभन्दा पहिले उहाँकै उपासना गर्छन्। उहाँमा मनलाई एकाग्र गराउने योगीहरूलाई आवलम्बसम्पन्न सम्प्रज्ञात महायोग प्राप्त हुन्छ। श्रीविष्णु पराशक्तिहरूमध्ये प्रमुख र ब्रह्मको अतिनजिक रहने मूर्तिमान् ब्रह्मस्वरूप हुनुहुन्छ। यो समग्र जगत् श्रीविष्णुमा व्याप्त भएर रहेको छ। यसरी कार्य र कारणस्वरूप श्रीविष्णुले पुरुष र प्रकृतिको रूप धारण आभूषण, हतियारस्वरूपबाट जगत्लाई ग्रहण गर्नुहुन्छ।

मैत्रेयले भने– श्रीविष्णुले आभूषण र हतियारस्वरूपबाट कसरी यो समग्र जगत्लाई धारण गर्नुहुन्छ ? यसका बारेमा मलाई विस्तारमा बताइदिनुस्।

पराशरले भन्नुभयो– यो समग्र जगत्का पालनकर्ता र यथार्थ रूपमा जान्न नसकिने श्रीविष्णुलाई नमस्कार गर्दै वसिष्ठले मलाई बताएको कुरा म तिमीलाई बताउँछु। यस जगत्को अतिशुद्ध क्षेत्रज्ञ स्वरूपलाई श्रीविष्णुले कौस्तुभ मणिको रूपमा धारण गर्नुहुन्छ। उहाँले प्रकृतिलाई श्रीवत्स (पुराणअनुसार विष्णुको छातीमा रहेको भृगुको लात्तीको चिह्न) स्वरूप आश्रय दिनुभएको छ भने बुद्धि उहाँले धारण गर्नुभएको गदाका रूपमा रहेको छ। उहाँले सबै जीवको आदिकारण र

इन्द्रियहरूको आदिकारण तामस तथा राजस अहङ्काररलाई शङ्ख र शार्ङ्ग धनुषक रूपमा धारण गर्नुभएको छ। आफ्नो वेगले वायुलाई पनि पराजित गरिदिने शक्ति भएको र अतिचञ्चल सात्त्विक अहङ्काररूपी मनले श्रीविष्णुका हातमा रहेक सुदर्शन चक्रको रूप धारण गर्छ। उहाँको जुन मोती, माणिक्य, पन्ना, नीलो रङक मणि र हीरासम्पन्न पञ्चस्वरूपी माला छ; त्यो पाँचोटा तन्मात्रा र पाँच महाभूतहरूको समूह हो। जुन ज्ञानेन्द्रिय र कर्मेन्द्रियस्वरूप इन्द्रियहरू छन्, त सबैलाई श्रीविष्णुले आफ्नो बाणको रूपमा धारण गर्नुभएको छ भने उहाँले जु अतिनिर्मल खड्ग धारण गर्नुभएको छ; त्यो अविद्यामय कोशबाट ढाकिएर रहेक विद्यारूपी ज्ञान हो। यसरी पुरुष, प्रकृति, बुद्धि, अहङ्कार, पाँच महाभूत पाँचोटा तन्मात्रा, मन, इन्द्रियहरू, विद्या र अविद्या श्रीविष्णुमा आश्रित रहेक छन्। श्रीविष्णु स्वरूपरहित भए तापनि सबै प्राणीको कल्याणका लागि मायामयस्वरूप धारण गरेर यी सबैलाई अस्त्र र आभूषणका रूपमा धारण गर्नुहुन्छ यसरी श्रीविष्णुले विकारसहित प्रधानस्वरूप पुरुष र समग्र जगत्लाई आफैँम धारण गर्नुहुन्छ। विद्या, अविद्या, सत्, असत्, अव्ययस्वरूपसहित जे जति छन्, त सबै श्रीविष्णुमा अवस्थित रहेका छन्। भूर्लोक, भुवर्लोक, स्वर्लोक तथा मह, जन तप, सत्य यी सतोटा लोक श्रीविष्णु नै हुनुहुन्छ। निराकार, अव्यक्त श्रीविष्णु नै भूतस्वरूपबाट देवता, मनुष्य, पशु, पक्षीलगायत अनेकौँ रूपमा अवस्थित हुनुहुन्छ ऋग्वेद, यजुर्वेद,सामवेद, र अथर्ववेद, इतिहास वा महाभारतसहितका उपवेद अर्थात् आयुर्वेद, वेदान्तका उक्ति, वेदका सबै अङ्ग, मनुलगायतका सबै धर्मशास्त्र पुराणसमेतका शास्त्रहरू सबै आख्यान, अनुवाक, काव्यहरूको विस्तृत चर्च श्रीविष्णुकै शरीर हुन्। यस लोक वा अन्त जहाँसुकै जति पनि मूर्त र अमूर्त पदार्थ रहेका छन्, ती सबै श्रीविष्णुकै शरीर हुन्।

खण्ड दुई

मैत्रेयले भने– हजुरले मलाई सृष्टिका बारेमा विस्तारमा बताइदिनुभयो। यो समग्र जगत्को उत्पत्तिका बारेमा जुन कुरा यसभन्दा पहिले बताइसक्नुभएको छ; त्यसका सम्बन्धमा म यथार्थ रूपमा सुन्न चाहन्छु। हजुरले स्वायम्भुव मनुका प्रियव्रत र उत्तानपाद नाम भएका दुइटा छोरा भएको बताउनुभएको थियो, तिनीहरूमध्ये उत्तानपादका छोरा ध्रुवका बारेमा बताउनुभए पनि प्रियव्रतको सन्तानका विषयमा नबताउनुभएकाले ममा उनका बारेमा सुन्ने चाहना भएकाले कृपया बताइदिनुस्।

पराशरले भन्नुभयो– प्रियव्रतले कर्दम ऋषिकी पुत्रीसँग विवाह गरेका थिए। उनीहरूका सन्तानका रूपमा सम्राट् र कुक्षी नाम भएका दुइटी कन्या तथा दस पुत्र जन्मिए। प्रियव्रका पुत्रहरू धेरै बुद्धिमान् विनयसम्पन्न र आफ्ना मातापिताका लागि अतिप्रियपात्र थिए। तिनीहरूको नाम अग्नीध्र, अग्निबाहु, वपुष्मान्, द्युतिमान्, मेधा, मेधातिथि, भव्य, सवन, पुत्र र ज्योतिष्मान् थिए। तिनीहरूमध्ये मेधा, अग्निबाहु र पुत्र यी तीनोटा यथार्थ रूपमा योगमा लागेका तथा आफ्नो पहिलेको जन्मका बारेमा विस्तारमा जान्ने थिए। उनीहरूले राज्यसहित समग्र भोग परित्याग गरेका थिए। तिनीहरू शुद्ध अन्तःकरण भएका र कर्मको फलको चाहना नभएका थिए भने विषय वासनाप्रति सधैँ उपयुक्त व्यवहार गर्थे। राजा प्रियव्रतले आफ्ना सातोटा छोरालाई आफ्नो स्वामित्व रहेका सातोटा बाँडिदिए। त्यस सिलसिलामा उनले अग्नीध्रलाई जम्बूद्वीपको, मेधातिथिलाई प्लक्षद्वीपको, वपुष्मान्लाई शाल्मद्वीपको, ज्योतिष्मान्लाई कुशद्वीपको, द्युतिमान्लाई क्रौञ्चद्वीपको, भव्यलाई शाकद्वीपको र सवनलाई पुष्करद्वीपको राजा बनाइदिए। तिनीहरूमध्ये जम्बूद्वीपका राजा अग्नीध्रका नाभि, किम्पुरुष, हरिवर्ष, इलावृत, रम्य, हिरण्वान्, कुरु, भद्राश्व र केतुमान् नाम भएका नौओटा छोरा थिए। उनीहरूका पिता अग्नीध्रले दक्षिण दिशाको हिमवर्ष आफ्नो छोरा नाभिलाई दिए, जसलाई अहिलेको अवस्थामा भारतवर्ष भनिन्छ। यसैगरी किम्पुरुषलाई हेककूटको,

हरिवर्षलाई नैषधवर्षको, इलावृतलाई इलावृतवर्षको, रम्यलाई नीलाचलसँग जोडिएको वर्षको, हिरण्वान्लाई श्वेतवर्षको, कुरुलाई शृङ्गवान् पर्वतको उत्तरतिरको वर्षको, भद्राश्वलाई मेरु पर्वतको पूर्वतिरको वर्षको, केतुमान्लाई गन्दमाधनवर्षको राजा बनाइदिए । यसरी आफ्ना पुत्रहरूलाई राजा बनाए उनीहरूको राज्याभिषेक गरिदिएर उनी तपस्या गर्न शालग्राम नाम भएको अतिपवित्र क्षेत्रमा गए । किम्पुरुषसहित जुन आठोटा वर्ष छन्, तिनीहरूमा सुखमा सामग्री प्रशस्त मात्रामा रहेकाले ती पाउन कुनै प्रयास गरिरहनु पर्दैन। तिनीहरूमा दुःख, वृद्धावस्था, मृत्युलगायत केहीको पनि डर हुँदैन भने त्यहाँ कुनै किसिमको भेद रहँदैन। ती आठोटा वर्षका युग परिवर्तन पनि हुँदैन। महात्मा नाभिको हिम नाम भएको वर्ष थियो । उनकी मेरुदेवी नाम भएकी पत्नीबाट ज्यादै कान्तिसम्पन्न ऋषभ नाम भएका पुत्र जन्मिए। ती ऋषभका एक सय पुत्र थिए भने तिनीहरूमध्ये जेठा भरत थिए । ऋषभले न्यायपूर्ण किसिमले राज्य सञ्चालन गर्दै अनेकौँ प्रकारका यज्ञ गरिसकेपछि आफ्नो पुत्र भरतलाई राज्य सुम्पिएर तपस्या गर्नका लागि पुलस्त्य ऋषिको आश्रममा गए । उनले त्यहाँ वानप्रस्थको विधिमा रहेर तपस्या तथा सो आश्रमअनुसारका यज्ञकर्महरूको अनुष्ठान गरे। त्यो तपस्याका प्रभावले उनको शरीर सुकेर धेरै दुब्लो भएकाले भने उनको शरीरमा भएका सबै नसा स्पष्ट रूपमा देखिन थालेपछि अन्तमा आफ्नो मुखमा ढुङ्गाको कचौरा राखेर उनले नग्नावस्थामा प्राण त्यागे।

ती राजा ऋषभले आफू वनवासमा जाँदा आफ्नो राज्य भरतलाई दिएकाले त्यस समयदेखि यो सिमवर्ष भारतवर्षका नामले प्रख्यात भयो। भरतका सुमति नाम भएका अतिधार्मिक पुत्र थिए। भरतले यज्ञहरूको अनुष्ठान गर्दै राज्यबाट प्राप्त हुने सुख भोगिसकेपछि त्यो राज्य आफ्नो पुत्रलाई दिएर उनले योगको अभ्यास गर्दै शालग्राम क्षेत्रमा प्राण त्याग गरे । यसपछि भरतले योगीहरूको अतिपवित्र कुलमा ब्राह्मणको रूपमा जन्म लिए। उनको त्यो चरित्रका विषयमा म फेरि तिमीलाई बताउँछु। त्यसपछि सुमतिको पुत्रको रूपमा इन्द्रद्युम्न जन्मिए भने इन्द्रद्युम्नका पुत्र परमेष्ठी र परमेष्ठीका पुत्र प्रतिहार जन्मिए। प्रतिहारका पुत्रको नाम प्रतिहर्ता थियो भने प्रतिहर्ताका पुत्रको नाम भव र भवका पुत्रको नाम उद्गिथ तथा उद्गिथका पुत्रको नाम प्रस्तार थियो। यसैगरी प्रस्तानरका पुत्रको नाम पृथु तथा पृथुका पुत्रको नाम नक्त र नक्तका पुत्रको नाम गय थियो भने गयका पुत्रको

नाम नर र नरका पुत्रको नाम विराट् थियो। विराट्का पुत्र महावीर्य, महावीर्यका पुत्र धीमान्, धीममान्का पुत्र महान्त, महान्तका पुत्र मनस्यु, मनस्युका पुत्र त्वष्टा, त्वष्टाका पुत्र विरज, विरजका पुत्र रज, रजका पुत्र शतजित् जन्मिए भने शतजित्का सय पुत्र थिए। तिनीहरूमध्ये विश्वग्ज्योति जेठा तिए। ती सय पुत्रद्वारा उनका सन्तान धेरै बढेकाले उनीहरूले यो भारतवर्षलाई नौ भागमा बाँडेर भोग गर्न थाले। उनीहरूका बढेका सन्तानले परावूर्वकालमा कृतत्रेतासहितका युगको क्रमअनुसार एकहत्तर युगसम्म यस भारतवर्षको भोग गरेका थिए। यस वराहकल्पमा यी स्वायम्भुव मनुका सन्तान प्राचीन कालमा समग्र जगत्मा फैलिएर रहेका थिए।

मैत्रेयले भने– मलाई स्वायम्भुव मनुको वंशका बारेमा विस्तारमा बताइदिनुभयो। अब म समग्र भूमण्डलका विषयमा यथार्थ रूपमा सुन्न चाहन्छु; यसमा जति पनि सागर, द्वीप, वर्ष, पर्वत, वन, नदी र देवताहरूका सहरहरू छन्, ती सबैको परिमाण, तिनीहरूको आधार, आकार छ; त्यो सबै जस्ताको तस्तै बताइदिनुस्।

पराशरले भन्नुभयो– म यी सबै कुरा सङ्क्षेपमा बताउनेछु। किनकि यसका विषयमा विस्तारमा बताउने हो भने सय वर्षमा पनि सकिँदैन। जम्बू, प्लक्ष, शाल्मलि, कुश, क्रौञ्च, शाक र पुष्कर नाम भएका सातोटा द्वीप खारिलो पानी, काँस नाम भएको घाँस, मदिरा, घिउ, दही, दूध र सफा पानी भएका सातोटा समुद्रले चारैतिरबाट घेरिएका छन्। यिनीहरूको बीचमा जम्बूद्वीप रहेको छ भने त्यसको बीचमा सुमेरु पर्वत रहेको छ। त्यो सुमेरु पर्वत चौरासी हजार अग्लो र जमिनमा सोह्र हजार योजन धसिएर रहेको छ तथा यसको जमिनमाथिको भाग बत्तीस हजार योजन फैलिएको छ भने यसको फेद वा बैठक सोह्र हजार योजन फैलिएको छ। यसरी यो पर्वत पृथ्वीरूपी कमलको कोषजस्तै भएर रहेको छ।

यसको दक्षिणमा हिमवान्, हेमकूट र निषध नाम भएका तीनोटा पर्वत, उत्तरमा नील, श्रृङ्गी नाम भएका तीनोटा पर्वत रहेका छन् भने यी पर्वतहरूद्वारा वर्षहरू विभाजन गरिने भएकाले यिनीहरूको नाम वर्षपर्वत हो। तिनीहरूका बीचमा एक एक लाख योजन फैलिएका निषध र नील नामका दुइटा पर्वत छन्। यीबाहेकका पर्वतहरू दस दस हजार योजन साना छन् अर्थात् हेमकूट र श्वेत नब्बे हजार योजन फैलिएका छन् भने हिमवान् र श्रृङ्गी अस्सी हजार योजन फैलिएका छन् तथा यी सबै दुई हजार योजन अग्ला र त्यति नै चौडाइ भएका छन्। सुमेरु पर्वतको

दक्षिणमा सबैभन्दा पहिले भारतवर्ष रहेको छ भने त्यसपछि किम्पुरुषवर्ष र तेस्रोमा हरिवर्ष रहेको छ तथा सुमेरु पर्वतको उत्तरमा सबैभन्दा पहिले रम्यकवर्ष, दोस्रोमा हिरण्मयवर्ष र तेस्रोमा कुरुवर्ष रहेको छ। जुन द्वीपहरूको सिमाना भएकाले धनुषको आकारको छ।

यी सबै नौ हजार योजन फैलिएका छन्। यिनको बीचमा रहेको इलावृतमा सुनौलो सुमेरु पर्वत अवस्थित छ। यो इलावृतवर्ष सुमेरु पर्वतको चारैतिर नौ–नौ हजार योजन फैलिएको छ भने यसको चारैतिर चार पर्वत रहेका छन्। ती दस योजन अग्ला चार पर्वत सुमेरु पर्वतका चार खाम्बा हुन्। किनकि यिनीहरूको सहारा नपाए माथितिर धेरै फैलिएको र फेदमा साँघुरिएको सुमेरु पर्वत ढल्ने सम्भावना रहन्छ। यिनीहरूमध्ये पूर्वमा मन्दराचल, दक्षिणमा गन्धमादन, पश्चिममा विपुल र उत्तरमा सुपार्श्व पर्वत रहेका छन्। यस सुमेरु पर्वतको टुप्पोमा गाडिएका ध्वजाजस्तै क्रमबद्ध रूपमा एघार योजन अग्ला कदम, जामुनो, पीपल र बरका रूख रहेका छन्। यीमध्ये जामुनोको रूखका नामबाट यस द्वीपको नाम जम्बूद्वीप रहेको हो। त्यसको फल धेरै ठूलो हुन्छ। त्यो फल पर्वतमा खसेपछि फुटेर त्यसको रस सबैतिर फैलिन्छ। त्यहाँ जामुनोको फलको रसबाट निक्लिएको जम्बूका नदी बग्छ। त्यसको पानी त्यसका अगलबगलमा बस्ने मनुष्यसहित सबैले पिउँछन्। त्यो पवित्र नदीको पानी पिएकाले अतिशुद्ध अन्तःकरण भएका त्यहाँका बासिन्दामा पसिना, दुर्गन्ध, वृद्धावस्था, इन्द्रियहरूको विनाशजस्ता विकारहरू रहेका हुँदैनन्। त्यो नदीको किनारमा रहेको माटो त्यसमा बगेको रसले भिजेर मन्दमन्द हावाले सुकेपछि जाम्बूनाद नाम भएको सुन बन्छ, जुन सिद्ध पुरुषहरूको गरहगना हो।

त्यस सुमेरु पर्वतको पूर्वमा भद्राश्व र पश्चिममा केतुमालवर्ष पर्छ तथा यी दुबै वर्षको बीचमा इलावृतवर्ष छ भने यसको दक्षिणमा गन्धमादन नाम भएको वन, पश्चिममा वैभ्राज नाम भएको वन र उत्तरमा नन्दन नाम भएको वन रहेको छ तथा त्यहाँ देवताहरू अतिप्रिय अरुणाद, महाभद्र, असितोद र मानस नाम चारोय सरोवर रहेका छन्। शीताम्भ, कुमुद, कुररी, माल्यवान् र वैकङ्कसमेतका पर्वत कमलको फूलस्वरूप सुमेरु पर्वतको पूर्व दिशाका केसराचल वा मेरु हुन् भने त्रिकूट, शिशिर, पतङ्ग, रुचक र निषादसहितका पर्वत सुमेरु पर्वतका दक्षिण दिशाका केसररूपी पर्वत हुन् र शिखिवास, वैदूर्य, कपिल, गन्धमादन एवम् जारुधिसहितका पर्वत सुमेरु पर्वतका पश्चिम दिशाका केसररूपी पर्वत हुन् तथा

शङ्खकूट, ऋषभ, हंस, नाग र कालञ्जसमेतका पर्वत सुमेरु पर्वतका उत्तर दिशाका केसराचल हुन्। सुमेरु पर्वतभन्दा माथि अन्तरिक्षमा चौध हजार योजन फलिएको ब्रह्माको कार्यब्रह्मपुरी छ भने त्यो सुमेरु पर्वतको चारैतिर इन्द्रसहितका लोकपालका अतिरमाइला आठोटा नगर रहेका छन्। श्रीविष्णुका चरणकमलबाट उत्पन्न भएकी गङ्गा चन्द्रमण्डललाई चारैबाट ढाकेर स्वर्गलोकको बाटो हुँदै कार्यब्रह्मपुरीमा झर्छिन् र त्यहाँ झरेर भैला भएपछि उनी सीता, अलकनन्दा, चक्षु र भद्राका नाम विभाजित भएर चारै दिशामा बग्न थाल्छिन्। तिनीहरूमध्ये सीता नाम भएकी गङ्गा पूर्वतिर आकाश मार्गबाट एक पर्वतबाट अर्को पर्वतमा जाँदै अन्तमा पूर्व दिशामा रहेको भद्राश्ववर्ष पार गरेर समुद्रमा विलीन हुन्छिन् भने अलकनन्दा नाम भएकी गङ्गा दक्षिण दिशामा रहेको भारतवर्षमा आएपछि सात भागमा बाँडिएर अन्तका आफ्नो नामसहित समुद्रमा समाहित हुन्छिन् तथा चक्षु नाम भएकी गङ्गा पश्चिम दिशामा रहेका सबै वर्षमा बग्दै अन्तमा आफ्नो नामसहित समुद्रमा समाहित हुन्छिन् र भद्रा नाम भएकी गङ्गा उत्तर दिशाका सबै पर्वतलाई छिचोल्दै उत्तरमा रहेको कुरुवर्ष पार गरेर आफ्नो नामसहित उत्तरी महासागरमा समाहित हुन्छिन्। माल्यवान् गन्धमादन पर्वत उत्तर र दक्षिणतिर फैलिएका छन् भने ती दुबैको बीचमा कमलको आकारको सुमेरु पर्वत रहेको छ।

ती मर्यादास्वरूप रहेका पर्वतको बाहिरी भागमा रहेका भारत, केतुमाल, भद्राश्व र कुरुवर्षहरू कमलका पातजस्तै छन् भने जठर र देवकूट नाम भएका पर्वत मर्यादास्वरूप रहेका छन्; जुन उत्तरमा नीलाचलदेखि दक्षिणमा निषध पर्वतसम्म फैलिएका छन्। गन्धमादन र कैलास पर्वत पूर्व–पश्चिम दिशामा फैलिएका छन् भने यिनीहरूले असी हजार योजन क्षेत्रफल ओगटेका छन् तथा यी समुद्रभित्र रहेका छन्। पूर्व दिशामा जस्तैगरी सुमेरु पर्वतको पश्चिम दिशामा पनि निषध र पारिपत्रं नाम भएका दुइटा पर्वत मयौदा पर्वतका रूपमा रहेका छन्। सुमेरु पर्वतको उत्तर दिशामा त्रिशृङ्ग र जारुधि नाम भएका दुइटा पर्वत रहेका छन् भने यी दुबै समुद्रभित्र पूर्व–पश्चिम दिशामा फैलिएर रहेका छन्। यसरी मैले जठरसहितका पर्वतका विषयमा लबताइदिएँ। तिनीहरूमध्ये दुई–दुइटाका हिसाबले ती सबै सुमेरु पर्वतको चारैतिर रहेका छन्। सुमेरु पर्वतका चारैतिर रहेका शीतान्तसहितका केसर पर्वतहरूका बारेमा तिमीलाई बताइदिएँ। तिनीहरूको बीचमा सिद्ध र चारणहरूबाट आराधना गरिएका अतिरमणीय तथा सुन्दर

गुफाहरू रहेका छन्। ती गुफाहरूमा धेरै सुन्दर नगर र उपवनहरू रहेका छन्। ती गुफाहरूमा किन्नरहरूले सधैँ आराधना गर्ने लक्ष्मी, विष्णु, अग्नि, सूर्य देवताका सुन्दर मन्दिर रहेका छन्। ती पर्वतमा रहेका गुफाहरूमा दिनरात गन्धर्व, यक्ष, राक्षस, दैत्य र दावनहरूले ज्यादै आनन्दित हुँदै आमोदप्रमोद गर्छन्। यी सबै स्थानलाई पृथ्वीलोकको स्वर्ग बताइएको छ। यसप्रकारका स्थानमा धर्मिक आचरण भएका विद्वान् पुरुष बस्छन्। यस पवित्र स्थानमा पापकर्म गर्नेहरू कहिल्यै जान सक्तैनन्। श्रीविष्णु भद्राश्ववर्षमा हयग्रीवस्वरूपमा, केतुमालवर्षमा वराहस्वरूपमा र भारतवर्षमा कूर्मस्वरूपमा बस्नुभएको थियो भने उहाँले हयग्रीव अवतार लिएर मधुकैटभ दानवको संहार गर्नुभएको थियो तथा उहाँ कुरुवर्षमा माछाको स्वरूपमा रहनुभएको थियो। उहाँ सबै प्राणीको आत्मा र परम आधार हुनुहुन्छ। किम्पुरुषसहितका आठोटा वर्ष रहेका छन् भने तिनीहरूमा शोक, परिश्रम, रिसराग, भोक, तिर्खाको डर हुँदैन। त्यहाँका मनुष्य स्वस्थ, अतिआनन्दित, दुःखरहित छन् भने तिनीहरूको आयु दस बाह्र हजार वर्षसम्मको हुन्छ। ती स्थानमा कहिल्यै आकाशबाट वर्षा हुँदैन भने पृथ्वीमा भएको पानी मात्र उपलब्ध हुन्छ र त्यहाँ सत्यलगायतका युगको कल्पना पनि हुँदैन। यी सबै वर्षहरूमा सातसातोटा कुल पर्वत रहेका छन् भने तिनीहरूबाट अनेकौँ नदी निस्किएका छन्।

जुन स्थान हिमालयदेखि दक्षिण र समुद्रदेखि उत्तरमा रहेको छ; त्यो स्थानलाई भारतवर्ष भनिन्छ। त्यसमा राजा भरतका सन्तानले बसोबास गरेका छन्। यसको क्षेत्रफल नौ हजार योजन रहेको छ भने यो क्षेत्र मोक्ष प्राप्त गर्ने चाहना भएकाहरूका लागि अतिउत्तम कर्मभूमि हो। यस क्षेत्रमा महेन्द्र, मलय, सह्य, शुक्तिमान्, ऋक्ष, विन्ध्याचल र पारिपात्र नाम भएका सातोटा कुल पर्वत रहेका छन्। यही क्षेत्रमा शुभ आचरण र कमर्मा लाग्ने मनुष्यले मोक्ष प्राप्त गर्न सक्तछन् भने यहँ अशुभ कर्म गर्नेहरू नरकमा पर्छन्। यो क्षेत्रबाट आफ्नो कर्मअनुसार स्वर्ग, मोक्ष, अन्तरिक्ष वा पातालसमेतका लोक प्राप्त गर्न सकिन्छ भने पृथ्वीमा यो क्षेत्रबाहेक अन्त कतै पनि मनुष्यहरूका लागि कर्म गर्ने विधान रहेको छैन। यो भारतवर्ष नौ भागमा बाँडिएको छ। तिनीहरू इन्द्रद्वीप, कसेरुमान्, ताम्रवर्ण, गभस्तिमान्, नागद्वीप, सौम्य, गन्धर्व, वारुण र समुद्रले चारैतिरबाट घेरेको भारत हो। यो द्वीप दुईतिर वा चारैतिरबाट पानीले घेरिएरको पृथ्वीको भाग उत्तरदेखि दक्षिणसम्म हजार योजन फैलिएको छ। यसको पूर्व भागमा किरातहरू र पश्चिम

भागमा नन्दिनी गाईको कोखबाट उत्पन्न एक म्लेच्छ जाति वा मुसलमानको बसोबास रहेको छ। यसैगरी यसको बीच भागमा यज्ञलगायत, शास्त्रहरूमा पारङ्गत ब्राह्मण, युद्धकलामा धेरै सिपालु क्षत्रिय, ज्यादै एकाग्रतापूर्वक व्यापारव्यवसायमा लागेका वैश्य र आफ्नो वर्ण व्यवस्थामा अतिआस्था राख्ने शूद्रहरूको बसोबास रहेको छ। यस क्षेत्रमा हिमालय पर्वतबाट निस्किएका शतद्रू, चन्द्रभागासहितका नदी तथा परिपात्र पर्वतबाट निस्किएका वेद र स्मृतिसमेत नाम भएका नदीहरू छन् भने विन्ध्याचल पर्वतबाट निस्किएका नर्मदा, सुरसालगायतका नदीहरू यो क्षेत्रलाई पवित्र बनाउँदै बगेका छन्। यसैगरी यो क्षेत्रमा सूर्यकी पुत्री यमुनानदी रहेकी छन्, पयोष्णी (पुराणअनुसार सृष्टिको आरम्भमा ब्रह्माले यज्ञ गर्दा प्रणीत पात्रको तातो जलबाट उत्पन्न भएकाले पयोक्ष्णी नाम रहेको हो) विन्ध्याचलबाट निस्किएर दक्षिणतिर बग्दै गोदावरीमा मिसिने नदी, जसलाई आज पैनगङ्गा भनिन्छ र निर्विन्ध्यासमेतका नदी बहेका छन्।

यसरी नै गोदावरी, भीमरथी, कृष्णा र वेणीजस्ता अतिपवित्र नदीलाई सह्य पर्वतबाट उत्पन्न तथा पाप र तापबाट यथार्थ रूपमा मुक्त गराउने बताइएको छ। मलय पर्वतबाट कृतमाला र ताम्रपर्णीलगायतका उत्पन्न भएका छन् भने महेन्द्र पर्वतबाट त्रिसामा, आर्यकुल्पासहितका नदी उत्पन्न भएका हुन् तथा शुक्तिमान् पर्वतबाट ऋषिकुल्या, कुमारीसहितका नदी उत्पन्न भएका छन्। यी नदीहरूबाट अन्य हजारौँ नदी र उपनदीहरू उत्पन्न भएका छन्। ती नदीहरूको किनारमा अरण्यमध्ये कुरुक्षेत्रको वन पाञ्चाल र मध्यप्रदेशसमेतका बासिन्दा पूर्व दिशामा पर्ने देश भारत वा नेपालको पूर्वी भागमा पर्छ र कामरूप अर्थात् भारतको आसाम प्रदेशका बासिन्दाले बसोबास गर्छन्। पुण्ड्र, कलिङ्ग, मगध, दाक्षिणात्य, अपरान्ता, सौराष्ट्र, शूर र अर्बुदका बासिन्दा पनि बस्छन् भने कारुष, मालव, सौवीर, सैन्धव, हूण, साल्व, कौशल, माद्र, अम्बठ, पञ्जावको मध्य भागका बासिन्दा र फारसीले पनि त्यहाँ बसोबास गरेका छन्। यसरी समायोजित रूपमा बसेका मनुष्य सधैँ एकआपसमा सद्भाव र भाइचाराको व्यवहार गर्दै मिलेर बसेका थिए र यिनै नदीको पानी पिउने गर्थे। यिनीहरूको सामीप्य पाएकाले त्यहाँका बासिन्दा धेरै मोटाघाटा र तेजस्वी हुन्छन्। यस भारतवर्षमा सत्य, त्रेता, द्वापर र कलि नाम भएका चारोटा युग हुन्छन्; जुन अन्यत्र हुन सक्तैनन्। यो स्थानमा ऋषिहरूले परलोक प्राप्त गर्नका लागि तपस्या र यज्ञको अनुष्ठान गर्छन् भने दयालु स्वभाव भएका

मनुष्यहरूले आफ्नो क्षमताअनुसार श्रद्धापूर्वक दान दिन्छन् । यस जम्बूद्वीपमा यज्ञमा श्रद्धा भएका मनुष्यले यज्ञपुरुष श्रीविष्णुको सधैँ यज्ञद्वारा पूजा गर्छन्। यसबाहेक अन्य द्वीपमा उहाँको अन्य किसिमबाट उपासना हुन्छ। यो जम्बूद्वीपमा भारतवर्ष सबैभन्दा उत्तम रहेको छ; किनकि यो मात्र परलोक प्राप्त गराउने कर्मभूमि हो। जीवले अनेकौँ जन्मपछि सञ्चित पुण्यको फलस्वरूप परमात्माको अनुकम्पाले यो अतिपवित्र र मुक्तिको मार्गरूपी भारतवर्षमा मनुष्य शरीर प्राप्त गर्छ। यसरी मैले तिमीलाई यो एक लाख योजनमा फैलिएको जम्बूद्वीपका विषयमा बताइदिएँ। यो जम्बूद्वीप चारैतिरबाट एक लाख योजन फैलिएको नाडीमा लगाउने बालाको आकारको सैँत्तीस हजार योजन फैलिएको खारिलो पानी भएको समुद्रले घेरिएको छ।

यो जम्बूद्वीप खारिलो पानी भएको समुद्रले चारैतिरबाट घेरिए जस्तैगरी प्लक्षद्वीपले चारैतिरबाट त्यो खारिलो पानी भएको समुद्रलाई घेरेको छ। जम्बूद्वीपको क्षेत्रफल एक लाख योजन रहेको छ भने प्लक्षद्वीपको क्षेत्रफल त्यसको भन्दा दुई गुणा धेरै रहेको छ। प्लक्षद्वीपका राजा मेधातिथिका सातोटा पुत्र भए। तिनीहरूमध्ये जेठा शान्तमय थिए भने उनीभन्दा पछाडिको नाम क्रमबद्ध शिशिर, सुखोदय, आनन्द, शिव, क्षेमक र ध्रुव थिए। तिनीहरू सबै प्लक्षद्वीपका राजा भए। तिनीहरूको आआफ्नो अधिकार भएका वर्षहरूमा सिलसिलाबद्ध रूपमा शान्तवर्ष, शिशिरवर्ष, सुखोदयवर्ष, आनन्दमयवर्ष, शिववर्ष, क्षेमकवर्ष र ध्रुववर्ष रहेको छ। उनीहरूको मर्यादा सुनिश्चित गर्ने सातोटा वर्षपर्वत पनि छन्। तिनीहरूको नाम गोमेद वर्षपर्वत, चन्द्र वर्षपर्वत, नारद वर्षपर्वत, दुन्दुभि वर्षपर्वत, सोमक वर्षपर्वत, सुमना वर्षपर्वत र वैभ्राज वर्षपर्वत हो। यी अतिरमणीय र अनन्ददायक वर्षपर्वत र वर्षहरूमा ज्यादै हर्षोल्लासपूर्ण वातावरणमा देवता र गन्धर्वसहित पापरहित सन्तानहरू बस्थे । त्यो ज्यादै आनन्ददायक स्थानमा बस्ने मनुष्यहरू धर्ममय आचरणसम्पन्न र पुण्यात्मा थिए। तिनीहरूको आयु धेरै लामो हुन्छ। तिनीहरूलाई कुनै प्रकारको मानसिक र शारीरिक रोग नलाग्ने भएकाले उनीहरूले सधैँ सुखी जीवन बिताउँछन्। यी सातोटा वर्षमा सबै पाप नष्ट गराइदिने सातोटै नदी रहेका छन्। ती नदीको नाम अनुतप्ता, शिखि, विपाशा, त्रिदिवा, क्रमु, अमृता र सुकृता रहेको छ। यी मुख्य नदीबाहेक त्यस प्लक्षद्वीपमा हजारौँ ससाना नदी र पर्वतहरू रहेका छन्। त्यस द्वीपमा बसोबास गर्ने मनुष्य सधैँ प्रसन्न रहन्छन् भने ती नदीको

पानी पिउनाले मोटाघाटा रहन्छन्। यसैले ती मनुष्यमा कहिल्यै ह्रास र वृद्धि हुँदैन। ती सातोता वर्षमा कुनै प्रकारको युगव्यवस्था पनि रहेको छैन। यसकारण त्यहाँ सधैँ त्रेतायुगको जस्तो व्यवस्था रहिरहन्छ। प्लक्षद्वीपदेखि शाकद्वीपसम्म कहिल्यै युग परिवर्तन नहुने भएकाले त्यहाँ बसोबास गर्ने मनुष्यहरू पाँच हजार वर्षसम्म जीवित रहन्छन्। तिनीहरूमा वर्ण र आश्रमको विभाजनअनुसार कसैको हत्या नगर्ने, सधैँ सत्य वचन बोल्ने, चोरी नगर्ने, स्त्रीसमागमबाट अलग रहेर वेदलगायतको अध्ययन गर्ने ब्राह्मणसमेत कर्म र लिने धर्म हुन्छन् तथा त्यहाँ जुन चार वर्ण रहेका छन्, तिनीका बारेमा बताउँछु। त्यो प्लक्षद्वीपमा जुन उत्तम चरित्र भएको मानिस, कुरु वा तपतीका गर्भबाट संवरण राजाले जन्माएका एक राजा जसका सन्तान कौरव हुन्, विवंश र भावी नाम भएका जातिहरू रहेका छन्। तिनीहरू नै सिलसिलाबद्ध रूपमा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र हुन्। त्यस द्वीपमा पनि जम्बूद्वीपको जत्रै एउटा बरको रूख रहेको छ। जसका नामबाट त्यो द्वीपको नाम रहेको हो। त्यस द्वीपमा बस्ने उत्तम आचरण भएका आर्यसहित जातिहरूले श्रीविष्णुको सोमस्वरूबाट उपासना गर्छन्। यो प्लक्षद्वीप आफ्नै बराबरको क्षेत्रफल भएको ऊखुको रसको समुद्रले घेरिएको छ। यसरी मैले तिमीलाई प्लक्षद्वीपका बारेमा सङ्क्षेपमा बताएँ भने अब शाल्मद्वीपका विषयमा त्यसरी नै बताउँनेछु।

शाल्मद्वीपका राजा वपुष्मान् थिए। उनका श्वेत, हरित, जीमूत, रोहित, वैद्युत, मानस र सुप्रभ नाम भएका सातोटा पुत्र भए। उनीहरूकै नामबाट तिनका सात वर्ष पनि रहेका छन्। प्लक्षद्वीपलाई वृत्ताकारमा घेरेर रहेको ऊखुको रसमय समुद्रलाई त्योभन्दा दुई गुणा ठूलो आकारसम्पन्न शाल्मद्वीपले चारैतिरबाट घेरेको छ। यस शाल्मद्वीपमा पनि अनेकौँ प्रकारका रत्नहरूले परिपूर्ण भएका सातोटा पर्वत छन्; जसले यसभित्र रहेका सात द्वीपलाई बाँडेका छन् र सतोटा नदी पनि रहेका छन्। ती पर्वतहरूको नाम कुमुद, उन्नत, बलाहक, द्रोणाचल, कङ्क, महिष र ककुद्मान् हो भने त्यहाँ भएका नदीको नाम योनी, तोया, वितृष्णा, चन्द्रा, शुक्ला, विमोचिनी र निवृत्ति हो। यी नदी अतिपवित्र भएकाले यिनीहरूको स्मरण मात्र गर्दा पनि मनुष्यहरूका सबै किसिमका पापाहरू नष्ट हुन्छन्। यस शाल्मद्वीपमा पनि श्वेत, हरित, वैद्युत, मानस, जीमूत, रोहित र सुप्रभ नाम भएका चारोटै वर्णसम्पन्न सातोटा वर्षपर्वत छन्। यस द्वीपमा कपिल, अरुण, पीत र कृष्ण वर्णको बसोबास रहेको छ। जुन अलगअलग ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र हुन्। यी सबै यज्ञकर्ताले

सबैका आत्मारूपी उत्तम यज्ञद्वारा श्रीविष्णुको आराधना गर्छन्।

यो अति रमाइलो शाल्मद्वीपमा सधैँ देवताहरू बसेका हुन्छन्। यस सिमलको एउटा धेरै ठूलो रूख छ; जुन नामकै कारण पनि शान्तिदायक छ। शाल्मलद्वीप आफ्नै बराबर क्षेत्रफलमा फैलिएको मदिरामय समुद्रले चारैतिरबा घेरिएको छ तथा त्यो मदिरामय समुद्र शाल्मलद्वीपभन्दा दुई गुणा धेरै क्षेत्रफलम फैलिएर रहेको कुशद्वीपद्वारा चारैतिरबाट यथार्थ रूपमा घेरिएको छ। त्य कुशद्वीपका राजा ज्योतिष्मान्‌का उद्भिद्, वेणुमान्, वैरथ, लम्बन, धृति, प्रभाकर कपिल नाम भएका सातोटा पुत्र थिए भने त्यहाँ ज्योतिष्मान्‌का यी सातोटा पुत्रक नामबाट सातोटा वर्षको नाम रहेको छ। कुशद्वीपमा दैत्य, दानव, देवता, गन्धर्व यक्ष, किन्नरलगायत बस्छन्। त्यहाँ पनि आआफ्नो कर्ममा एकाग्रतापूर्वक लागेक दमन गर्ने, शुष्मी, स्नेह र मन्देहसमेत नाम भएका चारोटा वर्ण रहेका छन्। जे सिलसिलाबद्ध रूपमा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र नै हुन्। आफ्नो प्रारब्धक समाप्त गराउन शास्त्रले निर्धारण गरेको कर्म गर्दै त्यहीँ उपासना तथा यज्ञद्वार ब्रह्मस्वरूप श्रीविष्णुको पूजा गर्दै प्रारब्धको फल दिलाउने अहङ्कारको विनाश ग प्रयासमा लाग्छन्। त्यस द्वीपमा विद्रुम, हेमशैल, द्युतिमान्, पुष्पवान्, कुशेशय हरि र मन्दराचल नाम भएका सातोटा पर्वत छन् भने त्यहाँ धूतपापा, शिवा, पवित्र सम्मति, विद्युत्, अम्भा र मही नाम भएका सातोटा मुख्य नदी पनि रहेका छन्। यं नदीको स्मरणम गर्नेबित्तिकै सबै पाप नष्ट हुन्छन्। त्यसमा अन्य ससाना हजारौँ नद र पर्वतहरू छन्। कुशद्वीपमा एउटा कुशैकुशको वन भएकाले यस द्वीपको नाम कुशद्वीप रहेको हो। यो द्वीपलाई चारैतिरबाट आफ्नै बराबर क्षेत्रफलमा फैलिएक घिउको समुद्रले घेरेको छ भने यो घिउको समुद्र क्रोञ्चद्वीपबाट घेरिएको छ। अब यसभन्दा अगाडिको क्रौञ्चद्वीपका बारेमा सुन। जसको क्षेत्रफल कुशद्वीपभन्द दुई गुणा ठूलो रहेको छ। क्रोञ्चद्वीपका राजा द्युतिमान्‌ले आफ्ना पुत्रहरूको नामबाट वर्षहरूको नाम राखे। द्युतिमान्‌का सातोटा पुत्रको नाम कुशल, मन्दग, उष्ण पीवर, अन्धकार, मुनि र दुन्दुभि थियो। त्यस द्वीपमा पनि देवता र गन्धर्वले प्रयोग गरेका अतिआकर्षक सातोटा वर्षपर्वत रहेका छन्। तिनको नाम क्रौञ्चवर्ष पर्वत वामनवर्ष पर्वत, अन्धकारवर्ष पर्वत, घोडाका मुख जस्ता रत्नसम्पन्न स्वाहिनीवर्ष पर्वत, देवावृत्रवर्ष पर्वत, पुण्डरीकवान्‌वर्ष पर्वत र दुन्दुभिवर्ष पर्वत रहेको छ।

यी सबै द्वीप एकभन्दा अर्को दुई गुण ठूलो भए जस्तैगरी तिनका

वर्षपर्वतहरू पनि एकभन्दा अर्को दुई गुना ठूला छन्। ती आनन्ददायक वर्ष र पर्वतहरूमा देवतासहित प्रजाहरू आनन्दपूर्वक बस्छन्। त्यहाँ पुष्कर, पुष्कल, धन्य र तिष्य नाम भएका चार वर्ण बस्छन्; जुन सिलसिलाबद्ध रूपमा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र हुन्। त्यस द्वीपमा गौरी, कुमुद्वती, सन्ध्या, मनोजवा, रात्रि, क्षान्ति र पुण्डरीक नाम भएका सतोट मुख्य नदी छन् भने अन्य अनकौँ ससाना नदी छन्। त्यस द्वीपमा अतिधर्ममय आचरण भएका धेरै मननशील पुष्करसहितका जातिले यज्ञसमेतका धार्मिक अनुष्ठानद्वारा रुद्रस्वरूप श्रीविष्णुको पूजा र आराधना गर्छन्। यो क्रौञ्चद्वीपलाई चारैतिरबाट यसै बराबरको क्षेत्रफलमा फैलिएको मोहीको समुद्रले यथार्थ रूपमा घेरेको छ भने त्यो मोहीको समुद्रलाई चारैतिरबाट क्रौञ्चद्वीपभन्दा दुई गुणा ठूलो शाकद्वीपले घेरेको छ। शाकद्वीपका राजा भव्यका जलद, कुमार, सुकुमार, मरीचक, कुसुमोद, मौदाकि र महाद्रुम नामका सातोटा पुत्र थिए। ती राजाले आफ्ना सातोटै पुत्रलाई अलगअलग वर्ष दिएका थिए। क्रौञ्चद्वीपमा उनीहरूकै नामअनुसार क्रमबद्ध रूपमा सातटोटा वर्ष छन् भने ती वर्षलाई विभाजन गर्ने सतोटै वर्षपर्वत पनि छन्। शाकद्वीपमा उदयाचलवर्ष पर्वत, जलाधारवर्ष पर्वत, रैवतकवर्ष पर्वत, श्यामवर्ष पर्वत, अस्ताचलवर्ष पर्वत, आञ्चिकेयवर्ष पर्वत र केसरीवर्ष पर्वत छन्।

त्यस द्वीपमा सिद्ध र गन्धर्वहरूद्वारा उपासना गरिएको एउटा धेरै ठूलो सागौनको रूख छ; जुन रूखका वायुको स्पर्श भएपछि हृदय परम आनन्दित हुन्छ। त्यस द्वीपमा चार वर्णका जनसाधारणको बसोबास भएको ठाउँ अतिपवित्र छ। त्यस द्वीपमा धेरै पवित्र तथा सबै र भय नष्ट गराउन सक्षम सुकुमारी, कुमारी, नलिनी, धेनुका, इक्षु, वेणुका र गभस्ती नाम भएका नदी छन् भने यीबाहेक अन्य अनेकौँ नदी र पर्वतहरू छन्। पुण्यका प्रभावले प्राप्त स्वर्गको भाग गर्ने समय सकिएपछि जसले पृथ्वीमा आएर जलदसहित वर्षमा जन्म लिन्छन्, तिनीहरूले ती नदीको पानी पिउँछन्। शाकद्वीपका सातोटै वर्षमा कहिल्यै पनि धर्मविरुद्धको आचरण, एकअर्काको अपमान गर्ने कार्य र मर्यादा उल्लङ्घन हुँदैन। त्यहाँ मृग, मागध, मानस र मन्दग यी चारवर्णको बसोबास रहेको छ। तिनीहरूमध्ये मृग ब्राह्मण, मागध क्षत्रिय, मानस वैश्य र मन्दग शूद्र हो। शााकद्वीपमा शास्त्रीय विधिपूर्वक आआफ्नो कार्य गर्ने माथि बताइएका चारोटै वर्णद्वारा वशमा राखिएको चित्तद्वारा सूर्यको रूप धारण गर्नुभएका श्रीविष्णुको उपासना गरिन्छ। त्यो शाकद्वीप

आफ्नै बराबरको क्षेत्रफलमा फैलिएको मण्डलाकारको दूधको सागरले घेरिएको छ भने त्यो दूधको सागर पनि शाकद्वीपभन्दा दुई गुणा ठूलो क्षेत्रफल भएको पुष्करद्वीपले घेरिएको छ। पुष्करद्वीपका राजा सबलका महावीर र धातकि नाम भएका दुइटा पुत्र भए। ती दुबैको नामबाट त्यस द्वीपमा महाचवीर र धातकि नामका दुइटा वर्ष छन्। यो पुष्करद्वीपको बीचमा गोलाकारको मानसोत्तर नाम भएको प्रसिद्ध वर्षपर्वत छ। त्यो वर्षपर्वत पचास हजार योजन अग्लो र पचासै हजार योजन गोलाकार रूपमा फैलिएको छ।

यो पर्वत पुष्करद्वीपपरूपी गोलाकारलाई बीचबाट विभाजन गरेको अनुभूति हुने गरी रहेको छ र यस पर्वतद्वारा विभाजित भएपछि पुष्करद्वीपमा दुइटा वर्ष बने पनि ती वर्ष र पर्वत गोलाकारै छन्। त्यो पुष्करद्वीपमा बस्ने मनुष्य रोग, शोकजस्ता विकाररहित भएर दस हजार वर्षसम्म जीवित रहन्छन्। त्यस पुष्करद्वीपमा उत्तम, शारीरिक दण्ड पाएको, दण्ड दिने जस्तो विरोधी भाव कसैमा छैन भने तिनमा रिस, निन्दा, भय, द्वेष, लोभजस्ता दोष रहेका छैनन्। महावीरवर्ष मानसोत्तर पर्वत बाहिर तथा धातकिवर्ष भित्र रहेको छ र यी दुवैमा आनन्ददायक वातावरणमा देवता र दानवहरू बस्छन्। त्यो द्वीपमा सत्य वा असत्यको व्यवहार हुँदैन भने त्यसमा कुनै पर्वत र नदी छैनन्। त्यहाँ बस्ने मनुष्य र देवताहरूको स्वरूप र वेषभूषा एकै किसिमको हुन्छ। त्यो वर्णाश्रमधर्म, कामना, तीनोट वेद, कृषि, दण्डनीति र सेवानीति नभएको द्वीप पृथ्वीको उत्तम स्वर्ग हो। ती महावीर र धातकि दुइटै वर्षको समय सबै ऋतुमा सुखदायक, बुढ्यौलीपन र रोगविहीन रहन्छ। पुष्करद्वीपमा ब्रह्माको उत्तम वासस्थान रहेको एउटा बरको रूख छ; जसमा ब्रह्मा बस्नुहुन्छ। यो पुष्करद्वीप आफ्नै बराबरको क्षेत्रफल भएको गुलियो पानी भएको समुद्रले घेरिएको छ। जसरी भाँडामा राखेको पानी आगोमा बसाएपछि उम्लन थाल्छ; त्यसैगरी चन्द्रमाका कलाहरूमा वृद्धि भएको अवस्थामा समुद्रको पानी पनि बढ्न थाल्छ तथा शुक्लपक्ष र कृष्णपक्षमा चन्द्रमा उदाउने र अस्ताउने काम धेरै र थोरै नहुने भए तापनि समुद्रको पानी घट्ने रबढ्ने गर्छ। समुद्रको पानी पाँच सय दस अङ्गुलसम्म घट्ने र बढ्ने गरेको देख्न सकिन्छ। पुष्करद्वीपमा बस्ने मनुष्यले कुनै प्रयासै नगरी स्वतः प्राप्त भएको दही, दूध, घिउ, मह,, नुन र गुडसम्पन्न भोजन खान्छन्। त्यहाँबाट गुलियो पानी भएको समुद्रको चारैतिर मनुष्यहरूको बसोबास नभएको र कुनै प्रकारका जीव नभएको सुनौलो भूमि देख

सकिन्छ। त्यहाँ दस हजार योजन क्षेत्रफलमा फैलिएको लोकालोक पर्वत छ भने त्यो पर्वतको ऊचाइ पनि दस हजार योजनै छ। त्यस पर्वतलाई चारैतिरबाट अन्धकारले घेरेको छ भने त्यो अन्धकारलाई ब्रह्मरूपीकराहीले यथार्थ रूपमा घेरेको छ। यसरी अण्डकराहीसहित द्वीप, समुद्र र पर्वतसम्पन्न यो पृथ्वी पचास करोड योजनको क्षेत्रफलमा फैलिएको छ। जगत्को आधाररूपी पृथ्वीले ती सबैको उत्पत्ति र पालनपोषण गर्छिन्।

मैले तिमीलाई पृथ्वीको विस्तारका बारेमा बताइसकैं र यसको सत्तरी हजार योजन उचाइका विषयमा बताउँछु। अतल, वितल, नितल, गभस्तिमान्, महातल, सुतल र पाताल यी पृथ्वीभन्दा तल रहेका लोकहरू सबै दस दस हजार योजन दूरीको फरकमा रहेका छन्। अतिसुन्दर महलहरूले शोभायमान भएको त्यहाँको भूमि सेतो, पहेँलो, कालो, सिन्दूरे, खस्रो बालुवा, ढुङ्गा र सुनले बनेको छ। त्यहाँ दानव, दैत्य, यक्ष र ठूलाठूला नागलगायत बस्छन्। एक समयमा नारदले पातालबाट स्वर्गलोकमा पुगेर भने— त्यो पाताललोक स्वर्गभन्दा धेरै सुन्दर छ। त्यहाँ नागहरूका आभूषणहरूमा अतिप्रकाशसम्पन्न मणि जडिएका छन्, त्यस्तो आश्चर्यजनक पाताललोकको अन्य कुनै लोकसँग तुलना गर्न सकिँदैन। त्यहाँ जतासुकै सबैको मन आकर्षित गरेर घुमिरहेका दैत्य र दानवका कन्याहरूले सुशोभित भएको पाताललोकमा मायाविहीन पुरुष कुनै छैनन्।

जुन लोकमा दिउँसोको समयमा सूर्यका किरणले ताप नभएर उज्यालो मात्र दिन्छन्। रातमा चन्द्रमाले शीत नबर्षाएर ज्योति मात्र फैलाउँछन्। जहाँ खान उपयुक्त वस्तु र महापानादिको उपभोग गरेर अतिआनन्दित भएका सर्प, दानव र दैत्यहरूलाई समय बितेको अनुभूतिसम्म पनि हुँदैन। जहाँ अति रमाइला वन, नदी, पोखरी कमलको बगैँचा रहेका छन्। जहाँका पुरुषको आवाज कोइलीको जस्तै मीठो र सुमधुर छ तथा जहाँको आकाश मन आकर्षित गर्ने छ। त्यो पाताललोकमा बस्ने दैत्य, दानव र सर्पहरू धेरै राम्रा गरगहना, सुगन्धमय चन्दनको लगाउँदै अनेकौँ प्रकारका उत्तम भोग उपभोग गर्छन्।

त्यस पाताललोकभन्दा तल श्रीविष्णुको शेष नाम भएको तमोगुणसम्पन्न शरीर रहेको छ। जसमा विषयमा दैत्य, दानवलगायत कसैले पनि वर्णन गर्न सक्तैनन्। देवता र ऋषिले पूजा गर्ने शेषलाई सिद्धहरूले अनन्त बताएका छन्। उहाँ स्वस्तिक चिह्नसम्पन्न र हजार सिर भएको हुनुहुन्छ। जसले आफ्ना फणामा रहेका

हजारौँ मणिले सबै दिशालाई प्रकाशमय बनाउँदै संसारको कल्याणका लागि दैत्य र दानवहरूलाई शक्तिविहीन बनाइरहनुहुन्छ। सूर्यजस्तै राता आँखा भएका सधैँ एउटा कुण्डलमात्र लगाउने, मुकुट र मालाले विभूषित रहनुभएका शेष अग्निसम्पन्न भएर सेतो पर्वत जस्तैगरी सुशोभित हुनुभएको छ। जसले आफ्नो हातमा हलो र मुसल लिनुभएको छ; जसको उपासना मूर्तिमती भएर साक्षात् कान्ति र वारुणी देवीहरूले गर्छन्।

कल्पको अन्तमा जसका हजार मुखबाट विषरूपी आगोको ज्वालाजस्तै प्रज्वलित रूप भएका सङ्कर्षण नाम भएका रुद्र उत्पन्न भएर सबै लोकलाई आफ्नो आहार बनाउनुहुन्छ। उहाँ सबै देवताबाट उपासना गरिनुहुने शेष समग्र पृथ्वीलाई शिरमा लाउने मुकुट जसरी धारण गरेर पाताललोकभन्दा तल रहनुभएको छ। उहाँको पराक्रम, प्रभाव, तत्त्व र आकारका बारेमा देवताहरूलाई पनि ज्ञान छैन। जुन समयमा मदसम्पन्न भएर अतिउत्तेजित आँखा भएका अनन्तले आफ्नो शरीर तन्काउँदा समुद्र र वनसहित यो समग्र पृथ्वी हल्लिन थाल्छ। उहाँका विषयमा कसैले पनि यथार्थ रूपमा नजान्ने भएकाले उहाँलाई अनन्त भनिएको हो। जसको आराधना गरेर प्राचीन कालमा अतिप्रख्यात ज्योतिषी मानिएका गर्ग ऋषिले सबै ग्रहनक्षत्रसहित शकुन अपशकुनलगायत नैमित्तिक फलहरूका विषयमा ज्ञान हासिल गरेका थिए। उहाँ शेष भगवान्ले आफ्नो सिरमा यो समग्र पृथ्वी धारण गर्नुभएको छ।

त्यसपछि पृथ्वी र पानीभन्दा तल नरकहरू रहेका छन्, जसमा पापमय जीवन बिताउने मनुष्य जान्छन्। तिनीहरूका विषयमा विस्तारमा सुन। रौरव, शूकर, रोध, ताल, विशसन, महाज्वाल, तप्तकुम्भ, श्वसन, विमोहन, रुधिरान्ध, वैतरणी, कृमीश, कृमिभोजन, असिपत्रवन, कृष्ण, लालाभक्ष, दारुण, पूयवह, पाप, बह्निज्वाल, अधःशिरा, शन्दंश, कालसूत्र, तमस, आवीचि, श्वभोजन, अप्रतिष्ठ तथा अप्रातिबाहेक अन्य पनि धेरै नरकहरू छन्। यी सबै नरक यमराजको स्वामित्वमा रहेका छन् तथा यी सबैमा शस्त्र र अग्निद्वारा पीडित गराइन्छ भने यिनमा पापी मात्र पर्छन्। जुन व्यक्ति सत्य लुकाएर असत्य मात्र बोल्छ; त्यो रौरव नाम भएको नरकमा पर्छ। गर्भमा रहेको भ्रूणको हत्या गर्ने, जुनसुकै प्रकारले समग्र गाउँ नष्ट गर्ने, गाई मार्ने व्यक्ति रोध नाम भएको नरकमा पर्छ। जसले श्वास रोक्छ, मदिरा पिउँछ, ब्राह्मणको हत्या गर्छ, सुन चोर्छ र यस्ता कार्य गर्नेको सङ्गत गर्छ; त्यो शूकर

नाम भएको नरकमा पर्छ। यसैगरी क्षत्रिय वा वैश्यको हत्या गर्ने, गुरुपत्नीसँग सहवास गर्ने ताल नाम भएको नरकमा पर्छ। यसरी नै बहिनीसँग सहवास गर्ने र राजदूतको हत्या गर्ने व्यक्ति तप्तकुण्ड नाम भएको नरकमा पर्छ भने पतिव्रता स्त्री बेच्ने, कारागारको रक्षा गर्ने, घोडाको व्यापार गर्ने, आफ्नो भक्तपुरुषलाई त्याग्नेहरू तताएको फलाममात्र भएको नरकमा पर्छन्। यसैगरी बुहारी र आफ्नी छोरीसँग सहवास गर्ने ज्यादै पापी व्यक्ति आगोका ज्वालामात्र भएको नरकमा पर्छ। जुन अतिनीच स्वभाव भएको व्यक्तिले आफ्नो गुरुको अपमान गर्दै उनीमाथि शब्दवाण प्रयोग गर्छ; वेदको निन्दा गर्छ; वेद बेच्छ र सहवास गर्न नहुने स्त्रीसँग सहवास गर्छ; त्यो लवण नाम भएको नरकमा पर्छ।

आफ्नो मर्यादा बिर्सिएर त्यसको उल्लङ्घन गर्ने व्यक्ति विलोहित नाम भएको नरकमा पर्छ भने देवता, ब्राह्मण र पितृप्रति द्वेषभाव राख्ने र रत्नहरू दूषित बनाउने व्यक्ति कृमिभक्ष नाम भएको नरकमा पर्छ तथा निकृष्ट यज्ञ गर्ने व्यक्ति कृमीश नाम भएको नरकमा पर्छ। जुन मनुष्यमा अतिनीच व्यक्तिले पितृ, देवता र अथितिलाई समर्पण नगरी पहिले आफैँले खान्छ; त्यो अतिउग्रस्वरूप भएको लालाभक्ष नाम भएको नरकमा पर्छ। यसरी नै अर्काको हत्या गर्न बाण बनाउने व्यक्ति वेधक नाम भएको नरकमा पर्छ। जुन मनुष्यले कर्णी नाम भएको बाण बनाउँछ र जसले तरबारलगायतका शस्त्र बनाउँछ; त्यो विशसन नाम भएको नरकमा पर्छ भने दूषित उपायबाट धन आर्जन गर्ने, यज्ञ गराउने अधिकार नभए पनि यज्ञ गराउने व्यक्ति र आफैँले गणना गर्न नजाने पनि अरूको मान्यताअनुसार ज्योतिषसम्बन्धी काम गर्ने ज्योतिष यी सबै अधोमुख नाम भएको नरकमा पर्छन् भने अतिनिर्दयी कर्म गर्ने व्यक्ति र जसले आफ्ना बन्धुहरूको आँखा छलेर आफूले मात्र स्वादिलो पदार्थ खान्छ; त्यस्तो व्यक्ति र लाहा, मासु, तरल पदार्थ, तिल र नुन बेच्ने ब्राह्मण तथा बिराला, कुखुरा, बाखा, कुकुर, सुँगुर र आफ्नो जीवननिर्वाह गर्न पक्षी पाल्ने व्यक्ति पूयवह नाम भएको नरकमा पर्छ।

यसैगरी कुनै नाटकसमेतमा अभिनय गरेर जीविका गर्ने व्यक्ति, माछा मार्ने र डुङ्गा चलाउने व्यक्ति आफ्नी श्रीमतीले आफू छँदाछँदै अर्को पुरुषको सहवासबाट जन्माएको छोराले कमाएको अन्न खाने, अर्कालाई विष दिने, आफ्नी पत्नीलाई गलत कार्यमा लगाएर त्यसबाट आएको धनले जीविका चलाउने व्यक्ति, चुक्ली लगाउने व्यक्ति, औँसीजस्ता पर्वका दिनमा पनि सहवास गर्ने ब्राह्मण, घरमा आगो

लगाउने व्यक्ति, मित्रको हत्या गर्ने व्यक्ति, गाउँको पुरोहित तथा मदिरा बेच्ने व्यक्ति यी सबैं रुधिरान्ध नाम भएको नरकमा पर्छन्। यज्ञलगायतका शुभकर्म र गाउँ नष्ट गराउने मनुष्य वैतरणी नाम भएको नरकमा पर्छ भने आफ्नो वीर्य पतन गराउने, खेतमा लगाएको कुलो भत्काउने, धूर्त व्यवहार गरेर जीविका चलाउने व्यक्ति कृष्ण नाम भएको नरकमा पर्छन्। जसले अनावश्यक रूपमा वन फाँड्छ, त्यो असिपत्र नाम भएको नरकमा पर्छ। जसले भेडा पालेर जीविका गर्ने, माटोबाट बनेका काँचा घडा र इँटासमेत पकाउन आगोमा हाल्ने र व्याधाहरू वह्निज्वाल नाम भएको नरकमा पर्छन्। व्रत लोप गराउने प्रयासमा लाग्ने र शास्त्रले निर्धारण गरेको आफ्नो वर्णाश्रम धर्म पालना नगर्ने सन्दंश नाम भएको नरकमा पर्छन्। जुन ब्रह्मचारीहरूको दिउँसै अनेकौं प्रकारका भोगहरूको कल्पना गरेर वीर्य स्खलन हुन्छ; जसले आफ्नै पुत्रलाई गुरु मानेर शिक्षा आर्जन गर्छन्; ती श्वभोजन नाम भएको नरकमा पर्छन्। यसप्रकार यी र अन्य अनेकौं नरक रहेका छन्, जसमा सधैं दुष्कर्ममात्र गरिरहने मनुष्य पर्छन् र त्यहाँ तिनले विभिन्न प्रकारका यातना भोग्छन्।

यी माथि बताइएका अनेकौं पापबाहेक पनि जुन अन्य हजारौं पाप छन्, तिनको फल भोग्नका लागि मनुष्य अलगअलग नरकमा पर्छन्। जुन मनुष्यले आफ्नो कर्म, मन, पचनद्वारा शास्त्रले निर्धारण गरेको धर्म विरुद्ध हुने आचरण गर्छन्, ती सबै नरकमा जान्छन्। अधोमुख नाम भएको नरकमा बस्नेले स्वर्गमा बसेका देवताहरूलाई देख्छन् भने देवताहरूले त्यो नरकमा बसेका जीवलाई देख्छन्। पापी मनुष्य नरकको दुःख भोगिसकेपछि सिलसिलाबद्ध रूपमा स्थावर, कीरा, कमिला, जलचर पक्षी, पशु र धार्मिक भए मुमुक्षु पनि हुन सक्छन्। मुमुक्षुसम्म यिनमा अन्यका तुलनामा पहिलो प्राणी सङ्ख्याका आधारमा हजारौं गुणा धेरै छन्। जति प्राणी स्वर्गलोकमा रहेका छन्, त्यति नै प्राणी नरकमा पनि छन्।

आफूले गरेको पापको प्रायश्चित्त नगर्ने अति पापी मनुष्य नरकमा जान्छन्। अलगअलग पापका लागि जुन प्रायश्चित्तको विधि रहेको छ; तिनका विषयमा महर्षिहरूले शास्त्रका आधारमा बताएका छन्। स्वायम्भुव मनुलगायत स्मृतिका रचनाकारले ठूला पापहरूका लागि ठूलै र सानो पापका लागि सानै प्रायश्चित्त हुने बताएका छन्। तर कर्मस्वरूपी जति पनि प्रायश्चित्तका विधिहरूका विषयमा बताइएको छ; ती सबैमा श्रकृिष्णको स्मरण सबैभन्दा उत्तम रहेको छ। अनायास रूपमा पाप गरेपछि जुन व्यक्तिको मनमा पश्चात्ताप उत्पन्न हुन्छ; त्यसका लागि

श्रीहरिको स्मरण नै सबैभन्दा ठूलो प्रायश्चित्त हुन्छ। बिहानको सन्ध्यामा, साँझको सन्ध्याका समयमा, रात्रिको सन्ध्यामा तथा दिनको सन्ध्याका समयमा भगवान्को स्मरण गर्नाले सबै पाप नष्ट हुन्छन् भने यसरी स्मरण गर्नेले श्रीनारायणलाई अतिसहज रूपमा प्राप्त गर्छ। श्रीविष्णुको सधैँ स्मरण गर्ने व्यक्तिले सबै पाप नष्ट भएपछि मोक्ष पद पाउँछ; जसका लागि स्वर्ग प्राप्ति बाधास्वरूप हो।

जसको मन जप, होम र पूजालगायतका कर्म गर्दाका समयमा श्रीविष्णुमा लागिरहन्छ; त्यसका लागि इन्द्रपदसम्मको प्राप्ति पनि व्यवधानयुक्तै हुन्छ। यसकारण सधैँ श्रीविष्णुको स्मरण गर्नाले सबै पापबाट यथार्थ रूपमा मुक्त भएको मनुष्यले फेरि नरकमा जानु पर्दैन। स्वर्गले मनलाई हर्षित बनाउँछ भने नरकले चिन्तित बनाउँछ। तर पाप र पुण्यको अर्को नाम नरक र स्वर्ग हो। जब एउटै वस्तु सुख, दुःख, रिस र ईर्ष्यासमेतको कारकतत्त्व हुन्छ भने त्यसमा वस्तुता कसरी रहन सक्छ र? किनकि एउटै वस्तु कुनै समयमा धेरै आनन्ददायक हुन्छ भने त्यही वस्तु अर्को समयमा दुःखको कारण बन्छ। त्यही वस्तु कुनै समयमा रिसको कारण पनि बन्छ भने कहिलेकाहीँ प्रीतिदायक पनि बनिदिन्छ।

यसरी विचार गर्दा कुनै वस्तु वा पदार्थ सुखदायक छैन भने दुःखदायक पनि छैन। यो सुख र दुःखको अनुभूति मनको विकारमात्र हो। ज्ञान परब्रह्म भए पनि अविद्याले ढाकिएको ज्ञान बन्धनको कारकतत्त्व बन्न सक्तछ। यो चराचर विश्व ज्ञानबाहेक केही पनि छैन। विद्या र अविद्यालाई पनि ज्ञान नै सम्झनुपर्छ। यसरी मैले तिमीलाई समग्र पृथ्वीलोक, पाताललोक र नरक, समुद्र, पर्वत, द्वीप, वर्ष, नदीहरूका विषयमा सङ्क्षेपमा बताएँ। अब आफूलाई सुन्न मन लागेको कुरा सोध।

मैत्रेयले भने– हजुरले मलाई समग्र भूमण्डलका विषयमा बताइदिनुभयो। अब ममा भूवर्लोकसमेतका सबै लोकमा बारे सुन्ने जिज्ञासा उत्पन्न भएकाले मलाई ग्रहहरूको अवस्था र तिनीहरूको परिमाणका बारेमा यथार्थ रूपमा बताइदिनुस्।

पराशरले भन्नुभयो– सूर्य र चन्द्रमाका किरणले जति टाढासम्म उज्यालो फैलिन्छ; समुद्र, नदी र पर्वतहरूले परिपूर्ण भएको त्यहाँसम्मको स्थानलाई पृथ्वी भनिन्छ। भूर्लोकको क्षेत्रफल पनि पृथ्वी बराबर रहेको छ। पृथ्वीभन्दा एक लाख योजन टाढा सूर्यमण्डल रहेको छ भने सूर्यमण्डलभन्दा एक लाख योजन टाढा चन्द्रमण्डल रहेको छ। चन्द्रमण्डलभन्दा एक लाख योजनमाथि नक्षत्रमण्डल रहेको छ। नक्षत्रमण्डलभन्दा दुई लाख योजनमाथि बुध र बुधभन्दा दुई लाख योजनमाथि

शुक्र, शुक्रभन्दा दुई लाख योजनमाथि मङ्गल, मङ्गलभन्दा दुई लाख योजनमाथि बृहस्पति, बृहस्पतिभन्दा दुई लाख योजनमाथि शनि, शनिभन्दा एक लाख योजनमाथि सप्तर्षिमण्डल, सप्तर्षिमण्डलभन्दा एक लाख योजनमाथि ज्योतिश्चक्रको नाभिस्वरूपी ध्रुवमण्डल रहेको छ। मैले तिमीलाई यी तीनोटै लोकको उचाइका बारेमा विस्तारमा बताइदिएँ भने यी तीनोटै लोक यज्ञको फल भोग गर्ने ठाउँ हुन् र यज्ञको अनुष्ठान गर्ने परम्परा यस भारतवर्षमा मात्र रहेको छ।

त्यो ध्रुवमण्डलभन्दा एक करोड योजनमाथि कल्पकल्पमन्तरसम्म स्थायी रहने भृगुसमेतका सिद्धहरूबस्ने महर्लोक, महर्लोकभन्दा दुई करोड योजनमाथि ब्रह्माका मानस पुत्र सनकलगायत बस्ने जनलोक, जनलोकभन्दा आठ करोड योजनमाथि वैराज नामका देवता बस्ने तपलोक, तपलोकभन्दा बाह्र करोड योजनमाथि ब्रह्मलोक भनिने सत्यलोक रहेको छ। यी पाँचोटाभन्दा पनि जान्न योग्य जुन लोक छ; त्यो भूर्लोकमात्र हो र त्यसका बारेका विस्तारमा बताइसकेँ। मैले पृथ्वी र सूर्यको बीचमा रहेको सिद्ध र मुनिहरू बस्ने दोस्रो भुवर्लोकका विषयमा पनि बताइसकेँ तथा ध्रुव र सूर्यका बीचमा जुन चौध लाख योजन फरक रहेको छ; त्यसैलाई स्वर्गलोक भनिन्छ। भूः, भुवः र स्वः यी तीनोटै लोकलाई कल्पनातीत तथा जन, तप र सत्य यी तीनोटै लोकलाई प्राकृतिक बताइएको छ। यी बनावटी र प्राकृतिकका बीचमा महर्लोक रहेको छ जुन कल्पको अन्तमा जनशून्य भए पनि त्यो नष्ट नहुने भएकाले यसलाई कृतकाकृत भनिन्छ।

यो समग्र ब्रह्माण्ड कैथको बीजजस्तै तलमाथि र चारैतिर अण्डा आकारको कराहीले ढाकिएको छ। यो अण्डा आफूभन्दा दस गुणा धेरै पानीले ढाकिएको छ र त्यसको बाहिरी भाग अग्निले घेरिएको छ। यसैगरी अग्नि वायुबाट, वायु आकाशबाट, आकाश भूतहरूको कारण तामस अहङ्कारबाट ढाकिएको छ भने तामस अहङ्कार बुद्धितत्त्वबाट ढाकिएको छ। यी सातोटै आकार एकभन्दा अर्को दस गुणा ठूला छन्। त्यो बुद्धितत्त्वलाई पनि प्रकृतिले चारैतिरबाट राम्ररी ढाकेको छ। त्यो अनन्त भएकाले त्यसको कहिल्यै विनाश हुँदैन र गणना गर्न सकिने सङ्ख्या पनि छैन। किनकि त्यो अनन्त, असङ्ख्येय, अपरिमेय र चराचर जंगत्को कारण हो र त्यही पराप्रकृति पनि हो। त्यो अण्डाकार वस्तुमा यस्ता करोडौँ ब्रह्माण्ड रहेका छन्। जसरी काठमा आगो र तिलमा तेल व्याप्त रहन्छ; त्यसैगरी

चेतनामा स्वप्रकाशमय पुरुष प्रकृतिमा यथार्थ रूपमा व्याप्त रहेको हुन्छ। एकअर्काका समायोजित अवस्थामा रहेका प्रकृति र पुरुष पनि श्रीविष्णुको योगमायारूपी शक्तिले ढाकिएका छन्। श्रीविष्णुको शक्तिले तिनीहरूलाई प्रलयका समयमा अलगअलग र सृष्टिका समयमा समायोजित गराएको हुन्छ भने सृष्टिको आरम्भमा त्यही वैष्णवी शक्तिले तिनीहरूमा रिसको उत्तेजना उत्पन्न गराइदिन्छ। वायुले पानीको संसर्गका कारणले त्यसका सैकडौँ थोपालाई धारण गरे जस्तैगरी श्रीविष्णुको शक्तिले पनि प्रकृतिपुरुषमय यो चराचर जगत्लाई धारण गरेको हुन्छ। एउटा बीजबाट हाँगाबिँगासम्पन्न रूख उत्पन्न हुन्छ भने त्यसबाट धेरै बीज तथा ती बीजबाट धेरै रूख उत्पन्न हुन्छन्।

त्यसरी उत्पन्न भएका रूखहरू पनि उनीहरूकै लक्षण र कारणसम्पन्न भए जस्तैगरी प्रकृतिबाट बुद्धितत्त्वदेखि पञ्चमहाभूतसम्मका सबै विकार उत्पन्न हुन्छन्। तिनीहरूबाटै देवता, असुरलगायतको उत्पत्ति हुन्छ। आफ्नो बीजबाट अरू रूखहरू उत्पन्न भए तापनि पहिलेको रूखमा कुनै कमी भएको नदेखिएजस्तै एउटा प्राणीबाट अर्को प्राणी उत्पन्न भए पनि त्यसको जन्मदाता प्राणीमा ह्रास आउँदैन। आकाश र समयलगायतको सामीप्यबाट मात्र रूखको कारण बनेजस्तै श्रीविष्णु पनि विनापरिणाम समग्र जगत्को कारण बनिदिनुहुन्छ।

यसरी मैले तिमीलाई ब्रह्माण्डको अवस्थाका बारेमा बताइदिएँ। अब सूर्यसहित ग्रह र तिनीहरूको परिणामसमेतका विषयमा सुन। सूर्यको रथ नौ हजार योजन फैलिएको छ भने त्यो रथको हरिस र रथको बीच भाग त्योभन्दा दुई गुणा ठूलो छ। त्यसको आग्लो एक करोड सन्ताउन्न लाख योजन लामो छ; जसमा त्यो रथको दुईतिरका पाङ्ग्रा अडिन्छन्। त्यसका पूर्वाह्न, मध्याह्न र अपराह्न तीनोटा नाभि, पूरा एक वर्ष त्यसका पाँच आग्ला र छ ऋतु त्यसका छओटा नेमि रहेका छन्; यसरी अक्षयस्वरूप संवत्सरात्मक त्यस चक्रमा समग्र समयचक्र रहेको छ। सूर्यको रथको अर्को धुर पैँतालीस हजार योजन लामो छ; दुइटै धुर बराबर त्यसको जुवा छ। यसभन्दा सानो धुर त्यो रथको एउटा जुवासहित ध्रुवको आधारमा रहेको छ र दोस्रो धुरको चक्का मानसोत्तर पर्वतमा रहेको छ। सूर्यको त्यो रथमा सातोटा घोडाका रूपमा गायत्री, बृहती, उष्णिक्, जगती, त्रिष्टुप्, अनुष्टुप् र पङ्क्ति यी सातोटै छन्द रहेका छन्।

यो मानसोत्तर पर्वतको पूर्वमा इन्द्रको, दक्षिणमा यमराजको, पश्चिममा वरुणको र उत्तरमा चन्द्रमाको नगर छ। अब यी चारोटै नगरको नामका विषयमा विस्तारमा सुन। तिनीहरूमध्ये इन्द्रको नगरको नाम वस्वौकसारा, यमको नगरको नाम संयमनी, वरुणको नगरको नाम सुखा र चन्द्रमाको नगरको नाम विभावरी हो। ज्योतिचक्रसहित सूर्य दक्षिण शिमामा निस्किएर कमानबाट निस्किएको बाणजस्तै तीव्रगतिमा हिँड्छन् भने उनी दिन र रातको व्यवस्थाको कारणतत्त्व हुन्। उनी सबै पाप र रागविहीन भएका सिद्ध पुरुषका लागि सर्वोत्तम देवयान मार्ग हुन्। जुन द्वीप वा खण्डमा सूर्य मध्याह्नका समयमा अगागि रहन्छन्, त्यसको समानान्तर रेखाको विपरीत दिशामा रहेको द्वीपमा मध्यरातको समय पर्छ। उनको उदय र अस्त पनि एकअर्काको अगाडि हुन्छ। जुनसुकै स्थानमा रहेकाले रात्रि सकिएपछि जुन स्थानमा सूर्यलाई देख्छन्, तिनीहरूका लागि सूर्योदय भएको हुन्छ र जुन ठाउँमा दिनको अन्तमा सूर्य अदृश्य हुन्छन्, त्यसैलाई सूर्यास्त भनिन्छ।

यथार्थका सूर्यको उदय र अस्त कहिल्यै हुँदैन भने उनलाई देख्नु र नदेख्नुलाई उदाएको र अस्ताएको भनिन्छ। मध्याह्नको समयमा इन्द्रलगायतमध्ये कसैको नगरमा उदय हुँदै सूर्यले अगलबगलका दुई नगरसहित दुई कोणलाई प्रकाशमय बनाउँछन् भने अग्निसहितका कोणमध्ये कुनै एक कोणमा प्रकाशमय भएमा तीन कोण र दुई नगरलाई प्रकाशमय बनाउँछन्। सूर्य उदाएपछि आफ्ना वृद्धिस्तरमा रहेका किरणहरूले मध्याह्नसम्म धेरै तातो हुन्छन् भने त्यसपछि तापक्रम घट्दै गएका आफ्ना किरणहरूसँगै अस्त हुन्छन्। सूर्यको उदय र अस्त हुनेभएकाले पूर्व र पश्चिम दिशाको व्यवस्था भएको हो। यथार्थमा सूर्यले पूर्व दिशामा आफ्नो प्रकाश फैलाए जस्तैगरी पश्चिम दिशा तथा उत्तर र दक्षिणमा पनि आफ्नो प्रकाश फैलाएका हुन्छन्। सूर्यले देव पर्वत र सुमेरु पर्वतभन्दा माथि रहेको ब्रह्माको सभाबाहेक अन्य सबै ठाउँलाई प्रकाशमय बनाउँछन्। ब्रह्माको सभामा प्रवेश गरेका सूर्यका किरणहरू ब्रह्माको तेजले शक्तिविहीन भएर जताबाट आएको हो त्यतै फर्किन्छन्। सुमेरु पर्वत सबै द्वीप र वर्षहरूको उत्तर दिशामा रहेको हुनाले सुमेरु पर्वतको उत्तर भागमा सधैँ एकातिर दिन र अर्कोतिर रात हुन्छ। रात्रिमा सूर्य अस्ताएपछि उनको तेज अग्निमा पस्ने भएकाले त्यस समयमा अग्निमा दिनमा नभएको प्रकाश रातका समयमा सूर्यबाट प्राप्त हुन्छ। यसरी दिनको समयमा

अग्निमा रहेको प्रकाशशक्तिले सूर्यमा प्रवेश गर्ने भएकाले दिउँसो सूर्य अतितेजिला किरणहरूसहित उदाउँछन्।

यसप्रकारले सूर्य र अग्निमा रहेको प्रकाशमय शक्ति र तातोपनसम्पन्न तेज एकआपसमा समायोजित भएर दिन तथा रातका समयमा बढिरहेका हुन्छन्। सुमेरु पर्वतको दक्षिणी र उत्तरी भूम्यर्द्धमा सूर्य प्रकाशमय भएपछि अन्धकारसम्पन्न रात र उज्यालो दिन दुवै सिलसिलाबद्ध रूपमा पानीमा विलीन हुन्छन्। दिनको समय रात्रिको जलमा प्रवेश गरेपछि पानी केही ताम्रवर्ण देखिन्छ; तर सूर्य अस्ताएपछि त्यसमा दिनले प्रवेश गर्ने भएकाले रात्रिका समयमा पानी सेतो रङको देखिन्छ। जुन समयमा सूर्य पुष्कर द्वीपको बीचमा पुग्छन्, त्यस समयमा सूर्यले पृथ्वीको तीसौँ भाग पार गरिसकेका हुन्छन् भने त्यसलाई उनको गतिको एक मुहूर्त भनिन्छ। कुमालेको चक्रजस्तै घुमिरहेका जीवहरूको गतिका समान भ्रमण गरिरहेका सूर्यले चौबीस घण्टाको समयमा पृथ्वीको तीसौँ भाग पार गर्छन्।

उत्तरायणको आरम्भमा सूर्यले सबैभन्दा पहिले मकर राशिमा प्रवेश गरेर एक राशिबाट अर्को राशिमा सर्ने क्रममा कुम्भ राशिमा जान्छन् र अन्तमा मीन राशिमा पुग्छन्। यसरी तीनोटा राशि भोग गरेपछि सूर्य दिन र रात बराबर बनाउँदै भूमध्य रेखामा पुग्छन्। यसपछि रात लामा र दिन छोटा हुन थाल्छन् तथा मेष र वृष राशि पार गरेर मिथुन राशिको अन्तमा उत्तरायणको अन्तिम सीमामा पुगेपछि सूर्यले कर्कट राशिमा गएर दक्षिणायनको यात्रा आरम्भ गर्छन्। त्यस समयमा सूर्य कुमालेको चक्रमा रहेको जीव छिटोछिटो घुमेजस्तै दक्षिणायनको यात्रा समाप्त गर्नका लागि तीव्रगतिमा दोडन्छन्। यसरी अतितीव्रगतिमा दोडँदै सूर्यले आफ्नो उत्तम मार्ग पनि थोरै समयमा पार गर्छन्। सूर्यले दक्षिणायनमा दिनमा शीघ्रतापूर्वक दोडँदै साढे तेह्रोटा नक्षत्रलाई बाह्र मुहूर्तमा पार गर्छन् भने अतिमन्द गति भएकाले उनलाई रात्रिका समयमा त्यति नै नक्षत्र पार गर्न आठ मुहूर्त लाग्छ। कुमाले चक्रको बीचमा रहेको जीन विस्तारै घुमेजस्तै उत्तरायणमा सूर्यले थोरै मार्ग पार गर्न धेरै समय लगाउने भएकाले उत्तरायणको अन्तिम दिन आठ मुहूर्तको हुन्छ। उनले नक्षत्र र राशिमण्डका साढे तेह्रोटा नक्षत्रलाई एक दिनमा पार गर्छन् भने रात्रिका समयमा त्यति नै नक्षत्र पार गर्न उनलाई बाह्र मुहूर्तमात्र लाग्छ।

यसकारण मादलमा चक्र विस्तारै घुम्दा चक्कामा राखेको माटोको डल्लो

पनि विस्तारै घुमेजस्तै नक्षत्र र राशिका बीचमा रहेका ध्रुव पनि विस्तारै घुमिरहेक हुन्छन्। कुमालेको चक्रको मादल आफ्नो ठाउँमा मात्र घुमेजस्तै ध्रुव पनि आफ्नै ठाउँमा मात्र घुमिरहेको हुन्छ। यसरी उत्तर र दक्षिण दुवै सीमामा गोलाकार रूपम भ्रमण गर्दा सूर्यको गति दिन वा रातमा मन्द र तीव्र भइरहेको हुन्छ। जुन अयनम दिनका समयमा सूर्यको गति मन्द हुन्छ; त्यस अयनमा रात्रिमा उनको गति तीव्र हुन्छ र रातको गति मन्द हुँदा दिनको गति तीव्र हुन्छ। यी सूर्यले सधैँ प्रायः एकैप्रकारक मार्ग पार गर्ने भएकाले दिनरातमा हुने चौबीस घण्टाको समयमा सबै राशि भोग गर्छन्। सूर्यले दिनमा छओटा र रातमा छओटा राशि भोग गर्ने भएकाले दिन छोटे र लामो हुने राशिकै परिणाम हो भने रात्रि बढ्ने र घट्ने कारण पनि राशि नै हुन्

दक्षिणायनमा सूर्य गति दिनमा तीव्र र रातमा मन्द हुन्छ। रातको समयला उषा र दिनको समयलाई प्रभात भनिन्छ। उषा र प्रभातको बीचको समयला सन्ध्याकाल भनिन्छ। त्यो अतिडरलाग्दो सन्ध्याकाल भएपछि मन्देह नाम भएक राक्षसहरूले सूर्यलाई खान खोज्छन्। ती राक्षसहरूलाई ब्रह्माले दिएको श्रापअनुसा उनीहरूको शरीर कहिल्यै नाश नभए तापनि दिनदिनै मृत्यु भइरहेको हुन्छ। यसै सन्ध्याको समयमा ती मन्देह नाम भएका राक्षसहरूसँग सूर्यको भयानक युद्ध हुन्छ तथा त्यस समयमा अतिउत्तम ब्राह्मणहरूले ॐकारसम्पन्न गायत्रीमन्त्रद्वार अभिमन्त्रित गरिएको जल सूर्यलाई चढाउँदा वज्रको जस्तै शक्ति भएको त्यो जलक छिटा पर्नेबित्तिकै ती धेरै पापी राक्षसहरू भस्म हुन्छन्। अग्निहोत्रमा सूर्यो ज्योति भन्ने मन्त्र उच्चारण गरेर जुन पहिलो आहुति दिइन्छ; त्यसबाट सूर्य धेरै चम्किल हुन्छन्। ॐकारस्वरूपी जाग्रतावस्था, सुषुप्तावस्था, स्वप्नावस्था र सबै वचनक अधिपति श्रीविष्णु हुनुभएकाले त्यसको उच्चारण गरेपछि सबै राक्षसहरूक विनाश हुन्छ। सूर्य श्रीविष्णुका विकाररहित ज्योतिस्वरूप अतिउत्तम अंश हुन् भने ॐकार सूर्यको वाचक भएकाले त्यसले ती राक्षसहरूको वध गर्न अभिप्रेरित गर्छ। त्यस ॐकारको प्रेरणाले गर्दा अतिउज्यालो भएर त्यो ज्योतिले मन्देह नाम भएक सबै राक्षसलाई भस्म बनाइदिन्छ।

यसकारण संन्ध्योपासना कर्म जस्तासुकै अवस्थामा पनि त्याग्नु हुँदैन। जसले सन्ध्योपासना गर्दैन त्यसले सूर्यलाई घात गर्छ। ती राक्षसहरूको विनाशपछि सूर्य संसारको पालन गर्नका लागि धेरै उत्साहित हुँदै बाखिल्यसहितका ब्राह्मणबाट

अभिरक्षित भएर अगाडि बढ्छन्। पन्ध्र निमेषको एक काष्ठा हुन्छ भने तीस काष्ठाको एक कला हुन्छ। तीस कलाको एक मुहूर्त हुन्छ भने तीस मुहूर्तको एक दिन र रात हुन्छ। प्रातःकाल, मध्याह्नकालसमेत दिनका भागहरूका कारण दिन लामो र छोटो हुने भए तापनि दिन लामो वा छोटो हुँदा पनि सन्ध्याकाल सधैँ एक मुहूर्तको मात्र हुन्छ । उदयकालबाट आरम्भ गरेर सूर्यको गतिको तीन मुहूर्तको समयलाई प्रातःकाल भनिन्छ; त्यो समयको पाँचौँ भाग हो। त्यो प्रातःकालबाट आरम्भ गरेर त्यसको तीन मुहूर्तसम्मको समयलाई सङ्गवकाल भनिन्छ; सङ्गवकालबाट आरम्भ गरेर तीन मुहूर्तको समयलाई मध्याह्न भनिन्छ भने मध्याह्नकालपछिको समयलाई अपराह्न भनिन्छ। विद्वान्हरूले यो समयमो भाग पनि तीन मुहूर्तकै हुने बताएका छन्। अपराह्नपछि सायाह्न साँझको समय, सूर्योदयदेखि सूर्यास्तसम्मको घडी, पलालाई पाँचले भाग गर्दा निस्कने पाँचौँ भागको समय आउँछ। दिनमा पन्ध्र मुहूर्त र दिनको प्रत्येक भागमा तीन मुहूर्त हुन्छ। वैषुवत् दिन पन्ध्र मुहूर्तको हुन्छ भने उत्तरायण र दक्षिणायनमा सिलसिलाबद्ध रूपमा त्यो घट्ने र बढ्ने हुन थाल्छ। यस क्रममा सूर्य उत्तरायण भएको समयमा दिनले रात घटाउँछ भने दक्षिणायन भएको समयमा रातले दिन घटाउँछ। शरद् ऋतु र वसन्त ऋतुको बीचको समयमा सूर्य तुला वा मेष राशिमा गएपछि विपुष हुने भएकाले त्यस समयमा दिन र रात बराबर हुन्छ। सूर्य कर्कट राशिमा गएपछि दक्षिणायन र मकर राशिमा गएपछि उत्तरायण आरम्भ हुन्छ।

यसभन्दा पहिले मैले जुन तीस मुहूर्तको एक दिन र एक रात हुने बताएको थिएँ, त्यस्ता पन्ध्र दिन र पन्ध्र रातको एक पक्ष हुन्छ भने दुई पक्षको एक महिना हुन्छ तथा दुई सौरमास अर्थात् ज्योतिशास्त्रअनुसार सङ्क्रान्तिदेखि महिनाको आखिरी दिनसम्मको कालको घडीपलाको एक ऋतु र तीन ऋतुको एक अयन हुन्छ भने दुई अयनको एक वर्ष हुन्छ। सौरमास, तीस दिन गणना गरेर मानिने महिना सावनमास, चन्द्रमाले पृथ्वी परिक्रमा गर्दा लाग्ने समय चान्द्रमास र जति दिनमा सत्ताईस नक्षत्रमा चन्द्रमा एकपटक घुम्छन्, त्यति समयलाई नक्षत्रमास भनिन्छ; नक्षत्रमासमा सत्ताईस दिनको महिना हुन्छ। यी चार प्रकारका मासअनुसार संवत्सरसहित पाँच प्रकारका वर्षको कल्पना भएको हुन्छ। यसैलाई मलमाससमेत सबै किसिमका काल निर्णयको आधार मानिन्छ। तिनीहरूमध्ये

विक्रमादित्य, शालिवाहनलगायतका राजाले आआफ्नो नामबाट चलाएको वर्ष जस्तै– विक्रमसंवत्सर, शालिवाहन संवत्सरसमेत, दोस्रो परिवत्सरवा पूरा एक वर्ष, तेस्रो इद्वत्सर, चौथो अनुवत्सर र पाँचौँ वत्सर हो भने यो समय युगका नामले प्रख्यात छ। श्वेतवर्षको उत्तरतिर जुन शृङ्गवान् नाम भएको पर्वत छ; त्यसका तीनोटा चुचुरा रहेकाले यसलाई शृङ्गवान् भनिएको हो। तिनीहरूमध्ये एउटा चुचुरो उत्तरमा, एउटा दक्षिणमा र एउटा बीचमा रहेको छ भने त्यो बीचमा रहेको चुचुरोलाई वैषुवत् चुचुरो भनिन्छ। शरद् र पसन्त ऋतुका बीचको समयमा सूर्य यो वैषुवत् चुचुरोमा आउँछन्। यसैले मेष र तुला राशिको आरम्भमा धेरै अन्धकार हुनेभएंकाले सूर्यले त्यही वैषुवत् चुचुरोमा बसेर दिन र रातलाई बराबर बनाइदिन्छन्। त्यस समयमा दिन र रात पन्ध्रपन्ध्र मुहूर्तका हुन्छन्।

जुन समयमा सूर्य मेषराशिको अन्तमा तथा चन्द्रमा वृश्चिकराशिको आरम्भमा रहन्छन् अथवा जुन समयमा सूर्य तुलाराशिको अन्तिम अंशमा रहेका हुन्छन् र चन्द्रमा मेषराशिको अन्तमा पुग्छन्, त्यस समयलाई विषुव नाम भएको पवित्र काल वा समय भनिन्छ। त्यो पवित्र समयमा आफ्नो चित्तलाई नियन्त्रणमा राखेर देवता, ब्राह्मण र पितृहरूलाई दान दिनेलगायतको कर्म गर्नुपर्छ। यस्तो समयमा गरिएको दानग्रहण गर्नका लागि देवताहरूले मुख खोलिरहेका हुन्छन्, यसकारण विपुष समयमा दान दिने मनुष्य कृतकृत्य हुन्छ। यज्ञसहितका कर्म गर्नका लागि दिन, रात, पक्ष, काल, काष्ठा र क्षणलगायतका लागि उचित समयको ज्ञान हुन आवश्यक हुन्छ। चन्द्रमा पूर्णको पूर्णिमालाई राका र एउटा कलाविहीन चन्द्रमा भएको पूर्णिमालाई अनुमति भनिने हुदाँ पूर्णिमा दुई प्रकारका हुन्छन्। चन्द्रमा देखिने औँसीलाई सिनीवाली र चन्द्रमा नदेखिने औँसीलाई कुहू भनिने भएकाले औँसी पनि दुई प्रकारकै हुन्छन्। माघ, फल्गुण, चैत्र, वैशाख, जेठ र असार यी छ महिनालाई उत्तरायण र श्रावण, भाद्र, आश्विन, कार्तिक, मङ्सिर र पौष यी छ महिनालाई दक्षिणायन भनिन्छ।

मैले तिमीलाई जुन लोकालोक पर्वतका बारेमा बताएको थिएँ, त्यसैमा अतितपस्वी चारोटा लोकपाल बसेका छन्। त्यो लोकालोक पर्वतको चार दिशामा रिस, राग, अहङ्कार, तन्द्रा, आलस्य जस्ता विकार यथार्थ रूपमा परित्याग गरेर सन्न्यासी भएका कर्दम ऋषिका पुत्र सुधामा, शङ्खपाद, हिरण्यरोमा केतुमान्

नाम भएका लोकपाल बस्छन् । ती ऋषिहरूले अग्निहोत्री भएर ब्रह्माको स्तुति गर्दै यज्ञका लागि प्रयत्नशील हुँदै कर्म आरम्भ गरेका थिए भने यो पितृयान उनीहरूको दक्षिणमार्ग हो । तिनीहरूले युगयुगान्तरमा समाप्त भएको वैदिक धर्मको सन्तान, तपस्या, मर्यादा र विभिशास्त्रका माध्यमद्वारा फेरि स्थाना गर्छन् । पूर्वकालीन धर्मको स्थापना र प्रचार गर्नेहरू नै आफूभन्दा पछिका सन्तानका घरमा उत्पन्न हुन्छन् भने उत्तरकालीन धर्मप्रचारकहरूले आफ्ना घरमा सन्ताका रूपमा उत्पन्न भएका आफ्ना पितृहरूका कुलमा जन्म लिन्छन् । यसरी ती धेरै तपस्वी महर्षिले चन्द्रमा र तारा रहेसम्म सूर्यको दक्षिणमार्गमा पटकपटक आउने र जाने गरिरहन्छन् । नागविथिको उत्तर र सप्तर्षिहरूको दक्षिणमा जुन सूर्यको उत्तरीमार्ग छ; त्यसलाई देवयानमार्ग भनिन्छ । सूर्यको उत्तरायण मार्गमा इन्द्रियहरूलाई यथार्थ रूपमा आफ्नो वशमा राख्न सफल ब्रह्मचारीहरू बस्ने भएकाले उनीहरूले सन्तानको चाहना राख्दैनन् ।

यसकारण उनीहरूले मृत्युमाथि विजय प्राप्त गरिसकेका छन् । सूर्यको उत्तरीमार्गका प्रलय नभएसम्म असी हजार ऊर्ध्वरेता मुनि बस्छन् । ती सबै मुनिले लोभ, मैथुन, इच्छा, द्वेष, कर्मको अनुष्ठान, शब्दसहित विषयहरू यथार्थ रूपमा परित्याग गरेर अमरत्व प्राप्त गरेका छन् । प्रलयका समयमा पनि विनाश नहुनु अमरत्व हो भने त्रिलोक रहँदासम्म काललाई पुनर्मृत्युरहित बताइएको छ । ब्रह्महत्याको पाप र अश्वमेध यज्ञको फल प्रलय नभएसम्म रहने बताइएको छ । प्रलयका समयमा पृथ्वीदेखि ध्रुव रहेको ठाउँसम्मका सबै स्थान नष्ट हुँदैन । सप्तर्षिभन्दा माथि उत्तरदिशामा जहाँ ध्रुव रहेका छन्, त्यो अतिचम्किलो स्थान श्रीविष्णुको दोस्रो दिव्यस्थान हो । पाप र पुण्य यथार्थ रूपमा नष्ट भएर दोषरूपी हिलोरहित भएका योगीले यही परमपद प्राप्त गर्छन् । पाप र पुण्य यथार्थ रूपमा नष्ट भएकाले अर्को शरीर प्राप्त गराउने कारण नभएका जीवले फेरि कहिल्यै शोक गर्नु नपर्ने श्रीविष्णुको त्यही परमपद हो ।

जसमा यो भूत, भविष्य, वर्तमान, चराचर जगत् यथार्थ रूपमा व्याप्त भएर रहेको छ; त्यही श्रीविष्णुको परमपद हो । श्रीविष्णुको त्यो परमपदमा सबैका आराधनास्वरूपी परम तेजस्वी ध्रुव रहेका छन् भने ध्रुवमा सबै नक्षत्र र नक्षत्रमा मेघ तथा मेघमा वृष्टि आश्रित रहेको छ । त्यो वृष्टिबाट चराचर जगत्

र देवताहरूको पोषण हुन्छ भने गाईसहितका प्राणीबाट उत्पन्न घिउको आहुतिले पुष्ट भएका अग्नि वृष्टिको कारण बनेर प्राणीमात्रको पोषणको कारकतत्त्व बन्छन् । यसरी ध्रुव रहेको स्थान श्रीविष्णुको तेस्रो निर्मल स्थान हो भने त्यही तीनोटै लोकको परम आधारस्वरूप र वर्षालगायतको कारकतत्त्व पनि हो। श्रीविष्णुको परमपदबाट देववधूहरूको अङ्गमा लगाएको सुगन्धित लेपको रागबाट फिका पहेँलो वर्ण भएकी पापनाशिनी गङ्गा उत्पन्न भइन्। श्रीविष्णुको बूढी औँलाको चेपबाट निस्केकी गङ्गालाई ध्रुवले सधैँ आफ्नो सिरमा धारण गर्छन् भने जुन गङ्गाको पानीमा उभिएर सप्तर्षिले सन्ध्या गर्दा पढिने मन्त्र जप्छन् र जसको जलधारा चम्किलो हुन्छ; ती गङ्गा चन्द्रमण्डलबाट निस्किएर सुमेरु पर्वतमा झरेर समग्र जगत्लाई पवित्र बनाउँनका लागि त्यो पर्वतको चारैतिर बग्छिन्।

यसरी ती एउटी चारैतिर बगेकी हुनाले सीता, अलकनन्दा, चक्षु र भद्राका नामले चार भागमा विभाजित भइन्। जसको अलकनन्दा नामले प्रसिद्ध भएको दक्षिणी भागलाई शिवले सय वर्षभन्दा धेरै समयसम्म आफ्नो शिरमा धारण गर्नुभएको थियो र तिनै गङ्गाले शिवको जटाबाट निस्किएर राजा सगरका अतिपापी पुत्रहरूको अस्थिचूर्णलाई डुबाएर स्वर्गमा पुऱ्याइदिइन्। यसरी गङ्गाको पानीमा स्नान गर्नाले मनुष्यका सबै पाप नष्ट हुन्छन्।

आकाशमा श्रीविष्णुको सौँस जातको माछाको आकृति भएको तारामय स्वरूप देखिन्छ; त्यसको पुच्छरमा ध्रुव रहेका छन्। ती ध्रुवल् आफैँ घुम्दै चन्द्रमा, सूर्यसहितका ग्रहहरूलाई घुमाउँछन्। ती घुमिरहेका ध्रुवससँगै नक्षत्रहरू पनि चक्र जस्तैगरी घुमिरहेका हुन्छन्। सूर्य, चन्द्रमा, तारा, सबै ग्रह र ताराहरू ध्रुवसँग वायुमण्डलरूपी डोरीले बाँधिएर रहेका छन्। मैले तिमीलाई आकाशमा ग्रहहरूसँग रहेको जुन सौँस जातको माछाको आकारको ताराका बारेमा बताएको थिएँ, श्रीविष्णु त्यसको हृदयमा आधारका रूपमा रहनुभएको छ। राजा उत्तानपादका पुत्र ध्रुवले श्रीविष्णुको अतिकठोर तपस्या गरेर त्यो तारामय शिशुमारको पुच्छमाथिको ठाउँ पाएका हुन्। त्यो शिशुमारको आधार श्रीविष्णु हुनुहुन्छ भने ध्रुवको आधार शिशुमार हो तथा सूर्यको आधार ध्रुव हुन्।

अब म तिमीलाई सूर्यको आधारमा आश्रित रहेका देवता, असुर, मनुष्यलगायत यो चराचर जगत्का विषयमा बताउँछु। सूर्यले आठ महिनासम्म

रसरूपी पानी ग्रहण गरेर चार महिनामा त्यो पानी वर्साइदिन्छन् र त्यो पानीबाट अन्न उत्पन्न हुन्छ भने अन्नबाट समग्र जगत् पोषित हुन्छ। सूर्यले आफ्ना तीक्ष्ण किरणद्वारा संसारको पानी ग्रहण गरेर चन्द्रमालाई पुष्ट बनाइदिन्छन् र चद्रमाले वायुमयी नाडीद्वारा त्यो पानी धूम, अग्नि र वायुमय मेघमा पुऱ्याइदिन्छन्। चन्द्रमाद्वारा प्राप्त पानीसम्पन्न बादलबाट चाँडै वर्षा नहुने भएकाले बादललाई अभ्र भनिन्छ। अभ्रमा रहेको पानी वायुको प्रेरणाले कालजनित संस्कार पाएपछि अतिनिर्मल भएर पृथ्वीमा पर्छ। सूर्यले नदी, समुद्र, पृथ्वी र प्राणीमात्रबाट उत्पन्न पानीलाई आफ्नो किरणले तान्छन् भने उनले आकाशगङ्गाको पानी आफ्ना किरणले ग्रहण गरेर त्यो पानी आकाशमा बादल नभएकै समयमा चाँडै पृथ्वीमा बर्साइदिन्छन्।

त्यसरी बादल नलागी बर्सिएको पानीको स्पर्शमात्र गर्दा पनि सबै पाप नष्ट हुन्छन् भने पाप नष्ट भएको मनुष्य नरकमा जाँदैन। यसैले त्यसलाई दिव्यस्नान भनिन्छ। घाम लागिरहेको समयमा बादल नलागी जुन पानी बर्सन्छ; त्यो आकाशगङ्गाकै पानी हो। कृतिकासहितका विषम नक्षत्रहरूमा आकाशमा सूर्य देखिएकै समयमा जुन पानी बर्सिन्छ; त्यो आकाशगङ्गाको पानी दिग्गजहरूले बर्साएको हुन्छ भने रोहिणीसहितका सम सङ्ख्या भएका नक्षत्रहरूमा जुन पानी बर्सिन्छ; त्यो सूर्यका किरणले आकाशगङ्गाबाट तानेर पृथ्वीमा वर्षाएको हो। यसरी बर्साएको आकाशगङ्गाको पानी पवित्र र मनुष्यको पापरूपी भय नष्ट गराउने शक्तिसम्पन्न हुन्छ। जुन पानी बादलद्वारा बर्सिएको हुन्छ; त्यो प्राणीको जीवनका लागि अमृत सममान हुन्छ भने त्यसले औषधिहरूको पोषण गर्छ। त्यो वर्षाको पानीबाट धेरै फष्टाएका औषधी र फल पाकेपछि गहुँ, जौसमेत प्राणीको पोषणको साधन बन्छन्। ती अन्नबाट शास्त्रका ज्ञाता विद्वान्ले सधैँ शास्त्रले निर्धारण गरेको यज्ञ गर्छन् भने ती यज्ञले देवताहरूलाई तृप्त गराउँछन्। यसरी यज्ञ, वेद, ब्राह्मणसहितका वर्ण, सबै देवता र प्राणी वर्षाकै आश्रयमा रहेका हुन्छन्। जुन वर्षाबाट अन्न उत्पन्न भएको हुन्छ; त्यही वर्षाले यी सबैलाई धारण गर्छ।

उत्तरायणमा प्रत्येक दिन एकटा मण्डलमा प्रवेश गरेपछि सूर्यको रथको माथितिर चढ्ने क्रम आरम्भ हुन्छ र दक्षिणायनमा तिनै मण्डलहरूमा प्रतिलोम भावबाट उल्टो भएर जब सूर्यका रथको प्रवेश हुन्छ, त्यसलाई तल झर्नु भनिन्छ।

यस प्रकार उत्तर र दक्षिण दुवै दिशाहरूको मध्यमा आरोहण एवं अवरोहण गर्ने क्रममा सूर्यको एक वर्षमा जुन गति हुन्छ त्यसमा सबैको समायोजन गर्दा एक सय असी मण्डल हुन्छ। सूर्यको रथमा प्रत्येक महिनामा अलगअलग आदित्य, ऋषि, गन्धर्व, अप्सरा, यक्ष, सर्प र राक्षसगणहरू बसेका हुन्छन्। मधुमास, चैत्रको महिनामा सूर्यको रथमा सधैँ धाता नाम भएका सूर्य, क्रतुस्थला, पुलस्थला, पुलस्त्य वासुकि, यक्ष, राक्षस र तुम्बुरु नाम भएका गन्धर्व यी सात महिनाका आधिकारिक गणहरू हुन् भने अर्यमा नाम भएका आदित्य, पुलह ऋषि, रथौजा यक्ष, पुञ्जिकस्थला अप्सरा, प्रहेति नाम भएको राक्षस, कच्छनीर सर्प र नारद यी सात वैशाख महिनामा सूर्यको रथमा अवस्थित रहेका हुन्छन् तथा सूर्यको रथमा ज्येष्ठ महिनामा निवास गर्नेहरूको नामका विषयमा पनि तिमी ध्यानपूर्वक सुन। त्यस समयमा मित्र नाम भएका आदित्य, अत्रि ऋषि, तक्षक नाग, पौरुषेय राक्षस, मेनका नाम भएकी अप्सरा, हाहा नाम भएको गन्धर्व, रथस्वन नाम भएको यक्ष यी सबै ज्येष्ठ महिनामा सूर्यको रथमा रहन्छन्। वरुण नाम भएका आदित्य, वशिष्ठ ऋषि, नाग, सहजन्या नाम भएकी अप्सरा, हुहू नामभएको गन्धर्व, रथ नाम भएको राक्षस र चित्ररथ नाम भएको गन्धर्व यी सबैले आषाढ महिनामा सूर्यको रथमा निवास गर्दछन्। इन्द्र नाम भएका आदित्य, विश्वावसु नाम भएको गन्धर्व, स्रोत नाम भएको यक्ष, एलापत्र सर्प, अङ्गिरा ऋषि, प्रम्लोचा नाम भएकी अप्सरा र सर्प नाम भएको राक्षस यी सबैले श्रावण महिनामा सूर्यको रथमा निवास गर्दछन्।

यसैगरी भाद्र महिनामा विवश्वान् नाम भएका आदित्य, उग्रसेन नाम भएका गन्धर्व, भृगु नाम भएका ऋषि, आपूरण नाम भएको यक्ष, अनुम्लोचा नाम भएकी अप्सरा, शङ्खपाल नाम भएको सर्प र व्याघ्र नाम भएको राक्षसले सूर्यको रथमा निवास गर्दछन् भने आश्विन महिनामा सूर्यका रथमा पूषा नाम भएका आदित्य, सरुचि नाम भएको गन्धर्व, वात नाम भएको राक्षस, गौतम ऋषि, धनञ्जय नाम भएको सर्प, सुषेण नाम भएको गन्धर्व र घृताची नाम भएकी अप्सराले निवास गर्दछन् तथा कार्तिक महिनामा विश्वावसु नाम भएको गन्धर्व, भरद्वाज ऋषि, पर्जन्य नाम भएका आदित्य, ऐरावत सर्प, विश्वाची नाम भएकी अप्सरा, सेनजीत् नाम भएको यक्ष र चाम नामको राक्षसले सूर्यको रथमा निवास गर्दछन्। मङ्सिर महिनामा अंशु नाम भएका आदित्य, काश्यप ऋषि, तार्क्ष्य नाम भएकी

अप्सरा, चित्रसेन नाम भएको गन्धर्व र विद्युत् नाम भएको राक्षस सूर्यको रथमा रहेका हुन्छन्। पौष महिनामा क्रतु नाम भएका ऋषि, भग नाम भएका आदित्य, उर्णायु नाम भएको गन्धर्व, स्फूर्ज नाम भएको राक्षस, कर्कोटक नाम भएको नाग, अरिष्टनेमि नाम भएको यक्ष र पूर्वचित्ति नाम भएकी अप्सरा सूर्यको रथमा रहेका हुन्छन्। माघ महिनामा त्वष्ध्य नाम भएका आदित्य, जमदग्नि ऋषि, कम्बल नाम भएको सर्प, तिलोत्तमा नाम भएकी अप्सरा, ब्रह्मापेत नाम भएको राक्षस, ऋतजित् नाम भएको यक्ष, धृतराष्ट्र नामको गन्धर्वले सूर्यको रथमा निवास गर्दछन्।

यसैगरी फाल्गुण महिनामा सूर्यको रथमा विष्णु नाम भएका आदित्य, अश्वतर नाम भएको सर्प, रम्भा नाम भएकी अप्सरा, सूर्यवर्चा नाम भएको गन्धर्व, सत्यजित्, यक्ष र विश्वाभित्र ऋषि तथा यज्ञापेत नाम भएको राक्षस रहेका हुन्छन्। श्रीविष्णुको शक्ति प्राप्त गरेर शक्तिसम्पन्न भएका यी सात-सात गणले एक-एक महिनासम्म सूर्यमण्डलमा बस्छन्। मुनिहरूले सूर्यको स्तुति गर्दछन्, गन्धर्वहरूले उनका अगाडि बसेर किर्तन गर्दछन्, अप्सराहरूले नृत्य गर्दछन्, राक्षसहरू सूर्यका पछाडिपछाडि हिँड्दछन्, सर्पहरूले वहन गर्नका लागि रथ तयार गर्दछन्, यक्षहरूले रथका किरणहरूको संयोजन गर्दछन् तथा नित्यसेवकका रूपमा रहेका बालखिल्य ऋषिहरू सूर्यका चारैतिर रहेर उनलाई मध्यभागमा राख्दछन्। यी सातोटै गण आआफ्नो समयमा सूर्यको रथमा उपस्थित भएर शीत, तातोपन र जल बर्साउनमा कारकतत्त्व बन्दछन्।

मैत्रेयले भने— सूर्यमण्डलमा अवस्थित रहेका सात प्रकारका गणहरू शीत र गर्मीका कारकतत्त्व हुन्, यो हजुरले बताएको मैले सुनें। हजुरले सूर्यका रथमा रहेका श्रीविष्णुको शक्तिसम्पन्न गन्धर्व, सर्प, राक्षस, बालखिल्य, ऋषि, अप्सरा र यक्षहरूको अलगअलग कार्यका विषयमा बताइदिनुभयो। तर तिनीहरूका विषयमा पूर्ण रूपमा बताइदिनु भए तापनि हजुरले सूर्यको कार्यका सम्बन्धमा केही पनि बताइदिनु भएन। यदि सूर्यमण्डलमा अवस्थित सातओटै गणहरूले जाडो, गर्मी तथा वर्षा गराउने कार्य गर्दछन् भने सूर्यले नै वर्षा गराउने कुरा कसरी स्वीकार गर्ने र यदि सातओटै गणहरूको वर्षासमेतका कार्यमा समान रूपमा सहभागिता रहेको हुन्छ भने मनुष्यहरू किन सूर्यको उदय भयो, सूर्य मध्य भए र सूर्यास्त भयो भन्दछन्?

पराशरले भन्नुभयो— तिमीले जे कुरा सोधेका थियौ त्यसको जवाफका सम्बन्धमा सुन । भगवान् सूर्य ती सात गणहरूमध्येकै एक हुन्, तर उनी तिनीहरूको प्रमुख भएकाले उनको विशेष स्थान रहेको छ। श्रीविष्णुको जुन समग्र शक्तिसम्पन्न भएको ऋक्, यजुः र साम नामको पराशक्ति छ, त्यही तीन वेदले नै सूर्यलाई अत्यन्त तातोपनरूपी शक्ति प्रदान गरेको हुन्छ र उपासना गरिएपछि सबै पापलाई पूर्ण रूपमा विनाश गराइदिन्छ । यो चराचर जगत्को स्थिति र पालनका लागि श्रीविष्णु ऋक्, यजुः तथा सामस्वरूपबाट सूर्यभित्र विराजमान हुनुभएको छ । प्रत्येक महिनामा जुन अलगअलग सूर्य हुन्छन्, तिनीहरूमा श्रीविष्णुको देवत्रयीस्वरूपिणी पराशक्तिले निवास गरेको हुन्छ । बिहानको समयमा ऋग्वेद, मध्य दिनमा यजुर्वेद र साँझको समयमा बहृद्रथन्तरसहितका सामवेदले सूर्यको स्तुति गर्दछन् । ऋग्वेद, यजुर्वेद र सामवेद नाम भएका यी वेदत्रयी परब्रह्म परमात्मा श्रीविष्णुकै अङ्ग हुन्। यसप्रकारले श्रीविष्णुको पराशक्ति सधैँ सूर्यमा रहेको हुन्छ। यो वेदत्रीस्वरूपिणी वैष्णवी शक्तिले सूर्यमा मात्र निवास गरेको नभएर यसले ब्रह्मा, विष्णु तथा शिवमा पनि निरन्तर रूपमा निवास गरिरहेको हुन्छ । सृष्टिको स्थितिका समयमा यजुर्वेदमय विष्णु तथा संहारका समयमा सामवेदमय शिव हुनुहुन्छ । यसकारण समावेदको ध्वनिलाई अपवित्र मान्ने प्रचलन रहेको पाइन्छ।

यसप्रकार त्रयवेदमयी परमात्मा श्रीविष्णुको सात्त्विक शक्ति आफ्ना सात गणहरूमा स्थित भएको देखिए पनि अतितेजस्वी स्वरूपधारी श्रीसूर्यमै अवस्थित रहेको छ। त्यो वैणवी शक्ति शक्तिको स्वामित्वमा रहेका ती सूर्यले पनि आफ्ना किरणहरूद्वारा अत्यन्त जाज्वल्यमान भएर चराचर जगत्को अन्धकारलाई पूर्ण रूपमा नाश गरिदिन्छ। यस किसिमको प्रभाव भएका सूर्यको मुनिहरूले स्तुति गर्दछन्, गन्धर्वहरूले उनका यशको कीर्तन गर्दछन्, अप्सराहरूले उनको सम्मानमा नृत्य गर्दछन् र राक्षसहरूले पछाडिपछाडिबाट उनको रक्षा गर्ने कार्य गर्दछन् भने सर्पहरूले उनको रथलाई उपयुक्त किसिमबाट सजाउँछन्, यक्षहरूले सारथीको जिम्मेवारी सम्हाल्दछन् र बालखिल्य ऋषिले सूर्यको अतिउत्तम रथलाई चारैतिरबाट घेरेर राख्दछन्। ती तीनोटै शक्तिसम्पन्न सूर्यको स्वरूप धारण गर्नुभएका विष्णुको कहिल्यै उदय र अस्त नहुने भएकाले उहाँ स्थायी रूपबाट सधैँ विद्यमान रहनुहुन्छ। यी सात किसिमका गणहरू उहाँभन्दा अलग रहेका छन्। भित्तामा टाँसेर राखिएको

ऐनाको छेउमा जो जान्छ; त्यसले आफ्नो प्रतिविम्ब देख्छ।

यसरी यो वैष्णवी शक्ति त्यो सूर्यको रथबाट कहिल्यै पनि अलग हुँदैन। तर प्रत्येक महिनामा सूर्य त्यसमा अवस्थित भएपछि त्यसको अधिष्ठात्री बन्दछ। दिन र रातका कारकतत्त्वका रूपमा रहेका सूर्यले निरन्तर रूपमा पितृ, देवता र मनुष्यसहितलाई तृप्त गराउँदै घुमिरहन्छन्। सूर्यका जुन सुषुम्ना नाम भएका किरण छन्, त्यसबाट शुक्लपक्षका समयमा चन्द्रमा पुष्ट हुन्छन् र कृष्णपक्षका समयमा त्यो अमृतमय चन्द्रमालाई एकएक कला गरेर देवताले सधैँ पिउँछन्। कृष्णपक्षको चतुर्दशीपछि देवताहरूले पिएर बाँकी रहेको चन्द्रमाको दुई कला पितृहरूले पिउँछन्। सूर्यले यसरी पितृहरूका लागि तर्पण गर्दछन्। सूर्यले आफ्ना किरणहरूका माध्यमद्वारा पृथ्वीको जति पानी ग्रहण गर्दछन्, त्यो सबै प्राणीहरूको पुष्टि र अन्नको वृद्धिका लागि फेरि वर्षाइदिन्छन्। यसप्रकार सूर्यले त्यस जलबाट सबै प्राणीलाई पुष्ट गराइदिन्छन् तथा त्यसरी नै देवता, पितृ, मनुष्य आदिको पनि पोषण गर्दछन्। सूर्यले यस किसिमबाट देवताहरूलाई पक्ष–पक्षमा, पितृहरूलाई महिनामा र मनुष्यहरूलाई निरन्तर रूपमा तृप्ति प्रदान गरिरहन्छ।

पराशरले भन्नुभयो– चन्द्रमाको रथ तीन पाङ्ग्रा भएको छ र त्यसमा दायाँतिर र बायाँतिर कुन्दपुष्पका समान सेतो वर्णका दश घोडाहरू जोतिएका छन् वा लगाइएका छन्। ध्रुवको आधारमा रहेको त्यो अतिवेगशाली रथबाट चन्द्रमाले भ्रमण गर्दछन्। यसरी ध्रुवको आधारबाट वेगपूर्ण रूपमा भ्रमण गरिरहेका चन्द्रमाले नागवीथिमा आश्रित रहेका अश्विनीसहितका नक्षत्रहरू भोग गर्दछन्। सूर्यका किरणहरू जसरी नै चन्द्रमाका किरणहरूको पनि घट्ने र बढ्ने निश्चित क्रम रहेको छ। सूर्यका समान नै समुद्रको गर्भबाट उत्पन्न भएका चन्द्रमाको रथ तान्ने घोडाहरू पनि एक पटक रथमा नारिएपछि एक कल्पसम्म त्यसलाई तानिरहन्छन्। देवताहरूले पिएपछि कलाहरू सकिन लागेका चन्द्रमालाई प्रकाशवान् सूर्यले आफ्नो एक किरणद्वारा पुष्ट गरिदिन्छन्। जुन क्रमबाट देवताहरूले चन्द्रमालाई पिउँछन्, त्यसै क्रमअनुसार जलाधारलाई आफूमा समाहित गराउने सूर्यले प्रतिदिन त्यसलाई बढाइदिएर एक पक्षमा चन्द्रमामा जम्मा भएको अमृत फेरि देवताहरूले पिउँछन्। किनकि देवताहरूको आहार त्यही अमृत मात्र हो। यस किसिमले तेत्तीस हजार, तेत्तीस सय, तेत्तीस देवताले चन्द्रमामा रहेको अमृत पिउँछन्, जुन समयमा दुई कालमात्र बाँकी रहेको चन्द्रमा सूर्यमण्डलमा प्रवेश गरेर अमा नाम भएको

सूर्यका किरणमा बस्छन्, त्यो समयलाई औँसी भनिन्छ। त्यस दिन रातको समयमा चन्द्रमाले सबैभन्दा पहिले पानीमा प्रवेश गर्दछन्। त्यसपछि लहरा र वनस्पतिहरूमा प्रवेश गर्दछन्, त्यसपछि मात्र सूर्यमा प्रवेश गर्दछन्।

यसकारण औँसीमा जसले रूख, लहरा आदि काट्दछ वा एउटा पातसम्म टिप्दछ, त्यसलाई ब्रह्महत्या बराबरको पाप लाग्दछ। पन्ध्र कलास्वरूप अलिकति भागको बाँकी रहेका चन्द्रमालाई सूर्योदयदेखि सूर्यास्तसम्मको घडीलाई पाँच भाग लगाउँदा निस्कने चौथो भागको समयमा पितृहरूले सबैतिरबाट घेर्दछन्। त्यस समयमा दुइटा कलाले सजिएका चन्द्रमाको बाँकी रहेको अमृतमयी एउटा कला पितृले पिउँदछन्। औँसीका दिन चन्द्रमाका किरणहरूबाट निस्किएको त्यो सुधामृत पिएर अतिसन्तुष्ट भएका सौम्य, बर्हिषद् र अग्निष्वात्ता नाम भएका तीन किसिमका पितृहरूलाई एक महिनासम्मका लागि अन्य आहारको आवश्यकता पर्दैन। यसरी चन्द्रमाले शुक्लपक्षमा देवताहरूको र कृष्णपक्षमा पितृहरूको पोषण गर्दछन् तथा आफ्ना अमृतमय शीतल स्वभाव भएका जलका थोपाहरूबाट रूख, लहरा आदिलाई पनि भरिभराउ बनाउँदछन्। चन्द्रमाले लहरा, रूख, अन्न प्रदान गरेर मनुष्य, पशुपक्षी, कीट, पतङ्गलगायतको वृद्धि र पोषण गर्दछन्। चन्द्रमाका पुत्र बुधको रथ वायु र अग्निमय पदार्थहरूबाट तयार भएको छ र त्यसमा वायुजस्तै गति भएका कैलो र सेतोको समायोजित वर्ण भएका घोडाहरू नारिएका छन्। रथको रक्षाका लागि बनाएको फलामको आवरण, तलको भाग, शस्त्र राख्न बनाइएको स्थान, ध्वजा र भूमिबाट उत्पन्न भएका घोडाहरूबाट युक्त शुक्रको रथ पनि अतिमहान् रहेको छ। मङ्गलको पनि अग्निबाट उत्पन्न भएका माणिकजस्तै वर्ण भएका आठोटा घोडाले तानेको अतिशोभायमान सुनबाट निर्माण भएको महान् रथ रहेको छ। फिका पहेँलो वर्ण भएका आठओटा घोडाहरूबाट सुसज्जित भएको सुनको रथमा सवार हुने बृहस्पति वर्षको अन्त्यमा प्रत्येक राशिहरूमा रहन्छन्। आकाशबाट उत्पन्न भएका विचित्र किसिमको वर्ण भएका घोडाहरूले तानेको रथमा बसेर अतिमन्दगति भएका शनिश्चर विस्तारैविस्तारै हिँड्दछन्। भमराको जस्तो कालो रङ भएका आठोटा घोडाले तानेको खाकीवर्ण भएका राहुको रथ छ, जसमा एक पटक नारिएका घोडा निरन्तर रूपमा हिँडिरहेका हुन्छन्। यो राहु पूर्णिमामा सूर्यबाट निस्किएर चन्द्रमाको नजिकमा जान्छ र औँसीमा चन्द्रमाबाट निस्किएर सूर्यको नजिकमा जान्छ। यसप्रकार केतुको रथमा नारिएका वायुका

समान वेगशाली आठोटा घोडा परालको ज्वालाजस्तै कान्ति भएका तथा लाहाका जस्तो रातो रङका छन्। यसप्रकार मैले नौओटा ग्रहहरूका नौओटै रथहरूका विषयमा वर्णन गरिसकें, यी सबै रथहरू वायुरूपी डोरीद्वारा ध्रुवमा बाँधिएर रहेका छन् तथा सबै ग्रह, नक्षत्र र तारामण्डल वायुरूपी डोरीद्वारा ध्रुवसँग बाँधिएका भए तापनि उचित गतिपूर्वक भ्रमण गरिरहेका हुन्छन् र जति ताराहरू रहेका छन्, त्यति नै वायुरूपी डोरीहरू पनि रहेका छन्।

यस प्रकार ती डोरीका माध्यमद्वारा ध्रुवसँग बाँधिएर स्वयं घुमिरहन्छन् र आफूसँगै ध्रुवलाई पनि घुमाउँछन्। जसरी कोलमा तेल पेल्ने व्यक्ति स्वयं घुम्दछ र कोललाई घुमाउँछ, त्यसरी नै वायुरूपी डोरीद्वारा बाँधिएका सम्पूर्ण ताराहरू स्वयं घुमिरहेका हुन्छन्। किनकि वायुचक्रद्वारा अभिप्रेरित भएको समग्र ग्रहमण्डल बल्दो अगुल्टो आकाशमा घुमाउँदा देखिने आगोको घेराजस्तो चक्रमा निरन्तर घुम्दछन्। यसकारण यसलाई अतितेजिलो घुमाइ भनिन्छ। जुन शिशुमार चक्रका विषयमा यसभन्दा पहिले नै वर्णन गरिसकिएको छ तथा जहाँ ध्रुव विराजमान भएका छन्; त्यसको स्थितिका विषयमा पनि सुन। दिउँसोको समयमा जेजति पापकर्म गरिएको हुन्छ, त्यो रातका समयमा त्यस पुच्छ्रेताराको दर्शन गरेपछि समाप्त हुन्छ तथा त्यो मनुष्य जति ताराहरू शिशुमारमा आश्रित भएर आकाशमा रहेका छन्, त्यति नै धेरै वर्षसम्म जीवित रहन्छ। राजा उत्तानपाद त्यसको माथिको चिउँडो हुन्। यस शिशुमार चक्रको तलतिर यज्ञले आफ्नो स्वामित्व कायम गरेको छ र टाउकोमा धर्म आश्रित रहेका छन्। शिशुमारको हृदयमा श्रीविष्णु र दुवै चरणमा अश्विनीकुमारद्वय रहेका छन् तथा तिघ्राहरूमा वरुण र अर्यमा रहेका छन्। संवत्सर त्यसको लिङ्ग हो, मित्र उसको अपानवायुमा आश्रित रहेको छ, त्यसको पुच्छरको भागमा अग्नि, महेन्द्र, कश्यप र ध्रुव रहेका छन्। यसैले शिशुमार चक्रका पुच्छरमा रहेका अग्निसहितका चारोटै तारा कहिल्यै अस्ताउँदैनन्।

यसप्रकार मैले तिमीसँग पृथ्वी, तारा, द्वीप, समुद्र, पर्वत, वर्ष, नदी आदिको अवस्थाका विषयमा र त्यहाँ जजसले निवास गरेका छन्, उनीहरूको स्वरूपका विषयमा पनि वर्णन गरिसकें। अब यस सम्बन्धमा फेरि सङ्क्षेपमा बताउँछु, सुन। श्रीविष्णुको जुन जलरूपी शरीर रहेको छ, त्यसबाट पर्वत, समुद्रसम्पन्न भएको कमलको फूलजस्तै आकार भएको पृथ्वी उत्पन्न भयो भने ताराहरू विष्णुकै मूर्त रूप हुन्। तीनोटै भुवन विष्णुस्वरूप छन् तथा पर्वत, दिशा, नदी, सबै समुद्र विष्णु

नै हुन्। तसर्थ जे जति छ र जो जति छैन त्यो सबै श्रीविष्णु नै रहेको सम्झ। किनकि श्रीविष्णु ज्ञानस्वरूप हुनुहुन्छ। यसकारण उहाँ सर्वमय हुनुहुन्छ; छुट्याइएको पदार्थाकार हुनुहुन्छ। यसैले पर्वत, समुद्र, पृथ्वी आदि भेदहरूलाई तिमी विज्ञानको लीलामात्र सम्झ। जुन समयमा जीव आत्मज्ञानका माध्यमद्वारा दोषहरूबाट पूर्ण रूपमा रहित भएर कर्महरूको विनाश भएपछि आफ्नो अतिशुद्ध स्वरूपमा अवस्थित हुन्छ, त्यस समयमा सबै वस्तुहरूमा सङ्कल्पवृक्षको फलस्वरूप वस्तु भेदको अनुभव हुन सक्दैन। कुनै पनि घडा आदि वस्तु नै कहाँ छ र ? आदि, मध्य र अन्त नभएको सधैँ एकस्वरूप रहेको छ। जुन वस्तु पटकपटक परिवर्तन हुन्छ, त्यसमा वास्तविकता नै के छ र ? तिमी आफैँ विचार गर, माटोबाट घडा बन्दछ र घडाबाट कपाल, कपालबाट धुलो तथा धुलोबाट त्यही माटाको अणुस्वरूप बन्दछ भने तिमी आफैँ प्रस्ट्याउ त आफ्ना कर्महरूका नियन्त्रणमा रहेका मनुष्यले आत्मस्वरूपलाई बिर्सिएर यसमा कुन चाहिँ सत्य वस्तु देख्दछ ?

यसकारण विज्ञानबाहेक कहिल्यै कहीँ कुनै पनि वस्तु रहेको छैन। आआफ्ना कर्महरूको भेदका माध्यमबाट विभिन्न चित्तद्वारा एउटै विज्ञानलाई अलगअलग रूपहरूबाट ग्रहण गरिएको हुन्छ। यो विज्ञान अतिशुद्ध, निर्मल, शोकरहित, लोभजस्ता दोषबाट पूर्ण रूपमा विहीन रहेको छ। यसप्रकार परमार्थका विषयमा वर्णन गरेँ, एकमात्र ज्ञान नै सत्य र अन्य सबै वस्तु असत्य रहेका छन् र तीनोटै भुवनहरूमा आश्रित रहेका जुन व्यावहारिक वस्तुहरू छन्, तिनीहरू सबैका विषयमा पनि वर्णन गरिसकेँ। कर्ममार्गसँग सम्बन्ध राख्ने यज्ञ, पशु, अग्नि, ऋत्विक्, सोम, देवताहरू तथा स्वर्गप्राप्तिको कामना आदिका विषयहरूमा सङ्क्षेपमा बताइदिएँ। यी सम्पूर्ण कर्महरूको फल भूर्लोकसमेतका सबै भोगको प्राप्तिमात्र भएकाले यी कर्महरूद्वारा परब्रह्म परमात्मालाई प्राप्त गर्न सकिँदैन। मैले जुन यो त्रिभुवनका विषयमा तिमीलाई बताएँ, तिनैमा जीव आफ्नो कर्मको नियन्त्रणमा परेर घुमिरहेको हुन्छ। यसैले हामीले यस्तो कर्म गर्नुपर्छ; जसद्वारा ध्रुव, अचल र सधैँ एकस्वरूप श्रीविष्णुमा विलीन हुन सकियोस्।

मैत्रेयले भने– मैले पृथ्वी, समुद्र, नदीहरू र ग्रहहरूका विषयमा जुन प्रश्न सोधेको थिएँ, त्यसका सम्बन्धमा हजुरले यथार्थ रूपमा बताइदिनुभयो। त्यसका साथै हजुरले त्रिलोकसहित यो सम्पूर्ण चराचर जगत् भगवान् श्रीविष्णुकै आश्रयमा आधारित रहेको र कसरी परमार्थिक ज्ञान सर्वोत्तम रहेको छ भन्ने

विषयमा यसभन्दा अघि बताउनुभएको थियो, मलाई ती उत्तम राजा भरतको चरित्रका सम्बन्धमा सुन्ने इच्छा भएकाले कृपया त्यस विषयमा बताइदिनुहोस्। मैले सुनेअनुसार ती राजा भरत सधैँ योगयुक्त भएर निरन्तर भगवान् श्रीविष्णुमा चित्तलाई स्थिर गरेर शालग्राम क्षेत्रमा बस्थे। तर यसप्रकार पुण्यक्षेत्रको प्रभाव र निरन्तर परमात्माको चिन्तन गर्दा पनि उनले फेरि उत्तम ब्राह्मणका कुलमा जन्म लिनुपर्‍यो। त्यो उत्तम कुलमा जन्म लिएपछि महात्मा भरतले फेरि के के गरे, कृपया मलाई त्यो सबै विषयमा पूर्ण रूपमा बताइदिनुहोस्।

पराशरले भन्नुभयो – ती राजा भरत भगवान्मा एकाग्रतापूर्वक मन लगाएर धेरै समयसम्म शालग्रामक्षेत्र { नेपालको मुक्तिनाथको ४८ कोश वरिपरि फैलिएर रहेको ठाउँ, जहाँ शालको रूखमुनि तपस्या गरेर बस्ने शालङ्कायन ऋषिले भगवान् पाउँदा त्यस ठाउँको नाम "शालग्राम" रह्यो। त्यो शालग्रामक्षेत्रमा पाइने ढुङ्गालाई नेपालीमा शालिग्राम (शालग्राम) भनिन्छ } मा बसे। गुणवान् पुरुषहरूमा अत्यन्त श्रेष्ठ राजा भरत अहिंसालगायतका गुणहरूमा र मनको नियन्त्रणमा परम उत्कर्ष प्राप्त गर्न सफल भएका थिए। यसकारण उनको मन सधैँ एकाग्रतापूर्वक परमात्मामा लाग्दथ्यो। हे यज्ञेश ! हे अच्युत ! हे गोविन्द ! हे माधव ! हे अनन्त ! हे केशव ! हे कृष्ण ! हे विष्णो ! हे हृषिकेश ! हे वासुदेव ! हजुरलाई नमस्कार छ। यसरी राजा भरतले भगवान्का नामको मात्र उच्चारण गर्दथे। उनी सपनामा पनि माथि बताइएका पदबाहेक अन्य केही उच्चारण गर्दैनथे र यसको अर्थबाहेक अन्य कुनै वस्तुको कहिल्यै चिन्तन गर्दैनथे। ती निःसङ्ग योगयुक्त एवं अत्यन्त तपस्वी राजा भरत भगवान्को पूजाका लागि आवश्यक पर्ने समिधा, कुश र फूलको मात्र सङ्ग्रह गर्ने गर्दथे। एक दिन स्नान गर्नका लागि महानदीका किनारमा गए र स्नान गरिसकेर स्नानपछिको नियमित क्रिया आरम्भ गर्न थाले। त्यसै समयमा धेरै तिर्खाएकी एक तत्कालै बच्चा जन्माउने अवस्थामा रहेकी हरिणी पानी पिउनका लागि त्यसै महानदीका किनारमा आइपुगी। त्यस हरिणीले पानी पिइसक्नमात्र के लागेकी थिई अचानक सबै प्राणीहरूलाई भयभीत गराउने किसिमले उन्मुक्त भएको सिंह गर्जिएको आवाज आयो। त्यो अचानक अत्यन्त भयभीत अवस्थामा उफ्रिएर नदीको किनारमा आई र अत्यन्त अग्लो ठाउँमा चढेकी हुनाले त्यसको पेटमा रहेको गर्भ अनायास रूपमा नदीमा खस्यो। नदीको तेजिलो छालमा खसेर नदीको वेगमा बगिरहेको त्यो आमाको गर्भबाट अनायास रूपमा

निस्किएकोमृगकोबच्चालाईराजा भरतलेनदीकोपानीबाटत्यसकोउद्धारगरिदिए। गर्भ तुहिएको दोष र अग्लो स्थानमा उफ्रिएका कारणले गर्दा त्यो हरिणीको पनि अग्लो ठाउँमा ठोक्किएर त्यहाँबाट खसेर मृत्यु भयो । यस किसिमले त्यो हरिणीको मृत्यु भएको देखेपछि तपस्वी राजा भरत त्यो टुहुरो मृगबालकलाई आफूसँगै लिएर आश्रममा फर्किए ।

ती राजा भरतले त्यो मृगबालकको निरन्तर रूपमा पालनपोषण गर्न थाले तथा उनीबाट पालिएको त्यो मृगको बच्चा पनि प्रतिदिन अनायास रूपमा बढ्न थाल्यो । त्यो मृगबालक राजा भरतको आश्रमको नजिक रहेको वनमा चर्दथ्यो र कहिलेकहिले टाढा गए तापनि फेरि सिंहको डरले फर्किएर आश्रममा नै आउने गर्दथ्यो तथा त्यो आश्रमभन्दा टाढा बस्दैनथ्यो। बिहानको समयमा धेरै टाढा गए तापनि साँझमा फर्किएर आउने गर्दथ्यो र राजा भरतको आश्रमको आँगनमा बसिरहन्थ्यो । यसरी कहिले नजिक र कहिले टाढा बसिरहने त्यो मृगबालकमा राजा भरतको मन आकर्षित भइरहन्थ्यो, उनको मन त्यो मृगबालकबाहेक अन्य विषयहरूमा लाग्नै छाड्यो । आफ्नो राज्य र पुत्रहरूलाई त्याग गरिसकेका र आफ्ना बन्धुबान्धवहरूको पनि पूर्ण रूपमा परित्यग गरेका राजा भरत त्यो मृगको बच्चालाई माया गर्न थाले। त्यो मृगको बालक आश्रमबाट बाहिर गएपछि त्यसले फर्किन ढिला गऱ्यो भने राजा भरत आफ्नो मनमा त्यो मृगबालकलाई कुनै बाघले त खाएन, कुनै ब्वाँसोले त देखेन अथवा कुनै सिंहले त आफ्नो आहार बनाएन ? यस किसिमको चिन्तन गरिरहन्थे। त्यसका खरको अगाडिपट्टिको भागको चिह्नका कारणले यो जमिन कस्तो विचित्रमय भइरहेको छ, मेरै प्रसन्नाका लागि त्यो मृगबालक उत्पन्न भएको हो। खै ! आज कहाँ गयो, यतिखेरसम्म आएको छैन किन होला ? के त्यो मृगबालक वनबाट सकुशल फर्किएर आफ्ना सिङहरूको अगाडिको भागद्वारा मेरो पाखुरामा सिङ दल्दै मलाई आनन्दित गराउँदछ ? यो हेर ! उसका कलिला दाँतहरूले टोकेका कारणले टुप्पो नभएका कुश र काश, सामगान गर्ने ब्रह्मचारीहरूका समान कस्तो शोभायमान भइरहेका छन् । यसरी लामो समयसम्म त्यो आश्रमबाट चर्नका लागि बाहिर गएको मृगबालकको विषयमा चिन्तन गरेर भरत मुनि चिन्तित भइरहन्थे र ऊ आफ्नो जनिकमा आएपछि प्रसन्नताले गर्दा भरतको अनुहार चम्कन थाल्दथ्यो ।

यसप्रकार त्यो मृगबालकमा आसक्तचित्त रहनाका कारणले राज्य, भोग

र समृद्धि परित्याग गरेका ती राजा भरतको तपस्या भङ्ग भयो । ती राजाको एकाग्र भएको चित्त त्यो मृगबालकले चञ्चल बनिदिन्थ्यो र त्यो टाढा गएको अवस्थामा ऊसँगै टाढा गइदिन्थ्यो । धेरै समय बितिसकेपछि आँसुले भरिएका आँखाले हेरिरहेका पिताका समान अश्रुपूर्ण नयन भएको त्यस मृगबालकले हेर्दाहेर्दै राजा भरतले आफ्नो प्राण त्याग गरे । राजा भरत पनि आफ्नो प्राणत्याग गर्दाका समयमा पितृवत् तथा स्नेहपूर्व नयनद्वारा केवल त्यो मृगबालकलाई मात्र हेरिरहेका थिए । यसरी त्यसैमा तन्मय भएका कारणले गर्दा भरतले अन्य कुनै प्रकारको चिन्तन गरेनन् । त्यसपछि मृत्युका समयमा विकसित भएको भावनाका कारणले गर्दा कालञ्जर पर्वतको अत्यन्त भयानक जङ्गलमा पहिलेका जन्मको सम्झनाबाट पूर्ण रूपमा सम्पन्न भएको मृगका रूपमा जन्म लिए । उनी आफ्नो पहिलेको जन्मका विषयमा पूर्ण रूपमा जान्ने भएकाले संसारबाट वैराग्य भएर आफ्नी मातालाई त्यही जङ्गलमा छाडेर फेरि शालग्राम क्षेत्रमा नै आएर बस्न थाले । त्यहाँ सुकेको घाँस र पातहरूले आफ्नो शरीरको भरणपोषण गर्दै मृगशरीर प्राप्तिको कारणस्वरूप आफ्ना कर्महरूको निराकरण गर्दथे । त्यसपछि फेरि आफ्नो मृग शरीर परित्याग गरेर पहिलेको जन्मको स्मरणशक्तिसम्पन्न हुँदै सदाचारी ब्राह्मणहरूको उत्तम र शुद्ध कुलमा ब्राह्मण भएर जन्मिए ।

ती समग्र विज्ञानसम्पन्न तथा शास्त्रहरूका रहस्यको ज्ञाता राजा भरतले आफ्नो आत्मालाई प्रकृतिभन्दा अलग देख्दथे । आत्मज्ञानसम्पन्न भएका राजा भरतले देवता आदि सम्पूर्ण प्राणीहरूलाई आफूभन्दा अलग नसम्झिएर सबैलाई आफैं जस्तो देख्दथे । उनले व्रतबन्ध भएपछि गुरुद्वारा अध्ययन गराइए तापनि वेदको अध्ययन गरेनन् तथा ब्राह्मण धर्मअनुसारका कुनै पनि कर्ममा ध्यान दिएनन् र शास्त्रहरूको अध्ययन पनि गरेनन् । कसैले उनीसँग सोधपुछ गऱ्यो भने जडका समान केही असंस्कृत र गाउँघरका गुणहरूबाट सम्पन्न वाक्यहरूको मिलावट गरिएको वचनमा केही भनिदिन्थे अर्थात् आफू पूर्ण रूपमा अज्ञानी भएको प्रमाणित गर्दथे । निरन्तर मयलले भरिएको शरीर, अत्यन्त मैला कपडा लगाउने र अपरिमार्जित अर्थात् कहिल्यै नमाझेको दाँत भएका उनी समाजबाट पूर्ण रूपमा अपमानित भएर रहेका थिए । सम्मान अर्थात् मर्यादाले योगलाई हानि पुऱ्याउँछ अर्थात् योगश्रीका लागि सबैभन्दा धेरै हानिकारक वस्तु नै सम्मान हो । जुन योगी अन्य मनुष्यहरूबाट अपमानित हुन्छ, त्यसले अत्यन्त चाँडै नै योगसिद्धि

प्राप्त गर्दछ। यसकारण योगीहरूले यस्तो कार्य गर्नुपर्दछ, जसबाट धर्म दूषित हुन नपाओस् र अन्य मनुष्यहरूले अत्यन्त अपमानपूर्ण व्यवहार गरुन्, जसका कारणले गर्दा कसैको सङ्गतमा नपरियोस्। हिरण्यगर्भद्वारा प्रतिपादन गरिएका यी वचनहरूलाई ध्यानमा राखेर अत्यन्त तेज बुद्धि भएका भरतले आफूलाई अन्य मनुष्यहरूका अगाडि जड र उन्मत्तका रूपमा प्रस्तुत गरेका थिए अर्थात् आफू अत्यन्त मूर्ख र उन्मत्तजस्ता देखिएका थिए। कुल्माष अर्थात् जौ आदि, धान, साग, वनमा फलेको फल, कण आदि जे जति उपलब्ध हुनसक्छ, मृत्यु पर्खनका लागि अत्यन्त आदरपूर्वक त्यसैको भोजन गर्ने गर्दथे तथा आफ्ना पिताको मृत्यु भएपछि भाइ र भतिजाहरूले सडेगलेको अन्नद्वारा पोषित भएका भरतलाई खेतीपातीको काममा लगाउन थाले।

उनी अत्यन्त पोषिएको गोरुको जस्तो मोटो शरीर भएका र कर्ममा जडका समान अप्रयासरत थिए। यसैले भोजनमात्र प्राप्त भए तापनि सबै मनुष्यहरूको काम गरिदिने यन्त्रका समान बनिदिने हुनाले उनलाई खानमात्र दिएर सबैले आआफ्नो काम गराउँथे। यस किसिमले संस्कारको पूर्ण रूपमा परित्याग गरेको र ब्राह्मण भेषका विरुद्धको आचरण भएको देखेर राजा पृषत्का सेवकहरूले रातको समयमा बलिको विधानअनुसार ती भरतलाई सुसज्जित गराएर महाकालीका लागि बलि चढाउने पशु बनाए। तर भरतलाई बलि चढाउनका लागि आफ्ना अगाडि ल्याएको थाहा पाएपछि महाकालीले आफूले धारण गरिरहेको अतितेजिलो तलवार उठाएर ती अत्यन्त दुष्ट स्वभाव भएका राजसेवकहरूको गला काटिदिइन् र आफ्ना पार्षद्हरूसहित सबैले तिनीहरूको रगत पिइदिएर भरतलाई बचाइदिइन्। एक दिन महाराज सौवीर कहीँ गइरहेका थिए। त्यस समयमा उनका सेवकहरूले विनाज्याला काम गर्न लायक छ भन्ने सम्झिए तथा राजाका सेवकहरूले पूर्ण रूपमा खरानीबाट ढाकिएर रहेको अत्यन्त प्रज्वलनशील अग्निका समान तेजस्वी ती महात्मालाई माथि बताइएअनुसारको आकृति भएको देखेर विनाज्याला काम गर्न योग्य नै सम्झिए। ती सौवीर राजाले मोक्षधर्मका विषयमा पूर्ण रूपमा ज्ञाता महामुनि कपिलसँग यस दुःखमा संसारमा कस्ता किसिमको कार्य गर्दा मनुष्यहरूको कल्याण हुन सक्छ भन्ने कुरा सोध्नका लागि पाल्कीमा चढेर इक्षुमती नदीका तीरमा रहेको महर्षि कपिलको आश्रममा जाने विचार गरेका थिए। राजाका सेवकहरूबाट अभिप्रेरित भएर भरतले पनि अन्य डोलेहरूका बीचमा लागेर

राजा सवार भइरहेको पाल्की बोक्न थाले तथा अन्य डोलेहरूद्वारा समाइएपछि आफ्नो पहिलेको जन्मको स्मरण भएका जडभरत आफ्नो पापमय प्रारब्धको फल विनाश गराउने मनसायले पाल्की बोकेर हिँड्न थाले। बुद्धिमान्हरूमा सर्वोत्तम जडभरत आफ्ना अगाडिको चार हात भूमिको अवलोकन गर्दै बिस्तारै हिँड्न थाले; तर उनका अरू साथीहरू तीव्रगतिमा हिँडिरहेका थिए। यस किसिमले आफ्नो पाल्कीको अवस्था विषम भएको देखेर राजाले भने—ए पाल्कीवाहकहरू! यो के भइरहेको छ ? तिमीहरू सबै समान गतिमा हिँड। त्यसपछि पनि पाल्कीको अवस्था पहिलेको जस्तै विषम भएको देखेपछि राजाले भने— अरे यो के हो ? तिमीहरू किन यसरी असमान गतिपूर्वक हिँडिरहेका छौ ? समान गतिमा हिँड्नका लागि केले बाधा पुर्‍याइरहेको छ ?। राजाले पटकपटक यसरी भनेको सुनेपछि ती पाल्कीवाहकहरूले जडभरतलाई देखाउँदै भने—हामीहरूमध्ये यही एउटा बिस्तारैबिस्तारै हिँड्छ, यसैका कारणले गर्दा पाल्कीको अवस्था विषम भएको हो।

राजाले भने— हेर तिमीले मेरो पाल्की बोकेर हिँडेको धेरै समय त भएको छैन। के तिमी यत्तिकैमा थाकिसक्यौ ? तिमी देख्नमा त अत्यन्त मोटाघाटा र बलवान् देखिन्छौ भने के तिमीले यो अत्यन्त सहज किसिमको श्रम पनि सहन गर्न सक्तैनौ र ?

ब्राह्मणले भने— न म मोटो छु र न तपाईंको पाल्कीवाहक नै हुँ र न म थाकेको छु र न मैले परिश्रम सहन गरिरहनुपर्ने आवश्यकता नै रहेको छ।

राजाले भने— तिमी त प्रत्यक्ष रूपमा मोटा देखिइरहेका छौ, यस समयमा पनि मेरो पाल्की तिम्रो काँधमाथि नै राखिएको छ र भारी बोकेपछि देहधारीहरूलाई परिश्रमको अनुभव हुनु स्वाभाविकै हो।

ब्राह्मणले भने—तपाईंले प्रत्यक्ष रूपमा के देखिरहनुभएको छ, मलाई पहिले त्यो बताउनुहोस् र बलवान् र अबलवान् इत्यादि विशेषणहरूका विषयमा त्यसपछि बताउनुहोस्।

राजाले भने— तिमीले मेरो पाल्की बोकिरहेका छौ, यस समयमा पनि मेरो पाल्की तिम्रो काँधमाथि नै राखिएको छ; यसकारण तिम्रो भनाइ पूर्ण रूपमा असत्य रहेको छ।

ब्राह्मणले भने—अब मेरो कुरा सुन्नुहोस्। तपाईं स्वयं ध्यानपूर्वक हेर्नुहोस् र विचार गर्नुहोस्, जमिनमाथि दुइटा गोडा रहेका छन्, गोडाहरूभन्दा माथि

तिघ्राहरू छन्, तिघ्राहरूमाथि दुइटा पेट रहेको छ भने पेटभन्दामाथि छाती, हातहरू र काँधहरू रहेका छन् र यी काँधहरूमा पाल्की राखिएको छ। यस्तो अवस्थामा यो पाल्कीको भार ममाथि कसरी पर्न सक्छ ? तथा यस पाल्कीभित्र तपाईंको भनेर सम्बोधन गरिने शरीर अवस्थित रहेको छ, वास्तवमा तपाईं बस्नुभएको छैन। वास्तविकतालाई ध्यानमा राख्ने हो भने तपाईं पाल्कीमा र म जमिनमा भन्नु यथार्थ रूपमा असत्य हो। वास्तविक सत्यलाई स्वीकार गर्ने हो भने तपाईं, म र अन्य प्राणीलाई पञ्च महाभूतहरूले निरन्तर रूपमा वहन गरिरहेका हुन्छन्।

यी पञ्च महाभूत पनि सत्त्वादि गुणहरूको वहावमा परेर सधैँ बगिरहेका छन् तथा ती सत्त्वादि गुणहरू पनि कर्महरूको आधिपत्यमा रहेका हुन्छन् भने सबै प्राणीहरूमा कर्म अविद्याबाटै उत्पन्न भएका हुन्। आत्मा त पूर्ण रूपमा शुद्ध, अविनाशी, शान्त, निर्गुण र प्रकृतिबाट अत्यन्त अलग छ र प्राणीहरूमा एकै प्रकारको रहेको छ। यसकारण त्यसको वृद्धि अथवा विनाश कहिल्यै हुँदैन। जब आत्माको वृद्धि र विनाश हुन सक्तैन भने तिमी अत्यन्त मोटो छौ भनेर तपाईंले के आधारमा भन्नुभएको हो। यदि क्रमबद्ध रूपमा पृथ्वी, गोडा, तिघ्रा, कम्मर, जाँघ र पेटका आधारमा अवस्थित काँधहरूमा राखिएको यो पाल्की जसरी मेरो लागि भारी हुन सक्छ, त्यसरी नै तपाईंका लागि पनि भारी हुन सक्छ।

किनकि जसरी पृथ्वी आदि तपाईंबाटअलग छ, त्यैसगरी मेरो आत्माबाट पनि अलग नै रहेको छ। यस प्रकारको तात्त्विक विचारका आधारमा त अन्य जीवहरूद्वारा केवल पाल्कीमात्र नभएर पर्वत, वृक्ष, घर र पृथ्वीको भार पनि वहन भइरहेको छ। जब पुरुष प्रकृतिबाट उत्पन्न भएका कारणहरूबाट अलग हुन्छ, तब त्यसको परिश्रम मलाई कसरी हुन सक्छ ? अर्थात् मलाई कुनै परिश्रम हुँदैन।

पराशरले भन्नुभयो– यति कुरा बताइसकेपछि पाल्की बोकिरहेका ती ब्राह्मणस्वरूपी भरत मौन भए भने राजाले पनि अत्यन्त शीघ्रतापूर्वक पाल्कीबाट ओर्लिएर ती ब्राह्मणका चरणमा आफूलाई समर्पण गरिदिए।

राजाले भने– तपाईं यस पाल्कीलाई छाडिदिनुहोस् र ममाथि कृपा गरेर तपाईं मलाई बताइदिनुहोस् कि यस किसिमको जडरूप धारण गर्नुहुने तपाईं को हुनुहुन्छ ? कृपया म अज्ञानीलाई आफ्नो पूर्ण परिचय दिनुहोस्। हे विद्वान् ! तपाईं को हुनुहुन्छ ? कुन निमित्त कारणले गर्दा तपाईं यहाँ आउनुभएको हो ? तथा यहाँ आउनको उद्देश्य के हो ? तपाईंले मलाई यो सबै बताइदिनुहोस्। मलाई तपाईंका

विषयमा पूर्ण रूपमा सुन्ने जिज्ञासाले अत्यन्त पिरोलिरहेको छ।

ब्राह्मणले भने—म को हुँ भन्ने कुरा बताउन सकिँदैन र आफ्ना कर्महरूको फल भोग गर्नका लागि सर्वत्र आउनेजाने क्रियाहरू भइरहेका हुन्छन्। तसर्थ तपाईंका तीनोटै प्रश्नहरूका जवाफ यसैभित्र निहित रहेका छन्। सुखदुःखको उपभोगले नै शरीर आदिको प्राप्ति गराउँछ र जीवले धर्म एवं अधर्मबाट उत्पन्न भएका सुखदुःख भोग गर्नका लागि शरीर धारण गर्दछ। धर्म र अधर्म नै सम्पूर्ण जीवहरूका समस्त अवस्थाहरूको कारण हो, फेरि विशेष रूपमा म आउनाको कारणका विषयमा तपाईंले किन सोधिरहनुभएको छ ?

राजाले भने— सम्पूर्ण कार्यहरूमा धर्म तथा अधर्म नै कारण भएको हुन्छ, यसमा अलिकति पनि सन्देह छैन र कर्मफलको उपभोग गर्नका लागि नै एक शरीरबाट अर्को शरीरमा जाने कार्य भएको हुन्छ यसमा पनि द्विविधा छैन। तर तपाईंले भन्नुभयो कि म को हुँ त्यस विषयमा बताउन सकिँदैन, यसै विषयमा सुन्नका लागि म अत्यन्त उत्सुक भएको छु, कृपया ममा उत्पन्न भएको जिज्ञासालाई शान्त बनाइदिनुहोस्। अस्तित्वरूपबाट विद्यमान जुन आत्मा रहेको छ, म त्यही हुँ भन्न किन नसकिएको हो? र यो अहं शब्द आफ्नो आत्माका लागि प्रयोग गरेमा कुनै किसिमको दोष हुँदैन।

ब्राह्मणले भने— आत्माका लागि प्रयोग भएको अहं शब्द कुनै दोषका लागि लायक हुँदैन, तर अनात्मामा आत्मज्ञानको अनुभव गराइदिने भ्रान्तिमूलक अहं दोषकै कारण हुन्छ। जिभ्रो, ओठ, दाँत र तालु यी सबैले अहं शब्दको उच्चारण गर्दछन्। तर यी सबै त अहं शब्द होइनन्। यी त त्यो अहं उच्चारणको कारकतत्त्व मात्र हुन्, अहं म होइन। त के जिभ्रो आदिका कारणहरूद्वारा यो वाणीले स्वयं आफूलाई नै अहं भन्दछ ? भन्दैन। यसकारण तिमी मोटा छौ वा पातला छौ, यो भनाइ उपयुक्त छैन। टाउको, हात, गोडा आदि स्वरूप भएका शरीररूपी पिण्डहरू पनि आत्माभन्दा पूर्ण रूपमा अलग रहेका छन्। यसकारण अहं शब्द म कहाँ प्रयोग गरुँ ? तथा यदि मभन्दा अलग अर्को पनि कुनै आत्मा भएको भए यो म हुँ, यो अर्को हो भन्न सकिने थियो। तर जब सम्पूर्ण शरीरहरूमा एउटै आत्मा रहन्छ भने तपाईं को हो ? र म यो हुँ भन्ने अभिव्यक्ति पूर्ण रूपमा निष्फल हुन्छ।

तपाईं राजा हुनुहुन्छ, यो पाल्की हो, यी अगाडि पाल्की बोक्नेहरू रहेका छन्, यो सम्पूर्ण लोक तपाईंको हो, यिनीहरूमध्ये कुनै पनि कुरा यथार्थमा सत्य

छैनन्। रूखबाट पाल्की बन्यो, जसमा तपाईं विराजमान हुनुभएको छ भने तपाईं आफैं बताउनुहोस् कि यो काठ हो वा रूख हो ? कुनै पनि मनुष्यले महराज रूखमा विराजमान हुनुहुन्छ भन्दैन र न कसैले महाराज काठमा बस्नुभएको छ नै भन्दछ। तर सबैले महाराज पाल्कीमा विराजमान हुनुभएको छ नै भन्दछन्। रचनाको विशेषतामा अवस्थित भएका काठहरूको समूह नै त पाल्की हो। र यदि त्यसमा अर्को कुनै वस्तु रहेको छ भने त्यसको तपाईं काठमा अनुसन्धान गर्नुहोस्। यसरी छाताका सबै करङहरूलाई अलग गरेर विचार गर्नुहोस् कि तपाईंको छाता कहाँ गयो। यही न्यायिक सिद्धान्त तपाईंमा र ममा पनि लागू हुन्छ अर्थात् मेरो र तपाईंको शरीर पनि पञ्भूतका अतिरिक्त अन्य कुनै वस्तु होइन। पुरुष, स्त्री, गाई, बाखा, घोडा, हात्ती, पक्षी र वृक्ष अर्थात् रूख आदि लौकिक संज्ञाहरूको प्रयोग कर्मको कारणस्वरूप शरीरहरूमा मात्र हुने बुझ्नुपर्दछ। जीव देवता, मनुष्य, पशु, रूख आदि केही पनि होइन। यो सबै कर्म योनि भएका शरीरहरूका आकृतिहरूको भेद मात्र हो।

संसारमा राजा, राजाका सैनिक तथा अन्य जे जति पनि वस्तु छन्; यी सबै यथार्थमा सत्य नभएर कल्पना मात्र हुन्। जुन वस्तुले कालान्तरमा पनि परिमाणादिका कारणले उत्पन्न भएको कुनै अर्को नाम धारण गर्दैन, त्यही वास्तविक वस्तु हो। यस्तो वस्तु कुन चाहिँ हो ? तपाईं स्वयं पनि मनन गर्नुहोस्, तपाईं प्रजाहरूको राजा हुनुहुन्छ, पिताको पुत्र हुनुहुन्छ, शत्रुको शत्रु नै हुनुहुन्छ, पत्नीको पति हुनुहुन्छ, पुत्रको पिता हुनुहुन्छ, अब तपाईंलाई मैले के भनेर सम्बोधन गर्ने ? तपाईं के यो सिर हुनुहुन्छ ? अथवा घाँटी, पेट वा गोडा आदिमध्ये कुनै हुनुहुन्छ ? र यो सिर आदिसँग तपाईंको सम्बन्ध के रहेको छ ? के यिनीहरू तपाईंका आफ्ना हुन् ? तपाईं यी सबै अवयवहरूभन्दा अलग हुनुहुन्छ। यसकारण अत्यन्त सावधान भएर विचार गर्नुहोस् कि म को हुँ ? आत्मतत्त्व यस किसिमले व्यवस्थित भएर रहेको छ। त्यसलाई सबैबाट अलग गरेर मात्र बताउन सकिन्छ। यस्तो अवस्थामा मैले त्यसका विषयमा अहं शब्दका माध्यमद्वारा कसरी वर्णन गर्न सक्छु र ? यो असम्भव छ।

पराशरले भन्नुभयो– परमार्थसम्पन्न ती ब्राह्मणका यसप्रकारका कुरा सुनेपछि राजाले विनम्रभावमा ब्राह्मणसँग भने– तपाईंले जुन परामार्थ ज्ञानसम्पन्न वचन सुनाउनुभयो तथा त्यो सुनेपछि मेरा मनका वृत्तिहरू भ्रान्तिबाट ढाकिएजस्ता

भइरहेका छन्। तपाईंले सबै प्राणीमा व्याप्त जुन असङ्ग विज्ञानका विषयमा बताउनुभयो उहाँ प्रकृतिभन्दा अलग रहनुभएका परब्रह्म परमात्मा नै हुनुहुन्छ, यसमा मलाई कुनै द्विविधा रहेको छैन। तर तपाईंले जुन मैले पाल्की बोकिरहेको छैन र ममाथि यो पाल्की रहेको पनि छैन भन्नुभयो, त्यो शरीर मभन्दा अलग रहेको छ, जसले यो पाल्की बोकिरहेको छ तथा जीवहरूको प्रवृत्ति सत्त्व, रज र तम आदि गुणहरूकै प्रेरणाबाट भइरहेको हुन्छ र गुणहरू कर्महरूका अधीनस्थ भएर नै प्रवृत्त भएका हुन्छन्, यसमा मेरो कर्तृत्वपन भएको कसरी मान्न सकिन्छ। यस विषयमा तपाईंबाट सुनिसकेपछि मेरो मन परमार्थका विषयमा ज्ञान हासिल गर्ने चाहनाले धेरै व्याकुल भइरहेको छ। ममा कृपा गरेर त्यस विषयमा विस्तारपूर्वक बताइदिनुहोस्। म त पहिलेदेखि नै धर्मात्मा कपिल ऋषिका आश्रममा गएर यस संसारमा मनुष्यको कल्याण कसरी हुन सक्छ, यस विषयमा सोध्नका लागि उत्साहित भएको थिएँ। तर जाने क्रममा रहेकै अवस्थामा तपाईंले जुन कुरा बताउनुभयो, त्यो सुनिसकेपछि मेरो चित्त परमार्थका विषयमा सुन्ने अभिलाषाका साथ तपाईंप्रति पूर्ण रूपमा आकृष्ट भयो। कपिल ऋषि प्राणीमात्रमा पूर्ण रूपमा व्याप्त रहनुभएको तथा चराचर जगत्का परम आधाररूप श्रीविष्णुकै अंश हुन् र संसारमा व्याप्त भएर रहेको अज्ञानलाई हटाउनका लागि पृथ्वीमा आएका हुन्। तर तपाईंको यस किसिमको अभिव्यक्ति सुनेर म यसप्रकारको द्विविधामा परेको छु कि मेरो कल्याण गरिदिने मनसायले अभिप्रेरित भएर साक्षात् भगवान् कपिलदेव तपाईंको रूपमा यहाँ प्रत्यक्ष प्रकट भएर मलाई उपदेश दिइरहनुभएको छ। यसकारण जुन कुरा मेरो लागि अत्यन्त कल्याणकारी रहेको छ, त्यो मलाई विस्तारपूर्वक बताइदिनुहोस्। तपाईं विज्ञानरूपी तरङ्गहरूले पूर्ण रूपमा भरिएको समुद्रको मूल स्रोत नै हुनुहुन्छ।

ब्राह्मणले भने– तपाईं श्रेयका विषयको प्रश्न गरिरहनुभएको छ कि परमार्थका विषयको ? किनकि श्रेयद्वारा परमार्थिक ज्ञान प्राप्त हुन सक्तैन। जुन मनुष्यले देवताको आराधना वा उपासना गरेर धन, सम्पत्ति, पुत्र र राज्य प्राप्तिको कामना गर्दछन्, तिनीहरूका लागि त्यही नै परम श्रेय हो। यज्ञात्मक कर्महरू पनि श्रेय नै हुन्छन्, जसको फलस्वरूप स्वर्ग आदिको प्राप्ति हुन्छ र मुख्य श्रेय त तिनीहरूका फलको कामना त्यागमा नै रहेको हुन्छ वा फलको चाहना नगर्नुमा नै रहेको हुन्छ। यसकारण योगमा एकाग्रतापूर्वक लागेका पुरुषले प्रकृतिभन्दा अलग

रहेको आत्माकै उपासना गर्नुपर्दछ; किनकि परब्रह्म परमात्माको संयोगरूपी श्रेय नै वास्तविक श्रेय हो। यसप्रकार सैकडौँ किसिमका अनेकौँ श्रेय रहेका छन्, तर यिनीहरूमध्ये कुनै पनि परमार्थिक श्रेय होइनन्। जुन परमार्थिक श्रेय छ, त्यसका विषयमा मबाट सुन्नुहोस्। यदि धन प्राप्ति नै पारमार्थिक लाभ हो भने, धार्मिक कार्यमा त्यसको त्याग किन गरिन्छ र आफ्नो मनोकामना पूर्तिका लागि किन त्यो धन खर्च गरिन्छ ? यसकारण त्यसको प्राप्तिलाई पारमार्थिक उपलब्धि मान्न सकिँदैन। यदि पुत्रलाई परमार्थ मान्नुहुन्छ भने त्यो पनि आफ्ना पिताको परमार्थ हो तथा त्यसको पिता पनि अर्कैको वा आफ्ना पिताका लागि मात्र परमार्थिक लाभ हो, अन्यको होइन।

यसकारण पिताको कार्यरूप पुत्रलाई यस चराचर जगत्मा परमार्थ भन्न सकिँदैन। किनकि यसप्रकारको कार्यलाई परमार्थ मान्ने हो भने सबै कारणहरूको कार्य पनि परमार्थ हुन्छ तथा यदि संसारमा राज्य आदिको प्राप्तिलाई परमार्थ मान्ने हो भने पनि परमार्थ भन्ने वस्तु निरन्तर रूपमा स्थिर भएर रहन्छ, तर राज्य कसैसँग पनि त्यसरी स्थिर रहँदैन। यसकारण त्यो पनि परमार्थ होइन। यदि ऋक्, यजुः र सामवेद यी तीनोटै वेदहरूका मन्त्रबाट सम्पन्न गरिने यज्ञादि कर्महरूलाई तपाईं परमार्थ मान्नुहुन्छ भने त्यस विषयमा पनि मेरो मान्यता सुन्नुहोस्। कारणस्वरूप माटोबाट जुन कार्य सम्पन्न हुन्छ; त्यो आफ्नो कारणको त्यससँग सम्बन्ध रहेकाले माटोमय नै मानिन्छ। यसरी नै विनाशशील समिधा, घिउ, र कुशजस्ता पदार्थहरूद्वारा जुन यज्ञसमेतका कर्महरू सम्पन्न हुन्छन् ती पनि विनाशशीलै हुन्छन्। विद्वान्हरूले परमार्थलाई अविनाशी बताएका छन्, तर विनाशशील पदार्थहरूबाट सम्पन्न यज्ञसहितका क्रियाहरू र त्यसको फल विनाशयुक्त रहेकोमा कुनै द्विविधा छैन।

यदि तपाईं फलको कामना नगरी गरिएको कर्मलाई परमार्थ मान्नुहुन्छ भने त्यो मुक्तिको साधनरूप भएकाले साधन मात्र हो, परमार्थ होइन तथा शरीरभन्दा आत्मालाई अलग सम्झिएर त्यसको ध्यानलाई परमार्थ मान्ने हो भने त्यो अनात्माबाट आत्माको भेद बताउने उपायमात्र हो र परमार्थमा कुनै किसिमको भेद बताउने उपायमात्र हो र परमार्थमा कुनै किसिमको भेद रहेको हुँदैन। यसकारण त्यो पनि परमार्थ होइन। यदि परमात्मा र आत्माको संयोगलाई परमार्थ मान्ने हो भने पनि त्यो असत्य नै छ। किनकि अलग पदार्थको अलग पदार्थसँग कहिल्यै

एकता हुन सक्तैन। यसकारण निश्चय नै यो सबै कर्म श्रेय नै हो, परमार्थ होइन। अब जुन वास्तविक परमार्थ रहेको छ, त्यसका विषयमा मबाट सङ्क्षेपमा सुन्नुहोस्। आत्मा एकस्वरूप, सर्वत्र व्यापक, सम, शुद्ध, निर्गुण र प्रकृतिभन्दा अलग छ। त्यो जन्म, वृद्धिसमेतका विकारबाट अलग, सर्वव्यापी र अव्यय रहेको छ। त्यो आत्मा परम ज्ञानमय र सर्वव्यापक छ; त्यसको कहिल्यै कसैसँग न त संयोग भएको थियो, न भएको छ र न भविष्यमा पनि कहिल्यै हुन सक्छ। आफ्नो तथा अर्काको शरीरमा सधैँ रहेने त्यो आत्मा एक रहेको छ, यही विशेष ज्ञान परमार्थ हो र द्वैत अर्थात् अलग विचार भएको पुरुष अपरमार्थदर्शी हो। जसरी अभिन्न रूपबाट सर्वव्यापक रहेको वायुको बाँसुरीका प्वालहरूको भेदअनुसार षड्ज (सङ्गीतका सात स्वरमध्ये पहिलो स्वर, जुन स्वरले देवता तृप्त हुन्छन्) आदि अनेक भेद हुन्छन्, त्यसरी नै एउटै परमात्माको शरीर आदिका कारणले देवता, मनुष्य आदि अनेक भेद रहेको हुन्छ। एकस्वरूप भएको आत्माको जुन अनेक भेद हुन्छ; त्यो शरीरलगायतको प्रवृत्तिका कारणबाट नै उत्पन्न भएको हो। त्यो त अविद्याको आवरण मात्र हो।

पराशरले भन्नुभयो– यसप्रकारका कुरा सुनेर मौन धारण गरेर मनन गरिरहेका राजालाई देखेर ब्राह्मणले फेरि अद्वैतसम्बन्धी कथा वा संसार असत्य छ; ब्रह्म एकमात्र सत्य छ; मायाको व्यावहारिक सत्ता छ; मायाद्वारा रचना भएकाले जगत्को स्वरूप अनिर्वचनीय छ भनी प्रतिपादन गर्ने शङ्कराचार्यको सिद्धान्तका विषयमा सुनाउन आरम्भ गरे।

ब्राह्मणले भने– प्राचीन कालमा महात्मा निदाघलाई ज्ञानका विषयमा उपदेश दिँदै महर्षि ऋभुले जे बताउनुभएको थियो, त्यसका विषयमा सुन्नुहोस्। ब्रह्माका ऋभु नाम भएका एक पुत्र थिए, उनी स्वभावले परमार्थ तत्त्वका ज्ञाता थिए ज्ञाता भएकाले उनले परमार्थ तत्त्वका सम्बन्धमा पूर्ण रूपमा ज्ञान हासिल गरिसकेका थिए। प्राचीन कालमा पुलस्त्य ऋषिका पुत्र निदाघ उनका शिष्य थिए, जसलाई उनले प्रसन्नतापूर्वक तत्त्वज्ञानका विषयमा उपदेश दिएका थिए। ऋभुले अनुभव गरे कि सम्पूर्ण शास्त्रहरूको ज्ञाता भए तापनि निदाघको अद्वैतवादमा श्रद्धा रहेको छैन। त्यस समयमा देविका नदीको किनारमा पुलस्त्य ऋषिद्वारा बसाइएको परम रमणीय र अत्यन्त समृद्धशाली वीरनगर नाम भएको आनन्ददायी नगर थियो। सुन्दर उपवनहरूबाट सुशोभित भएको त्यस नगरमा प्राचीन कालमा ऋभु ऋषिका शिष्य योगका ज्ञाता निदाघ बसेका थिए। महात्मा ऋभु एक हजार

दिव्यवर्ष बितिसकेपछि आफ्नो शिष्य निदाघलाई भेट्नका लागि उनको त
रमणीय नगरमा गए। जुन समयमा निदाघ बलिवैश्वदेवकर्म गरिसकेपछि आफ्
ढोकामा उभिएर अतिथिहरूको प्रतीक्षा गरिरहेका थिए, त्यस अवस्थामा उन
ऋभु महर्षिलाई देखे र उनलाई अर्घ्यदान दिएर अत्यन्त सम्मानपूर्वक आफ्नो घर
ल्याए। ती ब्राह्मणश्रेष्ठले ऋभु महर्षिको हात, खुट्टा धुन लगाएर अत्यन्त उत्त
आसनमा बसाएर आदरपूर्वक भने– हे अतिथिदेवता भोजन ग्रहण गर्नुहोस्।

ऋभुले भने– तपाईंका घरमा मैले भोजन गर्न योग्य पदार्थ के के छ, त
मलाई बताउनुहोस्। किनकि मेरो यो हेला गर्न योग्य अन्नमा रुचि छैन।

निदाघ भन्दछन्– मेरो घरमा भात, गहतको रस, वाट्य जौँको स
र पुवा आदि खाद्यवस्तु तयार भएका छन्। यिनीहरूमध्ये तपाईंका लागि
उपयुक्त हुन्छ, त्यसको पूर्ण भोजन गर्नुहोस्।

ऋभुऋषिले भने– यी सबै त्याग्न योग्य अन्न हुन्, मलाई तिमी हलुवा, खी
मोही र मिश्री वा सक्खरको बाक्लो रसबाट बनेको पदार्थ आदि भोजन गराऊ

उनका यसप्रकारका कुरा सुनेपछि निदाघले आफ्नी श्रीमतीसँग भने–
हाम्रा घरमा जे अत्यन्त उत्तम पदार्थ छ, त्यसैबाट यी अतिथिका लागि अत्यन्त
स्वादिष्ट र मीठो भोजन तयार गर।

ब्राह्मणको स्वरूप धारण गरेका जडभरतले भने– निदाघले यस
अह्राएपछि उनी पत्नीले आफ्नो पतिका वचनको आदर गर्दै ती ब्राह्मण अतिथिक
लागि अत्यन्त मीठो भोजन तयार गरिदिइन्।

ती ऋभु ऋषिले आफ्नो चाहनाअनुसार भोजन गरिसकेपछि निदाघ
विनयपूर्वक महामुनिसँग– भोजन गरिसकेपछि तपाईंलाई तृप्ति र सन्तोष त भय
होइन ? तपाईंको मन आनन्दित भयो कि भएन ? तपाईंको निवासस्थान कहाँ हो
र कहाँसम्म जान लाग्नुभएको हो ? यो सबै विषयमा मलाई वास्तविक रूपमा
बताइदिनुहोस्।

ऋभुले भने– जसलाई भोक लागिरहेको हुन्छ, त्यसैलाई भोजन गरेपछि
तृप्ति र आनन्द हुन्छ। तर मलाई त कहिल्यै भोक नै लाग्दैन भने फेरि मसँग कि
तृप्तिका विषयमा सोधिरहेका छौ ? जठराग्निका माध्यमद्वारा ठोस पदार्थह

विनाश भएपछि मनुष्यलाई भोक लागेको अनुभव हुन्छ, त्यसले पानी शोषण गरेपछि मनुष्यलाई तिर्खा लागेको अनुभव हुन्छ। यो भोक र तिर्खाको अनुभव हुनु शरीरको धर्म हो, मेरो होइन । यसकारण कहिल्यै पनि भोक लागेको अनुभव नहुने भएकाले म सधैँ तृप्त नै रहन्छु। स्वस्थता र सन्तुष्टि पनि मनबाट उत्पन्न हुने भएकाले यी दुइटै चित्तका धर्म भएकाले आत्मा यिनीहरूसँग लिप्त हुँदैन । यसकारण यी जसका धर्म हुन्, त्यसैसँग उनीहरूका विषयमा सोध, मसँग होइन र तिमीले जुन सोध्यौ, तपाईंले कहाँ निवास गर्नुहुन्छ ? र कहाँसम्म्म जान लाग्नुभएको हो ? कहाँबाट आउनुभएको हो ? यी तीनोटैका विषयमा तिमी ध्यानपूर्वक सुन। आकाश समान सर्वव्यापी भएको हुनाले आत्मा सबै ठाउँबाट व्याप्त भएर रहेको छ। यसकारण तपाईं कहाँबाट आउनुभएको हो ? कहाँसम्म जानुहुन्छ ? र कहाँ निवास गर्नुहुन्छ ? यी प्रश्नहरू पनि अनावश्यक हुन्। म न त कतै जान्छु, न कहीँबाट आउँछु र न मैले कुनै एक स्थानमा सधैँ निवास गर्दछु। तिमी तिमी होइनौ, अन्य अन्य होइन, म म होइन। म र अन्य पुरुष शरीर आदिका कारणले गर्दा अलगअलग देखिएका हुन्, तर यो यथार्थ सत्य होइन। मिष्टान्न पनि वास्तवमा मिष्टान्न हुँदैन र मैले जुन तिमीसँग मिष्टान्नका लागि अनुरोध गरेको थिएँ, त्यसमा पनि तिम्रो मनसाय बुझ्ने आशय रहेको थियो, यस विषयमा पनि सुन। भोजन गर्नेहरूका लागि स्वादिष्ट वा अस्वादिष्ट नै के हुन्छ ? किनकि स्वादिष्ट पदार्थ पनि जब समयका कारणले अस्वादिष्ट बन्दछ, तब त्यो पनि हानिकारक नै बन्दछ। समयको प्रभावले गर्दा कहिलेकाहीँ अरुचिकर पदार्थ पनि रुचिकर बन्दछ र रुचिकर पदार्थहरूबाट पनि मनुष्यलाई पीडा हुन्छ। यस किसिमको कुन अन्न रहेको छ, जुन आरम्भ, मध्य र अन्तमा पनि स्वादिष्ट भएको अनुभव गर्न सकिन्छ।

जसरी माटोद्वारा तयार भएको घर माटोबाटै लिपपोत गरेपछि सुदृढ बन्दछ, त्यसरी नै यो माटोबाट बनेको शरीर पनि माटैका कणहरूबाट पुष्ट भएको हुन्छ। जौ, गहुँ, मुगी, घिउ, तेल, दूध, दही, सक्खर र फल आदि सबै पार्थिव परमाणु नै हुन्। यिनीहरूमध्ये कुनलाई स्वादिष्ट र कुनलाई अस्वादिष्ट बताउने ? यसैले तिमीले यसप्रकार बुझेर स्वादिष्ट र अस्वादिष्टका विषयमा विचार गर्ने मनलाई समानदर्शी बनाउनुपर्दछ। किनकि पदार्थहरू, विषयवस्तुहरूमा रहने समभाव नै

मोक्ष प्राप्तिको कारकतत्त्व हो।

ब्राह्मणको स्वरूप धारण गरेका जडभरतले भने– ऋभु ऋषिका यसप्रकारका परमार्थमय वचन सुनेपछि धर्मात्मा निदाघले उनलाई प्रणाम गर्दै भने– तपाईं प्रसन्न भइदिनुहोस् ! कृपया बताइदिनुहोस् मेरो कल्याणको कामना लिएर आउनुभएको तपाईं को हुनुहुन्छ ? हजुरका यी वचनहरू सुनेपछि ममा भएको मोह यथार्थ रूपमा नष्ट भयो।

ऋभुले भने– म तिम्रो गुरु ऋभु हुँ र तिमीलाई सत् र असत्का विषयमा विचार गर्न सक्ने सद्विवेकी बुद्धि दिनका लागि यहाँसम्म आएको थिएँ। अब म जान्छु, मैले तिमीलाई परमार्थका विषयमा विस्तारपूर्वक बताइदिएँ। यस परमार्थिक तत्त्वका विषयमा मनन गर्दै तिमीले यो सम्पूर्ण चराचर जगत्लाई परब्रह्म परमात्मा वासुदेवकै स्वरूप भएको बुझ।

ब्राह्मणको स्वरूप धारण गरेका जडभरतले भने– यसपछि हुन्छ भनेर निदाघले अत्यन्त विनम्रताकासाथ प्रणाम गर्दै भक्तिपूर्वक उनको पूजा गरे भने ऋभुले स्वेच्छाअनुसार त्यहाँबाट प्रस्थान गरे। त्यसको हजार वर्ष बितेपछि ऋभु ऋषि फेरि निदाघलाई ज्ञानको उपदेश दिनका लागि त्यही नगरमा गए। त्यस नगरमा पुगेपछि ऋषिले विशाल सेनासहित त्यहाँका राजा नगरमा आउँदै गरेको देखे। त्यस समयमा वनबाट नित्यकर्मका लागि आवश्यक पर्ने समिधा तथा कुश लिएर आएका धर्मात्मा निदाघ त्यो जनसमुदायभन्दा अलिकति पर भोकै र तिर्खै उभिइरहेका थिए। यसरी एक छेउमा उभिइरहेका निदाघलाई देखेपछि ऋभु ऋषिले उनको नजिक गएर उसलाई अभिवादन गर्दै भने– हे ब्राह्मण तपाईं यो एकान्त स्थानमा किन उभिनुभएको हो ?

निदाघले भने– राजा यो अत्यन्त रमणीय र सुन्दर नगरमा प्रवेश गर्न लागिरहेका छन्। यसकारण बाटामा जनसमुदायको अत्यन्त धेरै भीडभाड भइरहेको छ। त्यसैले म यहाँ उभिइरहेको छु।

ऋभुले भने– यहाँ राजा को छ र अन्य प्रजा को छ ? यस विषयमा मलाई बताउनुहोस्। किनकि तपाईं यिनीहरू सबैभन्दा भद्रभलाद्मी र बुद्धिजीवि जस्तो देखिनुहुन्छ।

निदाघले भने– यो जुन पर्वतजस्तै अग्लो र अत्यन्त उन्मत्त हात्तीमाथि सवार भएका छन्, तिनै राजा हुन् तथा अन्य सबै उनका जनता हुन्।

ऋभुले भने– तपाईं राजा र हात्तीलाई एकै पटक देखाउनुभयो, तर यिनीहरूको अलगअलग चिह्न र लक्षणका विषयमा बताउनु भएन। यसकारण यी दुईमा के के विशेषताहरू रहेका छन् त्यो बताउनुहोस्। म यिनीहरूमध्ये हात्ती कुन र राजा कुन हो भन्ने जान्न चाहन्छु ।

निदाघले भने– यिनीहरूमध्ये जमिनलाई टेकेर उभिएको हात्ती हो र त्यसमाथि बसेका राजा हुन्। यसरी बोक्ने र बोकाउनेको सम्बन्धलाई कसले जान्दैन ?

ऋभुले भने– जसरी मैले सम्झन सक्दछु, त्यस किसिमबाट मलाई बुझाइदिनुस्। तपाईंले यसमा प्रयोग गर्नुभएको तल शब्दको अर्थ के हो र माथि केलाई भनिन्छ ? प्रस्ट गर्नुस् ।

ब्राह्मणको रूप धारण गरेका जडभरतले भने– ऋभुद्वारा यसरी पटकपटक सोधेपछि निदाघले अनायास रूपमा उनीमाथि चढेर भने– तपाईं मसँग जुन कुरा सोधिरहनुभएको छ, अब म त्यस विषयमा बताउँछु; सुन्नुहोस्। यस समयमा राजाका जसरी माथि म रहेको छु र हात्तीको जसरी तल तपाईं रहनुभएको छ। तपाईंलाई सम्झाउन मैले यस किसिमको उदाहरण प्रस्तुत गरेको हुँ।

ऋभुले भने– तिमी राजाका समान रहेका छौ र म हात्तीका समान रहेको छु, यो त ठीक छ, तर अब तिमी यो बताइदेऊ कि तिमी को हौ ? र म को हुँ ?

ब्राह्मणको रूप भारण गरेका जडभरतले भने– ऋभुले यस किसिमको प्रश्न गरेपछि उनका चरण समाउँदै निदाघले भने– हजुर निश्चित रूपमा मेरा आचार्य ऋभु ऋषि हुनुहुन्छ। मेरा गुरुको जस्तो अद्वैत संस्कारबाट पूर्ण रूपमा सुसंस्कृत भएको चित्त अन्य कसैको पनि छैन। यसकारण तपाईं मेरो गुरु नै यहाँ उपस्थित हुनुभएको छ।

ऋभुले भने– तिमीले पहिले सेवा शुश्रूषा गरेर मेरो धेरै आदर हुनाले तिम्रो प्रेमका वशमा परेर म ऋभु नामको तिम्रो गुरु नै तिमीलाई आत्मतत्त्वको उपदेश दिनका लागि यहाँ आएको हुँ। सबै पदार्थ र विषयहरूमा अद्वैत वा आत्मबुद्धि राख्नु

नै सबै परमार्थहरूको सार हो। यो मैले तिमीलाई संक्षेपमा बताइदिएँ।

ब्राह्मण रूप धारण गरेका जडभरतले भने– निदाधलाई यस किसिमको उपदेश दिइसकेपछि परम विद्वान् महर्षि ऋभु फर्किए भने निदाघ पनि आफ्ना गुरुको उपदेशबाट अभिप्रेरित भएर अद्वैत संस्कारमा अत्यन्त तत्परतापूर्वक लागे। त्यसपछि निदाघले सम्पूर्ण प्राणीहरूलाई आफ्नो आत्माभन्दा अभिन्न सम्झन थाले। यसरी अत्यन्त एकाग्रतापूर्वक ब्रह्म विचारमा परायण भएका ती ब्राह्मणले परम मुक्ति प्राप्त गरे। त्यसैअनुसार तपाईं पनि आफ्नो आत्मामा शत्रु र बान्धवमा समभाव राख्दै आफूलाई सर्वव्यापी सम्झँदै परम मोक्ष प्राप्तिमा लाग्नुस्। जसरी सर्वव्यापक रूपमा रहेको एउटै आकाशलाई सेतो र नीलो भेदहरू भएको देखिन्छ। त्यसरी नै भ्रमपूर्ण दृष्टि भएकाहरूले पनि एउटै आत्मालाई अलगअलग स्वरूपमा देखिरहेका हुन्छन्। यो चराचर जगत्मा जे जति छ, त्यो एकमात्र छ र यो एक अविनाशी आत्मामात्र छ, त्यसभन्दा अलग अरू केही पनि छैन। तपाईं, म र अन्य सबै त्यही आत्मस्वरूप हौँ, यसबाहेक अन्य कसैको अस्तित्व छैन। यसकारण आफूमा भएको ज्ञानरूपी मोहलाई यथार्थ रूपमा परित्याग गरिदिनुस्।

पराशरले भन्नुभयो– यसरी ती जडभरतद्वारा उपदेश पाएपछि पारमार्थिक दृष्टि भएका राजर्षि सौवीरले आफूमा भएको भेद बुद्धिको परित्याग गरिदिए। ती आफ्नो पहिलो जन्मको स्मरण राख्न सक्षम जडभरत पनि ज्ञानसम्पन्न भएकाले त्यही जन्मबाट सधैँका लागि मुक्त भए।

खण्ड तीन

मैत्रेयले भने— तपाईंले पृथ्वी, समुद्र आदिको स्थिति तथा सूर्यलगायतका ग्रहहरूको अवस्थाका विषयमा मलाई विस्तारपूर्वक बताइदिनुभयो। तपाईंले देवता आदि र ऋषिहरूको सृष्टि तथा चारओटै वर्णहरू तथा तिर्यग्योनिका जीवहरूको उत्पत्तिका बारेमा पनि विस्तारपूर्वक वर्णन गरिदिनुभयो। ध्रुव र प्रह्लादको चरित्रका विषयमा पनि तपाईंले विस्तृत रूपमा वर्णन गरिदिनुभयो। अब म हजुरबाट मन्वन्तर तथा इन्द्र र समग्र देवतासहित मन्वन्तरका अधिपति मनुहरूको कथा सारपूर्ण किसिमबाट विस्तारपूर्वक सुन्न चाहन्छु।

पराशरले भन्नुभयो - पहिला अर्थात् भूतकालमा जति मन्वन्तर भएका थिए तथा भविष्यमा जुन हुनेछन्, तिनीहरू सबैका विषयमा म क्रमबद्ध रूपमा वर्णन गर्ने छु। सर्वप्रथम स्वाम्यम्भुव मनु भए। त्यसपछि क्रमबद्ध रूपमा स्वारोचिष, उत्तम, तामस, रैवत र चाक्षुषलगायत मनु भए। यी छओटा मन्वन्तरको समय पहिले नै समाप्त भइसकेको छ। अहिले सूर्यपुत्र वैवस्वत मनुको समय चलिरहेको छ, जसलाई सातौँ मन्वन्तर भनिन्छ। कल्पको आरम्भमा जुन स्वयम्भुव मन्वन्तरका विषयमा बताइएको छ, त्यसका देवता र सप्तर्षिहरूका विषयमा पनि वर्णन गरिसकिएको छ। अब अगाडि स्वारोचिष मनुका मन्वन्तरका अधिकारी देवता, ऋषिहरू र मनुका पुत्रहरूका विषयमा विस्तारपूर्वक तिमीलाई बताउने छु। स्वारोचिष मन्वन्तरमा पारावत र तुषित नाम भएका देवताहरू थिए भने त्यस समयका अत्यन्त बलशाली विपश्चित् नाम भएका इन्द्र थिए तथा उर्ज्ज, स्तम्ब, प्राण, वात, ऋषभ, निरय र परिपान् नाम भएका सप्तर्षिहरू थिए र स्वारोचिष मनुका चैत्र तथा किम्पुरुष आदि नाम भएका पुत्र थिए। यसप्रकार तिम्रो जिज्ञासाअनुसार द्वितीय मन्वन्तरका विषयमा विस्तृत रूपमा वर्णन गरिदिएँ। अब उत्तम मनुका सम्बन्धमा ध्यानपूर्वक सुन। तेस्रो मन्वन्तरमा उत्तम नाम भएका मनु थिए। त्यस मन्वन्तरमा सुशान्त नाम भएका देवताहरूका राजा इन्द्र थिए भने सुधाम, सत्य, शिव, प्रतर्दन र वशवर्ती यी सबै बाह्र-बाह्र देवताहरूका पाँच किसिमका गण थिए

तथा त्यस मन्वन्तरमा वसिष्ठ ऋषिका सात पुत्रहरू सप्तर्षिका रूपमा रहेका थिए र अज, परशु एवं दिव्य आदि उत्तम मनुका पुत्रहरू थिए।

त्यसपछि तामस मन्वन्तरमा सुरूप, सत्य, हरि तथा सुधि यी चार देवताहरूका वर्ग थिए र यी प्रत्येक वर्गमा सत्ताइस–सत्ताइस देवताहरू रहेका थिए। त्यस समयमा सय अश्वमेघ यज्ञ गर्ने शिवि नाम भएका राजा इन्द्र थिए भने ज्योतिधामा, पृथु, काव्य, चैत्र, अग्नि, वनक र पीवर यी सात त्यस मन्वन्तरका सप्तर्षि थिए। तामस मनुका नर, ख्याति, शान्तहय, जानुजङ्घसहित अतिबलशाली पुत्रहरू नै त्यस समयका प्रतापी राजाहरू थिए। पाँचौं मन्वन्तरमा रैवत नाम भएका मनु थिए भने त्यस समयका इन्द्रको नाम विभु रहेको थियो तथा त्यस समयमा जुन देवताहरू रहेका थिए, उनीहरूको नामका विषयमा विस्तारपूर्वक सुन। यस मन्वन्तरमा चौध–चौध देवताहरूका अमिताभ, मूतस्य, वैकुण्ठ र सुमेधा नाम भएका गणहरू रहेका थिए। यस रैवत नाम भएको मन्वन्तरमा हिरण्यरोमा, देवश्री, ऊर्ध्वबाहु, सुधामा, पर्जन्य तथा महामुनि यी सात सप्तर्षिहरू रहेका थिए। बलबन्धु, सुसम्मारू, सत्यक आदि नाम भएका ती रैवत मनुका अत्यन्त पराक्रमशाली पुत्रहरू त्यस समयका राजा थिए। स्वारोचिष, उत्तम, तामस एवं रैवत यी चारओटै मनुहरू राजा प्रियव्रतका वंशहरू भएको बताइएको छ। राजर्षि प्रियव्रतले अतिकठोर तपस्याद्वारा श्रीविष्णुको उपासना गरेर आफ्नो वंशमा उत्पन्न भएका यी चारओटै मन्वन्तरका अधिपतिहरूलाई प्राप्त गरेका थिए भने छैटौं मन्वन्तरमा चाक्षुष नाम भएका मनु रहेका थिए तथा त्यस समयका इन्द्रको नाम मनोजव रहेको थियो। त्यस समयमा जुन देवताहरू रहेका थिए, तिनीहरूको नामका विषयमा सुन।

त्यस समयमा आद्य, प्रसूत, भव्य, पृथुक र लेख यी पाँच किसिमका देवताहरू वर्तमान थिए भने यिनीहरूमध्ये प्रत्येक गणहरूमा आठ–आठ देवताहरू रहेका थिए। त्यस मन्वन्तरमा सुमेधा, विरजा, हविष्मान्, उत्तम, मधु, अतिनामा र सहिष्णु नाम भएका सप्तर्षिहरू रहेका थिए। चाक्षुषका अत्यन्त बलशाली पुत्रहरू ऊरु, पुरु र शतद्युम्न आदि त्यस समयका अत्यन्त पराक्रमी राजाहरू थिए। यस समयमा सातौं मन्वन्तर चलिरहेको छ। यसमा सूर्यका पुत्र अत्यन्त तेजस्वी र बुद्धिमान् श्राद्धदेव मनु रहेका छन्। यस वैवस्वत मनुका समयमा आदित्य, वसु र रुद्रहरू देवता रहेका छन्। यस समयमा वसिष्ठ, कश्यप, अत्रि, जमदग्नि, गौतम,

विश्वामित्र र भरद्वाज यस मन्वन्तरमा सप्तर्षिका रूपमा रहेका छन्। इक्ष्वाकु, नाभग, धृष्ट, शर्याति, नरिष्यन्त, नाभ, करुष, पृषध्र र सम्पूर्ण लोकहरूमा प्रख्यात वसुमान् यी नौ ती वैवस्वत मनुका अत्यन्त धर्मपरायण पुत्रहरू भएका थिए। जुन विष्णुशक्ति उपमारहित सत्त्वगुणसम्पन्न लोककल्याण र रक्षामा अवस्थित रहेको हुन्छ र सम्पूर्ण मन्वन्तरहरूमा त्यही वैष्णवी शक्ति विराजमान पनि रहेको हुन्छ। सबैभन्दा पहिलो स्वायम्भुव मन्वन्तरमा आकूतिको गर्भबाट श्रीविष्णुको अंशरूपी मानसदेव उत्पन्न भएका थिए। यसपछि स्वारोचिष मन्वन्तर आइसकेपछि ती मानसदेव श्री अजित नै तुषित नाम भएका देवताहरूसँगै तुषिताका गर्भबाट फेरि उत्पन्न भए। यसपछि फेरि उत्तम मन्वन्तरका समयमा तिनै तुषितदेव देवश्रेष्ठ सत्यगणहरूसहित सत्यस्वरूप भएर सत्याका गर्भबाट उत्पन्न भए भने तामस मन्वन्तर आएपछि तिनै मानसदेव हरि नाम भएका देवताहरूसँगै हरिस्वरूपमा हर्याका गर्भबाट उत्पन्न भएर मानसका नामबाट सबै लोकहरूमा प्रख्यात भए।

यसपछि चाक्षुष मन्वन्तर आएपछि उहाँ पुरुषोत्तम भगवान् वैकुण्ठ नाम भएका देवताहरूसँगै वैकुण्ठका नामबाट प्रसिद्ध हुँदै विकुण्ठाका गर्भबाट उत्पन्न हुनुभयो तथा यो वैवस्वत मन्वन्तर आएपछि श्रीविष्णु कश्यप ऋषिका माध्यमद्वारा अदितिका गर्भमा प्रवेश गरेर वामन स्वरूप धारण गरेर प्रकट हुनुभयो। जुन महात्मा वामनले तीन पाइलाद्वारा तीनोटै भुवनमा विजय प्राप्त गरेर कुनै शत्रु नभएको एकलौटी तीनोटै लोकहरूको राज्य पुरन्दरलाई दिनुभयो। यसरी सातोटै मन्वन्तरमा श्रीविष्णुका यी सात किसिमका मूर्तिहरू प्रकट भए। जसबाट समग्र प्रजाको रक्षा भएको थियो। उहाँ नै महात्मा श्रीनारायणको शक्तिका अंशबाट यो सम्पूर्ण विश्व उत्पन्न भएको हो भने उहाँकै शक्तिबाट ब्रह्माण्ड व्याप्त भएको छ। यसकारण उहाँ श्रीविष्णुका नामबाट प्रख्यात हुनुभएको छ। किनकि प्रवेशार्थक विश् धातुबाट विष्णु शब्द सिद्ध हुन्छ। यसकारण समग्र देवता, मनु, सप्तर्षि, अशेष मनुपुत्र र इन्द्रहरू यी सबै भगवान् श्रीविष्णुकै स्वरूप हुन्।

मैत्रेयले भने— हजुरले बितेका सात मन्वन्तरहरूका विषयमा विस्तारमा बताइदिनुभयो। अब म हजुरबाट आउने मन्वन्तरहरूका विषयमा सुन्न चाहन्छु। यसकारण मलाई तिनीहरूका बारेमा पनि यथार्थ रूपमा बताइदिनुहोस्।

पराशरले भन्नुभयो— विश्वकर्माकी संज्ञा नाम भएकी पुत्री सूर्यकी पत्नी थिइन्। ती संज्ञाका गर्भबाट मनु, यम र यमी नाम भएका तीन संन्तान उत्पन्न भए।

तर कालान्तरमा आफ्नो पति सूर्यको तेजलाई सहन गर्न असमर्थ भएका कारणले गर्दा संज्ञा छाया नाम भएँकी एक कन्यालाई सूर्यको सेवामा लगाएर आफू तपस्या गर्नका लागि वनमा गइन्। सूर्यले यस छाया नाम भएकी कन्यालाई संज्ञा सम्झिएर उसको गर्भबाट शनैश्चर र अर्का एउटा मनु यी दुइटा पुत्र र तपती नाम भएकी एक कन्यासमेत तीन सन्तान उत्पन्न गराए। एक दिन जब छायास्वरूपी संज्ञाले आफ्नो पुत्रसँग पक्षपात भएको सम्झिएर अत्यन्त क्रोधित हुँदै यमलाई श्राप दिइन्, त्यसपछि मात्र सूर्य र यमलाई ती संज्ञा नभएर अरू नै कोही भएको ज्ञान भयो। ती छायाले सम्पूर्ण रहस्यका विषयमा बताइसकेपछि सूर्यले समाधिमा अवस्थित भएर हेर्दा संज्ञाले घोडीको स्वरूप धारण गरेर अत्यन्त कठोर तपस्या गरिरहेको देखे। त्यसपछि घोडाको स्वरूप धारण गरेर सूर्यले पनि घोडीस्वरूप भएकी संज्ञाका गर्भबाट दुई अश्विनीकुमारहरू उत्पन्न गराए भने वीर्यस्रावपछि नै रेवन्त नाम भएका अर्को एक पुत्र उत्पन्न गराए। यसपछि फेरि सूर्यले संज्ञालाई आफ्नो स्थानमा लिएर आए तथा विश्वकर्माले सूर्यको तेजलाई सहन गर्न सकिने अवस्थामा ल्याइदिए। विश्वकर्माले सूर्यलाई घुम्ने यन्त्रमाथि राखेर उनको तेजलाई घटाइदिए। तर उनले सूर्यको त्यो अक्षुण तेजको केवल आठौँ अंश मात्र घटाउन सके। विश्वकर्माले जुन वैष्णव तेजलाई छाँटेका थिए, त्यो अत्यन्त जाज्वल्यमान तेज पृथ्वीमा झऱ्यो।

त्यस समयमा विश्वकर्माले पृथ्वीमा झरेको अत्यन्त शक्तिशाली तेजबाट श्रीविष्णुको सुदर्शनचक्र, शिवको महापराक्रमी त्रिशूल, धनका अधिपति कुबेरको पुष्पक विमान्, कार्तिकेयको गोप्य शक्ति बनाइदिए तथा अन्य देवताहरूका शस्त्रअस्त्रहरूलाई पनि त्यस तेजबाट शक्तिशाली बनाइदिए। छायारूपी संज्ञाको जुन अर्को पुत्र मनुका विषयमा यसभन्दा पहिले उल्लेख गरिएको थियो, ती आफ्ना दाजु मनुको जस्तै वर्ण भएका हुनाले उनलाई सवर्ण मनु भनिएको हो। उनको आठौँ मन्वन्तर अब निकट भविष्यमा आउने छ; त्यस भावी मन्वन्तरका विषयमा म तिमीलाई विस्तृत रूपमा बताउनेछु, तिमी ध्यानपूर्वक सुन। यी सावर्णि त्यो आठौँ मन्वन्तरका मनु हुनेछन्। ती देवताहरूका प्रत्येक गणमा बीस बीसको समूह रहनेछ। अब अगाडि सप्तर्षिहरूका विषयमा बताउनेछु, दीप्तिमान्, गालव, राम, कृप, द्रोणपुत्र अश्वत्थामा, मेरा पुत्र व्यास र सातौँ ऋष्यशृङ्ग यी सात सावर्णि मन्वन्तरमा सप्तर्षि हुनेछन्। श्रीविष्णुका प्रभावले पाताललोकमा बस्ने

निष्पाप विरोचनका पुत्र बलि त्यस मन्वन्तरमा इन्द्र हुनेछन् तथा सावर्णि मनुका पुत्रहरू विरजा, ऊर्वरीवान् र निर्मोहसमेत त्यस समयका अत्यन्त प्रभावशाली राजा हुनेछन् भने नवौँ मन्वन्तरका मनु दक्षसावर्णि नाम भएका हुनेछन् तथा त्यस समयमा प्रत्येक गणमा बाह्र–बाह्र देवता भएको पार, मरीचिगर्भ र सुधर्मा यी तीन किसिमका देवगण हुनेछन्। तिनीहरूको अधिपति अतिपराक्रमी अद्भुत नाम भएका इन्द्र हुनेछन्। त्यो दक्षसावर्णि मन्वन्तरमा सबल, द्युतिमान्, भव्य, वसु, मेधातिथि, ज्योतिष्मान् र सातौँमा सत्य नाम भएका ऋषिहरू सप्तर्षि हुनेछन्। ती नवौँ मनु दक्षसावर्णिका धुतकेतु, दीप्तिकेतु, पञ्चहस्त, निरामय र पृथुश्रवालगायत नाम भएका पुत्रहरू हुनेछन्। दशौँ मनु ब्रह्मसावर्णि नाम भएका हुनेछन् तथा सुधामा र विशुद्ध नाम भएका दुई देवगण हुनेछन्, जसको प्रत्येक गणमा सय–सय देवता रहनेछन्।

त्यस समयमा शान्ति नाम भएका अत्यन्त बलशाली र महान् तेजस्वी इन्द्र हुनेछन् तथा जो–जो सप्तर्षिहरू हुनेछन् तिनीहरूको नाम पनि सुन। त्यस समयका सप्तर्षिहरूको नाम हविष्मान्, सुकृत, सत्य, तपोमूर्ति, नाभाग, अप्रतिमौजा र सत्यकेतू हो भने सुक्षेत्र, उत्तमौजा र हरिसेनलगायत ब्रह्मसावर्णि मनुका अत्यन्त बलवान् दश पुत्रहरूले त्यस समयमा पृथ्वीको रक्षा गर्नेछन्। यसरी नै एघारौँ मनु धर्मसावर्णि हुनेछन्। त्यस समयमा देवताका गण विहङ्गम, कामगम र निर्वाणरति हुनेछन्। यी तीनोटै गणमा प्रत्येकमा तीस–तीस देवता रहनेछन् र त्यस समयमा वृष नाम भएका अत्यन्त प्रभावशाली इन्द्र हुनेछन्। ती धर्मसावर्णि मनुका समयमा निश्चर, अग्नितेजा, वपुष्मान्, विष्णु, आरुणि,हविष्मान् र अनघ नाम भएका सप्तर्षि हुनेछन् तथा ती धर्मसावर्णि मनुका सर्वग, सर्वधर्मा र देवानीक आदि नाम भएका अत्यन्त पराक्रमी एवं तेजस्वी पुत्र त्यस समयमा पृथ्वीका राजा हुनेछन्। रुद्रपुत्र सावर्णि बाह्रौँ मनु हुनेछन्। त्यस समयका इन्द्रको नाम ऋतधामा हुनेछ र त्यस समयका देवताहरूको नाम पनि सुन। त्यस समयमा हति, रोहित, सुमना, सुकर्मा र तारा नाम भएका पाँचोटा गण हुनेछन् र यी प्रत्येक गणमा दश–दश देवता रहनेछन् भने तपस्वी, सुतपा, तपोमूर्ति, तपोरति, तपोधृति, द्युति र तपोधन यी सात त्यस समयका सप्तर्षिहरू रहनेछन्।

अब त्यस समयका मनुका पुत्रहरूको नामका विषयमा सुन। त्यस समयका मनुका देववान्, उपदेव, देवश्रेष्ठ नाम भएका अतिबलशाली र तेजस्वी

पुत्रहरू राजा हुनेछन् । तेह्रौं मनु रौच्य नाम भएका हुनेछन् । यस मन्वन्तरमा सुमात्रा, सुकर्मा र सुधर्मा नाम भएका तीनओटा देवगण हुनेछन् भने यिनीहरूका प्रत्येक गणमा तेत्तीस–तेत्तीस देवता रहनेछन्। त्यस मन्वन्तरमा अत्यन्त बलवान् र तेजस्वी दिवस्पति नाम भएका इन्द्र हुनेछन् तथा निर्मोह, तत्त्वदर्शी, निष्प्रकम्प्य, निरुत्सुक्, धृतिमान्, अव्यय र सुतपा यी सात त्यस मन्वन्तरका सप्तर्षि हुनेछन्। अब मनुका पुत्रहरूको नामका विषयमा सुन। चित्रसेन, विचित्रलगायत नाम भएका उनका पुत्रहरू त्यस मन्वन्तरका अत्यन्त बलशाली र प्रतापी राजाहरू हुनेछन्। चौधौँ मन्वन्तरमा भौम नाम भएका मनु हुनेछन् । त्यस समयमा शुचि नाम भएका इन्द्र रहनेछन्। त्यस मन्वन्तरमा चाक्षुष, पवित्र, कनिष्ठ, भ्राजिक र वचोवृद्ध नाम भएका पाँचोटा देवगण हुनेछन् भने त्यो मन्वनतरमा अग्निबाहु, शुचि, शुक्र, मागध, अग्निध्र, युक्त र जित नाम भएका सप्तर्षि हुनेछन् । त्यस समयमा ती मनुका ऊरु, गभीर, ब्रध्नलगायत नाम भएका पुत्रहरू हुनेछन्, जसले अत्यन्त प्रतापी राजा भएर सम्पूर्ण पृथ्वीको पालनपोषण गर्नेछन् । यी चारोटा युगहरूको अन्तमा सबै देवको लोप हुनेछ । यसकारण त्यस समयमा सप्तर्षिहरू स्वर्गबाट पृथ्वीमा आएर ती लुप्त अवस्थामा रहेका वेदको फेरि प्रचारप्रसार र प्रवर्द्धन गर्ने कार्य गर्नेछन् । प्रत्येक सत्ययुगको आरम्भमा मनुष्यहरूको धर्म र मर्यादालाई स्थापित गराउनका लागि स्मृति र धर्मशास्त्रहरूको रचना गर्नका लागि मनुहरूको प्रादुर्भाव हुने गर्दछ तथा त्यो समाप्त नभएसम्म त्यस समयका देवताहरूले यज्ञभाग भोग गर्दछन्। त्यस समयमा जुन मनुका पुत्रहरू रहेका हुन्छन्, तिनीहरू र तिनका वंशजहरूले मन्वन्तर समाप्त नभएसम्म पृथ्वीको पालनपोषण गर्ने कार्य गरिरहन्छन्। यसप्रकारले मनु, सप्तर्षि, देवता, इन्द्र र मनुका पुत्र राजाहरू आआफ्ना मन्वन्तरहरू बितिसकेपछि एक हजार युग पूर्ण रूपमा समाप्त हुन्छन् तथा यतिमात्र भएको गुणको समयलाई एक कल्प भनिन्छ।

एक हजार युग भएको एक कल्प बितिसकेपछि एक हजार युग बराबरको एक रात हुन्छ । त्यो रातका समयमा ब्रह्मरूप धारण गर्नुभएका भग श्रीविष्णु प्रलयकालीन जलमाथि शेष नागको शय्यामा अतिआनन्दपूर्वक सुत्नुहुन्छ। त्यस समयमा चराचर जगत्का आदिकर्ता सर्वव्यापक सर्वप्राणीस्वरूप श्रीविष्णु तीनोटै लोकहरूलाई आफ्नो भोजन बनाएर आफ्नो योगमायामा विराजमान रहनुहुन्छ। त्यसपछि प्रलयका समयको रात सकिएपछि सबै कल्पहरूको आरम्भमा परब्रह्म

परमात्माले जगृतावस्थामा फर्किएर रजोगुणको आश्रयका माध्यमद्वारा पहिलेको जसरी नै सृष्टिको निर्माण गरिदिनुहुन्छ। मनु, मनुका पुत्र राजा, इन्द्र देवता र सप्तर्षिहरू यी सबैले जगत्को पालनपोषण गर्ने कार्य गर्ने भएकाले यिनीहरूलाई परब्रह्म परमात्माको सात्त्विक अंश बताइएको छ। अवस्थितिका हर्ताकर्ता श्रीविष्णुले चारोटै युगमा जस्ता किसिमले युगहरूको व्यवस्थापन गर्नुहुन्छ, अब त्यस विषयमा बताउँछु। उहाँ प्राणीहरूको कल्याण गर्न तत्पर रहनु भएका समस्त प्राणीमात्रका आत्मा श्रीविष्णुले सत्ययुगमा कपिललगायतका ऋषिको स्वरूप धारण गरेर परम ज्ञानको उपदेश दिनुहुन्छ। त्रेतायुगमा उहाँले अतिपराक्रमी र वैभवशाली राजाको स्वरूप धारण गरेर दुष्टहरूको संहार गर्दै तीनोटै लोकको पालनपोषण गर्नुहुन्छ।

यसपछि द्वापर युगमा उहाँले वेदव्यासको स्वरूप धारण गरेर एउटै वेदलाई चार भागमा विभाजन गर्दै सैकडौँ शाखाहरूमा त्यसको विस्तृत रूपमा विस्तार गरिदिनुहुन्छ। यस किसिमले द्वापर युगमा वेदको विभाजन गरिसकेपछि कलियुगको अन्तमा उहाँ श्रीविष्णुले कल्किस्वरूप धारण गरेर (पुराणहरूअनुसार उहाँले कलियुगको अन्तमा शम्भल नाम भएको गाउँमा विष्णुयश ब्राह्मणको घरमा प्रकट भएर वेददत्त नामको घोडा चढेर तरवारले पापीहरूलाई काट्दै पृथ्वीको परिक्रमा गर्नुहुन्छ) दुराचारीहरूलाई सदाचारी बनाइदिनुहुन्छ। यस किसिमले श्रीविष्णुले सधैँ यस जगत्को सृष्टि, पालन एवं संहार गर्नुहुन्छ तथा यो समग्र विश्वमा त्यस्तो कुनै वस्तु रहेको छैन, जुन उहाँबाट अलग होस्। यस लोक र परलोकमा वितिसकेको समयमा, अब अगाडि आउने समयमा र वर्तमान समयमा जति पनि वस्तु वा पदार्थहरू थिए, छन् र हुनेछन्, ती सबै श्रीविष्णुबाटै उत्पन्न भएका हुन्। यसप्रकारले मैले तिमीलाई सबै विषयमा पूर्ण रूपमा बताइदिएँ। मैले तिम्रो जिज्ञासाअनुसार समस्त मन्वन्तरहरूका विषयमा पनि वर्णन गरिदिएँ। अब यसभन्दा अगाडि के सुन्ने जिज्ञासा रहेको छ ? सो विषयमा सोध।

मैत्रेयले भने– हजुरका वचनहरूका माध्यमद्वारा यो चराचर जगत् श्रीविष्णुबाट उत्पन्न भएको ज्ञान भयो, उहाँमै अवस्थित रहेको छ; विष्णुमय छ तथा उहाँभन्दा अलग केही पनि छैन। तर अब म वेदव्यास स्वरूप धारण गर्नुभएका श्रीविष्णुले कस्ता किसिमले वेदहरूको विभाजन गर्नुभएको हो, त्यसका विषयमा सुन्न चाहन्छु। जुन युगमा जो वेदव्यास भएका थिए, तिनीहरूका विषयमा तथा

वेदहरूको शाखा र उपशाखाहरूका विषयमा विस्तृत रूपमा बताइदिनुहोस्।

पराशरले भन्नुभयो– यो वेदरूपी वृक्षका हजारौँ शाखा रहेका हुनाले तिनीहरूका विषयमा विस्तारपूर्वक वर्णन गर्न सम्भव छैन; त्यसकारण सङ्क्षेपमा बताउनेछु ध्यानपूर्वक सुन। प्रत्येक कल्पको द्वापर युगमा श्रीविष्णु वेदव्यासका स्वरूपमा प्रकट भएर संसारको कल्याणका लागि एउटा वेदलाई अनेक शाखा र उपशाखामा विभाजन गरिदिनुहुन्छ। उहाँ भगवान् श्रीविष्णुले मनुष्यहरूको शक्ति, तेज़ र बललाई अत्यन्त अल्प भएको जानेर प्राणीमात्रको कल्याण होस् भन्ने अभिप्रायले वेदको विभाजन गरिदिनुभएको हो। जुन शरीरका माध्यमद्वारा श्रीविष्णुले एक रहेको वेदलाई अनेकौँ शाखा र उपशाखाहरूमा विभाजन गरिदिनुभएको छ, उहाँको त्यो शरीर वेदव्यासका नामबाट प्रख्यात भएको छ तथा जुन मन्वन्तरमा जो व्यास हुनेछन् र ती वेदव्यासले जस्ता किसिमले शाखाहरूको विभाजन गर्नेछन्, त्यसका विषयमा बताउँछु। यस वैवस्वत मन्वन्तरका समयमा फेरि द्वापर युगमा व्यास महर्षिहरूले अहिलेसम्म पटकपटक गरेर अट्ठाईस पटक वेदहरूको विभाजन गरिसकेका छन् भने सबैभन्दा पहिलो द्वापरयुगमा स्वयं ब्रह्माले वेदको विभाजन गर्नुभएको थियो। दोस्रो द्वापरयुगमा प्रजापति वेदव्यास भए भने तेस्रो द्वापरयुगमा शुक्राचार्य र चौथो द्वापरयुगमा बृहस्पति व्यास भएका थिए। यसैगरी पाँचौँ द्वापरयुगमा सूर्य तथा छैटौँ द्वापरयुगमा यमराज वेदव्यास भएका थिए भने सातौँ द्वापरयुगका वेदव्यास इन्द्र, आठौँ द्वापरयुगका वेंदव्यास वसिष्ठ, नवौँ द्वापरयुगका वेदव्यास सारस्वत र दशौँ द्वापरयुगका वेदव्यास त्रिधामा भएका थिए। यसरी नै एघारौँ द्वापरयुगका वेदव्यास त्रिशिख भए, बाह्रौँ द्वापरयुगका वेदव्यास भरद्वाज भए भने तेह्रौँ द्वापरयुगका वेदव्यास अन्तरिक्ष भए र चौधौँ द्वापरयुगका वेदव्यास वप्री भए। यसैगरी पन्ध्रौँ द्वापरयुगको वेदव्यास त्रय्यारुण भए, सोह्रौँ द्वापरयुगका वेदव्यास धनञ्जय भएका थिए। यसरी नै सत्रौँ द्वापरयुगका वेदव्यास ऋतुञ्जय भएका थिए भने अठारौँ द्वापरयुगका वेदव्यास ऋणज्य भएका थिए। यस्तै किसिमले उन्नाईसौँ द्वापरयुगमा फेरि भरद्वाज नै वेदव्यास भए तथा बीसौँ द्वापरयुगमा गौतम वेदव्यास भए। एक्काईसौँ द्वापरयुगमा हर्यात्मा नाम भएका वेदव्यास भए। बाईसौँ द्वापरयुगमा वाजश्रवा ऋषि वेदव्यास भए भने तेईसौँ द्वापरयुगमा सोमशुष्म वंशका तृणबिन्दु वेदव्यास भएका थिए। यसरी नै चौबीसौँ द्वापरयुगमा भृगुवंशमा उत्पन्न भएका ऋक्ष देवव्यास भए, जसलाई मनुष्यहरूले

बाल्मीकि भन्दछन्। यसपछि पच्चीसौँ द्वापरयुगमा मेरा पिताश्री शक्ति वेदव्यास भए भने छब्बीसौँ द्वापरयुगमा म पराशर वेदव्यास भएँ। यसपछि सत्ताईसौँ द्वापरयुगमा जातुकर्ण नाम भएका वेदव्यास भए र अन्तको अट्ठाईसौँ द्वापरयुगमा कृष्णद्वैपायन वेदव्यास भए। यसप्रकार यी अट्ठाईस वेदव्यास प्राचीन हुन्। यी सबैले द्वापरयुगको आरम्भमा एक भागमा रहेको वेदलाई चार भागमा विभाजन गरेका हुन्। र मेरा पुत्र कृष्ण द्वैपायनपछि अब आउने द्वापरयुगमा द्रोणाचार्यका पुत्र अश्वत्थामा वेदव्यास हुनेछन्।

ॐ भन्ने ध्रुवसत्य एक अक्षर नै ब्रह्म हो भने यो अत्यन्त बृहत् र व्यापक भएकाले ॐलाई ब्रह्म भनिएको हो। भूर्लोक, भुवर्लोक र स्वर्गलोक यी तीनोटै लोक प्रणवमा अवस्थित रहेको बताइन्छ तथा प्रणव नै ऋग्वेद, यजुर्वेद, सामवेद तथा अथर्ववेदमय रूप हो। यसकारण ॐ कारस्वरूप ब्रह्मलाई नमस्कार छ। जो समग्र जगत्को उत्पत्ति र प्रलयको कारकतत्त्व हुनुहुन्छ तथा बुद्धितत्त्वभन्दा पनि अतिसूक्ष्म हुनुहुन्छ। उहाँ ॐ कारस्वरू परब्रह्मलाई नमस्कार छ। जो जान्न नसकिने, पार पाउन नसकिने र नाश नहुने हुनुहुन्छ तथा जो समग्र संसारलाई मोहका वशमा पार्ने तमोगुणको आश्रय हुनुहुन्छ भने सत्त्वगुण र रजोगुणका माध्यमद्वारा पुरुषहरूलाई भोग एवं मोक्षरूप परमपुरुषार्थ दाता हुनुहुन्छ। जो साङ्ख्यज्ञानीहरूको परमनिष्ठा हुनुहुन्छ; शम, दमसम्पन्न पुरुषहरूका लागि प्राप्त हुने स्थान तथा जो अव्यक्त र अविनाशी हुनुहुन्छ भने क्रियाशील ब्रह्म भए तापनि निरन्तर स्थिर रहनुहुन्छ। यस प्रकार जसलाई प्रधान स्वयम्भू र अन्तर्यामी भनेर सम्बोधन गरिन्छ तथा जो विभागरहित अत्यन्त प्रकाशमय, नाश नहुने र अनेकौँ स्वरूपसम्पन्न हुनुहुन्छ तथा जो परमात्मास्वरूपी श्रीविष्णुस्वरूप हुनुहुन्छ। उहाँ ॐ कारस्वरू परब्रह्म परमात्मालाई सधैँ नमस्कार छ। जो ॐ कारस्वरूप परब्रह्म भए तापनि आकार, उकार र मकार यी तीन किसिमका भेदहरू भएको हुनुहुन्छ। यी सम्पूर्ण भेदहरूमा अभेदरूपबाटअवस्थित हुनु भए तापनि भेदबुद्धि भएकाहरूले भेदरूप नै सम्झन्छन्। उहाँ सर्वात्मा ऋक्, यजुः, साममय हुनुहुन्छ तथा ऋक्, यजुः, सामवेदको तत्त्वस्वरूप त्यो ॐ कार नै सम्पूर्ण शरीरधारीहरूको आत्मा हो। सर्ववेदमय उहाँ ऋग्वेदादि रूपबाट अलग भएर रहनुहुन्छ तथा उहाँले आफ्नो वेदमय स्वरूपलाई अनेकौँ शाखामा विभाजित गरिदिनुहुन्छ। त्यसरी नै उहाँ परब्रह्म परमात्मा सम्पूर्ण शाखाहरूका रचयिता र तिनीहरूको ज्ञानस्वरूप पनि हुनुहुन्छ।

सृष्टिको आरम्भमा ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद नामरूपी चार पादसम्पन्न एक लाख मन्त्र भएको एउटा वेद थियो। त्यस समयमा सबै किसिमका कामनाहरू पूर्ण गराइदिने अग्निहोत्रसहितका दश किसिमका यज्ञ हुन्थे। त्यसपछि अट्ठाईसौँ द्वापरयुगमा मेरो पुत्र कृष्णद्वैपायनले चार पादसम्पन्न एउटा वेदलाई चार भागमा विभाजन गरिदिए। ती बुद्धिमान् वेदव्यासले जुन किसिमबाट एउटा वेदलाई चार भागहरूमा विभाजन गरे, त्यसरी नै अन्य सबै वेदव्यासले तथा मैले पनि वेदको विभाजन गरेको थिएँ। सबै चतुर्युगहरूमा यस किसिमले वेदको पाठ हुने गर्दछ; यो प्रचलित नियम भएको सम्झनुपर्दछ। तर कृष्णद्वैपायनलाई तिमी साक्षत् भगवान् नारायण नै सम्झ। किनकि यो समग्र संसारमा स्वयं नारायणबाहेक अन्य कसले महाभारतको रचना गर्न सक्दछ ? यो सम्पूर्ण द्वापरयुगमा मेरा पुत्र कृष्णद्वैपायनले जस्ता प्रकारले वेदहरूको विभाजन गरेका थिए, त्यसको वास्तविकताका विषयमा मबाट पूर्ण रूपमा सुन।

ब्रह्माबाट अभिप्रेरित भएर व्यासले जब वेदहरूको विभाजन गर्ने कार्य आरम्भ गरे। त्यस समयमा उनले वेदहरूको आरम्भदेखि अन्तसम्म वास्तविक रूपमा अध्ययन गरेका चार शिष्यहरूलाई साथमा लिएका थिए। ती महामुनिले तिनीहरूमध्ये पैल ऋषिलाई ऋग्वेद पढाए भने वैशम्पायन ऋषिलाई यजुर्वेद पढाए। यसरी नै जैमिनिलाई सामवेद पढाए तथा सुमन्तुलाई अथर्ववेदको ज्ञाता बनाए। यसप्रकार परमबुद्धिमान् वेदव्यासका यी चारोटै शिष्य वेदका विषयमा पूर्ण रूपमा ज्ञानसम्पन्न भए। यसबाहेक कृष्णद्वैपायन वेदव्यासले अतिबुद्धिमान् रोमहर्षणलाई इतिहास र पुराणको शिष्य बनाए। प्राचीन कालमा यजुर्वेद एउटै मात्र थियो। त्यसलाई उनले चार भागमा विभाजन गरिदिए। यसकारण त्यसबाट चातुर्होत्र अर्थात् चार हातबाट गरिने यज्ञ भयो र यस चातुर्होत्रको विधानअनुसार यज्ञको व्यवस्था गरे। ती अतितीक्ष्ण बुद्धि भएका वेदव्यासले यजुर्वेदबाट यज्ञ गराउने ऋत्विक्को, ऋग्वेदबाट होताको, सामवेदबाट उद्गाताको र अथर्ववेदका माध्यमद्वारा ब्रह्मकर्मको स्थापना गरे। यसपछि उनले ऋग्वेदका श्रुतिहरूलाई निकालेर ऋग्वेदको तथा यजुर्वेदका श्रुतिहरूलाई निकालेर यजुर्वेदको रचना गर्ने कार्य गरे भने सामवेदका श्रुतिहरूका माध्यमद्वारा सामवेदको पनि रचना गरिदिए। त्यसपछि वेदव्यासले अथर्ववेदका माध्यमद्वारा सबै राजकर्म र ब्राह्मणत्वको व्यवस्था पनि बनाए।

यसप्रकारले वेदव्यासले एउटै वेदरूपी रूखलाई चार भागमा विभाजन गरिदिए भने चारोटै वेदरूपी रूखबाट वेदका रूखले यथार्थ भरिएको वेदमय वन उत्पन्न भयो। तिनीहरूमध्ये सबैभन्दा पहिले पैलले ऋग्वेदरूपी रूखलाई दुई भागमा विभाजन गरेर त्यसमध्ये एक भाग इन्द्रप्रमतिलाई र एक भाग बाष्कललाई पढाए। फेरि बाष्कलले पनि आफ्नो शाखालाई चार भागमा विभाजन गरेर तिनीहरूका विषयमा बौध्यलगायतका आफ्ना शिष्यलाई उपदेश दिए। त्यस बाष्कलीय शाखाका चारोटै प्रशाखाहरूलाई उनका शिष्यहरू बौध्य, अग्निमाठर, याज्ञवल्क्य र पराशरले ग्रहण गरे। इन्द्रप्रमतिले आफ्नो शाखा आफ्ना पुत्र माण्डुकेयलाई पढाए। यस किसिमले उनका शिष्य, प्रशिष्यहरूमा तथा उनका पुत्र र शिष्यहरूमा त्यस शाखाको व्यापक रूपमा प्रचारप्रसार भयो। यो शिष्यपरम्परानुसार शाकल्य वेदमित्रले पनि त्यो संहिताको अध्ययन गरे र त्यसलाई पाँच शाखाहरूमा विभाजन गरेर आफ्ना पाँच शिष्यहरूलाई त्यो पढाए। उनका जुन पाँच शिष्यमा मुद्गल, गोमुख, वात्स्य, शालीय र शिशिर थिए। उनका यी शिष्य ज्यादै बुद्धिमान् थिए। उनका अर्का एक शिष्य शाकपूर्णिले तीनोटा संहिताको र चौथाले एक निरुक्त ग्रन्थ रचना गरेका थिए। यी तीनोटै संहिताको अध्ययन गर्ने महामुनि क्रौञ्च, वैतालिक र बलाक नाम भएका शिष्य थिए तथा निरुक्तको अध्ययन गर्ने उनका चौथा शिष्य वेदवेदा मा पार त अर्थात् त्यसका विषयमा पूर्ण रूपमा ज्ञान हासिल गरेका निरुक्तका रचयिता भए। यसप्रकार वेदरूपी रूखका हाँगा, प्रतिहाँगाहरूबाट नै सहायक हाँगाहरू बाष्कलले पनि आफ्नो भागको संहिताबाट तीन शाखाहरूको रचना गरे। ती शाखाहरूको अध्ययन गर्ने उनका तीन शिष्यको नाम कालायनि, गार्ग्य र कथाजव रहेको थियो। यसप्रकार जसले यी शाखाहरूको प्रवर्द्धन गरेका थिए, ती बह्वचका नामबाट प्रख्यात भए।

महर्षि वेदव्यासका शिष्य वैशाम्पायनले यजुर्वेदरूपी रूखलाई सत्ताईस शाखामा विभाजन गरेका थिए। उनले ती शाखाहरू आफ्ना शिष्यहरूलाई पढाए तथा शिष्यहरूको पनि क्रमबद्ध रूपमा अध्ययन गरे। उनका शिष्यहरूमा ब्रह्मरातका पुत्र याज्ञवल्क्य पनि रहेका थिए। ती ब्रह्मरातका पुत्र ब्राह्मण याज्ञवल्क्य ज्यादै धर्मज्ञ भएकाले उनी सधैँ आफ्ना गुरुको सेवामा एकाग्रतापूर्वक लागिरहन्थे। प्राचीन कालमा सबै ऋषि भेला भएर उनीहरूले एउटा नियम बनाए। त्यसमा भनिएको थियो, जुन ऋषिहरू सुमेरु पर्वतमा रहेको हाम्रो समाजमा सम्मिलित

हुँदैनन्, तिनीहरूलाई सात रात बितिसकेपछि ब्रह्महत्या गरेको पाप लाग्नेछ। वैशम्पायनबाहेक सबै ऋषिले यस नियमको पूर्ण रूपमा पालना गरे। यसपछि उनका चरणको स्पर्श हुनेबित्तिकै उनका भान्जाको मृत्यु भयो।

यसप्रकारको घटना भएपछि वैशम्पायनले आफ्ना शिष्यहरूसँग भने– तिमीहरूले अन्य कुनै कुराको विचार नगरी मद्वारा भएको ब्रह्महत्या निवारणका लागि व्रत गर, जसबाट म यो पापबाट पूर्ण रूपमा मुक्त हुन सकूँ।

त्यसपछि याज्ञवल्क्यले भने– यी सबै ब्राह्मणहरू पूर्ण रूपमा निस्तेज भएकाले यिनीहरूमा त्यस किसिमको सामर्थ्य छैन, यसैले यिनीहरूलाई कष्ट दिनु व्यर्थ छ। हजुरका लागि म स्वयं यो व्रत गर्नेछु।

उनका यस्ता कुरा सुनेर धेरै रिसाएका गुरु वैशम्पायनले याज्ञवल्क्यसँग भने– तिमीले यसरी ब्राह्मणहरूको अपमान गरेको हुनाले तिमीले मबाट जेजति शिक्षा हासिल गरेका छौ त्यो सबै त्याग गरिदेऊ। तिमीले यी उत्तम ब्राह्मणहरूलाई शक्ति नभएका बतायौ। यसकारण मेरो आज्ञाको उल्लङ्घन गर्ने तिमीजस्ता शिष्यसँग मेरो कुनै मतलव छैन, तिमी मेरा लागि पूर्ण रूपमा निकम्बा ठह्यौ।

याज्ञवल्क्य भने– मैले त तपाईंको भक्तिबाट पूर्ण रूपमा अभिप्रेरित भएर यस प्रकारका वचन बोलेको थिएँ, मलाई पनि कुनै आवश्यकता छैन, मैले यहाँ बसेर जे अध्ययन गरेको थिएँ, त्यो यही हो।

पराशरले भन्नुभयो– यति भनिसकेपछि याज्ञवल्क्य रगताम्मे भएको मूर्तिमान यदुर्वेदलाई उल्टी गरेर आफ्ना गुरुलाई दिएर स्वेच्छापूर्वक त्यहाँबाट हिंडे। याज्ञवल्क्य मुनिद्वारा त्यसरी उल्टीद्वारा परित्याग गरिएको यजुर्वेदलाई अन्य शिष्यहरूले तित्रा चराको रूप धारण गरेर ग्रहण गरे। यसकारण त्यो तैत्तिरीयका नामबाट प्रख्यात भएको हो। जुन शिष्यहरूले गुरुको प्रेरणाले गर्दा ब्रह्महत्याबाट मुक्त हुनका लागि व्रतको आचरण गरेका थिए, ती सबै व्रताचरणका कारणले गर्दा यजुः शाखाध्यायी चरकाध्वर्युका नामबाट प्रख्यात भए। त्यसपछि, याज्ञवल्क्यले यजुर्वेद प्राप्तिको कामनाले अभिप्रेरित भएर प्राणहरूलाई पूर्ण रूपमा अफ्नो नियन्त्रणमा राखेर संयमित चित्तपूर्वक सूर्यको स्तुति गरे।

याज्ञवल्क्यले भने– मोक्षको ढोकास्वरूपी अतुलनीय तेजस्वी सूर्यलाई नमस्कार छ। वेदत्रयरूप, तेजसम्पन्न, ऋक्, यजुः तथा सामस्वरूप सवितादेवलाई नमस्कार छ। यो जगत्का कारण अग्नि तथा चन्द्रमास्वरूप, सुषुम्न नाम भएको

परम तेजसम्पन्न भास्करलाई नमस्कार छ। कला, काष्ठा, निमेषलगायत समयको ज्ञानका कारणस्वरूप, ध्यान गर्न योग्य विष्णुस्वरूप र परम अक्षयरूप सूर्यलाई नमस्कार छ। जसले आफ्ना किरणद्वारा चन्द्रमालाई पुष्ट बनाएर देवताहरूको अचल स्वधारूपी अमृतबाट पितृहरूलाई तृप्त गराइदिनुहुन्छ, उहाँ तृप्तिस्वरूप सूर्यलाई नमस्कार छ। जो शीतल, वर्षा र गर्मिको कारणस्वरूप हुनुहुन्छ तथा जो समग्र जगत्को पोषणकर्ता हुनुहुन्छ, उहाँ त्रिकालस्वरूप सूर्यलाई नमस्कार छ। जो जगत्पतिले यस संसारको अन्धकारलाई पूर्ण रूपमा हटाइदिनुहुन्छ, उहाँ सात्त्विक तेजसम्पन्न विवस्वान्लाई नमस्कार छ। जसको उदय नभएसम्म मनुष्य सत्कर्म गर्नका लागि योग्य हुँदैन, जल शुद्धिको कारण हुन सक्तैन, उहाँ भास्करलाई नमस्कार छ। जसका किरणको स्पर्श भएपछि यो संसार कर्म गर्नका लागि योग्य हुन्छ, उहाँ पवित्रताका कारणस्वरूप सूर्यलाई नमस्कार छ। सविता, सूर्य, भास्कर, विवस्वान् र समग्र प्राणीमात्रका आदिस्वरूप आदित्यलाई नमस्कार छ। जसको रथ तेजोमय छ, जसमा प्रज्ञारूप ध्वजाहरू रहेका छन्, जसको रथलाई छन्दोमय घोडाहरूले तानेका छन्, उहाँ त्रिभुवनलाई प्रकाशमय गराउनुहुने आँखास्वरूप भास्करलाई नमस्कार छ।

पराशरले भन्नुभयो– यसरी ती याज्ञवल्क्य मुनिद्वारा स्तुति गरिएपछि भगवान् भास्कर घोडाको स्वरूप धारण गरेर प्रकट हुनुभयो र भन्नुभयो–तिमी आफ्नो मनोकामना अनुसारको वरदान माग।

त्यसपछि याज्ञवल्क्यले उहाँलाई प्रणाम गरेर भने–तपाईंले मलाई ती यजुर्वेदका श्रुतिहरूको उपदेश दिनुहोस्, जुन श्रुतिहरू मेरा गुरु वैशम्पायनसँग पनि नभएका हुन् अर्थात् त्यसका विषयमा उहाँलाई पनि ज्ञान नभएको होस्। याज्ञवल्क्यले यस किसिमको अनुरोध गरिसकेपछि भगवान् सूर्यले उनलाई अयातमाय नाम भएका यजुर्वेदका श्रुतिहरूको उपदेश दिनुभयो, जुन उनका गुरुले पनि जानेका थिएनन्। जुन ब्राह्मणले यी श्रुतिको अध्ययन गरेका थिए, तिनीहरू वाजि नामबाट प्रख्यात भएका थिए। किनकि सूर्यले उपदेश दिँदाका समयमा घोडाको स्वरूप धारण गर्नुभएको थियो। ती वाजी श्रुतिहरूका काण्व आदि पन्ध्र शाखाहरू रहेका छन्। ती सबै शाखाहरू महर्षि याज्ञवल्क्यद्वारा प्रचलनमा ल्याइएका हुन्।

पराशरले भन्नुभयो– वेदव्यासका शिष्य जैमिनिले जुन क्रमबाट

सामवेदरूपी वृक्षका शाखाहरूको विभाजन गरेका थिए, त्यसका विषयमा मबाट विस्तारमा सुन। जैमिनिका पुत्रको नाम सुमन्तु थियो भने उनका पुत्रको नाम सुकर्मा थियो। यी अतितीक्ष्ण बुद्धि भएका दुवैले सामवेदका एक–एक शाखाको अध्ययन गरेका थिए। यसपछि समन्तुका पुत्र सुकर्माले आफ्नो सामवेदसंहितालाई एकहजार शाखमा विभाजन गरिदिए । यसरी विभाजन गरिएका शाखाहरूलाई उनका कौशल, हिरण्यनाभ र पौष्पिञ्जि नाम भएका अत्यन्तै धर्मात्मा शिष्यहरूले ग्रहण गरे । हिरण्यनाभका उदीच्य सामगका नामबाट प्रख्यात भएका पाँच सय शिष्य थिए। यसप्रकार जुन ब्राह्मणहरूले यति नै संहिताहरूका विषयमा हिरण्यनाभसँग अध्ययन गरेका थिए, तिनीलाई ज्ञानीहरूले प्राच्यसामग भन्दछन्। पौष्पिञ्जिका शिष्यहरूको नाम लोकाक्षि, नौधमि, कक्षिवान् र लाङ्गलि थियो। उनका शिष्य र उपशिष्यहरूले आफ्ना संहिताहरूको विभाजन गरेर अनेकौँ भेद भएको बनाए। हिरण्यनाभका अर्का एक शिष्य थिए, जसको नाम महामुनि कृति थियो। ती कृतिले आफ्ना शिष्यहरूलाई सामवेदको चौबीस संहिताहरूका विषयमा अध्ययन गराएका थिए । त्यसपछि उनीहरूले पनि सामवेदवलाई अनेकौँ शाखामा विभाजन गरिदिए।

अब म तिमीलाई अथर्ववेदका संहिताहरूको समूहका विषयमा बताउँछु। अथर्ववेदका विषयमा सबैभन्दा पहिले असीम तेजसम्पन्न सुमन्तु मुनिले आफ्ना शिष्य कबन्धलाई पढाए। त्यसपछि कबन्धले त्यसलाई दुई भागमा विभाजन गरेर देवदर्श र पथ्य नाम भएका आफ्ना दुई शिष्यलाई बाँडिदिए। देवदर्शका मौद्गल्य, ब्रह्मबलि, शौक्तायनि र पिप्पलाद नाम भएका शिष्य थिए। पथ्यका जाबालि, कुमादादि र शौनक नाम भएका तीनोटा शिष्य थिए। उनीहरूले संहिताहरूको विभाजन गरे । शौनकले पनि आफ्ना भागमा रहेको संहितालाई दुई भागमा विभाजन गरेर त्यसमध्येको एक भाग वभ्रुलाई र अर्को भाग सुधन्वायन नाम भएका आफ्ना शिष्यलाई दिए। सैन्धवबाट मुञ्जिकेशले अध्ययन गरिसकेपछि पहिले दुई भागमा र पछि फेरि तीन भागमा गरेर पाँच भागमा विभाजन गरिदिए। नक्षत्रकल्प, वेदकल्प, संहिताकल्प, अ रसकल्प र शान्तिकल्प यी मुञ्जिकेशद्वारा रचना गरिएका कल्पहरू हुन्। यी पाँच भागलाई अथर्ववेद संहिताहरूमा सर्वोत्तम पक्ष मानिएको छ।

त्यसपछि पुराणहरूका विषयमा यथार्थ रूपमा ज्ञान भएका वेदव्यासले

आख्यान, उपाख्यान, गाथा र कल्पशुद्धिका साथै पुराण संहिताको रचना गरेका थिए। सूतका कुलमा जन्मिएका रोमहर्षण वेदव्यासका अत्यन्त प्रसिद्ध शिष्य थिए। जसलाई अत्यन्त तीक्ष्ण बुद्धि भएका वेदव्यासले पुराण संहिताका विषयमा अध्ययन गराएका थिए । ती सूतका सुमति, अग्निवर्चा, मित्रायु, सांशपायन, अकृतव्रण र सावर्णि नाम भएका छओटा शिष्य थिए। कश्यप गोत्रमा उत्पन्न भएका अकृतव्रण, सावर्णि र सांशपायन संहिताका रचयिता भए। यी तीनओटै संहिताहरूको मूल रोमहर्षणको संहिता हो। यी चारोटै संहिताको सारस्वरूप यो विष्णुपुराण बताइएको छ तथा पुराणहरूमा सबैभन्दा पुरानो पुराण ब्रह्मपुराण रहेको छ। यसप्रकार पुराणका ज्ञाताहरूले मुख्य रूपमा अठार पुराण रहेको बताएका छन्। तिनीहरूमध्ये पहिलो ब्रह्मपुराण, दोस्रो पद्मपुराण, तेस्रो विष्णुपुराण, चौथो शिवपुराण र पाँचौं भागवत महापुराण रहेका छन्। यसरी नै छैटौँमा नारदपुराण, सातौँमा मार्कण्डेयपुराण रहेको छ। यसै क्रमअनुसार आठौँमा अग्निपुराण तथा नवौँमा भविष्य पुराण रहेको छ। यसरी नै दशौँमा ब्रह्मवैवर्तपुराण र एघारौँमा लिङ्गपुराण रहेको छ। यही क्रमअनुसार बाह्रौँ वराहपुराण र तेह्रौँमा स्कन्दपुराण रहेको छ। चौधौँमा वामनपुराण रहेको छ भने कूर्मपुराणलाई पन्ध्रौँ सम्झनुपर्छ। यसपछि क्रमशः मत्स्य, गरुड र ब्रह्माण्ड पुराण रहेका छन्। यी अठार पुराणलाई महापुराण भनिएको छ भने यीबाहेक अन्य उपपुराणहरू पनि रहको त्यसका ज्ञाताहरू बताउँदछन् । यी सबै पुराण र उपपुराणहरूमा सृष्टिको उत्पत्ति र प्रलय, देवतालगायतको वंश, मन्वन्तर तथा अनेकौँ राजाहरूको वंश र चरित्रका विषयमा विस्तृत रूपमा वर्णन गरिएको छ।

जुन पुराणका विषयमा मैले तिमीलाई सुनाइरहेको छु, त्यो पद्मपुराणभन्दा पछि बताइएको वैष्णव अर्थात् विष्णु नाम भएको महापुराण हो। यस महापुराणमा सृष्टि, प्रलय, वंश, मन्वन्तर आदिको वर्णनका माध्यमद्वारा सर्वत्र श्रीविष्णुका विषयमा मात्र पूर्ण रूपमा वर्णन गरिएको छ। छओटा अङ्गसहित चार वेद, मीमांसा, न्याय, पुराण र धर्मशास्त्र यी चौध किसिमका विद्याहरू रहेका छन्। यी चौधओटा भित्रैआयुर्वेद, धनुर्वेद, गन्धर्ववेद र चौथो अर्थशास्त्रको पनि समायोजन गरिसकेपछि विद्याहरूको सङ्ख्या अट्ठार भएको हो तथा सबैभन्दा पहिले ब्रह्मर्षि, त्यसपछि देवर्षि र अन्तमा राजर्षिसहित ऋषिहरूको उत्पत्ति तीन किसिमबाट भएको हुन्छ। यसप्रकार वेदहरूको शाखा, शाखाहरूको भेद, शाखाहरूका रचयिता र

शाखाहरूमा भेद रहनाको कारणका विषयमा समेत मैले तिमीलाई विस्तृत रूपमा बताइदिएँ तथा सबै मन्वन्तरमा शाखाभेद एकै किसिमका रहन्छन्। ब्रह्मबाट प्रकट हुने श्रुतिहरू नित्य हुन्। यी भेदहरू तिनीहरूको विकल्पमात्र हुन्। यसरी वेदका सम्बन्धमा तिमीले मसँग जुन प्रश्न गरेका थियौ सबै मैले तिमीलाई स्पष्ट शब्दमा सुनाइदिएँ, अब अरू के सुन्ने चाहना रहेको छ ? त्यो बताऊ।

मैत्रेयले भने– मैले हजुरसँग जुन विषयमा जान्नका लागि आफ्नो मनमा उत्पन्न भएको जिज्ञासा राखेको थिएँ, त्यसका विषयमा हजुरले पूर्ण रूपमा बताइदिनुभयो। अब मेरो मनमा अर्को एउटा प्रश्नले हलचल मच्चाइरहेको छ, म त्यसका बारेमा विस्तारपूर्वक सुन्न चाहन्छु, त्यो हजुरले मलाई बताइदिनुहोस्। सातोटै द्वीप, सातोटै पाताल र सातोटै लोक यी स्थान जुन यो ब्रह्माण्डभित्र समाहित भएर रहेक छन्, ती सबैमा स्थूल, सूक्ष्म, सूक्ष्मतर, सूक्ष्मभन्दा पनि अत्यन्त सूक्ष्म तथा स्थूल र स्थूलतर जीवहरूले पूर्ण रूपमा भरिएको छ। यसप्रकारको अतिविशाल ब्रह्माण्डमा एक अङ्गुलको आठौँ भाग मात्र बराबरको पनि यस्तो स्थान रहेको छैन, जहाँ आफूद्वारा गरिएका कर्महरूको बन्धनबाट पूर्ण रूपमा मुक्त भएको प्राणी बसेको होस्। यी सबै प्राणीले आफ्नो आयु बिताइसकेपछि तिनीहरू यमराजको स्वामित्वमा पुगेर उनको आदेशअनुसारको यातना भोग गर्दछन्। त्यसपछि आफूद्वारा गरिएका पापको फलस्वरूप पाएको यातना भोग गरिसकेपछि जीव, देवतालगायतका योनिमा घुमिरहनु पर्ने कुरा शास्त्रहरूद्वारा निर्धारण गरिएको विधि हो। यसकारण म तपाईंबाट त्यो कर्मका विषयमा सुन्न चाहन्छु, जुन कर्म गरेपछि जीवले यमराजको यातनाको त कल्पनासम्म पनि नगरौँ, यमलोकसम्म पनि जान नपरोस्।

पराशरले भन्नुभयो–यस प्रसङ्गमा जुन प्रश्न नकुलले भीष्मपितामहसँग सोधेका थिए र पितामह भीष्मले जे जवाफ दिएको थिए, त्यसका विषयमा तिमी मबाट सुन।

भीष्मले भने– प्राचीन कालमा मेरा एक ब्राह्मण मित्र कलिङ्गदेशमा बस्दथे, उनले मेरो नजिक आएर मसँग भने– मैले प्रश्न गरेपछि एउटा पहिलेका जन्मको ज्ञान भएका ब्राह्मणले भविष्यवाणी गर्दै भनेका थिए, यी सबै कुरा अमुक-अमुक प्रकारबाटै हुनेछन्। ती विद्वान् ब्राह्मणले जुन कुरा जसरी हुने बताएका थिए, त्यो सबै त्यसरी नै भइरहेको छ। यसरी ती ब्राह्मणमा अत्यत श्रद्धा भएको कारणले

गर्दा मैले उनीसँग फेरि प्रश्न गर्दा त्यसको जवाफमा उनले जे बताएका थिए, मैले त्यसको विपरीत भएको केही पनि देखेको छैन। आज तिमीले जुन कुरा सोधिरहेका छौ, एकदिन त्यही कुरा मैले पनि ती कलि निवासी मेरा ब्राह्मण मित्रसँग सोधेको थिएँ। त्यसको जवाफ दिने क्रममा उनले मुनिका वचन स्मरण गर्दै भनेका थिए– ती पूर्वजन्मका ज्ञाता ब्राह्मणले यमका दूतहरू र यमका बीचमा जुन सम्वाद भएको थियो, मलाई त्यही रहस्यमय विषयमा बताएका थिए। अब म तिमीलाई त्यसैका विषयमा बताउने छु।

कालिङ्गले भने– आफ्ना दूतहरूले हातमा पासो लिएको देखेर यमराजले उनीहरूको कानमा भने– यथार्थ रूपमा श्रीविष्णुका शरणमा परेका मनुष्यलाई छोडिदिनु। किनकि म विष्णुभक्तबाहेक अन्य पुरुषहरूको मात्र शासक हुँ, विष्णुको भक्तहरूको शासक होइन ॥ देवताहरूद्वारा पूजित हुने ब्रह्माले यमका नामले प्रख्यात भएको मलाई मनुष्यहरूको पुण्य र पापका विषयमा विचार गर्न तथा त्यसको हिसाबकिताब राख्नका लागि यो कार्यमा लगाउनुभएको हो भने श्रीविष्णु मलाई पनि नियन्त्रण गर्न समर्थ हुनुहुन्छ। जसरी सुन भेदरहित एक ढिक्का भए तापनि सिक्रीको मुन्द्रो, देवता वा राजाले सिरमा पहिरिने रत्न जडिएको सुनको टोपी, सुनको कुण्डलसहितका भेदहरूले गर्दा विभिन्न रूप भएको देखिन्छ; त्यसरी नै रहनुभएका श्रीविष्णुलाई देवता, पशु, मनुष्यलगायतका काल्पनिक भेदहरूबाट अनेक स्वरूपहरू भएको मानिएको हो।

जसरी अत्यन्त वेगले उडिरहेको वायु शान्त भएपछि त्यसमा उडिरहेको धुलोका कणहरू पृथ्वीमा मिसिएर एक हुन्छन्, त्यसरी नै गुणको उत्तेजनाबाट उत्पन्न भएका देवता, मनुष्य, पशुलगायत अन्तमा उहाँ सनातनमै विलीन हुन्छन्। जुन मनुष्यले श्रेष्ठ देवताहरूद्वारा सुपूजित चरणकमल भएका श्रीहरिलाई एक पटकमात्र भए पनि पारमार्थिक बुद्धिबाट सम्पन्न भएर प्रणाम गर्दछ; यस किसिमले घिउको आहुतिद्वारा प्रज्वलित अग्निका समान सम्पूर्ण पापहरूबाट यथार्थ रूपमा मुक्त भएको त्यस मनुष्यलाई तिमीले टाढैबाट छोडेर जानु अर्थात् त्यस्ता मनुष्यको नजिक पनि नजानु। यमराजका यस किसिमका वचनहरू सुनिसकेपछि हातमा पासो बोकिरहेको यमराजका दूतले उनीसँग सोध्यो– प्राणीमात्रका विधाता श्रीहरिको भक्त कसरी हुन्छ, त्यो विषयमा हजुरले मलाई ज्यादै विस्तारमा बताइदिनुहोस्।

यमराजले भने— जुन पुरुष जस्तोसुकै अवस्थामा पनि आफ्नो वर्णाश्रम धर्ममा अडिग भएर रहेको हुन्छ अथवा त्यसबाट विचलित हुँदैन, आफ्नो शत्रु र मित्रहरूमा समभावपूर्ण व्यवहार गर्दछ, बलको प्रयोग गरेर कसैको केही पनि हरण गर्दैन र कुनै जीवको हत्या गर्दैन, त्यो अत्यन्त निर्मल स्वभाव भएको पुरुषलाई विष्णुको परमभक्त सम्भनु पर्दछ। जुन अतिनिर्मल बुद्धि भएको मनुष्यको मन कलियुगका पापरूपी विकारहरूबाट अलग रहेको छ तथा जसका मनमा निरन्तर रूपमा श्रीविष्णु रहनुभएको छ, त्यो पुरुषलाई श्रीविष्णुको परमभक्त सम्भनुपर्दछ। जुन स्वच्छ बुद्धि भएको मनुष्यले एकान्त स्थान खसिरहेको अर्काको सुनको सिक्रीलाई पनि तृण सम्भिएर आफ्नो मनलाई अर्काको धनमा आकर्षित हुन दिँदैन तथा जसले आफ्नो मनलाई पूर्ण रूपमा नियन्त्रण गरेर एकाग्रतापूर्वक भगवान्मा लगाइरहेको हुन्छ, त्यस्तो पुरुषलाई श्रीविष्णुको परमभक्त सम्भनुपर्दछ। कहाँ चम्किलो सेतो पर्वतका समान निर्मल भगवान् विष्णु, कहाँ मनुष्यहरूका मनमा रहने रिस–रागलगायतका दोष यी दुवैको कहिल्यै मिलन हुन सक्तैन। चन्द्रमाका किरणहरूमा अग्निमा भएको तातोपन कुनै पनि अवास्थामा रहन सक्तैन। जुन पुरुष निर्मलचित्त, शान्त स्वभाव, शुद्ध चरित्र, जस्तोसुकै अवस्थामा पनि प्राणीमात्रको मित्रस्वरूप, प्रिय र कल्याणदायक वचनमात्र बोल्ने तथा अभिमान र मायाबाट पूर्ण रूपमा अलग भएर रहेको छ, त्यसको हृदयमा निरन्तर रूपमा श्रीविष्णु रहनुहुन्छ तथा भक्तपुरुषका हृदयमा उहाँ सनातन भगवान्को निवास भइसकेपछि त्यो पुरुष यस जगत्का लागि शान्तमूर्ति बन्दछ, जसरी नवविरुवारूपी शालको पोथ्रोले आफ्नै सुन्दरताबाट आफूभित्र रहेको पार्थिव रसलाई सङ्केत गरिरहेको हुन्छ। यमनियमद्वारा जसको सबै पाप नष्ट भइसकेको छ, जसको मन सधैँ श्रीविष्णुमा आसक्त भएको छ तथा जसको अभिमान र मात्सर्य जस्ता विकारहरू पूर्ण रूपमा समाप्त भइसकेका छन्, तिमीहरू त्यस्तो मनुष्यका नजिकसम्म पनि नजानु। खड्ग, शङ्ख र गदा धारण गर्नुभएका अविनाशी परब्रह्म परमात्मा भगवान् यदि हृदयमा विराजमान हुनुभएको छ भने उसको हृदय सूर्योदय भइसकेपछि सम्पूर्ण अन्धार नष्ट भए नस्तैगरी पापरहित हुन्छ।

जुन मनुष्यले छलकपट गरेर अर्काको सम्पत्ति हरण गर्दछ, जसले खरो शब्दमात्र बोल्दछ, त्यस्तो अशुभ कर्महरूबाट सम्पन्न भएको दुर्मतिपूर्ण भावना हुने पुरुषका हृदयमा श्रीविष्णु कहिल्यै पनि रहनुहुन्न। जुन कलुषित विचार

भएका पुरुषले अर्काको सम्पत्तिलाई सहन गनर्न सक्तैन, जसले सधैँ अर्काको आलोचना वा निन्दा गर्दछ तथा आफू सम्पन्न भएर पनि कहिल्यै भगवान्को पूजा आराधना गर्दैन वा भगवान्का भक्तहरूलाई केही दान दिँदैन, त्यस्तो अधम किसिमको स्वभाव भएका पुरुषहरूको हृदयमा श्रीजनार्दनले कहिल्यै बस्नुहुन्न। जुन अतिदुष्टमति भएको पुरुषले आफ्ना सेवकहरूप्रति पैसामा कञ्जुस्याइँ प्रकट गर्दछ, त्यस्तो नीच स्वभाव भएको मनुष्यलाई भगवान्को भक्त सम्झनु हुँदैन। जुन अशुद्ध आचरण भएको पुरुष सधैँ असत् कर्महरूको स त र अनाचारमा उन्मत्त भएर लागिरहेको हुन्छ, दिनदिनै आफूद्वारा भएका पापपूर्ण कर्महरूमा बाँधिएको हुन्छ, यस किसिमको पुरुषलाई नरपशु भनिन्छ। यस किसिमको आचरण र स्वभाव भएको पुरुष भगवान् श्रीवासुदेवको भक्त हुन सक्तैन। यो प्रपञ्चरूपी जगत्मा एक परम पुरुष श्रीविष्णुमात्र हुनुहुन्छ, उहाँका सामु अन्य कोहीकसैको अस्तित्व रहेको हुँदैन, जसको बुद्धि यसरी एकाग्रतापूर्वक श्रीवासुदेवमा स्थिर भएको हुन्छ, त्यसको हृदयमा उहाँले निरन्तर गर्नुहुन्छ। यस किसिमका भक्तहरूलाई तिमीले नछुनु।

जुन मनुष्यले हे कमलनयन ! हे वासुदेव ! हे विष्णो ! हे धरणीधर ! हे अच्युत ! हे चक्रधारी ! हजुरले मलाई आफ्नो शरणमा लिइदिनुहोस् भनेर परब्रह्म परमात्माको स्तुति गर्दछन्, त्यस्ता निष्पाप पुरुषहरूलाई तिमीले टाढैबाट परित्याग गरिदिनु अर्थात् उनीहरूका छेउछाउमा पनि नजानु। जुन अत्यन्त उत्तम पुरुषका हृदयमा निरन्तर रूपमा उहाँ अव्ययात्मा भगवान्ले निवास गर्नुहुन्छ, जहाँसम्म त्यस पुरुषको दृष्टि पुग्दछ, चक्रको प्रभावले गर्दा हाम्रो बलवीर्य सकिने भएकाले म अथवा तिमी पनि त्यहाँसम्म पुग्न सक्दैनौ, त्यस्तो पुरुष वैकुण्ठ आदि लोकहरूमा जान योग्य हुन्छ।

कालिङ्गले भने— यसरी सूर्यका पुत्र धर्मराजले आफ्ना दूतहरूलाई शिक्षा दिँदाका समयमा यी कुराहरू बताएका हुन् र ती पूर्वजन्मका ज्ञाता मुनिले मलाई सुनाएका थिए तथा मैले तपाईंलई सुनाएँ।

भीष्मले भने— प्राचीन कालमा कलिङ्ग देशबाट आएका ती महात्मा ब्राह्मणले अत्यन्तं प्रसन्नतापूर्वक मलाई माथि बताइएको विषयमा बताएका थिए तथा त्यही सम्पूर्ण वृत्तान्त, जसरी यो समग्र चराचर जगत्मा भगवान् श्रीविष्णुबाहेक जीवको रक्षा गर्ने अन्य कोही छैन, मैले तिमीलाई यस विषयमा यथार्थ रूपमा

बताइदिएँ। जसको हृदय निरन्तर रूपमा परब्रह्म परमात्मामा लागिरहेको हुन्छ, त्यसको यमराज, यमराजको दूत, यमपाश, यमदण्ड अथवा यमयातनाले केही पनि बिगार गर्न सक्दैन।

पराशरले भन्नुभयो– तिम्रो प्रश्नानुसार यमराजले बताएका थिए, त्यो सबै मैले तिमीलाई विस्तारपूर्वक सुनाइदिएँ। अब तिमी के सुन्न चाहन्छौ त्यो सोध।

मैत्रेयले भने– जुन पुरुषले समग्र संसारमा विजय प्राप्त गर्ने अभिलाषा राख्दछ, त्यसले जगत्का अधिपति श्रीविष्णुको आराधना कसरी गर्दछ, त्यस विषयमा मलाई बताइदिनुहोस् तथा उपासनामा एकाग्रतापूर्वक लागेका पुरुषद्वारा उपास्य हुनुभएका श्रीविष्णुबाट जुन फल प्राप्त गर्न सकिन्छ, म त्यसका विषयमा पनि विस्तारपूर्वक सुन्न चाहन्छु।

पराशरले भन्नुभयो–तिमीले मसँग जुन विषयमा सोधिरहेका छौ, त्यही कुराका सम्बन्धमा सगरले और्वसँग सोधेका थिए। त्यसको जवाफमा उनले जे बताएका थिए, त्यही म तिमीलाई सुनाउँछु; ध्यानपूर्वक सुन। सगरले भृगु ऋषिका वंशमा उत्पन्न भएका महात्मा और्वलाई प्रणाम गर्दै उनीसँग् श्रीविष्णुको उपासना गर्ने उपाय र श्रीविष्णुको उपासना गरेपछि त्यो गर्ने पुरुषलाई जुन फलको प्राप्ति हुन्छ, त्यसका विषयमा सोधेका थिए। उनले यस किसिमले सोधिसकेपछि और्वले अत्यन्त यत्नपूर्वक जे बताएका थिए त्यो सम्पूर्ण तिमीलाई सुनाउँछु।

और्वले भने– श्रीविष्णुको उपासना गर्ने पुरुषले पृथ्वीसम्बन्धी सम्पूर्ण मनोकामना अर्थात् मनोरथ, स्वर्ग, स्वर्गभन्दा पनि उत्तम स्थान अथवा ब्रह्मपद तथा सर्वोत्तम परम निर्वाणपद पनि प्राप्त गर्न सक्तछ। श्रीविष्णुको उपासना गर्ने पुरुषले जुन–जुन फलको जति–जति चाहना गर्दछ, त्यो थोरै होस् वा धेरै होस्, भगवान् श्रीअच्युतका उपासनाको प्रभावले गर्दा अवश्य प्राप्त गर्दछ। तिमीले जुन विषयमा सोधेका थियौँ, भगवान् श्रीहरिको उपासना कसरी गर्ने ? यस सम्बन्धमा म तिमीलाई अत्यन्त विस्तारपूर्वक बताउनेछु, ध्यानपूर्वक सुन। जुन पुरुषले वर्णाश्रम धर्मको पूर्ण रूपमा पालना गरेको छ, त्यसैले मात्र परमपुरुष श्रीविष्णुको उपासना गर्न सक्तछ। उहाँलाई सन्तुष्ट गराउन सक्ने अन्य कुनै मार्गहरू रहेका छैनन्। त्यसैले उहाँको उपासना गर्न चाहनेले आफ्नो वर्णाश्रम धर्मको अनिवार्य रूपमा पालना गर्नुपर्दछ। यज्ञहरूको यजन गर्ने पुरुषले भगवान् श्रीवष्णुकै यजन गर्दछ, जप गर्ने पुरुषले उहाँकै जप गर्दछ तथा अर्काको हत्या गर्नेले

उहाँकै हत्या गर्दछ। किनकि भगवान् श्रीहरि प्राणीमात्रका हृदयमा व्याप्त भएर रहनुभएको छ। यसकारण सदाचारसम्पन्न आचरण भएको पुरुषले आफ्नो वर्णका लागि शास्त्रहरूद्वारा निर्धारण गरिएको धर्मको आचरण गर्दै भगवान् श्रीजनार्दनको उपासना गर्दछ। ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र यी सबैले आआफ्नो वर्णाश्रम धर्ममा एकाग्रतापूर्वक लागेर आफ्नो स्वधर्म पालना गर्दै त्यसका माध्यमद्वारा भगवान् श्रीविष्णुलाई पूर्ण रूपमा सन्तुष्ट गराउन सक्दछन्। जुन पुरुषले अर्काकी श्रीमती, धन-सम्पत्ति र हिंसामा कुनै किसिमको ममता राख्दैन, त्यसैले मात्र भगवान् श्रीकेशवलाई प्रसन्न गराउन सक्दछ।

जुन पुरुषले कुनै प्राणीलाई वा रूखलगायतका अन्य शरीरधारीहरूलाई कुनै किसिमको कष्ट पुऱ्याउँदैन वा तिनीहरूको हत्या गर्ने मनसायसम्म पनि राख्दैन, त्यसले मात्र भगवान् श्रीकेशवलाई प्रसन्न गरी पूर्ण रूपमा सन्तुष्ट गराउन सक्दछ। जुन मनुष्यले देवता, ब्राह्मण र गुरुको एकाग्रतापूर्वक सेवा गर्दछ, त्यसैले मात्र श्रीगोविन्दलाई वास्तविक रूपमा सन्तुष्ट गराउन सक्दछ। जुन मनुष्यले आफू र आफ्नै पुत्र जसरी सबै प्राणीहरूको कल्याणको कामना गर्दछ वा कहिल्यै पनि कसैको अकल्याण भएको देख्न चाहँदैन, त्यसले मात्र अत्यन्त सुखपूर्वक श्रीहरिलाई सन्तुष्ट गराउन सक्दछ। जसको मन कुनै किसिमका रागालगायतका दोषहरूबाट दूषित भएको छैन; यस किसिमले ज्यादै विशुद्ध मन भएको पुरुषले मात्र सधैँ श्रीविष्णुलाई प्रसन्न गराउन सक्तछ। वर्ण र आश्रमका लागि शास्त्रहरूमा जुन धर्मका विषयमा वर्णन गरिएको छ, ती धर्मअनुसारको आचरण गर्ने पुरुषले मात्र श्रीविष्णुको उपासना गर्न सक्तछ, अन्यले कुनै किसिमको उपासना गर्न सक्तैनन्।

सगरले भने– अब म सम्पूर्ण वर्णधर्म र आश्रम धर्महरूका विषयमा विस्तृत रूपमा सुन्न चाहन्छु। त्यसैले तपाईंले तिनीहरूका बारेमा बताइदिनुहोस्।

और्वले भने– म सिलसिलाबद्धरूपमा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रको वर्णधर्मका सम्बन्धमा विस्तारपूर्वक वबताउँछु; तिमी ध्यानपूर्वक सुन। ब्राह्मणले दान दिनु, यज्ञहरूका माध्यमद्वारा देवताहरूको यजन गर्नु, आफ्नो स्वाध्यायमा लागिरहनु, नित्य स्नान तथा तर्पण गर्नु र अग्न्याधानलगायतका कर्म पनि गर्नु उसको आवश्यकीय हो भने ब्राह्मणले आफ्नो जीवननिर्वाह गर्नका लागि अन्य मनुष्यहरूद्वारा यज्ञ गराउनु, अन्य मनुष्यहरूलाई अध्ययन गराउनु तथा न्यायपूर्वक उपार्जन गरिएको शुद्ध धनबाट दिइएको दान पनि स्वीकार गर्नु । ब्राह्मणले सधैँ

सबैको कल्याण हुने काम गर्नुपर्दछ, जस्तोसुकै अवस्थामा पनि कहिल्यै कसैको अहित हुने काम गर्नुहुँदैन र सबैसँग मित्रवत् व्यवहार गर्नु नै ब्राह्मणका लागि सर्वोत्तम धन हो। ब्राह्मणले अर्काको अमूल्य रत्न भए तापनि त्यसलाई ढुङ्गा बराबर सम्झनु पर्दछ। तथा ब्राह्मणले ऋतुकालका समयमा मात्र पत्नीसँग गमन गर्न उचित हुन्छ।

यसैगरी ब्राह्मणहरूलाई सन्तुष्ट हुने गरी दान दिनु क्षत्रियको परम कर्तव्य हो। विविध किसिमका यज्ञहरूको अनुष्ठान गर्नु तथा अध्ययन गर्नु, शस्त्रअस्त्र धारण गर्नु, पृथ्वीको रक्षा गर्नु क्षत्रियहरूका लागि अत्यन्त उत्तम जीवननिर्वाहको मार्ग हो। तिनीहरूमध्ये पनि पृथ्वीको पालनपोषण गर्नुलाई क्षत्रियहरूका जीविकाको सर्वोत्तम आधार मानिएको छ। पृथ्वीको पालनपोषणको कार्यबाट मात्र राजाहरू यथार्थ रूपमा सन्तुष्ट हुन्छन्। किनकि पृथ्वीलोकमा गरिने यज्ञादि कर्महरूमा राजाको पनि भाग रहेको हुन्छ। जुन राजाले आफ्नो शास्त्रानुसार निर्धारण गरिएको वर्णाश्रमधर्मलाई यथार्थ रूपले सुरक्षित राख्दछ, उसले दुष्टहरूको दमन र साधुहरूको रक्षाका माध्यमद्वारा आफ्नो चाहनाअनुसारका लोकहरू सहज् रूपमा प्राप्त गर्न सक्दछ।

ब्रह्माले वैश्यहरूको जीवननिर्वाहका लागि पशु पालनलगायत व्यापार-व्यवसाय र खेतीपातीको कार्य निर्धारण गरिदिनुभएको छ। यसबाहेक अध्ययन, यज्ञ-यज्ञादि, दान तथा नित्य रूपमा गरिरहनुपर्ने नैमित्तिक कर्महरूको अनुष्ठानलाई पनि वैश्यहरूको परमधर्म बताइएको। द्विजातिहरूको कार्यसिद्धिको कर्म शूद्रको परम कर्तव्य हो। त्यसैको आधारमा आफ्नो तथा आफूमा आश्रित सबैको पालनपोषण गर्नुपर्छ। यदि यस किसिमबाट जीवननिर्वाह हुन नसकेको अवस्थामा वस्तुहरूको खरिद-विक्री र कारीगरीबाट पनि आफ्नो जीविका चलाउन सकिन्छ। अति नम्रतापूर्वक, पवित्र भएर, निष्कपट भाव राखेर आफ्नो स्वामीको सेवा, मन्त्रको उच्चारण नगरिने यज्ञ गर्नु, सत्सङ्ग र ब्राह्मणहरूको रक्षा गर्नु यी सबै शूद्रहरूका परम कर्तव्य हुन् तथा शूद्रले पनि दान गर्नु, पाकयज्ञका माध्यमद्वारा बलि वैश्वदेव आदि यज्ञहरूको अनुष्ठान गर्नु र पितृश्राद्ध जस्ता कर्म पनि गर्नुपर्दछ। आफ्ना सेवकहरू आफूमा आश्रित भएका आफ्ना परिवारहरूको भरणपोषण एवं रक्षाका लागि सबै वर्णहरूबाट दिइएको पैसा स्वीकार गर्नु, आफ्नी श्रीमतीसँग ऋतुकालमा मात्र सहवास (ऋतुकाल भनेको रजस्वला भएको

सोह्र रातसम्मको समय हो) गर्नु। सबै प्राणीहरूमा दयाभाव, सहनशीलता, सम्मान, सत्यवचन, धेरै परिश्रम नगर्नु, मङ्गलमय आचरण गर्नु, प्रिय वचन बोल्नु, सबैमा मित्रभाव राख्नु, जुनसुकै कार्य गर्दा निष्कामभावपूर्वक गर्नु, असन्तोष नगर्नु, अर्काको दोषमात्र नदेख्नु यी सबै वर्णहरू साधारण किसिमका धर्म हुन् तथा सबै धर्महरूका साधारण लक्षणहरू पनि यिनै हुन्।

अब ब्राह्मणलगायत चारोटै वर्णको आपत्कालीन धर्म र गुणहरूका विषयमा ध्यानपूर्वक सुन। आपत्कालीन अवस्थामा ब्राह्मणले क्षत्रिय र वैश्यका कर्महरूको अवलम्बन गरे पनि कुनै किसिमको दोष लाग्दैन। यसरी नै क्षत्रियले पनि वैश्यका वृत्तिको आश्रय लिएमा कुनै दोष लाग्दैन। तर यी दुवै ब्राह्मण र क्षत्रियले शूद्रको कर्म कहिल्यै पनि अङ्गीकार गर्नु हुँदैन। फेरि आफू सक्षम भएपछि ब्राह्मण र क्षत्रियले आपत्कालीन अवस्थामा अपनाइएका ती वृत्तिहरू परित्याग गर्नुपर्छ। किनकि तिनीहरूलाई केवल आपत्कालीन कर्ममात्र बतइएको छ, वर्णशङ्कर स्वीकार्य नभए जसरी नै कर्मशङ्कर पनि कहिल्यै गर्नु हुँदैन। यसरी मैले वर्णधर्मका विषयमा विस्तारपूर्वक बताइदिएँ। अब तिमी आश्रमधर्मका विषयमा पनि विस्तृत रूपमा सुन।

और्वले भने– बालकले व्रतबन्धकर्म गरिसकेपछि एकाग्रतापूर्वक वेदको अध्ययनमा लाग्दै ब्रह्मचर्य धर्म नियममा रहेर आचार्यको आश्रममा बस्नुपर्छ। यसरी आचार्यका आश्रममा रहँदाका अवस्थामा त्यस बालकले शुद्धता र व्रतको नियम पालना गर्दै गुरुको सेवा गर्नुपर्दछ र व्रतहरूबाट युक्त भएको आचरणपूर्वक स्थिर बुद्धि भएर वेदको अध्ययन गर्नुपर्दछ। बिहानको पहिलो मुहूर्तमा र साँझको बेलामा अर्थात् दुवै सन्ध्याका समयमा अत्यन्त एकाग्रतापूर्वक सूर्य र अग्निको उपासना गरिसकेपछि आफ्नो गुरुलाई प्रणाम गर्नुपर्दछ। आफ्नो गुरु उभिएको समयमा आफू पनि उभिनुपर्छ, हिंडेको समयम पछिपछि हिंड्नुपर्छ तथा बसेको समयमा बस्नुपर्दछ। शिष्यले कहिल्यै पनि आफ्नो गुरुको प्रतिकूल आचरण गर्नु हुँदैन। गुरुको आज्ञा पाएपछि मात्र उनको अगाडि बसेर चित्तलाई पूर्ण रूपमा एकाग्र गराएर वेदको अध्ययन गर्नुपर्दछ र आचार्यको आज्ञा पाएपछि मात्र भिक्षा मागेर ल्याइएको अन्नको भोजन गर्नुपर्दछ। आचार्यले स्नान गरिसकेपछि मात्र शिष्यले स्नान गर्नुपर्दछ। नियमित रूपमा प्रतिदिन प्रातः कालको समयमा आफ्ना गुरुका लागि आवश्यक समिधा, जल, कुश र फूललगायतको व्यवस्था गर्नुपर्दछ।

यसरी आफ्नो अनुकूल वेदको अध्ययन गरिसकेपछि बुद्धिमान् शिष्यले आचार्यको आज्ञानुसार गुरुदक्षिणा दिएर गृहस्थाश्रममा प्रवेश गर्नुपर्दछ।

यसपछि विधिपूर्वक विवाह गरेर आफ्नो जाति अनुकूल कर्मका माध्यमद्वारा धन-सम्पत्ति उपार्जन गर्दै आफ्नो सामर्थ्यअनुसार गृहस्थले गर्नुपर्ने सम्पूर्ण कार्यहरू गर्नुपर्दछ। पिण्डदानका माध्यमद्वारा पितृहरूको, यज्ञ-यज्ञादिका माध्यमद्वारा देवताहरूको, अन्न दान गरेर अतिथिहरूको, अध्ययनका माध्यमद्वारा प्रजापतिको, बालिवैश्वलेवका माध्यमद्वारा भूतहरूको र वात्सल्यभावद्वारा चराचर जगत्को पूजा गर्दै मनुष्यले आफ्ना कर्महरूद्वारा उपार्जन गरिएका उत्तमोत्तम लोक प्राप्त गर्दछ। जो सुकै सधैँ घुमफिर गरिरहने परमहंस सन्न्यासी र ब्रह्मचारीलगायत भिक्षामा प्राप्त भएको अन्नको मात्र भोजन गर्ने, ती सबैको आश्रयस्थल पनि गृहस्थाश्रम नै भएको हुनाले गृहस्थाश्रम सर्वोत्तम आश्रम हो। ब्राह्मणहरूले वेद अध्ययन गर्नका लागि, तीर्थस्नान गर्नका लागि र भूमिस्थ देशहरूको दर्शन गर्नका लागि पृथ्वीको भ्रमण गर्दछन्। जसको कुनै घर छैन, जसका लागि भोजनको व्यवस्था छैन, जहाँ पुग्दा साँझ हुन्छ, त्यहीँ बस्दछन्; ती सबैको आश्रयस्थल गृहस्थ हो। यसरी ब्राह्मणलगायत आफ्ना घरमा आएका अवस्थामा उनीहरूको स्वागत गर्नु, मिठासपूर्वक वचन बोल्नु र घरमा आएका व्यक्तिलाई भोजन, शयन तथा आसनको व्यवस्था गर्ने कार्य गृहस्थको परमधर्म हो। जुन घरबाट अतिथि निराश भएर फर्कन्छन्, ती अतिथिले त्यो घरका स्वामीलाई आफ्ना सबै दुष्कर्महरू दिन्छन् र उसको पुण्य आफूसँग लिएर जाने भएकाले आफ्ना घरमा आएका अतिथिको कहिल्यै अपमान गर्नुहुँदैन वा उनलाई निराश पार्नु हुँदैन। गृहस्थाश्रममा रहनेहरूले अतिथिहरूका लागि अपमान, दम्भ, अहङ्कार, मानसिक दुःख, प्रहार र दुष्ट वचन प्रयोग गर्नु उचित हुँदैन। जुन गृहस्थले यस किसिमबाट आफ्नो लागि शास्त्रहरूद्वारा निर्धारण गरिएका विधिहरूको पूर्ण रूपमा पालना गर्दछ, त्यसले सबै किसिमका बन्धनहरूबाट पूर्ण रूपमा मुक्त भएर उत्तम लोक प्राप्त गर्दछ। यस किसिमबाट गृहस्थोचित कर्मबाट पूर्ण रूपमा सन्तुष्ट भएको गृहस्थीले गृहस्थाश्रमको समय सकिएपछि आफ्नो पत्नीलाई पुत्रका साथमा छोडेर वा आफ्नै साथैमा लिएर वनमा जानुपर्छ। यसरी वनमा गइसकेपछि त्यहाँ पत्र, कन्दमुल, फललगायतको भोजन गरेर कपाल, दाह्री, जटा धारण गरी पृथ्वीमा शयन गर्नुपर्छ र मुनिहरूका स्वभावको अवलम्बन गरेर सबै किसिमबाट अतिथिहरूको सेवा

गर्नुपर्दछ। छाला, कुश र काँशहरूबाट आफ्नो ओछ्यान र ओढ्ने वस्त्र बनाउनुपर्दछ तथा उसले प्रातःकाल, मध्याह्नकाल र सन्ध्याकालमा स्नान गर्नुपर्दछ। यसरी नै देवताको पूजा, होम, सबै अतिथिहरूको सत्कार, भिक्षा तथा बलिवैश्वदेव पनि उसका लागि शास्त्रद्वारा विधान गरिएका कर्महरू हुन्। वन्य वस्तुहरूबाट निकालिएको तेल आफ्नो शरीरमा लगाउनुपर्छ वा त्यसद्वारा शरीर माड्नुपर्छ र जाडो तथा गर्मीको अवस्थामा पनि समभावपूर्वक रहँदै तपस्या गर्नु उसको परम धर्म एवं मुख्य कर्म हो। जुन वानप्रस्थाश्रम गएको पुरुषले यी निर्धारित कर्महरूको आचरण गर्दछ, त्यसले आफ्ना दोषहरूलाई अग्निले दाउरा भष्म बनाए जसरी भष्म गराउँछ र परब्रह्म परमात्माको परमपद प्राप्त गर्दछ अर्थात् अमृतत्त्व प्राप्त गर्दछ।

जुन चतुर्थ आश्रम रहेको छ, त्यसलाई विद्वान्हरूले भिक्षुहरूको आश्रम बताएका छन्, अब म त्यसको स्वरूपका विषयमा बताउँछु, ध्यानपूर्वक सुन। आचारयुक्त पुरुषले पुत्र, स्त्री र चल सम्पत्तिको ममता छोडेर तथा मात्सर्यबाट वास्तविक रूपमा रहित भएर चौथो आश्रममा प्रवेश गर्नुपर्दछ। धर्म, अर्थ र कामस्वरूप त्रिवर्गसँग सम्बन्धित सम्पूर्ण कर्महरूको परत्याग गरेर शत्रु तथा मित्रका समानभाव राख्दै सम्पूर्ण प्राणीहरूको असल मित्र बन्नु पर्दछ। सन्न्यासी भएर वचन, शरीर एवं कर्मका माध्यमद्वारा गर्भाशयबाट उत्पन्न हुने, फूलबाट उत्पन्न हुनेलगायत कसैसँग वैरभाव नगर्नु र सम्पूर्ण आसक्ति पूर्ण रूपमा त्याग गरिदिनुपर्दछ। गाउँमा एक रात र सहरमा पाँच रातसम्म निवास गर्नुपर्छ तर बसाइ यस्तो किसिमको होस्, जसबाट कसैमा प्रेम वा द्वेष उत्पन्न नपाओस्। जब गृहस्थका घरमा चुल्हाको धुँवा आउन छाड्छ वा आगो निभाइसकेको छ र सबैले खाइसकेको छ भने त्यस समयमा भिक्षा माग्नका लागि उत्तम जातिहरूका घरहरूमा जानुपर्दछ। काम, क्रोध, अभिमान, मोह र लोभसहितका दुर्गुण छन्, ती त्याग गरेर सधैँ घुमफिर गरिरहने परहंस सन्न्यासीले ममतारहित हुनुपर्छ। जुन सन्न्यासीले प्राणीमात्रलाई अभयदान दिएर घुमफिर गर्दछ, उसलाई पनि सबै प्राणीहरूबाट कहिल्यै कुनै किसिमको डर हुन सक्तैन। जुन सन्न्यास आश्रममा रहेको ब्राह्मणले आफ्नो शरीरमा अवस्थित प्राणसहित जठराग्निका निमित्त आफ्नो मुखमा भिक्षाबाट प्राप्त भएको अन्नरूपी हविको हवन गर्दछ, त्यो अग्निहोत्रीहरूका लोकमा जान्छ। ब्रह्मभन्दा अलग सबै झूटो हो र यो सम्पूर्ण चराचर जगत् परब्रह्म परमात्माकै अंश हो; यस किसिमको बुद्धियोगबाट सम्पन्न जुन

ब्राह्मणले आफ्नो आश्रमअनुसारको आचरण गर्दै यस मोक्ष आश्रमको आचरण गर्दछ; त्यसले बिनादाउराको आगोजस्तै शान्त भएर ब्रह्मलोक प्राप्त गर्दछ।

सगरले भने– तपाईंले चारोटै आश्रम र चारोटै वर्णहरूको कर्महरूका विषयमा बताइदिनुभयो। अब म मनुष्यका षोडश संस्काररूप कर्मका बारेमा सुन्न चाहन्छु। अनुभवअनुसार तपाईं सर्वज्ञ हुनुहुन्छ। यसकारण तपाईंले मनुष्यका नित्य, नैमित्तिक, काम्यलगायतका सबै किसिमका कर्महरूका सम्बन्धमा ज्यादै विस्तारपूर्वक बताइदिनुस्।

और्वले भने– तिमीले जुन नित्य, नैमित्तिक क्रियाकलापका विषयमा प्रश्न गर्‍यौ ती सबैका विषयमा म तिमीलाई बताउँछु। पुत्र जन्मिसकेपछि पिताले बालक जन्मिनेबित्तिकै गरिने सोह्र संस्कारमध्येको पहिलो संस्कारलगायतका सबै क्रियाकलाप अर्थात् ती सबै कर्मकाण्डहरू जुन एक सनातनधर्मीले गर्नुपर्दछ र आभ्युदयिक या नान्दीश्राद्ध गर्नुपर्छ। पूर्वमुख गरी बसाएर दुइटा ब्राह्मणलाई भोजन गराउनुपर्छ र द्विजातिहरूको अथवा ब्राह्मण, क्षत्रिय, वैश्य यी तीन वर्णसँग सम्बन्ध भएको रीतिअनुसार देवता तथा पितृहरूको तृप्तिका लागि श्राद्ध गर्नुपर्दछ। आनन्दपूर्वक बयरको फलसम्पन्न दही र जौको पिठोबाट बनाइएको पिण्ड औँलाहरूको अगाडिको भागबाट नान्दीमुख पितृलाई दिनुपर्छ। कान्छी औँलाको मूल भागबाट सबै उपचारहरू चढाउनुपर्छ (उपचार भनेको साधकले भक्तिपूर्वक देवता, पितृ आदिको पूजाको अङ्ग को रूपमा पूजागर्दा चढाइने वस्तु हो)। यस्तै किसिमले परिवारको वृद्धिका समयमा वा पुत्री अथवा पुत्रको विवाहमा पनि वृद्धिश्राद्ध (नान्दीमुखी श्राद्ध) गर्नुपर्छ। त्यसपछि पुत्र जन्मिएको दशौँ दिनमा पिताले पुत्रको नामकरण न्वारन गर्नुपर्छ र शर्मा, वर्मालगायतको देववाचक पुरुसंज्ञक नाम राख्नुपर्छ। ब्राह्मणका लागि नामको अन्तमा शर्मा, क्षत्रियका लागि नामको अन्तमा वर्मा शब्द हुनुपर्छ। यसरी नै वैश्य एवं शूद्रका नामहरूको अन्तमा गुप्त र दास शब्दको प्रयोग हुनु पर्दछ। अर्थहीन, अपशब्दयुक्त, अमाङ्गलिक, निन्दनीय र अप्रशस्त नाम हुनु हुँदैन र नाममा प्रयोग भएका अक्षरहरू समान किसिमका हुनुपर्दछ। अतिलामो वा छोटो अथवा कठिन अक्षरहरूको नाम राख्नु हुँदैन। जसको उच्चारण सहज रूपमा हुन सकोस्, जसको अन्तको वर्ण लघु होस्, यस्तै किसिमको नाम राख्नुपर्छ।

यसपछि व्रतबन्ध भइसकेपछि गुरुको घरमा वा आश्रममा बसेर

विधिपूर्वक अध्ययन गर्नुपर्दछ। विद्या अध्ययन गरिसकेपछि गुरुलाई दक्षिणा दिएर गृहस्थाश्रममा प्रवेश गर्ने चाहना भएको अवस्थामा उपयुक्त कुलकी कन्यासँग विवाह गर्नुपर्दछ र गृहस्थी कार्य आरम्भ गर्नुपर्छ अथवा दृढ सङ्कल्पपूर्वक ब्रह्मचर्यका नियमको पालना गर्दै गुरु अथवा गुरुका पुत्रको सेवा गर्ने कार्यमा लाग्नुपर्दछ वा आफ्नो चाहनाअनुसार वानप्रस्थाश्रम वा सन्न्यासाश्रमलाई स्वीकार गर्नुपर्दछ। पहिले जस्ता किसिमको सङ्कल्प गरिएको छ, त्यसैका अनुसार गर्नुपर्दछ। गृहस्थाश्रममा प्रवेश गर्ने चाहना भएपछि आफूभन्दा तृतीय अंश अवस्था भएकी कन्यासँग विवाह गर्नुपर्दछ। तर धेरै कपाल भएकी वा थोरै कपाल भएकी अथवा अत्यन्त काली वा फिका पहेँलो वर्ण भएकी, जन्मदेखि धेरै वा थोरै अङ्ग भएकी, अपवित्र, धेरै रौँसम्पन्न, अकुलीन अथवा रोगी, दुष्ट स्वभाव भएकी, दुष्ट किसिमको वचन भएकी, मातापिताको प्रतिकूल रहेकी, जुँगाको चिह्न भएकी, पुरुषको जस्तो स्वरूप भएकी, धोद्रे स्वर भएकी, कागको जस्तो तिखो स्वर भएकी, गोलाकार आँखा भएकी, जाँघहरू रौँले भरिएकी, गोलीगाँठो अग्लो भएकी, हाँसेको बेलामा गालामा डोब देखिने, अतिउदासीन अनुहार भएकी, फिका पहेँलो वर्णको नङ भएकी, राता आँखाहरू भएकी, धेरै होची, धेरै अग्ली, जो डिएका आँखिभौँ भएकी, दाँतमा छिद्रा भएकी र दाँत बाहिर निस्किएकी कन्यासँग बुद्धिमान् पुरुषले विवाह नगर्नू। माताका पक्षको पाँचौँ पुस्तासम्म र पिताको सातौँ पुस्तासम्म जसको सम्बन्ध रहेको छैन, गृहस्थ पुरुषले नियमअनुसार त्यस कन्यासँग विवाह गर्नु उपयुक्त हुन्छ। ब्रह्मा, दैव, आर्ष, प्राजापत्य, आसुर, गान्धर्व, राक्षस र पैशाच आठ किसिमका वैवाहिक पद्धति रहेका छन्। यी वैवाहिक विधिहरूमध्ये जुन विवाहलाई जुन वर्णका लागि धर्मअनुकूल बताइएको छ; त्यसैअनुसार विवाह गर्नुपर्दछ, अन्यलाई परित्याग गर्नुपर्छ। यसरी सहधर्मिणीलाई प्राप्त गरिसकेपछि उससँगै गार्हस्थ जीवन धर्मपूर्वक र आनन्दमय किसिमबाट बिताउनुपर्दछ। किनकि उपयुक्त किसिमबाट पालन गरिएको गार्हस्थ्य धर्मले महान् फल दिन्छ।

सगरले भने– अब म गृहस्थको सदाचारहरूका विषयमा विस्तारपूर्वक सुन्न चाहन्छु। जसको पालन गर्नाले मनुष्य यस लोक र परलोक दुवैबाट विमुख हुँदैन।

और्वले भने– तिमी सदाचारको लक्षणका सम्बन्धमा सुन। सदाचारी पुरुषले लोक र परलोक दुवैमा विजय प्राप्त गर्न सक्तछ। सत् शब्दको अर्थ साधु

हुन्छ र दोषरहित पुरुषलाई साधु भनिन्छ तथा साधु पुरुषको जुन आचरण हुन्छ, त्यसैलाई सदाचार भनिन्छ। यो सदाचारका वक्ता तथा कर्ता सप्तर्षिहरू, मनुहरू र प्रजापति हुन्। बुद्धिमान् पुरुषले सुप्रसन्न चित्त भएर ब्राह्ममुहूर्तमा उठेर आफ्नो धर्मअनुकूल अर्थको चिन्तन गर्नुपर्छ तथा जसका माध्यमबाट धर्म र अर्थको क्षति हुन नपाओस्; यस किसिमका कामको पनि चिन्तन गर्नुपर्छ भने देखिएको वा नदेखिएको अनिष्ट विनाशका लागि धर्म, अर्थ र काममा समभाव राख्नुपर्दछ। धर्मका विरुद्ध भएका अर्थ र काम दुवै परित्याग गरिदिनुपर्दछ। ब्राह्ममुहूर्तमा उठेर जति टाढासम्म वाण जान सक्तछ, त्यसभन्दा धेरै टाढा नैऋत्य कोणमा गएर मूत्र परित्याग गर्नुपर्दछ। आफ्नो निवासस्थानभन्दा टाढा गएर मात्र मलमूत्र परित्याग गर्नुपर्दछ। आफ्नो घरको आँगनमा गोडा धोएको पानी र जूठो पानी पनि नफाल्नु उपयुक्त हुन्छ। आफ्नो छायाँ वा रूखको छायाँ परेको स्थानमा अथवा गाई, सूर्य, अग्नि, गुरु र द्विजातिहरूका अगाडि बुद्धिमान् पुरुषले कहिल्यै पनि मलमूत्र परित्याग नगर्नू। यसैगरी जोतिसकेको खेतमा, अन्न भएको भूमिमा, गाईको गोठमा, मानिस भेला भएको ठाउँमा, बाटामा, नदीलगायत तीर्थहरूमा, पानीमा, पोखरी वा तलाउका किनारमा तथा श्मशान घाटमा मलमूत्र परित्याग गर्नुहुँदैन। आपत्कालीन अवस्थाबाहेक अन्य साधारण अवस्थामा मनुष्यले दिनको समयमा उत्तरतिर फर्किएर तथा रातको समयमा दक्षिणतिर फर्किएर मूत्रको परत्याग गर्नू। बुद्धिमान् पुरुषले मल परित्याग गर्दाका समयमा पृथ्वीलाई घाँसले र आफ्नो शिरलाई कपडाले ढाक्नुपर्छ भने त्यस ठाउँमा धेरै समयसम्म नबस्नू र त्यहाँ रहँदाका अवस्थामा बोल्न पनि हुँदैन । धमिराले निकालेको, मुसाद्वारा उत्खनन भएको, पानीभित्रको, शौचकर्म गरिसकेर बाँकी रहेको, घर लिपपोत गर्ने, ससाना जीवहरूद्वारा निकालिएको, हलोले उप्काएको माटो शौचकर्म गर्दाका अवस्थामा परित्याग गर्नुपर्दछ अर्थात् यस किसिमको माटोबाट गरिएको शौचादिकर्म अशुद्ध हुन्छ। त्यसपछि फिँज नभएको, भुलभुल नगरेको र कुनै किसिमको गन्ध नभएको स्वच्छ र निर्मल पानीले आचमन गर्नू। यसपछि फेरि अत्यन्त सावधानपूर्वक आफ्ना लागि आवश्यक पर्ने माटो भेला गर्नू। त्यसै माटोले चरणहरूको शुद्धीकरण गरिसकेपछि फेरि तीन पटक कुल्ला गरेर दुई पटक राम्ररी मुख धुनु पर्दछ।

त्यसपछि अत्यन्त शुद्ध जल लिएर इन्द्रियरन्ध्रमा, टाउकोमा, पाखुरादेखि

आँलासम्मको शरीरको भागमा, नाइटोमा र हृदयमा स्पर्श गर्नुपर्छ। यसरी पूर्ण रूपमा स्नान गरिसकेपछि उपयुक्त किसिमबाट कपाल मिलाएर ऐना, अग्नि तथा दुवोजस्ता माङ्गलिक वस्तुहरूको स्पर्श गर्नुपर्छ। यसपछि जीवननिर्वाह गर्नका लागि आफ्नो वर्णधर्मानुसार अर्थोपार्जनको कार्यमा लाग्नुपर्दछ तथा अत्यन्त श्रद्धापूर्वक यज्ञ-यज्ञादि शुभकर्महरू गर्नुपर्दछ। गौतम ऋषिका अनुसार उपासनासम्बन्धी, अष्टमीमा गरिने कर्म, औँसी वा पर्वको दिनमा गरिने श्राद्ध, श्रावण, मङ्सीर, चैत्र र आश्विन महिनाका पूर्णिमाहरूमा यी सात पाकयज्ञसंस्था हुन्। अग्निहोत्री, अग्निहोत्रको अग्नि, औँसी, पूर्णिमा, सातथरी हविर्यज्ञमध्ये चौथो, यज्ञमा बलि दिइने पशु वा सौत्रमणियज्ञ यी सात हविर्यज्ञसंस्था हुन् भने अग्निष्टोम, ज्योतिष्टोम यज्ञको कर्मविशेष, उक्थ, षोडशी अर्थात् अग्निष्टोम यज्ञको विधान विशेष, सात श्रौत यज्ञ यज्ञहरूमध्ये पाँचौँ यज्ञ, एकै रातमा सुरु भएर सकिने यज्ञ र आप्तोर्याम यी सात सोमसंस्था हुन्। यसप्रकार सोमसंस्था, हविसंस्था र पाकसंस्था यी तीनोटै यज्ञहरूको मूल धन नै हो।

यसकारण मनुष्यले धनोपार्जनमा प्रयत्नशील हुनुपर्दछ। नदी, समुद्र, तलाउ/पोखरीभन्दा पाँच गुना ठूलो जलाशय, देवताहरूका लागि खनिएको इनार वा पर्वतहरूबाट झरेका झरनाहरूमा नित्यकर्महरू सम्पादन गर्नका लागि स्नान गर्नुपर्दछ अथवा कुवाबाट झिकिएको पानीले त्यसकै आसपासको जमिनमा बसेर स्नान गर्नुपर्दछ; यदि कुवाको आसपासमा स्नान गर्न सम्भव छैन भने त्यही पानी घरमा ल्याएर स्नान गर्नुपर्दछ। यसरी स्नान गरिसकेपछि पवित्र वस्त्र धारण गरेर श्रद्धापूर्वक देवता, ऋषि र पितृहरूलाई तर्पण दिने कार्य गर्नुपर्दछ। देवता र ऋषिहरूको तृप्तिका लागि तीन-तीन पटक तर्पण दिनुपर्दछ भने प्रजापतिको तृप्तिका लागि एक पटकमात्र जलको तर्पण दिनुपर्दछ। पितृहरूको तृप्तिका लागि, पितामहहरूको तृप्तिका लागि र प्रपितामहहरूको तृप्तिका लागि पनि तीन तीन पटक तर्पण दिनुपर्दछ। यसरी नै अतिभक्तिभावपूर्वक मातामह, प्रमातामह, वृद्धप्रमातामह यी सबैलाई पितृतीर्थबाट जल अर्पण गर्नुपर्दछ।

अब काम्य तपर्णका विषयमा पनि ध्यानपूर्वक सुन। यो जल आमाका लागि हो, यो जल हजुरआमाका लागि हो, यो जल बुढी हजुरआमाका लागि हो, यो जल गुरुलाई प्राप्त होस्, यो जल मामालाई प्राप्त होस्, यो जल मेरा प्रिय मित्रलाई प्राप्त होस्, यो जल राजालाई प्राप्त होस् भन्ने उच्चारण गर्दै मनुष्यले आफ्नो

चाहनाअनुसार देवता आदिलाई तर्पण गरिसकेपछि सबै प्राणीको उपकारका लागि तर्पण दिनुपर्दछ। देवतालगायतलाई तर्पण दिँदाका समयमा देवता, असुर, यक्ष, नाग, गन्धर्व, राक्षस, पिशाच, गुह्यक, सिद्ध, कुष्माण्ड, पशुपक्षी, जलचर, स्थलचर र वायुको आहार भएका जीव मैले दिएको जलबाट तृप्त हुन सकुन्, जसले नरकहरूमा परेर विभिन्न किसिमका यातना भोगिरहेका छन्, ती सबै किसिमका जीवहरूलाई तृप्त गराउनका लागि यो जल तिनीहरूमा समर्पण गरेको छु; जो हाम्रो बन्धु वा अबन्धु छ, जो अन्य जन्ममा मेरो बन्धु रहेको थियो, जसले मैले दिएको जलको चाहना राख्दछन्, ती सबै प्राणीहरूलाई पूर्ण श्रद्धापूर्वक यो जल अर्पण गर्दछु, तिनीहरू तृप्त होउन्, भोक र तिर्खाबाट अत्यन्त व्याकुल भएको जीव चाहे जहाँसुकै रहेको होस्, त्यसलाई मैले अत्यन्त श्रद्धापूर्वक दिएको यो तिलाञ्जलिले पूर्ण रूपमा तृप्त गराइदेओस् भन्नुपर्छ। यसरी मैले काम्यकर्मका सम्बन्धमा विस्तारपूर्वक बताएँ; जुन कर्महरूका माध्यमद्वारा मनुष्यले समग्र जगत्लाई सन्तुष्ट गराउन सक्छ तथा पूर्ण रूपमा श्रद्धासम्पन्न भएर यी सबै जीवहरूलाई जल समर्पण गरेर जगत्लाई तृप्त गराएका कारणले उत्पन्न भएको पुण्य उसले प्राप्त गर्दछ, जसले माथि बताइएअनुसार कर्म गर्दछ।

यसपछि आचमन गरेर सूर्यलाई जलाञ्जलि दिनुपर्दछ। त्यस समयमा भगवान् विवस्नान् नमस्कार छ; जो वेदवेद्य र भगवान् श्रीविष्णुको तेजस्वरूप हुनुहुन्छ भने जुन भगवान् सूर्य समग्र जगत् उत्पन्न गराउने अतिपवित्र तथा सबै कर्महरूको साक्षी हुनुहुन्छ भन्नुपर्दछ। यस मन्त्रद्वारा सूर्यलाई अर्घ दिएर जलको अभिषेक, पुष्प, धूप आदिबाट गृह देवता र आफ्ना इष्टदेवताको पूजा गर्नुपर्दछ। यसपछि अपूर्व अग्निहोत्र गर्नुपर्दछ। त्यसमा सबैभन्दा पहिले ब्रह्माजीलाई आहुति दिनुपर्छ। त्यसपछि सिलसिलाबद्ध रूपमा प्रजापति, गुह्य, कश्यप र अनुमतिलाई आहुति दिनुपर्दछ। यसरी आहुतिहरू गरेर बाँकी रहको हव्य पृथ्वी र मेघको कामना गरेर उदकपात्र (यो जलले भरिएको पात्र जुन अग्निहोत्र गर्दाका समयमाआफ्ना नजिकमा राखिन्छ र "इदं न मम" भनेर आहुतिको शेषभाग त्यसमा छाडिन्छ) मा धाता र विधाताको कामना गरेर ढोकाको दुवैतिर तथा ब्रह्माको कामना गरेर घरको मध्य भागमा छाडिदिनुपर्छ।

अब म दिक्पालहरूको पूजाका विषयमा बताउँछु। बुद्धिमान् पुरुषले पूर्वसहितका चारोटै दिशामा सिलसिलाबद्ध रूपमा इन्द्र, धर्मराज, वरुण र

चन्द्रमाको कामना गरेर बाँकी रहेको हवन सामग्री बलि चढाउनुपर्दछ। विद्वान् पुरुषले पूर्व र उत्तर दिशाको भागमा धन्वन्तरिको कामना गरेर बलि दिनुपर्छ। यसपछि अन्तमामात्र बलिवैश्वदेव कर्म गर्नुपर्दछ। बलिवैश्वदेव कर्म गर्दाका समयमा वायव्य कोणमा वायुलाई र अन्य सबै दिशाहरूमा ब्रह्मा, अन्तरिक्ष तथा सूर्यको कामना गरेर बलि चढाउनुपर्दछ। यसपछि विश्वेदेव, विश्वभूत, पितृ, विश्वपति र यक्षहरूलाई पनि बलि दिनुपर्दछ। त्यसपछि बुद्धिमान् पुरुषले यसमा प्रयोग नभएको अन्न लिएर पवित्र भूमिमा आफ्नो चाहनाअनुसार सबै भूतका लागि पनि बलि दिनुपर्दछ। यसरी सबै भूतलाई अन्न समर्पण गर्दाका समयमा देवता, मनुष्य, पशुपक्षी, सिद्ध, यक्ष, सर्प, दैत्य, प्रेत, पिशाच, रूख तथा अरू पनि कमिला, किरा-फट्याङ्ग्रा जो आफ्ना कर्महरूको बन्धनमा बाँधिएर भोकले अत्यन्त व्याकुल भइरहेका छन्, ती सबैले तृप्ति प्राप्त गर्न सकुन्, म उनीहरूका लागि अन्न समर्पण गर्दछु। त्यो मद्वारा प्रदान गरिएको अन्न स्वीकार गरेर आनन्दित होऊन्।

जसका माता, पिता वा कोही आफ्नो बन्धु छैन र न अन्न नै छ, न अन्न उत्पादन गर्ने साधन नै छ। उनीहरूको तृप्तिका लागि म पृथ्वीमा अन्न समर्पण गरिरहेको छु। तिनीहरू यो मद्वारा दिइएको अन्नले पूर्ण रूपमा तृप्त र आनन्दित हुन सकुन्। यी सबै प्राणी, यो अन्न र म पनि हामी सबै श्रीविष्णुकै स्वरूप हौँ। किनकि श्रीविष्णुबाहेक केही पनि छैन। यसकारण म प्राणीमात्रको शरीरस्वरूप रहेको यो अन्न उनीरूको पोषणका लागि उनीहरूलाई समर्पण गर्दछु। यस प्रकार जुन चौध किसिमका (आठ किसिमका देवसम्बन्धी, पाँच किसिमका तिर्यग्योनिसम्बन्धी र एक किसिमको मनुष्य योनिसम्बन्धी, जसलाई सङ्क्षेपमा भौतिक सर्ग बताइन्छ) भूत समुदाय रहेका छन्, त्यसमा जति पनि प्राणीमात्र छन्; ती सबैको तृप्तिका लागि म यो अन्न समर्पण गर्दछु। यसबाट तिनीहरू सबै आनन्दित हुन सकुन्।

मनुष्यले यस किसिमले उच्चारण गरेर सबै प्राणीमात्रको कल्याणका लागि पवित्र भूमिमा अन्न समर्पण गर्नुपर्दछ। किनकि गृहस्थाश्रमलाई सबैको आश्रयस्थल बताइएको छ। यसपछि कुकुर, चाण्डाल, पक्षीसमूह र अन्य पनि जुनसुकै पतित अथवा अपुत्र मानव छ, त्यसका लागि शुद्ध जमिनमा अन्न समर्पण गर्नुपर्दछ। त्यसपछि आफ्नो घरको आँगनमा गाई दुहुने बेलासम्म अर्थात् गाई दुहुन जति समय लाग्दछ; त्यति समयसम्म वा आफ्नो चाहनाअनुसार यसभन्दा पनि धेरै समयसम्म अतिथिको प्रतीक्षामा उभिनुपर्दछ तथा यदि त्यहाँ अतिथि आइपुगे

भने उनको स्वागत गर्दै आसनमा बसाएर चरण पखालिदिएर पूजा गर्नुपर्दछ। यसपछि गृहस्थ पुरुषले अतिथिलाई भोजन गराएर मिठासपूर्ण वचनमा वार्तालाप गर्नुपर्दछ तथा उनको जाने समयमा अलिक परसम्म पछिपछि गएर अतिथिलाई पूर्ण रूपमा प्रसन्न गराउनुपर्दछ। जसको कुल, नामसहित केही पनि थाहा छैन र अन्य गाउँबाट आएको हो, यस किसिमका अतिथिको उत्तम किसिमबाट पूजा गर्नुपर्दछ। तर आफ्नो गाउँको अतिथि भएकामा पूजा गर्नु पर्दैन।

जोसँग कुनै वस्तु छैन, जससँग कुनै किसिमको सम्बन्ध रहेको छैन, जसको कुलघरानका विषयमा केही जानकारी छैन, जो भोजनको चाहनाले अत्यन्त व्याकुल भएको छ, त्यस अतिथिको पूजा नगरी आफूले भोजन गर्ने मनुष्यले अधोगति प्राप्त गर्दछ। गृहस्थ पुरुषले आफ्नो घरमा आएका अतिथिसँग अध्ययन, गोत्र, आचरण र कुलका विषयमा केही पनि सोध्न हुँदैन, तर उनलाई हिरण्यगर्भ सम्झिएर पूजा गर्नुपर्दछ। अतिथिको आदर सत्कार गरिसकेपछि आफ्नै गाउँको नित्य पञ्चयज्ञ गर्ने, उसको कुल र आचरणका विषयमा पूर्ण रूपमा ज्ञान भएको एउटा ब्राह्मणलाई पितृहरूका लागि भोजन गराउनुपर्छ। मनुष्ययज्ञको विधिअनुसार **मनुष्येभ्यो हन्त** भन्ने मन्त्रहरूको उच्चारण गरेर पहिले नै निकालेर राखिएको हन्तकार नामक अन्नबाट त्यस श्रोत्रिय ब्राह्मणलाई भोजन गराउनुपर्दछ। यस किसिमले देवता, अतिथि र ब्राह्मणलाई भिक्षा दिइसकेपछि यदि सामर्थ्य छ भने सधैँ घुमफिर गरिरहने सन्न्यासी र ब्रह्मचारीहरूलाई खालि हात नफर्काई आफ्नो इच्छाअनुसार भिक्षा दिनुपर्दछ।

यसरी पहिले बताइएका तीन तथा एक भिक्षुक यी चारोटैलाई अतिथि बताइएको छ। यी चारोटैको पूजा गर्ने मनुष्य पापबाट पूर्ण रूपमा मुक्त हुन्छ। जसको घरबाट अतिथि निराश भएर फर्कन्छन्, ती अतिथिले त्यस घरका स्वामीको पुण्य लिएर तथा आफ्नो पाप उसलाई दिएर जान्छन्। धाता, प्रजापति, इन्द्र, अग्नि, वसुगण र अर्यमासमेतका देवताहरूले अतिथिमा प्रवेश गरेर गृहस्थको घरका अन्नको भोजन गर्दछन्। यसकारण मनुष्यले अतिथिको पूजामा निरन्तर प्रयत्नशील रहनुपर्दछ। जुन पुरुषले अतिथिलाई भोजन नगराई आफैँमात्र खान्छ, त्यसले पापहरूको मात्र भोजन गर्दछ। गृहस्थ मनुष्यले आफ्नो घरमा (पिताका घरमा) रहेकी विवाहित छोरी, गर्भवती स्त्री, वृद्ध एवं बालकहरूलाई आफ्ना घरमा तयार भएको सामग्रीबाट पहिले भोजन गराइसकेपछि अन्तमा आफूले भोजन

गर्नुपर्दछ। जसले यी सबैलाई पहिले भोजन नगराई आफूले गर्दछ, त्यस गृहस्थलाई पापको भोजन गर्ने भनिन्छ र अन्तमा मृत्यु भएपछि त्यो नरकमा गएर कफ/खकारको भोजन गर्ने किरा बन्दछ। जुन व्यक्तिले स्नान नगरी भोजन गर्दछ, त्यो मल खाने हो भने जप नगरी भोजन गर्नेले रगत पिप पिउँदछ तथा संस्कारहीन अन्न खानले मूत्रपान गर्दछ। जसले बालक र वृद्धभन्दा पहिले भोजन गर्दछ, त्यसलाई विष्टा खाएको भनिन्छ। जसले होम नगरी भोजन गर्दछ, त्यसलाई किरा खाने तथा जसले दान नदिई भोजन गर्दछ, त्यसलाई विषको भोजन गर्ने भनिन्छ।

यसकारण जस्ता किसिमले गृहस्थ पुरुषले भोजन गर्नुपर्दछ र जसरी भोजन गर्दाका अवस्थामा गृहस्थ पापको बन्धनमा पर्दैन, त्यसका सम्बन्धमा सुन। जसद्वारा यस लोकमा परमआनन्द, बल र बुद्धि वृद्धि हुन्छ, अरिष्टहरू शान्त हुन्छन् तथा जुन शत्रुपक्षको विनाश गराउने किसिमको भोजन प्रक्रिया रहेको छ, त्यो पनि सुन। गृहस्थका नियममा रहेको पुरुषले स्नान गरिसकेपछि विधिपूर्वक देवता, ऋषि र पितृहरूलाई तर्पण दिएर हातमा प्रशस्त रत्न धारण गरेर सावधानीपूर्वक भोजन गर्नुपर्दछ। जप र हवन गर्ने काम गरिसकेपछि शुद्ध वस्त्र धारण गरेर अतिथि, ब्राह्मण, गुरुजन र आफूले पालनपोषण गर्नुपर्ने बालक र वृद्धहरूलाई भोजन गराइसकेपछि उत्तम सुगन्धसम्पन्न माला धारण गरेर हात, गोडा धोएर शुद्धमुख भएर प्रेमपूर्वक भोजन गर्नुपर्दछ। भोजन गर्दाका अवस्थामा यताउता नहेरी मनलाई भोजनमै केन्द्रित गराउनुपर्दछ। गृहस्थ पुरुषले पूर्व वा उत्तर दिशातिर फर्किएर शुद्ध जलले सेचन गरेर एकाग्रतापूर्वक पचाउन सहज हुने सात्त्विक भोजन गर्नुपर्दछ। जुन अन्न दुराचारी व्यक्तिले ल्याएको छ, घृणित छ, बलिवैश्वदेव गरिएको छैन, यस किसिमको अन्नको भोजन गर्नु हुँदैन।

गृहस्थ पुरुषले आफ्नो भोजनयोग्य अन्नबाट केही शिष्यहरूलाई र केही अत्यन्तै भोकाएकाहरूलाई दिएर आफ्नो भोजन शुद्ध पात्रहरूमा राखेर शान्तिपूर्वक भोजन गर्नुपर्दछ। वेतलगायतको टेबलमा राखिएको पात्रमा, भोजन गर्नका लागि अनुपयुक्त स्थानमा, सन्ध्यालगायतका समयमा र अत्यन्त सङ्कुचित स्थानमा मनुष्यले भोजन गर्नुहुँदैन तथा भोजन गर्नुभन्दा पहिले भोजनको पहिलो भाग अग्निलाई चढाएर मात्र भोजन गर्नुपर्दछ। जुन अन्न मन्त्रद्वारा अभिमन्त्रित र शुद्ध छ तथा जुन बासी छैन, त्यस किसिमको अन्नमात्र भोजन गर्नुपर्दछ। तर फल, मूल, तरुलसमेतमा यो नियम लागू हुँदैन तथा नपकाइएको चाट्न सकिने र

गुडबाट बनेका पदार्थहरूमा पनि यो नियम लागू हुँदैन तथा शक्तिहीन पदार्थको कहिल्यै भोजन गर्नुहुँदैन तथा विवेकशील पुरुषले मह, जल, दही, घिउ, सातुबाहेक अन्य पदार्थहरू हतारिएर खानुहुँदैन। मनुष्यले भोजन गर्दाका समयमा सबैभन्दा पहिले मिठोपन भएको पदार्थ खानुपर्दछ, यसपछि बीचमा नुनिलो र अमिलो पदार्थहरू र रुखो एवं तितो पदार्थको अन्तमा भोजन गर्नुपर्दछ।

जुन पुरुषले सबैभन्दा पहिले पन्यालोपन भएका पदार्थहरू बीचमा कठिन पदार्थहरू र अन्तमा फेरि पन्यालोपन भएका पदार्थहरूको भोजन गर्दछ, त्यो सधैं बलवान् र निरोगी हुन्छ। यसप्रकार वचनको संयम गरेर अन्नको निन्दा नगर्दै उत्तम किसिमको भोजन गर्नुपर्दछ। पहिलाको पाँच गाँस कुनै किसिमको आवाजसम्म ननिकाली खानुपर्छ ती गाँसहरूबाट पाँच प्राणहरूको तृप्ति हुन्छ। भोजन गरिसकेपछि राम्ररी आचमन गर्नुपर्दछ र फेरि पूर्व या उत्तर दिशातिर फर्किएर हातहरूलाई मूल स्थानसम्म धोएर विधिपूर्वक आचमन गर्नुपर्दछ। त्यसपछि स्वस्थ एवं अत्यन्त प्रसन्न चित्त भएर आसनमा बसेर मनुष्यले आफ्ना इष्टदेवताको चिन्तन गर्नुपर्दछ। प्राणस्वरूप वायुबाट प्रज्वलित भएर जठराग्निले आकाशद्वारा अवकाशयुक्त अन्न राम्रोसँग पकाउनु तथा मेरो शरीरका माटोको धातुहरूलाई पुष्ट गरिदिनु, जसका माध्यमद्वारा म सुखी रहन सकुँ। मद्वारा भोजन गरिएको यो अन्नले मेरा शरीरमा अवस्थित रहेको पृथ्वी, जल, अग्नि र वायुलाई शक्ति दिन सकोस् र राम्रो सँग पाकेको यो अन्न मेरा लागि निरन्तर सुखदायक होस् तथा यो अन्नले मेरो शरीरमा रहेका प्राण, अपान, उदान, समान र व्यान नाम भएका पाँच किसिमका वायुहरूलाई पूर्ण रूपमा वलवान् बनाएर मलाई सुख प्राप्त भइरहोस्। मैले भोजन गरेको अन्नलाई अगस्ति र बडवानल नाम भएको अग्निले राम्रोसँग पकाइदिनु र त्यस अन्नको परिणामस्वरूप मलाई सुख उपलब्ध गराइदिनु तथा मेरो शरीर सधैं स्वस्थ भइरहोस्।

श्रीविष्णु सबै इन्द्रियहरूको र देहको एकमात्र अधिष्ठाता हुनुहुन्छ। यस सत्यका बलले गर्दा मद्वारा खाइएको अन्नले परिपक्व भएर मलाई आरोग्यवान बनाओस्। भोजन गर्नेवाला भगवान् श्रीविष्णु हुनुहुन्छ तथा उहाँ नै भोजन गर्नयोग्य अन्न र त्यसको परिणाम पनि हुनुहुन्छ। यस सत्य भावनाका बलको प्रभावले मैले खाएको यो अन्न तथा त्यसको परणाम पनि हुनुहुन्छ। यसैले मैले खाएको यो अन्न राम्रोसँग पचोस्। यस किसिमले उच्चारण गरेर आफ्नो पेटलाई हातले

सुमसुम्याउनु र आलस्यलाई परित्याग गरेर धेरै परिश्रम नपर्ने कार्यहरूमा लाग्नुपर्दछ। असल प्रकृतिका शास्त्रहरूको अध्ययनरूपी प्रसन्नता र सन्मार्गमा वाधाव्यवधान नपुऱ्याउने कर्ममा लाग्दै दिन बिताएपछि आफ्नो नियमित कर्म सन्ध्याकालीन उपासना गर्नुपर्दछ। बुद्धिमान पुरुषले सायंकालीन सन्ध्या सूर्यास्त हुनुभन्दा पहिला नै तथा प्रातः कालीन सन्ध्या आकाशम तारा देखिएकै अवस्थामा सम्पन्न गर्नुपर्दछ। सधैँ दुवै समयमा सन्ध्योपासन गर्नुपर्दछ। कसैको जन्म भएको अवस्थामा लाग्ने सूतक र मृत्युको जूठो, पागलपन, रोग र भयलगायतबाट व्यवधान उत्पन्न भएको अवस्थामा मात्र गर्न हुँदैन।

जुन पुरुष असक्त बिरामी अवस्थाबाहेक अन्य साधारण अवस्थामा सूर्योदय तथा सूर्यास्तको समयमा सुत्छ, त्यसले अनिवार्य रूपमा प्रायिश्चित्त गर्नुपर्दछ। यसकारण गृहस्थ पुरुषले सूर्योदय हुनुभन्दा पहिले प्रातःकालीन सन्ध्या र सूर्यास्त हुनुभन्दा पहिले नै साँझको सन्ध्यासम्पन्न गरिसक्नुपर्दछ, त्यस समयमा सुत्नु हुँदैन। जुन पुरुषले प्रातःकालीन र सायंकालीन समयमा जप र उपासना गर्दैन, त्यो अत्यन्त दुष्ट आत्मा भएको पुरुष तामिस्र नाम भएको नरकमा पर्दछ। त्यसपछि सायंकालका समयमा सिद्ध गरिएको अन्नद्वारा मन्त्रोच्चारण नगरी बलिवैश्वदेव आदि कर्महरू गर्नुपर्दछ। त्यस समयमा पनि त्यसरी नै चाण्डालसहितलाई अन्न दिनुपर्दछ र यदि कोही अतिथि आएका छन् भने बुद्धिमान् पुरुषले आफ्नो सामर्थ्य अनुसार उनको पूजा र सत्कार गर्नुपर्दछ। सबैभन्दा पहिले चरण पखाल्नु, आसन दिनु र स्वागतको सङ्केतस्वरूप अत्यन्त नम्रवचन, यसपछि अन्नदान तथा शयन यी सबैका माध्यमद्वारा अतिथिको पूजा गर्नुपर्दछ। दिनको समयमा आएका अतिथि निराश भएर फर्किंदा जति पाप लाग्दछ, त्यसको आठ गुना धेरै साँझका समयमा आएका अतिथि निराश भएर फर्किंदा लाग्दछ। त्यसकारण कुनै पनि अवस्थामा अतिथिलाई निराश बनाएर फर्काउन उचित नहुने भएकाले साँझका समयमा आएका अतिथिको आफ्नो सामर्थ्यअनुसार पूजा गर्नुपर्दछ। उनको पूजा गर्नाले सम्पूर्ण देवताहरू पूजित हुनेछन्। गृहस्थ मनुष्यले आफ्नो शक्तिअनुसार ती अतिथिलाई भोजनका लागि अन्न, जल दिएर सुत्नका लागि ओछ्यान वा घाँस-फुसको बिछ्यौना अथवा खाली जमिन मात्र दिएर भए पनि उनको सत्कार गर्नुपर्दछ।

त्यसपछि गृहस्थ पुरुषले साँझको भोजन गरिसकेर हातगोडा धोएर प्वाल

भएको काठबाट बनाइएको ओछ्यानमा सुत्नुपर्दछ। जुन ओछ्यान धेरै ठूलो, भाँचिएको, होचो वा अग्लो, मैलो भएको नहोस् तथा जसमा उडुसलगायतका जीवहरू नरहेका हुन् र जसमा डसना आदि केही बिछ्याइएको नहोस्, त्यस्तो शय्यामा सुत्नुपर्दछ। सुत्दा सधैँ आफ्नो सिर पूर्व अथवा दक्षिण दिशातिर परोस्। यसका विपरीत सिरान बनाएर सुत्ने पुरुषलाई विभिन्न किसिमका रोगहरू लाग्दछन्। ऋतुकालका समयमा आफ्नी पत्नीसँग मात्र सहवास गर्न उचित हुन्छ। पुरुषवाची नक्षत्रमा, समानान्तर नक्षत्रमा र तिनीहरूमा पनि रात्रिको अन्तिम प्रहरमा सहवास गर्नुपर्दछ। अप्रसन्न रोगिणी, रजस्वला भएकी, सहवासको चाहना नभएकी, रिसाएकी, दुःखपूर्ण अवस्थामा रहेकी वा गर्भवती पत्नीसँग कहिल्यै सहवास नगर्नू। दुष्टस्वभाव भएकी, परपुरुषको चाहना गर्ने, कामवासना नभएकी अथवा अर्काकी पत्नी, भोकाएकी वा धेरै खाएकी स्त्रीहरूसँग सहवास गर्नुहुँदैन र आफूमा पनि यस प्रकारका दोष छन् भने स्त्रीसँग सहवास नगर्नू। पुरुषले स्नान गरिसकेपछि माला र गन्ध धारण गरेर, कामवासनाबाट सम्पन्न भएर प्रेमपूर्वक स्त्रीसँग सहवास गर्नुपर्दछ। तर जुन समयमा धेरै भोजन गरिएको छ वा अतिभोक लागेको समय छ भनेपछि स्त्रीसँग सहवास गर्नुहुँदैन। चतुर्दशी, अष्टमी, औँसी, पूर्णिमा तथा सूर्य सङ्क्रान्तिका दिनमा तेल, स्त्रीसँग सहवास र मासुको सेवन गर्ने पुरुष मृत्यु भएपछि विष्ठा र मूत्रले भरिएको नरकमा पर्दछ।

यसकारण संयमशील बुद्धिमान् पुरुषले यी पर्वका दिनहरूमा सत्‌शास्त्रको अध्ययन, देवताको पूजा, ध्यान र जपमा एकाग्रता पूर्वक लागेर समय बिताउनुपर्दछ। अन्य योनिमा, अयोनिमा अथवा औषधिको प्रयोग गरेर तथा ब्राह्मण, देवता, गुरु आदिका आश्रममा स्त्रीसँग सहवास गर्नुहुँदैन। डुम्रीको रूखमुनि, आँगनमा, जलमा, उपवनमा, तीर्थमा, पशुशालामा, चौबाटोमा र श्मशानघाटमा पनि मैथुन गर्न उपयुक्त हुँदैन। माथि बताइएका सबै पर्वका दिनहरूमा, प्रातः र साँझको सन्ध्यामा बुद्धिमान् पुरुषले मैथुन गर्नुहुँदैन। यसैगरी मल र मुत्रले सताएको अवस्थामा पनि मैथुन कार्यमा लाग्न हुँदैन। पर्वका दिनमा स्त्रीसँग सहवास गर्नाले धनको हानि हुन्छ, दिउँसोको समयमा स्त्रीसँग सहवास गर्नाले अनेकौँ किसिमका रोगहरू लाग्दछन् भने जलाशयमा स्त्रीसँग सहवास गर्नाले अम ल हुन्छ। परस्त्रीसँग मानसिक रूपमा पनि कहिल्यै मैथुन गर्नुहुँदैन। किनकि परस्त्रीसँग सहवास गर्नेले अस्थि नहुने किरालगायतको योनिमा जन्म लिनुपर्दछ। परस्त्रीसँग सहवास गर्ने पुरुषले मृत्युपछि

नरकमा जानुपर्दछ र संसारमा उसको आयु क्षीण हुन्छ। यसरी नै परस्त्रीको प्रेम यस लोक र परलोक दुवैमा भयदायक हुन्छ। यस विषयलाई मनन गरेर बुद्धिमान् पुरुषले माथि बताइएका दोषहरू नभएका दिनहरूमा आफ्नी पत्नीसँग ऋतुकालका समयमा सहवास गर्नु र सकामावस्था भएमा ऋतुकाल नभए पनि सहवास गर्न हुन्छ।

और्वले भने— गृहस्थ पुरुषले प्रत्येक दिन देवता, गाई, ब्राह्मण, सिद्ध, वयोवृद्ध तथा आचार्यको पूजा गर्नुपर्दछ तथा दुवै समयमा सन्ध्या उपासना र अग्निहोत्र पनि गर्नुपर्दछ। गृहस्थ पुरुषले निरन्तर संयमपूर्वक रहेर कतै प्वालसम्म नपरेका दुईओटा कपडा, उत्तम औषधिहरू तथा पन्नासहित विष नष्ट गराउने रत्न धारण गर्नुपर्दछ। उसले सधैँ आफ्नो कपाल सफा र सुन्दर बनाइ राख्नुपर्दछ र आफ्नो पहिरन सफा राख्नुपर्दछ तथा अतिमनमोहक सेतो फूल धारण गर्नुपर्दछ। कसैको थोरै मात्रामा पनि सम्पत्ति हरण नगर्नु र एक शब्दमात्र पनि असत्य नबोल्नु तथा यदि मिठासपूर्ण वचन पनि असत्य रहेको छ भने बोल्न हुँदैन भने अर्काको निन्दा कहिल्यै गर्नुहुँदैन। अर्काकी स्त्रीसहित अन्य कसैसँग पनि जस्तोसुकै अवस्थामा पनि विरोधपूर्ण भावना राख्नुहुँदैन, निन्दायोग्य सवारी साधनमा कहिल्यै चढ्नु हुँदैन र कहिल्यै पनि नदीका किनारमा रहेको रूखको छायाको आश्रय लिनुहुँदैन।

विद्वान् पुरुषले लोकमा अतिनिन्दित, तीव्रतापूर्वक पतन पतनका मार्गमा लागेको व्यक्ति, धेरैसँग विरोधाभास राख्ने व्यक्ति, अर्कालाई दुःख दिने, कुलत भएको, कुलटाको पति, क्षुद्र, सधैँ झुटोमात्र बोल्ने, धेरै खर्च गर्ने स्वभाव भएको व्यक्ति, अरूको निन्दा गर्ने, मूर्खसँग मित्रता गर्नुहुँदैन र बाटामां कहिल्यै एक्लै हिँड्नुहुँदैन भने वेगपूर्वक बगिरहेको पानीमा स्नान गर्नुहुँदैन, आगलागी भएको घरमा प्रवेश गर्नुहुँदैन तथा रूखको टुप्पामा चढ्नु हुँदैन। दाँत एकअर्कामा घर्षण गराउनुहुँदैन, नाक कोट्याउनु हुँदैन तथा मुख बन्द गरेर हाईहाई गर्नुहुँदैन भने मुख बन्द गरेर श्वास लिनुहुँदैन र श्वास छाड्न पनि हुँदैन। बुद्धिमान् पुरुषले अट्टहासपूर्वक हाँस्नु हुँदैन, आवाज निकालेर अधोवायु परित्याग गर्नुहुँदैन। नङ टोक्नु हुँदैन, बोट-बिरुवा उखेल्नु हुँदैन र पृथ्वीमा लेख्नु हुँदैन। बुद्धिमान पुरुषले दाह्रीजुँगाका राँहरू चबाउनुहुँदैन, अपवित्र र निन्दित क्षेत्रहरू हेर्नुहुँदैन। नग्न अवस्थामा रहेकी परस्त्रीलाई तथा उदाउन र अस्ताउन लागेका सूर्यलाई हेर्नु हुँदैन, शवलाई घृणा गर्नुहुँदैन। किनकि शवबाटआएको गन्ध चन्द्रमाको अंश हो। चौबाटो,

डुम्रीको रूख, श्मशानघाट, उपवन र अतिदुष्ट स्त्रीलाई रातको समयमा परित्याग गर्नुपर्दछ।

बुद्धिमान् पुरुषले आफ्ना पूजनीय देवता, ब्राह्मण र तेजोमय पदार्थहरूको छाया जस्तोसुकै अवस्थमा पनि नाघ्नु हुँदैन भो सुनसान जङ्गलमा कहिल्यै जानु हुँदैन एवं अन्य मनुष्यहरू नभएको सुनसान घरमा बस्नुहुँदैन। विवेकशील पुरुषले काटेको कपाल हड्डी, बाँस, अपवित्र वस्तु, बलि चढाइएको सामग्री, खरानी, अन्नको भूस तथा नुहाउँदा भिजेको ठाउँको नजिकमा जानुहुँदैन। विज्ञ पुरुषले दुर्जन व्यक्तिहरूको स त गर्नुहुँदैन, स्वाँठ पुरुषहरूसँग स त गर्नुहुँदैन, सर्पको नजिकमा जानुहुँदैन भने बिउँझिएपछि धेरै समयसम्म पल्टिरहनु हुँदैन। बुद्धिमान् पुरुषले सुत्न, उठ्न, नुहाउन, बस्न, शय्या प्रयोग गर्न तथा व्यायाम गर्नमा धेरै समय लगाउनुहुँदैन। यसै किसिमले विद्वान् पुरुषले दाह्रा र सिंग भएका पशुहरूलाई, ओसलाई तथा अगाडिको वायु र घामलाई पूर्ण रूपमा परित्याग गरिदिनुपर्दछ तथा प्राज्ञ पुरुषले पूर्ण रूपमा नग्न अवस्थामा स्नान, शयन, आचमन, देवताको पूजा, उपासना गर्नुहुँदैन। यज्ञ, होम, देवताको पूजा, अर्चनाजस्ता कार्य गर्दा, आचमन गर्दा, इष्टपूर्तिसम्बन्धी मङ्गलकर्मको आरम्भमा ब्राह्मणद्वारा पुण्याह शब्दको पाठ गर्न लगाउँदाका समयमा र जप गर्दाका समयमा एक वस्त्र मात्र धारण गर्नुहुँदैन। संशयशील व्यवहार भएका व्यक्तिहरूको नजिकमा कहिल्यै नबस्नू। सदाचारी पुरुषको सङ्गत एक क्षणको लागि मात्र भएको भए पनि त्यो अतिप्रशंसनीय हुन्छ।

बुद्धिमान् पुरुषले उत्तम र अधम व्यक्तिहरूसँग कहिल्यै पनि विरोधाभास राख्नुहुँदैन। विवाह र विरोध सधैँ आफूसँग समान क्षमता भएका व्यक्तिहरूसँग मात्र गर्न उपयुक्त हुन्छ। विद्वान् पुरुषले कुनै किसिमको वादविवाद तथा कलह गर्नुहुँदैन भने अनावशयक रूपमा भएको शत्रुतालाई परित्याग गरिदिनुपर्दछ। आफ्नो थोरै नोक्सान भए पनि सन्तोष गर्नुपर्छ; तर अर्काको विरोध गर्दा केही धनको प्राप्ति हुन्छ भने पनि त्यसलाई छोडिदिनुपर्दछ। नुहाइसकेपछि भिजेको धोती वा चिसो हातले आफ्नो शरीर पुछ्नुहुँदैन, उभिएर कपाल कोर्नु हुँदैन आचमन पनि गर्नुहुँदैन। आफ्नो गोडालाई एउटामाथि अर्कोलाई राख्नुहुँदैन भने आफूभन्दा मान्य व्यक्तिहरूका अगाडि गोडा पसार्नु हुँदैन तथा धृष्टापूर्वक गुरुहरूका अगाडि अग्लो आसनमा बस्नुहुँदैन। देवताको मन्दिर, चौबाटो, माङ्गलिक वस्तु र पूज्य

व्यक्तिलाई बायाँतिर पारेर निस्कनुपर्दछ तथा यिनीहरूका विपरीत वस्तुहरूलाई दायाँ पारेर हिँड्नुपर्दछ। विद्वान् पुरुषले चन्द्रमा, सूर्य, अग्नि, जल वायु र पूज्य व्यक्तिहरूका सम्मुख मलमूत्र त्याग गर्न र थुक्नु पनि हुँदैन भने उभिएर सार्वजनिक बाटमा मूत्र परित्याग गर्नुहुँदैन तथा थुक, दिशा, पिशाव एवं रगत नाघ्नु हुँदैन। भोजन गर्दाका समयमा, माङ्गलिक कार्य गरिरहेका अवस्थामा, जप, होम आदि गर्दाका समयमा र महापुरुषहरूका अगाडि थुक्नु अथवा हाँछ्यू गर्नु उपयुक्त हुँदैन। विद्वान् पुरुषले स्त्रीहरूको अपमान गर्नुहुँदैन तथा यिनीहरूको विश्वास पनि गर्नुहुँदैन भने यिनीहरूको ईर्ष्या र तिरस्कार पनि गर्नुहुँदैन। सदाचारसम्पन्न पुरुषले माङ्गलिक पदार्थ, फूल, रत्न, घिउ र पूज्य व्यक्तिहरूलाई आदरपूर्वक अभिवादन गरेर मात्र आफ्नो घरबाट बाहिर निस्कनुपर्दछ। चौबाटोलाई नमस्कार गरेर, निश्चित समयमा हवन गर्नुपर्दछ, दुःखी वा असहाय व्यक्तिहरूलाई सहायता गर्नुपर्दछ तथा विद्वान् साधुहरूको सत्सङ्गत गर्नुपर्दछ।

जुन पुरुषले देवता र ऋषिहरूको पूजा गर्दछ, पितृहरूलाई तर्पण र पिण्डदान गर्दछ, आफ्ना घरमा आएका अतिथिहरूको अतिआदरपूर्वक सत्कार गर्दछ, त्यसले सर्वोत्तम लोक प्राप्त गर्दछ तथा जुन पुरुषले इन्द्रियहरूमाथि पूर्ण रूपमा विजय प्राप्त गरेर समयअनुसार कल्याणदायक, मित्रतापूर्ण र प्रिय वचन बोल्दछ, त्यसले आनन्दको कारणस्वरूप अक्षय लोक प्राप्त गर्दछ। बुद्धिमान्, लज्जाशील स्वभाव भएको, क्षमाशील स्वभाव भएको पुरुषले विद्या र कुलमा श्रेष्ठ पुरुषहरूको उत्तम लोक प्राप्त गर्दछ। अचानक रूपमा मेघ गर्जिएका अवस्थामा, पर्वका दिनहरूमा, जूठो सूतक परेको समयमा, चन्द्रग्रहण र सूर्यग्रहण लागेका समयमा बुद्धिमान् पुरुषले अध्ययन गर्नुहुँदैन। जुन मनुष्यले अतिरिसाएको व्यक्तिलाई शान्त पार्दछ, सबैलाई आफ्नै बन्धुबान्धव सम्झन्छ, कसैसँग द्वेषभाव राख्दैन, भयभीत भएका मनुष्यहरूलाई आश्वासन दिएर शान्त बनाउँछ, त्यो साधु पुरुषले स्वर्गलोक प्राप्त गर्दछ। आफ्नो शरीरको रक्षा गर्न चाहने पुरुषले पानी परेका समयमा तथा घाममा छाताको प्रयोग गर्नुपर्दछ। रातको समयमा र जङ्गलमा हिँड्दाका अवस्थामा लौराको प्रयोग गर्नुपर्दछ भने सधैँ जुत्ता लगाएर मात्र हिँड्ने गर्नुपर्दछ।

बुद्धिमान् पुरुषले माथितिर, दायाँ-बायाँ हेर्दै हिँड्नुपर्दछ; तर अगाडि चार हातमात्र जमिनमा हेर्दै हिँड्नुपर्दछ। जुन इन्द्रियहरूमाथि विजय प्राप्त गरेको

पुरुषले दोष उत्पन्न गराउने कारणहरू त्याग्छ, त्यसको धर्म, अर्थ र काममा अलिकति पनि हानि हुँदैन। विद्या विनयसम्पन्न जुन बुद्धिमान् पुरुषले सदाचारपूर्ण व्यवहारद्वारा पापी पुरुषहरूसँग पापमय व्यवहार गर्दैन तथा अतिक्रोधित पुरुषहरूसँग पनि मिठासपूर्ण वचन बोल्दछ, जसको अन्तरात्मा सबैप्रति मैत्रीभावपूर्ण भावना रहेको हुन्छ, उसको मुक्ति आफ्नै हातमा रहेको हुन्छ। जुन पुरुष काम, क्रोध, र लोभलगायतका विकारविहीन भएर सदाचारसम्पन्न छ; त्यसैको प्रभावका कारणले गर्दा यो पृथ्वी स्थिर भएर रहेको छ। यसकारण बुद्धिमान् पुरुषले त्यही सत्यमात्र बोल्नुपर्दछ, जसले अन्य व्यक्तिहरूलाई आनन्दमय बनाउन सकोस् तथा यदि सत्य वचन बोल्दा अर्कालाई पीडा हुने अवस्थामा रहेको छ भने मौन बस्न नै उचित हुन्छ। यदि प्रिय वचन पनि अकल्याणदायक छ भने त्यस्तो वचन पनि बोल्नुहुँदैन, त्यस अवस्थामा केवल कल्याणदायक वाक्यमात्र बोल्न उपयुक्त हुन्छ, चाहे त्यो अति अप्रिय किन नहोस्। जुन कार्य गर्दा यस लोक तथा अन्य लोकमा प्राणीहरूका लागि कल्याणदायक हुन्छ, बुद्धिमान् पुरुषले त्यही कार्य मात्र गर्नुपर्दछ।

यसैगरी पुत्र जन्मिएपछि पिताले लगाएको कपडा नफुकाली स्नान गर्नुपर्दछ। त्यसपछि जातकर्म संस्कार र शुभकर्मका लागि गरिने नान्दी श्राद्ध गर्नुपर्दछ। यसपछि अनन्यचित्त भएर देवता र पितृहरूका लागि क्रमशः दायाँ र बायाँतिर बसाएर दुई–दुई ब्राह्मणहरूको पूजा गर्नुपर्दछ र उनीहरूलाई भोजन गराउनुपर्दछ। पूर्व अथवा उत्तरतिर मुख फर्काएर बसेर बयर मिसाइएको दही र अक्षताबाट कान्छी औँलाको मूलभागबाट पिण्डदान गर्नुपर्दछ। यो नान्दी श्राद्धबाट नान्दीमुख नाम भएका पितृहरू प्रसन्न हुन्छन्। यसकारण सबै किसिमको अभिवृद्धि भएका समयमा पुरुषहरूले यसको अनुष्ठान गर्नुपर्दछ। छोरा वा छोरीको विवाह गर्दाका समयमा, नयाँ घरमा प्रवेश गर्दाका समयमा, बालककहरूको नामकरण गर्दाका समयमा तथा चूडाकर्म (बालकको एक वर्ष, तीन वर्ष वा आफ्नो चलनअनुसार व्रतबन्ध अगाडि गरिने सोह्र संस्कारमध्येको एक संस्कार, जसलाई छेवर पनि भनिन्छ) गर्दाका समयमा नान्दी श्राद्ध गर्नुपर्छ तथा गर्भ रहेको छ वा आठ महिनामा गर्भिणीको पतिबाट गरिने एक संस्कार तथा पुत्रको पहिलो पटक मुख हेर्दाका समयमा गृहस्थ पुरुषले एकाग्रतापूर्वक नान्दीमुख नाम भएका पितृहरूको पूजा गर्नुपर्दछ। वृद्धि भएका समयमा गर्नुपर्ने यो नान्दीमुख नाम

भएको सनातन पितृपूजाको क्रमका विषयमा मैले तिमीलाई सुनाइदिएँ। अब प्रेतकर्मको विधानका विषयमा पनि ध्यानपूर्वक सुन।

आफ्ना बन्धुबान्धवहरूले मृतकलाई राम्ररी नुहाइदिएर फूलका मालाहरूबाट सुसज्जित गराइएको शवलाई गाउँभन्दा बाहिर लगेर दाहसंस्कार गरिसकेपछि आफूले लगाएको कपडासहित जलाशयमा स्नान गर्नुपर्दछ। त्यसपछि **यत्र यत्र स्थिताय एतदमुकाय**को उच्चारण गर्दै दक्षिणतिर फर्किएर आफ्ना बन्धुबान्धवहरूले मृतकका नाममा जलाञ्जली दिनुपर्दछ। यसपछि गोधूलि समयमा ताराहरू देखिन थालेपछि एकै पटक सबै बन्धुबान्धवहरूले गाउँमा प्रवेश गर्नुपर्दछ तथा (जूठो) सकिने दिनसम्म गरिने प्रेतसम्बन्धी कर्म गरिसकेपटि भुइँमा तृणलगमयतको ओछ्यानमा सुत्नुपर्छ। मृत पुरुषको प्रेतात्माका लागि प्रत्येक दिन जमिनमा पिण्डदान गर्नुपर्दछ भने दिउँसोको समयमा मात्र मासु नभएको भात खानुपर्दछ। आशौचका दिनमा यदि ब्राह्मणले खाने चाहना गरे भने उनलाई भोजन गराउनुपर्दछ। किनकि ती दिनहरूमा ब्राह्मण र आफ्ना बन्धुवर्गहरूले भोजन गरिदिनाले प्रेतात्मा सन्तुष्ट हुन्छ। आाशौचको पहिलो, तेस्रो, सातौँ र नवौँ दिनहरूमा वस्त्र परित्याग गरी बाहिर स्नान गरेर प्रेतात्माका निमित्त तिलाञ्जलि दिनुपर्दछ। आशौचको चौथो दिनमा अस्थिसञ्चय गर्नुपर्दछ।

त्यसपछि आफ्ना सपिण्डीभित्रका बन्धुबान्धवहरूको अ स्पर्श गर्नुपर्ने विधान रहेको छ। त्यस समयमा एघार पुस्तादेखि चौध पुस्तासम्मका पुरुषहरूले चन्दन र फूलको मालाबाहेक अन्य सबै कर्म गर्न सक्दछन्। सपिण्ड बन्धुहरूले भस्म र अस्थिसञ्चयको कार्य समाप्त भएपछि शय्या, आसनलगायत उपभोग गर्न सक्दछन्, तर स्त्रीसँग सहवास गर्ने कार्यलाई पूर्ण रूपमा निषेध गरिएको छ। बालक, परदेशमा रहेको व्यक्ति, दुराचारी, योगी, जल, अग्नि तथा फाँसी लगाउने आदि कारणबाट मृत व्यक्तिहरूको मृत्यु भइसकेपछि आशौचको निवृत्ति उत्तिखेरै हुन्छ वा तत्कालै आशौच सकिन्छ। मृतक पुरुषको कुटुम्बहरूका घरको अन्न दश दिनसम्म खानु हुँदैन। आशौचका समयमा दान दिन, दान लिन, होम र स्वाध्याय निषेध गरिएको छ। यो आशौच ब्राह्मणहरूको दश दिनको, क्षत्रियको बाह्र दिनको, वैश्यहरूको पन्ध्र दिनको र शूद्रहरूको एक महिनाको हुन्छ। आशौचको अन्तमा आफ्नो चाहनाअनुसार बिजोडी जस्तै एक, तीन, पाँच, सात र नौ ब्राह्मणहरूलाई भोजन गराउनुपर्दछ र जूठोको छेउमा कुशमाथि प्रेतात्माका लागि

पिण्डदान गर्नुपर्दछ। आशौचबाट शुद्ध भइएर ब्राह्मणलाई भोजन गराइसकेपछि ब्राह्मणले जल, क्षत्रियले शस्त्र, वैश्यले कोर्रा र शूद्रले लौराको स्पर्श गर्नुपर्दछ।

यसपछि ब्राह्मणसहित जातिका लागि जुन वर्णधर्म बताइएको छ, त्यसै अनुसारको आचरण गर्नुपर्दछ। आआफ्नो धर्मअनुसार उपार्जन गरिएको वस्तुका माध्यमद्वारा आफ्नो जीवननिर्वाह गर्नुपर्दछ । त्यसपछि प्रत्येक महिना मृत्यु भएकाको एकोद्दिष्ट श्राद्ध गर्नुपर्दछ । एकोद्दिष्ट श्राद्धमा आवाहनलगमयतको कार्य र विश्वदेवसम्बन्धी ब्राह्मणहरूको निमन्त्रणा जस्ता कार्य गर्नुहुँदैन। एकोद्दिष्ट श्राद्धमा एक अर्घ्य, एक पवित्र र धेरै ब्राह्मणहरूलाई भोजन गराइए तापनि मृतकका लागि एउटै मात्र पिण्डदान गर्नुपर्दछ। यसपछि यजमानले **अभिरम्यताम्** भनेपछि ब्राह्मणहरूले **अभिरताःस्म** भन्नुपर्छ र पिण्डदानको कार्य समाप्त भएपछि अमुकस्य अक्षय्यमुपतिष्ठताम् भन्ने वाक्यको उच्चारण गर्नुपर्दछ। यस किसिमले एकोद्दिष्ट श्राद्ध एक वर्षसम्म प्रत्येक महिना गर्नुपर्दछ । वर्ष समाप्त भएपछि सपिण्डीकरण गर्नुपर्दछ। अब त्यसको विधानका विषयमा ध्यानपूर्वक सुन।

यो सपिण्डीकरण श्राद्ध पनि एकोद्दिष्ट श्राद्धकै विधिअनुसार गर्नुपर्दछ। यो श्राद्ध एक वर्षमा, छ महिनामा वा बाह्र दिनपछिमात्र गर्नु शास्त्रसम्मत हुन्छ भने यस श्राद्धमा तिल, चन्दन र जलबाट सम्पन्न चारोटा पात्र राख्नुपर्दछ। यीमध्ये एउटा पात्र प्रेतका लागि र तीनोटा पात्र पितृहरूका लागि हुन्छन्। यसपछि मृतक पुरुषको पात्रमा रहेको जललगायतले पितृहरूका तीनोटा पात्रमा सेचन गर्नुपर्दछ। यसरी मृतक पुरुषले पितृत्व प्राप्त गरिसकेपछि सबै श्राद्ध धर्महरू त्यस मृतक पुरुषबाटै आरम्भ गरेर सबै पितृहरूको पूजा गर्नुपर्दछ। छोरो, नाति, पनाति, भाइ, भतिजो तथा सपिण्ड सन्तानमा उत्पन्न भएको पुरुषलाई मात्र श्राद्धकर्मको अधिकार भएको व्यक्ति मानिएको छ । यिनीहरू सबैको अभाव भएको अवस्थामा समानोदकका सन्तान श्राद्धकर्मका लागि अधिकार प्राप्त हुन्छन्। यिनीहरूको पनि अभाव भएको अवस्थामा आमातिरका सपिण्ड वा समानोदक श्राद्धका अधिकारी मानिएका छन्। मातृकुल र पितृकुल दुवै पूर्ण रूपमा नष्ट भइसकेको अवस्थामा स्त्रीले नै श्राद्धादि कर्म गरिदिनुपर्छ। यदि स्त्रीसहित कोही पनि छैन भने साथीमध्ये कुनैले बन्धु भएका प्रेतको श्राद्धादि कर्म गरिदिनुपर्छ वा बन्धुबान्धव नभएका मृतक व्यक्तिको सम्पत्तिबाट राजाले नै उसको सम्पूर्ण प्रेतकर्म गरिदिनुपर्दछ।

यी प्रेतकर्महरू तीन किसिमका हुन्छन्, ती हुन्–पूर्वकर्म, मध्यमकर्म तथा

उत्तरकर्म। यिनीहरूको अलगअलग लक्षणहरूका विषयमा ध्यानपूर्वक सुन। अग्निदाह संस्कारबाट आरम्भ गरेर जल तथा शस्त्रसमेतको स्पर्शसम्मका सम्पूर्ण कर्महरूलाई पूर्वकर्म भनिन्छ। यसपछि प्रत्येक महिना जुन एकोद्दिष्ट श्राद्ध हुन्छ, त्यसलाई मध्यम कर्म भनिन्छ तथा सपिण्डीकरण पछि मृतक पुरुषले पितृत्व प्राप्त गरिसकेपछि जुन पितृकर्म गरिन्छ, त्यसलाई उत्तरकर्म भनिन्छ। माता, पिता, सपिण्ड, समानोदक समूहका पुरुषहरू वा धन प्राप्त गर्ने अधिकार रहेका राजाले मृतकको पूर्वकर्म मात्र गर्न सक्दछन्। तर उत्तरकर्म पुत्र, छोरीको छोरो वा उनीहरूका सन्तानले मात्र गर्नुपर्दछ भने अन्यलाई यो कर्म गर्ने अधिकार रहेको हुँदैन। प्रत्येक वर्ष मृत्यु भएको तिथिमा स्त्रीहरूको पनि विधिपूर्वक एकोद्दिष्ट श्राद्धको विधानअनुसार उत्तरकर्म अनिवार्य रूपमा गर्नुपर्दछ। यसकारण उत्तरक्रिया गर्ने विधिका विषयमा ध्यानपूर्वक सुन।

अत्यन्त श्रद्धापूर्वक श्राद्धकर्म गर्ने मनुष्यले ब्रह्मा, इन्द्र, रुद्र, अश्विनीकुमार, सूर्य, अग्नि, वसु, मरुत्, विश्वदेवता, पितृ, पक्षी, मनुष्य, पशु, सर्प, ऋषि, भूतगणसहित समग्र जगत्‌लाई प्रसन्न गराउँछ। प्रत्येक महिनामा कृष्णपक्षको औँसी र हेमन्त र शिशिर ऋतुहरूको शुक्लाष्टमीमा श्राद्ध गर्नुपर्दछ। यो नित्य श्राद्धका विषयमा बताइएको हो। अब काम्य श्राद्धका विषयमा बताउँछु, सुन। श्राद्ध गर्नयोग्य पदार्थ वा उत्तम ब्राह्मण आफ्ना घरमा आएमा तथा उत्तरायण र दक्षिणायनको आरम्भ वा औँसीको दिन रविवार तथा श्रवण, अश्विनी, धनिष्ठा, अश्लेषा वा मृगशिरा नक्षत्रमध्ये कुनै एक नक्षत्र परेमा हुन जाने योग भएका अवस्थामा श्राद्धको अनुष्ठान गर्नुपर्दछ। विषुवसङ्क्रान्तिमा वा दिनरात बराबर हुने त्यो समय, जब सूर्य विषुवत् रेखामा रहन्छन्, त्यस समयमा, सूर्य र चन्द्र ग्रहण लागेका समयमा, सूर्य प्रत्येक राशिमा प्रवेश गरेका समयमा, नक्षत्र र ग्रहले पीडा दिएको अवस्थामा, खराब सपना देखेका अवस्थामा एवं नयाँ अन्न घरमा भित्र्याउँदाका अवस्थामा मनुष्यले काम्य श्राद्ध गर्नुपर्दछ। औँसी तिथि अनुराधा, विशाखा वा स्वाति नक्षत्रसम्पन्न भएका अवस्थामा श्राद्ध गर्नाले त्यसको प्रभावले गर्दा आठ वर्षसम्म पितृहरू पूर्ण रूपमा तृप्त भएर रहन्छन् भने जुन औँसी पुष्य, आर्द्रा वा पुनर्वसु नक्षत्रसम्पन्न हुन्छ; त्यस समयमा श्राद्धद्वारा पूजित भएका पितृहरू बाह्र वर्षसम्म तृप्त रहन्छन्। पितृ र देवताहरूलाई पूर्ण रूपमा तृप्त गराउने चाहना भएको

मनुष्यका लागि धनिष्ठा, पूर्वभाद्रपदा र शतभिषा नक्षत्रसम्पन्न औँसी अतिदुर्लभ हुन्छ। जब औँसी यी नौ नक्षत्रहरूबाट पूर्ण रूपमा सम्पन्न हुन्छ, त्यस समयमा गरिएको श्राद्ध पितृहरूका लागि अत्यन्त तृप्तिदायक हुन्छ। यसपछि अत्यन्त विनम्रभावपूर्वक सोधेपछि सनत्कुमारले जुन अन्य तिथिहरूका विषयमा वर्णन गर्नुभएको थियो, तिनीहरूको नाम सुन।

श्रीसनत्कुमारले भने– वैशाख शुक्लपक्षको तृतीया, कार्तिक शुक्लपक्षको नवमी, भाद्रकृष्णपक्षको त्रयोदशी र माघ महिनाको औँसीलाई युगादि तिथि बताइएको छ। यी चारोटा तिथिलाई सिलसिलाबद्ध रूपमा कलि, द्वापर, त्रेता र सत्य युगको सुरुआत तिथि मानिन्छ। यी चारोटै तिथि अति पुण्यदायक छन्। चन्द्र वा सूर्य ग्रहणका समयमा तीन अष्टमीमा वा उत्तरायण तथा दक्षिणायनको आरम्भका समयमा जुन पुरुषले अत्यन्त एकाग्रतापूर्वक पितृहरूमा लागेको मनद्वारा पितृहरूका लागि तिलसहितको जलले तर्पाण गरिदिन्छ; त्यसले एक हजार वर्षसम्म पितृहरूलाई तृप्त गराउँदछ। यो अत्यन्त रहस्यमय गोप्य कुरा पितृहरू आफैँले बताएका हुन्।

यदि अचानक माघ महिनाको औँसी तिथि शतभिषा नक्षत्रसम्पन्न पर्‍यो भने त्यो समय पितृहरूलाई तृप्ति गराउने अतिउत्तम समय हुन्छ भने भाग्यवान् पुरुषलाई मात्र यो उत्तम समय प्राप्त हुन्छ तथा यदि माघ महिनाको औँसीमा धनिष्ठा नक्षत्रको योग परेको समयमा आफ्नै कुलमा उत्पन्न भएका सन्तानहरूद्वारा पितृहरूलाई दिइएको अन्न र जलले उनीहरूलाई एक हजार वर्षसम्म तृप्त गराउँछ भने माघ महिनाको औँसी तिथि पूर्वाभाद्रपदा नक्षत्रबाट युक्त भएको अवस्थामा आफ्ना सन्तानहरूद्वारा गरिएको श्राद्धादि कर्महरूबाट पितृहरू एक युगसम्म पूर्ण रूपमा तृप्त भएर सुखपूर्वक सुत्दछन्। पञ्जावको सतलज नदी, यमुना, विपाशा र नैमिषारण्यमा रहेको गोममती नदीमा स्नान गरेर श्रद्धापूर्वक पितृहरूको पूजा तथा उपासना गर्नाले सबै पाप नष्ट हुन्छ। पितृहरूले निरन्तर रूपमा यो सोचिरहेका हुन्छन् कि कहिले हामी भाद्र महिनाको शुक्ल त्रयोदशीको मघा नक्षत्रमा तृप्त भएर फेरि माघ महिनाको औँसीमा आफ्ना छोरा नातिले हामीमा समर्पण गरेको मङ्गलतीर्थहरूको जलबाट परमतृप्ति प्राप्त गर्न सक्दछौँ। शुद्ध मन, शुद्ध धन,

प्रशंसायोग्य समय, विधानअनुसारको विधि र उपयुक्त पात्र परमभक्ति, श्राद्ध गर्दाका समयमा यी सबैको समायोजन हुन सकेको अवस्थामा मनुष्यलाई आफ्नो मनोकामना अनुसारको फल प्राप्त हुन्छ। यस प्रसङ्गमा अब तिमी पितृहरूले भन्ने गरेका केही कुरा ध्यानपूर्वक सुन। त्यो सुनेपछि तिमीले पनि अतिआदरपूर्वक त्यसैअनुसारको आचरण गर्नुपर्दछ।

पितृहरू भन्दछन्— हाम्रा कुलमा जसले धनको लोभ त्यागेर हाम्रा लागि पिण्डदान गर्दछ, त्यो बुद्धिमान् पुरुष भाग्यवान् हुनेछ भने पुरुषले सम्पत्ति भएका अवस्थामा हाम्रो सन्तुष्टिका लागि ब्राह्मणलाई रत्न, वस्त्र, भूमि, सवारी साधन, धन र भोग्य पदार्थहरू दान गर्दछ तथा यदि त्यस किसिमले दान गर्न सक्ने अवस्था नभए तापनि श्राद्ध गर्नुपर्ने समय आएपछि परमभक्ति र विनम्रपूर्वक आफ्नो सामर्थ्यअनुसार ब्राह्मणहरूलाई भोजन मात्र भए पनि गराइदिन्छ वा अन्नले ब्राह्मणहरूलाई तृप्त गराउने सामर्थ्य पनि नभएको अवस्थामा आफ्नो शक्तिअनुसार नपकाएको अन्न वा थोरै मात्र भए पनि दक्षिणा दिएर पितृलाई तृप्त गराओस्।

यदि यतिसम्म गर्ने पनि शक्ति रहेको छैन भने हातमा तिलमात्र लिएर कुनै उत्तम ब्राह्मणलाई त्यो तिल दिनु, यस्तो दरिद्री अवस्थामा पितृहरू त्यसैबाट तृप्त हुन्छन् हुन्छन् वा भक्तिपूर्वक विनम्र भएर हाम्रो तृप्तिका लागि पृथ्वीमा सात आठ तिल मिसाइएको जलाञ्जलि समर्पण गर्नुपर्दछ। यति गर्नसम्म पनि असमर्थ भएको पुरुषले कतैबाट भए पनि एक दिनलाई पुग्ने घाँस ल्याएर श्रद्धापूर्व गाईलाई खुवाए पनि हाम्रा पितृहरूलाई शान्ति प्राप्त हुनेछ वा यसमा पनि असमर्थ भएका अवस्थामा वनमा प्रवेश गरेर आफ्नो बगल देखाउँदै सूर्यादि लोकपालहरूसमक्ष हात उठाएर उच्च स्वरमा तल खेलिएका यी वाक्यहरूको उच्चारण गरोस्— मसँग श्राद्धकर्म गर्नका लागि योग्य धन वा सम्पत्ति तथा अन्य कुनै पनि उपयुक्त सामग्री छैन। यसकारण म आफ्ना पितृहरूलाई अत्यन्त श्रद्धापूर्वक प्रणाम मात्र गर्दछु, उनीहरू मेरो भक्तिबाट तृप्त भइदिउन्। मैले आफ्ना दुई हातहरू आकाशतिर उठाइरहेको छु।

और्वले भने— धन होस् वा नहोस् यी दुवै अवस्थामा जस्तो किसिमले श्राद्धादि कर्म गरिन्छ, त्यसका विषयमा पितृहरूले बताइसकेका छन्। जसले यो

विधिअनुसार कार्य गर्दछ, त्यसलाई विधान अनुसार श्राद्ध गरेको फल प्राप्त हुनेछ। श्राद्ध गर्दाका समयमा जुन किसिमका ब्राह्मणहरूलाई भोजन गराउनुपर्छ, त्यसका विषयमा सुन। श्राद्धमा कठअन्तर्गत **अयं वावा यः पवते**समेत तीन अनुवाक्‌हरूलाई त्रिणाचिकेत भनिन्छ। त्यो पढेको वा त्यसको अनुष्ठान गर्ने, **मधुवाता**लगमयतका ऋचाको अध्ययन र मधुव्रतको आचरण गर्ने, **ब्रह्ममेतु माम्**सहित तीन अनुवाक्‌को अध्ययन र तत्सम्बन्धी व्रत गरेको तथा छओटै वेदको अध्ययन गरेको, वेदहरूको ज्ञाता, योगी र ज्येष्ठसामग, ऋत्विक्, भान्जो, छोरीको छोरो, ज्वाइँ, पति वा पत्नीको बुवालाई श्राद्धमा भोजन गराउनु अतिउत्तम हुन्छ। मामा, तपस्वी, पञ्चाग्नि ताप्ने र त्यसको नियमको पालना गर्ने, शिष्य, आफ्नो नाताकुटुम्ब तथा मातापिताका सेवक ब्राह्मणहरूलाई श्राद्धकर्म गर्न लगाउनुपर्दछ। यदि श्राद्ध गर्नुपर्ने समयमा माथि बताइएअनुसारका ब्राह्मणहरू उपलब्ध हुन सकेनन् भने तीबाहेक साधारण किसिमका ब्राह्मणहरूलाई भोजन गराउनुपर्दछ।

आफ्नो मित्रलाई घात गर्ने, नङ झर्ने रोग भएको, कन्यासँग सहवास गर्ने, अग्नि र वेदको त्याग गर्ने, मदिराको व्यापार गर्ने, संसारमा महापातकीको उपमाले चिनिएको, चोर, दुष्ट स्वभाव भएको, गाउँको पुरोहित, निर्धातिर रूपमा निश्चित् गरिएको वा तोकिएको रकम लिएर पढाउने, वेदको अध्ययन गर्ने ब्राह्मण, पहिले अर्कै पुरुषसँग विवाह भइसकेकी कन्यासँग पुनर्विवाह गर्ने, आफ्ना मातापिता परित्याग गर्ने, शूद्रको सन्तानलाई आफ्नो बनाएर पाल्ने, शूद्र कन्यासँग विवाह गर्ने र देवोपजीवी यिनीहरूलाई श्राद्धकर्ममा भोजन गराउनु हुँदैन। बुद्धिमान् पुरुषले श्राद्धको तिथिभन्दा पहिले नै प्रशंसायोग्य वेदवेदाङ्ग का विद्वान् ब्राह्मणहरूलाई आमन्त्रण गर्नुपर्दछ भने आमन्त्रण गर्दाको समयमा नै **तपाईंलाई पितृ श्राद्ध** र **तपाईंलाई विश्वदेवमा** आमन्त्रण गरिएको छ भन्नुपर्दछ। यसरी आमन्त्रण गरिएका ब्राह्मणसहित श्राद्धकर्ता पुरुषले पनि त्यस दिन क्रोधपूर्ण व्यवहार तथा स्त्रीसँग सहवास र कुनै किसिमको विशेष परिश्रमलगायत गर्नुहुँदैन। किनकि यी कार्यहरू गरेर श्राद्धकर्म गर्दा वा गराउँदा महादोष लाग्दछ। श्राद्धको तिथिको पहिलो दिनमा आमन्त्रण गरेर वा आमन्त्रित भएर श्राद्धकर्म गरेका दिन श्राद्धमा भोजन गराएर या भोजन गरेर स्त्रीसँग सहवास गर्नेले आफ्ना पितृलाई वीर्यको कुण्डमा डुबाउँछ।

यसकारण श्राद्धको तिथिभन्दा पहिले श्राद्धमा भोजन गराउने ब्राह्मणलाई आमन्त्रण गर्नुपर्दछ। यदि श्राद्धका दिनमा ब्राह्मणलाई आमन्त्रण गरिएको छैन भने त्यस दिनमा आफ्ना घरमा आएमा आमन्त्रण नगरिएका ब्राह्मण वा सन्न्यासीलाई पितृहरूको तृप्तिका लागि भोजन गराउनु पर्दछ। आफ्ना घरमा आएका ब्राह्मणलाई सबैभन्दा पहिले पाद शुद्धिलगायतबाट सत्कार गर्नुपर्दछ। त्यसपछि ती ब्राह्मणले आचमन गरिसकेपछि कुशको औँठी धारण गरेर ती ब्राह्मणलाई निर्दिष्ट आसनमा बसाएर आफ्नो क्षमताअनुसार पितृश्राद्धमा बिजोडी र विश्वदेव कार्यमा जोडी ब्राह्मणलाई भोजन गराउनुपर्दछ। आफ्नो आर्थिक पक्ष अत्यन्त कमजोर भएको अवस्थामा श्राद्धकर्म तथा विश्वदेव कर्ममा एक एक ब्राह्मणलाई मात्र भए पनि भोजन अवश्य गराउनुपर्दछ तथा आर्थिक अवस्था सम्पन्न भएका समयमा मातामह श्राद्ध पनि वैश्वदेवयुक्त नै गर्नुपर्दछ अथवा पितृपक्ष र मातामहापक्ष मिलाएर भक्तिपूर्वक एउटै श्राद्ध गर्नुपर्दछ। वैश्वदेव श्राद्धका ब्राह्मणलाई पूर्वतिर तथा पितृश्राद्ध र मातामह श्राद्धका ब्राह्मणलाई उत्तरतिर मुख फर्कने तरिकाले बसाएर भोजन गराउनुपर्दछ। कुनै महर्षिले मितामहको र मातामहको श्राद्ध अलगअलग गर्नुपर्ने बताएका छन् भने केही महर्षिका अनुसार दुवैको एकै पटक श्राद्ध गर्नुपर्छ।

विद्वान्हरूका अनुसार सबैभन्दा पहिले श्रद्धमा आमन्त्रण गरिएका ब्राह्मणलाई बस्नका लागि कुशको आसन दिनुपर्दछ । त्यसपछि अर्घ्यदान आदिबाट विधिपूर्वक पूजा गर्नुपर्दछ। यसपछि उनीहरूको आज्ञा लिएर वैश्वदेवको आह्वान गर्नुपर्छ र श्राद्धविधिको विज्ञ पुरुषले जौसहितको जलले देवताहरूलाई अर्घ्य दिनुपर्दछ र उनीहरूलाई विधिपूर्वक धूप, दीप, गन्ध तथा माला समर्पण गर्नुपर्दछ। त्यसपछि अपसव्य भएर वाम भागमा पितृहरूलाई पनि अर्घ्य दिएर ब्राह्मणको आज्ञानुसार दुवै भागहरूमा कुशको आसन समर्पण गर्नुपर्दछ। यसपछि मन्त्रोच्चारणपूर्वक पितृहरूको आह्वान गर्नुपर्दछ । त्यसपछि अपसव्य भएर तिलजलद्वारा वामभागमा अर्घ्या दिनुपर्छ। यदि त्यस समयमा कुनै धेरै भोकाएको अतिथि आफ्ना घरमा आइपुग्यो भने ब्राह्मणको आज्ञा लिएर त्यसलाई पनि भोजन गराउनुपर्दछ। अनेकौँ किसिमका अज्ञातस्वरूप धारण गरेका योगी मनुष्यहरूको कल्याण गर्नका लागि विभिन्न रूपमा यस संसारमा घुमिरहेका हुन्छन्।

यसकारण ज्ञानी पुरुषले श्राद्ध गर्दाका समयमा आफ्ना घरमा आएका अतिथिहरूको विधिपूर्वक पूजा गर्नुपर्दछ। यदि त्यस समयमा अतिथिको पूजा गरिएन भने श्राद्धका समयमा व्यवधान उत्पन्न हुन्छ अर्थात् त्यो कर्मको सम्पूर्ण फल नष्ट गराइदिन्छन् । यसपछि ती ब्राह्मणहरूसँग आज्ञा लिएर नुन नभएको वेथे, तोरीजस्ता पात, गोभी, परवर वा फर्सी, आलुजस्ता पकाएर खाने कुनै पनि तरकारी र अन्न तीन पटक अग्निमा आहुति दिनुपर्दछ । तिनीहरूमध्ये **अग्नये कव्यावाहनाय स्वाहा** भन्ने मन्त्र उच्चारण गरेर पहिलो आहुति, **सोमाय पितृमते स्वाहा** मन्त्र उच्चारण गरेर दोस्रो आहुति र **वैवस्वताय स्वाहा** मन्त्र उच्चारण गरेर तेस्रो आहुति दिनुपर्दछ । यसरी आहुति गरेर बचेको अन्न लिएर थोरै पितृपात्रमा हालिदिनुपर्दछ। त्यसपछि स्वादिलो अन्न आफूले आमन्त्रण गरेका ब्राह्मणहरूका लागि पस्किदिएर विनम्र र कोमल स्वरमा तपाईंहरू पूर्ण रूपमा आनन्दपूर्वक सन्तुष्ट हुने गरी भोजन गर्नुहोस् भन्नुपर्दछ। ब्राह्मणहरूले पनि एकाग्रतापूर्वक मौन धारण गरेर आनन्दित हुँदै आफूलाई समर्पण गरिएका उपयुक्त परिकारसहितको अन्न भोजन गर्नुपर्दछ । यसपछि ॐ अपहता असुरा रक्षांसि वेदिषदलगायत मन्त्रको पाठ गर्दै श्राद्ध गर्ने स्थलमा तिल छर्कनुपर्छ तथा ती सबै ब्राह्मणलाई आफ्नै पितृस्वरूप सम्झँदै श्राद्धकर्ताले यी ब्राह्मणहरूका शरीरमा अवस्थित हुनुभएका मेरा पिता, पितामह र प्रपितामहले आज गरिएको श्राद्धकर्मबाट तृप्ति प्राप्त गर्न सकुन्, अग्निमा गरिएको हवनका माध्यमद्वारा पूर्ण रूपमा अघाएको मूर्ति भएर आज वास्तविक तृप्ति प्राप्त गर्न सकुन्, मैले आफ्ना पितृहरूका लागि पृथ्वीमा जुन पिण्डदान गरेको छु, त्यसबाट मेरा पिता, पितामह र प्रपितामहले आनन्द प्राप्त गरुन्, म यस श्राद्धमा जुन कार्य गर्न असमर्थ भएँ, त्यसमा मैले अत्यन्त भक्ति र श्रद्धापूर्वक जे जति बताएको छु, त्यस भक्तिबाटै मेरा पिता, पितामह एवं प्रपितामहलाई तृप्तिको प्राप्ति हुन सकोस् र मेरा मातामह, प्रमातामह, वृद्धमातामह, विश्वदेवहरूले परम तृप्ति प्राप्त गरुन् र सम्पूर्ण ब्राह्मणहरू पनि प्रसन्न होउन् तथा सम्पूर्ण राक्षसहरू पूर्ण रूपमा नष्ट भइदिउन्, यस स्थानमा देवता र पितृहरूलाई समर्पण गरिएको अन्नमा यी सबैका भोक्ता अविनाशी श्रीहरि विराजमान हुनुभएकाले उहाँको सामीप्यताका प्रभावले सबै राक्षस र असुरहरू यहाँबाट अत्यन्त

चाँडै जाउन् भन्ने भावना राख्नुपर्छ। ब्राह्मणहरू पूर्ण रूपमा तृप्त भइसकेपछि थोरै अन्न पृथ्वीमा हालिदिन र उनीहरूलाई आचमन गर्नका लागि फेरि एक पटक पानी दिनुपर्दछ।

यसरी सन्तुष्ट भएका ब्राह्मणहरूको आज्ञा पाएपछि आफ्नो चित्तलाई एकाग्र बनाएर तिल र अन्नबाट बनाइएको पिण्डलाई पृथ्वीमा राखी पिण्डदान गर्नुपर्दछ। त्यसपछि हातको बूढीऔँला र चोरी औँलाको माध्यभागबाट तिलसहित जलाञ्जलि दिनुपर्दछ तथा मातामह आदिलाई पनि त्यसै पितृतीर्थबाट भूमिमा पिण्डदान गर्नुपर्छ। यो कार्य सावधानीपूर्वक दक्षिणतिर ओरालो परेको भूमिमा गर्नुपर्दछ। जलाशयको किनारमा वा कुनै उत्तम संस्कार गरिएको ठाउँमा अथवा ब्राह्मणको जूठोको नजिकमा दक्षिणतिरको अग्रभागमा पहिले कुशको आसन बनाएर सबैभन्दा पहिले आफ्ना पिताका लागि फूल, धूप, दीपादिबाट पूजा गरिएको पिण्डदान गर्नुपर्दछ। यसपछि यसरी नै पितामहका लागि एक पिण्ड र प्रपितामहलाई पनि एउटा पिण्ड दिनुपर्दछ। यसपछि कुशको मूलले हातमा लागेको पिण्डको अंश पुछेर **लेपभागभुजः पितरस्तृप्यन्ताम्** उच्चारण गर्दै आफूमाथिका चोथौ, पाँचौं तथा छैटौं पुरुषहरू तथा वा त्यो पुस्तासम्मका पितृहरू तृप्त हुन् भन्नुपर्दछ। यसपछि गन्ध, फूलमाला आदि सम्पन्न पिण्डद्वारा मातामहादिको पनि पूजा गरिसकेपछि ब्राह्मणहरूलाई आचमन गर्नका लागि पानी दिनुपर्दछ र सुस्वधा यसप्रकारको आर्शीवचन ग्रहण गरिसकेपछि पितृ श्राद्धका लागि आमन्त्रण गरिएका ब्राह्मणलाई आफ्नो सामर्थ्यअनुसार दक्षिणा दिनुपर्दछ। यसपछि विश्वदेव कर्मका लागि आमन्त्रण गरिएका ब्राह्मणहरूसँग गएर उनीहरूलाई दक्षिणा दिँदै यस दक्षिणाबाट विश्वदेव कर्म गर्नका लागि आमन्त्रण गरिएका बाह्मणहरू प्रसन्न होउन् भन्नुपर्दछ र यी ब्राह्मणहरूको जवाफ पनि ग्रहण गर्नुपर्दछ। ती ब्राह्मणहरूले तथास्तु भन्नुपर्दछ, यसरी आशीर्वाद ग्रहण गरिसकेपछि पहिले श्राद्धकर्मका लागि आमन्त्रण गरिएका ब्राह्मणहरूलाई र त्यसपछि विश्वदेव कार्यका लागि आमन्त्रण गरिएका ब्राह्मणहरूलाई विदा गर्नुपर्दछ। विश्वदेवका साथै मातामहादिको श्राद्धका समयमा पनि यसै विधानलाई अवलम्बन गर्नुपर्दछ। भोजन, सामर्थ्यअनुसार दान र बिदाइ यी सबै क्रिया पितृश्राद्धकै क्रमअनुसार मातामहादिको कर्ममा पनि

गर्नुपर्दछ। पितृ र मातामहको श्राद्ध गर्ने स्थानमा मात्र पहिले विश्वदेवकर्मका लागि आमन्त्रण गरिएका ब्राह्मणहरूको पादशौच गर्न उचित हुन्छ। तर पितृ श्राद्ध र मातामहादिको श्राद्धमा आमन्त्रण गरिएका ब्राह्मणहरूको नै पहिले बिदाइ गर्नुपर्दछ।

त्यसपछि अत्यन्त मिठासपूर्ण वचन र सम्मानपूर्वक ब्राह्मणहरूलाई बिदा गर्नुपर्दछ। बिदा गर्दाका समयमा ढोकासम्म उनीहरूका पछिपछि जानुपर्छ तथा जब उनीहरूले फर्किने आज्ञा दिन्छन्, त्यसपछि फर्कनुपर्दछ। विज्ञ पुरुषले यसरी पिताको र मातामहको श्राद्धको अनुष्ठान गर्नुपर्दछ । प्रतितामहादिले श्राद्धकर्महरूबाट पूर्ण रूपमा तृप्त भएर आफ्ना सन्तानका सबै कामना पूर्ण गराइदिन्छन्। श्राद्धका समयमा छोरीको छोरो, दिनको आठौँ मुहूर्त र तिल वा चाँदीको दानालाई अति पवित्र मानिएको छ भने श्राद्ध गर्ने व्यक्तिले श्राद्धका दिन रिसाउनु हुँदैन, बाटामा नहिँड्नु, हतारमा कनै कार्य नगर्नु। जुन ब्राह्मणले श्राद्धमा भोजन गर्दछन्, उनीहरूले पनि माथि बताइएअनुसारको कार्य गर्नु हुँदैन। श्राद्धकर्ता पुरुषसँग विश्वदेवता, पितृ, मातामहहरू र उनका वंशका सम्पूर्ण पितृहरू सधैँ प्रसन्न रहन्छन्। अग्निष्वात्ता पितृहरूका आधार चन्द्रमा हुन् भने चन्द्रमाको आधार योग हो। यसकारण योगीहरूलाई पितृका लागि आनन्दप्रदायक मानिन्छ। यसैले श्राद्ध गर्दाका समयमा श्रेष्ठ योगीलाई आमन्त्रण गर्न उचित मानिएको छ। श्राद्धमा भोजन गर्ने हजारौँ ब्राह्मणहरू भएका ठाउँमा एकमात्र योगी आइपुगे भने उनले ती सबै ब्राह्मणहरूको र श्राद्धकर्ताको पनि उद्धार गरिदिन्छन्।

श्राद्धमा ब्राह्मणलाई होम गर्नयोग्य वा होम गरिने अन्नको भोजन गराउँदा पितृहरू एक महिनासम्म तृप्त रहन्छन्। माछाको भोजन गराउँदा दुई महिनासम्म, खरायोका मासुको भोजन गराउँदा तीन महिनासम्म, पक्षीको मासुको भोजन गराउँदा चार महिनासम्म, सुँगुरको मासुको भोजन गराउँदा पाँच महिनासम्म, बाखाको मासुको भोजन गराउँदा सात महिनासम्म, मृगका मासुको भोजन गराउँदा आठ महिनासम्म, गोरुको जातिविशेषको मासुको भोजन गराउँदा नौ महिनासम्म, भेडाको मासुको भोजन गराउँदा दस महिनासम्म, दूध, दही आदिको भोजन गराउँदा एघार महिनासम्म पितृहरू तृप्त रहन्छन्। तर श्राद्धमा ब्राह्मणलाई

गैँडाको मासुको भोजन गराउँदा पितृहरू चिरकालसम्म तृप्त रहन्छन्। श्राद्धकर्ममा गैँडाको मासु, करेमुको साग र महलाई अत्यन्त असल तथा तृप्तिदायक मानिएको छ।

जुन पुरुषले गयामा गएर श्रद्धापूर्वक श्राद्ध गर्दछ; त्यसको जन्म सफल भएको मानिन्छ भने उसका पितृहरू अत्यन्त तृप्त रहन्छन्। सेतो जुनेलो, नावोधान, धान, सेतो र कालो यो प्रकारको सामा (अन्न) र प्रमुख वन्य औषधि, जौ, कागुनो, गहुँ, शरद्कालीन धान, मुगीमास, तिल, मटर, चना, सस्यूँलाई श्राद्धकर्मका उपयुक्त पदार्थहरू मानिएको छ भने जुन अन्नबाट नवान्न गरिएको छैन, सानो तथा ठूलो बोडी, मुसुरो, लौका, प्याज, शलगम, तुष नझरेको धानको पिठो, नुनछार जमिनको नुन, हिंगजस्ता हल्का रातो रङ भएका वस्तुहरू, प्रत्यक्ष नुन र केही अन्य पदार्थहरू जसका विषयमा शास्त्रहरूमा उल्लेख गरिएको छैन ती सबै ाद्धकर्ममा निषेध गरिएका पदार्थहरू हुन्। जुन वस्तु रातको समयमा ल्याइएको छ, अप्रतिष्ठित जलाशयको तथा एउटा गाई पनि नअघाउने किसिमको खाल्डोको पानी वा दुर्गन्धयुक्त र फिँज भएको पानी श्राद्धमा प्रयोगमा ल्याउनु हुँदैन। एउटा मात्र खुर भएका जनावर, ऊँट, भेडा, मृग तथा भैँसीको दूधलाई श्राद्धकर्ममा पूर्ण रूपमा निषेध गरिएको छ। नपुंसक, सत्पुरुषहरूद्वारा बहिष्कार गरिएको, चाण्डाल, पापी, पाखण्डी, रोगी, कुखुरा, कुकुर, नाङ्गो वा वैदिक र्महरू त्याग गर्ने पुरुष, बाँदर, गाउँमा पालिएको सुँगुर, रजस्वला भएकी स्त्री, जन्म अथवा मृत्युको आशौच लागे को पुरुष र शव लिएर जाने पुरुष यीमध्ये कुनै एक उपस्थित रहेको स्थानमा देवता वा पितृहरू कसैले पनि श्राद्धमा आफ्नो भाग स्वीकार गर्ने सम्भावना रहँदैन।

यसकारण कुनै चारैतिरबाट घेरिएको स्थानमा अत्यन्त श्रद्धापूर्वक श्राद्धकर्म सम्पन्न गर्नुपर्दछ तथा पृथ्वीमा तिल छर्किएर व्यवधान उत्पन्न गराउने राक्षहरूलाई त्यहाँबाट धपाउनुपर्दछ। श्राद्धकर्ममा दुर्गन्धित, केश र नङ परेको, किरा आदि भएको, जुन निचोरेर निकालिएको रसयुक्त छ तथा बासी अन्न पूर्ण रूपमा निषेध गरिएको छ। श्रद्धायुक्त पुरुषहरूद्वारा नाम र गोत्रको उच्चारण गरेर आफ्ना पितृहरूलाई अन्नदान गर्नाले त्यसबाट पितृ र जस्तो आहार पितृहरूले मन पराउँदछन्, त्यो त्यस्तै भएर प्राप्त हुन्छ। यस विषयमा एउटा प्राचीन कथा सुनिन्छ, जुन मनुपुत्र महाराज इक्ष्वाकुलाई पितृले कलाप नाम भएको उपवनमा

बताएका थिए— के भविष्यमा हाम्रो यस्तो सन्मार्गी कुनै पुरुष उत्पन्न होला, जसले गयामा गएर हाम्रा लागि श्रद्धापूर्वक पिण्डदान गरिदेओस् ? के हाम्रो वंशमा यस्तो कुनै पुरुष उत्पन्न हुनसक्ला, जसले वर्षाकालीन मघानक्षत्र भएको त्रयोदशीका दिनमा हामीलाई तृप्त गराउन चाहनेले मह र घिउले सम्पन्न भएको पिण्ड दान गर्नेछ ? वा गौरी कन्यासँग विवाह गर्नेछ, नीलो साँडे छाड्नेछ अथवा पूर्ण दक्षिणासहित विधिपूर्वक अश्वमेघ यज्ञ गर्न समर्थ हुनेछ ?

पराशरले भन्नुभयो—प्राचीन कालमा राजा सगरले सदाचारका विषयमा प्रश्न गरेपछि और्वले यसरी गृहस्थको सदाचारका विषयमा बताएका थिए। मैले पनि तिमीलाई पूर्णरूपमा त्यही सदाचारका विषयमा बताइदिएँ। सदाचार परित्याग गरेर कसैले पनि आफ्नो कल्याण गर्न सक्तैन।

मैत्रेयले भने— नपुंसक, अपविद्ध (हिन्दू शास्त्रअनुसार बाह्र किसिमका छोरामध्ये त्यस्तो छोरो, जसलाई उसका आफ्ना बाबुले त्यागेको र अरुले धर्मपुत्र मानेको हुन्छ) र रजस्वला जसलाई भनिन्छ, त्यसका विषयमा म राम्ररी जान्दछु। तर नग्न कसलाई भनिन्छ, त्यो भने जान्दिन, यसकारण म नग्नका बारेमा जान्न चाहन्छु। नग्न कसलाई भनिन्छ ? र नग्न मनुष्यको आचरण कस्तो हुन्छ ? नग्नको स्वरूप के हो ? म तपाईंद्वारा नग्नको स्वरूपका विषयमा विस्तारपूर्वक सुन्न चाहन्छु। किनकि तपाईंका लागि कुनै कुरा लुकेको छैन।

पराशरले भन्नुभयो— ब्राह्मण, क्षत्रिय एवं वैश्य तीनोटै वर्णको आवरणस्वरूप रहेका ऋग्वेद, यजुर्वेद र सामवेद नाम भएका वेदत्रयीलाई जुन पुरुषले मोहका वशमा परेर परित्याग गर्दछ, त्यही पातकीलाई नग्न भनिन्छ। वेदत्रयी सबै वर्णको शरीर छोप्न लगाइने कपडाजस्तै भएकाले यो आवरण परित्याग गर्ने पुरुषलाई नग्न भनिनेमा कुनै द्विविधा छैन। मेरा पितामह वसिष्ठले भीष्मलाई यस विषयमा जे बताउनुभएको थियो, त्यो सबै तिमी मबाट सुन। तिमीले जुन मसँग नग्नका विषयको प्रश्न सोधेका छौ, त्यसका सम्बन्धमा मैले पनि मेरा पितामह वसिष्ठले भिष्मलाई बताउँदाका समयमा सुनेको थिएँ। प्राचीन कालमा कुनै समयमा दिव्य एक वर्षसम्म देवता र असुरहरूको एकआपसमा धेरै भयानक युद्ध भएको थियो। त्यस युद्धमा ह्राद प्रभृति दैत्यहरूले देवताहरूलाई पराजित गरेका

थिए। त्यसपछि देवताहरूले क्षीरसमुद्रको उत्तरतिरको किनारमा गएर तपस्या गर्दै श्रीविष्णुको आराधना गर्नका लागि निम्नानुसार स्तुति गरेका थिए।

देवताहरूले भने– हामीले समग्र चराचर जगत्का अधिपति श्रीविष्णुको आराधना गर्नका लागि जुन वाक्यको उच्चारण गर्दछौँ, त्यसबाट आदिपुरुष श्रीविष्णु प्रसन्न भइदिनुहोस्। जुन परब्रह्म परमात्माबाट अनन्त भूतसमुदाय उत्पन्न भएका छन् र अन्तमा ती सबै जसमा विलीन हुनेछन्; यस संसारमा उहाँको पूर्ण स्तुति गर्नको समर्थ हुन सक्दछ ? यद्यपि हजुरको वास्तविक स्वरूपका विषयमा स्तुति गर्नका लागि हामीहरूको वचन र मन समर्थ छैन। तथापि हामी शस्त्रद्वारा पराजित र शक्तिविहीन भएर आफ्नो कल्याणका लागि हजुरको स्तुति गरिरहेका छौँ। हजुर जल, अग्नि, वायु, पृथ्वी, आकाश, अन्तःकरण तथा हजुर नै प्रकृतिको अंश र प्रकृतिभन्दा पूर्ण रूपमा अलग रहनुहुने स्वतन्त्र परमपुरुष पनि हुनुहुन्छ। ब्रह्मादेखि घाँसको तृणसम्म स्थान र कालादि भेदसम्पन्न भएको यो प्रत्यक्ष वा अप्रत्यक्ष पदार्थमय चराचर प्रपञ्च हजुरकै शरीर हो। सृष्टि रचनाका समयमा हजुरको नाभिकमलबाट उत्पन्न भएको जुन पहिलो स्वरूप छ, त्यो ब्रह्मास्वरूप धारण गर्नुभएका हजुरलाई नमस्कार छ। इन्द्र, सूर्य, रुद्र, वसु, अश्विनीकुमार, मरुत्गण र सोमलगायतको भेदसम्पन्न हामी पनि हजुरकै एक स्वरूप हौँ। यसकारण हजुरको त्यो देवस्वरूलाई नमस्कार छ। हजुरको जुन स्वरूप दम्भयुक्त, विवेकरहित, क्षमा र दम शून्य छ, त्यो दैत्यस्वरूपलाई हामी श्रद्धापूर्वक नमस्कार गर्दछौँ।

यसैगरी हृदयस्वरूप सबै नाडीविशेषलाई ज्ञानको आधार मानेर जसका तेज शान्त भएका हुन्छन्, शब्दादि विषयहरूमा जसको आसक्ति रहेको हुँदैन, त्यस्ता यक्षस्वरूप हजुरलाई हाम्रो नमस्कार छ। हजुरको क्रूरता र मायाको अद्वितीय आधारस्वरूप जुन तमोमयका नामबाट प्रख्यात निशाचरस्वरूप रहेको छ; त्यसलाई नमस्कार छ। स्वर्गलोकमा निवास गर्ने धार्मिक पुरुषहरूको उत्तम धर्मको फल प्राप्ति गराइदिने हजुरको जुन धर्म नामको स्वरूप रहेको छ; त्यस अदृश्य स्वरूपलाई हाम्रो नमस्कार छ। जो जल, अग्निसहितका गमनशलि स्थामा गएर पनि सधैँ निर्लिप्त र प्रसन्न रहनुहुन्छ, यस्ता सिद्धस्वरूप हुनुभएका हजुरलाई हामी नमस्कार गर्दछौँ। जुन इर्ष्याको आश्रय अतिक्रूर र कामवासनाको भोगमा

समर्थ हजुरको दुई जिभ्रो भएको स्वरूप रहेको छ, त्यो मुनिमय स्वरूपलाई हाम्रो नमस्कार छ। जसले प्रलयका समयमा निश्चित रूपमा सबै प्राणीलाई आफ्नो भोजन बनाउनुहुन्छ; हजुरको त्यो कालस्वरूपलाई हाम्रो नमस्कार छ। जसले प्रलयका समयमा देवतासहित समग्र प्राणीलाई सामान्य रूपमा खाएर नृत्य गर्नुहुन्छ, हजुरको त्यो रुद्रस्वरूपलाई हाम्रो नमस्कार छ। रजोगुणीय प्रवृत्तिको कारणस्वरूप जुन कर्महरू गर्ने स्वरूप छ, त्यो हजुरको मनुष्यात्मक स्वरूपलाई नमस्कार छ। अट्ठाईस प्रकारको वधसम्पन्न (एघार इन्द्रियहरूको वध, नौ तुष्टिको वध र आठ सिद्धिको वध यी अट्ठाइस वध हुन्) तमोमय र खराव आचरण भएको जुन हजुरको स्वरूप छ; त्यो पशुस्वरूपलाई नमस्कार छ।

जो जगत्को अवस्थितिको साधन तथा यज्ञको अङ्गस्वरूप रहेको छ र रूख, लता (लहरो), गुल्म (धेरै लामो नभई झाङ्गिने लहरा), तृण (घाँस), र गिरि (पर्वत) छ किसिमको भेदसम्पन्न छ; त्यो हजुरको मुख्य रूपलाई नमस्कार छ। तिर्यक्, मनुष्य तथा देवतासहितका प्राणी, आकाशसमेतका पञ्चभूत र शब्दलगायत तिनीहरूको गुण तथा सबैको आदिस्वरूप हजुरकै स्वरूप हो। यसकारण हजुर सर्वात्मालाई हाम्रो नमस्कार छ। हजुर जुन प्रकृति, महत्तत्त्व, अहङ्कारलगायत प्रपञ्चमय चराचर जगत्भन्दा पूर्ण रूपमा अलग हुनुहुन्छ र जसका समान अन्य कुनै स्वरूप छैन, यस्ता कारणका पनि कारणस्वरूप हजुरलाई नमस्कार छ। हजुरको जुन स्वरूपको होचो, अग्लो आदि परिणाम रहेको छैन तथा घनत्व आदि गुणरहित छ र जुन स्वरूप विशेषणबाट देख्न नसकिने छ, जुन परम पवित्र छ, महर्षिहरूले जुन स्वरूपको दर्शन गर्दछन्, त्यस स्वरूपलाई नमस्कार छ। जुन हजुरको स्वरूप हाम्रो शरीरमा, अन्य प्राणीमात्रका शरीरमा र पदार्थ समूहमा रहेको छ तथा जो जन्म र मृत्युजस्ता विकारहरूबाट पूर्ण रूपमा अलग हुनुहुन्छ; जसभन्दा अलग कुनै वस्तुको अस्तित्व रहेको छैन, उहाँ ब्रह्मरूप विष्णुस्वरूपलाई हामी नमस्कार गर्दछौँ। जो उत्पत्तिरहित हुनुहुन्छ तथा यो चर ाचर जगत् जसको स्वरूपविशेष हो; परमपद ब्रह्म नै जसको आत्मा हो; जो नित्य, अक्षय र निर्मलस्वरूप प्रभु हुनुहुन्छ; जो सम्पूर्ण जगत्को आदि कारण हुनुहुन्छ; उहाँ श्रीविष्णुलाई हामी नमस्कार गर्दछौँ।

पराशरले भन्नुभयो—यसप्रकारको स्तोत्रको समाप्त भएपछि देवताहरूले शङ्ख, चक्र र गदा धारण गरेर गरुडमा विराजमान हुनुभएका परमात्मा श्रीहरिको दर्शन गरे। त्यस समयमा सबै देवताले भगवान्लाई नमस्कार गर्दै भने।

देवताहरूले भने— हजुर प्रसन्न भइदिनुहोस्। हामी सबै देवता हजुरका शरणमा आएका छौँ, दैत्यहरूबाट हामी सबैको रक्षा गरिदिनुहोस्। ती ज्यादै उन्मत्त स्वभाव भाएका राक्षसहरूले पितामह ब्रह्माको आज्ञा उल्लङ्घन गरेर हाम्रो त्रिलोकको राज्य तथा सम्पूर्ण यज्ञ भाग खोसिदिए। यद्यपि हामी र ती सबै हजुरकै स्वरूप हौँ; तथापि हामीले अविद्याका भेदले गर्दा जगत्लाई अलगअलग देख्दछौँ। हाम्रा शत्रुहरू आआफ्ना वर्णधर्ममा एकाग्रतापूर्वक लागेका तथा वेदमा निर्दिष्ट गरिएको मार्गको अवलम्वन गर्ने र अत्यन्त तपस्वी छन्। यसकारण हामी उनीहरूको वध गर्न असमर्थ भइरहेका छौँ। जसरी हामी सबै ती असुरहरूको विनाश गर्न सामर्थ्यवान् हुन सक्दछौँ, त्यस्तो कुनै उपाय गरिदिएर हामीहरूको कल्याण गरिदिनुहोस्।

पराशरले भन्नुभयो—देवताहरूले यस किसिमले प्रार्थना गरिसकेपछि भगवान् श्रीविष्णुले मायामोहलाई आफ्नो शरीरबाट उत्पन्न गराएर देवताहरूलाई दिँदै भन्नुभयो।

श्रीभगवान्ले भन्नुभयो— यो मद्वारा उत्पन्न गराइएको मायामोहले ती दैत्यहरूलाई मोहित गराइदिनेछ, त्यसपछि उनीहरू वैदिक मार्गबाट भ्रष्ट भएपछि तिमीहरू बिनापरिश्रम उनीहरूको विनाश गर्न सक्षम हुने छौ अर्थात् तिमीहरूले सहज रूपमा विजय प्राप्त गर्नेछौ। सृष्टिको रक्षा गर्ने कार्यका लागि ब्रह्मालाई खटइएको छ। त्यसकारण जुनसुकै देवता वा दैत्यले ब्रह्माको कार्यमा व्यवधान पुऱ्याउँछ, त्यो मद्वारा वध गर्नयोग्य हु। यसकारण अब तिमीहरू यसै समयमा यहाँबाट जाओ, कुनै किसिमको भय छैन। यो मायामोह तिमीहरूको रक्षा गर्नका लागि तिमीहरू सबैका अगाडिअगाडि हिँड्नेछ।

पराशरले भन्नुभयो— श्रीविष्णुबाट यसप्रकारको आज्ञा पाएपछि देवताहरू उहाँलाई प्रणाम गरेर जहाँबाट आएका थिए, उतै गए। जहाँ असुरहरू रहेका थिए, मायामोह पनि देवताहरूसँगै त्यहीं पुग्यो। देवताहरूसँग त्यस स्थानबाट

गएको मायामोहले नर्मदानदीको किनारमा तपस्यामा एकाग्रतापूर्वक लागिरहेका असुरलाई देखेपछि उसले बिलकुल नाङ्गो, मुण्डन गरिएको शिर, मयुरको पुच्छर धारण गरेर असुरहरूसँग अत्यन्त सुमधुर वचन भन्न आरम्भ गऱ्यो ।

मायामोहले भन्यो– तपाईंहरूले के उद्देश्य लिएर तपस्या गरिरहनुभएको छ ? तपाईंहरूको कुनै लौकिक फलको कामना रहेको छ वा पारलौकिक फलको चाहना रहेको छ ?

असुरहरूले भने– हामीले पारलौकिक फलको मनोकामना लिएर तपस्या आरम्भ गरेका हौँ। यस विषयमा तपाईं के भन्न चाहनुहुन्छ; त्यो बताउनुहोस्।

मायामोहले भन्यो– यदि तपाईंहरूले मुक्तिको कामना गर्नुभएको हो भने मैले बताएअनुसारको कार्य गर्नुहोस् र मुक्तिको द्वारस्वरूप हाम्रो धर्मको अनुष्ठान पनि गर्नुहोस्। यो धर्म मुक्तिका लागि अतिउपयोगी छ। योभन्दा उत्तम अर्को कुनै धर्म छैन। यस धर्मको अनुठान गरेपछि तपाईंहरूले स्वर्ग वा मुक्ति जसको कामना गर्नुहुन्छ, त्यही प्राप्त गर्नुहुन्छ। तपाईंहरू अत्यन्त पराक्रमी हुनुहुन्छ, यसकारण यो धर्मअनुसारको आचरण गर्नुहोस्।

पराशरले भन्नुभयो– यसप्रकार विभिन्न किसिमका युक्तिहरूबाट परिपूर्ण भएका वाक्यहरूद्वारा मायामोहले ती दैत्यहरूलाई वेदमार्गबाट भ्रष्ट गराइदियो। यो धर्मयुक्त छ, यो धर्मविरुद्ध रहेको छ, यो सत्य हो, यो असत् हो, यसबाट मुक्ति प्राप्त हुन्छ, यसबाट मुक्ति प्राप्त हुन सक्दैन, यो परमार्थ हो, यो अपरमार्थ हो, यो कर्तव्य हो, यो अकर्तव्य हो, यो दिगम्बरहरूको धर्म हो र यो साम्बरहरूको धर्म हो । यस किसिमका अनेकौँ शब्दहरूको जालमा दैत्यहरूलाई अल्मल्याएर मायामोहले उनीहरूलाई आफ्नो धर्मबाट विचलित गराइदियो ।

यस सिलसिलामा मायामोहले ती दैत्यहरूसँग भन्यो– तपाईंहरूले यो उत्तम धर्मको आचरण गर्ने भएकाले असुरहरूलाई **अर्हत** भनिन्छ । मायामोहले असुरहरूलाई वैदिक धर्मबाट विभुख गराइदियो र तिनीहरू पूर्ण रूपमा मोहका वशमा परेपछि उनीहरूले अन्य राक्षसहरूलाई पनि यसै धर्ममा प्रवृत्त गराए। यस किसिमले एकले दोस्रोलाई, दोस्रोले तेस्रोलाई, तेस्रोले चौथोलाई, उसले पनि अन्यलाई यसै धर्ममा आकृष्ट गराउन थाले । यसरी केही दिनमा नै दैत्यहरूले

प्रायः वेदत्रयीलाई पूर्ण रूपमा परित्याग गरिदिए । त्यसपछि जितेन्द्रिय मायामोहले रातो वस्त्र धारण गरेर अन्य असुरहरूका नजिकमा गएर, उनीहरूसँग अतिमिठासपूर्ण वचनमा भन्यो– यदि तिमीहरूलाई स्वर्ग वा मोक्ष प्राप्तिको चाहना छ भने यो पशु हिंसा आदि दुष्ट कर्महरूको पूर्ण रूपमा परित्याग गरेर ज्ञानप्राप्तिको मार्गमा लाग। यो समग्र जगत् विज्ञानमय भएको बुझ। मैले बताएको कुरा ध्यानपूर्वक सुन। यस विषयमा विद्वान्हरूको धारणा यस प्रकार रहेको छ– यो जगत् कुनै आधार नभएको छ, भ्रमपूर्ण ज्ञानबाट सम्पन्न छ, अर्थान्वेषणमा पूर्ण रूपमा लागेको र रागादि दोषहरूबाट अत्यन्त दूषित भएको छ। यसकारण जीवहरू यो भवसागरमा घुमिरहेका छन् तथा ज्ञान प्राप्ति नभएसम्म घुमिरहने छन्।

पराशरले भन्नुभयो– मायामोहले यस प्रकार बुध्य अर्थात् बुझसहितका शब्दद्वारा बुद्ध धर्मका विषयमा निर्देशन गरेर दैत्यहरूलाई आफ्नो धर्मबाट च्युत गराइदियो । मायामोहले दैत्यहरूका नजिकमा गएर विभिन्न किसिमका युक्तिहरूले परिपूर्ण भएको वाक्य बताएकाले त्यसको प्रभावले गर्दा दैत्यहरूले उसको भनाइअनुसार आआफ्नो धर्म परित्याग गरेका दैत्यहरूले अन्य दैत्यहरूका नजिकमा गएर भने। उनीहरूले अन्यका नजिकमा अर्हत धर्मको प्रचार गरे। यसरी दैत्यहरूले वेद र स्मृतिहरूद्वारा प्रतिपादित धर्मको पूर्ण रूपमा परित्याग गरिदिए। अतिमोहित बनाउने सामर्थ्य भएको मायामोहले अन्य अनेकौँ दैत्यहरूलाई पनि अलगअलग किसिमका विविध धूर्त्याइँबाट मोहित गराइदियो। यसरी अतिछोटो समयमा मायामोहबाट पूर्ण रूपमा मोहित भएर दैत्यहरूले वैदिक धर्मका प्रसङ्ग निकाल्न छोडिदिए। ती दैत्यहरूमध्ये कसैले वेदको, कसैले देवताको, कसैले यज्ञ-यज्ञादिको र कसैले ब्राह्मणको निन्दा गर्न थाले। उनीहरूको भनाइअनुसार कहीँ हिंसाबाट पनि धर्म हुन्छ ? यो कुरा कुनै किसिमले पनि युक्तिस त छैन, अग्निमा हविष्य जलाएर कहीँ फलप्राप्त हुन सक्छ ? यो पनि बालकहरूको जस्तो कुरा हो। अनेकौँ किसिमका यज्ञहरूका माध्यमद्वारा देवत्व प्राप्त गरे तापनि यदि इन्द्रले पनि शमीलगायतको काठकै भोजन गर्नुपर्दछ भने यसका तुलनामा पात खाने पशु नै असल हो।

यदि यज्ञमा बलि चढाइएको पशुले स्वर्गलोकको प्राप्ति गराउँछ भने

यजमानले आफ्नै पितालाई किन बलि चढाउँदैन ? अन्य कसैले खाइदिएर अन्य पुरुष तृप्त हुन्छ भने कुनै यात्रामा निस्किएका समयमा खाद्य सामाग्री लिएर हिँड्नुपर्ने के आवश्यकता रहन्छ ? उसका पुत्रादिले घरमा श्राद्ध गरे पुगिहाल्छ। यसकारण यो श्राद्धालगायतको कर्म व्यक्तिहरूको अन्धविश्वास मात्र हो, यसको पनि परित्याग गरिदिनुपर्दछ र आफ्नो कल्याणका लागि जसरी मैले बताइदिएको छु, त्यसैअनुसारको कर्म गर्नुपर्दछ, त्यसबाट मात्र उद्धार हुन सक्दछ। श्रुतिमा बताइएका विश्वासयोग्य वाक्यहरू पनि आकाशबाट वर्षिएका होइनन्। मैले, तिमीहरूले र अरूले पनि युक्तिबाट सम्पन्न वचनहरूलाई मात्र स्वीकार गर्नुपर्दछ।

यसरी मायामोहले अनेकौँ प्रकारका युक्तिहरूद्वारा दैत्यहरूलाई विचलित गराइदियो। त्यसपछि उनीहरूमध्ये कसैमा पनि वेदत्रयीमा रुचि रहेन अर्थात् उनीहरूले वैदिक मार्गका पूर्ण रूपमा परित्याग गरिदिए। यसप्रकार दैत्यहरू वेदको प्रतिकूल मार्गमा लागिसकेपछि देवताहरू पूर्ण रूपमा तयार भएर उनीहरूसँग युद्ध गर्नका लागि त्यहाँ आएकाले देवता र असुरहरूका बीचमा फेरि भयानक युद्ध आरम्भ भयो। यस पटकको युद्धमा असत् मार्गमा लागेका असुरहरूमाथि देवताहरूले विजय प्राप्त गरेकाले राक्षसहरू मारिए। यसभन्दा पहिले असुरहरूसँग जुन स्वधर्मरूपी कवच रहेको थियो, त्यसैले उनीहरूको पूर्ण रूपमा रक्षा गरेको थियो। तर त्यो कवच नष्ट भएपछि उनीहरूको पनि विनाश भयो। त्यस समयपछि जुन मनुष्यहरूले मायामोहद्वारा प्रबर्द्धन गरेका मार्गको अवलम्बन गरेर त्यो सिद्धान्तअनुसारको आचरण गर्न थाले, तिनीहरूलाई नग्न भनिन्छ। किनकि तिनीहरूले वेदत्रयीरूप आफ्नो आवरणरूपी वैदिक मार्गको त्याग गरेका थिए। ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ र सन्न्यास यी चारोटा आश्रम छन्। यीबाहेक पाँचौँ आश्रमको शास्त्रहरूमा कुनै व्यवस्था रहेको छैन।

जुन मनुष्य गृहस्थाश्रम परित्याग गरेर वानप्रस्थ वा सन्न्यासी हुँदैन, शास्त्रअनुसार त्यस पापात्मालाई पनि नग्न भनिन्छ। जुन पुरुषले शक्तिसम्पन्न भएर पनि एक दिनमात्र भए पनि आफ्नो वर्णका लागि शास्त्रद्वारा निर्धारण गरिएका कर्मको परित्याग गर्दछ; त्यो त्यसै दिन पतित हुन्छ र त्यसद्वारा गरिएका नित्यकर्महरू पनि पूर्ण रूपमा विनष्टहुन्छन्। आपत्–विपत्को समय बितिसकेपछि

पनि जुन मनुष्यले एक पक्षसम्म आफ्नो नित्यकर्मको अनुष्टान गर्दैन, त्यो महाप्रायश्चित्त गरेपछि मात्र शुद्ध हुन्छ। जुन पुरुषले निरन्तर रूपमा एक वर्षसम्म आफूले गर्नुपर्ने नित्यकर्म परित्याग गरेको छ, त्यस्तो पुरुषलाई देखेपछि सज्जन व्यक्तिहरूले सूर्यको दर्शन गर्नुपर्दछ। यसप्रकारको पुरुषसँग स्पर्श भएमा वा त्यसलाई छोइएमा लगाएको कपडासहित स्नान गरेपछि शुद्धि हुन्छ; तर त्यस पातकीको कुनै उपायबाट पनि शुद्धि हुन सक्तैन। यस पृथ्वीमा जसका घरमा देवता, पितृ र भूतहरू पूजा नगरिएका कारणले गर्दा निःश्वास छोडेर अन्यत्र जान्छन्, यो संसारमा त्योभन्दा ठूलो पापी अरू कोही पनि हुनेछैन। यस किसिमका पुरुषसँग एउटै घर, एउटै आसन वा एउटै विछ्यौना वा एउटै कपडाद्वारा पनि सम्पर्क कायम गर्नुहुँदैन।

जुन पुरुष माथि बताइएअनुसारको पातकीसँग एक वर्षसम्म मिठासयुक्त वचन बोल्दछ, कुशलताको प्रश्न गर्दछ वा एउटै स्थानमा बस्दछ, त्यो पनि उसकै समान पातकी हुन्छ। जुन पुरुषले यस किसिमको पातकीका घरमा भोजन गर्दछ अथवा ऊसँगै एउटै आसनमा बस्दछ वा एउटै शय्यामा शयन गर्दछ, त्यो त्यसै समयमा उसैका समान पातकी नै हुन्छ। जुन मनुष्यले देवता, पितृ, भूतवर्ग र अतिथिको पूजा नगरी स्वयं भोजन गर्दछ, त्यसले केवल पापहरूको मात्र भोजन गर्दछ। त्यसको कुनै पनि अवस्थामा उद्धार हुन सक्तैन। जुन ब्राह्मणलगायत वर्णको पुरुषले आफ्नो स्वधर्मको त्याग गरेर अन्य धर्महरूअनुसारको आचरण गर्न थाल्दछ, त्यसलाई नग्न भनिन्छ। जुन घरमा चारै वर्णका मनुष्यहरू मिलेर बसेका छन्, त्यस घरमा बस्नाले आफूमा भएको साधुभावको विनाश हुन्छ। जुन पुरुषले ऋषि, देवता, पितृ, भूत तथा अतिथिको पूजा गर्नुभन्दा पहिले स्वयं भोजन गर्दछ; त्यस पुरुषसँग मिठासपूर्ण बातचित गर्दा पनि मनुष्य नरकमा पर्दछ। यी सबै कारणहरूले गर्दा विद्वान् पुरुषले वेदको परित्याग गरेका कारणले दोष लागेका यी सम्पूर्ण नग्न व्यक्तिहरूसँग कुराकानी वा संसर्ग गर्नुहुँदैन। श्रद्धावान् पुरुषको श्राद्ध गर्दाका समयमा यदि माथि बताइएअनुसारका नग्न व्यक्तिमा दृष्टि पर्‍यो भने श्राद्धकर्ताद्वारा गरिएको त्यस श्राद्धबाट देवता र पितृहरू तुप्त हुन सक्तैनन्।

उदाहरणका रूपमा सुनिएअनुसार, प्राचीन कालमा यस पृथ्वीमा शतधनुका नामले प्रख्यात भएका एउटा राजा थिए र शैव्या नाम भएकी अत्यन्त धर्मपरायण उनकी पत्नी थिइन्। ती शैव्य पतिव्रता, धर्मात्मा, सत्य, शुद्ध, दयावती, विनयशील, नीतिशालिनी र सबै लक्षणसम्पन्न थिइन्। ती राजाले शैव्यासँगै परम समाधिका माध्यमद्वारा सर्वव्यापर्क, देवाधिदेव भगवान् जनार्दनको अत्यन्त एकाग्रता र श्रद्धापूर्वक आराधना गरे। राजा प्रत्येक दिन भक्तिपूर्वक होम, जप, दान, उपवास तथा आराधना गर्दथे। उनको मनमा अन्य वस्तुको कल्पनासम्म हुँदैन थियो।

एक दिन कात्तिक पूर्णिमाको उपवास सकिएपछि ती दुवै पतिपत्नीले भागीरथी गङ्गामा स्नान गरिसकेर पानीबाट बाहिर आउँदै गरेको बेला एउटा वेदद्वारा निर्धारण गरिएको सनातन धर्म नमान्ने पाखण्डीलाई आफ्नो अगाडि देखे। यी ब्राह्मण ती महात्मा राजाका धनुर्वेदाचार्यका मित्र थिए। यसकारण राजाले आफ्नो वेदाचार्यको गौरवलाई ध्यानमा राखेर त्यस पाखण्डीसँग कुराकानी गरे। तर राजाकी पतिव्रता पत्नी शैव्याले त्यसको कुनै आदर गरिनन् तथा म उपवास गरिरहेकी छु भन्ने विचार गरेर रानीले त्यस पाखण्डीलाई देखिसकेपछि सूर्यको दर्शन गरिन्। यसपछि ती राजादम्पतीले घरमा आएर विधिअनुसार श्रीविष्णुको पूजा आराधनासहितका कर्म सम्पन्न गरे। त्यसको केही समय पछि ती राजाको स्वाभाविक मृत्यु भयो। यसरी उनको मृत्युपछि रानी शैव्या पनि आफ्ना पति राजा शतधनुसँगै सती गइन्। राजा शतधनुले उपवासमा रहेका अवस्थामा पाखण्डीसँग कुराकानी गरेका थिए। यसकारण त्यस पापको प्रभावले गर्दा उनले कुकुरको योनिमा जन्म लिनुपर्‍यो। रानीले पूर्वजन्मको कुरा सम्झने शक्तिसहित सबै ज्ञान र लक्षणसम्पन्न भएर सुन्दर कन्याका रूपमा काशीराजकी पुत्री भएर जन्म लिइन्। त्यसपछि काशीराजले कुनै योग्य वरसँग आफ्नी कन्याको विवाह गरिदिने मनसाय व्यक्त गरे। तर कन्याले विवाहलाई अस्वीकार गरेपछि विवाह गरिदिने विचार परित्याग गरिदिए। काशीराजकी कन्याका रूपमा उत्पन्न भएकी शैव्याले दिव्यदृष्टिले हेर्दा आफ्नो पतिले कुकुरको योनिमा जन्म लिएर विदिशा नाम भएको नगरमा बसेको देखिन्। कुकुरको योनिमा जन्म लिएका

आफ्ना धर्मात्मा पतिलाई देखेपछि ती अत्यन्त सुन्दरी काशीराज कन्याले उनलाई सत्कारपूर्वक अत्यन्त स्वादिष्ट भोजन गरराइन् । कुकुरको स्वरूप लिएका उनका पतिले पनि ती शैव्याले दिइएको मिष्ठान्नसम्पन्न भोजन पाएकाले कुकुरको जातअनुसार अत्यन्त चापलुसी प्रदर्शन गर्न थाले । आफ्ना पतिको चाप्लुसीपन प्रदर्शनबाट काशीराज कन्या धेरै लज्जित भइन् र कुकुरको योनिमा उत्पन्न भएका आफ्ना पतिलाई प्रणाम गरेर भनिन् ।

पत्नीले भनिन्– हजुरले आफ्ना गुरुको मित्र सम्भिःएर सत्कारपूर्वक पाखण्डीसँग जुन मिठासयुक्त कुराकानी गर्नुभयो, त्यसैको फलस्वरूप कुकुरको योनिमा जन्म लिएर यस प्रकारको चाप्लुसीपन देखाइरहनुभएको छ । हजुरले अतिपवित्र तीर्थमा स्नान गरिसकेपछि पाखण्डीसँग कुराकानी गरेको हुनाले यो निन्दनीय योनिमा जन्म लिनुपरेको कुरा स्मरण गर्नुभएको छ कि छैन ?

पराशरले भन्नुभयो– काशीराजकी पुत्रीले यसरी आफ्नो विगत स्मरण गराएपछि कुकुरले आफ्नो पूर्वजन्मका विषयमा धेरै समयसम्म विचार गर्‍यो, अन्त्यमा पछुतो भएको अनुभव गर्‍यो । त्यसपछि त्यो कुकुरले दुःखी हृदय बनाएर त्यस नगरलाई परित्याग गरिदियो र पर्वतहरूको चुचुरामा घुमिरहेका अवस्थामा मरुभूमिमा खसेपछि कुकुरको योनिको प्राण त्याग गरेर स्यालको योनिमा जन्म लियो । फेरि अर्को वर्षमा शैव्याले आफ्नो पतिको अवस्थाजान्नका लागि दिव्यदृष्टिले हेर्दा पतिले स्यालको योनिमा जन्म लिएको देखेपछि उनलाई हेर्ने चाहनाले कोलाहल पर्वतमा गइन् । अत्यन्त सुन्दर अनुहार भएकी ती राजकुमारीले कोलाहल पर्वतमा स्यालका योनिमा जन्म लिएका आफ्ना पतिलाई देखिन् ।

पत्नीले भनिन्– हजुर कुकुरको योनिमा रहँदा पाखण्डीसँगको वार्तालाप विषयक जुन मैले पूर्वजन्मको कुरा बताएकी थिएँ, के हजुरलाई त्यसको स्मरण रहेको छ ?

पराशरले भन्नुभयो–ती सत्यमा धेरै निष्ठा राख्ने राजा शतधनुले आफ्नी पत्नीका यस किसिमका कुरा सुनेपछि र त्यसलाई सम्भिःएर निराहार बसेर त्यसै वनमा आफ्नो स्यालको योनिबाट प्राप्त भएको शरीर परित्याग गरिदिए । त्यसपछि राजा शतधनुले ब्वाँसोको योनिमा जन्म लिए । त्यस समयमा पनि निर्दोष

काशीराजकी पुत्रीले त्यस निर्जन वनमा गएर ब्वाँसोरूपी आफ्ना पतिलाई पूर्वजन्मको वृत्तान्त स्मरण गराइन्।

पत्नीले भनिन्– तपाईं ब्वाँसो नभएर राजा शतधनु हुनुहुन्छ। तपाईंले सबैभन्दा पहिले कुकुर, त्यसपछि स्यालका योनिमा जन्म लिनुभयो। तपाईंले यस समयमा ब्वाँसोको योनिमा जन्म लिनुभएको छ; तर वास्तवमा तपाईं राजा नै हुनुहुन्छ।

पराशरले भन्नुभयो–काशीराजकी कन्याले यो सम्पूर्ण वृत्तान्त स्मरण गराइदिइन्। त्यसपछि राजा शतधनुले ब्वाँसोको शरीरलाई त्याग गरेर फेरि गिद्धको शरीर धारण गरे। त्यस समयमा निर्दोष राजकुमारीले गिद्धका नजिकमा सम्पूर्ण पूर्वजन्मको कुरा स्मरणा गराउँदै भनिन्–तपाईंले गिद्धको जस्तो व्यवहार गरिरहनुभएको छ; तर तपाईं गिद्ध अवश्य होइन। तपाईं को हुनुहुन्छ त्यो स्मरण गर्नुहोस्। पाखण्डीसँग कुराकानी गरेका कारणले तपाईं गिद्ध हुनुभएको हो। यसपछि राजा शतधनुले गिद्ध शरीरको पनि परित्याग गरेर कागयोनिमा जन्म लिए। पातलो शरीर भएकी काशीराजकी पुत्रीले योग बलद्वारा आफ्ना पतिलाई कागका शरीरमा रहेको देखिन्।

पत्नीले भनिन्– पहिले राजा भएको अवस्थामा सबै राजाले जसलाई विभिन्न किसिमका वस्तुहरू उपहार चढाउँथे, त्यही हजुर यस समयमा काग भएर अर्काले चढाएको बलिको भोजन गर्ने बन्नुभएको छ।

पराशरले भन्नुभयो– काग जन्ममा आफ्नो पत्नीद्वारा यस किसिमले स्मरण गराइएपछि शतधनुले प्राण त्याग गरेर फेरि मयूरको योनिमा जन्म लिए। त्यसपछि काशीराजकी पुत्रीले आफ्ना पतिले मयूर शरीरमा जन्म लिएको देखेपछि निरन्तर मयूरका लागि भोजन योग्य अत्यन्त उत्तम पदार्थहरूले सन्तुष्ट गराउँदै सेवा गर्न थालिन्। यसपछि जब राजा जनकले अश्वमेध यज्ञको आयोजना गरे, त्यस यज्ञमा यज्ञ सकिएपछि गरिने स्नान गराए। त्यस समयमा अतिसुन्दरी काशीराजकी कन्याले पनि स्नान गरेर राजाले कस्ता किसिमले कुकुर, स्याल आदि योनिहरूमा जन्म लिएका थिए, त्यो सम्पूर्ण वृत्तान्त उनलाई स्मरण गराइन्। मयूरका स्वरूपमा उत्पन्न भएका राजाले पनि आफ्ना पूर्वजन्महरूको सम्पूर्ण

वृत्तान्त सुनिसकेपछि त्यो मयूरको शरीर त्याग गरिदिए तथा तिनै महात्मा राजा जनकको पुत्रका रूपमा जन्म लिए। त्यसपछि ती अत्यन्त सुन्दरी काशीराजकी कन्याले आफ्ना पितासँग विवाहको आयोजना गर्न अनुरोध गरिन्। उनको चाहनाअनुसार राजाले पनि स्वयंवर कार्यक्रमको आयोजना गरे।

जुन समयमा राजकुमारीको विवाहका निमित्त स्वयंवर सभा भइरहेको थियो, त्यस समयमा राजकुमारीले आफ्ना पूर्वजन्मका पति राजा शतधनु पनि स्वयंवर सभामा आएको देखेर उनलाई आफ्नो पतिका रूपमा स्वीकार गरिन्। राजा जनकका पुत्रले पनि काशीराजकी कन्याका साथमा विभिन्न किसिमका आनन्दमय भोग उपभोग गर्दै समय बिताउन थाले तथा आफ्ना पिताको मृत्यु भइसकेपछि उनले जनकपुरमा राज्य गरे। यसरी राना भएपछि उनले विभिन्न किसिमका यज्ञहरूको अनुष्ठान गरे, माग्नेलाई धेरै धनसम्पति दिए, सन्तानहरू उत्पन्न गराए तथा शत्रुहरूसँग अनेकौँ युद्ध पनि गरे। यसरी ती न्यायप्रेमी राजाले राज्यको उपभोग तथा पृथ्वीको न्यायानुकूल पालनपोषण गर्दै धर्मयुद्धमा आफ्नो शरीर परित्याग गरिदिए। त्यसपछि ती सुलोचना सती राजकन्या पनि अत्यन्तै आनन्दपूर्वक पूर्वजन्मका जसरी नै विधिपूर्वक चितामा आत्मदाह गरेर आफ्ना मृत पतिसँगै सती गइन्। यसपछि राजाले ती राजकुमारीका साथ इन्द्रलोकलाई पार गर्दै सम्पूर्ण मनोकामना पूर्ण गराइदिने अक्षय लोक प्राप्त गरें।

यसप्रकार उनले अत्यन्त शुद्ध भएर अतुलनीय स्वर्ग, दाम्पत्य सुख र पूर्व जन्महरूमा उपार्जन गरिएका सम्पूर्ण पुण्यहरूको फल भोग गरे। मैले तिम्रो अनुरोधअनुसार यो नग्नसँग मधुर वचनमा कुराकानी र अश्वमेध यज्ञको अन्तमा गरिने स्नानको माहात्म्यको विषयमा बताइदिएँ। यसकारण पाखण्डी पापाचारीसँग कुराकानी र त्यसको स्पर्शलाई पनि पूर्ण रूपमा निषेध गरिएको छ। विशेष गरेर कुनै नित्य नैमित्तिक कर्महरू गर्दाका समयमा र यज्ञादि कर्मका लागि दीक्षित भइसकेपछि पाखण्डिहरूको संसर्गलाई पूर्ण रूपमा परित्याग गर्न आवश्यक हुन्छ। जसका घरमा एक महिनासम्म नित्यकर्म र वैश्वदेवकर्मको अनुष्ठान भएको हुँदैन, त्यसलाई देखेपछि बुद्धिमान् मनुष्यले आफ्नो शुद्धिका लागि सूर्यको दर्शन गर्नुपर्दछ। जसले वेदत्रयीको पूर्ण रूपमा परित्याग गरिदिएको छ

तथा जसले पाखण्डीहरूका घरको अन्नको भोजन गरेको छ तथा जसले वैदिक मतको विरोध गर्दछ, ती पापात्माहरूलाई देखेपछि सूर्यको दर्शन गर्नुपर्छ। यी अत्यन्त दुराचारी पाखण्डीहरूसँग कुराकानी गर्नु, सम्पर्क राख्नु, एउटै आसनमा बस्नु यी सबै कार्य गर्दा महापाप लाग्दछ। यसकारण यी सबै कुरा गर्नु हुँदन। पाखण्डी, शास्त्रद्वारा निषेध गरिएका कार्य गर्ने, लुकीछिपी पापमय कर्म गर्ने, मूर्ख, स्वार्थी, वकुल्लाले माछा समातेझैँ धोका दिएर काम सफल पार्न मौका हेर्ने मनुष्यलाई वचनले मात्र पनि सत्कार गर्नुहुँदैन तथा सम्पर्क गर्ने कुरा त धेरै पर, यी पापीहरूसँग एउटै आसनमा बस्न पनि दोषदायक हुन्छ। यसकारण यस किसिमका व्यक्तिहरूलाई टाढैबाट परित्याग गरिदिनुपर्दछ। यसरी मैले तिमीलाई नग्न पुरुषका विषयमा बताइदिएँ। जसलाई हेर्नाले मात्र पनि श्राद्धकर्मको फल नष्ट हुन्छ तथा तिनीहरूसँग कुराकानी गर्नाले मनुष्यको एक दिनको पुण्य समाप्त हुन्छ। यस किसिमका पापीहरूलाई नै पाखण्डी भनिन्छ।

खण्ड चार

मैत्रेयले भने– यथार्थ रूपमा सत्कर्महरूमा लागेका सज्जन पुरुषले जुन नित्य, नैमित्तिक क्रियाहरू गर्नुपर्दछ, त्यसका विषयमा तपाईंले सविस्तार वर्णन गरिदिनुभयो। तपाईंले वर्णधर्म र आश्रमधर्मका सम्बन्धमा पनि विस्तारमा बताइदिनुभयो। अब म राजवंशहरूका बारेमा सुन्न चाहन्छु, कृपया त्यसका सम्बन्धमा बताइदिनुस्।

पराशरले भन्नुभयो—अनेकौं किसिमका यज्ञहरू गर्ने शूरवीर राजाहरू उत्पन्न भएर जुन वंशलाई सुशोभायमान गराएका छन्, यस समयमा त्यही मनुवंशको विषयमा ध्यानपूर्वक सुन। यस मानववंशको आदिपरुष ब्रह्मा हुनुहुन्छ। जुन व्यक्तिले प्रत्येक दिन आदिपुरुष ब्रह्माबाट आरम्भ गरेर सम्पूर्ण मानववंशको स्मरण गर्दछ, त्यसको वंश भविष्यमा कहिल्यै पनि नष्ट हुँदैन। यसकारण अनेकौं किसिमका पापहरू विनाश गराइदिन समर्थ यस मनुवंशका विषयमा ध्यानपूर्वक सुन। त्यस वंशको वास्तविक स्वरूप यस किसिमको रहेको छ– प्राचीन कालमा यो संसारको सृष्टि हुनुभन्दा पहिले श्रीविष्णुमय परब्रह्मको मूर्तिस्वरूप समग्र जगत्को कारणस्वरूपी ऋक्, यजुः र साममय हिरण्यगर्भ ब्रह्मा ब्रह्माण्डबाट सबैभन्दा पहिले उत्पन्न हुनुभयो। ब्रह्माको दाहिने बूढी औँलाबाट दक्ष प्रजापति उत्पन्न भए। दक्ष प्रजापतिकी अदिति नाम भएकी एक कन्या उत्पन्न भइन्, तिनै अदितिका पुत्र सूर्य तथा सूर्यका पुत्र मनु भए। मनुका इक्ष्वाकु, नृग, धृष्ट, शर्याति, नरिष्यन्त, प्रांशु, नाभाग, नेदिष्ठ, करूष र पृषध्र नाम भएका दश पुत्रहरू भए। मनुले पुत्र उत्पन्न हुनुभन्दा पहिले मित्रावरुण नाम भाएका दुइटा देवतालाई प्रसन्न गराउनका लागि एउटा यज्ञ गर्न आरम्भ गरे। तर मनुकी पत्नीको प्रार्थनाअनुसार होताहरूले कन्या प्राप्तिको सङ्कल्प गरेर हवन गरिदिए। यसकारण यस वैकल्पिक यज्ञबाट इला नाम भएकी कन्या उत्पन्न भइन्। मित्रावरुणको कृपाका प्रभावले गर्दा ती इला नाम भएकी कन्या सुद्युम्न नाम भएका पुत्रका रूपमा परिणत

भएपछि शिवजी रिसाएका कारण ती सुद्युम्न फेरि स्त्री भएर चन्द्रका पुत्र बुधको आश्रमका आसपासमा घुम्न थालिन्। बुधले त्यस स्त्रीका मोंहमा पर्दै ऊसँग प्रेमपूर्वक समागम गरेर पुरूरवा नाम भएका एउटा पुत्र जन्माए। पुत्रको जन्म भइसकेपछि अमित तेजस्वी महर्षिहरूले सुद्युम्नको पुरुषत्वप्राप्तिका लागि ऋग्मय, यजुर्मय, साममय अथर्वमय, सर्वमय, मनोमय, ज्ञानमय र परमार्थ रूपबाट अकिञ्चिन्मय यज्ञपुरुष शिवको आराधना आरम्भ गरे।

यसरी आराधना गरेपछि भगवान्‌का कृपाले गर्दा इला फेरि पुरुषस्वरूप सुद्युम्न भइन्। ती सुद्युम्नका तीनोटा पुत्र जन्मिए। ती पुत्रहरूको नाम उत्कल, गय र विनत रहेको थियो। पहिले स्त्री भएर उत्पन्न भएका कारणले गर्दा सुद्युम्नलाई राज्यको अधिकार प्राप्त भएन। तर महर्षि वसिष्ठले भनिसकेपछि उनका पिताले सुद्युम्नलाई प्रतिष्ठान नाम भएको नगर दिए। सुद्युम्नले त्यो आफूलाई प्राप्त भएको नगर आफूले स्त्रीरूपमा रहँदाका अवस्थामा उत्पन्न गराएका पुत्र पुरूरवालाई दिए। मनुका पृषध्र नाम भएका पुत्रले आफ्नो गुरुको गाईको हत्या गरेका हुनाले उनी शूद्र भए भने करूषबाट कारूष नाम भएका अति बलवान् र पराक्रमी क्षत्रिय उत्पन्न भए। नेदिष्ठका नाभाग नाम भएका पुत्र वैश्य भए। यसरी वैश्यत्व प्राप्त गर्नुभन्दा पहिले नाभागका भलन्दन नाम भएका एउटा पुत्र उत्पन्न भएका थिए। उनका पुत्र उदारकीर्तिमान वत्सप्रीति भए वत्सप्रीतिबाट प्रांशु तथा प्रांशुका प्रजानि नाम भएका एकमात्र पुत्र उत्पन्न भएका थिए। उनका पुत्र खनित्र भए, अनित्रका पुत्र क्षुप भए। उनका पुत्र परम वीर अत्यन्त बलशाली अविविंशका पुत्र विविंश भए, उनका पुत्र खनिनेत्र, खनिनेत्रका पुत्र अतिविभूति भए। उनका अत्यन्त बलशाली र पराक्रमी करन्धम नाम भएका पुत्र उत्पन्न भए। करन्धमबाट अविक्षित् नाम भएका पुत्र उत्पन्न भए तथा अविक्षित्‌का अत्यन्त बलशाली मरुत नाम भएका पुत्र उत्पन्न भए।

वर्तमान अवस्थामा पनि मरुत्‌का विषयमा यसप्रकारका वचनमा उनको प्रशंसा गर्ने गरिन्छ– राजा मरुत्तले जस्ता प्रकारको यज्ञ गर्ने निर्णय गरेका थिए पृथ्वीमा त्यस किसिमको यज्ञ अन्यत्र कतै पनि भएको छैन। त्यस यज्ञमा सबै किसिमका यज्ञ गर्ने सुवर्णमय र अतिसुन्दर थिए। त्यस यज्ञमा इन्द्र सोमरसबाट

र सबै ब्राह्मण दक्षिणाबाट पूर्ण रूपमा सन्तुष्ट भएका थिए। त्यस यज्ञमा मरुत् (वायु देवता) हरूले अन्न पस्कन्थे तथा देवताहरूले त्यस कार्यमा सहयोगीको भूमिका निर्वाह गरेका थिए। ती चक्रवर्ती राजा मरुत्तका नरिष्यंन्त नाम भएका पुत्र जन्मिए तथा नरिष्यन्तका दम र दमका राज्यवर्द्धन नाम भएका पुत्र जन्मिए। राज्यवर्द्धनका पुत्ररत्नका रूपमा सुधृति नाम भएका पुत्र जन्मिए। सुधृतिका पुत्ररत्नका रूपमा नर, नरका पुत्र केवल, केवलका पुत्ररत्नका रूपमा बन्धुमान्, बन्धुमान्का पुत्ररत्नका रूपमा वेगवान्, वेगवान्का पुत्ररत्नका रूपमा बुध, बुधका पुत्ररत्नका रूपमा तृणबिन्दु र तृणबिन्दुकी पहिली पुत्रीका रूपमा इलबिला नाम भएकी कन्या उत्पन्न भइन्। त्यसपछि तृणबिन्दुको अलम्बुषा नाम भएकी अप्सरासँग प्रेम भयो र उनका पुत्ररत्नका रूपमा अलम्बुषका गर्भबाट विशाल नाम भएका एउटा पुत्र जन्मिए। यिनै विशालले वैशाली नाम भएको बस्ती बसाए। विशालका पुत्ररत्नका रूपमा हेमचन्द्र उत्पन्न भए, हेमचन्द्रका पुत्ररत्नका रूपमा सुचन्द्र उत्पन्न भए भने सुचन्द्रका पुत्ररत्नका रूपमा धूम्राश्व उत्पन्न भए । धूम्राश्वका पुत्ररत्नका रूपमा सहदेव उत्पन्न भए भने सहदेवको पुत्ररत्नका रूपमा कृशाश्व उत्पन्न भए। कृशाश्वका पुत्ररत्नका रूपमा सोमदत्त उत्पन्न भए। यिनै सोमदत्तले दश अश्वमेघ यज्ञ गरेका थिए। सोमदत्तका पुत्ररत्नका रूपमा जनमेजय उत्पन्न भए र जनमेजका पुत्ररत्नका रूपमा सुमतिको जन्म भयो। यी सबै विशालवंशीय राजाहरू भए।

तिनहरूका विषयमा यसरी प्रशंसा गरिएको पाइन्छ– राजा तृणबिन्दुका प्रसादले गर्दा यी सबै विशालवंशीय राजाहरू पूर्ण रूपमा दीर्घायु, महात्मा, अतिपराक्रमी र अत्यधिक धार्मिक प्रवृत्ति भएका थिए। मनुका पुत्ररत्न शर्यातिकी सुकन्या नाम भाएकी एउटी कन्या जन्मिएकी थिइन्, ती कन्याको च्यवन ऋषिसँग विहे भयो। शर्यातिका आनर्त्त नाम भएका एउटा ज्यादै धार्मिक पुत्र जन्मिए। आनर्त्तका पुत्ररत्नका रूपमा रेवत उत्पन्न भए। यिनै रेवत नाम भएको राजा आनर्त्त राज्यको उपभोग गर्दै कुशस्थली नाम भएका नगरमा बसे। रेवतका रैवत ककुद्मी नाम भएका अत्यन्त धर्मात्मा एउटा पुत्र थिए, जो आफ्ना सय भाइहरूमा सबैभन्दा जेठा थिए। उनकी रेवती नाम भएकी एउटी कन्या भइन्। रैवत ककुद्मी आफ्नी कन्याको विवाह कोसँग गर्ने भन्ने द्विविधामा रहेका थिए।

त्यसैले यसका बारेमा ब्रह्मासँग सोध्ने मनसाय लिएर उनी ब्रह्मलोक गए। त्यस समयमा ब्रह्मलोकमा हाहा र हूहू नाम भएका दुइटा गन्धर्व अतितान नाम भएको दिव्य गान्धर्वीय गीत गाइरहेका थिए।

त्यस समयमा षड्ज (अर्थात् सङ्गीतका सात स्वरमध्ये पहिलो) जसको उत्पत्ति भूर्लोकबाट भएको मानिन्छ। षड्ज स्वरले देवता तृप्त हुन्छन्। यसको वर्ण कमलको पातजस्तै हरियो छ। यो ब्राह्मणजातिको हो, यसमा मयूरको जस्तो आवाज निस्कन्छ। यो कण्ठबाट निस्कन्छ। नाक, कण्ठ, तालु, छाती, जिब्रो र दाँतमा आश्रित हुने हुँदा यसलाई षड्ज भनिएको हो। यसलाई पहिले अग्निले गाएका हुन्, प्रथम षड्ज स्वरको ठाउँ निधार हो र साहिँली औँलामा षड्ज स्वरको स्थिति रहन्छ। यसको आवाज सङ्केत **सा** यस्तो हुन्छ, यसमा तलमाथि कुनै चिह्न रहँदैन र कहिल्यै पनि यसको रूपमा परिवर्तन हुँदैन। यसकारण कुनै पनि स्वरलाई षड्ज स्वर भन्न सकिन्छ। सप्तकको षड्ज स्वरको माथि एउटा थोप्लो हुन्छ। जसको **साँ**जस्तो उच्चार हुने गर्छ। मध्यम अर्थात् सङ्गीतका सात स्वरहरूमध्येको चौथो स्वर। यसको उत्पत्ति भुवर्लोकबाट भएको मानिन्छ। मध्यम स्वरले गन्धर्व तृप्त हुन्छन्। यसको वर्ण कुन्द पुष्पझैँ सेतो छ, यसको जात ब्राह्मण हो। मध्यम स्वरले न्याउली चरो बास्छ। यो हृदयबाट प्रकट हुन्छ। नाभिबाट उठेको वायु ऊरु तथा हृदयमा टकराएर नाभिमा आई मध्यमवर्ती हुन्छ। यसैले यहाँबाट निस्किएको स्वरलाई मध्यम स्वर भनिन्छ। यसको स्वरगान विष्णुद्वारा सुरु भएको हो। यसको स्थान कण्ठ हो। आवाज सङ्केत **म** यस्तो हुन्छ। यसमा कुनै चिह्न रहँदैन, यसैले यसलाई शुद्ध मध्यम मानिन्छ। तर यसलाई कोमल स्वरका रूपमा पनि लिइएको छ। शुद्ध माध्यमको माथि धर्को राखिँदा **म** यस्तो तीव्र मध्यम बन्न जान्छ। गान्धारादि स्वरको परिवर्तनद्वारा मनमोहक त्यस गानको श्रवण गर्दै अनेकौँ युगसम्म ब्रह्मलोकमै बसे पनि उनलाई त्यसको अनुभवसम्म हुन सकेन र उनलाई एक मुहूर्त पनि बितेको छैन जस्तो लागिरहेको थियो। गाउने बजाउने सबै कार्यक्रम समाप्त भएपछि राजा रैवतले ब्रह्मालाई प्रणाम गर्दै आफ्नी कन्याका लागि उपयुक्त वरका विषयमा सोधे।

ब्रह्माले भन्नुभयो– तिमीलाई जुन वर उचित लागेको छ, उसका विषयमा

बताऊ। त्यसपछि उनले ब्रह्माजीलाई प्रणम गर्दै आफूलाई रुचि लागेका सबै वरहरूका विषयमा बताएपछि ब्रह्माजीसँग सोधे– हजुरले यिनीमध्य कसलाई असल ठान्नुहुन्छ, जससँग मैले आफ्नी कन्याको विवाह गरिदिन सक्छु ?

ब्रह्माले भन्नुभयो– तिमीले आफूलाई असल लागेका वरहरूका विषयमा कुरा गरिरहेका छौ, तिनीहरूमध्ये कसैका पनि छोरा नातिलगायतका कुनै पनि सन्तान अहिले संसारमा जीवित छैनन्। किनकि यहाँ गन्धर्वहरूको गीतमा अतिमग्न भएर तिमीले धेरै युग बिताइसकेका छौ। यस समयमा पृथ्वीमा अट्ठाईसौँ मनुको चतुर्युग प्रायः समाप्त भइसकेको छ र कलियुग आरम्भ हुनै लागेको छ। यस समयमा तिमी एक्लो पुरुषमात्र रहेका छौ अर्थात् वर्तमान अवस्थामा तिमी समानको अर्को कुनै पुरुष जीवितावस्थामा छैन। यसैले अन्य कुनै उपयुक्त वरसँग यी कन्याको विवाह गरिदेऊ। यस समयमा तिम्रा पुत्र, मित्र, स्त्री, मन्त्रीहरू, आफ्ना बन्धुबान्धव, सेवक, सेविका, सेना र सम्पत्तिको रेखदेख गर्ने व्यक्तिलगायत सबैको मृत्यु भइसकेको छ।

त्यसपछि अत्यन्त भयभीत भएका राजा रैवतले ब्रह्मालाई प्रणाम गर्दै फेरि भने– यस्तो अवस्थामा मैले आफ्नी कन्याको विवाह कोसँग गरिदिऊँ ?

ब्रह्माले भन्नुभयो– जुन अजन्मा र अविनाशी परब्रह्म परमात्माको आदि, मध्य र अन्त्यका बारेमा हामीलाई ज्ञान छैन, जो हामी सबैलाई धारण वा रक्षा गर्ने परमात्मास्वरूप हुनुहुन्छ; जसको तत्त्व,सीमा, स्वभाव र बलका विषयमा हामी केही पनि जान्न सक्दैनौँ, कला, मुहूर्तसम्पन्न काल पनि जसका विभूतिहरूको कारण हुन सक्दैन, जसको जन्म र मृत्यु पनि हुन सक्दैन, जो सनातन एक स्वरूप रहनुहुन्छ; जसलाई नामका माध्यमद्वारा सङ्केत गर्न सकिँदैन वा जो नाम र रूपबाट पूर्ण रूपमा रहित हुनुहुन्छ; जुन परब्रह्म परमात्मा अच्युतको कृपाले म प्रजाहरूको सृष्टि गर्दछु; जसका क्रोधबाट उत्पन्न भएका रुद्रले सृष्टिको विनाश वा संहार गर्छन्; जुन परमात्माबाट बीचमा जगत्को पालनपोषण गर्ने विष्णुरूपी पुरुष भएर जगत्को पालन गर्नुहुन्छ; जो स्थितिका समयमा आफैँ विष्णुस्वरूप हुनुहुन्छ; जसले अनन्त शरीर धारण गरेर सम्पूर्ण जगत्लाई धारण गर्नुहुन्छ; जसले श्वास र प्रश्वासको स्वरूप धारण गर्नुभएर जीवलाई चेष्टा गर्ने शक्ति दिनुभएको छ;

जसले अन्न र पानीको रूप धारण गरेर सम्पूर्ण जीवमात्रलाई सन्तुष्ट र तृप्त गराइदिनुहुन्छ; जसले विश्वको स्थितिका लागि आकाशस्वरूप भएर सबैलाई खालि ठाउँ उपलब्ध गराइदिनुहुन्छ; जसले आफैँ सृष्टिकर्ता भए तापनि विश्वरूपमा आफैँले आफ्नो रचना गर्नुहुन्छ; जो सम्पूर्ण जगत्को पालनपोषणकर्ता भए तापनि आफैँले आफ्नो पालनपोषण गर्नुहुन्छ; जसले सम्पूर्ण विश्वको संहार गर्नुभए तापनि स्वयं आफू सुरक्षित रहनुहुन्छ र जोबाहेक अन्य कुनै पदार्थ छैन, जो अव्यय र अविनाशी परब्रह्म परमात्मा हुनुहुन्छ; जसको एक अंशमा सम्पूर्ण जगत् अवस्थित रहेको छ, जुन आदिपरुष जगत्स्वरूपमा अवस्थित रहनुभएको छ; जो यो सम्पूर्ण जगत्को आश्रय र स्वयम्भू हुनुहुन्छ; जीवमात्रका कारणस्वरूप उहाँ आफ्नो एक अंशबाट अर्को रूप धारण गरेर पृथ्वीमा आउनुभएको छ। प्राचीन कालमा अमरावती जस्तै अतिरमणीय जुन तिम्रो कुशस्थली नाम भएको नगर थियो, त्यही यस समयमा द्वारका नामको नगर भएको छ। त्यसै नगरमा श्रीविष्णु आफ्नो अंश बलदेवका रूपमा रहनुभएको छ। तिमी आफ्नी यी कन्या ती मायामा नरस्वरूप भएका बलदेवलाई पत्नीका रूपमा देऊ। ती बलदेव संसारमा अतिप्रभावशाली र प्रशंसनीय छन् र तिम्री कन्या पनि स्त्रीहरूमा रत्नस्वरूपा छन्। यसकारण यी दुवैको संयोग अत्यन्त योग्य हुन्छ, यसमा कुनै द्विविधा छैन।

पराशरले भन्नुभयो— ब्रह्माले यसरी बताइदिनुभएपछि राजा रैवत ककुद्मीले पृथ्वीमा आएर हेर्दा सबै मनुष्यहरू पुड्को वा होचो शरीर भएका, थोरै मात्रामा तेज भएका, अलिअलि पराक्रम भएका विवेक शून्य भएका देखे। ती बुद्धिमान् राजा रैवत ककुद्मीले आफ्नो अमरावती जस्तै कुशस्थली नाम भएको बस्तीलाई अर्कै स्वरूपमा परिवर्तित भएको देखे। त्यसपछि त्यहाँ आफ्नी पुत्री रेवती बलदेवलाई दिंदा भए। बलदेवको छाती स्फटिक पर्वतजस्तै सेतो थियो। बलदेवले ती रेवतीलाई अतिअग्ली देखेपछि आफ्नो हलोको अगाडिको भागले थिचिदिएर ती कन्यालाई पनि अन्य स्त्रीहरूको जस्तै होचो शरीर भएकी बनाएपछि रेवती पनि त्यस अवस्थाका अन्य स्त्रीहरू जस्तै होची भएकी हुँदा बलदेवले ती रैवत ककुद्मी राजाकी कन्या रेवतीसँग विधिपूर्वक विवाह गरेपछि उहाँ धैर्यशील स्वभावको हुनुभयो। राजा रैवत पनि पुत्रीको कन्यादान गरेपछि तपस्या गर्न हिमालय पर्वतमा भए।

पराशरले भन्नुभयो— जुन समयमा राजा रैवत ककुद्मी ब्रह्मलोकबाट फर्किएर आएका थिएनन्, त्यही बीचको समयमा पुण्यजन नाम भएको राक्षसले उनको अमरावती समानको अत्यन्त सुन्दर नगरी कुशस्थलीमा विध्वंस मच्चाएर त्यसको विनाश गरिदिएको थियो। त्यस समयमा रैवत ककुद्मी राजाका एक सय भाइले पुण्यजन नाम भएका राक्षसहरूबाट अत्यन्त भयभीत भएकाले दसै दिशाहरूमा भागेर आफ्नो जीवनको रक्षा गरे। तिनीहरूकै वंशज क्षत्रियहरू सबै दिशामा फैलिए। धृष्टका वंशहरू धार्ष्ट नामले प्रख्यात भए। नभागका पुत्र नाभाग, उनका पुत्र अम्बरीष र अम्बरीषका विरूप नाम भएका पुत्र जन्मिए। विरूपका पुत्रको नाम पृषदश्व थियो। पृषदश्वका पुत्र रथीतर थिए। यिनै रथीतरका सम्बन्धमा निम्नानुसार बनाइएको छ— यी सबै रथीतरका वंशज क्षत्रिय सन्तान भए तापनि पछि यिनीहरू आङ्गिरसका नामले प्रसिद्ध भए। यसकारण रथीतरका वंशजलाई क्षत्रिय धर्मसँग नजिक भएका ब्राह्मण भन्न सकिन्छ। हाच्छिउँ गर्दाका समयमा मनुका नाकबाट इक्ष्वाकु नाम भएका पुत्र उत्पन्न भए। इक्ष्वाकुका एक सय पुत्र भएका थिए, तिनीहरूमध्ये विकुक्षि, निमि र दण्डक यी तीनोटा अतिप्रसिद्ध भएका थिए। उनीहरूका शकुनिसहितका पचास पुत्रहरू उत्तरापथका राजा भएका थिए भने अन्य अठचालीस पुत्र दक्षिणापथका राजा भए।

एक दिन राजा इक्ष्वाकुले आफ्ना पुत्र विकुक्षिलाई सप्तमी, अष्टमी, नवमी तीन दिन, मार्ग, पौष, माघ, फाल्गुण यी चार महिनाको कृष्णपक्षको अष्टमी तिथि वा यी चार तिथिमा गरिने श्राद्धका लागि श्राद्ध गर्नयोग्य मासु ल्याउने आज्ञा दिए। उनी पनि पितको आज्ञा शिरोधार्य गरेर वनमा गए। उनले त्यहाँ धेरै मृगहरूको हत्या गरेपछि उनी अत्यन्त थकित र भोकले पीडित भएपछि उनले मारेर एकत्रित गरिएका पशुहरूमध्ये एउटा खरायोको भोजन गरेपछि अन्यको मासु ल्याएर आफ्ना पिताजीलाई दिए। त्यसपछि राजा इक्ष्वाकुले आफ्नो कुलका पुरोहित वसिष्ठसँग सबै मासुलाई पवित्र गराइदिन अनुरोध गरे। त्यस समयमा वसिष्ठ मुनिले भने यो अपवित्र मासुको कुनै प्रयोजन छैन। किनकि तिम्रा पापी पुत्रले सबै मासु जूठो गरिदिएका छन्। तिम्रा यी पुत्रले यो सबै मासुमध्ये एउटा खरायो खाइसकेका छन्। आफ्ना गुरु वसिष्ठले यसो भनेपछि इक्ष्वाकुका ती पुत्र

विकुक्षि शशादका नामले प्रसिद्ध भए भने राजाले उनलाई परित्याग गरिदिए। राजा इक्ष्वाकुको मृत्यु भएपछि विकुक्षि धर्मअनुसार भूमण्डलको राजा भएर शासन गर्न थाले। शशादका परञ्य नाम भएका पुत्र जन्मिएका थिए। विद्वत्वर्गहरूका अनुसार त्रेतायुगमा देवता र दानवहरूका बीचमा अत्यन्त भयानक युद्ध भयो। त्यस युद्धमा अत्यन्त बलशाली दानवहरूबाट पराजित भएका देवताहरूले श्रीविष्णुको आराधना गर्न थाले।

देवताहरूबाट प्रसन्न हुनुभएका श्रीविष्णुले भन्नुभयो– तिमीहरूले जुन अभिलाषा लिएर मेरो आराधना गरिरहेका छौ, त्यो तिमीहरूको चाहनाका मलाई ज्ञान भइसकेको छ। त्यो तिमीहरूको चाहना पूर्ण हुने उपाय म तिमीहरूलाई बताउनेछु। राजर्षि शशादका अत्यन्त बलशाली परञ्जय नाम भएका पुत्र छन्। मैले उनको शरीरमा अंश रूपबाट प्रविष्ट भएर सबै असुरको पूर्ण रूपमा सर्वनाश गरिदिनेछु। तिमीहरूले असुरहरूको हत्याका लागि परञ्जयलाई युद्ध गर्नका लागि तयार गराओ। श्रीविष्णुबाट यस्ता कुरा सुनिसकेपछि देवताहरू उहाँलाई प्रणाम गरेर परञ्जयका नजिकमा गए।

देवताहरूले परञ्जयका नजिक आएर भने– तपाईंसँग अत्यन्त विनयपूर्वक प्रार्थना गर्दछौँ, हामी शत्रुको विनाश गर्ने कार्यमा अत्यन्त तत्परताका साथ लागिरहेका छौँ, यस कार्यमा तपाईंले हामीलाई सहयोग गरिदिनुहोस्। यसैले हामी तपाईंसँग सहयोग माग्नका लागि आएका हौँ। तपाईंका अतिथि बनेकाहरूको अपमान नगरिदिनुस्।

देवताहरूले यसरी प्रार्थना गरेपछि परञ्जयले भने– जुन त्रिलोकका स्वामी सयपटक यज्ञ गर्ने तपाईंहरूका इन्द्र छन्, यदि म उनका काँधमा बसेर युद्ध गर्ने अवसर पाउँछु भने मैले तपाईंहरूलाई सहयोग गर्नेछु, अन्यथा म सहयोग गर्न असमर्थ छु। परञ्जयका यस प्रकारका कुरा सुनिसकेपछि देवताहरू र इन्द्रले पनि ठीक छ, यस्तै हुनेछ भनेर उनको कुरालाई स्वीकार गरे। त्यसपछि देवता र असुरहरूको युद्धमा साँढेको स्वरूप धारण गरेका इन्द्रका पिठ्यूँमा सवार भएका राजा परञ्जयले श्रीविष्णुको शक्तिले परिपुष्ट भएर सबै असुरको हत्या गरिदिए। किनकि राजा परञ्जयले साँढेको रूप धारण गरेका इन्द्रको जुरोमा

बसेर असुरमाथि विजय प्राप्त गरे, यसैले उनको नाम ककुत्स्थ भएको हो। ककुत्स्थका अनेन नाम भएका एउटा पुत्र थिए। अनेनका पुत्र पृथु भएका थिए र पृथुका पुत्र विश्वगश्व तथा उनका पुत्र आर्द्र भएका थिए। आर्द्रका पुत्र युवनाश्व भए भने युवनाश्वका श्रावस्त नाम भएका पुत्र जन्मिए। यिनै श्रावस्तले श्रावस्ती नाम भएको नगर बसाए। श्रावस्तका पुत्र बृहदश्व र उनका पुत्र कुवलयाश्व भए। यिनै कुवलयाश्वले एक्काइस हजार पुत्रहरूसम्पन्न भएर तथा वैष्णव तेजको प्रभावबाट परिपूर्ण भएर उत्तङ्क ऋषिको विरोधी धन्धुनाम भएका असुरको विनाश गरेकाले यिनको नाम धुन्धुमार भयो। यी कुवलयाश्वका सबै पुत्रहरू त्यही धुन्धु नाम भएको असुरको मुखबाट निस्किएको विश्वासबाट उत्पन्न भएको अग्निमा जलेर नष्ट भएका थिए। तिनीहरूमध्ये दृढाश्व, चन्द्राश्व र कपिलाश्व जीवित रहेका थिए। दृढाश्वका पुत्रका रूपमा वार्यश्व, वार्यश्वका पुत्रका रूपमा निकुम्भ जन्मिएका थिए। यसरी नै निकुम्भका पुत्ररत्का रूपमा संहताश्व र संहताश्वका पुत्ररत्का रूपमा कृशाश्व जन्मिएका थिए भने कृशाश्वका पुत्रका रूपमा प्रसेनजित् र प्रसेनजित्का पुत्ररत्नका रूपमा युवनाश्व जन्मिएका थिए। युवनाश्वका कुनै सन्तान नभएकाले उनी अत्यन्त दुःखी भएर ऋषिहरूको आश्रममा बस्ने गर्दथे।

यसरी धेरै समय बितेपछि कृपालु ऋषिहरूले युवनाश्वलाई पुत्र प्राप्ति होस् भन्ने लक्ष्यका साथ यज्ञ आरम्भ गरे भने त्यो यज्ञ मध्यरात्रिमा पूर्ण भयो। ऋषिहरू मन्त्रहरूद्वारा अभिमन्त्रित जल भएको कलशलाई वेदीका बीचमा राखेर सुते। यसरी ऋषिहरू सुतिसकेपछि तिर्खाले धेरै व्याकुल भएका राजा युवनाश्वले त्यस स्थानमा प्रवेश गरे, तर ऋषिहरू सुतिरहेको देखेर उनीहरूलाई निद्रामा व्यवधान उत्पन्न गराउन उचित नदेखेर उठाएनन्। राजा युवनाश्वले त्यो असीम माहात्म्यशाली मन्त्रहरूद्वारा अभिमन्त्रित गरिएको कलशको जल पिए। निन्द्राबाट बिउँझिएपछि ऋषिहरूले कसले यो अभिमन्त्रित गरेको जल पिएछ ? भन्ने जिज्ञासा व्यक्त गरे। यो जल पिएपछि राजा युवनाश्वकी पत्नीले पुत्र जन्माउने थिइन्, यो उनैका लागि तयार गरिएको थियो।

ऋषिहरू यस्ता कुरा सुनेपछि राजाले भने– मैले नै अज्ञानताका कारणले त्यो जल पिएँ। त्यसपछि राजा युवनाश्वका पेटमा गर्भ स्थापित भएर क्रमबद्ध

रूपमा बढ्न थाल्यो। समय पूर्ण भएपछि त्यो बालक राजाको दाहिने कोख फुटाएर बाहिर निस्कियो, तर त्यसको पीडाले राजाको मृत्यु भएन।

त्यस बालकले जन्म लिएपछि ऋषिहरूले भने—यो बालक के खाएर बाँच्दछ अर्थात् यसले कसको स्तनपान गर्दछ ?

त्यसै समयमा देवराज इन्द्र आएर भने— यो बालक मेरो आश्रयमा जीवित रहन्छ। यसकारण यस कुमारको नामा मान्धाता रहन गयो। देवराज इन्द्रले त्यस बालकका मुखमा चोरीऔंला राखिदिए र बालकले त्यो औंला चुस्न थाल्यो। त्यो अमृतमय औंला चुसेका कारणले गर्दा त्यो बालक एकदिनमै पूर्ण कदको भयो। तिनै बालक मान्धाता पृथ्वीका चक्रवर्ती राजा भए। उनले सप्तद्वीप भएको समग्र पृथ्वीको उपभोग गरे। यिनै मान्धाताका विषयमा भनिएको छ, जहाँबाट सूर्य उदय हुन्छन्, त्यहाँदेखि र जहाँ सूर्य अस्त हुन्छन् त्यहाँसम्म वा यसबीचको समग्र भूमण्डललाई युवनाश्वका वंशज राजा मान्धाताको राज्य भएको बताइएको छ। ती राजा मान्धाताको शशबिन्दुकी कन्या बिन्दुमतीसँग विवाह भयो। ती बिन्दुमतीको गर्भबाट पुरुकुत्स, अम्बरीष र मुचुकुन्द नाम भाएका तीनोटा पुत्र र पचास कन्या जन्मिए। त्यस समयमा ह्वच सौभरि नाम भएका महर्षि बाह्र वर्षसम्म पानीमा बसे। त्यस पानीमा सम्मद नामको धेरै सन्तानहरू भएको र अग्लो शरीर भएको एक मत्स्यराज बस्दथ्यो। त्यस मत्स्यराजका छोरा, नाति र छोरिपट्टिका नाति जुनसुकै समयमा पनि उसको शरीरको कोखा, जहाँ करङ रहन्छ, अगाडि, पछाडि, छाती र सिरमा रमण गर्दै दिन रात अतिआनन्दित हुने गर्दथे। यो बालक्रीडा हेरिरहेका महर्षिका अगाडिपट्टि सम्मट नामको महामत्स्य आफ्ना सन्तानलगायतको स्पर्शबाट अत्यन्त आनिन्दित भएर छोरा, नाति र छोरीपट्टिका नातिहरूसँग अनेकौं किसिमको रमाइलो गर्थ्यो तथा पानीमा बस्ने सौभरि ऋषि पनि एकाग्रतापूर्वक गरिएको समाधि परित्याग गरेर आफ्ना सन्तानहरूसँग मनमोहक क्रीडा गरिरहेको त्यस मत्स्यराजलाई देखेर आफ्नो मनमा विचार गर्दथे। अहो यो मत्स्यराज कति भाग्यमानी रहेछ। किनकि यो माछाजस्तो निकृष्ट योनिमा जन्म लिएर पनि आफ्ना यी सबै सन्तानहरूसँगको क्रीडामा रमाइरहेको देख्दा यसले मेरो मनमा इच्छा उत्पन्न गराइदिन्छ। मैले पनि यसरी नै आफ्ना सन्तानहरूसँग रमाइलो

गर्दाका अवस्थामा कति आनन्द प्राप्त हुन्थ्यो होला, यस प्रकारको विचार गरेपछि महर्षि सौभरि पानीबाट बाहिर निस्किएर गृहस्थाश्रममा प्रवेश गर्ने कामनाले अभिप्रेरित भएर आफूलाई कन्या माग्नका लागि मान्धाता भएका ठाउँमा गए। महर्षि सौभरि आएको खबर पाएपछि राजा मान्धाताले उठेर उनको पूजा गरे।

त्यसपछि आफूलाई दिएको आसनमा बस्दै ऋषिले भने– म विवाह गर्ने मनसाय लिएर यहाँ आएको हुनाले मलाई तपाईंकी कन्या दिनुहोस्। म माग्न आएको छु, यसैले चाहना गरिएका वस्तु नदिएर मलाई निराश नबनाइदिनुहोस्। ककुत्स्थवंशीहरूले आफ्नोमा आएको याचकलाई कहिल्यै निराश बनाएका छैनन्। पृथ्वीमा अनेकौँ राजा छन्, उनीहरूका कैयौँ कन्या भए पनि तपाईंको यो कुल प्रशंनीय र आदरणीय रहेको छ। किनकि याचकले कामना गरेको वस्तु उसलाई दिएर सन्तुष्ट पार्ने यो कुलको परम्परा रहेको छ। तपाईंले आफ्नी पचास कन्यामध्ये एउटी मात्र मलाई दिनुहोस्। म यो समयमा मेरो प्रार्थनाको अवहेलना हुने आशङ्काले उत्पन्न भएको दुःखले भयभीत भइरहेको छु। त्यसकारण मलाई निराश नपार्नुस्।

पराशरले भन्नुभयो– ऋषिका यसप्रकारका कुरा सुनिसकेपछि उनको बूढेसकालले कमजोर भएको शरीर देखेर खण्डन गर्न नसकी ती सौभरिको श्रापका डरले अतिभयंभीत भएका राजा मान्धाता सिर निहुऱ्याएर धेरै समयसम्म विचारमग्न भए।

सौभरिले भनें– तपाईं किन चिन्ता गर्नुहुन्छ, मैले यसमा गर्न नसकिने कुरा त केही पनि भनेको छैन। तपाईंले जुन कन्या एक दिन अनिवार्य रूपमा अर्कालाई दिनैपर्दछ, यदि तिनै कन्याबाट म सन्तुष्ट हुन्छु भने मैले सबै चिज प्राप्त गर्दछु।

पराशरले भन्नुभयो– त्यसपछि ऋषि सौभरिको श्रापका कारणले गर्दा अतिभयभीत भएका राजा मान्धाताले अत्यन्त विनम्रतापूर्वक ऋषिसँग भने।

राजाले भने– हाम्रो कुलको परम्पराअनुसार जुन उत्तम कुलको वरलाई कन्याले मन पराउँछिन्, त्यसैलाई कन्यादान दिने परम्परा छ। तपाईंको प्रार्थना मेरो मनोकामनाभन्दा पूर्ण रूपमा अलग किसिमको छ। यो कसरी उत्पन्न भयो, म आफैँ अनभिज्ञ छु। यस्तो अवस्थामा मैले के गर्नु पर्ने हो त्यसको ज्ञान पनि हुन

सकिरहेको छैन। यसैले म अत्यन्त चिन्तत भइरहेको छु। राजा मान्धाताका यस्ता कुरा सुनेपछि ऋषिवर सौभरिले विचार गरे–अहो, मलाई कन्या नदिने यो एउटा राम्रो उपाय हो। यी ऋषि वृद्ध छन्, त्यसकारण यिनलाई स्त्रीले प्रेम गर्न सक्दैनन्, कन्याका विषयमा पनि यो नियम लागू हुन्छ अर्थात् निश्चित रूपमा कन्याले यिनलाई मन पराउने छैनन्, यस्तो विचार गरेर राजाले यसो भनेका हुन्।

त्यसपछि ऋषि सौभरि भने– तपाईंको कुलको परम्परा अतिराम्रो छ, म निश्चित रूपमा त्यसैको अनुसरण गर्नेछु। मलाई कन्याहरूको खोपीमा प्रवेश गर्नका लागि बाटो छोडिदिन कन्याका सुरक्षा गर्नेहरूलाई आज्ञा दिनुहवस्। त्यहाँ यदि कुनै कन्याले मसँग विवाह गर्ने इच्छा व्यक्त गरिन् भने मात्र म ती कन्यालाई स्वीकार गर्दछु र यदि त्यहाँ सबैमा नकारात्मक भावना रहेको अनुभव भयो भने यो जीवनको ढल्दो अवस्थामा मलाई यो अनावश्यक कार्यको कुनै प्रयोजन छैन भनेर ऋषिले मौनधारण गरे। ती ऋषिले श्राप देलान् भनेर अतिभयभीत भएका राजा मान्धाताले कन्याहरूको खोपीका सुरक्षाकर्मीहरूलाई ऋषिलाई भित्र जान दिने आज्ञा दिए। महात्मा सौभरिले कन्याहरूको खोपीमा प्रवेश गर्दाका सबै सिद्ध, गन्धर्व र मुनष्यहरूका तुलनामा धेरै मनमोहक स्वरूप धारण गरे।

ती ऋषिलाई कन्याहरूका खोपीमा लगेर कन्याका सुरक्षाकर्मीले भने– तपाईहरूका पिताको आज्ञाअनुसार यी ब्रह्मर्षि कन्यार्थ भएर यहाँ आउनुभएको छ र मैले यी ऋषिसँग प्रतिज्ञा गरेको छु, यदि मेरी कुनै कन्याले तपाईंलाई स्वेच्छापूर्वक स्वीकार गरेको अवस्थामा कुनै किसिमको उनीहरूको चाहना विपरीत कार्य गर्नेछैन। यसप्रकारका कुरा सुनेपछि सबै कन्याहरूले कामभोगमा अतिआसक्त भएका हात्तीका ढोइहरूले जसरी यूथपति गजराजलाई वरण गर्न व्याकुलता व्यक्त गर्दछन्, त्यसरी नै म एक्लै गर्दछु भनेर ऋषिप्रति अत्यन्त अनुराग वा प्रेम र अभिलाषा व्यक्त गरे।

उनीहरू एकापसमा भन्न थाले– तिमीहरू अनावश्यक प्रयासमा नलाग, किनकि मैले यी ब्रह्मर्षिलाई वरण गरिसकेकी छु। अब यी तिमीहरूका लागि उचित छैनन्, किनकि यी मेरा पति भइसके। ब्रह्माले यिनीलाई मेरै पतिका र मलाई यिनकी पत्नीका रूपमा उत्पन्न गराइदिनुभएकोले तिमीहरू शान्त भएर बस।

कोही भन्न थाले— हो यिनले जुन समयमा हाम्रो घरमा कदम राखे, त्यसै समयमा मैले सबैभन्दा पहिले यिनलाई वरण गरेर आफ्नो पतिका रूपमा स्वीकार गरिसकेकी छु । तिमीहरू अनावश्यक रूपमा किन विवाद गरिरहेका छौ ? त्यस समयमा मैले वरण गरेँ, यस विषयका आधारमा राजकन्याहरूका बीचमा विवाद आरम्भ भयो । जब सबै कन्याहरूले अत्यन्त प्रेमपूर्वक ती अनिन्दनीय कीर्ति भएका ऋषिलाई आफ्नो पतिका रूपमा स्वीकार गरेपछि त्यहाँ खटाइएका सुरक्षाकर्मीहरूले अत्यन्त विनम्रतापूर्वक राजाका नजिकमा गएर त्यहाँको अवस्थाका बारेमा जस्ताको तस्तै सुनाए ।

यी सबै कुरा सुनेपछि राजा मान्धाता अति विस्मयपूर्वक भन्दछन्— तिमीहरू यो के भनिरहेका छौ ? यो कसरी भयो ? अब म के गरुँ ? मैले ती ऋषिलाई भित्र जाने अनुमति किन दिएछु ? यसरी मानसिक रूपमा मनन गर्दै अतिव्याकुलता हुँदै आफ्नो चाहना नभए तापनि कठिनतापूर्वक उनले आफ्नो वचनको पालना गरे। यसरी विवाह सम्पन्न भयो र मशर्षि सौभरि ती सबै कन्या लिएर आफ्नो आश्रममा पुगेपछि उनले त्यस तपोवनमा विश्वकर्मालाई बोलाएर सबै कन्याहरूका लागि अलगअलग महल बनाउने आज्ञा दिँदै भने कि जसमा पूर्ण रूपमा फुलेका कमल र चराहरूको चूँ चूँ चीँ चीँको आवाज, हाँसलगायतका जलपक्षीले शोभायमान भएको तलाउ वा पोखरी पनि रहोस्, अतिसुन्दर शय्या र ओढ्ने कपडा रहेको होस् तथा तिनीहरूका रमणीय बगैँचा पनि हुनुपर्दछ। विश्वकर्माले पनि ऋषि सौभरिको आज्ञानुसार सबै कामसम्पन्न गरेर ऋषिलाई देखाए । त्यसपछि ऋषिको आज्ञाअनुसार ती महलहरूमा कहिल्यै विनाश नहुने आनन्द नाम भएको महानिधिले बस्न थाल्यो। ती सबै राजकन्या ती महलहरूमा निवास गरेर अनेकौँ प्रकारका खान योग्य, भोग गर्न योग्य, चाट्न योग्य सामग्रीहरूले आफ्नो नजिकमा आएका अतिथि र आफूमा आश्रित रहेकाहरूलाई तृप्त गराउन थाले ।

एक दिन पुत्रीहरूको ममताले ज्यादै व्याकुल भएका राजा मान्धाता मेरी पुत्रीहरूले सुख पाएका छन् वा दुःख भन्ने बुझ्नका लागि महर्षि सौभरिको आश्रममा गए। त्यहाँ उनले अत्यन्त रमणीय बगैँचा र पोखरीहरू सम्पन्न सेता ढुङ्गाद्वारा निर्माण गरिएका महलहरूको बस्ती रहेको देखे, जुन फिजाइएको मयूरका

प्वाँखहरूद्वारा अत्यन्त मनमोहक देखिएको थियो । उनले एउटा महलमा प्रवेश गरेर आफ्नी कन्यालाई स्नेहपूर्वक आलिङ्ग न गरेर आफूलाई दिइएको आसनमा बसेर आँखाभरि आँसु पार्दै भने– तिमी यहाँ सुखसँग बसेका छौ अथवा कुनै किसिमको दुःख पनि भएको छ ? महर्षिले तिमीलाई माया गर्छन् कि गर्दैनन् ? के तिमीलाई आफ्नो जन्मघरको सम्झना आउँदैन ?

ती कन्याले आफ्ना पितासँग भनिन्– यहाँ अत्यन्त रमणीय महल रहेको छ तथा महमोहक बगैँचा, सुमधुर स्वरका धनी चराचुरुङ्गीहरूको आवाज, राम्री फुलेका कमलको फूलले भरिएको पोखरी, आफ्नो चाहनानुसारको खान योग्य खानेकुरा, उचित प्रकारका भोग्य सामाग्रीहरू, लेपन गर्न योग्य वस्तुहरू, गरगहना र कपडाहरूको उपभोग र अत्यन्त नरम ओछ्यान यी सबै किसिमका वस्तुहरूले गृहस्थाश्रमीलाई अत्यन्त आनन्दित तुल्याउँछने तर पनि आफ्नो जन्मभूमिको स्मरण सबैले गरिरहेका हुन्छन्। तपाईंका आशीर्वादले गर्दा यहाँ सबै कुशलमंगल छ। तर पनि म एउटा कुराले अत्यन्त दुःखी भएकी छु, त्यसको कारण हो हाम्रा पतिदेव महर्षि सौभरि मेरो महलभन्दा बाहिर कतै पनि जानुहुन्न। मलाई अत्यन्त प्रेम गर्ने भएकाले उहाँ मसँग मात्र बस्नुहुन्छ, मेरा अन्य बहिनीहरू भएका ठाउँमा कहिल्यै जानुहुन्न। यसले गर्दा मेरा बहिनीहरू अत्यन्त दुःखी भएका छन्। यसैले म दुःखी भएकी हुँ। यसरी एउटी कन्याले बताएपछि राजाले दोस्रो महलमा प्रवेश गरेर प्रेमपूर्वक आलिङ्गन गरेर आफूलाई दिइएको आसनमा बसेपछि ती कन्यासँग पहिलेकी कन्यालाई जसरी नै आफ्नो सुनाए। ती कन्याले पनि त्यसरी नै आफ्नो महलसहित सम्पूर्ण भोग्य वस्तुहरूको सुख प्राप्त भएको बताइन् र अत्यन्त प्रेम गर्ने भएकाले महर्षि सौभरि आफूसँग मात्र बस्ने र अन्य बहिनीहरूका महलसम्म पनि नजाने बताइन्। यो एउटा कुराको मात्र दुःख छ। यसरी पहिलेकी कन्याले जसरी बताइएको कुरा सुनिसकेपछि राजा मन्धाताले एकएक गरेर सबै महलहरूमा गएर सबै कन्याहरूसँग पहिलेका जसरी नै आफ्नो जिज्ञासा राखे र सबै कन्याले त्यसरी नै आफूलाई सुख प्राप्त भएको कुरा सुनाए। त्यस समयमा आनन्द र आश्चर्यमा परेका कारणले गर्दा एकान्त स्थानमा बसिरहेका महर्षि सौभरिका नजिकमा गएर उनको पूजा गरिसकेपछि भने।

मान्धाताले भने– मैले हजुरको यो अत्यन्त सिद्ध प्रभावको अवलोकन गरें अर्थात् योगसिद्धिको प्रभाव हेरें। मैले यस किसिमको वैभवपूर्ण किसिमबाट अरू कसैले भोगविलास गरेको देखेको थिइनँ; जुन यो सबै हजुरका तपस्याको फल नै हो। मेरो मान्यतामा हजुरको तपस्याको फल योभन्दा पनि धेरै रहेको छ, यो त ज्यादै थोरै हो। फेरि राजा मान्धाताले ऋषिको पूजा गरे तथा ती ऋषिसँग बसेर केही समयसम्म त्यहाँ उपलब्ध भोगहरूको उपभोग गरेर अन्त्यमा आफ्नो नगरमा गए। समय व्यतीत हुँदै जाँदा ती राजकन्याहरूबाट महर्षि सौभरिका एक सय पचास पुत्रहरू उत्पन्न भए। त्यसपछि ती सौभरि ऋषिको सम्पूर्ण पुत्रहरूप्रति प्रतिदिन ममता थाल्यो। उनको हृदय यथार्थ रूपमा ममताले पूर्ण भयो। महर्षि सौभरिले विचार गर्न थाले, के मेरा यी पुत्रहरू सुमधुर वचनसम्पन्न हुनेछन् ? के आफ्ना खुट्टामा उभिएर हिंड्न सक्दछन् ? के यी सबै युवक हुनेछन् र के मैले यिनीहरू विवाहित भएको देख्नेछु ? के यिनका पुत्रहरू उत्पन्न हुन सक्लान् ? यसप्रकार समयको गतिसँगै प्रत्येक दिन बढिरहेका यी मनोकामनाहरूको परित्याग गरेर उनी चिन्तन-मनन गर्न थाले । ममा यसप्रकारको ममता अत्यधिक रूपमा बढिरहेको छ। यस किसिमको मनोकामना हजारौँ लाखौँ वर्षमा पनि समाप्त हुन सक्दैन। किनकि कयौँ मनोकामना पूर्ण भएपछि फेरि नयाँ-नयाँ मनोकामनाहरू उत्पन्न भइरहन्छन्।

त्यसकारण कुनै पनि अवस्थामा सबै प्रकारको चाहना पूर्ण रूपमा समाप्ति हुन सक्दैन। मेरा पुत्रहरू आफ्नै खुट्टामा उभिएर हिंड्न थाले, त्यसपछि तिनीहरू पूर्ण रूपमा युवक भए, फेरि तिनीहरूका पुत्रपुत्रादि सन्तानहरू उत्पन्न भए, यति देखिसकेपछि पनि अझै मेरो अन्तरात्मामा नाति-नातिनाका सन्तानहरू हेर्ने अभिलाषा उत्पन्न भइरहेको हुनेछ। त्यसकारण चाहनाको कुनै सीमा हुँदैन। यदि मैले आफ्ना नाति-नातिनाहरूका सन्तानहरूलाई पनि देखें भने निश्चित रूपमा फेरि अर्को मनोकामना उत्पन्न हुनेछ। यसप्रकारले त्यो मनोकामना पूर्ण भएपछि फेरि अन्य मनोकामनाहरूको उत्पत्ति हुने सिलसिलालाई कुनै पनि अवस्थामा कसैले पनि रोक्न सक्दैन। यसैले यसको कहिल्यै समाप्ति हुनै सक्दैन। अब मलाई मृत्यु नभएसम्म चाहनाहरूको अन्त्य हुन नसक्ने कुराको स्पष्ट ज्ञान भइसकेको छ।

जसको मन मनोकामनाहरूमा पूर्ण रूपमा आसक्त भएको हुन्छ, त्यसको अन्तरात्मा कुनै पनि अवस्थामा परमात्मामा एकाग्र भएर लाग्न सक्दैन । त्यसकारण बुद्धिमान् पुरुषले मनोकामनाहरूको पूर्ण रूपमा परित्याग गरेर परमात्मामा एकाग्र हुनुपर्दछ। जलसमाधिमा एकाग्रतापूर्वक लागेको मेरो समाधि पानीमा बस्ने मेरो मित्र मत्स्यका सङ्गतले गर्दा भङ्ग भयो र त्यसैका प्रभावले ममा यो विवाह गरेर गृहास्थाश्रममममा बस्ने आसक्ति उत्पन्न भयो । यही आसक्तिका कारणले गर्दा मेरो हृदयमा तृष्णा अत्यधिक रूपमा बढिरहेको छ।

यो संसारमा एउटा मात्र शरीर ग्रहण गर्नु अति दुःखदायी हुन्छ र मैले त यी पचासओटी राजकन्याको पाणिग्रहण गरेर त्यसलाई पचास गुण बढाइदिएको छु तथा धेरै पुत्रहरूका रूपमा फैलिएर अहिले यो अत्यधिक मात्रामा बढिरहेको छ। अब यसभन्दा अगाडि पनि पुत्रहरूका पुत्र तथा उनीहरूका पुत्रहरूको विवाह गरेपछि फेरि तिनीहरूका पनि सन्तान उत्पन्न हुनेछन् । तिनमा पनि ममता बढ्न थाल्दछ । यसप्रकार यो ममतारूपी वैवाहिक सम्बन्ध अवश्य पनि दुःखहरूको कारकतत्त्व हो। यसैले यो दुःखको अन्त्य कहिल्यै पनि हुन सक्दैन । जलाशयमा बसेर मैले जुन तपस्या गरेको थिएँ, त्यसैको फलस्वरूप यो सबै सम्पत्तिहरू प्राप्त भएको हो भने यिनीहरू सबै मेरो तपस्याका बाधक हुन्। माछासँगको सङ्गतले गर्दा मेरो तपस्याका व्यवधानस्वरूप यी पुत्रहरूमा प्रेम उत्पन्न भयो र यसैको प्रभावले म आफ्नो तपस्याबाट टाढा हुनुपरेकाले म त्यसबाट ठगिएको छु। इन्द्रियहरूलाई वशमा राख्ने र सांसारिक विषयबाट विरक्त योगनिष्ठ सन्न्यासीका लागि अनासक्त रहनु नै मुक्तिदायक हुन्छ भने दोष आसक्तिबाटै उत्पन्न हुन्छन्। योगरुढ भइसकेका योगीहरू पनि आसक्तिको दोषका प्रभावले पतन हुन्छन् भने जसलाई अत्यन्त अलिकति मात्र सिद्धि प्राप्त भएको छ, त्यसका विषयमा त भन्नु नै केही छैन तथा स्वीकार गर्ने स्वभावरूपी गोहीले मेरो बुद्धिलाई घेराभित्र पारिदिएको छ।

यस समयमा म यस्तो उपायको अवलम्बन गर्नेछु, जसको प्रभावले गर्दा आफूमा उत्पन्न भएका दोषहरूबाट मुक्त भएर आआफ्ना स्वजनहरूको दुःखले पनि मलाई दुःखी बनाउन नसकोस्। अब म सबै प्राणीमात्रका विधाता, जसको स्वरूप मनले कल्पना गर्न नसकिने र बुद्धिभन्दा टाढा रहेको छ, जो अणुभन्दा

पनि अत्यन्त सूक्ष्म तथा तमः स्वरूप हुनुहुन्छ र ईश्वरहरूका पनि ईश्वर हुनुहुन्छ, उहाँ श्रीविष्णुको तपस्या गरेर आराधना गर्दछु। श्रीविष्णुका चरणारविन्दमा मेरो अन्तरात्मा अथवा चित्त दोषबाट पूर्ण रूपमा रहित भएर मोक्षप्राप्तिका लागि सधैँ यथार्थ रूपमा अटल र अचल भावपूर्वक फेरि स्थिर हुन सकोस्; जसको प्रभावले गर्दा मैले फेरि अर्को जन्म लिनु नपरोस्।

पराशरले भन्नुभयो– यसरी आफ्नो मनमा दृढनिश्चय गरेर महर्षि सौभरि पुत्र, घर, आसन ओछ्यानजस्ता सबै प्रकारका ऐश्वर्य त्याग गर्दै सबै पत्नीहरूलाई आफैसँग लिएर वनमा गए। त्यस वनमा सन्न्यासीका लागि आवश्यक पर्ने सबै किसिमका कार्यहरूको अनुष्ठान गर्दै सबै पाप नष्ट भइसकेपछि अन्तरात्मा यथार्थ रूपमा रागद्वेषरहित भएपछि आहवनीय अग्निहरूलाई आफूमा स्थापित गरेर यथार्थ सन्नयासी भए। त्यसपछि भगवान्मा आसक्त भएर परमात्माको ध्यानमा एकाग्र हुँदै सबै प्रकारका कार्यहरूको त्याग गरेर परमात्मामा परायण भएकाले मोक्ष प्राप्त गरे। यसरी राजा मान्धाताका कन्याहरूका प्रसङ्गमा यो महर्षि सौभरिको चरित्रका विषयमा वर्णन गरिएको छ। जुन मुंनष्यले यस सौभरिको चरित्रको पाठ वा श्रवण गरेर आफ्नो मनमा धारण गर्दछ, त्यसको आठ जन्मसम्म दुर्गति, अधर्म र मन असत् मार्गमा लाग्दैन तथा कुनै पनि किसिमका सांसारिक विषवस्तुहरूमा उसको ममता वा आसक्ति रहँदैन। अब यसपछि म मान्धाताका पुत्रहरूको सन्तानका विषयमा बताउनेछु। मान्धाताका पुत्र अम्बरीष भए भने अम्बरीषका पुत्ररत्नका रूपमा युवानाश्व जन्मिए। युवनाश्वका पुत्ररत्नका रूपमा हरित उत्पन्न भए र तिनै हरितबाट उत्पन्न भएका अङ्गिरागोत्रीय क्षत्रीहरू प्रख्यात भए।

प्राचीन कालमा रसातलमा गन्धर्व र अप्सराहरूको एक मातृक गोत्र भएका छ करोड गन्धर्वहरू बसेका थिए। तिनीहरूले सम्पूर्ण नागकुलहरूका मुख्य रत्न र अधिकार खोसेर लिएका थिए। गन्धर्वहरूको पराक्रमबाट पराजित भएर अपमानित भएका ती नागाधिपतिहरूले स्तुति गरेपछि आफ्नो स्तुति गरेको सुनेपछि जलमा शयन गरिरहनुभएका श्रीविष्णुका आँखा खुले। निद्राको अन्त्यमा जाग्रतावस्थामा रहनुभएका उहाँलाई प्रणाम गर्दै नागहरूले अनुरोध गरे।

ती नागहरूले भने– यी गन्धर्वहरूबाट उत्पन्न भएको हाम्रो भय कसरी नष्ट हुन सक्दछ ?

श्रीविष्णुले भन्नुभयो– युवनाश्वका पुत्र मान्धाताका जुन पुरुकुत्स नाम भएका पुत्र छन्, तिनैका शरीरमा म स्वयंले प्रवेश गरेर ती दुष्ट गन्धर्वहरूको पूर्ण रूपमा विनाश गरिदिने छु। यस प्रकारको कुरा सुनिसकेपछि जलमा शयन गरिरहनुभएका श्रीविष्णुलाई प्रणाम गरेर सबै नागाधिपतिहरू फेरि फर्किएर रसातलमा आए तथा मान्धाताका पुत्र पुरुकुत्सलाई रसातालमा ल्याउनका लागि आफ्नी बहिनी तथा पुरुकुत्सकी श्रीमती नर्मदालाई प्रेरित गरेकाले नर्मदाले पुरुकुत्सलाई रसातलमा ल्याइन्। यसरी रसातलमा आइसकेपछि राजा पुरुकुत्सले श्रीविष्णुको शक्तिका प्रभावद्वारा आफ्नो शरीरको शक्ति बढेका कारणले सबै गन्धर्वहरूको पूर्ण रूपमा विनाश गरिसकेपछि फेरि आफ्नो स्थानमा फर्किएर आए। त्यस समयमा सबै नागाधिपतिहरूले अत्यन्त प्रसन्न भएर नर्मदालाई वर दिए। जुन मुनष्यले तिम्रा नामको स्मरण गर्दछ, उसलाई सर्पका विषको भय हुनेछैन। प्रातः समयमा नर्मदालाई नमस्कार छ र रात्रिका समयमा पनि नर्मदालाई नमस्कार छ। तिमीलाई पटकपटक नमस्कार छ। यस वाक्यको स्मरण गर्दै दिनमा वा रात्रिमा अथवा कुनै पनि समयमा जस्तोसुकै अँध्यारोमा हिंडे पनि सर्पले टोक्न सक्दैन। जुन मनुष्यले नर्मदादाई नमस्कार गर्दै विष खान्छ भने पनि त्यो ऊद्वारा खाइएको विषले उसको विनाश गर्न सकदैन। नागाधिपतिहरूले पुरुकुत्सलाई पनि तिम्रो वंशको विनाश कहिल्यै पनि हुने छैन भनेर वरदान दिए। पुरुकुत्सले नर्मदाका गर्भबाट त्रसदस्यु नाम भएका एउटा पुत्र उत्पन्न गराए। त्रसदस्युका पुत्ररत्नका रूपमा सम्भूत उत्पन्न भए भने सम्भूतका पुत्ररत्नका रूपमा अनरण्य जन्मिएका थिए, जसलाई आफ्नो दिग्विजयका समयमा रावणले मारिदियो। अनरण्यका पुत्रका रूपमा पृषदश्व जन्मिएका थिए र उनका पुत्र हर्यश्व भए हर्यश्वका पुत्ररत्नका रूपमा सुमना जन्मिएका थिए। सुमनाका पुत्र त्रिधन्वा भए। यसरी नै त्रिधन्वाका पुत्ररत्नका रूपमा त्रय्यारुण जन्मिए। त्रय्यारुणका पुत्ररत्नका रूपमा सत्यव्रत जन्मिएका थिए, जो कालान्तरमा त्रिशंकुका नामले प्रख्यात भए। यी त्रिशंकु चाण्डाल भएका थिए।

एक समयमा बाह्र वर्षसम्म पानी परेन। त्यस समयमा राजा त्रिशंकुले महर्षि विश्वामित्रका परिवारको पालनपोषण गर्नका लागि तथा आफूमा भएको चाण्डालता दोषबाट मुक्त हुनका लागि प्रत्येक दिन गङ्गाजीका किनारामा रहेको एउटा वरको रूखमा मृगको मासु झुन्ड्याइदिने गरेका थिए। यस कार्यबाट अत्यन्त प्रसन्न भएका महर्षि विश्वामित्रले राजा त्रिशंकुलाई उनको विनाशशील शरीरसहित स्वर्गमा पठाइदिए। त्रिशंकुका पुत्र हरिश्चन्द्र, हरिश्चन्द्रका पुत्र रोहिताश्व, रोहिताश्वका पुत्र हरित र हरितका पुत्र चक्षु जन्मिए। चक्षुका विजय र वसुदेव नाम भएका दुइटा पुत्र जन्मिएका थिए। विजयका पुत्ररत्नका रूपमा रुरुक उत्पन्न भए भने रुरुकका पुत्र वृक र वृकका पुत्र बाहु जन्मिएका थिए। यिनी यदुबाट फैलिएको एउटा क्षत्रिय वंश शर्यातिवंशी क्षत्रियहरूबाट पराजित भएर आफ्नी गर्भवती रानीसहित वनमा गएका थिए। त्यहाँ रानीमा रहेको गर्भको विनाश गर्ने मनसायले सौताहरूले पटरानीलाई विष खुवाइदिए। त्यस विषको प्रभावले गर्दा उनको गर्भमा रहेको बालक सात वर्षसम्म गर्भाशयमा नै रह्यो। अन्तमा राजा बाहुले बृद्धावस्थाका कारणले और्व ऋषिका आश्रमको नजिकमा शरीर त्याग गरे। राजासँगै राज्याभिषेक भएकी रानीले चिता बनाएर त्यसमाथि पतिको शव राखेर राजसँगै सती जाने निश्चय गरिन्।

त्यस समयमा भूत, भविष्य र वर्तमानका ज्ञाता महर्षि और्वले आफ्नो आश्रम बाहिर निस्किएर भने— तिमी यो किसिमको अनुचित कार्य किन गर्छ्यौ ? तिम्रो गर्भमा सम्पूर्ण भूमण्डवको स्वामी, चक्रवर्ती, अत्यन्तै पराक्रमशाली, अनेकौँ किसिमका यज्ञहरू गर्ने र शत्रुहरूको पूर्ण रूपमा विनाश गर्ने सामर्थ्य भएको बालक रहेको छ। यसकारण तिमी यस प्रकारको अनुचित कार्य नगर। ऋषिले यसरी बताइसकेपछि रानीले राजासँगै सती जाने आफ्नो निश्चयको परित्याग गरि दिइन् भने महर्षि और्वले ती रानीलाई आफ्नो आश्रममा ल्याए। त्यसको केही समयपछि उनले खाएको विषसहित अत्यन्त तेजस्वी बालक उत्पन्न भयो। महर्षि और्वले त्यस बालक़को बालक जन्मिनेबित्तिकै गरिने सोह्र संस्कारमध्येको पहिलो संस्कार, जसमा बालकलाई सुनले वा साहिँली औँलाले घिउ, मह चटाइन्छ र बालकलाई कुनै रोग नलागेस् ऊ दीर्घजीवी र भाग्यवान् होस् भनी

बालकको हृदय आदि अङ्गहरू छुने विधान रहेको छ; यस किसिमको कर्म सम्पन्न गरे तथा त्यस बालकको नाम सगर राखे। त्यसपछि ऋषिले बालकको व्रतबन्ध संस्कार गरिदिएरे त्यस बालकलाई वेदसमेतका सबै शास्त्रहरूको र भार्गव नाम भएको आग्नेयास्त्रको शिक्षा दिए। सगरले एक दिन आफ्नी आमासँग हामी यो तपोवनमा किन सबिरहेका छौँ ? मेरा पिता कहाँ हुनुहुन्छ र मेरा पिता को हुनुहुन्छ ? बालकले यसरी अनेकौँ प्रकारका प्रश्नहरू सोधे। उनलाई जबाफ दिने सिलसिलामा बालककी माताले आफ्नो विगतका सम्बन्धमा सबै कुरा बालकलाई बताइदिइन्। सगरले आफ्ना पिताको राज्य–हरणबाट अत्यन्त क्रोधित र दुःखी भएर हैहय तालजङ्घलगायतका क्षत्रियहरूको पूर्ण रूपमा विनाश गर्ने प्रतिज्ञा गरे। यसपछि उनले प्रायः सबै हैहय राजाहरूको हत्या गरिदिए। त्यसपछि शक अर्थात् विश्वाभित्रको सेनादेखि रिसाएकी नन्दिनी गाईको थुनबाट निस्किएको एक प्राचीन जाति, यवन अर्थात् नन्दिनी गाईको योनि र कोखबाट उत्पन्न भएको म्लेच्छ जाति, पारद, पह्लव अर्थात् पापीहरू उनीहरूबाट अत्यन्त भयभीत भएर उनीहरूको कुलगुरु वसिष्ठका शरणमा परे।

वसिष्ठले पनि तिनीहरूलाई जिउँदै मरेसमान बनाएर सगरसँग भने–यी जीवितावस्थामै मरेजस्ता भएकाहरूको पछि लागेर के लाभ हुन्छ ? यस किसिमका कुराहरूमा विचार गरेर मैले प्रतिज्ञाको पालना गर्नका लागि यिनीहरूलाई आफ्नो स्वाभाविक धर्म र ब्राह्मणहरूको संसर्गबाट पूर्ण रूपमा वञ्चित गरिदिएको छु। राजा सगरले जो आज्ञा भनेर गुरुको वचन स्वीकार गर्दै तिनीहरूलाई विभिन्न किसिमको भेषसपन्न बनाइदिए। उनले यवनहरूको शिर खुइल्याउन लगाइदिए, शकहरूको आधा पाटो खुइल्याउन लगाइदिए, पारदहरूलाई अत्यन्त लामो कपाल भएको बनाउन लगाइदिए। त्यसरी नै पह्लवहरूलाई जुँगादाह्री राख्न लगाइदिए तथा यिनीहरू र यिनीहरूजस्ता अरू क्षत्रिहरूलाई पनि नियमपूर्वक कुनै पनि विषयको अध्ययन गर्ने कार्यबाट र देवताहरूको उद्देश्यले आहुति दिइने यज्ञविहीन गराइदिए। आफ्नो स्वधर्मको त्याग गरेका कारणले गर्दा यिनीहरूलाई ब्राह्मणहरूले पनि परित्याग गरिदिए। त्यसैलो यिनीहरू म्लेच्छ भए। त्यसपछि राजा सगर आफ्नो राज्यमा आएर आनन्दसँग सातोटै द्वीपहरू भएको पृथ्वीमा शासन गर्न थाले।

पराशरले भन्नुभयो—महर्षि कश्यपकी पुत्री सुमति र विदर्भराजकी पुत्री केशिनी, यी दुवै चक्रवर्ती राजा सगरका पत्नी थिए। यी दुवै पत्नीहरूले पुत्र प्राप्तिका लागि परम समाधिद्वारा औंर्व ऋषिको आराधना गरेका हुनाले ऋषिले तिनीहरूलाई यस प्रकारको वरदान दिए। एक रानीबाट वंशको अभिवृद्धि गर्ने सामर्थ्य भएका एउटा पुत्र र अर्की रानीबाट साठी हजार पुत्र उत्पन्न हुनेछन्। यिनीहरूमध्ये जसलाई जुन असल आफ्नो स्वेच्छाअनुसारको लाग्दछ, उनले स्वेच्छापूर्वक त्यसैलाई स्वीकार गर्न सक्नेछौ। महर्षि औंर्वले यसरी बताइसकेपछि केशिनीले एउटा पुत्र र सुमतिले साठी हजार पुत्र प्राप्तिका लागि प्रार्थना गरका हुनाले ऋषिले त्यस्तै हुन्छ भने। त्यसको केही समयपछि केशिनीका गर्भबाट असमञ्जस नाम भएका आफ्नो वंश अभिवृद्धि गराउने सामर्थ्य भएका पुत्र जन्मिए तथा विनतापुत्री सुमतिले उपयुक्त समयमा साठी हजार पुत्रलाई जन्म दिइन्। केशिनीका पुत्र असमञ्जसका पुत्रका रूपमा अंशुमान् उत्पन्न भए। यी असमञ्जस बाल्यकालमा अत्यन्तै दुराचारी थिए। उनका पिताले विचार गरे यसको बाल्यकाल बितिसकेपछि यो बुद्धिमान् हुनेछ। तर युवा भएपछि पनि उनी पहिलाको जस्तै दुराचारी नै भइरहेकाले उनलाई उसका पिताले परित्याग गरिदिए। सगर राजाका सुमतिका गर्भबाट उत्पन्न भएका साठी हजार पुत्रले पनि असमञ्जसकै आचरणको अनुसरण गर्न थाले अर्थात् सगर राजाका सबै सन्तान धेरै दुराचारी भएकाले असमञ्जसको चरित्र अनुसरण गर्ने ती सगर रानाका पुत्रहरूद्वारा संसारमा यज्ञालगायतका सबै सन्मार्ग विनष्ट भइरहेको देखेपछि देवताहरूले सबै किसिमका दोषहरूबाट पूर्ण रूपमा अलग रहेका कपिल ऋषिलाई प्रणाम गरेर तिनीहरूका विषयमा बताउँदै भने— राजा सगरका यी सबै पुत्रहरूले असमञ्जसको चरित्रकै अनुसरण गरिरहेका छन्। यिनीहरू सबै असत्मार्गमा लागिरहँदाका अवस्थामा संसारको स्थिति कस्तो किसिमको हुन सक्छ ? संसारमा रहेको दुःखी मनुष्यहरूको उद्धार वा रक्षा गर्नका लागि हजुरले यो शरीर धारण गर्नुभएको हो। यसैले यो अकल्पनीय आपत्तिबाट संसारको रक्षा गर्नुहोस्।

देवताहरूको यसप्रकारका कुराहरू सुनिसकेपछि कपिल ऋषिले

भन्नुभयो– यी सबै केही दिनमा नै पूर्ण रूपमा नष्ट हुनेछन् । त्यस समयमा चक्रवर्ती राजा सगरले अश्वमेघ यज्ञ आरम्भ गरे । सगरका पुत्रहरू नै घोडाको रक्षाका लागि खटिएका थिए। एक दिन कुनै व्यक्तिले त्यो यज्ञका लागि तयार गरिएको घोडा अपहरण गरेर पाताल लोकमा लग्यो । त्यसपछि राजा सगरले आफ्ना पुत्रहरूलाई नै त्यो घोडाको खोजी गर्नका लागि पठाए। घोडाको खोजी गर्ने कर्यामा लगाइएका सगरका छोराहरूले घोडाको टापको चिह्नलाई पछ्याउँदै धेरै परिश्रमपूर्वक एकएक पुत्रले एकएक योजन पृथ्वी खने । राजा सगरका पुत्रहरूले यज्ञको घोडा पातालमा घुमिरहेको देखे। उनीहरूले घोडाको नजिकैमा कपिल ऋषि रहनुभएको देखे। शरत्कालीन आकाशमा अवस्थित सूर्यका समान विराजमान हुनुभएका कपिल ऋषिले आफ्नो तेजको प्रकाशले तलमाथि र आठौटै दिशाहरूलाई प्रकाशमय गराइरहनुभएको थियो । राजा सगरका पुत्रहरूले अस्त्रशस्त्र उठाएर यही पापी हाम्रो अपकार गर्ने व्यक्ति हो। यसैले यज्ञको विनाश गराइदिनका लागि यज्ञको घोडा चोरी गरेको हो, यसलाई मार, मार यसो भन्दै तिनीहरू कपिल ऋषि भएका ठाउँतिर दौडिए। त्यस समयमा कपिल ऋषिले पनि आफ्ना आँखा केही टेढो पार्दै तिनीहरूलाई हेर्नुभयो र राजा सगरका ती सबै पुत्रहरू आफ्नै शरीरबाट निस्किएको अग्निद्वारा जलेर पूर्ण रूपमा नष्ट भए। राजा सगरलाई यज्ञको घोडा खोजी गर्न गएका आफ्ना सबै पुत्रहरू महर्षि कपिलको तेजबाट जलेर नष्ट भएको ज्ञात भएपछि उनले असमञ्जसका पुत्र अंशुमान्लाई घोडाको खोजी गर्ने कार्यका लागि पठाए। अंशुमान् पनि सगरका पुत्रहरूद्वारा बनाइएको मार्गबाट कपिल ऋषिका नजिकमा पुगेर अतिभक्ति र विनम्रतापूर्वक कपिल ऋषिलाई प्रणाम गरेर प्रार्थना गर्न थाले उनीद्वारा गरिएको स्तुतिबाट प्रसन्न भएका महर्षि कपिलले भन्नुभयो– जाऊ यो घोडा लगेर आफ्ना बाजेलाई दिएर वरदान माग। तिम्रो नातिले स्वर्गबाट गङ्गालाई पृथ्वीमा ल्याउनेछ।

अंशुमान्ले भने– ब्रह्मदण्ड पाएर नष्ट भएर स्वर्ग प्राप्त गर्न अयोग्य भएका मेरा पितृहरूले स्वर्ग प्राप्त गर्न सकून्, मलाई यही वरदान दिनुहोस्।

महर्षि कपिलले भन्नुभयो– तिम्रो नातिले गङ्गालाई स्वर्गबाट पृथ्वीमा ल्याउने कुरा त यसभन्दा पहिलै बताइदिएको छु। त्यस गङ्गाजलबाट यिनीहरूका

हड्डीहरूलाई स्पर्श गर्नासाथै तिम्रा यी सबै पितृहरू स्वर्गलोकमा जानेछन् । श्रीविष्णुका गोडाको बुढीऔँलाको नङबाट निस्किएकी गङ्गाको ठूलो महात्म्य रहेको छ। त्यो माहात्म्यअनुसार उनको कामनाले स्नान मात्र गर्दा कल्याण मात्रै हुने नभएर अकालमा मृत्यु भएका पुरुषको अस्थि, छाला, स्नायु वा कपाललगायतको गङ्गाजलमा स्पर्श भयो वा शरीरको कुनै अङ्ग गङ्गाजीमा खस्यो भने पनि त्यो शरीरधारीलाई तुरुन्त स्वर्गमा पुऱ्याइदिन्छिन्। महर्षि कपिलले यसरी बताएपछि उहाँलाई प्रणम गरेर यज्ञका लागि तयार गरिएको घोडा लिएर आफ्ना बाजेको यज्ञस्थलमा आए। राजा सगरले याज्ञिक घोडा उपलब्ध भएपछि यज्ञ समाप्त गरेर आफ्ना पुत्रहरूद्वारा खनिएको सागरलाई आफ्नो सन्तानलाई जसरी नै अत्यन्त स्नेहपूर्वक आफ्नो पुत्र स्वीकार गरे। ती अंशुमान्‌का पुत्रका रूपमा दिलीप उत्पन्न भए भने दिलीपका पुत्ररत्नका रूपमा भगीरथ उत्पन्न भए, जुन भगीरथले गङ्गालाई स्वर्गबाट पृथ्वीमा ल्याएर तिनको नाम भगीरथी राखिदिए। भगीरथका पुत्ररत्नका रूपमा श्रुत, श्रुतका पुत्ररत्नका रूपमा नाभाग र नाभागका पुत्ररत्नका रूपमा अम्बरीष उत्पन्न भए भने अम्बरीषका पुत्ररत्नका रूपमा सिन्धुद्वीप, सिन्धुद्वीपका पुत्ररत्नका रूपमा अयुताश्व र अयुताश्वका पुत्ररत्नका रूपमा ऋतुपर्ण उत्पन्न भएका थिए। जो राजा नलको सहयोग प्राप्त गरेर जुवा खेल्ने कार्यका विशेषज्ञ थिए। ऋतुपर्णका पुत्ररत्नका रूपमा सर्वकाम, सर्वकामका पुत्ररत्नका रूपमा सुदास र सुदासका पुत्ररत्नका रूपमा सौदास मित्रसह उत्पन्न भएका थिए।

एक दिन मृगको सिकार खेल्न गएका अवस्थामा ती मित्रसहले वनमा घुमिरहेका बेला दुइटा बाघहरूमध्ये एउटालाई बाण हानेर मारिदिए भने मृत्यु हुँदाका समयमा त्यस बाघले अत्यन्तै भीषण र विकराल मुख भएको राक्षसको रूप धारण गऱ्यो तथा अर्को बाघ म तिमीसँग यसको बदला लिनेछु भनेर त्यस ठाउँबाट अदृश्य भयो । यसको केही समय बितिसकेपछि राजा सौदासले यज्ञ आरम्भ गरे। त्यो यज्ञका आचार्य वसिष्ठ यज्ञको समाप्तिपछि केही समयका लागि बाहिर निस्किएका थिए । त्यसै समयमा त्यो राक्षसले वसिष्ठको रूपमा आएर भन्यो– यज्ञको समाप्ति भइसकेपछि मलाई मासुसहितको भोजन गराउनु तिम्रो परम कर्तव्य हो। त्यसकारण तिमी भोजनको सामग्री तयार गर्न लगाऊ, म केही

समयपछि आउँछु राजालाई यति भनेर त्यो राक्षस बाहिर निस्कियो। त्यसपछि त्यस राक्षसले भान्सेको रूप धारण गरेर राजाको आदेशअनुसार भन्दै मनुष्यको मासु पकाएर राजालाई सुम्पिदियो। राजाले पनि त्यसलाई सुवर्णको पात्रमा सजाएर त्यो मासु लिएर वसिष्ठ ऋषिको आगमनको प्रतीक्षा गर्न थाले तथा वसिष्ठ ऋषि फर्किएर आएपछि उनलाई भोजन गर्नका लागि त्यो मासु दिए। त्यस समयमा वसिष्ठ ऋषिले विचार गरे, अहो ! यी राजाको कस्तो चलाखीपन रहेको छ ? यिनले जानीजानी मलाई यो मासु भोजनका लागि दिइरहेका छन्। त्यो मासु केको रहेछ भनेर जान्नको लागि उनी ध्यान गर्न थाले। ध्यानावस्थामा उनले त्यो मनुष्यको मासु भएको थाहा पाए। त्यसपछि क्रोधले अत्यन्त व्याकुल चित्त भएका ऋषिले राजालाई श्राप दिए।

वसिष्ठले भने– तिमीले जानीजानी हामीजस्ता तपस्वीहरूका लागि संसर्गमा ल्याउनै नहुने यो मनुष्यको मासु खानलाई दियौ, यसकारण तिम्रो बुद्धि मुनुष्यको मासुको प्राप्तिमा अत्यन्त लालायित हुनेछ अर्थात् तिमी राक्षस हुनेछौ।

राजाले भने–हजुरले नै यस प्रकारको भोजन बनाउन लगाउने आज्ञा दिनुभएको थियो।

राजाका यस किसिमको कुरा सुनेपछि ऋषि वसिष्ठले भने– के मैले नै यस किसिमको भोजन तयार गर्ने आज्ञा दिएको थिएँ ? यसपछि वसिष्ठ फेरि ध्यानस्थ भए। समाधिका माध्यमद्वारा सबै कुराको ज्ञान भएपछि उनले राजामा अनुग्रह गर्दै भने- तिमीले धेरै समयसम्म राक्षस भएर मुनष्यको मासु खानुपर्ने छैन, बाह्र वर्षसम्म मात्र तिमीले मनुष्यको मासुको भोजन गर्नुपर्छ। महर्षि वसिष्ठले यसरी भनिसकेपछि राजा पनि हातमा जल लिएर वसिष्ठलाई श्राप दिनका लागि तयार भए। तर आफ्नी पत्नी मदयन्तीले यिनी हाम्रा कुलका गुरु हुन्, यी कुलदेवतास्वरूप आचार्यलाई श्राप दिनु कल्याणदायक हुँदैन। त्यसकारण हजुरले यसप्रकारको अशोभनीय कार्य नगर्नुहोस् भनेपछि राजा शान्त भए। आफ्नो अञ्जुलीमा लिइएको श्रापयुक्त जल पृथ्वी वा आकाशमा फ्याँक्नाले अन्न र आकाशमा जम्मा भएको बादल पूर्ण रूपमा नष्ट हुनेछ भन्ने विचार गरेर राजाले त्यो जल आफ्ना दुवै गोडामा झारिदिए। त्यो क्रोधसम्पन्न भएको अग्निले तातेको

जल परेपछि उनका दुवै गोडा सेतो र कालो मिसिएको रङ सम्पन्न भए। यसै कारणले गर्दा पछि यी राजाको नाम कल्माषपाद रहन गयो। महर्षि वसिष्ठको श्रापको प्रभावले गर्दा लिनको अन्त्यको समयमा राजा राक्षस भएर वनमा घुम्दै अनेकौँ मनुष्यहरूलाई मारेर तिनीहरूको मासुको भोजन गर्न थाले।

ती राक्षसरूपी राजाले एक दिन रजस्वला भएको सोह्र रातसम्मको बेलामा आफ्नो स्त्रीसँग सम्भोग गरिरहेका ब्राह्मणलाई देखे। त्यस समयमा अत्यन्त भयानक स्वरूप भएको राक्षसलाई देखेर अत्यन्त भयभीत भएर भागिरहेका ती ब्राह्मण-दम्पतीमध्ये ब्राह्मणलाई राक्षसरूपी राजाले समाए। त्यस समयमा ती ब्राह्मणीले ती राक्षसरूपी राजासँग अनेकौँ किसिमले अनुनयविनय गरिन्। तपाईं राक्षस नभएर इक्ष्वाकुकुलका महाराज मित्रसह हुनुहुन्छ। हजुर स्त्रीधर्मका सुखको पूर्ण रूपमा ज्ञाता हुनुहुन्छ, मलाई पूर्ण रूपमा सम्भोग वा समागमको सुख प्राप्ति नभएका अवस्थामा मेरो पतिलाई खाइदिनु तपाईंका लागि उचित हुँदैन। यसप्रकार ती ब्राह्मणीले कामुक भएर धेरै विलापआलाप गरिएको कुरामा ध्यानै नदिई ती राक्षसरूपी राजाले जसरी बाधले पशुलाई खान्छ; त्यसरी नै ती ब्राह्मणलाई पनि खाइदिए। त्यसपछि अतिकामुक अवस्थामा रहेकी ब्राह्मणीले क्रोधित भएर ती राक्षसरूपी राजालाई श्राप दिइन्।

ब्राह्मणीले भनिन्— ममा उत्पन्न भएको कामवासना तृप्त हुनुभन्दा पहिला नै अर्थात् म कामवासनाको रसास्वाद गर्दै बीचमा मात्र पुगेको अवस्थामा तिमीले मेरो पतिलाई खाइदियौ। त्यसकारण अब तिमी पनि स्त्रीसँग सम्भोग गर्ने कार्यमा लाग्नेछौ, यदि लाग्यो भने त्यसै समयमा तिम्रो पनि मृत्यु हुनेछ। यसप्रकारको श्राप दिएर ती ब्राह्मणीले अग्निमा प्रवेश गरिन्। त्यसपछि बाह्र वर्षको अन्त्यमा श्रापमुक्त भइसकेपछि राजा कल्माषपाद एक दिन अत्यन्त कामुक भएर आफ्नी स्त्रीसँग सम्भोगका लागि उत्तेजित भएका अवस्थामा उनकी रानी मदयन्तीले उनलाई ब्राह्मणीका श्रापको स्मरण गराइदिइन्। त्यस समयदेखि राजाले स्त्रीसँग सम्भोग गर्ने कार्य पूर्ण रूपमा परित्याग गरिदिए। ती पुत्रहीन राजाले प्रार्थना गर्दा महर्षि वसिष्ठले मदयन्तीका गर्भाशयमा गर्भस्थापना गराइदिए। तर त्यो गर्भ सात वर्षसम्म गर्भाशयबाट बाहिर आउन सकेन। त्यसपछि रानी मदयन्तीले त्यो

गर्भलाई ढुङ्गाले हिर्काएपछि त्यसबाट एउटा पुत्रले जन्म लियो र त्यो पुत्रको नाम अश्मक भयो। अश्मकको पुत्ररत्नका रूपमा मूलक उत्पन्न भएका थिए। त्यस समयमा परशुराम पृथ्वीमा रहेका सबै क्षत्रियहरूको विनाश गर्ने कार्यमा उत्साहित भएर लागेका थिए। त्यस समयमा नाङ्गै भएका स्त्रीहरूले चारैतिरबाट घेरेर मूलकको सुरक्षा गरेका थिए। त्यसकारण उनको नाम नारीकवच रहेको थियो। मूलकका पुत्ररत्नका रूपमा दशरथ, दशरथका पुत्ररत्नका रूपमा इलिविल, इलिविलका पुत्ररत्नका रूपमा विश्वसहै, विश्वसहका पुत्ररत्नका रूपमा खट्वा दिलीप उत्पन्न भएका थिए। तिनै खट्वा दिलीपले देवता र असुरहरूको युद्धमा देवताहरूले प्रार्थना गरेपछि दैत्यहरूको वध गरेका थिए। त्यस समयमा स्वर्गका देवताहरूले आफ्नो कल्याण गरिदिएको सम्झिएर उनलाई वरदान दिने विचार गरे।

खट्वाङ्गले भने– यदि तपाईंहरू मलाई वरदान दिन चाहनुहुन्छ भने तपाईंहरूले मेरा आयुको निश्चित सीमा वा अवधि बताइदिनुहोस्।

त्यसपछि देवताहरूले भने– तपाईंको आयु केवल एकमुहूर्तमात्र बाँकी रहेको छ।

देवताहरूले यस्तो भनेपछि खट्वाङ्ग दिलीप कसैद्वारा व्यवधान उत्पन्न गराउन नसक्ने किसिमको गति भएको एक देवरथमा बसेर अत्यन्त शीघ्रतापूर्वक मृत्युलोकमा आइपुगेर भन्न थाले– जसरी ब्राह्मणहरूका तुलनामा मेरो आत्मा पनि प्रिय रहेको छैन, जसरी मैले कहिल्यै आफ्नो धर्मको उल्लङ्घन गरिन र जसरी सधैं मेरो दृष्टि देवता, मनुष्य, पशु, रूखलगायतमा सम रह्यो, त्यसैका प्रभावले आज परमात्मातत्त्वको ज्ञान भएको मैले ती महर्षिहरूले सधैँ स्मरण र चिन्तन गरिनुहुने श्रीविष्णुलाई प्राप्त गर्न सकूँ, यसो भन्दाभन्दै राजा खट्वाङ्ग दिलीपले आफ्नो चित्त देवताहरूका गुरु, अकल्पनीय स्वरूप हुनुभएका परब्रह्म परमात्मा श्रीवासुदेवमा स्थिर गराएकाले उहाँमा विलीन भए। प्राचीन कालमा सप्तर्षिहरूले खट्वाङ्गका विषयमा भनेका छन्– समग्र पृथ्वीमा खट्वाङ्गजस्ता राजा अन्य कोही पनि जन्मिएका छैनन्; जसले एक मुहूर्त मात्र आफ्नो आयु रहेको ज्ञान हुँदा पनि स्वर्गबाट पृथ्वीलोकमा आएर आफ्नो बुद्धिद्वारा तीनोटै लोकलाई सत्यस्वरूप परब्रह्म परमात्मा श्रीवासुदेवमय देखे।

खट्वाङ्गका पुत्रका रूपमा दीर्घवाहु, दिर्घवाहुका पुत्ररत्नका रूपमा रघु, रघुका पुत्ररत्नका रूपमा अज, अजका पुत्ररत्नका रूपमा दशरथ उत्पन्न भएका थिए। राजा दशरथका पुत्ररत्नका रूपमा स्वयम् भगवान् पद्मनाभ श्रीविष्णु जगत्को स्थितिका लागि आफ्ना अंशहरूबाट अवतीर्ण हुनुभएको थियो। भगवान् श्रीरामले बाल्यावस्थामा नै विश्वामित्रको यज्ञको रक्षा गर्न जाँदाका अवस्थामा बाटामा ताडका नाम भएकी राक्षस्नीको विनाश गर्नुभएको थियो। त्यसपछिं विश्वामित्रको यज्ञशालामा पुगेर मारीचलाई बाणरूपी वायुद्वारा व्याकुल पारेर समुद्रमा फ्याँकिदिनुभयो र सुबाहुलगायतका राक्षसहरूको पनि विनाश गरिदिनुभयो। उहाँले आफ्नो दर्शनको प्रभावले अहल्यालाई सबै पापहरूबाट यथार्थ रूपमा मुक्त गराइदिनुभयो, राजा जनकको राजसभामा अनायासरूपमा श्रीमहादेवको धनुष भाँच्नुभयो र पुरुषार्थबाटै प्राप्त हुने तथा जसको स्वयम्वरका लागि त्यो सभा आयोजना गरिएको थियो, तिनै राजा जनककी पुत्री श्रीसीतालाई पत्नीका रूपमा ग्रहण गर्नुभयो। विवाहपछि अयोध्या फर्किदाका समयमा बाटामा श्रीरामचन्द्र भगवान्ले सबै क्षत्रियहरूको विनाश गराउने तथा बाँकी नबचेको हैहय कुलका लागि अग्निस्वरूपमा रहेका परशुरामको बल र वीर्यको घमण्ड नष्ट गरिदिनुभएको थियो भने आफ्नो राज्य अयोध्यामा आइसकेपछि आफ्ना पिताको आज्ञाअनुसार राज्यको अभिलाषा परित्याग गर्दै श्रीरामचन्द्रले आफ्ना भाइ लक्ष्मण र पत्नी सीतासहित वनवासका लागि वनमा प्रवेश गर्नुभयो। वनवासमा रहँदाका अवस्थामा विराध, खर, दूषणसहितका राक्षसहरूको तथा कबन्ध र बालीको वध गर्नुभयो भने सागरमा पुल हालेर समग्र राक्षस कुलको विनाश गरेर रावणद्वारा अपहरित हुनुभएकी तथा अग्निमा प्रवेश गरेर शुद्ध हुनुभएकी जनककी पुत्री श्रीसीताजीलाई लिएर अयोध्यामा आउनुभयो।

त्यसपछि गन्धर्व राज्य प्राप्त गर्नका लागि भरतजीले तीन करोड गन्धर्वहरूको पूर्ण रूपमा विनाश गरिदिए भने शत्रुघ्नले पनि अत्यन्त मधुको पुत्र लवण नाम भएको राक्षसलाई मारेर मगुरा नाम भएको नगरी स्थापना गरे। यसरी आफ्नो अतुलनीय शक्तिद्वारा धेरै पापीहरूको हत्या गरेर सम्पूर्ण जगत्को यथायोग्य व्यवस्थापन गरिसकेपछि भगवान् श्रीरामचन्द्र लक्ष्मण, भरत र शत्रुघ्नसहित

स्वर्गलोकमा जानुभयो। त्यस समयमा अयोध्यामा निवास गरेका जुन मनुष्यहरूले भगवान्को अंशका चार रूपहरूमा प्रेम गरेका थिए, तिनीहरूले श्रीरामचन्द्रमा मन लगाएर उनीहरूकै सालोक्य अर्थात् पाँचथरी मुक्तिमध्ये एक, जसमा साधकले आफ्नो इष्टदेवको लोकमा बसोवास गर्न पाउने पद प्राप्त गरे। पापात्माको विनाश गर्ने भगवान् श्रीरामचन्द्रका कुश र लव नाम भएका दुइटा पुत्र भए। यसरी नै लक्ष्मणका अङ्गद र चन्द्रकेतु, भरतका तक्ष र पुष्कल तथा शत्रुघनका सुबाहु र शूरसेन नाम गरेका पुत्र थिए। कुशका अतिथि, अतिथिका निषध, निषधका अनल, अनलका नभ, नभका पुण्डरीक, पुण्डरीकका क्षेमधन्वा, क्षेमधन्वाका देवानीक, देवानीकका अहीनगु, अहीनगुका रुरु, रुरुका परिपात्र, परिपात्रका दल, दलका छल, छलका उक्थ, उक्थका वज्रनाभ, बज्रनाभका शङ्खनाभ, शङ्खनाभका युषिताश्व र युषिताश्वका विश्वसह, विश्वसहका पुत्ररत्नका रूपमा हिण्यनाभ उत्पन्न भए, जसले जैमिनिका शिष्य महायोगीश्वर याज्ञवल्क्यबाट योगविद्या प्राप्त गरेका थिए। हिरण्यनाभका पुत्ररत्नका रूपमा पुष्य, पुष्यका ध्रुवसन्धि, ध्रुवसन्धिका अग्निवर्ण, अग्निवर्णका, शीघ्र, शीघ्रका मरु उत्पन्न भएका थिए, जो अहिले पनि योगधारण गरेर कलापग्राममा बसिरहेका छन् र अब आउने युगमा यिनै सूर्यवंशमा उत्पन्न हुने क्षत्रियहरूका प्रबर्द्धक हुनेछन्। मरुका पुत्ररत्नका रूपमा प्रसुश्रुत, प्रसुश्रुतका सुगन्धि, सुगन्धिका अमषर्स, अमर्षका महस्वान्, महस्वान्का विश्रुत्वान् र विश्रुत्वान्का पुत्रका रूपमा बृहद्बल उत्पन्न भएका थिए, जो महाभारतको युद्धमा अर्जुनका पुत्र अभिमन्युद्वारा मारिएका थिए। यसरी मैले इक्ष्वाकुवंशीय मुख्य मुख्य राजाहरूका विषयमा बताइदिएँ। यिनीहरूको चरित्रका विषयमा सुन्ने मुनष्य सबै पापहरूबाट पूर्ण रूपमा मुक्त हुन्छ।

पराशरले भन्नुभयो– इक्ष्वाकुका जुन निमि नाम भएका पुत्र थिए, उनले एक हजार वर्षमा समाप्त हुने यज्ञको आरम्भ गरे। त्यस यज्ञमा उनले महर्षि वसिष्ठलाई यज्ञमा होम गर्ने ब्राह्मण वरण गरेका थिए। वरण गर्दाका समयमा महर्षि वसिष्ठले भने– इन्द्रले पाँच सय वर्षसम्मको यज्ञका लागि मलाई यसभन्दा पहिले नै वरण गरिसकेका छन्। त्यसकारणले त्यस समयसम्म तपाईं मेरो प्रतीक्षा गर्नुहोस्, इन्द्रको यज्ञ सकिएपछि त्यहाँबाट आएर म तपाईंको यज्ञमा ऋत्विक

अर्थात् वैदिक यज्ञ गराउने बनुला। महर्षि वसिष्ठले यसो भन्दा राजा निमिले कुनै जवाफ दिएनन्। वसिष्ठ ऋषिले पनि राजाले आफ्नो कुरा स्वीकार गरेको सम्झिएर इन्द्रको यज्ञ आरम्भ गराइदिए। तर राजा निमिले पनि त्यसै समयमा गौतमसहित अन्य ऋषिहरूद्वारा आफ्नो यज्ञ गराउन थाले। इन्द्रको यज्ञ समाप्त भएपछि राजा निमिको यज्ञ गराउनु पर्नेछ भनेर अत्यन्त शीघ्रतापूर्वक वसिष्ठ ऋषि त्यहाँ आए। तर त्यस यज्ञमा आफूले पाएको होताको दायित्व गौतम ऋषिले वहन गरी यज्ञको सबै कार्य सम्पादन गरिरहेको देखेर वशिष्ठ ऋषिले सुतिरहेको राजा निमिलाई श्राप दिए।

वसिष्ठले भने– यी राजाले मेरो अपमान गर्दै सम्पूर्ण कर्मको दायित्व गौतमलाई सुम्पिदिए, यसैले यिनको शरीर नष्ट होस्।

ती राजा निमिले निद्राबाट बिउँझिएपछि भने– यी दुष्ट गुरुले मसँग कुराकानी नगरी अर्थात् वास्तविकता नबुझिकनै म सुतिरहेको मानिसलाई श्राप दिए, यसैले उनको शरीर पनि पूर्ण रूपमा नष्ट होस् वा उनको शरीर पनि नरहोस्। यसप्रकारको श्राप दिएर राजाले शरीर त्याग गरे। राजा निमिको श्रापका कारणले गर्दा महर्षि वसिष्ठको शरीर नाश भएपछि कर्मभोग गर्ने सूक्ष्म शरीर मित्र र वरुण नामक देवताको वीर्यमा समायोजित भयो। एकदिन उर्वशीलाई देखेकाले मित्रावरुणको वीर्यपतन भयो, त्यसबाट महर्षि वसिष्ठले अर्को शरीर प्राप्त गरे। राजा निमिको शरीर पनि अत्यन्त मनमोहक तेल आदिद्वारा लेपन गरेर राखिएको थियो, जसले गर्दा त्यो दुर्गन्धजस्ता विकारहरू उत्पन्न नभएर तत्कालै मृत्यु भएको शरीरजस्तै आलै रहेको थियो। यज्ञ पूर्ण रूपमा समाप्त भइसकेपछि जब देवताहरू आफ्नो भाग स्वीकार गर्नका लागि आए त्यस समयमा ब्राह्मणले उनीहरूसँग वरदान माग्नका लागि अभिप्रेरित गरिदिए।

राजा निमिले देवताहरूसँग भने– तपाईंहरूमा सबै प्राणीमात्रको दुःख हरण गर्ने सामर्थ्य रहेको छ। मेरो मान्यताअनुसार संसारमा शरीर र आत्माको वियोग हुँदाका अवस्थामा जुन किसिमको दुःख हुन्छ, त्यस प्रकारको दुःख अन्य कुनै हुँदैन। यसैले म अब फेरि शरीर ग्रहण गर्न चाहन्न, म सबै मनुष्यहरूका आँखाहरूमा मात्र निवास गर्न चाहन्छु। राजाले यसो भनेपछि देवताहरूले उनलाई

सबै प्राणीमात्रका आँखामा स्थापित गरिदिए। त्यसै समयदेखि प्राणीमात्रले क्षणक्षणमा आँखा झिम्क्याउन थाले। राजा निमिका कुनै सन्तान नभएकाले अराजकता फैलने भयबाट भयभीत भएका ऋषिहरूले राजाको शरीरलाई अरणि (अर्थात् यज्ञको आगो पार्न बनाइने पीपलको बाटोमा उम्रेको शमिको काठको सामान, अधरारणि अर्थात् तल रहने काठमा डोरी बेरेर घारघुर पारी घुमाउँदा र गडिएर आगो निस्कन्छ, यसो गर्दा वैदिक मन्त्र पढिन्छ) मन्थन गरे। त्यसबाट एउटा कुमार उत्पन्न भए। यसरी जनकको शरीरबाट उत्पन्न भएकाले यी कुमारको नाम पनि जनक रह्यो। यिनका पिताले शरीर त्याग गरेकाले विदेह अर्थात् शरीरविहीन थिए। त्यसकारण यो बालकको नाम वैदेह रहन गयो। यसरी राजा निमिको शरीर मन्थन गरेर उत्पन्न भएकाले यिनको एउटा नाम मिथि राखियो। उनका पुत्ररत्नका रूपमा उदावसु, उदावसुका पुत्ररत्नका रूपमा नन्दिवर्धन, नन्दिवर्धनका पुत्ररत्नका रूपमा सुकेतु, उनका पुत्ररत्नका रूपमा देवरात, देवरातका पुत्ररत्नका रूपमा बृहदुक्थ, उनका पुत्ररत्नका रूपमा महावीर्य, उनका पुत्ररत्नका रूपमा सत्यधृति, सत्यधृतिका पुत्ररत्नका रूपमा घृष्टकेतु, धृष्टकेतुका पुत्ररत्नका रूपमा हर्यश्व, हर्यश्वका पुत्ररत्नका रूपमा मरु, मरुका पुत्ररत्नका रूपमा प्रतिबन्धक र प्रतिबन्धकका पुत्ररत्नका रूपमा कृतरथ, कृतरथका पुत्ररत्नका रूपमा महारोमा उत्पन्न भए।

यसैगरी महारोमाका पुत्रनका रूपमा सुवर्णरोमा, सुवर्णरोमाका पुत्रका रूपमा ह्रस्वरोमा, ह्रस्वरोमाका पुत्ररत्नका रूपमा सीरध्वज उत्पन्न भएका थिए। उनी पुत्र प्राप्तिको कामनाबाट अभिप्रेरित भएर यज्ञभूमि जोतिरहेका थिए। त्यसै समयमा हलामा लगाइएको फालीको अगाडिको भागबाट उनलाई सीता नाम भएकी एक कन्या प्राप्त भइन्। सीरध्वजका भाइ कुशध्वज साङ्काश्य प्रदेशका अधिपति थिए। सीरध्वजका पुत्ररत्नका रूपमा भानुमान्, भानुमान्का पुत्ररत्नका रूपमा शुचि, शुचिका पुत्ररत्नका रूपमा ऊर्ज्जवह, उर्ज्जवहका पुत्ररत्नका रूपमा कुनि अर्थात् क्रूणि, कुनिका पुत्ररत्नका रूपमा अञ्जन, अञ्जनका पुत्ररत्नका रूपमा ऋतुजित्, ऋतुजित्का पुत्ररत्नका रूपमा अरिष्टनेमि, अरिष्टनेमिका पुत्ररत्नका रूपमा श्रुतायु, श्रुतायुका पुत्ररत्नका रूपमा सूर्याश्व, सूर्याश्वका पुत्ररत्नका

रूपमा सञ्जय, सञ्जयका पुत्ररत्नका रूपमा क्षेमारि, क्षेमारिका पुत्ररत्नका रूपमा अनेना, अनेनाका पुत्ररत्नका रूपमा मीनरथ अर्थात् मानरथ, मीनरथका पुत्ररत्नका रूपमा सत्यरथ, सत्यरथका पुत्ररत्नका रूपमा सात्यरथि, सात्यरथिका पुत्ररत्नका रूपमा उपगु, उपगुका पुत्ररत्नका रूपमा श्रुत, श्रुतका पुत्ररत्नका रूपमा शाश्वत, शाश्वतका पुत्ररत्नका रूपमा सुधन्वा अर्थात् सुवर्चा, सुवर्चाका पुत्ररत्नका रूपमा सुभास, सुभासका पुत्ररत्नका रूपमा सुश्रुत, सुश्रुतका पुत्ररत्नका रूपमा जय, जयका पुत्ररत्नका रूपमा विजय, विजयका पुत्ररत्नका रूपमा ऋत, ऋतका पुत्ररत्नका रूपमा सुनय, सुनयका पुत्ररत्नका रूपमा वीतहव्य, वीतहव्यका पुत्ररत्नका रूपमा सञ्जय, सञ्जयका पुत्ररत्नका रूपमा क्षेमाश्व, क्षेमाश्वका पुत्ररत्नका रूपमा धृति, धृतिका पुत्ररत्नका रूपमा बहुलाश्व, बहुलाश्वका पुत्ररत्नका रूपमा कृति उत्पन्न भएका थिए। यिनै कृतिसम्म मात्र जनकवंशीय राजाहरू रहेका थिए। यति मात्र मिथिला नगरीका राजाहरू हुन्। यिनीहरूमध्ये प्रायः सबै राजाहरू आत्मविद्याका ज्ञाता थिए।

मैत्रेयले भने– हजुरले मलाई सूर्यवंशीय राजाहरूको कथाका विस्तारमा बताइदिनुभयो। अब म चन्द्रवंशीय राजाहरूको कथा यथार्थ रूपमा सुन्न चाहन्छु। चन्द्रवंशीय राजाहरूको स्थिर कीर्तिको आज पनि संसारमा अत्यन्तै प्रियताका साथ प्रशंसा भइरहेको पाइन्छ। यसकारण हजुर मबाट प्रसन्न भएर ती चन्द्रवंशीय राजाहरूको कथाका विषयमा अत्यन्त विस्तारपूर्वक मलाई बताइदिनुस्।

पराशरले भन्नुभयो–जुन चन्द्रवंशमा अत्यन्त पराक्रमी राजाहरू उत्पन्न भएका थिए, त्यो चन्द्रवंशको कथाका विषयमा यथार्थमा सुन। यो चन्द्रवंश ज्यादै पराक्रमशाली, कान्तिसम्पन्न, सत्यस्वभाव भएका, दानादि क्रियासम्पन्न भएका, अत्यन्त गुणवान्, नहुष, ययाति, कार्तवीर्यार्जुनसहितका राजाबाट अलङ्कृत भइसकेको छ। जगत्का उत्पत्तिकर्ता परब्रह्म परमात्मा श्रीविष्णुको नाभिकमलबाट उत्पन्न भएका ब्रह्मका पुत्र अत्रि प्रजापति थिए। अत्रि ऋषिका पुत्ररत्नका रूपमा चन्द्रमा उत्पन्न भए। ब्रह्माले चन्द्रमालाई समस्त नक्षत्र, औषधि र ब्राह्मणहरूको राजाका रूपमा अभिषेक गरिदिनुभएको। महर्षि अत्रिका पुत्रले राजसूय यज्ञको अनुष्ठान गरे। यज्ञको समाप्त भएपछि यज्ञको प्रभाव र सर्वोत्कृष्ट

आधिपत्यका अधिपति भएकाले चन्द्रमाका मनमा अहङ्कार उत्पन्न भयो अर्थात् राजप्रमादले उनको मनलाई आफ्नो नियन्त्रणमा पाऱ्यो। यसरी अहङ्कारबाट परिपूर्ण भएका चन्द्रमाले देवताहरूका गुरु बृहस्पतिकी तारा नाम भएकी पत्नीलाई अपहरण गरेर आफ्नी पत्नी बनाएपछि बृहस्पतिले ब्रह्मासँग प्रार्थना गरेकाले ब्रह्माले धेरै सम्झाउँदा तथा सबै देवताहरूले विनम्र अनुरोध गर्दा पनि चन्द्रमाले तारालाई छाडेनन्। बृहस्पतिसँग वैरभाव भएका कारणले गर्दा शुक्राचार्यले पनि चन्द्रमालाई सहयोग गरेका थिए। महर्षि अ िराबाट विद्या प्राप्त गरेका कारणले गर्दा भगवान् रुद्रले बृहस्पतिलाई सहयोग गर्नुभयो। किनकि देवताहरूका गुरु बृहस्पति महर्षि अङ्गिराका पुत्र हुन्। दैत्यदानवका गुरु शुक्राचार्य चन्द्रमाका पक्षमा रहेका थिए। त्यसकारण जम्भ, कुजम्भसहितका दैत्य र दानवहरूले पनि चन्द्रमालाई विजय गराउनका लागि आआफ्नो सामर्थ्यले भ्याएसम्मको सहयोग गरे भने देवताका सेनासहित देवराज इन्द्रले देव गुरु बृहस्पतिलाई विजयी गराउनका लागि उनलाई सहयोग गर्न थाले। यसरी ताराका लागि चन्द्रमा र बृहस्पतिका बीचमा अत्यन्तै भयानक तारकामय युद्धक आरम्भ भयो। यो युद्ध ताराको प्राप्तिका लागि गरिएको हुनाले यसको नाम तारकायुद्ध भएको हो। त्यसपछि रुद्रसहितका देवताहरूले दानव माथि र दानवहरूले देवताहरूमाथि विजय प्राप्त गर्ने लक्ष्य लिएर विभिन्न किसिमका अस्त्र शस्त्र प्रहार गर्न थाले। यसरी देवता र दानवहरूका बीचमा भइरहेको अतिभयानक युद्धबाट डराएको समग्र जगत् ब्रह्माको शरणमा पऱ्यो। त्यसपछि ब्रह्माले देवता र दानवहरूको युद्ध रोकेर बृहस्पतिलाई उनकी पत्नी तारा उपलब्ध गराइदिनुभयो।

त्यस समयमा तारा गर्भवती भएकी देखेपछि बृहस्पतिले तारासँग भने– मेरी पत्नीको गर्भमा अन्य व्यक्तिको पुत्र वा गर्भधारण गर्न तिम्रो लागि उचित छैन। त्यसकारण तिमीले यो गर्भलाई परित्याग गरिदेऊ। बृहस्पतिले यसरी आज्ञा दिइसकेपछि ती पतिव्रता ताराले पतिको आज्ञाअनुसार त्यो गर्भ नरम घाँस उम्रिएको एकान्त स्थानमा परित्याग गरिदिइन्। त्यो फ्याँकिएको नासोबाट उत्पन्न भएको बालकले आफ्नो तेजद्वारा सम्पूर्ण देवताहरूको तेजलाई पनि तेजविहीन बनाइदियो। त्यस समयमा त्यो बालकको सुन्दरता र तेजका प्रभावबाट

प्रभावित भएर बृहस्पति र चन्द्रमा दुवै त्यसलाई स्वीकार गर्न अत्यन्त उत्सुक भएको देखेपछि देवताहरूले शङ्कास्पद भावले तारासँग भने– तपाईंले हामीलाई यो पुत्र बृहस्पतिको हो वा चन्द्रमाको हो ? सत्य कुरा बताइदिनुहोस्। देवताहरूद्वारा यसरी सोधिएपछि अत्यन्त लज्जित भएकी ताराले केही जवाफ दिइनन्। यसरी देवताहरूले पटकपटक सोधे तापनि ताराले त्यसको कुनै जवाफ दिइनन्।

त्यसपछि भरखरै जन्मेको त्यो कुमारले तारालाई श्राप दिन तयार भएर भन्यो– हे अतिदुष्ट माता ! तपाईंले मेरा पिताजीको नाम किन नबताइदिनुभएको हो ? देखावटी लाजको आवरणले ढाकिएर रहनुभएकी तपाईंको म यस्तो अवस्था बनाइदिन्छु, जसको प्रभावले गर्दा तपाईंजस्ती धीमाचालले बोल्ने अन्य कोही पनि हुनेछैन।

ब्रह्माले सोधेपछि ताराले अत्यन्तै लज्जित हुँदै भनिन्– चन्द्रमाको हो।

यसपछि छात्ती फुलाएर अतिकान्तिसम्पन्न चन्द्रमाले त्यो बालकलाई अङ्कमाल गर्दै भने– धन्यवाद! धन्यवाद!! तिमी आत्मज्ञानी छौ भनेर उसको नाम बुध राखिदिए। त्यस समयमा उनका गालाको चमक ज्यादै चम्किलो देखिन्थ्यो। ती बुधले इलाका गर्भबाट जसरी पुरूरवालाई उत्पन्न गराएका थिए, त्यस विषयमा मैले तिमीलाई यसभन्दा पहिले नै बताइसकेको छु। ती पुरूरवा अत्यन्तै दानशील, धेरै यज्ञ गर्ने स्वभाव भएका र अत्यधिक तेजस्वी थिए। त्यसपछि मित्रावरुणको श्रापअनुसार मैले कुनै समयमा मनुष्यलोकमा निवास गर्नैपर्दछ भन्ने विचार गरेर उर्वशीको दृष्टि ती अत्यन्तै सत्यवादी, स्वरूपका धनी र आत्मज्ञानी राजा पुरूरवामा पर्‍यो। ती राजा पुरूरवालाई देखिसकेपछि अत्यन्त मोहित भएकी उर्वशी स्वर्गमा प्राप्त भएको मर्यादा र सुख परित्याग गरेर उनका नजिक आइपुगिन्। ती राजा पुरुरवाको हृदय पनि ती उर्वशीलाई संसारमा भएका सम्पूर्ण स्त्रीहरूमा अत्यन्तै विशिष्ट तथा कान्ति, कुमारित्व, आनन्दित तुल्याउने र मन्दमुस्कानलगायतका गुणसम्पन्न भएकी देखेर उनको सौन्दर्यको नियन्त्रणमा परे अर्थात् ती राजा उर्वशीप्रति पूर्ण रूपमा आसक्त भए। त्यसै समयमा राजा र उर्वशी दुवै एकअर्काप्रति आकर्षित र एकले अर्कालाई प्राप्त गर्न अतिलालायित भएर काम्य वस्तुहरूलाई तुच्छ सम्भिmन थाले।

यसरी लामो समयको मौनतायुक्त हेराइलाई चिर्दै राजाले लाजको परित्याग गरेर भने—म तिमीप्रति अत्यन्तै आसक्त भएको छु, तिमीले मबाट प्रसन्न भएर मेरो प्रेमलाई सहर्ष स्वीकार गरिदेऊ।

राजाका यस किसिमको कुरा सुनेपछि उर्वशीले पनि अत्यन्त लज्जित भएर मन्द स्वरमा भनिन्— यदि तपाईंले मेरो प्रतिज्ञा स्वीकार गर्नुभयो भने निश्चित रूपमा तपाईंको मनोकामना पूर्ण हुनेछ।

उर्वशीको कुरा सुनेपछि राजाले भने— तिम्रो प्रतिज्ञा के हो ?

उर्वशीले भनिन्— मेरा पुत्रका रूपमा रहेका यी भेडाहरूलाई तपाईंले कहिल्यै पनि मेरो बिछ्यौनाभन्दा टाढा गराउन पाउनु हुन्न अर्थात् यिनीहरू सधैं मेरो बिछ्यौनाका नजिकमै रहनेछन्। मैले तपाईंलाई कहिल्यै पनि पूर्ण रूपमा नाङ्गो देख्न नपाऊँ र घिउ मात्र मेरो भोजनको सामाग्री हुनेछ। यी तीनोटा मेरा प्रतिज्ञा हुन भनेपछि राजाले त्यसमा स्वीकृति जनाए। त्यसपछि राजाले उर्वशीसँग कहिले कुबेरका नगरीको चैत्ररथ बगैँचामा र कहिले अत्यन्त मनमोहक एवं स्वच्छ कमलले सुशोभित भएको मानसरोवरमा क्रीडा गर्दै प्रत्येक दिन अनेकौं किसिमका आनन्दको अनुभूति गर्दै साठी हजार वर्ष बिताए। उर्वशीले पनि प्रत्येक दिन राजासँग उपभोग सुखपूर्वक प्रेममा वृद्धि गराउँदै देवलोकमा निवास गर्ने चाहना पूर्ण रूपमा परित्याग गरिदिइन्। त्यस समयमा अप्सरा, सिद्ध र गन्धर्वहरूलाई उर्वशी नभएको स्वर्गलोक रमणीय लाग्न छाडिसकेको थियो अर्थात् उनीहरूले त्यहाँ आफू पानी विनाको माछो जस्तो भएको अनुभव गर्न थालेका थिए। यसकारण उर्वशी र पुरुरवाका बीचमा भएको प्रतिज्ञाका विश्वावसुले एकदिन रात्रिका समयमा गन्धर्वहरूसँग गएर सुतिरहेको राजा पुरुरवा र उर्वशीका नजिकैमा रहेका दुई भेडाहरूमध्ये एउटा भेडाको अपहरण गरेर आकाशमार्गबाट लिएर गइरहेका अवस्थामा उर्वशीले त्यसको आवाज सुनिन्।

त्यसपछि उनले भनिन्— म अनाथ छु, कुन व्यक्तिले मेरा पुत्रको अपहरण गरिरहेको छ। म कसका शरणमा जाउँ। यो सबै कुरा सुनिरहे तापनि देवीले मलाई नग्न अवस्थामा देख्नेछिन् भन्ने विचार गरेर राजा भेडाको उद्धार गर्नका लागि गएनन्। त्यसपछि गन्धर्वहरूले अर्को भेडा पनि अपहरण गरेर लिएर गए। त्यस

समयमा अपहरण गरेर लगिएको भेडाको आवाज सुनेर फेरि उर्वशीले भनिन्— म अभागिनी पतिविहीन र कुपुरुषका आश्रयमा रहेकी छु, यस्तो अवस्थामा मेरो सन्तानको रक्षा कसले गरिदिन्छ ? यसप्रकारको कुरा सुनिसकेपछि अहिले पूर्ण रूपमा अन्धकार फैलिएको छ, यस्तो अवस्थामा रानीले मलाई नग्न भएको देख्न सक्दिनन् भन्ने विचार गरेर राजा हातमा तरवार लिएर अत्यन्त क्रोधित हुँदै त्यो दुष्ट निश्चित् रूपमा मारिनेछ भन्दै दौडिए। यसै समयमा गन्धर्वहरूले आकाशमा बिजुली चम्काइदिए। त्यो बिजुलीको प्रकाशमा उर्वशीले राजालाई नग्नावस्थामा देखेर प्रतिज्ञा भङ्ग भएकोले उनी त्यहाँबाट तुरुन्तै हिंडिन्। त्यस समयमा गन्धर्वहरू दुइटै भेडा छाडेरेर स्वर्गमा गए। जब राजाले ती भेडाहरूलाई लिएर अत्यन्त आनन्दित हुँदै आफ्नो बिछ्यौना भएको ठाउँमा आउँदा त्यहाँ उर्वाशीलाई देखेनन्। उर्वशीलाई नदेखेपछि राजा त्यही वस्त्रहीन अवस्थामा नै मानसिक सन्तुलन गुमाएको व्यक्तिजस्तै भएर घुम्न थाले। त्यसरी विचलित भएर घुमिरहँदाका अवस्थामा राजाले एकदिन कुरुक्षेत्रको कमलसम्पन्न सरोवरमा अन्य चार अप्सरासहित उर्वशीलाई देखे।

उनलाई देखेपछि अत्यन्त उन्मत्त भएर उर्वशीसँग भने— यो मेरो हृदयमा निवास गर, मेरो कुरा सुन।

उर्वशीले भनिन्— अविवेकद्वारा गरिने यसप्रकारका चेष्यहरूबाट केही पनि प्राप्त हुन सक्दैन। यस समयमा म गर्भवती भएकी छु, एक वर्षपछि तपाईं यस स्थानमा आउनुहोस्, त्यस समयमा मेरो एक पुत्र हुनेछ र म एक रातका लागि मात्र तपाईंसँग निवास गर्नेछु। उर्वशीले यसो भनेपछि राजा पुरुरवा अत्यन्त प्रसन्न हृदय लिएर आफ्नो राज्यमा गए।

त्यसपछि उर्वशीले अन्य अप्सराहरूसँग भनिन्— यिनै ती सर्वोत्कृष्ट पुरुष पुरुरवा हुन्, जसको प्रेममा पूर्ण रूपमा आकर्षित भएर म यिनीसँग यतिका दिनसम्म अत्यन्त आनन्दपूर्वक बसेकी थिएँ।

अन्य अप्सराहरूले भने— यिनी अत्यन्त कुलीन पुरुष रहेछन् यथार्थमा यिनको रूप अत्यन्तै मनमोहक रहेछ, हामीहरूमा पनि यिनीसँग सधैं रमण गरिरहने अभिलाषा उत्पन्न भइरहेको छ अर्थात् यिनीसँग त सधैं हाम्रो पनि सहवास हुन

पाओस्। त्यसपछि एक वर्ष पूर्ण भएपछि राजा पुरुरवा त्यस ठाउँमा आए। त्यस समयमा उर्वशीले उनलाई आयु नाम भएको एउटा बालक दिइन् र उनीसँग एकरात सहवास पनि गरिन्। त्यस सहवासबाट अन्य पाँचोटा पुत्र उत्पन्न गराउनका लागि उनले गर्भधारण पनि गरिन्।

उर्वशीले राजासँग भनिन्– हामीहरूका बीचमा भएको प्रेमपूर्ण सम्बन्धलाई दृष्टिगत गर्दै सम्पूर्ण गन्धर्वहरू तपाईंलाई वरदान दिनका लागि तयार भएका छन्। त्यसकारण तपाईंले आफ्नो चाहना अनुसारको वर माग्नुहोस्।

राजाले भने– मैले आफ्ना सबै शत्रुहरूमाथि विजय प्राप्त गरिसकें। इन्द्रियहरू सामर्थ्यशाली वा शक्तिसम्पन्न रहेका छन्। वृद्धि भइरहेको असङ्ख्य शैन्यशक्ति र राज्यकोष पनि परिपूर्ण रहेको छ। यस समयमा उर्वशीसँगको सहवासबाहेक मलाई प्राप्त नभएको कुनै पनि वस्तु छैन। त्यसकारण उर्वशीसँगको सहवासमा आफ्नो जीवन बिताउन चाहन्छु।

राजाका यसप्रकारका कुरा सुनेपछि गन्धर्वहरूले उनलाई एउटा अग्निसम्पन्न पात्र दिए। यसरी अग्निस्थाली दिएपछि गन्धर्वहरूले राजासँग भने तपाईंले देवताहरूका अनुकूल भएर अर्थात् यस अग्निलाई वैदिक विधिअनुसार गार्हपत्य, आहवनीय र दक्षिणाग्निरूप तीन भागमा विभाजन गरेर यसमा उर्वशीसँग सहवास गर्ने लक्ष्यबाट अभिप्रेरित भएर प्रत्येक दिन यज्ञ गर्नू; यसरी यज्ञ गरेपछि तपाईंलाई निश्चित रूपमा आफ्नो मनोकामनाअनुसार वस्तु प्राप्त हुनेछ। गन्धर्वहरूद्वारा यसरी बताइसकेपछि राजा त्यो अग्निस्थाली लिएर आफ्नो नगरतिर लागे। यसरी नगरतिर जाँदाका समयमा बाटामा जङ्गलको बीचमा पुगेपछि उनले विचार गरे–अहो ! म कस्तो मूर्ख व्यक्ति रहेछु ? मैले यो कस्तो गलत कार्य गरें, जुन यो अग्निस्थाली लिएर आएँ; तर उर्वशीलाई चाहिँ छोडिदिएँ। यस्तो चिन्तन गरेर राजाले अग्निस्थाली जङ्गलमै छाडेर आफ्नो नगरीमा गए। आफ्नो भवनमा आएर मध्यरातमा निन्द्राले छाडेपछि राजाले चिन्तन गरे– उर्वशीको सामीप्यताको प्राप्तिका लागि नै गन्धर्वहरूले मलाई त्यो अग्निस्थाली दिएका थिए। मैले त्यसलाई जङ्गलमै छाडिदिएँ। यसकारण मैले यसै समयमा त्यो अग्निस्थली ल्याउन जङ्गलमा जानुपर्दछ। यस्तो चिन्तन गर्दै राजा पुरुरवा त्यो जङ्गलमा पुग्दा त्यो

अग्निस्थाली भेटेनन् ।

जुन स्थानमा पहिले अग्निस्थाली राखिएको थियो, त्यस स्थानमा शमीका गर्भ एउटा पिपललाई देखेर विचार गर्न थाले, यसै स्थानमा मैले अग्निस्थाली छाडेको थिएँ, त्यही अग्निस्थाली शमीको गर्भमा पीपलका रूपमा परिणत भएको रहेछ। त्यसकारण म यसै पीपललाई अग्निका रूपमा स्वीकार गरेर आफ्नो नगरीमा जानेछु र यसैको अरणीबाट उत्पन्न भएको अग्निको उपासना गर्नेछु। यसप्रकारको विचार गरेर राजाले आफ्नो नगरीमा पुगेर आफूले ल्याएको त्यो पीपलको अरणि बनाए, जसबाट यज्ञमा प्रयोग गर्ने आगो निकालिन्छ। राजाले त्यो पीपलको काठलाई हातको बूढी औँला बराबरको बनाउँदै गायत्री मन्त्रको जाप गरे। गायत्री मन्त्रको सङ्ख्याअनुसार एक एक अङ्गुल अर्थात् हातको बूढी औँला बराबरका अरणिहरू उत्पन्न भए। तिनीहरूको मन्थनबाट तीनै किसिमका अग्निहरू उत्पन्न गराई राजाले वैदिक मन्त्रअनुसार विधिपूर्वक हवन गर्दै यस लोकमा उर्वशीसँगको सहवासरूपी फलप्राप्तिको कामना गरे। राजाले त्यसै अग्निबाट विभिन्न किसिमका यज्ञ गरेर त्यसको फलस्वरूप गन्धर्वलोक प्राप्त गरे। त्यसपछि उर्वशी र राजा पुरुरवाको सधैँ सम्बन्ध रहिरह्यो। प्राचीन कालमा एक प्रकारका अग्नि मात्र थिए, तर यो मन्वन्तरमा इलाका पुत्र राजा पुरुरवाले गार्हपत्य, आवहनीय र दक्षिण नाम भएका तीन किसिमका अग्निहरू प्रयोगमा ल्याए।

पराशरले भन्नुभयो– राजा पुरुरवाका पुत्ररत्नका रूपमा परम बुद्धिमान् आयु, अमावसु, विश्वावसु, श्रुतायु, शतायु र अयुतायु पुत्र उत्पन्न भए। अमावसुका पुत्ररत्नका भीम, भीमका पुत्ररत्नका रूपमा काञ्चन, काञ्चनका पुत्ररत्नका रूपमा सुहोत्र, सुहोत्रका पुत्ररत्नका रूपमा जह्नु उत्पन्न भैका थिए। जह्नुले आफ्नो यज्ञस्थल गङ्गाको पानीले भिजेको देखेर अत्यन्त क्रोधित हुँदै आँखा राताराता पार्दै समाधिद्वारा यज्ञपुरुषलाई आफ्नो आत्मामा स्थापित गरेर समग्र ग ा पिएका थिए। त्यस समयमा देवर्षिहरूले उनलाई प्रसन्न गराएपछि उनले गङ्गाजीलाई आफ्नी पुत्रीका रूपमा स्वीकार गरे। जह्नुका पुत्ररत्नका रूपमा सुजह्नु, सुजह्नुका पुत्ररत्नका रूपमा अजक, अजकका पुत्ररत्नका रूपमा बलाकाश्व, बलाकाश्वका पुत्ररत्नका रूपमा कुश, कुशका पुत्ररत्का रूपमा कुशाश्व, कुशनाभ, अमूर्ताश्व र अमावसु यी

चार उत्पन्न भएका थिए। तिनीहरूमध्ये कुशाश्वले मलाई इन्द्रका समान बल र पराक्रमशाली पुत्र प्राप्त होस् भन्ने सङ्कल्प गरेर तपस्या गर्न थाले। उनले गरेको तपस्यालाई मध्यनजर गर्दै इन्द्रले बल र पराक्रममा म समान अर्को कोही उत्पन्न नहोस् भावना राखेर आफैँले उनको पुत्रका रूपमा जन्म ग्रहण गरे। तिनै इन्द्र कौशिक गाधिका नामबाट विख्यात भए। गाधिकी सत्यवती नाम भएकी कन्या जन्मिइन्।

तिनलाई भृगु ऋषिका पुत्र ऋचीक ऋषिले आफ्ना लागि मागेपछि गाधिले अत्यन्त क्रोधी र वृद्ध भएका ब्राह्मणलाई आफ्नी कन्या दिने चाहना नभएकोले ऋचीकसँग कन्याको मूल्य स्वरूप चन्द्रमाका समान कान्ति भएका र पवनको जस्तै गति भएका एक हजार सेतो शरीर, तामो रङ्को थुतुनो, रातो टाप, काला कान र आँखा हुने अश्वमेघमा छोडिने घोडाहरू मागे। महर्षि ऋचीकले पनि वरुणदेवका समीपबाट अश्वतीर्थमा उत्पन्न भएका माग गरिएअनुसारकै एक हजार घोडाहरू ल्याएर राजालाई दिएर उनले सत्यवतीसँग विवाह गरे। त्यसपछि कुनै एक समयमा ऋचिकले सन्तान प्राप्तिको कामनाबाट अभिप्रेरित भएर सत्यवतीका लागि यज्ञीय खीर तयार गरे। त्यस समयमा सत्यवतीले उनलाई प्रसन्न गराएर आफ्नी माताका लागि पनि क्षत्रिय श्रेष्ठ पुत्रको प्राप्तिका लागि यज्ञिक खीर बनाइदिन प्रार्थना गरिन्। महर्षि ऋचीकले पनि अर्को एउटा यज्ञीय खीर बनाइदिए। यज्ञीय खीर बनाइसकेपछि यो चरु तिम्रा लागि हो र यो चरु तिम्री माताका लागि बनाइएको हो। यिनीहरूको तिमीले यथोचित उपयोग गर्नू, यसरी दुवै चरु अर्थात् यज्ञीय खीर उपयोग गर्ने समयमा सत्यवतीकी माताले उनीसँग भनिन्– सबैले आफ्ना लागि मात्र अत्यन्तै गुणशील पुत्रको कामना गर्ने गर्दछन्। तर कसैले पनि आफ्नी पत्नीका भाइहरूमा त्यस किसिमको आदरभाव राख्दैनन् अर्थात् मेरो मान्यताअनुसार मेरा लागि बनाइएको चरुका तुलनामा तिम्रा लागि बनाइएको चरु उत्तम रहेको हुनुपर्दछ। त्यसकारण तिमीले तिम्रा लागि बनाइएको चरु अर्थात् यज्ञीय खीर मलाई देऊ र मेरा लागि बनाइएको चरुको तिमीले भोजन गर।

किनकि मेरो पुत्रले भूमण्डलको पालनपोषण गर्ने अभिभारा निर्वाह गर्नुपर्दछ। ब्राह्मणकुमारको बल, वीर्य तथा सम्पत्ति आदिसँग कुनै किसिमको

सम्बन्ध रहेको हुँदैन। आफ्नी माताले यसरी अनुरोध गरेपछि सत्यवतीले आफ्ना लागि बनाइएको चरुआफ्नी मातालाई दिइन् भने माताका लाति बनाएको चरु आफूले भोजन गरिन्। त्यसपछि जब महर्षि ऋचीक वनबाट फर्किएर आए, त्यस समयमा सत्यवतीलाई देखेर भने— तिमीले किन यस किसिमको अनर्थकारी कार्य गरेको ? तिम्रो शरीर अत्यन्त भयानक देखिइरहेको छ। मेरो विचारमा तिमीले आफ्नी माताका लागि बनाइएको चरु खाएको हुनपर्दछ। तिम्रो यो कार्य अत्यन्त अनुचित हो। मैले तिम्री माताका लागि बनाएको चरुमा सम्पूर्ण ऐश्वर्य पराक्रम, शूरवीरता, बल जस्ता सम्पदा समावेश गरेको थिएँ। तिम्रा लागि बनाएको चरुमा शान्ति, ज्ञान, बुद्धि र सहनशीलता जस्ता ब्राह्मणका लागि अत्यन्त उपयोगी हुने सम्पदा समावेश गरेको थिएँ। तिमीले त्यसको विपरीत कार्य गऱ्यौ। त्यसकारण तिम्रो पुत्र अत्यन्त भयानक अस्त्रशस्त्र धारण गर्ने र अन्यलाई मार्ने जस्ता कार्यमा अत्यन्त तत्परतापूर्वक लाग्ने स्वभाव भएको क्षत्रियगुणसम्पन्न भएको हुनेछ भने तिम्री माताको पुत्र शान्ति र सदाचारसम्पन्न ब्राह्मणस्वभावको हुनेछ।

ऋषिले यस्तो कुरा भनिसकेपछि सत्यवतीले ऋषिका दुवै चरण समाएर प्रणम गर्दै भनिन्— मबाट अज्ञानताका कारणले गर्दा यस प्रकारको कार्य हुन गयो, मसँग प्रसन्न भइदिनुहोस् र कुनै यस्तो उपाय गरिदिनुहोस्, जसको प्रभावले गर्दा मेरो पुत्र यस प्रकारको नभएर बरु मेरो नातिको स्वभाव त्यस किसिमको होस्। सत्यवतीले यसरी प्रार्थना गरेपछि ऋषिले भने— तथास्तु अर्थात् तिमीले जे भन्यौ, त्यही हुनेछ। समय पूर्ण भएपछि सत्यवतीका गर्भबाट विश्वामित्र उत्पन्न भए। अन्तमा सत्यवती कौशिकी नामको नदीका रूपमा विख्यात भइन्। जनदग्निले इक्ष्वाकुवंशीय राजा रेणुकी कन्या रेणुकासँग विवाह गरे तथा तिनै रेणुकाका गर्भबाट क्षत्रिय वंशको संहारकर्ता लोकहरूका महागुरु श्रीविष्णुका अंशरूपी परशुराम नाम भएका पराक्रमी पुत्र उत्पन्न भए। देवताहरूले भृगुवंशीय शुनःशेप अर्थात् अजीगर्तको माहिलो छोरो, एक वैदिककालीन ब्राह्मणलाई विश्वामित्रका पुत्रका रूपमा प्रदान गरेका थिए। त्यसकारण तिनी देवरातका नामबाट प्रख्यात भए। त्सपछि विश्वामित्रका पुत्ररत्नका रूपमा मधुच्छन्द, जय, कृतदेव, देवाष्टक, कच्छप र हारीतक उत्पन्न भए। ती पुत्रहरूबाट कौशिक–गोत्रिय र अन्य ऋषिका

वंशहरूमा विवाह गर्न योग्य धेरै पुत्रहरू उत्पन्न भए।

पुरुरवाका जेठा पुत्ररत्नका रूपमा आयु उत्पन्न भएका थिए। आयुले बाहुकी कन्यासँग विवाह गरेका थिए। ती कन्याका गर्भबाट आयुका नहुष, क्षेत्रबृद्ध, रभ्म, रजि र अनेना पाँचोटा पुत्र उत्पन्न भएका थिए। क्षेत्रबृद्धका पुत्ररत्नका रूपमा सुहोत्र, यी सुहोत्रका पुत्रका रूपमा काश, लेश र गृत्समद उत्पन्न भए। गृत्समदका पुत्ररत्नका रूपमा शौनक उत्पन्न भए। यिनै महर्षि शौनक चारवटै वर्णका प्रवर्तक भए। काशका पुत्ररत्नका रूपमा काशीराज, काशीराजका पुत्ररत्नका रूपमा दीर्घतमा, दीर्घतमाका पुत्ररत्नका रूपमा धन्वन्तरि उत्पन्न भएका थिए। यी धन्वन्तरिको शरीर र इन्द्रियहरू वृद्धावस्था जस्ता विकारहरूबाट पूर्ण रूपमा अलग रहेका थिए र यिनी सबै शास्त्रहरूका पूर्ण ज्ञाता थिए। यिनलाई पूर्वजन्मा श्रीनारायणले वरदान दिँदै भन्नुभएको थियो– तिमीले काशीराजका वंशमा उत्पन्न भएर आयुर्वेदलाई आठ भागमा विभाजन गर्नेछौ र तिमी भविष्यमा यज्ञभागका भोक्ता पनि बन्नेछौ। धन्वन्तरिका पुत्ररत्नका रूपमा केतुमान्, केतुमान्का पुत्रका रूपमा भीमरथ, भीमरथका पुत्ररत्नका रूपमा दिवोदास, दिवोदासका पुत्ररत्नका रूपमा प्रतर्दन उत्पन्न भएका थिए। प्रतर्दनले सम्पूर्ण मद्रश्रेण्यवंशको विनाश गरेका थिए तथा आफ्ना शत्रुहरूमाथि विजय प्राप्त गरेकाले यिनको नाम शत्रुजित भयो। उनका पिता दिवोदासको उनमा अत्यन्त प्रेम भएकाले वत्स ! वत्स ! भनेर बोलाउने गर्दथे। यसकारण यिनको एउटा नाम वत्स पनि रहेको थियो तथा यिनी अत्यन्त सत्यव्रती थिए अर्थात् कहिल्यै पनि असत्य कार्य वा कुरा गर्दैनथे। यसकारण यिनको एउटा नाम ऋतध्वज पनि रहेको थियो। यिनले कुवलय नाम भएको घोडा प्राप्त गरेका थिए। त्यसैले यिनी सम्पूर्ण पृथ्वीमा कुवलयाश्वका नामले प्रख्यात भएका थिए। ती वत्सका पुत्ररत्नका रूपमा अलर्क उत्पन्न भएका थिए, जसका विषयको श्लोक आजसम्म पनि अत्यन्त प्रसिद्ध रहेको छ। प्राचीन कालमा अलर्कबाहेक कुनै पनि राजाले युवावस्थामा साठी हजार वर्षसम्म पृथ्वीको उपभोग गर्न सकेका थिएनन्। ती अलर्कका पुत्ररत्नका रूपमा सन्नति, सन्नतिका पुत्ररत्नका रूपमा सुनीथ, सुनीथका पुत्ररत्नका रूपमा सुकेतु, सुकेतुका पुत्ररत्नका रूपमा धर्मकेतु, धर्मकेतुका पुत्ररत्नका रूपमा सत्यकेतु, सत्यकेतुका

पुत्ररत्नका रूपमा विभु, विभुका पुत्ररत्नका रूपमा सुविभु, सुविभुका पुत्ररत्नका रूपमा सुकुमार, सुकुमारका पुत्ररत्नका रूपमा धृष्टकेतु, धृष्टकेतुका पुत्ररत्नका रूपमा वैनहोत्र, वैनहोत्रका पुत्ररत्नका रूपमा भार्ग तथा भार्गका पुत्ररत्नका रूपमा भार्गभूमि उत्पन्न भएका थिए। यिनै भार्गभूमिबाट चारवटै वर्णको प्रचार भयो। यहाँसम्म मैले तिमीलाई काश्यप राजाहरूको वंशका बारेमा बताएँ; अब रजिको वंशका सम्बन्धमा सुन।

रजिका बल र पराक्रमसम्पन्न पाँच सय पुत्रहरू थिए। एक समयमा देवताहरू र असुरहरूको युद्धमा एकले अर्काको वध गर्ने चाहनाबाट अभिप्रेरित भएका देवता र असुरहरूले ब्रह्मासँग भने– हामी दुई पक्षका बीचमा हुन लागिरहेको यस युद्धमा कुन पक्षको विजय हुन्छ। त्यसपछि दैत्यहरूले राजा रजिका नजिकमा गएर आफूहरूलाई सहयोग गरिदिनका लागि विनम्र अनुरोध गरे।

राजा रजिले भने– यदि तपाईंहरूले देवतामाथि विजय प्राप्त गरिसकेपछि मलाई इन्द्रको रूपमा स्वीकार गर्नुहुन्छ भने म तपाईंहरूका पक्षमा लागेर युद्ध गर्न तयार छु।

राजा रजिका यसप्रकारका कुरा सुनेपछि असुरहरूले भने– हामीहरू एउटा कुरा भन्ने तर काम चाहिँ अर्कै गर्ने गर्दैनौं अर्थात् जस्तोसुकै अवस्थामा पनि हाम्रो वचनमा परिवर्तन हुन सक्दैन। हामीहरूका इन्द्र प्रह्लाल मात्र हुन सक्छन्। त्यसैले उनकै लागि हामीहरूले यस किसिमको प्रयास गरिरहेका हौँ। त्यसकारण तपाईंको यो प्रस्ताव स्वीकार्य हुँदैन भनेर असुरहरू त्यहाँबाट गए। त्यसै समयमा देवताहरू आएर राजा रजिसँग त्यसै किसिमको अनुरोध गरे भने राजाले पनि दैत्यहरूलाई जुन कुरा बताएका थिए देवताहरूलाई पनि त्यही कुरा बताए। त्यसपछि देवताहरूले तपाईं नै हाम्रो इन्द्र हुनुहुनेछ भन्दै उनको प्रस्ताव सहर्ष स्वीकार गरे। त्यसपछि राजा रजिले देवताहरूका सेनाको सहयोगी भएर उत्तम अस्त्र, शस्त्रद्वारा असुरको सेनालाई पूर्ण रूपमा नष्ट गरिदिए। जुन समयमा शत्रुपक्षका सबै सैन्यबल यथार्थमा नष्ट भयो, त्यस समयमा स्वर्गका अधिपति इन्द्रले रजिका दुवै चरणकमलमा आफ्नो शिरको स्पर्श गर्दै भने– हजुरले म अत्यन्तै भयभीत अवस्थामा रहँदा मेरो रक्षा गरिदिनुभयो, त्यसकारण हजुर हाम्रा

पिता हुनुहुन्छ। हजुर यस समयमा सबै लोकहरूमा सर्वोत्तम हुनुहुन्छ, किनकि म स्वर्ग, मर्त्य र पाताल तीनोटै लोकको अधिपति इन्द्र हजुरको पुत्र हुँ।

त्यस समयमा राजा रजिले मन्द मुस्कानसहित भने– असल त्यही हुन्छ, शत्रुपक्षकाले पनि अनेकौँ किसिमका चाटुवाक्य वा चापलुसीसम्पन्न वचनद्वारा गरिएको अनुनय विनयको उल्लङ्घन गर्न उचित हुँदैन भने आफ्नो पक्षमा रहेकाको कुरै भएन भनेर राजा रजि आफ्नो नगरीतिर लागे भने सय पटक यज्ञ गर्ने इन्द्र पनि स्वर्गको सिंहासनमा विराजमान भएर शासन गर्न थाले। त्यसपछि राजा रजिको देहान्त भएपछि देवर्षि नारदको प्रेरणाबाट अभिप्रेरित भएका रजिका पुत्रहरूले आफ्ना पिताद्वारा स्वीकार गरिएका पुत्र इन्द्रसँग न्यायिक सिद्धान्तका अनुसार आफ्नो पिताको राज्य फिर्ता मागे। तर इन्द्रले आफ्ना पिताको राज्य फिर्ता नदिएपछि अत्यन्तै पराक्रमशाली रजिका पुत्रहरूले इन्द्रलाई पराजित गरेर आफैं इन्द्रको सिंहासनमा विराजमान भए।

त्यसको धेरै समय बितेपछि अपहरित भएका त्रैलोक्यको यज्ञभाग प्राप्त गर्ने इन्द्रले एकान्त स्थानमा बसिरहेका बृहस्पतिसँग भने– के तपाईंले मलाई बयरको दाना जतिमात्र घिउ दिएर तृप्त गराइदिन सक्नुहुन्छ ?

वृहस्पतिले इन्द्रसँग भने– यदि तिमीले यो कुरा मलाई यसभन्दा पहिले नै बताइदिएका भए मद्वारा तिम्रो कल्याणको जुनसुकै कार्य पनि हुन सक्दथ्यो अर्थात् मैले गर्न नसक्ने कार्य केही पनि थिएन। अबका केही दिनहरूमा नै म तिमीलाई आफ्नो सिंहासनमा विराजमान गराइदिनेछु। इन्द्रसँग यस्ता कुरा गरेपछि देवताहरूका गुरु बृहस्पतिले रजिका पुत्रहरूको बुद्धिलाई मोहित गराउनका लागि प्रत्येक दिन अभिचारादि क्रिया र इन्द्रको तेज बृद्धि गराउनका लागि होम गर्न आरम्भ गरे। त्यसपछि रजिका पुत्रहरूको बुद्धि अत्यन्तै मोहित भएकाले उनीहरू ब्राह्मणहरूमा द्वेषभाव राख्ने, आफ्नो धर्मको त्याग गर्ने र वेदाचारबाट विमुख भए भने इन्द्रले अनायास रूपमा धर्माचरणविहीन भएका ती रजिका पुत्रहरूको विनाश गरिदिए र आफ्ना पुरोहित बृहस्पतिका कृपाका प्रभावले अत्यन्त तेजस्वी बनेर स्वर्गमा आक्रमण गरी आफ्नो अधिकार स्थापित गरे। इन्द्र यसरी पदच्युत भएका र इन्द्रपद प्राप्तिको सुरले मनुष्य आफ्नो स्थानबाट च्यूत हुनेछैन र उसको कहिल्यै

दुष्ट प्रवृत्ति रहनेछैन। आयुका अर्का पुत्र, रम्भका कुनैपनि सन्तान थिएनन्। क्षेत्रबृद्धका पुत्ररत्नका रूपमा प्रतिक्षत्र, प्रतिक्षत्रका पुत्ररत्नका रूपमा सञ्जय, सञ्जयका पुत्ररत्नका रूपमा जय, जयका पुत्ररत्नका रूपमा विजय, विजयका पुत्ररत्नका रूपमा यलकृत्, यलकृत्का पुत्ररत्नका रूपमा हर्षबर्द्धन, हर्षबर्द्धनका पुत्ररत्नका रूपमा सहदेव, सहदेवका पुत्ररत्नका रूपमा अदीन, अदीनका पुत्ररत्नका रूपमा जयसेन, जयसेनका पुत्ररत्नका रूपमा सम्भूति र सम्भूतिका पुत्ररत्नका रूपमा क्षत्रधर्मा उत्पन्न भएका थिए। यसरी क्षत्रबृद्धवंशीय राजाहरूका विषयमा वर्णन गरिएको छ। अब म तिमीलाई नहुषवंशीय राजाहरूका विषयमा बताउनेछु।

पराशरले भन्नुभयो– नहुषका अत्यन्तै बलशाली र पराक्रमी छओटा पुत्रका रूपमा यति, ययाति, संयाति, आयाति, वियाति र कृति उत्पन्न भएका थिए। यतिले राज्यभोग गर्ने चाहना परित्याग गरिदिएकाले ययाति राजा भए। ययातिले दैत्यहरूका गुरु शुक्राचार्यकी पुत्री देवयानी र वृषपर्वाकी पुत्री शर्मिष्ठासँग विवाह गरेका थिए। उनीहरूको वंशको वर्णनका लागि निम्न कुरा प्रसिद्ध रहेको छ, जसमा भनिएको छ– देवयानीले आफ्ना पुत्रका रूपमा यदु र तुर्वसुलाई जन्म दिइन् भने वृषपर्वाकी कन्या शर्मिष्ठाले आफ्ना पुत्रका रूपमा द्रुह्यु, अनु र पुरुलाई जन्म दिइन्। ययातिलाई दैत्यहरूका गुरु तथा उनका ससुरा शुक्राचार्यले श्राप दिएकाले उनी उमेरको आधारमा नभएर श्रापका आधारमा ज्यादै वृद्ध भएका थिए। त्यसपछि प्रसन्न भएका शुक्राचार्यका वचनअनुसार ययातिले असमयमा नै आफूमा भएको वृद्धावस्थामा परिवर्तन ल्याउनका लागि आफ्ना जेठा छोरा यदुँग भने–तिम्रा मावली हजुरबुबाको श्रापका प्रभावले मलाई असमयमा नै वृद्धावस्थाले आफ्नो नियन्त्रण पाऱ्यो अर्थात् असमयमा नै म वृद्ध भएको छु। यस समयमा उनैको कृपा प्राप्त गरेर नै म यो वृद्धावस्था एक हजार वर्षसम्मका लागि तिमीलाई दिन चाहन्छु। किनकि अहिले म विषयभोगहरूबाट पूर्ण रूपमा तृप्त भएको छैन। यसलाई तिमीले कुनै पनि अवस्थामा अस्वीकार गर्न पाउने छैनौ। राजाले यसरी सम्झाए तापनि यदुले आफ्ना पितामा रहेको वृद्धावस्थालाई ग्रहण गर्ने चाहना राखेनन्।ऋऋऋऋ

त्यसपछि राजा ययातिले आफ्ना छोरा यदुलाई श्राप दिँदै भने भविष्यमा तिम्रो वंशमा कुनै पनि सन्तान राज्य गर्न योग्य हुने छैनन् अथवा तिम्रो वंशले राज्य गर्न पाउँनेछैन। त्यसपछि राजा ययातिले आफ्ना पुत्रहरू क्रमशः द्रुह्यु, तुर्वसु तथा अनुका नजिकमा गएर उनीहरूसँग उनीहरूको यौवन आफूले ग्रहण गरेर आफ्नो वृद्धावस्था उनीहरूलाई दिने प्रस्ताव राखे; तर तिनीहरूमध्ये कसैले पनि आफ्नो पिताका कुरामा ध्यान दिएनन् वा राजा ययातिको प्रस्तावलाई सहज रूपमा अस्विकार गरिदिए। पिताले पनि तिनीहरू सबैलाई श्राप दिँदै भने तिमीहरूका सन्तानहरू राज्य गर्नका लागि योग्य हुने छैनन्। त्यसपछि राजा ययातिले सबैभन्दा कान्छा पुत्र पूरुका नजिकमा गएर अन्य छोराहरूलाई बताए जसरी नै आफ्नो जिज्ञासा व्यक्त गरे। त्यसपछि बुद्धिमान् पूरुले आफ्ना पितालाई प्रणाम गर्दै भने तपाईंले ममाथि यो ठूलो कृपा गर्नुभयो भनेर आफ्ना पितामा भएको वृद्धावस्था आफूले ग्रहण गर्दै आफ्नो यौवनावस्था पितालाई दिए।

राजा ययातिले पनि नवीन यौवनावस्था प्राप्त गरेपछि समयानुसार आफूलाई प्राप्त भएका यथेच्छ विषयहरूको आफ्नो उत्साहअनुसार धर्मानुकूल उपभोग गरे तथा आफ्ना प्रजाहरूको राम्रो किसिमबाट पालनपोषण पनि गरे। त्यसपछि विश्वाची नाम भएकी अप्सरासँग विभिन्न किसिमका भोगहरूको उपभोग गर्दै ममा उत्पन्न भएको विषयहरूको भोग गर्ने चाहनाको अन्त नभएकाले म कामाग्निलाई शान्त गरिदिनेछु प्रत्येक दिन यसरी विचार गर्दै भोगहरूको उपभोग गर्ने कार्यमा अत्यन्त उत्साहपूर्वक लाग्न थाले। यसरी प्रत्येक दिन विषयवासनाको उपभोगमा अत्यन्तै आसक्त भएर विषय भोगहरूलाई अत्यन्त मनमोहक र आनन्ददायी भएको मनन् गर्न थाले। त्यसपछि उनले आफ्नो आत्मीयभाव यसरी व्यक्त गरे।

ययातिले भने– विषयवासनाको भोग गर्ने अभिलाषा तिनीहरूको उपभोग गरेर कहिल्यै शान्त हुन सक्दैन, बरु यो आगोमा हालेको घिउको आहुतिले प्रज्वलित भएको अग्नि जसरी नै अत्यधिक मात्रामा बढिरहेको हुन्छ। यो समग्र पृथ्वीमा रहेका धान, जौ, सुन, पशु र स्त्रीहरू जति पनि उपभोग गर्न योग्य वस्तुहरू रहेका छन्, तिनीहरूबाट एउटा व्यक्तिको मात्र पनि कामना

पूर्ण हुन सक्दैन। यस कुरालाई दृष्टिगत गर्दै बुद्धिमान् पुरुषले यिनीहरूलाई परित्याग गर्नुपर्दछ। जब पुरुषले जीवमात्रमा सम दृष्टिकोण राख्दै कुनै पनि प्राणीका लागि पापमय भावना राख्दैन, त्यस समयमा त्यो समदर्शी पुरुषका लागि सबै दिशाहरू सुखदायक हुन्छन्। दुर्बुद्धि भएका मनुष्यहरूले जेलाई परित्याग गर्न सक्दैनन् र शरीर वृद्ध भएता पनि जे जीर्ण हुँदैन, त्यो विषयवासनाको उपभोग गर्ने कामनाको परत्याग गर्ने बुद्धिमान् मुनष्यले मात्र यथार्थमा परम सुखको अनुभूति गर्दछ। वृद्धावस्था लागेपछि मनुष्यको कपाल सेतो हुन्छ, सबै दाँतहरू पुराना भएर झर्दछन्, तर धन प्राप्त गर्ने अभिलाषा र जीवित रहने चाहना जस्तोसुकै अवस्थामा पनि कहिल्यै वृद्ध हुँदैन, त्यो निरन्तर बढिरहेको हुन्छ र यौवनावस्थामा नै रहेको हुन्छ। एक हजार वर्ष पूर्ण भइसक्यो, यस समयमा मेरो मन विषयवासनाको उपभोगमा अत्यन्तै आसक्त रह्यो, तथापि प्रत्येक दिन ममा विषयवासनाको उपभोगरूपी कामना अत्याधिक मात्रामा बढिरहेको छ; त्यसमा कहिल्यै कमी आउन सकेन। त्यसकारण अब म यो मनुष्य शरीर परित्याग गरेर यसमा उत्पन्न हुने तृष्णा वा कामनाबाट हटाएर आफ्नो चित्तलाई भगवान्मा मात्र स्थिर गर्दै राग–द्वेषदिबाट मुक्त र ममतारहित भएर वनमा मृगहरूसँग घुम्दछु।

पराशरले भन्नुभयो– त्यसपछि राजा ययातिले आफ्ना पुत्र पूरुबाट आफ्नो वृद्धावस्था फिर्ता लिएर उनको यौवनावस्था उनैलाई फिर्ता गरिदिए तथा पूरुलाई राजगद्दीमा राज्याभिषेक गरिदिएर आफू तपस्या गर्नका लागि जंगलमा गए। राजा ययातिले दक्षिण पूर्व दिशाको राज्यमा तुर्वसुलाई, पश्चिम दिशाको राज्यमा द्रुह्युलाई, दक्षिण दिशाको राज्यमा यदुलाई र उत्तर दिशाको राज्यमा अनुलाई राजा बनाएर पूरुलाई समग्र पृथ्वीलोकको अधिपतिका रूपमा राज्याभिषेक गरिदिएका थिए।

अब म ययाति राजाका जेठा छोरा यदुको वंशका विषयमा बताउनेछु। जुन वंशमा मनुष्य, सिद्ध, गन्धर्व यक्ष, राक्षस, गुह्यक अर्थात् कुबेरको ढुकुटीको रक्षा गर्ने देवयोनिमध्येको एकथरी यक्ष जाति, नीच पुरुष, सर्प, पक्षी, अप्सरा, दैत्य, दानव, देवर्षि, ब्रह्मर्षिहरू कसैले मोक्ष प्राप्तिको कामनाबाट अभिप्रेरित भएर, कसैले धन प्राप्तिको कामनाबाट अभिप्रेरित भएर, कसैले धर्मप्राप्तिको

कामनाबाट अभिप्रेरित भएर जसको सधैँ स्तुति गर्दछन्; उहाँ अनादि, अनन्त र अव्यय श्रीविष्णुले यस यदुवंशमा आफ्नो अत्यन्तै प्रभावशाली र महत्त्वपूर्ण अंशबाटअवतार लिनुभएको थियो। यदुवंशका सम्बन्धमा यो भनाइ प्रख्यात रहेको छ । जुन वंशमा श्रीकृष्णका नामबाट निराकार परब्रह्म परमात्माले अवतार लिनुभएको थियो, त्यस यदुवंशको महिमाका विषयमा सुन्दामात्र पनि मनुष्य सबै पापबाट सधैँका लागि मुक्त हुन्छ। यदुका चार पुत्रका रूपमा सहस्रजित्, क्रोष्टु, नल र रघु उत्पन्न भएका थिए। सहस्रजित्का पुत्रका रूपमा शतजित्, शतजित्का तीन पुत्ररका रूपमा हैहय, हेहय र वेणहय उपन्न भएका थिए। हैहयका पुत्रका रूपमा धर्मनेत्र, धर्मनेत्रका पुत्रका रूपमा कुन्ति, कुन्तिका पुत्रका रूपमा साहञ्जि, साहञ्जिका पुत्रका रूपमा महिष्मान् उत्पन्न भएका थिए; जसले माहिष्मतीपुर नाम भएको नगरी बसाएका थिए। महिष्मान्का पुत्रका रूपमा भद्रश्रेण्य, भद्रश्रेण्यका पुत्रका रूपमा दुर्दम, दुर्दमका पुत्रका रूपमा धनक तथा धनकका चार पुत्रका रूपमा कृतवीर्य, कृताग्नि, कृतवर्मा र कृतौजा उत्पन्न भएका थिए। तिनीहरूमध्ये कृतवीर्यका पुत्रका रूपमा उत्पन्न भएका अर्जुनका एक हजार हातहरू थिए। उनी सातोँटै द्वीपका अधिपति थिए। ती एक हजार हात भएका अर्जुनले भगवान्को विशेष अंशका रूपमा अत्रिक कुलमा उत्पन्न भएका दत्तात्रेयको उपासना गरेर अधर्माचरणको निवारण, धार्मिक युद्धबाट सम्पूर्ण पृथ्वीमा विजय र धर्मानुसार प्रजाहरूको पालनपोषण तथा शत्रुहरूबाट अपराजय र मेरो मृत्यु त्रिलोकका सबैभन्दा प्रसिद्ध पुरुषबाट मात्र हुन सकोस् भन्ने अनेकौँ किसिमका वरदान पाएका थिए। सहस्रबाहु भएका अर्जुनले सप्तद्वीपबाट भएकी पृथ्वीको राम्ररी पालनपोषण तथा दश हजार यज्ञहरूको अनुष्ठान गरेका थिए। उनका सम्बन्धमा बताइएको कुरा आजसम्म पनि अत्यन्त प्रसिद्ध रहेको छ। यज्ञ, दान, तपस्या, विनम्रता र विद्यामा कार्तवीर्यका पुत्र सहस्रबाहु भएका अर्जुन बराबर कुनै राजा हुन सक्दैनन् । उनको राज्यमा कुनै पदार्थ नष्ट हुँदैनथ्यो । यसरी सहस्रबाहु अर्जुनले बल, पराक्रम, आरोग्य र सम्पत्तिलाई पूर्ण रूपमा सुरक्षित राख्दै पचासी हजार वर्षसम्म राज्य गरे।

एकदिन जब अत्यधिक मात्रामा मद्यपान गरेका कारण ज्यादै व्याकुल

भएका सहस्रबाहु अर्जुन नर्मदा नदीको पानीमा पौडी खेलिरहेका थिए, त्यस समयमा उनको राजधानी माहिष्मतीपुरीमा दिग्विजयका लागि वा राजा महाराजाहरूले देशान्तरमा गई आफ्नो मान र प्रतिष्ठा कायम गर्नका लागि र अर्कोलाई जित्ने कामका लागि आएका सबै देवता, दानव, गन्धर्व र राजाहरूमाथि विजय प्राप्त गरेको घमण्डले अत्यन्त उन्मत्त भएको रावणले आक्रमण गऱ्यो। त्यस समयमा उनले अनायास रूपमा रावणलाई पशुलाई बाँधे जसरी नै बाँधेर आफ्नो नगरीको एकान्त स्थानमा राखिदिए। यी सहस्रबाहु अर्जुन पचासी हजार वर्ष समाप्त भइसकेपछि श्रीनारायणका अंशावतार परशुरामद्वारा मारिए। यिनका एक सय पुत्रहरू थिए; जसमध्ये मुख्य रहेका पाँच पुत्रहरूको नाम शूर, सूरसेन, वृषण, मधुध्वज र जयध्वज रहेको थियो। तिनीहरूमध्ये जयध्वजका पुत्रका रूपमा तालजङ्घ उत्पन्न भएका थिए। यी तालजङ्घका एक सय पुत्र थिए, उनीहरूमध्ये वीतिहोत्र र भरत जेठा थिए। भरतका पुत्रका रूपमा वृष र सुजात उत्पन्न भएका थिए भने मधुका पनि वृष्णि आदि एकसय पुत्र उत्पन्न भएका थिए। यसैकारणले गर्दा यदुकुलको नाम वृष्णि भएको हो। मधुका कारणले गर्दा यसको कुलको नाम मधु भयो। यदुका कारणले गर्दा यो कुलको नाम यादव भयो।

यदुका पुत्र क्रोष्टुका पुत्ररत्नका रूपमा वृजिनीवान्, वृजिनीवान्का पुत्ररत्नका रूपमा स्वाहि, स्वाहिका पुत्ररत्नका रूपमा रुषद्गु, रुषद्गुका पुत्ररत्नका रूपमा चित्ररथ र चित्ररथका पुत्ररत्नका रूपमा शशबिन्दु उत्पन्न भएका थिए। यी शशबिन्दुसँग चौध रत्न विद्यमान थिए र यिनी चक्रवर्ती राजा थिए। शशबिन्दुका एक लाख पत्नी र दस लाख पुत्र थिए। ती पुत्रहरूमध्ये पृथुयशा, पृथुकर्मा, पृथुजय, पृथुदान, पृथुकीर्ति र पृथुश्रवा यी छओटा मुख्य थिए। पृथुश्रवाका पुत्ररत्नका रूपमा तम, तमका पुत्ररत्नका रूपमा उशना उत्पन्न भएका थिए। उशानले एक सय अश्वमेघ यज्ञ गरेका थिए। उशनाका पुत्ररत्नका रूपमा शितेषु, शितेषुका पुत्ररत्नका रूपमा रुक्मकवच, रुक्मकवचका पुत्ररत्नका रूपमा परावृत्, परावृत्का पाँच पुत्रका रूपमा रुक्मेषु, पृथुरुक्म, ज्यामघ, पालित र हरित उत्पन्न भएका थिए। तिनीहरूमध्ये ज्यामघका विषयमा यसो भन्ने गरिन्छ। जुन सांसारिक मनुष्य स्त्रीमा अतिआसक्त भएर मर्दछ, अगाडि यस्तो स्वभाव भएको जो उत्पन्न

हुन्छ, तिनीहरू सबैमा शैव्याका पति राजा ज्यामघ सबैभन्दा उत्तम छन्। राजा ज्यामघले आफ्नी पत्नी शैव्याबाट कुनै सन्तान नभए तापनि तथा आफूमा सन्तान उत्पन्न गराउने कामना तीव्र भए तापनि शैव्याका भयले गर्दा अन्य स्त्रीसँग विवाह गर्न सकेनन्। ती राजा ज्यामघले एकदिन अत्यधिक सङ्ख्यामा भएको घोडा, हात्ती सम्मिलित भयानक युद्ध गर्दाका अवस्थामा आफ्ना सबै शत्रुहरूको पूर्ण रूपमा विनाश गरिदिए।

त्यसपछि राजा ज्यामघबाट पराजित भएका उनीहरूसँग शत्रुत्वयुक्त भाव राख्ने राजाहरू पुत्र, स्त्री, बन्धु र सम्पत्ति परित्याग गरेर आआफ्नो स्थान छाडेर विभिन्न दिशाहरूतिर भागे। उनीहरू सबै भागेर गएपछि राजा ज्यामघले एक राज्यकन्यालाई देखे, जुन अतिभयभीत भएकाले व्याकुल हुँदै ठूलाठूला आँखाले हेर्दै 'हे पिताजी, हे माताजी, हे दाजुभाइ मेरो रक्षा गर, रक्षा गर' भनेर विलाप गरिरहेकी ती कन्या परमसुन्दरी देखिएकी थिइन्। यस्ती कन्यालाई देखेपछि ती कन्याप्रति राजाको चित्त आकर्षित भएकाले उनले चिन्तन गर्न थाले। म सन्तान नभएको र बाँझी आइमाईको पतिका रूपमा रहेको छु। यसैले यस समयमा विधाताले ममाथि कृपा गरेर सन्तान उत्पत्तिका लागि यी कन्यालाई यहाँ पठाइदिनु भएको हो। यसकारण मैले यिनीसँग विवाह गर्नुपर्दछ। यस्तो निश्चय गरेपछि उनले सोचे ती कन्यालाई आफ्नै रथमा राखेर आफ्नो निवासस्थानमा लिएर जान्छु। त्यहाँ देवी शैव्याको अनुमति लिएर यी कन्यासँग विवाह गर्दछु। यस प्रकारको विचार उत्पन्न भएका राजाले ती कन्यालाई आफ्नै रथमा राखेर आफ्नो नगरतिर प्रस्थान गरे। त्यहाँ विजयी भएर फर्किएका राजाको दर्शन गर्नका लागि देवी शैव्या सबै नगरवासी, सेवक, बन्धु, बान्धव र मन्त्रीहरूसहित नगर प्रवेश गर्ने ढोकामा आएकी थिइन्। त्यसपछि देवी शैव्याले राजाको वायाँतिर एउटी अत्यन्तै सुन्दरी कन्या बसेको देखेपछि तत्कालै उत्पन्न भएको क्रोधका कारणले आफ्ना ओठहरू केही राता र काँपिरहेका अवस्थामा उनले राजासँग सोधिन्।

शैव्याले भनिन्– तिमीले रथमा कसलाई बसाएर ल्याइरहेका छौ ?

त्यो समयमा राजा अत्यन्त भयभीत भएका कारणले गर्दा परिमाणका विषयमा ध्यान नपुऱ्याई अत्यन्त हडबडाएर भने–यिनी हाम्रा छोराकी पत्नी हुन्।

शैव्याले राजा ज्यामघसँग भनिन्– मबाट त कुनै पुत्र जन्मिएका छैनन् र आजसम्म तपाईंले अर्को विवाह पनि गर्नु भएको छैन। यस्तो अवस्थामा तपाईंले कुन पुत्रलाई आधार मानेर यी कन्यालाई हाम्री बुहारी बताउनुभएको हो ? यसरी आफूप्रति देवी शैव्याले प्रयोग गरेका अत्यन्त ईर्ष्या र क्रोधसम्पन्न वचनहरूका प्रभावले गर्दा आफ्नो सद्‌बुद्धि गुमाएका राजाले अत्यन्त भयभीत अवस्थामा बताइएको यो सम्बन्ध नभएको कुराको द्विविधा हटाउनका लागि रानी शैव्यासँग भने।

राजा ज्यामघले भने– भविष्यमा तिमीबाट जुन उत्पन्न हुनेवाला छ, त्यो भावी पुत्रका लागि मैले पहिलादेखि नै यी कन्यालाई उसकी पत्नी बनाइदिने निश्चय गरेको छु। राजाको यस्तो कुरा सुनेपछि रानी शैव्याले मन्द मुस्कानसँगै भनिन्।

शैव्याले भनिन्–अत्यन्त उत्तम; यस्तै हुनेछ। यसपछि शैव्याले राजासँग नगरमा प्रवेश गरिन्। त्यस समयमा राजा र शैव्याका बीचमा भएको यो पुत्र उत्पत्तिसँग सम्बन्धित कुराकानी विशुद्ध लग्न होरांशक आदि अवयवहरूबाट सिद्ध भएको थियो।

त्यसकारण सन्तानोत्पादन गर्ने अवस्था वितिसकेको भए तापनि केही दिनपछि रानी शैव्या गर्भवती भइन्। समय पूर्ण भएपछि देवी शैव्याको गर्भबाट पुत्र उत्पन्न भए। पिता ज्यामघले त्यो पुत्रको नाम विदर्भ राखिदिए। त्यसपछि तिनै विदर्भले ती राजकन्यासँग विवाह गरे। विदर्भले ती राजकन्याका गर्भबाट क्रथ र कौशिक नाम भएका दुइटा पुत्र उत्पन्न गराए। फेरि रोमपाद नाम भएका अर्को एक पुत्र उत्पन्न भए। रोमपादका पुत्ररत्नका रूपमा बभ्रु, बभ्रुका पुत्ररत्नका रूपमा धृति उत्पन्न भए। कोशिकका पनि पुत्ररत्नका रूपमा चेदि उत्पन्न भए। तिनै चेदिका वंशमा शिशुपालसहितका राजाले जन्म लिए। ज्यामघका नाति क्रथका पुत्ररत्नका रूपमा कुन्ति,कुन्तिका पुत्ररत्नका रूपमा वृष्णि, वृष्णिका पुत्ररत्नका रूपमा निवृत्ति, निवृत्तिका पुत्रका रूपमा दशार्ह, दशार्हका पुत्ररत्नका रूपमा व्योमा, व्योमाका पुत्ररत्नका रूपमा जीमूत, जीमूतका पुत्ररत्नका रूपमा वंशकृति, वंशकृतिका पुत्ररत्नका रूपमा भीमरथ, भीमरथका पुत्ररत्नका रूपमा

नवरथ, नवरथका पुत्रका रूपमा दशरथ, दशरथका पुत्ररत्नका रूपमा शकुनि, शकुनिका पुत्रका रूपमा करम्भि, करम्भिका पुत्रका रूपमा देवरात, देवरातका पुत्ररत्नका रूपमा देवक्षत्र, देवक्षत्रका पुत्ररत्नका रूपमा मधु, मधुका पुत्ररत्नका रूपमा अनवरथ, अनवरथका पुत्रका रूपमा कुरुवत्स, कुरुवत्सका पुत्ररत्नका रूपमा अनुरथ, अनुरथका पुत्रका रूपमा पुरुहोत्र, पुरुहोत्रका पुत्ररत्नका रूपमा अंश र अंशका पुत्ररत्नका रूपमा सत्वत उत्पन्न भएका थिए। यिनै सत्वतबाट सात्ववंशको प्रादुर्भाव भएको हो। जुन मनुष्यले यस ज्यामघवंशको वर्णनका विषयमा श्रद्धापूर्वक सुन्दछ, त्यो सबै पापबाट पूर्ण रूपमा मुक्त हुन्छ।

सत्वतका पुत्ररत्नका रूपमा जो जो उत्पन्न भएका थिए, तिनीहरूको नाम भजिन, भजमान, दिव्य, अन्धक, देववृध, महाभोज र वृष्णि थियो। भजमानका तीन पुत्ररत्नका रूपमा क्रमशः निमि, वृकण र वृष्णि उत्पन्न भएका थिए भने यिनका सौतेनी आमातिरका भाइ शतजित्, सहस्राजित् र अयुताजित् थिए। देववृधका पुत्रका रूपमा बभ्रु उत्पन्न भएका थिए। यी बभ्रुका सम्बन्धमा भनिएको छ। हामीले जे जस्तो सुन्दछौँ, नजिकमा गएर हेर्दा त्यस्तै पाउँछौँ। यथार्थमा मनुष्यहरूमा बभ्रु अत्यन्त श्रेष्ठ छन् र देववृध त देवता समान छन्। ती देववृध र बभ्रुबाट प्रवर्द्धन गरिएको मार्गको अवलम्बन गरेर अर्थात् उनीहरूद्वारा बताइएको उपदेशको अनुसरण गरेर छ हजार चौहत्तर मनुष्यले परमपद प्राप्त गरेको थिए। राजा महाभोज अत्यन्तै धर्मात्मा थिए। उनका सन्तानमा भोज र मार्तिकावर जस्ता राजाहरू उत्पन्न भएका थिए। वृष्णिका दुइटा पुत्ररत्नका रूपमा सुमित्र र युधाजित् उत्पन्न भएका थिए। तिनीहरूमध्ये सुमित्रका पुत्ररत्नका रूपमा अनमित्र, अनमित्रका पुत्ररत्नका रूपमा निघ्न, निघ्नका दुई पुत्ररत्नका रूपमा प्रसेन र सत्राजित् उत्पन्न भएका थिए। सूर्य निघ्नका पुत्र सत्राजित्का मित्र थिए।

एक दिन सत्राजित्ले समुद्रका किनारमा बसेर सूर्यको स्तुति गरे। सत्राजित्ले यथार्थमा तन्मय भएर प्रार्थना गरेपछि सूर्य उनका आडि प्रकट भएर मूर्तस्वरूप धारण गरेका उनलाई आफ्ना अगाडि प्रकट भएको देखेर सत्राजित्ले भने–जसरी हजुरलाई मैले आकाशमा आगोको डल्लो जस्तै अत्यन्त तातो स्वरूपमा देख्दछु, यहाँ मेरो नजिकमा प्रकट हुँदा पनि त्यस्तै देखिरहेको छु। हजुर

यहाँ प्रत्यक्ष रूपमा प्रकट हुँदा पनि मैले हजुरको प्रसादस्वरूप विशेष लक्षण केही देखिँन। सत्राजित्ले यसो भनेपछि सूर्यले आफ्नो घाँटीमा रहेको स्यमन्तक नाम भएको मणि निकालेर अलग स्थानमा राखिदिए। यसपछि सत्रजित्ले सूर्यलाई यथार्थ रूपमा देखे। उनका आँखा केही पहेँलो रङ भएका थिए, उनको शरीर केही मात्रामा ताम्रवर्ण भएको र होचो किसिमको थियो।

त्यसपछि अत्यन्त आदरपूर्वक प्रणाम गरेर सत्राजित्ले प्रार्थना गरेपछि सूर्यले भने– तिमी आफ्नो चाहनाअनुसारको वरदान माग। त्यसपछि सत्राजित्ले स्यमन्तक मणि पाउने मनसाय व्यक्त गरे। सूर्य सत्राजित्लाई स्यमन्तक मणि दिएर आकाशमा आफ्नो स्थानमा गएपछि सत्राजित् आफ्नो घाँटीमा त्यो निर्मल स्यमन्तक मणि धारण गरेर सूर्यजस्तै देदीप्यमान हुँदै तथा सबै दिशालाई प्रकाशमय गराउँदै द्वारकामा पुगे। सत्राजित्लाई द्वारकामा प्रवेश गरिरहेको देखेर द्वारकामा निवास गर्ने मनुष्यहरूले पृथ्वीको भार हरण गर्नका लागि अर्थात् पृथ्वीमा भइरहेको अधर्मको विनाश गरेर धर्मको स्थापना गर्नका लागि आफ्नो अंशबाट मनुष्यका रूपमा अवतार लिनुभएका अनादि र अव्यय पुरुषोत्तमसँग भने।

द्वारकावासीले भने– निश्चित रूपमा सूर्य भगवत्स्वरूप हजुरको दर्शन गर्नका लागि आइरहेका हुनुपर्दछ। यस किसिमको कुरा सुनेपछि भगवान् मुस्कुराउँनुभयो।

श्रीभगवान्ले भन्नुभयो– त्यो सूर्य नभएर सूर्यले दिइएको स्यमन्तक मणि लगाएर सत्राजित् आइरहेको छ। तिमीहरू विश्वस्त भएर त्यसलाई हेर। भगवान्ले यसरी बताइसकेपछि द्वारकानिवासीले त्यसरी नै हेर्न थाले।

सत्राजित्ले त्यो अत्यन्त बहुमूल्य स्यमन्तक नाम भएको मणिलाई आफ्नो घरमा राखिदिए। त्यो सर्वोत्कृष्ट स्यमन्तक नाम भएको मणिरत्नले आफूमा रहेको विशेष गुणअनुसार प्रत्येक दिन आठ मासा सुन उत्पन्न गराउँदथ्यो। त्यो स्यमन्तक मणिरत्नका प्रभावले सम्पूर्ण राज्यमा रोग व्याधि, अनिकाल, हिंस्रक जन्तु, सर्प, अग्नि तथा चोर आदिको भय उत्पन्न हुन सक्दैनथ्यो। एक दिन भगवान् श्रीकृष्णले मनन गर्नुभयो। यो स्यमन्तक नाम भएको महामणि महाराज उग्रसेनसँग रहन

उचित हुन्छ। यस किसिमको विचारअनुसार त्यो मणि प्राप्त गर्ने चाहना गर्नुभयो। तर त्यो मणि प्राप्त गर्न सक्ने सामर्थ्य आफूमा भए तापनि बन्धु बान्धवकाबीचमा विद्रोह उत्पन्न हुने भयले गर्दा उहाँले त्यो मणि लिनु भएन। सत्राजित्ले भगवान् श्रीकृष्णमा यो मणि प्राप्त गर्ने चाहना उत्पन्न भएको छ; त्यसैले पछि उहाँले माग्न सक्नुहुन्छ भन्ने विचार गरेर त्यो स्यमन्तक मणि आफ्नो भाइ प्रसेनलाई दियो। त्यस महामणिमा विद्यमान भएको गुणअनुसार पूर्ण रूपमा पवित्र भएर धारण गर्दाका अवस्थामा त्यसले सुवर्ण उत्पन्न गराउँदथ्यो। तर अशुद्ध भएको अवस्थामा त्यसले धारण गर्नेको मृत्यु गराइदिन्थ्यो। एक दिन प्रसेन त्यो स्यमन्तक मणि आफ्नो घाँटीमा धारण गरी घोडामा सवार भएर मृगको सिकार खेल्नका लागि जङ्गलमा गए। त्यहाँ एउटा सिंहले उनलाई माऱ्यो। घोडासमेत प्रसेनलाई मारेर त्यो सिंह स्यमन्तक नाम भएको महामणि लिएर भाग्नका लागि तयार भयो। त्यसै समयमा ऋक्षराज अर्थात् ब्रह्माका आँसुबाट उत्पन्न भएका एक बाँदर जातिका राजा, जुन दिव्य पोखरीमा इन्द्रको वीर्य चुहेर तिनको कपालमा पर्दा बाली उत्पन्न भए। फेरि ती अत्यन्तै सुन्दरी बाँदर्नीलाई देख्दा सूर्यको वीर्य ती बाँदर्नीको घाँटीमा पर्दा सुग्रीव उत्पन्न भए। यसप्रकारका जाम्बवान् अर्थात् ब्रह्माले हाई गर्दा मुखबाट निस्केका भालुहरूका राजाले देखेर त्यो सिंहलाई मारिदिएपछि जाम्बवान्ले त्यो सुन्दर मणि लिएर आफ्नो गुफामा प्रवेश गरे तथा आफ्ना सुकुमार नाम भएका बालकलाई खेल्नका लागि त्यो स्यमन्तक मणि दिए। प्रसेन जङ्गलबाट फर्किएर नआएपछि यदुकुलमा आपसमा कानेखुसी हुन थाल्यो। उनीहरूको मान्यताअनुसार भगवान् श्रीकृष्णले पनि यो स्यमन्तक मणि प्राप्त गर्न चाहेका थिए, तर उनले त्यो मणि प्राप्त गर्न सकेनन्। यसैले प्रसेनको हत्या निश्चित रूपमा कृष्णले नै गरेको हुनुपर्दछ अर्थात् यो काम श्रीकृष्णकै हुनुपर्दछ।

भगवान् श्रीकृष्ण पनि लोकापवादको वृत्तान्त सुनेपछि यादवसेनाका साथमा प्रसेनको घोडाको पदचिह्नको निरीक्षण गर्न थाल्नुभयो। पछि घोडासहित प्रसेनलाई सिंहको मारेको देखेर सबैले निश्चय गरे। यो कार्य भगवान् श्रीकृष्णको होइन। त्यसपछि भगवान् श्रीकृष्ण पनि सिंहको पदचिह्न देखेर विशुद्ध भावपूर्वक त्यो सिंहको पदचिह्न पछ्याउँदै अगाडि बढ्नुभयो। केही पर गएपछि उनीहरूले

ऋक्षराजद्वारा मारिएको सिंहलाई देखे । तर त्यो रत्नको धेरै महत्त्व भएकाले उनीहरूले ऋक्षराज जाम्बवान्को पदचिह्न पछ्याउन थाले। त्यसपछि उहाँले एउटा पर्वतका नजिकमा सबै यादवसेनालाई राखेर ऋक्षराजको पदचिह्न पछ्याउँदै त्यस ऋक्षराजको गुफाभित्र प्रवेश गर्नुभयो। त्यस गुफाभित्र आधा मात्र प्रवेश गर्दागर्दै भगवान् श्रीकृष्णले एक सुन्दर बालकलाई प्रलोभन देखाउनका लागि कुनै धाईले यसरी भनिरहेको सुन्नुभयो । सिंहले प्रसेनको हत्या गऱ्यो । जाम्बवान्ले त्यस सिंहको सर्वनाश गरिदिए । त्यसकारण तिमी यसरी नरोऊ। किनकि अब यो स्यमन्तक मणि निश्चित रूपमा तिम्रो मात्र हो। यस प्रकारको कुराकानी सुनेपछि स्यमन्तक मणि त्यहीँ भएको निश्चित गरेर भगवान् श्रीकृष्ण गुफाभित्र पसेपछि सुकुमारको खेलौना बनिरहेको स्यमन्तक मणि धात्रीका हातमा आफ्नो तेजका प्रभावले गर्दा देदीप्यमान भइरहेको देख्नुभयो । त्यस समयमा स्यमन्तक मणि प्राप्त गर्ने अभिलाषापूर्ण दृष्टिबाट त्यसलाई हेर्दै एक अत्यन्त विलक्षण पुरुष त्यहाँ आएको देखेपछि धाई रक्षा गर रक्षा गर भन्दै अताल्लिएको स्वरमा कराउन थालिन् । उनको धेरै अताल्लिएको आवाज सुनेपछि जाम्बवान् क्रोधित हुँदै त्यहाँ आए। त्यसपछि एकआपसमा द्वेष अत्यधिक मात्रामा बढेकाले भगवान् श्रीकृष्ण र जाम्बवान्का बीचमा युद्ध आरम्भ भयो। यी दुवैका बीचमा एक्काइस दिनसम्म अतिभयानक युद्ध भयो।

यतातिर यादवका सैनिकहरू भगवान् श्रीकृष्ण गुफाबाट बाहिर आउनु होला र जाउँला भनेर उहाँलाई पर्खिएर गुफाको बाहिर सात आठ दिनसम्म बसे। त्यस समयमसम्म पनि भगवान् श्रीकृष्ण गुफाबाट बाहिर नआउनु भएपछि उनीहरूले परस्पर विचारविमर्श गर्दा उनीहरूले भगवान् श्रीकृष्णको त्यो गुफामै मृत्यु भएको निश्चय गरे। यदि यसो नभएको थियो भने उहाँलाई शत्रुमाथि विजय प्राप्त गर्न यति लामो समय लाग्ने थिएन। यस्तो निश्चय गर्दै उनीहरू सबै द्वारकामा आएर भगवान् श्रीकृष्णको मृत्यु भइसकेको कुरा प्रचार प्रसार गर्न थाले। भगवान् श्रीकृष्णका बन्धु बान्धवहरूले यस्तो कुरा सुनेपछि उहाँको उचित किसिमबाट प्रेतक्रिया आदि सम्पन्न गरिदिए। यता अत्यन्तै श्रद्धापूर्वक दिइएको विशिष्ट पात्रसहित यिनीहरूको अन्न र जलका प्रभावले युद्ध गर्दाका समयमा भगवान्

श्रीकृष्णको बल र प्राणको पुष्टि भइरहेको थियो तथा भगवान् श्रीकृष्णको अत्यन्तै निष्ठुर प्रहारबाट पीडित तथा भोजनको अभावले गर्दा जाम्बवान् कमजोर हुन थाले।

यसरी भगवान् श्रीकृष्णले जाम्बवान्लाई पराजित गरेपछि उनले भने- हजुरलाई देवता, असुर, गन्धर्व, यक्ष, राक्षसलगायत कसैले पनि जित्न सक्दैनन् भने भूमण्डलमा निवास गर्ने मनुष्यको साधारण र अल्प पराक्रम तथा तिर्यग् योनिमा जन्म लिएको मजस्ताको सामर्थ्यले हजुरलाई जित्ने कार्य असम्भव हुन्छ। हजुर निश्चित रूपमा मेरो स्वामी श्रीनारायण हुनुहुन्छ। जाम्बवान्ले यति भनिसकेपछि भगवान् श्रीकृष्णले पृथ्वीको भार हरण गर्नका लागि आफूले अवतार लिएको कुरा उनलाई बताइदिनुभयो र अत्यन्त प्रेमपूर्वक उसको शरीर स्पर्श गरिदिनुभएर उसलाई युद्धको पीडामुक्त गराइदिनुभयो।

जाम्बवान्ले भगवान् श्रीकृष्णलाई प्रणाम गरे तथा आफ्ना घरमा आउनु भएकाले उहाँलाई अर्घ्यस्वरूप आफ्नी कन्या जाम्बवतीलाई उहाँकी पत्नीका रूपमा समर्पण गरिदिए। फेरि प्रणाम गरेर उहाँलाई स्यमन्तक मणि पनि दिए। त्यस समयमा भगवान् अच्युतले अत्यन्त नम्र भएका जाम्ववान्सँग त्यो मणि लिन योग्य नभए तापनि आत्मशुद्धिका लागि त्यसलाई स्वीकार गर्नुभयो। यसपछि भगवान् श्रीकृष्ण जाम्बवतीलाई साथैमा लिएर द्वारकामा आउनुभयो । त्यस समयमा भगवान् श्रीकृष्णको आगमनले गर्दा जसमा हर्षको वेग अत्यधिक मात्रामा बढिरहेको थियो, ति द्वारकाका निवासीहरूमा अत्यन्त वृद्धावस्था भएकाहरूले पनि उहाँको दर्शनका प्रभावले गर्दा आफूमा तत्काल नवीन यौवनको सञ्चार भएको अनुभव गरिरहेका थिए। त्यस समयमा सम्पूर्ण यदुकुलमा उत्पन्न भएका पुरुष तथा स्त्रिहरू समायोजित भएर अहो भाग्य ! अहो भाग्य !! भन्दै उहाँको अभिवादन गर्न थाले। भगवान्ले पनि जे-जे भएको थियो, त्यो सबै जस्ताको तस्तै यादव समाजलाई सुनाइदिनुभयो र सत्राजित्लाई स्यमन्तक मणि दिएर आफूलाई लागेका असत्य आरोपबाट मुक्त हुनुभयो भने जाम्बवतीलाई आफ्नो दरबारमा पुऱ्याइदिनुभयो। सत्राजित्ले आफूले भगवान्लाई लगाएको आरोपको पश्चाताप स्वरूप उहाँसँग आफ्नी पुत्री सत्यभामाको विवाह गरिदिए। तर त्यसभन्दा पहिला नै अक्रूर, कृतवर्मा र शतधन्वाजस्ता यादवले ती सत्यभामा आफ्ना लागि मागेका

थिए। अहिले भगवान् श्रीकृष्णलाई सत्यभामा दिएर सत्राजित्ले हामीहरूको अपमान गरे। यसरी आफ्नो अपमान भएको अनुभव गर्दै उनीहरू सत्राजित्सँग द्वेषभाव राख्न थाले।

अक्रूर, कृतवर्मालगायतका यादवले शतधन्वासँग भने– यो सत्राजित् अत्यन्तै पापीष्ट छ। किनकि हामीले यसकी कन्या मागेका थियौँ; तर हाम्रो र तपाईंको पनि अपमान गर्दै यो दुष्टले आफ्नी कन्या भगवान् श्रीकृष्णलाई दियो। त्यसकारण यसलाई जीवित राख्नुपर्ने के प्रयोजन छ ? तपाईंले यसको हत्या गरेर त्यो महारत्न किन नलिनु भएको ? यदि श्रीकृष्णले त्यसका लागि तपाईंसँग शत्रुता गरे भने हामी सबै मिलेर तपाईंलाई पूर्ण रूपमा सहयोग गर्नेछौँ। तपाईंले जस्तोसुकै उपायको प्रयोग गरेर भए पनि यो कार्य अवश्य गर्नुपर्दछ।

उनीहरूका यसप्रकारको कुरा सुनेपछि शतधन्वाले भने–अत्यन्त उत्तम। अब म त्यसै गर्दछु। यसै समयमा भगवान् श्रीकृष्ण लाहाबाट बनाइएको घर डढाएपछि पाण्डवहरूका सबै समस्याहरूको ज्ञान भए तापनि दुर्योधनको कार्यमा शिथिलता ल्याउनका लागि कुलोचित काम गर्न वारणावत नगरमा जानुभयो। भगवान् श्रीकृष्ण वारणावत गएपछि शतधन्वाले सुतिरहेको सत्राजित्को हत्या गरेर त्यो स्यमन्तक मणि लिए।

आफ्ना पिताको हत्या भएकाले धेरै रिसाएकी सत्यभामाले रथमा चढेर शीघ्रतापूर्वक वारणावत पुगेर भगवान् श्रीकृष्णसँग गुनासो गरिन्।

सत्यभामाले भनिन्– पिताले मलाई हजुरका करकमलमा समर्पण गरिदिनु भयकाले अतिक्रोधित भएर शतधन्वाले मेरो पिताको हत्या गरिदिए र त्यो स्यमन्तक मणि पनि अपहरण गरेर लिए। उनले यसरी अपमान गरे, यसकारण विचार गरेर जो उचित हुन्छ, त्यही गर्नुहवस्। सत्यभामाले यसरी बताएपछि मन सन्तुष्ट भए तापनि भगवान् श्रीकृष्णले प्रत्यक्ष रूपमा रिसले आँखा राताराता पार्दै सत्यभामासँग भन्नुभयो।

श्रीकृष्णले भन्नुभयो– यथार्थमा शतधन्वाले मैरै अपमान गर्‍यो। म उसले गरेको अपमान कुनै पनि अवस्थामा सहन गर्न सक्दिन। ठूलो रूखमा चढ्न सकिएन भने कुनै पनि अवस्थामा त्यस रूखमा गुँड लाएर बसेको चराको हत्या

हुन सक्दैन अर्थात् आफूभन्दा ठूलासँग सामना गर्न नसकेर उसका आश्रयमा रहेकालाई दुःख दिनु हुँदैन। यसैले अब तिमीले मेरा अगाडि यसरी शोकाकुल वचन अझै किन बोलिरहनु पर्‍यो, यो शोक त्याग गरिदेऊ। म यसको प्रतिशोध अवश्य लिनेछु। सत्यभामालाई यसरी सन्तुष्ट पारेर भगवान् श्रीकृष्ण द्वारकामा आएर एकान्तमा बलरामसँग भन्नुभयो–जङ्गलमा मृगको सिकार खेल्न गएको समयमा प्रसेनलाई सिंहले मार्‍यो र अहिले शतधन्वाले सत्राजित्लाई मारिदियो। अब कोही पनि उत्तराधिकारी नभएको हुनाले यो स्यमन्तकमणि हामी दुईको सम्पत्ति भयो। अब उठ्नुस् र रथमा चढेर शतधन्वालाई मार्ने प्रयास गर्नुहोस्। भगवान्का यस्ता कुरा सुनेर बलरामजीले त्यसलाई सहर्ष स्वीकार गर्नुभयो। शतधन्वाले भगवान् श्रीवासुदेव र बलराम दुवै आफूलाई मार्न अत्यन्तै उत्साहित हुनुभएको थाहा पाएपछि कृतवर्माका नजिकमा गएर उनीसँग आफूलाई सहयोग गरिदिन अनुरोध गरे। कृतवर्माले आफू भगवान् वासुदेव र बलरामसँग विरोध गर्न समर्थ नरहेको बताए। कृतवर्माले आफूलाई सहयोग गर्न अस्वीकार गरेपछि शतधन्वाले अक्रूरसँग सहयोगका लागि अनुरोध गर्‍यो।

अक्रूरले पनि भने– जसको एउटा गोडाले हिर्काउँदा तीनोटै लोक काँप्छन्, जसले श्रेष्ठ असुरहरूका पत्नीहरूलाई वैधव्यदान दिनुहुन्छ र जसको हातमा शत्रुहरूमा हतोत्साह नभएको चक्र रहन्छ, यस्तो चक्र धारण गर्नुहुने भगवान् श्रीकृष्णसँग अथवा जसले मदोन्मत्त आँखाले हेर्दा मात्र सबै शत्रुहरूको बल दमन गर्नुहुन्छ, जो अत्यन्त बलशाली र जसले शत्रुरूप हात्तीलाई आकर्षित गराउनका लागि अखण्ड महिमाशाली ठूलो हलो धारण गर्नुहुन्छ, यस्ता बलरामसँग युद्ध गर्ने सामर्थ्य कसैसँग पनि रहेको हुँदैन र मेरो सामर्थ्य त छँदैछैन। त्यसकारण तपाईं अन्य कसैका शरणमा जानुहोस्। किनकि म तपाईंलाई सहयोग गर्न पूर्ण रूपमा असमर्थ रहेको छु। त्यसकारण आफ्नो सुरक्षा आफैँ गर्नुहोला।

शतधन्वाले भने– यदि तपाईं मेरो रक्षा गर्नको लागि असमर्थ हुनुहुन्छ भने यो स्यमन्तक मणि आफूसँग राखेर यसको सुरक्षा गर्नुहोस्।

अक्रूरले भने– म यो मणिलाई त्यस अवस्थामा मात्र राख्न सक्दछु, जब तपाईंले आफ्नो मृत्यु भए पनि यसका विषयमा कसैलाई नबताउने प्रतिज्ञा गर्नुहुन्छ।

शतधन्वाले भने– तपाईंको चाहनाअनुसार नै हुन्छ।

शतधन्वाले यसरी प्रतिज्ञा गरेपछि अक्रूरले त्यो स्यमन्तक मणि आफूसँग राखे। शतधन्वा अतुलनीय गति वा वेग भएको तथा सय योजनसम्म जान सक्ने क्षमता भएकी घोडीमा सवार भएर त्यहाँबाट भाग्यो। शैव्य, सुग्रीव, मेघपुष्प र बलाहक नाम भएका चारोटा घोडाले तानेको रथमा चढेर बलराम र भगवान् श्रीकृष्णले उसलाई पछ्याउन थाल्नुभयो। त्यो घोडी पनि आफ्नो क्षमताअनुसारको सय योजनको मार्ग पार गरिसकेपछि फेरि भार बहन गर्नुपर्ने बाध्यता भएकाले मिथिलाको जङ्गलमा पुगेपछि त्यसको प्राण गयो। शतधन्वा त्यो घोडीलाई परित्याग गरेर पैदल दौडन थाल्यो।

भगवान् श्रीकृष्णले बलरामसँग भन्नुभयो–त्यस समयसम्म तपाईं रथमा नै बसिरहनु होला, म यो अत्यन्त दुराचारी शतधन्वालाई पैदलै गएर मार्नेछु। हाम्रो रथका घोडाले मरिसकेकी घोडीको शरीर देखिसकेका छन्। त्यसकारण त्यसलाई नघाएर यिनीहरूलाई लैजान तपाईंका लागि उचित हुँदैन। किनकि मरेकी घोडी देखेर रथका घोडाहरू भयभीत भइरहेका छन्। त्यसपछि बलराम 'ल ठीक छ' भनेर रथमा नै बस्नु भयो। भगवान् श्रीकृष्णले दुई कोससम्म पछ्याएर टाढैबाट शतधन्वालाई देखेर आफ्नो चक्र फ्याकेर उसको सिर काटिदिनु भयो। भगवान् श्रीकृष्णले उसको शरीर र वस्त्रमा राम्रोसँग मणिको खोजी गर्नुभयो, तर स्यमन्तक मणि पाउनुभएन। त्यसपछि बलरामजीका नजिकमा आएर भन्नुभयो– अनावश्यक रूपमा मैले शतधन्वाको हत्या गरैं। ऊसँग संसारको साररूपी त्यो स्यमन्तक मणि रहेनछ अर्थात् त्यहाँ थिएन।

बलरामले अत्यन्त क्रोधित हुँदै भगवान् श्रीकृष्णसँग भन्नुभयो– तिमीलाई धिक्कार छ, तिमी धनका लोभी हौ, तिमी आफ्नै भाइ भएकाले मैले तिम्रो यो अपराधलाई क्षमा गरिदिएँ। तिम्रा लागि बाटो खुल्ला छ, तिमी स्वेच्छापूर्वक जान सक्दछौ। अब मलाई द्वारकासँग, तिमीसँग अथवा अन्य सबै बन्धु–बान्धवहरूसँग कुनै मतलब छैन। भयो, मेरा अगाडि यी झुट्टा शपथहरूको कुनै प्रयोजन छैन। बलरामजी यसरी भगवान् श्रीकृष्णलाई तिरस्कार गर्न थाले। भगवान् श्रीकृष्णले उहाँलाई प्रसन्न गराउन अनेकौं प्रयास गर्नुभयो तर बलरामजी त्यहाँ नबसी

विदेहनगरीतिर लाग्नुभयो। विदेहराज जनकले अर्घ्यालगायतले उहाँको स्वागत सत्कार गरेर आफ्नो घरमा लगे। बलराम पनि त्यही बस्न थाल्नुभयो।

भगवान् श्री वासुदेव फर्किएर द्वारकामा आउनुभयो। जुन समयमा बलराम राजा जनकका घरमा बस्नुभएको समयमा राजा धृतराष्ट्रका पुत्र दुर्योधनले उहाँबाट गदायुद्धको शिक्षा हासिल गरे। तीन वर्षपछि बभ्रु र उग्रसेनसहितका यादवहरूले, जसलाई भगवान् श्रीकृष्णसँग स्यमन्तकमणि नभएको पूर्ण विश्वास थियो, विदेहनगरमा गएर शपथ खाँदै बलरामसँग भने– भगवान् श्रीकृष्णले मणिरत्न लुकाउनु भएको छैन। यसकारण मणिका विषयमा उहाँप्रति तपाईंले गर्नुभएको आशंका उपयुक्त छैन। यसरी विश्वास दिलाएपछि बलरामजी फर्किएर द्वारकामा आउनुभयो र यहाँ अक्रूर यस उत्तम मणिद्वारा उत्पन्न भएको सुनबाट कस्तो किसिमको कार्य गर्ने होला भन्ने विचार गरेर अनेकौँ यज्ञ गर्न थाले। यज्ञमा दीक्षित भएको क्षत्रिय तथा वैश्यको हत्या गर्दा ब्रह्महत्या गरेको पाप लाग्दछ। यसैले भगवान् श्रीकृष्णले यज्ञमा दीक्षित अवस्थामा अक्रूरको हत्या गरेर मणि लिन उचित सम्भनु भएन। यस कुरालाई ध्यानमा राख्दै अक्रूर पनि वयसाठी वर्षसम्म यज्ञ गर्नमा व्यस्त रहे। यसरी त्यो मणिका प्रभावले गर्दा द्वारकामा कुनै किसिमको अपशकुन वा दैवी उत्पात, अनिकाल र मृत्युलगायतको भय भएन।

अक्रूर कुनै पनि पक्ष वा दलसँग सम्बन्ध भएका भोजका सेनाको एक टुकडीले सत्वका नाति शत्रुघ्नलाई पनि मारिदिए पछि तिनै भोजका सेनासँगै उनी पनि द्वारका छोडेर भागे। अक्रूर जुन दिन द्वारकाबाट भागेर गए त्यसै दिनदेखि द्वारकामा अपशकुन वा दैवी उत्पात, हिंस्रक जन्तुहरूको भय, अनावृष्टि र मृत्यु जस्तो उत्पात आरम्भ भयो। भगवान् श्रकृष्णले बलभद्र र उग्रसेनसहितका यदुवंशीहरूसँग सल्लाह गर्नुभयो, जुन अचानक रूपमा एकैपटक यस किसिमको उत्पात आइलाग्यो यसको कारण पत्ता लगाउनु पर्दछ। भगवान् श्रीकृष्णले यसरी प्रस्ताव गरेपछि अन्ध नाम भएको एक वृद्ध यदुवंशीले भन्यो– अक्रूरका पिता श्वफल्क जहाँ बस्छन्, त्यहाँ मृत्यु, अनावृष्टि आदिका साथै अनिकालको भय रहँदैनथ्यो। कुनै समयमा काशीराजको राज्यमा अनावृष्टि भएको थियो। त्यस समयमा उनले श्वफल्कलाई लिएर गएका थिए। श्वफल्क त्यहाँ पुग्नेबित्तिकै

इन्द्रले पानी वर्षान आरम्भ गरिदिए। त्यस समयमा काशीराजकी पत्नी गर्भवती रहेकी थिइन्। ती कन्या प्रसूतिकाल समय सकिएपछि पनि आफ्नी माताको गर्भबाट बाहिर आइनन्। यसरी त्यो गर्भमा रहेको कन्याको जन्म नभई बाह्र वर्ष बित्यो, फेरि पनि ती कन्या गर्भबाट बाहिर आइनन्।

एक दिन काशीराजले गर्भमा रहेकी बालिकालाई सम्बोधन गर्दै भने– तिमीले किन जन्म नलिएकी ? तिमी यो गर्भबाट बाहिर आऊ, म तिमीलाई प्रत्यक्ष रूपमा हेर्न चाहन्छु। आफ्नी मातालाई किन लामो समयसम्म कष्ट दिइरहन्छ्यौ ?

राजाले यसो भनेपछि गर्भमा रहेकी बालिका भन्न थालिन्– यदि तपाईंले प्रत्येक दिन ब्राह्मणलाई एउटा गाई दान दिनुभयो भने र यो क्रम तिन वर्षसम्म निरन्तर रूपमा चलिरह्यो भने म तीन वर्षपछि माताको गर्भबाट बाहिर आउनेछु। आफ्नी कन्याले यसरी बताएपछि राजाले प्रत्येक दिन एक ब्राह्मणलाई गाई दान दिन आरम्भ गरे। तीन वर्षपछि ती कन्या माताको गर्भबाट आइन् तथा ती कन्याका पिताले उनको नाम गान्दिनी राखे र काशिराजले आफ्ना घरमा आएका उपकारी श्वफल्कलाई अर्घ्यस्वरूप आफ्नी कन्या समर्पण गरिदिए। त्यसपछि ती गान्दिनीले पनि आफू जीवित रहँदासम्म प्रत्येक दिन एउटा गाई ब्राह्मणलाई दान दिने गरेकी थिइन्। तिनका गर्भबाट श्वफल्कका अक्रूर नाम भएका पुत्र जन्मिए। यसरी विशेष गुणसम्पन्न भएका दम्पतिबाट अक्रूरको जन्म भएकोले उनी यहाँबाट सधैँका लागि गइसकेपछि द्वारकामा किन मृत्यु, अनिकाल जस्ता उत्पात नमच्चिउँन् ? त्यसैले यस समयमा अक्रूरलाई बोलाउनु पर्दछ। ती गुणवात् अक्रूरलाई दोषी ठान्नु हाम्रा लागि कल्याणदायक हुँदैन। यादववृद्ध अन्कले यसरी स्पष्ट पारिसकेपछि भगवान् श्रीकृष्ण, उग्रसेन बलरामसहित मुख्य यादवहरूले अक्रूरद्वारा स्यमन्तक मणि अपहरण गर्दा गरेको अपराध क्षमा गरिदिए। यसरी अभयदान दिएर श्वफल्कका पुत्र अक्रूरलाई द्वारकामा बोलाए। अक्रूर द्वारकामा आएपछि तत्कालै स्यमन्तक मणिका प्रभावले गर्दा द्वारकामा अनावृष्टि, मृत्यु, अनिकाल, हिंसक जन्तुको भय आदि सबै किसिमका उत्पातहरू पूर्ण रूपमा शान्त भए।

भगवान् श्रीकृष्णले चिन्तन गर्नुभयो– अक्रूरले श्वफल्कको पुत्रका रूपमा

गान्दिनीका गर्भबाट जन्म लिनु साधारण कुरा हो तर यिनमा अनावृष्टि, अनिकाल, मृत्युलगायतका उत्पात शान्त गराउने प्रभाव अत्यन्तै महत्त्पूर्ण छ। यिनीसँग निश्चित रूपमा त्यो स्यमन्तक महामणि रहेको हुनुपर्दछ। किनकि त्यस स्यमन्तक मणिमा मात्र त्यस किसिमको प्रभाव रहेको सुनिएको थियो। यसको अर्को कारण पनि रहेको छ। जस्तैः यिनले एउटा यज्ञ सकिएपछि दोस्रो, तेस्रो यसरी अनेकौं प्रकारका यज्ञहरूको अनुष्ठान गरिरहेका छन्। तर यिनमा त्यस किसिमको विशेष सामग्री रहेको छैन। यसैले निश्चित रूपमा यिनको घरमा त्यो सर्वोत्कृष्ट र सुन उत्पन्न गराउने स्यमन्तक मणि रहेको छ। भगवान्ले यस किसिमको निश्चय गरेपछि अन्य कुनै कार्यको सिलसिलामा आफ्नो घरमा सबै यादववंशीहरूको एक सभाको आयोजना गर्नुभयो। त्यहाँ यादवहरू भेला भएपछि भगवान्ले आफ्नो लक्ष्यका विषयमा सबैलाई स्पष्ट पार्नुभयो र त्यसलाई समाप्त गरेर मन्द मुस्कानमा अक्रूरसँग भगवान् श्रीकृष्णले भन्नुभयो। जसरी शतधन्वाले तपाईंलाई सम्पूर्ण संसारको सारतत्त्वका रूपमा रहेको त्यो स्यमन्तक नाम भएको महामणि जिम्मा लगाएको थियो, त्यो सबै मलाई ज्ञान छ। त्यो समग्र राष्ट्रको कल्याण गर्ने राज्यको उपकारी महामणि तपाईंसँग रहिरहोस्, त्यसको प्रभावको फल त हामी सबैले पूर्ण रूपमा उपभोग गर्न पाइरहेका छौं। त्यो तपाईंसँग रहँदा आपत्ति जनाइरहनु पर्ने आवश्यक छैन। तर मेरा दाजु बलरामले मणि मैले लुकाएको कुरामा विश्वस्त भएर ममाथि शङ्का गरिरहनुभएको छ। यसैले मेरो प्रसन्नताका लागि तपाईंले एकपटक त्यो मणिरत्न हामीहरूलाई देखाइदिनु होस्। यसप्रकारका कुरा सुनेपछि त्यो मणि आफ्नै शरीरमा भएका कारणले अक्रूर विचार गर्न थाले— अब मैले के गर्ने, यदि मैले मणि मसँग छैन भनिदिएँ भने भगवान्ले त्यसको खोजी गर्दा केवल कपडामा मात्र लुकाएको त्यो अवश्य देख्नुहुनेछ र यसरी उहाँले मेरो शरीरमा मणि पाउँदा म उहाँको नजरमा अत्यन्त तुच्छ हुनेछु।

यसरी विचार गरेपछि भगवान् श्रीकृष्णसँग अक्रूरले भने— यो त्यही स्यमन्तकमणि हो, जुन शतधन्वाले मलाई दिएका थिए तथा शतधन्वाको मृत्यु भैसकेपछि ममा उत्पन्न भएको विचारअनुसार हजुर जुनसुकै समयमा पनि यो स्यमन्तक मणि मागेर लिनसक्नुहुन्छ। यस्तो विचार गर्दै आजसम्म अत्यन्त

कष्टपूर्वक यो मणिलाई लुकाएर राखेको थिएँ। यसलाई राख्दाका अवस्थामा मलाई जुन दुःख भयो, त्यसबाट आजसम्म मेरो मनले शान्तिपूर्वक उपभोग्य वस्तुहरूको पनि उपभोग गर्न सकेको छैन। मैले अहिलेसम्म अलिकति मात्र पनि सुखको अनुभव गर्न सकेको छैन। भगवान् श्रीकृष्णले मनन गर्नुहुनेछ, यो व्यक्ति राज्यको अत्यन्त कल्याण गर्ने स्वभाव भएको थोरै भार भएको वस्तु पनि धारण गर्न असमर्थ छ; यसैले मैले यस विषयमा हजुरलाई केही नबताएको हुँ। अब हजुर यो स्यमन्तक मणि स्वीकार गर्नुहोस्। हजुरको चाहनाअनुसार जसलाई दिंदा उचित हुन्छ, त्यसैलाई दिनुहोस्। यसरी अक्रूरले आफ्नो धोतीमा लुकाएर राखिएको अत्यन्त सानो सुनको जन्तरमा राखिएको स्यमन्तकमणि बाहिर निकाले। त्यस सुनको जन्तरबाट निकालेर त्यस मणिलाई यादवसमाजका अगाडि राखिदिए। त्यसरी राखिएपछि त्यो सबै स्थान स्यमन्तक मणिको अत्यन्त तीव्र कान्तिका प्रभावले अत्यधिक उज्यालो भयो। शतधन्वाले मलाई यो स्यमन्तक मणि दिएका थिए। अब यस मणिमा जसको अधिकार लाग्दछ, त्यसैले लिनुहोला। त्यस समयमा मणिलाई देखेर आश्चार्यचकीत भएका यदुवंशीहरूका मुखबाट धन्यवाद ! धन्यवाद !! आवाज निस्किएर गुञ्जायमान भयो। त्यसपछि त्यस मणिलाई देखेर बलरामले यसमा भगवान् श्रीकृष्णका जसरी नै मेरो पनि समान अधिकार रहेको छ भनेर उनले पनि त्यो आफूले प्राप्त गर्नुपर्ने अभिलाषा व्यक्त गरे तथा यो मेरो पिताको सम्पत्ति हो, त्यसकारण यसमा मेरो मात्र अधिकार लाग्दछ भन्दै सत्यभामाले पनि त्यो मणि प्राप्त गर्न आफू उत्साहित भएको प्रष्ट्याइन्। बलराम र सत्यभामा यी दुवैको अवस्थालाई देखेर भगवान् श्रीकृष्ण चक्काका बीचमा परेको जीव समान हुनभयो अथवा उहाँ असमन्जसमा पर्नुभयो।

त्यसपछि भगवान् श्रीकृष्णले सबै यादवहरूका अगाडि अक्रूरसँग भन्नुभयो– ममा आरोपित अपवाद हटाउनका लागि मैले यो स्यमन्तक मणि सबै यादवहरूका अगाडि देखाउन लगाएको हुँ, यसबाट मेरो आत्मशुद्धि भयो। यस मणिमा बलरामको र मेरो बराबर अधिकार रहेको छ तथा यो सत्यभामाको पैतृक सम्पत्ति हो। त्यसैले यसमा सत्यभामाबाहेक अन्य कसैको पनि अधिकार लाग्दैन। यसलाई सधैँ अत्यन्त पवित्रतापूर्वक र ब्रह्मचर्यमा रहेर धारण गर्नुपर्दछ। यसरी

धारण गर्दा यो स्यमन्तक मणिले समग्र राष्ट्रको कल्याण पनि गर्दछ अर्थात् राज्यमा कुनै किसिमको आपत्कालीन अवस्था उत्पन्न हुन सक्दैन। यसका विपरीत अपवित्रतापूर्वक यसलाई धारण गर्नाले धारण गर्नेको निश्चित रूपमा विनाश हुन्छ। मैले सोह्र हजार स्त्रीहरूसँग विवाह गरिसकेको छु। त्यसकारण म यो स्यमन्तक नाम भएको महामणि धारण गर्न पूर्ण रूपमा असमर्थ रहेको छु। सत्यभामाले पनि यसलाई धारण गर्न सक्ने सम्भावना छैन। किनकि यिनी मेरै पत्नी हुन् र दाजु बलरामले पनि मदिरापानलगायत उपभोगको त्याग गर्न सक्ने सम्भावना छैन। यसकारण यी सम्पूर्ण यादवहरू, सत्यभामा, बलराम म श्रीकृष्ण हामी सबै मिलेर तपाईंसँग प्रार्थना गर्दछौँ कि तपाईं मात्र यो स्यमन्तक नाम भएको महमणि धारण गर्नका लागि सक्षम हुनुहुन्छ तथा तपाईंसँग रहँदाका अवस्थामा यो सम्पूर्ण राज्यका लागि कल्याणदायक हुनेछ। यसकारण तपाईंले नै सम्पूर्ण राज्यको कल्याणका लागि पहिलेका जसरी नै धारण गर्नुहोस्। तपाईंले यसका विपरीत केही पनि नबोल्नुहोला। भगवान् श्रीकृष्णले यसरी बताइसकेपछि अक्रूरले हजुरको जो आज्ञा भनेर त्यो स्यमन्तक मणि लिए। त्यसपछि त्यो मणिलाई आफ्नो घाँटीमा धारण गरेर सूर्यले जसरी नै चारैतिर प्रकाश फैलाउँदै सबैतिर विचरण गर्न थाले अर्थात् आनन्दपूर्वक घुम्न थाले। यो भगवान् श्रीकृष्णलाई लागेको असत्य अपवादको शुद्धिकरण गरिएको कथा जसले सुन्दछ, स्मरण गर्दछ र श्रद्धापूर्वक यसको चिन्तन गर्दछ; उसलाई कुनै पनि समयमा अलिकति मात्र पनि असत्य आरोप लाग्न सक्दैन र उसका सबै इन्द्रियहरू सक्षम रहनेछन् तथा ऊ सबै किसिमका पापबाट पूर्ण रूपमा मुक्त हुनेछ।

पराशरले भन्नुभयो—अनमित्रका भाइका रूपमा शिनि उत्पन्न भएका थिए। शिनिका पुत्ररत्नका रूपमा सत्यक र सत्यकका पुत्ररत्नका रूपमा सात्यकि उत्पन्न भएका थिए, जसको अर्को नाम युयुधान रहेको थियो। सात्यकिका पुत्रका रूपमा अङ्गस , असङ्गका पुत्ररत्नका रूपमा तूणि र तूणिको पुत्ररत्नका रूपमा युगन्धर उत्पन्न भएका थिए। यी युगन्धर नै शैनेयका नामबाट प्रख्यात भए। पृश्नि अनमित्रका वंशमा उत्पन्न भएका थिए। पृश्निका पुत्ररत्नका रूपमा श्वफल्क उत्पन्न भएका थिए। यी श्वफल्कको प्रभाव र महिमाका विषयमा यसभन्दा पहिल्यै

बताइसकिएको छ। श्वफल्कका एउटा चित्रक नाम भएका भाइ थिए। श्वफल्कका पुत्ररत्नका रूपमा गान्दिनीका गर्भबाट अक्रूर उत्पन्न भएका थिए र श्वफल्ककी सुतारा नाम भएकी एउटी कन्या पनि थिइन् तथा श्वफल्ककी दोस्री पत्नीबाट अरू कयौँ पुत्र उत्पन्न भएका थिए। जस्तै– उपमद्‌गु, मृदर, विशारि, मेजय, गिरिक्षत्र, उपक्षत्र, शत्रुघ्न, विमर्दन, धर्मधृक्, दृष्टशर्म, गन्धमोज, वाह र प्रतिवाह रहेका थिए। अक्रूरका दुई पुत्ररत्नका रूपमा देववान् र उपदेव उत्पन्न भएका थिए। चित्रकका पृथु, विपृथुलगायतका अनेकौँ पुत्रहरू उत्पन्न भएका थिए। अन्धकका चार पुत्ररत्नका रूपमा कुकुर, भजमान, शुचिकम्बल र बर्हिष उत्पन्न भएका थिए। यिनीहरूमध्ये कुकुरका पुत्ररत्नका रूपमा धृष्ट, धृष्टका पुत्ररत्नका रूपमा कपोतरोमा, कपोतरोमाका पुत्ररत्नका रूपमा विलोमा, विलोमाका पुत्रका रूपमा तुम्बरुका मित्र भव उत्पन्न भएका थिए। उनको अर्को एउटा नाम चन्दनोदक दुन्दुभि पनि थियो। भवका पुत्ररत्नका रूपमा अभिजित्, अभिजित्का पुत्ररत्नका रूपमा आहुक र पुत्रीरत्नका रूपमा आहुकी उत्पन्न भएका थिए। आहुकका दुई पुत्ररत्नका रूपमा देवक र उग्रसेन उत्पन्न भएका थिए। देवकका चारोटा पुत्रका रूपमा देववान्, उपदेव, सुदेव र देवरक्षित उत्पन्न भएका थिए। देवककी सातोटी कन्यारत्नका रूपमा वृकदेवा, उपदेवा, देवरक्षिता, श्रीदेवा, शान्तिदेवा, सहदेवा र देवकी उत्पन्न भएका थिए। वसुदेवले यी सातओटै कन्याहरूसँग विवाह गरेका थिए। उग्रसेनका पुत्ररत्नहरूका रूपमा कंस, न्यग्रोध, सुनाम, कङ्क, शङ्कु, स्वमूभि, राष्ट्रपाल, युद्धमुष्टि र तुष्टिमान् उत्पन्न भएका थिए। उनकी पाँचोटी कन्याको नाम कंसा, कंसावती, सुतनु, राष्ट्रपाली र कङ्की रहेको थियो। भजमान्का पुत्ररत्नका रूपमा विदूरथ, विदूरथका पुत्ररत्नका रूपमा शूर, शूरका पुत्ररत्नका रूपमा शमी, शमीका पुत्ररत्नका रूपमा प्रतिक्षत्र, प्रतिक्षत्रका पुत्ररत्नका रूपमा स्वयम्भोज, स्वयम्भोजका पुत्ररत्नका रूपमा हृदिक, हृदिकका पुत्ररत्नका रूपमा कृतवर्मा, कृतवर्माका पुत्ररत्नका रूपमा शतधनु र देवमीढुष उत्पन्न भएका थिए। देवमीढुषका एक मात्र पुत्ररत्नका रूपमा शूर उत्पन्न भएका थिए। शूरकी पत्नी मारिषा थिइन्। मारिषाका गर्भबाट शूरले वसुदेवसहित दसोटा पुत्र उत्पन्न गराएका थिए। वसुदेवको जन्मिदाका समयमा भविष्यका ज्ञाता र द्रष्टा अर्थात्

रोकतोक नभएको दृष्टिबाट यिनका घरमा भगवान्ले अंशावतार लिनुहुने देखे। त्यसकारण उनीहरूले मृद र दुन्दुभि (दमाहा) नाम भएका बाजा बजाएकाले वसुदेवको एउटा नाम आनक-दुन्दुभि भयो । यिनका देवभोग, देवश्रवा, अनाधृष्टि, करुन्धक, वत्सबालक, सृञ्जय, श्याम, शमीक र गण्डूष नाम भएका नौ भाइ र पृथा, श्रुतदेवा, श्रतकीर्ति, श्रुतश्रवा र राजाधिदेवी नाम भएकी पाँच बहिनी थिए वसुदेवका पिता शूरका कुन्तिभोज नाम भएका एउटा मित्र थिए। कुन्तिभोजका कुनै पनि सन्तान थिएनन्। यसैले शूरसेनले शास्त्रीय विधिअनुसार पाल्न पोस्नयोग्य कन्याका रूपमा आफ्नी कन्या पृथा उनलाई दिए। यिनै पृथासँग पाण्डुको विवाह भयो। यिनै पृथाका गर्भबाट पाण्डुका पुत्ररत्नका रूपमा धर्मबाट युधिष्ठिर, वायुबाट भीम र इन्द्रबाट अर्जुन नाम भएका तीन पुत्रहरू उत्पन्न भए तथा विवाह हुनुभन्दा पहिले नै सूर्यले पृथाका गर्भबाट कर्ण नाम भएका कानीन (विवाह हुनुभन्दा पहिले कन्याका गर्भबाट उत्पन्न भएको पुत्रलाई कानीन भनिन्छ) पुत्र उत्पन्न गराएका थिए । पृथाकी माद्री नाम भाएकी एक सपत्नी (सौता) थिइन्। उनका गर्भबाट दुई अश्विनीकुमारहरूले दुइटा पुत्र उत्पन्न गराएका थिए, जसको नाम नकुल र सहदेव थियो। सूरसेनकी अर्की कन्या श्रुतदेवासँग वृद्धशर्मा नाम भएका कारूषले विवाह गरेका थिए। उनको गर्भबाट दन्तवक्र नाम भएको अत्यन्त पराक्रमी पुत्र उत्पन्न भयो। श्रुतकीर्तिसँग कैकेयराजले विवाह गरेका थिए। यिनै श्रुतकीर्तिको गर्भबाट सन्तर्दनलगायतका पाँचोटा पुत्र उत्पन्न भएका थिए, यिनीहरू कैकेयका नामबाट प्रख्यात भए । अवन्तिराजले राजाधिकादेवीसँग विवाह गरे, जसका गर्भबाट विन्द र अनुविन्द नाम भएका दुइटा पुत्र उत्पन्न भएका थिए। चेदिराज दमघोषले श्रुतदेवासँग विवाह गरेर शिशुपाल नाम भएको पुत्र उत्पन्न गराएका थिए। यो शिशुपाल पूर्वजन्ममा अनाचारी र अतिपराक्रमशाली दैत्यहरूको आदिपुरुष हिरण्यकशिपु थियो। यो हिरण्यकशिपुको वध श्रीविष्णुबाट भएको थियो भने अर्को जन्ममा यही हिरण्यकशिपु रावणका रूपमा उत्पन्न भयो। जसले इन्द्रलाई पनि पराजित गरेको थियो । त्यो रावणले धेरै समयसम्म विभिन्न किसिमका भोग्य पदार्थहरूको उपभोग गर्‍यो र पछि यसको मृत्यु भगवान्कै हातबाट भयो। यसरी पुण्यबलका प्रभावले भगवान् श्रीरामद्वारा यो मारिएको थियो

। त्यसपछि त्यही रावण चेदिराज दमघोषको पुत्रका रूपमा शिशुपाल नाम लिएर उत्पन्न भयो। शिशुपाल भएपछि पनि पृथ्वीको भार हरण गर्नका लागि अवतार लिनुभएका भगवान् श्रीकृष्णसँग द्वेषभाव राख्न थाल्यो। त्यसपछि भगवान् श्रीकृष्णद्वारा यो मारियो र परमात्मा भगवन्प्रति सधैँ आफ्नो मन एकाग्र भएका कारणले उसले सायुज्य (जसमा जीवात्मा परमात्मासँग नछुट्टिने किसिमले समायो जित हुन्छ) मुक्ति प्राप्त गऱ्यो। भगवान् प्रसन्न हुनुभएको अवस्थामा जसरी आफ्नो चाहनाअनुसारको वर दिनुहुन्छ, त्यसरी नै अप्रसन्न भएका अवस्थामा मृत्युपछि अनुपन स्थान प्राप्त गराइदिनुहुन्छ।

मैत्रेयले भने– हजुर सबै धर्मज्ञाहरूमा सर्वश्रेष्ठ हुनुहुन्छ। त्यसकारण अत्यन्त कौतूहल उत्पन्न भएकाले म एउटा विषयमा सविस्तार सुन्न चाहन्छु। तपाईंले ममा कृपा गरेर सुनाइदिनुस्। ममा उत्पन्न भएको जिज्ञासा हो, यसभन्दा पहिले पनि शिशुपाल हिरण्यकशिपु र रावण भएर भगवान्द्वारा मारियो र अनेक प्रकारका देवताहरूका लागि पनि अत्यन्तै दुर्लभ मानिएका भोगहरूको उपभोग गऱ्यो, तर भगवान्द्वारा मारिएपछि त्यसै जन्ममा किन भगवान्मा विलीन भएन ? यसको कारण के थियो ? र शिशुपाल भएपछि उहाँ भगवान्द्वारा नै मारिएपछि उहाँ सनातनमा किन विलीन भयो ? अर्थात् सायुज्य (पाँचथरी मुक्तिमध्ये एक, जसमा परमात्मामा र जीवात्मामा नछुट्टिने किसिमले मिल्न जान्छन्) मुक्ति प्राप्त गऱ्यो, यसको कारण के थियो ?

पराशरले भन्नुभयो– शिशुपाल हिरण्यकशिपु भएर जन्मिएको अवस्थामा दैत्यराज हिरण्यकशिपुको वध गर्नका लागि सम्पूर्ण लोकहरूको उत्पत्ति, पालन र संहार गर्नुहुने परब्रह्म परमात्माले शरीर धारण गर्दाका समयमा नृसिंहरूप प्रकट गराउनु भएको थियो। त्यस समयमा हिरण्यकशिपुका मनमा यो नृसिंहरूपमा परमात्मा श्रीविष्णु प्रकट हुनुभएको हो भन्ने भावना उत्पन्न हुन सकेन। उसको मान्यताअनुसार यो अत्यन्त पुण्यसम्पन्न प्राणी हो। यसरी रजोगुणबाट अभिप्रेरित भएर उसले मृत्युको समयमा एकाग्रतापूर्वक यस प्रकार याचना गरेको थियो। त्यसकारण उसको अन्तरात्मामा ईश्वरीय भावना नरहेकाले भगवान्द्वारा मारिएको भए तापनि उसले सायुज्य मुक्ति प्राप्त नगरेर तीनोटै लोकका बीचमा

अत्यधिक भोग्य सम्पत्ति भएको रावणका रूपमा जन्म लियो। यसै कारणले गर्दा हिरण्यकशिपुको मन श्रीविष्णुमा नलागेको हुनाले ऊ उहाँमा विलीन भएन। यसरी रावणका रूपमा जन्म लिएपछि पनि उसको मन पूर्ण रूपमा कामवासनाको नियन्त्रणमा रहेकाले सीतामा अत्यन्तै आसक्त भएको थियो । दशरथका छोरा भगवान्को दर्शन मात्र भयो, तर श्रीरामचन्द्र नै स्वयं भगवान् हुनभएकको उसलाई ज्ञान हुन सकेन अर्थात् स्वयं भगवान्ले श्रीरामचन्द्रको रूप धारण गर्नु भएको कुरा उसको मनमा उत्पन्न हुन सकेन । उसको अन्तरात्माले उहाँलाई केवल मुनष्यमात्र देख्न सक्यो अथवा उसले उहाँमा मनुष्यबुद्धि मात्र राख्यो। फेरि परब्रह्म परमात्मा श्रीअच्युतद्वारा मारिएको फलस्वरूप यसले समग्र पृथ्वीलोकमा अतिप्रशंसनीय चेदिराजका कुलमा शिशुपालको रूपमा जन्म लिएर नाश नहुने ऐश्वर्य प्रप्त गऱ्यो । शिशुपालको जन्ममा अन्य पनि अनेकौँ कारण रहेका थिए। जसले गर्दा ऊ प्रायः भगवान्का नामको स्मरण गरिरहन्थ्यो । अनेकौँ जन्मदेखि नै उसले आफ्नो चित्तमा भगवान्प्रति द्वेषभाव राखेर तिरस्कार पनि भगवान्का अनेकौँ नामको उच्चारण गरिरहेको हुन्थ्यो। त्यस समयमा पनि शत्रुताका कारणले गर्दा शिशुपालको अन्तरात्मा भोजन, स्नान, आसनग्रहण र शयन गर्दाका अवस्थामा पनि पूर्ण रूपमा भगवान्का स्वरूपको स्मरणमा लागिरहेको हुन्थ्यो । शिशुपाल निन्दा गर्दाका समयमा पनि भगवान्को नाम उच्चारण गर्दै अत्यन्त एकाग्रतापूर्वक उहाँकै चिन्तन गर्न थाल्यो र सबै समयमा आफ्नो वध गर्नका लागि भगवान्ले आफ्नो सुदर्शन चक्र चलाएको मात्र देख्न थाल्यो तथा त्यस चक्रको अत्यन्तै तेजिलो प्रकाशमा परम उज्वल परब्रह्मस्वरूप रागद्वेषादि दोषहरूबाट पूर्ण रूपमा अलग अविनाशी प्रकाशमय परब्रह्म परमात्मा विराजमान हुनुभएको देख्न थाल्यो। शिशुपालमा यस किसिमको मानसिक भावना रहन्थ्यो र त्यसै अवस्थामा भगवान्ले आफ्नो सुदर्शन चक्र चलाएर त्यसको वध गरिदिनुभयो । यसकारण भगवान्द्वारा मारिएको शिशुपाल सबै पापबाट पूर्ण रूपमा मुक्त भएर उहाँमा नै विलीन भयो । यसरी यो सबै अत्यन्त महत्त्वपूर्ण रहस्यका विषयमा तिमीलाई सविस्तार बताइदिएँ।

भगवान्ले त अत्यन्त द्वेषभावपूर्वक भए पनि उहाँको कीर्तन र स्मरण

गर्नेलाई देवता र असुरहरू लागि अत्यन्तै दुर्लभ मानिएको परमफल दिनुहुन्छ भने राम्ररी भक्ति गर्ने भक्तिसम्पन्न पुरुषहरूका विषयमा त भन्नु नै के छ र ? अर्थात् उनीहरूलाई त स्वतःसिद्ध रूपमा परमफल प्राप्त हुन्छ। आनकदुन्दुभि वसुदेवका पौरवी, रोहिणी, मदिरा, भद्रा र देवकीसहित अनेकौँ पत्नी थिए। तिनीहरूमध्ये आनकदुन्दुभिका पुत्ररत्नका रूपमा रोहिणीका गर्भबाट बलभद्र, शारण, शठ र दुर्दमलगायतका अनेकौँ पुत्र उत्पन्न भएका थिए। बलभद्रका दुइटा पुत्ररत्नका रूपमा रेवतीका गर्भबाट निशठ र उल्मुक उत्पन्न भएका थिए। मार्ष्टि, मार्षिमान्, शिशिर र सत्यधृतिलगायत शारणका पुत्ररत्नका रूपमा उत्पन्न भएका थिए। यसबाहेक भद्राश्व, भद्रबाहु, दुर्दम र भूतसमेतरोहिणीकै कुलमा उत्पन्न भएका थिए। मदिराका पुत्ररत्नका रूपमा नन्द, उपनन्द र कृतक आदि उत्पन्न भएका थिए। भद्राका पुत्ररत्नका रूपमा उपनिधि र गद उत्पन्न भएका थिए। आनकदुन्दुभिले वैशालीका गर्भबाट कौशिक नाम भएका एक पुत्र उत्पन्न गराएका थिए। देवकीका गर्भबाट कीर्तिमान्, सुषेण, उदापि, भद्रसेन, ऋजुदास र भद्रदेव नाम भएका छओटा पुत्र उत्पन्न भएका थिए। यिनीहरू सबैलाई कंसले मारिदिएको थियो। त्यसपछि देवकीका गर्भमा सातौँ गर्भाधान भगवान्को प्रेरणाबाट अभिप्रेरित भएर योगमायाले देवकीको सातौँ गर्भलाई आधारातमा आकर्षण गरेर अर्थात् तानेर रोहिणीकागर्भाशयमास्थापना गरिदिनइन्। आकर्षण गरिएकाले यस बालकको नाम सङ्कर्षण भयो। त्यसपछि परब्रह्म परमात्मा श्रीवासुदेवले पृथ्वीको भारहरण गर्नका लागि सुप्रसन्न भएर देवकीका गर्भबाट अवतार लिनुभयो। भगवान्को कृपा प्राप्त गरेर वृद्धिप्राप्त मान र अभिमानसहित योगनिद्रा पनि नन्दगोपकी पत्नी यशोदाका गर्भमा स्थापित हुनुभयो। भगवान्ले जन्म लिएपछि समग्र जगत् अतिप्रसन्न भयो अर्थात् संसारमा भएको अधर्म पूर्ण रूपमा समाप्त भयो, सूर्य चन्द्रलगायतका ग्रह प्रसन्न भए, हिंसक जनावरहरूको भय समाप्त भएकाले लोक निश्चिन्त भयो। भगवान्ले जन्म ग्रहण गरिसकेपछि उहाँले जगत्लाई सन्मार्गमा लगाइदिनु भयो। यस संसारमा अवतार लिनुभएका भगवान्का सोह्र हजार एक सय पत्नी थिए। ती पत्नीहरूमा रुक्मिणी, सत्यभामा, जाम्बवती र चारुहासिनी जस्ता आठ पत्नी मुख्य थिए। भगवान् श्रीकृष्णले ती पत्नीहरूबाट एक लाख असी हजार पुत्र

उत्पन्न गराउनुभयो। ती पुत्रहरूमध्ये प्रद्युम्नले रुक्मिकी पुत्री ककुद्वतीसँग विवाह गरे। ककुद्वतीका भर्गबाट अनिरुद्ध जन्मिए। अनिरुद्धको पनि रुक्मिकी नातिनी सुभद्रासँग विवाह भयो। सुभद्राका गर्भबाट वज्र नाम भएका पुत्र जन्मिए। वज्रका पुत्ररत्नका रूपमा प्रतिबाहु, प्रतिबाहुका पुत्ररत्नका रूपमा सुचारु उत्पन्न भए। यसप्रकार हजारौँ पुरुषहरूद्वारा सुशोभित यदुकुलका पुरुषहरूको सङ्ख्या एक हजार वर्षहरूमा पनि यकिन हुन सक्दैन। यसकारण यो भनाइ चरितार्थ हुन्छ। जस्तै- यदुकुमारहरूलाई धनुर्विद्याको शिक्षा दिनका लागि तीन करोड अठासी लाख घरायसी शिक्षकहरू सधैँ कार्यरत रहन्थे भने ती महात्मा यादवहरूको सङ्ख्याको गणना गर्ने सामर्थ्य कसमा रहेको हुन सक्छ ? यी यादवहरूको सङ्ख्या गणना गर्न नसकिने किसिमको थियो। जति महाबली दैत्यहरू देवता र असुरको युद्धमा मारिएका थिए, ती सबैले उत्पात मच्चाउनका लागि मनुष्यलोकमा राजाका रूपमा अवतार लिएका थिए। तिनीहरूको पूर्ण रूपमा विनाश गर्नका लागि श्रीवासुदेवले यदुकुलमा जन्म लिनुभएको हो। यी यदुबाट एक सय एक कुल भयो। यी यादवहरूको कार्य र अकार्यको नियन्त्रण र यिनीहरूको पालनपोषण गर्ने श्रीविष्णु हुनुहुन्थ्यो तथा सबै यादव उहाँकै आदेशमा आधारित रहेका थिए।

यो यदुवंशको संक्षिप्त विवरणका विषयमा मैले तिमीलाई बताइदिएँ। अब तर्वसुको वंशका विषयमा सुन। तर्वसुका पुत्ररत्नका रूपमा वह्नि, वह्निका पुत्रका रूपमा गोभानु, गोभानुका पुत्रका रूपमा त्रैसाम्ब, तैसाम्बका पुत्ररत्नका रूपमा करन्धम तथा करन्धमका पुत्ररत्नका रूपमा मरुत् उत्पन्न भए। यी मरुत्का कुनै सन्तान भएनन्। त्यसैले यिनले पुरुवंशीय दुष्यन्तलाई आफ्नो पुत्र बनाए। यसकारण ययातिको श्रापले गर्दा तर्वसुको वंश पुरुवंशमा आश्रित भयो।

द्रुह्युका पुत्ररत्नका रूपमा ब्रभु, बभ्रुका पुत्ररत्नका रूपमा सेतु, सेतुका पुत्ररत्नका रूपमा आरद्वान्, आरद्वान्का पुत्ररत्नका रूपमा गान्धार, गान्धारको पुत्ररत्नका रूपमा धर्म, धर्मका पुत्ररत्नका रूपमा धृत, धृतका पुत्ररत्नका रूपमा दुर्गम, दुर्गमका पुत्ररत्नका रूपमा प्रचेता उत्पन्न भए तथा प्रचेताका एकसय पुत्रहरू अधर्म बहुलले उत्तर दिशामा रहेका म्लेचछहरूमाथि आफ्नो अधिकार स्थापित गरेका थिए।

ययातिका चारौँ पुत्र अनुका पुत्ररत्नका रूपमा सभानर, चाक्षुष र परमेक्षु नाम भएका तीन पुत्र उत्पन्न भएका थिए। सभानरका पुत्ररत्नका रूपमा कालनर, कालनरका पुत्ररत्नका रूपमा सृञ्जय, सृञ्जयका पुत्ररत्नका रूपमा परञ्जय, परञ्जयका पुत्ररत्नका रूपमा जनमेजय, जनमेजयका पुत्ररत्नका रूपमा महामणि, महामणिका पुत्ररत्नका रूपमा महामना, महामनाका दुइटा पुत्ररत्नका रूपमा उशीनर र तितिक्षु उत्पन्न भएका थिए। उशीनरका पाँचोटा पुत्ररत्नका रूपमा शिवि, नृप, नर, कृमि र खर्व उत्पन्न भएका थिए। शिविका चारोटा पुत्ररत्नका रूपमा वृषदर्भ, सुवीर, कैकय र भद्रक उत्पन्न भएका थिए। तितिक्षुका पुत्ररत्नका रूपमा उशद्रथ, उशद्रथका पुत्ररत्नका रूपमा हेम, हेमका पुत्ररत्नका रूपमा सुतपा, सुतपाका पुत्रका रूपमा बलि उत्पन्न भएका थिए। ती बलिको शरीरबाट दीर्घतमा नाम भएका ऋषिले अङ्ग , वङ्ग , कण्ड्रलिङ्ग , सुह्मर पुण्ड यी पाँच बालेय नाम भएका क्षत्रियहरू उत्पन्न गराए। यी बलिका पुत्रहरूको नामअनुसार अङ्ग , वङ्ग , कण्ड्रलिङ्ग लगायत पाँचोटा देशका नाम भए। यिनीहरूमध्ये अङ्गका पुत्ररत्नका रूपमा पार, पारका पुत्ररत्नका रूपमा दिविरथ, दिविरथका पुत्ररत्नका रूपमा चित्ररथ, चित्ररथका पुत्ररत्नका रूपमा दशरथ उत्पन्न भए। यी दशरथका अर्को एउटा रोमपाद नाम भएका पुत्ररत्न उत्पन्न भएका थिए। ती रोमपादका अनेकौँ पुत्रहरू थिए तर कन्या थिएनन् । त्यसकारण अजका पुत्र दशरथले उनलाई धर्मपुत्रीका रूपमा शान्ता नाम भएकी कन्या दिए। रोमपादका एउटा पुत्ररत्न उत्पन्न भए, जसको नाम तुर रहेको थियो। तुर का पुत्ररत्नका रूपमा पृथुलाक्ष, पृथुलाक्षका पुत्ररत्नका रूपमा चम्प उत्पन्न भए, जसले चम्पापुरी नाम गरेको नगर बसाएका थिए। चम्पका पुत्ररत्नका रूपमा हर्य , हर्य का तीनोटा पुत्ररत्नका रूपमा भद्ररथ, बृहद्रथ र बृहत्कर्मा उत्पन्न भएका थिए। बृहत्कर्माका पुत्ररत्नका रूपमा बृहद्भानु, बृहद्भानुका पुत्ररत्नका रूपमा जयद्रथ उत्पन्न भएका थिए। जयद्रथले ब्राह्मण र क्षत्रियको सम्भोगबाट उत्पन्न भएकी पत्नीका गर्भबाट विजय नाम भएका एउटा पुत्र उत्पन्न गराए। विजयका धृति नामका एक पुत्र उत्पन्न भएका थिए । धृतव्रतका पुत्ररत्नका रूपमा सत्यकर्मा, सत्यकर्माका पुत्रका रूपमा अधिरथ उत्पन्न भएका थिए। यिनै अधिरथले गङ्गामा गएका बखत

पृथाले अविवाहित अवस्थामा नै सूर्यबाट उत्पन्न गराएर काठको बाकसमा राखेर गङ्गामा बगाइदिएका कर्णलाई पुत्रका रूपमा प्राप्त गरेका थिए। यी कर्णका वृषसेन नाम भएका पुत्र उत्पन्न भएका थिए। यहाँसम्म अ वंशका विषयमा वर्णन गरियो। यसपछि म तिमीलाई पुरुको वंशका विषयमा बताउँछु।

पुरुका पुत्ररत्नका रूपमा जनमेजय उत्पन्न भएका थिए। जनमेजयका पुत्ररत्नका रूपमा प्रचिन्वान् उत्पन्न भएका थिए भने प्रचिन्वान्का पुत्ररत्नका रूपमा प्रवीर उत्पन्न भएका थिए। प्रवीरका पुत्ररत्नका रूपमा मनस्यु उत्पन्न भएका थिए भने मनस्युका पुत्ररत्नका रूपमा अभयद उत्पन्न भएका थिए। यसैगरी अभयदका पुत्ररत्नका रूपमा सुद्युम्न उत्पन्न भएका थिए भने सुद्युम्नका पुत्ररत्नका रूपमा बहुगव उत्पन्न भएका थिए र बहुगवका पुत्ररत्नका रूपमा सम्पात्रि उत्पन्न भएका थिए। यसरी नै सम्पत्तिबाट अहम्पात्रि उत्पन्न भए। अहम्पातिका पुत्रका रूपमा रौद्राश्व उत्पन्न भएका थिए भने रौद्राश्वका पुत्ररत्नका रूपमा ऋतेयु, कृतेयु, कक्षेयु, स्थण्डिलेयु, धृतेयु, स्थलेयु, सन्ततेयु र वनेयु नाम भएका दसोटा पुत्र उत्पन्न भएका थिए। ऋतेयुका पुत्ररत्नका रूपमा रन्तिनार उत्पन्न भएका थिए। रन्तिनारका तीन पुत्ररत्नका रूपमा तंशु, अप्रतिरथ र ध्रुव उत्पन्न भएका थिए। अप्रतिरथका पुत्ररत्नका रूपमा कण्व उत्पन्न भएका थिए भने कण्वका पुत्ररत्नका रूपमा मेघातिथि उत्पन्न भएका थिए। यसरी नै मेघातिथिका पुत्ररत्नका रूपमा काण्वायन नाम भएका ब्राह्मणहरू उत्पन्न भए। तंशुका पुत्ररत्नका रूपमा अनिल उत्पन्न भएका थिए भने अनिलका पुत्ररत्नका रूपमा दुष्यन्त लगायतका चार पुत्रहरू उत्पन्न भएका थिए। दुष्यन्तका पुत्ररत्नका रूपमा अत्यन्तै चक्रवर्ती राजा भरत उत्पन्न भएका थिए।

जसको प्रशंसामा देवताहरूले निम्न कुरा स्मरण गर्दछन्। माता छालाबाट बनाइएको सामान राख्ने भाँडो जस्ती मात्र हुन्छिन्, पुत्रमा पूर्ण रूपमा पिताको मात्र अधिकार रहेको हुन्छ, पुत्रले जसकी विवाहिता पत्नीबाट जन्म लिन्छ, त्यो उसैको स्वरूप हुन्छ। हे दुष्यन्त ! तिमीले आफ्नो पुत्रको पालनपोषण गर, शकुन्तलाको अपमान नगर! आफ्नो वीर्यबाट उत्पन्न भएको पुत्रले आफ्ना पिताको यमलोकबाट उद्धार गरेर स्वर्गलोकमा पुऱ्याउँछ। तिमीले यस युगका लागि वीर्यदान गरेका

हौ, शकुन्तलाले यो कुरा सत्य बताएकी हुन्। राजा भरतका तीन पत्नीहरू थिए, जसबाट उनका नौ पुत्ररत्नहरू उत्पन्न भएका थिए। राजा भरतले यी पुत्र मजस्ता छैनन भनेर आफूलाई परित्याग गरिदिने छन् भन्ने भयले मातासहरूले ती पुत्रहरूको हत्या गरिदिए। यसप्रकार पुत्रजन्म विफल भएपछि चक्रवर्ती राजा भरतले मरुत्सोम नाम भएको यज्ञ गरे। त्यस समयमा मरुद्‌गणहरूले उनलाई भरद्वाज नाम भएका एक पुत्र उपलब्ध गराइदिए। दीघतर्मा ऋषिको खुट्टाको प्रहारबाट पर्याँकिएको बृहस्पतिको वीर्यद्वारा उतथ्यकी पत्नी ममताका गर्भबाट भरद्वाजको जन्म भएको थियो। ती भरद्वाजको प्रशस्तिमा यस्तो कुरा प्रचलनमा रहेको छ।

भरद्वाजको जन्म भएपछि बृहस्पतिले ममतासँग भने– यो पुत्र द्वाज अर्थात् हामी दुईबाट उत्पन्न भएको हो, यसैले तिमीले यसको पालनपोषण गर।

ममताले भनिन्– यो पुत्र हामी दुवैबाट उत्पन्न भएको हो। त्यसकारण तिमीले यसको पालनपोषण गर।

पराशरले भन्नुभयो– यसरी आपसमा विवाद गर्दागर्दै उसका मातापिता बालकलाई छाडेकाले गर्दा उनको नाम भरद्वाज रहन गएको हो। आफ्ना पुत्रहरूको जन्म हुन नसकेपछि मरुद्‌गणहरूले चक्रवर्ती राजा भरतलाई पुत्रका रूपमा यिनै बालक भरद्वाज दिएका थिए। भरतका पुत्रको जन्म नभएको हुनाले यिनको नाम वितथ पनि रहेको थियो। वितथका पुत्ररत्नका रूपमा भवन्मन्यु उत्पन्न भएका थिए। भवमन्युका पुत्ररत्नहरूका रूपमा बृहक्षेत्र, महावीर्य, नर र गर्ग जस्ता अनेकौँ पुत्र उत्पन्न भएका थिए। नरका पुत्ररत्नका रूपमा संकृति उत्पन्न भए भने संकृतिका दुई पुत्ररत्नहरू उत्पन्न भएका थिए, जसको नाम रुचिरधी र रन्तिदेव रहेको थियो। गर्गका पुत्ररत्नका रूपमा शिनि उत्पन्न भएका थिए तथा शिनिबाट गार्ग्य र शैन्य नाम भएका क्षत्रियको संस्कार भएका ब्राह्मणहरू उत्पन्न भएका थिए। महावीर्यको उरुक्षय नाम भएको एक पुत्र उत्पन्न भएको थियो। यी उरुक्षयका त्र्यारुण, पुष्करिण्य र कपिल नाम भएका तीन पुत्र उत्पन्न भएका थिए। त्यसपछि यी तीनोटैका पुत्रहरूले ब्राह्मणत्व प्राप्त गरेका थिए अर्थात् यिनीहरूका पुत्रहरू क्षत्रिय संस्कार भएका ब्राह्मण बनेका थिए। बृहत्क्षेत्रका पुत्ररत्नका रूपमा सुहोत्र उत्पन्न भएका थिए भने सुहोत्रका पुत्ररत्नका रूपमा हस्ती उत्पन्न भएका थिए। यिनै

हस्तीले हस्तिनापुर नाम भएको एउटा नगर बसाएका थिए। हस्तीका अजमीढ, द्विमीढ र पुरुमीढ नाम भएका तीन पुत्र उत्पन्न भएका थिए। अजमीढका पुत्रका रूपमा कण्व उत्पन्न भएका थिए भने कण्वका पुत्ररत्नका रूपमा मेधातिथि उत्पन्न भएका थिए। यिनै मेधातिथिबाटै काण्वायन अर्थात् धनुषधारी ब्राह्मणहरू उत्पन्न भए। अजमीढका अर्को एउटा पुत्रको नाम बृहदिषु थियो। बृहदिषुका पुत्ररत्नका रूपमा बृहद्वसु उत्पन्न भएका थिए भने वृहद्वसुका पुत्ररत्नका रूपमा बृहत्कर्मा उत्पन्न भएका थिए। बृहत्कर्माका पुत्ररत्नका रूपमा जयद्रथ उत्पन्न भएका थिए। जयद्रथबाट विश्वजित् उत्पन्न भएका थिए भने विश्वजित्का पुत्ररत्नका रूपमा सेनजित् उत्पन्न भएका थिए। सेनजित्का रुचिराश्व, काश्य, दृढधनु र वत्सहनु नाम भएका चारोटा पुत्र उत्पन्न भएका थिए। रुचिराश्वका पुत्ररत्नका रूपमा पृथुसेन उत्पन्न भएका थिए।

यसैगरी पारका पुत्ररत्नका रूपमा नीप उत्पन्न भएका थिए। नीपका एक सय पुत्रमध्ये काम्पिल्य नरेश समर विजयी थिए। समरका पार, सम्पार र सदश्व नाम भएका तीन पुत्र उत्पन्न भएका थिए। पारका पुत्ररत्नका रूपमा पृथु उत्पन्न भएका थिए भने पृथुका पुत्ररत्नका रूपमा सुकृति उत्पन्न भएका थिए। सुकृतिका पुत्ररत्नका रूपमा विभ्राज उत्पन्न भएका थिए भने विभ्राजका पुत्ररत्नका रूपमा अनुह उत्पन्न भएका थिए। यिनै अनुहले शुककी कन्या कीर्तिसँग विवाह गरेका थिए। अनुहका पुत्ररत्नका रूपमा ब्रह्मदत्त उत्पन्न भएका थिए भने ब्रह्मदत्तका पुत्ररत्नका रूपमा विष्वक्सेन उत्पन्न भएका थिए तथा विष्वक्सेनका पुत्ररत्नका रूपमा उदक्सेन उत्पन्न भएका थिए। यसैगरी उदक्सेनका पुत्ररत्नका रूपमा भल्लाट उत्पन्न भएका थिए भने भल्लाटका पुत्ररत्नका रूपमा द्विमीढ उत्पन्न भएका थिए र द्विमीढका पुत्ररत्नका रूपमा यवीनर उत्पन्न भएका थिए। यवीनरका पुत्ररत्नका रूपमा धृतिमान् उत्पन्न भएका थिए भने धृतिमान्का पुत्ररत्नका रूपमा सत्यधृति उत्पन्न भएका थिए तथा सत्यधृतिका पुत्ररत्नका रूपमा दृढनेमि उत्पन्न भएका थिए। दृढनेमिका पुत्ररत्नका रूपमा सुपार्श्व उत्पन्न भएका थिए। सुपाश्वका पुत्ररत्नका रूपमा सुमति उत्पन्न भएका थिए भने सुमितका पुत्ररत्नका रूपमा सन्नतिमान् उत्पन्न भएका थिए तथा सन्नतिमान्का पुत्ररत्नका रूपमा कृत

उत्पन्न भएका थिए। यिनै कृतलाई हिरण्यनाभले योगशास्त्रको शिक्षा दिनुभएको थियो तथा उनले प्राच्यसामहरूका चौबीस संहिताहरू रचना गरेका थिए।कृतका पुत्ररत्नका रूपमा उग्रायुध उत्पन्न भएका थिए।

यिनै उग्रायुधले अनेकौँ राजवंशीय क्षत्रियहरूको विनाश गरेका थिए। उग्रायुधका पुत्ररत्नका रूपमा क्षेम्य उत्पन्न भएका थिए। क्षेम्यका पुत्ररत्नका रूपमा सुवीर उत्पन्न भएका थिए भने सुवीरका पुत्ररत्नका रूपमा नृपञ्जय उत्पन्न भएका थिए र नृपञ्जयका पुत्ररत्नका रूपमा बहुरथ उत्पन्न भएका थिए। यी सबै पुरुवंशीय रराजाहरू भए। अजमीढका पुत्ररत्नका रूपमा नील उत्पन्न भए। नीलका पुत्ररत्नका रूपमा शान्ति उत्पन्न भए भने शान्तिका पुत्ररत्नका रूपमा सुशान्ति उत्पन्न भए। सुशान्तिका पुत्ररत्नका रूपमा पुरुजानु उत्पन्न भए भने पुरुजानुका पुत्ररत्नका रूपमा चक्षु उत्पन्न भए। चक्षुका पुत्ररत्नका रूपमा हर्यश्व उत्पन्न भए भने हर्यश्वका मुल, सृञ्जय, बृहदिषु, प्रवीर र काम्पिल्य नाम भएका पाँच पुत्र उत्पन्न भए। एक समयमा यिनीहरूका पिताले आफ्ना पुत्रहरूलाई आफ्नो आधिपत्यमा रहेका पाँचोटै देशको रक्षा गर्नका लागि पूर्ण रूपमा समर्थ भएको बताए। यसैले पाँच पुत्रहरूका कारणले पाञ्चालका नामबाट प्रसिद्ध भए। मुद्गलबाट उत्पन्न भएका क्षत्रियहरूले कुनै कारणले ब्राह्मणत्त्व प्राप्त गरेकाले मौल्यका नामबाट प्रसिद्ध भए। मुलका पुत्ररत्नका रूपमा वृहदश्व उत्पन्न भए भने वृहदश्वका पुत्ररत्नका रूपमा दिवोदास तथा अहल्या नाम भएकी एक कन्या उत्पन्न भए।अहल्याका गर्भबाट गौतमका आत्मज (विधिपूर्वक विवाह गरिएकी पत्नीबाट उत्पन्न) पुत्ररत्नका रूपमा शतानन्द उत्पन्न भए। शतानन्दका पुत्ररत्नका रूपमा सत्यधृति उत्पन्न भए।

यी सत्यधृति धनुर्वेदका विशेषज्ञ थिए। एक दिन अप्सराहरूमध्ये परमसुन्दरी उर्वशीलाई देखेर सत्यधृतिको वीर्य स्खलन भएर सगरखण्डमा परेपछि त्यो वीर्य दुई भागमा विभाजित भएर एक पुत्र र एक कन्याका रूपमा परिणत भयो। यसै समयमा राजा शन्तनु मृगको सिकार खेल्न आए। उनले पुत्र र कन्यालाई देखेपछि कृपापूर्वक ती दुवैलाई स्वीकार गरे। ती कुमार कृपका नामबाट प्रसिद्ध भए भने कन्या कृपीका नामबाट। यिनै कृपी अश्वत्थामाकी माता र द्रोणाचार्यकी

पत्नी थिइन्। दिवोदासका पुत्ररत्नका रूपमा मित्रेयु उत्पन्न भए भने मित्रेयुका पुत्ररत्नका रूपमा राजा च्यवन उत्पन्न भए। च्यवनका पुत्ररत्नका रूपमा सुदास उत्पन्न भए भने सुदासका पुत्रका रूपमा सौदास उत्पन्न भए। सौदासका पुत्रका रूपमा सहदेव उत्पन्न भए भने सहदेवका पुत्ररत्नका रूपमा सोमक उत्पन्न भए। सोमकका एक सय पुत्रहरूमध्ये सबैभन्दा जेठा जह्नु र सबैभन्दा कान्छा पृषत थिए। पृषतका पुत्ररत्नका रूपमा द्रुपद उत्पन्न भए भने द्रुपदका पुत्ररत्नका रूपमा धृष्टद्युम्न उत्पन्न भए तथा धृष्टद्युम्नका पुत्ररत्नका रूपमा धृष्टकेतु उत्पन्न भए। अजमीढका अर्का एउटा ऋक्ष नाम भएका पुत्र थिए। ऋक्षका पुत्ररत्नका रूपमा संवरण उत्पन्न भए भने संवरणका पुत्ररत्नका रूपमा कुरु उत्पन्न भए तथा यिनै कुरुले धर्मक्षेत्र कुरुक्षेत्रको स्थापना गरे। कुरुका सुधनु, जह्नु र परीक्षितजस्ता अनेकौं पुत्रहरू उत्पन्न भएका थिए। सुधनुका पुत्ररत्नका रूपमा सुहोत्र उत्पन्न भएका थिए भने सुहोत्रका पुत्ररत्नका रूपमा च्यवन उत्पन्न भएका थिए। च्यावनका पुत्ररत्नका रूपमा कृतक उत्पन्न भएका थिए भने कृतकका पुत्ररत्नका रूपमा उपरिचर वसु उत्पन्न भएका थिए।

यी उपरिचर वसुका सातोटा पुत्र थिए; जसमा बृहद्रथ, प्रत्यग्र, कुशाम्ब, मावेल्ल र मत्स्य मुख्य थिए। बृहद्रथका पुत्ररत्नका रूपमा कुशाग्र उत्पन्न भएका थिए भने कुशाग्रका पुत्ररत्नका रूपमा ऋषभ उत्पन्न भएका थिए। ऋषभका पुत्ररत्नका रूपमा पुष्पवान् उत्पन्न एका थिए भने पुष्पवान्का पुत्ररत्नका रूपमा सत्यधृत उत्पन्न भएका थिए। सत्यधृतका पुत्ररत्नका रूपमा सुधन्वा उत्पन्न भएका थिए भने सुधन्वाका पुत्ररत्नका रूपमा जम्भ उत्पन्न भएका थिए बृहद्रथका अर्का एउटा पुत्र थिए; जुन जन्मदाकै समयमा दुई भागमा विभाजित भएका थिए र जरा नाम भएकी राक्षसीले त्यो दुवै भागलाई एउटैमा समायोजन गरिदिई। त्यसकारण यी पुत्रको नाम जरासन्ध भयो। जरासन्धका पुत्ररत्नका रूपमा सत्यधृत उत्पन्न भए भने सत्यधृतका पुत्ररत्नका रूपमा सहदेव उत्पन्न भएका थिए तथा सोमपका पुत्ररत्नका रूपमा श्रुतश्रवा उत्पन्न भएका थिए। यसरी मैले तिमीलाई मगध राजाहरूका विषयमा बताइदिएँ।

पराशरले भन्नुभयो– राजा परीक्षित्का जनमेजय, श्रुतसेन, उग्रसेन र

भीमसेन नाम भएका चारोटा पुत्र थिए। जह्नुका पुत्ररत्नका रूपमा सुरथ, सुरथका पुत्ररत्नका रूपमा विदूरथ, विदूरथका पुत्ररत्नका रूपमा सार्वभौम, सार्वभौमका पुत्ररत्नका रूपमा जयसेन, जयसेनका पुत्ररत्नका रूपमा आरावी, आरवीका पुत्ररत्नका रूपमा अयुतायु, अयुतायुका पुत्ररत्नका रूपमा अक्रोधन, अक्रोधनका पुत्ररत्नका रूपमा देवातिथि, देवातिथिका पुत्ररत्नका रूपमा ऋक्ष उत्पन्न भएका थिए। यी ऋक्ष अजमीढका पुत्र ऋक्षभन्दा अलग थिए। ऋक्षका पुत्ररत्नका रूपमा भीमसेन, भीमसेनका पुत्ररत्नका रूपमा दिलीप, दिलीपका पुत्ररत्नका रूपमा प्रतीप, प्रतीपका देवापि, शान्तनु र बाह्लीक नाम भएका तीन पुत्र थिए। देवापि बाल्यावस्थामै सबै परित्याग गरेर जङ्गल पसेकाले शान्तनु राजा भए। संसारमा ती शान्तनुका विषयमा एउटा कुरा प्रसिद्ध रहेको छ। जसमा भनिएको छ- राजा शान्तनुले आफ्नो दुवै हातले जजसलाई छोइदिन्थे, ती वृद्ध पुरुषले पनि युवावस्था प्राप्त गर्दथे। उनको स्पर्शबाट प्राणीमात्रले अत्यन्त उत्तम शान्ति प्राप्त गरेका थिए, यसैले उनको नाम शान्तनु भएको थियो।

एक समयमा ती शान्तनु राजाका राज्यमा बाह्र वर्षसम्म पानी परेन। त्यसपछि राजा शान्तनुले समग्र राष्ट्र विनाश भइरहेको देखेर ब्राह्मणहरूसँग सोधे– हाम्रो राज्यमा किन वर्षा भइरहेको छैन ? मैले के अपराध गरेको थिएँ र राज्यमा यस्तो भइरहेको हो ?

ब्राह्मणहरूले भने– यो सबै राज्य तपाईंका जेठा दाजुको हो र तपाईंले यसको उपभोग गरिरहनु भएको छ। त्यसकारण तपाईं दाजुभन्दा पहिला विवाह गर्ने भाइ हुनुहुन्छ, यसैले पानी नपरेको हो।

शान्तनुले भने– अब मैले के गर्नुपर्दछ ?

ब्राह्मणहरूले भने–जबसम्म तपाईंका जेठा दाजुको कुनै कारणले पतन हुँदैन, त्यस समयसम्म यो राज्य उनैको हो। त्यसकारण यो राज्य उनैलाई सुम्पिदिनुस्। यो राज्यसँग तपाईंको के प्रयोजन?

ब्राह्मणहरूका यस्ता कुरा सुनेपछि राजा शान्तनुका मन्त्री अश्मसारीले जङ्गलमा बसेका देवापिका नजिकमा वेदवाद विरुद्धको आचरण भएका तपस्वी पठाइदिए। उनीहरूले ती अत्यन्त सरल स्वभाव भएका राजकुमार देवापिको

बुद्धिलाई वेदवादको विरोधी मार्गमा लगाइदिए । यता राजा शान्तनु पनि ब्राह्मणहरूका वचन सुनेर अत्यन्त दुःखित र शोकाकुल भएर ब्राह्मणहरूलाई अगाडि लगाएर आफ्ना जेठो दाजुलाई राज्य समर्पण गर्नका लागि जङ्गलमा गए। त्यहाँ पुगिसकेपछि ब्राह्मणहरूले राजकुमार देवापिका जनिकमा उभिएर जेठो दाजुले नै राज्य सञ्चालन गर्न उचित हुन्छ भन्दै वेदसम्मत अनेकौँ कुराहरू बताउन थाले । त्यसपछि देवापिले अयुक्तियुक्त र वेदमार्गका विरोधी अनेकौँ किसिमका कुरा गरे।

त्यसपछि ब्राह्मणहरूले भने– यस सम्बन्धमा धेरै आग्रह गरिरहनुको कुनै प्रयोजन् छैन; तपाईं हिँड्नुहोस्, अब अनावष्टि दोष शान्त भयो। यो व्यक्ति अनादिकालदेखि पूजनीय रहेका वेदका वचनहरूका विरुद्धमा बोलेकाले पतित भइसक्यो। त्यसकारण जेठो दाजु पतित भइसकेपछि भाइलाई परवेत्ताको दोष लाग्दैन। ब्राह्मणहरूका यस्ता कुरा सुनेपछि राजा शान्तनु फर्किएर आफ्नो नगरमा आएर फेरि राज्यको कार्य सञ्चालन गर्न थाले । यसरी जेठा दाजु देवापि देववाक्यका विरोधी वचन उच्चारण गरेर दूषित भएपछि उनको राज्यमा पूर्ण रूपमा अन्नबाली उत्पन्न गराउन मेघले पनि जल वर्षाउन आरम्भ गरिदिए। त्यसपछि उनको राज्य समुन्नत बन्यो। बाह्लीकका पुत्ररत्नका रूपमा सोमदत्त उत्पन्न भए। सोमदत्तका भूरि, भूरिश्रवा र शल्य नाम भएका तीन पुत्र उत्पन्न भए। शान्तनुका देवनदी गङ्गाको गर्भबाट अतिउदार र तत्त्वज्ञानी भीष्म नाम भएका पुत्र उत्पन्न भए। चित्राङ्गद बाल्यावस्थामै चित्राङ्गद नाम भएका गन्धर्वबाट मारिए। विचित्रवीर्यले काशिराजकी कन्या अम्बिका र अम्बालिकासँग विवाह गरे पनि यी दुवै कन्यासँग अत्यधिक भोगविलास गरेका कारणले गर्दा असमयमा नै क्षीण भएर क्षयरोगबाट ग्रसित भएर उनको मृत्यु भयो। त्यसपछि सत्यवतीले आज्ञा दिएपछि आफ्नी माताको आज्ञा उल्लङ्घन गर्न नहुने सम्झिएर वेदव्यासले विचित्रवीर्यका पत्नीहरूबाट धृतराष्ट्र र पाण्डु नाम भएका दुइटा पुत्र उत्पन्न गराइदिए तथा उनीहरूले पठाएकी दासीका गर्भबाट विदुर उत्पन्न गराइदिए। धृतराष्ट्रले आफ्नी पत्नी गान्धारीका गर्भबाट दुर्योधन, दुःशासनलगायतका एक सय पुत्र उत्पन्न गराए।

पाण्डु वनमा शिकार खेल्दाका अवस्थामा ऋषिको श्राप पाएर त्यसको

प्रभावले सन्तानोत्पति गराउनमा सामर्थ्यहीन भएका थिए। त्यसकारण कुन्तीका गर्भबाट धर्मले युधिष्ठिर, वायुले भिम र इन्द्रले अर्जुन उत्पन्न गराए भने उनकी पत्नी माद्रीको गर्भबाट अश्विनीकुमारहरूले नकुल र सहदेव उत्पन्न गराए। ती युधिष्ठिरसहित पाँच पाण्डवले द्रौपदीका गर्भबाट पाँचोटा आत्मज (विवाहिता पत्नीबाट उत्पन्न भएका) पुत्र उत्पन्न गराए। तिनीहरूमा युधिष्ठिरका पुत्ररत्नका रूपमा प्रतिविन्ध्य, भीमसेनका पुत्ररत्नका रूपमा सुतसोम, अर्जुनका पुत्ररत्नका रूपमा श्रुतकीर्ति, नकुलका पुत्ररत्नका रूपमा शतानीक र सहदेवका पुत्ररत्नका रूपमा श्रुतकर्मा उत्पन्न भएका थिए। पाण्डवहरूका अन्य पनि अनेकौँ पुत्रहरू थिए। जस्तै- यौधेयीका गर्भबाट युधिष्ठिरका देवक नाम भएका पुत्र उत्पन्न भएका थिए। भीमसेनका हिडिम्बाका गर्भबाट घटोत्कच र काशीका गर्भबाट सर्वत्रग नाम भएका पुत्र उत्पन्न भएका थिए। विजयाका गर्भबाट सहदेवका सुहोत्र नाम भएका पुत्र उत्पन्न भएका थिए। रेणुमतीका गर्भबाट नकुलका निरमित्र नाम भएका पुत्र उत्पन्न भएका थिए। अर्जुनले नागकन्या उलूपीका गर्भबाट इरावान् नाम भएका पुत्र उत्पन्न गराएका थिए तथा पणिपुरका राजाकी पुत्रीबाट अर्जुनले पुत्रिका-धर्मअनुसार बभ्रुवाहन नाम भएका एक पुत्र उत्पन्न गराएका थिए तथा सुभद्राका गर्भबाट बाल्यकालमै अतिपराक्रमशाली र आफ्ना शत्रुहरूमाथि विजय प्राप्त गर्न सक्ने अभिमन्यु नाम भएका एक पुत्र उत्पन्न गराएका थिए। कुरुकुल क्षीण भएपछि अश्वत्थामाद्वारा प्रहार गरिएको ब्रह्मास्त्रबाट जो उत्तराका गर्भमै पूर्ण रूपमा भष्म भएका थिए, तर सबै देवता र दैत्यहरूले जसका चरणको चिन्तन र प्रार्थना गर्दछन् तथा जसले स्वेच्छापूर्वक मायामावन स्वरूप धारण गर्नुभएको थियो, उहाँ परब्रह्म परमात्मा भगवान् श्रीकृष्णको प्रभावले त्यो गर्भ जीवित भएपछि अभिमन्युका पुत्ररत्नका रूपमा परीक्षित् उत्पन्न भए। यिनै परीक्षित् अगाडिको समयका लागि पनि शुभमय छन् तथा अहिले पनि धर्मपूर्वक समग्र भूमण्डलमा शासन गरिरहेका छन्।

अब म तिमीलाई भविष्यमा हुने राजाहरूका विषयमा बताउनेछु। यस समयमा जुन परीक्षित् राजा भएका छन्, तिनका पुत्रका रूपमा जनमेजय, श्रुतसेन, उग्रसेन र भीमसेन उत्पन्न हुनेछन्। जनमेजयका पुत्रका रूपमा शतानीक उत्पन्न

हुनेछन् । यी शतानीकले याज्ञवल्क्यबाट वेदको अध्ययन गरेर कृपाचार्यबाट अस्त्रविद्याको अध्ययन सकेपछि विषयवासनाबाट पूर्ण रूपमा विरक्त भएर तथा शौनकको उपदेशबाट आत्मज्ञान प्राप्त गरेपछि परमनिर्वाण पद प्राप्त गर्नेछन्। शतानीकका अश्वमेधदत्त नाम भएका एक पुत्र उत्पन्न हुनेछन् । अश्वमेधदत्तका पुत्ररत्नका रूपमा अधिसीमकृष्ण, अधिसीमकृष्णका पुत्ररत्नका रूपमा निचक्षी उत्पन्न हुनेछन्। यी निचक्षी गङ्गाले हस्तिनापुर डुबाएपछि कौशाम्बी नगरमा गएर बस्नेछन्। निचक्षीका पुत्ररत्नका रूपमा उष्ण, उष्णका पुत्ररत्नका रूपमा चित्ररथ, चित्ररथका पुत्ररत्नका रूपमा शुचिरथ, शुचिरथका पुत्ररत्नका रूपमा वृष्णिमान्, वृष्णिमान्का पुत्ररत्नका रूपमा सुषेण, सुषेणका पुत्ररत्नका रूपमा सुनीथ, सुनीथका पुत्ररत्नका रूपमा ऋच, ऋचका पुत्ररत्नका रूपमा नृचक्षु, नृचक्षुका पुत्रका रूपमा सुखाबल, सुखाबलका पुत्रका रूपमा परिप्लव, परिप्लवका पुत्रका रूपमा सुनय, सुनयका पुत्रका रूपमा मेधावी, मेधावीका पुत्रका रूपमा नृपञ्जय, नृपञ्जयका पुत्ररत्नका रूपमा मृदु, मृदुका पुत्ररत्नका रूपमा तिग्म, तिग्मका पुत्ररत्नका रूपमा बृहद्रथ, बृहद्रथका पुत्ररत्नका रूपमा वसुदान उत्पन्न हुनेछन् भने यी शतानीक जनमेजयका पुत्र शतानीकभन्दा अलग हुन्। शतानीकका पुत्रका रूपमा उदयन, उदयनका पुत्रका रूपमा अहिनर, अहिनरका पुत्रका रूपमा खण्डपाणि, खण्डपाणिका पुत्ररत्नका रूपमा निरमित्र,निरमित्रका पुत्रका रूपमा क्षेमक उत्पन्न हुनेछन्। यी क्षेमकका सम्बन्धमा एउटा कुरा बताउँदछु- जुन वंश ब्राह्मण र क्षत्रियहरूको उत्पत्तिका कारकतत्त्वका रूपमा रहेको तथा जुन वंशमा अनेकौँ राजर्षिहरू उत्पन्न भइसकेका छन्, त्यही वंश क्षेमक राजाका पालामा पूर्ण रूपमा नष्ट हुनेछ।

अब म तिमीलाई भविष्यमा हुने इक्ष्वाकुवंशीय राजाहरूका विषयमा बताउनेछु। तिनीहरूमा बृहद्बलका पुत्रका रूपमा बृहत्क्षण, बृहत्क्षणका पुत्रका रूपमा उरुक्षय, उरुक्षयका पुत्रका रूपमा वत्स, वत्सका पुत्रका रूपमा वत्सव्यूह, वत्सव्यूहका पुत्ररत्नका रूपमा प्रतिव्योम, प्रतिव्योमका पुत्रका रूपमा दिवाकर, दिवाकरका पुत्रका रूपमा सहदेव, सहदेवका पुत्रका रूपमा बृहदश्व, बृहदश्वका पुत्रका रूपमा भानुरथ, भानुरथका पुत्रका रूपमा सुप्रतीक, सुप्रतीकका पुत्रका

रूपमा मरुदेव, मरुदेवका पुत्रका रूपमा सुनक्षत्र, सुनक्षत्रका पुत्रका रूपमा किन्नर, किन्नरका पुत्रका रूपमा अन्तरिक्ष, अन्तरिक्षका पुत्रका रूपमा सुवर्ण, सुवर्णका पुत्रका रूपमा अमित्रजित्, अमित्रजित्का पुत्ररत्नका रूपमा बृहद्राज, बृहद्राजका पुत्रका रूपमा धर्मी, धर्मीका पुत्ररत्नका रूपमा कृतञ्जय, कृतञ्जयका पुत्रका रूपमा रणञ्जय, रणञ्जयका पुत्रका रूपमा सञ्जय, सञ्जयका पुत्रका रूपमा शाक्य, शाक्यका पुत्रका रूपमा शुद्धोदन, शुद्धोदनका पुत्ररत्नका रूपमा राहुल, राहुलका पुत्रका रूपमा प्रसेनजित्, प्रसेनजितका पुत्रका रूपमा क्षुद्रक, क्षुद्रकका पुत्रका रूपमा कुण्डक, कुण्डकका पुत्रका रूपमा सुरथ, सुरथका पुत्रका रूपमा सुमित्र उत्पन्न हुनेछन्। यी सबै इक्ष्वाकुका वंशमा बृहद्बलका सन्तान हुनेछन्। यस वंशको सम्बन्धमा यो कुरा प्रसिद्ध रहेको छ। जसमा भनिएको छ– यो इक्ष्वाकुवंश राजा सुमित्रसम्म मात्र रहने छ। किनकि कलियुगमा राजा सुमित्रले शासन गरेपछि यो वंश पूर्ण रूपमा समाप्त हुनेछ।

अब म तिमीलाई मगधदेशमा निवास गर्ने बृहद्रथका भावी सन्तानहरूका सम्बन्धमा बताउनेछु। यो मगधवंशमा अत्यन्त बलशाली र पराक्रमी जरासन्धजस्ता राजाहरूको बाहुल्यता रहनेछ। जरासन्धका पुत्ररत्नका रूपमा सहदेव, सहदेवका पुत्ररत्नका रूपमा सोमापि, सोमापिका पुत्ररत्नका रूपमा श्रुतवान्, श्रुतवान्का पुत्ररत्नका रूपमा अयुतायु, अयुतायुका पुत्ररत्नका रूपमा निरमित्र, निरमित्रका पुत्ररत्नका रूपमा सुक्षेत्र, सुक्षेत्रका पुत्ररत्नका रूपमा बृहत्कर्मा, बृहत्कर्माका पुत्ररत्नका रूपमा सेनजित्, सेनजित्का पुत्ररत्नका रूपमा श्रुतञ्जय, श्रुतञ्जयका पुत्ररत्नका रूपमा विप्र, विप्रका पुत्ररत्नका रूपमा शुचि, शुचिका पुत्ररत्नका रूपमा क्षेम्य, क्षेम्यका पुत्ररत्नका रूपमा सुव्रत, सुव्रतका पुत्ररत्नका रूपमा धर्म, धर्मका पुत्ररत्नका रूपमा सुश्रय, सुश्रयका पुत्ररत्नका रूपमा दृढसेन, दृढसेनका पुत्ररत्नका रूपमा सुमति, सुमतिका पुत्ररत्नका रूपमा सुबल, सुबलका पुत्ररत्नका रूपमा सुनीति, सुनीतिका पुत्ररत्नका रूपमा सत्यजित्, सत्यजित्का पुत्ररत्नका रूपमा रिपुञ्जय उत्पन्न हुनेछन्। यसरी बृहद्रथवंशीय राजाहरूले एक हजार वर्षसम्म मगधमा राज्य गर्ने छन्।

बृहद्रथका वंशमा जुन अन्तिम राजा रिपुञ्जय हुनेछन्, उनका सुनिक

नाम भएका एउटा मन्त्री हुनेछन्। यी मन्त्रीले आफ्ना राजा रिपुञ्जयको हत्या गरेर आफ्नो पुत्र प्रद्योतको राज्याभिषेक गरिदिनेछन्। प्रद्योतका पुत्ररत्नका रूपमा पालक, पालकका पुत्रका रूपमा विशाखयूप, विशाखयूपका पुत्रका रूपमा जनक, जनकका पुत्ररत्नका रूपमा नन्दिवर्धन उत्पन्न हुनेछन्। यी पाँचोटा प्रद्योतवंशीय राजाहरूले एक सय अठतीस वर्षसम्म पृथ्वीको पालनपोषण र उपभोग गर्नेछन्। नन्दिवर्धनका पुत्ररत्नका रूपमा शिशुनाग, शिशुनागका पुत्ररत्नका रूपमा काकवर्ण, काकवर्णका पुत्ररत्नका रूपमा क्षेमधर्मा, क्षेमधर्माका पुत्ररत्नका रूपमा क्षत्रौजा, क्षत्रौजाका पुत्ररत्नका रूपमा विद्मसार, विद्मसारका पुत्ररत्नका रूपमा अजातशत्रु, अजातशत्रुका पुत्ररत्नका रूपमा दर्भक, दर्भकका पुत्ररत्नका रूपमा उदयाश्व, उदयाश्वका पुत्रका रूपमा निन्दवर्द्धन, नन्दिवर्द्धनका पुत्ररत्नका रूपमा महानन्दी उत्पन्न हुनेछन्। यी शिशुनाभवंशीय राजाहरूले तीन सय वैसाठी वर्षसम्म पृथ्वीमा शासन गर्नेछन्।

महानन्दीका शूद्राका गर्भबाट उत्पन्न भएका महापद्मानन्द नाम भएका एक पुत्र हुनेछन्। यिनी दोस्रा परशुरामजस्तै सबै क्षत्रियहरूको विनाश गराउनमा कारकतत्त्व हुनेछन् अर्थात् यिनले सम्पूर्ण क्षत्रियहरूको सर्वनाश गरिदिनेछन्। त्यस समयदेखि पृथ्वीमा शूद्रजातिले शासन गर्नेछन्। ती महापद्मले शास्त्रहरूमा प्रतिपादन गरिएको राजधर्मको पालना नगरी स्वेच्छाचारितापूर्वक पृथ्वीमा शासन गर्नेछन् अथवा राजधर्मविरुद्ध लागेर उपभोग गर्नेछन्। उनका सुमालीसहितका आठ पुत्र हुनेछन् र महापद्मको मृत्युपछि तिनीहरूले नै पृथ्वीमा शासन गर्नेछन्। महापद्म र उनका पुत्रहरूको सय वर्षसम्म पृथ्वीमा आधिपत्य स्थापित गरिरहनेछ। अन्तमा चाणक्य नाम भएका एक ब्राह्मणले यिनीहरू सबैको पूर्ण रूपमा विनाश गरिदिनेछन्।

यसरी नन्दवंशको पूर्ण रूपमा विनाश भइसकेपछि मौर्य शूद्रहरूले पृथ्वीमा शासन गर्नेछन्। कौटिल्यले नै मौर्यवंशीय राजा चन्द्रगुप्तको राज्याभिषेक गरिदिनेछन्। चन्द्रगुप्तका पुत्ररत्नका रूपमा विन्दुसार, विन्दुसारका पुत्ररत्नका रूपमा अशोकवर्द्धन, अशोकवर्द्धनका पुत्रका रूपमा सुयशा, सुयशाका पुत्रका रूपमा दशरथ, दशरथका पुत्ररत्नका रूपमा सङ्गत, सङ्गतका पुत्ररत्नका रूपमा

शालिशूक, शालिशूकका पुत्ररत्नका रूपमा सोमशर्मा, सोमशर्माका पुत्ररत्नका रूपमा शतधन्वा, शतधन्वाका पुत्रका रूपमा बृहद्रथ उत्पन्न हुनेछन्। यी दसोटा मौर्य राजाहरूले एक सय सँतीस वर्षसम्म पृथ्वीमा शासन गर्नेछन्।

त्यसपछि शुङ्गवंशीय राजाहरूले पृथ्वीमा शासन गर्नेछन्। यसपछि पुष्पमित्र नाम भएको सेनापतिले आफ्ना राजाको हत्या गरिदिएर आफैँले शासन गर्नेछन्। यी पुष्पमित्रका पुत्ररत्नका रूपमा अग्निमित्र, अग्निमित्रका पुत्ररत्नका रूपमा सुज्येष्ठ, सुज्येष्ठका पुत्ररत्नका रूपमा वसुमित्र, वसुमित्रका पुत्ररत्नका रूपमा आर्द्रक, आर्द्रकका पुत्ररत्नका रूपमा घोसवसु, घोषवसुका पुत्ररत्नका रूपमा वज्रमित्र, व्रमित्रका पुत्ररत्नका रूपमा भागवत र भागवतका पुत्ररत्नका रूपमा देवभूति उत्पन्न हुनेछन्। यी दश शु वंशीय राजाहरूले एक सय बाह्र वर्षहरूसम्म पृथ्वीमा राज्य गर्नेछन्।

त्यसपछि यो पृथ्वी कण्ववंशीय राजाहरूको आधिपत्यमा रहनेछ। कण्ववंशको मन्त्री वसुदेवले शुङ्गवंशका देवभूति नाम भएका दुराचार, धूम्रपान र मादकपदार्थको सेवनजस्ता कुराका लतमा लागेका राजाको हत्या गरेर आफैँले पृथ्वीमा शासन गर्नेछन्। देवभूतिका पुत्ररत्नका रूपमा भूमिमित्र, भूमिमित्रका पुत्ररत्नका रूपमा नारायण, नारायणका पुत्ररत्न सुशर्मा कण्व वंशीय यी चारोटा राजाले यथासम्भव पैँतालीस वर्षसम्म राज्य गर्नेछन्। आन्ध्रजातीय शिप्रक नाम भएका एक दासले कण्ववंशीय सुशर्माको हत्या गरेर स्वयं राजा हुनेछन्। त्यसपछि शिप्रकका भाइ कृष्ण राजा हुनेछन्। कृष्णका पुत्ररत्नका रूपमा श्रीकान्तकर्णि, श्रीकान्तकर्णिका पुत्ररत्नका रूपमा पूर्णोत्स, पूर्णोत्स का पुत्ररत्नका रूपमा शातकर्णि, शातकर्णिका पुत्रका रूपमा लम्बोदर, लम्बोदरका पुत्रका रूपमा द्विविलक, द्विविलकका पुत्रका रूपमा मेघस्वाति, मेघस्वातिका पुत्रका रूपमा पट्टमान्, पट्टमान्का पुत्ररत्नका रूपमा अरिष्टकर्मा, अरिष्टकर्माका पुत्रका रूपमा हाल, हालका पुत्रका रूपमा पुत्तलक, पुत्तलकका पुत्ररत्नका रूपमा प्रविल्लसेन, प्रविल्लसेनका पुत्रका रूपमा सुन्दर, सुन्दरका पुत्रका रूपमा शातकर्णि, शातकर्णिका पुत्रका रूपमा चकोर शातकर्णि, चकोर शातकर्णिका पुत्रका रूपमा शिवस्वाति,शिवस्वातिका पुत्रका रूपमा गोमतीपुत्र, गोमतीपुत्रका पुत्रका रूपमा

पुलिमान्, पुलिमान्का पुत्रका रूपमा शातकर्णि शिवश्री, शातकर्णि शिवश्रीका पुत्रका रूपमा शिवस्कन्ध, शिवस्कन्धका पुत्रका रूपमा यज्ञश्री, यज्ञश्रीका पुत्रका रूपमा विजय, विजयका पुत्रका रूपमा चन्द्रश्री र चन्द्रश्रीका पुत्ररत्नका रूपमा पुलोमाचि उत्पन्न हुनेछन् । यी आन्ध्रजातीय दासवंशका तीस राजाहरूले यथासम्भव चार सय छपन्न वर्ष राज्य गर्नेछन् ।

त्यसपछि सात आभीर राजाहरू र दश गर्धमिल संज्ञा भएका राजाहरूले राज्य गर्नेछन् । त्यसपछि सोह्र शक राजाहरूको अभ्युदय हुनेछ । त्यसपछि आठ यवन, चौध तुर्कर, तेह्र मुण्ड र एघार मौन जातीय राजाहरूले पृथ्वीमा शासन गर्नेछन् । यी सबैले तेह्र सय उनान्सय वर्षसम्म शासन गर्नेछन् । त्यसपछि एघार पौरवंशीय राजाहरूले तीनसय वर्षसम्म पृथ्वीको उपभोग गर्नेछन् । अन्त्यमा उनीहरूको पूर्ण रूपमा विनाश भइसकेपछि कैलकिल नाम भएका यवनहरू राज्याभिषेक नगरी राजा हुनेछन् अर्थात् उनीहरूले शासन गर्नेछन् । तिनीहरूमध्ये विन्ध्याशक्ति नाम भएका राजा मुख्य हुनेछन् । विन्ध्यशक्तिका पुत्ररत्नका रूपमा पुरञ्जय, पुरञ्जयका पुत्ररत्नका रूपमा रामचन्द्र, रामचन्द्रका पुत्ररत्नका रूपमा धर्म, धर्मका पाँचोटा पुत्ररत्नका रूपमा वरा , कृतनन्दन, सुषिनन्दि, निन्दशया र शिशकप्रवारी उत्पन्न हुनेछन् । यी सबैले यथासम्भव छ सय वर्षसम्म राज्य गर्नेछन् । त्यसपछि तेह्र पुष्पमित्र, पट्टमित्र र पद्ममित्रलगायत तथा मेकल देशमा उत्पन्न भएका सात राजाहरूले राज्य गर्नेछन् । नौ राजाहरूले सिलसिलाबद्ध रूपमा कोशल देशमा राज्य गर्नेछन् । त्यसपछि निषध देशमा पनि तिनीहरू नै राजा हुनेछन् ।

त्यसपछि मगधदेशमा विश्वस्फटिक नाम भएका एक राजाले अन्य वर्णलाई प्रवर्तित गरेर सम्पूर्ण क्षत्रियहरूको उन्मूलन (विनाश) गरी कैवर्त, कढु पुलिन्द र ब्राह्मणहरूलाई राज्यमा स्थापित गराउनेछन् । पद्मावतीपुरमा नागवंशीय नौ राजाले गङ्गा र प्रयागका नजिकमा कान्तिपुरी तथा मथुरामा मगधहरू तथा गुप्त राजाहरूले पृथ्वीमा राज्य गर्नेछन् । देवरक्षित नाम भएका एक व्यक्तिले कोशल, आन्ध्र, पुण्ड्र, ताम्रलिप्त र समुद्रका किनारमा रहेको पुरको रक्षा गर्नेछन् । नैषध, नैनिषिक र कालतोयजस्ता जनपदको मणिधारवंशीय राजाहरूले उपभोग गर्नेछन् । त्रैराज्य र मूषिक देशहरूमा कनकवंशीय राजाहरूले राज्य गर्नेछन् । पतित भएका

ब्राह्मणहरू आभीर र शुद्रजस्ताले त्यस समयमा सौराष्ट्र, अवन्ति, शूद्र, अर्बुद, मरुभूमिलगायचका राज्यको उपभोग गर्नेछन् । सिन्धुको किनार, दार्वीकोवी, चन्द्राग, काश्मीरलगायतका देशहरूको म्लेच्छ, व्रात्य र शूद्रहरूले उपभोग गर्नेछन्। यी सबैले एकै समयमा पृथ्वीमा राज्य गर्नेछन्। यी सबै राजाहरू सधैँ अप्रसन्न, अत्यन्तै क्रोधी, असत्य र अधर्ममा तल्लीन, स्त्री, बालक र गाईको हत्या गर्ने, अर्काको धनलाई आफ्नो बनाउने प्रयासमा लाग्ने तथा सूर्यको उदय र अस्तका जसरी नै अत्यन्त अल्प (कम) आयु भएका हुनेछन्। यिनीहरूको कामना धेरै ठूलो रहेको हुनेछ। तर धर्मकर्म कम मात्रामा गर्नेछन्। यिनीहरूद्वारा सबै राज्यहरू एकापसमा समायोजित हुनेछन् र ती राजाहरूको आश्रयका प्रावले बलवान् भएका र उनीहरूकै स्वभावको अनुसरण गर्नेहरू म्लेच्छ तथा आर्यका प्रतिकूल आचरण गर्दै सबै प्रजाहरूलाई नष्ट गरिदिनेछन्। त्यसपछि प्रत्येक दिन धर्म र अर्थको अलिअलि ह्रास हुँदै जाने भएकाले अन्ततः संसार पूर्ण नष्ट हुनेछ।

त्यस समयमा धनमात्र कुलीनताको परिचायक हुनेछ। बल नै सबै धर्मको मेरुदण्ड हुनेछ। आपसको अभिरुचि नै दाम्पत्य सम्बन्धको आधारशिला हुनेछ। असत्य वचनमात्र व्यवहार गर्ने आधार हुनेछ। स्त्रीलाई उपभोगका लागि मात्र प्रयोग गरिनेछ अर्थात् त्यस समयमा स्त्रीको जात, कुलसमेतको विचार रहने छैन। रत्न र ताम्र (अर्थ) जोसँग जति मात्रामा रहेको हुन्छ, त्यसले त्यति मात्रामा नै पृथ्वीको उपभोग गर्नेछ। जनै मात्र ब्राह्मणहरूको परिचायक हुनेछ। आश्रमका नाममा चिह्नमात्र धारण हुनेछ र अन्य सबै कार्य जीवननिर्वाहका लागि मात्र गरिनेछन्। दुर्बलता नै अवृत्ति अथवा बेरोजगारको कारकतत्त्व हुनेछ र अत्यन्त भयभीत भएर चीत्कार गर्नु नै पाण्डित्यको कारकतत्त्व हुनेछ। दानमात्र धर्मको कारकतत्त्व हुनेछ, विपन्नता मात्र साधुत्वको कारकतत्त्व हुनेछ। स्नान केवल सजावटको कारकतत्त्व हुनेछ, स्वीकार गर्नु केवल विवाहको साधनमात्र हुनेछ वा संस्कारादिको अभिलाषा नराखेर पारस्परिक प्रेम सम्बन्धका आधारमा दाम्पत्य सम्बन्ध स्थापित हुनेछ। सुकिलो-मुकिलोलाई मात्र सुपात्र सम्झिइनेछ; धेरै टाढाको जललाई मात्र तीर्थको जल अर्थात् गङ्गाजल मानिनेछ, देखावटी सजावटमात्र गौरवको कारकतत्त्व हुनेछ। पृथ्वी अनेकौँ किसिमका दोषहरूले

पूर्ण रूपमा आवृत्त (ढाकिएको) भएपछि जो बलवान् छ, त्यही राजा हुन्छ; सबै जनता अत्यन्त लोभी राजाले लगाएको करको भार थाम्न नसकेर पहाड-पर्वतका फेदीमा गएर बस्न थाल्नेछन् र मह, साग, कन्दमूल, फल, पात तथा फूल खान थाल्नेछन् ।

त्यस समयमा मनुष्यहरूले रूखको बोक्राको कपडा लगाउनेछन् । जाडो,गर्मी, हावा र वर्षालगायतको कष्ट सहन गर्नेछन् । कुनै पनि मनुष्य तेईस वर्षभन्दा धेरै जीवित रहनेछैन । यसरी कलियुग जतिजति अन्त्यतिर गइरहको हुनेछ, त्यति मात्रामा नै पृथ्वीको क्रमबद्ध रूपमा विनाश भइरहनेछ । श्रौत र स्मार्त धर्मको पनि पूर्ण रूपमा विनाश भएपछि र कलियुगको अन्तिम चरणमा जो चराचरका परम गुरु हुनुहुन्छ, सम्पूर्ण जगत्को आदि र अन्त हुनुहुन्छ, जो अनन्तमय, सर्वमय, ब्रह्ममय र परमात्मास्वरूप हुनुहुन्छ, उहाँ परब्रह्म परमात्मा भगवान् श्रीवासुदेवको अंश अम्भल गाउँका विख्यात ब्राह्मण विष्णु यशाका घरमा सम्पूर्ण ऐश्वर्यहरूबाट सम्पन्न, असीम शक्तिसम्पन्न र अत्यन्तै प्रभावशाली महात्मा कल्किको रूपमा अवतरित भएर सम्पूर्ण म्लेच्छ, अत्याचारी एवं पापात्माहरूको संहार गर्नुहुनेछ । भगवान्ले कल्किस्वरूप धारण गर्नुभएर सबै मनुष्यहरूलाई आआफ्नो धर्ममा स्थापित गराइदिनुहुनेछ । त्यसपछि कलियुग पूर्ण रूपमा समाप्त भइसकेपछि सम्पूर्ण मनुष्यहरू फेरि प्रबुद्ध अर्थात् बुझ्नुपर्ने कुरालाई राम्ररी बुझ्न सक्ने हुनेछन् भने उनीहरूको बुद्धि स्यमन्तकमणिजस्तै अत्यन्त विशुद्ध हुनेछ। त्यसपछिं तत्काल उत्पन्न भएका ती सम्पूर्ण बीजस्वरूप सबै मनुष्यहरूको अभिवृद्धि हुनेछ र त्यस समयमा उनीहरूका सन्तानहरू पनि उत्पन्न हुनेछन् । यसरी उत्पन्न भएका तिनीहरूका सबै सन्तानले त्यस समयमा सत्ययुगकै धर्म व्यवहारमा ल्याउनेछन् । त्यस विषयमा यसरी वर्णन गरिन्छ; जुन समयमा चन्द्रमा, सूर्य र बृहस्पति पुष्य नक्षत्रमा अवस्थित भएर एउटै राशिमा आउँछन्, त्यसै समयमा सत्ययुग आउनेछ। मैले तिमीलाई यी सम्पूर्ण वंशहरूको भूत, भविष्य र वर्तमानका राजाहरूका विषयमा सविस्तार बताइदिएँ ।

राजा परीक्षित्को जन्म भएदेखि नन्दको अभिषेक हुँदासम्मको अवधि एक हजार पाँच सय वर्षको समय रहेको बुझ्नुपर्दछ वा तिनीहरूले एक हजार

पाँच सय वर्षको अवधिसम्म पृथ्वीको उपभोग गर्नेछन् । सप्तर्षिहरूमध्ये जुन पुलस्त्य र क्रतु दुई नक्षत्र आकाशमा सबैभन्दा पहिला देखिन्छन्, तिनीहरूका बीचमा रात्रिका समयमा जुन दक्षिणी रेखामा समान्तरमा अवस्थित अश्विनीलगायत नक्षत्र रहेका छन्, तिनीहरूमध्ये प्रत्येक नक्षत्रमा सप्तर्षिहरूले एक सय वर्षसम्म निवास गर्दछन् । राजा परिक्षित्‌का समयमा ती सप्तर्षिहरूले मघा नक्षत्रमा निवास गरेका थिए। त्यसै समयदेखि बाह्र सय वर्ष आयु भएको कलियुग आरम्भ भएको थियो। जुन समयमा श्रीविष्णुका अंशावतार र वासुदेवका सुपुत्र भगवान् श्रीकृष्ण आफ्नो परमधाममा जानुभएको थियो, त्यसै समयमा पृथ्वीमा कलियुगको आगमन भएको थियो । श्रीकृष्णले जुन दिनसम्म आफ्ना चरणहरूद्वारा पृथ्वीलाई स्पर्श गरिरहनुभएको थियो, त्यस दिनसम्म कलियुगले पृथ्वीलाई स्पर्श गर्न सकेको थिएन। श्रीकृष्णले पृथ्वीको परित्याग गरिकेपछि अर्थात् उहाँ आफ्नो परमधाम जानुभएपछि धर्मका पुत्र राजा युधिष्ठिरले आफ्ना भाइहरूसहित अफ्नो राज्यको परत्याग गरिदिएका थिए । श्रीकृष्ण आफ्नो परमधाममा जानु भएपछि राजा युधिष्ठिरले अमङ्गलसूचक सबै विपरीत लक्षणहरू देखेकाले आफ्नो राज्यमा परीक्षित्‌लाई राजा बनाइए। त्यस समयमा सप्तर्षिहरू यसभन्दा पहिले बताइएको त्रक्रमअनुसार पूर्वाषाढा नक्षत्रमा जानेछन् । त्यस समयबाट आरम्भ भएर राजा नन्दको राज्यकालसम्म कलियुगको प्रभाव बढ्नेछ।

अब तिमी मबाट कलियुगको वर्षगणनाका विषयमा वा त्यसका वर्षको सङ्ख्याका सम्बन्धमा सुन। मनुष्यहरूका वर्ष सङ्ख्याअनुसार कलियुग तीन लाख साठी हजार वर्षसम्म विद्यमान रहन्छ। त्यसपछि कलियुगको समयावधि समाप्त भइसकेपछि दिव्य सङ्ख्याअनुसार बाह्र सय वर्षसम्म सत्ययुग विद्यमान रहनेछ । प्रत्येक युगमा हजारौँ सङ्ख्यामा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र माहात्मा भइसकेका छन्। तिनीहरूको सङ्ख्या धेरै भएका कारणले तथा ती सबैमा समानता रहेकाले कुलहरूमा पुनरुक्ति हुने आशङ्काले भयभीत भएर मैले तिनीहरूको नामका विषयमा वर्णन नगरेको हो । महायोगी पुरुवंशीय राजा देवापि र इक्ष्वाकुकुलमा उत्पन्न भएका राजा मरु यी दुवै योगबलबाट पूर्ण रूपमा सम्पन्न भएर रहेका छन् र यिनीहरूले कलाप नाम भएको गाउँमा निवास गर्नेछन् । सत्य युगको

आरम्भ भएपछि यिनीहरूले फेरि मर्त्यलोकमा आएर क्षत्रिय वंश प्रवर्द्धन गर्नेछन् अर्थात् क्षत्रियहरूको अभिवृद्धि गराउनेछन् । यिनीहरू भविष्यमा उत्पन्न हुने मनुवंशको बीजस्वरूप भएर रहेका छन्। यी मनुका पुत्रहरूले सत्ययुग, त्रेतायुग र द्वापरयुगमा पृथ्वीको उपभोग गर्नेछन् । त्यसपछि कलियुगमा तिनीहरूमध्ये कोहीकोही भविष्यमा मनुका सन्तानको बीजका स्वरूपमा अवस्थित रहनेछन्, जसरी वर्तमान अवस्थामा देवापि र मरु विद्यमान रहेका छन् । मैले तिमीलाई समग्र राजवंशहरूका विषयमा संक्षेपमा बताइदिएँ। यिनीहरूका सम्बन्धमा पूर्ण रूपमा वर्णन गर्ने कार्य त सय जन्महरूमा पनि सम्भव छैन। यी अनित्य शरीरको आवरणमा रहेका सबै राजाहरूले पूर्ण रूपमा मोहका नियन्त्रणमा परेर आफूलाई नित्य र अविनाशी सम्झँदै कल्पकल्पान्तरसम्म स्थायी रहने यस भूमण्डललाई आफ्नो सम्झँदै यहाँबाट गइसकेका छन्।

यो पृथ्वीको राज्य कस्तो नीति अपनाउँदा सधैँ मेरा पुत्रहरू तथा मेरा वंशजहरूका अधीनमा रहिरहला, यस प्रकारको चिन्तन गर्दागर्दै सबै राजाहरूको मृत्यु भइसकेको छ तथा यिनीहरूभन्दा पहिलेका सबै राजा पनि यस्तै किसिमको चिन्ता गर्दै मृत्युका मुखमा समाहित भएका थिए र भविष्यका राजाहरू पनि यसै किसिमको चिन्ता गर्दागर्दै मृत्युका मुखमा समाहित हुनेछन्। यस प्रकार आफ्नो विजयका लागि प्रत्येक क्षेत्रमा अत्यन्त व्यग्र भइरहेका राजाहरूलाई देखेर पृथ्वी शरद् ऋतुमा पूर्ण रूपमा फुलेको फूलहरूका रूपमा हाँसिरहेकी जस्तै देखिन्छिन्। यस विषयमा म पृथ्वीद्वारा बताइएका केही कुरा बताउँछु। प्राचीन कालमा असित मुनिले धर्मात्मा राजा जनकलाई केही कुरा बताएका थिए।

पृथ्वीले भनिन्– अत्यन्त बुद्धिमान् भए तापनि यी राजाहरूमा यो कस्तो मोह उत्पन्न भइरहेको छ, जसका प्रभावले गर्दा पानीको फोकाजस्तो क्षणिक भए पनि आफ्नो स्थिरतामा यस्तो विश्वास राख्दै आफूलाई नित्य र अविनाशी सम्झिरहेका हुन्छन् । यी राजाहरूले सबैभन्दा पहिले आफैँमाथि विजय प्राप्त गर्दछन्, अनि आफ्ना मन्त्रीहरूमाथि विजय प्राप्त गर्दछन्, फेरि क्रमबद्ध रूपमा आफूले पालनपोषण गर्न योग्य, नगरवासी र शत्रुहरूमाथि विजय प्राप्त गर्ने अभिलाषा राख्दछन्। यसैअनुसार म समुद्रसहित यो सम्पूर्ण पृथ्वीमा विजय प्राप्त

गर्दछु भन्ने बुद्धिबाट मोहित भएका यी राजाहरूले आफ्नै नजिकमा विद्यमान रहेको मृत्युलाई देख्न सक्दैनन्। यदि समुद्रद्वारा घेरिएको सम्पूर्ण पृथ्वीमण्डल आफ्नो नियन्त्रणमा भए पनि आत्म–विजयीका अगाडि यसको कुनै मूल्य रहँदैन। किनकि मोक्ष प्राप्त गर्नका लागि सबैभन्दा पहिले आफ्नै आत्मामाथि अनिवार्य रूपमा विजय गर्नुपर्दछ। जुन पृथ्वीलाई परित्याग गरेर यिनीहरूका पूर्वजहरू गएका थिए तथा जसलाई यिनका पिताहरूले पनि आफँसँग लैजान सकेनन् र परित्याग गरेर गए, यस प्रकारको मलाई आफ्नो व्यक्तिगत सम्झिएर अत्यन्त मूर्ख बन्दै यी राजाहरूले ममाथि विजय प्राप्त गर्ने कामना राख्दछन्।

यो पृथ्वी मेरो हो भनेर पृथ्वीप्रति आशक्त भएर राजाहरू अत्यन्त मोहित भएका कारणले गर्दा उनीहरूले बाबु, छोरा, दाजुभाइ र आफन्तहरूसँग आपसमा युद्ध गर्दछन् वा पृथ्वी प्राप्त गर्ने सिलसिलामा उनीहरूले आफूबाहेक अन्य सबैलाई शत्रु सम्झन्छन्। यस पृथ्वीमा जो जो राजा भइसकेका छन्, ती सबैमा यस किसिमको कुबुद्धि रह्यो, जसको प्रभावले गर्दा यी सबैले यो सम्पूर्ण पृथ्वी मेरोमात्र हो भन्ने भावना राख्दछन्। ममा अतिममतापूर्ण भाव राख्ने एक राजा मलाई परत्याग गरेर मृत्युका मुखमा गइरहेको देखिसकेपछि पनि उसको उत्तराधिकारीले आफ्नो बुद्धि अतिमोहित भएका कारणले आफ्नो अन्तरात्मामा मप्रति अत्यन्तै आसक्तिपूर्ण भाव राखिरहेको हुन्छ। जुन राजाले आफ्ना दूतद्वारा आफ्ना शत्रुहरूलाई यो भूमिमा मेरो मात्र स्वामित्व रहेको छ, त्यसैले तिमीहरू आफ्नो जीवनको रक्षा गर्न चाहन्छौ भने यो भूमि परित्याग गरेर भाग भन्ने खबर पठाउँछ, त्यसप्रति मलाई धेरै रूपमा हाँस्न मन लाग्दछ र त्यो मूर्ख राजाप्रति ममा दयाको भाव पनि उत्पन्न हुन्छ।

पराशरले भन्नुभयो–पृथ्वीद्वारा बताइएका यी कुरामा जसले ध्यान पुऱ्याउँछ वा मनन गर्दछ, त्यसमा उत्पन्न भएको ममत त्यसरी नै विलीन भएर जान्छ, जसरी सूर्यको तातो प्रकाशमा राखिएको वा रहेको बरफ वा हिउँ पग्लिएर जान्छ। मैले तिमीलाई मनुको वंशका सम्बन्धमा यथार्थ रूपमा बताइदिएँ। जुन वंशका सबै राजाहरू श्रीविष्णुको अंशबाट उत्पन्न भएका थिए। जुन मुनष्यले अत्यन्त श्रद्धा र भक्तिपूर्वक यी मनुवंशीय राजाहरूको कथाका बारेमा सुन्दछ;

उसको बुद्धि यथार्थ रूपमा अत्यन्त निर्मल हुन्छ र सम्पूर्ण पापहरू पूर्ण रूपमा नष्ट हुनेछन्। जुन मुनष्यले इन्द्रियहरूलाई पूर्ण रूपमा आफ्नो नियन्त्रणमा राखेर यी चन्द्र र सूर्यवंशको अत्यन्त म लदायक कथा सुन्दछ, उसले अतुलनीय रूपमा धनधान्य प्राप्त गर्छ। तर यस समयमा ती सबै कहाँ रहेका छन्, त्यसका विषयमा कसैले स्पष्ट पार्न सक्दैन। वर्तमान र भविष्यमा हुने जति राजाहरूका सम्बन्धको कथा मैले तिमीलाई सुनाएँ, ती सबै र तिनीहरू बाहेक पनि जति राजाहरू हुनेछन्, यसभन्दा पहिलेका राजाहरूका जसरी नै ती सबैको निश्चित रूपमा मृत्यु हुनेछ। यसरी ज्ञान प्राप्त गरिसकेपछि छोरा, छोरी, शरीर, श्रीमतीलगायत तथा प्राणीको कुरा त अलग रह्यो, विवेकशील मनुष्यले आफ्नो शरीरसँग पनि ममता र आशक्ति राख्नु हुँदैन अर्थात् मुनष्यले यथार्थ रूपमा निर्विकार हुनुपर्दछ।

खण्ड पाँच

मैत्रेयले भने– हजुरले राजाहरूको समग्र वंशहरूका सम्बन्धमा विस्तारपूर्वक तथा उनीहरूको चरित्रका विषयमा सिलसिलाबद्ध रूपमा यथार्थ रूपमा बताइदिनुभयो। अब म यदुकुलमा जुन भगवान्‌को अंशावतार भएको थियो, त्यसको कथा सविस्तार सुन्न चाहन्छु। ममा दया गरेर त्यो कथा स्पष्ट रूपमा बताइदिनुस्। भगवान् पुरुषोत्तमले आफ्नो अंशांश अर्थात् अंशको पनि अंश वा कुनै पनि अंशको हिस्साबाट पृथ्वीमा अवतार लिएर जुन–जुन कर्म गर्नुभएको थियो, ती सबैका विषयमा हजुरले मलाई यथार्थ रूपमा बताइदिनुहोस्।

पराशरले भन्नुभयो– तिमीले मसँग जे सोधेका छौ, त्यो संसारमा परम म दयालु भगवान् विष्णुको अंशावतारको चरित्रका विषयमा विस्तारपूर्वक सुन। प्राचीन् कालमा देवककी अत्यन्तै भाग्यशालिनी पुत्री देविस्वरूपमा देवकीसँग वसुदेवले विवाह गर्नुभयो। वसुदेव र देवकीको वैवाहिक कार्यक्रम समाप्त भइसकेपछि उनीहरूलाई बिदा गर्दाका समयमा आकाशमा आदरपूर्वक मेघका समान गर्जना भएको देववाणी अर्थात् भविष्यवाणी भयो। त्यसमा कंसलाई सम्बोधन गर्दै भनिएको थियो—हे अविवेकी ! आफ्ना पतिसँग रथमा बसेकी जुन देवकीलाई तँ ससम्मान उनको घरमा पुऱ्याउन जाँदै छस्, यिनैको आठौँ गर्भबाट उत्पन्न भएको बालकका हातबाट निश्चित रूपमा तेरो मृत्यु हुनेछ। यसप्रकारको भविष्यवाणी सुनिसकेपछि अत्यन्त पराक्रमशाली कंस म्यानबाट तरबार निकालेर देवकीको हत्या गर्न तयार भयो। कंस यसरी आवेगमा आएको देखेर वसुदेवले कंससँग भन्नुभयो— तपाईं देवकीको हत्या नगर्नुहोस्। यिनका गर्भबाट जति बालक उत्पन्न हुनेछन्, म ती सबै तपाईंलाई सुम्पिदिनेछु। त्यसपछि कंसले वसुदेवसँग सत्यपूर्ण र गौरवयुक्त 'ल हुन्छ' भनेर वसुदेवजीको प्रस्तावलाई सहर्ष स्वीकार गऱ्यो। यसै समयमा अतिगह्रुङ्गो भार थाम्नुपरेकाले ज्यादै पीडित भएर गाईको स्वरूप धारण गरेर पृथ्वी सुमेरु पर्वतमा बसिरहेका देवताहरूका

नजिकमा गइन्। त्यहाँ पुगेपछि पृथ्वीले ब्रह्मासहित सम्पूर्ण देवताहरूलाई ज्यादै नम्रतापूर्वक प्रणाम गर्दै करुण स्वरमा बोल्दै आफूमाथि आइलागेको पीडाका यथार्थ रूपमा बताइन्।

पृथ्वीले भनिन्– जसरी अग्नि सुनको तथा सूर्यको किरणहरूको परम गुरु हुनुहुन्छ, त्यसरी नै समग्र लोकहरूको सर्वोत्कृष्ट गुरु भगवान् श्रीनारायण मेरो परम गुरु हुनुहुन्छ। उहाँ प्रजापतिहरूका पनि परमपति र पूर्वजहरूका पनि पूर्वज ब्रह्मा हुनुहुन्छ, उहाँ नै कला, काष्ठ र निमेष आदिका स्वरूपमा प्रतीत हुने अव्यक्त कालस्वरूप पनि हुनुहुन्छ। तपाईंहरू सबै उहाँकै अंशबाट उत्पन्न हुनुभएको हो। आदित्य, मरुत्हरू, साध्यहरू, रुद्र, वसु, अश्विनीकुमार, अग्नि, पितृहरू, सृष्टिकर्ता अत्रिसहितका प्रजापतिहरू सबै उहाँ अविनाशी, अव्यक्त तथा यथार्थ रूप जान्न नसकिने श्रीविष्णुकै स्वरूप हुन्। यक्ष, राक्षस, दैत्य, पिशाच, सर्प, दानव, गन्धर्व एवं अप्सराहरू आदि पनि उहाँ परब्रह्म परमात्मा श्रीविष्णुकै स्वरूप हुन्। ग्रह, नक्षत्र तथा ताराहरूबाट पूर्ण रूपमा सजिएको आकाश, अग्नि, जल, वायु र म अथवा पृथ्वी र सबै इन्द्रियहरूका सबै विषयहरूसहित यो चराचर जगत् परब्रह्म परमात्मा श्रीविष्णुमय नै छ। तथापि अनेकौं किसिमका स्वरूप धारण गर्नुहुने परब्रह्म परमात्मा भगवान् श्रीविष्णुका यी स्वरूपहरू समुद्रमा उत्पन्न भएका तर हरू जस्तै रातदिन एकअर्काका बाधक भइरहेका हुन्छन्। यस समयमा कालनेमि आदि नाम भएका दैत्यहरूले मर्त्यलोकमा आफ्नो अधिकार स्थापित गरेर दिनरात निरन्तर रूपमा त्यहाँका प्राणीमात्रलाई अत्यन्त पीडा दिइरहेका छन्।

प्राचीन कालमा यसै कालनेमिको सर्वशक्तिसम्पन्न परब्रह्म परमात्मा भगवान् श्रीविष्णुले वध गरिदिनुभएको थियो। त्यही महान् असुरले यस समयमा उग्रसेनको पुत्र कंसको स्वरूपमा जन्म लिएको छ। अरिष्टनेमि, धेनुक, केशी, प्रलम्ब, नरक, सुन्द र बलिका पुत्र वाणासुर तथा महापराक्रमी दुरात्माहरूले राजाहरूका घरमा जन्म लिएका छन्। म उनीहरूको गणना गर्नसम्म पनि असमर्थ भइसकेकी छु। यस समयमा ममाथि अत्यन्तै बलवान् र अभिमानबाट पूर्ण रूपमा सम्पन्न भएका दैत्यहरूका अनेकौं अक्षौहिणी सेनाहरूको भार परिरहेको

छ, जसको प्रभावले गर्दा म धेरै पीडित भएकी छु। म उनीहरूद्वारा अतिपीडित भएकाले अब आफैलाई धारण गर्न पनि पूर्ण रूपमा असमर्थ भइसकेकी हुनाले सोही कुराको जानकारी गराउनका लागि तपाईंहरूका नजिकमा आएकी हुँ। तपाईंहरूले ममा परिरहेको पीडा हटाउने यस्तो कुनै उपाय गर्नुहोस्, जसले गर्दा मैले अत्यन्त व्याकुल भएर रसातलमा जान बाध्य हुनु नपरोस् अर्थात् मलाई आफैलाई धारण गर्न सहज अवस्था सृजना होस्।

पराशरले भन्नुभयो– पृथ्वीका यसप्रकारका अत्यन्तै पीडादायक वचन सुनेपछि पृथ्वीम परिरहेको भार हटाउनका लागि सबै देवताहरूबाट अभिप्रेरित भएका पितामह प्रजापति ब्रह्माले भन्न आरम्भ गर्नुभयो।

ब्रह्माले भन्नुभयो– पृथ्वीले जे भनिरहेकी छिन्, त्यो यथार्थ रूपमा सत्य हो, वास्तवमा म, शङ्कर र तपाईंहरू सबै परब्रह्म परमात्मा भगवान् श्रीनारायणका जति पनि विभूतिहरू रहेका छन्, तिनीहरूमा परस्पर थोरै र धेरै मात्र बाध्य अर्थात् नियम, विधि, वचनलगायतले बाँधिएको वा नगरी नहुने स्थितिमा परेको र काममा बाधा पुऱ्याउने वा रोक्ने रूपबाट रहेका हुन्छन्। यसैले तपाईंहरू आउनुहोस्, अब हामी सबै क्षीरसागरको अतिपवित्र किनारमा जाऔँ, त्यहाँ परब्रह्म परमात्मा श्रीहरिको आरधना गरेर यी सबै पीडादायक कुरा उहाँलाई निवेदन गरौँ। उहाँ परब्रह्म परमात्मा श्रीहरिले पूर्ण रूपमा संसारको कल्याण गर्नका लागि मात्र आफ्नो परम शुद्ध सत्त्वांशबाट अवतार धारण गर्नु भएर पृथ्वीमा अधर्मको विनाश र धर्मको स्थापना गर्नुहुनेछ।

पराशरले भन्नुभयो– यति भनिसकेपछि सबै देवतासहित पितामह ब्रह्म क्षीरसागरको पवित्र किनारमा जानुभयो र अत्यन्तै एकाग्रचित्त भएर भगवान् श्रीविष्णुको यसरी स्तुति गर्न थाल्नुभयो।

ब्रह्माले भन्नुभयो– हे प्रभु ! हे अनाम्नाय ! हे सर्वात्मा ! हे भगवान् ! हजुर नै ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद हुनुहुन्छ तथा हजुर नै शिक्षा, कल्प, निरुक्त, छन्द र ज्योतिषशास्त्रस्वरूप हुनुहुन्छ। हे प्रभु ! हे परब्रह्म परमात्मा ! हजुर नै इतिहास, पुराण, व्याकरण, मीमांसा न्यायशास्त्र र धर्मशास्त्र हुनुहुन्छ। जुन जीवात्मा, परमात्मा, स्थूल, सूक्ष्म शरीर छ र जो तिनीहरूको अव्यक्त कारण

छ, यी सबै विचारहरूबाट सम्पन्न अन्तरात्मा र परमात्माका स्वरूपको बोधक अर्थात् ज्ञान गराउने वेदान्तवाक्य छ, त्यो पनि हजुरभन्दा अलग रहेको छैन। हजुर अव्यक्त, वचनका माध्यमद्वारा वर्णन गर्न नसकिने, मनद्वारा चिन्तन गर्न नसकिने, अनिर्देश्य, नाम र वर्णरहित, हातगोडा नहुने र स्वरूपविहीन तथा शुद्ध, नित्य एवं प्रकृतिभन्दा अत्यन्त टाढा हुनुहुन्छ। हजुरमा कान नभए तापनि सुन्ने सामर्थ्य रहेको छ, आँखा नभए तापनि देख्ने सामर्थ्य रहेको छ, स्वयं एक भए तापनि अनेकौं स्वरूपहरूमा प्रकट हुनुहुन्छ, चरणरहित भएतापनि सर्वत्र आवागमन गर्नुहुन्छ, हात नभए तापनि आफ्ना भक्तले अर्पण गरेको वस्तु ग्रहण गर्नुहुन्छ, हजुर समग्र ज्ञानस्वरूप हुनुहुन्छ तथा सबैका लागि अज्ञात भए तापनि सबैका विषयको ज्ञाता हुनुहुन्छ।

हे परमात्मा ! जुन ज्ञानी पुरुषको बुद्धिले हजुरको उत्तम स्वरूपबाहेक अन्य कुनै विषयवस्तुलाई ग्रहण गर्दैन, जसले सूक्ष्मभन्दा पनि अत्यन्त सूक्ष्म हजुरको स्वरूपलाई प्रत्यक्षजस्तै देख्दछ अर्थात् हजुरका स्वरूपको साक्षात्कार गर्दछ, त्यही पुरुषको अज्ञान पूर्ण रूपमा विनाश हुन्छ अथवा उसमा अज्ञानको छायासम्म रहँदैन। हजुर सम्पूर्ण विश्वको आश्रय तथा भुवनहरूको रक्षक हुनुहुन्छ र समग्र भुवन हजुरको एक अंशमा अडिएको छ। जुन भूतमा भएका र भविष्यमा हुने वस्तु छन्, ती सबै हजुरबाटै उत्पन्न भएका हुन् र हुनेछन्। यसकारण हजुर सूक्ष्मभन्दा पनि अत्यन्त सूक्ष्म तथा प्रकृतिबाट यथार्थ रूपमा स्वतन्त्र रहनुहुने एकमात्र परम पुरुष हुनुहुन्छ। हजुरले चार प्रकारका अग्निहरूको स्वरूप धारण गरेर जगत्‌लाई तेज र प्रकाश प्रदान गर्नुहुन्छ। हे अनन्तमूर्ति ! चारै दिशाहरूमा हजुरका आँखाहरू प्रकाशका रूपमा फैलिएका छन् । हे विधाता ! हजुरले त्रिविक्रमको स्वरूप धारण गरेर आफ्ना तीन पादबाट तीनोटै लोक स्थापना गर्नुभएको हो । हे परमेश्वर ! जसरी एउटै विकाररहित अग्नि विकृत भएर विकृतको भेदअनुसार अनेकौं किसिमबाट प्रज्ज्वलित हुन्छ, त्यसरी नै सर्वत्र व्यापक भएर रहनुभएका हजुरले पनि एक रूप भए तापनि अनन्त स्वरूप धारण गर्नुहुन्छ। जुन एकमात्र अत्यन्त सर्वोत्कृष्ट परम पद छ, त्यो पनि हजुर स्वयं हुनुहुन्छ तथा ज्ञानी पुरुषले ज्ञान दृष्टिका माध्यमद्वारा हजुरको मात्र दर्शन गर्दछन्।

हे परमात्मा। यस जगत्मा भूतमा भएका र भविष्यमा हुने जति पनि पदार्थहरू छन्, ती सबै हजुरबाटै उत्पन्न भएका हुन्। हजुरबाहेक यो संसारमा अन्य केही पनि छैन। हजुर नै व्यक्त र अव्यक्त एवं समष्टि र व्यष्टि स्वरूप हुनुहुन्छ, हजुर नै सबैको ज्ञाता र सबैलाई देख्न सक्ने वा सबैको द्रष्टा हुनुहुन्छ तथा हजुर नै सबै शक्ति, ज्ञान एवं ऐश्वर्यबाट यथार्थ रूपमा सम्पन्न हुनुहुन्छ। हजुरमा ह्रास हुने र वृद्धि हुने विकारहरू रहेका छैनन्, हजुर पूर्ण रूपमा स्वाधीन, अनादि र जितेन्द्रिय हुनुहुन्छ तथा हजुरमा श्रम, आलस्य, भय, क्रोध र कामलगायतका दोषहरूको पूर्ण रूपमा अभाव रहेको छ। हजुर निर्मल, अप्राप्य, निराधार र कुनै किसिमको रोकतोक नभएको गति हुनुहुन्छ; हजुर सबैको स्वामी, अन्य ब्रह्मादिको आश्रय तथा सूर्यालगायतको तेजको पनि परम तेज र अविनाशी हुनुहुन्छ। हजुर आवरणरहित, असहायहरूको पालनकर्ता र महाविभूतिहरूको परम आधार हुनुहुन्छ। हजुरलाई नमस्कार छ। हजुरले कुनै कारण, अकारण अथवा कारणाकारणका आधारमा शरीर ग्रहण नगर्नुभएर केवल अधर्मको विनाश र धर्मको रक्षा गर्नका लागि मात्र शरीर ग्रहण गर्नुहुन्छ।

पराशरले भन्नुभयो— यसप्रकारको स्तुति सुनिसकेपछि जन्मरहित विश्वरूप श्रीहरिले अतिप्रसन्न भएर पितामह ब्रह्मासँग भन्नुभयो।

श्रीभगवान्ले भन्नुभयो— यी देवताहरू र तपाईंले मबाट जे प्राप्त गर्ने अभिलाषा राख्नुभएको छ, यस विषयमा पूर्ण रूपमा बताउनुहोस् र त्यो सबै सिद्ध भइसकेको छ भनेर निश्चय गर्नुहोस् अर्थात् तपाईंहरूको अभिलाषा पूर्ण भइसकेको हुनेछ।

पराशरले भन्नुभयो— त्यसपछि परब्रह्म परमात्माको त्यो विश्वरूपको प्रत्यक्ष रूपमा दर्शन गरेपछि देवताहरू अत्यन्तै भयभीत भएकाले आफ्नो शरीर आधा झुकाएर अत्यन्त नम्र भएर फेरि स्तुति गर्न थाले।

ब्रह्माले भन्नुभयो— हे अनेकौं मूर्ति प्रभु ! अनेकौं हातसम्पन्न परमात्मा ! हे अनेकौं मुख भएका र अनेकौं चरणहरू हुनुभएका विधाता ! हजुरलाई नमस्कार छ। हे जगत्को सृष्टि, स्थिति र विनाश गर्नुहुने पुरुषोत्तम ! हे अप्रमेय ! हजुरलाई पटकपटक नमस्कार छ। हे सूक्ष्मभन्दा पनि अत्यन्त सूक्ष्म परमात्मा !

हे अत्यन्तै विशाल प्रमाणस्वरूप भगवान् ! हे गौरवशालीहरूमा पनि गौरवसम्पन्न प्रभु ! हजुर बुद्धि, प्रकृति र अहङ्कारका मूल पुरुषभन्दा अलग रहनुभएको छ। हे परब्रह्म परमात्मा ! हजुर हामीसँग प्रसन्न भइदिनुस् । हे देवाधिदेव ! यी पृथ्वी हुन् । पृथ्वीबाट उत्पन्न भएका अनेकौँ अतिपराक्रमी असुरहरूका उत्पातको प्रभावले गर्दा यिनको पर्वतरूपी मुख्य बन्धन अतिशिथिल भइसकेको छ । यसकारण पृथ्वीमाथि आइलागेको यो भार पूर्ण रूपमा हटाउनका लागि अपार शक्तिसम्पन्न तथा समग्र जगत्का एकमात्र गति हजुरका शरणमा रशणागत हुन आएकी छन्। हे सुरनाथ ! म, यी इन्द्र हुन्, यी अश्विनीकुमार हुन्, यी वरुण हुन्, यी यम हुन्, यी रुद्रहरू, सूर्यसहित वसुहरू, वायु, अग्निजस्ता हामी सबै मिलेर आएका छौँ र यी अन्य देवता हुन्, यिनीहरूको अथवा मेरो जे कर्तव्य हुन्छ, त्यो हजुरले हामीलाई आज्ञा दिनुहोस् । हे परमात्मा ! हजुरका आज्ञाको पालना गर्दै हामी सबै सधैँ पूर्ण रूपमा निर्दोष भएर बस्ने छौँ ।

पराशरले भन्नुभयो— ब्रह्मासहि देवताहरूले यसरी स्तुति गरेपछि परब्रह्म परमात्मा भगवान्ले आफ्नो सेतो र कालो दुई प्रकारको केश उखेलेर देवताहरूसँग भन्नुभयो।

श्रीभगवान्ले भन्नुभयो— मेरा यी दुइटा केशले पृथ्वीमा अवतार लिएर पृथ्वीको पीडाका रूपमा उत्पन्न भएको समग्र भार हटाइदिएर पृथ्वीलाई दैत्यहरूबाट प्राप्त पीडाबाट मुक्त गराउनेछन् र सबै देवताहरूले आआफ्नो अंशबाट पृथ्वीमा जन्म लिएर आफूभन्दा पहिले उत्पन्न भएका अतिउन्मत्त भएका दैत्यहरूसँग युद्ध गर्नेछन् तथा पृथ्वीमा उत्पन्न भएर ज्यादै उन्मत्त भएका सबै दैत्यहरूमा मेरो दृष्टि परेपछि तिनीहरू धुलो भएर पूर्ण रूपमा नष्ट हुनेमा कुनै किसिमको द्विविधा छैन। वसुदेवकी जुन देविसमान देवकी नाम भएकी पत्नी रहेकी छन्, उनको आठौँ गर्भबाट यो मेरो सेतो केशले धेरै उन्मत्त भएको दैत्य कंसको कालका रूपमा अवतार लिनेछ र त्यहाँ अवतार लिएर यसले त्यो कंसका रूपमा उत्पन्न भएर पृथ्वीमा उत्पात मच्चाइरहेको कालनेमि दैत्यको पूर्ण रूपमा विनाश गर्नेछ। यसरी देवताहरूलाई बताइसकेपछि परब्रह्म परमात्मा भगवान् अन्तर्ध्यान हुनभयो।

पराशरले भन्नुभयो– परब्रह्म परमात्मा श्रीहरि अन्तर्ध्यान हुनुभएपछि उहाँलाई प्रणाम गरेर सबै देवताहरू फर्किएर सुमेरु पर्वतमा आएर सबैले सिलसिलाबद्ध रूपमा पृथ्वीमा जन्म लिन थाले। यसै समयमा देवर्षि नारदजीले आएर कंसलाई देवकीको आठौँ गर्भबाट परब्रह्म परमात्मा आफैँले संसारमा फैलिएको अधर्मको विनाश गरेर धर्मको स्थापना गर्नका लागि जन्म लिनुहुने कुरा बताइदिए। देवर्षि नारदका यसप्रकारका कुरा सुनिसकेपछि अत्यन्तै क्रोधित भएको कंसले वसुदेव र देवकीलाई कारागारको अतिअँध्यारो र कष्टदायक कोठामा हातखुट्टा सबैतिर बाँधेर राख्यो। त्यसपछि वसुदेवले पनि पहिले आफूले जनाएको प्रतिबद्धता अनुसार आफ्ना प्रत्येक पुत्रहरू कंसलाई दिइरहे। प्रचलनमा रहेको किंवदन्तका अनुसार देवकीको गर्भबाट उत्पन्न भएका यी छओटा पुत्र पहिलो जन्ममा हिरण्यकशिपुका पुत्र थिए। भगवान् श्रीविष्णुबाट अभिप्रेरित भएकी योगनिद्राले तिनीहरूलाई सिलसिलाबद्ध रूपमा देवकीका गर्भमा स्थापना गरिदिएकी थिइन्। उसका माध्यमद्वारा यो सम्पूर्ण जगत् पूर्ण रूपमा मोहित भइरहेको छ, तिनै अविद्यास्वरूपिणी योगनिद्रा परब्रह्म परमात्मा भगवान् श्रीविष्णुकी महामाया हुन्। ती महामायासँग भगवान् श्रीहरि विष्णुले भन्नुभयो।

श्रीभगवान्ले भन्नुभयो– हे निद्रे ! जाऊ, मेरो आज्ञानुसार तिमीले पातालमा रहेका छओटा गर्भलाई एकएक गरेर ल्याएर देवकीका पेटमा स्थापित गरिदेऊ। ती सबैलाई कंसले मारेपछि शेष नाम भएको मेरो अंश आफ्नो अंशांशबाट देवकीको पेटमा सातौँ गर्भका रूपमा अवस्थित हुनेछ। गोकुलमा रोहिणी नाम भएकी वसुदेवकी एक पत्नी रहेकी छन्। ती देवकीको सातौँ गर्भ निकालेर तिमीले रोहिणीको गर्भमा स्थापित गरिदिनू। तर त्यो यसरी स्थापित गरिदिनू, जसले गर्दा त्यो बालक रोहिणीकै गर्भबाट उत्पन्न भएको जस्तै देखियोस्। उसका विषमा संसारमा मनुष्यहरूले भन्नेछन्, देवकीलाई कारागारमा बन्द गरिएकाले भोजराज कंसबाट अतिभयभीत भएका कारणले गर्दा देवकीको सातौँ गर्भ तुहियो अथवा गर्भपतन भयो। त्यो सेतो पर्वतशिखरजस्तै अत्यन्तै पराक्रमी वीर पुरुष गर्भबाट राम्ररी सङ्कर्षण (तानिएको) गरिएको हुनाले संसारमा सङ्कर्षणका नामले प्रसिद्ध हुनेछ।

त्यसपछि म आफैँले देवकीको आठौँ गर्भका रूपमा उनको मङ्गलमय पेटमा प्रवेश गर्नेछु। त्यस समयमा तिमीले पनि तत्कालै यशोदाको गर्भमा प्रवेश गर्नू। वर्षाऋतुका समयमा भाद्र महिनाको कृष्णपक्षको अष्टमीको आधा रातका समयमा मैले देवकीका गर्भबाट जन्म लिनेछु र तिमीले पनि नवमीका दिन यशोदाका गर्भबट जन्म लिनू। त्यस समयमा मेरो शक्तिबाट पूर्ण रूपमा अभिप्रेरित भएका वसुदेवले मलाई यशोदाको शयनकक्षमा र तिमीलाई देवकीको शयनकक्षमा पुऱ्याइदिनुहुनेछ। त्यसपछि कंस तिमीलाई तिम्रा खुट्टामा समाएर पर्वतका समान ढुङ्गामा पछार्नका लागि तयार हुनेछ, तर तिमी उसले पछार्न नभ्याइ माथि गएर आकाशमार्गमा विराजमान हुनेछ्यौ। त्यस समयमा मेरो प्रभावबाट अभिप्ररित भएका सहस्र आँखासम्पन्न इन्द्रले तिमीलाई सिर झुकाएर प्रणाम गर्नेछन् र तिमीलाई आफ्नी बहिनीका रूपमा स्वीकार गर्नेछन्।

तिमीले पनि शुम्भ र निशुम्भजस्ता धेरै दैत्यहरूको सर्वनाश गरेर विन्ध्याचल, जालन्धरजस्ता स्थानहरूमा निवास गरेर समग्र पृथ्वीलाई शोभायमान बनाउनेछ्यौ। तिमी नै भूति, सन्तति, कीर्ति र कान्ति हौ। यसबाहेक संसारमा अन्य पनि जनुसकै शक्ति छ, त्यो सबै तिमी नै हौ। जुन मनुष्यले प्रातःकाल र सान्ध्याकालमा अत्यन्तै विनम्रतापूर्वक तिमीलाई आर्या, दुर्गा, वेदगर्भा, अम्बिका, भद्रा, भद्रकाली, क्षमद र भाग्यदालगायतका नामले सम्बोधन गरेर तिम्रो स्तुति वा आराधना गर्दछ; मेरो कृपाका प्रभावले त्यसका सबै किसिमका कामनाहरू पूर्ण हुनेछन्। मदिरा, मासु, भक्ष्य र भोज्यद्वारा गरिएको पूजाबाट अत्यन्त प्रसन्न भएर तिमीले मनुष्यहरूलाई उनीहरूले कामना गरेका सबै वस्तुहरू उपलब्ध गराइदिनेछ्यौ। तिमीद्वारा प्रदान गरिएका ती सबै किसिमका वरदानहरू मेरो प्रसन्नताका प्रभावले गर्दा निश्चित रूपमा परिपूर्ण हुनेछन्। अब तिमी आफ्नो कार्य सम्पन्न गर्न मैले बताएअनुसारको ठाउँमा जाऊ।

पराशरले भन्नुभयो– त्यसपछि जगद्धात्री योगमायाले परब्रह्म परमात्मा देवाधिदेव भगवान् श्रीविष्णुले जसरी आज्ञा दिनुभएको थियो, त्यसैगरी पातालबाट ल्याएर छओटा गर्भ देवकीका पेटमा स्थापित गरिदिइन् र देवकीको सातौँ गर्भ तानेर निकालिदिइन्। यसरी देवकीको सातौँ गर्भ रोहिणीको पेटमा

स्थापित गरिसकेपछि परब्रह्म परमात्मा श्रीहरिले तीनोटै लोकको कल्याण गर्नका लागि स्वेच्छापूर्वक देवकीका गर्भमा प्रवेश गर्नुभयो भने उहाँको आज्ञानुसार योगमायाले पनि त्यसै दिन यशोदाका गर्भमा प्रवेश गरिन्। परब्रह्म परमात्मा श्रीविष्णुको अंश पृथ्वीमा आउनुभएकाले आकाशमा ग्रहहरू आआफ्नो उपयुक्त गतिमा चल्न थाले र सबै ऋतुहरू पनि मङ्गलमय रूप धारण गरेर शोभायमान हुन थाले। त्यस समयमा अत्यन्त तेजबाट जाज्वल्यमान भएकी देवकीलाई कसैले पनि हेर्न सक्दैनथे। उनीमा यस किसिमको ज्योति आएको देखेर उनका शत्रुहरूको मनमा पनि अत्यन्तै भय उत्पन्न भएको थियो। त्यसैले त्यहाँ रहेका स्त्री वा पुरुष सबैबाट अदृश्य भएर देवताहरू परब्रह्म परमात्मा श्रीविष्णुलाई आफ्नो गर्भमा धारण गरेकी देवकीजीको दिनरात एकाग्रतापूर्वक प्रार्थना गर्न थाले।

देवताहरूले भने– पहिले तिमी ब्रह्मको प्रतिबिम्बलाई धारण गर्ने क्षमता भएकी सूक्ष्म प्रकृति भएकी थियौ भने त्यसपछि जगद्विधाताकी वेदगर्भा वाणी भयौ। तिमी नै सूर्यस्वरूप गर्भ धारण गर्ने भएर सृष्टिका रूपमा विराजमान हुन्छ्यौ र तिमी नै सबैकी बीजस्वरूपा वेदत्रयी यज्ञस्वरूपा पनि हौ अर्थात् जति पनि सृजना हुने पदार्थहरू छन्, ती सबै तिमीबाटै उत्पन्न भएका-हुन्। तिमी नै फल प्रदान गर्ने यज्ञस्वरूपिणी र अग्निलाई आफूमा समाहित गराएर राख्ने अरणिस्वरूपा पनि हौ, तिमी नै अदितिका रूपमा देवताहरूलाई उत्पन्न गराउने माता र दितिका रूपमा दैत्यहरूकी माता पनि हौ। तिमी नै सूर्यका किरणहरू तथा ज्ञान उपलब्ध गराउने गुरु सेवारूपी हौ। तिमी नै न्यायसम्पन्न परम नीति र विनम्रताकी मूलस्रोत लज्जा हौ।

तिमी नै कामवासना उत्पन्न गराइदिने इच्छा, सन्तोष उत्पन्न गराइदिने तुष्टि, ज्ञान उत्पन्न गराइदिने प्रज्ञा र धैर्यधारण गर्नसक्ने शक्ति उपलब्ध गराइदिने धृतिस्वरूपा हौ। ग्रह, नक्षत्र र ताराहरूलाई आफूमा आश्रय दिने तथा वर्षाका माध्यमद्वारा समग्र विश्वको कल्याण गराउने कारणका रूपमा रहेको आकाश पनि तिमी नै हौ। समुद्र, पर्वत, नदी, द्वीप, वन तथा अन्य पनि हजारौँ र असङ्ख्य विभूतिहरू यस समयमा तिम्रो पेटमा रहेका छन् भने बस्तीबाट सुशोभायमान

भएको गाउँ, पहाडमा बसेको गाउँ, कृषकको बस्ती भएको गाउँलगायतले परिपूर्ण भएको समग्र पृथ्वी, अग्नि, जल, सबैलाई आफूमा स्थान दिने त्यो सैकडौँ विमानले सुशोभित भएको आकाश, भूर्लोक, भुवर्लोक, स्वर्गलोक, महर्लोक, जनलोक तथा ब्रह्मलोकसम्मका सबै ब्रह्माण्डहरू तिमीमा नै समाहित भएर रहेका छन् तथा ती लोकहरूमा निवास गर्ने देवता, असुर, गन्धर्व, घुम्दै वंशको गुणगान गर्ने भाट, नाग यक्ष, राक्सस, प्रेत र कुबेर वा ब्रह्माको सभामा बस्ने एक यक्षलगायत पनि तिमीमा नै समाहित भएर रहेका छन्।

यसैगरी मनुष्य, पशु र अन्य सबै किसिमका जीवहरू आफैँभित्र समाहित भएकाले जो अनन्त सर्वगामी र सर्वभावन परमात्मा हुनुहुन्छ तथा रूप, कर्म, स्वभाव र बालकपनको महिमा आदि सबै परिणामको विषय हुन सक्नुहुन्न, उहाँ परब्रह्म परमात्मा श्रीविष्णु आफैँ वर्तमान अवस्थामा तिम्रो गर्भमा विराजमान हुनुभएको छ। तिमी नै स्वाहा, स्वधा, विद्या, अमृत र आकाशमा अवस्थित भएको ज्योति हौ भने सबै लोकको कल्याण गर्नका लागि मात्र तिमीले पृथ्वीमा अवतार लिएकी हौ। तिमी प्रसन्न होऊ। तिमीले यो चराचर जगत्को कल्याण गर। जसले यो समग्र जगत्लाई आफ्नो एक अंशमा धारण गर्नुभएको छ; तिमीले उहाँ परमात्मालाई अत्यन्तै श्रद्धा र प्रेमपूर्वक आफ्नो गर्भमा धारण गर।

पराशरले भन्नुभयो–देवताहरूले यसप्रकारको स्तुति गरेपछि देवकीले संसारको रक्षा वा कल्याण गर्नका लागि अवतार लिन लाग्नुभएका परब्रह्म परमात्मा भगवान् श्रीपुण्डरीकाक्षलाई आफ्नो गर्भमा धारण गरिन् भने समग्र संसारस्वरूप कमललाई पूर्ण रूपमा विकसित गराउनका लागि देवकीरूपी पूर्वसन्ध्याबाट श्रीअच्युतरूपी भगवान् श्रीविष्णुले अवतार लिनुभयो। जसरी चन्द्रमाको किरण लोकका लागि अत्यन्त आनन्ददायक हुन्छ, त्यसरी नै परब्रह्म परमात्मा श्रीविष्णुले अवतार लिनुभएको दिन पनि सबै लोकका लागि अत्यन्तै आनन्ददायक भयो र त्यस समयमा सबै दिशाहरू स्वच्छ भएका थिए। परब्रह्म परमात्मा श्रीजनार्दनले जन्म लिनुभइसकेपछि महात्माहरूले अतिआनन्दको अनुभूति गरे भने प्रचण्ड रूपमा बहिरहेको वायु पनि पूर्ण रूपमा शान्त भयो तथा नदीहरू पनि स्वच्छ भएर बहन थाले। समुद्रहरूले आफ्नो अत्यन्त सुमधुर

शब्दमा मनमोहक बाजा बजाउन थाले, गन्धर्वहरू गीत गाउन थाले तथा यो अवसरलाई पूर्ण रूपमा रमणीय बनाउनका लागि स्वर्गका अप्सराहरू आकर्षक नृत्य गर्न थाले। परब्रह्मपरमात्मा श्रीजनार्दन प्रकट भइसक्नुभएपछि देवताहरूले आकाशबाट पृथ्वीमा फूलहरूको वर्षा गराउन थाले तथा यज्ञमा बालिएका अग्निहरू अत्यन्त शान्त रूप धारण गरेर प्रज्वलित हुन थाले। मध्यरात्रिका समयमा संसार र जीवमात्रका परम आश्रय श्रीविष्णुको भगवान् श्रीकृष्णका रूपमा जन्म हुँदाका समयमा बादलहरू फूलको वर्षा गराउँदै मन्दमन्द आवाजमा गर्जन थाले। आनकदुन्दुभि वसुदेवले उहाँलाई पूर्ण रूपमा फुलेका कमलको फूलका समान अत्यन्तै शोभायमान चतुर्भुज स्वरूपमा र आफ्नो हृदयको केन्द्रविन्दु अथवा छातीमा श्रीवत्स (पुराणहरूका अनुसार विष्णुको छातीमा रहेको भृगु ऋषिको लात्तीको चिह्न) अङ्कित गराएरै उत्पन्न हुनुभएका परब्रह्म परमात्मा श्रीविष्णुको दर्शन गरेपछि उहाँको स्तुति गर्न थाले। तत्त्वका ज्ञाता वसुदेवले पवित्र वाक्यहरूद्वारा समग्र जगत्का परमाधिपति श्रीविष्णुको स्तुति गरेर कंसको भयले ज्यादै भयभीत हुँदै त्यस समयमा भगवान्सँग विनम्रतापूर्वक विन्ती गर्दै भने।

वसुदेवले भने– मलाई हजुरका विषमा यथार्थ ज्ञान भइसक्यो। यद्यपि हजुर साक्षात् परमेश्वर प्रकट हुनुभएको छ, तथापि हजुर मबाट प्रसन्न भएर अब आफ्नो यो शङ्ख, चक्र, गदा धारण गर्नुभएको दिव्य स्वरूपको उपसंहार गरिदिनुहोस्। हजुरले मेरो घरमा अवतार लिनुभएको जानकारी पायो भने त्यो अतिदुष्टबुद्धि भएको कंसले आजै मेरो पूर्ण रूपमा विनाश गरिदिनेछ। त्यसकारण आफ्नो यो चतुर्भुज स्वरूपको अन्त्य गरिदिनुहोस्।

देवकीले भनिन्– जो अनन्तस्वरूप र विश्वस्वरूप हुनुहुन्छ, जसले गर्भमा निवास गरे तापनि आफ्नो शरीरको कुनै एक अंशमा समग्र ब्रह्माण्ड धारण गर्नुहुन्छ। यसप्रकारका हजुर आफ्नो योगमायाबाट बालकको स्वरूपमा विद्यमान भएर हामीबाट प्रसन्न भइदिनुहोस्। हजुरले आफ्नो यो चतुर्भुज स्वरूपको अन्त्य गरिदिनुहोस्। यो राक्षसको अंशाट उत्पन्न (द्रुमिल नामको राक्षसले राजा उग्रसेनको स्वरूप धारण गरेर उनकी पत्नीसँग सहवास गरेको थियो। त्यसैको

वीर्यबाट कंस उत्पन्न भयो हो भन्ने यो कथा हरिवंशपुराणमा आउँछ) भएको कंसले हजुरको अवतारका विषयमा अलिकति मात्र पनि जान्न नपाओस्।

श्रीभगवान्‌ले भन्नुभयो– तिमीले प्राचीन कालमा पुत्रको रूपमा प्राप्त गर्ने कामना राखेर मसँग प्रार्थना गरेकी थियौ; त्यो तिम्रो प्रार्थना आज सफल भयो। किनकि आज म तिम्रा गर्भबाट तिम्रो पुत्रका रूपमा उत्पन्न भएको छु।

पराशरले भन्नुभयो– यसरी बताइसकेपछि परब्रह्म परमात्माले मौनता धारण गर्नुभयो भने वसुदेव पनि त्यसै समयम अर्थात् आधा रातमै उहाँलाई लिएर बाहिर गए। वसुदेव बाहिर जाँदा कंसका कारागारमा रहेका सुरक्षाकर्मीहरू र मथुराका द्वारपालहरू योगमायाका प्रभावले पूर्ण रूपमा मोहित भएका थिए अथवा उनीहरू अत्यन्तै गहिरो निन्द्रामा परेका थिए। त्यस रात वर्षा गराउँदै रहेका मेघहरूको जलधारालाई छाताको रूप धारण गरेर आफ्ना फणाहरूले रोक्दै श्रीशेषनाग वसुदेवजीका पछिपछि हिंड्न थाले। श्रीविष्णुलाई आफ्नो सिरमा बोकेर गएका वसुदेवले यमुना नदी तर्दाका अवस्थामा त्यो अनेकौँ प्रकारका जलजन्तुहरूले परिपूर्ण रहेको नदीमा उनको घुँडासम्म मात्र पानी रहेको थियो अर्थात् यमुनाको पानी उनको घुँडाभन्दा माथि आएन। उनले यमुनाका किनारमै कंसलाई कर बुझाउनका लागि आएका नन्दलगायतका वयोवृद्ध गोपहरूलाई पनि देखेका थिए। यसै समयमा योगमायाको प्रभावले सबै मनुष्यहरू पूर्ण रूपमा मोहित भएका अवस्थामा त्यसरी नै मोहित भएकी यशोदाले पनि तिनै कन्यालाई जन्म दिइन्। त्यसपछि अत्यन्त तेजिलो कान्तिसम्पन्न वसुदेवजी पनि आफूले ल्याएको बालकलाई यशोदाका ओछ्यानमा सुताइदिएर ती कन्या लिएर तत्कालै यशोदाको शयनकक्षबाट निस्किएर हिंडे। जब यशोदा होसमा आइन् त्यस समयमा आफूबाट एक नीलकमलको फूलका समान श्यामवर्ण भएको बालक उत्पन्न भएको देखेर उनी ज्यादै प्रसन्न भइन्'। यता वसुदेवले ती कन्यालाई आफ्नो घरमा ल्याएर देवकीको विछ्यौनामा सुताइदिए। त्यसपछिको अवस्था पहिले पहिलेको जस्तै साधारण किसिमको भयो। त्यहाँ बालक रोइरहेको आवाज सुनेर कंसको कारागारका सुरक्षाकर्मीहरू अत्यन्त हडबडाउँदै उठे र देवकीको सन्तान उत्पन्न भइसकेको खबर कंसलाई सुनापछि कंसले शीघ्रतापूर्वक आएर देवि

देवकीद्वारा "छोडिदिनुस्, छोडिदिनुस्" भन्दै रोक्ने प्रयास गरे तापनि ती कन्यालाई समाएर ढुङ्गामाथि फ्याँकिदियो। कंसद्वारा त्यसरी फ्याँकिएकी ती कन्या आकाश मार्गमा गएर अवस्थित भइन्। त्यसपछि उनले अस्त्रशस्त्रबाट पूर्ण रूपमा सम्पन्न अतिउग्र अष्टभुज स्वरूप धारण गरिन्।

उनले अत्यन्तै उच्च स्वरमा अट्टाहस गर्दै रोषपूर्ण भावमा कंससँग भनिन्– तैँले मलाई ढुङ्गामाथि फ्याँकेर तेरो कुनचाहिँ कार्य सिद्ध भयो ? जसले निश्चित रूपमा तेरो बध गर्नुहुनेछ, उहाँले त यसभन्दा पहिले नै जन्म लिइसक्नुभएको छ। देवताहरूमा पनि देवता अर्थात् सम्पूर्ण संसारका अधिपति परमपुरुष श्रीहरि नै तेरो पूर्वजन्म अथवा कालनेमि रूपको पनि काल हुनुहुन्थ्यो अर्थात् त्यो जन्ममा पनि तँ उहाँकै हातबाट मारिएको थिइस्। त्यसकारण यी सबै कुराहरूमा विशेष ध्यान दिएर तैँले अहिलेदेखि नै आफ्नो कल्याणका विषयमा चिन्तन गर। त्यस भोजराजलाई यति कुरा बताइसकेपछि दिव्य माला र अत्यन्त सुगन्धित चन्दनबाट विभूषित भएकी ती देवि सिद्धद्वारा प्रार्थना गरिएको अवस्थामा नै आकाशमार्गमा अन्तर्ध्यान भइन्।

पराशरले भन्नुभयो– यसपछि धेरै उदास मन भएको कंसले प्रलम्ब, केशीलगायतका आफ्ना परममित्रका रूपमा रहेका सबै मुख्य-मुख्य असुरलाई बोलाएर भन्न थाल्ये।

कंसले भन्यो– अरिष्टलगायतका अन्य असुरहरूसहित तपाईंहरूले कृपया मेरो कुरा विशेष ध्यानपूर्वक सुन्नुहोला। हामीहरूको शक्तिबाट पूर्ण रूपमा पराजित भएका दुरात्मापन भएका देवताहरू मेरो बध गर्न गराउने कार्यमा तत्परतापूर्वक लागिरहेका छन्। तर म आफैँ ज्यादै वीर पुरुष भएकाले आफ्नो शक्तिबाट सताइएका यिनीहरूलाई केही पनि सम्भिन्न अथवा यिनीहरू मेरो अगाडि हात्तीका छेउमा आएको भुसुनु बराबर भएका हुनाले अत्यन्तै थोरैमात्र पराक्रम भएका इन्द्र, तपस्यामात्र गरिरहने महादेव वा अत्यन्त असावधान भएको अवस्थामा मौका पारेर दैत्यहरूको विनाश गर्ने विष्णुबाट उनीहरूको कुनै पनि कार्य सिद्ध होला जस्तो मलाई लाग्दैन। मेरो पराक्रमबाट पराजित भइसकेका सम्पूर्ण देवताहरूबाट पनि मलाई कुनै हानि होला जस्तो लागिरहेको छैन। के

तपाईंहरूले देख्नुभएको थिएन, देवताहरूका राजा इन्द्र मसँग युद्ध गर्दाका समयमा आफ्नो छातीमा नभएर पछाडि ढाडमा वाणहरूको वर्षालाई सहन गर्दै युद्धभूमिबाट भागेका थिए।

जुन समयमा इन्द्रले मेरो राज्यमा वर्षा गराउन प्रतिबन्ध लगाएका थिए, त्यसै समयमा मैले एउटामात्र वाणको प्रयोग गरेपछि त्यसको असरबाट पीडित भएका मेघहरूले कसरी पूर्ण रूपमा जल बर्साएका थिए, त्यो तपाईंहरूले देखेकै कुरा हो। मेरा गुरु तथा ससुरा जरासन्धलाई परित्याग गरेर मेरो पराक्रमले धेरै भयभीत भएका पृथ्वीमा भएका सबै राजाले मेरा अगाडि आफ्नो सिर भुकाएको कुरा त यहाँहरूलाई ज्ञान भएकै विषय हो। देवताहरूप्रति मेरो अन्तरात्मामा हेलापूर्ण भाव अवश्य पनि रहेको छ; तर उनीहरू पनि मेरो वध गर्ने प्रयासमा तत्परतापूर्वक लागिरहेको देख्दा मलाई कताकता हाँस्न मन पनि लाग्छ। तथापि ती दुष्ट र दुरात्माहरूको संहार गर्ने कार्यमा हामी अझै पनि तत्परतापूर्वक लागिरहन आवश्यक देखिएको छ। त्यसकारण पृथ्वीमा जोसुकै पनि यशस्वी वा चारैतिर जस फैलिएका र यज्ञकर्ता रहेका छन्, देवताहरूको पूर्ण रूपमा विनाश गर्नका लागि तिनीहरूको अनिवार्य रूपमा वध गर्नैपर्छ। देवकीका गर्भबाट उत्पन्न भएकी बालिकाले बताएअनुसार मेरो पहिलो जन्मको हत्याकर्ता पुरुष फेरि उत्पन्न भइसकेको छ। त्यसकारण हिजोआज पृथ्वीमा उत्पन्न भएका बालकहरू विशेष ध्यान पुऱ्याउन आवश्यक छ। जुन बालकमा अत्यधिक मात्रामा बल रहेको देखिन्छ, त्यसलाई यत्नपूर्वक मारिदिनुपर्दछ अर्थात् जस्तोसुकै अवस्थामा पनि त्यस्तो बालकलाई जीवित रहन दिनु हुँदैन।

पराशरले भन्नुभयो– आफ्ना परम मित्र असुरहरूलाई यसप्रकारको आज्ञा दिइसकेपछि कंसले आफ्नो कारागारमा प्रवेश गरेर तत्कालै वसुदेव र देवकीलाई कारागारबाट मुक्त गरिदियो।

कंसले भन्यो– मैले आजसम्म तपाईंहरूका बालकहरूको अनावश्यक रूपमा हत्या गरें। किनकि मेरो पूर्ण रूपमा विनाश गराउने बालक त अन्यत्र कतै उत्पन्न भइसकेको रहेछ। तर यसमा तपाईंहरूले कुनै किसिमको दुःख नमान्नु होला। किनकि ती बालकहरूको भाग्यमा नै त्यस्तै लेखिएको थियो, त्यसैले यस्तो

भयो। तपाईंहरूको प्रारब्धको दोषका कारणले गर्दा नै ती बालकले जन्मनासाथै मृत्युको मुखमा जान बाध्य हुनुपऱ्यो।

पराशरले भन्नुभयो— कंस यस किसिमले वसुदेव र देवकीलाई आश्वासन सान्त्वना दिएपछि उनीहरूलाई कारागारबाट मुक्त गरिदिएर अत्यन्तै सशङ्कित र पूर्ण रूपमा उदास मनका साथ आफ्नो घरमा गयो। कंसको कारागारबाट मुक्त भएपछि तत्कालै वसुदेव नन्दजीको गोरुगाडाका नजिकमा गए र आफ्ना घरमा पुत्र उत्पन्न भएको खुसीमा अतिआनन्दित भएका नन्दजीको दर्शन गरे।

त्यसपछि वसुदेवले जन्दजीसँग आदरपूर्वक भने— यो वृद्धावस्थामा तपाईंको पुत्र जन्मिनु पनि ठूलो सौभाग्यको कुरा हो। तपाईंले राजालाई बुझाउनुपर्ने वार्षिक कर सबै बुझाइसक्नुभएको छ। तपाईं यहाँ धेरै समयसम्म नबस्नुहोस् वा चाँडै गइहाल्नुहोस्। यहाँ तपाईं जुन कार्य ग़र्न आउनुभएको थियो, त्यो पूर्ण भइसकेको छ। त्यसैले अब यहाँ धेरै समयसम्म बसिरहन उचित छैन। त्यसकारण तपाईंहरू तत्कालै फर्किएर आफ्नो गोकुलमा जानुहोस्। गोकुलमा रोहिणीका गर्भबाट उत्पन्न भएको जुन मेरो एउटा बालक रहेको छ, तपाईंले यस बालकका जसरी नै त्यस बालकको पनि रक्षा गर्नुहोला।

पराशरले भन्नुभयो— वसुदेवले यसप्रकारका कुरा सुनेपछि नन्दसहित बलवान् गोपहरू राजालाई तिर्नुपर्ने कर बुझाइसकेपछि आफ्नो हाँडाभाँडा गोरुगाडामा राखेर गोकुलतिर गए। नन्दसमेत सबै गोकुलमा बसिरहेको अवस्थामा नै बालघातिनी पूतनाले रात्रिका समयमा सुतिरहनुभएका भगवान् श्रीकृष्णलाई आफ्ना काखमा लिएर उहाँका मुखमा आफ्नो स्तनको मुन्टो हालिदिई। रात्रिका समयमा त्यो बालघातिनी पूतनाले जुन बालकका मुखमा आफ्नो स्तनको मुन्टो राखिदिन्थी; त्यो बालकको शरीर त्यसै समयमा पूर्ण रूपमा नष्ट हुन्थ्यो। परब्रह्म परमात्मा भगवान् श्रीकृष्णले पनि अत्यन्त क्रोधित भएर आफ्नो हातले बलियोसँग त्यसको स्तनमा समाएर पूतनाका प्राणहरूसहित स्तनपा नगर्न थाल्नुभयो अथवा त्यसको स्तन चुस्न थाल्नुभयो। त्यस समयमा पूतनाको शरीरका नसाको जोर्नी फुस्किएकाले भयानक स्वरूप भएकी पूतना मृत्यु हुनै लाग्दा अतिभयानक आवाजमा चिच्याउँदै पृथ्वीमा ढली अर्थात्

श्रीकृष्णको नाश गर्न आएकी पूतनाको आफ्नै विनाश भयो। उसले चिच्याउँदा निस्किएको भयानक आवाज सुनेर भयभीत हुँदै बिउँझिदा उनीहरूले भगवान् श्रीकृष्णलाई मृतावस्थामा रहेकी पूतनाका काखमा खेलिरहनुभएको तथा पूतना मरिरहेकी देखे। त्यसपछि धेरै भयभीत भएकी यशोदाले श्रीकृष्णलाई आफ्नो काखमा लिइन् भने भगवान् श्रीकृष्णलाई गाईको पुच्छरले चारैतिर छुवाएर दोष निवारण गराइन्। त्यस समयमा नन्दजीले गोबरको धुलो हातमा लिएर अगाडि लेखिएका मन्त्रहरू उच्चारण गर्दै रक्षाको विधिअनुसार भगवान् श्रीकृष्णको सिरमा राखिदिए।

नन्दगोपालले भने– जसका नाभिबाट उत्पन्न भएको कमलबाट समग्र संसार उत्पन्न भएको छ तथा जो प्राणीमात्रको उत्पत्तिको आदिकारण हुनुहुन्छ, उहाँ परब्रह्म परमात्मा श्रीहरिले तिम्रो रक्षा गरिदिनुहोस्। जसका दाँतहरूका अगाडिको भागमा रहेकी पृथ्वीले सबै प्राणी धारण गर्दछिन् वा जुन पृथ्वीमा चराचर जगत् समाहित भएको छ, उहाँ वराह स्वरूप धारण गर्नुहुने भगवान् केशवले तिम्रो रक्षा गरिदिनुहोस्। जुन परमात्माले आफ्ना हातका नङ्ग्राद्वारा शत्रुको छाती चिराचिरा पारिदिनुभएको थियो, उहाँ सर्वव्यापी नृसिंह स्वरूप धारण गर्नुभएका भगवान् श्रीकेशवले सधैँ तिम्रो रक्षा गरिदिनुहोस्। जुन परमात्माले क्षणभरमा आफ्नो पदको स्थापनाद्वारा त्रैलोक्यलाई अधिकारमा लिएर शस्त्रसहित विराजमान त्रिविक्रम स्वरूप धारण गर्नुभएको थियो, उहाँ भगवान् वामनले सधैँ तिम्रो रक्षा गरिरहनुहोस्। परब्रह्म परमात्मा श्रीगोविन्दले तिम्रो सिरको, श्रीकेशवले तिम्रा घाँटीको, श्रीविष्णुले तिम्रा गुह्य (छिपाउन योग्य वा छिपेको) र पेटको तथा श्रीजनार्दनले तिम्रा जाँघ र चरणको सधैँ रक्षा गरिदिनुहोस्। अविनाशी वा अखण्डित ऐश्वर्यसम्पन्न भगवान् श्रीनारायणले तिम्रो मुख, हात, घुँडाभन्दा तलको भाग, मन तथा सबै इन्द्रियहरूको रक्षा गरिदिनुहोस्। जुन तिम्रो अनिष्ट गराउने यी सबै प्रेत, कूष्माण्ड (शिवको एउटा गण) तथा राक्षसहरू भगवान् श्रीविष्णुको शार्ङ्ग धनुष, चक्र, गदा, तरबार (खड्ग) र शङ्खको ध्वनिबाट भयभीत भएर विनष्ट होउन्। भगवान् श्रीवैकुण्ठले सबै दिशाहरूमा, श्रीहृषिकेशले आकाशमा तथा पृथ्वीलाई धारण गर्ने श्रीशेषनारायणले पृथ्वीमा

तिम्रो रक्षा गरिदिनुहोस्।

पराशरले भन्नुभयो– यस किसिमले स्वस्तिवाचन गरिसकेपछि नन्दजीले बालक श्रीकृष्णलाई गोरुगाडाको मुन्तिर खातमा सुताइदिए। ती सबै गोपगोपीहरू मरिसकेकी पूतनाको अतिभयानक शरीर देखेर भयभीत हुनुका साथै आश्चार्यचकित भए।

एक दिन गोरुगाडाको मुन्तिर सुताइनुभएका परब्रह्म परमात्मा श्रीमधुसूदन माताको दूध पिउने चाहना भएकाले आफ्ना दुवै चरणहरू माथितिर फ्याँक्दै रुन थाल्नुभयो। उहाँका चरणहरूको प्रहारले गर्दा त्यो गोरुगाडा ठीक विपरीत दिशातिर घुम्यो तथा त्यसमाथि राखिएका माटाका विभिन्न किसिमका भाँडाहरू सबै फुटेर चकनाचुर भए। त्यस समयमा गोपगोपीहरू ज्यादै भयभीत भएर हाहाकार गर्दै आएर हेर्दा बालक कृष्ण उत्तानो परेर सुति रहनुभएको देखे। उनीहरूले यो गाडा कसले यतातिर फर्काएको हो भन्ने जिज्ञासा पटकपटक व्यक्त गरिरहेका थिए।

त्यसको नजिकै खेलिरहेका बालकहरूले भने– यो गाडालाई यही सुतिरहेको बालकले विपरीत दिशातिर फर्काएको हो। यो बालक श्रीकृष्णले रुँदारुँदै यसको खुट्टाले लागेका कारणले यो गाडा घुमेर उल्टो भएको हामीहरूले आफ्नै आँखाले देखेका हौँ। यो अन्य कसैले पनि गरेको होइन। ती बालकहरूको यसप्रकारका कुरा सुनेपछि, गोपगोपीहरू धेरै आश्चार्यचकित भए तथा नन्दगोपालले आश्चार्यभित्र रुमल्लिँदै बालकरूपी श्रीकृष्णलाई उठाएर आफ्नो छातीमा लगाए। यशोदाले गाडीमा राखिएका विभिन्न किसिमका भाँडाहरूका टुक्राटुकाहरूको र त्यस गाडीको दही, अक्षता, फूल र फललगायतले विधिपूर्वक पूजाआजा गरिन्। यसै समयमा वसुदेवको अनुरोधअनुसार गर्ग ऋषिले गोकुलमा आएर कसैले थाहा नपाउने गरी ती दुवै बालकको ब्राह्मणोचित संस्कार गरिदिए। ज्ञानीहरूमा सर्वोत्तम महाबुद्धिसम्पन्न गर्ग ऋषिले ती बालकहरूको संस्कार कर्म गर्दाका अवस्थामा जेठाको नाम राम र कान्छाको नाम कृष्ण राखिदिए। यसको थोरै समय बितेपछि यो दुवै बालक हात र घुँडा टेकेर कहिले गाईको गोठतिर कहिले कता गर्दै व्रजको यताउता घुम्न थाले।

जुन समयमा ती दुवै बालक समग्र शरीरमा गोबर र खरानी दलेर यताउता घुमिरहेका हुन्थे, त्यस समयमा यशोदा अथवा रोहिणी कसैले पनि उनीहरूलाई रोक्न सक्दैनथे। ती दुवै बालक कहिले गोपीहरूका घरघरमा जान्थे भने कहिले गाईको गोठमा खेल्दथे तथा कहिले त्यसै समयमा मात्र जन्मिएको गाईको बाच्छाको पुच्छर समाएर ज्यादै प्रसन्न हुँदै बालक्रीडा गर्दथे। एक दिन यशोदासँगै आनन्दपूर्वक खेलिरहेका अतिचञ्चल स्वभाव भएका ती दुवै बालकलाई उनी आफ्नो नियन्त्रणमा राख्न पूर्ण रूपमा असफल भइन्, त्यसपछि अत्यधिक क्रोधित हुँदै हातमा लौरो लिएर भगवान् श्रीकृष्णका जनिकमा गएर उहाँलाई गाली गर्दै एउटा डोरीले एकातिरबाट भगवान् श्रीकृष्णको कम्मरमा र अर्कोतिरबाट ओखलमा बाँधेर सधैँ उपकारयुक्त कार्य मात्र गर्नुहुने भगवान् श्रीकृष्णसँग क्रोधपूर्ण भावमा भन्न थालिन्—हे अतिचञ्चल बालक ! अब पनि तिमीमा शक्ति रहेको छ भने यहाँबाट अन्यत्र गएर देखाऊ।

यसपछि ती यशोदा आफ्नो घरभित्रको कार्यमा अत्यन्त व्यस्त भइन् अर्थात् एकाग्रतापूर्वक घरको काम नर्ग थालिन्। यसरी यशोदा घरको कार्यमा व्यस्त भएपछि भगवान् श्रीकृष्ण त्यो ओखललाई तान्दै दुइटा यमलार्जुन (कुबेरका दुई छोराको नाम, नारदको श्रापले गोकुलमा अर्जुन वृक्ष भएका यिनलाई श्रीकृष्णले उद्धार गर्नुभयो) रूखका बीचबाट अगाडि जानुभयो र ती दुई रूखका बीचमा जुवाजस्तो भएर अड्किएको ओखललाई पूर्ण बल लगाएर तान्दा धैरै ठूलाठूला हाँगा भएका ती दुवै अर्जुन वृक्षलाई पूर्ण रूपमा उखेलिदिएकाले ती रूखहरू जमीनमा लडे। त्यसपछि व्रजवासीहरू ती रूख जमिनमा ढल्दा निस्किएको भयङ्कर कटकट आवाज सुनेर ज्यादै भयभीत हुँदै त्यहाँ गएर लडेको फेद र हाँगासहित दुवै-रूखहरूका बीच भागमा अवस्थित र डोरीले कम्मरमा अत्यन्त बलियोसँग बाँधिनुभएका बालकरूपी भगवान् श्रीकृष्णलाई मन्दमन्द हाँसिरहनुभएको देखे। डोरीले बाँधिनुभएका कारणले गर्दा त्यसै समयदेखि उहाँको नाम दामोदर भयो। यसरी ठूलाठूला उत्पात भएको देखेर अतिभयभीत भएका नन्दजस्ता वृद्ध गोपहरू अत्यधिक रूपमा व्याकुल भएर एकआपसमा सरसल्लाह गर्न थाले। अब हामीले यस स्थानमा बसिरहनुको कुनै अर्थ रहेको

देखिदैन। यसले हामीले यस स्थानलाई परित्याग गरिदिएर अन्य कुनै महान् वनमा जानुपर्दछ। किनकि यस सथानमा विनाशको कारणस्वरूप पूतना विनाश, गाडी आफैँ विपरीत दिशातिर घुम्नु तथा वातावरणमा कुनै किसिमको परिवर्तन नआई वा आँधीबेहेरी नचलेका अवस्थामा दुवै अर्जुन रूख ढल्नुजस्ता अनेकौँ किसिमका उत्पातहरू देखिइरहेका छन्।

त्यसकारण कुनै किसिमको ढिला नगरिकन जबसम्म जमिनसँग सम्बन्ध राख्ने उत्पातले व्रजलाई दबाउन छोड्दैन, त्यसभन्दा पहिले नै यस स्थान छाडेर हामीले वृन्दावनमा जानुपर्दछ । ती व्रजवासीहरूले गोकुल छाडेर वृन्दजावनमा जाने निश्चय गरिसकेपछि उनीहरूले आआफ्नो परिवारका सदस्यलाई भने– चाँडै हिंड, ढिलाइ नगर।। ती व्रजवासीहरूले शीघ्रतापूर्वक आफ्ना गाडा र गाईसहितको दल बनाएर बाच्छा र बालकहरूलाई लिँदै त्यहाँबाट वृन्दावनतिर लागे। त्यस समयमा रूखहरूको अवशिष्ट अर्थात् उब्रेपाब्रेको अंशबाट सजिएको त्यो व्रजभूमिलाई क्षणभरमै कागहरूबाट ढाके। श्रीकृष्णले गाईहरूको पूर्ण रूपमा अभिवृद्धि गराउने आफ्नो चाहनाअनुसार अतिशुद्ध चित्तले वृन्दावनको चिन्तन गर्नुभयो। ग्रीष्मऋतुको समयमा रूखो रहेको वृन्दावन वर्षाऋतुमा प्रकृतिको सुन्दर छटाका साथै हरियो घाँसपातले परिपूर्ण भएको देखिन थाल्यो। वृन्दावनलाई चारैतिरबाट अर्धचन्द्राकार रूपमा गोरुगाडाहरूको घेरा लगाएर ती व्रजवासीहरू वृन्दावनमा बस्न थाले। राम र भगवान् श्रीकृष्ण बाच्छाहरूको रक्षक भएर एकै ठाउँमा बसेर बालक्रीडा गर्दै गोठको बीचमा घुमफिर गर्न थाल्नुभयो। शेषका अंशावतार राम र श्रीकृष्ण सिरमा मयूरका पुच्छरको कल्की र कानमा फूल धारण गरेर गोपीहरूका बीचमा वेणुद्वारा मृद (कम्मरमा झुण्ड्याएर दुई हातले दुईतिर ठोकेर बजाउने डोलो छाँटको पेट ठूलो भएको र मुख सानो दुवै मुखमा छालाले मोडेको बाजाविशेष/मृद मायको बनाएको हुन्छ।) को बाजा तथा पत्रमय वाद्ययन्त्रद्वारा विभिन्न प्रकारका ध्वनि निकाल्दै काकपक्ष (कपालको पट्टा, जुन पुरानो जमानामा दुवै कानमाथि लगाइन्थ्यो) धारण गरेर स्कन्ध (रूखहरूको त्यो माथिल्लो भाग, जसबाट हाँगाहरू फैलिन्छन्) को अंशस्वरूप हाँगाहरूमा कुमारहरूसँग हाँस्दै र खेल्दै त्यो

महावनमा घुमफिर गर्न थाल्नुभयो । कहिले एकले अर्कालाई आफ्नो पिठ्यूँमा बोकेर बालक्रीडा गर्नुहुन्थ्यो भने कहिले अन्य गोपकुमारहरूसँग खेल्दै बाच्छाहरू चराउँदै एकसाथ घुमफिर गर्नुहुन्थ्यो ।

यसरी त्यो महाव्रजमा बसेको केही समय बितेपछि श्रीकृष्ण सात वर्षको हुनुभयो । त्यस समयमा बादलले आकाश पूर्ण रूपमा ढाकेर मुसलधारे पानी परेकाले दिशाहरू छुट्याउन पनि कठिन भयो । त्यस समयमा हरियो दूबो अत्यन्तै बढेकाले र इन्द्रगोपबाट पूर्ण रूपमा व्याप्त भएको पृथ्वी माणिकबाट विभूषित पन्नाजस्तै देखिन थाल्यो । जसरी अत्यधिक धन प्राप्त भएपछि दुष्ट पुरुषहरूको चित्त उच्छृङ्खल हुन्छ, त्यसरी नै नदीहरूको पानी पनि आफ्नो यथार्थ बाटो छाडेर जताततै बग्न थाल्यो । जसरी मूर्खहरूको घमण्डपूर्ण वचनका अगाडि विद्वान्का सुन्दर वचनको अस्तित्त्व रहदैन, त्यसैगरी निर्मल चन्द्रमा अत्यन्तै कालो बादलले ढाकिएर अस्तित्वविहीन भए । जसरी विवेकविही राजाको राजसभामा गुणहीन पुरुषले पनि सम्मान पाउँछ; त्यसैगरी आकाशमण्डलमा वास्तविक इन्द्र धनुषको ठाउँ गुणहीन इन्द्रधनुषले लियो । दुराचारी पुरुषहरूका बीचमा कुलीन व्यक्तिको निष्कपट सुन्दर चेष्टाजस्तै मेघमण्डलमा वकुल्लाको पङ्क्ति सुशोभित भइरहेको थियो । सज्जन पुरुषहरूसँग गासिएको दुर्जन दुराचारी पुरुषहरूको क्षणिक मित्रताजस्तै अतिचञ्चल विद्युत् आकाशमण्डलमा स्थिर भएर रहन सकिरहेको थिएन । महामूर्ख मनुष्यहरूका दोहोरो अर्थ लाग्ने किसिमका युक्तिहरू जस्तै मार्ग पनि तृण र दूबोको समूहले ढाकिएरकाले स्पष्ट रूपमा बाटो देख्न सकिँदैनथ्यो। त्यस समयमा ज्यादै उन्मत्त भएका मयूर र मृगविशेषद्वारा सुशोभित भएको त्यो महावनमा परमात्मा श्रीकृष्ण र रामसँग गोपकुमारहरू प्रसन्नतापूर्वक घुमफिर गर्न थाले । उहाँहरू दुवै कुनै समयमा गोपकुमारहरूसँग रमणीय गीत र नृत्यमा तल्लीन रहनुहुन्थ्यो भने कहिले शीतलदायक रूखको आश्रयमा दुवैले घुमफिर गर्नुहुन्थ्यो । उहाँहरू कहिले कदमका फूलको माला, कहिले मयूरको प्वाँख र विभिन्न किसिमका धातुहरूको र बाट विभूषित भएर अनौठो किसिमको स्वरूप बनाएर विराजमान हुनुभएको थियो । कहिले निदाउने मनसायले पत्करको

ओछ्यान बनाएर सुत्नुहुन्थ्यो भने कहिले उहाँहरू दुवै मेघ गर्जिएको आवाज सुनेर हाहाकार गर्नुहुन्थ्यो। गोपकुमारहरूले गीत गाउँदा उहाँहरू दुवैले त्यसको प्रशंसा गर्नुहुन्थ्यो भने कहिले गोपकुमारहरूका जसरी नै बाँसुरी बजाउँदै मयूरको आवाजको अनुकरण गर्न थाल्नुहुन्थ्यो। यसरी उहाँहरू दुवै अतिसौहार्दपूर्ण वातावरणमा प्रसन्नतापूर्वक विभिन्न किसिमका भावहरूबाट एकआपसमा खेल्दै त्यस वनमा घुमफिर गर्न थाल्नुभयो। जब साँझ पर्दथ्यो, त्यस समयमा गाईहरू र गोपकुमारहरू सहित गोपहरूको भेषभूषा धारण गर्नुभएका राम र श्रीकृष्ण फर्किएर आफ्नो निवासस्थानमा आउनुहुन्थ्यो। साँझपख व्रजमा आएर आफ्नो उमेरसँग उमेर मिल्दाजुल्दा गोपकुमारहरूसँग मिलेर राम र श्रीकृष्ण देवताहरूको जस्तै क्रीडा गर्न थाल्नुहुन्थ्यो।

एक दिन परमात्मा श्रीकृष्ण वृन्दावनमा जानुभयो र त्यहाँ जङ्गली फूलको मालाबाट शोभित भएर गोपकुमारका घेरामा रहँदा उहाँले चिन्तन गर्नुभयो। यसरी विचार गर्दागर्दै उहाँ अत्यन्त चञ्चल तरङ्गबाट पूर्ण रूपले सुशोभायमान भएकी यमुनाका किनारमा पुग्नुभयो र त्यहाँ उहाँले किनारमा जम्मा भएको फिंजद्वारा यमुना हाँसिरहेकी देख्नुभयो। उहाँले विषाग्निका भ्रभावले जसको जल अत्यन्त पीडित भइरहको छ, त्यस्ती यमुनामा कालियनागको अतिभयानक विषकुण्ड देख्नुभयो। त्यसको हृदयबाट निस्किएको विषरूपी अग्नीको प्रभावले यमुनाको किनारमा रहेको रूख, विरुवाहरू जलेर भष्म भएका थिए र हावाको झोँकाका प्रभावले माथितिर उछिट्टिएका जलका थोपाको स्पर्शले आकाशमार्गमा आवागमन गर्ने पक्षीहरू पनि जलेर भष्म भइरहेका थिए। अद्वितीय मृत्युको मुखका समान रहेको त्यो विषकुण्डलाई देखेपछि भगवान् श्रीमधुसूदनले मनमनै विचार गर्न थाल्नुभयो।

श्रीभगवान्ले विचार गर्नुभयो– यो दुष्टात्मा मेरो विभूति गरुडद्वारा पराजित भएकाले समुद्रबाट भागेर यहाँ आएको छ र विष नै जसको अत्यन्त महत्त्वपूर्ण अस्त्र हो, त्यही कालियनाग यहाँ आएर बसेको छ। यसले सागरमा गएर मिसिने यमुनालाई पनि दूषित पारिरहेको छ। गाई तथा गोपहरूले अतितिर्खाएका

अवस्थामा यी यमुनाको जल पिउन सक्दैनन्। त्यसकारण अब मैले यो नागराजलाई दमन गर्नुपर्दछ वा मैले जस्तोसुकै अवस्थामा पनि यी यमुना नदीलाई पवित्र बनाउनु पर्दछ; जसले गर्दा व्रजवासीहरूले पूर्ण रूपमा निर्भय भएर सुखपूर्वक यो नदीको उपभोग गर्न सक्ने अवस्था सृजना होस्। यी कुमार्गमा लागेका सबै दुरात्माहरूलाई मैले पूर्ण रूपमा शान्त गराउनुपर्दछ। यस्तै किसिमका कार्यहरू सम्पन्न गर्नका लागि मैले पृथ्वीमा अवतार लिएको हुँ। त्यसकारण अब म यमुनाका नजिकमा रहेको यस कदमका रूखको सर्वोत्कृष्ट हाँगामा चढेर यस वायुलाई आफ्नो भोजना बनाउने नागराजको विषकुण्डमा हाम फाल्दछु अर्थात् त्यसमा प्रवेश गर्दछु।

पराशरले भन्नुभयो– यसप्रकारको चिन्तन गरेर भगवान् श्रीकृष्णले आफ्नो कम्मरमा कपडाले बलियोसँग बाँधेर वेगपूर्वक सर्पराजको त्यो विषकुण्डमा हाम फाल्नुभयो। भगवान् श्रीकृष्णले त्यो विषकुण्डमा हामफालेपछि त्यसबाट उछिट्टिएको पानीले टाढाटाढाका रूखहरूलाई यथार्थ रूपमा भिजाइदियो। त्यो सर्पको अत्यन्तै जहरिलो विषको ज्वालाबाट अत्यन्त उग्र रूपमा तातेको पानीले भिजेका कारणले गर्दा ती रूखहरू त्तकालै जलेर भष्म भए भने तिनीहरूको ज्वाला सबै दिशाहरूमा फैलियो। श्रीकृष्णले आफ्नो शक्तिशाली हातले नागराजको विषकुण्डमा हिर्काउन थाल्नुभयो। त्यसरी हिर्काएको आवाज सुनेर नागराज कालिय शीघ्रतापूर्वक आफ्नो आफ्नो विषकुण्ड भएको स्थानमा आइपुगे। ती अतिक्रोधित भएका नागराजका आँखा राता भएका थिए भने उनको मुखबाट निषरूपी अग्निको ज्वाला निस्किरहेको थियो। उनी विषशाली र वायुलाई आफ्नो भोजन बनाउने अन्य नागराजहरूबाट घेरिएर रहेका थिए। ती नागराजसँग अत्यन्तै मनमोहक हारहरूबाट शोभायमान भएका र शरीरको लचकताका प्रभावले चलायमान कुण्डल एवम् केशराशीले सुशोभित भएका कारणले गर्दा अत्यधिक मात्रामा सुन्दर देखिएका नागपत्नीहरू पनि त्यहाँ आए। त्यसपछि कुण्डलाकार भएर परमात्मा श्रीकृष्णलाई आफ्नो शरीरद्वारा बन्धनमा पारेर नागराजले तेजिलो विषज्वालासम्परन्न मुखले उहाँलाई टोक्न थाले।

गोपकुमारहरू परमात्मा श्रीकृष्ण नागराजको विषकुण्डमा खस्नुभएको र सर्पहरूको टोकाइले उहाँ अतिपीडित हुनुभएको देखेपछि व्रजमा गएर शोकले व्याकुल भएर रुँदै भन्न थाले।

गोपकुमारहरूले भने– आउनुहोस् ! आउनुहोस् !! हेर्न आउनुहोस् ! यी कृष्ण कालियनागको विषकुण्डमा मूर्च्छित भएर लडिरहेका छन्, हेर्नुहोस् नागराजले यिनलाई टोकिरहेका छन्, त्यसकारण तपाईंहरू चाँडै आउनुहोस्। वज्रपात भए जस्तै तिनीहरूका यी अत्यन्त अमङ्गलदायक वाक्यहरू सुनेपछि गोपहरू र यशोदासहितका गोपीहरू सबै शीघ्रतापूर्वक कालियनागको विषकुण्ड भएको ठाउँमा आए। अहो ! अहो ! यी कृष्ण कहाँ गए ? भन्दै लड्दै पड्दै शीघ्रतापूर्वक त्यहाँ आइपुगे। नन्दगोपसहित अन्य सबै गोपहरू र आश्चर्यजनक पराक्रमसम्पन्न बलराम पनि श्रीकृष्णको दर्शन गर्न लालायित भएर शीघ्रतापूर्वक यमुना नदीको किनारमा आए। त्यहाँ आएपछि उनीहरूले भगवान् श्रीकृष्णलाई सर्पहरूले बेरेको तथा सर्पकुण्डलाकारले ढाकिएर निश्चेष्ट वा पूर्ण रूपमा शान्त भएर रहनुभएको देखे। ती सौभाग्यवती यशोदा र नन्दगोप पनि आफ्नो पुत्र श्रीकृष्णको त्यस्तो अवस्था देखेपछि निश्चेष्ट जस्तै भएर एकोहोरिएर उहाँका मुखमा मात्र हेरिरहन थाले भने अन्य गोपिनीहरू पनि परमात्मा श्रीकृष्णलाई यस अवस्थामा देखेपछि अत्यन्तै व्याकुल र पीडित भएर रुदै भयभीत तथा व्याकुलताका कारणले गद् वचनद्वारा उहाँसँग भन्न थाले।

गोपिनीहरूले भने– अब हामीहरू पनि यशोदासँगै यही सर्पराजको भयानक विषकुण्डमा प्रवेश गर्दछौं। किनकि अब हामीले व्रजमा गएर बस्न उचित छैन। सूर्य नउदाएको दिनको कुनै अर्थ हुँदैन भने गोरु नलागेको गाईको के महत्त्व ? श्रीकृष्ण नै नभएपछि त्यो व्रजको के शोभा रहन्छ ? जसरी पानी नभएको पोखरीको किनारामा कोही जाँदैन, त्यसरी नै श्रीकृष्ण नभएको गोकुल पनि हामीहरूका लागि बस्न योग्य हुन सक्दैन। जुन स्थानमा पूर्ण रूपमा फुलेको कमलका फूलको जस्तो कान्ति भएका परमात्मा श्रीहरिले निवास गर्नुभएको छैन, त्यस्तो मातृ घरमा पनि प्रेम हुनु अत्यन्तै आश्चर्यजनक कुरा हो। तिमीहरू पूर्ण

रूपमा फुलेको कमलको फूल जस्तो कान्तिसम्पन्न आँखाले सुशोभित हुनुभएका श्रीहरिलाई नदेखेपछि गोठमा कसरी बस्न सक्दछौ ? जसले आफ्नो मनमोहक बोलीद्वारा हाम्रा सबै मनोकामनाहरू आफ्नो नियन्त्रणमा लिनुभएको छ; उहाँ भगवान् श्रीकृष्ण नभएपछि हामी नन्दजीको गोकुलमा जाँदैनौँ। हेर, पूर्ण रूपमा सर्पराजको फणाद्वारा बेरिएर रहनुभएको भए पनि हामीहरूलाई देखेर भगवान् श्रीकृष्णको अलिअलि हास्यपूर्ण मुखमा कस्तो शोभा फैलिरहेको छ।

पराशरले भन्नुभयो– गोपिनीहरूका यसप्रकारका कुरा सुनेर भयविह्वल र आश्चर्यचकित आँखा भएका गोपहरू, पुत्रका मुखमा एकोहोरो हेरेर अत्यन्त पीडित भएका नन्दजी र मूर्च्छावस्थामा रहेकी यशोदालाई देखेपछि रोहिणीका पुत्र बलरामले आफ्नो साङ्केतिक भाषामा परमात्मा श्रीकृष्णसँग भन्नुभयो।

बलरामले भन्नुभयो– हे देवेश्वर ! के तपाईं आफूलाई अनन्त स्वीकार गर्नुहुन्न ? यदि स्वीकार गर्नुहुन्छ भने फेरि केका लागि यो अत्यन्तै मानवीय भाव व्यक्त गरिरहनुभएको हो ? जसरी चक्कामा लगाइएका आग्लाहरू मादलका आश्रयमा रहेका हुन्छन्, त्यसरी नै हजुर समग्र जगत्को परम आश्रय, हर्ता, कर्ता र रक्षक हुनुहुन्छ तथा हजुर नै त्रैलोक्यस्वररूप र वेदत्रयीमय हुनुहुन्छ। हे अचिन्त्यस्वरूप ! इन्द्र, रुद्र, अग्नि, वसु, आदित्य, मरुत्हरू र अश्विनीकुमार तथा सबै महात्माहरूले हजुरकै उपासना गर्दछन्। हे जगन्नाथ ! हजुरले पृथ्वीमा परिरहेको भार उतार्नका लागि अथवा अधर्म विनाश गरेर धर्मको स्थापना गर्नका लागि नै मनुष्यलोकमा अवतार लिनुभएको हो भने हजुरको दाजु मैले पनि हजुरकै अंशबाट अवतार लिएको हुँ। हे भगवान् ! हजुरले मनुष्य लीला गर्नुहुन्छ, यी सबै देवताहरूले हजुरकै लीलाको अनुकरण गर्दै गोप र गोपिनीहरूका स्वरूपमा अवतार लिएका हुन् र हजुरसँगै गोकुलमा बस्दछन्। हजुरले आफ्नो लीलामा सहभागी बनाउनका लागि गोकुलमा देववधूहरूलाई पहिले अवतार लिन लगाएर आफू नित्य सनातन भए तापनि आफूले पछि जन्म लिनुभएको लिनुभएको हो। हे कृष्ण ! गोकुलमा अवतार लिएका गोपगोपिनीहरू नै तपाईंका आफन्त हुन्। फेरि के कारणले तपाईंले आपत्कालीन अवस्थामा आफ्ना आफन्तहरूको

उपेक्षा गरिरहनुभएको छ। हे कृष्ण ! अब कहिलेसम्म मनुष्यभाव प्रदर्शन गरिरहनुहुन्छ ? कति समयसम्म यो बालापन देखाइरहनुहुन्छ ? यो धेरै भयो। त्यसैले अब यो मनुष्य तथा बालापन परित्याग गरिदिनुहोस् र यसै समयमा यो दुरात्मा कालियनागलाई दमन गरिदिनुहोस्।

पराशरले भन्नुभयो– बलरामले यसरी स्मरण गराएपछि सुमधुर रूपमा आफ्नो ओठहरू खोल्दै फुत्त उफ्रिएर परमात्मा श्रीकृष्णले आफ्नो शरीरलाई सर्पको बन्धनबाट मुक्त गराउनुभयो र आफ्ना बलवान् दुवै हातले नागराजको बीचको फणा चिथेर त्यो नतमस्तक भएको कालीयनागको फणामाथि चढेर आफ्नो सामर्थ्य प्रदर्शन गर्दै अत्यन्तै फूर्तिलो किसिमबाट नाच्न थाल्नु भयो। परब्रह्म परमात्मा श्रीकृष्णका चरणहरूको प्रहारका प्रभावले उसको प्राण निस्कन लागिसकेको थियो, उसले आफ्नो जुन फणालाई उठाउने प्रयास गर्दछ, भगवान् श्रीकृष्णले आफ्ना चरणहरूद्वारा त्यसमाथि प्रहार गरेर थिचिदिनु हुन्थ्यो। परमात्मा श्रीकृष्णको रेचक तथा दण्डपात नाम भएको नृत्यसँग सम्बन्धित गतिहरूको पीडा सहन नसकेर त्यो कालियनाग मूर्च्छित भएर रगत छाद्न थाल्यो। यसरी उसको सिर निहुरिएको तथा मुखहरूबाट रगत बगिरहेको देखेपछि उसकी पत्नीहरू करुणासम्पन्न भावले ओतप्रोत हुँदै परब्रह्म परमात्मा श्रीकृष्णका नजिकमा आए।

नागपत्नीहरूले भने– हे देवेश्वर ! हामीले हजुरलाई यथार्थ रूपमा चिनिसक्याैँ। हजुर सर्वज्ञ र सर्वोत्कृष्ट परब्रह्म परमात्मा हुनुहुन्छ। जो मनद्वारा चिन्तन गर्न नसकिने र परम ज्योति हुनुहुन्छ। जुन स्वयम्भू र सर्वत्र पूर्ण रूपमा व्यापक भएर रहनुभएका परमात्माको स्तुति गर्न देवताहरू पनि असमर्थ हुन्छन्, यस्ता हजुरको स्वरूपका विषयमा हामी स्त्रीहरूले कसरी वर्णन गर्न सक्दछौँ ? पृथ्वी, आकाश, जल, अग्नि र वायुस्वरूप यो समग्र ब्रह्माण्ड जसको अत्यन्त सूक्ष्म अंश मात्र हो। यसप्रकारका परमात्माको स्तुति गर्न हामी पूर्ण रूपमा असमर्थ रहेका छौँ। जसलाई निरन्तर एकाग्रता पूर्वक प्रयास गरिरहेका योगीहरूले पनि जान्न सक्दैनन तथा जो परमार्थस्वरूप सूक्ष्मभन्दा पनि अत्यन्तै सूक्ष्म र स्थूलभन्दा पनि

स्थूल हुनुहुन्छ। उहाँ परब्रह्म परमात्मालाई हामी अतिश्रद्धा र भक्तिपूर्वक नमस्कार गर्दछौँ । जसको जन्ममा विधाता र अन्तमा काल कारकतत्त्व हुन सक्दैनन् तथा जसको स्थितिकर्ता अन्य कोही रहेको छैन, हामीहरू उहाँ परमात्मालाई श्रद्धा र भक्तिपूर्वक नमस्कार गर्दछौँ। हजुरले यी कालियनागको दमन क्रोधका कारणले गर्नुभएको नभएर यसमा समग्र लोकको कल्याण र रक्षा गर्ने लक्ष कारकतत्त्वका रूपमा रहेको छ । त्यसकारण हामीहरूद्वारा गरिएको प्रार्थनालाई स्वीकार गरिदिनुहोस्।

हे क्षमामूर्ति परमात्मा ! महात्मा पुरुषहरूले स्त्री, मूर्ख र अत्यन्तै दुःखी जीवको अपराधलाई क्षमा गरिदिन्छन् । त्यसकारण हजुरले पनि यी कालियनागले गरेको अपराध क्षमा गरिदिनुस्। हे प्रभु ! हजुर समग्र जगत्को आधार हुनुहुन्छ र यी नागराज हजुरका तुलनामा पूर्ण रूपमा सामर्थ्यहीन रहेका छन्। हजुरका चरणहरूको पीडाले गर्दा मरणासन्न भएका यी कालियनागले केही समयमा नै आफ्नो प्राण परित्याग गर्नेछन्। कहाँ यी थोरै शक्ति भएका सर्प र कहाँ सम्पूर्ण ब्रह्माण्डहरूका परम आधार हजुर ? त्यसैले आफू समानकामा प्रेम र आफूभन्दा उत्तम वा श्रेष्ठसँग दुश्मनी गर्न उचित हुन्छ। यसकारण यी कालियनागलाई क्षमा गरिदिनुस्। यी अत्यन्त दुःखि भएका नागराजमाथि दया गर्नुस्। अब यी नागराज आफ्नो प्राण परित्याग गर्न चाहन्छन्, तर हामीलाई भिक्षाका रूपमा हाम्रो पति दिनुहोस्।

पराशरले भन्नुभयो– नागराजकी पत्नीहरूले यसरी भिक्षाका रूपमा आफ्नो पति मागेपछि कालियानागले अत्यन्त थाकेको शरीर भएतापनि आश्वस्त भएर एकदमै मसिनो स्वरमा भने– हे देवेश्वर ! मदेखि हजुर प्रसन्न भइदिनुहोस्।

कालियनागले भने– हे नाथ ! हजुरमा स्वाभाविक रूपमा अष्टगुणविशिष्ट परम ऐश्वर्य रहेको छ। यसकारण मैले हजुरको स्तुति कसरी गरुँ। हजुर सर्वोत्कृष्ट हुनुहुन्छ, हजुर मूलप्रकृतिको पनि आदिकारण हुनुहुन्छ। प्रकृति पनि हजुरबाटै सञ्चालित हुन्छिन्। जो परको पनि परम हुनुहुन्छ, म उहाँको स्तुति कसरी गरुँ ? जसबाट ब्रह्मा, रुद्र, चन्द्रमा, इन्द्र, मरुत्, अश्विनीकुमार तथा जसका एक अवयवको सूक्ष्मांश वा अत्यन्तै सानो अंश मात्र हो; म कुन

स्वरूपको कल्पना गरेर उहाँको स्तुति गरुँ ? ब्रह्मासहितका देवताले पनि जसको कार्यकारण स्वरूपक यथार्थलाई जान्न सक्दैनन् भने म उहाँको स्तुति कसरी गरुँ ? ब्रह्मासमेतका देवताले नन्दनवनमा उत्पन्न भएर पूर्ण रूपमा फुलेका दिव्य फूलहरूद्वारा जसको पूजा गर्दछन्, यस्ता परमात्माको म कसरी पूजा गरुँ ? देवराज इन्द्रले जसका अवतारहरूको पूजा गरेर पनि परमतत्त्वका विषयमा ज्ञान हासिल गर्न सकेका छैनन्, उहाँको म कसरी पूजा गरुँ ? योगीहरूले आफ्ना सबै इन्द्रियहरूलाई यथार्थ रूपमा आफ्नो नियन्त्रणमा राखेर ध्यानका माध्यमद्वारा जसको पूजा गर्दछन्, यस्ता परमात्माको म कुन विधिअनुसार पूजा गरुँ ? योगीहरूले आफ्नो हृदयमा जुन परमात्माको स्वरूप कल्पना गरेर भावमय फूल आदिले ध्यानका माध्यमद्वारा उपासना गर्दछन्, यस्ता हजुरको मैले कसरी पूजा गर्न सक्दछु ? म हजुरको पूजा अथवा स्तुति गर्न पूर्ण रूपमा असमर्थ रहेको छु अर्थात् म हजुरको पूजा गर्ने विधिका विषयमा अनभिज्ञ रहेको छु। मेरो चित्तको वृत्ति केवल हजुरतिर मात्र एकाग्र भएको छ। त्यसकारण हजुर मबाट प्रसन्न भइदिनुस्।

हे केशव ! मैले जुन जातिमा जन्म लिएको छु, त्यो सर्पजाति स्वाभाविक रूपमा नै अतिक्रूर हुन्छन्, यो मेरो स्वाजातीय स्वभाव हो। त्यसकारण मबाट त्यस्तो कुनै अपराध भएको छैन, जसका कारणले गर्दा क्षमा गर्न नसकियोस्। हजुरले यो समग्र जगत्को रचना गर्नुभएको हो र हजुरले नै यो जगत्को संहार पनि गर्नुहुन्छ। जगत्को उत्पत्ति गर्दाका अवस्थामा यसको जाति, रूप र स्वभाव आदि सबैको रचना पनि हजुरले नै गर्नुभएको हो। हजुरले मेरो जुन जातिमा, जुन स्वरूपमा रचना गर्नुभयो र जस्ता किसिमको रूप एवं स्वभावबाट मलाई सम्पन्न बनाइदिनुभयो, मैले त्यही रूप र स्वभावअनुसारको आचरणको पालना गरेको मात्र हो। यदि मैले आफ्नो रूप र स्वभावका विपरीतको आचरण गरेको अवस्थामा मात्र हजुरकै कथनअनुसार मलाई दण्ड दिन उचित हुन्छ। तथापि हजुरले मलाई जस्तो किसिमको दण्ड दिनुभयो, त्यो अन्यले दिएको तुलनामा अत्यन्त सर्वोत्कृष्ट र कल्याणदायक भएको स्वीकार गर्दछु। हजुरद्वारा दमन गरिएपछि ममा भएको सबै शक्ति र विष पूर्ण रूपमा नष्ट भइसक्यो। अब म

हजुरसँग केवल जीवनको मात्र भिक्षा माग्दछु। त्यसकारण अब हजुरले मलाई आज्ञा दिनुहोस्, म के गरुँ ?

श्रीभगवान्‌ले भन्नुभयो— हे सर्प ! तिमीले यसै समयदेखि यो यमुनाजीमा कहिल्यै पनि बस्न पाउनेछैनौ। त्यसकारण तिमी आफ्ना सबै अनुचर र परिवारका सदस्यहरूलाई लिएर अत्यन्तै शीघ्रतापूर्वक समुद्रमा जाऊ। तिमी यहाँबाट समुद्रमा गएपछि तिम्रो फणामा भएको मेरा चरणहरूको चिह्न देखेपछि सर्पहरूको अत्यन्त ठूलो शत्रुका रूपमा रहेका गरुडले तिमीलाई कुनै किसिमको पीडा दिनेछैनन्।

पराशरले भन्नुभयो— भगवान् श्रीहरिले कालियनागलाई यसप्रकारको आज्ञा दिँदै मुक्त गरिदिनुभयो। नागराज पनि श्रीकृष्णलाई प्रणाम गरेर आफ्ना सेवक, सन्तान, आफन्त र सबै पत्नीसहित सबैले देख्दादेख्दै आफ्नो विषकुण्ड परित्याग गरेर समुद्रतिर जानका लागि त्यहाँबाट हिँड्यो। कालियनाग त्यहाँबाट गएपछि गोपगोपिनीहरूले मृत्यु भइसकेको मनुष्य जीवित भएर आए जसरी नै परमात्मा श्रीकृष्णलाई अत्यन्त प्रेमपूर्वक अङ्कमाल गर्दै उहाँको सिर आफ्ना आँसुहरूले भिजाउन थाले भने अन्य गोपहरूले यमुनाको पानी पूर्ण रूपमा अत्यन्त निर्मल र स्वच्छ भएको देखेर आश्चर्यचकित हुँदै विभिन्न किसिमका लीला गर्नुहुने परमात्मा श्रीकृष्णको भक्तिपूर्वक स्तुति गर्न थाले। त्यसपछि लोकको कल्याण गर्नका लागि पृथ्वीमा अवतार लिनुभएका परमात्मा श्रीकृष्ण गोपिनीहरूद्वारा गाइएका आफ्नो चरित्रको भजन र गोपहरूबाट प्राप्त भएको प्रशंसा स्वीकार गर्दै व्रजधाम गोकुलमा जानुभयो।

एक दिन गाई पाल्ने व्यवसायमा लाग्नुभएका बलराम र परब्रह्म परमात्मा श्रीकृष्ण वनमा घुम्दै जाँदा अत्यन्त मनमोहक र सर्वोत्कृष्ट ताडका रूखहरू भएको वनमा पुग्नुभयो। त्यो दिव्य ताडका रूखहरू भएको वनमा गधाको रूप र आकारमा रहेको धेनुक नाम भएको दैत्य मृगको मासु खाँदै निरन्तर रूपमा बस्ने गर्दथ्यो। यथार्थ रूपमा पाकेका फलहरूबाट शोभायमान भएको त्यो ताडको वनलाई देखेपछि त्यसको फल खान लालायित भएका गोपकुमारहरू

बलरामसँग भन्न थाले ।

गोपकुमारहरूले भने— धेनुकासुरले सधैँ यी ताडको रूखहरूबाट अत्यन्तै शोभायमान देखिएको वनको रक्षा गर्ने भएकाले यी पाकेका ताडका रूख फलले सुशोभित भइरहेका छन् । आफ्नो सुगन्धले सबै दिशाहरूलाई सुवासित बनाइरहेका यी ताडका फल हेर्नुहोस् । हामीहरू ती फल खान अत्यन्तै लालायित भएका छौँ । यदि तपाईंलाई ठीक लाग्दछ भने थोरै मात्रा झारिदिनुहोस् ।

पराशरले भन्नुभयो—गोपकुमारहरूका यसप्रकारका कुरा सुनेपछि बलरामले "ल ठीक छ, यसै गर्नुपर्दछ " भनेर केही फल जमिनमा झारिदिनु भयो । ती फल जमिनमा खसेको आवाज सुनेपछि त्यो दुर्द्धर्ष र दुराचारी आत्मा भएको गधाको आकार भएको असुर क्रोधित हुँदै दौडिएर फल खसेको ठाउँमा आइपुग्यो र त्यो असुरले आफ्ना पछाडिका खुट्टाले बलरामजीको छातीमा हान्यो । त्यस समयमा बलरामजीले उसको खुट्टामा समाउनुभयो र आकाशमा घुमाउन थाल्नुभयो । त्यसकारण उसले त्यसै समयमा अर्थात् आकाश मार्गमा नै प्राण त्याग गरिदियो । त्यसै समयमा बलरामीले त्यसलाई ताडको रूखमाथि वेगपूर्वक फ्याँकिदिनु भयो । त्यो गधाका आकारको असुर ताडका रूखको अग्रभागबाट जमिनमा खस्दाका समयमा त्यसको गतिको वेगबाट उत्पन्न भएको हावाले रूखलाई हल्लाउँदा ती ताडका रूखहरूबाट धेरै फलहरू जमिनम झरे । धेनुकासुर पृथ्वीमा खस्दा निस्किएको आवाज सुनेर आएका अन्य गधाको स्वरूप भएका दैत्यहरूलाई परमात्मा श्रीकृष्ण र बलरामले अनायास रूपमा ताडको रूखको अगाडिपट्टि फ्याँक्न थाल्नुभयो । थोरै समयमा नै धेरै ताडफलहरूबाट पृथ्वी सुशोभित हुन थाल्यो भने गधाको स्वरूप घारण गरेका दैत्यहरूको शरीरले अत्यधिक शोभासम्पन्न भयो । त्यस समयदेखि त्यो ताडका रूखहरू भएको वनमा गाईहरू बिना अवरोध आनन्दपूर्वक निर्विध्न भएर नवीन घाँस चर्न थाले, जुन अवसर उनीहरूले यसभन्दा पहिले कहिल्यै पाएका थिएनन् ।

आफ्ना सेवकसहित त्यो गधाको स्वरूप भएको धेनुकासुरको वध भएपछि गाई, गोपकुमार र गोपिनीहरूले स्वच्छन्दतापूर्वक घुमफिर गर्दा त्यो मनै

लोभ्याउने ताडका रूखहरू भएको वनले अत्यधिक शोभा पाउन थाल्यो। वसुदेवका पुत्रहरू अत्यन्तै पराक्रमी बलराम र परमात्मा श्रीकृष्ण दुवै धेनुकासुरको सर्वनाश गरिसकेपछि प्रसन्नतापूर्वक भाण्डीर नाम भएको बरका रूखको छायामा आउनुभयो। काँधमा गाई बाँध्ने दाम्लो राखेर तथा ज ली फूलको माला वा तुलसी, कुन्दपुष्प, आँक, पारिजात, कमल यी पाँचथरी फूल उनेर बनाएको मालाबाट विभूषित भएर उहाँहरू दुवै बालक सिंहको जस्तै गर्जना गर्दै, गोपगीत गाउँदै, रूखमा चढ्दै, टाढाटाढासम्म लगेर गाई चराउँदै तथा गाईहरूको नाम लिएर डाक्दै वा बोलाउँदै सुशोभित हुनुभएको थियो। उहाँहरूले लगाउनुभएको कपडा सिलसिलाबद्ध रूपमा सुनौलो र सेतो रङले रङ्गिएका थिए। त्यसकारण उहाँहरू इन्द्रधनुषसम्पन्न सेतो र श्याम मेघ (बादल) जस्तै देखिइरहनु भएको थियो। उहाँहरू समग्र लोकहरूका अधिपति र पालनकर्ता परमात्माले पृथ्वीमा अवतार लिएर विभिन्न किसिमका लौकिक लीला गर्दै एकआपसमा आनन्दपूर्वक खेल्दै मनोरञ्जन गरिरहनु भएको थियो। उहाँहरू दुवै तत्परतापूर्वक मनुष्य धर्मको पालना गरेर मनुष्यताको सम्मान गर्दै मनुष्यजातिका गुणहरूले परिपूर्ण भएर आनन्दपूर्वक विभिन्न किसिमका खेलहरू खेल्दै वनमा घुमफिर गरिरहनु भएको थियो। उहाँहरू दुवै कहिले झोलु ामा बसेर हल्लिँदै, कहिले एकआपसमा कुस्ती खेल्दै, कहिले ढुङ्गा फ्याँक्दै विभिन्न किसिमका खेलहरू खेलेर कसरत गर्नुहुन्थ्यो।

त्यसै समयमा ती दुवै अतिआनन्दपूर्वक खेलिरहेका बालकहरूलाई अपहरण गरेर लैजाने अभिलाषा लिएर प्रलम्ब नाम भएको दैत्य गोपहरूको स्वरूप धारण गरेर त्यहाँ आयो। त्यो दानवहरूमा उत्तम प्रलम्ब मनुष्य नभए तापनि मनुष्यको स्वरूप धारण गरेर निर्भयतापूर्वक बलराम र परमात्मा श्रीकृष्णसमेत एकाग्रतापूर्वक खेलिरहेको स्थानमा उहाँहरूका बीचमा छिर्‍यो। उहाँहरू दुवै खेलमा ज्यादै एकाग्रतापूर्वक लाग्नुभएको असावधान अवस्थामा र हनुभएको देखेपछि त्यस दैत्यले परमात्मा श्रीकृष्ण यथार्थमा अजेय हुनुभएको जान्यो। त्यसकारण उसले बलरामलाई मार्ने निश्चय गर्‍यो। ती सबै बालकहरू मिलेर हरिणाक्रीडन नाम भएको एक किसिमको खेल आरम्भ गर्दै एकआपसमा

दुई-दुई बालकको समूह बनाएर दौडिएर निर्धारण गरिएको स्थानतिर जान आरम्भ गरे । त्यस सिलसिलामा श्रीकृष्णले सुदामासँग र बलरामले प्रलम्ब नाम भएको दैत्यसँग तथा अन्य गोपबालकले अर्का गोपकुमारहरूसँग जोडी बनाएर दौडन आरम्भ शुरु गरे । परमात्मा श्रीकृष्णले सुदामालाई, रोहिणीपुत्र बलरामले प्रलम्बलाई र भगवान् श्रीकृष्णका पक्षमा रहेका गोपकुमारहरूले अन्य पक्षमा रहेका गोपकुमारहरूलाई पराजित गरिदिए। त्यस खेलमा जुन-जुन बालकहरूले पराजयको सामना गर्नुपरेको थियो, ती सबै आफूसँग विजयी भएका बालकहरूलाई आफ्नो पिठ्यूँमा चढाएर भाण्डीर पहिलेकै स्थानमा आए । तर त्यो बलरामलाई आफ्नो पिठ्यूँमा बोकेको प्रलम्ब नाम भएको दैत्य चन्द्रमासहित मेघका समान अत्यन्तै शीघ्र गतिमा जान थाल्यो र फर्किएर आएन । त्यो दानवहरूमा उत्तम प्रलम्बले रोहिणीपुत्र बलरामको वजनलाई थाम्न अत्यन्तै असमर्थ भएपछि वर्षाऋतुको मेघका जसरी नै बढेर अत्यन्तै भयानक स्थूल शरीर धारण गर्‍यो। त्यसपछि दग्धपर्वतका समान आकार भएको शरीर गरेको, माला र अन्य आभूषणहरूले सुशोभित भएको, सिरमा मुकुट लगाएको, गाडीको चक्का जस्तो आँखा भएको र आफ्नो खुट्टाको प्रहारबाट पृथ्वीलाई पूर्ण रूपमा कम्पित गराउने सामर्थ्य भएको राक्षसले आफूलाई अत्यन्त निर्भयतापूर्वक अपहरण गरेर लगिरहेको देखेपछि बलरामले परमात्मा श्रीकृष्णसँग भन्नुभयो ।

बलरामले भन्नुभयो– हे कृष्ण ! हेर, यो छलफलपूर्वक गोपकुमारको स्वरूप धारण गर्ने र पर्वतजस्तै भयानक शरीर धारण गरेको कुनै भीमकाय दैत्यले मलाई अपहरण गरेर लगिरहेको छ। यस समयमा मैले के गर्नुपर्दछ, त्यो बताऊ, यो दुष्ट आत्मा भएको दानव ज्यादै तिव्रगतिमा आफ्नो गन्तव्यतिर गइरहेको छ।

पराशरले भन्नुभयो– त्यस समयमा बलरामको शक्ति र पराक्रमसँग राम्ररी परिचित रहनुभएका परब्रह्म परमात्मा श्रीकृष्णले अत्यन्त सुमधुर मुस्कानसहित भन्नुभयो ।

भगवान् श्रीकृष्णले भन्नुभयो– तपाईं स्वयं सबै किसिमका गुह्य पदार्थहरूभन्दा पनि परमगुह्यस्वरूप हुनुहुन्छ भने फेरि यस प्रकारको स्पष्ट मनुष्यभाव किन अवलम्बन गरिरहनु भएको छ वा आफ्नो स्वभाव देखाउनुस्।

हजुरले आफ्नो आत्मालाई स्मरण गर्नुस्, हजुर सबै किसिमका बीजहरूको कारण हुनुहुन्छ र कारणभन्दा पनि पूर्ववर्ती अथवा कालक्रम, स्थान, गुण आदिका दृष्टिले पहिले र प्रलयका समयमा हजुर एकमात्र अवस्थित रहनुहुन्छ। के हजुरलाई स्मरण हुन सकिरहेको छैन, म र हजुर हामी दुवै यो सम्पूर्ण जगत्का कारण हौँ र पृथ्वीमा अत्यधिक रूपमा बढिरहेको अधर्मको सर्वनाश गरेर धर्मको स्थापना गर्नका लागि मात्र मनुष्यका रूपमा उत्पन्न भएका हौँ। आकाश हजुरको शिर हो, हजुरको मूर्ति जलमयी छ, पृथ्वी नै हजुरका दुवै चरणहरू हुन्, अग्नि हजुरका मुख हुन्, चन्द्रमा, मन र वायु हजुरका हातहरू हुन्। हजुरका हजारौँ मुख छन्, हजुरका हात, चरण र शरीर सबै हजारौँ किसिमका छन्। हजुर हजारौँ ब्रह्माण्डको कारण हुनुहुन्छ, महर्षिहरूले हजुरको हजारौँ किसिमबाट स्तुति र उपासना गर्दछन्। हजुरको दिव्य स्वरूपका विषयमा हजुरबाहेक अन्य कसैलाई पनि ज्ञान छैन। सबै देवताले हजुरलाई अवतारका रूपमा मात्र पूजा गर्छन्। के हजुरलाई ज्ञान छैन ? अन्त समयमा यो समग्र विश्व हजुरमा विलीन हुनेछ। हजुरले धारण गर्नुभएको छ, यसका विषयमा ज्ञान भएका कारणले गर्दा नै यी पृथ्वी चराचरलाई धारण गर्न सक्षम भएकी छन्। हजुर नै निमेषलगायत कालस्वरूप हुनुहुन्छ, हजुरले नै सत्य, त्रेतासहितका युगहरूको भेदबाट यो समग्र जगत्लाई आफ्नो भोजन बनाउनु हुन्छ।

जसरी समुद्री आगोद्वारा चुसिएको पानीले वायुका माध्यमद्वारा हिमालयसम्म पुगेर मनमोहक हिउँको स्वरूप धारण गर्दछ र त्यो हिमालयमा सूर्यको तातो किरण परेपछि फेरि जुन पानीको रूपमा परिणत हुन्छ, त्यसरी नै प्रलयका समयमा हजुरमा नै विलय भएको यो विश्व हजुरकै आधिपत्यमा रहन्छ र प्रत्येक कल्पमा हजुर हिरण्यगर्भ स्वरूपबाट सृष्टिको रचना गर्ने कार्यमा उत्साहित भएपछि यसले फेरि जगत्को स्वरूप धारण गर्दछ। सबै कल्पमा हजुरले यसरी नै प्रलयको अन्तमा यो जगत्को रचना गर्नुहुन्छ। हामी दुई मात्र यो सम्पूर्ण जगत्को परम आधार र कारण हौँ। तर मैले संसारको कल्याण गर्नका अलगअलग स्वरूप धारण गर्दछु। त्यसकारण तपाईंले स्वयं आफ्नो आत्माको चिन्तन गरेर यो साधारण मुनष्य भाव परित्याग गर्दै आफ्नो वास्तविक स्वरूपमा

परिणत भएर यो अत्यन्त दुष्ट दानवको विनाश गरी हाम्रा आफन्तहरूको कल्याण गर्नुहोस्।

पराशरले भन्नुभयो– श्रीकृष्णले यसरी स्मरण गराएपछि बलरामले मुसुमुसु हाँस्दै प्रलम्बासुरलाई पीडित बनाउन थाल्नुभयो। त्यस समयमा अत्यन्त क्रोधित भएर राताराता आँखा पार्नु भएका बलरामले मुक्काले त्यसको सिरमा हान्न थाल्नुभयो। बलरामद्वारा प्रहार गरिएको चोटको प्रभावले त्यस दैत्यका दुवै आँखा बाहिर निस्किए भने उसको टाउको फुटेकाले टाउकोमा रहेको मथिङ्गल बाहिर निस्किएकाले मुखबाट रगत छाद्दै जमिनमा ढलेर उसको मृत्यु भयो। यसप्रकारको अतिआश्चर्यजनक कार्य गर्नुहुने बलरामद्वारा प्रलम्ब नाम भएको दैत्य मारिएको देखेपछि गोपकुमारले अत्यन्तै प्रसन्न हुँदै धन्यवाद ! धन्यवाद !! भन्दै उहाँको प्रशंसा गर्न थाले। प्रलम्ब नाम भएको असुरको वध भएपछि बलराम गोपकुमारहरूद्वारा प्रशंसित हुँदै परमात्मा श्रीकृष्णसँग त्यहाँबाट फर्किएर गोकुलमा जानुभयो।

बलराम र परमात्मा श्रीकृष्णले व्रजमा यसप्रकारले घुमफिर गर्दागर्दै वर्षा ऋतु समाप्त भएपछि पूर्ण रूपमा फुलेका कमलका फूलहरूले यथार्थ रूपमा सुशोभित भएको शरद् ऋतु प्रारम्भ भयो। जसरी गृहस्थ मनुष्यले पुत्र, पत्नीलगायतको संसर्गबाट उत्पन्न भएको ममताका आधारमा मानसिक पीडा पाइरहेको हुन्छ, त्यसरी नै पोखरीहरूको पानीमा माछाहरूले अत्यधिक रूपमा पीडा भएको अनुभव गर्न थाले। जसरी सांसारिक प्रवाहको गतिका विषयमा ज्ञान हासिल गरिसकेका योगीहरू शान्त रहन्छन्, त्यसरी नै मयूरहरू पनि वनमा हर्ष परित्याग गरेर अत्यन्तै शान्त भएर बस्न थाले। जसरी ज्ञानीहरू सबै पदार्थहरूको ममता परित्याग गरिसकेपछि घरको गृहस्थी जीवनलाई पूर्ण रूपमा परित्याग गरेर सन्न्यासी हुन्छन्, त्यसरी नै सेता वर्ण भएको मेघ (बादल) ले पनि जलरूपी सर्वस्व परित्याग गरेर निर्मल आकाशलाई पनि पूर्ण रूपमा परित्याग गरिदिए। जसरी धेरै पदार्थहरूमा आसक्ति र ममता राखेका कारणले गर्दा शरीर धारण गर्नेहरूको हृदय सारहीन हुन्छ; त्यसरी नै रापिला सूर्यका किरणहरूबाट तातेर पोखरी वा तालहरू सुक्न थाले। जसरी निर्मल र स्वच्छ स्वभाव भएका

व्यक्तिहरूको अन्तरात्माले ज्ञानका माध्यमद्वारा समता प्राप्त गर्दछ अर्थात् त्यस्ता व्यक्तिहरू समभावमा रहन्छन्, त्यसरी नै शरद्कालीन् जलसमूहले मनमोहक चन्द्रकमलको फूलसँग सम्बन्ध स्थापित गऱ्यो । जसरी उत्तम आचरण भएका पुरुषहरूका कुलमा अन्तिम (आखिर) को शरीर धारण गर्ने योगी सुशोभित हुन्छ; त्यसरी नै ताराहरूले चम्किलो भएको आकाशमण्डलमा चन्द्रमा शोभासम्पन्न भएर रहन थाले। जसरी तत्त्वज्ञान प्राप्त गरिसकेका पुरुषहरूले पत्नी, पुत्रासहितमा अत्यधिक रूपमा बढिरहेको ममता बिस्तारबिस्तार त्याग गरिदिन्छन्, त्यसरी नै नदीनाला, ताल र पोखरीहरूको पानीले पनि आफ्नो सतह छोड्दै जान थाल्यो।

जसरी आफ्नो साधनमा व्यवधान उत्पन्न भएकाले साधनाका परित्याग गरेका अयोगीहरूको फेरि रागद्वेष जस्ता क्लेशहरूसँग मिलन हुन्छ, त्यसरी नै पहिले आफैंले परित्याग गरिदिएको पोखरी वा तालको पानीसँग हाँसहरूको मिलन भएको हुन्छ। जसरी सिलसिलाबद्ध रूपमा महायोग अर्थात् सम्प्रज्ञातयोग समाधि प्राप्त गरेर सांसारिक विषयबाट विरक्त भएको योगनिष्ठ सन्न्यासी निश्चल आत्मा भएको हुन्छ; त्यसरी नै पानी निश्चल भएपछि समुद्र पनि पूर्ण रूपमा स्थिर भयो । जसरी सर्वात्मा एवं परमात्मा श्रीविष्णुको तत्त्वका विषयमा ज्ञान हासिल गरिसकेपछि बुद्धिमान्‌को अन्तरात्मा शान्त हुन्छ; त्यसरी नै त्यस समयमा सबै जलाशयहरू पूर्ण रूपमा निर्मल र स्वच्छ भए । जसरी योगरूपी अग्निकाद्वारा शरीरमा उत्पन्न हुने दुःख नष्ट भएपछि योगीहरूको अन्तरात्मा निर्मल र स्वच्छ हुन्छ; त्यसरी नै शीतको कारकतत्त्व मेघमा विलीन भएपछि आकाश पनि यथार्थ रूपमा स्वच्छ र निर्मल भयो । जसरी अहङ्कारबाट उत्पन्न भएको पीडादायक दुःखलाई विवेकले शान्त गराइदिन्छ; त्यसरी नै चन्द्रमाले पनि सूर्यका किरणहरूबाट उत्पन्न भएको तापक्रमलाई शीतल बनाइदिए। जसरी संयमले इन्द्रियहरूलाई उनीहरूका विषयहरूबाट तानेर ल्याउँदछ; त्यसरी नै शरद् ऋतुले आकाशबाट बादल, पृथ्वीबाट धूलो र पानीबाट फोहोर अलग गराइदिएको थियो। मानौं पानीले राम्ररी भरिएपछि अब स्थिर रहन सुक्ने गरेका कारणले दिनरात कुम्भक र रेचक क्रियाका आधारमा प्राणायामको अभ्यास गरिरहेका छन् । यसरी अत्यन्तै सुन्दर आकाश र स्वच्छ नक्षत्रमय शरद् ऋतु

आएपछि त्यसैमध्येको कुनै पनि दिन परमात्मा श्रीकृष्णले व्रजका सबै बासिन्दा इन्द्रको पूजा गर्ने तयारीमा उत्सुकतापूर्वक लागेका देख्नुभयो। परब्रह्म परमात्मा श्रीकृष्णले ती गोपगोपिनीहरू इन्द्रको पूजा गर्ने उमङ्गका कारणले अत्यन्तै उत्साहित भइरहेका देखेर कौतूहलपूर्वक आफ्ना अग्रजहरू अर्थात् त्यहाँका वृद्ध गोपहरूसँग सोध्नुभयो। यो इन्द्र को हो ? जसले गर्दा तपाईंहरूमा अत्यधिक मात्रामा प्रसन्नता भरिएको छ, यसरी अत्यन्त आदरपूर्वक सोधेपछि नन्दगोपालले परमात्मा श्रीकृष्णसँग भने अर्थात् स्वयं सर्वज्ञ भए तापनि अनभिज्ञ हुनुभएका श्रीकृष्णलाई सम्झाए।

नन्दगोपले भने – जुन देवराज पानी भएको बादल र पानीका स्वामी रहेका छन्, उनैले बादललाई पानी वर्षाउनमा अभिप्रेरित गरेपछि मात्र बादलले पानी रूपी रस वर्षाउने कार्य आरम्भ गर्दछ। हामी र अन्य सबै शरीर धारण गर्ने जीवले त्यही वर्षाका आधारमा उत्पन्न अन्न तथा अन्य किसिमका खानेकुरा उपभोग गरेर जीवननिर्वाह गर्दछौँ भने त्यही अन्न प्रयोग गरेर गरिएका यज्ञ-यज्ञादिबाट देवताहरूलाई पनि सन्तुष्ट गराउँदछौँ। यी सबै ससाना बाच्छा भएका गाईहरू पनि त्यही वर्षाका आधारमा उत्पन्न भएर बढेका विभिन्न किसिमका घाँसहरू खाएर मोटाघाटा भएर त्यसको प्रभावले आफूमा दूधको वढाउँदछन् र त्यसबाट हामीहरूलाई तृप्त एवं हृष्टपुष्ट बनाउँदछन्। जुन भूमिमा पानी पर्दछ; त्यो स्थानको जमिन कहिल्यै पनि अन्न र घाँसपातबाट रहीत हुन सक्दैन र त्यस स्थानमा बस्ने मनुष्यहरूले आनन्दपूर्वक आफ्नो जीवननिर्वाह गरिरहेका हुन्छन्। पानी वर्षाउने बादलका स्वामी इन्द्रले सूर्यका किरणहरूद्वारा शोषण गरिएको पृथ्वीको रस समग्र लोकहरूको कल्याणका लागि फेरि पानीको रूपमा पृथ्वीमा वर्षाउँछन्, जसबाट सम्पूर्ण जीवमात्रको कल्याण हुन्छ। त्यसकारण हामी, अन्य सबै मुनष्यहरू र राजाहरूले पनि वर्षा ऋतुका समयमा ती देवताहरूका राजा इन्द्रको यज्ञका माध्यमद्वारा पूजा र उपासना गर्ने गर्दछौँ।

पराशरले भन्नुभयो– देवराज इन्द्रको पूजाका सम्बन्धमा नन्दगोपका यसप्रकारका कुरा सुनेपछि श्रीकृष्णले देवेन्द्रलाई अत्यन्तै क्रोधित बनाउने लक्ष्य लिएर नन्दगोपसँग भन्नुहुन्छ। हामीहरू खेतीपाती गर्ने किसान वा व्यापार गर्ने

व्यापारी नभएकाले हाम्रो पेशा वनमा घुम्ने मात्र हो। यसकारण नै गाई हाम्रा देवता भएकाले हामीले तिनैको पूजा वा उपासना गर्नुपर्दछ, इन्द्रको होइन। तर्कशास्त्र, कर्मकाण्ड, वर्ता र दण्डनीति यी चार किसिमका विद्याहरू हुन्। तिनीहरूमध्ये वार्ताका विषयमा मात्र मबाट सविस्तारपूर्वक ध्यान दिएर सुन्नुस्। यिनीहरूमध्ये वार्तालाई खेतीपाती, व्यापार र पशुपालन यी तीनोटै वृत्तिहरूको परमआश्रय भएको हुनाले त्रिविध भनिएको हो। यिनीहरूमध्ये कृषि नाम भएको पेशा किसानहरूका लागि हो, व्यापारबाट आफ्नो जीवननिर्वाह गर्नेहरूको पेशा वाणिज्य हो र हाम्रो पशुपालन नै उत्तम पेशा हो। यी तीन किसिमका वार्ताको अन्तरका आधारमा पेशा पनि ती किसिमकै हुन्छन्। जुन विद्याका आधारमा जसले आफ्नो जीवननिर्वाह गरिरहेको हुन्छ, त्यही विद्या उसका लागि महत्त्वपूर्ण देवता अथवा इष्टदेवता हुन्छ। त्यसकारण उसले त्यसैको पूजा गर्न उचित हुन्छ। किनकि त्यही विद्याबाट मात्र उसको कल्याण हुन्छ। जुन व्यक्तिले एउटा व्यक्तिबाट आफ्नो उपकार गराएर त्यसको अनादर गर्दै अर्कै व्यक्तिको पूजा–उपासना गर्दछ भने त्यो व्यक्तिले वर्तमान अवस्था र भविष्यमा पनि कुनै किसिमको कल्याण प्राप्त गर्न सक्दैन अर्थात् यस्तो कार्य उसका लागि कल्याणदायक हुन सक्दैन। जहाँ खेतीपाती हुन्छ, त्यसको नाम खेत हो र जमीन नै त्यसको सीमा हो तथा जमीनको सीमा वन र वनको सीमा पर्वत हो। यी पर्वतहरू नै हाम्राका सर्वोत्कृष्ट गति हुन्। हामी न त गारो र ढोकाको घेरामा बस्दछौं, न घर र खेतमा मात्र सीमित भएर घुमफिर गर्दछौं। बरु वन र पर्वतलगायतमा घुमफिर गर्ने हामी चक्रचारी मुनिहरूका जसरी सबै जनसमुदायमा सुखी छौँ। जुन मुनिहरू गाडा आदिका माध्यमद्वारा सर्वत्र घुमफिर गरिरहन्छन् र जसको कुनै निश्चित ठाउँ हुँदैन, जहाँ साँझ पर्‍यो, त्यही बस्दछन्; यसप्रकारका मुनिहरूलाई चक्रचारी भनिन्छ। यिनीहरूको अर्को नाम सायंगृह पनि हो। त्यसैले गृहस्थमा रहेका किसानहरूका जसरी इन्द्रको पूजा गर्ने काम हाम्रो होइन। मलाई ज्ञात हुन आएअनुसार यस वनमा रहेका यी सबै पर्वतहरूले आफ्नो स्वेच्छाअनुसारको स्वरूप धारण गर्दछन्। यिनीहरू आफ्नो चाहनाअनुसारको स्वरूप धारण गरेर यस वनमा आआफ्नो स्थानम घुमफिर गर्ने गर्दछन् तथा जो यी पर्वतहरूमा निवास गर्ने पुरुष छन्,

तिनीहरूले जब यस पर्वतका देवताहरूका समीप (नजिक) कुनै अपराध गर्दछन्, त्यसपछि यी पर्वतका रूपमा रहेका पर्वत देवताहरूले सिंहको स्वरूप धारण गरेर आफूमाथि अपराध गर्नेहरूलाई नष्ट गरिदिन्छन् वा तिनलाई अपराधअनुसारको सजाय दिन्छन्। त्यसकारण यो इन्द्र–यज्ञलाई आजदेखि गिरियज्ञका रूपमा प्रवर्द्धन गर्नुपर्दछ अर्थात् इन्द्रयज्ञको परित्याग गरेर गिरियज्ञ आरम्भ गरिदिनुस्। इन्द्रको पूजा गर्नाले हामीलाई के प्राप्त हुन्छ ? त्यसैले यी गाईहरू र पर्वत नै हाम्रा परम देवता हुन्।

जसरी मन्त्रयज्ञका आधारमा ब्राह्मणहरू, हलो जोत्दा गरिने यज्ञका आधारमा किसानहरू प्रख्यात भएका छन्, त्यसरी नै पर्वत र वनको आश्रयमा निवास गर्ने हामी पर्वत गोयज्ञकर्ताका रूपमा प्रख्यात भएका छौँ। त्यसकारण हामीले विभिन्न विधिहरूबाट गोवर्द्धन पर्वतको मात्र पूजा र आराधना गर्नुपर्दछ। शास्त्रीय विधिअनुसार पवित्र पशुहरूको बलि दिएर पनि हामीले उनैको पूजा र उपासना गर्नुपर्दछ। आज समग्र व्रजमा उत्पादन भएको दूध एकै ठाउँमा जम्मा गर्न लगाउनुस्, यसमा कुनै विचारविमर्श नगर्नुस्, त्यो दूधलगायतको पदार्थको ब्राह्मण र याचकहरूलाई भोजन गराइदिनुस्, जसबाट उनीहरू सन्तुष्ट हुन सकुन्। पर्वतराज गोवर्धनको पूजा र होम गर्ने कार्य सकिएपछि ब्राह्मणहरूलाई भोजन गराएर शरद् ऋतुमा अतिसुशोभित भएका फूलहरूबाट सुसज्जित भएर गाईहरू स्वेच्छापूर्वक घुमफिर गरून्। यो मेरो सर्वोत्कृष्ट मान्यता हो र यदि तपाईंहरूले यसको आदर गर्नुभयो भने गोवर्धन पर्वत र गाईहरू ज्यादै आनन्दित हुनेछन्। नन्दसहित व्रजमा बस्ने सबैले श्रीकृष्णका यसप्रकारका कुरा सुनेर प्रसन्नताले प्रफुल्लित हुँदै धन्यवाद भनेर उहाँको प्रशंसा गर्न थाले।

त्यसपछि नन्दगोपलगायतले भने– तिमीले जे बतायौ, त्यो अत्यन्त नियम सङ्गत छ, अब हामी त्यसैका अनुसार गोवर्धन पर्वतको यज्ञ गर्ने परम्पराको प्रवर्द्धन गर्ने कार्य आरम्भ गर्दछौँ।

पराशरले भन्नुभयो– त्यसपछि व्रजवासीहरूले परमात्मा श्रीकृष्णको मान्यताका आधारमा पर्वतयज्ञ आरम्भ गरेर पर्वतलाई दही, खीर र मासुसहितको बलि चढाए। परमात्मा श्रीकृष्णले बताउनुभएअनुसार गोपहरू सबैले हजारौँ

ब्राह्मण र अतिथि बनेकाहरूलाई अत्यन्तै प्रसन्नतापूर्वक भोजन गराए। त्यसपछि श्रद्धा र भक्तिपूर्वक पूजा गरिएका गाई र मेघका जसरी गर्जना गर्ने साँढेहरूले पनि व्रजका बासन्दिाहरूसँगै गोवर्द्धन पर्वतको परिक्रमा गरे। पर्वतको शिखरमा परमात्मा श्रीकृष्णले म नै पर्वत हुँ भन्दै एउटा अनौठो किसिमको स्वरूप धारण गर्नुभयो र गोपहरूद्वारा समर्पण गरिएको अन्नको भोजन गर्न थाल्नुभयो भने त्यसै समयमा भगवान् श्रीकृष्णले आफ्नो बालस्वरूपमा रहेर अन्य सबै गोपहरूसँगै पर्वतराजको टुप्पामा चढेर आफ्नै दोस्रो स्वरूपको पूजा र आराधना गर्नुभयो। पर्वतराज अन्तर्ध्यान भएपछि गोपहरू आफ्नो मनोकामनाअनुसारको वरदान प्राप्त गरेर गिरियज्ञ समाप्त भएपछि फर्किएर आआफ्ना गोठमा आए।

यसरी आफ्ना लागि गरिँदै आएको यज्ञ पूर्ण रूपमा बन्द भएपछि इन्द्रले अतिक्रोधित हुँदै संवर्तक नाम भएका मेघहरूलाई भने।

इन्द्रले भने– म तिमीहरूलाई आज्ञा दिन लागिरहेको छ, मेरो आज्ञा सुन। मैले तिमीहरूलाई जे जस्तो आज्ञा दिन्छु, त्यसका विषयमा कुनै किसिमको विचारविमर्श नगरी तत्कालै त्यो कार्य कार्यान्वयनमा ल्याइहाल्नू। ती दुर्बुद्धि भएका नन्दगोपालले कृष्णको आश्रयका आधारमा उनले भनेका कुरामा सहमति जनाउँदै अन्य गोपसहित सबै सम्मिलित भएर मेरो पूजा आराधना गर्न छाडिदिए। त्यसकारण ती मूर्ख गोपहरूको जीवननिर्वाहको कारकतत्त्व र गोपत्वको सारका रूपमा जुन गाईहरू रहेका छन्, ती गाईलाई मेरो आज्ञाअनुसार तिमीहरूले वर्षा र वायुका माध्यमद्वारा अत्यन्तै पीडित गराइदेओ। मैले पनि त्यस पर्वतका अगाडि आफ्नो त्यो पर्वतभन्दा अग्लो ऐरावत हात्तीमा चढेर तिमीहरूले वायु र पानी छोड्दाका अवस्थामा तिमीहरूलाई सहयोग गर्नेछु।

पराशरले भन्नुभयो– देवराज इन्द्रले यसप्रकारको आज्ञा दिएपछि मेघहरूले गोपका गाईहरू नष्ट गराउने उद्देश्यले अतिभयानक हावाहुरीसहित पानी वर्षाउन आरम्भ गरिदिए। त्यसपछि एक क्षणमा नै ती मेघहरूद्वारा बर्साइएको मुसलधारे पानीका प्रभावले पृथ्वी, आकाश र सबै दिशाहरू एक समान भए अर्थात् यी सबै अवस्था छुट्याउन सक्ने अवस्था रहेन, सबै जलमय भए। मेघहरूको समूह पूर्ण रूपमा शक्तिबाट चम्किएको बिजुलीरूपी कोर्राको

प्रहारबाट अत्यन्त भयभीत भएकाले आफ्नो आवाजले सम्पूर्ण दिशाहरूलाई व्याप्त गर्दै आरीबाट खन्याए जसरी नै पानी वर्षाउन थाले। यसप्रकार पानी भएका बादलहरू एक छिन पनि नरोकिइकन वर्षिरहेका कारणले सम्पूर्ण संसार अन्धकारमय भएकाले तल, माथि तथा सबै दिशाहरू जलमग्न भए। त्यो ज्यादै तीव्रगतिको वायुमय वर्षका प्रभावले गाईहरूको कमर, तिघ्राको चाक्लो भाग र गला अथवा गर्दनसमेत निष्क्रिय भए र काम्दाकाम्दै आफ्नो प्राण परित्याग गर्ने अवस्थामा पुगेर मूर्छित भए। कति गाईहरू आफ्ना बाच्छाहरू बगेका कारणले सन्तान विहीन भएका थिए भने धेरै पीडित भएका बाच्छाहरूका गला वायुका प्रभावले काम्न थाले र ती सबैले भयभीत स्वरमा बचाऊ, बचाऊ भन्दै परमात्मा श्रीकृष्णलाई पुकार्न थाले अर्थात् कृष्णसँग रक्षा गर, रक्षा गर भनेर सहयोग माग्न थाले। त्यस समयमा गाई, गोपिनी र गोपसहित समग्र गोकुल अत्यन्तै व्याकुल र भयभीत भएको देखेर परब्रह्म परमात्मा श्रीकृष्ण विचार गर्न थाल्नुभयो।

श्रीकृष्णले विचार गर्नुभयो— उनका निमित्त यज्ञ नगरिएकाले अत्यन्तै क्रोधित भएका देवराज इन्द्रले यो कार्य गरेका हुन्। यस्तो अवस्थामा मैले अनिवार्य रूपमा समग्र गोकुलको रक्षा गर्नुपर्दछ। अब म धैर्यतापूर्वक यो ढुङ्गा भएको पर्वतलाई उचालेर त्यसलाई अत्यन्त ठूलो छाताका जसरी गोठमाथि स्थापना गर्दछु, जसले गर्दा गोकुलको रक्षा होस्।

पराशरले भन्नुभयो— श्रीकृष्णले यसरी विचार गरेर गोवर्धन पर्वतलाई उचाल्नुभयो र त्यसलाई आफ्नो लीलाका आधारमा आफ्नो हातको एउटा औँलाले छातालाई जसरी नै थाम्नुभयो। पर्वतलाई माथि उचालेर छाता जस्तो बनाएपछि उहाँले मन्दमुस्कानसहित गोपगोपिनीहरूसँग भन्नुभयो, तपाईंहरू निर्भय भएर यो पर्वतको ओडारमा आउनुस्, मैले यो अत्यधिक वर्षाबाट बच्ने व्यवस्था मिलाएको छु। यो मैले बनाएको वायुसम्म नभएको ठाउँमा आएर भयरहित भएर बस्नुस्, यो पर्वत खस्दैन। श्रीकृष्णले यसरी बताएपछि हावाहुरी र मुसलधारे पानीबाट पीडित भएका गोपगोपीहरूले आफ्ना पीडित भएका गाईवस्तुसहित अत्यन्तै आवश्यकीय भाँडाकुँडा गाडामा राखेर पर्वतको ओडारमा प्रवेश गरे यसरी ओडारभित्र प्रवेश गरिसकेपछि व्रजका वासिन्दाहरूले

हर्षित र आश्चार्यचकित भएर एकाग्रतापूर्वक हेरिरहेकाले परमात्माले पनि त्यस पर्वतलाई निश्चल भावपूर्वक उचालिरहनु भयो । हर्ष र प्रेमका प्रभावले आश्चार्यचकित आँखा भएका गोपगोपिनीहरूले जसको प्रशंसा गरिरहेका थिए, उहाँ परब्रह्म परमात्मा श्रीकृष्णले गोवर्धन पर्वतलाई थामिरहनु भएको थियो। गोपहरूको विनाश गराउन पानी भएका बादलहरूले इन्द्रद्वारा अभिप्रेरित भएर निरन्तर रूपमा सात रातसम्म अत्यन्तै भयानक वर्षा गराइरहे। श्रीकृष्णले गोवर्धन पर्वतलाई उचालेर गोकुलको रक्षा गर्नुभएपछि आफ्नो प्रतिज्ञा असत्य प्रमाणित भएकाले इन्द्रले पानी भएका बादलहरूलाई वर्षा नगराउने आज्ञा दिए। आकाश पूर्ण रूपमा बादलविहनि भएर सफा र स्वच्छ भएपछि इन्द्रका वचन असत्य प्रमाणित भएकाले सबै गोकुलवासीहरू त्यहाँबाट निस्किएर फेरि आआफ्नो स्थानमा गए। त्यसपछि ज्यादै आश्चार्यचकित भएका गोकुलवासीहरूले हेर्दाहेर्दै श्रीकृष्णले पनि त्यो गोवर्धन पर्वतलाई पहिलेको स्थानमा र पहिलेकै जसरी राखिदिनुभयो।

परमात्मा श्रीकृष्णले यसरी गोवर्धन पर्वतलाई उचालेर गकुलको रक्षा गर्नुभएपछि देवराज इन्द्रका मनमा उहाँको दर्शन गर्ने कामना उत्पन्न भएकाले शत्रुविजयी देवराज इन्द्र आफ्नो महागज नाम भएको ऐरावत हात्तीमा चढेर गोवर्धन पर्वतमा आएर परब्रह्म परमात्माको दर्शन गरे । त्यहाँ देवराज इन्द्रले समग्र जगत्का रक्षक तथा अधिपति परब्रह्म परमात्मा श्रीकृष्णलाई गोपको शरीर धारण गरेर गोपकुमारहरूबाट पूर्ण रूपमा घेरिएर गाई चराइरहनुभएको देखेपछि देवराज इन्द्रले पक्षीहरूमा सर्वोत्तम गरुडले यथार्थ रूपमा अदृश्य अवस्थामा रहेर आफ्ना पखेटाले परब्रह्म परमात्माको सिरमा छाया पारिरहेको अर्थात् सूर्यको प्रकाशलाई उहाँको शरीरमा पर्नबाट रोकिरहेको देखे। त्यसपछि आफ्नो ऐरावत हात्तीबाट ओर्लिएर प्रसन्नताका कारणले प्रफुल्लित आँखा भएका देवराज इन्द्रले एकान्तमा केही मुस्कुराउँदै परब्रह्म परमात्मा श्रीमधुसूदनसँग भने।

इन्द्रले भने– म जुन लक्ष्य लिएर हजुरको नजिकमा आएको छु, त्यसका सम्बन्धमा सुन्नुस्। यस विषयलाई हजुरले अन्यथा नसोचिदिनुस । हजुरले यो पृथ्वीको भारको विनाश गर्नका लागि अर्थात् संसारमा अत्यधिक रूपमा बढिरहेको

अन्याय र अत्याचारको विनाश गरेर धर्मको स्थापना गर्नका लागि पृथ्वीमा अवतार लिनुभएको हो। पृथ्वीमा आफ्ना लागि गरिँदै आएको यज्ञ रोकिएपछि अतिक्रोधित भएको मैले गोकुलको पूर्ण रूपमा विनाश गराइदिने लक्ष्य दिएर पानीले परिपूर्ण भएका बादलहरूलाई पानी वर्षाउन आज्ञा दिएकाले उनीहरूको यस किसिमको पीडा दिए। हजुरले गोवर्धन पर्वतलाई उचालेर सबै गोप तथा गाईहरूको रक्षा गरेर तिनीहरूलाई बचाउनुभयो। हजुरको यो अद्‌भुत कार्यबाट म अत्यन्तै प्रसन्न भएको छु। हजुरले जुन आफ्नो एक हातले गोवर्धन पर्वतलाई उठाउनुभयो, मेरो मान्यतामा यसबाट देवताहरूको प्रयोजन सिद्ध भइसकेको छ भन्ने लाग्दछ। म कामधेनुसहितका गाईहरूबाट यथार्थ रूपमा अभिप्रेरित भएर हजुरको सत्कार गर्ने कामना भएकाले हजुरका नजिकमा आएको हुँ। किनकि हजुरले गोवर्धन पर्वत उचालेर गाईहरूको रक्षा गर्नुभएको छ। यस समयमा म गौमाताहरूको आज्ञाअनुसार हजुरलाई उपेन्द्रको पदमा अभिषेक गर्दछु। हजुर गाईहरूको इन्द्र हुनुहुन्छ, त्यसकारण हजुरको नाम गोविन्द पनि हुनेछ।

त्यसपछि इन्द्रले आफ्नो अतिउत्तम वाहन ऐरावत हात्तीका घाँटीमा झुण्ड्याएको घण्टा निकालेर त्यसलाई पानीले शुद्ध बनाएपछि त्यसबाट श्रीकृष्णको अभिषेक गरे। परमात्मा श्रीकृष्णको अभिषेक भइरहेको अवस्थामा सबै गाईले आआफ्नो थुनबाट निस्किएको दूधबाट त्यसै समयमा पृथ्वीलाई भिजाइदिए। यसरी गाईहरूद्वारा बताइएअनुसार परब्रह्म परमात्मा श्रीजनार्दनलाई उपेन्द्रको पदमा अभिषेक गरिसकेपछि इन्द्रले फेरि अत्यन्तै प्रेम र विनम्रतापूर्वक परमात्मा श्रीजनार्दनसँग भने– यो मैले गाईहरूको वचन पूर्ण गरिदिएको हो। अब पृथ्वीको भार विनाश गर्ने इच्छाले म हजुरसँग जे भन्न लागिरहेको छु, त्यो सुन्नुस्। पृथ्वीको भार निवारण गर्नका लागि मेरो अंशले कुन्तीको गर्भबाट जन्म लिएको छ र उसको नाम अर्जुन हो। हजुरले सधैँ त्यसको रक्षा गरिदिनुहोला। हजुरको पृथ्वीको भारहरणरूपी कार्यमा अर्जुनले सधैं हजुरलाई सहयोग गर्नेछन्। त्यसकारण हजुरले आफ्नो रक्षा गरे जसरी नै अर्जुनको पनि रक्षा गर्नुहोला।

भगवान्‌ले भन्नुभयो– भरतवंशमा तपाईंका पुत्र अर्जुन उत्पन्न भएको कुरा मलाई ज्ञान छ। म जबसम्म पृथ्वीमा रहन्छु, त्यस समयसम्म म अर्जुनको

रक्षा र पालनपोषण गर्नेछु । म जुन समयसम्म पृथ्वीमा निवास गर्दछु, त्यस समयसम्म समग्र पृथ्वीमा अर्जुनलाई पराजित गर्ने अथवा हराउने सामर्थ्य भएको पुरुष कोही पनि हुनेछैन । अत्यन्तै बलवान् हात भएको कंस नाम भएको दैत्य, अरिष्टासुर, कुवलयापीड, केशी र नरकासुरसहित अन्य सबै असुरहरूको यथार्थ रूपमा विनाश भएपछि पृथ्वीमा एउटा अतिभयानक युद्ध हुनेछ; जसलाई महाभारतको युद्धकाका नामले सम्बोधन गरिनेछ । त्यसै युद्धमा मैले पृथ्वीको भार हरण गर्नेछु अर्थात् पृथ्वीमा पूर्ण रूपमा धर्मको स्थापना गर्नेछु । अब तपाईं प्रसन्न भएर जानुस्, आफ्नो पुत्र अर्जुनका लागि तपाईंले कुनै किसिमको चिन्ता गर्नुपर्दैन ।

पराशरले भन्नुभयो– परमात्मा श्रीकृष्णले यसरी बताएपछि देवराज इन्द्र उहाँलाई अङ्कमाल गरेर आफ्नो ऐरावत हात्तीमा सवार भएर फेरि स्वर्गलोक गए । त्यसपछि परब्रह्म परमात्मा श्रीकृष्ण पनि गोपिनीहरूको दृष्टिले पवित्र भएको मार्गबाट गोपकुमार र गाईहरूसँगै गोकुल फर्किनुभयो ।

इन्द्र फर्किएर स्वर्गलोकमा गएपछि परमात्मा श्रीकृष्णले कुनै किसिमको पीडा अनुभवसम्म नगरी अत्यन्त आनन्दपूर्वक गोवर्धन पर्वतलाई उचालेको देखेर गोपालहरूले प्रेमपपूर्वक उहाँसँग भन्न थाले । आज हजुरले गोवर्धन पर्वतलाई उचालेर हामी र गाईहरूलाई भयानक त्रासदीबाट बचाउनु भयो अथवा हामीलाई त्यो डरलाग्दो अवस्थाबाट मुक्त गराउनुभयो । हजुरको यो अतुलनीय बाललीला, यस किसिमको दिव्य कर्म र निन्दनीय गोकुलमा हजुरको जन्म यो सबै कसरी सम्भव भयो ? त्यसका विषयमा हामीलाई बताइदिनुस् । हजुरले यमुनाको पानीमा प्रवेश गरेर कालियनागको दमन गर्नुभयो, प्रलम्ब नाम भएको असुरको वध गरिदिनुभयो र गोवर्धन पर्वत सजिलै उचाल्नुभयो । हजुरका यी सबै अलौकिक कार्यहरू देखेर हाम्रो अन्तरात्मामा धेरै जिज्ञासा उत्पन्न भएका छन् । हामी त्यसलाई साक्षी राखेर भगवान्का चरणहरूको शपथ लिँदै हजुरलाई साधारण मनुष्य भएको स्वीकार गर्न असमर्थ छौं । किनकि यस किसिमको अलौकिक कार्य साधारण मनुष्यबाट कुनै पनि अवस्थामा हुन सक्तैन, त्यसैले हामी हजुरलाई साधारण मनुष्य मान्दैनौं ।

हे केशव ! स्त्री तथा कुमारसहित समग्र गोकुलका बासिन्दाले हजुरमा अत्यन्तै प्रेमभाव राख्दछन् । हजुरले गोकुलमा बसेर जुन कर्म गरिरहनुभएको छ, त्यो सम्पूर्ण देवताहरूले पनि गर्न सक्दैनन् । त्यसकारण निश्चित रूपमा हजुर साधारण मनुष्य हुनुहुन्न । हजुरको यसप्रकारको बालभाव र यसप्रकारको पराक्रम तथा नीच कुलको जन्म, यी सबै विषयवस्तुहरूमा जति चिन्तन मनन गर्दछौँ, त्यति नै हामी शङ्काको घेराभित्र रुमल्लिन पुग्दछौँ । हजुर देवता हुनुहुन्छ या दानव हुनुहुन्छ अथवा यक्ष, गन्धर्व ? हामीले त्यस विषयमा चिन्तन गरिरहनु पर्ने कुनै आवश्यकता छैन । किनकि हजुर हाम्रो परममित्र हुनुहुन्छ, हाम्रो सुखदुःखमा हामीलाई सान्त्वना दिनुहुन्छ । त्यसकारण हामीहरू हजुरलाई नमस्कार गर्दछौँ ।

पराशरले भन्नुभयो– ती सबै गोपहरूले यसरी आशङ्का व्यक्त गरेपछि परमात्मा श्रीकृष्णले केही समय मौन बसेपछि प्रेम र क्रोधको समायोजित स्वरूपमा प्रस्तुत हुँदै भन्नुभयो ।

श्रीभगवान्ले भन्नुभयो– मसँग रहेको यस किसिमको सम्बन्धबाट यदि तपाईंहरूलाई कुनै प्रकारको लज्जा रहेको छैन भने तपाईंहरूमध्ये म प्रशंसनीय रहेको छु, यस विषयमा सोचिरहनु पर्ने के आवश्यकता रहेको छ ? यदि ममा तपाईंहरूको प्रेम वा ममता छ र यदि म तपाईंहरूका प्रशंसनीय रहेको छु भने तपाईंहरूले मलाई आफ्नो सुहृदयी र कल्याणदायक मात्र सम्भनुस् । तपाईंहरूले यसभन्दा धेरै विचार गरिरहन आवश्यक छैन । म न त देवता हुँ, न त गन्धर्व हुँ, न यक्ष हुँ र न दानव नै हुँ । म तपाईंहरूको आफन्तका रूपमा उत्पन्न एक मनुष्य मात्र हुँ । त्यसकारण तपाईंहरूले यस विषयमा विचारविमर्श गरिरहनुको कुनै औचित्य रहेको छैन ।

पराशरले भन्नुभयो– भगवान्ले यसरी प्रसन्नता र क्रोध मिश्रितभावमा बताउनुभएपछि गोपहरू मौनता धारण गर्दै जङ्गलतिर लागे । त्यसपछि परब्रह्म परमात्मा श्रीकृष्णले अतिनिर्मल र स्वच्छ आकाश, शरद् ऋतुको चन्द्रमाको सेतो फूल फुल्ने कण्टकारी (पात र डाँठमा काँढा हुने, ससाना सेता वा नीला फूल फुल्ने एक प्रकारको बोट), सबै दिशालाई सुगन्धित बनाउने राम्ररी फुलेको सेतो कमल धेरै भएको ठाउँ र भँवराहरूको गुञ्जायमान शब्दले ज्यादै मनमोहक

भएको वनको लहरलाई देखेर गोपिनीहरूसँग त्यो अत्यधिक मनमोहक वनमा घुमफिर गर्ने अभिलाषा गर्नुभयो । त्यस समयमा बलरामसँगै रहेका अवस्थामा श्रीकृष्णले अव्यक्त र सुमधुर गीत अस्पष्ट एवं मृदुल पद उच्च र मसिंनो स्वरमा गाउन आरम्भ गर्नुभयो। त्यो गीत स्त्रीहरूलाई अत्यधिक प्रिय लाग्ने किसिमको थियो भने त्यसमा विभिन्न किसिमको तन्त्रीस्वर (शाक्त वा शैव मतअनुसार देवदेवीको उपासना गर्ने रहस्यमूलक शास्त्र) को सम्मिश्रण भएको थियो। त्यसपछि त्यो सुमधुर गीतको आवाज सुनेर गोपिनीहरू आफ्नो घर छाडेर जहाँ परमात्मा श्रीमदुसूदन विराजमान हुनुभएको थियो, त्यहाँ शीघ्रतापूर्वक आउन आरम्भ गरे। त्यस समयमा गोपिनीहरू त्यहि गीतको लयअनुसार बिस्तारबिस्तार गाउन थाले। कोही अत्यन्त सावधान भएर मनमनै परब्रह्म परमात्मा श्रीकृष्णलाई स्मरण गर्दै अत्यन्तै व्याकुल भइरहेका थिए। कुनै गोपिनी हे कृष्ण, हे कृष्ण भनेर पटकपटक सम्बोधन गर्दै परब्रह्म परमात्मालाई पुकार्नाले धेरैलज्जित भइरहेका थिए र कुनै श्रीकृष्णको प्रेममा अन्धा भएका गोपिनी आफ्नो सामाजिक मर्यादा बिर्सिएर भगवान् श्रीकृष्णका छेउमा गएर उभिएका थिए। कुनै गोपिनी बाहिर आफ्ना मान्यजनहरू बसिरहेका देखेर आफ्नै घरमा स्थिरतापूर्वक आँखा बन्द गरेर आफूलाई यथार्थमा उहाँका शरणमा समर्पित गरिदिएर परमात्मा श्रीगोविन्दको ध्यान गर्न थाले तथा कुनै गोपकुमारी समग्र जगत्का कारकतत्त्व परब्रह्म परमात्मा श्रीकृष्णको चिन्तन गर्दागर्दै मूर्च्छित भएकाले निसासिएर प्राण र अपान वायु रोकिएकाले ध्यानावस्थामा नै मुक्त भए।

किनकि भगवान्‌को ध्यानका माध्यमद्वारा उत्पन्न भएको आनन्दका प्रभावले गर्दा उनको पुण्यफल समाप्त भयो र परमात्मालाई प्राप्त गर्न नसकेकाले अत्यन्तै दुःखी भएकाले उनका सबै पापहरू नष्ट भए। रासलीला आरम्भ गर्न उत्साहित हुनुभएका परमात्मा श्रीकृष्णले गोपिनीहरूबाट राम्ररी घेरिएर त्यो शरद् ऋतुको रातका समयमा लागेका अत्यन्तै निर्मल र स्वच्छ चन्द्रमाबाट सुशोभित भएको रात्रिलाई सम्मानित गर्न थाल्नुभयो । त्यस समयमा परब्रह्म परमात्मा श्रीकृष्ण अन्तै जानुभएकोले गोपिनीहरू पनि श्रीकृष्णमा अतिआसक्त भएर वृन्दावनको बीचमा घुमफिर गर्न थाले । उनीहरूको अन्तरात्मा परमात्मा

श्रीकृष्णमा आसक्त भएकाले ती गोपिनीहरू आफ्ना बीचमा कुराकानी गर्न थाले।

यस क्रममा कुनै गोपिनीले भनिन्– म नै कृष्ण हुँ, मेरो अत्यन्त सुन्दर गति हेर।

अर्की गोपिनीले भनिन्– म नै कृष्ण हुँ, तिमीहरू मैले गाएको अतिमनमोहक गीत सुन।

कुनै अन्य गोपिनी आफ्ना हातहरू माथितिर फैलाउँदै भन्दछिन्– हे दुष्ट कालिय ! म कृष्ण हुँ, तँ स्थिर भएर बस्। यस किसिमले परमात्मा श्रीकृष्णको लीलाको अनुकरण गर्न थाले।

अन्य कुनै गोपिनी भन्न थालिन्– हे गोपहरू ! तपाईंहरू निर्भय भएर बस्नुस्। अब तपाईंहरूले यो अत्यन्त भयानक वर्षाको भय लिइरहनु पर्ने आवश्यकता छैन। किनकि मैले गोवर्धन पर्वत उचालिरहेको छु, त्यसकारण तपाईंहरू पूर्ण रूपमा निश्चिन्त भएर बस्नुस्।

भगवान् श्रीकृष्णका लीलाको अनुकरण गर्ने अर्की गोपिनी भन्दछिन्– हे मेरा आत्मीय बन्धुहरू ! तपाईंहरू स्वेच्छापूर्वक यो वनमा घुमफिर गर्नुहोस्। किनकि मैले यस वनमा निवास गर्ने दुष्ट धेनुक नाम भएको असुरको वध गरिदिएको छु। यसरी अनेकौं किसिमबाट परब्रह्म परमात्मा श्रीकृष्णका लीलाको अनुकरण गर्ने कार्यमा व्यस्त भएका गोपिनीहरू एकत्रित भएर मनमोहक वृन्दावनमा आन्दपूर्वक घुमफिर गर्न थाले। ती कमलको फूलजस्तै आँखा भएकी एउटी सुन्दरी गोपिनी आनन्दित भएकी पृथ्वीलाई देखेर भन्न थालिन्।

उनले भनिन्–हे सखि ! यो हेर, लीलासम्पन्न भएर आनन्दपूर्वक घुमफिर गर्नुहुने श्रीकृष्णाको ध्वजा, वज्र, अङ्कुश र कमल यी सबै चरणचिह्न स्पष्ट रूपमा देखिइरहेका छन् र यहाँ हेर, परमात्मा श्रीकृष्णसँग पुण्यशालिनी यौवनका प्रभावले सुस्त गतिमा कुनै नारी गएकी छिन्, उनका यी स–साना चरणचिह्न स्पष्ट देखिइरकहेका छन्। यस ठाउँमा निश्चय पनि परमात्मा श्रीकृष्णले आफ्नो रूप धारण गरेर फुल टिप्नुभएको हुनुपर्दछ। किनकि यी सबै ठाउँमा उहाँका चरणहरूको अगाडिपट्टिको भागको चिह्न रहेका छन्। पूर्वजन्ममा जुन सौभाग्यवतीले फूलद्वारा जीवमात्रका आत्मा भगवान् श्रीविष्णुको पूजा उपासना

गरेकी थिइन्, भगवान् श्रीकृष्णले यस ठाउँमा बसेर तिनै सौभाग्यवतीलाई फूलले सुसज्जित बनाउनुभएको हो, यो उहाँका चरणहरूको चिह्न हो हेर। यो हेर, अत्यन्तै सुगन्धसम्पन्न फूलको माला र गुच्छाले ती परमसुन्दरी नारीको सम्मान गरिसकेपछि नन्दगोपका सुपुत्र श्रीकृष्ण उनलाई छाडेर यो बाटोबाट जानुभएको रहेछ। यस ठाउँमा परमात्मा श्रीकृष्णको चरणहरूका पछिपछि एउटी स्त्रीको चरणचिह्न रहेको छ। यसलाई हेर्दा यी स्त्री (नारी) नितम्ब वा कम्मरमुनिको फिलो र कण्डेउलोको भागको भारका कारणले ज्यादै मन्द गति भएकी अनुभूति हुन्छ।

त्यसकारण आफू असमर्थ भए तापनि गन्तव्यतिर तीव्रगतिमा गइन्। किनकि उनका चरणहरूको अगाडिको भाग पृथ्वीमा केही मात्रामा गाडिएको जस्तो देखिन्छ। यस ठाउँबाट परब्रह्म परमात्मा श्रकृष्णले ती सौभाग्यवतीको हात समाएर लानुभएको अनुभूति हुन्छ। किनकि ती सुन्दरी नारीको पदचिह्न पराधीन भएको जस्तो देखिन्छ। हेर, यहाँबाट ती अत्यन्तै मन्द गति भएकी परम सुन्दरी निराश भएर फर्किएकी नारीको पदचिह्न देखिरहेको छ। यसबाट उहाँ चतुर श्रीकृष्णले तिनको अन्य किसिमको अभिलाषालाई अधुरै छाडिदिएर केवल हातमा मात्र स्पर्श गरेर ती नारीको अपमान गरिदिनुभएको सिद्ध हुन्छ। यस ठाउँमा भगवान् श्रीकृष्णले ती गोपिनीसँग भन्नुभयो - तिमी यहीँ बसरिहू। म चाँडै गएर यस बनमा निवास गर्ने राक्षसलाई मारेर आउनेछु। यसकारण यस ठाउँमा उहाँका तीब्र गतिमा जाँदाको चरणचिह्न रहेको स्पष्ट देखिन्छ। परब्रह्म परमात्मा श्रीकृष्णले यसै ठाउँमा भयानक वनमा प्रवेश गर्नुभयो। त्यसैले उहाँका चरणचिह्नहरू देख्न सकिँदैन। अब हामी यहाँबाट फर्किनु पर्दछ; किनकि यसभन्दा अगाडिको स्थानमा चन्द्रमाका किरण जान सक्दैनन्।

त्यसपछि परब्रह्म परमात्मा श्रीकृष्णको दर्शन गर्ने अवसर नपाएर अति निराश भएर फर्किएका गोपिनीहरू यमुना नदीका किनारमा आएर श्रद्धा र भक्तिपूर्वक श्रीकृष्णका चरित्रको भजन कीर्तन गर्न थाले। गोपिनीहरूले तीनोटै लोकका रक्षक, परम आश्रय र सधैँ धर्म स्थापना गर्ने कार्यमा लागिरहनुभएका परमात्मा श्रीकृष्ण आफैँतिर आउन लाग्नुभएको देखे भने कयौँ गोपिनीहरूले त

परमात्मा श्रीगोविन्दलाई आउँदै गर्नुभएको देखेर हर्षित हुँदै कृष्ण ! कृष्ण !! कृष्ण !!! भनेर सम्बोधन मात्र गरिरहे अर्थात् उनीहरूको मुखबाट अन्य कुनै वाक्य उच्चारण हुन सकेन भने गोपिनीहरूले आफ्ना आँखा टेढो पार्दै निधार खुम्च्याएर प्रेम र क्रोध सम्मिलित भावपूर्वक परमात्मा श्रीहरिलाई हेर्दै आफ्ना आँखारूपी भँवराका माध्यमद्वारा उहाँको मुखमण्डलको अमृतमय रसको स्वाद लिन थाले। कुनै गोपिनी परमात्मा श्रीगोविन्दको दर्शन गरेपछि आफ्ना आँखा पूर्ण रूपमा बन्द गरेर श्रीकृष्णका स्वरूपको ध्यान गर्दै महायोगिनीका जसरी नै अवस्थित भए। परमात्मा श्रीमाधवले कुनै गोपिनीलाई टेढा आँखा देखाएर, कुनै गोपिनीलाई हातमा समाएर उनीहरूलाई प्रसन्न गराउन थाल्नुभयो भने उदार चरित्र भएका परमात्मा श्रीहरिले ती प्रसन्न भएका गोपिनीहरूसँग रासघेरा बनाएर रास लीला गर्न थाल्नुभयो अर्थात् ती गोपिनीहरूसँग आदरपूर्वक मनोरञ्जनका लागि गरिने विलास वा क्रीडा गर्न थाल्नुभयो। तर त्यस समयमा कुनै पनि गोपिनी परमात्मा श्रीकृष्णको सामीप्यता छोड्न चाहँदैनथे।

त्यसकारण सबै गोपिनीहरू एकै ठाउँमा बसिदिएकाले रासका लागि उचित मण्डल (घेरा) बन्न सकेन। ती गोपिनीहरूमध्ये प्रत्येकको हात समाएर परमात्मा श्रीहरिले रासमण्डल (रासघेरा) को रचना गर्नुभयो। त्यस समय परमात्माका हातको स्पर्शबाट उत्पन्न भएको रोमाञ्चमिश्रित आनन्दले सबै गोपिनीहरूका आँखा बन्द भए भने त्यहाँ रासलीला आरम्भ भयो। त्यस रासलीलामा गोपिनीहरूको हातमा लगाइएका अत्यन्तै चञ्चल चुराको सुमधुर शब्द गुञ्जन थाल्यो भने सिलसिलाबद्ध रूपमा शरद् ऋतुको वर्णन सम्बन्धी गीत गुञ्जन थाल्यो तथा परमात्मा श्रीकृष्ण चन्द्रमा, चन्द्रमाको किरण पर्दा वा जून लाग्दा फुल्ने सेतो कमलसँग सम्बन्धित गीत गाउन थाल्नुभयो, तर गोपिनीहरू पटकपटक श्रीकृष्णका नामको गीत मात्र गाउँथे। त्यसपछि एउटी गोपिनीले नाच्दानाच्दा थकित भएपछि चञ्चल चुराको माला परमात्मा श्रीकृष्णको घाँडीमा लगाइदिइन्। कुनै अत्यन्तै सिपालु गोपिनीले भगवान्ले गाउनुभएको गीतको प्रशंसा गर्दै कपटपूर्वक आफ्ना हात फिँजाएर परमात्मा श्रीमधुसूदनलाई

अङ्कमाल गर्दै उहाँका मुखमा अनायास रूपमा चुम्बन गरिदिइन् । परमात्मा श्रीहरिका दुवै हात गोपिनीहरूका गालाको स्पर्श प्राप्त गर्दा तिनीहरूमा रोमाञ्च रूप धानको उत्पत्तिका लागि पसिनारूपी पानीको मेघ वा बादल बने ।

परमात्मा श्रीकृष्णले जस्तोसुकै उच्च स्वरमा रासलीलाका लागि उपयोगी गीत गाउनु भए तापनि गोपिनीहरू दुइगुना उच्च स्वरमा धन्यवाद कृष्ण ! धन्यवाद कृष्ण !! को आवाजमात्र निकालिरहन्थे । भगवान् श्रीकृष्ण अगाडि जानुहुँदा गोपिनीहरू उहाँका अगाडि लाग्दथे । यसप्रकार उनीहरूले अनुलोम र प्रतिलोम गतिका माध्यमद्वारा भगवान्लाई साथ दिइरहेका थिए। परब्रह्म परमात्मा श्रीमधुसूदनले पनि गोपिनीहरूसँग यस्तो किसिमको रासलीला गर्नुभएको थियो, जसका प्रभावले गर्दा उहाँको समीप्य नपाएको अवस्थामा एकक्षण पनि गोपिनीहरूका लागि करोडौँ वर्ष बराबर भएको अनुभव गरिरहेका थिए। ती रासलीलामा ज्यादै रमाइरहेका गोपिनीहरू माता, पिता, पतिलगायतले प्रतिबन्ध लगाए तापनि रात्रिका समयमा परमात्मा श्रीकृष्णसँग मनोरञ्जनका लागि क्रीडा गर्दथे । उहाँ शत्रुहरूको संहार कर्ता तथा अमेयात्मा श्रीमधुसूदन पनि आफ्नो किशोरावस्थाको सम्मान गर्दै रात्रिका समयमा ती गोपिनीहरूसँग विभिन्न क्रीडा गर्दै यताउता घुम्नुहुन्थ्यो। परब्रह्म श्रीकृष्ण ती गोपिनीहरूमा, उनीहरूका पतिहरूमा र समग्र प्राणीमात्रमा आत्मास्वरूपबाट वायु जसरी नै व्याप्त भएर अवस्थित रहनुभएको थियो। जसरी आकाश, वायु, अग्नि, जल, पृथ्वी, र आत्मा सबै प्राणीमात्रमा समभावपूर्वक व्याप्त रहेका हुन्छन्, त्यसैगरी परब्रह्म परमात्मा पनि सबै पदार्थहरूमा समभावपूर्वक व्याप्त रहनुभएको छ।

पराशरले भन्नुभयो– एक दिन साँझपखको समयमा जब परमात्मा श्रीकृष्ण रासलीलामा पूर्ण रूपमा आसक्त हुनुभएको थियो, त्यस समयमा साँढेको स्वरूप धारण गरेको अरिष्ट नाम भएको राक्षस सबैलाई अतिभयभीत बनाउँदै गोकुलमा आयो । उसको ज्योति पानीसहितको मेघका समान थियो, उसका सिङ अत्यन्तै तिखा थिए, आँखाको ज्योति सूर्यको प्रकाश बराबरको थियो भने त्यो असुरले आफ्नो खुरको अगाडिको भागले पृथ्वीलाई चिराचिरा पारेको जस्तो देखिन्थ्यो । उसले आफ्ना तलका दाँतहरूमा माथिका दाँतहरू घोट्दै

पटकपटक आफ्नो जिब्रोले ओठहरू चाटिरहेको थियो। उसले अत्यन्तै क्रोधित भएर आफ्नो पुच्छर ठाडो पारेको थियो भने उसको गर्दनको बन्धन अतिकठोर थियो। त्यसको जुरो र शरीरको नाप अत्यन्तै अग्लो भएकाले नाघ्न नसकिने किसिमको थियो। त्यसको पछाडिको भागमा गोबर र मूत्रले लिपिएको थियो। त्यसले सबै गाईहरूलाई भयभीत बनाइरहेको थियो अर्थात् गाईहरूका बीचमा आतङ्क फैलाएको थियो। त्यसको घाँटी धेरै लामो र मुख रूखको टोड्को जस्तो गम्भीर प्रकृतिको थियो। त्यो साँढेको स्वरूप धारण गरेको दैत्य गाईहरूमा रहेको गर्भ पतन गराउँदै तथा तपस्यामा एकाग्रतापूर्वक लागेका तपस्वीहरूलाई मार्दै सधैं वनमा यताउता घुमफिर गरिरहन्थ्यो। त्यो धेरै डरलाग्दा आँखा भएको दैत्य देखेपछि गोपगोपिनीहरू अतिभयभीत हुँदै कृष्ण ! कृष्ण !! कृष्ण !!! भन्दै परमात्मा श्रीकृष्णलाई बोलाउन थाले।

उनीहरूले बोलाएको शब्द सुनेपछि परमात्मा श्रीकेशवले सिंह गर्जे जसरी नै भयानक शब्द निकाल्दै गर्जिएर ताली बनाउनुभयो। यसप्रकारको आवाज सुनेपछि त्यो साँढेको रूप धारण गरेको दैत्य परमात्मा श्रीकृष्णको छेउमा आयो। त्यो दुष्यात्मा साँढेको स्वरूप धारण गरेको असुर आफ्ना सिङ तेर्सा गरेर तथा परमात्मा श्रीकृष्णको पेटमा हेर्दै उहाँ भएको ठाउँतिर दौडियो। तर सर्वशक्तिसम्पन्न परमात्मा श्रीकृष्ण साँढेको स्वरूप धारण गरेको दैत्य आफूतिर आएको देखे तापनि त्यसको अपमान गर्दै लीलापूर्वक हाँस्दै त्यसै ठाउँमा अटल भएर बस्नुभयो। त्यो साँढेरूपी दैत्य आफ्नो नजिकमा आएपछि परमात्मा श्रीकृष्णले त्यसलाई यसरी समाउनु भयो, जसरी गोहीले कुनै सानो जीवलाई समाउँछ। सिङमा समाएपछि प्रायः निश्चल भएको दैत्यको कोखमा आफ्ना घुँडाले प्रहार गर्नुभयो। यसरी सिङ समाउनु भएको त्यस दैत्यको घमण्डलाई पूर्ण रूपमा विनाश गरिदिएर परमात्मा श्रीकृष्णले त्यो अरिष्टासुरको घाँटी चिसो कपडा निचोरे जसरी नै बटारिदिँदै त्यसको एउटा सिङ उखलेर त्यसैलाई प्रहार गर्नुभयो, जसको पीडा सहन नसकेर त्यो दैत्यले मुखबाट रगत छाद्दै आफ्नो प्राण त्याग गर्‍यो। जसरी प्राचीन कालमा जम्भको मृत्यु हुँदाका अवस्थामा देवताहरूले इन्द्रको स्तुति गरेका थिए, त्यसरी नै अरिष्टासुर मर्दा गोपगोपिनीहरूले परमात्मा

श्री जनार्दनको प्रशंसा गर्न थाले।

पराशरले भन्नुभयो– परब्रह्म परमात्मा श्रीकृष्णबाट साँढेरूपी अरिष्टासुर, धेनुक र प्रलम्बजस्ता शक्तिशाली असुरहरूको बध, गोवर्धन पर्वत उठाएर गोकुलवासीहरूको रक्षा, कालियनागको दमन गरेर यमुना नदीलाई निर्मल र स्वच्छ बनाउनु, दुई अत्यन्त भयानक रूखहरू उखेल्नु, पूतनाको वध तथा गाडालाई उल्टो घुमाइदिनु जस्ता अनेकौँ लीलाहरू भइसकेका थिए। एक दिन नारदले कंसका नजिकमा गएर यशोदा र देवकीको गर्भ परिवर्तन गरिएको अवस्थादेखिको जे जे र जसरी जसरी भएको थियो र अहिलेसम्म जे भइरहेको छ, त्यो सबै कुरा विस्तारमा सुनाइदिए। देवर्षि नारदद्वारा यी सबै कुरा विस्तारपूर्वक सुनिसकेपछि त्यो विपरीत बुद्धि भएको दुष्टात्मा कंस वसुदेवसँग क्रोधित भयो। त्यो अत्यन्तै क्रोधित भएको कंसले सबै यादवहरूको सभामा वसुदेवलाई नराम्ररी गाली गऱ्यो तथा सबै यादवहरूको नीच किसिमबाट निन्दा गऱ्यो।

त्यसपछि कंसले चिन्तन गर्न थाल्यो— यी दुवै बालक बलराम र कृष्ण जबसम्म पूर्ण बलवान् हुँदैनन्, त्यस समयसम्ममा मैले यिनीहरूको वध गरिसक्नु पर्दछ। किनकि युवावस्थामा प्रवेश गरिसकेपछि यिनीहरू अजय हुनेछन् अर्थात् यिनीहरूको वध गर्न सकिनेछैन। मेरो आधिपत्यमा ज्यादै शक्तिशाली चाणूर र बलशाली मुष्टि नाम भएका कुस्तीबाज रहेका छन्। यिनीहरूसँग कुस्ती खेलाएर म ती दुवै दुर्बुद्धि भएका बालकहरूको हत्या गर्न लगाउँछु। धनुर्यज्ञ नाम भएको एउटा महायज्ञ गर्ने असत्य योजना बनाएर ती दुवै बालकहरूलाई व्रजबाट बोलाएर म यस किसिमका अनेकौँ उपायहरू अबलम्बन गर्नेछु, जसको प्रभावबाट ती पूर्ण रूपमा नष्ट हुनेछन्। म ती दुवै बालकहरूलाई गोकुलबाट यहाँसम्म ल्याउनका लागि यदुवंशमा सर्वोत्कृष्ट यादव तथा श्वफल्कका पुत्र पराक्रमी अक्रूरलाई गोकुलमा पठाउनेछु।

त्यसपछि वृन्दावनमा रहेको शक्तिशाली केशी नाम भएको दैत्यलाई तिनीहरूको बाटैमा वध गर्ने आज्ञा दिन्छु। त्यो शक्तिशाली दैत्यले ती दुवै बालकहरूको त्यहीँ सर्वनाश गरिदिनेछ अथवा यदि कुनै किसिमले त्यहाँबाट

भने ती दुवै वसुदेवका पुत्र यहाँ आइपुगे भने मसँग कुवलयापीड (कृष्णलाई मार्न हात्तीको स्वरूप धारण गरेका एक दानव अथवा कंसकोको हात्ती, जसलाई श्रीकृष्णले मारेर मुक्त गराइदिनुभयो ।) नाम भएको जुन हात्ती छ, त्यो हात्तीले पनि मेरो आज्ञानुसार गोकुलबाट यहाँ आएका ती दुवै वसुदेव पुत्रहरूको विनाश गरिदिनेछ।

पराशरले भन्नुभयो— यसप्रकारको आत्मनिर्णय वा निश्चय गरेपछि त्यो अत्यन्त दुष्ट आत्मा भएको कंसले बलराम र श्रीकृष्णलाई मार्ने अभिलाषाबाट अभिप्रेरित भएर यादवश्रेष्ठ अक्रूरसँग भन्यो।

कंसले भन्यो— यादवश्रेष्ठ ! मेरो प्रसन्नताका लागि तपाईंले मेरो एउटा कुरा स्वीकार गरिदिनुस्। यहाँबाट रथमा सवार भएर तपाईं नन्दको गोकुलमा जानुहोस्। त्यहाँ साक्षात् विष्णुको अंशबाट उत्पन्न भएका वसुदेवका बलराम र कृष्ण नाम भएका दुइटा बालक रहेका छन्। मेरो वध गर्नका लागि उत्पन्न भएका ती दुष्ट बालकहरू त्यहाँ पालित पोषित भइरहेका छन्। मैले यहाँ अब आउने चतुर्दशीमा धनुषयज्ञको आयोजना गरेको छु। त्यसकारण तपाईंले गएर ती दुवैलाई कुस्ती प्रतियोगिताका लागि बोलाएर यहाँ ल्याइदिनुस्। मेरा चाणूर र मुष्टिक नाम भएका दुइटा पहलमान कुस्तीमा अत्यन्तै सिपालु छन्। त्यस धनुषयज्ञका दिन मेरा यी दुइटा पहलमानसँग उनीहरूले कुस्ती खेलेको यहाँ सबैले हेर्नेछन् अथवा माहुतेबाट अभिप्रेरित भएको कुलयापीड नाम भएको मेरो हात्तीले ती दुवै वसुदेव पुत्रलाई मारिदिनेछ।

यसप्रकार ती दुवै बालकको वध भएपछि ती विपरीत बुद्धि भएका वसुदेव, नन्दगोप र यी दुर्मति आफ्ना पिता उग्रसेनको पनि बध गरिदिनेछु। त्यसपछि मेरो बध भएको देख्न चाहने यी सबै दुष्ट गोपहरूका गाई र अन्य धनसम्पत्ति हरण गर्नेछु। तपाईंबाहेक सबै यादवहरूले मसँग द्वेषभाव राख्छन्। त्यसकारण म सिलसिलाबद्ध रूपमा यी सबै यादवहरूलाई मार्ने प्रयासमा लाग्नेछु। मैले यो विघ्न बाधा केही नभएको अर्थात् निर्विघ्न एवम् यादवविहीन राज्यको तपाईंसँग आत्मीय सम्बन्ध राख्दै उपभोग गर्नेछु। त्यसकारण मेरो प्रसन्नताका

लागि तपाईं चाँडै गइदिनुहोस्। तपाईं गोकुलमा गएर सबै यादवहरूलाई भैंसीको घिउ, दहीलगायत कोसेली बोकेर शीघ्रतापूर्वक यहाँ आउन भनि दिनुहोला, जसले गर्दा तिनीहरू यहाँ आउन्।

पराशरले भन्नुभयो– कंसबाट यस किसिमको आज्ञा पाएपछि अक्रूर मैले भोलि श्रीकृष्णको दर्शन गर्ने अवसर पाउने भएँ भनेर ज्यादै आनन्दित भए। कंसको दूतद्वारा पठाइएको शक्तिशाली केशी नाम भएको दैत्य पनि परमात्मा श्रीकृष्णको वध गर्ने अभिलाषा लिएर वृन्दावनमा आयो। त्यो घोडारूपी दैत्य आफ्ना खुरहरूले पृथ्वीलाई खोस्रँदै, गर्दनको कपालले बादललाई छिन्नभिन्न पार्दै तथा ज्यादै तीव्रगतिमा चन्द्रमा र सूर्यको मार्गलाई पनि पार गर्दै गोपहरू भएका ठाउँतिर दौडियो। त्यो घोडाको स्वरूप धारण गरेको दैत्य हिनहिनाउँदा निस्किएको भयानक शब्दले धेरै भयभीत भएका गोपगोपिनीहरू परब्रह्म परमात्मा श्रीगोविन्दका शरणमा पुगे। ती गोपगोपिनीहरूको रक्षा गर, रक्षा गर भनेको शब्द सुनेपछि परब्रह्म परमात्मा श्रीगोविन्दले पानी भएको मेघको गर्जना जसरी नै अति गम्भीर आवाजमा भन्नुभयो।

श्रीकृष्णले भन्नुभयो– तपाईंहरू यो केशी नाम भएको दैत्यसँग किन डराइरहनु भएको छ ? तपाईंहरू गोपाल जातिका भएर पनि किन यसप्रकार अतिभयभीत भएर वीरोचित पुरुषार्थको परित्याग गर्नुहुन्छ ? यो थोरैमात्र शक्ति भएको हिनहिनाएर केवल आतङ्कमात्र फैलाउने र नाच्ने दुष्ट घोडा, जसलाई राक्षसहरूले आफ्नो सवारीको साधन बनाउँछन्, त्यसले तपाईंहरूलाई के कष्ट दिन सक्दछ ? यसरी गोपालहरूलाई सान्त्वना दिएपछि परमात्मा श्रीकृष्णले हे दुष्ट ! म भएतिर आइज, जसरी पिनकधारी वीरभद्रले पूषाको दाँत उखेल्नुभएको थियो। त्यसरी म कृष्ण तेरा मुखमा भएका सबै दाँत उखेलिदिनेछु भन्नुभयो। यसो भनेपछि परमात्मा श्रीगोविन्द उफ्रिएर घोडारूपी केशीका अगाडि आउनुभयो र त्यो घोडाको स्वरूप धारण गरेको दैत्य पनि मुख बाएर उहाँमाथि आइलाग्यो। परब्रह्म परमात्मा श्रीजनार्दनले आफ्नो हात अत्यन्तै भयानक रूपमा फैलाएर त्यो घोडाको स्वरूप धारण गरेको अत्यधिक दुष्ट दैत्यको मुखमा हालिदिनु भयो। त्यो केशीका मुखमा घुसाइएको परमात्मा श्रीकृष्णको हातसँग ठोक्किएर

त्यसका सबै दाँतहरू भाँचिएर बाक्लो असिना परे जसरी नै जमीनमा खसे।

जसरी उत्पत्तिका समयमा उपेक्षा गरिएको व्याधि अर्थात् उत्पन्न भएको रोग आफ्नो विनाश गराउनका लागि तीव्र गतिमा बढ्छ, त्यसरी केशीको शरीरमा पसेको परमात्मा श्रीकृष्णको हात पनि भयानक रूपमा बढ्न थाल्यो। अन्तमा त्यो घोडारूपी दैत्यका ओठहरू च्यातिएपछि उसले फिँजसहितको रगत ओकल्न थाल्यो भने नसाहरूको बन्धन पूर्ण रूपमा खुस्किएकाले उसका आँखा फुटे। उसले दिशा पिसाब परित्याग गर्दै जमिनमा खुट्टा बजार्न थाल्यो तथा त्यसको सबै शरीर पसिनाले पूर्ण रूपमा भिजेर चिसो भएकाले त्यसको मृत्यु भयो। यसप्रकार परमात्मा श्रीकृष्णका हातले च्यातिएको मुख भएको त्यो असुर मृत्युको भोजन भयो र चट्याङ्ग पर्दाका अवस्थामा ढलेको रूख जसरी दुई टुक्रा भएर जमीनमा लड्यो। केशीको शरीरबाट बनेको ती दुई टुक्राहरू, दुई खुट्टा, आधा पिठ, आधा पुच्छर तथा एक–एक कान, आँखा र नाकको प्वालसहित सुशोभित हुन थाल्यो। यसरी घोडारूपी केशीको मृत्यु भएपछि अत्यन्तै प्रसन्न भएका गो पालहरूद्वारा घेरिनु भएका परब्रह्म परमात्मा श्रीकृष्ण कुनै किसिमको शरीरिक थकावट अनुभूति नगरी आनन्दित हुँदै हाँसेर पहिलेकै स्थानमा उभिनुभएको थियो। यसपछि घोडारूपी दैत्य केशीका मृत्यु भएको देखेर आश्चर्यचकित भएका गोपगोपिनीहरूले प्रेम र श्रद्धापूर्वक परमात्मा श्रीकृष्णको स्तुति गरे भने बादलले छेकिएर बसेका देवर्षि नारदले हर्षित हुँदै भन्न थाले।

नारदले भने– हजुरको पराक्रम धन्य छ; किनकि हजुरले देवताहरूलाई धेरै दुःख दिइरहने यो केशी नाम भएको दैत्यको सजिलोसँग वध गरिदिनुभयो। म यो मनुष्य र अश्वका बीचमा यसभन्दा पहिले अन्य कहीँ पनि नभएको यो त्यादै आश्चर्यजनक युद्ध हेर्नका लागि स्वर्गबाट यहाँसम्म आएको थिएँ। हजुरले आफ्नो यस अवतारमा जे जति सुन्दर कार्यहरू गर्नुभएको छ, ती सबै कार्यहरूबाट आश्चर्यचकित भएको मेरो चित्त यथार्थ रूपमा सन्तुष्ट भएकाले मैले आनन्द अनुभूति गरिरहेको छु। यो घोडाले जब आफ्नो जगल्टहरू हल्लाउँदथ्यो तथा जब हिनहिनाएर आकाशतिर हेर्दथ्यो। त्यस समयमा सबै देवतासहित इन्द्र पनि अतिभयभीत हुन्थे। हजुरले यो दुष्यात्मा घोडारूपी केशीको वध गरिदिनुभएकाले

भविष्यमा हजुर समग्र जगत्‌मा केशवका नामले प्रख्यात हुनुहुनेछ। हजुरको कल्याण होस्, अब म स्वर्गतिर प्रस्थान गर्दछु । पर्सि दुराचारी कंससँग हजुरको युद्ध हुँदाका बखतमा म फेरि फर्किएर आउने छु। उसका सबै सेवकसहित उग्रसेनको पुत्र कंसको वध गर्नुभएपछि हजुरले पृथ्वीको भार उतारिदिनुहुनेछ अर्थात् पृथ्वीलाई भारबाट मुक्त गर्दाका अवस्थामा अनेकौँ राजाहरूसँग हजुरको इच्छाअनुसार हुने अनेकौँ युद्ध मैले प्रत्यक्ष रूपमा हेर्नेछु। अब म बिदा हुन चाहन्छु। हजुरले देवताहरूको ठूलो कार्यसम्पन्न गरिदिनुभयो । हजुर सबै कुराको ज्ञाता हुनुहुन्छ, म धेरै के बताउँ ? हजुरको कल्याण होस्, म जान्छु।

पराशरले भन्नुभयो– नारद त्यहाँबाट गएपछि गोपहरूद्वारा सम्मानित एवम् गोपिनीहरूका आँखाका एकमात्र दृश्य परमात्मा श्रीकृष्ण गोपालहरूसँगै गोकुलमा जानुभयो । अक्रूर पनि शीघ्रतापूर्वक मथुराबाट निस्किएर परमात्मा श्रीकृष्णको दर्शन गर्ने अभिलाषाले यथार्थ रूपमा अभिप्रेरित भएर ज्यादै गीव्रगति भएका घोडाहरूले तानेको सुन्दर रथमा सवार भएर नन्दगोपको गोकुलतिर लागे। यसरी गोकुलतिर जाँदै गर्दा बाटामा अक्रूरले चिन्तन गर्न थाले ।

अक्रूरले मनमनै भने– यो संसारमा म जस्तो सौभाग्यशाली व्यक्ति अरू केही पनि छैन। किनकि म आफ्नो अंशरूपबाट अवतार लिनुभएको सुदर्शन चक्र धारण गर्नुहुने परमात्मा श्रीविष्णुको राम्ररी फुलेको कमलजस्तो मुखमण्डल आफ्ना यिनै साधारण आँखाले देख्न सक्षम हुनेछु। आज मेरो जन्म यथार्थ रूपमा सफल हुनेछ; मेरा लागि आजको रात अवश्य पनि अत्यन्तै सुन्दर एवं मङ्गलमय हुनेछ। किनकि आज मैले परमात्मा श्रीविष्णुका मुखको प्रत्यक्ष रूपमा हेर्ने अवसर पाउनेछु। आज मेरा आँखा र वचन पनि सफल हुनेछन्। किनकि आज मैले प्रत्यक्ष रूपमा परब्रह्म परमात्मा श्रीविष्णुको दर्शन गर्नेछु भने उहाँसँग मेरो कुराकानी पनि हुनेछ। त्यसकारण म आफूलाई अत्यन्त सौभाग्यशाली सम्झन्छु। जसको मुखारविन्दको कल्पनाद्वारा मात्र स्मरण गर्दा पनि सबै पाप नष्ट हुन्छन्; जुन परमात्माबाट चारोटै वेद र सबै वेदाङ्गहरू प्रकट भए तथा जसको मुखमण्डल सूर्यसहित सबै तेजहरूको आश्रय हो, आज मैले उहाँको दर्शन पाउनेछु। जो

सबैको परम आश्रय हुनुहुन्छ; जो पुरुषोत्तम हुनुहुन्छ र जसको सबै किसिमले उपासना गरिन्छ; आज मैले उहाँ परब्रह्म परमात्माको दर्शन गर्नेछु; यसैले म आज अत्यन्त भाग्यशाली भएको छु। जुन परमात्माको एक सय ओटा यज्ञहरूका माध्यमद्वारा उपासना गरेर इन्द्रले देवराजको पद प्राप्त गरे तथा जसको आदि र अन्त रहेको छैन, आज म उहाँ परमात्मा केशवको प्रत्यक्ष रूपमा दर्शन गर्नेछु। ब्रह्मा, इन्द्र, रुद्रहरू, अश्विनीकुमार, वसुहरू र मरुत्‌हरूलाई पनि जसको स्वरूपका विषयमा यथार्थ ज्ञान हुन सकेको छैन; आहा ! उहाँ परमात्मा श्रीहरिले आज मेरो शरीर स्पर्श गर्नुहुनेछ।

जुन परमात्मा सबैको आत्मा हुनुहुन्छ, जुन परमात्मा सबैको ज्ञाता हुनुहुन्छ, जो सबैको स्वरूप हुनुहुन्छ र जसका विषयमा मन, बुद्धिद्वारा चिन्तन गर्न सकिँदैन; जसको कहिल्यै नाश हुँदैन तथा जो समग्र प्राणीमात्रमा व्यापक भएर बस्नुभएको छ; यस्ता परब्रह्म परमात्मा श्रीविष्णुले आज मसँग प्रत्यक्ष रूपमा कुराकानी गर्नुहुनेछ। जुन परमात्माले मत्स्य, कूर्म, वाराह, हयग्रीव र नृसिंहजस्ता स्वरूपहरूमा अवतार लिनुभएर जगत्‌को वा पृथ्वीको रक्षा गर्नुभएको छ तथा जो अजन्मा र अविनाशी हुनुहुन्छ; उहाँ परब्रह्म परमात्माले आज मसँग कुराकानी गर्नुहुनेछ। जुन परमात्माले आफू सम्पूर्ण जगत्‌को स्वामी भए तापनि जुन समयमा उहाँ अव्ययात्माले आफ्नो मनमा विचार गरिएको कार्य सम्पन्न गर्नका लागि आफ्नो स्वेच्छाअनुसारको स्वरूप धारण गर्नुहुन्छ र जसले अनन्त नागको स्वरूप धारण गरेर आफ्नो सिरमा पृथ्वी धारण गर्नुभएको छ; यो जगत्‌को कल्याण गर्नका लागि अवतार लिनुभएका उहाँ परब्रह्म परमात्मा श्रीविष्णुले आज मलाई अक्रूर भनेर सम्बोधन गर्नुहुनेछ। जसको जगत् पिता, पुत्र, सुहृदयी, दाजु भाइ, माता र बन्धु बान्धवरूपी मायाबाट मुक्त हुन कठिन छ अर्थात् यो मायालाई पार गर्ने सामर्थ्य कसैमा छैन, उहाँ मायाका अधिपति परमात्मालाई अनेकपटक नमस्कार छ। जसमा अन्तरात्मलाई एकाग्रतापूर्वक लगाइदिनाले योगी अविद्यारूपी मायाबाट मुक्त हुन्छ, उहाँ विद्यास्वरूप परमात्मालाई नमस्कार छ। जुन परमात्मालाई यज्ञ गर्ने र गराउनेले यज्ञपुरुष, भगवान्‌का भक्तले वासुदेव र

वेदान्तका विषयमा यथार्थ ज्ञान भएकाहरूले विष्णु भन्दछन्, उहाँलाई पटकपटक नमस्कार छ। जुन सत्यका आधारमा यो समग्र जगत् उहाँ परमात्मामा अवस्थित रहन्छ, त्यही सत्यका आधारमा परब्रह्म परमात्मा मसँग प्रसन्न भइदिनुहोस्। जुन परब्रह्म परमात्मालाई स्मरण मात्र गर्ने पुरुष यथार्थ रूपमा कल्याणको पात्र बन्दछ; श्रीहरिको शरणमा पर्दछु।

पराशरले भन्नुभयो— भक्ति र विनयसम्पन्न चित्तका स्वामी अक्रूर यसरी परमात्मा श्रीविष्णुको चिन्तन गर्दै सूर्य अस्ताउनुभन्दा केही पहिले नन्दगोपको नगरी गोकुलमा पुगे। त्यहाँ उनले सबैभन्दा पहिले परब्रह्म परमात्मा श्रीकृष्णलाई गाईहरूको कलचौँडामा बाच्छाहरूका बीचमा बसिरहनु भएको देखे। उहाँको छाती श्रीवत्सचिह्नले सुशोभित भएको थियो भने हात लामा थिए। छाती विशाल एवं उच्च थियो तथा नाक पनि सप्रिएको थियो र उहाँ मनमोहक मुखमण्डलले सुशोभित हुनुभएको थियो भने राता नङ भएका चरणहरूलाई आधार बनाएर जमिनमा बसिरहनुभएको थियो तथा जसका सेता कमलको आभूषणसम्पन्न श्याम शरीर चन्द्रमाले सजिएको नीलाचल पर्वत जस्तैगरी सुशोभित भएको थियो। उनले परमात्मा श्रीकृष्णका पछाडि हंस, कुन्द र चन्द्रमाजस्तै गोरो वर्ण भएका तथा नीलाम्बर धारण गर्नुभएका बलरामलाई देखे। जसका हात अत्यन्त ठूला थिए, काँध अग्लो थियो, मुख फुलेको कमलजस्तै थियो तथा जो मेघमालाले घेरिएर रहेको दोस्रो कैलास पर्वतका जसरी नै सुशोभित भइरहनुभएको थियो। परमात्मा श्रीकृष्ण र बलरामलाई देखेर धर्मात्मा अक्रूरको मुख हर्षित भयो।

उनी मनमनै भन्न थाले— यी दुइटा स्वरूप जसमा परमात्मा श्रीवासुदेवको अंश अवस्थित रहेको छ, उहाँ नै परमधाम र उहाँ नै परमपद हुनुहुन्छ अर्थात् परमधाम र परमपद दुवै उहाँ मात्र हुनुहुन्छ। यी जगत्का विधाताहरूको दर्शन गर्ने अवसर पाएर आज मेरा आँखा अत्यन्तै पवित्र भए। तर के अब परमात्माले कृपा गरेर उहाँको अङ्ग स्पर्श गर्ने अवसर प्राप्त भएर मेरो शरीर पनि कृतकृत्य हुन सक्दछ त ? जसका औँला मात्रको स्पर्श गर्दा पनि सबै पाप मुक्त भएको पुरुषले मोक्ष प्राप्त गर्दछ; के उहाँ परब्रह्म परमात्मा श्रीहरिले मेरो पिठ्यूँमा आफ्नो कमल

जस्तो हात राखिदिनु होला ? जुन परमात्माले विद्युत्, अग्नि र सूर्यका किरणको माला जस्तो आफ्नो सुदर्शन चक्र प्रहार गरेर दैत्यका सेनाको विनाश गर्दै असुर सुन्दरीहरूको आँखाको गाजल पखालिदिनुभएको थियो अर्थात् आआफ्ना पतिहरूको विनाश भएको देखेर निरन्तर रूपमा बहिरहेको आँसुहरूले दैत्यहरूका आँखाको जुन गाजल पखालिएको थियो, त्यसको कारकतत्त्व भगवान् हुनुहुन्थ्यो। जसलाई एक बिन्दु समर्पण गर्नाले बलिराजाले पृथ्वीमा अतिरमणीय भोग र एक मन्वन्तरसम्म देवत्व प्राप्त गर्दै शत्रुविहीन भएर देवराज इन्द्रको पद प्राप्त गरेका थिए। उहाँ परमात्मा श्रीविष्णुले के म आफू यथार्थमा निर्दोष भए तापनि कंसको सङ्गतले गर्दा मलाई दोषी सम्झिएर मेरो अपमान गर्नुहोला ? मजस्तो सन्त भएर पनि तिरस्कृत पुरुषको जन्मलाई धिक्कार छ अथवा संसारमा यस्तो कुन वस्तु होला, जसका विषयमा उहाँ ज्ञानस्वरूप विशुद्ध तत्त्व, निर्दोष, नित्यप्रकाश सबै प्राणीमात्रका हृदयमा बस्ने परमात्मालाई ज्ञान नभएको होस् । त्यसकारण म उहाँ ईश्वरहरूका पनि ईश्वर, आदि, मध्य र अन्त नहुनुभएका पुरुषोत्तम परमात्मा श्रीविष्णुको अंशबाट अवतार लिनुभएका श्रीकृष्णका नजिकमा जान्छु र उहाँले मेरो अपमान नगर्नु हुने कुरामा म विश्वस्त रहेको छु। किनकि उहाँले शरणागतलाई सहर्ष स्वीकार गर्नुहुन्छ।

पराशरले भन्नुभयो– श्रेष्ठयदुवंशीय अक्रूरले मनमा यसप्रकारको चिन्तन गर्दै परमात्मा श्रीकृष्णका नजिकमा गएर अत्यन्त नम्रतापूर्वक उहाँका चरणहरूमा आफ्नो शिर झुकाउँदै म अक्रूर हुँ भनेर उहाँलाई भक्तिपूर्वक प्रणाम गरे। त्यस समयमा भगवान्ले पनि ध्वजा, वज्र र कमलको चिह्नबाट शोभायमान भएका आफ्ना करकमलहरूले प्रेमपूर्वक उनलाई आफूतिर तानेर आत्मीयतापूर्वक आलिङ्गन गर्नुभयो। त्यसरी अक्रूरले यथायोग्य प्रणाम गरेपछि बलराम र परमात्मा श्रीकृष्ण धेरै प्रसन्न हुँदै उनलाई लिएर आफ्नो घरभित्र पस्नुभयो। उहाँद्वारा सम्मानित भएर तथा गृहस्थाश्रमको विधिअनुसार भोजनादि गरिसकेपछि अक्रूरले परमात्मा श्रीकृष्णसँग आफू आउनाको लक्ष्यका विषयमा विस्तापूर्वक बताउन थाले। जसरी त्यो दुष्ट कंसले आनकदुन्दुभि वसुदेव

तथा देवकीको अपमान गर्दै उनीहरूलाई पीडा दिइरहेको थियो तथा जसरी त्यो दुराचारी दैत्यले आफ्ना पिता उग्रसेनसँग दुर्व्यवहार गरिरहेको थियो अर्थात् आफ्ना पितालाई अत्यधिक रूपमा मानसिक यातना दिइरहेको थियो र जुन उद्देश्यले उसले अक्रूरलाई वृन्दावन पठाएको थियो, त्यो सबै कुरा बताए। परमात्मा श्रीकृष्णले ती सबै कुराहरू विस्तारपूर्वक सुनिसकेपछि अक्रूरसँग भन्नुभयो।

श्रीकृष्णले भन्नुभयो—मलाई यी कुराहरूको ज्ञान भइसकेको छ। यस विषयमा मैले जे गर्दा सबैको कल्याण हुन्छ, त्यही गर्दछु। तपाईं निश्चिन्त भएर बस्नुहोस् तथा तपाईं कंस मद्वारा मारिइसकेको छ भन्ने विश्वास गर्नुहोस्। भोलि (म र बलराम) हामी दुवै तपाईंसँग मथुरा जानेछौँ। हामीसँगै गोप समाजका अन्य मान्यजनहरू पनि धेरै मात्रामा कोसेली लिएर जानेछन्। तपाईं आजको रात आनन्दसँग बिताउनुहोस् तथा तपाईंले कुनै किसिमको चिन्ता गरिरहन आवश्यक छैन। किनकि आजको तीन रातभित्रै म उसका सबै सेवकसहित कंसको वध गरिदिनेछु।

पराशरले भन्नुभयो— त्यसपछि परमात्मा श्रीकृष्ण, बलराम र धर्मात्मा अक्रूरले सबै गोपाललाई त्यो दुराचारी कंसको समाचार सुनाइदिएर नन्दगोपका घरमा आनन्दपूर्वक सुत्नुभयो। दोस्रो दिनको निर्मल बिहानी भइसकेपछि परमात्मा श्रीकृष्ण र बलराम सौभाग्यशाली अक्रूरसँग मथुरा जानका लागि तयार हुनुभयो। त्यस समयमा मथुरा जानका लागि तयार हुनुभएका परमात्मा श्रीकृष्णलाई देखेर गोपिनीहरू आफ्नो आत्मामा उत्पन्न भएको दुःखले धेरै पीडित भएकाले उनीहरूले हातमा लगाएका चुरा खुस्किन लागेको अनुभव गर्न थाले। उनीहरू आँखाभरी आँसु पार्दै लामोलामो श्वास फेर्दै एकआपसमा कुराकानी गर्न थाले। अब परमात्मा श्रीकृष्ण मथुरा गइसकेपछि किन फर्किएर गोकुल आइरहनु हुन्थ्यो र ? किनकि त्यहाँ त उहाँले आफ्ना कानले नगरका स्त्रीहरूको अत्यन्तै सुमधुर कुराकानीरूपी रसको स्वाद लिनुहुनेछ। नगरका स्त्रीहरूको विलाससम्पन्न वचनको रसास्वादनमा आसक्त भएपछि फेरि उहाँको चित्त विशुद्ध गाउँघरमा हुर्किएका गोपिनीहरूतिर फर्कन असम्भव छ अथवा उहाँले

हामीलाई बिर्सिदिनुहुनेछ । आज त निर्दयी विधाताले समग्र वृन्दावनका सार परमात्मा श्रीकृष्णलाई अपहरण गरेर हामी गोपिनीहरूमाथि बज्रले प्रहार गरिदिए। नगरमा बसोबास गर्ने अतिसुन्दरी तरुनीहरूमा भावपूर्ण मुस्कानसम्पन्न वचन, विलासपूर्ण मनमोहक गति, प्रेमसम्पन्न तरिकाबाट हेर्ने बानी यस्ता भावहरू स्वाभाविक रूपमा धेरै रहेका हुन्छन् अर्थात् यो उनीहरूको स्वाभाविक गुणै हो।

त्यसकारण यसरी नगरका राम्रा तरुनीहरूको विलासयुक्त प्रेम सम्बन्धमा बाँधिनुभएपछि अहिलेको वृन्दावन निवासी श्रीहरि फेरि किन फर्किएर हामी ज ली गोपिनीहरूका जनिकमा आउने सम्भावना छँदैछैन । हेर, दुष्टस्वभाव भएका दयाविहीन अक्रूरका कुरामा बहकिएर यी कृष्ण हामीलाई यहाँ एक्लो पारेर मथुरा जानका लागि रथमा चढेर हिँड्न तयार भएका छन् । यी प्राणीलाई सताउने स्वभाव भएका अक्रूरलाई प्रेममा ज्यादै आसक्त भएको मानिसहरूको हृदयको भावका बारेमा अलिकति मात्र पनि ज्ञान रहेनछ। यसैले उनले यसरी हाम्रा आँखाका ज्योतिस्वरूप परमात्मा श्रीकृष्णलाई मथुरातिर लगिरहेका छन् भने यी अत्यन्तै निष्ठुरी गोविन्द पनि बलरामलाई आफैसँग लिएर रथमा चढेर मथुरातिर जान लगेका हुनाले तिमीहरूले उहाँलाई रोक्ने प्रयास गर। यसमा आफ्ना पिताका अगाडि यस प्रकारको कार्य गर्न आफू असमर्थ रहेको भाव व्यक्त गर्ने कुनै गोपिनीलाई लक्ष्य गर्दै उसले फेरि भनी– अरे ! यो तिमी के भनिरहेकी छ्यौ ? आफ्ना पिताका अगाडि हामी यस्तो कार्य गर्न असमर्थ छौं; तर अब श्रीकृष्णको प्रेमको विरहरूपी अग्निमा जलेर भष्म हुन लागेका हामीलाई हाम्रा पिताले के गरिदेलान् ? हेर यी नन्दगोपलगायत गोपाल समूहका मान्यमान्य व्यक्तिहरू पनि कृष्णसँगै मथुरातिर जानका लागि तयार भइरहेका छन्। यिनीहरूमध्ये कसैले पनि गोविन्दलाई फर्काएर फेरि वृन्दावनमा ल्याउने प्रयास गर्ने छैनन्। आजको रात मथुरानगरीमा निवास गर्ने स्त्रीहरूका लागि ज्यादै सौभाग्यशाली हुनेछ। किनकि आज उनीहरूका आँखामा आफ्नो आधिपत्य कायम गरेर बसेका प्रेमयुक्त भँवराले परमात्मा श्रीअच्युतको मुखमण्डलको रस आस्वादन गर्ने अवसर पाउनेछन्।

जुन मनुष्यले यताबाट बिना अवरोध श्रीकृष्णलाई देखिरहेका छन्, तिनीहरू भाग्यमानी हुन्। किनकि उनीहरूले उहाँको दर्शन गर्दाका अवस्थामा आफ्नो शरीरमा अत्यधिक मात्रामा रोमाञ्च उत्पन्न भएको अनुभव गर्नेछन्। आज परमात्मा श्रीगोविन्दका अ प्रत्य हरूको दर्शन गर्ने अवसर प्राप्त गरेका मथुरानगरीका बासिन्दाहरूका आँखाका लागि यो ठूलो उत्सव हुनेछ। आज सौभाग्यशाली मथुरानगरीका बासिन्दाले कस्तो राम्रो सपना देखेका रहेछन्; जसको प्रभावले ती ठूलाठूला आँखाका स्वामिनी मथुराका स्त्रीहरूले स्वच्छन्द भावपूर्वक साक्षत् परब्रह्म परमात्मा श्रीविष्णुको दर्शन गर्ने अवसर पाउनेछन्। ओहो ! निष्ठुरी विधाताले हामी ज लमा बस्ने गोपिनीहरूलाई अमूल्य निधिको लालचमा फँसाइदिएर आज उहाँलाई हाम्रा आँखा अगाडिबाट हटाइदिए। हेर, हामीप्रति परमात्मा श्रीहरिको प्रेममा कमी आएका कारणले गर्दा हामीले हातमा लगाइराखेका चुरा पनि खुकुला भएर भर्न लागिसकेका छन्। ओहो ! हामीजस्ता अतिदुःखी भएका अवला नारीहरूमाथि कसले दया गर्दैन र ? तर हेर ! यी निर्दयी हृदय भएका अक्रूर रथ तानेका घोडाहरूलाई ज्यादै तीव्रगतिमा दौडाइरहेका छन्। हेर, यो परमात्मा श्रीकृष्ण सवार हुनुभएको रथले उडाएको धुलो देखिइरहेको छ। तर ओहो ! अब परमात्मा श्रीहरि हाम्रो आँखाको शक्तिभन्दा धेरै टाढा पुगिसक्नु भएकाले उहाँको रथले उडाएको धुलोसम्म पनि देख्न सकिँदैन।

यसरी गोपिनीहरूले अतिअनुरागी भएर हेर्दाहेर्दै बलरामसहित परमात्मा श्रीकृष्णले वृन्दावनको सिमाना नाघ्नुभयो अथवा उहाँ गोपिनीहरूका आँखाबाट अदृश्य हुनुभयो। यसरी अत्यन्तै तीव गति भएका घोडाहरूले तानेको रथमा जाँदाजाँदै बलराम, परमात्मा श्रीकृष्ण र धर्मात्मा अक्रूर मध्याह्नको समयमा यमुना नदीका किनारमा पुग्नुभयो। त्यहाँ पुगिसकेपछि धर्मात्मा अक्रूरले परमात्मा श्रीकृष्णसँग जबसम्म म यमुनाको पानीमा मध्याह्न समयको उपासना गर्ने कार्य सकेर आउँदिन, त्यस समयसम्म हजुरहरू दुवैजना यहीँ बसिरहनुस् भने। परमात्मा श्रीकृष्णले हुन्छ भन्नुभएकाले अक्रूर यमुनाको पानीमा पसेर नुहाएपछि आचमन गरेर परब्रह्म परमात्माको ध्यान गर्न थाले। त्यस समयमा अक्रूरले बलरामलाई

हजारौं फणाले सुशोभित हुनुभएको तथा उहाँको शरीर कुन्दमालाजस्तै सेतो वर्ण भएको र ठूला आँखा भएको देखे। उहाँ वासुकि र रम्भलगायतका नागका बीचमा विराजमान हुनुभएको थियो तथा गन्धर्वहरूले उहाँको प्रार्थना गरिरहेका थिए र उहाँ जङ्गली फूलहरूको मालाले विभूषित हुनुभएको थियो। उहाँलाई दुई श्याम अर्थात् कालो र नीलोको समायोजनबाट उत्पन्न हुने रङको वस्त्र धारण गर्नुभएको, कमलहरूद्वारा बनेका सुन्दर आभूषण र मनमोहक कुण्डल लगाउनु भएर यमुना नदीको पानीभित्र रहुनुभएको देखे। अक्रूरले उहाँका काखमा आनन्दमय, कमलको आभूषण, बादलको जस्तो श्यामवर्ण, केही राताराता विशाल आँखा भएको, चतुर्भूज स्वरूप धारण गर्नुभएको, मनमोहक अङ्गप्रत्यङ्गले सुशोभित हुनुभएको, शङ्ख, चक्र, गदाजस्ता अस्त्रशस्त्रले सुशोभित हुनुभएको, पीताम्बरसहित विचित्र वनमालाले विभूषित हुनुभएको, इन्द्रधनुष र विद्युन्मालाले घेरिनुभएको, पानीले भरिपूर्ण भएको बादलका समान, छातीमा श्रीवत्सचिह्न र कानमा देदीप्यमान कुण्डल धारण गरेर विराजमान हुनुभएका परब्रह्म परमात्मा श्रीकृष्णलाई देखे।

यसैगरी अक्रूरले सनकसहितका मुनिहरू, कैवल्यमुक्ति प्राप्त गरेका सिद्ध र योगीहरूले पनि यमुना नदीको पानीमा अवस्थित भएर नाकको टुप्पोमा दृष्टिलाई केन्द्रित गराएर परमात्मा श्रीकृष्णकै ध्यान गरिरहेको देखे। त्यस समयमा अक्रूरले त्यहाँ विराजमान हुनुभएका बलराम र परमात्मा श्रीकृष्णलाई चिनेपछि उनी धेरै आश्चार्यचकित भएर मनमनै विचार गर्न थाले। यिनीहरू दुवै शीघ्रतापूर्वक रथ छोडेर यहाँ कसरी आइपुगे ? जब अक्रूरले केही बताउने अभिलाषा गरेका थिए, परमात्मा श्रीकृष्णले उनको बोल्ने शक्ति रोकिदिनु भयो। उनी यमुनाको पानीबाट बाहिर निस्किएर रथको नजिकमा आएर हेर्दा त्यहाँ बलराम र परमात्मा श्रीकृष्ण दुवैलाई पहिले आफूले देखेको जस्तै मनुष्य शरीरमा रथमा पहिलेको जसरी नै बसिरहनुभएको देखे अर्थात् उहाँहरूमा कुनै किसिमको परिवर्तन नभएको देखे। उनी फेरि यमुनाको पानीमा जाँदा त्यहाँ सिद्ध, गन्धर्व, ऋषिमहर्षि र नागालगायतले परब्रह्म परमात्मा श्रीकृष्णको स्तुति गरिरहेका देखे। अक्रूरले पनि वास्तविकता बुझेर परब्रह्म परमात्मा सर्वविज्ञानमय भगवान्

श्रीअच्युतको स्तुति गर्न थाले।

अक्रूरले भने– जो सन्मात्रास्वरूप, मनद्वारा चिन्तन गर्न नसकिने महिमा हुनुभएको, सर्वव्यापक तथा कार्यहरूबाट एक भए तापनि कारणरूपबाट अनेक हुनुहुन्छ; उहाँ परमात्मालाई नमस्कार छ। हजुर सर्वस्वरूप र हविस्वरूप परमेश्वर हुनुहुन्छ; हजुरलाई नमस्कार छ। हजुर प्रकृतिभन्दा उत्तम र बुद्धिभन्दा अतीत हुनुहुन्छ; हजुरलाई नमस्कार छ। हजुर जीवस्वरूप, इन्द्रियस्वरूप र मूलप्रकृति हुनुहुन्छ। हजुर एक भए तापनि आत्मा, परमात्मा, जीवात्मा, इन्द्रियात्मा तथा प्रकृति हुनुहुन्छ। यसरी हजुर पाँच किसिमले विराजमान हुनुभएको छ। क्षर र अक्षर सम्पन्न ईश्वर प्रसन्न भइदिनुस्। एकमात्र हजुरकै विषयमा ब्रह्मा, विष्णु र शिवलगायतका स्वरूपहरूको कल्पना गरेर हजुरको मात्र वर्णन गरिन्छ। हजुरको स्वरूप, प्रयोजन र नामका सम्बन्धमा वचनद्वारा कसैले पनि यथार्थ रूपमा वर्णन गर्न सक्दैन, म हजुरलाई नमस्कार गर्दछु। जहाँ नाम, जाति र कल्पनाहरूको अभाव रहेको हुन्छ, हजुर त्यही सनातन, आधिपत्यसम्पन्न र अजन्मा परब्रह्म परमात्मा हुनुहुन्छ। किनकि कल्पना नगरिएसम्म कुनैपनि पदार्थको ज्ञान हुन सक्दैन। त्यसकारण हजुरका कृष्ण, अच्युत, अनन्त र विष्णुलगायतका नामका आधारमा स्तुति र उपासना गरिन्छ। वास्तवमा हजुरका विषयमा कुनै पनि नामबाट स्पष्ट रूपमा बताउन सकिँदैन। जुन देवतासहित कल्पनाका आधारमा यो अनन्त विश्वको सृष्टि भएको छ; त्यो पदार्थ पनि हजुर नै हुनुहुन्छ तथा हजुर नै विकाररहित आत्मवस्तु हुनुहुन्छ; त्यसकारण हजुर विश्वरूप हुनुहुन्छ। यी सबै पदार्थमा हजुरबाहेक अन्य कुनै वस्तु रहेको छैन। हजुर नै ब्रह्म, शिव, सूर्य, धाता, विधाता, इन्द्र, वायु, अग्नि, वरुण, कुबेर, यम हुनुहुन्छ। यसरी नै विभिन्न तत्त्व भएका हजुरले अलगअलग कार्य भएको आफ्नो शक्तिहरूका भेदले यो समग्र जगत्को रक्षा गर्नुहुन्छ। हजुरले नै सूर्यका किरणमा प्रवेश गरेर वर्षाका रूपमा सम्पूर्ण संसारको रचना गर्नुहुन्छ। त्यसकारण यो गुणमय संसार हजुरकै स्वरूप हो। सत् जसको वाचक हो, त्यो ॐ अक्षर हजुरको परम स्वरूप हो; हजुर यस सर्वज्ञानमय आत्मा सत्यस्वरूप परमात्मालाई नमस्कार छ। वासुदेव, बलराम, प्रद्युम्न र अग्निरुद्धस्वरूप हजुरलाई पटकपटक नमस्कार छ।

पराशरले भन्नुभयो– यदुवंशीय अक्रूरले यसभन्दा पहिले बताइएअनुसार यमुनाको पानीभित्र परमात्मा श्रीविष्णुको स्तुति गर्दै उहाँ सर्वेश्वरको मानसिक रूपमा सङ्कल्प गरिएको धूप, दीप र फूलसहितले विधिपूर्वक पूजा गरे। उनले आफ्नो मनलाई अन्य विषय वासनाहरूबाट हटाएर उहाँ परब्रह्म परमात्माका शरणमा लगाइदिएर धेरै लामो समयसम्म उहाँ परमात्मामा समाहित भएर भावपूर्वक उहाँकै ध्यानमा केन्द्रित रहेपछि समाधिबाट निवृत्त भए। अक्रूर आफूलाई कृतकृत्य भएको अर्थात् पूर्ण रूपले काम वा इच्छासिद्धि या अत्यन्तै सन्तुष्ट भएको सम्झँदै यमुना नदीको पानीबाट बाहिर निस्किए फेरि आफ्नो रथ भएको ठाउँमा आए। त्यहाँ आएर उनले बलराम र परमात्मा श्रीकृष्ण रथमा पहिले जसरी नै बसिरहनुभएको देखेकाले उनी ज्यादै आश्चर्यचकित भए। यसरी ज्यादै आश्चर्यचकित भएका अक्रूरसँग परमात्मा श्रीकृष्णले भन्नुभयो।

श्रीभगवान्ले भन्नुभयो– निश्चय पनि तपाईंले यमुनाको पानीमा कुनै आश्चर्यजनक कुरा देखेको हुनुपर्दछ। किनकि तपाईंका आँखामा अत्यन्तै आश्चर्यचकित भएको भाव देखिइरहेको छ।

अक्रूरले भने– मैले यमुनाको पानीमा जुन आश्चर्यचकित हुने आश्चार्यमय स्वरूप देखेको थिएँ, त्यसलाई यस समयमा पनि आफ्ना अगाडि मूर्तिको स्वरूपमा देखिरहेको छु। यो अत्यन्तै आश्चर्यमय जगत् जसको आफ्नै स्वरूप हो, मैले उहाँ सर्वोत्तम आश्चर्यमूर्ति स्वरूप हजुरसँग सहयात्रा गर्ने अवसर पाएको छु अर्थात् साक्षत् परब्रह्म परमात्मासँग स त गर्ने सुनौलो मौका पाएको छु। अब यी सबै आश्चर्यमय विषयहरूका बारेमा धेरै वर्णन गर्दा ख़ासै उपलब्धि प्राप्त हुन सक्दैन। अब जाऔं, हामीले चाँडै मथुरा पुग्नुपर्दछ, म त्यो दुराचारी कंसबाट अतिभयभीत रहन्छु। अर्काको कृषिबाट प्राप्त भएको अन्नले जीवननिर्वाह गर्ने पुरुषको जीवनलाई धिक्कार छ। यसरी आफूमा उत्पन्न भएको भावना व्यक्त गरिसकेपछि अक्रूरले वायुको जस्तै तीव्रगति भएका घोडाहरू दौडाए र साँझका समयमा मथुरानगरीमा पुगे। यदुवंशीय अक्रूरले मथुरा नगरीको राम्ररी अवलोकन गरेपछि बलराम र परमात्मा श्रीकृष्णसँग भने–अब यहाँबाट म एक्लै रथ लिएर जान्छु, तपाईंहरू दुवैजना पैदल आउनुस्। मथुरामा पुगेपछि तपाईंहरू वसुदेवका

घरमा नजानु होला। किनकि तपाईंहरूका कारणले गर्दा ती वयोवृद्ध भइसकेका वसुदेवलाई कंसले सधैँ अपमानमात्रै गरिरहेको छ।

पराशरले भन्नुभयो– यसप्रकारका कुरा गरेपछि अक्रूर मथुरानगरीमा गए। उनका पछिपछि बलराम र परमात्मा श्रीकृष्ण पनि नगरमा प्रवेश गरेर नगरको मुख्य मार्ग (राजमार्ग) मा पुग्नुभयो। उहाँहरू दुवै अत्यन्तै साहसी बालकहरू उन्मत्ततापूर्वक हिँड्नुभएको हुनाले त्यहाँका स्त्री–पुरुषहरूले उहाँहरूलाई अत्यन्त आनन्दित हुँदै हेरिरहेका थिए। मुख्य मार्गमा यताउता घुमिरहेका अवस्थामा उहाँहरूले कपडामा बुट्टा भर्ने एक धोबीलाई देख्नु भएकाले त्यससँग विभिन्न किसिमका बुट्टा भरिएका अतिसुन्दर कपडा माग्नुभयो। त्यो धोबी कंसको दास थियो। त्यसकारण उसले आफ्नो घरमा चढेर आश्चर्यचकित हुँदै बलराम र परमात्मा श्रीकृष्णको उपेक्षा गर्दै उच्च स्वरमा अनेकौँ किसिमका दुर्वाक्य प्रयोग गर्दै गाली गर्न थाल्यो। त्यसपछि क्रोधित हुनभएका परमात्मा श्रीकृष्णले आफ्नो हत्केलाले हिर्काएर त्यो दुष्ट आत्मा भएको धोबीको सिर पृथ्वीमा खसाइदिनुभयो। यसरी त्यसको वध गरिदिएर बलराम र परमात्मा श्रीकृष्णले उसको पसलमा रहेका विभिन्न प्रकारका कपडा लिएर नीलो र पहेँलो कपडा लगाएर माली (बगैँचे) का घरमा जानुभयो। बलराम र श्रीकृष्णलाई देखेर मालीले आश्चर्यचकित हुँदै मनमा विचार गर्‍यो, यिनीहरू कसका छोरा होलान् र कहाँबाट यहाँ आएका होलान् ? नीलो र पहेँलो कपडा लगाउनुभएका तथा मनमोहक स्वरूप भएका यी बालकलाई देखेर मालीले आफ्नो अन्तरात्मामा यी दुई देवताहरू बालकको स्वरूपमा पृथ्वीमा आएको हुनुपर्दछ भन्ने निश्चय गर्‍यो। ती बालकहरूले फूल माग्दा मालीले आफ्ना दुवै हात पृथ्वीमा राखेर आफ्नो सिरले जमिनलाई स्पर्श गरेर उहाँहरूलाई साष्टाङ्ग प्रणाम गर्‍यो।

त्यसपछि मालीले भन्यो– हजुर परम दयालु हुनुहुन्छ, त्यसैले मेरो घरमा आएर यो घरलाई पवित्र गराइदिनुभयो। म अत्यन्तै भाग्यमानी रहेछु किनकि आज मैले हजुरहरूको पूजा गर्ने अवरस पाएको छु। यसपछि ज्यादै प्रसन्न अनुहार भएको त्यो मालीले उहाँहरूको इच्छाअनुसार यो फूल यो राम्रो छ र त्यो भन्दा पनि यो राम्रो छ, यसरी उहाँहरूलाई लोभ्याउँदै विभिन्न किसिमका

सुन्दर फूलहरू समर्पण गऱ्यो। त्यो मालीले पटकपटक उहाँहरूलाई प्रणाम गरेर सुगन्धित, सुन्दर र निर्मल फूल समर्पण गर्न थाल्यो।

यसपछि श्रीकृष्णले अतिप्रसन्न भएर त्यो मालीलाई वरदान दिँदै भन्नुभयो– मेरो आश्रयमा निवास गर्ने लक्ष्मीले तिमीलाई कहिल्यै पनि परित्याग गर्ने छैनन्। तिम्रो बल र धनमा कहिल्यै पनि कमी आउने छैन तथा जबसम्म सूर्यको अस्तित्व रहन्छ; त्यस समयसम्म तिम्रो वंशको वृद्धि भइरहनेछ। तिमीले आफ्नो जीवन रहँदासम्म विभिन्न किसिमका भोगहरूको उपभोग गरिरहनेछौ तथा अन्त समयमा मेरो कृपाका प्रभावले मेरो स्मरण गर्दै शरीर त्याग गरेर दिव्यलोक प्राप्त गर्नेछौ। तिम्रो मन सधैँ धर्ममा एकाग्रतापूर्वक लाग्नेछ र तिम्रो वंशमा जन्म लिनेहरू दीर्घायु हुनेछन्। जबसम्म सूर्यले पृथ्वीको परक्रमा गरिरहन्छन्, त्यस समयसम्म तिम्रो वंशमा उत्पन्न भएको कुनै पनि व्यक्ति आकस्मिक रोगबाट पीडित हुनेछैन।

पराशरले भन्नुभयो– परमात्मा श्रीकृष्णले मालीलाई यसरी वरदान दिएपछि ऊद्वारा पूजित भएर बलरामसँगै उसको घरबाट निस्किएर जानुभयो। यसरी जाने सिलसिलामा परमात्मा श्रीकृष्णले मथुरानगरीको मुख्य बाटोमा एउटी नवयुवती कुब्जी स्त्री शरीरमा लगाउने ज्यादै सुगन्धित चन्दनको भाँडो लिएर आइरहेकी देख्नुभयो।

श्रीकृष्णले सुमधुर स्वरमा त्यस स्त्रीसँग भन्नुभयो– हे सुन्दरी ! तिमी यो शरीरमा घस्ने सुगन्धित चन्दन कसका लागि लिएर गइरहेकी छ्यौ ?

श्रीकृष्णले यसरी अतिकामुक भावमा सोध्नुभएपछि ती अनुरागिणी कुब्जाले उहाँको दर्शनपछि अनायास रूपमा चित्त आकृष्ट भएकाले कोमल शब्दमा भनिन्– हजुरले मलाई चिन्न सक्नुभएन ? म यो मथुरानगरीमा वक्राका नामले प्रसिद्ध छु। यहाँका राज कंसले मलाई शरीरमा सुगन्धित चन्दन घस्ने (दल्ने) कार्यमा काममा लगाएका छन्। मथुराका राजा कंसले मबाहेक अन्य कसैले पिसेको सुगन्धित चन्दन मन पराउँदैनन्। त्यसैले यस कार्यका लागि म उनकी अत्यन्त कृपापात्र रहेकी छु अर्थात् यस कार्यमा मलाई मात्र लगाउँछन्।

श्रीकृष्णले भन्नुभयो– यसप्रकारको मनमोहक सुगन्धित चन्दन त राजा महाराजका लागि मात्र योग्य हुन्छ, हाम्रो शरीरका लागि योग्य हुने अन्य कुनै

चन्दन छ भने हामीलाई पनि देऊ।

पराशरले भन्नुभयो– श्रीकृष्णका यस्ता कुरा सुनेर कुब्जाले लिनुस् भनिन् तथा उहाँहरू दुवैलाई चन्दनलगायत आदरपूर्वक समर्पण गरिन्। त्यसपछि बलराम र परमात्मा श्रीकृष्ण विभिन्न किसिमको पत्रभङ्ग विधिअनुसार त्यो सुगन्धित चन्दन शरीरमा लगाएर इन्द्रधनुषजस्तै शोभायमान देखिन थाल्नुभयो। त्यसपछि सीधा बनाउने विधिको विषयका ज्ञाता परमात्मा श्रीकृष्णले उनको चिउँडोमा आफ्ना हातको अगाडिका दुई औँला लगाएर ती कुब्जालाई हल्लाउनुभयो तथा ती कुब्जी स्त्रीका खुट्टामा आफ्ना खुट्टाले थिचिदिनुभयो। यसप्रकार परमात्मा श्रीकेशवले उनलाई सीधा शरीर भएकी बनाइदिनुभयो र सीधा भएपछि उनी सबै स्त्रीहरूमध्ये ज्यादै सुन्दर स्त्री भइन्। ती कुब्जोबाट सीधा भएकी स्त्रीले परमात्मा श्रीगोविन्दको कपडा समाएर प्रेमपूर्वक नारीसुलभ हाउभाउ देखाउँदै मिठासपूर्ण वचनमा बोलिन्।

उनले भनिन्–हजुर मेरो घरमा हिँड्नुहोस्।

श्रीकृष्णले भन्नुभयो– ठीक छ, केही दिन पछाडि म तिम्रो घरमा अवश्य आउनेछु भनेर ती स्त्रीलाई बिदा गर्नुभएपछि बलरामका मुखमा हेरेर उच्च स्वर मा हाँस्न थाल्नुभयो।

त्यसपछि पत्रभ विधिअनुसार शरीरमा चन्दन लगाउनुभएका, नीलो र पहेँलो कपडा लगाएर अनेकौँ किसिमका मालाले सुशोभित हुनुभएका बलराम र परमात्मा श्रीकृष्ण धनुष राखिएको घरमा पुग्नुभयो। त्यहाँ यज्ञको सुरक्षा गर्न बसेका सुरक्षाकर्मीहरूसँग यज्ञलाई लक्षित गरेर राखिएको धनुषका विषयमा सोध्नुभयो र उनीहरूले बताइदिएपछि श्रीकृष्णले अचानक त्यो धनुष उठाएर ताँदो चढाउन थाल्नुभयो। त्यस धनुषमा बलपूर्वक ताँदो चढाउनँदाका समयमा त्यो धनुष भाचिँदा त्यसको आवाजले समग्र मथुरानगरी थर्कियो। यसरी धनुष भाँचिएको देखेपछि त्यसको सुरक्षा गर्न बसेका सुरक्षाकर्मीले उहाँहरूमाथि आक्रमण गरे। ती सबै सुरक्षाकर्मीहरूको वध गरिदिएर उहाँहरू दुवै धनुष राखिएको घरबाट बाहिर आउनुभयो। अक्रूर गोकुलबाट मथुरा आइपुगेको खबर पाएर तथा धनुष भाँचिएको कुरा सविस्तार सुनेपछि कंसले आफ्नो अत्यन्तै

नजिकका सेवक चाणूर र मुष्टिकलाई निर्देशन दिने सिलसिलामा भन्यो।

कंसले भन्यो– गोकुलबाट यहाँ दुइटा गोपालकुमार आएका छन्। ती दुवैलाई तिमीहरू दुवैले मल्लयुद्धमा मैरै अगाडि मारिदिनू। किनकि यी दुवै बालक मलाई मृत्युको मुखमा पुऱ्याउनका लागि आएका हुन्। यदि तिमीहरूले कुस्ती खेल्दाका समयमा ती दुवै बालकको वध गरेर मलाई सन्तुष्ट गरायौ भने म तिमीहरूका सबै इच्छा पूरा गरिदिनेछु। तिमीहरूले न्यायपूर्वक वा अन्यायपूर्वक जसरी भए पनि मेरा यी अत्यन्त बलवान् शत्रुहरूलाई निश्चित् रूपमा मारिदेओ, तिनीहरूको मृत्यु भएपछि यो समग्र राज्य तिमीहरू दुवैको आफ्नै धनजस्तो हुनेछ। यसरी कुस्तीका महारथीहरूलाई आदेश दिएर कंसले आफ्नो माहुतेलाई बोलायो र उसलाई आज्ञा दिँदै भन्यो, तिमीले कुवलयापीड नाम भएको मेरो अत्यन्तै उत्तम र बलवान् हात्तीलाई कुस्ती खेल्ने ठाउँमा आउने ढोकामा तयारी अवस्थामा राख्नु तथा जब कुस्ती खेल्नका लागि ती दुइटा बालक भित्र आउँदछन्, त्यस समयमा त्यो हात्तीद्वारा तिनीहरूको विनाश गरिदिनू वा तिनीहरू जीवित रहन नपाऊन्। यसरी त्यसलाई आज्ञा दिएर सबै बस्ने मञ्चहरूको निरीक्षण गरेपछि मृत्युको समय नजिकै आइसकेको त्यो अतिदुराचारी र महापातकी कंस ज्यादै व्यग्रतापूर्वक सूर्योदय हुने समयको प्रतीक्षा गर्न थाल्यो।

बिहानको स्वच्छ र निर्मल सूर्योदय भएपछि नगरका वासिन्दाहरू साधारण मञ्चहरूमा बसे भने आफ्ना सेवकसहित राजाहरू विशेष रूपमा उनीहरूका लागि तयार पारिएको विशेष मञ्चमा बसे। कंसले कुस्ती खेल्ने मैदानको बीच भागमा कुस्तीका निर्णायकहरूलाई बसाएर आफू अतिअग्लो राजसिंहासनमा बस्यो। त्यहाँ राजदरबारको खोपीमा बस्ने स्त्रीहरूका लागि बेग्लै मञ्चको व्यवस्था मिलाइएको थियो भने नगरका स्त्रीहरू तथा नगर वधूहरूका लागि पनि अलग्गै मञ्चको व्यवस्था गरिएको थियो। अन्य केही अलग किसिमबाट बनाइएका मञ्चहरूमा नन्दगोपजस्ता गोकुलबाट त्यहाँ आएका गोपहरू र उनीहरूकै नजिकमा निर्मित मञ्चमा आनकदुन्दुभि वसुदेव र धर्मात्मा अक्रूर बसेका थिए। देवकी पनि अन्त समयमा भए पनि आफ्नो पुत्रको मुख राम्ररी हेरिराखूँ भन्ने मनसायले अभिप्रेरित भएर नगरका स्त्रीहरूका

बीचमा गएर बसेकी थिइन्। त्यहाँ चारैतिर ज्यादै मनमोहक तूर्य नाम भएका बाजाहरू बज्न थाले भने चाणूर उफ्रिएको र मुष्टिकले आफ्ना तिघ्रा ठटाएको देखेर सबै दर्शकहरू हाहाकार गर्न थाले अर्थात् त्यो खेलमैदानमा धेरै जनाको वेदनापूर्ण आवाज गुञ्जन थाल्यो। यस समयमा माहुतेबाट अभिप्रेरित भएको कुवलयापीड नाम भएको हात्तीलाई मारिदिएर त्यस हात्तीका दुवै दाह्रा आफ्ना हातमा लिएर अत्यन्त हर्षित मुद्रामा बलराम र श्रीकृष्ण लीलापूर्वक ती दाह्रा देखाउँदै मृगहरूका बीचमा सिंहका जस्तैगरी त्यस खेलमैदानमा पस्नुभयो।

त्यस समयमा सबै मञ्चहरूबाट आश्चार्यमय किसिमले धेरै जनाको वेदनापूर्ण आवाज निस्कन थाल्यो भने त्यहाँ उपस्थित भएका सबै दर्शहरूबाट यिनै कृष्ण र यिनै बलराम हुन् भन्ने आवाज निस्कन थाल्यो। जसले पूतना नाम भएकी राक्षसीको वध गर्नुभएको थियो, आफ्नो खुट्टाको बूढीऔँलाले गाडा पर फ्याँकिदिनुभएको थियो, जसले यमलार्जुनको रूख जरासहित उखेलिदिनुभएको थियो, त्यो सबै कार्य गर्ने श्रीकृष्ण उहाँ नै हुनुहुन्छ। जसले बाल्यावस्थामा नै अत्यन्तै विषालु कालियनागको फणामा चढेर नाच्नुभएको थियो, जसले आफ्नो हातको एउटा औँलाले सात रात्रिसम्म गोवर्धन नाम भएको पर्वत थेग्नुभएको थियो, उहाँ श्रीकृष्ण यहाँ नै हुनुहुन्छ। जुन परमात्माले अत्यन्तै दुष्ट स्वभाव भएका अरिष्टासुर, धेनुकासुर र केशीको वध गर्नुभएको थियो, उहाँ साक्षात् परमात्मा आज यहाँ हाम्रो अगाडि आउनुभएको छ, सबैले उहाँ अच्युतको दर्शन गरौँ। उहाँका अगाडि जुन आकर्षक पुरुष रहनुभएको छ, उहाँ श्रीकृष्णका दाजु बलराम हुनुहुन्छ; जसले तरुनी स्त्रीहरूको मन र आँखालाई ज्यादै आनन्दित बनाइदिनुहुन्छ। पुराणहरूका ज्ञाता विद्वान्का अनुसार श्रीकृष्णले विनाश हुनै लागेका वंशलाई जीवित राखिदिनुहुनेछ। उहाँ श्रीकृष्ण सबै प्राणीका हृदयमा अवस्थित र सबैको कारणस्वरूप परमात्मा श्रीविष्णुको अंश हुनुहुन्छ भने उहाँले पृथ्वीको भार हरण गर्नका लागि मर्त्यलोकमा अवतार लिनुभएको हो।

जुन समयमा मथुराका वासिन्दाहरू बलराम र परमात्मा श्रीकृष्णका विषयमा यसरी कुराकानी गरिरहेका थिए, त्यस समयमा स्नेहका कारणले गर्दा देवकीका स्तनबाट दूध खस्न थालेकाले उनको हृदय अत्यन्तै चिन्तित भयो।

आफ्ना पुत्रहरूको मुख देखेपछि ज्यादै आनन्दित भएका वसुदेव वृद्धावस्था परित्याग गरेर फेरि नवयुवकजस्तै भए। राजमहलको खोपीमा सधैँ बस्ने स्त्रीहरू र मथुरानगरीका महिलाहरू उहाँलाई आँखा नझिम्क्याइकन एकाग्रतापूर्वक हेरिरहे तापनि यथार्थ रूपमा सन्तुष्ट भएनन्।

उनीहरू एकआपसमा भन्न थाले– रातो वर्णका आँखा हुनुभएका परमात्मा श्रीकृष्णको मनमोहक मुखमा हेर, उहाँको त्यो मुखले कुवलयापीड नाम भएको हात्तीसँग युद्ध गर्दाको परिश्रमबाट उत्पन्न भएको पसिनाको थोपाले सजिएर हिउँहरूको कणबाट अभिसिञ्चित शरद् ऋतुमा राम्ररी फक्रिएको कमललाई पनि लज्जित बनाइरहेको छ। उहाँको दर्शन गरेर आफ्ना आँखाहरूलाई सफल पार्ने अवसर नगुमाऔँ। यस बालकको यो श्रीवत्साङ्कसम्पन्न तेजस्वी छाती र शत्रुहरूलाई पराजित गर्ने पाखुरा पनि हेर।

अर्की स्त्रीले भनिन्– के तिमीले नीलो कपडा लगाउनुभएको तथा दूध, चन्द्रमा र कमलको नालजस्तै सेतो वर्ण हुनुभएका बलराम आइरहनुभएको देखेकी छैनौ ?

तेस्री स्त्रीले भनिन्– हेर सङ्गिनीहरू ! कुस्तीको मैदानमा चक्कर लगाएर घुमिरहेका चाणूर र मुष्टिकसँग कुस्ती खेल्दै बलराम र श्रीकृष्ण कस्तोसँग हाँसिरहनुभएको छ हेर त।

चौथी स्त्रीले भनिन्– ओहो सङ्गिनीहरू ! हेर त, चाणूरसँग कुस्ती खेल्न परमात्मा श्रीहरि अगाडि आइरहनुभएको छ। आहा ! यिनीहरूलाई छुट्याउने कोही वृद्ध यस सभामा रहेका छैनन् ? कहाँ भर्खरै यौवनावस्थामा प्रवेश गर्न लागेको सुकोमल शरीर भएका परमात्मा श्रीकृष्ण र कहाँ वज्रका समान कठोर शरीर भएको यो शक्तिशाली दैत्य !। यिनीहरू दुवैका बीचमा कुस्ती हुन उपयुक्त छैन। किनकि यी दुवै व्यक्ति सुन्दर र नवयौवन हुनुहुन्छ तथा यो कुस्तीको मैदानमा यी चाणूरजस्ता दैत्य कुस्तीका खेलाडी अतिभयानक रहेका छन्। यो कुस्तीको आयोजना, व्यवस्थापन तथा मूल्याङ्कन गर्नेले अन्याय गरिरहेका छन्। जसले मूल्याङ्कनकर्ता भएर पनि कसरी बालक र बलवान्का बीचमा हुने यो कुस्तीलाई नदेखेजस्तो गरिरहेका छन्।

पराशरले भन्नुभयो– मथुरानगरीका स्त्रीहरूले एकआपसमा यसरी कुराकानी गरिरहेका समयमा परमात्मा श्रीकृष्ण आफ्नो कम्मरलाई बलियोसँग बाँधेर दर्शकहरूका बीचमा पृथ्वीलाई हल्लाउँदै बहादुरीपूर्वक कुस्तीको मैदानतिर दौडनुभयो भने बलराम पनि आफ्ना हात ठोक्दै उफ्रिनुभयो। उहाँका पाइला पाइलामा पृथ्वी चिरा पर्नु अत्यधिक आश्चार्यको विषय हो। परमात्मा श्रीकृष्ण चाणूरसँग कुस्ती खेल्न थाल्नुभयो तथा कुस्तीमा अतिसिपालु मुष्टिक पनि बलरामसँग कुस्ती खेल्न थाल्यो अर्थात् दुवै पक्षका बीचमा अत्यन्तै भयानक युद्ध आरम्भ भयो। परमात्मा श्रीकृष्णले एकापसमा भिडेर, अलग भएर, जमिनमा पछारेर, उफ्रिएर, मुड्की र वज्रका समान कुइनाले हिर्काएर, खुट्टाले हिर्काएर तथा एकअर्काको अङ्गलाई परस्परमा घोटेर कुस्ती खेल्न आरम्भ गर्नुभयो। यसरी श्रीकृष्ण र चाणूरका बीचमा धेरै डरलाग्दो कुस्ती अरम्भ भयो। यो सामाजिक उत्सवका अवसरमा केवल प्राणशक्ति र बलसम्पन्न उहाँहरू दुवैका बीचको कुस्ती भयानक र कठोर भए तापनि शस्त्रविनाको युद्ध भयो। चाणूरले जतिजति परमात्मा श्रीकृष्णसँग कुस्ती खेल्दथ्यो, त्यतित्यति नै उसको प्राणशक्ति सिलसिलाबद्ध रूपमा क्षीण हुँदै गयो अथवा ऊ कमजोर हुँदै गयो। श्रीकृष्ण पनि अत्यन्तै परिश्रम र क्रोधका कारणले गर्दा आफ्नो सिरमा लगाएको कल्कीलाई कमाउँदै लीलापूर्वक चाणूरसँग कुस्ती खेल्न थाल्नुभयो। यस कुस्तीमा चाणूरको बल विनाश हुँदै गएको र परमात्मा श्रीकृष्णको बलमा अत्यधिक मात्रामा वृद्धि भइरहेको देखेर अतिक्रोधित भएको कंसले त्यहाँ बजिरहेका सबै बाजाहरू बन्द गराइदियो। यसरी कुस्ती भइरहेको मैदानमा बजिरहेका मृदङ्ग र तुरही बाजा बन्द भएपछि आकाशबाट अनेकौँ प्रकारका तुरही बाजा एकैपटक बज्न थाले।

देवताहरूले हर्षविभोर हुँदै अदृश्य भावमा भन्न थाले– हे गोविन्द ! तपाईंको जय होस्। हे केशव ! हजुरले चाँडै यो चाणूर नाम भएको दानवलाई मारिदिनुहोस्।

श्रीकृष्णले लामो समयसम्म चाणूरका अगाडि लिलामात्र गरिरहनुभयो। त्यसपछि त्यसको वध गर्ने लक्ष्यले पूर्ण रूपमा तयार भएर चाणूरलाई उचालेर

घुमाउनुभयो। श्रीकृष्णले त्यो दैत्य मल्ललाई सयौँपटक घुमाइदिनुभएकाले त्यो आकाशमा नै निर्जीव भइसकेको थियो तर त्यसलाई पृथ्वीमा पछारिदिनुभयो। परमात्मा श्रीकृष्णले जमिनमा पछारिदिनुभएपछि चाणूरको शरीर सैकडौँ टुक्रा भयो। त्यस समयमा उसको शरीरबाट निस्किएको रगतले समग्र पृथ्वी हिलाम्य भएको थियो। जसरी परमात्मा श्रीकृष्णले चाणूरसँग कुस्ती खेल्नु भएको थियो, त्यसरी नै बलरामले पनि मुष्टिकसँग कुस्ती खेल्न थाल्नुभएको थियो। बलरामले पनि उसको टाउकोमा मुड्कीले र छातीमा लात्तीले प्रहार गर्नुभएर उसलाई पृथ्वीमा पछारिदिएर त्यसलाई यसरी दल्नुभयो, जसले गर्दा उसको तत्कालै त्यहीँ मृत्यु भयो। परमात्मा श्रीकृष्णले अत्यन्तै शक्तिशाली कुस्तीको खेलाडी तोशलकलाई बायाँ हातको मुड्कीले हानेर त्यसलाई पूर्ण रूपमा बेहोस बनाइदिनु भयो। ती वरिष्ठ कुस्ती खेलाडी चाणूर, मुष्टिक र तोशलको वध भएको देखेपछि त्यहाँ उपस्थित भएका अन्य सबै किसिमका कुस्तीका खेलाडी कुस्तीको मैदान छाडेर त्यहाँबाट भागे। श्रीकृष्ण र बलराम आफ्ना समकक्षी गोपकुमारहरूलाई आफूतिर तानेर उनीहरूसँग आलिङ्गन गर्दै अत्यन्तै हर्षविभोर वा आनन्दित हुनुभयो।

त्यसपछि कंसले रीसले आँखा राताराता पार्दै भन्यो– यस समाजबाट यी दुवै बालगोपालहरूलाई बलपूर्वक बाहिर निकालिदेओ। यस पापी नन्दलाई फलामको सिक्रीले बाँधिदेओ तथा यहाँ उपस्थित भएका सबै वृद्ध पुरुषहरूको अपमान गर्दै आपत्तिजनक यातना दिएर यो वयोवृद्ध वसुदेवको हत्या गरिदिनू तथा मेरो अगाडि कृष्णसँग यी जति पनि गोपकुमारहरू उफ्रिरहेका छन्, यी सबैको हत्या गरिदिएर यिनीहरूका गाईहरू अथवा अन्य जेजति धनसम्पत्ति छ; त्यो सबै अपहरण गरेर ल्याओ।

जुन समयमा त्यो दुराचारी कंसले यसप्रकारको आज्ञा दिइरहेको थियो, त्यसै समयमा परमात्मा श्रीमधुसूदन हाँस्दै उफ्रिएर मञ्चमा चढेर शीघ्रतापूर्वक त्यसलाई समाउनुभयो। परमात्मा श्रीकृष्णले त्यो पापी कंसलाई कपालमा समाएर तानेर पृथ्वीमा फ्याँकिदिनुभयो तथा त्यसमाथि आफू पनि हामफाल्नुभयो। यस समयमा उसले शिरमा लगाएको मुकुट भुइँमा खसिसकेको थियो। श्रीकृष्ण उफ्रिएर ऊ माथि चढ्नुभएपछि तत्कालै उग्रसेनको पुत्र कंसले आफ्नो प्राण त्याग

गऱ्यो। त्यसपछि श्रीकृष्णले त्यो मृतक कंसको कपालमा समाएर त्यसको मृत शरीरलाई कुस्ती खेलको मैदानमा तान्न थाल्नुभयो। त्यो दुराचारी कंसको मृत शरीर अत्यन्तै गह्रुँगो थियो। त्यसकारण त्यसलाई घिसार्दाका समयमा भयानक रूपमा पानी पर्दाका अवस्थामा बनेको खोल्सो जस्तै पृथ्वीमा एउटा खोल्सो बन्यो। परब्रह्म परमात्मा श्रीकृष्णले कंसलाई यसरी समाउनुभएपछि उसको भाइ सुमालीले अत्यन्तै आक्रोशित भएर आक्रमण गऱ्यो, तर बलरामले त्यसको सहज रूपमा वध गरिदिनुभयो। यसप्रकार ज्यादै अपमानजनक किसिमले मथुरा नरेश कंसको मृत्यु भएको देखेपछि त्यो कुस्तीको मैदानमा उपस्थित भएका सबै नगरबासीहरूमा कोलाहल मच्चियो अर्थात् उनीहरू धेरै आत्तिएर हाहाकार गर्न थाले। त्यसपछि परब्रह्म परमात्मा श्रीकृष्ण र बलरामले देवकी र आनकदुन्दुभि वसुदेवको नजिकमा गएर उहाँहरूका चरण समाउनुभयो। त्यस समयमा परब्रह्म परमात्मा श्रीकृष्णले जन्म लिंदाका समयमा बताउनुभएको कुरालाई स्मरण गरेर आनकदुन्दुभि वसुदेव र देवकी भगवान् श्रीकृष्णलाई पृथ्वीबाट उठाएर उहाँका अगाडि अत्यन्त नम्रतापूर्वक उभिएर यसो भने।

वसुदेवले भने— अब तपाईं हामीसँग प्रसन्न भइदिनुहोस्। तपाईंले अतिदुःखी र पीडित भएका देवताहरूलाई जुन वरदान दिनुभएको थियो, त्यो आज हामीमाथि कृपा गरेर पूर्ण गरिदिनुभयो। हजुले मद्वारा गरिएको आराधनालाई स्वीकार गरिदिनु भएर दुराचारीहरूको विनाश गर्नका लागि जुन मेरो घरमा जन्म ग्रहण गर्नुभयो, त्यसको प्रभावले गर्दा मेरा कुल अत्यन्तै पवित्र भयो। हजुर सम्पूर्ण प्राणीमात्रका हृदयमा विराजमान हुनुहुन्छ। भूत र भविष्य पनि हजुरबाटै प्रवृत्त हुन्छन्। सबै किसिमका यज्ञहरूबाट हजुरकै उपासना गरिन्छ तथा हजुर नै यज्ञ गर्नेहरूको यज्ञ गराउने पुरुष र यज्ञस्वरूप हुनुहुन्छ। हजुर समग्र जगत्को उमस्थल हुनुहुन्छ। हजुरसँग पुत्रको प्रेमभाव राखेका कारणले मेरो र देवकीको अन्तरात्मामा जुन किसिमको भ्रम उत्पन्न भएको छ, त्यो ज्यादै असम्भव विषयवस्तु हो। हजुर प्राणीमात्रको उत्पत्तिकर्ता, आदि र अन्तरहित हुनुहुन्छ, कहाँ हजुर, तथा कहाँ हजुरलाई आफ्नो पुत्र भनेर सम्बोधन गर्ने मेरो जिभ्रोको सामर्थ्य ? यो कहिल्यै सम्भव हुन सक्दैन। जुन हजुरबाट यो सम्पूर्ण

जगत् उत्पन्न भएको छ, त्यही हजुर हाम्रो घरमा पुत्रका रूपमा उत्पन्न हुनुभयो, यो मायाशक्तिको प्रभाव नभएर अरू के हुन सक्दछ र ? जुन परमात्माको एउटा अत्यन्तै सानो अंशमा यो समग्र स्थावर र ज म जगत् अवस्थित रहेको छ, उहाँ परमात्मा गर्भाशयमा र काखमा सुत्ने मनुष्य कसरी हुन सक्नुहुन्छ ? यो असम्भव छ। हजुर मसँग प्रसन्न भइदिनुहोस् र आफ्नो अंशावतारबाट सम्पूर्ण संसारको पालनपोषण गर्नुहोस्। हजुर मेरो पुत्र होइन। ब्रह्मादेखि भुसुनासम्म यो सम्पूर्ण संसार हजुरबाटै उत्पन्न भएको हो। त्यसकारण हजुरले हामीलाई किन आफ्नो योगमायाको प्रभावमा पारिरहनुभएको छ ? तपाईं मेरो पुत्र हुनुहुन्छ भन्ने सम्झिएर मायाको नियन्त्रणमा परेका कारणले म कंसदेखि अत्यन्तै भयभीत भएको थिएँ। त्यही भयबाट चिन्तित भएर मैले हजुरलाई गोकुलमा पुऱ्याएको थिएँ। तपाईं त्यहीँ बसेर यो उमेरको हुनुभयो। त्यसकारण अब मेरो तपाईंमा रहेको ममत्वबुद्धि पूर्ण रूपमा नष्ट भइसकेको छ अर्थात् अब म तपाईंलाई आफ्नो पुत्र नभएर परब्रह्म परमात्मा मात्र स्वीकार गर्दछु। रुद्र, वायु र इन्द्रजस्ता देवताहरूले जुन कार्य सम्पन्न गर्न सक्दैनन्, त्यो कार्य हजुरले गरेर देखाइदिनुभयो, यो मैले प्रत्यक्ष रूपमा देख्ने अवसर पाएँ। हजुरले समग्र जगत्को कल्याणका लागि श्रीविष्णुको अंशबाट अवतार लिनुभएको हो। मलाई यस कुराको यथार्थ ज्ञान भइसक्यो, यसैले मेरो अन्तरात्मामा रहेको मोह पूर्ण रूपमा नष्ट भयो।

पराशरले भन्नुभयो–आफ्ना आश्चर्यजनक र अलौकिक कर्म देखेर आकदुन्दुभि वसुदेव र देवकीलाई तत्त्वज्ञान प्राप्त भइसकेको बुझेपछि परब्रह्म परमात्मा श्रीकृष्णले यदुवंशीहरूलाई मोहित बनाउनका लागि आफ्नो वैष्णवी माया फैलाइदिनुभयो।

त्यसपछि परमात्मा श्रीकृष्णले भन्नुभयो– म र बलराम हामी दुवै कंसबाट अत्यन्तै भयभीत हुँदै लुकिरहनु परेकाले हजुरहरूको दर्शन गर्न धेरै दिनदेखि अत्यन्त उत्सुक भएका थियौँ, तर आजमात्र हजुरहरूको दर्शन गर्ने अवसर प्राप्त भयो। सज्जन पुरुषहरूको जुन समयमा आफ्ना मातापिताको सेवा वा पूजा नगरी बित्छ, त्यस पुरुषको आयुको त्यो अवधिको आयुको कुनै अर्थ रहँदैन। गुरु, ब्राह्मण, देवता र मातापिताको पूजा वा सेवा गरिरहनाले मात्र शरीर

धारीहरूको जीवन सफल हुन्छ अथवा उसको जन्म सफल हुन्छ। त्यसकारण कंसको पराक्रम र प्रसिद्धिका कारणले गर्दा भयभीत भएर अर्काका अधीनमा रहेका हामीबाट जेजस्तो अपराध भएको छ, त्यो क्षमा गरिदिनुहोला।

पराशरले भन्नुभयो— बलराम र परमात्मा श्रीकृष्णले आफ्ना मातापितालाई प्राणम गरेपछि सिलसिलाबद्ध रूपमा सबै यदुवंशी वृद्धहरूलाई यथायोग्य अभिवादन गर्दै नगरवासीहरूको पनि सम्मान गर्नुभयो। त्यो दुराचारी कंसका पत्नीहरू र माताहरू पृथ्वीमा लडिरहेका मृतक कंसको शरीरलाई घेरेर दुःखले शोकाकुल हुँदै अलापविलाप गर्न थाले। परमात्मा श्रीकृष्णले पनि अत्यन्त पश्चाताप गर्दै व्याकुल भएर स्वयंले पनि अश्रुपूर्ण आँखा पार्दै उनीहरूलाई सम्झाउनुभयो। परमात्मा श्रीकृष्णबाट राज्याभिषेक सम्पन्न भएपछि यदुश्रेष्ठ उग्रसेनले आफ्नु पुत्र कंस र त्यहाँ मारिएका सबै मनुष्यहरूको अन्तिम संस्कार सम्पन्न गरे। यसरी अन्तिम संस्कार सम्पन्न भएपछि राजसिंहासनमा विराजमान भएका राजा उग्रसेनसँग परमात्मा श्रीहरिले भन्नुभयो।

श्रीकृष्णले भन्नुभयो— मैले गर्नसक्ने किसिमको जुन सेवा छ, त्यो निःशङ्कोचतापूर्वक मलाई बताइदिनुहोस्। यद्यपि ययातिले दिएको श्रापका कारणले गर्दा हाम्रो वंश राज्यको उत्तराधिकारी हुन सक्दैन; तथापि म सेवक उपस्थित रहँदासम्म राजाहरूको त कुरै नगरौँ, हजुरमा राजाहरूलाई मात्र नभएर देवताहरूलाई पनि आज्ञा दिने सामर्थ्य रहेको छ।

पराशरले भन्नुभयो—त्यसपछि संसारमा धर्मको स्थापना गराउनका लागि मनुष्य शरीर धारण गर्नुभएका परमात्मा श्रीकृष्णले वायुको स्मरण गर्नु भएकाले वायु तत्कालै त्यहाँ आए।

श्रीकृष्णले वायुसँग भन्नुभयो—तिमीले इन्द्रका नजिकमा गएर भन कि तिमीले घमण्ड नगरी आफ्नो सुधर्मा नाम भएको सभारूपी रत्न राजा उग्रसेनलाई देऊ। परमात्मा श्रीकृष्णको आज्ञानुसार यो सुधर्मा सभा नाम भएको अतिसर्वोत्तम रत्न राजाहरूका लागि योग्य छ, यसैले यसमा यादवहरू विराजमान हुन अत्यन्त उचित हुन्छ।

पराशरले भन्नुभयो— परमात्मा श्रीकृष्णले यसप्रकारको आज्ञा

दिनुभएपछि वायुले इन्द्रका जनिकमा गएर यी सबै कुरा बताइदिए र इन्द्रले पनि तत्कालै आफ्नो सुधर्मा नामा भएको सभा वायुलाई दिए। यसरी सबै यादवहरूले यदुवंशका सोंत्कृष्ट परमात्मा श्रीकृष्णको आश्रयमा रहेर वायुले ल्याइएको त्यो सर्वरत्नसम्पन्न दिव्य सभा उपभोग गर्न थाले।

त्यसपछि समग्र ज्ञान विज्ञानमा पार त अर्थात् ज्यादै सिपालु र सर्वज्ञानसम्पन्न भए तापनि वीरपुरुष श्रीकृष्ण र बलराम गुरुशिष्यको सम्बन्ध स्थापित गर्न र यो परम्परालाई सुरक्षित राख्नका लागि काशीमा उत्पन्न भएर अवन्तिपुरमा बसेका सान्दीपनी मुनिको आश्रममा जानुभयो। बलराम र परमात्मा श्रीकृष्णले अवन्तिपुरीमा गएर सान्दीपनी मुनिको शिष्यत्व स्वीकार गर्नुभयो अथवा उनको शिष्य (चेलो) बन्नुभयो र गुरुप्रति आदरणीय व्यवहार गरेर समग्र जगत्का मनुष्यहरूलाई आचरणको शिक्षा दिन थाल्नुभयो। यो ज्यादै आश्चर्यमय कुरा भयो, जसमा उहाँहरू दुवैले मात्र चौसठी दिनमा अस्त्रमन्त्रोपनिषद् र अस्त्रप्रयोगसहित समग्र धनुर्वेदको अध्ययन गरिसक्नुभयो। सान्दीपनि मुनिले उहाँहरूको यसप्रकारको अलौकिक र असम्भव कार्य देखेपछि उनले चन्द्रमा र सूर्य शिष्यको स्वरूपमा आफ्नो आश्रममा आउनुभएको रहेछ भन्ने निश्चय गरे। उहाँहरू दवैले गुरुद्वारा प्राप्त भएको उपदेशको आधारमा मात्र अथवा सुनेर मात्र सबै किसिमका अस्त्रहरूको शिक्षा हासिल गरिसकेपछि आफ्ना गुरु सान्दीपनि मुनिसँग भन्नुभयो।

श्रीकृष्णले भन्नुभयो– हामीबाट गुरुदक्षिणा स्वरूप हजुरलाई जे प्राप्त गर्ने कामना छ, त्यो बताइदिनुहोस्। सान्दीपनि मुनिले उहाँहरूको अलौकिक कर्मलाई ध्यानमा राख्दै उहाँहरूसँग गुरुदक्षिणास्वरूप प्रभास क्षेत्रको नुनको समुद्रमा डुबेर मरेको आफ्नो पुत्र माग्नुभयो। त्यसपछि जब उहाँहरू अस्त्र-शास्त्र उठाएर समुद्रका किनारमा पुग्नुभयो, त्यस समयमा समुद्रले अर्घ्य लिएर उहांहरूका नजिकमा आएर भने।

समुद्रले भने– सान्दीपनि मुनिका पुत्रलाई अपहरण गरेको छैन अर्थात् उनलाई मैले तानेको होइन। शङ्खको स्वरूप धारण गरेको पञ्चजन नामको दैत्य मेरो पानीमा बस्ने गर्दछ, त्यसैले ती बालकलाई आफ्नो नियन्त्रणमा दिएको छ।

पराशरले भन्नुभयो– समुद्रका यसप्रकारका कुरा सुनेपछि परमात्मा श्रीकृष्णले पानीभित्र पसेर त्यो पञ्चजन नाम भएको दैत्यको वध गर्नुभयो र त्यसको हड्डीहरूबाट उत्पन्न भएको पाञ्चजन्य नाम भएको शङ्ख आफूले स्वीकार गर्नुभयो। यो उत्तम शङ्खबाट निस्किएको आवाजले दैत्यहरूको बलमा ह्रास ल्याउँदछ भने देवताहरूको तेज बढाउँछ र अधर्मको विनाश हुन्छ। त्यो अत्यन्तै महत्त्वपूर्ण तथा अलौकिक पाञ्चजन्य नाम भएको शङ्ख बजाउँदै परमात्मा श्रीकृष्ण र बलराम यमलोक पुग्नुभयो र सूर्यपुत्र यममाथि विजय प्राप्त गर्नुभयो। श्रीकृष्ण र बलरामले यमराजको यातना गरिरहेका ती बालकलाई पहिलेको जस्तै शरीर भएको बनाइदिनुभएर गुरुदक्षिणास्वरूप सान्दीपनी मुनिलाई दिएर बलराम र परमात्मा श्रीकृष्ण उग्रसेनद्वारा पालनपोषण गरिएको मथुरा नगरीमा आउनुभयो। त्यस समयमा उहाँहरूलाई देखेर मथुराका बासिन्दा ज्यादै प्रसन्न भए।

कंसले जरासन्धकी छोरीहरू अस्ति र प्राप्तिसँग विवाह गरेको हुनाले मगधदेशको राजा जरासन्ध ती दुवैका पतिको हत्या गर्ने परमात्मा श्रीकृष्ण र समग्र यादववंशको विनाश गरिदिने अभिलाषा लिएर ठूलो सैन्यबलसहित मथुरामा आक्रमण गर्न तयार भएर आयो। त्यसले तेइस अक्षौहिणी अर्थात् १०९३५० पैदल सिपाही, ६५६१० घोडा, २१८७० रथ र २१८७० हात्ती भएको चतुरङ्गिणी सेनासहित आएर मथुरालाई चारैतिरबाट नाकाबन्दी गऱ्यो अथवा घेऱ्यो। त्यस समयमा बलराम र परमात्मा श्रीकृष्ण अत्यन्तै थोरै सेनासहित मथुरा नगरभन्दा बाहिर निस्किएर जरासन्धका सैनिकहरूसँग युद्ध गर्न थाल्नुभयो। परमात्मा श्रीकृष्ण र बलरामले आफ्ना प्राचीन शस्त्रहरूको स्मरण गर्नुभयो। परमात्मा श्रीहरिले स्परण गर्नुभएपछि तत्कालै उहाँको शार्ङ्ग नाम भएको धनुष, अक्षय बाणसम्पन्न दुइटा ठोक्रा र कौमोदकी नाम भएको गदा आकाशमार्गबाट आएर उहाँको नजिकमा दाखिल भए। बलरामसँग पनि उहाँको मनोकामनाअनुसारको अतिभयानक हलो र सुनन्द नाम भएको मुसल आकाशमार्गबाट उहाँको छेउमा आए। बलराम श्रीकृष्ण मगध देशको राजा जरासन्धलाई युद्धमा पराजित गरेर आफ्ना सैनिकसहित फर्किएर मथुरा नगरीमा आउनुभयो। त्यो अत्यन्त दुराचारी जरासन्धमाथि विजय प्राप्त भएपनि ऊ जीवितावस्थामा फर्किन सफल भएकाले

परमात्मा श्रीकृष्णले त्यसलाई पराजित भएको स्वीकार गर्नुभएन । केही समयपछि त्यो दुराचारी जरासन्ध फेरि पहिलेकै जति सैन्यबल सथमा लिएर मथुरामा आक्रमण गर्न आयो। त्यस समयमा पनि बलराम र श्रीकृष्णसँग पराजित भएर भाग्यो । त्यो अत्यन्तै दुराचारी र अहङ्कारी जरासन्धले यस किसिमले मथुरा निवासी यदुवंशीहरूसँग अठार पटकसम्म युद्ध गऱ्यो। तर यी सबै युद्धमा अत्यधिक मात्रामा धेरै सैन्यबल भएको जरासन्ध अतिथोरै सैन्यबल भएका यदुवंशीहरूको सेनाबाट पराजित भएर भागेर गइहाल्दथ्यो। यादवंशीहरूको सेना थोरैमात्र भए तापनि जरासन्धको विशाल सेनासँग कहिल्यै पराजित हुँदैनथ्यो। यसमा केवल सुदर्शन चक्र धारण गर्नुहुने परमात्मा श्रीविष्णुको अंशावतार परमात्मा श्रीकृष्णको सामीप्यताको महत्त्व रहेको थियो। यो मनुष्यधर्मको पालना गरिरहनुभएका उहाँ समग्र जगत्का अधिपतिको लीला हो, जसमा उहाँले आफ्ना शत्रुहरूमाथि अनेकौँ प्रकारका दिव्य शस्त्रहरूको प्रहार गर्नुहुन्छ। जुन परमात्माले आफ्नो सङ्कल्पमात्रबाटै यो सम्पूर्ण संसारको उत्पत्ति र विनाश गरिदिनुहुन्छ, उहाँलाई आफ्ना शत्रुहरूको विनाश गर्नका लागि अन्य कुनै किसिमका प्रयास गरिरहनुको कुनै औचित्य छैन। तथापि उहाँले अत्यन्तै बलवान्हरूसँग सन्धि वा सम्झौता र कम शक्ति भएकाहरूसँग युद्ध गरेर मनुष्य धर्म पालना गरिरहनुभएको छ। उहाँले कसैमाथि साम, सकैमाथि भेद र कसैमाथि दामनीतिको अवलम्बन गर्नुहुन्छ भने कसैमाथि दण्डनीतिको प्रयोग पनि गर्नुहुन्छ तथा कहिले-कहिले आफू पनि भागिदिनुहुन्छ। यसरी मनुष्य शरीर धारण गर्नेहरूको व्यावहारिक पक्षको अनुसरण गर्नुहुँदै परब्रह्म परमात्माका अनेकौँ लीला भइरहेका हुन्छन्।

एक समय यादवहरूको सभामा गार्ग्यको सालाले उनलाई नपुंसक भनेकाले यदुवंशीहरू हाँस्न थाले । यसबाट अत्यन्तै क्रोधित भएका गार्ग्य ऋषिले दक्षिणी समुद्रका किनारमा गएर सबै यादववंशीहरूलाई भयभीत गराउने सामर्थ्य भएको पुत्र प्राप्तिको लक्ष्य लिएर कठोर तपस्या गर्न थाले । उनले श्रीमहादेवको उपासनामा यथार्थ रूपमा लीन हुँदै फलामको धूलो खाए। यसरी बाह्र वर्ष बिताएपछि प्रसन्न हुनुभएका श्रीमहादेवले उनलाई मनोकामनाअनुसारको वरदान दिनुभयो । एक पुत्रविहीन यवनराजले महर्षि गार्ग्यको तत्परतापूर्वक

सेवा गरेर उनलाई प्रसन्न गराए तथा उसको सेवाबाट अतिप्रसन्न भएर गार्ग्यले यवनराजकी पत्नीसँग सहवास गरेकाले अ ारजस्तै कालो वर्ण भएको एउटा पुत्र उत्पन्न भयो। ती यवनराजले वज्रजस्तो कठोर छाती भएको आफ्नो कालयवन नाम भएको त्यो पुत्रलाई राजाको पदमा राज्याभिषेक गरिदिएर आफू तपस्या गर्नका लागि भयानक वनमा गए। त्यो आफ्नो पराक्रममा धेरै गर्व गरेर उन्मत्त भएको कालयवनले देवर्षि नारदसँग पृथ्वीमा रहेका अत्यधिक बलशाली राजाहरूका विषयमा सोध्यो। नारदले पनि उसलाई यादवहरू मात्र बलशाली रहेको बताइदिए।

देवर्षि नारदको यसप्रकारको कुरा सुनेपछि त्यो कालयवनले हजारौं हात्ती, घोडा र रथहरूले परिपूर्ण भएको करोडौं म्लेच्छ सेना जम्मा गरेर युद्धको तयारी गर्‍यो तथा यादवहरूसँग अत्यधिक क्रोधित भएको त्यो कालयवन यात्राका समयमा बाटामा हात्ती तथा घोडाहरू अत्यन्त थकित भएपछि यसै समयमा अन्य वाहनहरूमा सवार भएर प्रतिदिन विश्राम नगरी हिँड्दाहिँड्दा मथुरापुरीमा पुग्यो। एकातिर जरासन्धको आक्रमण र अर्कोतिर कालयवनले आक्रमण गरेको देखेर परमात्मा श्रीकृष्णले चिन्तन गर्नुभयो– कालयवनसँग युद्ध गर्नाले क्षीण भएको यादव सेना अवश्य पनि जरासन्धसँग पराजित हुनेछ तथा यदि पहिला मगधदेशको राजासँग युद्ध गरियो भने त्यसबाट क्षीण भएको यादव सेनालाई कालयवनले पूर्ण रूपमा नष्ट गरिदिनेछ।

यसरी एकै समयमा यादवहरू दुईतिरको चपेटामा परे। त्यसकारण म यादवहरूका लागि यस्तो किसिमको किल्ला बनाउँछु, जहाँ बसेर यदुवीरहरूको कुरै नगरौं यादवका स्त्रीहरूले पनि सहज रूपमा युद्ध गर्न सकनेछन्। त्यस किल्लामा बसेपछि यदि म असावधान भएँ, निदाएँ अथावा कतै बाहिर गएको अवस्था भए पनि त्यस अवस्थामा पनि दुष्ट शत्रुहरूले यादवहरूलाई पराजित गराउन नसकून्। परमात्मा श्रीगोविन्दले यसरी चिन्तन गरेर महासागरसँग बाह्र योजन जमिन मागेर त्यस स्थानमा द्वारका नाम भएको अत्यन्तै सुन्दर नगर निर्माण गर्नुभयो। जुन द्वारकापुरी इन्द्रको अमरावती जस्तै ठूलाठूला बगैंचाहरू, चारैतिर अग्लो, बीचमा गहिरो भएको खाडल, सैकडौं तलाउहरू र अनेकौं महल

र घरहरूले सजिएको थियो।

त्यो कालयवन अत्यन्त नजिकमा आएपछि परब्रह्म परमात्मा श्रीजनार्दनले मथुराका वासिन्दाहरूलाई लिएर द्वारकामा आउनुभयो र फेरि आफूमात्र मथुरामा फर्कनुभयो। जब कालयवनको सेनाले मथुरालाई चारैतिरबाट घेराबन्दीमा पारे, त्यस समयमा परब्रह्म परमात्मा श्रीकृष्ण। अस्त्रशस्त्र परित्याग गरेर मथुराबाट बाहिर निस्किनुभयो। यसरी उहाँ निस्किनुभएको कालयवनले देख्यो। महात्मा योगीहरूको अन्तरात्माले पनि प्राप्त गर्न नसकिनुहुने र आफ्नो हातरूपी शस्त्रसम्पन्न हुनुभएका परमात्मा श्रीवसुदेवलाई अस्त्रविहीन अवस्थामा रहनुभएको देखेर कालयवन उहाँका पछिपछि दौडियो। यसरी कालयवनद्वारा पीछा गरिनुभएका परमात्मा श्रीकृष्ण पनि एउटा धेरै ठूलो गुफाभित्र पस्नुभयो, जहाँ अतिपराक्रमी राजा मुचुकुन्द सुतिरहेका थिए। त्यो दुर्बुद्धि भएको कालयवनले पनि त्यस गुफाभित्र पसेर सुतिरहेका राजा मुचुकुन्दलाई नै यादवश्रेष्ठ कृष्ण सम्झिएर लात्तीले हिर्कायो। त्यसबाट राजामुचुकन्दले निद्राबाट बिउँझिएर कालयवनलाई हेरे, त्यसै समयमा ऊ राजाको क्रोधाग्निले जलेर भष्म भयो।

प्राचीन कालमा राजा मुचुकुन्द देवताहरूका पक्षबाट देवता र असुरहरूको युद्धमा गएका थिए। त्यस समयमा असुरहरूलाई मारिसकेपछि अत्यन्तै निद्रा लागेको हुँदा उनले देवताहरूसँग धेरै समयसम्म सुत्ने वरदान मागेको थिए। त्यस समयमा देवताहरूले पनि उनीसँग जुनसुकै मनुष्यले तिमीलाई निद्रावस्थामा व्यवधान उत्पन्न गराएर बिउँझाउँछ, त्यो त्यसै समयमा तिम्रो शरीरबाट निस्किएको अग्निबाट जलेर भस्म हुनेछ भनेका थिए। यसरी राजा मुचुकुन्दले त्यो दुराचारी कालयवनलाई भस्म गराइदिएपछि परमात्मा श्रीमधुसूदनलाई देखेर सोधे।

मुचुकुन्दले भने– तपाईं को हुनुहुन्छ ?

श्रीकृष्णले भन्नुभयो—म चन्द्रवंशअन्तर्गत यदुकुलमा उत्पन्न हुनुभएका आनकदुन्दुभि वसुदेवको पुत्र हुँ। राजा मुचुकन्दले वयोवृद्ध महर्षि गार्ग्यको वचन सम्झिएर जीवमात्रका ईश्वर श्रीहरिलाई प्रणाम गर्दै भने।

मुचुकुन्दले भने– मैले हजुर परमात्मा श्रीविष्णुको अंश हुनुभएको

जानिसकेँ। किनकि प्राचीन कालमा महर्षि गार्ग्यले मलाई अठाईसौँ चतुर्युगमा द्वापर युगको अन्त्यमा यदुवंशमा परब्रह्म परमात्मा श्रीहरिले जन्म लिनुहुने कुरा बताउनुभएको थियो। सांसारिक मानवमात्रको कल्याण गरिदिनका लागि हजुरले परमात्मा श्रीविष्णुको अंशबाट जन्म लिनुभएको हो। तर म हजुरबाट उत्पन्न भएको यो महातेज सहन गर्न असमर्थ भइरहेको छु। हजुरका वचनहरू पानीले परिपूर्ण भएको बादलजस्तै अतिगम्भीर छन् तथा हजुरका चरणहरूको बोझ थाम्न नसकेर पृथ्वी भास्सिइरहेकी छिन्। देवता र असुरहरूको युद्धमा दैत्य सेनाका बीचमा ठूलाठूला योद्धाहरू पनि मेरो सर्वोत्कृष्ट तेज सहन असमर्थ भएका थिए; तर आज म हजुरको तेज सहन गर्न असमर्थ भइरहेको छ। संसारमा नीच योनिमा झरेका प्राणीहरूको हजुर एकमात्र परम आश्रय र रक्षक हुनुहुन्छ। त्यसकारण हजुरले ती प्राणीहरूलाई दुःखबाट पूर्ण रूपमा मुक्त गराइदिनुस्। हजुर नै सबै समुद्र, पर्वत्, नदीनाला, वन, पृथ्वी, आकाश, वायु, पानी र मनस्वरूप हुनुहुन्छ अथवा यो समग्र जगत् र सबै इन्द्रियहरू हजुरकै स्वरूप हुन्। हजुर नै बुद्धि, प्रकृतिस्वरूप, पुरुषका तुलनामा विकाररहित व्यापक, अजन्मा तथा जुन सर्वोत्कृष्ट वस्तु छ, त्यो तत्त्व पनि हजुर नै हुनुहुन्छ। हजुरको आदि र अन्त्य पनि छैन, हजुर वृद्धि र विनाशरहित, शब्दादिरहित, अजर, अक्षय र नाप्न वा जप्न नसकिने परब्रह्म परमात्मा हुनुहुन्छ। देवता, पितृ, यक्ष, गन्धर्व, किन्नर, सिद्ध, अप्सरा, मनुष्य, मृग, सर्प, पर्वत, पशु र पक्षीहरू पनि हजुरबाटै उत्पन्न भएका हुन् तथा जेजति चराचर उत्पन्न भइसकेका छन् अथवा भविष्यमा हुनेछन्, ती सबै हजुरबाटै उत्पन्न भएका हुन् र हुनेछन्। मूर्त, अमूर्त, स्थूल, सूक्ष्म अथवा स्थिर स्वभाव भएका जेजति पदार्थहरू रहेका छन्, ती सबैमा हजुर परिपूर्ण भएर रहनुभएको छ, हजुरभन्दा अलग कुनै वस्तु वा पदार्थ रहेको छैन।

आध्यात्मिक, आधिदैविक र आधिभौतिक यी तीन किसिमका तापसम्पन्न भएर म यो सांसारिक चक्रमा निरन्तर रूपमा घुमिरहेको छु र कुनै पनि समयमा मैले शान्ति पाउन सकेको छैन। पानी प्राप्त गर्ने आशा गरिरहेको मृगको अधुरो तृष्णा जस्तो भ्रान्त धारणा लिएर मैले दुःखहरूलाई सुख सम्झिएकाले यसबाट म अहिले अत्यन्तै दुःखी भइरहेको छु। राज्य, पृथ्वी,

सैन्यबल, धन, मित्र, सन्तान, स्त्री, सेवक र शब्दजस्ता जुन विषयवासना रहेका छन्, यी सबै विषयवस्तुहरूलाई सुखको साधन सम्झिएर स्वीकार गरेको थिएँ। तर अन्त समयमा मैले यिनीहरूबाट कहिल्यै पनि कुनै किसिमको सुख प्राप्त गर्न सकिँन। जब देवताहरूले देवलोक प्राप्त गरेर पनि असुरहरूमाथि विजय प्राप्त गर्नका लागि मसँग सहायता मागेका थिए भने शाश्वत (परम शान्ति) कहाँ पाउन सकिन्छ अथवा त्यो कहाँ बसेको गर्दछ ? यो समग्र जगत्को कारणस्वरूप रहनुभएका हजुरको उपासनाबाहेक अन्य कुनै पनि साधनाद्वारा शाश्वत शान्ति प्राप्त गर्न सम्भव छैन। हजुरकी योगमायाबाट मोहित भएको मनुष्य जन्म, मृत्यु र वृद्धावस्थालगायतको पीडा सहन गर्दै अन्त्यमा यमराजको लोकमा गएर उनको दर्शन गर्दछ। हजुरको स्वरूपका विषयमा ज्ञान हासिल गर्न नसक्ने मनुष्यले विभिन्न नरकमा गएर आफूद्वारा गरिएका कर्महरूको फलस्वरूप अनेकौँ किसिमका भयानक र दुःखदायी कष्ट सहनुपर्दछ। म विषयहरूको उपभोगमा अत्यन्त आसक्त छु र हजुरको योगमायाबाट यथार्थ रूपमा मोहित भएर ममता र घमण्डको खाडलमा परेर यताउता घुमिरहेको छु। त्यही अत्यन्त पीडित म आज अपार र अप्रमेय परमपदस्वरूप हजुरका शरणमा पर्न आएको छु। किनकि संसारमा हजुरबाहेक केही पनि छैन। यो संसाररूपी तापबाट अतिपीडित अन्तरात्मा भएको म तेजोमय परमपदस्वरूप हजुरलाई प्राप्त गर्ने अभिलाषा गर्दछु।

पराशरले भन्नुभयो– ती अतिबुद्धिमान् राजा मुचुकुन्दले यसरी स्तुति गरेपछि प्राणीमात्रका अधिपति परब्रह्म परमात्मा श्रीहरिले भन्नुभयो।

श्रीभगवान्ले भन्नुभयो– तिमी आफ्नो मनोकामनाअनुसारको दिव्य लोकमा जाऊ। मेरा कृपाको प्रभावले तिमीलाई कुनै किसिमको बाधा–व्यवधान नभएको ऐश्वर्य प्राप्त हुनेछ। त्यो दिव्य लोकमा दिव्य भोगहरूको उपभोग गरिसकेपछि तिमीले पृथ्वीमा आफ्नो पूर्वजन्मको स्मरणसहित एउटा अत्यन्तै उत्तम कुलमा जन्म लिनेछौ र फेरि मेरो कृपाको प्रभावले मोक्ष प्राप्त गर्नेछौ।

पराशरले भन्नुभयो– परमात्माले यस किसिमको आज्ञा दिएपछि राजा मुचुकुन्दले परमात्मा श्रीअच्युतलाई प्रणाम गरेर गुफा बाहिर निस्किएर हेर्दा पृथ्वीका सबै मनुष्यहरू अत्यन्तै होचाहोचा भएको देखे। संसारमा कलियुग

आरम्भ भइसकेको जानेर राजा मुचुकुन्द तपस्या गर्ने मनसायले श्रीनरनारायणको निवासस्थान गन्धमादन नाम भएको पवित्र पर्वतमा गए। परमात्मा श्रीकृष्णले माथि बताइएको उपायद्वारा मथुराका शत्रुको यथार्थ रूपमा विनाश गरिदिनु भएपछि फेरि मथुरामा आउनुभयो र त्यहाँ रहेको हात्ती, घोडालगायतले सुशोभित भएको सेनालाई आफ्नो नियन्त्रणमा लिएर त्यसलाई द्वारकामा ल्याएर राजा उग्रसेनलाई दिनुभयो। त्यस समयदेखि यदुवंश शत्रुले दमन गर्ने आशङ्काबाट निर्भय भयो। यसरी सबै किसिमको युद्ध यथार्थ रूपमा शान्त भइसकेपछि बलराम नन्दगोपको दर्शन गर्न उत्साहित हुनुभएकाले गोकुल जानुभयो। बलरामले गोकुलमा आएर पहिलेको जस्तैगरी प्रेमपूर्वक गोपगोपिनीहरूलाई अभिवादन गर्नुभयो। त्यसपछि कसैकसैले बलरामलाई आलि न गरेर छातीमा टाँस्दै प्रेम व्यक्त गरे भने बलरामले पनि कसैकसैलाई आलि गन गर्नुभयो। कुनै कुनै गोप र गोपिनीहरूसँग ख्यालठट्टा पनि गर्न थाल्नुभयो। ती गोपहरूसँग आत्मीयतापूर्वक कुराकानी हुन थाल्यो भने अन्य गोपिनीहरू प्रेमपूर्वक रिसाउँदै बलरामसँग इर्ष्यासम्पन्न कुराकानी गर्न थाले।

गोपिनीहरूमध्ये कुनैले बलरामसँग भने– अत्यन्त चञ्चल र क्षणिक प्रेम गर्ने जसको स्वभाव रहेको छ, उहाँ परमात्मा श्रीकृष्ण नगरका अतिसुन्दरी नारीहरूका प्राणका आधार आनन्दपूर्वक बस्नुभएको होला।

कसैले भने– क्षणिक वा थोरै समयका लागि मात्र प्रेमभाव राख्नुहुने परमात्मा श्रीकृष्ण हामीले गरेका चेष्टाहरूको उपहास गर्दै नगरका सुन्दर नारीको सौभाग्य अभिवृद्धि गरिरहनु भएको त छैन ?

कसैले भने– के परमात्मा श्रीकृष्णले हाम्रो अत्यन्तै सुमधुर स्वरको स्मरण गर्नुहुन्छ अथवा कुनै समयमा हामीलाई पनि सम्झनुहुन्छ र के उहाँ आफ्नी माताको दर्शन गर्नका लागि फेरि एकपटक गोकुलमा आउनु हुन्छ ?ऋऋ

कुनै गोपिनीले भनिन्– अथवा अब उहाँका विषयमा कुरा गरेर हामीलाई के उपलब्धि हुनसक्छ ? त्यसैले अन्य कुराकानी गरौँ। हामीलाई परित्याग गरेर उहाँ आनन्दपूर्वक समय बिताइरहनु भएको छ भने उहाँ हाम्रो नजिकमा नभए तापनि हामीले परमात्मा श्रीकृष्णको सामीप्यता प्राप्त गर्नका

लागि आफ्ना मातापिता, दाजुभाइ, पति र सबै बन्धु-बान्धवहरूलाई परित्याग गरिदियौँ। तर श्रीकृष्ण त अर्काले लगाएको गुन वा उपकारप्रति आभारी नहुने अथवा बैगुनी रहेछन्। उनले हामीप्रति यस्तै किसिमको व्यवहार देखाए।

कुनैले भनिन्– यस समयमा ती सबै कुराको कुनै अर्थ छैन। तथापि तपाईं सत्य बताउनुहोस्, के श्रीकृष्णले फेरि एकपटक गोकुलमा आउने सम्बन्धमा कुनै कुराकानी गर्नुभएको थियो कि थिएन ?

अन्य कुनै गोपिनीले भनिन्– परमात्मा श्रीगोविन्दको मन अब यथार्थ रूपमा नगर निवासी सुन्दर स्त्रीहरूमा आसक्त भइसकेको छ। त्यसकारण उहाँले हामीलाई बिर्सिसक्नु भएको छ। यसैले अब हाम्रा लागि उहाँको दर्शन दुर्लभ बनिसकेको छ अथवा हामीले दर्शन पाउने सम्भावना छैन।

पराशरले भन्नुभयो– परमात्मा श्रीहरिले जसको अन्तरात्मा यथार्थ रूपमा अपहरण गर्नुभएको थियो, ती गोपिनीहरू बलरामलाई श्रीकृष्ण र श्रीदामोदर भनेर सम्बोधन गर्दै अतिउच्च स्वरमा हाँस्न थाले। बलरामले परमात्मा श्रीकृष्णको प्रेमभावले परिपूर्ण सन्देश सुनाएर गोपिनीहरूलाई सान्त्वना दिँदै उनीहरूलाई सन्तुष्ट बनाउने प्रयास गर्नुभयो तथा गोपकुमारहरूसँग मिलेर गोकुलमा अनेकौँ किसिमका लीला गर्नुभयो। आफ्ना कार्यहरूका प्रभावले पृथ्वीलाई चलायमान बनाउनुहुने तथा ठूलाठूला कार्य पनि सहज किसिमले सम्पन्न गर्नुहुने पृथ्वीलाई धारण गर्ने शेषनागले मनुष्यस्वरूपमा अवतार लिनुभएका बलरामलाई वनमा गोपालहरूसँग अत्यन्त आनन्दपूर्वक घुमफिर गरिरहनु भएको देखेर वरुणले उहाँको उपभोगका लागि वारुणी नाम भएकी मदिरासँग भने।

वरुणले भने– जुन अनन्त देवताका लागि तिमी सधैँ अत्यन्त प्रिय भएर रहेकी थियौ, आज तिमी उहाँको उपभोग तथा उहाँलाई यथार्थ रूपमा प्रसन्न गराउनका लागि यसै समयमा उहाँको नजिकमा जाऊ।

वरुणले यसप्रकारको आज्ञा दिएपछि ती वारुणी नाम भएकी मदिरा वृन्दावनमा उत्पन्न भएको कदमको रूखको धोध्रो अथवा टोड्कोमा बस्न थालिन्। त्यो वृन्दावनको ज लमा आनन्दपूर्वक घुमफिर गरिरहनु भएका बलरामले वारुणी नाम भएकी मदिराको अतिउत्तम सुगन्ध आइरहेको थाहा पाउनुभएपछि

उहाँमा मदिरा पिउने इच्छा उत्पन्न भयो। त्यस समयमा आफ्नो प्रिय हतियारका रूपमा हलो धारण गर्नुहुने बलराम अनायास रूपमा कदमको रूखको टोड्कोबाट निस्किएको मदिराको धारा देखेर ज्यादै प्रसन्न हुनुभयो तथा गीत गाउन र बाजा बजाउन धेरै सिपालु गोपगोपिनीहरूसँगै प्रसन्नता पूर्वक मदिरा पिउनुभयो। प्रचण्ड रूपमा घाम चर्किएका कारणले गर्दा उत्पन्न भएको पसिनाको थोपास्वरूप मोतीले सुशोभित र मदिरापान गर्नाले उन्मत्त हुनुभएका बलरामले अतिविह्वल हुँदै भन्नुभयो।

बलरामले भन्नुभयो– हे यमुना ! मलाई नुहाउने चाहना भएकाले तिमी यहाँ आऊ। बलरामको कुरालाई मदिराबाट उत्मत्त भएर गरिएको अलाप सम्झिएर यमुना उहाँको नजिकमा नआएपछि बलरामले अत्यन्त क्रोधित भएर आफ्नो शस्त्र हलो उठाउनुभयो। मदिराबाट प्रभावित हुनुभएकाले बलरामले आफ्नो हलोद्वारा यमुनालाई किनारादेखि नै हलोको टुप्पोले तान्दै भन्नुभयो– तिमी आउँदिनौ ? तिमी आफ्नो इच्छाअनुसार अन्यत्र जाऊ त म पनि हेरौँ। यसरी बलरामद्वारा तानिएपछि यमुनाले आफ्नो पहिलो मार्ग छाडेर बलराम जुन ठाउँमा रहनुभएको थियो, त्यस वनलाई अनायास रूपमा आफ्नो पानीले ढाकिदिइन्। यमुनाले नदी मनुष्यस्वरूप धारण गरेर बलरामका नजिकमा आएर अतिभयभीत भएका कारणले आँखाभरि आँसु बनाउँदै बलरामसँग भनिन्।

यमुनाले भनिन्– मसँग प्रसन्न भएर मलाई आफ्नो पुरानै बाटोबाट जाने आज्ञा दिनुहोस्। उनले यसरी सुमधुर वचनमा प्रार्थना गरेको सुनेपछि बलरामले यमुनासँग भन्नुभयो।

बलरामले भन्नुभयो– तिमीले मेरो अवज्ञा गरेकी हुनाले म तिमीलाई यही हलोद्वारा हजारौँ टुक्रा बनाइदिन्छु।

पराशरले भन्नुभयो– बलरामका यसप्रकारका कुरा सुनेर ज्यादै भयभीत भएकी यमुना त्यस जमिनमा वहन थालिन्, यसरी वहेको देखेर प्रसन्न हुनुभएका बलरामले उनलाई छाडिदिनुभयो। त्यस समयमा यमुनाको पानीमा नुहाएर बलराम अतिसुशोभित हुनुभएको थियो। त्यहाँ लक्ष्मीले सशरीर प्रकट भएर उहाँलाई एउटा कानमा लगाउने फूल, एउटा कुण्डल, वरुणले पठाउनु भएको एउटा

कहिल्यै नकुहिने कमलको फूलको माला र समुद्रको जस्तै शोभासम्पन्न दुइटा नीलो रङको कपडा दिनुभयो। यसरी प्राप्त भएका कानमा लगाउने फूल, सुन्दर कुण्डल, नीलो रङ भएको कपडा र कमलको फूलको माला लगाएपछि, बलराम सुशोभित हुनुभयो। यसरी विभूषित भएर बलरामले गोकुलमा अनेकौँ लीला गर्नुभयो तथा दुई महिनासम्म गोकुलमा बसेर फेरि द्वारकामा आउनुभयो। गोकुलबाट फर्किएर आएपछि बलरामले रैवत राजाकी छोरी रेवतीसँग विवाह गर्नुभयो। बलरामका दुइटा पुत्रका रूपमा रेवतीका गर्भबाट निशठ र उल्मुक उत्पन्न भए।

विदर्भ देशको कुण्डिनपुर नाम भएको नगरमा भीष्मक नाम भएका एउटा राजा बस्थे। उनका रुक्मी नाम भएका एउटा छोरा र रुक्मिणी नाम भएकी एउटी ज्यादै सुन्दरी छोरी थिए। परमात्म श्रीकृष्णले रुक्मिणीलाई प्राप्त गर्ने अभिलाषा राख्नुभएको थियो भने रुक्मिणीले पनि परमात्मा श्रीकृष्णलाई प्राप्त गर्ने कामना गरेकी थिइन्। तर परमात्मा श्रीकृष्णले माग्नु भए तापनि उहाँसँग द्वेषभाव रहेका कारणले गर्दा दिएनन्। राजा भीष्मकले जरासन्धको सल्लाहअनुसार रुक्मीको सहमतिमा रुक्मिणीको विवाह शिशुपालसँग गरिदिने निश्चय गरिदिएकाले शिशुपालका अनन्य मित्रहरू जरासन्धलगायत सबै राजाहरू शिशुपाल र रुक्मिणीको वैवाहिक कार्यक्रममा सहभागी हुन भीष्मकको नगरमा गए। परमात्मा श्रीकृष्ण प्रनि बलरामलगायतका यादवसंहित शिशुपाल र रुक्मिणीको विवाहोत्सव हेर्न कुण्डिनगरमा पुग्नुभयो।

त्यो विवाह हुनुभन्दा एक दिन ,पहिलै परमात्मा श्रीहरिले आफ्ना शत्रुहरूलाई नियन्त्रण गर्ने वा सम्हाल्ने दायित्व बलराम र अन्य बन्धुहरूमा छाडीदिनुभएर रुक्मिणीलाई अपहरण गर्नुभयो। पौण्ड्रक, दन्तवक्र, विदूरथ, शिशुपाल, जरासन्ध र शाल्वजस्ता राजाहरूले अत्यन्तै क्रोधित भएर परमात्मा श्रीकृष्णको हत्या गर्ने प्रयास गरिरहेका थिए। तर तिनीहरू सबै बलराम र यदुवंशीहरूसँगको युद्धमा पराजित भए। युद्ध गरेर श्रीकेशवलाई नमारेसम्म म फेरि फर्किएर कुण्डिनगरमा कुनै पनि अवस्थामा जान्न भन्ने प्रतिज्ञा गरेर रुक्मी परमात्मा श्रीकृष्णको पीछा गर्न थाले। तर परमात्म श्रीकृष्णले हात्ती, घोडा,

रथ र पैदल सेनासम्पन्न उसका सबै सैन्य नष्ट गरिदिनुभएर रुक्मीमाथि विजय प्राप्त गरेर उनलाई जमिनमा लडाइदिनुभयो। जब परमात्मा श्रीहरिले युद्ध गर्नका लागि अत्यन्तै उत्साहित भएर आफूमाथि आइलागेका रुक्मीको वध गर्ने विचार गर्नुभयो, त्यस समयमा रुक्मिणीले ज्यादै आदरपूर्वक प्रणाम गर्दै भगवान्सँग प्रार्थना गरिन्।

रुक्मिणीले भनिन्– हे परमात्मा! मेरो एउटा मात्र भाइ भएकाले यिनलाई नमारिदिनुहोस् तथा आफूमा उत्पन्न भएको क्रोधाग्निलाई रोक्नुहोस् र मलाई मेरो भाइ भिक्षाका रूपमा दिनुहोस्।

रुक्मिणीले श्रीकृष्णसँग यसरी प्रार्थना गरेपछि उहाँले रुक्मीलाई जीवनदान दिँदै उनलाई छाडीदिनुभयो। आफ्नो प्रतिज्ञा पूर्ण नभएकाले रुक्मी भोजकट नाम भएको नगर निर्माण गरेर त्यहीँ बस्न थाले। यसरी परमात्मा श्रमधुसूदनले रुक्मीलाई युद्धमा पराजित गरेर राक्षस–विवाहबाट प्राप्त भएकी रुक्मिणीसँग वेदोक्त विधिअनुसार विवाह गर्नुभयो। तिनै रुक्मिणीको गर्भबाट कामदेवको अंशरूपी प्रद्युम्नको जन्म भयो; जसलाई जन्मदाकै समयमा शम्बरासुरले अपहरण गरे तापनि कालक्रमअनुसार तिनै प्रद्युम्नले शम्बरासुरको वध गरे।

मैत्रेयले भने– ती प्रद्युम्नलाई शम्बरासुरले कसरी अपहरण गऱ्यो र तिनै अपहरणमा परेका प्रद्युम्न महाबलशाली शम्बरासुरको वध गर्न कसरी सफल भए ?

पराशरले भन्नुभयो–काल बराबर अत्यन्तै भयानक र विकराल शम्बर नाम भएको सुरले यो बालकले निश्चित रूपमा मेरो वध गर्नेछ भन्ने विचार गरेर प्रद्युम्नलाई जन्मिएको छैटौँ दिनमा सुत्केरी बस्ने घरबाटै अपहरण गरेको थियो तथा उनलाई अपहरण गरिसकेपछि शम्बरासुरले छालैछालले भरिएको बीच भागलाई केन्द्र मानेर त्यसको चारैतिर घुमिरहेको पानी वा भुँवरीसम्पन्न र अतिभयानक गोहीजस्ता जलचरहरूले परिपूर्ण भएको नुनको समुद्रमा फ्याँकिदियो। त्यसरी समुद्रमा फ्याँकिएका ती बालक प्रद्युम्नलाई एउटा माछाले निल्यो तर त्यो माछाको जठराग्निबाट जलेर पनि ती बालकको मृत्यु भएन अर्थात्

उनी माछाको पेटमा सकुशल जीवितावस्थामा नै रहे। केही दिनपछि माछा मारेर जीवननिर्वाह गर्ने माझिहरूले अन्य माछासँगै त्यो माछालाई पनि आफ्नो जालमा पारेर त्यो माछा शम्बरासुरलाई उपहारस्वरूप दिए। शम्बरासुरकी पत्नीको नाम मायावती थियो। उनले त्यो घरमा पूर्ण रूपमा आफ्नो आधिपत्य कायम गरेकी थिइन् भने तिनले भान्सा पनि आफ्नो नियन्त्रणमा राखेकी थिइन् अर्थात् त्यस घरमा उनको अनुमति नपाएसम्म कसैले केही गर्न सक्दैनथ्यो। त्यो माछाको पेट चिरेपछि त्यसमा मायवतीले एउटा अत्यन्तै सुन्दर बालक रहेको देखिन् जुन जलेर भस्म भएको कामदेवरूपी रूखको पहिलो अङ्कुर अथवा टुसो थिए। यो के हो र यो बालक कस्ता किसिमले यस माछाको पेटमा प्रवेश गऱ्यो ? भनेर ज्यादै आश्चर्यचकित भएकी मायवतीका नजिकमा आएर देवर्षि नारदले भने।

नारदले भने—यी बालक समग्र जगत्को स्थिति र संहार गर्नुहुने परमात्मा श्रीकृष्णका पुत्र हुन् र यिनलाई सुत्केरी राखिएको घरबाट शम्बरासुरले अपहरण गरेको थियो। यसरी अपहरण गरेपछि उसले यिनलाई समुद्रमा फ्याँकिदियो। त्यसपछि एउटा मांछाले यिनलाई निल्यो। यसप्रकार यिनले माछाको पेटमा निवास गरेका हुन्। यस समयमा यी बालक तिम्रो आधिपत्यमा रहेका छन्। त्यसकारण तिमीले यी बालको पालनपोषण गर।

पराशरले भन्नुभयो—नारदले यसरी स्पष्ट गरिदिएपछि ती बालकको मनै लोभ्याउने अनुहार देखेर ज्यादै मोहित हुँदै बाल्यावस्थादेखि नै अत्यन्तै प्रेमपूर्वक ती बालकको पालनपोषण गर्न थालिन्। जुन समयमा प्रद्युम्न नवयौवनको समागमबाट यथार्थ रूपमा विभूषित भए, त्यसपछि हात्तीको जस्तो हिँडाइ भएकी मायावतीले उनीप्रति अत्यन्तै कामुक भएर आफ्नो अन्तरात्मामा रहेको प्रेमभाव देखाउन थालिन् अर्थात् उनी प्रद्युम्नमा अतिआसक्त भइन्। जसले आफ्नो अन्तरात्मा र आँखा पूर्ण रूपमा प्रद्युम्नमा समर्पण गरिसकेकी थिइन्, ती मायावतीले प्रेमको जालमा फँसेर अन्धी भएका कारणले गर्दा आफूसँग भएको सबै किसिमको मायाविद्या अर्थात् मायाको रूपमा रहने विद्या उनलाई सिकाइदिइन्। परमात्मा श्रीकृष्णका पुत्र प्रद्युम्नले ती कमलका जस्ता आँखा भएकी मायावतीलाई अत्यन्त कामुकभाव प्रदर्शन गर्दै आफूसँग समागम गर्न

तयार भएर बसिरहेकी देखेर तपाईंले आमापनको त्याग गरेर यो अन्य किसिमको भाव किन देखाइरहनु भएको छ ? भने। प्रद्युम्नको यौवनप्रति ज्यादै आसक्त भएकी मायावतीले उनीसँग भनिन्।

मायावतीले भनिन्– तपाईं यथार्थमा मेरो नभएर परमात्म श्रीकृष्णको पुत्र हुनुहुन्छ, तपाईंलाई तपाईंको कालस्वरूप शम्बरासुरले जन्मनेबित्तिकै अपहरण गरेर समुद्रमा फ्याँकिदिएको थियो। तर त्यहाँ तपाईंलाई एउटा माछाले निले पनि त्यसको जठराग्निले जलाउन सकेन। त्यसपछि माझीहरूद्वारा जालमा परेर त्यो माछो उपहार स्वरूप मेरा घरमा आयो र मैले हजुरलाई त्यही माछाको पेटमा भेट्टाएकी हुँ । तपाईंकी पुत्रको प्रेमले परिपूर्ण भएकी माता आजसम्म पनि रोइरहेकी होलिन् अर्थात् पुत्रको वियोगमा आँखाबाट झरेका आँसु अझै सुक्न सकेका छैनन् होला।

पराशरले भन्नुभयो– मायावतका यसप्रकारका कुरा सुनेपछि प्रद्युम्नले क्रोधितले व्याकुल हुँदै शम्बरासुरलाई युद्ध गर्ने चुनौती दिंदै त्यो अतिदुष्ट स्वभाव भएको असुरसँग युद्ध गर्न थाल्नुभयो । यदुवंशमा उत्पन्न हुनभएका प्रद्युम्नले त्यस दैत्य शम्बरासुरको सबै सेना नष्ट गरिदिएर उसँग भएको सातौं मायामाथि सहज रूपमा विजय हासिल गरेर आठौं मायाको प्रयोग गर्नुभयो। त्यो आठौं मायाको प्रयोग गरेर प्रद्युम्नले त्यो दैत्यराज कालशम्बरको वध गरेपछि विमानमा चडेर आकाशमार्ग प्रयोग गर्दै मायावतीलाई लिएर आफ्नो घरमा आइपुग्नुभयो । मायावतीसहित आफ्नो महलमा आएका प्रद्युम्नलाई देखेपछि परमात्मा श्रीकृष्णका रानीहरूले परमात्मा श्रीकृष्ण नै आउनुभएको हो भन्ने सम्झिए। तर निर्दोष रुक्मिणी अत्यन्त प्रेमभावमा आँखाभरि आँसु पार्दै भन्न थालिन्।

रुक्मिणीले भनिन्–ओहो ! कुनै भाग्यमानी स्त्रीको पुत्रले नवयौवन प्राप्त गरिसकेको रहेछ। यदि मेरा पुत्र प्रद्युम्न पनि जीवित रहेका थिए भने उनी पनि नवयौवन हुने थिए। तिमी सत्य बताऊ, तिमीले कुन भाग्यमानी माताका कोखबाट जन्म लिएका हौ ? अथवा जसरी ममा तिमीप्रति प्रेमभाव बढिरहेको छ र तिम्रो स्वरूप जस्तो किसिमको रहेको छ; त्यसबाट मलाई तिमी परमात्मा

श्रीकृष्णकै पुत्र भएको अनुभूति भइरहेको छ अथवा मेरो मान्यताअनुसार तिमी परमात्मा श्रीकृष्णकै पुत्र हुनुपर्दछ।

पराशरले भन्नुभयो–. त्यसै समयमा परमात्मा श्रीकृष्णसँग नारद त्यहाँ आए। उनले रुक्मिणीलाई अतिआनन्दित बनाउने समाचार सुनाउँदै भन्न थाले।

नारदले भने– यी तपाईंका पुत्र प्रद्युम्न दुष्ट दैत्य शम्बरासुरलाई मारेर आएका छन्। शम्बरासुरले यिनलाई बाल्यावस्थामा नै सुत्केरी घरबाट अपहरण गरेर लगेर समुद्रमा फ्याँकिदिएको थियो। यी तिनै प्रद्युम्न हुन् तथा यी परम सुन्दरी तपाईंका यी पुत्र प्रद्युम्नकी पतिव्रता पत्नी मायावती हुन्। यिनी शम्बरासुरकी पत्नी होइनन्। यसको कारणका विषयमा म तपाईंलाई बताउनेछु, सुन्नुहोस्। प्राचीन कालमा कामदेव भस्म भएपछि फेरि कामदेवको जन्मको प्रतीक्षा गरिरहेकी परम सुन्दरी रतिले मायाको स्वरूप धारण गरेर त्यो अत्यन्तै दुराचारी दैत्यराज शम्बरासुरलाई मोहित बनाएर राखेकी थिइन्। यी ज्यादै कामुक आँखा भएकी मायावतीले त्यो दैत्यराज शम्बरासुरको घुमफिर र शयनजस्ता भोगविलासको उपभोगका समयमा आफ्नो सुन्दर मायामय स्वरूप उसका अगाडि प्रस्तुत गरिदिने गरेकी थिइन्। तिनै कामदेवले तपाईंको पुत्रका रूपमा जन्म लिएका हुन् र यी मायावती उनैकी प्रिय पत्नी रति भएकीमा कुनै सन्देह नगर्नुहोला, यिनी तपाईंकी बुहारी हुन्। त्यसपछि देवी रुक्मिणी र परमात्मा श्रीकृष्ण अत्यन्त प्रसन्न हुनुभयो तथा नगरका सबै बासिन्दाहरू धन्यवाद–धन्यवाद भनेर हर्ष व्यक्त गर्न थाले। यसरी लामो समयदेखि हराइरहेका पुत्रसँग देवी रुक्मिणीको मिलन भएको देखेपछि द्वारकापुरीमा रहेका सबै मनुष्य ज्यादै आश्चार्यचकित भए।

पराशरले भन्नुभयो– रुक्मिणीको गर्भबाट चारुमती नाम भएकी एक कन्या र प्रद्युम्नबाहेक चारुदेष्ण, सुदेष्ण, वीर्यवान्, चारुदेह, सुषेण, चारुगुप्त, भद्रचारु, चारुविद्, सुचारु र चारु नाम भएका नौ पुत्रहरू जन्मिएका थिए भने यी सबै अत्यन्तै पराक्रमी र बलवानहरूमा सर्वोत्कृष्ट थिए। परमात्मा श्रीकृष्णका रुक्मिणीबाहेक सातोटी स्त्री थिए। तिनीहरूको नाम कालिन्दी, सत्या, जाम्बवती, रोहिणी, सुशीला, सत्यभामा र लक्ष्मणा थियो। यिनीहरू

सबै अत्यन्तै सुन्दरी स्त्रीहरू थिए भने यीबाहेक परब्रह्म परमात्मा श्रीकृष्णका अरू सोह्र हजार पत्नी थिए। प्रद्युम्नले रुक्मीकी कन्यासँग स्वयम्बरमा विवाह गरेका थिए। ती कन्या पनि प्रद्युम्नको प्रेममा अतिआसक्त भएकी थिइन्। ती कन्याका गर्भबाट प्रद्युम्नका अनिरुद्ध नाम भएका पुत्र जन्मिए। उनी असीमित शक्तिसम्पन्न र युद्धमा आफ्ना शत्रुहरूलाई दमन गर्न सक्ने सामर्थ्य भएका थिए। परमात्मा श्रीकृष्णले ती अनिरुद्धका लागि रुक्मिकी नातिनी माग्नुभएकाले श्रीकृष्णसँग ईर्ष्या र द्वेषभाव राखेको भएता पनि रुक्मीले आफ्नी छोरीको छोरालाई नातिनी दिन स्वीकार गरे अथवा उनीहरूको विवाहका लागि स्वीकृति दिए। ती कन्याको विवाहमा सहभागी हुनका लागि परमात्मा श्रीहरिसहित बलरामलगायतका सबै यादवहरू भोजकट नाम भएको रुक्मीको राजधानीमा गए। त्यहाँ अनिरुद्धको वैवाहिक कार्यक्रम सम्पन्न भएपछि कलि राजसमेतका राजाहरूले रुक्मीसँग भने।

उनीहरूले भने– यी बलराम जुवाका विषयमा पूर्ण रूपमा अनभिज्ञ भए तापनि यिनी जूवा खेल्न साह्रै मन पराउँछन्। त्यसकारण हामीले यी बलरामलाई जूवामा किन पराजित नगराउने ?

पराशरले भन्नुभयो– त्यसपछि आफूमा भएको बलको घमण्डले गर्दा धेरै उन्मत्त भएका रुक्मीले अन्य राजाहरूसँग यही ठीक हुन्छ भनेर राजा रुक्मी र बलराम जुवा खेल्न थाले। राजा रुक्मीले पहिलो चरणमा नै चार हजार सुवर्ण मुद्राको दाउमा बलरामलाई पराजित गरिदिए भने अर्को दाउमा पनि बलरामले एक हजार असर्फी हार्नुभयो। त्यसपछि बलरामले दश हजार असर्फीको एउटा अर्को दाउ थाप्नुभयो। जुवाका विशेषज्ञ रहेका रुक्मीले त्यो दाउ पनि जिते तथा बलराम फेरि पराजित हुनुभयो। यसरी बलराम पराजित भएपछि मूर्ख कलिङ्गराज आफ्ना दाँतहरू देखाउँदै अत्यन्त उच्च स्वरमा हाँस्न थाल्यो अर्थात् उसले आफ्नो मुखबाट अट्टहास निकाल्यो र बलको घमण्डले ज्यादै उन्मत्त भएका रुक्मीले पनि भन्न थाले।

रुक्मीले भने– जूवाको ज्ञान नभएका बलरामलाई मैले पराजित गरिदिएँ। यिनले अनावश्यक रूपमा जुवाको गर्वले अन्धो भएर जुवा खेल्न अतिसिपालु

व्यक्तिहरूको अपमान गर्दथे। यसरी कलि राजले आफ्ना सबै दाँतहरू देखाएर अत्यन्तै उच्चस्वरमा हाँसिरहेको र रुक्मीले अपशब्दको प्रायेग गरेको देखेर बलराम ज्यादै क्रोधित हुनुभयो। यसरी अतिक्रोधित हुनभएका बलरामले करोड असर्फी एउटै दाउ लगाउनुभयो र रुक्मीले त्यसलाई आफ्नो बनाउने लक्ष्य लिएर आफ्नो पासा खालमा पछारे। तर त्यसमा बलरामले जित्नुभयो र उहाँले उच्चस्वरमा मैले जितेँ भन्नुभयो। यसमा रुक्मीले पनि उच्च स्वरमा भने– यो दाउ पनि मैले नै जितेको छ, असत्य बोलेर केही पनि लाभ हुन सक्दैन। तपाईंले यो दाउमा जितेको बताउनु भएको थियो, तर मैले त्यसमा स्वीकृति जनाएको थिइँन। यसरी यदि तपाईंको जीत हुन्छ भने मेरो जीत किन हुँदैन ?

पराशरले भन्नुभयो– त्यस समय्मा महात्मा बलराममा उत्पन्न भएको क्रोधलाई अत्याधिक बढाउँदै आकाशवाणीले अत्यन्त गम्भीर स्वरमा स्पष्ट शब्दको आकाशवाणी भयो। धर्मअनुसार यो दाउ बलरामले जित्नुभएको हो, रुक्मीले असत्य वचन बोलिरहेको छ। किनकि उसले अनुमोदन नगरे तापनि पासा फ्याँकेको हुनाले उसको कार्यद्वारा यो अनुमोदित भएको मानिन्छ अर्थात् यसमा रुक्मीको स्वीकृति रहेको मानिन्छ। त्यसपछि बलराम धेरै क्रोधित हुँदै आफ्ना आँखा रातारात पार्दै उठ्नुभयो र जुवा खेलिरहेका पासाहरूले हिर्काएर रुक्मीको वध गरिदिनुभयो । फेरि तर्सिरहेको कलि राजलाई पनि अत्यन्तै बलपूर्वक समाएर जुन दाँत देखाएर केही समय अगाडिसम्म उच्च स्वरमा हाँसिरहेको थियो, ती सबै दाँत जमिनमा झारिदिनुभयो अथवा उसलाई थोते बनाइदिनुभयो भने बलरामले एउटा सुवर्णमय खामो त्यसैले शत्रुपक्षका सबै राजाहरूको वध गरिदिनुभयो। बलराम यसरी क्रोधित हुनुभएको देखेपछि त्यहाँ जम्मा भएका सबै मानिसहरू भयभीत भएर भाग्न थाले भने त्यहाँ आएका अन्य सबै राजाहरू पनि भयभीत भए। बलरामद्वारा रुक्मीको वध भएको कुरा सुन्नु भए तापनि परमात्मा श्रीमधुसूदन रुक्मी र बलरामको भयका कारणले शान्त बस्नु भयो। त्यसपछि विवाहित अनिरुद्धलाई आफैसँग लिएर परमात्मा श्रीकेशवशहित सबै यादवहरू द्वारका आए।

एक दिन इन्द्रले आफ्नो ऐरावत नाम भएको उन्मत्त हात्तीमा सवार भएर द्वारका नगरीमा आएर परब्रह्म परमात्मा श्रीकृष्णको दर्शन गरेर उहाँसँग नरकासुर नाम भएको अत्यन्तै दुराचारी र दुष्यात्मा दैत्येले गरिरहेका दुर्व्यवहारका विषयमा सविस्तार बताउन आरम्भ गरे।

इन्द्रले भने—यस समयमा हजुर मनुष्यको स्वरूप धारण गरेर पृथ्वीको द्वारका नगरीमा बस्नुभएकोले हामी सबै देवताहरूका अधिपति हजुरले हामीलाई दुःख हुन दिनु भएको छैन। जुन अतिदुराचारी र दुष्टात्मा असुरहरूले तपस्यामा व्यवधान उत्पन्न गराएर तपस्वीहरूको विनाश गरिरहेका थिए, ती अरिष्ट, धेनुक र केशीजस्ता असुरहरूको वध गरिदिनुभयो भने दुराचारी कंस, कुवलयापीड, आफ्नो स्तन चुसाएर बालकहरूको विनाश गरिदिने पूतना र संसारमा उत्पात मच्चाउने अन्य सबै दुष्टहरूको पनि वध गरिदिनुभयो। हजुरको दबाउन कठिन पर्ने बुद्धिबलको प्रभावद्वारा अन्यायी र दुराचारीहरूबाट तीनोटै लोकको रक्षा भइरहेको छ तथा यज्ञकर्ताहरूद्वारा दिइएको यज्ञभाग प्राप्त भइरहेकाले देवताहरू पनि सन्तुष्ट रहेका छन्। अहिले म जुन समस्या लिएर आएको छु, त्यसका विषयमा सुनेर त्यो दुष्टको वध गरिदिएर संसारको कल्याण गरिदिनका लागि प्रयत्नशील भइदिनुहोस्। पृथ्वीको पुत्र नरकासुर नाम भएको एउटा असुर प्राग्ज्योतिषपुरको राजा भएर बसेको छ। त्यसले यस समयमा सबै प्राणीहरूमा अन्याय र अत्याचार गर्दै पृथ्वीमा उत्पात मच्चाइरहेको छ अर्थात् उसको अत्याचार बाट सबै प्राणीहरू अत्यन्त पीडित भइरहेका छन्। त्यो नरकासुर नाम भएको दुराचारी दैत्यले देवता, सिद्ध, असुर र सबै राजाहरूका छोरीहरूलाई बलपूर्वक बन्दी बनाएर राखेको छ। यसरी नै त्यो अत्याचारी नरकासुरले वरुण देवताको पानी वर्षाउने छाता र मन्दराचल पर्वतको शोभासम्पन्न मणिपर्वत नाम भएको शिखर जबर्जस्ती अपहरण गरेर आफ्नो नियन्त्रणमा लिएको छ। त्यो दुष्यात्मा नर कासुरले मेरी माता अदितिसँग रहेको अमृतको वर्षा गराउने दिव्य कुण्डल पनि अपहरण गरेर लगेको छ र उसले सधैँ मेरो यो ऐरावत हात्ती पनि अपहरण गरेर लैजाने अभिलाषा लिइरहेको हुन्छ अथवा यसलाई पनि अपहरण गर्ने योजना बनाएको छ। मैले हजुरलाई नरकासुरद्वारा भइरहेका सबै दुर्नीतिहरूका विषयमा

स्पष्ट शब्दमा बताएँ। यस समयमा यस विषयमा जे गर्दा कल्याणदायक हुन्छ, त्यसको विचार हजुर आफैँले गर्नु हुन अनुरोध गर्दछु।

पराशरले भन्नुभयो– परमात्मा श्रीकृष्ण इन्द्रका सबै कुरा सुनेपछि मन्द मुस्कानसहित हात समाएर आफू बसिरहनु भएको उत्तम आसनबाट उठेर उहाँले मानसिक रूपमा गरुडको स्मरण गर्नुभयो। उहाँले यसरी स्मरण गर्नेबित्तिकै उहाँको नजिकमा आएका आकाशमार्गमा विचरण गरिहिँड्ने गरुडमा सत्यभामासहित सवार भएर उहाँ नरकासुरको अत्याचारबाट सबैलाई मुक्त गराउनका लागि प्राग्ज्योतिषपुरतर्फ लाग्नुभयो। द्वारकाका बासिन्दाहरूले हेर्दाहेर्दै देवराज इन्द्र पनि आफ्नो उत्तम हात्ती ऐरावतमा सवार भएर स्वर्गलोक गए। प्राग्ज्योतिषपुरको सय योजनसम्मको पृथ्वी चारैतिरबाट छुराको धारजस्तो मुर नाम भएको दावनद्वारा निर्माण गरिएका अतितेजिलो धार भएका प्राचीन कालीन युद्धमा प्रयोग हुने एक किसिमको हतियारले घेरिएको थियो। परमात्मा श्रीकृष्णले ती पाशाहरूलाई आफ्नो सुदर्शनचक्र प्रहार गरेर काटिदिनुभयो। त्यसपछि मुर नाम भएको दानव भगवान्सँग युद्ध गर्न तयार भएर अगाडि आएकाले भगवान्ले त्यसको वध गरिदिनुभयो। परब्रह्म परमात्मा श्रीहरिले मुरका सात हजार पुत्रहरूलाई पनि सलह (कीरा) लाई जसरी नै आफ्नो सुदर्शनचक्रको अग्निधाराले वध गरिदिनुभयो। यसरी परमात्मा श्रीहरिले मुर, हयग्रीव र पञ्चजनको वध गर्नुभएपछि शीघ्रतापूर्वक प्राग्ज्योतिषपुरमा प्रवेश गर्नुभयो। आफ्ना सेनापतिहरूले यथार्थ रूपमा घेरिएर बसेको नरकासुरसँग परमात्मा श्रीकृष्णको अत्यन्तै भयानक युद्ध आरम्भ भयो। यस युद्धमा परमात्मा श्रीगोविन्दले हजारौँ दैत्यहरूको संहार गर्नुभएपछि परमात्मा श्रीकृष्णले शस्त्रहरूको वर्षा गराउने सामर्थ्य भएको पृथ्वीको पुत्र त्यो अन्यायी नरकासुरलाई आफ्नो सुदर्शनचक्रको प्रयोग गरेर दुई टुक्रा पारिदिनुभयो। त्यो नरकासुरको वध भएपछि पृथ्वी अदितिका कुण्डल आफ्ना साथैमा लिएर परब्रह्मपरमात्मा श्रीकृष्णका नजिकमा आएर भन्न थालिन्।

पृथ्वीले भनिन्– हजुरले प्राचीन कालमा बराहस्वरूप धारण गरेर मेरो उद्धार गर्नुभएको समयमा मद्वारा हजुरको अङ्ग स्पर्श भएकाले मेरो कोखबाट

यो नरकासुर नाम भएको पुत्र जन्मिएको थियो । हजुरले नै मलाई यो पुत्र दिनुभएको थियो र आज हजुरले नै यसको वध गरिदिनुभयो । अब हजुर यी दुवै कुण्डल स्वीकार गर्नुहोस् र ममा कृपा गरेर यी नरकासुरका पुत्रहरूको पालनपोषण गर्नुहोस् अर्थात् आजदेखि यिनीहरूको सबै किसिमको दायित्व स्वीकार गरिदिनुहोस्। हजुर परमात्मा हुनुभएकाले प्रसन्न भएर ममाथि रहेको असत्य बोझबाट मलाई मुक्त गरिदिनका लागि आफ्नो अंशबाट पृथ्वीमा अवतार लिनुभएको हो। हजुर नै समग्र जगत्को उत्पत्तिकर्ता, पालनकर्ता र संहारकर्ता, प्राणीमात्रको उत्पत्तिको कारकतत्त्व र विलय हुने स्थान हुनुहुन्छ। म हजुरको स्तुति गर्न कसरी समर्थ हुन सक्दछु ? जब हजुर आफैँ व्यापक, व्याप्त, क्रिया र कार्यस्वरूप हुनुहुन्छ भने यस्तो अवस्थामा म हजुरको स्तुति गर्न यथार्थ रूपमा असमर्थ छु। हजुर नै परमात्मा, भूतात्मा र अव्यय जीवात्मास्वरूप हुनुहुन्छ, यस्तो अवस्थामा कुन वस्तुलाई आधार मानेर मैले हजुरको स्तुति गरुँ ? हजुर प्रसन्न भइदिनुहोस् र आफ्नै पुत्र नरकासुरद्वारा भए गरेका सबै अत्याचार क्षमा गरिदिनुहोस्। दोष निवारण गर्ने मनसायले गर्दा हजुरले आफ्नो पुत्रको वध गरिदिनुभएको हो।

पराशरले भन्नुभयो— श्रीविष्णुले पृथ्वीलाई तिम्रो इच्छा पूर्ण होस् भनेर नरकासुरको महलबाट विभिन्न किसिमका अमूल्य रत्नहरू स्वीकार गर्नुभयो। परमात्मा श्रीकृष्णले नरकासुरका कन्याहरू बस्ने महलमा गएर हेर्दा त्यहाँ सोह्र हजार एक सय कन्याहरू रहेको देख्नुभयो । भगवान् श्रीकृष्णले नरकासुरको नगरमा चार दाँत भएका छ हजार हात्ती, एक्काईस लाख काम्बोजदेशमा उत्पन्न भएका घोडा पनि रहेको देख्नुभयो। परमात्मा श्रीगोविन्दले नरकासुरका सबै सेवकसहित ती सबै कन्या, हात्ती र घोडाहरूलाई त्यसै दिन द्वारकापुरीमा पठाइदिनुभयो । त्यसपछि परमात्मा श्रीहरिले वरुणको पानी वर्षाउने छाता र मन्दराचल पर्वतको शोभा मणि पर्वत देख्नुभयो र यी दुवै आफ्नो वहान गरुडका पिठ्यूँमा राखिदिनुभयो। त्यसपछि परब्रह्म परमात्मा श्रीकृष्ण अदितिलाई कुण्डल दिनका लागि सत्यभामासहित गरुडमा सवार भएर स्वर्गलोक जानुभयो।

त्यसपछि पक्षीहरूका राजा गरुड वरुणको त्यो पानी वर्षाउने छाता, मणि पर्वत र सत्यभामासहित परमात्मा श्रीकृष्णलाई आफ्नो पिठ्यूँमा बोकेर

स्वर्गतिर जान थाले। स्वर्गको ढोकामा पुगेपछि परमात्मा श्रीकृष्णले आफ्नो उच्च स्वर भएको पाञ्चजन्य नामको शङ्ख बजाउनुभयो। त्यो शङ्खको आवाज सुनेर देवताहरू आआफ्नो हातमा अर्घ समर्पण गर्ने पात्र लिएर परमात्मा श्रीकृष्णका अगाडि उपस्थित भए। ती देवताहरूद्वारा सुपूजित भएपछि परमात्मा श्रीकृष्णले देवमाता अदितिको सेतो हिउँले पूर्ण रूपमा भरिएको शिखरजस्तो चमकदार घरमा पसेर देवमाता अदितिको दर्शन गर्नुभयो। परमात्मा श्रीजनार्दनले देवराज इन्द्रसँगै देवमाता अदितिलाई प्रणाम गर्नुभयो र उहाँलाई ति दुवै दिव्य कुण्डल दिनुभयो तथा नरकासुरको मृत्युका विषयमा सविस्तार बताउनुभयो। दितिले अत्यन्त प्रसन्न हुँदै एकाग्रतापूर्वक परब्रह्म परमात्मा श्रीहरिको स्तुति गर्न थालिन्।

अदितिले भनिन्– हे पुण्डरीक नाम भएको हृदयकमलमा अटल रूपले निवास गर्नुहुने भगवान् विष्णु ! हे सनातनस्वरूप ! हे सबै जीवमात्रको आत्मास्वरूप भगवान् ! हे जीवात्मास्वरूप परमात्मा ! हजुरलाई नमस्कार छ। हजुर मन, बुद्धि र ईन्द्रियहरूका रचयिता हुनुहुन्छ। हे गुणस्वरूप ! हे तीनोटै गुणहरूबाट यथार्थ रूपमा अतीत (टाढा) रहनु हुने परमात्मा ! हे विकाररहित परमात्मा ! हे तत्त्वमसि परमात्मा ! हे अन्तर्यामी परब्रह्म ! हजुरलाई नमस्कार छ। हे परमात्मा ! हजुर सेता, लामोजस्ता सबै किसिमको कल्पनारहित, जन्म, मृत्युजस्ता विकाररहित, स्वप्न, सुषुप्ति, जाग्रतावस्था यस्ता सबै किसिमका अवस्थाहरूबाट पूर्ण रूपमा रहति हुनुहुन्छ; हजुरलाई नमस्कार छ। हे अच्युत ! सन्ध्या, रात्रि, दिन, भूमि, आकाश, वायु, जल र बुद्धि यी सबै हजुरकै स्वरूप हुन भने हजुर सबै किसिमका भूतहरूको आदिभूत हुनुहुन्छ। यसप्रकारका सर्वमय परमात्मालाई नमस्कार छ। हे ईश्वर ! हजुर नै सृष्टि, अवस्थिति र विनाशकर्ता हुनुहुन्छ र यी सबैको कर्ता पनि हुनुहुन्छ। हजुर नै ब्रह्मा, विष्णु र शिवस्वरूप हुनुहुन्छ र यी तीनोटै मूर्ति वा स्वरूपहरू धारण गर्नुभएर यसभन्दा पहिले बताइएअनुसारका तीनोटै कार्यहरू पनि हजुरबाटै सम्पन्न भइरहेका हुन्छन् अर्थात् यस संसारमा हजुरबाहेक अन्य कुनै तत्त्वको अस्तित्व रहेको छैन। देवता, यक्ष, दैत्य, राक्षस, सिद्ध, नाग, कूष्माण्डा (भद्रकाली कल्पअनुसार नवदुर्गामध्ये चतुर्थ दुर्गा), पिशाच, गन्धर्व, मनुष्य, पशु, मृग, हात्ती, सर्प, गुल्म (धेरै लामो

नहुने तर मालतीको भुँ भ्याङ्गिने छाँटको लहरो), लता, प्राणीजाति, स्थूल, मध्यस्थूल, अीतस्थूल, सूक्ष्मभन्दा पनि धेरै सूक्ष्मजस्ता जतिसुकै किसिमका शारीरिक भेदको परमाणुको आश्रयमा अवस्थित रहेका छन्, तिनीहरूसँग हजुर अभिन्न स्वरूपबाट अवस्थित रहनुभएको छ।

जसले परमात्माको यथार्थ स्वरूपका विषयमा ज्ञान हासिल गरेको छैन, ती व्यक्तिहरूलाई मोहित गराइदिने हजुरको योगमायाले आत्माभन्दा पूर्ण रूपमा अलग रहेको पदार्थस्वरूप आत्मविज्ञान उत्पन्न गराइदिएको छ अथवा म र मेरो भन्ने भावनाम उत्पन्न गराइदिएको छ। हे देवाधिदेव ! यही हजुरको योगमायाले अविवेकी मनुष्यहरूलाई सांसारिक बन्धनमा बाँधिरहेको छ। हे नाथ ! यी सांसारिक मनुष्यहरूका मनमा जुन म हुँ र यी पदार्थहरू मेरा हुन् भन्ने भावना उत्पन्न हुन्छन्, यो सबै हजुरको योगमायाकै लीला हो॥ हे नाथ ! आफ्नो स्वधर्ममा आश्रित रहेको जुन मनुष्यले मुक्ति प्राप्त गर्नका लागि अत्यन्त एकाग्रतापूर्वक हजुरको उपासना गर्दछ; त्यो मनुष्यमात्र सबै किसिमका मायाहरूबाट यथार्थ रूपमा मुक्त हुन सक्दछ। ब्रह्मालगायतका सबै देवता, पशु, मनुष्यसहित सबै परमात्मा श्रीविष्णुको मायारूपी भुमरीमा परेर मोहरूपी कहालीलाग्दो अन्धकारले ढाकिएका छन्। हे भगवान् ! जीवमात्रले जन्म र मृत्युका बीचको समयमा हजुरको आराधना वा उपासना गरेर सांसारिक कामनाहरूको पूर्तिको जुन अभिलाषा राख्दछ; त्यही हजुरको माया हो। त्यसैले जीवमात्रलाई सांसारिक चक्रमा घुमाइरहेको हुन्छ। आफ्ना पुत्रहरूको कल्याणलाई सर्वोपर लक्ष्य बनाएकी म हजुरको आराधना वा उपासना गरेर जुन आफ्ना शत्रुहरूको विनाश गराउने कार्यमा मात्र लागिरहेँ; तर मैले मोक्ष प्राप्त गर्ने कामना कहिल्यै पनि गरिन, यो सबै हजुरकै मायाले गराएको हो। कल्पवृक्षका नजिकमा गएर पनि सांसारिक लाज छोप्ने लगौँटी बराबरको कपडाको मात्र कामना गरिए जस्तैगरी हजुरको अतिनजिकमा रहेर पनि पुण्य नभएकाहरूले जुन सामान्य वस्तुहरूको प्राप्तिका लागि प्रार्थना गरिरहेका हुन्छन्, त्यो आफ्नो कर्महरूको दोषमात्र हो। हजुर मबाट प्रसन्न भइदिनुहोस्। ममा ज्ञानको अभिमानले उत्पन्न भएको अज्ञानलाई पूर्ण रूपमा विनष्ट गरिदिएर मेरो उद्धार गरिदिनुस्। हजुरलाई नमस्कार छ। मैले हजुरका

यी स्थूल चिह्नहरूबाट सम्पन्न स्वरूप मात्र देखेकी छु, तर हजुरको परम दिव्य स्वरूमका विषयमा मैले ज्ञान हासिल गर्न सकेकी छैन, हजुर प्रसन्न भइदिनुस्।

पराशरले भन्नुभयो– अदितिले यसरी प्रार्थना गरेपछि परमात्मा श्रीविष्णु मन्द मुस्कानमा हाँस्दै देवमाता अदितिसँग भन्नुभयो।

श्रीकृष्णले भन्नुभयो– हे देवी ! तपाईं मेरी माता हुनुहुन्छ, मबाट प्रसन्न भएर मलाई बरदान दिनुहोस्।

अदितिले भनिन्– हजुरले जस्तो कामना गरे जस्तै हुनेछ; हजुरलाई पृथ्वीमा कुनै दैत्य वा राक्षसले पराजित गर्न सक्नेछैन।

पराशरीले भन्नुभयो– देवराज इन्द्रकी पत्नी शचीसहित सत्यभामाले देवमाता अदितिलाई श्रद्धापूर्वक प्रणाम गर्दै पटकपटक हजुर प्रसन्न भइदिनुहोस् भन्दै प्रार्थना गर्नुभयो।

अदितिले भनिन्–मेरो आशीर्वादका प्रभावले गर्दा तिमीलाई वृद्धावस्था वा शारीरिक कुरूपता कहिल्यै प्राप्त हुनेछैन र तिमीमा यो तरूनीपन सधैँ अटल रूपमा रहिरहने छ।

पराशरले भन्नुभयो– अदितिको आज्ञाअनुसार देवराज इन्द्रले आदरपूर्वक वेदोक्त विधिअनुसार परब्रह्म परमात्मा श्रीजनार्दनको षेडशोपचार पूजा गरे। देवराज इन्द्रकी पत्नी शचीले मनुष्य सम्भिःएर सत्यभामालाई अतिउत्तम पारिजातको फूल लगाउन दिइनन् भने उनले त्यो फूल लगाइन्। आफ्नी पत्नी सत्यभामासहित परमात्मा श्रीकृष्ण नन्दनलगायत नाम भएका सबै देवताहरूका मनमोहक बगैँचाहरूको अवलोकन गर्न थाल्नुभयो। ती बगैँचाहरूमा श्रीकृष्णले अमृतमन्थन गर्दाका समयमा उत्पन्न भएको पारिजातको रूख देख्नुभयो। जुन पारिजात अत्यधिक सुगन्धित र देवराज इन्द्रकी पत्नी शचीका लागि ज्यादै आनन्ददायक रहेको थियो। त्यसमा नयाँ-नयाँ तामाको र भएका पात सुशोभित भएका थिए भने त्यसका बोक्रो सुनजस्तै पहेँलो रङको थियो। त्यो उत्तम पारिजात देखेपछि त्यसमा प्रेम भएकाले सत्यभामा धेरै प्रसन्न भएकीले उनले परमात्मा श्रीकृष्णसँग भनिन्।

सत्यभामाले भनिन्– यो पारिजातको रूख द्वारकापुरीमा किन लौजानु

हुन्न अथवा हामी यो लिएर जान सक्दैनौँ ? यदि हजुरले सत्यभामा मेरा लागि अतिशय प्रिय छिन् भन्नुहुन्छ भने मेरो घरको बगैँचाको शोभा बढाउनका लागि यो पारिजातको रूख द्वारकापुरीमा लगिदिनुहोस्। हजुरले मसँग कैयौँ पटक भन्नुभएको छ कि हे सत्ये ! मेरा लागि तिमी जति प्रिय रहेकी छ्यौ, त्यसरी रुक्मिणी अथवा जाम्बवतीलगायत कोही पनि प्रिय रहेका छैनन् अर्थात् म तिमीलाई अत्यन्त धेरै माया गर्दछु। यदि हजुरले मलाई बताउनु भएको सबै वचन सत्य हुन् र मसँग यथार्थ रूपमा धेरै माया गर्नुहुन्छ तथा मलाई प्रलोभन देखाउनका लागि मात्र त्यसो नभन्नु भएको हो भने यो पारिजात मेरो बगैंचामा उपलब्ध गराइदिनुहोस्। यो पारिजातको रूखमा फुलेको फूलले विभूषित भएर म आफ्ना सौताहरूका अगाडि सबैभन्दा परम सुन्दरी हुन पाऊँ, म तपाईंका सबै पत्नीहरू भन्दा धेरै राम्री हुन चाहन्छु।

पराशरले भन्नुभयो– सत्यभामाले यसरी विन्ती गरेपछि परमात्मा श्रीकृष्णले मुसुमुसु हाँस्दै त्यो अतिउत्तम पारिजातको रूख देवताको बगैँचाबाट उखेलेर आफ्नो वाहन गरुडको पिठ्यूँमा राखिदिनुभयो।

त्यो बगैँचाको सुरक्षाकर्मीले भगवान्सँग भन्यो– हे परमात्मा श्रीगोविन्द ! यो पारिजात देवराज इन्द्रकी पत्नी शचीको व्यक्तिगत सम्पत्ति हो। त्यसकारण हजुरले यसको अपहरण नगरिदिनुहोस् अथवा यो पारिजातको रूख यहाँबाट नलगिदिनुहोस्। क्षीर सागरमा अमृतको मन्थन गर्दाका समयमा शचीको आभूषणका लागि देवताहरूले यो पारिजातको रूख उत्पन्न गराएका हुन्। तपाईं यसको अपहरण गरेर कुनै पनि अवस्थामा यहाँबाट कूशलतापूर्वक जान सक्नुहुन्न। त्यसैले यसको अपहरण नगरिदिनुहोस्। देवराज इन्द्र पनि जसको मुख देखेपछि केही बोल्न सक्दैनन्, तिनै शचीको निजी सम्पत्ति यो पारिजात अपहरण गरेर कुन पुरुष यहाँबाट कुशलतापूर्वक जान सक्दछ ? देवराज इन्द्रले यो पारिजातको रूख लैजान दिनेछैनन् तथां त्यसका लागि वज्रधारण गरेका इन्द्रका पछिपछि लागेर सबै देवताहरूले उनलाई सहयोग गर्नेछन्। त्यसकारण देवताहरूसँग अनावश्यक रूपमा विरोधी कार्य नगर्नुहोस्। जुन कार्यको फल नमिठो हुन्छ अथवा राम्रो फल प्राप्त हुँदैन, विद्वान्हरूले त्यस किसिमको कार्यलाई सधैँ

परित्याग गर्दछन् अर्थात् त्यस किसिमको कार्यमा लाग्दैनन्।

पराशरले भन्नुभयो— बगैँचाको सुरक्षाकर्मीका यसप्रकारका कुरा सुनेपछि अत्यन्तै क्रोधित भएकी सत्यभामाले उसलाई जबाफ दिइन्।

सत्यभामाले भनिन्— यो पारिजातको रूख शची अथवा देवराज इन्द्रको मात्र कसरी हुन सक्दछ, यो तिनीहरू दुईले मात्र उत्पन्न गराएको त होइनन् होला ? यसैले पारिजातसँग सम्बन्धित शची अथवा इन्द्र कसरी भए ?। यदि यो पारिजात समुद्रमा अमृत मन्थन गर्दाका समयमा उत्पन्न भएको हो भने सबै लोकको साझा सम्पत्ति भयो । यस्तो अवस्थामा इन्द्र एक्लैले यसलाई कसरी आफ्नो बनाउन सक्दछन् ? जसरी समुद्रबाट उत्पन्न भएको अमृत, चन्द्रमा र लक्ष्मीको सबैले समान रूपमा उपभोग गरिरहेका छन्, त्यसैगरी यो पारिजात पनि सबैको साझा सम्पत्ति हो अथवा यसको पनि सबैले समान रूपमा उपभोग गर्न पाउनुपर्दछ । आफ्नो पतिको शक्तिका आधारमा अत्यन्त घमण्डी भएकी शचीले यो पारि जातको रूख यहाँबाट लान रोक्न सक्दछिन् भने रोकुन्। तिमीहरू गएर शचीलाई भनिदेऊ कि परमात्मा श्रीहरिकी अत्यन्तै प्रिय पत्नी सत्यभामा आफ्नो पतिको बलका आधारमा यसलाई लिएर जान लागेकी छन्। यसमा तिमीले क्षमा गरिर हनुपर्ने कुनै आवश्यकता छैन । तिमीहरूले शीघ्रतापूर्वक गएर देवराज इन्द्रकी पत्नी शचीलाई भनिदिनु कि सत्यभामाले अत्यन्त घमण्डका साथ यसो भनिरहेकी छिन्। तिमी यदि आफ्नो स्वामीको अतिप्रिय भएर रहेकी छ्यौ भने र तिमीले आफ्नो स्वामीलाई आफ्नो नियन्त्रणमा राखेकी छ्यौ भने मेरा स्वामीले यो पारिजातको रूखलाई अपहरण गरेर लान लाग्नुभएको छ, तिनीहरू सबैले त्यो रूख लैजानबाट रोक्ने प्रयास गर्नू। मलाई तिम्रा पति इन्द्र भएको थाहा छ र उनी स्वर्गका अधिपति भएको पनि ज्ञान छ तथा म उनीलाई राम्ररी चिन्दछु। तर म पनि मनुष्य नै भए तापनि यो पारिजातको रूख अपहरण गरेर लैजान लागिरहेकी छु।

पराशरले भन्नुभयो— सत्यभामाका यसप्रकारका कुरा सुनेपछि बगैँचाका सुरक्षाकर्मीहरूले शचीका नजिकमा सत्यभामाद्वारा बताइएका सबै कुरा स्पष्ट रूपमा बताइदिए। त्यस सम्बन्धमा शचीले पनि आफ्ना पति देवराज इन्द्रलाई अत्यन्तै उत्साहित बनाइन्। त्यसपछि देवराज इन्द्र समग्र देवसेनासहित

पारिजातको रूख फर्काएर ल्याउनका लागि परमात्मा श्रीकृष्णसँग युद्ध गर्न उत्साहित भएर निस्किए। देवराज इन्द्रले आफ्नो हातमा वज्र लिएपछि अन्य देवता पनि फलामले बाँधेको डन्डा, तरबार, गदा र त्रिशूलजस्ता उत्तम अस्त्रशस्त्रले सुसज्जित भए। त्यसपछि ऐरावत हात्तीमा सवार तथा देवसेनाले घेरिएर इन्द्र युद्ध गर्न उत्साहित भएर आएको देखेपछि परमात्मा श्रीगोविन्दले आफ्नो पाञ्चजन्य नाम भएको शङ्ख अतिउच्च स्वरमा बनाउँदै शार्ङ्ग नाम भएको धनुषको टङ्कारले सबै दिशालाई गुञ्जायमान बनाउँदै एकैपटक लाखौँ–हजारौँ तीखा बाणको वर्षा गराउनु भयो। यसरी सबै दिशा र आकाशलाई बाणले पूर्ण रूपमा ढाकेको देखेर देवताहरूले अनेकौँ किसिमका अस्त्रशस्त्र वर्षाउन थाले। श्रीकृष्णले पनि देवताहरूले प्रहार गरेका अस्त्रशस्त्रलाई एक–एक बाणलाई हजार–हजार टुक्रा पारि दिन थाल्नु भयो भने गरुडले पनि पानीका अधिपति वरुणको पाश तानेर सर्पका बच्चाहरू जस्तैगरी टुक्राटुक्रा बनाउन थाले। श्रीकृष्णले पनि यमराजद्वारा प्रहार गरिएको दण्डलाई आफ्नो गदाको फँकाइबाट टुक्राटुक्रा पारेर पृथ्वीमा झारिदिनु भयो तथा सुदर्शनचक्रको प्रहार गरेर कुबेरको पाल्कीलाई तिलका दाना बराबर छिन्नभिन्न पारिदिनुभयो र हेरेरै सूर्यलाई पनि तेजविहीन बनाइदिनुभयो।

त्यसपछि भगवान्ले एक सय बाण प्रहार गरेर अग्निलाई शक्तिविहीन बनाइदिनु भयो। वसुहरू अनेकौँ दिशामा भाग्न थाले। परमात्मा श्रीकृष्णको सुदर्शनचक्रले आआफ्ना त्रिशुलको टुप्पो झारिदिएकाले शक्तिहीन भएका रुद्रहरू सिलसिलाबद्ध रूपमा पृथ्वीमा लडे भने साध्य, वसु, विश्वदेव, गन्धर्वहरू पनि परमात्मा श्रीकृष्णको बाणले पीडित भएर सिमलको भुवा उडे जसरी नै आकाशमा उड्न थाले। भगवान्सँगै गरुड पनि आफ्नो चुच्चो, पखेटा र नङ्ग्राहरूले देवताहरूलाई टोक्दै, हिर्काउँदै र छिन्नभिन्न पार्दै घुमफिर गर्न थाले। अविरल धाराहरूका रूपमा पानी वर्षाउने बादल जसरी नै परमात्मा श्रीमधुसूदन र देवराज इन्द्रले आपसमा हजारौँ बाणको वर्षा गराउन थाले। यस भयानक युद्धमा गरुडले ऐरावत हात्तीसँग र एक्लो परमात्मा श्रीकृष्णले देवराज इन्द्रसहित सबै देवतासँग युद्ध गर्नुभएको थियो। अनेकौँ किसिमका अश्त्रशस्त्रहरूको विनाश

भइसकेको देखेर देवराज इन्द्रले अन्त्यमा शीघ्रतापूर्वक आफ्नो वज्र हातमा लिए। त्यसपछि परमात्मा श्रीकृष्णले पनि आफ्नो सुदर्शनचक्र हातमा लिनुभयो। देवराज इन्द्रले वज्र र परमात्मा श्रीजनार्दनले सुदर्शनचक्र हातमा लिनु भएको देखेर तीनोटै लोकमा हाहाकार मच्चिन थाल्यो। त्यस समयमा देवराज इन्द्रद्वारा प्रहार गरिएको वज्रलाई आफ्नो हातले समाएर भगवान्‌ले आफ्नो सुदर्शनचक्र न छोड्दै इन्द्रसँग भन्नुभयो–देवराज इन्द्र पर्ख। जसको उत्तम वाहन ऐरावतलाई गरुडले क्षतविक्षत बनाइदिएको थियो ती इन्द्रलाई आफ्नो सर्वोत्तम अस्त्र वज्रविहीन भएको देखेर उनीसँग सत्यभामाले भनिन्।

सत्यभामाले भनिन्– इन्द्र ! तपाईं शचीको पति हुनुहुन्छ, तपाईंले यसरी युद्धबाट भाग्न उचित हुँदैन। तपाईं यहाँबाट नभाग्नुहोस्, पारिजातको फूलको माला लगाएर पूर्ण रूपमा सजिएकी शची अत्यन्त चाँडै तपाईंलाई भेट्न आउनेछिन्। पारिजातको फूलको माला लगाएर उज्ज्वल अनुहार भएकी प्रेममा पूर्ण रूपमा अन्धी भएकी शची जसरी तपाईंको नजिकमा आउँथिन्, यस समयमा उनको त्यो रूप नदेख्दा के तपाईंलाई देवराजत्वको सुख प्राप्त हुन सक्दछ ? अब तपाईंले धेरै परिश्रम गरिरहन आवश्यक छैन र लज्जित पनि हुनुपर्दैन। तपाईं यो पारिजातको रूख लिएर जानुहोस्। यसलाई प्राप्त गरेपछि देवताहरूको दुःख सुखमा परिणत हुन्छ। आफ्ना पतिको पराक्रमका आधारमा अत्यन्त घमण्डी भएकी शचीले आफ्ना घरमा अतिथिका रूपमा आएकी मलाई सम्मानपूर्वक नहेरी अपमानपूर्वक हेरेकी थिइन् अर्थात् उनले मसँग अपहेलित व्यवहार गरेकी थिइन्। स्त्री भएका कारणले गर्दा मेरो अन्तरात्मा पनि अधिक गम्भीर छैन। त्यसकारण मैले शचीलाई आफ्नो पतिको शक्ति देखाइदिनका लागि मात्र तपाईंसँग यो युद्ध गर्ने योजना बनाएकी थिएँ। यो अर्काको पारिजातलाई अपहरण गर्नाले मलाई के लाभ हुन्छ ? शचीले आफ्नो रूप र आफ्ना पतिको पराक्रममा अत्यन्त घमण्ड गरिरहेकी छन्। यस्ती कुन स्त्री हुन्छे, जो यस अवस्थामा घमण्ड नगरोस्।

पराशरले भन्नुभयो– सत्यभामाका यस प्रकारका कुरा सुनेपछि देवराज

इन्द्रले अत्यन्त शान्त भावमा भने।

इन्द्रले भने– म हजुरको मित्र हुँ। त्यसकारण तपाईंले मप्रति यस किसिमको खेद व्यक्त नगरिदिनुहोस्। जुन परमात्माले यी तीनोटै लोकहरूको उत्पत्ति, पालन र संहार गर्नुहुन्छ, म उहाँ विश्वरूप भगवान्बाट पराजित भएको छु। त्यसकारण मैले यो युद्धमा पराजय भोग्नुपर्दा मलाई कुनै किसिमको लज्जा अनुभूति भएको छैन। जसको आदि, अन्त्य र मध्य छैन, उहाँ परमात्माबाटै यो तीनोटै लोक उत्पन्न भएको र उहाँकै एक अंशको अतिसानो भागमा अवस्थित् रहेको छ; जसबाट यो समग्र जीवभय जगत् उत्पन्न भयो तथा जसले प्रलयका सामयमा यो जगत् कुनै पनि अंश बाँकी नराखी आफैँमा विलीन गराउनुहुन्छ; उहाँ सृष्टिको उत्पत्ति, पालन र संहारकर्ता परमात्माबाट पराजित हुँदा मैले लज्जित हुनुपर्ने कुनै कारण छैन। जो सबैं वेदको ज्ञाता हुनुहुन्छ; उहाँले नै सबै भुवनहरूका उत्पत्तिकर्ता परमात्माको अज्ञेय मूर्ति कस्तो किसिमको छ भन्ने जान्नुहुन्छ भने अन्य कसैले जान्न सक्दैन। उहाँ अजन्मा, कर्मविहीन, शाश्वत र आफ्नो इच्छाअनुसार संसारको कल्याण गर्नका लागि मनुष्य शरीर धारण गर्नुभएको परब्रह्म परमात्मालाई कुन व्यक्तिले पराजित गर्न सक्दछ ?

पराशरले भन्नुभयो– इन्द्रले यसरी परमात्माको स्तुति गरेपछि अत्यन्तै गम्भीर भावमा हाँस्दै भगवान्ले इन्द्रसँग भन्नुभयो।

श्रीकृष्णले भन्नुभयो– तपाईं देवराज इन्द्र हुनुहुन्छ र म मृत्युलोकमा जन्मिएको साधारण मनुष्य हुँ। त्यसकारण मबाट जुन किसिमको अपराधजन्य कार्य भयो, त्यसका लागि तपाईंले क्षमा गरिदिनु होला। तपाईंले यो पारिजातको रूखलाई यसको उपयुक्त स्थानमा लगिदिनुहोस्। मैले त यसलाई सत्यभामाका वचनको सम्मान गर्नका लागि मात्र उठाएर ल्याएको थिएँ तथा तपाईंले ममाथि जुन वज्र प्रहार गर्नुभएको थियो, त्यो वज्र पनि फिर्ता लैजानुहोस्। किनकि यो शत्रुहरूको पूर्ण रूपमा विनाश गरिदिने अस्त्र तपाईंकै लागि योग्य छ।

इन्द्रले भने– म मर्त्यलोकको साधारण मनुष्यमात्र हुँ भनेर हजुरले मलाई किन आफ्नो योगमायाको पर्दा भित्र राख्न खोजिरहनु भएको छ ? हजुरको यो सगुण साकार स्वरूपका विषयमा मलाई ज्ञान हासिल भइसकेको छ, म हजुरको

सूक्ष्मस्वरूपका विषयमा पूर्ण रूपमा अनभिज्ञ छु अर्थात् त्यो स्वरूपलाई मैले जानेको छैन। हजुर जस्तो हुनुहुन्छ, त्यही हुनुहुन्छ। मलाई ज्ञान भएअनुसार जगत्को रक्षा गर्नका लागि मात्र हजुरले यो मनुष्य शरीर धारण गर्नुभएको हो । त्यही लक्ष्यअनुसार हजुरले जगत्मा अशान्ति मच्चाउने सबै दुष्टहरूको विनाश गरिदिएर शान्ति स्थापना गरिदिनुहुन्छ। यस पारिजातको रूख तपाईंले निवास गर्नुभएको अत्यन्तै पवित्र द्वारकापुरीमा लैजानुहोस् । तर जब हजुरले मर्त्यलोक त्याग गर्नुहुनेछ; त्यसपछि यो पारिजातको रूख संसारमा रहने छैन अथवा यो त्यहाँबाट फिर्ता आउनेछ।

पराशरले भन्नुभयो— त्यसपछि परमात्मा श्रीकृष्ण इन्द्रसँग तपाईंको कामनाअनुसार नै हुनेछ भनेएर पृथ्वीमा आउनुभयो । उहाँ पृथ्वीमा आउँदाका समयमा सिद्ध, गन्धर्व र ऋषिहरूले उहाँको प्रार्थना गरिरहेका थिए। द्वारकामाथि आकाशमार्गमा विराजमान हुनुभएर आफ्नो पाञ्चजन्य शङ्ख बजाउँदै परमात्मा श्रीकृष्णले द्वारकाका बासिन्दाहरूलाई आफू आएको सूचना दिएर हर्षित बनाउनुभयो । आफ्नी पटरानी सत्यभामासहित परमात्मा श्रीकृष्ण गरुडबाट ओर्लनुभयो तथा इन्द्रको बगैँचाबाट ल्याएको पारिजातको रूख सत्यभामाको महलमा रहेको बगैँचामा रोपिदिनुभयो । यो पारिजातको रूख आएपछि सबै मनुष्यहरूले आआफ्नो अनुहार हेर्न थाले र आफ्नो शरीर देवताहरूको शरीर जस्तो सम्झन थाले । श्रीकृष्णले आफ्ना सेवकहरूद्वारा ल्याइएका नरकासुरका हात्ती, घोडा, धन र ऊद्वारा अपहरण गरेर आफ्नो महलमा बन्दी बनाइएका सबै स्त्रीहरूलाई स्वीकार गर्नु भएकाले शुभ समय आएपछि नरकासुरद्वारा अनेकौँ देशहरूबाट अपहरण गरेर ल्याइएर आफ्नो घरमा राखिएका ती कन्याहरूसँग विवाह गर्नुभयो। यो अत्यन्तै आश्चार्यजनक विषय रहेको छ कि परमात्मा गोविन्दले एकै समयमा अलगअलग घरमा ती सबै कन्याहरूसँग वेदोक्त विधिअनुसार विवाह गर्नुभयो । सोऱ्ह हजार एक सय कन्यासँग विवाह गर्दाका समयमा परमात्मा श्रीमधुसूदनले त्यति नै स्वरूप धारण गर्नुभएको थियो अर्थात् आफू सोह्र हजार एक सय हुनभएको थियो। त्यस समयमा ती सबै कन्याहरूले आआफ्नो मनमा परमात्मा

श्रीमधुसूदनले नै हामीहरूसँग विवाह गरिरहनु भएको छ भन्ने सम्झिरहेका थिए। प्रत्येक रात्रिका समयमा विश्वरूप धारण गर्नुहुने समग्र जगत्‌का रचयिता परमात्मा केशव श्रीहरि उनीहरू प्रत्येकका घरमा गएर बस्न थाल्नुभयो।

रुक्मिणीका गर्भबाट परमात्मा श्रीकृष्णका जुन प्रद्युम्नलगायतका पुत्र उत्पन्न भएका थिए, तिनीहरूका विषयमा तिमीलाई मैले यसभन्दा पहिले नै बताइसकेको छु। सत्यभामाका गर्भबाट श्रीकृष्ण पुत्रका रूपमा भानु र भौमरिक नाम भएका दुई पुत्र उत्पन्न भए। परमात्मा श्रीहरिका पुत्रका रूपमा रोहिणीका गर्भबाट पनि दीप्तिमान्‌सहित अनेकौँ शक्तिशाली पुत्रहरू उत्पन्न भए भने जाम्बवतीका गर्भबाट पनि साम्बसमेतका अनेकौँ शक्तिशाली पुत्रहरू उत्पन्न भएका थिए। परमात्मा श्रीकृष्णका पुत्रका रूपमा सत्याका गर्भबाट भद्रविन्दलगायत र शैव्याका गर्भबाट संग्रामजित्‌जस्ता धेरै पुत्रहरू उत्पन्न भएका थिए। उहाँका पुत्रका रूपमा माद्रीको गर्भबाट वृकलगायत अनेकौँ सन्तानहरू उत्पन्न भएका थिए भने लक्ष्मणा नाम भएकी परमात्माकी पत्नीको गर्भबाट पनि श्रुतलगायतका अनेकौँ पुत्र उत्पन्न भएका थिए। श्रीकृष्णका अन्य पत्नीहरूबाट एक लाख असी हजार पुत्र उत्पन्न भएका थिए उहाँका यी सबै पुत्रहरूमध्ये रुक्मिणीका पुत्र प्रद्युम्न सबैभन्दा जेठा थिए। प्रद्युम्नका पुत्रका रूपमा अनिरुद्ध उत्पन्न भएका थिए यी अनिरुद्धका वज्र नाम भएका एउटा पुत्र थिए। अनिरुद्धको विवाह वाणासुरकी छोरी र बलिकी नातिनी उषासँग भएको थियो। यसै कारणले गर्दा राजा बाणासुरले अनिरुद्धलाई युद्धमा पराजित गरेर आफ्नो कारागारमा थुनिदिएका थिए। यसैका आधारमा परमात्मा श्रीकृष्ण र भगवान् शङ्करका बीचमा अत्यन्तै भयानक युद्ध भएको थियो। यस युद्धमा सुदर्शनचक्र धारण गर्नुहुने परमात्मा श्रीकृष्णले बाणासुरका हजार हातहरू काटिदिनुभएको थियो।

मैत्रेयले भने– ती बाणासुरकी छोरी उषाका महादेव र श्रीकृष्णका बीचमा किन युद्ध भएको हो र श्रीकृष्णले किन बलिको छोरा बाणासुरका हजार हात काटिदिनुभएको हो ? हजुरले मलाई यो सबै विस्तारमा बताइदिनुहोस्। परमात्मा श्रीहरिका यी सबै किसिमका लीलाहरूको कथा सुन्नका मेरो मनमा कौतूहलता उत्पन्न भएको छ।

पराशरले भन्नुभयो– बाणासुरकी छोरी उषाले पार्वतीलाई महादेवसँग अत्यन्तै आनन्दपूर्वक क्रीडा गरिरहेको देखेपछि आफूले पनि आफ्ना पतिसँग त्यस किसिमको क्रीडा गरेर आनन्दित हुने चाहना राखेकी हुनाले उनको मनको भाव ज्ञान भएकी महादेव पत्नी पार्वतीले उषासँग भन्नुभयो ।

पार्वतीले भन्नुभयो– हे उषा ! तिमीले यसरी चिन्तित भइरहन आवश्यक छैन । किनकि तिमीले पनि समय आएपछि यसरी नै आफ्ना पतिसँग अत्यधिक मनोवाञ्चित क्रीडा गर्दै आनन्दित हुन अवसर पाउनेछ्यौ । महादेव पत्नी पार्वतीले यसरी बताइदिनु भएपछि उषाले आफ्ना मनमा विचार गरिन् ।

उषाले चिन्तन गरिन्– कुन व्यक्ति मेरो पति होला भन्ने विचारमग्न गरिरहेकी भइन् । त्यसै समयमा पार्वतीले उनलाई भन्नुभयो ।

पार्वतीले भन्नुभयो– वैशाख महिनाको शुक्लपक्षको द्वादशी तिथिमा जुन व्यक्तिले स्वप्नावस्थामा तिमीसँग अनायास रूपमा सम्भोग गर्नेछन्, तिनै पुरुष तिम्रो पनि हुनेछन् ।

पराशरजीले भन्नुभयो– पार्वतीको उपदेशानुसार वैशाख महिनाको शुक्ल पक्षको द्वादशी तिथिमा उषाले स्वप्नावस्थामा आफूसँग कुनै एक पुरुषले अत्यन्त आनन्दपूर्वक सम्भोग गरिरहेको देखिन् तथा उषा पनि त्यो पुरुषप्रति अत्यन्त आसक्त भइन् । उषाले आफू बिउँझिँदा सपनामा आफूसँग आनन्दपूर्वक सम्भोग गर्ने पुरुष नदेखेपछि त्यसप्रति अतिआसक्त हुँदै निर्लज्जतापूर्वक आफ्ना साथीहरूलाई लक्षित गर्दै भनिन् ।

उषाले भनिन्– हे नाथ ! हे मेरा प्राणप्यारा ! तपाईं मलाई यहाँ एक्लै छोडेर कहाँ जानुभयो ? बाणासुरका मन्त्री कुभाण्डकी छोरी चित्रलेखा उषाकी सबैभन्दा नजिककी साथी थिइन् । उषाले यसरी ती पुरुषको प्रेममा आसक्त भएर अलापविलाप गरेको देखेर चित्रलेखाले उनीसँग सोधिन् ।

चित्रलेखाले भनिन्– हे राजकुमारी उषा ! तपाईं कुन पुरुषको कुरा गरिरहनुभएको छ ?

त्यस समयमा राजकुमारी उषाले उनकी सङ्गिनी चित्रलेखालाई केही पनि बताउन सकिनन् । ती चित्रलेखाले राजकुमारीलाई यस विषयमा आफूले

कसैसँग नबताउने विश्वास दिलाएपछि उषाले आफूमा घटित भएका सबै कुरा चित्रलेखालाई बताइन्। चित्रलेखाले स्वप्नावस्थामा राजकुमारी उषासँग त्यो अदृश्य पुरुषले सम्भोग गरेको कुरा थाहा पाइसकेपछि उषाले देवी पार्वतीले आफूलाई बताउनुभएको सबै कुरा चित्रलेखालाई बताउँदै भनिन्।

उषाले भनिन्– हे प्रिय सङ्गिनी ! अब ती पुरुषलाई प्राप्त गर्ने कुनै उपायको खोजी गर।

पराशरले भन्नुभयो—चित्रलेखाले चित्र बनाउने सामग्रीमा देवता, दैत्य, गन्धर्व र मनुष्यका मुख्य मुख्य व्यक्तिहरूको तस्वीर बनाएर उषालाई देखाउन थालिन्। उषाले पनि चित्रमा बनाइएका देवता, दैत्य, गन्धर्व र राक्षसहरूलाई परित्याग गर्दै आफ्नो दृष्टि मनुष्यहरूको चित्रमा केन्द्रित गरिन् तथा तिनीहरूमा पनि विशेष किसिमले वृष्णिकुलमा मात्र ध्यान दिइन्। उषा परमात्मा श्रीकृष्ण र बलरामको तस्वीरलाई देखाएर लाजले पानीपानी भइन् तथा प्रद्युम्नको तस्वीर देखेर उनले आफ्नो दृष्टि विपरीत दिशातिर फर्काइन्। अत्यन्त सुन्दर प्रद्युम्नका पुत्र अनिरुद्धको तस्वीरलाई देखेपछि अतिप्रसन्न हुँदै आश्चार्यजनक दृष्टि बनाएर आफूमा उत्पन्न भएको लाज परित्याग गरेर हर्षविभोर भएकी उषाले मैले तिमीलाई बताएको तथा मसँग स्वप्नमा मलाई आनन्दित तुल्याउँदै सम्भोग गर्ने दिव्य पुरुष यिनै हुन् भनेर स्पष्ट रूपमा बताइन्। त्यसपछि चित्रलेखाले उषालाई आश्वासन दिएर योगगतिको आश्रय लिएर द्वारकापुरी गइन्।

प्राचीन कालमा राजा बाणासुरले तीनोटा आँखा भएका शिवलाई प्रणाम गरेर भनेको थियो, हे देवादिदेव ! युद्ध नगरिकन यी हजार हातहरू प्राप्त गरेकाले म अत्यन्त व्याकुल भइरहेको छु। के कुनै समयमा मैले मेरा यी हातहरूलाई सफल बनाउने किसिमको कुनै अतिभयानक युद्ध गर्ने अवसर पाउनेछु ? यदि यस प्रकारको युद्ध गर्ने अवसर प्राप्त हुन सकेन भने मेरा यी हजार हातहरूको कुनै औचित्य रहने छैन।

श्रीशङ्करले भन्नुभयो– जब तिम्रो मयूरध्वज तोडिनेछ, त्यस समयमा तिमीले मासुको भोजन गर्ने यज्ञ, पिशाचलगायतका लागि अत्यन्तै आनन्ददायक

युद्ध गर्ने अवसर पाउनेछौ अथवा त्यस समयमा तिमीले आफ्ना हजार हातहरूको सदुपयोग गर्ने अवसर पाउनेछौ।

पराशरले भन्नुभयो–भगवान् शिवका यसप्रकारका कुरा सुनेपछि अतिप्रसन्न भएको बाणासुर शिवजीलाई आदरपूर्वक प्रणाम गरेर आफ्नो घरमा आयो। एकदिन आफ्नो मयूरको चिह्न भएको ध्वजा तोडिएको देखेर ऊ धेरै आनन्दित भयो। त्यस समयमा अप्सरा चित्रलेखाले आफूमा भएको योगविद्याको बलद्वारा प्रद्युम्नका पुत्र अनिरुद्धलाई उषाको नजिकमा ल्याइदिएकी थिइन्। राजकुमारीको निजी खोपीमा उषासँग अनिरुद्धलाई रतिक्रीडामा आनन्दपूर्वक लागिरहेका देखेपछि त्यहाँ रहेका सुरक्षाकर्मीहरूले दैत्यराज बाणासुरका नजिकमा गएर त्यहाँ भित्र भइरहेको सबै कुरा विस्तारपूर्वक बताइदिए। ती सुरक्षाकर्मीहरूले त्यो दुष्टात्मा बाणासुरबाट युद्ध गर्ने आदेश पाएकाले अनिरुद्धमाथि आक्रमण गरे। यसरी आफूमाथि आक्रमण भएपछि अनिरुद्धले पनि फलामले बाँधेको दण्डले हिर्काएर तिनीहरूको वध गर्न थाले। अनिरुद्धद्वारा ती सबै सैनिकहरू मारिइसकेपछि अनिरुद्धको वध गर्न तयार भएको बाणासुर आफ्नो रथमा सवार भएर त्यहाँ आइपुग्यो र आफ्नो सम्पूर्ण शक्ति लगाएर युद्ध गर्दा पनि अनिरुद्धलाई पराजित गर्न असमर्थ भयो अर्थात् ऊ आफैँ पराजित भएपछि उसले आफ्ना मन्त्रीहरूले दिएको सल्लाहअनुसार अनिरुद्धसँग विभिन्न किसिमका मायालाई आधार मानेर युद्ध गर्न आरम्भ गरेर अनिरुद्धलाई नागपाशले बाँध्न सफल भयो। द्वारकापुरीमा अनिरुद्ध कहाँ गए भन्ने कुराकानी आरम्भ भएपछि देवर्षि नारदले त्यहाँ गएर अनिरुद्ध बाणासुरद्वारा सर्पको पासोले बाँधिएर रहेको सुनाइदिए। देवर्षि नारदबाट योगविद्यामा अत्यन्तै सिपालु चित्रलेखाले अनिरुद्धलाई द्वारकापुरीबाट अपहरण गरेर शोणितपुरमा लगेको कुरा सुनेपछि यादवहरू पारिजात अपहरण गर्दाका समयमा पराजित भएका देवताहरूले अनिरुद्धको अपहरण नगरेको कुरामा विश्वस्त भए।

त्यसपछि परमात्मा श्रीहरिले स्मरण गर्नासाथै त्यहाँ उपस्थित भइसकेका गरुडमा सवार भएर बलराम र प्रद्युम्नलाई आफ्ना साथमा लिएर बाणासुरको शोणितपुरतिर जानुभयो। शोणितपुरमा प्रवेश गर्दाकै समयमा परमात्मा श्रीहरिसँग

प्रथमगणको युद्ध भए तापनि तिनीहरूको वध गरिदिएर परमात्मा श्रीकृष्ण बाणासुरको नगरका नजिकमा पुग्नुभयो। बाणासुरको सुरक्षाका लागि महेश्वरद्वारा उत्पन्न गराइएको तीन सिर र तीन खुट्टा भएको ज्वरले शार्ङ्ग धनुष धारण गर्नुभएका परमात्मा श्रीकृष्णसँग युद्ध गर्न थाल्यो। त्यस ज्वरको शरीर अत्यन्तै भयानक थियो। त्यस ज्वरले फ्याँकेको भस्मको स्पर्शका प्रभावले अतिपीडित हुनुभएका बलरामले परमात्मा श्रीकृष्णको शरीरलाई आलि न गर्दा आँखा चिम्लिनुभयो। परमात्मा श्रीकृष्णसँग उहाँकै शरीरमा प्रवेश गरेर युद्ध गरिरहेको माहेश्वर ज्वरलाई वैष्णव ज्वरले शीघ्रतापूर्वक परमात्मा श्रीकृष्णको शरीरबाट बाहिर निकालिदियो। त्यस समयमा परमात्मा श्रीवासुदेवका हातहरूको प्रहारबाट ज्यादै पीडित भएको त्यस माहेश्वरलाई देखेर ब्रह्माले परमात्मा श्रीकृष्णसँग भन्नुभयो।

ब्रह्माले भन्नुभयो– हजुरले यसलाई अभयदान दिनुहोस्। त्यसपछि परमात्मा श्रीमधुसूदनले मैले क्षमा गरिदिंए भनेर त्यो वैष्णव ज्वरलाई आफैंमा विलीन गराउनुभयो।

त्यसपछि ज्वरले भन्यो– जुन व्यक्तिले हजुरसँग मेरो यस युद्धको स्मरण गर्दछ, त्यसले जीवित रहँदासम्म ज्वरोबाट दुःख पाउने छैन।

यसपछि ऊ त्यहाँबाट गयो। श्रीकृष्णले पञ्चाग्निहरूलाई पराजित गर्दै तिनीहरूको संहार गर्न थाल्नुभयो। यसपछि दैत्यसेनासहित बलिको पुत्र बाणासुर, भगवान् शङ्कर र कार्तिकेयले परमात्मा श्रीकृष्णसँग युद्ध गर्न आरम्भ गरे। त्यस समयमा परब्रह्म परमात्मा श्रीकृष्ण र सृष्टिको संहारकर्ता महादेवका बीचमा अतिभयानक युद्ध भयो। यस युद्धमा प्रयोग गरिएका शस्त्रअस्त्रहरूबाट निस्किएको ज्वाला (प्रकाश) ले पीडित भएर सबै लोक ज्यादै भयभीत भए। यसप्रकारको भयानक युद्ध भइरहेको देखेर देवताहरूले निश्चय पनि प्रलय हुने समय आएको रहेछ भन्ने सम्झिए। यस भयानक युद्धमा परमात्मा श्रीकृष्णले निद्रा लगाउने अस्त्र प्रहार गरेर शिवशङ्करलाई आलस्य भावसम्पन्न गराइदिनुभएपछि महादेवजी अर्धनिद्रित भएकाले प्रथमगण र दैत्यहरूको वध गर्न थाल्नुभयो। भगवान् शिवशङ्कर निद्राको आलस्यका वशमा परेर रथको पछाडिको भागमा

बस्नुभयो र अनायास रूपमा अद्भुत कार्य गर्नुहुने परमात्मा श्रीकृष्णसँग युद्ध गर्न असमर्थ हुनुभयो। गरुडले कार्तिकेयको वाहन मयूरलाई घाइते बनाइदिए तथा कार्तिकेय पनि प्रद्युम्नद्वारा प्रहार गरिएको बाणबाट अत्यन्त पीडित भए भने परमात्मा श्रीकृष्णको हुङ्कार सुनेर भाग्न थाले, यथार्थमा उनी अत्यन्तै भयभीत भए।

यसप्रकारले परमात्मा श्रीकृष्णले शिवलाई निद्रायुक्त आलस्यसम्पन्न, कार्तिकेयलाई पराजित, दैत्यसेनाहरूको सर्वनाश र प्रमथ गणहरूको शक्ति क्षीण भएको देखेपछि राजा बाणासुर आफ्नो सुन्दर रथमा सवार भएर परमात्मा श्रीकृष्णको सेनासँग युद्ध गर्न उत्साहित हुँदै युद्धभूमिमा आइपुग्यो। बाणासुर जुन रथमा सवार भएको थियो, त्यस रथलाई तान्ने घोडाको लगाम नन्दीश्वर (शिवजीको एक गण वा द्वारपाल, जसको मुख बाँदरको झैँ र शरीर कालो हुने भनिएको छ) आफैँले समाएका थिए। त्यो बाणासुर आएको देखेपछि बलरामले युद्धको नीतिअनुसार अनेकौँ किसिमका बाणहरू वर्षाएर बाणासुरको सेनालाई छिन्नभिन्न पारिदिनुभएकाले ती सैनिकहरू आफ्नो युद्धधर्म परित्याग गरेर यताउता भाग्न थाले। त्यस समयमा बाणासुरले बलरामले आफ्नो हलो र मुसलको प्रयोग गरेर सेनालाई पीडित बनाइरहनुभएको तथा परमात्मा श्रीकृष्णले आफ्नो सुदर्शनचक्र प्राहर गरेर तिनीहरूलाई छिन्नभिन्न पारिरहनुभएको देखेसपछि परमात्मा श्रीकृष्णको बाणासुरसँग भयानक युद्ध आरम्भ भयो। यो युद्धमा दुवैले एकअर्काप्रति अतिशय प्रज्वलितर कवच भेदन गर्ने सामर्थ्य भएका बाणको वर्षा गराउन थाले। परमात्मा श्रीकृष्णले बाणसुरले प्रहार गरेका सबै किसिमका बाणहरू काटिदिनुभएकाले अतिक्रोधित भएको बाणासुरले परमात्मा श्रीकेशवलाई र श्रीकेशवले बाणासुरलाई बाणहरूले भेदन गरिदिए। यसरी परमात्मा श्रीकृष्ण र बाणासुर दुवैले एकअर्कामाथि विजय हासिल गर्ने अभिलाषाले शीघ्रतापूर्वक तिखा बाणहरूको प्रहार गर्न थाले।

यसप्रकार सबै किसिमका बाण र अस्त्रशस्त्र व्यर्थ भएपछि परमात्मा श्रीहरिले बाणासुरको बध गरिदिने निश्चय गर्नुभएकाले उहाँले सैकडौँ सूर्यको जस्तै तेज भएको आफ्नो सुदर्शनचक्र धारण गर्नुभयो। जुन समयमा परमात्मा

श्रीमधुसूदनले बाणासुरको बध गर्न आफ्नो सुदर्शनचक्र प्रहार गर्न लाग्नुभएको थियो, त्यसै समयमा दैत्यहरूकी विद्या मन्त्रमयी कलदेवी नग्नावस्थामा परमात्मा श्रीकृष्णका अगाडि आइदिइन् । उनलाई देख्नेबित्तिकै परमात्मा श्रीकृष्णले आफ्ना आँखा चिम्लिएर बाणासुरलाई लक्ष गरेर त्यसका हातहरू काटिदिनका लागि आफ्नो अतुलनीय शक्ति भएको सुदर्शनचक्र छाडिदिनुभयो । परमात्मा श्रीअच्युतद्वारा प्रहार गरिएको त्यो सुदर्शनचक्रले दैत्यहरूबाट चलाइएका अस्त्रहरूलाई काट्दै गएर सिलसिलाबद्ध रूपमा बाणासुरका हातहरू काटिदिएर उसका दुइटा हातमात्र बाँकी रहे । भगवान् शङ्करलाई परमात्मा श्रीमधुसूदनले बाणासुरका हातहरू काटेर आफ्नो हातमा आएको सुदर्शनचक्र उसको वध गर्नका लागि फेरि छोडिदिन चाहनुहुन्छ भन्ने ज्ञान भएकाले श्रीमहादेवले बाणासुरका काटिएका हातका गिँडहरूबाट रगतको धारा बगिरहेको देखेर परमात्मा श्रीगोविन्दका नजिकमा आएर उहाँसँग विनम्रतापूर्वक भन्नुभयो ।

श्रीशङ्करले भन्नुभयो— हजुर पुरुषोत्तम परमेश्वर परमानन्द स्वरूप र आदि, अन्त नहुनु भएको मलाई ज्ञान छ। हजुरले सबै जीवका हृदयमा निवास गर्नुभएको छ; हजुरले देवता, पशुजस्ता तिर्यक्योनि र मनुष्यलगायतका योनिहरूमा जुन जन्म लिनुहुन्छ; त्यो हजुरको स्वेच्छाअनुसारको उपलक्षण लीलामात्र हो। हजुर प्रसन्न भइदिनुस् । मैले यसभन्दा पहिला नै यस बाणासुरलाई अभयदान दिइसकेको छु । त्यसकारण मैले जुन वचन दिइसकेको छु; त्यसलाई हजुरले असत्य नबनाइदिनुहोला। यो आफैँ अपराधी नभएर मेरो आश्रय पाएका कारणले गर्दा यो अत्यन्तै अभिमानी भएको हो। मैले नै यस दैत्यलाई वरदान दिएको थिएँ। त्यसकारण यसका लागि म आफैँ क्षमा याचना गर्दछु।

पराशरले भन्नुभयो—भगवान् श्रीशङ्करले यसरी अनुरोध गर्नुभएपछि परमात्मा श्रीगोविन्दले बाणासुरप्रति उत्पन्न भएको क्रोधभाव परित्याग गर्दै प्रसन्नतापूर्वक भन्नुभयो ।

श्रीभगवान्ले भन्नुभयो—यदि तपाईंले यसलाई वरदान दिनुभएको छ भने यो बाणासुर जीवित रहनेछ । तपाईंका वचनको सम्मान गर्नका लागि म आफ्नो सुदर्शनचक्र लिन्छु। तपाईंले जसलाई अभयदान दिनुभएको छ; त्यसलाई

मैले पनि अभयदान दिएँ। तपाईंले मलाई आफूभन्दा अलग नसम्भिनुहोस्। किनकि म जो हुँ, हजुर पनि त्यही हुनुहुन्छ। यी देवता, असुर र मनुष्यहरूले परिपूर्ण भएको जगत् मेरो र तपाईंको स्वरूप भए तापनि जसको अन्तरात्मा अविद्याबाट मोहित भएको छ, त्यसैले भेद रहेको सम्भन्छ। यसप्रकारका कुरा गरिसकेपछि परमात्मा श्रीकृष्ण प्रद्युम्नका पुत्र अनिरुद्ध रहेको ठाउँमा जानुभयो। त्यस समयमा अनिरुद्धको बन्धनका रूपमा रहेका नागहरू गरुडलाई देखेर अतिभयभीत हुँदै त्यहाँबाट भाग्न थाले। त्यसपछि अनिरुद्धलाई उनकी पत्नी उषासहित गरुडमा बसाएर बलराम, श्रीकृष्ण र प्रद्युम्न द्वारकापुरीमा आउनुभयो।

मैत्रेयले भने— परमात्मा श्रीविष्णु भगवान्ले मनुष्य शरीर धारण गर्नुभएर लीला गर्नुहुँदै इन्द्र, महादेव तथा अन्य देवताहरूलाई पनि पराजित गरेर जुन अत्यन्त महान् कार्य सम्पन्न गर्नुभयो, त्यसका विषयमा मैले विस्तारपूर्वक सुने। परमात्माले यी कार्यबाहेक अन्य जुन कार्य सम्पन्न गर्नुभएको थियो, ती सबैका विषयमा मलाई सविस्तार सुनाइदिनुहोस्। किनकि मेरो मनमा परमात्माका ती लीलामय कार्यका विषयमा सुन्ने तीव्र जिज्ञासा उत्पन्न भएको छ।

पराशरले भन्नुभयो—मानवस्वरूप धारण गर्नुभएका परब्रह्म परमात्मा श्रीकृष्णले जुन किसिमले वाराणसी नगर डढाइदिनु भयो, म त्यसका विषयमा बताउनेछु, तिमी ध्यानपूर्वक सुन। अविवेकले यथार्थ रूपमा मोहित भएका केही मनुष्यहरूले पौण्ड्र वंशमा उत्पन्न भएका कुनै एक राजालाई तपाईंले पृथ्वीमा परमात्मा श्रीवासुदेवको स्वरूपमा अवतार लिनुभएको छ भने। यसैले उनी वासुदेवका नामबाट प्रख्यात भए। पूर्वस्मरण नष्ट भएका कारणले ती राजाले आफू स्वयं वासुदेव भएको र आफूले यस पृथ्वीमा अवतार लिएको निश्चय गरे। ती राजाले परमात्मा श्रीविष्णुका सबै किसिमका चिह्न धारण गर्न थाले। परमात्मा श्रीकृष्णका नजिकमा उनले एउटा दूत (समाचारबाहकका) माध्यमद्वारा उहाँलाई तिमीले तत्कालै मेरा सबै किसिमका चिह्नहरू र मेरो नाम त्याग गरिदेऊ भन्ने आदेशात्मक किसिमले सन्देश पठाए।

जुन सन्देशमा भनिएको थियो—तिमीले आफूलाई वासुदेव भनेर जुन घमण्ड गरिरहेका छौ, त्यो परित्याग गरिदेऊ र जीवित रहेन चाहना छ ने मेरो

शरणमा आऊ। त्यो दूतले यस किसिमको सन्देश सुनायो, त्यसपछि परमात्मा श्रीकृष्णले मुसुमुसु हाँस्दै त्यस दूतसँग भन्नुभयो।

श्रीकृष्णले भन्नुभयो–तिमीले गएर आफ्ना स्वामीलाई सुनाइदेऊ कि म आफूले धारण गरेको चिह्नस्वरूप सुदर्शनचक्र अत्यन्त चाँडै तिम्रा स्वामीमाथि छोडिदिन्छु। तिमीले गएर मेरा तर्फबाट पौण्ड्रकलाई मैले तिम्रो कुराको वास्तविक भाव बुझें। त्यसकारण तिमीलाई जे उचित लाग्दछ त्यस्तै गर भनेर सुनाइदेऊ। म आफ्नो चिह्न र स्वरूप धारण गरेर तिम्रो नगरमा अवश्य आउनेछु र निश्चित रूपमा आफ्नो चिह्नका रूपमा रहेको सुदर्शनचक्र तिमीमाथि छोडिदिनेछु, यसमा तिमीले मलाई जुन आज्ञापूर्वक आदेशात्मक सन्देशमा यहाँ आऊ भनेका छौ, म त्यसको पनि अनिवार्य रूपमा पालना गर्दछु। त्यसैले म भोलि नै तिम्रो सेवामा उपस्थित हुने कुरामा तिमी विश्वस्त रहनू। म नजिकमा आएर त्यसै किसिमको व्यवहार गर्नेछु; जसको प्रभावले गर्दा फेरि तिमीबाट मलाई कुनै किसिमको भय उत्पन्न हुन नपाओस् अथवा मैले तिमीबाट फेरि कहिल्यै पनि भयभीत हुनु नपरोस्।

परमात्मा श्रीकृष्णका यसप्रकारका कुरा सुनेपछि त्यो दूत त्यहाँबाट गयो। परमात्मा श्रीकृष्ण आफूले स्मरण गर्नेबित्तिकै त्यहाँ उपस्थित भएको गरुडमा सवार भएर शीघ्रतापूर्वक काशीतिर लाग्नुभयो। परमात्मा श्रीकृष्णको आफ्नो राज्यमा आगमन भएको समाचार सुनेपछि काशीराज पनि आफ्नो पछाडि बसेर हौसला बढाउने व्यक्तिहरू सहित आफ्ना सबै सेनाहरू लिएर आए। आफू साक्षत् वासुदेव भएको घमण्डले अभिप्रेरित भएका काशी नगरका राजा पौण्ड्रक आफ्नो विशाल सेनासहित परमात्मा श्रीकृष्णका अगाडि आए। परमात्मा श्रीहरिले टाढैबाट आफ्ना हातमा चक्र, गदा, शार्ङ्गधनुष र कमलको फूल लिएर एउटा उत्तम रथमा विराजमा भएका पौण्ड्रकलाई देख्नुभयो। उसले घाँटीमा वैजयन्तीमाला, शरीरमा पीताम्बर, गरुडसम्पन्न ध्वजा र छातीमा श्रीवत्सको चिह्न, विभिन्न किसिमका रत्नहरूले सुसज्जित मुकुट र कुण्डल धारण गरिरहेको देखेर गरुड वाहन भएका परमात्मा गम्भीरतापूर्वक हाँस्न थाल्नुभयो। त्यसपछि उसको हात्ती र घोडासहित तरबार, खड्ग, गदा, भिरजस्तै प्राचीन एक हतियार तथा

धनुषले सुसज्जित भएको सेनासँग युद्ध गर्न थाल्नुभयो। परमात्मा श्रीकृष्णले एक क्षणमै आफ्नो शार्ङ्ग धनुषबाट छोड्नु भाएका शत्रुहरूलाई अतिपीडित बनाउने तेजिला बाण, गदा र चक्रले उसको समग्र सेना नष्ट गराइदिनुभयो। यसरी काशीराजको पौण्ड्रकको सेनालाई नष्ट गरेपछि परमात्मा श्रीजनार्दनले आफ्ना चिह्नहरू धारण गरेको महामूर्ख पौण्ड्रकसँग भन्नुभयो।

श्रीभगवान्‌ले भन्नुभयो–तिमीले आफ्नो दूतद्वारा मलाई तिमीले मेरा चिह्नहरू परित्याग गरिदेऊ भन्ने समाचार पठाएका थियौ। त्यसकारण अब म तिम्रा अगाडि तिम्रो त्यो आज्ञाको पालना गर्दछु अर्थात् मैले धारण गरिरहेका चिह्नहरू परत्याग गर्दछु। तिम्रो आदेशात्मक आज्ञाअनुसार मैले यो चक्र छोडिदिएँ, यो गदा पनि छोडिदिएँ र यो मेरो वाहन गरुड पनि छोडिदिएँ। अब यो गरुड तिम्रो झण्डामा अवस्थित हुनेछ।

पराशरले भन्नुभयो– परमात्मा श्रीकृष्णले यसो भनेर छाडिदिनुभएको त्यो सुदर्शनचक्रले पौण्ड्रकलाई चिरेर दुई फ्याक पारिदियो, उसलाई गदाले रथबाट जमिनमा झारिदियो भने गरुडले उसको झण्डा च्यातिदिएकाले त्यहाँ उपस्थित भएका सबै सेनाहरूका बीचमा कोलाहल मच्चिन थालेपछि आफ्ना मित्रको हत्याको बदला लिनका लागि काशीका राजाले परमात्मा श्रीवासुदेवसँग युद्ध गर्न थाले वा परमात्मा श्रीकृष्ण र काशीराजका बीचमा युद्ध आरम्भ भयो। त्यो युद्धमा परमात्मा श्रीकृष्णले आफ्नो शार्ङ्ग नाम भएको धनुषबाट छोडिदिनुभएको एउटा बाणले काशीराजको सिर काटेर काशीपुरीमा फ्याँकिदिनुभयो। यसरी उनको सिर काटिएको देख्ने मनुष्यहरू ज्यादै आश्चर्यचकित भए। यसप्रकारले पौण्ड्रक र काशीनरेशको आफ्ना सबै सेवकसहित वध गरिदिएर परमात्मा श्रीकृष्ण फर्किएर द्वारका आउनुभयो र त्यहाँ स्वर्गका बराबरको सुखको उपभोग गर्दै आनन्दपूर्वक घुमफिर गर्न थाल्नुभयो। काशीपुरीमा काशीका राजाको काटिएको सिर झरेको देखेर नगरका सबै बासिन्दाहरू एकअर्काका बीचमा कुराकानी गर्दै भन्न थाले, यो के भयो, राजालाई कसले काटिदियो ? जब काशीराजका पुत्रहरूलाई परमात्मा श्रीकृष्णले आफ्ना पिताको सिर काटिदिनुभएको कुरा थाहा भयो। त्यसपछि उनले आफ्ना पुरोहितसँग समायोजित भएर भगवान् श्रीशङ्करलाई

प्रसन्न गराए । काशी महाक्षेत्रमा ती काशीराजका छोराबाट अत्यन्तै प्रसन्न हुनभएका भगवान् श्रीशङ्करले वर माग्ने आज्ञा दिनुभयो ।

काशीराजका पुत्रले भने– यदि हामीमा हजुरको कृपा रहेको छ भने मेरा पिताको वध गर्ने परमात्मा श्रीकृष्णको विनाश गराउनका लागि अग्निबाट कृत्या उत्पन्न होउन् ।

भगवान् श्रीमहेश्वरले भन्नुभयो- त्यस्तै हुनेछ ।

पराशरले भन्नुभयो– उहाँले यसरी वरदान दिएपछि दक्षिणाग्निको चयन गर्दा त्यसैको अग्निलाई विनाश गर्ने शक्तिशाली एक कृत्या उत्पन्न भइन् । त्यस कृत्याको अतिभयानक मुख अग्निको ज्वालाले परिपूर्ण भएको थियो भने त्यसको कपालराशि आगोको लपेटाजस्तै प्रकाशमय भएकाले तामाको वर्णको थियो । ती कृत्या ज्यादै क्रोधित भएर कृष्ण ! कृष्ण !! भन्दै अत्यन्तै तीब्रगतिमा द्वारकापुरीमा आइपुगिन् । ती धेरै भयानक स्वरूप भएकी कृत्यालाई देखेर भयभीत भएका कारणले चञ्चल आँखा भएका द्वारकाका बासिन्दाहरू परमात्मा श्रीमधुसूदनको शरणमा आश्रय लिन आए । जब परमात्मा श्रीकृष्णले काशीराजका पुत्रले भगवान् श्रीशङ्करको उपासना गरेर यी कृत्यालाई उत्पन्न गराएको कुरा थाहा पाउनु भयो, त्यस समयमा अक्षक्रीडामा व्यस्त रहनुभएका उहाँले यो प्रज्वलित आगोको लपेटारूपी कपालहरू भएकी कृत्यालाई मारिदेऊ भनेर आफ्नो सुदर्शनचक्र छोडिदिनुभयो । यसरी परमात्मा श्रीकृष्णले छाडिदिनुभएको त्यो सुदर्शनचक्रले ती आगोको लपेटासम्पन्न र अतिभयानक मुखाकृति भएकी कृत्यालाई तीव्रगतिमा पछ्याउन थाल्यो । त्यसपछि ज्यादै तीव्रगति भएकी भगवान् श्रमहेश्वरबाट उत्पन्न ती कृत्या परमात्मा श्रीविष्णुको सुदर्शनचक्रको तेज थाम्न नसकेर विध्वस्त भएर अत्यन्तै शीघ्रतापूर्वक भाग्न थालिन् भने सुर्दनचक्रले त्यसैअनुसारको गतिमा त्यसको पीछा गर्न थाल्यो ।

यसरी भाग्दै गरेकी कृत्याले ज्यादै तीव्रगतिमा वाराणसीपुरीमा प्रवेश गरिन् । त्यस समयमा परमात्मा श्रीविष्णुको सुदर्शनचक्रको प्रभावले गर्दा कृत्याको प्रभाव पूर्ण रूपमा नष्ट भइसकेको थियो अथवा ऊ प्रभावविहीन थिइन् । काशी नरेशका समग्र सेना र भगवान् शिवका प्रमथगण अस्त्रहरूले सुसज्जित

भएर परमात्मा श्रीविष्णुको सुदर्शनचक्रको अगाडि आए। त्यो सुदर्शनचक्रले आफ्नो अतुलनीय तेजबाट शस्त्रअस्त्रहरूको प्रयोग गर्नका लागि अत्यन्तै सिपालु त्यो सैनिकहरूको समूहलाई जलाएर कृत्यासहित समग्र वाराणसी पनि जलाउन थाल्यो। वाराणसी नगरीमा त्यसका राजा, प्रजा, नगरबासीहरू, सेवक अथवा पालनपोषण गर्न योग्य, घोडा, हात्ती, मनुष्य अनेकौँ कोष र गाईको गोठ जे जति थिए, ती सबै जलेर नष्ट भए। परमात्मा श्रीहरिको त्यो सुदर्शनचक्रले आगोको लपेटासम्पन्न भएर सबै घर, चारैतिर घेरिएको पर्खालसमेतबाट अग्निका ज्वालाहरू प्रकट गराएर देवताहरूका लागि पनि दर्शन पाउन अीतकठिन मानिएको त्यो वाराणसीलाई यथार्थ रूपमा जलाइदियो। अन्तमा धेरै क्रोधित भएको र भयानक कर्म गर्न उत्साहित भएको तथा जसका किरण चारैतिर फैलिरहेका थिए, त्यो सुदर्शनचक्र फर्किएर फेरि परमात्मा श्रीकृष्णको हातमा आयो।

मैत्रेयले भने– अब म फेरि अतिबलशाली र बुद्धिमान् बलरामको पराक्रमका विषयमा सुन्न चाहन्छु, त्यसैले हजुरले ममा कृपा गरेर विस्तारपूर्वक बताइदिनुहोस्। मैले उहाँले यमुना नदीलाई आफ्नो उत्तम हलोले तान्नुभएको कुरा सुनिसकेँ। अब उहाँले अन्य जे-जे कार्यमा आफ्नो परक्रम देखाउनुभएको छ, ती सबै विस्तारमा बताइदिनुस्।

पराशरले भन्नुभयो– अनन्त, अप्रमेय, पृथ्वीलाई धराण गर्नुहुने शेषनागको अंशबाट अवतार लिनुभएका बलरामले जुनजुन कर्महरूमा आफ्नो पराक्रम देखाउनु भएको थियो, तिनीहरूका विषयमा मबाट विस्तारपूर्वक सुन। एक समयमा परमात्मा श्रीकृष्ण र जाम्बवतीका पुत्र साम्बले स्वयम्वरका अवसरमा दुर्योधनकी पुत्रीलाई जबरजस्ती अपहरण गरेका थिए अर्थात् स्वयम्वर गर्ने ठाउँबाट उठाएर लगेका थिए। त्यस समयमा अत्यन्त क्रोधित भएका महारथीहरू कर्ण, दुर्योधन, भीष्म, द्रोणजस्ता वीरहरूले जाम्बवतीका पुत्र साम्बलाई युद्धमा पराजित गरेर बाँधिदिए। यो समाचार पाएपछि परमात्मा श्रीकृष्णलगायत सबै यादवहरूले दुर्योधनलगायतका कौरवहरूप्रति अत्यन्तै क्रोधित हुँदै उनीहरूको वध गर्ने योजना बनाए। तर यादवहरूको योजना थाती राखेर अथवा उनीहरूलाई

रोकेर बलरामले मदिराको उन्मादका प्रभावले लरबराएको स्वरमा भन्नुभयो।

बलरामले भन्नुभयो—मेरो वचनका प्रभावले गर्दा कौरवहरूले साम्बलाई छाडिदिनेछन्, त्यसकारण उनीहरूका नजिकमा म एक्लै जान्छु।

पराशरले भन्नुभयो— बलराम हस्तिनापुरको नजिकमा पुगेपछि त्यसको बाहिरतिरै रहेको एउटा सुन्दर बगैँचामा बसेर विश्राम गर्न थाल्नुभयो, उहाँले हस्तिनापुरमा प्रवेश गर्नुभएन। दुर्योधनलगायतका राजाले बलराम हस्तिनापुरको नजिकमा आउनुभएको समाचार पाएपछि उहाँलाई गाई, अर्घ्य र पाद्य समपर्ण गरे। कौरवहरूद्वारा समर्पण गरिएका वस्तुहरू स्वीकार गर्दै बलरामले उनीहरूसँग भन्नुभयो।

बलरामले भन्नुभयो— राजा उग्रसेनले दिनुभएको आज्ञाअनुसार तपाईंहरूले साम्बलाई यसै समयमा छोडिदिनुपर्‍यो।

पराशरले भन्नुभयो— बलरामका यसप्रकारका कुरा सुनेर भीष्म, द्रोण, कर्ण र दुर्योधनसहितका राजा रिसले ज्यादै व्याकुल भए। यदुवंशलाई राजा भएर राज्य गर्नका लागि अयोग्य सम्झिएर बाह्लिकलगायत सबै कौरवहरूले अत्याधिक क्रोधित हुँदै बलरामजीसँग भन्न थाले।

उनीहरूले भने— हे बलराम ! तिमी यो के भनिरहेका छौ, यदुवंशमा त्यस्तो कुन व्यक्ति उत्पन्न भएको छ; जसले यो प्रसिद्ध कुरुका कुलमा उत्पन्न भएका शक्तिशाली महारथीहरूमध्ये कसैलाई आज्ञा दिन सकोस् ? यदि उग्रसेनले पनि कौरवहरूलाई आज्ञा दिनसक्ने क्षमता राख्दछन् भने राजाहरूका लागि अत्यन्त योग्य यो सेतो छाता महत्वहीन भयो। त्यसकारण तिमी जाऊ अथवा बस, त्यसको हामीलाई कुनै मतलव छैन। हामीहरू तिम्रो वा उग्रसेनको आज्ञाअनुसार यी अन्याययुक्त कर्म गर्ने साम्बलाई छाड्न सक्दैनौँ। कुकुर र अन्धकवंशीय यादवहरू प्राचीन कालमा हामी सम्माननीय कौरवहरूलई प्रणाम गर्दथे; तर अहिलेको अवस्थामा त्यो गर्दैनन्, त्यसबाट कुनै हानि भएको छैन। तर पनि एउटा सेवकले आफ्नो स्वामीलाई कसरी आज्ञा दिन सक्दछ ? हामीले तिमीहरूसँग एउटै आसनमा सँगसँगै बस्ने, समाहित रूपमा भोजन गर्नेजस्ता व्यवहार गरिदिएकाले तिमीहरू धेरै घमण्डी भयौ, यसमा तिमीहरूको कुनै दोष

छैन। किनकि हामीले नै प्रेममा आसक्त भएका कारणले गर्दा नीति र मर्यादाका विषयमा विचार गरेनौं। हामीले तिमीलाई जुन यो अर्घ्यलगायत समर्पण गऱ्यौं, त्यो हामीमा प्रेमभाव भएकाले मात्र गरिएको हो। यथार्थमा हाम्रो कुलका तर्फबाट तिमीहरूको कुलमा उत्पन्न भएका कुनै पनि व्यक्तिलाई अर्घ्यलगायत समर्पण गर्न उचित छैन।

पराशरले भन्नुभयो– कुरुहरू यस किसिमको जवाफ दिएर तथा हामी परमात्मा श्रीकृष्णका पुत्र साम्बलाई मुक्त गर्दैनौं भन्ने जबाफ दिएर हस्तिनापुर फर्किएपछि बलरामले ती कौरवहरूबाट गरिएको अपमान सहन गर्न नसकेर ज्यादै क्रोधित भएर आँखा तर्दै पृथ्वीमा एक लात्ती हिर्काउनुभयो। बलरामले लात्तीले हिर्काएपछि पृथ्वीमा धाँजा फाट्यो भने उहाँले आफ्नो वीरतापूर्ण गर्जाइबाट दसै दिशाहरूलाई कम्पायन गराउन थाल्नुभयो तथा अतिक्रोधित हुनुभएकाले आफ्ना आँखा राताराता र आँखिभौँ टेढो पार्दै बलरामले भन्नुभयो।

बलरामले भन्नुभयो– यी अतितुच्छ सामर्थ्य भएका दुष्ट कौरवहरूमा यो कस्तो राजा हुने स्वतःसिद्ध अधिकार रहेको छ। यिनीहरूले आज महाराज उग्रसेनको आज्ञा पालन नगरेर त्यसको उल्लङ्घन गरिरहेका छन्। आज राजा उग्रसेन सुधर्मा साभामा बस्दछन्। त्यसमा इन्द्र पनि बस्न सक्दैनन्, तर यी घमण्डी कौरवहरूलाई धिक्कार छ, जसलाई सैकडौं मनुष्यहरूले भोग गरिसकेर जुठोको रूपमा प्राप्त भएको राजसिंहासनमा ज्यादै सन्तुष्ट भइरहेका छन्। ती उग्रसेन यिनीहरूका महाराज होइनन्, जसको सेवकका स्त्रीहरूले पनि अतिपवित्र र सर्वोत्कृष्ट पारिजातको फूलको आफ्नो सिरमा लगाउँछन्। तिनै उग्रसेन पृथ्वीमा भएका सबै राजाहरूका महाराज बनेर रहुन्। आज म एक्लैले यी पृथ्वीलाई कौरवविहीन बनाएर मात्र द्वारकापुरीमा जानेछु। आज म यी ज्यादै दुष्ट कर्ण, दुर्योधन, द्रोण, भीष्म, बाह्लिक, दुःशासन, भूरिश्रवा, सोमदत्त, शल, भीम, अर्जुन, युधिष्ठर, नकुल, सहदेव र अन्य सबै कौरवहरू तथा उनीहरूका हात्ती, घोडा र रथसहित मारिदिएर र साम्बलाई उनकी पत्नीसहित आफैँसँग लिएर मात्र द्वारकापुरी फर्किनेछु। यो कार्य गरेर मात्र मैले महाराज उग्रसेनसहित आफ्ना बन्धुबान्धवहरूलाई भेट्ने छु अथवा यी दुष्ट स्वभाव भएका कौरवसहित

हस्तिनापुरलाई पृथ्वीबाट उखलेर भागीरथी गङ्गाजीमा फ्याँकिदिन्छु, जसको प्रभावले गर्दा पृथ्वीमा कुनै कौरवको अस्तित्व रहने छैन।

पराशरले भन्नुभयो– यसप्रकचारको चिन्तन गरेपछि रीसले आँखा राताराता बनाउनुभएका बाहिरी पर्खालको फेदमा हलो लगाएर तान्नुभयो। त्यसपछि त्यस समयमा सम्पूर्ण हस्तिनापुर हल्लिन थालेको देखेर अतिडराएका कौरवहरूले बलरामको नजिकमा आएर भने।

उनीहरू भने– हामीबाट भएको अपराध क्षमा गरिदिनुहोस्, क्षमा गरिदिनुहोस्। हजुरले हामीबाट प्रसन्न भएर आफ्नो क्रोध शान्त गराइदिनुहोस्। हामी हजुरलाई यसै समयमा उनकी पत्नीसहित साम्ब सुम्पन तयार छौँ अथवा सुम्पन्छौँ। हामीलाई हजुरको प्रभावका विषयमा ज्ञान थिएन। त्यसकारण हामीबाट हजुरको अपमान भयो, अब हामी यसरी हजुरको अपमान हुने अपराध गर्ने छैनौँ, हामीलाई क्षमा गरिदिनुहोस्।

पराशरले भन्नुभयो– त्यसपछि कौरवहरूले शीघ्रतापूर्वक आफ्नो नगरभन्दा बाहिर आएर उनकी पत्नीसहित साम्ब बलरामलाई सुम्पिएर प्रणाम गर्दै अतिप्रिय वचन बोलिरहेका भिष्म, द्रोण, कृपलगायतसँग बलरामले भन्नुभयो।

बलरामले भन्नुभयो– धन्यवाद ! मैले तपाईंहरूलाई क्षमा गरिदिएँ।

पराशरले भन्नुभयो– त्यस समयदेखि आजसम्म हस्तिनापुर गङ्गाजीतिर केही मात्रामा ढल्किएको जस्तो देखिन्छ। यो बलरामको बल र सामर्थ्यको परचय दिने उहाँको प्रभाव मात्र हो। त्यसपछि कौरवहरूले धेरै दाइजोसहित दुलही विदा गरिदिए।

शेषनागको अंशबाट अवतार लिनुभएका बलरामले अन्य जे-जे पुरुषार्थयुक्त कार्य गर्नुभएको छ, तिनीहरूका विषयमा सुन। प्राचीन कालमा देवताहरूको शत्रु नरकासुरको अत्यन्तै सुहृदयी मित्र द्विविद नाम भएको एउटा बाँदर थियो। त्यो बाँदरले देवताहरूसँग शत्रुतापूर्ण व्यवहार गर्न थाल्यो। यसको कारण थियो, पहिले परमात्मा श्रीकृष्णले देवताहरूको कल्याणका लागि नरकासुरको वध गरिदिनुभएको थियो। त्यस समयमा त्यो भएको बाँदरले म एक्लै सबै यज्ञहरूको क्रियामा व्यवधान उत्पन्न गराउने कार्य गरेर मर्त्यलोकको

विनाशसहित देवताहरूको प्रतिकार गर्न सक्षम छु भन्ने निश्चय गऱ्यो । यस्तो निश्चय गरेर अज्ञानबाट मोहित भएको त्यो बाँदरले यज्ञहरूमा व्यवधान उत्पन्न गराउन थाल्यो। उसले कुनै समयमा गाउँ, नगर र जङ्गललगायत जलाएर भष्म गराइदिन्थ्यो भने कुनै समयमा पर्वत उठाएर गाउँमा फ्याँकिदिएर गाउँ नष्ट गराइदिन्थ्यो तथा कुनै समयमा पर्वतलाई पूर्ण रूपमा उखेलेर समुद्रमा फ्याँकिदिने गर्दथ्यो र कुनै समयमा आफैं समुद्रमा पसेर समुद्रको पानीलाई खल्बल्याइदिन्थ्यो अथवा समुद्रको पानीमा उत्तेजना उत्पन्न गराइदिन्थ्यो। समुद्रको पानीले अग्लाअग्ला छालहरूका माध्यमद्वारा किनारालाई आफ्नो नियन्त्रणमा लिएर किनारको नजिकमा गाउँहरूलाई डुबाइदिन्थ्यो। आफ्नो चाहनाअनुसारको स्वरूप धारण गर्न रहेको त्यो बाँदर कुनै समयमा लडीबुडी गर्न थाल्दथ्यो अर्थात् लोटपोट गर्दथ्यो र आफ्नो लडीबुडीको दलाइले खेतहरूमा लगाइएको बालीनाली पूर्ण रूपमा नष्ट पारिदिन्थ्यो । त्यो बाँदरले समग्र संसारलाई स्वाध्याय र वषट्कार अथवा देवताहरूको उद्देश्यले आहुति दिइने यज्ञ शून्य बनाइदिएकाले यो संसार ज्यादै दुःखमय थियो।

एकदिन क्रीडा गरेर ज्यादै थकित हुनभएका बलराम राजा रैवतको बगैंचामा बसेर सुरापान गरिरहनु भएको थियो। उहाँसँग रेवती तथा अन्य नारीहरू पनि थिए। त्यस समयमा सुन्दर तरुनीहरूका बीचमा यदुश्रेष्ठ बलराम गीत गाउँदै मन्दराचल पर्वतमा कुबेर बसे जस्तैगरी शोभायमान हुनुभएको थियो। त्यहाँ त्यो द्विविद नाम भएको बाँदर आएर बलरामको हलो र मुसल लिएर उहाँका अगाडि उहाँकै विभिन्न किसिमको नकल गर्न थाल्यो। त्यो दुष्ट बाँदर त्यहाँ भएका सबै स्त्रीहरूलाई अतिकामुक दृष्टिले हेर्दै हाँस्न लाग्यो र त्यहाँ मदिरा भरेर राखिएको कलश फुटाएर फ्याँकिदियो। बलरामले त्यसलाई गाली गर्नुभएकाले त्यो दुष्यात्मा बाँदर उहाँको अपमान गर्दै आनन्दले गरिने खलबलीको ध्वनि निकाल्न थाल्यो। बलरामले मुसुमुसु हाँस्दै आफ्नो मुसल उठाउँदा त्यस बाँदरले पनि एउटा अतिभयानक पर्वतको ढुङ्गो उठायो तथा उसले त्यो ढुङ्गो बलरामलाई ताकेर फ्याँक्दियो, तर बलरामले आफ्नो मुसलले प्रहार गरेर त्यो ढुङ्गालाई हजारौं टुक्रा पारिदिनु भएकाले त्यो पृथ्वीमा खस्यो। त्यो बाँदरले

बलरामले गर्नुभएको मुसलको प्रहारबाट बच्दै क्रोधपूर्वक तिव्रगतिमा गएर उहाँको छातीमा एक मुड्की हान्यो। बलरामले अत्यन्तै क्रोधित भएर द्विविदको सिरमा एक मुड्की हिर्काउँदा त्यो बाँदर रगत छाद्दै प्राणहीन भएर पृथ्वीमा ढल्यो।

यसरी त्यो बाँदर पृथ्वीमा खस्दा त्यसको शरीरको भारका प्रभावले इन्द्रको वज्रबाट टुक्राटक्रा भए जस्तैगरी त्यो पर्वतको चुचुरो सैकडौं टुक्रामा परिणत भयो। त्यस समयमा देवताहरू बलराम रहनुभएको ठाउँमा आकाशबाट फूल वर्षाएर त्यहाँ आए।

देवताहरूले भने– हजुरले यो ज्यादै उत्तम कार्य गरिदिनुभयो भन्दै उहाँको प्रशंसा पनि गरें। त्यो दैत्यहरूको कल्याण गर्ने कार्यमा अत्यन्तै उत्साहित भएर लागेको दुष्ट बाँदरले संसारलाई धेरै कष्ट दिइरहेको थियो। आज यो मारिनु ठूलो सौभाग्यको कुरा हो भन्दै यक्षसहित देवताहरू प्रसन्नतापूर्वक स्वर्गलोकमा गए।

पराशरले भन्नुभयो– पृथ्वीलाई आफ्ना फणामा धारण गर्नुहुने शेषनारायणको अंशबाट अवतार लिनुभएका बलरामका यसप्रकारका प्रशंसनीय कर्म अनेकौं छन्, जुन ज्यादै अतुलनीय छन्। यसरी बलराम र परमात्मा श्रीकृष्णले अत्यधिक बढेको अधर्म हटाएर धर्म स्थापना गर्ने सिलसिलामा दैत्य र दुराचारी राजाहरूको वध गरेर पृथ्वीलाई यिनीहरूको पीडाबाट यथार्थ रूपमा मुक्त गराइदिनुभयो तथा श्रीकृष्णले अर्जुनलाई आफ्नो सहयोगी बनाएर अठार अक्षौहिणी सेना नष्ट गर्दै पृथ्वीमाथिको बोझ हटाइदिनुभयो। यसरी शत्रुका रूपमा रहेका राजाहरू वध गरेर पृथ्वीलाई शान्त बनाएपछि ब्राह्मणहरूको सरापको बहाना बनाएर आफ्नो कुलको पनि यथार्थ रूपमा संहार गर्नुभयो। यी सबै कार्य गरिसकेपछि अन्तमा द्वारका र आफ्नो मनुष्य शरीर परित्याग गरेर श्रीकृष्ण आफ्नो अंशका रूपमा रहेका बलराम, प्रद्युम्नसहित आफ्नो विष्णुमय परमधाममा जानुभयो।

मैत्रेयले भने– परमात्मा श्रीकृष्णले ब्राह्मणको सरापका बहानामा कसरी आफ्नो कुलको संहार तथा आफ्नो मनुष्य शरीर त्याग गर्नुभयो ? यी सबै कुरा मलाई विस्तारमा बताइदिनुस्।

पराशरले भन्नुभयो– एक समयमा यालवकुमारहरूले पिण्डारक नाम भएको ज्यादै पवित्र तीर्थमा विश्वामित्र, कण्व र नारदजस्ता ऋषिलाई देखेपछि यौवनका कारणले अतिउन्मत्त भएका र भावीद्वारा यथार्थ रूपमा अभिप्रेरित भएका ती यादवकुमारहरूले जाम्बवतीका पुत्र साम्बलाई एउटी गर्भवती स्त्रीका जसरी नै सिँगारपटार गराएर त्यहाँ रहनुभएका ऋषिहरूलाई प्रणाम गर्दै सोधे।

तिनीहरूले भने– यी स्त्रीले पुत्र उत्पन्न गराउने कामना गरेकी हुनाले यिनले के जन्माउँछिन् तपाईंहरूले सत्य कुरा बताइदिनुहोस्।

पराशरले भन्नुभयो– यादवकुमारहरूको यसप्रकारको अत्यन्तै घृणित व्यवहार देखेर दिव्यज्ञानसम्पन्न ती मुनिहरूले आफ्नो अपमान भएको सम्भँदै ज्यादै क्रोधित हुँदै भने।

ऋषिहरूले भने– यसले सम्पूर्ण यादववंश सर्वनाशको कारणस्वरूप एउटा अलौकिक मुसल जन्माउँछे, जसबाट संसारमा भएका सबै यादवहरूको कुल यथार्थ रूपमा समाप्त हुनेछ।

पराशरले भन्नुभयो– मुनिहरूले यसो भनेपछि ती यादवकुमारहरूले त्यो सबै कुराकानी जस्ताको तस्तै राजा उग्रसेनलाई बताइदिए भने जाम्बवतीका पुत्र साम्बका पेटबाट एउटा अलौकिक मुसल उत्पन्न भयो। महाराज उग्रसेनले त्यो अत्यन्त अलौकिक फलामको मुसललाई धुलोपिठो गराइदिए पनि भालाको आकारको एक भागलाई जस्तोसुकै उपाय प्रयोग गर्दा पनि धुलोपिठो बनाउन नसकेपछि त्यसलाई लगेर समुद्रमा फ्याँकिदिए। त्यसबाट त्यहाँ धेरै सरकण्डहरू उत्पन्न भए। त्यो समुद्रमा फ्याँकिएको मुसलको भाला आकारको भागलाई एउटा माछाले निल्यो। त्यस माछालाई एउटा माझिले आफ्नो जालमा पाऱ्यो तथा त्यो माछालाई चिर्दा त्यसको पेटबाट निस्किएको त्यो मुसलको भाला बराबरको भागलाई जरा नाम भएको एउटा व्याधाले लिएर गयो। परमात्मा श्रीमधुसूदनलाई यी सबै कुराहरूको ज्ञान भए पनि उहाँले विधाताको इच्छामा कुनै किसिमको व्यवधान उत्पन्न गराउने चाहना राख्नुभएन। एकदिन देवताहरूद्वारा पठाइएको एउटा दूतले परमात्मा श्रीकृष्णका नजिकमा आएर उहाँलाई प्रणाम गर्दै भन्यो।

दूतले भन्यो– हजुरसँग एकान्तमा केही कुरा बताउनका लागि मलाई

देवताहरूले यहाँ पठाएका हुन् । विश्वदेव, अश्विनीकुमार, वायु, आदित्य, रुद्र, मरुद्‌गणसहितका सबै देवताहित स्वर्गका अधिपति इन्द्रले हजुरलाई जुन सन्देश पठाएका छन्, त्यो सुनिदिनुस् । देवताहरूद्वारा अभिप्रेति भएर उनीहरूसँगै पृथ्वीलाई पाप मुक्त गराउनका लागि हजुरले अवतार लिनुभएको सय वर्षभन्दा धेरै समय बितिसकेको छ तथा हजुरले संसारमा भएका सबै दुराचारी दैत्यहरूको वध गरिसक्नुभएको छ र पृथ्वीलाई पनि पीडा मुक्त गराइदिइसक्नुभएको छ। त्यसकारण अब हामीहरू हजुरसँग स्वर्गमा आएर देवताहरूको अभिभावक बनिदिनु हुन श्रद्धा र भक्तिपूर्वक प्रार्थना गर्दछौँ। हजुर पृथ्वीमा आउनुभएको सय वर्षभन्दा धेरैसमय भएको हुँदा अब यदि हजुरलाई उचित लाग्दछ स्वर्गलोकमा आउनुहोस्। देवताहरूको सन्देश अनुसार यदि हजुलाई पृथ्वीमै बस्ने चाहना भने यहीँ बस्नुस्। हामीले प्रभुका नजिकमा कर्तव्यका विषयमा नम्रतापूर्वक निवेदन गर्ने कार्य सेवकहरूको आफ्नो दायित्व निर्वाह मात्र गरेका हौँ।

श्रीभगवान्‌ले भन्नुभयो– तिमीले जे बताइरहेका छौ, त्यसका विषयमा मलाई ज्ञान छ। त्यसकारण मैले आफ्नो यादववंशको संहार गरेर पृथ्वीलाई यादव शून्य बनाउने कार्य थालनी गर्दै यादववंशको संहार आरम्भ गरिसकेको छु। यो यादववंशको यथार्थ रूपमा संहार नभएसम्म यथार्थमा पृथ्वी आफूमाथि परिरहेका पीडाबाट मुक्त हुन सक्दिनन्। त्यसकारण अब म अत्यन्तै शीघ्रतापूर्वक अर्थात् सात रातभित्रै सम्पूर्ण यादववंशको संहार गरेर स्वर्गलोक जानेछु। जसरी मैले यो अतिसुन्दर द्वारका नगरी रहेको भूमि समुद्रसँग मागेको थिएँ, त्यसरी नै समुद्रलाई फिर्ता गरिदिएर तथा पृथ्वीमा भएका सबै यादवहरूको संहार गरेर म स्वर्गलोकमा आउनेछु। अब देवराज इन्द्र र देवताहरूले यो बुझ्न आवश्यक छ, त्यो के हो भने मनुष्यशरीरको परित्याग गरिदिएर बलरामसहित स्वर्गलोकमा पुग्नै लागिसकेको छु। पृथ्वीको बोझका रूपमा रहेका जरासन्धालगायतका जुन जुन अत्यन्तै पराक्रमी वीरहरू मारिएका छन्, तिनीहरूका तुलनामा यी यादवकुमारहरू पनि जरासन्धहरू जस्तै हुन्। त्यसकारण पृथ्वीको भार हरणस्वरूप यो ठूलो कार्यसम्पन्न गरिसकेपछि अथवा पृथ्वीलाई यथार्थ रूपमा पीडावीहिन बनाइसकेपछि मात्र देवलोकको पालनपोषण गर्नका लागि म

स्वर्गलोक आउनेछु। तिमीले देवताहरूलाई मेरो यो सन्देश सुनाइदेऊ।

पराशरले भन्नुभयो— परमात्मा श्रीकृष्णले यसप्रकारको आज्ञा दिनुभएपछि त्यो देवताहरूले पठाएको दूत उहाँलाई प्रणाम गरेर दिव्यगतिका माध्यमद्वारा गएर देवराज इन्द्रका नजिकमा पुग्यो । यहाँ परमात्मा श्रीकृष्णले आफ्नो सुन्दर द्वारकापुरीमा दिनरात विनाशको सूचकस्वरूप अलौकिक, भुइँबाट उत्पन्न र अन्तरिक्षसँग सम्बन्धित अनेकौँ किसिमका उत्पातहरू आरम्भ भइसकेको देख्नुभयो । यसप्रकारका उत्पातहरू भइरहेको देखेपछि परमात्मा श्रीकृष्णले यादवहरूसँग भन्नुभयो ।

श्रीकृष्णले भन्नुभयो— हेर, यहाँ कस्तो ज्यादै भयानक उत्पात मच्चिरहेको छ, यी सबैलाई शान्त गराउनका लागि हामीले अत्यन्त शीघ्रतापूर्वक प्रभासक्षेत्र अथवा द्वारकाभन्दा धेरै पर सौरराष्ट्रमा रहेको तीर्थमा जानुपर्दछ।

पराशरले भन्नुभयो - परमात्मा श्रीकृष्णले यसो भन्नुभएपछि परम वैष्णव यादवश्रेष्ठ उद्धवले परमात्मा श्रीहरिलाई प्रणाम गर्दै उहाँसँग भने।

उद्धवले भने— मलाई ज्ञान भए अनुसार अब हजुर आफ्नो कुलको सर्वनाश गर्न लागिरहनुभएको छ। किनकि यस समय सबैतिर विनाशसूचक अनेकौँ उत्पात मात्र देखिइरहेका छन्। त्यसकारण हजुरले मलाई आज्ञा दिनुहोस् अब म के गरुँ ?

श्रीभवान्‌ले भन्नुभयो— तिमी मेरो कृपाका प्रभावले अलौकिक गतिमा मन्धमादन पर्वतभन्दा अगाडिको पर्वतमा अवस्थित रहेको बदरिकाश्रममा जाऊ। त्यो आश्रम नरनारायणको निवासस्थान हो र त्यसबाट यो सम्पूर्ण पृथ्वी पवित्र भएको छ। तिमीले त्यहाँ गएर आफ्नो अन्तरात्मालाई यथार्थ रूपमा ममा स्थापित गरेर तपस्या गर्नू। त्यसपछि मेरो कृपाका प्रभावले गर्दा तिमीले आफ्नो इच्छाअनुसारको सिद्धि प्राप्त गर्नेछौ। अब म पनि यो यादवकुलको पूर्ण रूपमा सर्वनाश गरिदिएर स्वर्गलोमा जान्छु। मैले परित्याग गरिसकेपछि समुद्रले यो सुन्दर द्वारकापुरीलाई आफ्नो आफ्नो नियन्त्रणमा लिन्छ।

पराशरले भन्नुभयो— परमात्मा श्रीकृष्णले यसप्रकारको आज्ञा दिएपछि उद्धव उहाँलाई प्रणाम गरेर उहाँबाटै अनुमोनद गरिएको नरनारायणको

निवासस्थान बदरिकाश्रममा तपस्या गर्न गए। परमात्मा श्रीकृष्ण र बलरामसहित सबै यादवहरू तीब्रगति भएको रथमा सवार भएर प्रभासक्षेत्रतर्फ जानका लागि त्यो अत्यन्त सुन्दर द्वारकापुरीबाट हिंडे। त्यसपछि कुकुर, वृष्णि र अन्धकवंशीय यादवहरूले प्रभासक्षेत्रमा पुगेर संयमित भावपूर्वक स्नान गरिसकेपछि परमात्मा श्रीवासुदेवसँग अनुमति लिएर मद्यपान मदिरा पिउन थाले। त्यस स्थानमा मदिरा पिउँदाका अवस्थामा ती यादवहरूको आफैंभित्र अथवा आफूआफूमा भएको झगडाबाट उत्पन्न कुवाक्यरूपी दाउराबाट प्रलय गराउने सामर्थ्य भएको आगो दनदन बल्न थाल्यो तथा त्यही झगडारूपी आगो यादवकुलको विनाशाको कारण बन्यो। त्यस समयमा दैववशीभूता ती सबै यादवहरू एकआपसमा शस्त्र प्रहार गर्न थाले र अस्त्रशस्त्र समाप्त भइसकेपछि तिनीहरूले त्यहाँ नजिकै मौलाएको सरकण्ड हातमा लिए। त्यस युद्धमा उनीहरूले आफ्ना हातमा लिएको त्यो सर कण्ड वज्रजस्तै भएको अनुभव गर्न थाले र उनीहरू त्यसले एकअर्कालाई प्रहार हिर्काउन थाले। त्यस यादववंशीय युद्धमा प्रद्युम्न, साम्ब, कृतवर्मा, सात्यकि, अनिरुद्ध, पृथु, विपृथु, चारुवर्मा, चारूक तथा अक्रूरलगायतका सबै यादवहरूले एकअर्कालाई त्यो एरका अर्थात् गुँदरूपी वज्रले हिर्काउन थाले।

त्यसपछि परमात्मा श्रीहरिले उनीहरूका बीचमा भइरहेको युद्ध गर्न रोक्न खोज्दा उहाँलाई आफ्नो शत्रुको सहयोगी सम्झन थालेकाले उनीहरूले परमात्मा श्रीकृष्णको आज्ञाको अवहेलना गर्दै एकअर्कामाथि प्रहार गरिरहे । परमात्मा श्रीकृष्णले पनि अत्यन्तै क्रोधित हुँदै तिनीहरूको वध गर्नका लागि एकमुट्ठी एरका अर्थात् ठूलो गुँद समाउँदा त्यो एक मुट्ठी ठूलो गुँद फलामको मूसलका रूपमा परिणत भयो। परमात्मा श्रीकृष्णले त्यस ठूलो गुँदबाट ती अत्यन्त आततायी प्रवृत्ति भएका यादवहरूको सर्वनाश गर्न आरम्भ गर्नुभयो। त्यसै समयमा अन्य यादवहरू पनि अनायास रूपमा त्यहाँ आएर एकले अर्काको वध गर्न थाले। श्रीकृष्णको सारथीले हेर्दाहेर्दै श्रीकृष्णको त्यस जैत्र नाम भएको उत्तम रथलाई घोडाहरूले तानेर समुद्रमा लग्दा सारथीले घोडा रोक्न सकेनन्। श्रीकृष्णको शङ्ख, चक्र, गदा, शार्ङ्ग धनुष, तरबार र खलगायतक अस्त्र पनि उहाँको तीन पटक परिक्रमा गरेर आकाशमार्गबाट गए। एक क्षणको अवधिमा

परमात्मा श्रीकृष्ण र उहाँको सारथी दारुकबाहेक कोही पनि जीवितावस्थामा रहेनन् अर्थात् अन्य सबैको विनाश भयो । आफ्नो सारथी दारुक र परमात्मा श्रीकृष्ण घुमफिर गरिरहनु भएको अवस्थामा बलरामको मुखबाट एउटा ठूलो सर्प निस्किएको देख्नुभयो। त्यो बलरामको मुखबाट निस्किउको सर्प समुद्रतिर गयो। त्यस समयमा सिद्ध र अन्य सर्पहरूले त्यो भयानक सर्पको स्तुति गरिरहेका थिए भने समुद्र अर्घ्य लिएर त्यो भयानक सर्पका अगाडि आएर उत्तम सर्पहरूले त्यसको पूजा गर्न थाले । पूजा समाप्त भएपछि त्यो विशाल सर्प समुद्रको पानीमा पस्यो । यसरी बलराम आफ्नो अंशमा विलीन भएको देखेपछि परमात्मा श्रीकृष्णले आफ्नो सारथी दारुकसँग भन्नुभयो ।

श्रीकृष्णले भन्नुभयो– तिमीले यहाँबाट गएर राजा उग्रसेन र वसुदेवलाई यहाँ भएका सबै कुराहरू बताइदेऊ। बलराम अन्तर्ध्यान हुनभयो र सबै यादवको विनाश भइसकेको छ। अब म पनि योगमा लीन भएर आफ्नो यो मनुष्य शरीर परित्याग गर्दछु। तिमीले यहाँबाट गएर उनीहरूलाई यो सबै कुरा सुनाइदेऊ। द्वारकापुरीमा निवास गर्ने सबैलाई तथा महाराज उग्रसेनलाई, तिमीले अब यो सुन्दर द्वारका नगरीलाई समुद्रको पानीले डुबाइदिने भएकाले तपाईंहरूले अर्जुनको आगमनको प्रतीक्षा गर्नू । तर अर्जुन यो द्वारकापुरीबाट निस्किएपछि तपाईंहरूमध्ये कोही त्यहाँ नजानू र नबस्नू पनि। ती अर्जुन द्वरकाबाट निस्किएर जाँदा तपाईंहरू उनी गएकै ठाउँमा जानू। तिमीले अर्जुनलाई मेरो सन्देश सुनउँदै भनिदिनू– उनले आफ्नो क्षमताअनुसार मेरा परिवारको रक्षा गर्नेछन् । तिमीले अर्जुनसँगै द्वारकामा भएका सबै मनुष्यलाई लिएर जानू तथा वज्रलाई यदुवंशको राजा बनाउनू।

पराशरले भन्नुभयो– परमात्मा श्रीकृष्णले यसप्रकारको आज्ञा दिएपछि दारुकले उहाँलाई पटकपटक प्रणाम गर्दै उहाँको अनेकौं पटक परिक्रममा गरेर उहाँको आज्ञालाई शिरोधार्य गर्दै त्यहाँबाट द्वारकापुरीमा गएर परमात्मा श्रीकृष्णको आज्ञाअनुसार सबै कुरा विस्तारपूर्वक सुनाइदिए तथा अर्जुनलाई त्यहाँ ल्याएर यदुवंशको राजाको पदमा वज्रको राज्याभिषेक गर्ने कार्यसम्पन्न गराइदिए । यता परमात्मा श्रीकृष्णले जीवमात्रमा व्याप्त भएर रहनुभएका वासुदेवस्वरूप

परब्रह्म परमात्मालाई आफ्नो आत्मामा स्थापित गराएर उहाँको ध्यान गर्नुभयो। परमात्मा श्रीकृष्णलाई महर्षि दुर्वासाले जसरी भनेका थिए, त्यसरी नै ती ब्राह्मणवचनको सम्मान गर्नका लागि उहाँ आफ्ना घुँडामा गोडा राखेर योगयुक्त हुनुभएको समयमा जरा नाम भएको सिकारी त्यहाँ आयो, जसले मुसलबाट बचेको गँडासी अथवा भालाको छाँटको प्राचीनकालको एक हतियार आफ्नो वाणका टुप्पोमा लगाएको थियो। उहाँको श्रीचरणलाई मृगको आकारजस्तो देखेकाले छाढै बसेर त्यो सिकारीले त्यही गँडासी प्रहार गर्यो॥ तर नजिकमा गएर हेर्दाका त्यो सिकारीले चतुर्भुज धारण गरेको एउटा मनुष्यलाई देख्यो। यो देख्नेबित्तिकै उहाँका चरणहरूमा शरणागत भएर भन्यो।

सिकारीले भन्यो– प्रसन्न भइदिनुहोस्, प्रसन्न भइदिनुहोस् । मैले अज्ञानका वशमा परेर सम्झिएर यस किसिमको अपराध गरेको हुनाले मलाई क्षमा गरिदिनु होला। म आफ्नै पापबाट अत्यन्त पीडित भइरहेको छु, मेरो रक्षा गरिदिनुहोस्।

पराशरले भन्नुभयो– त्यो सिकारीका यसप्रकारका कुरा सुनेर भगवान्ले त्यो सिकारीसँग भन्नुभयो।

श्रीभगवान्ले भन्नुभयो– तिमी अलिकति पनि नडराऊ। तिमी मेरो कृपाले देवताहरूको बस्ने स्वर्गलोकमा जाऊ।

पराशरले भन्नुभयो– परमात्मा श्रीकृष्णले यति भन्नुभएपछि त्यहाँ तुरुन्तै एउटा विमान आइपुग्यो। त्यही विमानमा चढेर त्यो सिकारी परमात्माको कृपाले त्यसै समयमा स्वर्गलोक गयो। त्यो सिकारी स्वर्गलोकमा गएपछि परमात्मा श्रीकृष्णले आफ्नो आत्मा अव्यय, अचिन्त्य, वासुदेवस्वरूप, स्वच्छ, अजन्मा, अमर, अप्रमेय, समग्र ब्रह्माण्डको आत्मा तथा ब्रह्मस्वरूप भगवान् श्रीविष्णुमा विलीन गराउनु भएर त्रिगुणात्मक गतिलाई उल्लङ्घन गरेर आफूले धारण गरिरहनुभएको मनुष्यशरीर परित्याग गर्नुभयो। अर्जुनले परमात्मा श्रीकृष्ण, बलराम र अन्य यादवहरूका मृत शरीरहरू खोजेर सिलसिलाबद्ध रूपमा अन्त्येष्टि संस्कार गरिदिए। परमात्मा श्रीकृष्णका रुक्मिणीसहितका जुन आठोटी पटरानी अथवा मुख्य रानी थिए, तिनीहरू सबैले परमात्मा श्रीकृष्णको पार्थिव शरीरलाई

अत्यन्तै श्रद्धा र प्रेमपूर्वक अँगालो मारेर आफूले अग्निमा प्रवेश गरे। बलरामकी पत्नी रेवतीले पनि बलरामको पार्थिव शरीरलाई अँगालो मारेर दन्किरहेको आगोमा प्रवेश गरिन्। यस किसिमको अत्यन्त दुःखद समाचार सुनिसकेपछि महाराज र उग्रसेन, आनन्दकदुन्दुभिका नामले प्रख्यात भएका वसुदेव, देवकी, तथा रोहिणीसहितले पनि स्वेच्छापूर्वक अग्निमा प्रवेश गरे। त्यसपछि कुरुवंशीय अर्जुन तिनीहरू सबैको विधिपूर्वक अन्त्येष्टि संस्कारसम्पन्न गरेर वज्रका अन्य यादव र परमात्मा श्रीकृष्णका अन्य पत्नीहरूलाई लिएर द्वारकापुरीबाट निस्किए। त्यो सुन्दर द्वारकापुरी परित्याग गरेर निस्किएका परमात्मा श्रीकृष्णका हजारौँ पत्नीहरू, वज्र र यादवहरूको सुरक्षा गर्दै अर्जुन बिस्तारबिस्तार हिंड्न थाले अर्थात् सावधानीपूर्वक अगाडि बढ्न थाले।

यस प्रकार परमात्मा श्रीकृष्णले मर्त्यलोक परित्याग गर्नु भएपछि तत्कालै सुधर्मा सभा र पवित्र पारिजातको रूख पनि स्वर्गलोक गए। जुन दिन परमात्मा श्रीकृष्णले पृथ्वी त्याग गरेर स्वर्गलोकमा जानुभयो, त्यसै दिनदेखि कलियुग पृथ्वीमा आयो॥ त्यसै समयमा परमात्मा श्रीकृष्णले निर्माण गर्नुभएको मनुष्यवीहिन भएको द्वारकापुरीलाई समुद्रले आफ्नो पानीमा डुबा ए तापनि श्रीकृष्णले बस्नुभएको पवित्र र उत्तम महल जस्ताको तस्तै छाडिदियो। समुद्रले आजसम्म पनि परमात्मा श्रीकृष्णले बस्नुभएको त्यो मन्दिरलाई डुबाउन सकेको छैन। किनकि त्यस मन्दिरमा परमात्मा श्रीकेशव निरन्तर रूपमा विद्यमान र हनुहुन्छ। त्यो परमात्मा श्रीविष्णुको क्रीडास्थलका रूपमा रहेको तथा उहाँका सबै ऐश्वर्यबाट सम्पन्न भएको मन्दिरले सबै किसिमका पापहरू नष्ट गरिदिन्छ। त्यस मन्दिरको दर्शन गर्ने मनुष्य सबै पापबाट यथार्थ रूपमा मुक्त हुन्छ। अर्जुनले धनधान्यले परिपूर्ण भएको पञ्चनद नाम भएको देशमा ती द्वारकापुरीबाट उनीसँगै आएका सबै मनुष्यहरूको बसोबास गराए। त्यस समयमा ती विधवा भएका अनाथ स्त्रीहरूलाई अर्जुन एक्लैले लिएर गइरहेको देखेर चोर वा अत्याचारिहरूका मनमा ती स्त्री प्राप्त गर्ने लोभ उत्पन्न भएकाले उनीहरू ती विधवाहरू प्राप्त गर्न अत्यन्त उत्साहित भए। ती अतिघमण्डी, पापकर्ममा लागेका र धैरै लोभी अहीर (महाभारतका अनुसार सिन्धु र सरस्वतीको तीरमा बस्ने

एक क्षत्रिय जाति) परशुरामका डरले पर्वतको गुफामा लुकेर आफ्नो कर्म छोडेपछि यिनका सन्तान शूद्र भए। अर्जुनले द्वारकावासी आइमाईहरूलाई लिएर जाँदा यी आभीरहरूले अर्जुनमाथि शङ्का गरेका हुन्।) डाँकाहरूले आपसमाा बीचमा विचारविमर्श गर्न थाले। अर्जुन एक्लैले हाम्रो अपमान गरेर अनाथ भएका द्वारकाका स्त्रीहरू लिएर गइरहेका छन्। यस्तो अवस्थामा टुलुटुलु हेरिरहेका हाम्रो पुरुषार्थलाई धिक्कार छ। यी अर्जुन भीष्म, द्रोण, जयद्रथ र कर्णजस्ता वीरहरूलाई मारेका कारणले ज्यादै अभिमानी भएका छन्। तर हामी गाउँका बासिन्दाको बलका विषयमा अनभिज्ञ छन्। हाम्रो हातमा लाठी (लौरो) मात्र रहेको देखेर यी बुद्धि भ्रष्ट भएका अर्जुनले आफ्नो हातमा धनुष भएकाले हाम्रो अपमान गरिरहेका छन्। यस्तो अवस्थामा पनि सदुपयोग नगर्ने हो भने हाम्रा पाखुराको सदुपयोग कहिले गर्ने ? यसप्रकारको निश्चय गरेर ती हजारौँ अत्याचारीहरू आफ्नो लौरो र मायाको डल्लो लिएर ती अनाथ भएका द्वारका निवासीमाथि जाइलागे। त्यसपछि अर्जुनले ती अत्याचारीहरूलाई गाली गर्दै हाँसेर भने।

अर्जुनले भने– यदि तिमीहरूलाई आफ्नो शरीरको माया छ र केही समय जीवित रहन चाहन्छौ भने यहाँबाट फर्किएर जाओ।

पराशरले भन्नुभयो–तर ती दुराचारी डाँकाहरूले अर्जुनका वचनमा ध्यान नदिएर परमात्मा श्रीकृष्णको सबै धन र स्त्रीहरू अपहरण गरेर आफ्नो नियन्त्रणमा लिएकाले अर्जुनले युद्धक्षेत्रमा ननासिने त्यो अत्यन्त दिव्य गाण्डिव धनुषको प्रयोग नर्ग चाहे, तर त्यसो गर्न उनी असफल भए अथवा उनले आफ्नो दिव्य गाण्डीव धनुष त्यहाँ सदुपयोग गर्न सकेनन्। अर्जुनले धेरै पटक प्रयास गर्दा पनि अत्यन्त मुस्किलले आफ्नो धनुषमा ताँदो त चढाए, तर त्यो खुकुलो भएकाले बाण हान्न उपयोगी हुन सकेन र धेरै सम्झना गर्दा पनि उनलाई आफ्ना अस्त्रहरू स्मरण हुन नसकेकाले उनी आफ्ना सबै किसिमका प्रयासमा असफल भए। त्यसपछि अत्यन्तै क्रोधित भएका अर्जुनले आफ्ना शत्रुहरूमाथि बाणको वर्षा गराउन थाले, तर गाण्डीव धनुष धारण गरेका अर्जुनद्वारा प्रहार गरिएका ती सबै बाण उनका शत्रुहरूको शरीरको छालामा साधारण किसिमको

घाउ बनाउन मात्र सफल भएकाले उनले शत्रुलाई पराजित गर्न सकेनन् तथा अर्जुनको शक्तिमा ह्रास आएकाले उनलाई अग्निद्वारा प्रदान गरिएका कहिल्यै नसकिने बाण ती अहीरहरूसँग युद्ध गर्दा सकिए।

अर्जुनले मनमनै चिन्तन गरे– मैले जुन बाण प्रयोग गरेर अनेकौँ राजाहरूमाथि विजय प्राप्त गरेको थिएँ, त्यो सबै परमात्मा श्रीकृष्णको प्रभावको प्रसाद मात्र थियो । त्यसमा आफ्नो कुनै महत्त्वपूर्ण भूमिका रहेको थिएन । त्यसपछि अर्जुनको उपस्थिति भएकै अवस्थामा ती अत्याचारी अहीरहरूले परमात्मा श्रीकृष्णका स्त्रीरत्नहरू समाएर लगे भने कुनै कुनै स्त्री आफ्नो स्वेच्छाले तिनीहरूसँग गएका थिए । आफ्ना बाण सकिएपछि अर्जुनले आफ्नो गाण्डीव धनुषको टुप्पोले ती अत्याचारीहरूमाथि प्रहार गर्न थाले, तर अत्याचारीहरू उनले त्यसरी आफूमाथि प्रहार गरेको देखेर हाँस्न थाले। यसरी अर्जुनकै अगाडिबाट ती म्लेच्छहरूले वृष्णि र अन्धक वंशका स्त्री अपहरण गरेको शैलीमा लिएर गए। त्यस समयमा कहिल्यै पनि पराजयको सामना नगरेका अर्जुन अत्यन्तै दुःखी भएर रुँदै ओहो यो कस्तो दुःख हो, भगवान्‌ले मलाई नराम्ररी झुक्याउनुभयो भन्न थाले। त्यही गाण्डीव धनुष, तिनै शस्त्रहरू, त्यही अतुलनीय रथ र तिनै घोडाहरू हुन्, तर आज यी सबै दुराचारी ब्राह्मणलाई दिएको दानका जस्तैगरी एकैपटक औचित्यविहीन भए । अहो ! परमात्मा कति बलवान् हुनुहुन्छ, जब परमात्मा श्रीकृष्णले मर्त्यलोकको परित्याग गरिदिनु भयो, त्यसपछि मैले असमर्थ र नीच जातिका यी म्लेच्छहरूबाट पराजित भएर अपमानित हुनुपर्‍यो । ओहो ! कस्तो आश्चर्य, मेरा तिनै शक्तिशाली हात, त्यही मुट्ठी, त्यही स्थान र म पनि त्यही अर्जुन हुँ, तर परब्रह्म परमात्मा श्रीकृष्ण स्वर्गलोक जानुभएपछि आज यी सबै अस्तित्वविहीन भए ॥ निश्चय पनि ममा रहेको अर्जुनत्व र भीममा रहेको भीमत्व परमात्मा श्रीकृष्णका कृपाको प्रभावमा थियो । यदि त्यो अर्जुनत्व मेरो आफ्नै भएको भए आज उहाँ परमात्मा श्रीहरिको अनुपस्थितिमा महारथीहरूमा सर्वश्रेष्ठ म अर्जुनलाई यी अहीरहरूले जित्न सक्ने थिएनन्।

पराशरले भन्नुभयो– यसप्रकारको चिन्तन गर्दै अर्जुन मथुरा आए । त्यहाँ उनले यदुनन्द वज्रलाई राजाका रूपमा स्थापित गरेर उनको राज्याभिषेक

गरिदिए । त्यसपछि उनले वनमा निवास गर्नुहुने महर्षि व्यासलाई देखपछि धर्मात्मा व्यासका नजिकमा गएर उनलाई अत्यन्त श्रद्धा र विनम्रतापूर्वक प्रणाम गरेर एउटा शिष्यको दायित्व निर्वाह गरे।

वेदव्यासले भन्नुभयो– आज तिमी किन यसरी कान्तिविहीन भइरहेको छौ ? तिमीमा यस किसिमको नैराश्य उत्पन्न हुनुको कारण के हो ? के तिमीले एउटा भेडाले उडाएको धुलोलाई अर्को भेडाले पछ्याएर दुवै एउटै खाल्डोमा परे जसरी नै कुनै अविवेकी काम गऱ्यौ ? अथवा ब्रह्महत्या गऱ्यौ वा तिम्रो कुनै परम लक्ष्यमा व्यवधान उत्पन्न भयो ? जसको कारणले गर्दा तिमीले यस्तो निन्याउरो अनुहार बनाइरहेका छौ ? तिमीले सन्तान प्राप्तिको कामनाबाट अभिप्रेरित भएर तिमीसँग विवाह गर्न अनुरोध गर्नेको अपमान त गरेनौ ? तिमीले समागम वा सम्भोग गर्न नहुने कुनै स्त्रीसँग सम्भोग त गरेनौ ? जसको प्रभावले गर्दा तिमी निराश भएका छौ ? तिमीले ब्राह्मणलाई समर्पण नगरी एक्लैले मिष्ठान्न भोजन त गरेनौ वा तिमीले गरिबको धन–सम्पत्तिको अपहरण त गरेनौ ? तिमीले नाङ्लोबाट आएको वायुको सेवन त गरेनौ, तिम्रा आँखामा पीडा त भइरहेको छैन अथवा तिमीले कसैको हत्या त गरेनौ ? तिमी यस किसिमले ऐश्वर्यविहीन भएका छौ वा तिमीले नङ परेको पानीको सदुपयोग त गरेनौ ? तिमीले घैँटोबाट छचल्किएर उछिट्टिएको पानीले स्नान त गरेनौ अर्थात् त्यस किसिमको पानी तिम्रो शरीरमा त परेन अथवा नीच जातिको वा शक्तिविहीन पुरुषबाट तिमी पराजित त भएनौ ? फेरि तिमी यस्तो निराश किन भइरहेका छौ अर्थात् तिम्रो अनुहार किन यसरी बादलले ढाकेको सूर्यजस्तै मलिन भएको हो ?

पराशरले भन्नुभयो – त्यसपछि लामोलामो श्वास फेरेर ज्यादै भावुक हुँदै आफू अहीरहरूबाट पराजित भएको विषयमा आरम्भदेखि अन्तसम्मका सबै कुराहरू यथार्थ रूपमा वेदव्यासलाई सुनाए।

अर्जुनले भने– परमात्मा श्रीकृष्ण मेरो बल, तेज, पराक्रम, श्री (ऐश्वर्य) र कान्ति (सौन्दर्य) सबै हुनुहुन्थ्यो, उहाँ मलाई एक्लै छाडेर स्वर्गलोकमा जानुभयो। उहाँ ज्यादै साधारण पुरुषसँग पनि मुस्कुराउँदै सुमधुर वचनमा कुराकानी गर्नुहुने परब्रह्म परमात्मा श्रीहरिबाट परित्याग भएको म एउटा सुकेको काठको अतिसानो

छेस्कोजस्तै सामर्थ्यविहीन भएको छु। जो मेरो र मैले प्रयोगमा ल्याइरहेका अस्त्रशस्त्रहरूका शक्तिको मूलस्रोत हुनुहुन्थ्यो, उहाँ परमात्मा श्रीपुरुषोत्तम मलाई यो भयावह संसारमा शक्तिविहीन र अनाथ बनाएर जानुभयो। जुन परमात्माको कृपादृष्टि सधैँ ममा रहेका कारणले श्री, विजय, सम्पत्ति, उन्नतिले कहिल्यै मलाई परित्याग गरेका थिएनन्, उहाँ परमात्मा श्रीगोविन्द हामीलाई परित्याग गरेर आफ्नो स्वधाममा जानुभयो। जसको प्रभावरूपी प्रज्वलित अग्निमा जलेर भीष्म, कर्ण र दुर्योधन जस्ता महारथीहरू नष्ट भएका थिए, उहाँ समग्र जगत्का सहृदयी, अनन्य मित्र र प्राणीमात्रका अन्तरात्मास्वरूप परब्रह्म परमात्मा श्रीकृष्ण पृथ्वी परित्याग गरेर स्वर्गलोकमा जानुभयो। उहाँ सुदर्शनचक्र धारण गर्नुहुने परमात्मा श्रीकृष्णसँगको वियोगमा मेरो अवस्था मात्र सौन्दर्यविहीन नभएर पृथ्वी पनि उहाँसँगको वियोगले यौवनविहीन र सौन्दर्यबाट वञ्चित भएकी छन्। जसको प्रभावले भीष्मलगायत पुतलीका जसरी भष्म भएका थिए, त्यही अर्जुन म आज परमात्मा श्रीकृष्णबाट परित्याग भएकाले अहीरहरूबाट पराजित भएर अपमानित भएको छु। जुन परमात्मा श्रीकृष्णका प्रभावले गर्दा मेरो यो गाण्डीव धनुष तीनोटै लोकहरूमा अतिप्रशंसनीय भएको थियो, उहाँले परित्याग गरि दिनुभएकाले आज म अहीरहरूको लौरोबाट पराजित भएर अपमानित भएँ। आज म स्वयं उनीहरूको रक्षक भएर परमात्मा श्रीकृष्णका हजारौँ स्त्री आफूसँगै लिएर आइरहेको थिएँ, तर अत्याचारीहरूले साधारण लौरोद्वारा मेरो प्रयास असफल बनाएर ती स्त्रीलाई अपहरण गरे। आज ती अत्याचारीहरूले लौरोरूपी अस्त्रको प्रयोग गरेर मेरो शक्तिमाथि विजय प्राप्त गर्दै श्रीकृष्णको परिवारलाई अपहरण गरेर लगे। मेरो सौन्दर्यमा उदासीपन आउनु कुनै आश्चर्य नभएर म अहिलेसम्म जीवितावस्थामा रहनु आश्चर्यको विषय हो। किनकि नीचजातिका पुरुषहरूद्वारा पराजित हुँदै अपमानको भुमरीमा रुमल्लिएर अहिलेसम्म म ज़ीवित रहेको छु, यो नै आश्चर्यमय कुरा हो।

वेदव्यासले भन्नुभयो— तिमी अनावश्यक रूपमा आफैँ लज्जित भइरहेका छौ; यसैले यस्तो कार्य तिमीजस्तो बुद्धिमान् पुरुषका लागि कल्याणदायक हुन सक्दैन तथा तिमीले यस विषयमा शोक गरिरहन उचित हुँदैन। किनकि सबै

प्राणीमात्रका लागि काल गतिको यसरी नै घुमिरहेको हुन्छ अथवा कालले सानो, ठूलो, बलवान, निर्बल, धनी, गरिब भएका आधारमा भेदभावपूर्ण व्यवहार नगरेर सबैमा समान किसिमको व्यवहार गर्दछ । त्यसैले तिमीले आफ्नो अत्रात्मामा उत्पन्न भएको पीडा परित्याग गरिदेउ, समय ज्यादै बलवान् हुनेभएकाले कालमाथि कसैले विजय प्राप्त गर्न सक्दैन। किनकि यो समय नै समग्र मनुष्यहरूको उन्नति र अवनतिमा कारकतत्त्वको रूपमा रहेको हुन्छ। त्यसले विजय, पराजयलगायत कालको स्वामित्वमा रहेको सम्भिएर तिमीले धैर्यधारण गर। नदीनाला, समुद्र, पर्वत, पृथ्वी, देवता, मनुष्य, पशु, रूखबिरुवा तथा सर्पलगायत जे जति उत्पन्न भएका छन्, ती सबैको सृष्टि कालकै आधारमा भएको हुन्छ र तिनीहरूको विनाशमा पनि कालकै मुख्य भूमिका रहन्छ । त्यसकारण यी सबै प्रपञ्च कालबाट व्याप्त भएको सम्भ, तिमीजस्तो वीर पुरुषका लागि यस किसिमको शोकाकुल अवस्था कल्याणदायक हुँदैन। त्यसैले तिमी शान्त होऊ र यसलाई प्रकृतिको नियम सम्भिएर धैर्यधारण गर। तिमीले परमात्मा श्रीकृष्णको महात्म्यका विषयमा जसरी वर्णन गर्‍यौ, त्यो सबै यथार्थ सत्य हो । किनकि उहाँ कालस्वरूप परब्रह्म परमात्मा श्रीकृष्णले पृथ्वीमा अत्यधिक मात्रामा बढिरहेको अन्याय, अत्याचार र अधर्मको विनाश गरेर धर्मको स्थापना गर्नका लागि पृथ्वीमा अवतार लिनुभएको थियो। त्यसकारण परमात्मा श्रीकृष्ण साक्षात् कालस्वरूप हुनुहुन्छ।

प्राचीन कालमा अत्याचारीद्वारा पृथ्वीमा उत्पन्न गराएको अधर्म, अन्याय र अत्याचारको भारबाट अतिपीडित भएकी पृथ्वी देवताहरूको सभामा गएकी थिइन् । त्यसकारण परमात्मा श्रीकृष्णले उनीमाथि परिरहेको पीडाबाट मुक्त गराउनका लागि अवतार लिनुभएको थियो। श्रीकृष्णले जनु उद्देश्यले अवतार लिनुभएको थियो, त्यो उद्देश्य पूर्ण भइसकेको छ। पृथ्वीको भारका रूपमा रहेका अनेकौँ राजाहरूको वध भइसकेका छ। उहाँले वृष्णि र अन्धकजस्ता यादवहरूको पनि पूर्ण रूपमा विनाश गरिदिनुभएकाले श्रीवासुदेवले अवतार लिनाको उद्देश्य पूर्ण रूपमा सफल भइसकेको छ। त्यसकारण परमात्मा श्रीकृष्ण पूर्ण रूपमा सन्तुष्ट भएर स्वेच्छाअनुसार मर्त्यलोकको परित्याग गरेर स्वर्गलोक जानुभएको

हो। त्यसैले तिमीले यस विषयलाई आधार मानेर व्याकुल हुनुहुँदैन। उहाँले नै सृष्टिकालमा सृष्टिको रचना गर्नुहुन्छ, स्थितिका समयमा पालनपोषण गर्नुहुन्छ र प्रलयका समयमा सबै जीवसहित पृथ्वीको विनाश गर्नुहुन्छ र यी कार्य गर्न उहाँ सक्षम हुनुहुन्छ। यस समयमा उहाँले आफ्नो सबै कार्यसम्पन्न गरिसंक्नु भएको छ। त्यसैले उहाँ मर्न्यलोक परित्याग गरेर स्वर्गलोक जानुभएको हो। तिमीले अहीरबाट पराजित भएका कारणले यसरी व्याकुल हुन उचित हुँदैन्न। किनकि उदयको समय आएका अवस्थामा पुरुषहरूले यस्तै किसिमको कार्य गर्नुपर्दछ; जसबाट त्यस पुरुषको प्रशंसा हुन्छ। जुन समयमा तिमी एक्लैले भीष्म, द्रोण र कर्णजस्ता शक्तिशाली राजाहरूको विनाश गरेका थियौ, त्यस समयमा कालको क्रमअनुसार प्राप्त भएको आफूभन्दा कम शक्ति भएको पुरुषबाट उनीहरू पराजित भएका थिएनन् अथवा उनीहरूका तुलनामा तिमी शक्तिहीन थिएनौ ? जसरी श्रीविष्णुको प्रभावका कारणले तिमीले भीष्मलगायतका महारथीहरूलाई पराजित गरेका थियौ, त्यसैगरी अन्त्यमा डाँकाहरूबाट तिमी पनि पराजित भएका छौ। यो सबै समयको साधारण नियम हो।

परमात्मा श्रीविष्णुले अन्य शरीरमा प्रवेश गर्नुभएर जगत्को पालनपोषण गरिरहनु भएको छ र प्रलयका समयमा उहाँले नै सबै प्राणीहरूमात्रको संहार गर्नुहुन्छ। जुन समयमा तिम्रो भाग्यको उदय भएको थियो, त्यस समयमा परमात्मा श्रीजनार्दन तिम्रा प्रेरणाको स्रोत रहनुभएको थियो। जब तिम्रो भाग्यको अन्त समय आयो, त्यसपछि परमात्मा श्रीकेशवको कृपादृष्टि तिम्रो शत्रुहरूमा सरेकाले तिमी सामर्थ्यविहीन भएका छौ। तिमीले ग ापुत्रजस्ता महारथीलाई अत्यन्त सहज रूपमा पराजित गऱ्यौ, त्यस समयमा परमात्माका कृपाले पूर्ण रूपमा शक्तिसम्पन्न भएका थियौ, अहिले तिमी अहीरहरूबाट पराजित भयौ, यस समयमा परमात्माको कृपादृष्टि उनीहरूले प्राप्त गरेका छन् र तिमीबाट भएका कामलाई कसैले विश्वास गर्न सक्दैन। त्यसैले यो समयको प्रभाव मात्र हो। तिमीले परमात्मा श्रीकृष्णको आशीर्वादका प्रभावले कौरवहरूको विनाश गऱ्यौ भने तिमीलाई अहीरहरूले पराजित गरिदिए। यो सबै प्राणीमात्रका अतात्मामा निवास गर्नुहुने परमात्मा श्रीहरिको लीलासम्पन्न भएको खेल मात्र हो।

ती अत्याचारीहरूले जुन स्त्रीहरूलाई अपहरण गरेर लगेकाले आफ्नो अपमान भएको भनेर तिमी यसरी चिन्तित भइरहेका छौ, जुन नहुनुपर्ने थियो। म तिमीलाई यसका विषमा पनि विस्तारमा बताइदिन्छु, ध्यान दिएर सुन।

प्राचीन कालमा अष्टावक्र नाम भएको एउटा ऋषिले लामो समयसम्म पानीमा बसेर सनातन ब्रह्मको ध्यान गरेका थिए। त्यस समयमा देवताहरूले असुरहरूलाई पराजित गरेका थिए र त्यसै विजयको उपलक्षमा सुमेरु पर्वतमा एउटा विजयोत्सवको आयोजना गरिएको थियो। त्यही उत्सवमा सहभागी हुन गइरहेका रम्भा, तिलोत्तमासहितका अनेकौँ अप्सराले बाटामा ती अष्टावक्र ऋषिले पानीमा बसेर तपस्या गरिरहेको देखेर उनको स्तुति गर्न थाले। स्तुति गर्नमा अतिसिपालु, उत्साहित र विनम्र स्वभाव भएका ती अप्सराले आफ्नो घाँटीसम्म आएको पानीमा डुबेर ज्यादै लामो कपाल र दाह्रीसम्पन्न भएर एकाग्रतापूर्वक सनातन् ब्रह्मको तपस्या गरिरहेका ती अष्टावक्र ऋषिलाई आदरपूर्वक अभिवादन गर्न थाले। ब्राह्मणहरूमा सर्वोत्कृष्ट अष्टावक्र मुनि जसरी स्तुति गर्दा प्रसन्न हुन सक्दछन्, ती अप्सराले त्यसैअनुसारको स्तुति गर्न थाले अर्थात् ती मुनिको चाहनाअनुसारको स्तुति गरे।

अष्टावक्र मुनिले भने– म तिमीहरूको स्तुतिबाट अत्यन्तै प्रसन्न भएँ, तिमीहरू आफ्नो इच्छाअनुसारको वरदान माग। यदि तिमीहरूले ज्यादै दुर्लभ वरदान माग्यौ भने पनि म तिमीहरूको चाहनाअनुसारको वरदान अवश्य दिन सक्दछु।

अप्सराहरूले भने– तपाईं प्रसन्न हुनभएपछि हामीले प्राप्त गर्नै नसक्ने दुर्लभ वस्तु केही पनि छैन। यदि तपाईं हामीहरूबाट प्रसन्न हुनभएको छ भने हामीलाई यस्तो वरदान दिनुहोस्, जसको प्रभावले गर्दा भविष्यमा परब्रह्म परमात्मा श्रीकृष्णलाई आफ्नो पतिका रूपमा प्राप्त गर्न सकौँ अथवा हामीलाई उहाँका पत्नी भएर उहाँसँगै बस्ने अवसर प्राप्त होस्।

वेदव्यासले भन्नुभयो–तिमीहरूको मनोकामना पूर्ण हुनेछ भनेर वरदान दिएपछि अष्टावक्र मुनि पानीबाट बाहिर निस्किए। उनी बाहिर निस्कँदा अप्सराले ती मुनिको शरीर आठ ठाउँमा टेडोमेडो भएकाले ज्यादै कुरुप शरीर

भएको देखे। उनको शारीरिक बनावटलाई देखेर जुन अप्सराहरूले आफूमा उत्पन्न भएको हाँसो लुकाउन असफल प्रयास गरेतापनि अन्ततः उनीहरूको हाँसो फुस्कियो; त्यसपछि अष्टावक्र मुनिले अत्यन्तै क्रोधित भएर ती अप्सराहरूलाई सराप (श्राप) दिए। मेरो शारीरिक बनावट बाङ्गोटिङ्गो भएको देखेर तिमीहरूले हाँसेर मेरो अपमान गर्‍यौ। त्यसकारण म सराप दिन्छु, जसको प्रभावले गर्दा तिमीहरूले मबाट प्राप्त भएको वरदानबाट परमात्मा श्रीपुरुषोत्तमलाई पतिका रूपमा पाए तापनि मेरो सरापका (श्राप) कारणले तिमीहरूलाई डाँकाहरूले अपहरण गरेर आफ्नो नियन्त्रणमा राख्नेछन्।

वेदव्यासले भन्नुभयो– ती अष्टावक्र मुनिका यसप्रकारका वचन सुनेपछि ती अप्सराहरूले फेरि मुनिश्रेष्ठलाई प्रसन्न गराए। त्यसपछि फेरि प्रसन्न भएका मुनिले उनीहरूसँग भने–त्यसपछि तिमीहरू फेरि स्वर्गलोकमा जानेछौ। यसरी अष्टावक्र मुनिको सराप (श्राप) का कारणले सुन्दर आइमाईहरू परमात्मा श्रीकृष्णलाई पतिका रूपमा प्राप्त गरेर फेरि डाँकाहरूका हातमा परेका हुन्। यो तिनीहरूको कर्मको फल हो। यसैले तिमी चिन्ता नगर। उहाँ परमात्मा श्रीकृष्ण आफैँले आफ्नो कुलको संहार गर्नुभयो तथा तिमीहरूको चाँडै संहार गरि दिनका लागि श्रीकृष्णले तिमीमा भएको बल, तेज, शक्ति र तिम्रो महिमाको अन्त गराइदिनु भएको हो अर्थात् तिमीलाई सबै किसिमका शक्तिहरूबाट अलग गरिदिनु भएको हो। यसकारण जन्म लिएका प्राणीको निश्चित् रूपमा मृत्यु र-उन्नतिको अवनति वा पतन हुन्छ। संयोगको अन्त वियोग मात्र हो र सञ्चय गरिएको धन निश्चित रूपमा व्यय (खर्च) हुन्छ। यी सबै अनिवार्य रूपमा हुने र भइरहने कुरा हुन्। यो यथार्थलाई आत्मसात् गरेर जुन बुद्धिमान् पुरुषमा लाभ भएका अवस्थामा हर्ष र हानि भएका अवस्थामा शोक उत्पन्न हुँदैन, तिनै विद्वान् पुरुषहरूको आचरणको अनुसरण गर्दै अन्य साधारण मनुष्यहरूले पनि आफ्नो आचरण त्यस्तै किसिमको बनाउँछन्। यसैले तिमी पनि यसलाई यथार्थ रूपमा बुझेर आफ्ना दाजुभाइसहित समग्र राज्य परित्याग गरेर तपस्या गर्नका लागि वनमा जाऊ। अब तिमीले यहाँबाट आफ्नो राज्य इन्द्रप्रस्थमा गएर धर्मराज युधिष्ठिरलाई अहिलेसम्म मैले तिमीलाई बताएका सबै कुरा विस्तारपूर्वक

सुनाइदेऊ। जसरी तिमीहरू सबै भाइको पर्सिसम्ममा वनमा जाने व्यवस्था हुन सक्दछ; त्यसैअनुसारको प्रयास गर्नू अथवा तिमीहरू पर्सिसम्ममा तपस्या गर्नका लागि वनमा गइसक्नू।

पराशरले भन्नुभयो– वेदव्यासले यसरी बतइदिनुभएपछि अर्जुनले हस्तिनापुरमा आएर धर्मराज युधिष्टिर, भीमसेन, नकुल र सहदेवलाई आफूले भोगका र वेदव्यासबाट सुनेका सबै कुरा जस्ताको तस्तै बताइदिए अर्थात् वर्तमान अवस्थाका बारेमा प्रष्ट्याइदिएकाले ती पाण्डुका पुत्रहरूले अर्जुनबाट वेदव्यासले पठाउनु भएको सन्देश सुनिसकेपछि हस्तिनापुरको राजाका रूपमा परीक्षितको राज्याभिषेक गरिदिएर उनीहरू सबै तपस्या गर्नका लागि वनमा गए। यसरी यदुकुलमा पैदा भएका भगवान् श्रीकृष्णका लीलाहरूको विस्तृत विवरण मैले तिमीलाई बताइदिएँ। जुन पुरुषले श्रद्धा र भक्तिपूर्वक भगवान् श्रीकृष्णको यो चरित्रका विषयमा सुन्दछ; त्यो सबै किसिमका पापबाट मुक्त भएर अन्तमा विष्णुलोकमा जान्छ।

खण्ड छ

मैत्रेयले भने— मलाई तपाईंले सृष्टिको रचना, वंशपरम्परा, मन्वन्तरको अवस्थिति र वंशहरूको चरित्रका विषयमा अत्यन्त विस्तारपूर्वक बताइदिनु भयो। अब म प्रलयका समयमा प्राणीमात्रको संहारका बारेमा र कल्पको अन्तमा हुने महाप्रलयको स्वरूपका सम्बन्धमा हजुरबाट सुन्न चाहन्छु।

पराशरले भन्नुभयो— महाप्रलयका समयमा र प्रकृतिक प्रलयका समयमा प्राणीमात्रको संहार कल्पको अन्तमा हुने महाप्रलयको स्वरूपका बारेमा सुन। मनुष्यहरूको एक महिना पितृहरूको एक दिनरात तथा मनुष्यहरूको एक वर्ष देवताहरूको एक दिनरात र तिनीहरूको दुई हजार चतुगर्युग ब्रह्माजीको एक दिनरात हुन्छ। सत्ययुग, त्रेतायुग, द्वापरयुग र कलियुग नाम भएका चारोटा युग हुन्छन्। ती सबै समयको समायोजन गर्दा बाह्र हजार दिव्यवर्ष हुन्छ। प्रत्येक मन्वन्तरको आदि सत्ययुग र अन्तिम कलियुगलाई छोडेर अन्य सबै चर्तुर्युगको स्वरूप एकै किसिमको हुनेभएकाले तिनीहरूको स्वरूपमा कुनै किसिमको भिन्नता हुँदैन । जसरी कल्पको आदि सत्ययुगमा ब्रह्माजीले समग्र जगत् र त्यसमा निवास गर्ने प्राणीमात्रको रचना गर्नुहुन्छ; त्यसरी नै कल्पको अन्त अथवा कलियुगमा उहँले नै सम्पूर्ण सृष्टिको ।विनाश गर्नुहुन्छ।

मैत्रेयले भने— जसरी कल्पको अन्तको कलियुगमा चार पाउहरू भएको धर्मको विनाश हुन्छ। त्यसको स्वरूपमा विषयमा मलाई ज्यादै विस्तारमा बताइदिनुस्।

पराशरले भन्नुभयो— तिमीले जुन कलियुगका विषयमा सुन्ने इच्छा गरेका छौ, त्यसका बारेमा म तिमीलाई संक्षिप्त रूपमा बताइदिन्छु । कलियुगमा मनुष्यहरूको स्वभाव वा व्यवहार अथवा आचरण वर्ण र आश्रमका अनुकूल नहुने भएकाले साम, ऋक् र यजुर्वेदले निर्देशन गरेका कर्महरू व्यवहारमा लागू

हुन सक्दैनन् । यो कलियुगमा धर्मअनुसारको विवाह हुनेछैन, गुरु र शिष्यको परम्परा नरहने हुनाले यिनीहरूको सम्बन्ध पूर्ण रूपमा समाप्त हुनेछ; श्रीमान् र श्रीमतीका बीचमा सुमधुर सम्बन्ध रहन सक्दैन भने यज्ञ–यज्ञादि अथवा हवन र देवताहरूको पूजापाठ पनि हुने छैन । यो कलियुगमा जुनसुकै कुलमा उत्पन्न भए पनि जो अतिबलवान् हुन्छ, त्यही पुरुष सबैको स्वामी हुनेछ तथा त्यसैले सबै वर्ण र आश्रममा उत्पन्न भएका कन्याहरूसँग विवाह गर्नेछ वा त्यो पुरुष सबै जातिका कन्यासँग विवाह गर्न सक्षम हुनेछ। कलियुगमा ब्राह्मणले जुनसुकै निन्दित उपाय अवलम्बन गरेर भएपनि आफू धेरै विद्वान् भएको भन्दै आफ्नै प्रचारप्रसार गर्नेछन्। यसरी नै अत्यन्तै पापकर्म गर्ने मनुष्यहरूले अरूलाई सन्तुष्ट गराउनका कलागि मात्र जुनसुकै भावबाट भएपनि प्रायश्चित्तको अनुष्ठान गर्नेछन्।

कलियुगमा जसका मुखबाट जस्तो वचन निस्कन्छ, ती सबैलाई उनीहरूले प्रामाणिक शास्त्र भनेर प्रकाशन र त्यसको प्रचारप्रसार गर्नेछन् भने आफ्नो स्वेच्छाअनुसार सबैले सबै देवताहरूको उपासना वा आराधना गर्नेछन् र सबैले सबै प्रकारका आश्रमहरू समान रूपमा प्रयोग गर्नेछन् । कलियुगमा उपवास, तीर्थयात्राजस्ता कार्यहरू आन्तरिक दुःख, पीडा वा वेदना निवारण गर्न सकिने किसिमको मात्र हुनेछन् । मनुष्यहरूले आफ्नो क्षमताअनुसार धनदान, तपस्यालगायतका धार्मिक अनुष्ठान गर्नेछन् । कलियुगमा थोरै धन प्राप्त भए भने पनि मनुष्यहरूले आफू ज्यादै धनी भएको घमण्ड गर्नेछन् । स्त्रीहरूले आफ्नो कपालका आधारमा आफू ज्यादै सुन्दरी भएको सम्भने छन् अर्थात् उनीहरूले आफ्नो सुन्दरताको परिचय कपालले दिएको सम्भनेछन् ।

कलियुगमा स्त्रीहरूले सुन, मणि, रत्न र कपडाहरूलगायत परित्याग गरेर अथवा ज्यादै थोरै मात्रामा प्रयोग गरेर आफ्नो कपालको सजावटले मात्र आफूलाई सुशोभित गर्नेछन् । कलियुगका स्त्रीहरूले आफ्नो पतिसँग धनको अभाव भएमा त्यसलाई छाडिदिनेछन्। यस्तो अवस्थामा धनसम्पन्न पुरुषहरू मात्र स्त्रीहरूका पति हुनेछन् । यसैले आफ्नो दाम्पत्य जीवन सुमधुर बनाइराख्नका लागि धनको मात्र महत्त्व हुनेछ । कलियुगमा मनुष्यहरूमा पनि जसले जसलाई अत्यधिक मात्रामा धन दिन सक्दछ, त्यही मनुष्य उसको अधिपति वा स्वामी

हुनेछ। त्यस्तो सम्बन्ध स्वामित्वका आधारमा नभएर धनका आधारमा स्थापित भएको हुने भएकाले उत्तम कुलमा जन्मिएको उत्तम आचरण भएको पुरुष पनि स्वामी हुन सक्दैन। कलियुगमा मनुष्यहरूले आफूले आर्जन गरेको सबै धन दान पुण्यलगायतको कार्यमा नलगाएर घर बनाउने कार्यमा मात्र लगाउनेछन्। यसरी कमाएको सबै सम्पत्ति अतिथिको सत्कार र अन्य किसिमको सामाजिक कार्यमा नलगाएर आफ्नो सुखसुविधाको उपभोगमा मात्र खर्च गर्नेछन्। यो कलियुगमा सबै स्त्रीहरू आफ्नो पतिका रूपमा अत्यन्तै सुन्दर पुरुष प्राप्त गर्ने कामना भएका र पूर्ण रूपमा स्वेच्छाधारी आचरण भएका हुनेछन् भने कलियुगका पुरुषहरू अन्यायका आधारमा प्राप्त भएको वा हुने धनमा ज्यादै आसक्त हुनेछन्। यो कलियुगमा आफ्ना अनन्य मित्रहरूले विनम्रतापूर्वक अनुरोध गरे तापनि मनुष्यहरूले एक–एक पैसाका लागि पनि आफ्नो व्यक्तिगत स्वार्थ छाड्दैनन् वा आफ्नो स्वार्थमा मात्र एकाग्रतापूर्ण लागिरहेका हुन्छन्। कलियुगमा शूद्रहरूले आफूहरू पनि ब्राह्मण बराबरको भएको दाबी गर्नेछन् तथा दूध दिएका कारणले मात्र गाईहरूको सम्मान हुनेछ अथवा दूधका लागि मात्र गाईहरूको संरक्षण गरिने चलन स्थापित हुनेछ।

त्यस समयमा सबै मानिसहरू भोकले ज्यादै व्याकुल भएर अनावृष्टि हुने डरले भयभीत हुँदै प्रायः आकाशतिर मात्र हेरिरहेका हुन्छन् अर्थात् वर्षादको प्रतीक्षा गरिरहेका हुन्छन्। कलियुगमा अन्नको धेरै अभाव हुने भएकाले मनुष्यहरूले पनि तपस्वीहरूले जस्तैगरी कन्दमूल अर्थात् गिट्ठा, आलु, तरुल, सुठुनी, फललगायतको भोजन गरेर जीवननिर्वाह गर्नेछन् तथा अनावृष्टिबाट अत्यन्तै पीडित भएका कारणले कसै–कसैले आत्महत्या पनि गर्नेछन्। त्यस समयमा असमर्थ भएका मनुष्यहरूले सुख र आनन्द प्राप्त गर्न असम्भव भएका कारणले गर्दा सधैँ अनिकाल, क्लेश वा कुनै आघात परेर या चिन्ताका कारणले मानिस व्याकुल तथा सन्तप्त रहेन कष्टपूर्ण मानसिक स्थितिको मात्र भोग गर्नेछन्। कलियुगमा मनुष्यहरूले न नुहाई भोजन गर्नेछन् अथवा खानेकुरा खानेछन्। अग्नि, देवता र अतिथिको पूजा पनि गर्ने छैनन् तथा आफ्ना पितृहरूका लागि श्राद्ध–तर्पण पनि गर्ने छैनन् अर्थात् कलियुगमा मनुष्यहरूले आफ्नो परम्परादेखि

चलिआएको संस्कार पूर्ण रूपमा परत्याग गर्नेछन्।

कलियुगमा स्त्रीहरू ज्ञानेन्द्रियले ग्रहण गर्ने पदार्थ अथवा रूप, रस, गन्ध, स्पर्श र शब्दका लालची हुने भएकाले अीतकामुक स्वभाव भएका हुनेछन्। सबैको शरीर होचो भए तापनि तिनीहरूले खानेकुरा धेरै खानेछन् र धेरै सन्तान जन्माउने र भाग्यविहीन हुनेछन्। ती कलियुगका स्त्रीहरूले आफ्ना दुवै हातले टाउको कन्याउँदै गुरु र आफ्नो पतिहरूको आज्ञाको अपहेलना गर्दै अनादरपूर्वक खण्डन गर्नेछन् अथवा उनीहरूको आज्ञाअनुसारको नभएर आफ्नो स्वेच्छाअनुसारको व्यवहार गर्नेछन् । कलियुगका स्त्रीहरू आफ्नो पेट पाल्ने कार्यमा ज्यादै तत्परतापूर्वक लागेका, अत्यन्तै क्षुद्र वा नीच स्वभाव भएका र शारीरिक संस्कारविहीन भएका कारणले गर्दा धेरै कठोर र असत्य बचन बोल्न थाल्नेछन्। त्यस समयमा कुलको अत्यन्तै महत्त्वपूर्ण अङ्गका रूपमा रहेका स्त्रीहरू खराब स्वभाव भएका र सधैं खराब चरित्र भएको पुरुष प्राप्त गर्ने अभिलाषा लिएका हुनेछन् भने निरन्तर रूपमा निन्दा गर्न योग्य आचरणमा मात्र लागिरहनेछन् अथवा ती स्त्रीहरूले असत्य व्यवहार मात्र गर्नेछन् । ब्राह्मण बालकहरूले आफूहरू यथार्थ रूपमा आचरण र संस्कारविहीन भए तापनि ब्रह्मचारीको जस्तै स्वरूप धारण गरेर वेदको अध्ययन र अध्यापन गर्नेछन् । गृहस्थहरूले यज्ञ–यज्ञादि अथवा हवन गर्ने कार्य परित्याग गर्दै उचित सत्पात्रलाई दान दिन छाडिदिनेछन्। वानप्रस्थानमा रहेका सन्न्यासीहरूले आफ्नो स्वाभाविक आहार अर्थात् खानेकुरा वनमा पाइने कन्दमूल खान छोडेर गृहास्थाश्रममका लागि निर्धारण गरिएको भोजन स्वीकार गर्न थाल्नेछन् भने सन्न्यासीहरू आफ्ना आफन्तहरू र परिवारको सम्बन्धमा आसक्त हुनेभएकाले तिनीहरू पारिवारिक बन्धनमा परिरहनेछन्।

कलियुग आरम्भ भएपछि राजाहरूले न्यायोचित किसिमबाट आफ्ना प्रजाहरूको पालनपोषण र संरक्षण गर्ने छैनन्। ती राजाहरूले कर लिने योजना बनाएर जबरजस्ती आफ्ना प्रजाहरूको धनसम्पत्ति लिनेछन् अथवा प्रजाहरूलाई धन दिन बाध्य पार्नेछन्। त्यस समयमा जो–जससँग धेरै मात्रामा घोडा, हात्ती र रथहरू हुनेछन्, तिनीहरू मात्र राजा हुनेछन्। त्यस युगमा बलविहीन अर्थात् केही गर्ने सामर्थ्य नभएकाहरू जति सबै ती राजाहरूका सेवक हुनेछन् अथवा

ती बलवान् राजाहरूले सामर्थ्य नभएका जतिलाई आफ्नो दास बनाउने छन्। कलियुगमा वैश्यहरूले आफ्नो स्वाभाविक कर्म अन्तर्गत पर्ने खेतीपाती र व्यापार व्यवसाय पूर्ण रूपमा परित्याग गरिदिएर शूद्रको स्वाभाविक कर्म र कारिगरीका माध्यमद्वारा जीवननिर्वाह गर्न थाल्नेछन् वा पूर्ण रूपमा शूद्रवृत्तिमा आश्रित रहने छन्। आश्रमालगायतको चिह्नरहित भएका अधम शूद्रहरू सन्न्यासाश्रमको चिह्न धारण गरेर तत्परतापूर्वक भिक्षावृत्तिमा लाग्नेछन् भने शूद्रले आफ्नो संस्कारबाट पूर्ण रूपमा रहीत भएर पाखण्डवृत्ति अवलम्बन गर्नेछन् अथवा समाजबाट सम्मानित भएर शूद्रहरूले पाखण्डवृत्तिको अवलम्बन गर्नेछन्। त्यस समयमा मनुष्यहरू अनिकाल, राजाले लगाएको कर र शारीरिक रोगबाट अत्यन्तै पीडित भएकाले गवेधुक अर्थात् गडगडे र कोदोसम्पन्न भएका देशहरूमा आश्रय लिन जानेछन् भने कोही जौ र गहुँ अत्यधिक मात्रामा उत्पन्न हुने देशहरूमा जानेछन्।

त्यसपछि वेदले निर्देशन गरेको मार्ग लोप हुने भएकाले मनुष्यहरूमा अत्यधिक पाखण्डको अभिवृद्धि हुनेछ तथा अधर्मको बढोत्तरीले अन्तिम सीमा नाघ्नेछ। त्यस समयमा मानिसहरूको आयु अत्यन्तै छोटो हुनेछ। मनुष्यहरूले शास्त्रीय विधिका विरुद्ध अत्यन्त भयानक तपस्या गर्नाले र राजाको कार्यबाट उत्पन्न भएको दोषका प्रभावले मानिसहरूको बाल्यावस्थामा मृत्यु हुन थाल्नेछ। कलियुगमा आठ, नौ वा दस वर्ष पुगेको पुरुषसँग सहवास गरेर पाँच, छ वा सात वर्षका बालिकाहरूले पनि सन्तान जन्माउनेछन्। कलियुगमा बाह्र वर्षको उमेरमा मनुष्यहरूको कपाल फुल्न थाल्नेछ भने बीस वर्षको उमेरभन्दा धेरै कुनै पनि मनुष्य जीवित रहन सक्दैन। कलियुगका मुनष्यहरू ज्यादै मन्द बुद्धि भएका, अनावश्यक चिह्न धारण गर्ने, अत्यन्तै क्रोधित र दुष्ट स्वभाव भएका हुनेछन्। त्यसकारण तिनीहरू थोरै समयमा पूर्ण रूपमा नष्ट हुनेछन् अथवा तिनीहरूको चाँडै विनाश हुनेछ। जुन समयमा पाखण्डी स्वभाव भएका मनुष्यहरूको धेरै मात्रामा वृद्धि भएको देखिन्छ। त्यस समयमा बुद्धिमान् मनुष्यहरूले कलियुगको वृद्धि भइरहेको अनुमान गर्नुपर्दछ अथवा कलियुग तीव्रगतिमा बढिरहेको सम्झनु पर्दछ। जब संसारमा वेदिक मार्गको अनुसरण गर्ने महापुरुषहरूको पूर्ण रूपमा अभाव भएर अधर्म अत्यधिक रूपमा बढ्दछ तथा यथार्थ रूपमा धर्मका आश्रयमा

रहेका पुरुषहरूद्वारा आरम्भ गरिएका कार्यहरू असफल हुन थाल्दछन्, त्यस समयमा विद्वान्हरूले कलियुगको बाहुल्य स्थापित भएको सम्झनुपर्दछ। जुन समयमा मनुष्यहरूले सबै यज्ञहरूका अधिपति परब्रह्म परमात्मा श्रीपुरुषोत्तमको यज्ञ–यज्ञादिका माध्यमद्वारा उपासना गर्न छाड्दछन्, त्यस समयमा कलियुग अत्यन्तै बलवान् भएको सम्झनुपर्दछ। जुन समयमा मनुष्यहरूले वेदको अत्यन्त निन्दा गर्दछन् वा वेदप्रति सद्भाव नराखेर पाखण्डवृत्तिमा ज्यादै आसक्त हुन्छन्, त्यस समयमा विद्वान्हरूले कलियुग अतितीव्रगतिको वृद्धि भइरहेको बुझ्नुपर्दछ। कलियुगमा मनुष्यहरूले पाखण्डका नियन्त्रणमा परेर दुष्कर्म र दुराचारमा अत्यन्तै आसक्त हुने भएकाले समग्र प्राणीमात्रका रचयिता परब्रह्म परमात्मा श्रीविष्णुको उपासना गर्दैनन्।

कलियुग प्रारम्भ भएपछि बादलले अत्यन्तै थोरै मात्रामा पानी बर्साउने भएकाले खेतीपातीबाट ज्यादै थोरै अन्न उत्पन्न हुन्छ भने त्यसरी उत्पन्न भएको फललगायतमा अतिथोरै शक्ति रहेको हुन्छ। कलियुगमा प्रायः सबै सनपाट अथवा जुटबाट उत्पादन गरिएका कपडा हुन्छन् भने धेरै मात्रामा शमीका मात्र रूख हुन्छन् र चारोटै वर्णका मनुष्यहरू प्रायः शूद्र बराबरका हुन्छन् अथवा त्यस समयमा वर्ण व्यवस्था अत्यन्तै कमजोर हुने भएकाले सबैमा शूद्रको प्रभाव परेको हुन्छ। कलियुग आरम्भ भएपछि धान धेरै सानो वा मसिनो हुन्छ भने धेरैजसो बाखाको दूध मात्र पाइन्छ र अनुलेपन वा शरीरमा घस्ने बुकुवा खसको जराको मात्र उपलब्ध हुन्छ। कलियुगमा मास र मुसुरो मात्र मनुष्यहरूको मुख्य गुरु हुनेछन् र ज्यादै मनमोहक स्वरूप भएकी पत्नी र सालो मात्र आफ्नो अनन्य मित्र हुनेछन् अर्थात् मुख्य बन्धु–बान्धव हुनेछन्। मनुष्यहरूले ससुराको अनुयायी भएर को कसकी आमा र को कसको पिता सबैले आआफ्नो कर्मानुसार जन्म लिएको हुन्छ तथा नन्मिएपछि आफ्नो कर्मअनुसारको मरण पनि हुन्छ। त्यस कारण यो नातापाता अनाववश्यक हो भन्दछन्। कलियुगमा अत्यन्तै अल्पबुद्धि भएका मनुष्यहरूले वचन, मन र शरीरलगायतको दोषका नियन्त्रणमा परेर अर्थात् तिनीहरूको प्रभावमा ज्यादै आसक्त भएर प्रत्येक दिन पापकर्म मात्र गरिरहेका हुन्छन् भने शक्तिविहीन वा निर्बल, अपवित्र र यथार्थ रूपमा श्रीविहीन भएको

पुरुषलाई जेजस्तो दुःख हुन सक्दछ, ती सबै दुःख उसलाई कलियुगमा उपलब्ध हुनेछन् अथवा उसको अनिवार्य रूपमा ती सबै दुःख भोग्र्नुपर्दछ। नियमपूर्वक गरिने वेदको अध्ययन, देवताहरूको उद्देश्यले आहुति दिइएको यज्ञविहीन, सबै देवताको उद्देश्यले दिइने नैवेद्य र पितृसम्बन्धी अन्नरहित भएको कलियुगमा कतै कतै केही अत्यन्त थोरै मात्रामा धर्म रहन्छ। तर कलियुगमा यी सबै किसिमका दोषहरू रहेका भए तापनि एउटा मुख्य गुण पनि रहेको छ। सत्ययुगमा अत्यन्तै कठोर तपस्या गर्दा जुन धर्म प्राप्त हुन्छ, त्यही धर्म कलियुगमा अत्यन्त थोरै परिश्रम गर्ने मनुष्यले प्राप्त गर्न सक्दछ।

महर्षि वेदव्यासले कलियुगका विषयमा जुन तात्त्विक रूपमा बताएको थियो, त्यसका सम्बन्धमा म तिमीलाई जस्ताको तस्तै बताइदिन्छु, तिमी ध्यानपूर्वक सुन। कुनै एक समयमा मुनिहरूका बीचमा कुन समयमा गरिएको थोरै मात्र धर्मले अत्यन्तै ठूलो फल प्रदान गर्दछ भन्ने विषयमा कुराकानी भयो। यस विषयमा कुराकानी गर्ने क्रममा उनीहरूका बीचमा एउटा विवाद उत्पन्न भयो। ती सबै उत्तम मुनिहरू आफूहरूका बीचमा उत्पन्न भएको सन्देहको निर्णय गर्नका लागि सर्वोत्कृष्ट महर्षि वेदव्यासको आश्रममा गए। त्यहाँ पुगिसकेपछि ती मुनिहरूले मेरा पुत्र वेदव्यासलाई गङ्गाजीमा आधा स्नान गरिरहेको अवस्थामा अथवा पूर्ण रूपमा नुहाई नसकेको अवस्थामा देखेकाले ती सम्पूर्ण मुनिहरूले वेदव्यासको नुहाउने कार्य समाप्त नभएसम्म उहाँको प्रतीक्षा गर्नका लागि त्यही अतिउत्तम नदीको किनारमा रहेको एउटा रूखको फेदमा बसेर वेदव्यासको प्रतीक्षा गरेर। मेरा पुत्र वेदव्यासले नुहाउँदा–नुहाँउँदै बीचमा गङ्गाजीको पानीमा डुबुल्की मारेर पानी बाहिर निस्कँदै ती आफ्नो प्रतीक्षा गरेर बसिरहेका मुनिहरूलाई सुनाउँदै कलियुग मात्र सबैभन्दा उत्तम छ, भने। त्यसपछि फेरि गङ्गाजीको पानीमा डुबुल्की मारेर पानी बाहिर निस्कँदै ती वेदव्यासले अझै आफ्नो प्रतीक्षा गरेर बसिरहेका मुनिहरूलाई सुनाउँदै भने– हे शूद्र ! तिमीहरू धन्य छौ, तिमीहरू नै सर्वोत्कृष्ट छौ।

त्यसपछि एकपल्ट फेरि पानीमा डुबुल्की मारेर पानीबाट बाहिर निस्कँदै वेदव्यासले अहिलेसम्म पनि आफ्नो प्रतीक्षा गरेर नदीको तीरमा भएको एउटा

रूखको छायामा बसिरहेका मुनिहरूलाई सुनाउँदै भने– हे स्त्रीहरू ! तिमीहरू अत्यन्तै श्रेष्ठ छौ, तिमीहरू धन्य छौ, तिमीहरूभन्दा अत्यधिक धन्य यस जगत्मा अन्य को छ ? त्यसपछि विधिपूर्वक नुहाइरसकेर आफ्नो नित्यक्रिया समाप्त गरेर मेरा पुत्र वेदव्यास आफ्नो आश्रममा आइसकेपछि धेरै पहिलादेखि उनको प्रतीक्षा गरेर बसिरहेका ती मुनिहरू पनि उनको नजिकमा आए। त्यसपछि यथायोग्य अभिवादन आदान–प्रदान गरेर यथायोग्य आसनहरूमा बसेपछि वेदव्यासले ती धेरै समय पहिलेदेखि आफ्नो प्रतीक्षा गरेर बसेका मुनिहरूसँग सोधे।

वेदव्यासले भने– तपाईंहरू के समस्या परेर मेरो आश्रममा आउनुभएको हो ?"

मुनिहरूले भने– हाम्राका बीचमा कुनै एउटा विषयको निर्णय गर्ने सिलसिलामा सन्देह उत्पन्न भयो अथवा हामी द्विविधामा परेकाले त्यस विषयमा निर्णय गर्न सकेनौँ। त्यसैको निर्णयका लागि हजुरको नजिकमा आएका थियौँ। तर यस समयमा त्यो विषय थाती राख्दै, हजुरले हामीलाई अर्कै कुरा बताइदिनुस्। तपाईंले गङ्गामा नुहाउँदाका अवस्थामा कयौँ पटक कलियुग अतिसर्वोत्कृष्ट छ, कलियुगका शूद्र श्रेष्ठ छन् र कलियुगका आइमाई उत्तम छन् र धन्य छन् भन्नुभएको थियो। हामीलाई यसको वास्तविक अर्थको ज्ञान हुन सकेन। यो सबै विषयमा हामी स्पष्ट शब्दमा सुन्न चाहन्छौँ। यदि यो विषय अत्यन्तै गोपनीय रहेको छैन भने हामीलाई यसको भावार्थ बुझाइदिनुस्। हामीले जुन विषय निर्णयार्थ हजुर समक्ष लिएर आएका छौँ। ती आफ्नो आश्रममा आएका उत्तम मुनिहरूले यस किसिमको प्रश्न गरेपछि महर्षि वेदव्यासले मुसुमुसु हाँस्दै तिनीहरूसँग भने।

वेदव्यासले भने—मैले जुन यिनीहरूलाई पटक पटक धन्य धन्य बताएको थिएँ, त्यसका विषयमा ध्यानपूर्वक सुन्नस्। मनुष्यलाई सत्ययुगमा दस वर्षसम्म तपस्या, ब्रह्मचर्यको पालना र जप गर्नाले जुन फल प्राप्त हुन्छ; त्यसैअनुसरको फल त्रेतायुगमा एक वर्षमा, द्वापरयुगमा एक महिनामा र कलियुगमा एक दिनमा अथवा चौबीस घण्टाको परिश्रमबाट प्राप्त हुन सक्दछ। यस कारणले गर्दा मैले कलियुगलाई अत्यन्तै सर्वोत्कृष्ट बताएको हुँ। सत्ययुगमा ज्यादै कष्टपूर्वक ध्यान

र योग गरेर, त्रेतायुगमा अनेकौँ किसिमका यज्ञ–यज्ञादिहरूको अनुष्ठान गरेर तथा द्वापरयुगमा अर्चन वा पूजाआजा गरेर जुन फल प्राप्त गर्न सकिन्छ; त्यसैअनुसारको फल कलियुगमा केवल परमात्मा श्रीकेशवको कीर्तनबाट प्राप्त गर्न सकिन्छ अर्थात् परमात्मा श्रीकेशवको भक्तले त्यो फल प्राप्त गर्न सक्दछ। त्यसकारण म कलियुगबाट ज्यादै सन्तुष्ट भएको छु।

अब शूद्रहरूलाई सर्वोत्कृष्ट बताउनाको अभिप्राय स्पष्ट पार्नुछ। द्विजातिहरूले सबैभन्दा पहिले ब्रह्मचर्यव्रतको नियमअनुसार वा ब्रह्मचर्यमा रहेर वेदको अध्ययन गर्नुपर्दछ। त्यसपछि फेरि धर्मअनुसारको आचरणका आधारमा उपार्जन गरिएको धनबाट विधिपूर्वक यज्ञहरूको अनुष्ठान गर्नुपर्दछ। त्यसमा पनि द्विजातिहरूका लागि अनावश्यक कुराकानी, अनावश्यक खाने पदार्थहरू, अविधिपूर्वक गरिएको यज्ञ आफ्नो पतन गराउने कारक तत्त्व हुन सक्दछ। त्यसकारण उनीहरूले सधैँ संयमित रहनुपर्दछ। जुनसुकै किसिमको आफ्नो कर्तव्यकर्म गर्दाका अवस्थामा कुनै अंशमा अलिकति मात्र पनि त्रुटि भयो भने द्विजातिहरू पापको भागी हुन्छन् अथवा उनीहरूलाई पाप लाग्दछ। उनीहरूले आफ्नो स्वेच्छाअनुसारको खानपिन गर्न सक्दैनन् अर्थात् आफ्नो चाहनाअनुसार कुनै पनि वस्तु वा पदार्थको उपभोग गर्न सक्दैनन्। किनकि उनीहरू सबै किसिमका कर्महरूमा अर्काको नियन्त्रणमा रहेका हुन्छन्। यसरी अनेकौँ बाधा–व्यवधानका बीचमा जीवित रहँदै उनीहरूले पुण्यलोक प्राप्त गर्नका लागि अत्यन्तै दुःखदायी परिस्थितिको सामना गर्नुपर्दछ। तर जसलाई केवल मन्त्रविहीन यज्ञ अथवा पाकयज्ञ मात्र गर्ने अधिकार रहेको वा पञ्चमहायज्ञमध्ये ब्रह्मयज्ञबाहेकका चार यज्ञ मात्र गर्ने अधिकार रहेको त्यो शूद्रले द्विजातिहरूको सेवा मात्र गरेर सद्गति प्राप्त गर्न सक्दछ अर्थात् आफ्नो कल्याण गर्न सक्तछ। त्यसकारण मैले शूद्रलाई सर्वोत्तम बताएको हुँ। शूद्रहरूलाई खान हुने वा नहुने, पिउन हुने वा नहुने भन्ने कुनै नियम लागू हुँदैन अथवा उनीहरूले आफ्नो स्वेच्छाअनुसार जस्तोसकै खाने र पिउने पदार्थ स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्दछन्। त्यसकारण मैले उनीहरूलाई सर्वोत्कृष्ट बताएको हुँ।

अब कलियुगमा स्त्रीहरू कसरी सर्वोत्कृष्ट हुन्छन् भन्ने विषयमा सुन।

पुरुषहकरूले सधैँ आफ्नो धर्मअनुसारको आचरण गरेर कमाएको धनबाट मात्र सत्पात्रलाई दान दिनुपर्दछ र वैदिक विधिअनुसार यज्ञ–यज्ञादि कर्म गर्नुपर्दछ। यसरी धन उपार्जन र त्यसको संरक्षण गर्नका लागि पुरुषहरूले अत्यन्तै दुःखदायक परिस्थितिको सामना गर्नुपर्दछ अथवा धेरै कष्ट सहनुपर्दछ र यसरी उपार्जन गरिएको धन सत्पात्रलाई दान दिने कार्य पनि अतिकठिन हुन्छ। यसरी यी सबै र यस्तै किसिमका अनेकौँ कष्टहरूको सामना गर्दै आफ्नो धर्मको रक्षा गर्ने कार्यसम्पन्न गरेपछि पुरुषहरूले सिलसिलाबद्ध रूपमा प्रजापतिहरूका शुभ वा कल्याणदायक लोकमा जाने अवसर पाउन सक्छन्। तर कलियुगमा स्त्रीहरूले त मन, वचन र कर्ममद्धारा आफ्नो पतिको सेवा गरेर, अत्यन्तै आत्मीय मित्र र शुभचिन्तक मात्र बनेर पतिका बराबर शुभ लोकहरूमा जाने अवसर प्राप्त गर्नेछन्; जुन लोक पुरुषहरूले धेरै मेहनतपूर्वक परिश्रम गरेपछि मात्र प्राप्त गर्न सक्दछन्। त्यसकारण मैले तेस्रो पटक आइमाईहरूलाई धन्य वा सर्वोत्कृष्ट बताएको थिएँ। यसकारण कलियुगका आइमाईहरू यथार्थमा सर्वोत्कृष्ट हुनेमा कुनै द्विविधा छैन। मैले तपाईंहरूलाई सबै कुरा स्पष्ट शब्दमा बताइसकेँ; अब तपाईंहरू जुन विषयको निर्णयमा विवाद उत्पन्न भएर यहाँ आउनुभएको हो, त्यो सोध्नुहोस्। त्यसका विषयमा पनि म स्पष्ट शब्दमा बताइदिनेछु।

महर्षिहरूले भने—हामी आपसमा निर्णय गर्न नसकेर जुन कुरा सोध्नका लागि हजुरको नजिकमा आएका थियौँ, हजुरले त्यसको स्पष्ट जवाफ यसै प्रसङ्गमा दिइसक्नुभएको छ। त्यसैले अब हामीहरूले सोधिरहनु पर्ने कुनै कुरा छैन, त्यसकारण हामी अत्यन्तै सन्तुष्ट भयौँ। त्यसपछि महर्षि कृष्णद्वैपायन अर्थात् वेदव्यासले मुसुमुसु हाँस्दै ज्यादै आश्चार्यचकित आँखा पारिरहेका ती आफ्नो आश्रममा आएका उत्तम मुनिहरूसँग भने।

वेदव्यासले भने—मैले आफ्नो दिव्यदृष्टिका माध्यमद्वारा तपाईंहरूको प्रश्नका विषयमा पहिले नै जानिसकेको थिएँ। त्यसकारण तपाईंहरूको जिज्ञासाको जवाफ दिने प्रसङ्गमा धन्य–धन्य भनेको थिएँ॥ कलियुगका समयमा जुन मनुष्यले आफूमा भएको सद्‌गुणरूपी पानीबाट सबै पापहरू यथार्थ रूपमा पखाल्न सक्दछ; उसले थोरै परिश्रम गरेर धर्म कमाउन सक्दछ अर्थात् आफ्नो

कल्याण गरेर मनुष्य जीवनलाई सफल बनाउन सक्दछ। कलियुगमा शूद्रहरूले द्विजातिहरूको सेवाको प्रभावले र आइमाईहरूले पतिको सेवाका प्रभावले कुनै किसिमको परिश्रम नगरी वा अत्यन्तै सहज रूपमा धर्ममय सिद्धि प्राप्त गरेर आफ्नो मनुष्य जन्म यथार्थ रूपमा सफल बनाउनेछन्। त्यसकारण मेरो मान्यताअनुसार यी तीनोटै अत्यन्तै सर्वोकृष्ट रहेका छन्। किनकि सत्ययुग, त्रेतायुग र द्वापरयुगमा द्विजातिहरूले धार्मिक आचरणमा रहन धेरै कष्ट गर्नुपर्दछ। तपाईंहरूले कुनै प्रश्न नगर्नु भएको भए पनि तपाईंहरूले जुन विषयमा यथार्थ रूपमा जान्न चाहनुभएको थियो, त्यो सबै बताएँ; अब के विषयमा बताइदिऊँ ? त्यसपछि ती महर्षिहरूले महर्षि वेदव्यासको पूजा गरेर पटकपटक प्रशंसा गरेर उनले बताएअनुसारको निश्चय गरेर जहाँबाट आएका थिए, त्यतै गए।

पराशरले भन्नुभयो— तिमीलाई पनि मैले कलियुगको रहस्यका विषयमा विस्तारमा बताइदिएँ र दुष्ट कलियुगमा यो एउटा ठूलो गुण रहेको छ। कलियुगमा मनुष्यहरूले केवल परमात्मा श्रीकृष्णका नाम कीर्तन मात्र गर्नाले सबै बन्धनबाट यथार्थ रूपमा मुक्त भएर परमपद प्राप्त गर्न सक्दछन् अर्थात् सांसारिक चक्रबाट पूर्ण रूपमा मुक्त हुन सक्दछन्। अब तिमीले मसँग जुन जगत्को उपसंहार, प्राकृतिक प्रलय र मध्यवर्ती प्रलयका विषयमा सोधेका थियौ, त्यसका सम्बन्धमा बताइदिन्छु सुन। सबै प्राणीमात्रको प्रलय नैमित्तिक वा जुनसुकै कारणबाट, आत्यन्तिक या लगातार भइरहने र प्राकृतिक अथवा स्वाभाविक गरेर तीन किसिमको हुन्छ। कल्पको अन्तमा जुन ब्रह्म नाम भएको प्रलय हुन्छ; त्यसैलाई नैमित्तिक अथवा जुनसुकै कारणबाट हुने प्रलय भनिन्छ। जुन मोक्षरूप प्रलय छ; त्यसलाई लगातार भइरहने प्रलय तथा जुन ब्रह्माको आयुको आधाकालको अन्तमा हुन्छ; त्यसलाई प्राकृतिक प्रलय भनिन्छ।

मैत्रेयले भने— हजुरले जुन दुई गुणाको अवधि भएको प्राकृतिक प्रलयका विषयमा बताउनुभएको छ; त्यो परार्द्धको सङ्ख्याका विषयमा मलाई स्पष्ट रूपमा बताइदिनस्।

पराशरले भन्नुभयो— एक देखि आरम्भ गरेर सिलसिलाबद्ध रूपमा दस गुना गन्दा गन्दा जुन अठार पटक गणना गरिन्छ, त्यो सङ्ख्यालाई परार्द्ध भनिन्छ।

वराहपुराणमा यी अठार सङ्ख्याको नामको सम्बन्धमा अर्थात् गणना गर्ने विधिका विषयमा प्रष्ट्याउँदै भनिएको छ– एक, दस, सय, हजार, अयुत, नियुत, प्रयुत, अर्बुद, न्युबुर्द, वृन्द, खर्व, निखर्व, शङ्ख, पद्म, समुद्र, मध्य, अन्त र परार्द्ध। कोटिकोटि सहस्र कल्पस्वरूप परार्द्धलाई दुईगुना गर्दा त्यसको परिमाणमा जति समय आउँछ, त्यति नै समयमा प्राकृतिक वा स्वाभाविक प्रलय हुन्छ। यस्तो प्रलय भएको अवस्थामा सबै पदार्थहरू आफ्नो अव्यक्त कारणमा विलीन हुन्छन्। मात्रा बराबर परिमाण भएको अथवा एक मात्रा भएको सानो अक्षरको उच्चारण गर्न जति समय लाग्दछ; त्यस बराबरको समयलाई मनुष्यको निमेष भनिन्छ; त्यस्तो पन्ध्र निमेषको एक काष्ठ हुन्छ र तीस काष्ठाको एक कला हुन्छ अर्थात् तीस काष्ठा बराबरको समयलाई एक कला भनिन्छ। पन्ध्र कला बराबर एक नाडी हुन्छ। यो नाडीको समयको ज्ञान साढे बाह्र पल वा चौसट्ठी मासा बराबरको तौल भएको तामाबाट बनेको पानी राखिने पात्रबाट हुन सक्दछ। मगध देशका नापबाट यो पात्रलाई पानीमा राखिने बताइएको छ। त्यसमा चार अङ्गुल लामो र चार मासा सुनबाट बनेको छेस्कोले प्वाल पारिएको हुन्छ। त्यो जलपात्रमा पारिएको प्वाललाई माथितिर पारेर पानीमा डुबाइदिएपछि जति समयमा त्यो पात्र भरिन्छ; त्यति समय एक नाडीको समयावधि भएको जान्नुपर्दछ।

यसैगरी दुई नाडीको समयावधिलाई एक मुहूर्त भनिन्छ र तीस मुहूर्तको एक दिनरात अथवा चौबीस घण्टाको समय हुन्छ र तीस दिनरातको एक महिना हुन्छ भने बाह्र महिनाको एक वर्ष हुन्छ। यो मनुष्यको एक वर्ष देवताहरूको एक दिनरात वा चौबीस घण्टाको समय हुन्छ। यस किसिमको तीन सय साठी मानवीय वर्ष देवताहरूको एक वर्ष अथवा बाह्र महिनाको समायावधि हुन्छ। यसप्रकारका बाह्र हजार दिव्य वर्षहरूको एक चतुर्युग हुन्छ भने एक हजार चतुर्युगको समयावधिलाई ब्रह्माको एक दिन हुने बताइएको छ। ब्रह्माजीको एक दिनलाई एक कल्प भनिन्छ भने एक कल्पमा चौध मनु हुन्छन्। यही कल्पको अन्तमा ब्रह्माको नैमित्तिक अथवा जुनसुकै कारणबाट हुने प्रलय हुन्छ। यो जुनसुकै कारणबाट हुने प्रलयको स्वरूप अत्यन्तै भयानक हुन्छ। अब म तिमीलाई त्यो भयानक स्वरूपका विषयमा बताउनेछु, ध्यानपूर्वक सुन। स्वाभाविक प्रलयका

विषयमा तिमीलाई पछि बताउनेछु। एक हजार चतुर्युग बितिसकेपछि जब पृथ्वी क्षीणप्राय अथवा लगभग खिइसकेको हुन्छ; त्यसपछि सय वर्षसम्म अतिभयानक किसिमको अनावृष्टि हुनेभएकाले पृथ्वीमा आवश्यकताअनुसार पानी पर्नेछैन। त्यस समयमा जुन ज्यादै थोरै मात्र शक्ति भएका पार्थिव जीवरूपी राजाहरू हुनेछन्, ती सबै आकाशबाट झर्ने पानी पृथ्वीमा झर्ने काममा अवरोध भएका कारणले यथार्थ रूपमा नष्ट हुन्छन्। किनकि उनीहरूमा अनावृष्टिबाट उत्पन्न भएको भयानक पीडा सहने सामर्थ्य रहेको हुँदैन। उहाँ रुद्रको स्वरूप धारण गर्नुभएका परब्रह्म परमात्मा श्रीविष्णुले समग्र संसारको संहार गर्न पृथ्वीमा भएका सबै जीवमात्रलाई आफूमा विलीन गराउने प्रयास गर्नुहुनेछ। त्यस सम्बन्धमा रुद्रस्वरूप धारण गर्नुभएका परब्रह्म परमात्मा श्रीविष्णुले सूर्यका सातोटै किरणमा अवस्थित भएर पृथ्वीमा भएको सबै पानी पिउनुहुन्छ।

यसरी परब्रह्म परमात्मा श्रीविष्णुले प्राणीहरू र पृथ्वीमा भएको सबै पानी पिएर समग्र पृथ्वीमण्डललाई सुक्खा पार्नुहुन्छ; त्यस समयमा पृथ्वीमा एक थोपा पानी पनि रहँदैन। यसरी नदी, झरना तथा विभिन्न पाताल र जमिनको प्वालहरूमा जति पानी रहेको छ, त्यो सबैले यथार्थ रूपमा पिइदिनुहुन्छ। परब्रह्म परमात्मा श्रीविष्णको प्रभावबाट यथार्थ रूपमा प्रभावित भएर तथा सबै पानी पिएका कारणले पुष्ट भएका ती सूर्यका सातोटै किरण सात सूर्यमा परिणत हुन्छन्। ती अत्यन्तै प्रज्वलनशक्ति भएका सातोटै सूर्यले तलमाथि सबैतिर तथा पातालसम्मका लोकहरू अथवा समग्र ब्रह्माण्डमै रहेका तीनोटै लोक जलाएर भस्म गरिदिन्छन्। यसरी ती सूर्यबाट पूर्ण रूपमा भस्म भएका तीनोटै लोकका पर्वत, नदी र समुद्रसहित सबै किसिमका पानीका स्रोतहरू पानीविहीन हुने भएकाले ब्रह्माण्डमा रहेका तीनोटै लोकका रूखबिरुवा र पानीलगायत यथार्थ रूपमा नष्ट भएकाले यो समग्र पृथ्वी कछुवाको पिठ्यूँ अर्थात् ढाडजस्तै ज्यादै कडा हुन्छ। यसरी समग्र संसारको पूर्ण रूपमा विनष्ट गराउने कार्यमा अत्यन्तै उत्साहित भएर लाग्नुभएका परमात्मा श्रीहरिले शेषनागको मुखबाट निस्कने श्वास–प्रश्वासबाट उत्पन्न हुने कालाग्नि रुद्रस्वरूप धारण गर्नुभएर सम्पूर्ण पाताललोक पूर्ण रूपमा डढाइदिनुहुन्छ। त्यसरी निस्किएको त्यो अत्यन्तै प्रज्वलित

कालस्वरूप आगोको ज्वालाले पाताललोक भस्म गराइसकेपछि पृथ्वीमा आएर पृथ्वीलोक पनि यथार्थ रूपमा भस्म गराइदिन्छ। त्यो अत्यन्त प्रज्वलित भएको आगोको लप्काले भूर्लोक समूहलाई जलाएर नष्ट पारिदिएपछि स्वर्गलोकलाई जलाएर भस्म पारिदिन्छ। त्यो आगोको ज्वालारूपी माला धेरै ठूलो भुमरी बनेर त्यहीँ घुमिरहन थाल्दछ। यसरी प्रज्वलित आगोको भुमरीले ढाकिएर चराचर जगत् पूर्ण रूपमा नष्ट भइसकेपछि समस्त त्रिलोक अत्यधिक रूपमा तातो कराहीजस्तै ज्यादै रातो देखिन थाल्दछ अर्थात् आगोमा धेरै समयसम्म पोलेको फलाम जस्तै रातो हुन्छ। त्यस समयमा भूवर्लोक र स्वर्गलोकमा निवास गर्ने मनुसहितका महात्मा अतिप्रज्वलित भएको आगोको तापले अत्यधिक पीडित भएर महर्लोकमा गएर बस्न थाल्दछन्। तर महर्लोकमा पनि त्यो उग्र रूपमा प्रज्वलित भएको आगोको तापले अत्यन्तै पीडित भएर उनीहरू जीवित रहने आशा राख्दै जनलोक अर्थात् माथिका सात लोकमध्येको महर्लोकभन्दा माथिको लोकमा जान्छन्। त्यसपछि बिजुली र वज्रको जस्तो धेरै भयानक शब्दसम्पन्न संवर्तक नाम भएको भयङ्कर बादलको समूह हात्तीको आकार जस्तो रूपमा आकाशमा फैलन्छ।

त्यस समयमा कुनै बादल नीलो कमल जस्तै श्यामवर्ण भएको, कुनै चन्द्रकमल जस्तै सेतो वर्ण भएको, कुनै ध्वाँसे वर्ण भएको र कुनै पहेँलो वर्ण, गधाको जस्तो वर्ण भएको, कुनै लाहाको जस्तो र भएको, कुनै लहसुनी रत्नजस्तो अतिदेदीप्यमान, कुनै इन्द्र नीलमणिका समान, कुनै शङ्ख तथा कुन्द वा करबीरको फूलजस्तै, कुनै चमेलीको फूलजस्तै उज्जल वर्ण भएको, कुनै कालो वर्ण भएको, कुनै इन्द्रगोप अर्थात् वीरबहुटी कीराजस्तै रातो वर्ण भएको, कुनै मैनशिलाजस्तै गेरुवर्ण भएको, कुनै मयूरको प्वाँखको जस्तो र भएका, कुनै बाक्लो, कुनै धेरै ठूलो आकार भएको, कुनै पर्वतकोजस्तो आकार भएको, कुनै नगरको जस्तो आकार भएका, कुनै घर विशेषका बराबर अत्यन्तै बृहदाकार, कुनै पृथ्वीजस्तै फैलिएको, यस्ता बादलले भयानक शब्द निकाल्दै समग्र आकाश ढाकिदिन्छन्। त्यसपछि त्यो बादलसमूहले मुसलधारे पानीको वर्षा गराएर तीनोटै लोकमा फैलिएको त्यो अत्यन्तै भयानक आगो निभाइदिन्छन्।

त्यो बादल समूहले आफ्नो अविरल धाराका माध्यमद्वारा पृथ्वीलोकलाई यथार्थ रूपमा पानीमा डुबाइसकेपछि भुवर्लोक र त्यसभन्दा माथिका लोकहरूलाई पनि पानीमा डुबाइदिन्छन्। यसरी समग्र संसारलाई चारैतिर अँध्यारो बनाएर स्थावर र जीवहरू पूर्ण रूपमा नष्ट ।र् तापनि ती अत्यन्तै भयानक बादलसमूहले सय वर्षभन्दा धेरै समयसम्म पानी वर्षाइरहन्छन्।

यसरी सप्तर्षिहरूको बसेको ठाउँसम्म जलमग्न भएपछि यी तीनोटै लोक एउटा महासागरजस्तै हुन्छन्। त्यसपछि परमात्मा श्रीविष्णुका मुखबाट निस्किएको श्वासवायुले त्यो अतिभयानक बादलको समूहलाई नष्ट गरिदिएर फेरि सय वर्षसम्म यो वायु निरन्तर रूपमा चलिरहन्छ। त्यसपछि समग्र विश्वका आदिपुरुष, आदि र अन्त नहुनुभएका, सबै प्राणीमात्रमा समान रूपमा रहनुभएका, चिन्तन गर्न नसकिने र भूतभावन, परब्रह्मस्वरूप आदि कर्ता परमात्मा श्रीविष्णु त्यो वायुलाई पिएर एक रूप भएको त्यो समुद्रमा रहेको शेषनारायणको शय्या अथवा बिछ्यौनामा आनन्दपूर्वक सुत्नुहुन्छ। त्यस समयमा जनलोकमा निवास गर्ने सनकादि सिद्धहरूले उहाँ परब्रह्म परमात्मा श्रीविष्णुको स्तुति गर्दछन् भने ब्रह्मलावेकमा अवस्थित रहेका मुमुक्षुहरूले उहाँ परमात्मा श्रीविष्णुको अत्यन्त श्रद्धा र भक्तिपूर्वक ध्यान वा उपासना गर्दछन्। परमात्मा श्रीविष्णुले समग्र सांसारिक कार्यबाट यथार्थ रूपमा अलग हुनुभएर आफ्नो वासुदेवात्मक स्वरूपको चिन्तन गर्दै दिव्य योगमायाको आश्रयमा रहँदै आनन्दपूर्वक योगनिद्रा धारण गर्नुहुन्छ। यस प्रलयमा ब्रह्मास्वरूप धारण गर्नुभएका परमात्मा श्रीहरिको शयन नै निमित्त अथवा कारण भएकाले यसलाई नैमित्तिक अर्थात् जुनकुनै कारणबाट हुने प्रलय भनिन्छ।

जुन समयमा समग्र विश्वका परम आत्मा श्रीविष्णु जाग्रतावस्थामा रहनुहुन्छ, त्यस समयमा संसारमा सबै किसिमका चेष्टाहरू भइरहेका हुन्छन्। जुन समयमा उहाँले आफ्नो अतिप्रिय शेषनागले आफैँमा बनाइएको शय्यामा सुत्नुहुन्छ; त्यस समयमा समग्र संसार पूर्ण रूपमा निष्क्रिय हुन्छ। जसरी एक हजार चर्तुर्युग ब्रह्माजीको एक दिन हुन्छ; त्यसैगरी संसार एकनास भएपछि त्यति नै लामो समयको उहाँको एक रात्रि पनि हुन्छ। त्यो रात्रिको अन्त भएपछि

ब्रह्माको स्वरूप धारण गर्नुभएका श्रीविष्णु जाग्रातावस्थामा फर्किनुहुन्छ र फेरि ब्रह्माको रूपमा अवस्थित हुनुभएर मैले यसभन्दा पहिले जसरी बताएको थिएँ, त्यसै किसिमबाट सृष्टि गर्नुहुन्छ। यस किसिमकले नैमित्तिक अर्थात् जुनकुनै कारणबाट हुने प्रलय र त्यसपछि फेरि सृष्टिको रचना हुन्छ। यसरी मैले तिमीलाई नैमित्तिक र कल्पको अन्तमा हुने प्रलयका विषयमा बताइदिएँ।

अब प्राकृतिक अर्थात् स्वाभाविक प्रलयका विषयमा सुन। यसभन्दा पहिले बताइएअनुसारको अनावृष्टि र आगोको संयोगबाट तीनोटै लोक र पाताल यथार्थ रूपमा विनष्ट भएपछि महत्तत्त्वदेखि पृथ्वीसम्ममा उत्पन्न भएका सबै किसिमका विकारहरू ध्वस्त पार्नका लागि परमात्मा श्रीकृष्णको इच्छाअनुसार प्रलयको समय आउँछअथवा प्रलय हुन्छ। त्यस समयमा पानीको समूहले सबैभन्दा पहिले पृथ्वीको गुण गन्धलाई आपूमा विलीन गराउँदछ। यसरी पृथ्वीको गुण गन्ध समाप्त भएपछि पृथ्वीको प्रलय हुने समय आउँदछ वा पृथ्वीको प्रलय हुन्छ। आफ्नो गन्धतन्मात्रा स्वरूप गुण नष्ट भएपछि पृथ्वी समुद्रको पानीमा विलीन हुन्छ। रसबाट पानी उत्पन्न हुनेभएकाले पानीलाई रसात्मक भएको सम्झनुपर्दछ। त्यस समयमा अत्यधिक रूपमा बढेर ज्यादै तीव्रगतिमा बगेको त्यो पानीले भयानक शब्द निकाल्दै यो जगत्लाई पूर्ण रूपमा ढाकिदिन्छ। त्यो पानी कहिले स्थिर अवस्थामा रहन्छ भने कहिले बग्न थाल्दछ। त्यो छालहरूले परिपूर्ण भएको पानी चारोटै दिशाहरूमा बग्दछ। त्यसपछि पानीको गुणको रूपमा रहेको रसलाई आगोले पिउँदछ। यसरी आगोबाट शोषित भएर रसतन्मात्रा पूर्ण रूपमा नष्ट भएपछि पानीको समूह विलीन भएर पानी पनि पूर्ण रूपमा नष्ट हुन्छ। त्यो पूर्ण रूपमा रसविहीन भएको पानीको समूहले आगोमा प्रवेश गरेपछि सिलसिलाबद्ध रूपमा तेज अत्यन्तै प्रबल स्वरूप धारण गरेर सबै लोकमा व्याप्त हुन्छ अथवा त्यो तेजले सबै लोकलाई आफ्नो नियन्त्रणमा लिन्छ। त्यो अतिप्रज्वलित भएको आगोले सबैतिर फैरिएर पानीको समूहलाई आफूमा विलीन गराउँदछ र क्रमिक रूपमा आफ्नो लप्काले यो सम्पूर्ण जगत्लाई पूर्ण रूपमा ढाक्दछ। त्यो अत्यन्त प्रज्वलित भएको आगोद्वारा तल माथि तथा सबै लोकको संहार हुन्छ। यसरी संहार भएपछि वायुको समूहले तेजहरूका परम

आधार सूर्यलाई आफूमा विलीन गराउँदछ। तेजको समूह विनष्ट भएपछि समग्र संसार वायुमय हुन्छ र सबै तेज आफ्नो स्वरूपको विनाश भएका कारणले धेरै शान्त स्वभाव भएको हुन्छ वा आगोको कुनै अस्तित्व रहँदैन । त्यो वायु चारैतिर बगिरहेको हुन्छ तथा त्यो तेजको समूह पूर्ण रूपमा वायुमा विलीन भएपछि समग्र संसार यथार्थ रूपमा अन्धकारमय हुन्छ अर्थात् संसारमा ज्योति वा प्रकाशको आभा अलिकतिमात्र पनि रहँदैन अथवा संसार औँसीको रातजस्तै अतिअँध्यारो हुन्छ। फेरि ज्यादै तीव्रगतिमा चलिरहेको वायुले आफ्नो उत्पत्तिको मुख्य आधार आकाशको अवलम्बबन गरेर तल, माथि र दसै दिशाहरूलाई पूर्ण रूपमा हल्लाएपछि वायुको गुणस्वरूप स्पर्शलाई आकाशले आफूमा विलीन गराउँदछ। त्यस समयमा त्यो अत्यन्तै तीव्रगतिमा चलिरहेको वायु यथार्थ रूपमा शान्त हुन्छ र आकाश पूर्ण रूपमा विकाररहित भएर स्वच्छ हुन्छ।

त्यस समयमा रूप, रस, स्पर्श र आकारबाट पूर्ण रूपमा विहीन भएको आकाश सबै लोकहरूमा यथार्थ रूपमा व्याप्त भएर अत्यन्तै उज्यालो भएर अस्तित्व रहेको देखिन्छ भने चारैतिरबाट गोलाकार र प्वालसम्पन्न शब्दलक्षण आकाश मात्र बाँकी रहन्छ तथा यो शब्दमय समग्र आकाशलाई पूर्ण रूपमा ढाकेर अवस्थित भएको हुन्छ । त्यसपछि आकाशको गुणस्वरूप शब्दलाई भूतादिले आफूमा विलीन गराउँदछ। यस भूतादिमा एकै पटक पञ्चभूत (पृथ्वी, पानी, आकाश, तेज, वायु) र इन्द्रियहरूको समूह पनि विलीन हुन्छन्। यसपछि अहङ्कारमात्र रहने भएकाले त्यसलाई तामस अर्थात् तामसको बाहुल्य रहेको सम्झनुपर्दछ। फेरि भूतादिहरूलाई पनि (सत्त्वगुणको बाहुल्य रहने भएकाले) बुद्धिस्वरूप महत्तत्त्वले आफूमा विलीन गराउँदछ । जसरी पृथ्वी, महत्तत्त्व ब्रह्माण्ड र आन्तरिक जगत्को आदि र अन्तिमका सीमाहरू हुन्, त्यसरी नै बाहिरी जगत्को पनि आदि र अन्तिम सीमाहरू हुन् । यसरी पृथ्वी आदिको क्रमअनुसार जुन सातोटा आवरणका सम्बन्धमा बताइएको छ, यी सातोटै आवरणहरू प्रलयका समयमा पहिलेकै जसरी अथवा पृथ्वी आदिको क्रमानुसार परस्पर आआफ्नो कारक कारणमा विलीन हुन्छन्। जसबाट यी सबै लोक पूर्ण रूपमा ढाकिएका हुन्छन्, त्यो सम्पूर्ण पृथ्वीमण्डल सातोटै द्वीप, समुद्र र सबै

किसिमका पर्वतसहित पानीमा विलीन भएपछि समग्र संसार जलमग्न हुन्छ।

त्यसपछि जुन पानीको आवरण रहेको हुन्छ; त्यसलाई आगोले आफैँमा विलीन गराइदिन्छ तथा त्यो सबैको विनाश गराउने क्षमता भएको आगो वायुमा र वायु आफ्नो कारकतत्त्व आकाशमा विलीन हुन्छ। यसरी आकाशलाई भूतादि तामस अहङ्कारले, तामस अहङ्कारलाई साङ्ख्यदर्शनअनुसार प्रकृतिको पहिलो विकार बुद्धितत्त्वले र यिनीहरूसँगै महत्तत्त्वलाई मूल प्रकृतिले आफूमा विलीन गराउँदछ। कमबेसीबाट पूर्ण रूपमा अलग भएका जुन सत्त्वलगायतका तीनोटै गुणको शान्त अवस्था छ; त्यसैलाई प्रकृति भनिन्छ र यसैलाई मूल पनि भनिन्छ अथवा यही मूल प्रकृति हो। यो मूल प्रकृति नै समग्र जगत्को परमकारण हो। यो प्रकृति व्यक्त र अव्यक्त रूपबाट सबैतिर व्यापक भएर रहेको छ। जुन अव्यक्त स्वरूप प्रकृति छ; त्यो अव्यक्तमा विलीन हुन्छ। यसभन्दा अलग जो नित्य, शुद्धस्वरूप, सर्वव्यापी एक अक्षर पुरुष हुनुहुन्छ; उहाँ पनि सबै जीवमात्रमा पूर्ण रूपमा व्यापक भएर विराजमान हुनुभएका परमात्माकै अंश हुनुहुन्छ वा उहाँकै स्वरूप हुनुहुन्छ। जुन अस्तित्वमात्र स्वरूप हुनुभएका र आत्माबाट पूर्ण रूपमा अलग रहने अनात्मा र ज्ञातव्य परब्रह्म परमात्मामा नाम र जातलगायतको कल्पना हुँदैन, उहाँ नै सबैको अधिपति ईश्वर हुनुहुन्छ। उहाँ परमधाम स्वरूप परब्रह्म परमात्मा श्रीविष्णु यो समग्र जगत्मा विश्वरूप धारण गरेर रहनुभएको छ। उहाँलाई प्राप्त गरेका सिद्ध योगीहरू फेरि फर्किएर यो संसाररूपी चक्रमा आउँदैनन्।

मैले जुन व्यक्त र अव्यक्त स्वरूप भएको प्रकृतिका विषयमा तपाईंलाई बताएको थिएँ, ती प्रकृति र पुरुष पनि उहाँ परब्रह्म परमात्मा श्रीविष्णुमा विलीन हुन्छन्। उहाँ परब्रह्म परमात्मा सबै प्राणीमात्रका परम आश्रय र परमेश्वर हुनुहुन्छ भने वेद तथा वेदान्तहरूमा परमात्मा श्रीविष्णुको नाम र स्वरूपबाट उहाँका विषयमा यथार्थ रूपमा वर्णन गरिएको छ। प्रवृत्तिस्वरूप (कर्मयोग) र निवृत्तिस्वरूप (साङ्ख्ययोग) यी दुवै वैदिक कर्महरू हुन् अथवा वेदमा बताइएका कर्मलाई यसरी दुई भागमा विभाजन गरिएको छ। यी दुई किसिमका कर्महरूका माध्यमद्वारा उहाँ सर्वस्वरूप परमात्मा श्रीपुरुषोत्तमको मात्र उपासना गरिन्छ। मनुष्यले ऋग्वेद, यजुर्वेद र सामवेदमा बताइएको कर्मयोगबाट श्रीपुरुषोत्तमको

उपासना गर्छन् भने ज्ञानमार्गमा अवस्थित भएका योगीहरूले पनि उहाँ आत्माभन्दा फरक, ज्ञानस्वरूप र मुक्ति प्रदान गर्नुहुने परमात्मा श्रीविष्णुकै ज्ञानयोगको माध्यमद्वारा उपासना गर्दछन्। ह्रस्व, दीर्घ र प्लुत यी तीन प्रकारका स्वरहरूबाट जेजति बताइन्छ र जसका विषयमा वचनद्वारा स्पष्ट गर्न सकिँदैन, ती सबै पनि परब्रह्म श्रीविष्णुकै स्वरूप हुन्। उहाँ विश्वरूप धारण गर्नुभएका श्रीहरि व्यक्त, अव्यक्त र अविनाशी पुरुष हुनुहुन्छ भने यो चराचर जगत् उहाँको कुनै अङ्गको अत्यन्तै सानो अंशमा अवस्थित रहेको छ। यसरी सबैतिर व्यापक भएर रहनुभएका श्रीविष्णुमा व्यक्त तथा अव्यक्तस्वरूप भएका प्रकृति र पुरुष विलीन हुन्छन्। मैले तिमीलाई यसभन्दा पहिले जुन ब्रह्माजीको आयुका विषयमा बताएको थिएँ, त्यो समय परब्रह्म परमात्मा श्रीविष्णुको रात्रि पनि हुन्छ। यथार्थमा नित्य परब्रह्म परमात्माको न त कुनै दिन हुन्छ र न त रात नै हुन्छ; तर व्यावहारिक रूपमा मात्र यसरी बताइने गरिन्छ। यसरी मैले तिमीलाई प्राकृतिका अर्थात् स्वाभाविक प्रलयका विषयमा यथार्थ रूपमा बताइदिएँ। अब आत्यन्तिक अथवा लगातार भइरहने प्रलयका विषयमा बताउनेछु, सुन।

ज्ञानीहरूले आध्यात्मिक, आधिदैविक र आधिभौतिक यी तीनोटै दुःखको स्वरूपका विषयमा ज्ञान हासिल गरेर ज्ञान र वैराग्य उत्पन्न हुने भएकाले आत्यन्तिक अर्थात् सरासर हुने प्रलयलाई प्राप्त गर्दछन्। आध्यात्मिक दुःख शारीरिक र मानसिक भेदका कारणले गर्दा दुई किसिमका हुन्छन्। तिनीहरूमध्ये शारीरिक दुःख अनेकौँ किसिमका हुन्छन्। अब तिमी तिनका सम्बन्धमा सुन। टाउकाको रोग, पिनास, ज्वरो, शूल (पेटको रोगविशेष), भगन्दर (गुदद्वार र अण्डकोषको बीचमा फाट्ने रोगविशेष), गुल्म (कोखामा, मुटुमा, नाभिस्थानमा, वस्तिस्थानमा, पेटमा जमेको गोलालाई गुल्म भनिन्छ) रोगविशेष, अर्श (हर्सा, श्वास अर्थात् दमको रोग), शोथ (सुन्निने) रोगविशेष, छर्दिरोग (छाद आइरहने) रोग, आँखाको रोग, अतिसार, कुष्ठ, जलोदर (पेटमा पानी भरिने) रोगविशेषजस्ता भेदहरूका कारण शारीरिक दुःख अनेकौँ किसिमका हुन्छन्। अब मानसिक दुःखहरूका विषयमा सुन। काम, क्रोध, भय, द्वेष, लोभ, मोहलगायतबाट उत्पन्न हुने मानसिक दुःखहरू अनेकौँ किसिमका हुन्छन्। यस प्रकारका अनेकौँ भेदसम्पन्न

दुःखहरूको समूहलाई आध्यात्मिक दुःख भनिन्छ। मृग, पक्षी, मनुष्य, पिशाच, सर्प, राक्षस, र बिच्छीलगायतका कारणले मनुष्यहरूमा जुन किसिमको दुःख उत्पन्न हुन्छ; त्यसलाई आधिभौतिक दुःख भनिन्छ।

यसैगरी जाडो, गर्मी, वायु (बतास), वर्षा, पानी र बिजुलीलगायतबाट जुन किसिमको दुःख उत्पन्न हुन्छ; त्यसलाई आधिदैविक दुःख भनिन्छ। यीबाहेक गर्भमा निवास, जन्म, वृद्धावस्था, अज्ञान, मृत्यु र नरकबाट उत्पन्न हुने दुःखहरूका पनि अनेकौँ भेद रहेका छन् अथवा यस किसिमका दुःखहरू अनेकौँ किसिमका हुन्छन्। अत्यधिक मात्रामा गर्भाशयमा शालले बेह्रिएर रहेको यो सुकुमार शरीर भएको जीव, जसको पिठ्यूँ र गला वा गर्दनका हड्डीहरू गोलाकार मुडिएर रहेका हुन्छन्, त्यहाँ महाकुण्डमा बस्दा सबै अङ्गहरूमा अत्यधिक पीडा भए तापनि आफ्ना अङ्गहरू फैलाउन वा खुम्च्याउन सक्षम हुँदैन र चेतनासम्पन्न भए तापनि श्वास लिन सक्दैन, आफ्नै यसभन्दा पहिलेका सैकडौँ जन्महरूको सम्झना गरेर कर्महरूको बन्धनमा राम्ररी बाँधिएको त्यो जीवले अत्यन्तै दुःखदायी अवस्थामा गर्भमा बस्न बाध्य हुनुपर्दछ भने जन्मदाका समयमा त्यस जीवको मुख मलमूत्र, रगत र शुक्रले पोतिएको हुन्छ तथा उसको शरीरका सबै जोर्नीहरूलाई प्राजापत्य नाम भएको वायुले धेरै पीडा दिइरहेको हुन्छ। त्यो अतिबलियो प्रसूतिवायुले उसको मुखलाई तलतिर फर्काइदिन्छ। त्यो जीव पीडापूर्वक आफ्नी आमाको गर्भबाट बाहिर निस्कन्छ। आमाको गर्भाशयबाट बाहिर निस्किएपछि बाहिरी वायुको स्पर्श भएका कारणले गर्दा त्यो जीव पूर्ण रूपमा मूर्च्छित अवस्थामा रहने भएकाले ज्ञानबाट शून्य हुन्छ अर्थात् त्यसलाई केही कुराको ज्ञान हुँदैन।

त्यस समयमा त्यो जीव ज्यादै दुर्गन्धित फोहोर र काँडाले घोचिएको जसरी अथवा आराले (करौँतीले) चिरेको काठको फक्ल्याटो पल्टिए जसरी नै पृथ्वीमा झर्दछ। त्यस जीवमा स्वयंले आफ्नो शरीरको कुनै अङ्ग कन्याउने वा ओल्टोकोल्टो फर्किने शक्ति पनि रहेको हुँदैन। उसले नुहाउन र दूध पिउने आदि आहार पनि अर्कोको इच्छाअनुसार मात्र प्राप्त गर्दछ; ऊ आफैँलले केही पनि गर्न सक्दैन। त्यो जीव अपवित्र बिछ्यौनामा लडिरहेको हुन्छ। त्यस समयमा कीरा र लामखुट्टेले उसलाई टोकिरहेका हुन्छन्, तर तिनीहरूलाई आफ्नो शरीरबाट हटाउने सामर्थ्य पनि

उसमा रहेको हुँदैन। जीवले जन्मदाका अवस्थामा र त्यसपछिको बाल्यावस्थामा पनि अनेकौँ किसिमका आधिभौतिक दुःखको भोगिरहेको हुन्छ । अज्ञानरूपी अन्धारबाट पूर्ण रूपमा ढाकिएर रहेको तथा अविवेकी अन्तरात्मा भएको मूर्ख पुरुषलाई म कहाँबाट आएको हुँ ? म को हुँ ? पछि कहाँ जान्छु ? र मेरो वास्तविक स्वरूप के हो ? यी सबै कुराको ज्ञान रहँदैन । म कुन किसिमको बन्धनमा बाँधिएको छु, यो बन्धनको कारण के हो ? अथवा यो कुनै कारण नभइकन प्राप्त भएको हो ? मैले अब के गर्नुपर्दछ र के गर्नु हुँदैन भन्ने कुराको पनि उसलाई ज्ञान रहँदैन। धर्म के हो ? अधर्म के हो ? मैले कुन अवस्थामा कस्तो किसिमको आचरण गर्नुपर्दछ ? कर्तव्य के हो ? अकर्तव्य के हो ? अथावा के गुणसम्पन्न छ र के दोषसम्पन्न छ ? यसरी अनेकौँ भावले परिपूर्ण भएको र पुरुषेन्द्रिय (लिङ्ग) परायण मनुष्यले पशुले जसरी नै विवेक शून्य भएर विभिन्न किसिमका दुःख भोग्नुपर्छ। अज्ञानी मनुष्य ज्यादै उत्साहपूर्वक तामसी कर्ममा लाग्दछ। यसको असरले वैदिक कर्ममा ह्रास आउँछ अथवा वैदिक कर्महरू लोप हुन्छन्। ज्ञानीहरूले कर्म लोप गराउनाको फल नरकको प्राप्ति हुने बताएका छन्।

त्यसकारण अविवेकी मनुष्यले यस लोक र परलोकमा दुःखै-दुःख मात्र भोग्नुपर्दछ अर्थात् दुवै लोकमा तिनीहरूलाई कुनै पनि अवस्थामा सुख प्राप्त हुन सक्दैन। शरीर सिलसिलाबद्ध रूपमा वृद्धावस्थामा गएर अत्यन्तै कमजोर हुन्छ। अङ्गप्रत्यङ्ग कमजोर हुन थाल्दछ र यसरी मासु सुकेपछि शरीरमा केवल नसाहरू र चाउरी परेको छालामात्र रहन्छ। वृद्धावस्थामा प्रवेश गरेको पुरुषको आँखाले टाढाका विषवस्तु देख्न सक्दैनन्। आँखाको पुतलीले गोलोकमा प्रवेश गर्दछ, नाकभित्रका रौँहरू बाहिर निस्कन थाल्दछन्, शरीरमा शक्तिको अभाव भएका कारणले शरीर काँप्न थाल्दछ। शरीरका सबै हड्डीहरू स्पष्टरूपमा देखिन थाल्दछन्, मेरुदण्ड निहुरिन थाल्दछ अथवा झुक्दछ, पाचनशक्ति अल्प हुने भएकाले वृद्ध पुरुषको दैनिकको खाना र पुरुषार्थ पनि थौरै मात्र हुने गर्दछ। त्यस समयमा आँखा ज्यादै कमजोर भएको त्यो जीव अत्यन्तै कष्टपूर्वक हिँड्छ, डुल्छ, उठ्दछ र बस्दछ तथा उसका सुत्नेलगायतका सबै क्रियाहरू अतिकठिनतापूर्वक सम्पन्न हुन्छन्। उसका आँखा तथा कानको शक्ति कम भएको हुन्छ तथा सधैँ राल

चुहुने भएकाले अनुहार मलिन हुन्छ। यस किसिमको अवस्था भएपछि सबै इन्द्रियहरू उसको नियन्त्रणभन्दा बाहिर गएका हुन्छन् र त्यस अवस्थामा सबै किसिमले ऊ यमराजको लोकमा जानका लागि पूर्ण रूपमा तयार भएको हुन्छ भने उसलाई सधैँ आफूले प्रयोगमा ल्याइरहेका पदार्थहरूको सम्झना रहँदैन वा ऊ यथार्थ रूपमा बेहोसीपनको आश्रयमा परिसकेको हुन्छ। त्यो अवस्थामा उसले एउटा कुरा बताउन पनि धेरै परिश्रम गर्नुपर्दछ र श्वास–प्रश्वास तथा खोकीका कारणले अत्यधिक कष्ट सहँदै ऊ दिनरात जाग्रतावस्थामा रहन्छ। त्यो अतिवृद्ध भएको पुरुष अर्काको सहयोगमा मात्र उठ्ने–बस्ने गर्दछ भने ऊ आफैँ यी कार्य गर्नका लागि असमर्थ भइसकेको हुनाले उसका सेवक, छोरा, श्रीमती सबैले उसको अनादर गर्दछन्।

त्यस समयमा ऊ आफ्ना सबै किसिमका शौचादि क्रियारहित भए तापनि उसमा भोग र भोजनको चाहना अत्यधिक रूपमा बढिरहेको हुन्छ। आफ्ना स्वास्नी, छोरासहितका परिवारहरू पनि उसलाई देखेर हाँस्न थाल्दछन् र उसका सबै बन्धुबान्धवहरू ऊबाट विरक्त रहन्छन्। आफ्नो जवानीमा गरिएका सबै कार्यहरूलाई ती कार्य आफूले अनेकौँ जन्महरूमा गरेको जस्तैगरी स्मरण गर्दै ऊ अत्यन्त दुःखी हुन्छ र लामो–लामो श्वास फेर्दछ अथवा ऊ आफ्नो विगतलाई सम्झँदै अत्यन्तै चिन्तित हुन्छ। वृद्धावस्थामा यस किसिमका अनेकौँ दुःखको अनुभव गरेपछि उसले मृत्युका समयमा जुन दुःख वा कष्ट भोग्नुपर्दछ, अब म त्यसका विषयमा पनि बताइदिन्छु, सुन। जीवको मृत्यु हुने समयमा उसको घाँटी, हातगोडा लल्याकलुलुक हुन्छन्, शरीर अत्यधिक रूपमा काँप्न थाल्दछ। उसको अन्तरात्मामा पटकपटक मानसिक खेद उत्पन्न हुन्छ र कुनै कुनै समयमा केही मात्रामा ज्ञान पनि हुन्छ वा चेतना पनि आउँदछ। त्यस समयमा ऊ अब मेरो सुन, धनधान्य, छोराछोरी, पत्नी, सेवक, घरलगायत म नभएपछि कसरी रहन्छन् अथवा यिनीहरूको अवस्था कस्तो होला भनेर तिनीहरूको ममतामा अतिआसक्त भएकाले ज्यादै चिन्तित हुन्छ। त्यस समयमा अत्यन्तै पीडादायक आरा (करौँती) तथा यमराजका अत्यधिक तीखा बाणले छेदन गरे जस्तैगरी अतिभयानक

रोगहरूले उसको प्राणको बन्धन शीघ्रतापूर्वक काट्न थालेपछि उसको आँखाको नानी यताउता घुम्न थाल्दछ र उसले हातखुट्टा बजार्न वा फ्याँक्न थाल्दछ, उसको तालु, घाँटी र मुख अत्यधिक रूपमा सुक्न थाल्दछ अथवा ऊ ज्यादै पीडित भएको हुन्छ। उसमा उत्पन्न भएको दोषका प्रभावले उसको घाँटी बन्द भएकाले उसले घर्घर शब्द निकाल्न थाल्दछ र माथिको श्वासबाट पीडित तथा अत्यन्तै दुःखी भएर भोक र तिर्खाले अत्यधिक दुःख पाउन थाल्दछ। यस किसिमको अवस्थामा उसले यमराजका दूतहरूबाट अत्यन्तै पीडित हुँदै अत्यधिक कष्टपूर्ण तरिकाले शाफ्नो शरीर त्याग गर्दछ र धेरै दुःखपूर्वक आफूद्वारा गरिएका कर्महरूको फल भोग गर्नका लागि यातनाशरीर प्राप्त गर्दछ। मनुष्यले मृत्युका समयमा यसरी अनेकौँ किसिमका धेरै दुःखहरू भोग्नुपर्दछ।

अब मृत्यु भएपछि मनुष्यहरूले नरकमा गएर जुन किसिमका यातनाहरू भोग्नुपर्दछ; त्यसका विषयमा पनि सुन। ती मृत्यु भएका मनुष्यहरूलाई सबैभन्दा पहिले यमराजका दूतहरूले आफ्ना पाशोहरूमा बाँधेर प्रेतात्मालाई लौराले हिर्काउँदै यमराजका अगाडि पुऱ्याउँछन्। त्यहाँ पुग्दासम्म अनेकौँ किसिमका भयानक मार्गहरू देख्न पर्दछ। त्यसपछि अत्यन्तै तातो वालुवा, प्रज्वलित भएको आगो र अनेकौँ शस्त्रादिबाट पूर्ण रूपमा सम्पन्न भएका अतिभयानक नरकहरूमा गएर विभिन्न किसिमका दुःख भोग्नुपर्दछ तथा त्यो पीडा असह्य किसिमको हुन्छ। नरकहरूमा कसैलाई काठ चिर्ने आराले चिरिदिन्छन्, कसैलाई सुनचाँदी धातु गाल्ने घलुवामा सेकिन्छ, कसैलाई बन्चरोले काटिन्छ र कसैलाई जमिनमा खाल्डो खनेर पुरिदिन्छन्, कसैलाई शूलीमा चढाइदिन्छन्, कसैलाई सिंह र बाघजस्ता अत्यन्तै हिंस्रक जनावरका मुखमा हालिदिन्छन्, कसैलाई गिद्धद्वारा ठुँगाउँछन्, कसैलाई हात्तीलाई कुल्चन लगाउँछन्, कसैलाई अतिभयानक कष्ट दिन्छन्, कसैलाई उग्र रूपमा तातिरहेको तेलमा हालिदिन्छन्, कसैलाई दबदबे हिलोमा फ्याँकिदिन्छन्, कसैलाई अग्लो ठाउँबाट जमिनमा फ्याँकिदिन्छन् र कसैलाई फ्याँक्ने यन्त्रद्वारा फ्याँकिदिन्छन्। नरकहरूमा यस किसिमका अनेकौँ दुःख भोग्नुपर्दछ। मनुष्यले आआफूद्वारा गरिएका पापसम्पन्न कर्महरूका प्रभावले नरकमा

धेरै दुःख पाउँदछन्, तिनको सङ्ख्याका विषयमा निश्चित रूपमा बताउन सकिँदैन। नरकमा गएकाहरूले मात्र यस किसिमको दुःखको भोग्र्नुपर्छ भन्ने छैन। किनकि स्वर्गबाट पतन हुने डरले भयभीत स्वर्गमा बस्नेले पनि विनाश हुने आशङ्काले कहिल्यै शान्ति प्राप्त गर्न सक्दैनन्। यसकारण उनीहरूले पनि दुःखै भोगिरहेका हुन्छन्। स्वर्ग वा नरकका भोग आफ्नो कर्मफलअनुसार उपभोग गरिसकेपछि जीवले फेरि त्यहाँबाट फर्किएर गर्भमा प्रवेश गरेर अनिवार्य रूपमा जन्म लिनुपर्दछ। कसैको गर्भभित्रै मृत्यु हुन्छ तथा यस किसिमले फेरि यमराजको सिकार बन्नुपर्दछ अथवा जन्मिएपछि अनिवार्य रूपमा मर्नुपर्दछ। यसपछि कसैको जन्मदाकै समयमा मृत्यु हुन्छ; कसैको बाल्यावस्थामा मृत्यु हुन्छ; कसैको यौवन अवस्थामा मृत्यु हुन्छ; कसैको प्रौढावस्थामा मृत्यु हुन्छ र कसैको वृद्धावस्थामा मृत्यु हुन्छ; यसरी जन्मिएका जतिको निश्चित रूपमा मृत्यु हुन्छ।

जसरी कपास अथवा रूवाको बीज रुवाले नै घेरिएर रहेको हुन्छ; त्यसैगरी जीव पनि जुन समयसम्म जीवित अवस्थामा रहन्छ; त्यस समयसम्म अनेकौँ किसिमका दुःखले यथार्थ रूपमा घेरिएर रहेको हुन्छ अर्थात् ऊ दुःखबाट मुक्त हुन सक्दैन। किनकि धनसम्पत्ति उपार्जन गर्दा वा धन कमाउँदाका अवस्थामा र त्यसको संरक्षण गर्दाका अवस्थामा र धन विनाश हुँदाका अवस्थामा तथा आफ्ना इष्टमित्रहरूसँग वियोग हुँदाका अवस्थामा मनुष्यलाई अनेकौँ किसिमका दुःख हुन्छन्। जुन–जुन वस्तु वा पदार्थ मनुष्यलाई अत्यन्तै प्रिय लागिरहेको हुन्छ, अन्त अवस्थामा त्यो अत्यन्तै दुःखदायक रूखको बीजस्वरूप हुन्छ अर्थात् यथार्थमा जीवले तिनीहरूबाट दुःखमात्र पाइरहेको हुन्छ। मनुष्यले पत्नी, छोराछोरी, सेवक,घर, जमिन र धनसम्पत्ति आदिबाट जस्तो किसिमको दुःख पाइरहेको हुन्छ, त्यसको तुलनामा सुखको भाग अत्यन्तै थोरै मात्र हुन्छ। यसरी यो समग्र संसारमा दुःखरूपी सूर्यको अत्यन्तै तेजिलो रापले अतिचिन्तित भएर भौँतारिइरहेका वा रन्थनिएका मनुष्यका लागि मोक्षरूपी रूखको छायाबाहेक अन्यत्र कहीँ पनि सुखको अनुभव हुन सक्तैन, यसैले मनुष्यले सांसारिक विषयवस्तु परित्याग गर्न सक्नुपर्दछ। त्यसकारण मेरो मान्यताअनुसार गर्भावस्था, जन्मँदाको अवस्था र वृद्धावस्थालगायतमा हुने आध्यात्मिक, आधिदैविक र आधिभौतिक दुःखबाट

यथार्थ रूपमा मुक्त हुने अचुक एकमात्र सनातन औषधि परब्रह्म परमात्माको प्राप्ति मात्र हो, जसलाई प्राप्त गरिसकेपछि मनुष्यलाई ज्यादै आनन्दमय सुख प्राप्त हुन्छ।

त्यसकारण विद्वान्‌हरूले तत्परतापूर्वक सधैँ परब्रह्म परमात्मालाई प्राप्त गर्ने प्रयासमा मात्र लागिरहनुपर्दछ। उहाँलाई कर्मयोग र ज्ञानयोग माध्यमद्वारा सहज रूपमा प्राप्त गर्न सकिन्छ। ज्ञान दुई किसिमका हुन्छन्; तिनीहरूमध्ये पहिलो, आगम अथवा शास्त्रहरूको अध्ययनबाट प्राप्त हुने ज्ञान तथा दोस्रो विवेकबाट उत्पन्न हुने ज्ञान। शास्त्रहरूको अध्ययन गरेर प्राप्त भएको ज्ञानद्वारा शब्दब्रह्मका विषयमा र विवेकद्वारा उत्पन्न भएको ज्ञानद्वारा परब्रह्म परमात्माका विषयमा ज्ञान हासिल हुन्छ। अज्ञान अत्यन्तै भयानक अन्धकार जस्तै हुन्छ। त्यसको विनाश गर्नका लागि इन्द्रियहरूबाट उत्पन्न भएको ज्ञान दीपकका समान हुन्छ र विवेकबाट उत्पन्न भएको ज्ञान सूर्यजस्तै हुन्छ वा जसरी बत्तीको उज्यालोले अन्धकारको विनाश गर्दछ, त्यसैगरी शास्त्रीय ज्ञानद्वारा शब्दब्रह्मका विषयमा ज्ञान हासिल गरेपछि केही मात्रामा अज्ञान नष्ट हुन्छ भने विवेकद्वारा परमात्माका विषयमा ज्ञान हासिल गर्नाले सूर्य उदाएपछि अन्धकार पूर्ण रूपमा हटे जस्तैगरी अज्ञान पूर्ण रूपमा नष्ट हुन्छ। यस विषयमा वेदको स्मरण गर्दै मनुले जे कुरा बताउनुभएको थियो, त्यो सबै म तिमीलाई बताउँछु, ध्यानपूर्वक सुन।

शब्दब्रह्म र परब्रह्मको भेदअनुसार ब्रह्म दुई किसिमको हुनुहुन्छ। उहाँहरूमध्ये सबैभन्दा पहिले शब्दब्रह्मका विषयमा ज्ञान हासिल गर्ने जिज्ञासुले विवेकबाट उत्पन्न भएको ज्ञानद्वारा परब्रह्म परमात्माका विषयमा जान्न सक्दछ भने कर्म र ज्ञानको भेदअनुसार विद्या पनि दुई किसिमका हुन्छन् अथवा कर्मविद्या र ज्ञानरूप विद्या। यस विषयमा अथर्ववेदमा स्पष्ट पारिएको छ र ऋग्वेदमा बताइएअनुसार पराविद्याद्वारा अक्षरब्रह्मलाई प्राप्त गर्न सकिन्छ। जो अव्यक्त छ अर्थात् जसका विषयमा शब्दद्वारा बताउन सकिँदैन, इन्द्रियहरूद्वारा चिन्तन गर्न नसकिने, सनातन, विकार नभएको, साधारण आँखाले देख्न नसकिने, कुनै निश्चित रूप नभएको, हातगोडा नभएको, सधैँ रहिरहने, प्राणीमात्रका आदि कारण, व्याप्त गर्न योग्य, चारैतिर फैलिएर रहनुभएको हुनुहुन्छ। सिद्ध महात्माहरूले ज्ञानरूपी

आँखाद्वारा उहाँकै दर्शन गर्दछन् । उहाँ नै परब्रह्म परमात्मा हुनुहुन्छ, उहाँ नै परमधाम हुनुहुन्छ तथा मुक्ति प्राप्त गर्ने अभिलाषा राख्ने सिद्ध पुरुषहरूले उहाँकै उपासना गर्दछन् । उहाँ नै परमात्मा श्रीविष्णुको वेदहरूमा बताइएअनुसारको अत्यन्त सूक्ष्म परमपद हुनुहुन्छ । परमात्माको यसप्रकारको स्वरूप नै भगवान् शब्दले वर्णन गर्नयोग्य छ र भगवत् शब्द नै उहाँ सनातन र अविनाशी परमात्माको वाचक हो । यसप्रकारको स्वरूपसम्पन्न हुनुहुने परमात्माको तत्त्वका विषयमा जुन विद्याद्वारा यथार्थ ज्ञान प्राप्त हुन सक्दछ; त्यही परमज्ञान वा पराविद्या हो । तीनोटै वेदमा बताइएको ज्ञान अथवा कर्मकाण्ड यसभन्दा अलग रहेकाले त्यो अपरा विद्या अन्तर्गत पर्दछ । यद्यपि उहाँ परब्रह्म परमात्मा शब्दबाट अनुभव गर्न नसकिने हुनुहुन्छ, तथापि पूजा र उपासनाका लागि उहाँको भगवत् शब्दबाट भजन–कीर्तन गर्ने गरिन्छ । यथार्थमा उहाँ परब्रह्म परमात्माका लागि मात्र भगवत् शब्दको प्रयोग गर्न पनि सकिन्छ । भगवत् शब्दमा "भकार" का दुईओटा अर्थ लाग्दछन्, ती भरणकर्ता वा पालनपोषणकर्ता र सबैको आधार हुन् । गकारको अर्थ कर्मको फल प्राप्त गराइदिने, आफूद्वारा गरिएको सृष्टिलाई अन्त समयमा आफैँमा विलीन गराउनुहुने र फेरि सृष्टिको रचना गर्नुहुने हो ।

यसैगरी सबै किसिमका ऐश्वर्य, धर्म, यश, श्री, ज्ञान र वैराग्य यी छओटालाई भग भनिन्छ तथा परब्रह्म परमात्मामा यी सबै सधैँ विद्यमान रहेका हुन्छन् । परब्रह्म परमात्मामा जीवमात्रले निवास गर्दछन् र उहाँ आफू सबै जीवमा समान रूपमा रहनुहुन्छ । त्यसकारण परमात्मा नै वकारको अर्थस्वरूप हुनुहुन्छ । यस प्रकारको अर्थसम्पन्न भएको यो अत्यन्त उत्तम भगवत् शब्द परमब्रह्मस्वरूप वासुदेवबाहेक अन्य कसैका लागि कहिल्यै प्रयोग हुन सक्दैन । यो शब्द अत्यन्तै आदरणीय भएको हुनाले भगवान् शब्द गौण रूपमा रहेको हुन्छ । त्याग गर्न योग्य तीन किसिमका गुणहरू र तिनीहरूको दुःख पूर्ण रूपमा परित्याग गरेर ज्ञान, शक्ति, बल, ऐश्वर्य, वीर्य, तेजजस्ता सबै सद्गुणहरूमात्र भगवत् शब्दबाट सम्बोधन गर्नयोग्य हुन्छन् । जुन परब्रह्म परमात्मामा सबै प्राणीमात्रले निवास गर्दछन् र यी सबैका आत्मास्वरूप उहाँ परमात्मा श्रीवासुदेवले पनि सबै प्राणीमात्रको अन्तरात्मामा निवास गर्नुहुन्छ । यसैले उहाँलाई वासुदेव पनि भनिन्छ ।

प्राचीन कालमा खाण्डिक्य जनकद्वारा प्रश्न गरिएपछि केशिध्वजले वासुदेव शब्दको यथार्थ व्याख्या यसरी गरेका थिए। परमात्मा श्रीवासुदेव सबै प्राणीमात्रमा व्याप्त हुनुहुन्छ र सबै प्राणीले पनि उहाँमा निवास गर्दछन् तथा उहाँले नै जगत्को रचना र संरक्षण गर्नुहुन्छ। यसैले उहाँलाई वासुदेव भनिन्छ। उहाँ परमात्मा आफैँ सबै किसिमको आवरणभन्दा अतीत हुनुहुन्छ। पृथ्वी र आकाशका बीचमा जे-जति अवस्थित रहेको छ, त्यो सबै उहाँबाटै व्याप्त भएर रहेको छ। यसैगरी उहाँ सबै शुभगुणस्वरूप हुनुहुन्छ भने उहाँले आफ्नो योगशक्तिको अतिसानो अंशबाट जीवमात्रमा व्याप्त भएर आफ्नो स्वेच्छानुसार अनेकौँ शरीर स्वीकार गरेर समग्र जगत्को कल्याण गरिदिनुहुन्छ। उहाँ तेज, बल ऐश्वर्य, महाविज्ञान, वीर्य तथा शक्ति आदिको गुणहरूको एकमात्र भण्डार हुनुहुन्छ र उहाँ परब्रह्म परमात्मामा अविद्यादि दोषहरूको पूर्ण रूपमा अभाव रहेको हुन्छ। उहाँ समष्टि, व्यष्टि, व्यक्त, अव्यक्त, सबैको साक्षी, सबैको प्रभु र सबैको ज्ञाता हुनुहुन्छ तथा उहाँ सबै शक्तिसम्पन्न हुनुहुभएका पुरुषको नाम परमेश्वर हो। जसका माध्यमद्वारा उहाँलाई निर्दोष, विशुद्ध, एकस्वरूप र निर्मल हुनुभएको देख्न वा जान्न सकिन्छ; त्यसैलाई ज्ञान अर्थात् पराविद्या भनिन्छ र जुन यसका विपरीत रहेको छ त्यसलाई अज्ञान अथवा अपराविद्या भनिन्छ।

यसैले स्वाध्याय र संयमद्वारा उहाँ पुरुषोत्तमलाई देख्न सकिन्छ, परब्रह्म परमात्मालाई प्राप्त गर्ने साधन भएकाले यी दुवैलाई पनि ब्रह्म नै भनिन्छ अथवा यिनीहरू पनि परमात्माकै स्वरूप हुन्। स्वाध्यायबाट योगको र योगबाट स्वाध्यायको आश्रयमा रहनुपर्दछ। स्वाध्याय र योगरूप सम्पत्तिबाट परमात्माको तत्त्वका विषयमा ज्ञान हासिल गर्न सकिन्छ। ब्रह्मस्वरूप परमात्माको दर्शन गर्ने कार्यमा स्वाध्याय र योग दुवैले आँखाको भूमिका निभाउँछन्। हाम्रा साधारण आँखाले परब्रह्म परमात्माको दर्शन गर्न सकिँदैन।

मैत्रेयले भने– जुन योगको ज्ञान हासिल गरेपछि परमात्माको प्रत्यक्ष रूपमा दर्शन गर्न सक्दछु, त्यो योग कुन हो ? म त्यसका बारेमा जान्न चाहन्छु, कृपया हजुरले त्यसका सम्बन्धमा विस्तारपूर्वक बताइदिनुहोस्।

पराशरले भन्नुभयो– जसरी केशिध्वजले प्राचीन कालमा योगको

महात्म्यका विषयमा खाण्डिक्य जनकलाई बताएका थिए। म तिमीलाई त्यही महात्म्य विस्तार बताइदिनेछु।

मैत्रेयले भने– यी केशिध्वज र खाण्डिक्य को थिए ? र के कारणले गर्दा यिनीहरू दुवैका बीचमा योगसँग सम्बन्धित कुराकानी भएको थियो ? मलाई यिनीहरूका विषयमा स्पष्ट पारिदिनुहोस्।

पराशरले भन्नुभयो– प्राचीन कालमा धर्मध्वज जनक नाम भएका एउटा राजा थिए। उनका अमितध्वज र कृतध्वज नाम भएका दुइटा छोरा थिए। यिनीहरूमध्ये कृतध्वज निरन्तर रूपमा अतिएकाग्रतापूर्वक अध्यात्मशास्त्रको चिन्तनमननमा लागिरहन्थे। कृतध्वजका छोरा केशिध्वज संसारमा ज्यादै प्रख्यात भएका थिए तथा अमितध्वजका छोराको नाम खाण्डिक्य जनक रहेको थियो अथवा यिनीहरू दुवै एउटै वंशमा उत्पन्न भएका थिए। यो जगत्मा खाण्डिक्य कर्मयोगका विषयमा अत्यन्तै सिपालु भएका थिए भने केशिध्वज पनि निरन्तर रूपमा अध्यात्मविद्याको मननचिन्तनमा लागिरहेका कारणले त्यस विषयमा सर्वोत्कृष्ट थिए। यिनीहरू दुवै आफूलाई सर्वोत्कृष्ट भएको प्रमाणित गर्नका लागि एकले अर्कालाई पराजित गर्ने कार्यमा तत्परतापूर्वक लागिरहेका हुन्थे। धेरै समयपछि केशिध्वजले खाण्डिक्यलाई राज्यबाट हटाइदिए। आफ्नो राज्यबाट अपदस्थ भएपछि खाण्डिक्य आफ्ना पुरोहित र मन्त्री र ज्यादै थोरै सामग्री लिएर धेरै टाढाको जङ्गलमा गए। राजा केशिध्वजले आफू ब्रह्मनिष्ठ भए पनि कर्मयोगमद्वारा मृत्युमाथि विजय प्राप्त गर्नका लागि ज्ञानमय दृष्टिकोण राख्दै अनेकौं किसिमका यज्ञको अनुष्ठान गरे। एकदिन जुन समयमा राजा केशिध्वज यज्ञको अनुष्ठान गर्नका लागि बसेका थिए, त्यसै समयमा यज्ञमा हवन गर्ने पायस (खिर) पकाउनका लागि दूध दिने उनको गाईलाई एकान्त जङ्गलमा एउटा अतिभयानक बाघले मारिदियो। राजा केशिध्वजले आफ्नो यज्ञमा दूधका लागि समर्पण गरिएको गाईलाई बाधले मारिदिएको समाचार सुनेपछि उनले आफ्नो वैदिक यज्ञ गराउने ब्राह्मणहरूसँग सोधे ।

केशिध्वजले भने–यस्तो अवस्थामा कस्तो किसिमको प्रयाश्चित्त गर्ने विधान रहेको छ ?

ब्राह्मणहरूले भने– हामीलाई यस विषयको ज्ञान छैन अथवा हामी यसको विधिका बारेमा अनभिज्ञ छौँ । तपाईंले कशेरुध्वजलाई सोध्नुहोस् । त्यसपछि राजा केशिध्वजले कशेरुसँग सोधेपछि उनले पनि राजासँग भने ।

कशेरुध्वजले भने– म यस विषयमा पूर्ण रूपमा अनभिज्ञ रहेको छु। तपाईंले भृगुका छोरा शुनकसँग सोध्नुहोस्, उनले यस विषयमा अवश्य जान्दछन् होला ।

पराशरले भन्नुभयो–त्यसपछि राजा केशिध्वजले शुनकको नजिकमा गएर यही कुरा सोधेपछि शुनकले जुन कुरा बताए त्यसका विषयमा सुन । यस समयमा यो समग्र पृथ्वीमा कशेरु, म अथवा अन्य कोही पनि यस विषयमा स्पष्ट रूपमा बताउन सक्ने पुरुष रहेको छैन, तर जो तिमीबाट पराजित भएका थिए, तिनै तिम्रा शत्रु एकमात्र खाण्डिक्यले यस विषयमा स्पष्ट शब्दमा बताउन सक्नेछन् ।

केशिध्वजले भने– म प्रायश्चित्तका विषयमा सोध्नका लागि आफ्नो शत्रु खाण्डिक्यको नजिकमा अवश्य जानेछु। यदि उसले मेरो हत्या गरिदियो भने मलाई यज्ञ–समाप्तिको फल प्राप्त हुनेछ अथवा मैले सोधेपछि यस प्रायश्चित्तका विषयमा शास्त्रानुकूल विधि बताइदियो भने पनि मेरो यज्ञ निर्विघ्न रूपमा सम्पन्न हुनेछ। त्यसकारण यी दुईमध्ये जुन कार्य भए पनि मेरो कल्याण हुन्छ।

पराशरले भन्नुभयो– यसपछि राजा केशिध्वज कृष्णसागर मृगको छाला लगाएर आफ्नो ज्यादै सुन्दर रथमा चढेर बुद्धिमान् खाण्डिक्यले बसोबास गरेका जङ्गलतिर लागे । आफ्नो शत्रु त्यो केशिध्वज आफैँ भएतिर आइरहेको देखेपछि खाण्डिक्यले आफ्नो धनुषमा चाँदो चढाएर अत्यन्तै क्रोधित हुँदै आँखा राताराता पार्दै केशिध्वजसँग भने ।

खाण्डिक्यले भने– के तिमी कृष्णसागर मृगको छालाको कवच लगाएर हाम्रो वध गर्न आएका हौ ? अथवा के तिमीले कृष्णसागर मृगको छालाको कवच लगाएको हुनाले ममाथि कसैले आक्रमण गर्न सक्दैन भन्ने सोचका छौ? के मृगको पिठ्यूँमा कृष्णसागर मृगको छाला रहेको हुँदैन, जसमाथि मैले र तिमीले कयौँ पटक तेजिला बाणको वर्षा गराएका छौँ। त्यसकारण म तिमीलाई

अवश्य मार्नेछु, अब तिमी यहाँबाट जीवित फर्किएर जान सक्नेछैनौ । तिमी आततायी अर्थात् महापापी हौ, मेरो राज्य जबरजस्ती आफ्नो बनाउने शत्रु हौ ।

केशिध्वजले भने—म तिमीसँग केही प्रश्न सोध्न आएको हुँ । म तिम्रो वध गर्न वा तिमीलाई मार्नका लागि यहाँ आएको होइन। त्यसकारण तिमी आफूमा उत्पन्न भएको क्रोध र आफूले हातमा लिएका बाण दुवैको परित्याग गरिदेऊ ।

पराशरले भन्नुभयो— केशिध्वजका यसप्रकारका कुरा सुनेपछि अत्यन्त बुद्धिमान् खाण्डिक्यले आफ्ना पुरोहित र मन्त्रीहरूसँग एकान्तमा बसेर केही समय विचारविमर्श गरे ।

खाण्डिक्यका मन्त्रीहरूले भने - जब शत्रु आफैँ हजुरको नियन्त्रणमा आएको छ भने यस्तो अवस्थामा त्यसको वध गर्नु हजुरको परम कर्तव्य हुन्छ वा हजुरले यस्तो अवस्थामा केशिध्वजको वध गर्नु नै न्यायस त हुन्छ । किनकि शत्रुको विनाश भएपछि समग्र पृथ्वी हजुरको नियन्त्रणमा आउनेछ ।

खाण्डिक्यले उनीहरूसँग भने— यसमा कुनै किसिमको द्विविधा रहेको छैन कि यस अवस्थामा यसलाई मार्दा केशिध्वजलाई पारलौकिक विजय प्राप्त हुन्छ र मलाई समग्र पृथ्वीको प्राप्ति हुन्छ। तर यदि मैले यो अत्यन्तै अत्याचारी केशिध्वजको वध नगरेमा मलाई पारलौकिक विजय प्राप्त हुन्छ र यसलाई केवल पृथ्वीको मात्र प्राप्ति हुन्छ। यसकारण म पृथ्वी प्राप्त गर्ने विजयभन्दा पारलौकिक विजयलाई अत्यधिक उत्तम सम्झन्छु। यसैले केशिध्वजको वध गर्न उचित हुँदैन। पारलौकिक विजय अनन्तकालसम्मका लागि हुन्छ भने पृथ्वीमाथिको लौकिक विजय अत्यन्त थोरै समयसम्मका लागि मात्र हुन्छ । त्यसकारण म यसको वध गर्दिन र यसले जे सोध्दछ म त्यसको जवाफ दिन्छु। त्यसपछि खाण्डिक्य जनकले केशिध्वजको नजिकमा आएर भने - तिमी जे कुरा सोध्न आएका हौ, त्यो कुरा निःसन्देह सोध। म त्यसको स्पष्ट शब्दमा जवाफ दिएर तिमीमा उत्पन्न भएको द्विविधा हटाइदिन्छु।

पराशरले भन्नुभयो—त्यसपछि राजा केशिध्वजले जुन किसिमले आफ्नो यज्ञमा हवन गर्ने खीर पकाउनका लागि दूध प्रयोग गर्ने गाईको वध भएको थियो, त्यो सबै वृत्तान्त खाण्डिक्यलाई बताएर त्यसको प्रायश्चित्त गर्ने उपायका विषयमा

सोधे। ती खाण्डिक्य जनकले केशिध्वजलाई न्यायिक सिद्धान्तअनुसार गाईको हत्या भएका अवस्थामा गरिने सबै प्रायश्चित्तका विषयमा स्पष्ट शब्दमा बताइदिए। यसरी महात्मा खाण्डिक्य जनकबाट प्रायश्चित्तको विधिका विषयमा स्पष्ट रूपमा ज्ञान प्राप्त गरिसकेपछि उनीबाट आज्ञा पाएअनुसार राजा केशिध्वजले आफ्नो यज्ञ गरिएको स्थानमा आएर सिलसिलाबद्ध रूपमा सबै कर्महरू पूर्ण गरे। त्यसपछि समयको अनुक्रमअनुसार यज्ञ समाप्त भएपछि यज्ञान्तको स्नान गरेर अत्यन्तै सन्तुष्ट भएका राजा केशिध्वजले विचार गरे। मैले यज्ञ गराउने सबै ब्राह्मणहरूको विधिपूर्वक पूजा-अर्चना गरेँ, सदस्यहरूको सम्मान गरेँ तथा भिक्षा प्राप्त गर्ने अभिलाषा लिएर आएका सबैलाई उनीहरूको स्वेच्छानुसारका वस्तुहरू पनि दिएँ। यस संसारमा जन्म लिएपछि मनुष्यले जे-जे गर्नुपर्दछ, मैले त्यो सबै गरिसकेको छु, तर पनि मेरो अन्तरात्मामा कुनै कर्मको अभाव भएको वा कुनै कर्म गर्न बिर्सिएको जस्तो अनुभव भइरहेको छ अर्थात् मलाई कताकता असजिलो भएको जस्तो लागिरहेको छ। यसरी चिन्तन गरिरहेका अवस्थामा राजा केशिध्वजले अहिलेसम्म आफूले खाण्डिक्य जनकलाई गुरुदक्षिणा नदिएको कुरा सम्झिए। त्यसपछि ती राजा केशिध्वज आफ्नो रथमा चढेर खाण्डिक्य जनकले बसोबास गरेका अत्यन्तै भयानक जङ्गलमा पुगे। खाण्डिक्य पनि केशिध्वज हात-हतियारबाट सुसज्जित भएर आफैँतिर आइरहेको देखेर फेरि उसलाई मार्नका लागि तयार भए। त्यस समयमा राजा केशिध्वजले खाण्डिक्य जनकसँग भने।

केशिध्वजले भने– म तिम्रो कुनै किसिमको अकल्याण गर्नका लागि यहाँ आएको होइन। त्यसकारण तिमीले शान्तभाव धारण गर, तिमी शान्त होऊ, क्रोधित नहोऊ। तिमी सम्झ, म तिमीलाई गुरुदक्षिणा दिनका लागि मात्र आएको हुँ। तिमीबाट पाएको उपदेशको प्रभावले गर्दा मेरो यज्ञ उत्तम किसिमले सम्पन्न भयो। अब म तिमीलाई आफ्नो गुरु सम्झँदै गुरुदक्षिणा दिन चाहन्छु; त्यसकारण तिमीलाई गुरुदक्षिणाका रूपमा जे माग्ने चाहना छ, त्यो वस्तु निश्चिन्त भएर माग। उनका यसप्रकारका कुरा सुनेपछि फेरि पनि खाण्डिक्य जनकले आफ्ना मन्त्रीहरूसँग विचारविमर्श गरे कि केशिध्वज मलाई गुरुदक्षिणा दिनका लागि

आएका छन्, यस समयमा मैले उनीसँग के माग्दा उचित होला ?

खाण्डिक्य जनकका मन्त्रीहरूले भने– हजुरले यिनीसँग समग्र राज्य माग्नुहोस्, बुद्धिमान् मनुष्यले आफ्नो सेनामा कुनै क्षति हुन तथा सेनालाई कुनै किसिमको कष्ट हुन नदिएर नै आफ्ना शत्रुहरूसँग राज्य मात्र माग्दछन्। ती मन्त्रीहरूको कुरा सुनेर मुसुमुसु हाँस्दै खाण्डिक्य जनकले भने–मजस्तो व्यक्तिले ज्यादै थोरै समयसम्म मात्र रहने राज्य कसरी माग्न सक्दछ ? यसैले मैले केशिध्वजसँग राज्य माग्न उचित हुँदैन। यो उचित नै हो कि तपाईंहरूले मलाई स्वार्थसम्पन्न भएका साधनका लागि मात्र सल्लाह दिन सक्नुहुन्छ, तर परमार्थ के हो ? कस्तो छ ? यस विषयको ज्ञान तपाईंहरूलाई छैन। आफ्ना मन्त्रीहरूसँग यति भनिसकेपछि खाण्डिक्य जनकले राजा केशिध्वजका नजिकमा आएर भने।

खाण्डिक्य जनकले भने– के तिमी निश्चित् रूपमा मलाई आफ्नो चाहनाअनुसारको गुरुदक्षिणा दिनका लागि तयार भएर आएका छौ ?

केशिध्वजले भने–हो, म निश्चित रूपंमा तपाईंले माग्नु भएअनुसार गुरुदक्षिणा दिनका लागि तयार छु।

खाण्डिक्यले भने– अध्यात्म विज्ञानस्वरूप पारमार्थिक विद्यामा अत्यन्तै सिपालु छौ। त्यसकारण यदि तिमी मलाई गुरुदक्षिणा दिने चाहना राख्दछौ भने जुन कर्म गर्दा सबै किसिमका दुःखबाट पूर्ण रूपमा मुक्त भएर शान्ति प्राप्त गर्न सकिन्छ, त्यसका विषयमा विस्तारपूर्वक बताइदेऊ।

केशिध्वजले भने–तिमीले मसँग एकलौटी राज्यको किन मागेनौ ? किनकि शूरवीर क्षत्रियहरूका लागि राज्यप्राप्तिभन्दा धेरै प्रिय अरू हुन सक्दैन अथवा सबै क्षत्रियहरूले एकलौटी राज्य प्राप्त गर्ने चाहना राख्दछन्।

खाण्डिक्यले भने– मूर्खहरूले मात्र सधैँ राज्यप्राप्तिको लोभका वशमा परेर दुराचारयुक्त कार्य गर्दछन्। मैले तिमीसँग विशाल राज्य नमाग्नुको कारणका विषयमा ध्यानपूर्वक सुन। आफ्नो राज्यमा बसोबास गरिरहेका प्रजाहरूको न्यायिक सिद्धान्तअनुसार पालनपोषण गर्नु तथा राज्यका विरोधीहरूलाई धर्ममय युद्धबाट मार्नु नै क्षत्रियहरूको परम धर्म हो। तर म शक्तिहीन भएका कारणले गर्दा तिमीले मेरो राज्य हरण गरेर लियौ। यस्तो अवस्थामा आफ्नो

असमर्थताका कारणले मैले आफ्ना प्रजाहरूको पालनपोषण नगरे तापनि मलाई कुनै किसिमको दोष लाग्दैन । तर राज्य गर्ने अधिकार प्राप्त भएपछि प्रजाहरूको धर्मानुकूल पालनपोषण नगर्दा दोष लाग्दछ। किनकि यद्यपि यो आफ्नो कर्म अविद्या नै हो, तथापि नियम विपरीत राज्य त्याग गर्दा त्यो बन्धनको कारण हुन्छ। यो राज्यप्रतिका लालच हामीले जन्मान्तरमा गरेका कर्मका आधारमा प्राप्त हुने सुखभोगका लागि मात्र हो र त्यही मन्त्रीसहित अन्य मनुष्यहरूमा धर्मअनुसार नभएर राग र लोभजस्ता दोषहरूबाट उत्पन्न हुन्छ। उत्तम क्षत्रियहरूले राज्य माग्न न्यायसङ्गत हुँदैन भन्ने महात्माहरूको मान्यता हो। त्यसैले मैले पालनालगायतको कर्म अन्तर्गत पर्ने तिम्रो राज्य नमागेको हो। जुन मुनष्य अहङ्कारसम्पन्न छ, मदिरा पिएर ज्यादै उन्मत्त भएको हुन्छ तथा जसको अन्तरात्मा पूर्ण रूपमा मायाको जालमा बेरिएको छ; यसप्रकारका अविवेकी मनुष्यहरूले मात्र राज्यप्राप्तिको कामना गर्दछन्। तर म समानको पुरुषले राज्य प्राप्त गर्ने चाहना राख्दैन।

पराशरले भन्नुभयो— उनका यसप्रकारका कुरा सुनेपछि राजा केशिध्वजले खाण्डिक्य जनकलाई धन्यवाद दिंदै प्रसन्नतापूर्वक भने।

केशिध्वंजले भने— अब मेरो कुरा सुन। मैले अविद्यारूपी वा प्रजाहरूको पालनपोषण गर्ने कर्मद्वारा मृत्युमाथि विजय प्राप्त गर्ने कामना लिएर राज्य गर्दै विभिन्न किसिमका यज्ञहरूको अनुष्ठान गरिरहेको छु र विभिन्न प्रकारका भोगहरूको उपभोग गरेर आफ्नो पुण्य विनाश गरिरहेको छु। तिम्रो मन यसरी विवेकसम्पन्न हुनु ठूलो सौभाग्यको कुरा हो। त्यसकारण अब तिमी अविद्याको स्वरूपका बारेमा विस्तारपूर्वक सुन। संसाररूपी रूखको बीउका रूपमा रहेको यो अविद्या दुई किसिमको छ। त्यो अनात्मामा आत्मबुद्धि र जुन आफ्नो हुँदै होइन त्यसलाई आफ्नो सम्भिनु हो। यो मति बिग्रिएको जीवले ममतारूपी अन्धकारबाट यथार्थ रूपमा ढाकिएर पञ्चमहाभूतबाट बनेको शरीरमा म र मेरो भाव राख्दछ। आत्मा आकाश, वायु, आगो, पानी र पृथ्वीभन्दा अलग रहेको छ भने कुन विवेकशील मनुष्यले यो शरीरमा म र मेरो भाव राख्दछ तथा कुन विद्वान् मनुष्यले आत्मालाई शरीरभन्दा अलग भएको जानिसकेपछि कुन विवेकशील पुरुषले यस शरीरबाट उत्पन्न भएका छोराछोरी, नातिनातिनाप्रति पनि आफ्नो

भएको भाव राख्दछ। मनुष्यले शरीरको उपभोगका लागि मात्र सबै किसिमका कर्महरू गरिरहेको हुन्छ, तर जब यो शरीर आफूभन्दा अलग रहेको छ भने आफूद्वारा गरिएका सबै किसिमका कर्महरू केवल शरीरको उत्पत्तिरूपी बन्धनका लागि मात्र गरिएको हुन्छ।

जसरी माटोबाट बनाइएको घरलाई माटो र पानी मिसाएर लिपिन्छ; त्यसैगरी यो पार्थिव शरीर पनि माटो नै माटो भएको अन्न र पानीको सहायताले स्थिर रहेको हुन्छ। यदि पञ्चमहाभूतहरूबाट बनेको यो शरीर पाञ्चभौतिक पदार्थ अन्न र पानीबाट पुष्ट हुन्छ भने यसमा पुरुषले के उपभोग गऱ्यो ? अनेकौं, हजारौं जन्मसम्म संसारमा घुमिरहेको र विषयवासनारूपी धुलाले यथार्थ रूपमा ढाकिएर रहेको यो जीवले केवल ममतारूपी परिश्रम प्राप्त गर्छ। तर विवेकरूपी धेरै तातो पानीले त्यसको ममतारूपी धुलो पखालिएपछि सांसारिक चक्रको बाटोमा ज्यादै तीव्रगतिमा घुमिरहेको यात्रीरूपी जीवको ममतारूपी श्रम पूर्ण रूपमा विनष्ट हुन्छ। यो ममतारूपी श्रम नष्ट भएकाले निर्मल अन्तरात्मा भएको पुरुषले अन्तिम सीमा भएको परम निर्वाणपद प्राप्त गर्दछ। यो ज्ञानसम्पन्न निर्मल आत्मा निर्वाणस्वरूप हुन्छ भने दुःख र अज्ञानलगायत आत्माको नभएर प्रकृतिको धर्म भएकाले यिनीहरूसँग निर्मल आत्माको कुनै किसिमको सम्बन्ध रहेको छैन। जसरी कसौंडी वा तपेसमा राखिएको पानीको आगोसँग प्रत्यक्ष रूपमा सम्पर्क नभए तापनि केवल कसौंडी वा तपेससँग आगोको सम्पर्क भएका कारणले त्यसमा रहेको पानी उम्लिन थाल्दछ र त्यसबाट आवाज निस्कँदा त्यसले शब्दादि धर्म प्राप्त गर्दछ; त्यसैगरी प्रकृतिसँग सम्पर्क भएका कारणले त्यो अविनाशी आत्माले अभिमानलगायतका दोषहरूबाट दूषित भएर प्राकृतिक धर्मको उपभोग गर्दछ अथवा उसले संसार र शरीरलाई आफ्नो अत्यन्त नजिकको मित्र सम्झन्छ। मैले यसरी अविद्याको बीजका विषयमा बताइदिएँ, दुःखहरूको विनाश गर्नका लागि योगबाहेक अर्को कुनै उपाय नभएकाले दुःखहरूबाट मुक्त हुने सर्वोत्तम उपाय योगमात्र हो।

खाण्डिक्यले भने– तिमी मलाई त्यो योगको यथार्थ स्वरूपका विषयमा विस्तारपूर्वक बताइदेऊ। किनकि निमिका वंशमा तिमीमात्र विशेष

रूपले योगशास्त्रका ज्ञाता रहेका छौ।

केशिध्वजले भने— म योगको यथार्थ स्वरूपका वषयमा बताउँछु, सुन। जुन योगका साधना गरेर ब्रह्मलोकमा पुगेका मुनिहरू फेरि फर्किएर संसारमा आउनु पर्दैन अथवा उनीहरू मुक्त हुन्छन्। मनुष्यको मन नै बन्धन र मुक्तिको कारकतत्त्व हो। जब मन विषयवासनामा अत्यन्तै आसक्त हुनु बन्धनको कारण हो भने मनले विषयवासना परित्याग गर्नु मुक्तिको कारकतत्त्व हो। त्यसकारण ज्ञानी महात्माहरूले आफ्नो मनलाई विषयवासनाहरूबाट हटाएर मुक्तिका लागि ब्रह्मस्वरूप परमेश्वरको उपासना वा योगसाधनामा एकाग्र गराउँछन्। जसरी चुम्बक भएको ढुङ्गाले फलामलाई आफूतिर तान्दछ, त्यसैगरी ब्रह्मको चिन्तन गर्ने योगीलाई परमात्मा आफैँले आफ्नो स्वरूपतिर तानेर आफैँमा समाहित गरिदिनुहुन्छ अर्थात् आफ्नो परमधाममा पुऱ्याइदिनुहुन्छ। आत्मज्ञान प्राप्त गर्ने प्रयासस्वरूप यम, नियम आदिको अभिलाषा राख्ने मनको जुन विशेष किसिमको उत्तम गति छ; त्यसको ब्रह्मसँग संयोग हुनुलाई योग भनिन्छ। यस किसिमको विशिष्ट कर्मद्वारा जसको योग उपलक्षित भएको हुन्छ; त्यही पुरुषलाई योगी र मुमुक्षु भनिन्छ। जब मुमुक्षुले सर्वप्रथम योगको अभ्यास गर्न् आरम्भ गर्दछ; त्यस समयमा उसलाई युञ्जान वा ब्रह्ममा लीन हुने योग गर्ने योगी भनिन्छ र सिलसिलाबद्ध रूपमा समाधिसम्पन्न भएपछि उसलाई ब्रह्मज्ञानको प्राप्ति हुन्छ। यदि यसभन्दा पहिले बताइएको ब्रह्ममा विलीन हुन योग गर्ने योगीको मन कुनै कारणले दूषित भइदियो भने उसले त्यसपछिको जन्ममा त्यही अभ्यासका प्रभावले मुक्ति प्राप्त गर्दछ। तर समाधि निर्विघ्नतापूर्वक सम्पन्न भएको योगीले यसै जन्ममा मुक्ति प्राप्त गर्दछ। किनकि उसका सबै किसिमका कर्महरू योगको अग्निद्वारा जलेर उसले यसै जन्ममा मुक्ति प्राप्त गर्दछ। किनकि उसका सबै किसिमका कर्महरू योगको अग्निद्वारा जलेर भष्म भइसकेका हुन्छन्। योगीले आफ्नो अन्तरात्मालाई ब्रह्मको उपासनाका योग्य बनाउनका लागि ब्रह्मचर्य, अहिंसा, सत्य, चोरी नगर्नु र कसैसँग केही पनि नलिने कार्यलाई निष्कामभावपूर्वक अवलम्बन गर्नुपर्दछ अथ उसले यी नियमहरू अनिवार्य रूपमा पालना गर्नुपर्दछ। चित्तलाई यथार्थ रूपमा आफ्नो नियन्त्रणमा राखेर

स्वाध्याय, शौच, सन्तोष र तपस्याको अवलम्बन गर्दै मनलाई सधैँ परब्रह्मको चिन्तन वा उपासनामा लगाउनुपर्दछ।

यसभन्दा पहिले बताइएका पाँच-पाँचलाई यम र नियम भनिन्छ। सकामभावपूर्वक यिनीहरूको उपयोग गर्नाले अलगअलग फल प्राप्त हुन्छ र निष्कामभावपूर्वक उपयोग गर्नाले मुक्ति प्राप्त हुन्छ। सांसारिक विषवासनाबाट विरक्त भएको योगनिष्ठ सन्न्यासीले भद्रासनलगायत यिनीहरूमध्ये कुनै एकको अवलम्बन गर्दै यम, नियमजस्ता गुणले सम्पन्न भएर संयमित चित्तद्वारा प्राणवायु रोक्ने कार्यलाई प्राणायाम भनिन्छ। सजीव र निर्जीव भेदका आधारमा प्राणायम दुई किसिमका हुन्छन्। सद्गुरुबाट प्राप्त भएको उपदेशअनुसार विशेष प्रणालीबाट परिचालित भएर योगीले प्राण र अपान वायुद्वारा एकअर्कालाई रोक्ने काम गर्दछ भने सिलसिलाबद्ध रूपमा पूरक र रेचक नाम भएका दुई प्राणायम हुन्छन् भने यी दुवैलाई एकैपटक संयम गर्नाले तेस्रो कुम्भक नाम भएको प्राणायाम हुन्छ। जब योगीले सबीज प्राणायाम आरम्भ गर्दछ, तब उसको आधार अनन्त भगवान्को स्थूलरूप हुन्छ। त्यसपछि प्रत्याहारमा परायण भएर शब्दलगायतका विषयवासनाहरूमा लागिरहेका इन्द्रियहरूलाई नियन्त्रण गरेर आफ्नो चित्तलाई अनुकूल बनाउँछ। यसबाट अतिचञ्चल स्वभाव भएका इन्द्रियहरू आफ्नो नियन्त्रणमा हुन्छन् र इन्द्रियहरूलाई यथार्थ रूपमा नियन्त्रणमा नराखेसम्म कुनै पनि योगीले योगको साधना गर्न सक्दैन। यसरी प्राणायामका माध्यमद्वारा वायुलाई र प्रत्याहारका माध्यमद्वारा इन्द्रियहरूलाई यथार्थ रूपमा आफ्नो नियन्त्रणमा राखेर चित्तलाई कल्याणदायक आश्रयमा स्थिर गराउनुपर्दछ।

खाण्डिक्यले भने–जसको आधारमा रहेर चित्तमा उत्पन्न भएका दोषहरू यथार्थ रूपमा नष्ट गर्न सकिन्छ; त्यो चित्तको कल्याणदायक आश्रय के हो ? तिमीले मलाई त्यसका विषयम विस्तारपूर्वक बताइदेऊ।

केशिध्वजले भने–चित्तको कल्याणदायक आश्रय ब्रह्म मात्र हुनुहुन्छ, तर उहाँ शरीर नहुनु भएको अमूर्त शरीर वा रूप हुनुभएको मूर्त दुई किसिमको हुनुहुन्छ; जसलाई पर र अपर भनिन्छ। यस जगत्मा तीन किसिमका भावना रहेका छन्, तिनीहरूका विषयमा तिमी मबाट सुन। पहिलो ब्रह्मभावना, दोस्रो

कर्मभावना र तेस्रो ब्रह्म र कर्म भावना। सनन्दनजस्ता ऋषिहरू ब्रह्मभावसम्पन्न छन् भने देवताहरूदेखि स्थावर र जङ्गमसम्मका सबै प्राणी कर्म भावनासम्पन्न छन्। हिरण्यगर्भजस्तामा कर्म र ब्रह्म दुवै किसिमका भावनाहरू विद्यमान रहेका छन्। जसलाई जुन किसिमको बोध र अधिकार रहेको छ; त्यसमा त्यसैअनुसारको भावभावना रहेको हुन्छ। ज्ञानको भेदका कारणले जब कर्महरू नासिने अवस्थामा रहन्छन्, त्यस समयमा भेददृष्टि भएका जीवहरूले संसार र परमात्ममा भेदज्ञान राख्दछन्। जुन ज्ञानमा कुनै किसिमको भेद नरहेर आत्माको अनुभव मात्र हुन्छ; त्यही ज्ञानलाई ब्रह्मज्ञान भनिन्छ। आफ्नो कुनै निश्चित स्वरूप नहुनुभएका परमात्मा श्रीविष्णुको त्यही नित्य र परमस्वरूप हो तथा यो सबै विश्वरूपभन्दा अत्यन्तै विलक्षण छ । योगसाधनामा तत्परतापूर्वक लागेका योगीहरू योगाभ्यासको आरम्भमा यो परमस्वरूपको ध्यान गर्न असमर्थ हुन्छन्। त्यसकारण परमात्मा श्रीहरिको स्थूलस्वरूपको मात्र ध्यान गर्दछन्। भगवान् वासुदेव, हिरण्यगर्भ, इन्द्र, प्रजापति, वायु, वसु, रुद्र, सूर्य, ग्रह, नक्षत्र, गन्धर्व, यक्ष र दैत्यजस्ता सबै किसिमका देवयोनिहरू, मनुष्य, पशु, पर्वत, समुद्र, नदीनाला र रूखसहितका सबै किसिमका जीवहरू तथा तिनीहरूका कारणले प्रकृतिदेखि पञ्चतन्मात्रासम्म एक खुट्टा भएका, धेरै खुट्टा भएका वा खुट्टा नभएका चेतन अथवा अचेतनस्वरूप यी सबै तीन किसिमको भावनासम्पन्न परमात्मा श्रीहरिका मूर्तस्वरूप हुन्। यो चराचर जगत् परब्रह्म परमात्मास्वरूप भगवान् श्रीविष्णुको शक्तिबाट यथार्थ रूपमा सम्पन्न विश्व नाम भएको स्वरूप हो।

परमात्मा श्रीविष्णुका शक्ति पनि तीन किसिमका छन्। ती हुन्– परा विष्णुशक्ति, अपरा क्षेत्र शक्ति वा शरीरको शक्ति तथा यी दुईबाहेक कर्मशक्ति वा अविद्याशक्ति, जसले दुःखको उपभोग गर्दछ। यो अविद्याशक्तिसम्पन्न भएकाले सर्वव्यापक रूपमा फैलिएर रहेको क्षेत्रशक्तिले सबै किसिमका अत्यधिक मात्रामा विस्तारित भएका सांसारिक दुःखहरू उपभोग गर्दछ। त्यो अविद्याशक्तिबाट पूर्ण रूपमा ढाकिएर रहेको हुनाले यो क्षेत्रशक्ति सबै किसिमका जीवमा कमबेसीको भावले रहेको देखिन्छ। त्यो क्षेत्रशक्ति प्राण नभएका अथवा निर्जिव पदार्थहरूमा ज्यादै कम मात्रामा, अचल रहने पदार्थहरूमा त्यसभन्दा केही धेरै मात्रामा,

त्यसभन्दा धेरै मात्रामा सर्प, गँडेउला जसरी नागबेली पर्दै घस्रेर हिँड्ने प्राणीमा, त्यसभन्दा धेरै मात्रामा पक्षीमा, पक्षीभन्दा धेरै मात्रामा मृगमा, मृगभन्दा धेरै मात्रामा पशुमा, पशुभन्दा पनि मनुष्य परमात्माको त्यो क्षेत्रशक्तिबाट धेरै मात्रामा प्रभावित भएको हुन्छ। मनुष्यहरूका तुलनामा नाग, गन्धर्व र यक्षलगायत सबै किसिमका देवताहरूमा भन्दा धेरै मात्रामा देवराज इन्द्रमा, देवराज इन्द्रभन्दा धेरै मात्रामा प्रजापतिमा, प्रजापतिभन्दा धेरै मात्रामा हिरण्यगर्भमा परमात्माको त्यो क्षेत्रशक्तिको प्रभाव विशेष रूपमा रहेको हुन्छ। यी सबै किसिमका रूपहरू परब्रह्म परमात्माकै शरीर हुन्। किनकि यो सबै आकाशका जस्तैगरी व्याप्त भएर रहेका छन्। योगीहरूले जुन स्वरूपको ध्यान गर्दछन्, त्यो श्रीविष्णु नाम भएका ब्रह्मको दोस्रो अमूर्त अथवा कुनै आकार नभएको स्वरूप हो। ब्रह्मको यो कुनै आकार नभएको स्वरूपलाई विद्वान्हरूले सत् भन्दछन्। त्यसैमा सबै शक्तिहरू प्रतिष्ठित छन् र यही भगवान्को विश्वरूपभन्दा विलक्षण स्वरूप हो।

भगवान्को त्यही स्वरूपले मनुष्यलगायतका चेष्टासम्पन्न भएर सर्वशक्तिमय स्वरूप धारण गर्दछ। यी सबै स्वरूपमा भगवान्को जुन व्यापक र अव्यापक अथवा कुनै किसिमको विघ्नबाधा नभएको चेष्टा हुन्छ, त्यो कर्मजन्य नभएर जगत्को कल्याणका लागि मात्र भएको हुन्छ। योगको अभ्यासमा लागेका योगीले अन्तरात्माको शुद्धिका लागि परमात्मा विश्वरूपको त्यो सबै पापहरू विनाश गरिदिने स्वरूपको उपासना गर्दछन्। जसरी वायुसँग सम्बन्ध स्थापित गरेर प्रज्वलित ज्वालासम्पन्न अग्निले सुकेका त्यान्द्रात्यान्द्री जलाएर भस्म गराइदिन्छ, त्यसैगरी अन्तरात्मामा निवास गर्नुभएका परमात्मा श्रीविष्णुले योगीहरूको सबै पाप भस्म गरिदिनुहुन्छ। यसकारण सबै शक्तिहरूका आधारस्वरूप परमात्मा श्रीविष्णुमा आफ्नो चित्त एकाग्रतापूर्वक स्थिर गर्ने कार्यलाई धारण भनिन्छ भने यो शुद्धधारणा हो। तीनोटै भावनाबाट पूर्ण रूपमा अलग रहनुभएका परमात्मा श्रीविष्णु मात्र, योगीहरूको मुक्तिका लागि तिनीहरूको चञ्चल र विलक्षण विषयमा अवस्थित रहने चित्तको कल्याणदायक आश्रय हुनुहुन्छ। परमात्मा श्रीविष्णुबाहेक आश्रयका रूपमा रहेका जुन अन्य देवतालगायत कर्मयोनिहरू छन्, ती सबै ज्यादै अशुद्ध छन्। परमात्मा श्रीविष्णुको यो मूर्त स्वरूपले चित्तलाई

अन्य आश्रयमा ममतारहित बनाइदिन्छ। यसरी भगवान्मा आफ्नो चित्तलाई स्थिर गराउने कार्यलाई धारणा भनिन्छ। कुनै आधार प्राप्त नभएसम्म यस किसिमको धारणा हुन सक्दैन। त्यसकारण परमात्मा श्रीविष्णुको मूर्त स्वरूपको ध्यान गर्ने विधिका विषयमा ध्यानपूर्वक सुन।

जो अत्यन्त प्रसन्न मुखाकृति र कमलको फूल जस्ता आँखा भएको हुनुहुन्छ; सुन्दर गाला र विशाल टाउकोले अत्यन्त शोभायमान भइरहनुभएको छ; जसले आफ्ना सुन्दर कानमा मनमोहक कुण्डल लगाउनुभएको छ; जसको विशाल छाती श्रीवत्सको चिह्नले सुशोभित भइरहेको छ; जुन भगवान् तरङ्गका जस्तैगरी नाभिमाथि देखिने तीन लुँदा तथा कमलनाभि भएको पेटले शोभायमान हुनुभएको छ; जसका लामालामा आठोटा वा चारोटा हात छन्, जसका जाँघ र तिघ्रा समान किसिमबाट स्थिर रहेका छन् तथा जो सुन्दर चरणकमलले सुशोभित हुनुभएको छ; उहाँ निर्मल पीताम्बर धारण गर्नुहुने परब्रह्म परमात्मास्वरूप भगवान् श्रीविष्णुको उपासना गर्नुपर्दछ। योगीले मुकुट, अमूल्य रत्नाको माला, पाखुराको माथिल्लो भागमा बाँधिने बाजुबन्द र कमरपेटीलगायतका अलङ्कारले सम्पन्न शार्ङ्ग धनुष, शङ्ख, गदा, चक्र, तरबार र रुद्राक्षका मालाहरू धारण गर्नुभएका भगवान्को दिव्य स्वरूपमा आफ्नो चित्तलाई यथार्थ रूपमा एकाग्र गरेर तन्मयभावपूर्वक त्यस समयसम्म ध्यान गर्नुपर्दछ, जुन समयसम्म धारणा दृढ हुँदैन वा आफ्नो चित्त भगवान्मा समर्पित हुँदैन। जब हिँड्दा, डुल्दा, उठ्दा, बस्दा वा आफ्नो स्वेच्छाअनुसारको कार्य गर्दाका अवस्थामा पनि आफ्नो चित्त परमात्माको स्वरूपबाट अलग हुँदैन, त्यस समयमा आफ्नो उपासना सिद्ध भएको सम्झनु पर्दछ। यसरी चित्त दृढ भएको योगीले शङ्ख, चक्र गदा र शार्ङ्ग धनुषरहित, स्फटिकको अक्षमाला र यज्ञोपवीत अर्थात् जनै धारण गर्नुभएका भगवान्को शान्त स्वरूपको उपासना गर्नुपर्दछ।

जब यो साधना पनि पहिलेको जसरी नै स्थिर भएपछि मुकुट, पाखुराको माथिल्लो भागमा बाँधिने बाजुबन्दरहित हुनुभएका भगवान्को स्वरूपको स्मरण गर्नुपर्दछ। बुद्धिमान् मनुष्यले आफ्नो अन्तरात्मामा एक प्राकृतिक अवयवसम्पन्न परमात्माको उपासना गरेर फेरि सबै अवयवहरूको परित्याग गरेर केवल

अवयवीको उपासना गर्नुपर्दछ। जसमा केवल परमात्मालाई मात्र देख्न सकियोस्, यस किसिमले अन्य विषवासनाहरूको ममताबाट पूर्ण रूपमा अलग भएर जुन एकमात्र अनवरत रूपमा बगिरहने धारा छ, त्यसैलाई ध्यान भनिन्छ र यो यसभन्दा पहिले बताइएका यमादि छओटा नियमहरूबाट सम्पन्न हुन्छ। त्यस ध्येय पदार्थको मात्र मनका माध्यमद्वारा ध्यानबाट सिद्ध हुन योग्य र कल्पनाविहीन जुन स्वरूपलाई ग्रहण गरिन्छ; त्यसैलाई समाधि भनिन्छ। यो समाधिले जुन भगवान्को साक्षात्कार रूपको विज्ञानले प्राप्त गर्न योग्य परब्रह्मको प्राप्ति गराउँदछ र सबै किसिमका भावनाहरूबाट पूर्ण रूपमा अलग भएको आत्माले मात्र त्यहाँसम्म पुऱ्याउन सक्दछ। मुक्ति प्राप्त गर्नका लागि जीवात्मा कर्ता र ज्ञान कारण हुन्छ। ज्ञानरूपी कारणका माध्यमद्वारा मोक्षरूपी कार्य सम्पन्न गरेर त्यो विज्ञान अथवा आत्मा कृतकृत्य भएर निवृत्त हुन्छ। त्यस समयमा ऊ भगवद्भावबाट परिपूर्ण भएर परमात्मासँग अभिन्न हुन्छ। किनकि यसको भेदज्ञान अज्ञानबाटै उत्पन्न भएको हुन्छ। यो भेद उत्पन्न गराउने अज्ञानको पूर्ण रूपमा अभाव भएपछि ब्रह्म र आत्मामा अविद्यमान सत् र असत् भेद क़सले उत्पन्न गराउन सक्दछ ? यसरी तिमीले गरेको प्रश्नअनुसार मैले सङ्क्षेपमा र विस्तारपूर्वक योगका विषयमा बताइदिएँ, अब तिम्रा लागि अरू के गरिदिऊँ ?

खाण्डिक्य भने—तिमीले योगका विषयमा विस्तारपूर्वक बताइदिएर मेरो सबै कार्य सम्पन्न गरिदियौ। किनकि यो उपदेशका प्रभावले मेरो मनमा भएको सबै दोष वा विकार पूर्ण रूपमा नष्ट भयो। मैले जुन मेरो भन्ने शब्दको प्रयोग गरेको थिएँ, त्यो पनि असत्य थियो। किनकि जा योग्य वस्तुको जानकार पुरुषले यो पनि भन्न सक्दैन अर्थात् मेरो भन्दैन। म र मेरो भन्ने बुद्धि पनि अविद्या हो। किनकि जुन देख्न नसकिने छ; त्यो वर्णन गर्ने विषय होइन। तिमीले यसरी यो मुक्तिदायक योगका विषयमा बताइदिएर मेरो कल्याणका लागि सबै कार्य गरिदिएकाले अब तिमी आनन्दपूर्वक जाऊ।

पराशरले भन्नुभयो— त्यसपछि खाण्डिक्य जनकद्वारा यथायोग्य रूपमा सुपूजित भएर राजा केशिध्वज अफ्नो नगरमा आए। राजा खाण्डिक्य जनक पनि आफ्नो छोरालाई राजा बनाइदिएर आफू परमात्मा श्रीगोविन्दमा चित्तलाई

एकाग्र गराएर योगसिद्धिका लागि तपस्या गर्न वनमा गए। राजा खाण्डिक्य जनक वनमा गएर यमादि साधनद्वारा परमात्मामा आफ्नो चित्तलाई स्थिर गराएर श्रीविष्णु नाम हुनुभएका निर्मल ब्रह्ममा विलीन भए। राजा केशिध्वज पनि आफ्नो मुक्तिका लागि कर्महरू नष्ट गराउँदै सबै विषयहरूमा आसक्ति कम गर्न थाले। उनले निष्कामभावपूर्वक अनेकौँ किसिमका शुभकर्महरू पनि गरे। यसरी अनेकौँ कल्याणदायक कर्महरूको उपभोग गर्नाले उनका पाप र प्रारब्ध कर्म नष्ट भएकाले उनले तीनै किसिमका दुःखको विनाश गराउने सिद्धि प्राप्त गरे।

यसरी मैले तेस्रो आत्यन्तिक अर्थात् लगातार हुने प्रलयका विषयमा तिमीलाई बताइदिएँ। यसैबाट जीवहरूले शाश्वत ब्रह्मस्वरूपमा विलीन हुने अवसर प्राप्त गर्दछन्। मैले तिमीले प्रश्न गरेअनुसार सर्ग, प्रतिसर्ग, वंश, मन्वन्तर र वंशहरूको चरित्रहरूका विषयमा बताइदिएँ। यो विष्णुपुराण सबै किसिमका पापहरूको विनाश गरिदिने क्षमता भएको र सबै शाखाहरूमध्ये सर्वोत्कृष्ट र मोक्ष प्राप्तिको अपरिहार्य साधन हो। तिमी यो पुराणका विषयमा सुन्न ज्यादै उत्साहित भएको देखेर यसका बारेमा जस्ताको तस्तै बताइदिएँ। अब तिमीलाई जे सुन्न मन लागेको छ; त्यो सोध; म बताइदिनेछु।

मैत्रेयले भने— मैले हजुरसँग जे-जति प्रश्न सोधेको थिएँ, ती सबैका विषयमा हजुरले बताइदिनुभयो र मैले अत्यन्त श्रद्धा र भक्ति पूर्वक सुनें तथा अब मेरो मनमा कुनै किसिमको जिज्ञासा रहेको छैन अथवा मलाई केही सोध्नु छैन। हजुरको कृपाका प्रभावले गर्दा मेरो अन्तरात्मामा उत्पन्न भएका सबै द्विविधा नष्ट भएर मेरो अन्तरात्मा निर्मल भयो। मैले सृष्टि, स्थिति र प्रलयको कथाका विषयमा ज्ञान हासिल गरिसकें। तीन किसिमका भावनाहरूका विषयमा पनि मलाई राम्ररी ज्ञान प्राप्त भयो। हजुरका कृपाको प्रभावले गर्दा मलाई यो संसार परब्रह्म परमात्मा श्रीविष्णुभन्दा अलग नभएको ज्ञान प्राप्त भयो। त्यसकारण अब कुनै पनि कुरा जान्ने चाहना रहेको छैन। हजुरका कृपाको प्रभावले मैले वर्ण, धर्मलगायत जे-जति किसिमका धर्महरू छन्, तिनीहरूका बारेमा यथार्थ रूपमा ज्ञान प्राप्त गरें। प्रवृत्ति र निवृत्तिरूपी जे-जति कर्महरू छन्, तिनीहरू सबैका विषयम मलाई स्पष्ट रूपमा ज्ञान प्राप्त भइसकेको छ। हजुर प्रसन्न हुनुहोस्, अब

मलाई केही पनि सोध्नु छैन। मैले हजुरलाई यो पुराण बताइदिन जुन दुःख दिएँ, त्यसका लागि मलाई क्षमा गरिदिनुहोला। किनकि सज्जन पुरुषहरूको दृष्टि आफ्नो छोरो र शिष्यमा कुनै किसिमको भेद रहेको हुँदैन।

पराशरले भन्नुभयो— मैले जुन यो वैदिकधर्मसम्मत पुराणका विषयमा तिमीलाई सुनाएँ, यसलाई सुन्नाले आफूद्वारा गरिएका दोषहरूबाट उत्पन्न भएका सबै पाप नष्ट हुन्छन्। यसमा मैले तिमीलाई सृष्टि, प्रलय, वंश, मन्वन्तर र वंशहरूको चरित्रका विषयमा ज्यादै विस्तारपूर्वक बताइदिएँ। यस विष्णुपुराणमा देवता, दैत्य, गन्धर्व, नाग, राक्षस, यक्ष, विद्याधर (एक प्रकारको देवयोनि), सिद्ध र अप्सराहरूका विषयमा पनि विस्तारपूर्वक वर्णन गरिएको छ। यस पुराणमा अध्यात्मविद्यामा आनन्द मान्ने र तपस्यामा एकाग्रतापूर्वक लागेका मुनिहरू, चारोटै वर्णको विभाजन र महापुरुषहरूको विशेष चरित्रका विषयमा वर्णन गरिएको छ। पृथ्वीमा भएका अतिपवित्र राज्य, नदी, समुद्र पुण्यदायक पर्वत, ज्ञानी महात्माको चरित्र, वर्णको धर्म जस्ता धर्म र सबै वैदिक शास्त्रहरूका विषयमा पनि यथार्थ रूपमा वर्णन गरिएको छ। यिनीहरूका विषयमा अत्यन्तै श्रद्धापूर्वक श्रवण गर्नाले मनुष्य सबै पापबाट पूर्ण रूपमा मुक्त हुन्छ। यस पुराणमा जगत्को उत्पत्ति, स्थिति र विनाशका परम कारण अविनाशी जीवमात्रमा व्याप्त भएर रहनुभएका, सबैका आत्मास्वरूप परमात्मा श्रीहरिका विषयमा पनि वर्णन गरिएको छ। जसका नामको कीर्तन ज्यादै भयभीत अवस्थामा गरिए पनि त्यसबाट मनुष्य सबै पापबाट मुक्त हुन्छ।

जसरी आगोले सबै धातुहरूमा लागेको फोहोरलाई पूर्ण रूपमा विनाश गरिदिन्छ, त्यसैगरी जसका नामहरूको स्मरण गर्नाले सबै पापहरूको पूर्ण रूपमा नष्ट हुन्छ॥ जीवनमा एकपटक मात्र भगवान्को नामको स्मरण गर्नाले मनुष्यहरूलाई अत्यन्तै भयानक नरक उपलब्ध गराइदिने कलियुगको दुष्प्रयास अतिचाँडै नष्ट हुन्छ। हिरण्यगर्भ, देवराज इन्द्र, रुद्र, आदित्य, अश्विनीकुमार, वायु, साध्य, विश्वदेवसहितका देवता, यक्ष, राक्षस, सिद्ध, दैत्य, गन्धर्व, दानव, अप्सरा, तारा, नक्षत्र, ग्रह, सप्तर्षि, लोकपाल, ब्राह्मणलगायतका मनुष्य, पशु, मृग, सर्प, चरा, पलाशलगायतका रूख, वन, अग्नि (आगो), समुद्र, नदी,

पाताल, पृथ्वीसहित र शब्दादि विषयसहित समग्र ब्रह्माण्ड जसका अगाडि सुमेरु पर्वतका नजिकमा रेणुका जस्तैगरी रहेका छन् तथा जो यिनीहरू सबैको निमित्तोपादन कारण हुनुहुन्छ; उहाँ सर्वज्ञ, सर्वस्वरूप, आफ्नो कुनै निश्चित रूप नहुनुभएका र पापविनाशक परमात्मा श्रीविष्णुको स्वरूपको कीर्तन गरिएको छ। अश्वमेघ यज्ञ समाप्त भएपछि अवभृथ अर्थात् यज्ञ सकिएपछि गरिने स्नान गर्नाले जुन फल प्राप्त हुन्छ, यो पुराण श्रद्धा र भक्तिपूर्वक सुन्नाले त्यही फल प्राप्त हुन्छ। प्रयाग, पुष्करक्षेत्र, कुरुक्षेत्र र समुद्रका किनारमा रहेर उपवास गर्नाले जुन फल प्राप्त हुन्छ; यो पुराण श्रद्धापूर्वक सुन्नाले त्यही फल प्राप्त हुन्छ। एक वर्षसम्म विधिपूर्वक प्रत्येक दिन अग्निहोत्रका लागि स्थापना गरिएको अग्नि निभ्न नदिई घिउ र दूधले बिहान–बेलुका अग्निमा होम गरिने एक वैदिक कर्म विशेष गर्दाका मनुष्यलाई जुन फल प्राप्त हुन्छ; त्यही फल यो पुराण श्रद्धापूर्वक एकपटक सुन्नाले प्राप्त हुन्छ।


आफ्ना इन्द्रियहरूलाई यथार्थ रूपमा आफ्नो नियन्त्रणमा राख्न सफल भएको मनुष्यले जेठ महिनाको शुक्लपक्षको द्वादशी तिथिमा स्नान गरेर मथुरामा निवास गर्नुभएका परमात्मा श्रीहरिको दर्शन गर्नाले उत्कृष्ट गति प्राप्त गर्दछ। परमात्मा श्रीहरिलाई अन्तरात्मामा विराजमान गराएर जुन मनुष्यले अत्यन्त भक्तिभावपूर्वक यो पुराण सुन्छ; त्यसले पनि त्यही किसिमको उत्तम गति प्राप्त गर्दछ। जेठ महिनाको शुक्लपक्षको द्वादशी तिथिमा उपवास बसेर मथुराकी पवित्र नदी यमुनामा स्नान गरेर एकाग्रतापूर्वक वैदिक विधिअनुसार परमात्मा श्रीविष्णुको पूजा गर्ने मनुष्यले अश्वमेध यज्ञको फल प्राप्त गर्दछ। आफ्ना वंशजहरूद्वारा सन्तुष्ट गराइएका पितृहरूको समृद्धिलाई देखेर अन्य पुरुषका पितृहरूले आफ्ना वंशजलाई लक्षित गर्दै यसरी भनेका थिए। के हाम्रो कुलमा पनि यस्तो कुनै सन्तान उत्पन्न हुन सक्दछ ? जसले जेठ महिनाको शुक्लपक्षको द्वादशी तिथिमा मथुरा नगरीमा उपवास बसेर तथा यमुना नदीको जलमा नुहाएर परमात्मा श्रीगोविन्दको पूजाआराधना गर्नेछ; जसको प्रभावले हाम्रो पनि यो संसारसमुद्रबाट उद्धार हुनेछ ? त्यसैका कुलमा जन्मिएको मनुष्यले मात्र जेठ महिनाको शुक्लपक्षको द्वादशी तिथिमा परमात्मा श्रीविष्णुको पूजाआरधना

गरेर यमुना नदीका किनारमा आफ्ना पितृहरूका लागि पिण्डदान गर्दछ। जेठ महिनाको शुक्लपक्षको द्वादशी तिथिका दिन एक ठाउँमा जम्मा भएर मथुरामा रहेको पवित्र नदी यमुनामा परमात्मा श्रीविष्णुको पूजा–आराधना गरेपछि आफ्ना पितृहरूको कल्याणका लागि पिण्डदान गरेर आफ्ना पितृहरूको उद्धार गर्ने मनुष्यलाई जुन फल प्राप्त हुन्छ; त्यही फल यो विष्णुपुराणको एक अध्याय भक्तिपूर्वक सुन्नेले प्राप्त गर्दछ। यो पुराण सांसारिक चक्रबाट भयभीत भएका मनुष्यहरूको रक्षा गर्ने सर्वोत्कृष्ट साधन हो। यसको प्रभावले मनुष्यका खराब सपनाहरू नष्ट हुन्छन् र सबै किसिमका दोषहरू पूर्ण रूपमा शान्त हुन्छन्।

प्राचीन कालमा यस अत्यन्त पवित्र पुराणका विषयमा सबैभन्दा पहिला ब्रह्माले ऋभुलाई सुनाउनुभएको थियो, ऋभुले प्रियव्रतलाई, प्रियव्रतले भागुरिलाई, भागुरिले स्तवमित्रलाई, स्तवमित्रले दधीचिलाई, दधीचिले भृगुलाई, भृगुले पुरुत्कुत्सलाई, पुरुत्कुत्सले नर्मदालाई, नर्मदाले धृतराष्ट्र र पूरण नाम भएका नागलाई, ती दुवै नागले वासुकि नागलाई, वासुकि नागले वत्सलाई, वत्सले अश्वतरलाई, अश्वतरले कम्बललाई, कम्बलले एलापत्रलाई बताए भने वेदशिरा मुनिले पातालमा आएर समग्र विष्णुमहापुराण प्राप्त गरे। उनले विष्णुपुराणका विषयमा प्रमतिलाई, प्रमतिले बुद्धिमान् जातुकर्णलाई, जातुकर्णले अन्य धर्मात्मा महात्माहरूलाई सुनाए र वसिष्ठको वरदानका प्रभावले गर्दा मलाई पनि यस पुराणको स्मरण भयो। मैले तिमीलाई यस पुराणका विषयमा विस्तारमा बताइदिएँ, तिमीले पनि कलियुगको अन्तमा यो महापुराणका बारेमा शमीकलाई बताइदिनू। जुन मनुष्यले कलियुगको पाप पूर्ण रूपमा नाश गराइदिने परम गोपनीय यो पुराण सुन्दछ, ऊ सबै दोषबाट यथार्थ रूपमा मुक्त हुन्छ। जुन मनुष्यले प्रत्येक दिन यो विष्णुपुराण सुन्दछ; उसले सबै देवता, पितृ र मनुष्यहरूको स्तुति गरेको फल प्राप्त गर्दछ। कैलो रङ भएको गाई दान गरेको फल अत्यन्तै दुर्लभ हुन्छ। जुन मनुष्यले श्रद्धापूर्वक यो पुराणका दस अध्याय सुन्दछ, उसले कैलो गाई दान गरेको फल प्राप्त गर्दछ। जुन मनुष्यले भक्तिपूर्वक जगत्का आधार, आत्माको आधार, सर्वव्यापक विष्णुपुराण सुन्दछ, उसले अश्वमेघ यज्ञको फल प्राप्त गर्नेमा कुनै द्विविधा छैन। जुन पुराणको आदि, मध्य र अन्तमा सम्पूर्ण जगत्को

सृष्टि, स्थिति र संहार गर्न सक्षम ब्रह्मज्ञानमय चराचर संसारका गुरु परमात्मा श्रीअच्युतकै कीर्तन गरिएको छ; त्यस स्वच्छ र परमश्रेष्ठ पुराणको श्रवण, अध्ययन र धारण गर्नाले जुन फल प्राप्त हुन्छ, त्यस्तो फल समस्त त्रिलोकमा अन्यत्र कतै प्राप्त हुन सक्तैन। किनकि यसबाट सिद्धिस्वरूप परमात्मा श्रीविष्णुकै प्राप्ति हुन्छ। आफ्नो अन्तरात्मालाई उहाँमा लगाएपछि नरकमा जानु पर्दैन, जसको स्मरण भएपछि स्वर्गप्राप्ति पनि व्यवधानस्वरूप भएको अनुभव हुन्छ। जसमा चित्त लगाइसकेपछि ब्रह्मलोक पनि अत्यन्त तुच्छ भएको ज्ञान हुन्छ भने जुन अव्यय (अविनाशी) परमात्माले स्वच्छ अन्तरात्मा भएका पुरुषहरूका अत्रात्मामा अवस्थित भएर मुक्ति प्रदान गर्नुहुन्छ; उहाँ भगवान्को कीर्तन गर्दा पाप नष्ट भयो भने यसमा आश्चार्य हुनुपर्ने कुरा छैन। यज्ञका ज्ञाता कर्मनिष्ठ मनुष्यहरूले यज्ञका माध्यमद्वारा सधैँ जसको पूजा गर्दछन्, ज्ञानीहरूले ब्रह्मस्वरूपमा जसको ध्यान गर्दछन् र जसलाई प्राप्त गरेपछि जीवले सांसारिक चक्रमा घुमिरहनु पर्दैन, जो न सत् वा कारण हुनुहुन्छ र न असत् अथवा कार्य हुनुहुन्छ; उहाँ परमात्मा श्रीविष्णुबाहेक अरू कसको लीलाका विषयमा सुन्ने ? जुन अनादिनिधन परमात्मा श्रीविष्णुले पितृरूप धारण गर्नुभएर स्वधाममा उपलब्ध भएको कव्य र देवरूप धारण गर्नुभएर विधिपूर्वक अग्निमा हवन गरिएको स्वाहा नाम भएको हव्य स्वीकार गर्नुहुन्छ तथा प्रमाणमा सिपालु व्यक्तिहरू जुन ब्रह्मस्वरूप र सबै शक्तिहरूका आश्रयस्वरूप परमात्माका विषयमा यस्तो किसिमको हुनुहुन्छ भनेर अन्दाज गर्न सक्तैनन्, उहाँ परमात्मा श्रीहरिको स्मरण गरेपछि सबै पापहरू नष्ट हुन्छन्। जसको उत्पत्ति र वृद्धिस्वरूप परिणाम रहेको छैन तथा विनाश हुँदैन, जो ब्रह्मस्वरूप र सबैको आदिपुरुष हुनुहुन्छ, जो नित्य निर्विकार पदार्थ हुनुहुन्छ, उहाँ परमात्मालाई म नमस्कार गर्दछु। जो एक हुनुभए तापनि आफ्ना गुणहरूको परिणामअनुसार अनेकौं रूप धारण गर्नुभएर विभिन्न स्वरूपमा विराजमान हुनुभएको छ; जो अत्यन्तै शुद्ध हुनुभए तापनि अशुद्ध जस्तै देखिनुहुन्छ; जो ज्ञानस्वरूप; सबै जीव र विभूतिहरूको परमआधार हुनुहुन्छ; उहाँ अविनाशी पुरुषलाई म नमस्कार गर्दछु। जो सत्त्व, रज र तमको एकतास्वरूप हुनुहुन्छ; पुरुषहरूलाई भोग प्रदान गर्न सक्षम हुनुहुन्छ; त्रिगुणात्मक तथा अव्याकृत हुनुहुन्छ;

जगत्को निमित्तोपादान कारण हुनुहुन्छ; उहाँ स्वतःसिद्ध वृद्धावस्था–शून्य परमात्मालाई म नमस्कार गर्दछु। जो आकाश, वायु, अग्नि, जल र पृथ्वीस्वरूप हुनुहुन्छ; शब्दलगायतका विषय प्रदान गर्न सक्षम हुनुहुन्छ; सबै इन्द्रियहरूद्वारा जीवमात्रको कल्याण गरिदिनुहुन्छ; उहाँ व्यक्त, सूक्ष्म र विमलस्वरूप परमात्मालाई म सधैँ नमस्कार गर्दछु। यसरी जुन नित्य र सनातन परमात्माका प्रकृति पुरुषमय अनेकौँ स्वरूप छन्, उहाँ परमात्मा श्रीहरिले सबै पुरुषहरूलाई जन्म र वृद्धावस्थाविहीन भएको मुक्तिस्वरूप सिद्धि प्रदान गर्नुहुन्छ।



www.ratnabook.com

ISBN 978-9937-33-188-3

9 789937 331883

Rs. 550.00

SHREEVISHNUPURAN

Stories of Lord Vishnu
by **Narayan Sharma**

RATNA PUSTAK BHANDAR